# मैले देखेको दरबार

## सैनिक सचिवको संस्मरण





विवेक कुमार शाह
पूर्व सैनिक सचिव, रथी

# मैले देखेको दरबार

## सैनिक सचिवको संस्मरण

विवेक कुमार शाह
पूर्व सैनिक सचिव, रथी

साथमा
शरद अधिकारी

# मैले देखेको दरबार
**सैनिक सचिवको संस्मरण**


| | | |
|---|---|---|
| लेखक | : | विवेक कुमार शाह |
| साथमा | : | शरद अधिकारी |
| सम्पादन | : | शरच्चन्द्र वस्ती |
| भााषा शुद्धी | : | पारसप्रकाश नेपाल |
| साजसज्जा | : | रामकृष्ण राना<br>आवृत्ति मिडिया, फोनः ४४२६२५७ |
| प्रकाशक | : | यती पब्लिकेसन्स नेपाल<br>इमेलः yetibooks@gmail.com |
| प्रकाशन | : | पहिलो, २०६७ पुस १४ गते |


| | | |
|---|---|---|
| सर्वाधिकार | : | लेखक |


| | | |
|---|---|---|
| मूल्य | : | रू. १,५०० संस्थागत |
| | : | रू. ९०० व्यक्तिगत |
| मुद्रक | : | मोश प्रिन्टर्स प्रा.लि.<br>चाकुपाट, शङ्खमुल, ललितपुर<br>फोनः ५२६०५६७ |

ISBN : 978-9937-8396-0-0


Maile Dekheko Durbar
Memoirs of a Military Secretary
by Vivek Kumar Shah

# समर्पण

२०५८ जेठ १९ गते शुक्रबार
राजदरबारमा भएको
अकल्पनीय हत्याकाण्डमा दिवङ्गत
श्री ५ वीरेन्द्र र श्री ५ ऐश्वर्यमा



# प्रकाशकीय

राजदरबारमा तीन दशक बिताएका पूर्व सैनिक सचिव रथी विवेक कुमार शाह पेसेवर लेखक हुनुहुन्न । तर, उहाँसँग नेपाली राजनीति र पछिल्लो इतिहासका सन्दर्भमा ज्ञान र अनुभवको ठूलो भण्डार छ । प्रस्तुत पुस्तक राजदरबारभित्रको महत्त्वपूर्ण निकाय प्रमुख सैनिक सचिवालयको जिम्मेवारी सम्हाल्दाताका उहाँले आफ्नो डायरीमा टिपेका भोगाइ र घटनाक्रमहरूको सँगालो हो, जसमा उहाँका रोचक संस्मरण र केही महत्त्वपूर्ण घटनाक्रमको विश्लेषण समेत समावेश गरिएको छ ।

कुनै बेला नेपालको शासन-सत्ता र राष्ट्रिय एकताको केन्द्रविन्दु मानिने राजसंस्था आज इतिहास बनिसकेको छ । तर यसबारे आज पनि आमरूपमा उत्तिकै चासो र कौतूहल विद्यमान छ । नेपालको राजसंस्था, राजकाज तथा राजदरबारको कार्य प्रक्रियाबारे विस्तृत जानकारी दिने यो पहिलो पुस्तक हो भन्नु अत्युक्ति हुनेछैन । यस क्रममा लेखकले तत्कालीन राजाहरू वीरेन्द्र र ज्ञानेन्द्रसँग काम गर्दाका खास-खास घटनाक्रमलाई राम्रोसँग चित्रण गर्नुभएको छ । यो एक उच्च सैनिक अधिकारीको निजी जीवन-गाथा मात्र होइन, नेपाली राजनीतिका थुप्रै अनुद्घाटित पाटाहरूलाई सार्वजनिक गर्ने महत्त्वपूर्ण दस्तावेज पनि हो । कतिपय दृष्टकोणबाट यस पुस्तकले 'दरबारबाट देखिएको नेपाल' को आभास पनि दिनेछ । हाम्रो इतिहासलाई सही र तथ्यपरक ढङ्गले लिपिबद्ध गर्न समेत यसले मदत पुऱ्याउनेछ ।

*मैले देखेको दरबार* जस्तो सङ्ग्रहणीय कृति प्रकाशन गर्न अनुमति दिनुभएकोमा लेखक शाहप्रति हामी आभारी छौँ । यो पुस्तक यस पब्लिकेसन्सको पहिलो प्रकाशन हो । आगामी दिनहरूमा विविध पक्षमा मुलुकको वास्तविकता प्रतिबिम्बित गर्ने, निकट इतिहासको धरातलीय यथार्थ प्रस्तुत गर्ने, साथै वैचारिक विविधतालाई समेट्ने पुस्तकहरू प्रकाशित गर्दै जाने उद्देश्य पब्लिकेसन्सले लिएको छ । प्रस्तुत पुस्तकलाई यो स्वरूपमा निकाल्न आ-आफ्ना ठाउँबाट सहयोग गर्नुहुने सबै महानुभावलाई हामी धन्यवाद दिन चाहन्छौँ ।

धन्यवाद ।

२०६७ पुस १४ यती पब्लिकेसन्स नेपाल

# मेरो भन्नु

करिब ३० वर्ष सेवा गरेर मैले २०६० सालमा राजदरबार छोड्दा देशको अवस्था अत्यन्तै जटिल थियो, राजनीतिक, आर्थिक, सामाजिक सबै दृष्टिकोणबाट । माओवादीले सुरु गरेको कथित 'जनयुद्ध' उत्कर्षमा थियो । राजनीतिक दल सडक आन्दोलनमा थिए । आम जनचाहना थियो, देशमा तत्काल शान्ति होस् । राजनीतिक माहोल अन्योलपूर्ण र अत्यन्तै तरल थियो । यस्तो अवस्थामा मैले श्री ५ महाराजाधिराजको सैनिक सचिवको महत्त्वपूर्ण जिम्मेवारी सम्हालिरहेको थिएँ । यसैबीच ज्ञानेन्द्र सरकारबाट अप्रत्याशित र आकस्मिक रूपमा मेरो राजीनामा मागिबक्स्यो । मैले यसबारे एक शब्द पनि नबोली राजीनामा चढाएँ । सरकारबाट मभन्दा पनि योग्य, सक्षम र आफ्नो विश्वासपात्रलाई सैनिक सचिवमा नियुक्ति गरिबक्सन लागेको होला भन्ने मलाई लागेको थियो । राजदरबारको महत्त्वपूर्ण काम गरिरहेको व्यक्ति श्री ५ को सैनिक सचिवले अचानक राजीनामा दिंदा सञ्चार जगत्मा सनसनीपूर्ण समाचार बन्नु स्वाभाविक नै थियो । दरबार छोड्दाको दिनदेखि नै मलाई स्वदेशी तथा विदेशी धेरै पत्रपत्रिका र टेलिभिजन च्यानलहरूले अन्तर्वार्ताका लागि आग्रह गरिरहे । तर म ती पत्रकारहरूसँग सामान्य भेटघाट गर्नु बाहेक कुनै पनि अन्तर्वार्ता दिन वा टीकाटिप्पणी गर्नबाट टाढै बसैं । यसो गर्नु मेरो कर्तव्य पनि थियो ।

२०५५ वैशाख १ गतेदेखि उपरथीमा पदोन्नति भई २०५६ साउनसम्म मैले शाही पार्श्ववर्ती विभाग, राजदरबारको मुख्य शाही पार्श्ववर्तीको जिम्मेवारी निर्वाह गरैं । २०५६ भदौ १ गतेदेखि मैले प्रमुख सैनिक सचिवालयमा सैनिक सचिव पदमा नियुक्ति पाएँ । त्यस बेला रथी शान्तकुमार मल्ल प्रमुख सैनिक सचिव हुनुहुन्थ्यो । उहाँले २०५६ चैत मसान्तमा अनिवार्य अवकाश पाएपछि मैले २०५७ वैशाख १ गतेदेखि प्रमुख सैनिक सचिवालयको जिम्मेवारी प्राप्त गरैं । राजा वीरेन्द्रको सैनिक सचिवको हैसियतले मैले २०५७ वैशाख १ गतेदेखि २०५८ जेठ १९ गतेसम्म सरकारसँग अत्यन्त निकटमा रहेर काम गरैं । यस बेला देश माओवादी हत्या, हिंसा र आतङ्कबाट आक्रान्त थियो । माओवादीका विरूद्ध तत्कालीन सरकारहरूले शाही नेपाली सेना परिचालन गर्न अनेक कोसिस गरेका थिए । तर नेपाल प्रहरीलाई परिचालन गरे जस्तै गरी । सुरूका वर्षहरूमा नेपाल प्रहरीले नै यो समस्या समाधान गर्न सक्छ भन्ने मनोविज्ञानले काम गरेको थियो । यो पनि अत्यन्तै विवादास्पद भयो ।

वीरेन्द्र सरकारको शाही पार्श्ववर्तीका रूपमा मैले २५ वर्ष बिताएँ भने सरकारको सैनिक सचिवका रूपमा करिब १४ महिना । २०६० कात्तिक २१ गते राजीनामा गरेर राजदरबार नछोड्दासम्म मैले करिब दुई वर्ष चार महिना ज्ञानेन्द्र सरकारको सैनिक सचिवको जिम्मेवारी वहन गरैं । साथै राजदरबारमा रहेको उच्च सैनिक दर्जा रथी पदमा मेरो २०६० वैशाख १ गते पदोन्नति भयो । मेरो सैनिक सचिवको करिब साढे तीन वर्षको कार्यकाल नेपालको आधुनिक इतिहासमा एउटा महत्त्वपूर्ण कालखण्ड बन्न पुगेको छ ।

किनभने यही अवधिमा राजदरबार हत्याकाण्ड भयो, परम्परागत राजवंशको अन्त्य भई राजसंस्था नयाँ राजामा सऱ्यो । 'जनयुद्ध' सञ्चालन गरिरहेका माओवादीसँग पहिलो र दोस्रो वार्ता, अनि दुवै वार्ता भङ्ग भयो । माओवादी पहिलो पटक २०५८ मङ्सिर शाही नेपाली सेनाको ब्यारेक (दाङ) मा आक्रमण गरी धेरै आधुनिक हातहतियार लुट्न सफल भयो । २०५६ सालमा प्रतिनिधिसभाको निर्वाचन भएपछिका करिब साढे चार वर्षभित्र नेपाली काङ्ग्रेसका तीन र प्रतिनिधिसभा भङ्ग गरिएपछिका दुई समेत गरी करिब साढे चार वर्षमा पाँच वटा सरकार गठन भइसकेका थिए । यसैबीच ज्ञानेन्द्र सरकारबाट नेपाल अधिराज्यको संविधानको धारा १२७ प्रयोग गरी जननिर्वाचित प्रधानमन्त्री देउवालाई 'असक्षम' भनी हटाइबक्स्यो । 'संवैधानिक राजा' बाट ज्ञानेन्द्र सरकारकै शब्दमा 'कन्स्ट्रक्टिभ', 'भिजिबल' र 'दाइजस्तो टुलुटुलु हेरेर नबस्ने' राजामा आफूलाई परिणत गरिबक्सेको अवस्था थियो । राजा र नेपालको प्रशासनिक संयन्त्र एकातिर, संसदीय राजनीतिक दलहरू आन्दोलनतिर र नेकपा माओवादी जङ्गलतिर रहेको अवस्थाबाट देश गुज्रिरहेको थियो । देशको यस्तो अवस्थामा सैनिक सचिवको जिम्मेवारी निकै चुनौतीपूर्ण थियो । राजदरबारमा प्रमुख सैनिक सचिवालय लगायत प्रमुख सचिवालय, निजी सचिवालय र संवाद सचिवालयलाई नै श्री ५ को सरकार, सबै मन्त्रालय र संवैधानिक तथा अन्य निकायसँग सम्बन्धित हुने कामहरू हेर्ने जिम्मेवारी दिइएको थियो ।

राजसंस्था मुलुकको एकीकरणदेखि नै राजनीतिक, सामाजिक, आर्थिक तथा बहुआयामिक सांस्कृतिक हिसाबले पनि शक्तिकेन्द्र र राष्ट्रिय एकताको प्रतीकका रूपमा थियो । समय, परिस्थिति र नियतिले यस महत्त्वपूर्ण संस्थाको महत्त्वपूर्ण पदको जिम्मेवारी सम्हाल्ने अवसर मैले पाएको थिएँ । मेरो मुख्य जिम्मेवारी देशको शान्ति-सुरक्षामा गृह, रक्षा र आवश्यकता अनुसार अन्य मन्त्रालय तथा सुरक्षा निकायसँग समन्वय गर्ने भए पनि श्री ५ को सैनिक सचिवको नाताले मलाई भेट्न आउने राजनीतिक नेता, बुद्धिजीवी वा अन्य व्यक्तिहरूसँग नियमित सम्पर्क हुने गर्दथ्यो । त्यस्ता अवसरमा आएका महत्त्वपूर्ण सुझाव र सूचनालाई सरकारमा जाहेर गर्नु मेरो कर्तव्य थियो । शाही नेपाली सेना लगायत अन्य सुरक्षा निकायका सम्पूर्ण दर्जा र अन्य व्यक्तिबाट समेत सरकारमा जाहेर हुन आउने बिन्तीपत्रहरू, विभिन्न सिकायत तथा गोप्य सूचनाहरू पनि सरकारमा जस्ताको तस्तै जाहेर गर्नु मेरो कर्तव्यभित्रै पर्दथ्यो । राजनीतिक तथा अन्य महत्त्वपूर्ण व्यक्तिहरूका साथै नितान्त व्यक्तिगत कारणले सरकारसँग दर्शनभेट खोज्ने महानुभावका धारणा समेत सरकारमा मैले जाहेर गर्ने गरेको थिएँ । कसलाई दर्शनभेट बक्सने या नबक्सने भन्ने सरकारको स्वविवेकमा निर्भर हुने कुरा हो । तर कतिपय व्यक्तिबाट सैनिक सचिवले राजासँग दर्शनभेट गराइदिएन भन्ने जस्ता गुनासाहरू पनि नआएका होइनन् । समग्रमा सैनिक सचिवको काम तथा कर्तव्य सुरक्षासँग सम्बन्धित विषयमा समन्वयकर्ताको भूमिका निर्वाह गर्ने, वस्तुस्थितिको विश्लेषण गरेर सरकारमा जाहेर गर्ने र आवश्यक सरसल्लाह, सुझाव टक्र्याउने नै हो । महाराजाधिराज शाही नेपाली सेनाको परमसेनाधिपति होइबक्सेको र नेपाल अधिराज्यको संविधान २०४७ तथा २०१६ सालको सैनिक ऐन अनुसार सेना सुसङ्गठित भएको हुँदा श्री ५ र प्रधान सेनापतिका बीचमा

'ब्रिज' को भूमिका निर्वाह गर्नुपर्दथ्यो । यस हिसाबले शाही नेपाली सेनाको सञ्चालन तथा व्यवस्थापनका क्रममा कहिलेकाहीं प्रमुख सैनिक सचिवालय 'चेक एन्ड ब्यालेन्स' को भूमिकामा समेत थियो । यस क्रममा कैयौं पटक प्रधान सेनापतिसँग खटपट परी असहज वातावरण बन्ने गरेको कुरा अहिले पनि मलाई झलझली सम्झना हुन्छ ।

यस क्रममा मलाई नेपालको राजकाज सम्बन्धमा धेरै गोप्य कुराहरू समेत जानकारी हुनु स्वाभाविक हो । सैनिक सचिवको जिम्मेवारी वहन गरेदेखि राजीनामा गरेको दिनसम्म मैले कार्यालयमा नियमित रूपमा डायरी लेखेको थिएँ । त्यसमा मैले महाराजाधिराजमा जाहेर गरेका महत्त्वपूर्ण विषयहरू, बाहिरबाट प्राप्त राजनीतिक तथा सुरक्षासँग सम्बन्धित सूचना एवं विश्लेषणहरू र ती विषयमा सरकारबाट प्राप्त निर्देशनहरू सङ्क्षिप्त रूपमा लेख्दै आएँ । त्यही डायरी अहिले एउटा किताव बन्न पुगेको छ, *मैले देखेको दरबार* । पूरै डायरी यथावत् प्रस्तुत गर्दा किताबको आकार ज्यादै ठूलो हुने भएकाले सामान्य महत्त्वका कुरा यसमा समावेश गरिएको छैन । विशेष महत्त्वका कुरा पनि आफ्नो पेसागत मर्यादा तथा कर्तव्यका हिसाबले उल्लेख गर्न मिल्नेजति मात्र मैले यसमा समेटेको छु । यस बाहेक पनि डायरीमा थुप्रै यस्ता अति संवेदनशील विषयहरू छन्, जुन मसँगै सुरक्षित रहनेछन् र मेरो जीवनको समाप्तिसँगै अनन्तमा विलीन हुनेछन् । मैले सैनिक सचिवालय छोड्दा आफनो डायरी बाहेक अन्य कुनै पनि कागजात लिएर आइनँ । डायरी किताब बनाउने उद्देश्यले नलेखिएको र त्यसमा टिपिएका प्रसङ्गमा थपघट नगरी सकेसम्म जस्ताको तस्तै प्रस्तुत गर्न खोजिएकाले यसलाई त्यही रूप र सन्दर्भमा लिइदिन म सबैसँग अनुरोध गर्दछु ।

राजीनामाको चार वर्षपछि मलाई *नेपाल* साप्ताहिकका सम्पादक सुधीर शर्माले 'जर्साब, अब त अन्तर्वार्ताका लागि समय भयो कि ?' भनेर सोध्नुभयो । राजीनामालगत्तै उहाँले मेरो अन्तर्वार्ता माग्नुभएको थियो । मैले 'अहिले केही बोल्दिनँ' भन्दै समय आएपछि 'मेरो पहिलो अन्तर्वार्ता तपाईंलाई नै दिन्छु' भनेर वचन दिएको थिएँ । त्यही अनुसार म अन्तर्वार्ताका लागि तयार भएँ । पूर्वनिर्धारित समय अनुसार पत्रकार शरद अधिकारी सहित आएर सुधीर शर्माले मेरो अन्तर्वार्ता लिनुभयो । *नेपाल*मा मेरो अन्तर्वार्ता आवरण कथाका रूपमा प्रकाशित हुने भयो । अन्तर्वार्ता प्रकाशित हुने अघिल्लो दिनको *कान्तिपुर* दैनिकमा त्यसबारे मेरो तस्बिर सहितको प्रकाशित विज्ञापनले नै सनसनी मच्चायो । राजदरबारबाट मेरो अन्तर्वार्ता प्रकाशित हुन नदिने र प्रकाशित भए तत्काल खण्डन गर्ने समेत कुरा भएको सुनिन आयो । उता शाही जङ्गी अड्डामा पनि केही जर्नेलले प्रधान सेनापतिलाई उक्त अन्तर्वार्ताका सम्बन्धमा मसँग कुरा गर्न सल्लाह दिएछन् । स्वभावतः, अन्तर्वार्ता छापिएपछि धेरै दिनसम्म मलाई विभिन्न प्रतिक्रियाले पिछा गरिरहे ।

अन्तर्वार्ता छापिनुअघिदेखि नै मेरा धेरै मित्र तथा मैले चिनेजानेका बुद्धिजीवी र नेताहरूले मलाई किताब लेख्न सल्लाह दिइरहेका थिए । मुलुकको एक संवेदनशील कालखण्डको महत्त्वपूर्ण साक्षी भएकाले मलाई पनि इतिहासको दस्तावेजका रूपमा किताब लेख्न उचित होला भन्ने लाग्यो । अनि दरबार छोड्दा ल्याएको आफ्नो व्यक्तिगत डायरी पल्टाउन थालें । मैले कहिल्यै किताब लेखेको थिइनँ, तथापि आफ्नै डायरीमा मात्र सीमित हुँदा पनि एउटा राम्रै किताब तयार हुने अडकल काटें । त्यसपछि मलाई

किताब लेख्न बारम्बार सल्लाह दिने पत्रकार शरद अधिकारीलाई नै सघाउन अनुरोध गरेँ, जसलाई उहाँले सहर्ष स्वीकार गर्नुभयो ।

विषयवस्तुलाई सरलीकरण गर्न यस पुस्तकलाई तीन अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्याय 'अधुरो यात्रा' मा मेरो राजीनामा लगायत, दोस्रो अध्याय 'यथार्थका पानाहरू' मा म सैनिक सचिव हुँदा लेखेको डायरी तथा तेस्रो अध्याय 'गन्तव्यको अन्त्य' मा म राजदरबारमा रहँदा र छोडेदेखि राजसंस्थाको अन्त्यसम्म देखेसुने र भोगेका केही विषयहरू उल्लेख गरिएको छ ।

किताब तयार पार्न सुरुदेखि अन्त्यसम्म शरद अधिकारीको अतुलनीय मिहिनेत एवं समय खर्च भएको छ, जसको सहयोगबिना यो किताबको म कल्पना गर्न समेत सक्दिनँ । यसका लागि म उहाँप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै यो किताब प्रकाशन गर्न निरन्तर प्रेरित गरी विशेष सहयोग गर्नुहुने मित्र *कान्तिपुर* दैनिकका सम्पादक सुधीर शर्माप्रति कृतज्ञ छु । त्यसरी नै आफ्ना अमूल्य सुझाव सहित पुस्तकको सम्पादन गरिदिनुभएकामा पत्रकार एवम् स्वतन्त्र सम्पादक शरच्चन्द्र वस्तीप्रति आभारी छु । भाषा शुद्धी गरिदिनु हुने पाररप्रकाश नेपाललाई धन्यवाद दिन चाहन्छु ।

त्यस्तै किताबको साजसज्जा तथा लेआउट गरिदिने आवृत्ति मिडियाका रामकृष्ण रानालाई धन्यवाद दिन चाहन्छु । यस किताबलाई प्रकाशन गरी आम पाठक समक्ष पुऱ्याउने यती पब्लिकेसन्स नेपाललाई समेत धन्यवाद व्यक्त गर्न चाहन्छु । त्यसै गरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा यो किताबका लागि सहयोग गर्ने मेरा मित्र देवीराम शर्मा, छोराहरू अजयविक्रम शाह, डा. कुन्दविक्रम शाहसहित सम्पूर्ण महानुभावहरूप्रति समेत आभारी छु । यसैगरी पत्रकार मित्रहरू मनोज दाहाल, किरण भण्डारी र कृष्णज्वाला देवकोटालाई उहाँहरूको अमूल्य सुझावप्रति धन्यवाद दिन चाहन्छु । किताब लेखनका क्रममा सबै किसिमले उत्साह तथा प्रेरणा दिनुका साथै जीवनको आरोह-अवरोहमा धैर्यधारण गर्न सहयोग तथा समर्पण गर्ने मेरी श्रीमती गीता शाहप्रति धेरै नै अनुगृहीत छु ।

*मैले देखेको दरबार* म सैनिक सचिव हुँदाका अवधिको देश, काल र परिस्थितिको एउटा चित्र हो, जसमा त्यस बेलाका सत्य-तथ्य, घटना र परिघटनाहरूलाई जस्ताको तस्तै उतारिएको छ । यो किताब कसैप्रति आग्रह, पूर्वाग्रह या कुनै पनि किसिमको द्वेषको भावना राखेर तयार पारिएको होइन । त्यस समयको यथार्थलाई ऐतिहासिक दस्तावेजका रूपमा सार्वजनिक गर्ने तटस्थ प्रयास मात्र हो । यसमा उल्लिखित पात्रहरू लगायत सम्पूर्ण पाठकवृन्दले *मैले देखेको दरबार*लाई यसै रूपमा बुझिदिनुहुनेछ भन्ने आशा, अपेक्षा एवं विश्वास राखेको छु ।

धन्यवाद ।

**विवेक कुमार शाह**
ज्ञानेश्वर, काठमाडौँ
२०६७ पुस १४ गते

# विषयसूची

अध्याय १

## अधुरो यात्रा


| | |
|---|---|
| १. राजीनामा प्रकरण | ३ |
| २. राजदरबार हत्याकाण्ड | १७ |
| (क) जेठ १९ : एउटा भयानक रात | १९ |
| (ख) शवयात्रा र अन्तिम संस्कार | २९ |
| (ग) तनावबीच ज्ञानेन्द्र सरकारको राज्यारोहण | ३१ |
| (घ) कर्फ्युमा दीपेन्द्र सरकारको शवयात्रा | ३५ |
| (ङ) अस्पताल नै कार्यालय | ३६ |
| (छ) दीपेन्द्रको चरित्र र जेठ १९ को भित्री रहस्य | ३८ |
| (ज) केही अनुत्तरित प्रश्नहरू | ५४ |
| (झ) राजा वीरेन्द्रको सम्भावित योजना | ५६ |
| ३. माओवादी समस्या | ५९ |
| (क) माओवादी समस्या उत्पत्तिका कारण | ५९ |
| (ख) माओवादीप्रति राजदरबारको दृष्टिकोण | ६१ |
| (ग) माओवादी समस्या र राजनीतिक दल | ६६ |
| (घ) माओवादी समस्या र शाही नेपाली सेना | ६८ |
| (ङ) माओवादी समस्या र नेपाल प्रहरी | ७१ |
| (च) माओवादी समस्या र सशस्त्र प्रहरी बल | ७३ |
| (छ) माओवादी समस्या र राष्ट्रिय अनुसन्धान विभाग | ७६ |
| (ज) माओवादी समस्या र भारत | ७७ |
| (झ) माओवादी समस्या र चीन | ८४ |
| ४. षड्यन्त्रै-षड्यन्त्रको राजनीति : नेपालको नियति | ८७ |
| (क) पञ्चायतको पतन र प्रजातन्त्रको पुनःस्थापना | ८७ |
| (ख) नेपालमा पहिलो कम्युनिस्ट सरकार | ९२ |
| (ग) पाँच वर्षमा छ प्रधानमन्त्री | ९५ |
| (घ) कोइरालाको राजीनामाः होलेरी त निहुँ मात्र | ९९ |
| (ङ) मध्यरातमा प्रतिनिधिसभा विघटन | १०४ |
| (च) असोज १८ को शाही घोषणा | १०६ |
| (छ) शान्ति स्थापनाको प्रयास | ११२ |

अध्याय २

## यथार्थका पानाहरू


५. सैनिक सचिवको डायरी १२५

(क) २०५७ साल १२६

(ख) २०५८ साल १९२

(ग) २०५९ साल २९३

(घ) २०६० साल ४२५


अध्याय ३

## गन्तव्यको अन्त्य


६. तस्बिर आफैँ बोल्छन् ५२३

७. राजदरबार छोडेपछिका परिदृश्यहरू ५३१

(क) नेपालको शान्ति प्रयास र कार्टर सेन्टर ५३२

(ख) माघ १९ को शाही कदम ५४०

(ग) गणतन्त्र नेपाल, देशको अवस्था र नेपाली सेना ५४६

८. केही अविस्मरणीय प्रसङ्गहरू ५५१

(क) हतियार कूटनीति ५५१

(ख) सन्दर्भ : सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् ५५७

(ग) विविध घटना ५५९

९. आफ्नै बारेमा ५७१

(क) रुकुमदेखि राजदरबारसम्म ५७१

(ख) सङ्गीतमा रुचि ५८४

(ग) आरोह-अवरोह ५८७

(घ) गन्तव्यको अन्त्य ५९२

## अध्याय १

# अधुरो यात्रा

# राजीनामा प्रकरण

संवत् २०६० कात्तिक २१ गते शुक्रबार । सदाभैँ म बिहान ६ बजे निद्राबाट ब्यूँझिएँ । ब्यूँझनासाथ रेडियोमा आउने धार्मिक कार्यक्रम सुन्ने मेरो पुरानो बानी छ । आज पनि त्यसै गरेँ । धार्मिक कार्यक्रमपछि म अक्सर कान्तिपुर एफएममा आउने समाचार डायरी सुनिरहेको हुन्छु । आज पनि त्यही सुनिरहेको थिएँ । त्यस्तै पौने ७ बजे टेलिफोनको घण्टी बज्यो । मैले टेलिफोन उठाएँ । आजको यो पहिलो टेलिफोन कल थियो । उताबाट 'गुडमर्निङ सर, म साहजन' भन्नासाथ मैले ठम्याइहालेँ, फोन दरबारको एडीसी अफिसबाट आएको थियो । उहाँले भन्नुभयो, 'सर, महाराजाधिराज सरकारबाट कुरा गर्न खोजिबक्सेको छ, टेलिफोन मिलाउँछु ।'

मैले भनेँ, 'हुन्छ, टक्र्याउनुस् ।'

टेलिफोनमा तुरुन्तै सरकारको आवाज आयो । मैले 'दण्डवत् सरकार' भन्न पनि नभ्याउँदै सरकारबाट हुकुम भयो, 'विवेक, हिजो मलाई प्रधानमन्त्रीले डीआईजीको सरुवाको कुरा गरे । ह्वाई वाज आई नट इन्फर्म्ड ?' (मलाई किन भनेनौ ?)

मैले भनेँ, 'सरकार, सेवकलाई जानकारी भएन ।'

सरकारबाट हुकुम भयो, 'वाज नट आई सपोज्ड टु नो ?' (मैले जानकारी पाउनुपर्दैनथ्यो र ?)

मैले फेरि जाहेर गरेँ, 'नयाँ कार्य सम्पादन नियमावली अनुसार यो विषय मन्त्रिपरिषदबाट निर्णय हुनुअघि नै सरकारमा जाहेर हुनुपर्छ ।'

मौसुफबाट फेरि हुकुम भयो, 'ह्वाई डिड नट यु टेल मी ?' (मलाई किन नभनेको ?)

मैले बिन्ती गरेँ, 'सरकार, प्रधानमन्त्री र मन्त्रिपरिषद् सचिवालयबाट जाहेर हुने विषय प्रमुख सचिवालय मार्फत प्रमुख सचिवबाट जाहेर हुन्छ ।'

सरकार रिसाइबक्स्यो, 'डोन्ट पास द बक ।' (काम पन्छाउने कोसिस नगर ।)

मैले बिन्ती चढाएँ, 'सरकार, पहिले पनि यस्तै भएको थियो...'

मैले कुरा सक्न नपाउँदै महाराजाधिराजबाट झोँक्किएर हुकुम भयो, 'आई ह्याभ ह्याड इनफ, यु रिजाइन ।' (मलाई अब पुग्यो, तिमी राजीनामा गर ।)

मैले जाहेर गरेँ, 'हवस् सरकार !'

यतिकैमा सरकारबाट फोन राखिबक्स्यो । मैले पनि राखिदिएँ ।

महाराजाधिराजसँग भएको संवाद मेरो छेउमै रहेकी गीता (श्रीमती) ले सुनिरहेकी थिइन् । उनले केही अप्ठ्यारो महसुस गरिरहेकी थिइन् । र, सोधिन्, 'एनिथिङ रङ ?' (के समस्या भयो ?)

यसअघि पनि सरकारसँग मेरो समय-समयमा टेलिफोनमा कुरा हुन्थ्यो । घरको फोनमा प्रायः एडीसीहरू मार्फत नै टेलिफोन आउँथ्यो । आवश्यक पर्दा सरकारबाट सीधै मेरो मोबाइलमा फोन गरिबक्सन्थ्यो । कुराकानी सहज र स्वाभाविक किसिमले हुने गर्दथ्यो, जसको साक्षी गीता पनि हुन्थिन् । तर आजको संवाद अरू बेलाको जस्तो सहज थिएन । त्यसैले केही तनाव भयो भनेर उनले अनुमान लगाएकी थिइन् ।

मैले भनेँ, 'मेरो राजीनामा मागियो । आजै अफिस गएर राजीनामा गर्छु ।'

मेरो कुरा सुनेर गीता छक्क परिन् । उनले भनिन्, 'त्यसै किन राजीनामा दिने ? के कारणले राजीनामा गर्नुपर्ने हो भनेर सरकारलाई सोध ।' उनलाई मेरा कुरा पटक्कै चित्त बुझेन । भनिन्, 'तिमी लामो समयदेखि दरबारमा छौ । किन एक पटक पनि सरकारलाई नसोधी राजीनामा गर्छौ ? केही काम बिग्रिएको छ भने सरकारसँग माफी मागे पनि त हुन्छ नि !'

'सरकारबाट नै राजीनामा मागिबक्सेपछि अर्को कुनै उपाय बाँकी छैन । राजीनामा नगरी बस्नु राम्रो पनि हुन्न । मैले त्यस्तो केही गरेकै छैन । केही काम बिगारेको पनि छैन । त्यत्तिकै किन माफी माग्ने ? हिजोको मेरो जाहेरीमा वातावरण सामान्य नै थियो । सरकारलाई असजिलो भएको हुन सक्छ । पहिले पनि मलाई रथीमा पदोन्नति नगर्ने प्रसङ्ग चलेकै हो ।' गीतासँग म यसरी कुरा गर्दै थिएँ । यत्तिकैमा उनले 'होइन, म एक पटक अजयलाई बोलाउँछु' भनिन् । अजय मेरो ठूलो छोरो । ऊ घरमै तल्लो तलाको कोठामा सुतिरहेको थियो । बोलाएपछि ऊ पनि आत्तिँदै आयो ।

मैले अजयलाई एक छिनअगाडि महाराजाधिराजसँग टेलिफोनमा भएका सबै कुरा सुनाएँ । ऊ पनि छक्क पर्‍यो । 'यत्ति हो कुरा ?' उसले सोध्यो ।

'यत्ति हो,' मैले भनेँ ।

उसले मलाई सजिलो पार्दै भन्यो, 'त्यसो भए राजीनामा गर्ने उपयुक्त बेला यही हो । यति सानो कुरामा यस्तो हुन्छ भने पछि कुनै ठूलो काण्ड भयो भने झन् कस्तो अवस्था होला ? फेरि अविश्वासको अवस्था सिर्जना भइसक्यो । अनेक किसिमका घटना घट्न सक्छन् र घटना घटाउने प्रयास पनि होला । त्यसो भएर बुबाले राजीनामा गर्नु नै बेस ।' उसले गीतालाई पनि सम्झायो । मलाई निकै सहज भयो । कान्छो छोरो उपसेनानी डा. कुन्द रूकुम ब्यारेकमा रहेको हुनाले ऊसँग कुनै छलफल भएन । उसलाई यसबारे धेरै पछि मात्र थाहा भयो ।

मैले गीतालाई सम्झाउँदै भनें, 'राजदरबारको परम्परा अनुसार त्यहाँभित्रका सबै काम-कारबाहीमा महाराजाधिराजको नितान्त स्वविवेकीय निर्णयले काम गर्छ । सरकारले नै नचाहेपछि त्यहाँ बस्नुको कुनै औचित्य रहन्न । कसलाई कहाँ राख्ने, कसलाई नराख्ने जस्ता कुरा सरकारको स्वेच्छामा निर्भर हुन्छ । त्यो भएर सरकारले जे भनिबक्सन्छ, त्यो हामीले मान्नुपर्छ । राजदरबारमा काम गर्नेहरूको निश्चित मर्यादा र परिधि हुन्छ । अझ म त शाही नेपाली सेनाको भएकाले अनुशासित हुनैपर्छ । सरकारको कुरा मान्नु मेरो ड्युटी पनि हो । त्यसैले आजै राजीनामा गर्छु ।'

सरकारको फोन आउनुअघिसम्म मलाई यस किसिमको कुनै छनक थिएन । सरकारलाई के विषयमा म मन परिनँ, मैले केही बुझ्न सकिनँ । हिजोसम्म त के, अहिले सरकारको फोन आउनुअघिसम्म पनि मेरो राजीनामा माग्न लागिएको छ भन्नेबारे मलाई कुनै पनि किसिमको आभास थिएन ।

हिजो बिहीबार । प्रधानमन्त्री सूर्यबहादुर थापाको नियमित जाहेरीको दिन । प्रमुख सचिवालय, प्रमुख सैनिक सचिवालय, संवाद सचिवालय र निजी सचिवालयका सचिवहरू प्रधानमन्त्रीको जाहेरी नसकिएसम्म कार्यालयमै बस्नुपर्छ । प्रधानमन्त्री जाहेरीबाट निस्केपछि कुनै महत्त्वपूर्ण विषयमा छलफल गर्नुपर्ने भयो अथवा निर्देशन दिनुपर्ने भयो भने सरकारबाट आवश्यकता अनुसार सचिवहरूलाई आफ्नो कार्यालयमा बोलाइबक्सन्छ । बोलावट हुनासाथ हामीहरू उपस्थित हुनुपर्छ । यो दरबारको नियमित प्रक्रिया र परम्परा पनि हो । तर म हिजो प्रधानमन्त्रीको जाहेरीका बेला राजदरबारमा बसिनँ ।

अघिल्लो दिन बुधबार मेरो नियमित जाहेरी थियो । त्यस बेला मैले 'सरकार, भोलि बिहीबार प्रधानमन्त्रीको जाहेरीको दिन हो, मलाई भोलि नै चिनियाँ राजदूतले डिनरमा बोलाउनुभएको छ, म डिनरमा नगएर यता ड्युटीमा बसूँ कि जाऊँ ?' भनेर जाहेर गरेको थिएँ । 'तिमी गए हुन्छ,' सरकारबाट हुकुम बक्सेको थियो । त्यति मात्र होइन, सरकारबाट 'चिनियाँ राजदूतसँग यी बुँदामा कुरा गर्नू' भनेर केही महत्त्वपूर्ण विषय समेत बक्सेको थियो । बुधबार डेढ घण्टाजति विभिन्न विषयमा मेरो जाहेरी भएको थियो । जाहेरीका बेला मैले सरकारलाई सहज रूपमा पाएको थिएँ । कुनै पनि किसिमको असहजता महसुस गरेको थिइनँ । त्यति बेला सरकार मसँग असन्तुष्ट होइबक्सन्छ भन्ने छनक समेत मलाई भएन । सरकारबाट हुकुम बक्से बमोजिम म बिहीबार प्रधानमन्त्रीको जाहेरीमा नबसी चिनियाँ राजदूतको निम्तो मान्न गएको थिएँ ।

तर आज बिहानै अकस्मात् राजीनामा मागिएपछि घरबाट अफिस निस्कनुअघि मैले महाराजाधिराजका मुख्य एडीसी सहायक रथी टीका धमला र प्रधान सेनापति प्यारजङ्ग थापालाई फोन गरें । उहाँहरू दुवैलाई 'आज सरकारबाट राजीनामा मागिबक्सेको छ, त्यस अनुसार म राजीनामा गर्दै छु' भनें । उहाँहरूले 'किन ?' भनेर सोध्नुभयो । मैले 'थाहा छैन' भनिदिएँ । म सधैं हिंडेर अफिस जाने गर्थें । आज पनि मेरो रूटिनमा कुनै पनि किसिमको परिवर्तन आएन । पैदलै अफिसतिर लागें ।

बाटोभर बिहानका कुरा सम्झिरहें । सरकारसँगको कुरा सम्झेर मलाई बडो

अचम्म लाग्यो । मनमा अनेकौँ कुरा खेले । 'मुड अफ' भने पटक्कै भएन । सबै कुरालाई मैले सामान्य रूपमा लिएँ । अरू दिन बाटामा अफिस गएर केके गर्नु छ, 'पेन्डिङ' काम केके छन् भनेर सम्झँदै अफिस जाने मेरो स्वभाव थियो । तर आज राजीनामामा के लेख्ने भन्ने विचार गर्दै म अफिस पुगेँ । उत्तरढोकाबाट छिरेर चेन्जिङ रुममा पुगेँ । राजदरबार सेवामा कार्यरत सबै सैनिक अधिकृतको चेन्जिङ रुम शाही रक्षक वाहिनीमा थियो । त्यहीँ बसेर केही समयमै मैले राजीनामाको खेस्रा लेखेँ । वाहिनीमा कर्णेल पूर्णचन्द्र थापा, निरञ्जन कार्की र मेजर हिमांशु खड्कासँग पनि भेट भयो । म उहाँहरूसँगै कार्यालय गएँ । उहाँहरूलाई पनि मैले 'आज बिहान सरकारबाट मेरो राजीनामा मागिबक्स्यो, त्यस अनुसार आज म राजीनामा दिन्छु, तर कतै कुरा नगर्नुहोला र नराम्रो पनि नसोच्नुहोला, यो साधारण कुरा हो' भनेँ । मेरा कुरा सुनेर उहाँहरू छक्क पर्नुभयो ।

महाराजाधिराजलाई सम्बोधन गरिएको राजीनामाको ब्यहोरामा सरल भाषामा मैले लेखेको थिएँ, 'सरकार, म २०३१ वैशाखदेखि राजदरबारको सेवामा आएको हुँ । यस क्रममा विभिन्न पदमा रही काम गर्दै हाल रथी दर्जामा रहेर सैनिक सचिवको जिम्मेवारी निर्वाह गरिरहेको छु । सेवकलाई यति ठूलो विश्वास गरी यो ओहदा र जिम्मेवारी बक्सेकोमा आभार व्यक्त गर्दछु । सेवामा रहे पनि नरहे पनि म राजसंस्थाप्रति सदैव समर्पित रहने प्रण गर्दछु । र, हुकुम बक्से बमोजिम आजैका मितिदेखि लागू हुने गरी राजीनामा गरेको छु ।' सैनिक सचिवालयमा पुगेर मैले आफ्नो राजीनामाको ड्राफ्ट पूर्णचन्द्र कर्साबलाई टाइप गर्न लगाएँ । दरबारमा हामी अक्सर ९ बजे अफिस पुगिसकेका हुन्छौँ । राजीनामा टाइप भएर तयार भएपछि साढे ९ बजेतिर मैले एडीसी अफिसमा फोन गरेँ । टीका जर्साब अफिस आइपुग्नुभएको थिएन । राजीनामाको सम्बन्धमा कुरै नगरी मैले ड्युटी एडीसीलाई भनेँ, 'सरकारबाट बिहान एउटा पेपर मागिबक्सेको थियो । त्यो पेपर तयार छ । पेपर म आफैँ आएर चढाऊँ कि चढाउन पठाऊँ, सरकारमा जाहेर गर ।' यसो भन्दाभन्दै टीका जर्साब अफिस आइपुग्नुभएकाले मैले उहाँसँग कुरा गरेँ । उहाँले 'सरकारमा जाहेर गरेर खबर गर्छु' भन्नुभयो ।

१० बजेतिर एडीसी अफिसबाट फोन आयो । सरकारबाट साढे १० बजे मलाई भेट्ने समय बक्सेको रहेछ । दरबारको बगैँचामा एउटा सानो प्रेक्षालय (पाटी) छ । सरकारबाट सचिवहरूलाई बिहान अक्सर त्यहीँ भेटिबक्सन्छ । म त्यहीँ गएँ, साढे १० बजे । म राजीनामा राखेको खाम र सात वटा अत्यन्तै गोप्य फाइल लिएर गएको थिएँ । ती फाइलका विषयवस्तुबारे अरू कसैलाई कुनै जानकारी नभएकाले सरकारमा चढाउने निधो गरेको थिएँ । बाटोमा संवाद सचिव मोहनबहादुर पाण्डेसँग जम्काभेट भयो । उहाँले नजिक आएर 'कता हो, जर्साब ?' भनेर सोध्नुभयो ? प्रश्नको जवाफ नदिँदै फेरि थप्नुभयो, 'केको जाहेरी पर्‍यो आज ?'

'जाहेरी होइन, फायरी,' मैले भनेँ । त्यति भनेर म हाँसेँ । उहाँ पनि हाँस्नुभयो । उहाँ आफ्नो बाटो लाग्नुभयो । म पनि लागेँ । उहाँलाई मेरो राजीनामाबारे कुनै अत्तोपत्तो भएन ।

जाँदाजाँदै समारोह प्रबन्ध कार्यालयका प्रमुख सचिव सुदनप्रसाद पोखरेलसँग पनि भेट भयो । उहाँले पनि 'कहाँ जान लागेको, जर्साब ?' भनेर सोध्नुभयो । मैले पनि ठट्टा गर्दै भनेँ, 'दरबारमा कहाँ जान लागेको भनेर सोध्ने ? जाहेरीमा हिंडेको ।' अनि मैले 'ई, यस्तो जाहेरी' भनेर खाम खोलेर देखाएँ । त्यो देखेर उहाँले एक्कासि 'ए ठकुरी, बौलाइस् !' भन्नुभयो । अनि कुनै पनि हालतमा राजीनामा नगर्न सल्लाह दिनुभयो । साथै मलाई 'राजा भनेको बाबुसरह हो, बाबुले त आफ्ना छोराछोरीलाई कहिलेकाहीं गाली गरिहाल्छन् नि' भन्नुभयो । अन्त्यमा फेरि राजीनामा नदिन जोड गर्नुभयो ।

उहाँका कुरा सुनेपछि मैले 'म तपाईं जस्तो बाहुन हो र ? खोइ हेरौं, के हुन्छ' भनेँ । हामी दुवै हाँस्दै आ-आफ्नो बाटो लाग्यौं ।

बगैंचाको पाटीमा पुग्दा सरकारको सवारी भइसकेको रहेछ । एडीसीले बोलाएपछि म गएँ । मैले सलाम गरेर 'सरकार, बिहान टेलिफोनमा हुकुम बक्से अनुसार मैले राजीनामा ल्याएको छु' भनेर राजीनामा पत्रको खाम टक्र्याएँ । सरकारले राजीनामा हेरिबक्सेन । टेबलमा राखिबक्स्यो । म छेउमा उभिएँ । सरकारबाट 'बस' हुकुम भयो । बिहान टेलिफोनमा जस्तै गरी फेरि कुरा सुरु भयो । सरकारले सोधिबक्स्यो, 'डीआईजीको सरुवाको विषयमा मलाई किन भनेनौ ?'

मैले सरकारसँग भनेँ, "सैनिक सचिवालयले गृह प्रशासन हेर्ने भन्ने कुरा सरकारको सवारी र सुरक्षासँग मात्र सम्बन्धित छ । अरू प्रशासनिक कामकारबाहीका विषयमा २०४७ सालदेखि नै सैनिक सचिवालयले केही हेर्दैन । कुनै आधिकारिक चिठीपत्र समेत आदान-प्रदान हुँदैन । मौखिक रूपमा कुनै विषयमा जानकारी गराए थाहा हुन्छ । नत्र त्यस विषयमा केही थाहा हुँदैन । हिजो प्रधानमन्त्रीले सरकारलाई जे विषयमा जाहेर गर्नुभयो, त्यो विषय प्रमुख सचिवालय मार्फत पहिले नै जाहेर हुनुपर्थ्यो । यसअघि पनि डीआईजीहरूको सरुवा भइसकेको छ । यसबारे प्रमुख सचिवालयबाटै जाहेर भएको हो । योभन्दा अगाडि दुई जना डीआईजीलाई गृहमन्त्रीले सरुवा गरेपछि 'यो नियमसङ्गत भएन' भनी आईजीपीसाबले भन्नुभएको थियो । त्यसपछि मैले 'डीआईजीको सरुवा विभागीय मन्त्रीबाट हुन सक्दैन, मन्त्रिपरिषद्बाट निर्णय हुनैपर्छ, विभागीय मन्त्रीले काजमा सम्म पठाउन सक्छ' भनेको थिएँ । यो विषय सरकारमा कसले, किन र कसरी जाहेर गऱ्यो थाहा छैन । तर त्यस बेला सरकारबाट मलाई फोनमा 'डीआईजीको सरुवाबारे तिमी लटरपटर कुरा नगर, मैले सरुवा गरेको हो' हुकुम भएको थियो ।

"जहाँसम्म यस पालिको सरुवाको कुरा छ, गत दसैंको बिदामा प्रहरी महानिरीक्षक श्यामभक्त थापाले मलाई भेटेर भन्नुभएको थियो, 'डीआईजीको सरुवा नभएको धेरै समय भइसक्यो । अब दसैंतिहारपछि सरुवा गर्नुपर्छ ।' मैले उहाँलाई 'यो त नियमित प्रक्रिया हो, तपाईंलाई काम गर्न सहज हुने गरी नियमसङ्गत सरुवा गरे हुन्छ' भनेको थिएँ । साथै उहाँलाई मैले के सल्लाह दिएको थिएँ भने, 'अहिले माओवादीका विरूद्ध युनिफाइड कमान्डको अवधारणामा काम भइरहेको तपाईंलाई अवगत नै छ । त्यसैले कहाँ कसलाई राख्दा राम्रो हुन्छ, तपाईं आफैं मिलाउनोस् । त्यसै अनुसार म सरकारमा जाहेर

गरूँला ।' त्यही समयमा मैले के पनि भनेको थिएँ भने, 'सेना र प्रहरी अधिकृतहरूबीच त्यति राम्रो सम्बन्ध छैन । एकले अर्काको कुरा काट्ने प्रचलन छ । पहिलेदेखि नै यस्तै भइरहेको छ । अहिलेको जटिल अवस्थामा सकेसम्म त्यस्तो नहोस् । त्यसैले जहाँ सेनासँग धेरै नै सम्पर्क/समन्वय गर्नुपर्छ, त्यस्तो स्थानमा राम्ररी विचार गरेर सरूवाको व्यवस्था मिलाउनोस् । उपत्यकामा सुरक्षाको ठूलो सञ्जाल छ । सेनासँग पनि नियमित सम्पर्क/समन्वय आवश्यक भइरहन्छ । त्यसले गर्दा काठमाडौं उपत्यकामा सेनासँग राम्रो सम्बन्ध भएको डीआईजी खोज्नुभयो भने राम्रो होला । त्यो हिसाबले मेरो विचारमा उपत्यकामा डीआईजी अशोक श्रेष्ठलाई ल्याउँदा राम्रो होला । किनभने उहाँ १६ वर्ष दरबारमा एडीसी भएर बसिसक्नुभएको छ । जङ्गी अड्डा र सेनाका धेरै अधिकृतसँग उहाँको राम्रो सम्बन्ध छ । एक प्रकारले उहाँ प्रहरीको अधिकृत भएर पनि सैनिक अधिकृत जस्तै बनिसक्नुभएको छ । त्यसैले उहाँलाई राख्दा फाइदा हुन्छ भन्ने मेरो सुझाव छ ।'

त्यस बेला आईजीपीसाबले भन्नुभएको थियो, 'उपत्यकामा हामीले अशोकलाई नै राख्ने विचार गरिसकेका छौं । किनभने दिपायलमा उहाँले हामीले सोचेभन्दा पनि धेरै राम्रो काम गर्नुभएको छ ।' डीआईजीको सरूवाको विषयमा हामीबीच भएको यो कुरा मैले त्यति बेलै विस्तृत रूपमा सरकारमा जाहेर गरेकै हुँ । त्यसपछि यस विषयमा कसैसँग कुनै पनि कुरा भएको छैन । न मलाई आईजीपीसाबले केही भन्नुभएको छ, न गृहमन्त्रीको समेत कार्यभार सम्हाल्नुभएका प्रधानमन्त्रीबाट केही कुरा आएको छ, न त गृहसचिवबाटै यसबारे कुनै जानकारी दिइएको छ । कतैबाट केही कुरा नभएपछि मैले थाहा पाउने कुरा पनि भएन ।"

मैले डीआईजी सरूवाको सम्बन्धमा सबै विषयवस्तु जस्ताको तस्तै जाहेर गरेपछि सरकारले केही असजिलो महसुस गरे जस्तो लाग्यो । केही पनि बोलिबक्सेन । म पनि चुपचाप बसेँ । केही क्षणपछि सरकारबाट 'तिमी गएपछि सैनिक सचिवको काम कसले गर्छ ?' भनेर सोधिबक्स्यो । मैले जाहेर गरेँ, 'सरकारबाट जसलाई हुकुम हुन्छ, म उसैलाई राम्रोसँग बुझाएर जान्छु । आवश्यक पऱ्यो भने उसले मलाई जहिले पनि सम्पर्क गर्न सक्छ ।' सरकारबाट फेरि हुकुम भयो, 'गृह प्रशासन र प्रहरी सम्बन्धी कुराहरू मिलेकै छैन ।' यसै प्रसङ्गमा पुराना कुराहरू पनि भए । सरकार फेरि चुप लागिबक्स्यो । मलाई जतिसक्दो चाँडो निस्कन मन लागिरहेको थियो । मैले आफ्नो स्वाभिमानमा आँच पुगेको महसुस गरिरहेको थिएँ । एक प्रकारले भित्री मनमा आक्रोश समेत पैदा भएको थियो । त्यसैले फेरि जाहेर गरेँ, 'सरकार, यो स्तरमा विश्वासको वातावरण धमिलियो भने काम गर्न सहज हुँदैन । सरकारबाट मलाई काम लगाइबक्सन र मलाई पनि काम गर्न असजिलो पर्न सक्छ । त्यसैले मेरो राजीनामा आजैका मितिदेखि स्वीकृत होस् ।' सरकारबाट 'लेट मी थिङ्क ओभर दी विकेन्ड' हुकुम भयो । र, साथमा लिएर गएका गोप्य फाइलहरू चढाएर म बिदा भएँ । यो नै मेरो अन्तिम जाहेरी हुन पुग्यो ।

सैनिक सचिवालय फर्कँदै गर्दा मेरा मनमा धेरै कुरा खेलिरहेका थिए । राजीनामा

बुझाउने क्रममा मैले सरकारलाई एउटा लोकगीत सुनाउन पाएको भए हुन्थ्यो जस्तो पनि लाग्यो । त्यो लोकगीत हो :

*लाग्यो भन्छन् चैतको महिना, पलाएछ पाती,*
*नमिलेको घरबारभन्दा नभयाकै जाती...*

यही गीत सम्झँदै म सैनिक सचिवालय पुगेँ । अनि राजदरबार प्रमुख पदाधिकारी शारदाप्रसाद प्रधानलाई फोन गरेर भनेँ, 'सर, आज सरकारबाट मलाई राजीनामा गर्न हुकुम भयो । त्यसै अनुसार मैले राजीनामा दिएँ । म कसलाई मेरो जिम्मेवारी बुझाऊँ ?' तर उहाँ पनि मेरा कुरा सुनेर झस्कनुभयो । 'किन ? के भो ?' भनेर सोध्न थाल्नुभयो ? मैले भनेँ, 'मलाई केही थाहा छैन । सरकारबाट हुकुम भयो, मैले राजीनामा गरेँ ।'

त्यसपछि म आफ्नो अफिसको कामकारबाही मिलाउन थालेँ । मलाई जसरी बुझबुझारथ गरिएको थियो, त्योभन्दा नितान्त फरक र व्यवस्थित किसिमले बुझबुझारथ गर्ने–गराउने परम्परा बसाल्ने निधो गरेँ । नगद तथा जिन्सी सामानको छुट्टाछुट्टै फाइल तयार पार्न अह्राएँ । शुक्रबार पूरै यसैमा बित्यो । मैले पनि आफूले गर्नुपर्ने कामको फेहरिस्त तयार पारेँ । कार्यालयमा रहेका फाइल र अन्य कागजपत्रहरू बुझाउन तयार पारेर राखेँ ।

महाराजाधिराजबाट केही न केही सोचेरै मेरो राजीनामा मागिबक्सेको हुनुपर्छ । अनि मैले पनि त्यत्तिकै राजीनामा दिएको थिइनँ । त्यसैले राजीनामा पत्रमा 'हुकुम बक्से बमोजिम' भन्ने उल्लेख गरेको थिएँ । 'हुकुम बक्से बमोजिम' भन्ने वाक्यांशले मेरो राजीनामाबारे सरकारबाट 'पुनर्विचार हुने' र मैले पनि 'पुनर्विचार गर्ने' सम्भावनालाई समाप्त पारिसकेको थियो । सरकारको कार्यालयबाट शुक्रबार दिनभर मेरो राजीनामाका विषयमा कुनै खबर आएन । 'के भयो ?' भनेर थाहा पाउन पनि सकिनँ । राजदरबारमा शनिबार र आइतबार दुई दिन साप्ताहिक बिदा हुन्छ । त्यसले गर्दा मेरो राजीनामा स्वीकृत भएको पत्र सोमबार मात्र आउँछ होला भन्ने अनुमान गरेर अफिसपछि घर फर्केँ ।

मैले राजीनामा बुझाएर फर्केपछि सरकारबाट राजदरबारमा कार्यरत केही सचिवलाई बोलाएर यस विषयमा छलफल गरिबक्सेछ । त्यसमा प्रमुख सचिव पशुपतिभक्त महर्जन, संवाद सचिव मोहनबहादुर पाण्डे र निजी सचिव सागर तिमिल्सिना सहभागी हुनुभएको रहेछ । सर्वप्रथम मेरो राजीनामा पत्र दिँदै 'यो पढ' भनेर सरकारबाट प्रमुख सचिव महर्जनलाई हुकुम भएछ । उहाँले पढेर सुनाउनुभएछ । त्यसपछि त्यहाँ उपस्थित सबै सचिवले सरकारलाई 'अहिलेको अवस्थामा यो कदम उपयुक्त हुँदैन, कुनै हालतमा अहिले विवेक जर्साबलाई दरबारबाट बाहिर निकाल्नु हुँदैहुँदैन, यो बेला उहाँ बाहिरिंदा नराम्रो सन्देश जान्छ' भन्ने सुझाव दिएछन् । त्यस्तै सरकारबाट शुक्रबार नै सचिव सुदनप्रसाद पोखरेललाई छुट्टै भेटिबक्सेछ । उहाँले पनि 'अहिलेको अवस्थामा विवेक जस्तो अनुभवी व्यक्तिलाई राजदरबारबाट बाहिर पठाउनु हुन्न, राजदरबारलाई घाटा हुन सक्छ, यो त उहाँलाई हिरो बनाउने काम पो हुन्छ' भनेर सुझाव दिनुभएछ ।

सरकारले मुख्य एडीसी टीका जर्साबसँग पनि छुट्टै कुरा गरिबक्सेछ । उहाँले पनि त्यस्तै सल्लाह दिएको मैले पछि थाहा पाएँ । उहाँले 'यस विषयमा प्रधान सेनापतिसँग समेत सल्लाह लिइबक्सँदा राम्रो हुन्छ' भन्ने सुझाव दिनुभएछ । त्यसपछि सरकारले शनिबार मेरो राजीनामाबारे प्रधान सेनापतिसँग छलफल गरिबक्सेछ । भोलि पल्ट आइतबार बिदाको दिन भए पनि सरकारबाट प्रमुख राजदरबार पदाधिकारीलाई भेटिबक्सियो । सायद त्यही बेला मेरो राजीनामा स्वीकृत गर्ने निधो भएको हुनुपर्छ ।

मैले राजीनामा गरेको विषयमा आइतबार *नेपाल समाचार पत्र*मा समाचार छापियो । यो खबर राजदरबारकै संवाद सचिवालयले लिक गरेको हुनुपर्छ भन्ने लाग्यो । किनभने राजदरबारमा अति कम व्यक्तिलाई मात्र मेरो राजीनामाका विषयमा जानकारी थियो ।

मेरो बुझबुझारथ भएको थिएन । त्यसैले सोमबार पनि कार्यालय गएँ । कार्यालय पुग्नेबित्तिकै पुनः प्रमुख राजदरबार पदाधिकारीलाई सोधेँ, 'सर, म कसलाई बुझाऊँ ?' उहाँले 'किन आत्तिएको, चिठी आइहाल्छ नि, तपाईंको सेकेन्डम्यानलाई बुझाउने तयारी गर्दै गर्नू' भन्नुभयो । त्यसै अनुसार सबै कागजपत्र ठिक्क मिलाएर बसेँ । त्यति बेला मेरो सेकेन्डम्यान सह–सैनिक सचिव सहायक रथी गजेन्द्रबहादुर लिम्बू हुनुहुन्थ्यो ।

म आफ्ना तर्फबाट गर्नुपर्ने सबै काम सकेर चिठी पर्खेर बसेको थिएँ । दिउँसोसम्म पनि चिठी नआएपछि मैले फेरि प्रमुख राजदरबार पदाधिकारीलाई फोन गरेँ । उहाँले 'एकै छिनपछि आइपुग्छ' भन्नुभयो । त्यसो भनेको केही समयपछि चिठी आयो । मैले सह–सैनिक सचिव गजेन्द्रलाई सैनिक सचिवको जिम्मेवारी सुम्पेँ । यसपछि प्रमुख सैनिक सचिवालय र राजदरबारका अन्य केही कार्यालयका कर्मचारीसँग सदाका लागि बाईबाई गर्दै शाही रक्षक वाहिनीमा पुगेँ । त्यहाँ मेरा केही सामान थिए । ती सामान लिएर उत्तरढोकाबाट बाहिरिएँ ।

त्यहाँबाट निस्कन लाग्दा मैले ३१ वर्षअघिको कुरा सम्झेँ । शाही नेपाली सेनाको अधिकृत क्याडेटमा छनोट भएपछि मैले बेलायतको रोयल मिलिटरी एकेडेमी (स्यान्डहर्स्ट) मा तालिमको अवसर पाएको थिएँ । त्यहाँबाट फर्केपछि मेरो नियुक्ति श्री गोरखबहादुर गण, शाही रक्षकमा भएको थियो । म मेरो मदर युनिट, राजदरबारमा कार्यरत गोरखबहादुर गणमा सहायक सेनानीका रूपमा हाजिर हुन पहिलो पटक उत्तरढोकाबाटै राजदरबार छिरेको थिएँ । त्यस बेला सेनाको तल्लो अधिकृत पदमा दरबार पसेको म आज दरबारमा रहेको सेनाको उच्च पद रथीबाट बाहिरिँदै थिएँ । यो सम्झँदा मैले आफ्नो लक्ष्य पूरा भएको अनुभूति गरेँ । राजदरबारको सेवाबाट हठात् निस्कनुपर्दा कताकता नरमाइलो पनि लागेको थियो । तर महत्त्वपूर्ण जिम्मेवारीबाट कुनै दाग नबोकी निस्कँदा आफूलाई निकै हलुका महसुस भइरहेको थियो । राजदरबारमा काम गर्दा म कहिल्यै आफ्नो अडान र सिद्धान्तबाट विचलित भइनँ । आफ्नो सिद्धान्त र स्वाभिमानमा आँच आउन दिइनँ । जब मलाई आफ्नो स्वभिमानमा ठेस पुगेको अनुभव भयो, त्यसपछि त्यहाँ रहने इच्छा भएन । स्वाभिमानका साथ निस्कन पाएकामा गौरवान्वित भएको महसुस गरेँ । आफ्नो जिम्मेवारी सबै सकेर निस्के पनि मेरो गोरखबहादुर गणको कर्णेल कमान्डेन्ट (विशेष अधिकृत) को

दसवर्षे अवधि २०६५ पुस मसान्तमा पूरा हुनेछ । घर जाँदै गर्दा स्वभावतः धेरै कुराहरू मनमा खेलिरहे । त्यस बेला मैले राजदरबारको 'ह्याङओभर' जतिसक्दो चाँडो दिमागबाट हटाउने र नयाँ जीवन सुरु गर्ने अठोट गरेँ । साथै एउटा लोकगीत सम्झन पुगेँ :

*मनको धोको मनैमा रह्यो*
*थाहा पाइनँ के भयो के भयो...*

अचानक मेरो राजीनामा मागिनुपर्ने कारण के होला ? धेरै जिज्ञासुहरूले सोध्ने गर्छन् । तर म आफैँ अहिलेसम्म अनुत्तरित छु । एउटा डीआईजीको सरूवा मात्र कारण नहुन सक्छ । डीआईजीको सरूवा एउटा सामान्य निहुँ मात्र थियो भन्ने लाग्छ । म रथीमा बढुवा भएको सात महिनाअघि वैशाखमा मात्र हो । त्यसअघि नै मेरो उपरथीको पदावधि सकिएपछि मलाई अवकाश दिने कुरा पनि नभएको होइन । त्यति बेला मलाई किन राखियो ? सम्झँदा अचम्म लाग्छ । सायद सरकारको त्यही बेलाको मानसिकताले पछि काम गरेको हुनुपर्छ ।

आफ्नो राजीनामाबारे जब म सोच्दछु, राजीनामा मागिनुभन्दा अघिल्लो रातको एउटा घटना सम्झन पुग्छु । त्यो रात म चिनियाँ राजदूतको निवासमा डिनरमा थिएँ । एडीसी अफिसबाट धेरै पटक फोन आयो । शाहज्यादी शीताष्माका श्रीमान् अभिषेक शाहले पुतलीसडकको 'नो पार्किङ' क्षेत्रमा मोटर पार्किङ गर्नुभएको रहेछ । त्यही सिलसिलामा ड्युटीमा रहेकी महिला ट्राफिक प्रहरीले उहाँसँग लाइसेन्स मागेकी रहिछन् । यही क्रममा विवाद भएपछि अभिषेक लाइसेन्स नदिई फन्केर जीवनकुञ्ज पुग्नुभएछ । उहाँले यो कुरा निर्मल निवासका एडीसीलाई भनेपछि महाराजाधिराजको एडीसी अफिसमा कुरा पुगेछ । साथै अभिषेकले निर्मल निवासका एडीसीमार्फत ती महिला ट्राफिक प्रहरीलाई जीवनकुञ्ज बोलाउनुभएछ । यसबारे टीका जर्साबबाट समेत मलाई फोन आयो । मैले उहाँलाई 'यो के भएको हो भनेर भोलि आईजीपीसँग कुरा गर्छु, ट्राफिक प्रहरीको सिपाहीलाई जीवनकुञ्ज बोलाउनु राम्रो हुँदैन, त्यसबाट सकारात्मक सन्देश जाँदैन' भनेँ ।

टीका जर्साबले त्यही अनुसार जीवनकुञ्जमा कुरा गर्नुभएछ । तर उहाँले त्यसरी कुरा गरेको आधा घण्टापछि 'त्यो ट्राफिकलाई अहिलेसम्म किन यहाँ उपस्थित नगराएको ?' भन्दै शाहज्यादी शीताष्माबाट महाराजाधिराजको एडीसी अफिसमा फोन आएछ । त्यसपछि अलिक असहज अवस्था सिर्जना भएछ । टीका जर्साबले अब के गर्ने भनेर फेरि मलाई फोन गर्नुभयो । मैले उहाँलाई 'सैनिक सचिवले आईजीपीसँग कुरा गर्छु भन्नुभएको छ, उहाँ चिनियाँ राजदूतको निवासमा हुनुहुन्छ भन्नुहोस्, यदि तपाईंलाई जाहेर गर्न असजिलो लाग्छ भने विवेक जर्साब सरकारसँग कुरा गर्न चाहनुहुन्छ भनेर जाहेर गर्नुस्, म कुरा गरूँला' भनेर सल्लाह दिएँ । टीका जर्साबलाई जीवनकुञ्जमा फोन गर्नुभन्दा बरु महाराजाधिराजमा जाहेर गर्न राम्रो होला भन्ने लागेछ । र, उहाँले 'यसरी तल्लो तहको सिपाहीलाई जीवनकुञ्जमा बोलाएर के गर्न खोजेको होला, बडो अचम्मलाग्दो कुरा, यो त उपयुक्त हुँदैन' भनेर सरकारमा जाहेर गर्नुभएछ । त्यसपछि महाराजाधिराजबाट 'बोलाउनुपर्दैन' हुकुम भएछ । यसरी यो च्याप्टर बन्द भएको थियो । तर यो घटना पनि कताकता मेरो राजीनामासँग

जोडिएको हुन सक्छ कि भन्ने मलाई लाग्दछ ।

सैनिक सचिवालयको जिम्मेवारीबाट मुक्त भएर सोमबार म चाँडै घर फर्किएँ । मोटर, हतियार र गार्ड सबै तत्काल फिर्ता गरेँ । त्यो दिन कसैको फोन आएन । सोमबार अरू एकदुई जनाले मेरो राजीनामाबारे सुनेछन् र दिउँसो घरमा भेट्न आए । साँझ टीका जर्साब, नेपाल प्रहरीका एआईजी अमरसिंह शाह र वीरेन्द्र सैनिक अस्पतालका महासेनानी डा. प्रकाशराज पाण्डे मेरो घरमा आउनुभयो । राति अबेरसम्म मज्जाले 'ड्रिङ्क्स' गरेर बसियो । रमाइलोसँग समय बिताइयो ।

सोमबार रातिसम्म पनि मेरो राजीनामाका विषयमा धेरैलाई जानकारी थिएन । कात्तिक २५ गते मङ्गलबार कान्तिपुर दैनिकमा मेरो राजीनामा स्वीकृत भएको समाचार प्रकाशित भयो । त्यसपछि ठूलो हल्लीखल्ली नै भयो । बिहानै भूतपूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले मलाई फोन गर्नुभयो । सुरुमा त उहाँले मेरो राजीनामाबारे आश्चर्य प्रकट गर्नुभयो । उहाँले भन्नुभयो, 'जर्साब, राजाले यो के गरेको हो ? दुःख लाग्यो । राजाले मलाई जबर्जस्ती हटाए । अहिले तपाईंलाई पनि त्यसै गरी हटाए । यो राजाको मात्र होइन, राजसंस्थाकै लागि दुर्भाग्यपूर्ण घटना हो ।' मलाई राजदरबारबाट हटाएपछि सान्त्वना दिन यसरी फोन गर्ने उहाँ एक मात्र राजनीतिक नेता हुनुहुन्थ्यो ।

त्यसै दिनको एउटा अविस्मरणीय घटना छ । डा. त्रैलोक्यनाथ उप्रेती पनि सधैँ 'मर्निङ वाक' गर्नुहुन्थ्यो । बाटामा कहिलेकाहीँ मेरो उहाँसँग भेट भइरहन्थ्यो । मङ्गलबार बिहान पनि उहाँ 'मर्निङ वाक' मा निस्कनुभएको रहेछ । ज्ञानेश्वर चोकमा आएर *कान्तिपुर* हेर्नुभएछ । मेरो राजीनामाको समाचार देखेपछि सीधै मेरो घर आउनुभयो र *कान्तिपुर*मा प्रकाशित समाचार देखाउँदै 'जर्साब, यो के हो ?' भनेर सोध्नुभयो ।

मैले 'त्यो त्यही हो, सर' भनेर जवाफ दिएँ ।

'के कारण पर्‍यो तपाईंको राजीनामा माग्नुको पछाडि ?' उहाँले फेरि सोध्नुभयो ।

मैले शुक्रबार बिहान सरकारसँग टेलिफोन र पछि दर्शनभेटमा भएका सबै कुरा सुनाएँ ।

मेरो कुरा सुनेर उहाँले भन्नुभयो, 'जर्साब, यो नहुनुपर्ने कुरा भयो । तपाईं जस्तो साधारण, शिष्ट र इमानदार व्यक्तिलाई राजदरबारबाट निकालियो । मैले अहिलेसम्म पनि यो समाचारमाथि विश्वास गर्न सकेको छैन । यदि यो साँच्चै हो भने यसले के सङ्केत गर्छ भने अब राजदरबारमा ठूलो अनिष्ट हुन्छ । तपाईंलाई त्यसबाट मुक्ति दिनका लागि भगवान्ले सहारा दिएका हुन् । यसलाई जर्साबले सकारात्मक रूपमा लिनुहोस् । यो प्रकरण भविष्यमा तपाईंका लागि धेरै राम्रो हुनेछ ।'

अहिले डा. उप्रेती यस धर्तीमै हुनुहुन्न । तर उहाँले त्यति बेला बोलेको कुरा समयक्रममा मेरा लागि अमृतवाणीझैँ भएको छ ।

अहिलेसम्म पनि अचानक राजदरबारबाट आफू हटाउनुको कारण मैले बुझ्न सकेको छैन । मेरो राजीनामाका विषयमा अनेक अडकलबाजी गरिएका छन् । यसमा स्वदेशी तथा विदेशी शक्तिको हात रहेको हुन सक्ने प्रसङ्ग पनि मैले सुन्दै आएको छु ।

तर आधिकारिक रूपमा म स्वयं नै यसबारे अनभिज्ञ छु ।

तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले काठमाडौं उपत्यकाको प्रहरी प्रमुखमा डीआईजी कृष्ण बस्नेतको नाम प्रस्तावित गर्नुभएको थियो रे । तर मैले उक्त पदमा डीआईजी अशोक श्रेष्ठलाई ल्याउन खोजेँ भन्ने पनि मैले सुनेँ । यो कुरा सत्य होइन । यसबारे एक पल्ट आईजीपीसँग मेरो कुरा भएको अवश्य हो । र, मैले अशोक श्रेष्ठको नाम पनि लिएको हुँ । तर त्यो सामान्य सल्लाह र सुझाव मात्र थियो । डीआईजी सरुवा गराउन निर्णायक सल्लाह, सुझाव वा निर्देशन दिन सक्ने व्यक्ति म थिइनँ । त्यो विषय मेरो क्षेत्राधिकारमा पर्दैनथ्यो ।

राजीनामाको प्रसङ्ग सम्झँदा म प्रमुख सैनिक सचिवालयको कार्यभार बुझेको प्रसङ्ग पनि सम्झन पुग्छु । २०५५ वैशाख १ गते म उपरथीमा बढुवा भएको थिएँ । बढुवा भएपछि मैले सरकारको मुख्य एडीसी भएर केही महिना काम गरेँ । शाही पार्श्ववर्ती विभागको इन्चार्जका रूपमा । त्यसपछि २०५६ साउनमा सैनिक सचिवालयमा गएँ । त्यहाँ करिब आठ महिना प्रमुख सैनिक सचिव रथी शान्तकुमार मल्लको मातहतमा सैनिक सचिवका रूपमा काम गरेँ । शान्त जर्साबलाई २०५६ चैत १ गतेदेखि बिदा बस्नू भनेर चिठी दिइयो । त्यसको अर्थ हुन्थ्यो– उहाँको अवकाश हुने र मलाई कामु प्रमुख सैनिक सचिव दिने । दरबारको परम्परा के छ भने वर्षको अन्तिम महिनाअगाडि नै माघ या फागुनतिर सरुवा र बढुवा हुने गर्दछ । राजदरबार सेवाबाट वैशाख १ गतेबाट अवकाश पाउनेहरू चैत १ गतेदेखि बिदा बस्छन् । निर्णयको कार्यान्वयन चाहिं नयाँ वर्षको सुरुको दिनबाट हुन्छ । तर, दरबारमा के हल्ला भइरहेको थियो भने शान्त जर्साबको अरू दुई वर्ष थप हुँदै छ । त्यसैले हुन सक्छ, बिदा बस्नू भन्ने चिठी दिइए पनि उहाँ नियमित रूपमा कार्यालय आइरहनुभएको थियो । प्रमुख सैनिक सचिवालयको जिम्मेवारी बुझाउने काम पनि गर्नुभएन । यसबाट त्यहाँ कार्यरत कर्मचारीलाई पनि एकदमै असजिलो भइरहेको थियो । अरू त अरू, प्रमुख सैनिक सचिवालयमा आउने चिठीपत्र कसलाई देखाउने हो भन्ने कुरामा समेत द्विविधा थियो । कर्मचारीलाई यस्तो समस्या परेपछि मैले भनेँ, 'शान्त जर्साब आउन्जेल चिठी उहाँलाई दिनू ।' यसै गरी, कुनै कार्यालयमा पठाउने चिठीमा कसले हस्ताक्षर गर्ने भन्ने कुरा आयो । त्यस बेला कर्मचारीले शान्त जर्साबलाई सोध्दा उहाँले भन्नुभएछ, 'विवेक जर्साबलाई नै सही गराउनू ।' तर उहाँ हुँदाहुँदै चिठीमा सही गर्न मलाई पनि अप्ठ्यारो लाग्न थालिसकेको थियो । बिदा बस्नू भनेको मान्छे कार्यालय आइरहँदा स्वाभाविक रूपले अप्ठ्यारो हुने नै भयो । यसैबीच राजदरबार पदाधिकारी कार्यालयले अवकाश पाउने सबैलाई चैत २७ गते बिदाइ कार्यक्रम राखेको पत्र लेख्यो । सायद समारोह सुरु भइसक्दासम्म पनि उहाँलाई आफ्नो पदावधि अरू दुई वर्ष थप हुन्छ भन्ने पूरा विश्वास थियो । उहाँ बिदाइ समारोहमा पनि आउनुभयो ।

चैत २७ गते बिदाइ कार्यक्रम सकिएपछि उहाँले मलाई सैनिक सचिवालयमा जाऔँ भन्नुभयो । उहाँ, म र सैनिक सचिवालयका कर्मचारी कार्यालय गयौँ । उहाँले 'मोबाइल यो हो, यो घर्राको साँचो हो, अर्को यो चाहिं दराजको हो, फाइलहरू यहाँ छन्'

भन्नुभयो । करिब १० मिनेटमा उहाँले मौखिक रूपमा आफ्नो जिम्मेवारी बुझाउनुभयो । कुनै कागजमा दस्तखत गरेर बुझाइएन । कार्यालयको हिसाबकिताबबारे केही उल्लेख गरिएन । कुनै पनि कार्यालयको प्रक्रिया यस्तो हुँदैन । जेजसरी भए पनि मैले औपचारिक रूपमा प्रमुख सैनिक सचिवालयको कार्यभार बुझेँ । मलाई कामु प्रमुख सैनिक सचिव नभनी 'कामु हाकिम, प्रमुख सैनिक सचिवालय' भनेर अनौठो किसिमको चिठी दिइएको थियो । त्यही अनुसार २०५७ वैशाख १ गतेदेखि प्रमुख सैनिक सचिवालयको हाकिम भएर मैले आफ्नो जिम्मेवारी सम्हालेँ ।

नववर्ष शुभारम्भ भएको दिन हरेक वर्षझैँ वैशाख १ गते शाही जङ्गी अड्डामा महाराजाधिराजको सम्मानमा रात्रिभोजको आयोजना गरियो । हामी सबै त्यस समारोहमा गयौँ । धेरैले मलाई बधाई दिए । सैनिक सचिवका रूपमा २०५७ वैशाख ७ गते बुधबार मेरो पहिलो जाहेरी थियो । त्यसै बेला मैले वीरेन्द्र सरकार समक्ष 'सेवकलाई यस्तो महत्त्वपूर्ण जिम्मेवारी बक्सेकोमा आभारी छु, म कुनै पनि काम गर्दा कुनै पनि किसिमले तलमाथि गर्दिनँ, सकेसम्म राम्रो काम गर्छु' भनेर विश्वास दिलाएँ । सरकारबाट 'राम्रोसँग काम गर, देशका समस्या जटिल बन्दै गएका छन्, यस्तो अवस्थामा सबैले टिम वर्कको हिसाबले काम गर्नुपर्छ' हुकुम भयो ।

यसै अवसरमा 'सरकार, म एउटा कुरा बिन्ती गरूँ ?' भनेँ । सरकारबाट 'के कुरा, भन' हुकुम भयो ।

मैले जाहेर गरेँ, 'सरकार, म रूकुममा जन्मेको, त्यहीँ हुर्केको, रूकुमबाटै एसएलसी गरेर राजधानी आएको व्यक्ति हुँ । रूकुमबाट एसएलसी गर्नेमा म पहिलो विद्यार्थी पनि हुँ । म काठमाडौँमा केही वर्ष बसे पनि मेरो यहाँ कुनै जग छैन । त्यो भएर मैले जुन काम गर्छु र जसरी गर्छु, त्यो स्ट्रेट फरवार्ड हुन्छ । सकेसम्म म निष्पक्ष र स्वच्छ भावनाले काम गर्छु । तर कहिलेकाहीं कुनै महत्त्वपूर्ण काम गर्दा या मेरो स्पष्ट कुरा गर्ने बानीले असजिलो पर्न सक्छ । मलाई थाहा छ, धेरै इन्ट्रेस्ट ग्रुप वा विभिन्न व्यक्तिहरूले मलाई प्रयोग गर्न खोज्छन् । तर कुनै पनि इन्ट्रेस्ट ग्रुपका लागि र कुनै व्यक्तिको गलत स्वार्थ पूर्ति गराउने काम मबाट कदापि हुनेछैन । मैले गर्ने सबै काम राजसंस्था, शाही नेपाली सेना र देशको हितमा मात्र निर्देशित हुनेछन् । यसरी काम गर्दा यदाकदा केही न केही असजिलो हुन सक्छ । त्यति बेला म राजदरबारमा रहने या नरहने भन्ने कुरा मैले प्रस्टसँग सरकारमा जाहेर गर्नुपर्ने हुन्छ । त्यस्तो बेला सरकारबाट विचार गरिबक्सनुपर्छ ।'

मेरो कुरा सुनेर सरकार स्तब्ध भइबक्स्यो । यसले के भनेको होला भनेर एक छिन त अकमक्क परिबक्स्यो । तर केही समयपछि सरकारबाट हुकुम भयो, 'विवेक, चिन्ता नगर । त्यही कारणले मैले तिमीलाई सैनिक सचिव बनाएको हो ।'

त्यसपछि म आफ्नो काम गर्न ढुक्क भएँ । राजा वीरेन्द्र सरकारलाई जाहेर गरेकै कुरा मैले ज्ञानेन्द्र सरकारलाई पनि जाहेर गरेको थिएँ ।

अन्तिम पटक राजदरबारको उत्तरढोकाबाट निस्कन लाग्दा मैले यो घटना पनि सम्झेँ । लाग्यो, साढे चार वर्षअघि वीरेन्द्र सरकारसँग जे भनेको थिएँ, आज त्यस्तै

भयो । म सैनिक सचिव भएको नरुचाउनेहरू दरबारमा मात्र नभएर देशभित्र र बाहिरका शक्तिकेन्द्र समेत थिए भन्ने कुरा मैले विभिन्न सन्दर्भमा सुन्दै आएको थिएँ । दरबारको सैनिक सचिवालय आफैंमा प्रभावशाली निकाय भएकाले थुपै शक्तिकेन्द्र त्यहाँ आफू अनुकूलको सैनिक सचिव होस् भन्ने ठान्दथे । म सैनिक सचिव भएको उनीहरूलाई मन नपर्नु अस्वाभाविक थिएन । सरकारको वरिपरि निश्चित स्वार्थ बोकेका थुप्रै मान्छे थिए । सरकारसँगको निकटता देखाएर मलाई यो काम गर, त्यो काम गर भन्नेहरू पनि थिए । तर मैले कहिल्यै नियम विपरीत कुनै पनि काम गरिनँ । यसै कारण म उनीहरूका निम्ति बाधक बनेको थिएँ । उनीहरूले त मलाई सैनिक सचिवै हुन नदिन समेत कोसिस गरेका थिए । स्वर्गीय राजा वीरेन्द्रको 'सेनामा फेयर एन्ड जस्टिस हुनुपर्छ' भन्ने सोच थियो । त्यसैलाई आधार बनाएर मैले काम गरेको थिएँ । त्यसो गर्दा सेनाको उच्च नेतृत्व तहमा पनि असजिलो भएको थियो होला । दरबारको सचिव बैठकमा पनि म स्पष्ट कुराहरू राख्थें, उनीहरूलाई पनि म मन परिरहेको थिइनँ कि ! यसबाहेक स्वदेश तथा विदेशका विभिन्न शक्तिकेन्द्रबाट पनि मेरा विरूद्ध सरकारमा दबाव परिरहेको हुन सक्थ्यो ।

यही सिलसिलामा एउटा प्रसङ्ग उल्लेख गरुँ । संयुक्त राष्ट्रसङ्घको शान्ति स्थापना मिसन कोसोभो गएका नेपाल प्रहरीका एक अधिकृतले मलाई त्यहाँबाट फर्किएर आएपछि सुनाएका थिए, 'कोसोभो मिसनमा मैले काम गर्ने सेक्टरका प्रमुख भारतीय सिनियर आईपीएस अधिकृत थिए । एक दिन कुराकानीकै क्रममा उनले भने, 'देखो हम नेपाल में जो चाहते हैं, वही होता है । दरबार में एक सैनिक सचिवको मालुम हो गया है कि भारत नेपाल के माओवादीओं को तालिम दे रहा है । भारत को लगा कि इससे उसको इसमें इम्ब्यारेसमेन्ट हो सकता है, इसलिए सैनिक सचिव को वहाँ से हटाना जरूरी है । हमारे भी दरबार में एडीसी हैं, और लोग भी हैं । और नेपाल के प्रधानमन्त्री सूर्यबहादुर थापा तो हमारे ही आदमी हैं । उनको भी सैनिक सचिव को हटाने के लिए प्रस्ताव भेज दिया । हमने उनको परिचालन किया और महाराज से कहकर सैनिक सचिव हटवाने को कहा । और महाराज ने भी उसको हटा दिया ।'

उसको कुरा सुनेर नेपाल प्रहरीका ती अधिकृतलाई एकदमै अचम्म लागेको रहेछ । त्यसैले नेपाल फर्कनेबित्तिकै उनले मलाई भेटेर यो कुरा सुनाए । यसबाट म के निष्कर्षमा पुगेको छु भने अकस्मात् मेरो राजीनामा माग्नुको पछाडि डीआईजी सरुवा मात्रै कारण होइन । मलाई दरबारबाट हटाउन देशी मात्र नभएर विदेशी शक्तिकेन्द्र नै लागेको प्रस्ट हुन्छ ।

मेरो राजीनामाका विषयमा अर्को पनि अडकल छ । महाराजाधिराजको असोज १८ गतेको कदमपछि म नेपालको वर्तमान राजनीतिक समीकरण अनुसार नेकपा (एमाले) लाई सत्तामा ल्याउनुपर्छ भन्ने पक्षमा थिएँ । भनिन्छ, सर्पको खुट्टा सर्पले मात्र देख्छ । त्यसैले माओवादीलाई राजनीतिको मूल बाटामा ल्याएर समस्या समाधान गर्न एमालेको सरकार सक्षम हुन सक्छ । यसका निम्ति सरकारबाट एमाले महासचिव माधवकुमार नेपाललाई प्रधानमन्त्रीको जिम्मेवारी बक्सनुपर्छ भन्ने मेरो सुझाव थियो । सरकारबाट

मेरो सुझाव नरुच्याएर पो राजीनामा मागिबक्सेको हो कि भन्ने कताकता लाग्छ । तर यो बलियो आधार हो भन्ने मलाई लाग्दैन ।

महाराजाधिराजसँग राजनीतिक विषयमा मेरो प्रशस्त छलफल हुन्थ्यो । मैले नेपाल अधिराज्यको संविधान २०४७ को अक्षरशः पालना गर्दै अघि बढ्दा नै राजदरबारलाई फाइदा हुन्छ भनेर सल्लाह दिने गरेको थिएँ । विभिन्न राजनीतिक पार्टीका नेतासँग पनि मेरो भेट भइरहन्थ्यो । कैयौँ पटक सरकारले अह्राइबक्सेर नेताहरूलाई भेट गर्थें भने कुनै बेला व्यक्तिगत सम्बन्धका आधारमा पनि । भेटमा भएका सबै कुरा सरकारमा खुलस्त जाहेर गर्थें । मैले सरकारसँग निकट भएर काम गरेँ । खास गरी राजा वीरेन्द्रसँग त अन्तिम समयसम्म विशेष निकट रहेँ । नेपालको राजनीतिक, आर्थिक, सामाजिक परिस्थिति, राष्ट्रिय सुरक्षा, अन्तर्राष्ट्रिय परिस्थिति आदि तमाम विषयमा मौसुफसँग खुलेरै छलफल हुन्थ्यो । पदीय दृष्टिले सरकारको सहयोगी जस्तो देखिए पनि काम गर्ने क्रममा सैनिक सचिव एक हिसाबले सरकारको महत्त्वपूर्ण सुरक्षा सल्लाहकार पनि हुन्थ्यो । कतिपय कुरामा तत्काल निर्णय लिनुपर्दा या कुनै पनि विषयमा राय व्यक्त गर्नुपर्दा सरकारबाट सल्लाह लिने पहिलो व्यक्ति दरबारको सचिव नै हुन्थ्यो । यस क्रममा सरकारको विश्वासबाट मैले आफ्नो जिम्मेवारी, योग्यता र क्षमताले भ्याएसम्म पूर्ण इमानदारीका साथ सधैँ पूरा काम गरिरहेँ, चाहे एडीसी हुँदा होस् या चाहे सैनिक सचिवका रूपमा होस् ।

❖❖❖

# राजदरबार हत्याकाण्ड

२०५८ जेठ १९ गते शुक्रबार । त्यो भयानक रात, बीभत्स रात, संसारलाई नै स्तब्ध पार्ने रात । नेपालको इतिहासमा कहिल्यै नमेटिने दुःखान्त घटना घटेको त्यो रात । त्यो अकल्पनीय राजदरबार हत्याकाण्ड, जसलाई सम्झँदा पनि आङ नै जिरिङ्ङ हुन्छ । एउटा कालो रातकै रूपमा मैले हेर्ने गरेको छु त्यो शुक्रबारको रातलाई ।

शुक्रबार अपराह्न करिब ५ बजेको कुरा हो । वीरेन्द्र सरकार रारा महोत्सव समुद्घाटनका लागि पाँच दिनपछि रारा सवारी होइबक्सँदै थियो । म सैनिक सचिवालयमा बसेर सरकारको सवारीका लागि सुरक्षा व्यवस्थापन सम्बन्धी विस्तृत योजना बनाइरहेको थिएँ । कार्यालय समय सकिनै लाग्दा अचानक सरकारको फोन आयो । सरकारबाट हुकुम भयो, 'विवेक, सुन्दर (सरकारका शाही पार्श्ववर्ती, महासेनानी सुन्दरप्रताप राना) सँग समन्वय गरेर विस्तृत कार्यक्रम तयार पार । ४ नम्बर वाहिनी, सुर्खेतमा बस्ने सोचाइ बनाएको छु । अन्य सुरक्षा व्यवस्थाका लागि समेत सेनासँग समन्वय गर ।'

मैले सरकारमा जाहेर गरेँ, 'प्रधान सेनापतिसँग छलफल गरेर ४ नम्बर वाहिनी, सुर्खेतमा सरकारको बसोबासको व्यवस्था गर्न लगाउँछु । तर हिमाली भेगको वातावरण तुरुन्तै परिवर्तन हुन सक्ने भएकाले रारामै पनि सरकार राज हुनुपर्ने अवस्था आउन सक्छ । त्यसैले रारास्थित सेनाको गुल्ममा पनि आपत्कालीन बसोबासको लागि व्यवस्था गर्न लगाउँछु ।'

सरकारबाट हुकुम भयो, 'ठीक छ । त्यसै अनुसार गर । अहिले राराको तापक्रम कति छ ? वातावरण के कस्तो छ ? त्यसबारे पनि एडीसीलाई जानकारी गराइराख ।'

वीरेन्द्र सरकारसँग भएको यो नै मेरो आखिरी संवाद हो ।

सरकार त्यस दिन चियाका लागि बडागुरुज्यू नयनराज पाण्डेको डिल्लीबजारस्थित निवासमा अपराह्न सवारी होइबक्सेको थियो । त्यहाँबाट फर्केपछि मलाई फोन गरिबक्सेको हो । त्यस अवसरमा सरकार रारा सवारी भएका बेला मलाई काठमाडौँमा केही विशेष काम गर्न निर्देशन बक्सेको थियो । फोनमा कुरा हुँदा सरकारको स्वर अरू बेलाको जस्तो नभएर अलि मलिन भए जस्तो मलाई लाग्यो । मैले सरकारलाई केही पऱ्यो होला भन्ने सोचेँ ।

अब सरकारको अन्तिम दर्शनभेटबारे चर्चा गरौं ।

सरकारको दर्शनभेट र दैनिक कार्यतालिका सबै एडीसी अफिसले मिलाउँथ्यो । त्यसका लागि विभिन्न सचिवालयबाट कार्यक्रम पठाइएका हुन्थे । सुरक्षा निकायसँग सम्बन्धित व्यक्तिको दर्शनभेट र जाहेरीका लागि मैले कार्यक्रम पठाउनुपर्थ्यो । मसँग पनि सम्पर्कका हिसाबले विभिन्न व्यक्तिबाट दर्शनभेटका लागि समय मिलाइदिन अनुरोध आइरहेको हुन्थ्यो । मैले त्यो सबै कुरा भनेर एडीसी मार्फत नै समय मिलाउने हो । कुनै अति नै गोप्य विषय या भेटघाट छ भने जाहेरीका बेला अथवा सरकारबाट मलाई दर्शनभेट बक्सेका बेला मैले नै सरकारलाई जाहेर गरेर समय मिलाउने हो ।

सैनिक सचिवका रूपमा साधारणतया बुधबार मेरो जाहेरी पर्थ्यो । सबै सचिवका लागि छुट्टाछुट्टै समय मिलाइएको हुन्थ्यो । तर आवश्यक पर्दा अरू दिन पनि दर्शनभेट हुन सक्थ्यो । सैनिक सचिव महाराजाधिराजको सुरक्षा सल्लाहकार पनि हो । सैनिक सचिवका हिसाबले विभिन्न सुरक्षा निकायसँग मेरो सम्पर्क भइरहेको हुन्थ्यो । त्यसले गर्दा मेरो जहिले पनि सरकारसँग दर्शनभेट हुन सक्थ्यो । सामान्यतः बिहीबार प्रधानमन्त्रीको जाहेरीको दिन हुन्थ्यो । गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुनुहुन्थ्यो । उहाँको जेठ १८ गते बिहीबार जाहेरी थिएन । सायद उहाँको अन्तै काम थियो होला । त्यसैले त्यो दिनको खाली समयमा सशस्त्र प्रहरी बलका संस्थापक महानिरीक्षक कृष्णमोहन श्रेष्ठको जाहेरीका लागि समय मिलाइएको थियो । उहाँ मेरो पुरानो असल साथी । तर साथीको नाताभन्दा पनि उहाँ एउटा सुरक्षा निकायको प्रमुख र म सरकारको सैनिक सचिव । सशस्त्र प्रहरी भर्खरै स्थापना भएको थियो । त्यसको प्रगतिबारे सरकारलाई जाहेरी गर्ने कार्यक्रम थियो । सरकारबाट पनि केही निर्देशन दिनु थियो सशस्त्रका लागि ।

कृष्णमोहन आईजीपीसाबको जाहेरीपछि मैले 'भोलि शुक्रबार सरकारको खासै कार्यक्रम छैन, संवाद सचिवको जाहेरी छ, सरकारको रारा महोत्सवमा सवारी विषयमा मैले सुन्दरसँग समन्वय गरिरहेको छु' भन्ने कुरा जाहेर गरेँ र करिब सात मिनेटपछि म पनि निस्किएँ । वीरेन्द्र सरकारसँग मेरो अन्तिम दर्शनभेट त्यही थियो । त्यो अन्तिम दर्शनभेट र अन्तिम कुराकानी झलझली सम्झन्छु । गला अवरूद्ध हुन्छ । धडकन रोकिएझैं लाग्छ । अफसोस, हामीले वीरेन्द्र सरकार जस्तो राजा असमयमै गुमायौं ।

दीपेन्द्र सरकारसँग चाहिं जेठ १९ को दुई दिनअघि मात्र मेरो भेट भएको थियो । किनभने, युवराजाधिराजलाई काम परे मात्र दर्शनभेट गर्ने हो । त्यो अन्तिम भेटमा सरकार त्यति कुरा गर्ने मुडमा होइबक्सन्नथ्यो । विवाहकै प्रसङ्गमा मात्र कुरा भएको थियो । सरकारको त्यति बेला बाहिर देखिने एउटा 'पर्सनालिटी' र राजदरबारभित्र अर्को छुट्टै 'पर्सनालिटी' विकसित भइरहेको थियो । एडीसीबाट युवराजाधिराजमा केही दिनदेखि गम्भीर स्वभाव विकसित भइरहेको समेत बुझेको थिएँ । जेठ १९ को दिन दीपेन्द्र सरकारको राष्ट्रिय खेलकुद परिषद् र सातदोबाटोस्थित अन्तर्राष्ट्रिय पौडी पोखरी सवारी हुने कार्यक्रम थियो । सरकारको त्यो दिन बिहानैदेखि मुड ठीक थिएन ।

## जेठ १९ : एउटा भयानक रात

त्यो शुक्रबार म दिनभर अफिसको काममै थिएँ । सबै काम सकेर साँझ ६ बजे बाहिर निस्कने बेला सरकारको एडीसी अफिसमा फोन गरेँ । एडीसी सुन्दरप्रताप रानासँग कुरा भयो । 'आज अरू केही काम छ कि ?' भनेर सोधेँ । जेठ २४ गते हुन लागेको सरकारको रारा सवारीको तयारीबारे हामीबीच केही बेर कुरा भयो । मैले 'अघि सरकारबाट रारा भ्रमणको तयारी र व्यवस्थापनबारे हुकुम भएको छ, त्यो सवारी वाहेक अरू केही कुरा छ ?' भनेर मैले सोधेँ । सुन्दर कर्साबले 'आज खासै अरू केही छैन, सरकारको दर्शनभेट छ, संवाद सचिवले दर्शनभेट गराउँदै हुनुहुन्छ' भन्नुभयो ।

शुक्रबार बिहान संवाद सचिव मोहनबहादुर पाण्डेको जाहेरी थियो । उहाँको सचिवालय सम्बन्धी काम सैनिक सचिवालयलाई त्यति धेरै थाहा या चासो हुँदैन पनि । आ-आफ्नो काम गर्ने हो । त्यो साँझ उहाँले *स्पटलाइट* म्यागजिनका सम्पादक माधवकुमार रिमाललाई वीरेन्द्र सरकारसँग दर्शनभेटको समय मिलाउनुभएको थियो । सायद त्यो साँझ उहाँका लागि मात्र दर्शनभेटको कार्यक्रम निर्धारण भएको थियो । अपराह्न चियाका लागि डिल्लीबजारस्थित बडागुरूज्यू नयनराज पाण्डेको घर सवारी भएर सरकारहरू करिब ४५ मिनेट राज भएको थियो । त्यहाँ युवराजाधिराजको पनि सवारी भएको थियो । मैले पछि सुने अनुसार युवराजाधिराज त्यहाँ एक शब्द पनि बोलिबक्सेन । साँझ संवाद सचिवालयका तर्फबाट दर्शनभेट मिलाइएको हुनाले संवाद सचिव मात्र बस्ने, अरू सबै सचिवहरू जाने भन्ने उर्दी थियो । ६ बजे अफिसको सबै काम सकेर म बाहिर निस्कँ । शाही रक्षक वाहिनीमा हाम्रो 'ड्रेस चेन्ज' रूम थियो । त्यहीं गएर ड्रेस चेन्ज गरेँ । त्यही बेला मैले डा. दुमन थापालाई फोन गरेँ । उहाँ मेरा साथी । हामी दुवैलाई एक जना साथीले खाना खान बोलाएको थियो, नयाँबजारमा । डा. दुमन र म भेटियौँ । ठमेलमा अर्को साथी गणेश पाण्डेलाई लिएर नयाँबजारस्थित साथीको घर गयौँ । हामी त्यहाँ पुग्दा करिब साढे ७ बजेको थियो । हामी ड्रिङ्क्स गरिरहेका थियौँ । त्यस्तै ९ बजेर १५/१६ मिनेट गएको थियो, मेरो मोबाइल बज्यो । घरबाट गीता (श्रीमती) ले फोन गरेकी रहिछन् । निकै आत्तिएको स्वरमा उनले सोधिन्, 'तिमी कहाँ हो ? महेन्द्र मन्जिल एडीसी अफिसबाट फोन आएको थियो ।'

मलाई अचम्म लाग्यो । महेन्द्र मन्जिल एडीसी अफिसबाट मलाई किन फोन आयो ? मलाई त श्री सदन एडीसी अफिसले खोज्नुपर्ने हो । महेन्द्र मन्जिल मुमा बडामहारानी रत्नको निवास हो भने श्री सदन महाराजाधिराजको । मैले तुरून्तै महेन्द्र मन्जिल एडीसी अफिसमा फोन गरेँ । 'त्यहाँबाट मलाई फोन गरेको हो ?' भनेर सोधेँ । 'होइन' भन्ने जवाफ आयो । ड्युटीमा एक जना लप्टन थिए । उनले 'उता त्रिभुवन सदनतिर फायरिङको आवाज आएको थियो, त्यताबाट फोन आएको हो कि ?' भने । यो कुरा करिब ९ बजेर २० मिनेटतिरको हो । फायरिङको आवाज भन्ने कुराले मेरो मनमा एकै पटक अनेकौं तरङ्गहरू जन्मायो । मैले तुरून्तै अन्नपूर्ण एडीसी अफिसमा फोन गरेँ । त्यहाँ फोन उठेन । त्यसपछि मलाई 'समथिङ इज रङ' भन्ने लाग्यो । तुरून्तै म

सबै कार्यक्रम छोडेर 'राजदरबार जान्छु' भनेर निस्किएँ । दुमन, गणेशजी र म बाटोमा आइरहेका थियौँ, एकदमै हताश र आत्तिएको स्वरमा शाही रक्षक सैनिक प्रहरीका प्रमुख महासेनानी केशव महतको फोन आयो, 'सर, भयङ्कर समस्या आइपऱ्यो, तपाईं तुरुन्तै सैनिक अस्पताल आउनुपऱ्यो ।'

त्यति बेला हामी सोह्रखुट्टे आइसकेका थियौँ । त्यहींबाट हामी तुरुन्तै गाडी मोडेर वीरेन्द्र सैनिक अस्पतालतिर लाग्यौँ । त्यसलगत्तै समारोह प्रबन्धक कार्यालयका प्रमुख चिरनशमशेर थापाको फोन आयो । उहाँको स्वर पनि निकै आत्तिएको र हताश थियो । 'जर्साब, मलाई सैनिक प्रहरीबाट आत्तिएको स्वरमा फोन आयो । दरबारमा के भयो ? मैले केही बुझ्न सकिनँ । सायद तपाईंलाई आउनुपर्ने फोन मलाई पो आएको हो कि ?' भन्नुभयो । मैले 'सर, मलाई तुरुन्तै वीरेन्द्र अस्पताल आउनू भन्ने खबर आएको छ' भनेर फोन राखिदिएँ । डा. दुमनले मलाई सैनिक अस्पतालमा छोडि दिनुभयो र उहाँहरू फर्कनुभयो ।

९ बजेर ३५/३६ मिनेटजति भएको थियो म सैनिक अस्पताल पुग्दा । अलिअलि भीड जम्मा भइसकेको रहेछ । प्रधान सेनापति प्रज्वल्लशमशेर जबरा पनि आइसक्नुभएको रहेछ । त्यस बेलासम्म मलाई के भएको हो भन्नेबारे केही थाहा थिएन । तर सबै जना मलाई नै 'के भो ?' भनेर सोध्दै थिए । महासेनानी सुन्दरप्रताप राना त्यति बेला ड्युटीमा प्रमुख एडीसी हुनुहुन्थ्यो । म भित्र पस्दै थिएँ, उहाँसँग जम्काभेट भयो । त्यहीं टीका धमला जर्साबसँग पनि भेट भयो । उहाँहरू दुवैले 'सर, खत्तम भयो, खत्तम भयो' मात्र भन्नुभयो । टीका जर्साबले नै मलाई लिएर जानुभयो ट्रमा सेन्टरमा । त्यहाँ कल्पनै नगरेको कारुणिक दृश्य देख्नुपऱ्यो । सहनै नसकिने, मुटु थाम्नै नसकिने दृश्य । जता हेऱ्यो, उतै क्षत-विक्षत र रक्ताम्मे शरीरहरू मात्र ढलेका थिए । वीरेन्द्र सरकार, बडामहारानीको क्षत-विक्षत शरीर । सपना जस्तो लागिरहेको थियो । वीरेन्द्र सरकारलाई बचाउन सकिन्छ कि भनेर धेरै नै कोसिस भइरहेको थियो । तर मौसुफमा कहींकतै होस थिएन । मैले पनि मौसुफको नाडी छामेँ । शरीरमा अलिअलि मात्र तातो बाँकी थियो । सायद सरकार महाप्रस्थानमा लागिसकिबक्सेको थियो । यसअघि नै बडामहारानीको स्वर्ग भइसकेको रहेछ । सबै डाक्टर हताशामै थिए । छेउमै मुमा बडामहारानी सरकार होइबक्सँदो रहेछ । सरकार स्तब्ध होइबक्सन्थ्यो । मैले अभिवादन गरेँ ।

त्यसपछि मैले सुन्दर कर्साबसँग कुरा गरेँ । उहाँले घटनाको बेलीविस्तार लगाउनुभयो, 'वीरेन्द्र सरकार दर्शनभेटको कार्यक्रम सकेर आफ्नो कार्यालयबाट त्रिभुवन सदन सवारी होइबक्स्यो । सरकार रात्रिभोजका लागि त्रिभुवन सदनभित्र सवारी होइबक्सेपछि हामी एडीसी रुममा थियौँ । भित्र पार्टी भइरहेको थियो । सरकारहरू सबै सवारी होइबक्सेको थियो । राजपरिवारका सदस्यको मात्र जमघट भएकाले सदाझैं हामीले त्यति धेरै चनाखो हुनुपर्ने अवस्था थिएन । त्यसैले हामीले त्यति धेरै चासो दिएनौँ । शान्त थियो वातावरण । कहींकतै पनि यस्तो होला भन्ने कल्पनै गरिएन । अचानक सुटिङको आवाज सुनिन थाल्यो । युवराजाधिराजबाट सुट भएछ । हामी ढोका फोरेर भित्र छिऱ्यौँ । भित्र

छिर्दा त सबै जना भुइँमा ढलेको दृश्य मात्र देखियो । वीरेन्द्र सरकार पनि रक्ताम्मे अवस्थामा भुइँमा ढलिबक्सेको थियो । तत्काल हामीले स्थितिलाई नियन्त्रण गर्ने कोसिस त गर्‍यौँ, तर नहुनु भइसकेको थियो । गोली लागेका सबैलाई कहाँ लैजाने लैजाने भयो । हामीले सैनिक अस्पतालमै उपयुक्त हुन्छ भनेर यहाँ ल्यायौँ । त्यस्तो बेला कोही–कसैसँग सल्लाह गर्ने कुरा पनि भएन । त्यो अवस्थामा तत्काल जे मनमा आयो, हतार–हतारमा हामीले त्यही गर्‍यौँ । जर्साब, अब के गर्ने ?' मैले सबैभन्दा पहिले पाएको जानकारी यही थियो । कस्तो पत्याउनै गाह्रो !

घटनास्थलमा रहेका सुन्दर कर्साबसहित अन्य एडीसी र प्रत्यक्षदर्शीले दिएको जानकारी अनुसार वीरेन्द्र सरकार रात्रिभोजमा सवारी हुनासाथ युवराजाधिराज रक्सी लागेको बहाना पार्दै भुइँमा ढलिबक्सेछ । त्यहाँ उपस्थित सबैलाई युवराजाधिराज नशाले ढलेको भान भयो । युवराजाधिराज ढलेपछि सरकारलाई अधिराजकुमार नीराजन, शाहज्यादा पारस, कुमार गोरख र डा. राजीव शाहीद्वारा त्रिभुवन सदनभित्रकै खोपीमा लगिएछ । त्यही बेला दीपेन्द्र सरकारको कम्मरमा रहेको पेस्तोल फिक्न खोजियो । नशाले अचेत भए पनि युवराजाधिराजले उक्त पेस्तोल फिक्न दिइबक्सेनछ । युवराजाधिराजलाई खोपीमा सुताएर चारै जना पार्टी स्थल फर्कनुभयो । खोपीमा युवराजाधिराजसँग भएका हतियार सधैं क्याबिनेटमा हुन्थे । तर त्यो दिन बाहिरै थिए रे । महाराजाधिराज पार्टी स्थलमा सवारी भएपछि पार्टी चलिरह्यो । पार्टी स्थलमा सवारी होइबक्सेर सबैभन्दा पहिले वीरेन्द्र सरकारले मुमा बडामहारानीसँग कुरा गरिबक्सेको रहेछ । त्यसपछि सरकार बिलियार्ड रूममा सवारी होइबक्सेछ । शाही रनर र नानी (द्वारे जमुना) का अनुसार अधिराजकुमार नीराजनसहित शाही नातेदारहरू खोपीबाट फर्केपछि दीपेन्द्र सरकारले कम्ब्याट ड्रेस लगाइबक्सेछ । *र्‍याम्बो* र *टर्मिनेटर* सिनेमाका नायकले बोकेको जस्तो गरी युवराजाधिराज दीपेन्द्रले चार वटा बन्दुक (एमपी–५ सब मेसिनगन, एम–१६ एटु कमान्डो राइफल, अटोमेटिक १२ बोर गन र पेस्तोल) भिरिबक्सेछ । यसपछि पार्टी भइरहेको बिलियार्ड बैठकमा सवारी भएर सर्वप्रथम एक राउन्ड सिलिङमा फायर गरेर सबैको ध्यान आकर्षण गरिबक्सेछ । त्यसपछि बिलियार्ड टेबलअगाडि राज होइबक्सेका आफ्ना बुबा महाराजाधिराजलाई पहिलो राउन्ड गोली हानिबक्सेछ । गोली लागेर भुइँमा ढलेपछि वीरेन्द्र सरकारबाट आफ्नो साथमा रहेको पेस्तोल फिक्न खोजिबक्सेको रहेछ । यसै क्रममा धीरेन्द्र शाहले दीपेन्द्रको बन्दुक खोस्न खोज्दा दीपेन्द्र सरकारबाट वीरेन्द्र सरकारलाई पुनः र अन्य सहभागीलाई पनि एमपी–५ सब मेसिनगनबाट अटोमेटिक फायर गरेर निसाना साधिबक्सेछ । यसपछि त्यहाँ कोलाहलको अवस्था सिर्जना भएछ । त्यहाँ जोजो उठे, सबै युवराजाधिराजको बन्दुकको गोलीको निसाना बनेछन् । त्यहाँबाट युवराजाधिराज बगैँचातिर सवारी भएछ । रात्रिभोजमा सहभागी प्रत्यक्षदर्शीका अनुसार त्यसै अवस्थामा गाली गर्दै बडामहारानीबाट युवराजाधिराजलाई पछ्याइबक्सेको रहेछ । त्यति बेला युवराजाधिराजले बडामहारानीलाई अगाडि नबढ्न चेतावनी समेत दिइबक्सेको रहेछ । तर बडामहारानीले पूरै आक्रोशमा आएर युवराजाधिराजको हतियार खोसेर दीपेन्द्र

सरकारलाई नै गोली हान्न खोजिबक्सेको रहेछ । सुत्ने कोठा (खोपी) सम्म पुग्न लाग्दा पनि बडामहारानीले पछ्याइरहेपछि युवराजाधिराजले आफ्नो खोपीबाहिर रहेको भऱ्याङको शिरबाट, बडामहारानी भऱ्याङमा उक्लँदै गर्दा एमपी-५ सब मेसिनगनबाट अटोमेटिक बर्स्ट फायर गरिबक्सेछ । आधा टाउको गोलीले उडाएपछि बडामहारानी भऱ्याङबाट भुइँमा लडिबक्सेछ । यही समय नीराजन सरकार बडामहारानीलाई पछ्याउँदै बङ्गलानजिक पुगिबक्सेको रहेछ । त्यही बेला युवराजाधिराजको आखिरी निसानामा नीराजन सरकार समेत परिबक्सेछ ।

यस बेलासम्म दीपेन्द्र सरकारको हातमा रहेको एमपी-५ सब मेसिनगनको म्यागजिनमा गोली सकिएको थियो । साथै एम-१६ एटु कमान्डो राइफलको पनि म्यागजिनमा गोली समाप्त भएको थियो । त्यसपछि युवराजाधिराजमा 'सिक्थ सेन्स' आएको हुनुपर्छ । साधारणतया यस किसिमका हत्याराहरू अरू सबै सकिएपछि अन्त्यमा आफैँले आफैँलाई सुट गर्ने मनोवैज्ञानिक स्थितिमा पुगेका हुन्छन् । अब सबै समाप्त भयो, मेरो पनि बाँच्ने केही आधार छैन भन्ने विचार गरेर होला, युवराजाधिराजले आफ्नो बायाँतर्फ वेप बेल्टमा रहेको पेस्तोल निकाली बायाँ हातले बायाँ कन्चटमा एक गोली हिर्काएर आफू त्यसैबाट ढलेको देखिन्छ । मौसुफको दाहिने हातमा एमपी-५ बन्दुक थियो, गोली सकिएको अवस्थामा । उद्धारका क्रममा दीपेन्द्र सरकारको बायाँ हातमा रहेको पेस्तोल छेउकै पोखरीमा खसेको थियो । अन्य हतियारहरू सुरक्षाकर्मीले सरकारको शरीरबाट निकालेर यत्रतत्र फालिएको अवस्थामा थिए । यस्तो अवस्था भएपछि ड्युटीमा रहेका एडीसी र अन्य सुरक्षाकर्मी मिलेर सबै घाइतेहरूलाई उठाउँदै वीरेन्द्र सैनिक अस्पताल लगेका रहेछन् । त्यस क्रममा सबैभन्दा अन्त्यमा बडामहारानीलाई फेला पारिएको रहेछ ।

युवराजाधिराज दीपेन्द्र, अधिराजकुमारी कोमल र धीरेन्द्र शाहलाई अपरेसन थिएटरमा राखिएको थियो । त्यो सबै दृश्य देखेपछि अब के गर्ने होला भनेर मेरो मनमा अनेक कुरा आउन थाले । मैले सोचेँ, अब आत्तिएर हुन्न । त्यसपछि डाक्टरहरूसँग कुरा गरेँ । बाहिरबाट डाक्टर झिकाउन पहल भइरहेको थियो । मैले पनि चाँडो गर्न सुझाव दिएँ । डा. गोविन्द शर्मा, डा. उपेन्द्र देवकोटा र डा. भगवान कोइरालालाई बोलाउने कोसिस भइरहेको रहेछ । कोही आइसक्नुभएको थियो । डा. राजीव शाहीले विभिन्न डाक्टरलाई सैनिक अस्पतालमा आउन अनुरोध गरिरहनुभएको थियो । उहाँ पनि घटनाको प्रत्यक्षदर्शी हुनुहुन्थ्यो । मैले बाहिर आएर प्रधान सेनापतिसँग कुरा गरेँ, 'अब के गर्ने' भनेर । हामी दुईले सल्लाह गऱ्यौँ, सेनालाई स्ट्यान्डबाई ड्युटीमा राख्ने । सशस्त्र प्रहरी र प्रहरीलाई समेत आ-आफ्नो ड्युटीमा स्ट्यान्डबाई राख्ने कुरा तय भयो । शाही जङ्गी अड्डास्थित सैनिक अपरेसन (डीएमओ) खोल्नुपर्छ भन्ने सल्लाह भयो । त्यस अनुसार चिफसाबले त्यहींबाट डीएमओ सहायक रथी प्रदीपप्रताप बम मल्ल र युद्धकार्य महाशाखा प्रमुख महासेनानी दिलीप रायमाझीलाई खबर गर्नुभयो । सबैलाई आफ्नो जिम्मेवारीमा तैनाथ रहन आदेश गऱ्यौँ ।

यही बेला दीपेन्द्र सरकारका एडीसी राजु कार्कीले पोखरामा अधिराजकुमार ज्ञानेन्द्र सरकारसँग सम्पर्क गरिरहनुभएको थियो । मोबाइलमा उहाँले नै सरकारलाई घटनाबारे पहिलो जाहेरी गर्नुभएको थियो । सरकारको काठमाडौं सवारीका लागि हेलिकप्टर पठाउने तयारी गरियो । काठमाडौं एयरपोर्ट र पोखरा एयरपोर्टमा सेना परिचालन गरियो, रात्रि हवाई अवतरणका लागि । मेरो मनमा भने विभिन्न शङ्का-उपशङ्काका साथै कसरी समस्यासँग जुध्ने भनेर अनेक तरङ्ग उब्जिरहेका थिए । सबै जना धेरै आत्तिएर दौडधूप गरिरहेको देखिरहेको थिएँ । तर त्यसले मात्र समस्याको समाधान नहुने थियो । अब समस्यालाई कसरी पार लगाउने भनेर एकदमै सोचेँ । तर केही उपाय पनि देखिरहेको थिइनँ । त्यस बेला मेरो मनले के भन्यो भने- यहाँ यताउता गरेर मात्र हुँदैन, एउटा निश्चित योजनाका साथ अघि बढ्यो भने मात्र समस्याबाट मुक्ति पाउन सकिन्छ । यसैबीच सरकारहरूको हत्या भएको समाचार हावासरि फैलिन थाल्यो । मलाई चिन्ने विभिन्न साथीभाइ, नाता-सम्बन्ध सबैतिरबाट फोन आउन थाल्यो ।

क्षणक्षणमा म प्रधान सेनापतिसँग छलफल गरिरहेको थिएँ । यसैबीच मैले वरिष्ठ जर्साबहरू, गृहसचिव, दुवै प्रहरी महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका प्रमुखलाई फोन गरेँ । सबैलाई एउटै कुरा भनेँ, 'दरबारमा ज्यादै संवेदनशील घटना घटेको छ । तपाईंहरू सबै आ-आफ्नो कार्यालयमा स्ट्यान्डबाई ड्युटीमा बस्नुहोला । आफू अन्तर्गतका सबै युनिटलाई समेत स्ट्यान्डबाई राख्नुहोला ।' सेनाको बलाध्यक्ष रथी दुर्गानाथ अर्याल र बलाधिकृत रथी प्यारजङ्ग थापा हुनुहुन्थ्यो । त्यही बेला बलाधिकृत थापाको फोन आयो । उहाँलाई पनि मैले त्यही भनेँ ।

राजदरबारको एडीसी अफिसमा फोन गरेर मैले सबै सचिवलाई तुरुन्त बोलाएर सचिवालयहरू खोल्न अह्राएँ । मङ्गल सदन खोल्न भनेँ । मेरो सचिवालयमा कार्यरत प्रमुख सेनानी कुमार बुढाथोकीलाई फोन गरेर कार्यालय खोलेर बस्न भनेँ । साढे १० जति बज्दा हेलिकप्टर उडेको आवाज सुनियो । त्यो हेलिकप्टर पोखराका लागि उडेको थियो । तर केही बेरमै खराब मौसमका कारण पोखरा जान नसकेको खबर आयो । हामीलाई राति एम्रो उड्न सक्छ भन्ने होस भएन । हामी खालि हेलिकप्टरको पछि लाग्यौं ।

त्यसपछि म दरबार गएँ । सिभिल लुगामा भएकाले अफिस पुगेर युनिफर्म लगाएँ । त्यतिन्जेल प्रमुख सचिव पशुपतिभक्त महर्जन, प्रमुख निजी सचिव सुदनप्रसाद पोखरेल, सचिव सागरप्रसाद तिमिल्सिना, संवाद सचिव मोहनबहादुर पाण्डे, प्रमुख राजदरबार पदाधिकारी शारदाप्रसाद प्रधान आइसक्नुभएको थियो । हामी महाराजाधिराज सरकारको कार्यालय मङ्गल सदनको मिटिङ हलमा जम्मा भयौं । मैले सबै सचिवलाई त्यति बेलासम्म थाहा पाएको सबै वृत्तान्त जानकारी गराएँ । मेरो ख्यालमा त्यो बेलासम्म उहाँहरूलाई खासै जानकारी थिएन । एकदमै चाँडो-चाँडो हामीले के गर्ने भनेर निधो गर्नुपर्ने थियो । मैले नै प्रधानमन्त्रीलाई खबर गरेर यहाँ बोलाऔं कि बालुवाटार नै जाऔं भनेर कुरा राखेँ । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई पशुपतिभक्त महर्जनले फोन

गरेर 'एकदमै जरूरी भएकाले म भेट्न आउँछु' भन्नुभयो । उहाँले बोलाएपछि प्रमुख सचिव प्रधानमन्त्री निवास, बालुवाटार जानुभयो । प्रधानमन्त्रीलाई यो कुराको अनौपचारिक जानकारी चाहिं भइसकेको रहेछ । प्रधानमन्त्री र प्रमुख सचिव केही बेरमै राजदरबार आइपुग्नुभयो । साढे ११ बजिसकेको थियो । मैले नै प्रधानमन्त्रीलाई अहिलेसम्मका सबै घटना जानकारी गराएँ । प्रधानमन्त्री र हामी सचिवहरूले मङ्गल सदनमै छोटो छलफल गऱ्यौं । प्रधानमन्त्रीले 'यस्तो आपत्मा के गर्ने तपाईंहरू योजना बनाउनुस्, त्यस अनुसार श्री ५ को सरकारले आवश्यक सबै व्यवस्था मिलाउनेछ, बरु हामी सैनिक अस्पताल जाऔं, त्यहीं बसेर सबै विषयमा छलफल गरौंला' भन्नुभयो । उहाँको भनाइमा हामी सहमत भयौं र सबै जना अस्पताल पुग्यौं । त्यहाँको कारुणिक दृश्य देखेर प्रधानमन्त्री निकै भावविह्वल हुनुभयो । एक छिन त केही बोल्नै सक्नुभएन । त्यसपछि प्रधानमन्त्रीले मुमा बडामहारानी सरकारको दर्शन गर्नुभयो र डाक्टरहरूसँग कुरा गर्नुभयो । के गर्ने कसो गर्ने भनेर उच्च चासो दिनुभयो । हरेक विषयमा प्रधानमन्त्रीले अग्रसरता लिन थाल्नुभयो । त्यति वृद्ध मान्छेको फुर्ती देखेर हामीमा पनि होस र जोस आयो । उहाँ कत्ति पनि आत्तिनुभएको देखिएन । घटनाले भावविह्वल हुनु त स्वाभाविक नै थियो ।

हामीले दरबारबाटै प्रधान न्यायाधीश केशवप्रसाद उपाध्याय, सभामुख तारानाथ रानाभाट, राष्ट्रिय सभाका अध्यक्ष डा. मोहम्मद मोहसिन, राजपरिषद् स्थायी समिति सभापति डा. केशरजङ्ग रायमाझी र प्रमुख विपक्षी दलका नेता तथा नेकपा एमाले महासचिव माधवकुमार नेपाललाई खबर गरेका थियौं । डा. रायमाझी सैनिक अस्पताल पुगिसक्नुभएको रहेछ । दरबारबाटै उपप्रधानमन्त्री रामचन्द्र पौडेल र अन्य मन्त्रीलाई पनि घटनाबारे जानकारी गराइएको थियो ।

घटनास्थलको निरीक्षणपछि प्रधानमन्त्रीले 'अधिराजकुमार ज्ञानेन्द्र कहाँ होइबक्सन्छ ?' भनेर सोध्नुभयो । ज्ञानेन्द्र सरकार पोखरा भएको जानकारी गराएपछि उहाँले 'सबैभन्दा पहिले सरकारलाई काठमाडौं ल्याउनुपऱ्यो, त्यसपछि के गर्ने भनेर सल्लाह गरौंला' भन्नुभयो । उहाँले सुरक्षा प्रबन्ध राम्रोसँग मिलाउन पनि सबैलाई निर्देशन दिनुभयो । यसैबीच सैनिक अस्पतालको माथिको अतिथि कक्ष, कार्यालय, बैठक कक्ष सबै खोलियो । प्रधानमन्त्री रातैभर अस्पतालमा बस्नुभयो । मुलुकमै समस्या आइपरेका बेला प्रधानमन्त्री अग्रसर नहुने प्रश्नै थिएन । उहाँ अस्पताल आएर बसेपछि काम गर्न धेरै सहज भयो । प्रधान न्यायाधीश उपाध्याय, सभामुख रानाभाट, राष्ट्रिय सभाका अध्यक्ष डा. मोहसिन, एमाले महासचिव नेपाल आइसकेपछि प्रधानमन्त्री, राजपरिषद् स्थायी समितिका सभापति डा. रायमाझीसहित उहाँहरू सबै एउटै कोठामा बसेर घटनाबारे छलफल गर्दै अब कसरी अगाडि बढ्ने भनेर सल्लाह गर्न थाल्नुभयो ।

प्रधानमन्त्री कोइराला क्षण-क्षणमा सोधिरहनुभएको थियो, ज्ञानेन्द्र सरकारको सवारी कति बेला हुन्छ भनेर । काठमाडौंबाट हेलिकप्टर उड्ने क्रम जारी थियो । तर धेरै प्रयास गर्दा पनि काठमाडौं र पोखराबीचको खराब मौसमका कारण हेलिकप्टर पोखरा पुग्नै सकेन । ज्ञानेन्द्र सरकारलाई जसरी भए पनि काठमाडौं ल्याउनैपरेको थियो । मैले

'अब हेलिकप्टरबाट सम्भव छैन, त्यतातिर नलागौं, मोटरबाटै सवारीको प्रबन्ध गरौं' भनेर आफैंले पोखरा फोन गरेर ज्ञानेन्द्र सरकारसँग कुरा गरें । सरकारलाई काठमाडौंको सबै स्थितिबारे जानकारी भइरहेकै थियो । मैले 'हेलिकप्टर आउन सकेन, मोटरबाटै सवारी चलाउनुपर्ला, सुरक्षाको प्रबन्ध गरौं ?' भनेर जाहेर गरें । त्यसपछि ३ नम्बर वाहिनीका वाहिनीपति सहायक रथी प्रकाशबहादुर बस्नेतलाई फोन गरेर 'प्रहरी र सेनाको राम्रो सुरक्षा स्कर्टिङ सहित ज्ञानेन्द्र सरकारको काठमाडौंका लागि सवारी चलाउनू' भनी अह्राएँ । यसरी रातको साढे २ बजे मोटरमा पोखराबाट काठमाडौंका लागि सरकारको प्रस्थान भयो । हामीले काठमाडौंबाट गजुरीसम्म हेलिकप्टर पठायौं ।

ज्ञानेन्द्र सरकारको पोखरा कार्यक्रमबारे हामीलाई केही थाहा थिएन । वीरेन्द्र सरकारलाई थाहा थियो होला । सरकारहरू कहींकतै जाँदा वीरेन्द्र सरकारलाई सोधेर जाने चलन थियो । ज्ञानेन्द्र सरकार साता दिनअघि मात्र चितवन गइबक्सेको थियो भन्ने सुनेको थिएँ । सायद चितवनबाटै पोखरा सवारी होइबक्सेको थियो । श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषको अध्यक्ष होइबक्सेकाले सरकार कोषका कार्यक्रममा सरिक हुन चितवन र पोखरा सवारी भएको हुनुपर्छ । सरकारका साथमा प्रभुशमशेर जबरा र वीरेन्द्रबहादुर शाह (लव राजा) पनि हुनुहुन्छ भन्ने सुनें । सरकार पोखराको रत्न मन्दिरनजिकै रहेको हिमा गृहमा राज होइबक्सेको रहेछ । अधिराजकुमार हिमालयले निर्माण गरेको बङ्गला भएकाले यसको नाम हिमा गृह राखिएको थियो । अधिराजकुमार हिमालयको निधनपछि अहिले यो बङ्गला ज्ञानेन्द्र सरकारको नाममा सरेको हो ।

राति ३ बजे म एक पटक पुनः दरबार गएँ । सरकारका एडीसीहरू र सैनिक प्रहरीका अधिकृतहरू गएर घटना घटेको त्रिभुवन सदनमा हेर्‍यौं । बिलियार्ड बैठकको सिसाको ढोका फुटेको थियो । घटनापछि भित्र जाने क्रममा एडीसीहरूले फुटाएका रहेछन् । गोलीका खोका यत्रतत्र छरिएका थिए । वीरेन्द्र सरकारको चस्मा र टोपी त्यहीं देखें । कैयौंको हाते ब्याग र अन्य ससाना सामान छरपस्ट थिए । जताततै रगतैरगत । कोठामा पङ्खा र एसी चलिरहेको थियो, बत्ती बलिरहेको थियो । त्यो दृष्यले मलाई स्तब्ध बनायो । मैले सेन्ट्री थप्न लगाएँ । 'कसैलाई पनि भित्र पस्न नदिनू, जेजस्तो अवस्थामा छ, त्यस्तै अवस्थामा रहन दिनू' भनेर म फेरि अस्पताल आएँ ।

हामी अस्पताल फर्कंदा वीरेन्द्र सरकार सहित अन्य सरकारहरूको स्वास्थ्यमा केही सुधार होला कि भन्ने आशा मारिसकिएको रहेछ । वास्तवमा अस्पताल पुर्‍याउनुअघि नै बाटोमा वीरेन्द्र सरकारको मृत्यु भइसकेको रहेछ । नयाँ राजा घोषणा नगरेसम्म महाराजाधिराजको मृत्युको घोषणा गर्न नमिल्ने राजपरम्परा रहिआएको छ । त्यसैले अब के गर्ने भनेर हामी छलफलमा बस्यौं । सरकारको मृत्युको घोषणा कसरी गर्ने र कसलाई कसरी नयाँ राजा बनाउने भन्ने कुरा बहुतै कठिन र जटिल थियो । त्यस अवस्थामा प्रधानमन्त्री, राजपरिषद् स्थायी समितिका सभापति डा. रायमाझी, सभामुख रानाभाट, एमाले महासचिवले प्रभावकारी भूमिका निर्वाह गर्नुभयो । राजदरबारका सबै सचिवहरू सक्रिय हुनुभयो । त्यहाँ प्रधानमन्त्री सहितको बैठक पटक-पटक बस्यो ।

बिहान राजपरिषद्को बैठक बोलाउने निधो भयो । बैठकमा महान्यायाधिवक्तालाई पनि बोलाउने तय भयो ।

बिहान ६ बजे हेलिकप्टर सैनिक अस्पतालमा अवतरण गऱ्यो । प्रधानमन्त्री कोइराला, राजपरिषद्का सभापति डा. रायमाझी, सभामुख रानाभाट, राष्ट्रिय सभाका अध्यक्ष डा. मोहसिन र एमाले महासचिव नेपाल हेलिप्याडसम्म ज्ञानेन्द्र सरकारलाई लिन जानुभयो । प्रधान सेनापति र राजदरबारका हामी सचिवहरू पनि हेलिप्याडसम्मै गयौँ । ज्ञानेन्द्र सरकार अस्पतालमा माथि सवारी भयो । ट्रमा सेन्टरमा सबैभन्दा पहिले राजा वीरेन्द्रको शव थियो । त्यसपछि रानी ऐश्वर्यको । अन्य शवहरू त्यहीं छोपेर राखिएका थिए । अपरेसन थिएटरमा युवराजाधिराज दीपेन्द्र, अधिराजकुमारी कोमल, कुमार गोरख, केतकी चेस्टर र अधिराजकुमारी शोभाको अपरेसन भइरहेको थियो । अपरेसन थिएटरको कमी भएकाले डाक्टरहरूले अस्पतालको ड्रेसिङ रूममै पनि अपरेसन गरिरहनुभएको थियो । त्यो दिन डाक्टरहरूले ठूलै जोखिम मोलेर र साहसका साथ राम्रो काम गर्नुभयो । ज्ञानेन्द्र सरकारले अस्पतालको सबै दृश्य हेरेपछि प्रधानमन्त्री, राजपरिषद्का सभापति र प्रमुख सचिव पशुपतिभक्त महर्जनसँग कुरा गरिबक्स्यो । सरकारको अनुहार मार्मिक र शोकविह्वल देखिन्थ्यो ।

सरकारको सवारीपछि सैनिक अस्पतालको पुस्तकालय हलमा अधिराजकुमार ज्ञानेन्द्रका साथै प्रधानमन्त्री कोइराला, प्रधान न्यायाधीश उपाध्याय, सभामुख रानाभाट, राष्ट्रिय सभाका अध्यक्ष डा. मोहसिन, राजपरिषद् स्थायी समितिका सभापति डा. रायमाझी र प्रमुख विपक्षी दलका नेता नेपाल सम्मिलित बैठक बस्यो । हामी सचिवहरू पनि सहभागी भयौँ । बैठकमा राजपरिषद्को बैठक बसेर त्यसले नयाँ राजा घोषणा गर्ने तय भयो र यस घटनाको जाँचबुझ गर्नेबारे छलफल भयो । सरकारबाट घटना सम्बन्धी सबै छानबिन प्रक्रिया कानुन बमोजिम नै गर्न हुकुम भयो । साथै यस घटनामा मृत्यु भएका सबैको पोस्टमार्टम गर्न समेत निर्देशन बक्स्यो । यही बैठकमा राजदरबार हत्याकाण्डबारे जाँचबुझ गर्न एक उच्चस्तरीय आयोग गठन गर्ने निधो भयो । मलाई के सम्झना छ भने, 'यत्रो घटना घट्यो, अब यसको निष्पक्ष छानबिन हुनुपर्छ' भनेर एमाले महासचिव माधवकुमार नेपालले निकै जोड दिनुभएको थियो । सुरुमा न्याय क्षेत्रका व्यक्ति मात्र राखेर आयोग गठन गर्ने प्रस्ताव आएको हो । तर महासचिव नेपालले नै 'होइन, पार्टीका वरिष्ठ नेताहरू र विपक्षीका नेता समेत बसेर आयोग गठन गरौँ' भनेर प्रस्ताव गर्नुभयो । साथै उहाँले 'यदि त्यसो नगर्ने हो भने उच्चस्तरीय आयोगमा प्रधान न्यायाधीशलाई अध्यक्ष राखेर सदस्यमा सभामुख रानाभाट र प्रमुख विपक्षी दलको नेताका रूपमा मलाई समेत राख्नुहोस्' भनी प्रस्ताव गर्नुभयो । बैठक सकेर फर्कने क्रममा समेत उहाँले 'आयोगमा म छुटुँला नि !' भनिरहनुभएको थियो । वास्तवमा उहाँको प्रस्ताव र तर्क सही पनि थियो । उहाँकै प्रस्तावलाई प्रधानमन्त्रीले समर्थन जनाउनुभएको हो । त्यही प्रस्ताव अनुसार प्रधान न्यायाधीशको अध्यक्षतामा उच्चस्तरीय छानबिन आयोग गठन गर्ने निधो भएको हो ।

राजपरिषद्को बैठकपछि दीपेन्द्र सरकारलाई नयाँ राजा घोषणा गरियो । वीरेन्द्र सरकारको मृत्युको घोषणा समेत भयो । राजपरिषद्को बैठकद्वारा अधिराजकुमार ज्ञानेन्द्रलाई राज्यसहायक बनाउने निर्णय भयो । शनिबार दिउँसो स्वर्गीय राजाको शव दाहसंस्कारका लागि आर्यघाट लैजानुपूर्व अस्पतालको प्राङ्गणमै ज्ञानेन्द्र सरकार, प्रधानमन्त्री कोइराला, प्रधान न्यायाधीश उपाध्याय, सभामुख रानाभाट, राष्ट्रिय सभाका अध्यक्ष डा. मोहसिन, राजपरिषद् सभापति डा. रायमाझी, प्रमुख विपक्षी दलका नेता नेपाल लगायत वरिष्ठ पदाधिकारीहरूको उपस्थितिमा राजदरबार हत्याकाण्डबारे उच्चस्तरीय आयोग गठन सम्बन्धमा पुनः छलफल चल्यो । उपप्रधानमन्त्री तथा गृहमन्त्री रामचन्द्र पौडेल, सबै सुरक्षा अङ्गका प्रमुखहरू, श्री ५ को सरकारका केही सचिवहरू पनि छलफलमा सहभागी हुनुहुन्थ्यो । छलफलपश्चात् बाहिरको वातावरण एकदमै तनावग्रस्त बन्दै गएका कारण उच्चस्तरीय छानबिन आयोग गठन गर्ने निर्णय भएको कुरा तत्काल सञ्चार माध्यम मार्फत अनौपचारिक रूपमा सार्वजनिक गर्ने र औपचारिक रूपमा राज्यसहायक श्री ५ ज्ञानेन्द्रबाट घोषणा गर्ने तय भयो । यो कुरा प्रधानमन्त्री कोइरालाले प्रस्ताव गर्नुभएको थियो, जसमा त्यहाँ उपस्थित सबैले सहमति जनाएका थिए । त्यसपछि प्रमुख सचिव पशुपतिभक्त महर्जनले आयोगमा रहने सबै सदस्यलाई छेउमा गएर उहाँहरूको कानैमा आयोगको सदस्यमा बस्ने कि नबस्ने भन्नेबारे सोध्नु पनि भयो, जसमा सबै जनाले स्वीकृति जनाउनुभएको थियो । त्यसपछि राजदरबार हत्याकाण्डबारे छानबिन गर्न उच्चस्तरीय आयोग गठन गर्ने निर्णय भएको कुरा सार्वजनिक गरियो । तर, आयोग गठन भइसकेपछि एमाले महासचिव नेपालले के कारणले हो, आयोगमा नबस्ने भनेर राजीनामा दिनुभयो ।

यस्तो किसिमको दुर्घटना हुँदा के गर्ने, कानुनी रूपमा यसका केके उपाय छन् भनेर सोच्ने र विचार गर्ने समय थिएन हामीसँग । अधिराजकुमार ज्ञानेन्द्रबाट मृत्यु भएका सबैको पोस्टमार्टम गरी कानुन अनुसार सबै प्रक्रिया पूरा गर्न हुकुम भएको हो । पोस्टमार्टमका लागि डा. हरिहर वस्ती, प्रहरी र जिल्ला प्रशासन कार्यालयबाट प्रतिनिधि समेत झिकाइसकिएको थियो । सरकारी वकिल पनि अस्पतालमै झिकाउने तयारी भइरहेको थियो । घटनाको फाइल तयार पार्ने काम चलिरहेको थियो । यसैबीच मुमा बडामहारानीबाट 'महाराजाधिराजको शरीर चाहिं नचिर्ने हो कि ?' हुकुम भयो । अनि प्रधानमन्त्री कोइराला पनि यस कुरामा सहमत हुनुभयो । उहाँले 'घटना यो व्यक्तिले गराएको हो भन्ने स्पष्टै छ, मृत्युको कारण सबै छर्लङ्ग छँदै छ' भन्नुभयो । यसपछि केका लागि पोस्टमार्टम गर्ने भन्ने धेरैको तर्क आयो । सोही अनुसार पोस्टमार्टम नगर्ने कुरा तय भयो । त्यो बेलाको परिस्थिति नै कस्तो थियो भने तत्काल जेजे आइपर्छ, त्यति बेला मनमा जे विचार आउँछ, यो सही भन्ने लाग्यो भने तत्कालै निर्णय लिनुपर्दथ्यो । यस्ता कुराको निर्णय लिने को हो त ? यसको इन्चार्ज हुने कुरा नै भएन । नयाँ राजाको घोषणा गर्न भने सबैभन्दा महत्त्वपूर्ण भूमिका राजपरिषद्को हुने भयो । त्यसैले शनिबार बिहानै राजपरिषद्को बैठक बोलाइयो । बैठकले राजा वीरेन्द्रको स्वर्गारोहण

भएको घोषणा गर्नुका साथै नेपालको राजकीय परम्परा अनुसार होसमा नभए पनि युवराजाधिराज दीपेन्द्र स्वर्गे नभएकाले सरकारलाई नै राजा बनाउने निर्णय गऱ्यो । साथै राज्यसहायकका रूपमा अधिराजकुमार ज्ञानेन्द्रलाई जिम्मेवारी दिने निर्णय गऱ्यो । दीपेन्द्र सरकारको उपचार भइरहेको थियो । बाँच्ने आशा लगभग थिएन । तर पनि चिकित्सकले मृत्युको घोषणा नगरेकाले सरकारलाई राजा घोषणा गर्न बाध्य हुनुपरेको थियो । परम्परा अनुसार राजगद्दी खाली राख्नु हुन्न । नेपालको कानुन र राजपरिषद्को कार्यविधि अनुसार नै दीपेन्द्र सरकारलाई राजा घोषणा गरिएको थियो । राजपरिषद्का सभापति डा. रायमाझीको अध्यक्षतामा बसेको बैठकमा प्रधानमन्त्री कोइराला, सभामुख रानाभाट, राष्ट्रिय सभाका अध्यक्ष डा. मोहसिन, प्रधान न्यायाधीश उपाध्याय, प्रमुख विपक्षी दलका नेता नेपाल, उपप्रधानमन्त्री पौडेल, भूतपूर्व प्रधानमन्त्रीहरू, प्रधान सेनापति, महान्यायाधिवक्ता लगायतको पूर्ण उपस्थिति थियो । बैठकमा कोहीकसैले पनि दीपेन्द्रलाई राजा घोषणा गर्नु हुन्न भनेनन् । न कसैले अधिराजकुमार ज्ञानेन्द्रलाई राज्यसहायकको जिम्मेवारी दिने कुराको विरोध नै गरे । अझ प्रधानमन्त्री र प्रमुख विपक्षी दलका नेता लगायतबाटै यो प्रस्ताव आएको थियो ।

नयाँ राजा घोषणा गरियो तर राज्यारोहण गर्न सकिएन । परम्परा अनुसार राजाको स्वर्गारोहण हुँदा पहिले नयाँ राजाको राज्यारोहण गर्ने अनि मात्र स्वर्गीय राजाको दाहसंस्कार गर्ने प्रचलन थियो । यस पटक यसो गर्न सकिएन । यस्तो भएको पनि नेपालको इतिहासमा पहिलो पटक नै थियो । यसै क्रममा स्वर्गीय राजा-रानी लगायत राजपरिवारका स्वर्गीय सदस्यहरूको एकै पटक दाहसंस्कार गर्नुपर्ने भयो । सेनाका लागि यो पनि ठूलै जिम्मेवारी थियो । एकातिर सारा सुरक्षाको व्यवस्था मिलाउनु थियो भने अर्कातिर एकै पटक यति धेरै सङ्ख्यामा आर्यघाटमा दाहसंस्कारको प्रबन्ध गर्नु थियो । परम्परा अनुसार ब्राह्मणहरूले शव बोकेरै आर्यघाटसम्म पुग्नुपर्ने । पाँच वटा चिता तुरुन्त बनाउनुपर्ने भयो । अन्तिम सलामीको व्यवस्था गर्नुपऱ्यो, एकै पटक ।

राजा सम्बन्धी प्रशासनिक र कानुनी सबै काम प्रमुख राजदरबार पदाधिकारी र प्रमुख सचिवालयले तथा सुरक्षा प्रबन्ध र दाहसंस्कारसँग सम्बन्धित सबै काम सैनिक सचिवालयबाट हेर्ने गरी कामको बाडफाँड गरियो । यसमा मलाई प्रधान सेनापति प्रज्वल्लशमशेर जबराले निकै मदत गर्नुभयो । गृहसचिव श्रीकान्त रेग्मीको सहयोग पनि उल्लेखनीय रह्यो । त्यस्तै राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्मा, प्रहरी महानिरीक्षकहरू प्रदीपशमशेर जबरा र कृष्णमोहन श्रेष्ठले पनि निकै कुशलतापूर्वक आफू मातहतका सुरक्षाकर्मीलाई परिचालन गरेर निकै महत्त्वपूर्ण सहयोग पुऱ्याउनुभयो ।

राजपरिषद्को बैठकपछि अधिराजकुमार ज्ञानेन्द्रबाट राज्यसहायकका रूपमा देशवासीका नाममा पहिलो सम्बोधन गर्ने तय भयो । राज्यसहायकले गर्ने सम्बोधनमा के विषय समेट्ने भनेर चार जना सचिवले तय गऱ्यौं । त्यसमा प्रमुख सचिव पशुपतिभक्त महर्जन, प्रमुख निजी सचिव सुदन पोखरेल, संवाद सचिव मोहनबहादुर पाण्डे र म

थियौँ । सम्बोधन भाषण लेख्ने कामको जिम्मेवारी मुख्यतः संवाद सचिव र प्रमुख सचिवको हुन्थ्यो । यो सम्बोधनको ड्राफ्ट चाहिं मोहनबहादुर पाण्डेले तयार पार्नुभएको थियो । ज्ञानेन्द्र सरकार र प्रधानमन्त्रीको सुझाव अनुरूप त्यो सम्बोधन तयार भएको थियो । राजदरबारका सचिवले सम्बोधन भाषण तयार पारेर सरकारबाट सहमति भएपछि अक्सर जानकारीका लागि प्रधानमन्त्रीलाई देखाउने चलन थियो । यो सम्बोधन भाषण पनि प्रधानमन्त्रीलाई देखाइयो । उहाँले 'हुन्छ' भनेपछि सरकारबाट देशवासीको नाममा सम्बोधन गरिबक्स्यो ।

## शवयात्रा र अन्तिम संस्कार

शनिबार दिउँसो ४ बजेसम्म अन्तिम श्रद्धाञ्जलिका लागि सैनिक अस्पतालमा सरकारहरूको शव राखिएको थियो । अस्पतालवरपर लाखौं मान्छे जम्मा भइसकेका थिए । माथि स्वयम्भूको डाँडाभरि पनि मान्छे नै मान्छे देखिन्थ्यो । जसजसले सके, उनीहरू भित्र आए । श्रद्धाञ्जलि चढाए । ४ बजे शवयात्रा सुरु भयो । पूर्वनिर्धारित रूटबाट शवयात्रा अघि बढाइयो । बाटोभरि मान्छे छन् । कोही रोइरहेका छन् । कसैले कपाल मुण्डन गरेका छन् । कतिले राजा वीरेन्द्र र रानी ऐश्वर्यको तस्बिर बोकेका छन् । कतिपयले राजारानीको जयजयकार लेखिएका ब्यानर र प्ले-कार्ड बोकेका छन् । कसैले धूप र अगरबत्ती बालेर बोकेका छन् । बुद्ध धर्मका गुरुहरू समेत प्रशस्त देखिए । कसैले फूल, कसैले माला, कसैले अबिर र अक्षता चढाइरहेका छन् । कसैले खादा चढाएका छन् । मान्छेहरूको अत्यधिक चापका कारण शव अघि बढाउन धौधौ परेको थियो ।

शोभा भगवती पुगेपछि शवयात्रा अघि बढाउन निकै कठिनाइ भयो । किनकि शवयात्रामा सम्मिलित प्रधानमन्त्री कोइरालाको त्यहाँ चर्को विरोध भयो । हूलदङ्गा नै भयो । ढुङ्गामुढा प्रहार गरियो । प्रधानमन्त्रीलाई हानेको ढुङ्गा हामीलाई पनि लाग्यो । सुरक्षा व्यवस्था नियन्त्रणमा लिन निकै नै कठिनाइ पऱ्यो । प्रधानमन्त्री गाडीमा हुनुहुन्थ्यो । उहाँको मोटरमा ढुङ्गामुढा भएपछि त्यसलाई उत्तरतिर मोडेर अर्कै बाटोबाट आर्यघाट पुऱ्याइयो । त्यसपछि ढुङ्गामुढा त भएन, तर सरकारहरूको स्वर्गारोहण भएकोमा रुने-कराउने क्रम जारी रह्यो । ज्ञानेन्द्र सरकार शवयात्रामै होइबक्सन्थ्यो । सरकारको सुरक्षा गर्नुपर्ने भएकाले म सरकारको मोटरको छेउमै हिंडिरहेको थिएँ । बाटोमा देखिएका मान्छेको जमात अनि उनीहरूले स्वर्गीय राजारानीप्रति दर्साएको अगाध आस्था र श्रद्धा देखेर म छक्क परेँ । राजारानीप्रति त्यस किसिमको श्रद्धा कमै देख्न पाइन्छ । मलाई जनतामा सरकारहरूप्रति यति ठूलो सम्मान होला भन्ने कुराको कत्ति पनि अनुमान थिएन । अचम्म त के भने सबै उमेरका मान्छे सडकमा उत्रिएका थिए । बूढाबूढी थिए; युवा थिए; बच्चा थिए । थामेर थामिनसक्नुको उपस्थिति थियो सडकमा । मान्छेले फालेका फूल र अबिर त कति हो कति ! शवमा फालेको अबिरले वरिपरिका सैनिक अधिकृत, सुरक्षागार्ड, एडीसी र अन्य सहभागी सबै रातै भएका थिए ।

धेरै अबेर शव पशुपति, आर्यघाट पुऱ्याइयो । हिन्दू धर्म र राजकीय परम्परा अनुसार दाहसंस्कार सम्पन्न भयो । दाहसंस्कार गर्ने र दागबत्ती दिने सबै तयारी सेनाबाट भएको थियो । कार्यरथी उपरथी सदीपबहादुर शाह खटिनुभएको थियो दाहसंस्कारको सम्पूर्ण प्रबन्ध मिलाउन । स्वर्गीय राजा वीरेन्द्रको शवमा साहेबज्यू दीपकविक्रम शाहले दागबत्ती दिनुभयो । लहरै पाँच वटा चिता बनाइएका थिए । लहरै पाँच वटा शवको दाहसंस्कार गरियो । राति १२ बजे आर्यघाटको काम सकेर हामी सैनिक अस्पताल फर्कियौं । एकोहोरो काममा लागेको २४ घण्टाभन्दा बढी भइसकेको थियो । नसुतेको दुई रात हुन लागिसकेको थियो । यस्तो अवस्थामा सुत्ने कुरा पनि भएन । शवयात्रा र दाहसंस्कारका ती दृश्य जति बेला पनि मेरा आँखाअगाडि सिनेमाको रिलझैं घुमिरहन्छन् । त्यो सम्झँदा गला अवरूद्ध हुन्छ । म त्यति बेला जहाँ हुन्छु, त्यहीं स्तब्ध हुन्छु ।

२१ गते दिनभर सैनिक अस्पताल र राजारानीको काजक्रियाको प्रबन्ध गर्नतिर व्यस्त भइयो । सहरमा विभिन्न किसिमका हल्ला चलिरहेका थिए । माहोल अर्कै भइरहेको थियो । राजदरबार हत्याकाण्ड षड्यन्त्र हो भनेर विभिन्न स्थानबाट जुलुस निस्किरहेका थिए । सहरमा दङ्गा सुरु भइसकेको थियो । दुई दिन दुई रातको लगातारको खटाइका कारण शरीर थकाइले चूरचूर भएको थियो । न राम्ररी खाना खान पाइएको थियो, न सुत्न । २१ गते राति त्यस्तै १० बजेतिर सबै काम सकेर म घर आएँ । दीपेन्द्र सरकारको कुनै पनि समय स्वर्गारोहण हुन सक्छ भनेर चिकित्सकहरूले बताइसकेका थिए । मलाई कुनै पनि बेला बोलाइन सक्छ भन्ने मनमा थियो । यस्तै अवस्थामा पल्टेको मात्र थिएँ जस्तो लाग्छ, एडीसी शाहजन खाँडको फोन आयो । उहाँले 'सर, तुरुन्त अस्पताल आउनुपऱ्यो' भनेपछि म २२ गते बिहान दुई बजे अस्पताल गइहालें । म अस्पताल पुगेपछि डाक्टरहरूले ३ बजेर ४५ मिनेट जाँदा दीपेन्द्र सरकारको स्वर्गारोहण भएको घोषणा गरे ।

दुई दिनअघि जुन प्रक्रियाबाट राजा वीरेन्द्रको मृत्यु भएको घोषणा गरिएको थियो, त्यही प्रक्रिया अनुसार राजपरिषद्को बैठकले राज्यसहायक ज्ञानेन्द्रलाई श्री ५ महाराजाधिराज घोषणा गऱ्यो । बैठक बहादुर भवनमा बसेको थियो । राजपरिषद्को बैठकले नयाँ राजाको घोषणा गर्नुका साथै दीपेन्द्र सरकार स्वर्ग भएको घोषणा पनि गऱ्यो । त्यस बेला श्री ५ अधिराजकुमार ज्ञानेन्द्रलाई राजा घोषणा गर्नुको कुनै विकल्प थिएन । किनभने वीरेन्द्र सरकारको वंश नाश भइसकेको थियो । दरबार हत्याकाण्ड पश्चात् सरकारका भाइतिर पनि मौसुफ मात्र बाँकी होइबक्सेकाले राजगद्दी उत्तराधिकारीको क्रम सर्ने अवस्था उत्पन्न भइसकेको थियो । त्यसैले सरकारलाई मुलुकको राजा घोषणा गर्न सबै सहमत भए । राजपरिषद्को बैठकमा सहभागी कोहीकसैले पनि श्री ५ अधिराजकुमार ज्ञानेन्द्रलाई राजा बनाउनु हुँदैन भनेनन् । बैठकमा सत्तारूढ नेपाली काङ्ग्रेसका सभापति तथा प्रधानमन्त्री सबै गिरिजाप्रसाद कोइराला, उपप्रधानमन्त्री रामचन्द्र पौडेल सहित दलका प्रमुख नेता सहभागी थिए । प्रमुख विपक्षी दलका नेता तथा एमाले महासचिव माधवकुमार नेपाल पनि बैठकमा सहभागी हुनुहुन्थ्यो ।

## तनावबीच ज्ञानेन्द्र सरकारको राज्यारोहण

श्री ५ अधिराजकुमार ज्ञानेन्द्रलाई राजपरिषद्ले राजा घोषणा गरेपछि २२ गते बिहानैदेखि राज्यारोहणको तयारी सुरु भयो । यसबीच माओवादीले राजतन्त्रको औपचारिक अन्त्य भएको र नयाँ राजा षड्यन्त्रबाट आउन लागेको आरोप सहितको वक्तव्य जारी गरिसकेको थियो । त्यस अतिरिक्त माओवादीको राज्यारोहण समारोह नै बिथोल्ने योजना रहेको समेत पत्रपत्रिकाले समाचार प्रकाशित गरेका थिए । तराईका विभिन्न नाकाबाट माओवादीहरू काठमाडौं भित्रिरहेको खबर पनि आइरहेको थियो । माओवादीहरू कपाल मुण्डन गरेर पूरै राजावादीको वेशमा सहर छिरेको रिपोर्ट आएको थियो । किन त्यस्तो भइरहेको छ भन्ने मैले राम्ररी बुझ्न सकिनँ । तर त्यस्तो खबर आएपछि मलाई निकै ठूलो चुनौती भयो । किनभने सुरक्षाको सबै प्रबन्ध मैले नै हेर्नुपर्ने थियो । श्री ५ को सरकारका विभिन्न निकायबाट मलाई पर्याप्त सहयोग भइरहेको थियो । यसका लागि गृहसचिव श्रीकान्त रेग्मी आफैं अहोरात्र खटिरहनुभएको थियो । राष्ट्रिय अनुसन्धान विभाग, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र शाही नेपाली सेना सबैतिरबाट राम्रो सहयोग र समन्वयको काम भएको थियो । त्यसै अनुसार प्रभावकारी सुरक्षा व्यवस्था मिलाउन व्यापक मात्रमा सेना र प्रहरी परिचालन गरियो । 'सिभिल ड्रेस' मा पनि सेना र प्रहरी परिचालन भए । राष्ट्रिय अनुसन्धान विभागबाट गुप्तचरलाई सहरकेन्द्रित पारियो । कहीं–कतैबाट पनि राज्यारोहण बिथोल्ने माओवादी योजनाबारे आधिकारिक जानकारी नआए पनि त्यसबारे सडक हल्ला चाहिं व्यापक थियो । त्यसबाट डराएर राज्यारोहण नगर्ने त सवालै थिएन । एउटा साहसका साथ त्यो कार्य सम्पन्न गर्नु थियो । ज्ञानेन्द्र सरकारमा समेत राजसंस्थाको निरन्तरता होला कि नहोला, यदि भए कसरी हुन सक्छ भन्ने सन्त्रास थियो भन्ने मैले नजिकबाट बुझिरहेको थिएँ । त्यसले मलाई झन् गम्भीर बनाएको थियो । मैले सबैतिरबाट राम्रोसँग समन्वय गरेर सुरक्षा प्रबन्ध मिलाएको थिएँ ।

राज्यारोहणको शुभसाइत बिहान १० बजेर ५० मिनेटदेखि साढे ११ बजेसम्म निस्केको थियो । हनुमानढोकाको नासलचोकमा राज्यारोहण समारोह आयोजना गरिएको थियो । त्यहाँ सम्बन्धित सबैलाई उपस्थित हुन उर्दी गरियो । सवारीको प्रबन्ध र सुरक्षाको व्यवस्था मिलाउनुपर्ने मेरो जिम्मेवारी थियो । बाहिर सन्त्रास फैलिएको थियो । मान्छेहरूका मनमा डर व्याप्त थियो । राजदरबारका पुराना र बहालवाला कर्मचारी पनि बिहानैदेखि 'अहिले राज्यारोहण गर्न सकिन्न, किनभने माओवादीले राज्यारोहण समारोह बिथोल्न खोजिरहेका छन्' भनेर कुरा गरिरहेका थिए । कोहीकोही राजपरिवारसँग सम्बन्धित व्यक्तिहरू आएर पनि यस्तै कुरा गरिरहेका थिए । ज्ञानेन्द्र सरकार अस्पतालमै होइबक्सन्थ्यो । उनीहरू त्यहाँ आएर सरकारलाई नै कुरा सुनाइरहेका थिए । म चाहिं सबैतिरबाट कुरा बुझ्छु । मैले त्यस्तो स्पष्ट सूचना पाउन सकिरहेको थिइनँ । छक्क लागिरहेको थियो । अलिअलि रिस पनि उठिरहेको थियो । यसैबीच पूर्वएडीसी ताराबहादुर थापा अस्पताल आएर सरकारसँग दर्शनभेटमा हुनुहुँदो रहेछ । म सरकारलाई राज्यारोहणका लागि चाँडो

सवारी होइबक्सन बिन्ती चढाउन जान खोजेको, एडीसी शाहजनले 'भित्र ताराबहादुर जर्साब हुनुहुन्छ' भन्नुभयो । एकै छिन कुरें । साढे ९ भयो । पौने १० बजिसक्यो, उहाँ निस्कनुभएन । मैले एडीसीलाई कुरा बुझाएर भनें, 'राज्यारोहणका लागि सवारी हुने बेला भयो । सरकारलाई जाहेर गर्नुहोस् ।' एडीसीले भित्र गएर सरकारलाई जाहेर गर्नुभयो, 'सरकार, पहिले पोसाक लगाउन निर्मल निवास सवारी हुनुपर्छ । त्यसपछि राजदरबार गएर हनुमानढोका सवारी हुनुपर्छ । किनभने यो राजकीय कार्यक्रम हो । यस हिसाबले समय लाग्न सक्छ ।' यो जाहेर गरेर उहाँ बाहिर निस्कनुभयो । मैले कुरेको निकै बेर भइसकेको थियो । फेरि पनि ताराबहादुर जर्साब निस्कनुभएन ।

'समय एकदमै कम छ, साइतमा पुग्नुपर्छ' भनेर एडीसी शाहजनलाई पुनः जाहेर गर्न भन्दै थिएँ, ताराबहादुर जर्साब निस्कनुभयो । साथै सरकार पनि बाहिर सवारी भयो । मसँग कुरा गरिबक्स्यो र के भनिबक्स्यो भने, 'बाहिर वातावरण एकदमै ठीक छैन, राज्यारोहण हुन सक्दैन भनेर ताराबहादुरले मलाई भन्यो ।' म त छक्क परें । ताराबहादुर जर्साब ट्र्याकसुटमा हुनुहुन्थ्यो । महाराजगन्जदेखि नै हिंडेर आएको भन्दै हुनुहुन्थ्यो । त्यसपछि मैले सरकारलाई जाहेर गरें, 'सरकारबाट केही पनि फिक्री लिइबक्सनुपर्दैन । सबै सुरक्षा प्रबन्ध राम्रो छ । राज्यारोहण हुन्छ । बरु समय भइसक्यो, सरकार तुरुन्तै सवारी हुनुपर्‍यो ।' मैले सरकारलाई बुझाउने कोसिस गरें । सरकारले पनि मानिबक्स्यो । सरकार निर्मल निवास सवारी भयो । म राजदरबार गएँ, सेरेमोनियल लुगा लगाउन ।

ज्ञानेन्द्र सरकारको निर्मल निवासबाट राजदरबारमा सवारी भइसकेको थियो । त्यस बेला हामी सचिवहरूबीच सुरक्षाको एउटा प्रश्नमा छलफल भयो । साधारणतया राज्यारोहणपछि हनुमानढोकाबाट महाराजाधिराज बग्गीमा नारायणहिटी राजदरबार सवारी हुने परम्परा छ । तर यस पटक बाहिरको सुरक्षाका हिसाबले राज्यारोहणपछि फिर्ती सवारी बग्गीमा नगरी मोटरबाट गरौं भन्ने दरबारका सबै सचिवहरूको राय आयो । त्यस अनुसार मैले सरकारलाई राज्यारोहणपछि मोटरमा फिर्ती सवारी चलाउनेबारे बिन्ती गरें । सरकारले पहिले यो कुरा मानिबक्सेको थियो, तर पछि मुमा बडामहारानीलाई सोधिबक्सेछ । मुमा बडामहारानीले यो कुरा मानिबक्सेनछ । अनि सरकारबाट मलाई हुकुम भयो, 'विवेक, हनुमानढोकादेखि मोटरमा आउन मलाई त केही थिएन । तर मामीले मोटरमा सवारी चलाउन मानिबक्सेन । बग्गीमै सवारी चलाउन हुकुम भयो । अब के गर्ने ?' सरकारको यस्तो आग्रहपछि हामीले राज्यारोहणपश्चात् बग्गीमै फिर्ती सवारी हुने र पछिपछि कारकेड मोटर पनि रहने निधो गर्‍यौं । त्यसपछि सरकारको सवारी राजदरबारबाट हनुमानढोकामा चलायौं ।

हामी हनुमानढोका पुग्दा प्रधानमन्त्री तथा नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइराला लगायत मन्त्रिपरिषद्मा रहेका काङ्ग्रेसका नेताहरू त्यहाँ आइसक्नुभएको रहेछ । विपक्षी दलका नेता तथा नेकपा एमाले महासचिव माधवकुमार नेपाल र भूतपूर्व प्रधानमन्त्रीहरू पनि आइसक्नुभएको थियो । अन्य धेरै नेताहरू पनि हुनुहुन्थ्यो ।

छोटो समयमा जेजति उर्दी गर्न सकियो, खबर पाउनेजति सबै नै उपस्थित हुनुभएको रहेछ । हनुमानढोकामा हिन्दू धर्म र राजपरम्परा अनुसार सरकारको राज्यारोहण भयो । राज्यारोहणपछि परम्परा अनुसार नै प्रधानमन्त्री कोइराला, प्रधान न्यायाधीश केशवप्रसाद उपाध्याय, सभामुख तारानाथ रानाभाट, राष्ट्रिय सभाका अध्यक्ष डा. मोहम्मद मोहसिन, राजपरिषद् स्थायी समितिका सभापति डा. केशरजङ्ग रायमाझी, विपक्षी दलका नेता तथा एमाले महासचिव नेपाल, उपप्रधानमन्त्री रामचन्द्र पौडेल लगायत मन्त्री तथा नेताहरूले सरकारमा दाम राख्नुभयो । सुरक्षा निकायका प्रमुख तथा हामी सुरक्षाकर्मीहरूले पनि सरकारलाई दाम चढायौं । एमाले महासचिव नेपालले सरकारमा दाम चढाएको विषयप्रति राज्यारोहणपछि उहाँको पार्टीमा निकै नै ठूलो आलोचना भयो । एमालेका विरोधीहरूले समेत यसलाई चर्को आलोचनाको विषय बनाए । तर, राज्यको महत्त्वपूर्ण पदमा आसीन भएपछि नेपालले सरकारमा दाम चढाउनु स्वाभाविक थियो । त्यसैले त्यस किसिमबाट उहाँको आलोचना गर्नु हुँदैनथ्यो ।

मुमाको स्वर्ग भएका कारण मैले आशौच बारेको थिएँ । त्यसैले राज्यारोहण समारोहमा म उपस्थित हुन नपर्ने हो । तर म राजदरबारको सुरक्षा हेर्ने र त्यसमा पनि महाराजाधिराजको सैनिक सचिव । समय र परिस्थितिको बाध्यताले गर्दा आशौच बारेकै अवस्था पनि सुरक्षाको प्रबन्ध सबै आफैं हेर्नुपर्ने र आफैं फिल्डमा आउनुपर्ने भएकाले म राज्यारोहण समारोहमा जानुपर्ने भयो । र, गएँ पनि । राज्यारोहण नै हुन नसक्ने भन्ने हल्ला चलिरहेको थियो । त्यसलाई पार नलगाई म उम्कने ठाउँ थिएन । सहज रूपमा राज्यारोहण समारोह सुसम्पन्न भयो । राज्यारोहणपछि सरकारको राजदरबार फिर्ती सवारी चलाउनुपर्ने भयो । त्यस बेला पनि सरकार राज भएको बग्गीको अगाडिपट्टिको सिटमा म बस्नुपर्ने भयो । हुन त त्यहाँ एडीसी बस्नुपर्ने थियो, तर सुरक्षाको उच्च सतर्कताका लागि र सरकारको आत्मविश्वास तथा भरोसाका लागि पनि मै बसें । मैले सरकारलाई 'राज्यारोहणका लागि सबै सुरक्षा प्रबन्ध ठीक छ' भनेर जाहेर गरेकाले पनि त्यहाँ म नै बस्नुपर्थ्यो । एडीसीहरू पछाडि बसे । राजपरम्परा अनुसार सरकारसँगै प्रधानमन्त्री र फिल्ड मार्सल बस्नुपर्ने हो । तर प्रधानमन्त्रीप्रति भीड पूरै आक्रामक बनिरहेको थियो । त्यसो हुँदा वातावरण झन् तनावग्रस्त बन्ला भनेर उहाँलाई बग्गीमा राखिएन । फिल्ड मार्सल पनि वृद्ध र अस्वस्थ भएका कारण बग्गीमा बस्नुभएन । उहाँको ठाउँमा प्रधान सेनापति प्रज्वल्लशमशेर जबरा बस्नुभयो ।

विभिन्न स्थानमा माओवादीको घुसपैठ हुन सक्छ र समारोहलाई पूरै बिथोल्ने प्रयास हुन्छ भनेर प्रशस्त प्रचार गरिएको थियो । तर त्यस्तो केही नभई निर्बाध रूपमा सरकारको राज्यारोहण समारोह सुसम्पन्न भयो । सरकार सुरक्षित रूपमा राजदरबारमा फिर्ती सवारी भयो । राजसंस्थाको औपचारिक अन्त्य भयो भन्ने माओवादीको वक्तव्यले हामीलाई सशङ्कित नपारेको चाहिं होइन । तर हामीले त्यसै अनुसारको सुरक्षा प्रबन्ध गरेका थियौं । शाही नेपाली सेनाको डीएमओ अफिसले उनीहरूको प्रयासलाई कसरी नियन्त्रण गर्ने भनेर रातारात विशेष योजना बनाएको थियो । डीएमओ प्रदीपप्रताप बम

मल्ल र युद्धकार्य महाशाखाका प्रमुख महासेनानी दिलीप रायमाझीले राम्रो सुरक्षा योजना बनाएर सैनिक परिचालन गर्नुभएको थियो । समारोह प्रबन्धको काम सेनाको कार्यरथी विभागले गरेको थियो । त्यो बेला कार्यरथी सदीपबहादुर शाह हुनुहुन्थ्यो । नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागले पनि राम्रो काम गरेका थिए । सम्पूर्ण कार्यक्रममा कुनै पनि किसिमको अवरोध भएन । राज्यारोहणपछि त सजिलैसँग सबै कुरा मिलेर गयो ।

राज्यारोहणपश्चात् राजदरबार सवारी भएपछि सरकार कास्की बैठकमा राज भयो । गोरखा बैठकमा राजसिंहासन थियो । तर त्यसमा राज हुने कुनै कार्यक्रम बनेन । राज्यारोहणपछि राजदरबारभित्र त्यस्तो कुनै विशेष समारोह भएन । दरबारका कर्मचारीले दाम राख्ने कार्यक्रम मात्र भयो । त्यो सामान्य रूपमा सकिएपछि सरकारले दरबारका सबै कर्मचारीलाई सामूहिक दर्शनभेट बक्स भयो । छुट्टै कसैलाई पनि भेटिबक्सेन । त्यसपछि मैले नै 'सरकार, अब दीपेन्द्र सरकारको दाहसंस्कारको कार्यक्रम सम्पन्न गर्नु छ, सरकार पनि सवारी होइबक्सन्छ कि ?' भनेर जाहेर गरेँ । सरकारबाट केही हुकुम भएन । निर्मल निवास सवारी होइबक्स्यो । राजपरम्परा अनुसार महाराजाधिराज कुनै पनि मान्छे मरेको स्थानमा सवारी होइबक्सन हुँदैन ।

सरकारबाट सोही दिन साँझ शाही घोषणा मार्फत अधिराजकुमारी कोमललाई श्री ५ बडामहारानी घोषित गरिबक्स्यो । सरकारबाट शाहज्यादा पारसलाई युवराजाधिराज र शाहज्यादी हिमानीलाई युवराज्ञी घोषणा गर्ने विषयमा हामी केही सचिवसँग सल्लाह गरिबक्सेको थियो । तर हामीले नै अहिले त्यो घोषणा गर्नु उपयुक्त नहुने सल्लाह टक्र्याएका थियौँ । सायद प्रधानमन्त्री कोइरालाको पनि त्यही सल्लाह थियो । पारस सरकारलाई तुरुन्तै युवराजाधिराज घोषणा गरिहाल्न कुनै हतार पनि थिएन ।

सरकारबाट २२ गते साँझ नै राजदरबार हत्याकाण्डको छानबिन गर्न उच्चस्तरीय जाँचबुझ आयोगको घोषणा गरिबक्स्यो । यस विषयमा ज्ञानेन्द्र सरकार पोखराबाट काठमाडौँ सवारी भएपछि २० गते अस्पतालमा भएको पहिलो बैठकमै सहमति बनेको थियो । आयोग त्यसै दिन गठन भइसक्नुपर्ने थियो । तर राज्यसहायकका रूपमा सरकारबाट गठन गरिबक्सन उचित हुँदैन भन्ने तर्क आएपछि त्यस दिन यसको घोषणा भएको थिएन । त्यसैले सरकारबाट राज्यारोहण गरेलगत्तै तीन सदस्यीय आयोग गठन गरिएको घोषणा गरिबक्सेको थियो । प्रधान न्यायाधीश केशवप्रसाद उपाध्यायको अध्यक्षतामा गठित आयोगका सदस्यहरूमा सभामुख तारानाथ रानाभाट र प्रतिनिधिसभामा प्रमुख विपक्षी दल नेकपा एमालेका महासचिव माधवकुमार नेपाल रहनुभएको भयो । (पहिला आफ्नो नाम आफैँले जोडदार रूपमा प्रस्ताव गर्ने महासचिव नेपाल पछि अज्ञात कारणले आयोगमा रहन चाहनुभएन ।)

महाराजाधिराजका रूपमा सरकारबाट जेठ २२ गते देशवासीलाई गरिबक्सेको पहिलो सम्बोधन प्रधानमन्त्री कोइराला, प्रधान न्यायाधीश उपाध्याय, सभामुख रानाभाट, राष्ट्रिय सभाका अध्यक्ष डा. मोहसिन, राजपरिषद्का सभापति डा. रायमाझी र एमाले

महासचिव नेपालको सल्लाह बमोजिम आएको थियो । उहाँहरूको सल्लाह र सुझाव अनुसार प्रमुख सचिव पशुपतिभक्त महर्जनले शाही सम्बोधन तयार पार्नुभएको हो । सरकारको सम्बोधनपछि बाहिरको हिंसात्मक घटना र आक्रोशमा केही कमी आयो भनेर धेरैतिरबाट रिपोर्ट आएको थियो ।

## कर्फ्युमा दीपेन्द्र सरकारको शवयात्रा

राज्यारोहण समारोह सकेर म सैनिक अस्पताल गएँ । म पुग्दा दीपेन्द्र सरकारको शव आर्यघाट लैजानेबारे तयारी भइरहेको थियो । तर वीरेन्द्र सरकारको जस्तै तरिकाले शवयात्रा गर्न असम्भव थियो । किनभने एकातिर दीपेन्द्र सरकारप्रति जनतामा तीव्र आक्रोश थियो भने अर्कातिर राजदरबार हत्याकाण्ड दीपेन्द्र सरकारबाट भएको होइन, यो त षड्यन्त्र नै हो भनेर समेत जुलुस निस्कन थालिसकेको थियो । प्रतिरोध र हिंसाको शृङ्खला सुरु भइसकेको खबर सुरक्षा निकायहरू, खास गरी राष्ट्रिय अनुसन्धान विभागबाट आइरहेको थियो । त्यसो भएर शवयात्राका लागि अर्को छुट्टै रूटको व्यवस्था गरियो । सैनिक अस्पतालमा उपस्थित सेना तथा प्रहरीका उच्च अधिकारीहरूको सल्लाहबाट यो रूट तय गरिएको थियो । दीपेन्द्र सरकारको शवयात्रा छाउनीस्थित सैनिक अस्पतालबाट चक्रपथमा निकालेर बालाजु, गोङ्गबु, महाराजगन्ज, चाबहिल हुँदै गौशालाबाट पशुपति आर्यघाटमा लैजाने तय भयो । त्यस्तै, सरकारको शव ब्राह्मणले बोकेर आर्यघाट लैजाने परम्परा थियो । दुई दिनअघि मात्र पनि वीरेन्द्र सरकारको शव त्यसै गरी आर्यघाट पुऱ्याइएको थियो । तर दीपेन्द्र सरकारको शव त्यसरी लैजान नसकिने भएपछि राजकीय सम्मानका साथ कारकेड तयार गर्ने निर्णय भयो । अनि एउटा ट्रकलाई सजाएर शवलाई लैजाने तयारी गरियो । असहज वातावरणका कारण कर्फ्यु लगाउनैपर्ने भयो ।

केही बेरमा ज्ञानेन्द्र सरकार पनि अस्पताल सवारी भयो । मैले जाहेर गरैं, 'सरकार, दीपेन्द्र सरकारको शवयात्रा पैदल चलाउन नसकिने भयो । के हुकुम हुन्छ ?' पहिले त सरकारबाट पैदलै शवयात्रा चलाउन हुकुम भयो । तर सुरक्षाका कारणले कर्फ्यु नै लगाउनुपर्ने भएपछि बल्ल सरकारले पनि मानिबक्स्यो । राजकीय सम्मानका साथ सेनाकै एउटा ट्रकलाई सजाएर शवयात्रा चलाउने र अगाडि-पछाडि सबै मोटर राख्ने भइयो । सबै किसिमको राजकीय सम्मानको पनि व्यवस्था गरियो । सैनिक अस्पतालबाट अपराह्न ५ बजेतिर शवयात्रा सुरु गरियो । विभिन्न स्थानमा मान्छेहरूले हल्ला गरे । विरोध गरे । गोङ्गबुमा त ढुङ्गामुढा समेत प्रहार भयो । दीपेन्द्र सरकारको शवमै ढुङ्गा लाग्यो । त्यहाँ पुग्दा सरकारको शव आर्यघाट पुऱ्याएर दाहसंस्कार गर्न नै सकिन्न कि जस्तो लागेको थियो । प्रधान सेनापति प्रज्वल्लशमशेर जबरा र म एउटै मोटरमा थियौं, ठ्याक्कै शवको पछाडि । के गर्ने भनेर हामी मोटरमै सल्लाह गरिरहेका थियौं । त्यही अनुसार उहाँ सेनाको अपरेसन कन्ट्रोल रूमलाई आदेश दिनुहुन्थ्यो । हूलदङ्गा बढेपछि गोङ्गबुमा सेनाले फायरिङ नै गर्नुपऱ्यो । यसरी विभिन्न स्थानमा अवरोध छिचोल्दै

सरकारको शव आर्यघाट पुऱ्याइयो । अनि दीपेन्द्र सरकारको पनि हिन्दू र राजकीय परम्परा अनुसार राति निकै अबेरसम्म लगाएर अन्तिम संस्कार सम्पन्न भयो ।

त्यस दिनभरि दीपेन्द्र सरकारको शव श्रद्धाञ्जलिका लागि सैनिक अस्पताल, छाउनीमा पालभित्र राखिएको थियो । सबैलाई श्रद्धाञ्जलिका लागि उर्दी जारी भएको थियो । आउन सक्नेजति सबै सरकारी पदाधिकारीले छाउनी आएर श्रद्धाञ्जलि व्यक्त गरे । तर राजपरिवारका सदस्य कोही पनि अन्तिम श्रद्धाञ्जलि व्यक्त गर्न सवारी भएन । मलाई एकदमै सङ्कोच लागिरहेको थियो, किन राजपरिवारका कुनै सदस्यको सवारी भएन भनेर । धीरेन्द्र शाहको पनि दीपेन्द्र सरकारको अन्तिम संस्कार गरेकै रात दाहसंस्कार गरियो । उहाँ शाही उपाधि सबै त्यागेर सामान्य नागरिक भएर बसेकाले अन्य सरकारहरूलाई जस्तो उच्च सम्मान दिनुपरेन । तर पनि एउटा तयारी त गर्नैपर्थ्यो ।

## अस्पताल नै कार्यालय

ज्ञानेन्द्र सरकार महाराजाधिराज भएको पाँचौं दिन अर्थात् २०५८ जेठ २६ गते मैले पुनः दर्शनभेट पाएँ । सैनिक सचिवका हिसाबले त्यस दिन जाहेर गर्ने विषय पूर्वतयारी गरेर गएको थिएँ । सरकारबाट मलाई अस्पतालमै दर्शनभेटका लागि बोलाइबक्सेको थियो । बडामहारानी सरकारलाई अस्पतालको एउटा भीभीआईपी कक्षमा राखिएको थियो । त्यसको बाहिरपट्टि रहेको बैठक कक्षमा सरकार राज भएको थियो । मौसुफबाट अरूलाई पनि त्यहीं भेटिबक्सन्थ्यो । म बैठक कक्षबाहिर ड्युटीका एडीसीसँग कुरा गरेर बसिरहेको थिएँ । समय बेलुकाको साढे ६ भएको थियो । सरकारबाट मलाई त्यहाँ देखेपछि बोलाइबक्स्यो ।

सरकारले सोधिबक्स्यो, 'विवेक, के छ ?'

आफूले पाएका सबै किसिमका सूचनाको जाहेरी सकेर मैले सरकारलाई सोधेँ, 'सरकार, एउटा कुरा जाहेर गरौँ ?'

सरकारबाट 'हुन्छ, के कुरा ?' हुकुम भयो ।

मैले जाहेर गरेँ, 'सरकार, अहिले राजसंस्था नाजुक अवस्थामा छ । यसमाथि अरू तीव्र आक्रमण हुन सक्छ । राजपरिवारमै यो अकल्पनीय घटना घट्यो । तर राजसंस्थालाई स्थापित गर्ने र बलियो पार्ने दायित्व हाम्रो हो । सबभन्दा पहिले अहिलेको अवस्थालाई नर्मल अवस्थामा ल्याउनु छ । कडा चुनौतीको घडीमा हामी उभिएका छौं । सरकारका विरूद्ध अनेक किसिमका आरोप लागिरहेका छन् । त्यसैले अब नेपालमा राजसंस्थाको भविष्यका लागि गर्नैपर्ने दुई काम मैले देखेको छु । पहिलो, सरकारबाट सम्पन्न हुने सबै काम र निर्णय देश र जनताको हितमा हुनुपर्छ । त्यसमा पारदर्शिता हुन त्यति नै जरूरी छ । दोस्रो कुरा, पारस सरकारको बानीबेहोरामा सुधार हुनुपर्छ । पारस सरकारको बाहिर जुन छवि छ, त्यसमा सुधार आउनैपर्छ । नत्र भने जनतालाई स्वीकार गर्न गाह्रो पर्न सक्छ । पारस सरकारको विगतलाई लिएर जताततैबाट विरोध

सुरु हुन सक्छ । तर मान्छेको विगतभन्दा पनि वर्तमान हेरिन्छ । अब पारस सरकारसँग राजसंस्थाको भविष्य पनि गाँसिएको छ । त्यसैले राजसंस्थाको निरन्तरताका लागि यी दुई काम हुनुपर्छ भन्ने मेरो सुझाव छ ।'

मैले यसरी प्रस्टसँग सरकारमा कुरा राखेँ । सरकारलाई मेरो कुरा मन पऱ्यो कि परेन, म भन्न सक्दिनँ । तर सरकारबाट 'मैले कुरा बुझेँ, हो, ठीक भन्यौ' हुकुम भयो । हामीले परिस्थितिजन्य अवस्था हेरेर, विश्लेषण गरेर सरकारलाई जाहेर गर्ने हो । त्यसो हुनाले सरकार रिसाउने कुरा पनि हुँदैन । तर रिसाए पनि मैले राजसंस्थाको हितका लागि जाहेर गरेको थिएँ । यसो गर्नु मेरो धर्म पनि थियो । मेरो सबै विषयमा स्पष्ट बोल्ने बानी छ । घर फर्केपछि राति धेरै बेरसम्म सोचिरहेँ, मेरो यो कुरालाई सरकारले कसरी लिइबक्स्यो होला भनेर । मैले नराम्रो कुरा केही भनेको थिइनँ । पारस सरकारको जुन छवि छ, ज्ञानेन्द्र सरकारकै पनि जुन पृष्ठभूमि छ, त्यसलाई हेर्दा मैले सरकारलाई दिएको सुझाव सही छ भन्ने निष्कर्ष निकालेर म निदाएँ ।

त्यसै दिन मैले अर्को विषय पनि सरकारलाई जाहेर गरेको थिएँ, 'सरकार, राजदरबार घटनालाई लिएर माओवादीले सरकारलाई आरोप लगाउँदै वक्तव्य निकालेको छ । *कान्तिपुर*मा माओवादी नेता डा. बाबुराम भट्टराईको लेख पनि प्रकाशित भएको छ । त्यो लेखमा सरकारमाथि नै कडा आरोप लगाइएको छ ।'

सरकारबाट हुकुम भएको थियो, 'विवेक, माओवादीका कुरा सुनेर आत्तिने कुरै छैन । राजतन्त्र उन्मूलन गर्नु उनीहरूको घोषित लक्ष्य नै हो ।'

माओवादी नेता डा. भट्टराईको लेख छापिएपछि प्रहरीले *कान्तिपुर*का प्रबन्धकहरू कैलाश सिरोहिया, विनोदराज ज्ञवाली र सम्पादक युवराज घिमिरेलाई गिरफ्तार गऱ्यो । यस विषयमा प्रधानमन्त्री र सरकारबीच सीधा कुरा भएको थियो भने मलाई कुनै पनि हिसाबले थाहा हुने कुरा भएन । तर मेरो विश्वासमा त्यति बेलाको कहालीलाग्दो अवस्थामा यति सानो विषयमा पक्कै पनि सरकार र प्रधानमन्त्रीबीच कुरा भएन । साथै त्यति बेलाको सङ्क्रमणकालीन अवस्थामा राजदरबारसँग सम्बन्धित विषयमा मैले नै सुरक्षा निकायमा समन्वय गर्ने गरेकाले मेरो जानकारीबेगर त्यो काम सम्भव थिएन । तर मलाई यस घटनाबारे कुनै पूर्वसूचना थिएन । त्यसैले मलाई कान्तिपुरका प्रबन्धक र सम्पादकलाई गिरफ्तार गर्न प्रधानमन्त्री कोइराला र उपप्रधानमन्त्री तथा गृहमन्त्री रामचन्द्र पौडेलको हात छ भन्ने लाग्दछ । किनभने प्रधानमन्त्रीको *कान्तिपुर*सँग सौहार्दपूर्ण सम्बन्ध छैन भन्ने मेरो जानकारीमा पहिलेदेखि नै आइरहेको थियो । त्यस बेलाको संवेदनशील अवस्थामा यस्तो गम्भीर प्रकृतिको गिरफ्तारीबाट प्रधानमन्त्री या गृहमन्त्रीले दरबारको संलग्नता देखिने वातावरण बनाएर सरकारका विरुद्ध जनमानसलाई भड्काउन खोजेको देखिन्थ्यो । यो अत्यन्तै खेदजनक र घृणित कार्य थियो । मैले यसबारे पनि सरकारमा जाहेर गरेको थिएँ । सरकारबाट हुकुम भएको थियो, 'विवेक, मलाई यस विषयमा केही पनि जानकारी छैन । बरु तिम्रो कहींकतैबाट सम्पर्क छ भने भनिदेऊ, यस विषयमा दरबारको कुनै हात छैन भनेर ।' यसै सन्दर्भमा *कान्तिपुर*का प्रबन्धकहरू

र सम्पादकको गिरफ्तारीमा राजदरबारको कुनै हात छैन भन्ने सन्देश दिन श्री ५ महाराजाधिराजबाट राज्यारोहण गरिबक्सेकोमा शाही नेपाली सेनाका तर्फबाट प्रधान सेनापतिले *कान्तिपुर* दैनिक मार्फत सरकारमा शुभकामना चढाउने तय भयो । पछि त्यसै अनुसार गरियो पनि ।

बडामहारानी कोमल निकै दिनसम्म सैनिक अस्पतालमै उपचाररत होइबक्सन्थ्यो । सरकारको अपरेसन सफलतापूर्वक सम्पन्न भएको थियो । घटना भएको भोलि पल्टदेखि बडामहारानीलाई डिस्चार्ज नगर्दासम्म भन्डै तीन साताजति ज्ञानेन्द्र सरकार दिनभर त्यहीं राज होइबक्सन्थ्यो । राति पनि एकदमै ढिलो निर्मल निवास सवारी हुन्थ्यो । एक हिसाबले सरकारले अस्पताललाई नै अफिस बनाइबक्सेको थियो । राजदरबारको सुरक्षाको प्रमुख जिम्मेवारी निर्वाह गरेका कारण म पनि नियमित रूपमा अस्पताल गइरहेको थिएँ । सबै काम त्यहींबाट हुन्थ्यो । कसैलाई दर्शनभेट बक्सनुपर्‍यो भने या कुनै पनि किसिमको सरकारी कामकाज हेर्नुपर्‍यो भने सरकारबाट सचिवलाई त्यहीं बोलाइबक्सन्थ्यो । जेठ २६ गतेकै दिन एमाले महासचिव माधवकुमार नेपाल पनि सरकारको दर्शनभेटका लागि अस्पताल आउनुभयो । प्रधानमन्त्री कोइराला त आउनुहुने नै भयो । समय-समयमा प्रधानमन्त्रीको कार्यालयबाट 'के छ ? के गर्नु पर्छ ?' भनेर सोध्ने काम पनि भइरहेको थियो । श्री ५ को सरकारले उच्च चासो देखाइरहेको थियो । श्री ५ को सरकारको समन्वय र सहयोग उल्लेखनीय थियो । राजदरबार हत्याकाण्डको १३ औं दिनसम्म औपचारिक संस्कारका कुराहरूमा पनि लाग्नुपर्‍यो । यसबीच गृहसचिव श्रीकान्त रेग्मीसँग मेरो नियमित सम्पर्क भइरहेको थियो । उहाँले एकदमै सहयोग र समन्वय गरिरहनुभएको थियो । बारम्बार फोन गरेर 'जर्साब, के सहयोग चाहिन्छ ?' भनेर सोधिरहनुभएको थियो । 'काजक्रियाको क्रममा परम्परा अनुसार सबै काम सम्पन्न होस्, गर्नुपर्ने सबै काम होस्, गृह मन्त्रालयबाट पूरा सहयोग हुनेछ' भनेर विभिन्न सुझाव दिइरहनुभयो । सुरक्षा निकायबाट पनि सहयोग प्राप्त भइरह्यो । राजा वीरेन्द्र र दीपेन्द्रको काजक्रिया पूरा गर्दासम्म १५ दिनजति राजदरबार बन्द भयो । प्रशासनिक कामकाज सबै बन्द हुने नै भयो । श्री ५ को सरकारले पनि राष्ट्रिय शोकको घोषणा गर्‍यो ।

## दीपेन्द्रको चरित्र र जेठ १९ को भित्री रहस्य

जेठ १९ को त्यो कालो रातले राजा वीरेन्द्रको वंश नाश गरायो भने नेपालमा राजसंस्थाको इतिहासकै अन्त्य गरायो । त्यस रातको घटनाबारे आजसम्म पनि विभिन्न किसिमका अडकलबाजी हुँदै आएका छन् । त्यो घटना कसले गरायो ? कसरी भयो ? र, किन गराइयो ? यस्ता धेरै प्रश्नहरू अनुत्तरित छन् । राजदरबार हत्याकाण्डको सुरुदेखि पछिसम्मका विभिन्न सत्य-तथ्य कुराहरूको आधार र मेरो जानकारीमा आएका सम्पूर्ण सूचनाका आधारमा उक्त घटनामा तत्कालीन युवराजाधिराज दीपेन्द्रकै प्रत्यक्ष र प्रमुख हात देखिन्छ । मलाई थाहा छ, आम रूपमा यो कुरा कदापि स्वीकार्य हुन

सक्दैन । संसारलाई नै स्तब्ध पार्ने यो हत्याकाण्ड दुनियाँको नजरमा लोकप्रियताको शिखरमा चढिरहेका तत्कालीन युवराजाधिराजबाट भएको हो भनेर सामान्यतः कसैले पनि पत्याउनै सक्दैन । यसै सन्दर्भमा, राजदरबार हत्याकाण्डका पछाडि भावनामा बग्ने आम जनमानसले ठानेभन्दा बेग्लै गम्भीर रहस्य लुकेको छ भनेर चर्चा गर्नेहरूको सङ्ख्या पनि कम छैन । राजदरबार अर्थात् राज्यको महत्त्वपूर्ण निकायमा तीन दशक निरन्तर काम गरेको आफ्नो लामो अनुभवका आधारमा मलाई समेत उक्त घटनामा अवश्य पनि 'व्यक्तिगत र राजनीतिक षड्यन्त्र' छ भन्ने लाग्दछ । किनभने त्यस समयमा नेपालको राजसंस्था केही देशी तथा विदेशी शक्तिकेन्द्रका लागि अवाञ्छनीय बनिरहेको थियो । यसै क्रममा नेपालको राजसंस्थालाई सदाका लागि अन्त्य गर्नेबारे षड्यन्त्र भइरहेको भन्ने सूचना र विश्लेषण पनि हामीले नपाएको होइन । यस्तो बेला राजपरिवारभित्र चाहिँ युवराजाधिराजको विवाहको प्रसङ्गलाई लिएर पारिवारिक किचलो र विवाद उत्कर्षमा पुगिरहेको थियो । युवराजाधिराज दीपेन्द्र र राजपरिवारमा पनि अरू सामान्य मान्छे या सामान्य परिवार सरहकै मानवीय कमी-कमजोरी अवश्य पनि थिए नै । राजदरबार हत्याकाण्डमा तिनै कमी-कमजोरीमाथि देशी तथा विदेशी शक्तिले खेलेको र तिनको षड्यन्त्र मिसिएको हुन सक्छ भन्ने मेरो निष्कर्ष छ । त्यसलाई बुझ्नका लागि राजपरिवारभित्र बढेको कलह, युवराजाधिराजको चरित्र र विवाहको प्रसङ्गबारे विस्तृत रूपमा चर्चा गर्नुपर्ने हुन्छ ।

म दीपेन्द्र सरकारलाई मौसुफ सानै छँदादेखि चिन्दथेँ । सरकारलाई नजिकबाट चिनेको २०३१ साल वैशाखदेखि हो, जब मैले राजप्रासाद सेवामा आवधिक शाही पार्श्ववर्तीका रूपमा काम सुरु गरेको थिएँ । युवराजाधिराज सरकारको जन्म २०२८ असार १३ गते भएको हो । त्यस हिसाबले त्यति बेला सरकार तीन वर्ष पनि पुगिबक्सेको थिएन । दीपेन्द्र सरकार जन्मँदै राजा हुन जन्मेको । तर राजदरबारमा युवराजाधिराज सरकारलाई राजाका रूपमा हुर्काउने कुनै परिपाटी या संस्कार मैले देखिनँ । मैले सुनेको थिएँ, युरोपका राजतन्त्र भएका देशमा राजा बनाउन बच्चैदेखि त्यही अनुसारको शिक्षा-दीक्षा र तालिम दिइन्छ । त्यसका लागि अनुभवी र दक्ष विशेषज्ञको टिम बनाएर उनीहरूको 'गाइडेन्स' मा भावी राजालाई हुर्काउने गरिएको हुन्छ । तर म जति बेला नेपालको राजदरबारभित्र प्रवेश गरेँ, त्यहाँ त्यस्तो केही देखिनँ । बरु मलाई त्यहाँको पारा देखेर अचम्म लागेको थियो ।

पञ्चायती शासनकाल भएकाले राजा वीरेन्द्र र रानी ऐश्वर्य दुवै देशको राजनीतिक, आर्थिक, प्रशासनिक तथा अन्य विभिन्न काममा व्यस्त भइबक्सन्थ्यो । पञ्चायत काल, त्यसमा पनि राजाको सक्रिय नेतृत्व । त्यो भएर राजा वीरेन्द्र पूरै व्यस्त । रानी ऐश्वर्यले राजाको काममा सहयोग पुऱ्याउनुपर्ने । सामाजिक काममा मौसुफको उस्तै व्यस्तता । त्यसो भएर दीपेन्द्र सरकार शाही रनरहरूको रेखदेखमा हुर्किबक्स्यो, जो सेनाका सिपाही हुन् । अनि नानीहरूले हेरे युवराजाधिराजलाई । न शाही रनर धेरै पढेलेखेका हुन्थे, न नानीहरू नै । विशेष संस्कार पनि उनीहरूमा हुँदैनथ्यो । उनीहरूको रेखदेख र हेरचाहमा

युवराजाधिराजको बाल्यकाल बित्यो । त्यसबाट दीपेन्द्र सरकारले के सिकिबक्स्यो होला ? एउटा सामान्य परिवारमा जन्मेको बच्चा आमा–बाबुको माया, ममता र रेखदेखमा हुर्किन्छ । तर सरकारले सानैदेखि आमा–बाबुको माया कस्तो हुन्छ भन्ने महसुस गर्न पाइबक्सेन । आमा–बाबुको सामीप्यबाट वञ्चित युवराजाधिराज त्यति बेला शाही रनर र नानीहरूबाट फुत्केर बाहिर निस्केपछि एडीसी अफिस आइबक्सन्थ्यो । त्यत्ति थियो सरकारको जाने, घुम्ने र खेल्ने ठाउँ । बाल्यावस्थामा कुनै पनि किसिमको शिक्षा, दीक्षा र तालिम थिएन युवराजाधिराजलाई । त्यो देख्दा अबको २१ औँ शताब्दीमा नेपालले कस्तो राजा पाउने होला भन्ने कुरा मेरो मनमा आउने गर्दथ्यो । म भर्खर दरबार गएको थिएँ, यो कुरा कसैलाई भन्ने कुरा पनि आएन । फेरि राजदरबारको कुरा । मैले पुरा 'सिस्टम' बारे त्यति धेरै अनुभव पनि पाएको थिइनँ ।

त्यो उमेरमा युवराजाधिराजलाई के कुरा सिकाउने ? अनि शाही रनरको ड्युटी के हो ? नानीहरूले के गर्ने र एडीसीले के–के गर्ने ? कामको कुनै बाँडफाँड थिएन । त्यति बेला दीपेन्द्र सरकारको कस्तो बानी विकास भइरहेको थियो भने कुनै ठूलो मान्छेलाई एक मुक्का हान्ने अनि त्यो मान्छे भुइँमा लडेर छटपट गरेकोमा मज्जा लिने । फेरि सरकारले त्यसैलाई गालामा झापड हान्नुपर्ने, फेरि त्यो मान्छे भुइँमा लडेर रुनुपर्ने । अनि सरकार मज्जा लिएर हाँस्ने । सरकारमा बच्चा साथीलाई समेत झापड र मुक्का हानेर ढलाउनैपर्ने मानसिकता थियो । यस प्रकार सरकारमा 'इगो' र हठीपन बढ्दै गएको थियो । यसरी युवराजाधिराजमा सकारात्मक स्वभावको विस्तार नहुने देखिरहेको थिएँ मैले । त्यही उमेरका बालबच्चाका बीचमा सम्पर्क र प्रतिस्पर्धामा राखेको भए पनि राम्रै हुन्थ्यो । अनुभवी र विशेषज्ञको टिम बनाएर हुर्काएको भए त झनै राम्रो हुन्थ्यो । तर कहिल्यै त्यो सोचाइ दरबारमा भएन । भावी राजा त के, सामान्य मानिसको जस्तो स्वाभाविक व्यक्तित्व विकासको अवसर पनि युवराजाधिराजलाई प्राप्त भएन ।

कुनै पनि व्यक्तिले बाल्यकालमा आफ्ना आमाबाबुबाट कति माया पाएको छ, कति समय उनीहरूसँग बिताउन पाएको छ र ऊ कसरी हुर्काइएको छ भन्ने कुराले पछि गएर उसको व्यक्तित्व तथा चरित्र निर्माण हुन्छ । राजा वीरेन्द्र र रानी ऐश्वर्यबाट दीपेन्द्र सरकारले त्यो किसिमले माया, समय र रेखदेख पाइबक्सेन । सरकारहरू राजकाजमै व्यस्त भएकाले आफ्नो छोरालाई बिलकुलै समय नदिएको हामी एडीसीहरूले नजिकबाट देखिरहेका थियौँ । दीपेन्द्र सरकार जन्मेको डेढ महिनाजति मात्र ऐश्वर्य सरकारसँग सुतिबक्स्यो होला । त्यसपछि पूरै नानीहरूले हुर्काए । अझ सरकारको पास्नीपछि त सरकारलाई हुर्काउने र रेखदेख गर्ने सम्पूर्ण काम नानीहरू र शाही रनरहरूकै जिम्मामा गयो । आमा–बुबाबाट माया नपाएको कुरा दीपेन्द्र सरकारले हुर्किसकेपछि मसँग धेरै पटक व्यक्त गरिबक्सेको थियो पनि । १० वर्षसम्म दीपेन्द्र सरकारको मानसिकता र व्यक्तित्व विकास जसरी भइरहेको थियो, त्यसबारे आफू सवारी ड्युटीमा भएका बेला मैले वीरेन्द्र सरकारलाई जाहेर पनि गरेको थिएँ । ठ्याक्कै त्यही कुरा पछि दीपेन्द्र सरकारले मसँग गुनासोका रूपमा व्यक्त गरिबक्सेको थियो । त्यसै कारण पछि गएर आमाबुबासँग

सरकारको सम्बन्ध टाढिँदै गएको थियो । मैले सरकारहरूका बीचमा विचार र दृष्टिकोण फरक-फरक हुँदै गएको देखिरहेको थिएँ । खास गरी बडामहारानी ऐश्वर्यसँग सरकारको सम्बन्ध धेरै टाढा हुँदै गएको थियो । आमा-छोराको सम्बन्ध त नजिकको हुनुपर्ने हो, तर सरकारहरूबीच त्यसरी आत्मीय सम्बन्ध विस्तार भएन । त्यसमाथि सरकारहरू दुवै जना कडा दिमागको (स्ट्रङ हेडेड) । मैले भनेकै हुनुपर्छ भन्ने स्वभाव विकास भएको थियो युवराजाधिराज सरकारमा । त्यस्तै स्वभाव थियो बडामहारानी ऐश्वर्यको पनि । दुवै जना एकअर्कासँग नझुक्ने र पटक्कै लचिलो नहुने । आमा-छोराबीच बच्चादेखि नै आत्मीयता, निकटता र माया-ममता नभएको परिणाम थियो यो । आमा-छोराबीचको सम्बन्ध भित्री रूपमा 'प्राविधिक' मात्र रहन पुगेको थियो ।

मैले दीपेन्द्र सरकारको पूरै जीवन देखेको छु । मौसुफको व्यक्तित्व कसरी विकास हुँदै आयो, एकदमै नजिकबाट अनुभव र अध्ययन गरेको छु । सरकारको अस्वाभाविक उपद्रो, हठ, बदमासी, परपीडक स्वभाव, इगो, उपेक्षित भएको अनुभूति, माया-प्रेमको तृष्णा, भावुकता, महत्त्वाकाङ्क्षा, नैराश्य, आवेग आदिलाई छर्लङ्ग देखेभोगेको छु । जति बेला सरकार किन्डर गार्टेनमा होइबक्सन्थ्यो, हामीले सवारी चलाउनुपर्दथ्यो स्कुलमा । दीपेन्द्र सरकार स्कुल जान नचाहने । ऐश्वर्य सरकारलाई जसरी भए पनि पठाउनैपर्ने । अनि दीपेन्द्र सरकार जान्न भनेर जिद्दी गर्ने, ऐश्वर्य सरकार जानैपर्छ भनेर चर्को स्वरमा हप्काइबक्सने । त्यस क्रममा मौसुफबाट दीपेन्द्र सरकारलाई गालामा झापड लगाएको पनि मैले कैयौँ पटक देखेको छु । स्कुल सवारी होइबक्से पनि कहिलेकाहीँ त बीच बाटोमै 'मोटरबाट ओर्लन्छु' भनेर जिद्दी गर्ने । कस्तो छुकछुके भने एडीसीलाई हैरानै पारिबक्सन्थ्यो । सबै एडीसीहरू सरकारबाट टाढा भाग्न खोज्दथे । दीपेन्द्र सरकार एडीसी अफिसमा नआए पनि हुन्थ्यो जस्तो हुन्थ्यो । आफूले भनेको नगर्ने एडीसीलाई सरकारले रुवाइबक्सँदैनथ्यो । तीमध्ये म प्रमुख थिएँ । त्यसैले कहिलेकाहीँ सरकारको लात र थप्पड समेत मैले खाएको छु । म सरकारलाई गर्न हुने-नहुने कुराहरू सम्झाउँथेँ । तर सरकारलाई पटक्कै मन पर्दैनथ्यो । त्यसैले सरकारले मेरो नाम 'डेन्जरस एडीसी' राखिबक्सेको थियो । नानीहरूसँग राम्रो व्यवहार नगर्ने । नानीहरूले मौका पायो कि शाही रनरहरूलाई बुझाइदिइहाल्ने । शाही रनरले पनि नसकेपछि एडीसीहरूलाई बुझाउने । एडीसी अफिसमा आएर टेबलको सिसा फुटाइदिने । कलम भाँचिदिने । असामान्य उपद्रो सिवाय अरू केही नगर्ने स्वभाव थियो सरकारको ।

दीपेन्द्र सरकार लोअर केजीदेखि कक्षा ३ सम्म काठमाडौँको त्रिपुरेश्वरस्थित कान्ति ईश्वरी शिशु विद्यालयमा अध्ययन गरिबक्स्यो । कक्षा ४ देखि सरकारलाई बूढानीलकण्ठ स्कुल भर्ना गरियो । सरकारलाई बोर्डर्स गर्नुका पछाडि सरकारको त्यही उपद्र्याह र हठी स्वभाव कारण थियो भन्ने मलाई लाग्छ । किनभने दरबारमा सरकारले तलदेखि माथिसम्म सबैलाई हैरानै पारिबक्सेको थियो । बूढानीलकण्ठ स्कुल सवारी भएपछि सरकारको उपद्रो घट्छ भनेको त झनै बढ्यो । युवराजाधिराजका हिसाबले पनि सरकारले स्कुलमा अरू विद्यार्थीको तुलनामा अलिक ज्यादा नै स्वतन्त्रता र अवसर पाइबक्स्यो । सरकारका

बदमासी बढे । त्यही बेलादेखि नै रक्सी खान सुरु गरेको सूचना हामीले पाएका थियौं । 'ग्याङ फाइट' मा 'टिम लिडर' नै भएर गएको भन्ने खबर आइरहन्थ्यो । एक पटक सरकारका सहपाठीहरूको सिद्धार्थ वनस्थली स्कुलका विद्यार्थीसँग झगडा परेछ । अनि सरकार बूढानीलकण्ठ स्कुलका विद्यार्थीको 'टिम लिडर' भएर खेतैखेत हिंडेर सिद्धार्थ वनस्थली स्कुलका विद्यार्थीलाई कुट्न गइबक्सेछ । यसरी बूढानीलकण्ठ स्कुल गएपछि 'म अरूभन्दा ज्यादा नै तगडा छु' भनेर देखाउने र अरूलाई पिटेर ढाल्ने अवसर पाइबक्स्यो, जुन मनोविज्ञान सरकारमा सानो छँदादेखि नै प्रबल थियो । 'बडिबिल्डर', 'बक्सर' या 'कराते एक्सपर्ट' का रूपमा पनि सरकारले आफूलाई विकसित गरिबक्स्यो । सरकारको रुचि अनुसारकै सैनिक अधिकृत र प्रहरी अधिकृतलाई छानेर दरबारले प्रशिक्षक र एडीसीका रूपमा बूढानीलकण्ठ स्कुल पठाएको थियो । कहिलेकाहीं छुट्टीका बेला राजदरबार सवारी हुँदा आफ्ना पाखुरा हामीलाई देखाउँदै 'ए, तिम्रो कति सानो पाखुरा, हेर त मेरो...' भनिबक्सन्थ्यो । बूढानीलकण्ठ स्कुलबाट बिदामा सवारी भएका बेला दीपेन्द्र सरकार एक दिन राति राजदरबारको उत्तरपूर्वको पर्खालबाट हामफालेर बाहिर सवारी भएछ । सरकार हराएपछि राजदरबारमा निकै हल्लीखल्ली मच्चियो । सरकारलाई खोज्न एडीसी र सैनिक प्रहरीलाई निकै समस्या पऱ्यो । अनेक दौडधूपपछि बल्ल उनीहरूले युवराजाधिराजलाई राजदरबार फर्काएका थिए । त्यस बेला सरकारका केही साथीहरूलाई सैनिक प्रहरीले राजदरबारमा बोलाएर सोधपुछ पनि गरेको थियो । जे होस्, बूढानीलकण्ठ स्कुल गएपछि दीपेन्द्र सरकारको आमाबुबासँग झनै दूरी बढ्यो । सरकारहरूले खर्चमा नियन्त्रण गरिबक्सेको थियो । तर युवराजाधिराजले अन्य कैयौं स्रोत र उपायबाट खर्च जुटाउने गरिबक्सेको मैले थाहा पाएको थिएँ । युवराजाधिराजले आफ्ना आमाबुबाले दिएको खर्चले नपुगेर अन्यत्रबाट खर्च जुटाउन थाल्नु भनेको वास्तवमै चित्रण गर्न नसकिने अवस्था हो । त्यस्तो अवस्थाबाट एउटा मान्छेको सही व्यक्तित्व विकास कसरी हुन सक्थ्यो ?

परपीडक स्वभाव दीपेन्द्र सरकारमा सानैदेखि देखिन्थ्यो । दरबारमा उडिरहेको परेवा गुलेली हानेर मार्न खोजिबक्सन्थ्यो । गुलेली लागेर परेवा भुइँमा खस्दथ्यो पनि । अनि परेवा मरेको छैन भने त्यसलाई झनै दुःख दिएर मार्ने गरिबक्सन्थ्यो । उडिरहेको कागलाई पनि गोली हानेर झार्ने । र, त्यसै गर्ने । कहिलेकाहीं जिउँदो मुसा समात्ने र पुच्छरमा आगो लगाइदिएर छोडिदिने । त्यसलाई तड्पाई-तडपाई मार्ने । कहिलेकाहीं भने अति भावुक र गम्भीर स्वभाव पनि देखाइबक्सन्थ्यो । यात्रा गर्न रुचाइबक्सन्थ्यो । सानै उमेरदेखि कविता लेखिबक्सन्थ्यो । बूढानीलकण्ठमा हुँदा सरकारले धेरै राम्राराम्रा कविता लेखिबक्सेको छ । सरकारको साहित्यमा विकास होस् भनेर दरबारबाट नेपाली भाषा र साहित्यका केही राम्रा शिक्षकहरूको समेत व्यवस्था गरिएको थियो ।

बूढानीलकण्ठ स्कुलमा कक्षा ७ मा अध्ययन गरिरहेकै बेला दीपेन्द्र सरकारले मसँग एक पटक आफ्नो पीडा 'सेयर' गरिबक्स्यो, 'मलाई मुमाले अनावश्यक नियन्त्रण गर्न खोजिबक्सन्छ । तिमीले मुमालाई सम्झाइदेऊ ।' यसमा मैले केही गर्न र भन्न

सक्ने कुरा थिएन । खास कुरा त्यति बेला के परेछ भने सरकारले सुप्रिया शाहलाई मन पराइबक्सेछ । सरकारले सुप्रियालाई 'लभलेटर' लेख्ने गरेको कुरा कुनै स्रोतबाट बडामहारानी सरकारले थाहा पाइबक्सेछ । सायद त्यसबारे बडामहारानी सरकारले युवराजाधिराजलाई भनिबक्स्यो, जुन कुरा दीपेन्द्र सरकारलाई मन परेन र मलाई आफ्नो पीडा 'सेयर' गरिबक्सेको थियो । सुप्रिया सरकारसँगै पढ्ने त होइन, तर कक्षा ७ मा पढ्दादेखि नै दीपेन्द्र सरकारले सुप्रियालाई मन पराइबक्सेको थियो । सरकारले सुप्रिया बाहेक पनि विभिन्न केटीलाई भेट्ने र 'लभलेटर' लेख्ने गरेको कुरा समेत हामी एडीसीले थाहा पाइरहेका हुन्थ्यौँ । त्यो उमेरमा 'गर्लफ्रेन्ड' बनाउने र 'लभलेटर' लेख्ने गरेको बडामहारानीलाई मन पर्ने कुरै भएन । कुनै पनि अभिभावकलाई मन पर्दैन । त्यति सानो उमेरमै यस्तो व्यवहार गर्नु राम्रो पनि होइन । त्यसमाथि बडामहारानी सरकारबाट व्यक्तिगत रूपमा भन्दा पनि पारिवारिक नाताका हिसाबले दीपेन्द्र र सुप्रियाको वैवाहिक सम्बन्ध रूचाइबक्सेको थिएन । दीपेन्द्र र सुप्रिया दुई दिदी-बहिनीका नाति र नातिनी । सुप्रिया मुमा बडामहारानी रत्नकी आफ्नै दिदीकी नातिनी । त्यसै कारण सरकारबाट दीपेन्द्रको सुप्रियासँगको सम्बन्ध तोड्न चाहिबक्सेको थियो । आफ्नी मुमालाई मन नपरेको भए पनि युवराजाधिराजलाई चाहिँ त्यही केटीसँग सम्बन्ध राख्नुपर्ने । यो विषयमा सरकारहरूमा 'इगो' बढिरहेको थियो । बडामहारानी सरकार कुनै पनि हालतमा सुप्रियासँग विवाह हुनै नदिने अडानबाट विचलित होइबक्सेन । त्यति नजिकको नातामा विवाह गऱ्यो भने सम्बन्ध राम्रो हुँदैन, बच्चा पनि राम्रो जन्मँदैन भन्ने सरकारको जिकिर थियो । 'सुप्रिया नट कम्पिनेन्ट टु दी क्वीन' (सुप्रिया रानी हुन लायक छैन) पनि भनिबक्सन्थ्यो । यसरी हुकुम भएको मैले पनि सुनेको छु । बडामहारानीले सोझै यसो भन्दा युवराजाधिराजलाई पटक्कै मन पर्दैनथ्यो र 'ह्वाट डज सी थिङ्क अफ हरसेल्फ ? ह्वाट वाज सी बिफोर ?' (मुमाले आफूलाई के ठानेको ? विवाह गर्नुअगाडि मुमाको के हालत थियो ?) समेत भन्ने गरिबक्सन्थ्यो, त्यो कलिलो उमेरमै ।

उता, सुप्रिया आफ्नै दिदीकी नातिनी भएकाले 'युवराजाधिराजसँग सुप्रियाको विवाह ठीक हुन्छ, राम्रो हुन्छ' भन्ने मुमा बडामहारानी रत्नको जोड थियो । यसबारे महाराजाधिराजका माध्यमबाट रत्नले दबाव दिने काम भइरहेको छ भन्ने पनि सुनिएको थियो । यस प्रकार राजा वीरेन्द्र मुमा बडामहारानी र बडामहारानीको दोहोरो दबावमा होइबक्सन्थ्यो । युवराजाधिराजले एसएलसी सकेलगत्तै सरकारको विवाहको चर्चा चलिरहेको थियो । बडामहारानीको कडा स्वभावका कारण राजपरिवारमा सितिमिति कसैले पनि सरकारको कुरा काट्नै नसक्ने । सबैले बडामहारानीकै लाइन लिने । सासू-बुहारीको कुरा नमिलेपछि वीरेन्द्र सरकारले कुनै पनि निर्णय लिन सकिबक्सेन । यो विषयलाई त्यतिकै छाडिबक्स्यो । युवराजाधिराजले सुप्रियालाई मन पराएको हिसाबले मुमा बडामहारानी रत्न र दीपेन्द्रको सम्बन्ध भने सुमधुर थियो ।

युवराजाधिराजको विवाहका लागि धेरै पटक केन्द्र निवासबाट विभिन्न केटीको तस्बिर दरबार पठाइयो । सबै तस्बिर सङ्कलन गर्ने काम केन्द्र निवासबाटै भएको थियो ।

केन्द्र निवास बडामहारानी ऐश्वर्यको माइतीघर । युवराजाधिराजले तीमध्ये कुनै पनि केटी हेर्ने इच्छा नै गरिबक्सेन । बडामहारानी सरकारको गरिमा राणाप्रति झुकाव थियो । सायद राणा परिवारकी केटी नै विवाह गराउने सरकारको इच्छा थियो । त्यस बेला अधिराजकुमारी श्रुति भारत, राजस्थानको अजमेर सहरको मेयो कलेजमा पढिबक्सन्थ्यो । वीरेन्द्र सरकार र ऐश्वर्य सरकार छोरीलाई भेट्न गइबक्सन्थ्यो । त्यही बेला जयपुरका महाराज ब्रिगेडियर भवानी सिंहलाई भेट्न सरकारहरू सवारी भएको थियो । जयपुर महाराजकी एक्ली छोरी थिइन् । सायद उनले आफ्नी छोरीको विवाह युवराजाधिराज दीपेन्द्रसँग गराउन प्रस्ताव राखेका थिए । यो बाहेक भारतीय मूलकी अन्य कुनै पनि केटीको दीपेन्द्र सरकारसँग विवाहका लागि प्रस्ताव आएको मलाई जानकारी छैन ।

विवाहको प्रसङ्ग चल्दाचल्दै सन् २०४५ सालमा दीपेन्द्र सरकार उच्च शिक्षा अध्ययनका लागि बेलायतको इटन कलेज सवारी भयो । त्यहींबाट ए लेभलको अध्ययन पूरा गरिबक्स्यो । देवयानी त्यति बेला बेलायतमै पढिरहेकी थिइन् । दीपेन्द्रको देवयानीसँग 'अफेयर' त्यहींबाट सुरु भएको थियो । यसबीच सुप्रियासँगको सम्बन्धलाई पनि सरकारबाट निरन्तरता दिइबक्सेको थियो । यसरी दुई जनासँग एकै पटक 'अफेयर' चलेको थियो, दीपेन्द्र सरकारको । यो नयाँ कुरा थिएन । सानै उमेरदेखि सरकारको अनेक केटीसँग चक्कर थियो । सुप्रिया र देवयानीसँगको कुरा मात्र बाहिर सबैलाई थाहा भएको हो । बेलायतमा दीपेन्द्र सरकारका स्थानीय अभिभावक लर्ड क्यामवाइज हुनुहुन्थ्यो । उहाँसँग पशुपतिशमशेर जबराको पनि चिनजान थियो । लर्ड क्यामवाइज पशुपतिकी छोरी देवयानीका पनि स्थानीय अभिभावक हुनुहुन्थ्यो । क्यामवाइजका तीन छोरी थिए । तिनीहरूसँग युवराजाधिराजको सुमधुर सम्बन्ध थियो । यही क्रममा दीपेन्द्र सरकारको देवयानीसँग चिनजान भयो र 'अफेयर' सुरु भयो । त्यहाँ कुनै एडीसी खटाइएको थिएन । दीपेन्द्र सरकारलाई बिदामा कहिलेकाहीं काठमाडौं लिएर आउनुपर्‍यो भने बेलायतस्थित शाही नेपाली राजदूतावासका सैनिक सहचारीले ल्याउने-लैजाने गर्दथे ।

देवयानीसँगको सम्बन्ध दीपेन्द्र सरकारले नेपाल फर्केपछि पनि कायम गरिबक्स्यो । साथै सुप्रियासँग पनि । देवयानीसँग 'अफेयर' भएको थाहा भएपछि सुप्रियाको दीपेन्द्र सरकारसँग निकै खटपट भयो भन्ने पनि सुनिएको थियो । देवयानीका तर्फबाट चाहिं कुनै गुनासो सुनिएन । देवयानी आधुनिक तथा खानदानी परिवारमा जन्मेकी, हुर्केकी र पढेकी पनि । त्यसो भएर होला, उनका तर्फबाट कुनै पनि किसिमको गुनासो आएन । व्यवहारमा देवयानी धेरै हिसाबले माथिल्लो स्तरको भएको सुनिएको थियो । सायद त्यही कुरा हेरिबक्स्यो होला दीपेन्द्र सरकारले । दुवै जनासँग सम्बन्ध भएर पनि अन्त्यमा देवयानीलाई विवाह गर्ने भन्ने टुङ्गोमा दीपेन्द्र सरकार पुगिबक्सेको देखिन्छ । तर यो कुरा त बडामहारानीलाई झनै मन परेन । सुप्रिया त मन परिरहेकी थिइनन् भने देवयानीलाई मन पराउने कुरै थिएन । मौसुफ मात्र होइन, मुमा बडामहारानी लगायत राजदरबारमा कसैलाई पनि यो कुरा मन परेन । देवयानीको मावल भारतमा थियो । भारतमा सम्बन्ध भएकी केटीसँग युवराजाधिराजको विवाह गराउनु हुन्न भन्ने विषयमा राजदरबारमा सबैको

एकमत थियो । दरबारले भारतसँग कुनै पनि पारिवारिक नाता सम्बन्ध जोड्नु हुन्न भन्ने मान्यता राजा महेन्द्रबाट विकास भएको हो । दरबारको भित्री कुरा विदेशीकहाँ नपुगोस् भन्ने मौसुफको उद्देश्य थियो । त्यसै आधारमा महेन्द्र सरकारले आफ्नो विवाह नेपालीसँगै गरिबक्सेको थियो भने आफ्ना तीन छोरा र तीन छोरीहरूको विवाह पनि एकै घरमा र नेपालीसँगै गराइबक्सेको थियो । देवयानीको मामिलामा दीपेन्द्र सरकार एकातिर र अन्य सरकारहरू अर्कोतिर भएपछि यसले पारिवारिक कलहको रूप लिन पुग्यो ।

इटन कलेजमै पढ्दा दीपेन्द्र सरकारको एक जना जापानी केटीसँग अर्को 'अफेयर' चलेको रहेछ । त्यहीं अरू केटीसँग पनि अनेक हिसाबले सरकारको चक्कर चलेको थियो भन्ने कुरा पछिसम्म सुनिन्थ्यो । त्यो जापानी केटीसँग भने निकै गहिरो सम्बन्ध रहेको थाहा भयो । उसले पछि धेरै पटक नेपाल आएर दीपेन्द्र सरकारलाई भेटिरहेकी थिई । कहाँकहाँ केके हुन्थ्यो, त्यो भने मलाई थाहा भएन । त्यति बेला म वीरेन्द्र सरकारको एडीसी थिएँ । युवराजाधिराजका अरू नै छुट्टै दुई जना एडीसी थिए । सरकारका सबै कार्यक्रम उनीहरूले मिलाउँथे । सरकारको त्यो जापानी केटीसँग विवाहकै विषयमा निकै लफडा परेछ । किनभने सरकारले उसलाई पनि विवाह गर्छु भनिबक्सेको रहेछ । आखिरी पटक नेपाल अँएका बेला त्यो जापानी केटीलाई एयरपोर्ट पुऱ्याउन दीपेन्द्र सरकारले एडीसी सेनानी गजेन्द्र बोहरालाई पठाइबक्सेछ । एयरपोर्ट पुग्ने बेलामा गजेन्द्रसँग त्यो केटीले के भनिछ भने, 'योर क्राउन प्रिन्स इज म्याड । ही विल डाई ए डग्स डेथ ।' (तिम्रो युवराजाधिराज पागल हो । उसको मृत्यु कुकुरको जस्तै हुनेछ ।) त्यसपछि त्यो जापानी केटी कहिल्यै नेपाल फर्केर आइन । सायद उसको बोली सत्य भयो ।

दीपेन्द्र सरकारसँग मेरो धेरै आत्मीयता थियो । सरकार एक्लै भएका बेला या कुनै पार्टीमा, मसँग विभिन्न विषयमा आत्मीय कुरा गर्न रुचाइबक्सन्थ्यो । नितान्त व्यक्तिगत कुरा पनि सुनाइबक्सन्थ्यो । माया, प्रेम सम्बन्धबारे पनि मलाई सुनाउन सक्ने गरी सरकारसँग मेरो सम्बन्ध विकसित भएको थियो । नेपालको राजनीतिक विषयमा समेत सरकार मसँग खुलेरै बहस गरिबक्सन्थ्यो । कहींकतै सरकारको एडीसीका रूपमा म खटिएको छु भने सरकार जे काम गर्न रुचाइबक्सन्छ, त्यसमा मलाई पनि सरिक गराउन चाहिबक्सन्थ्यो । जस्तो : सरकार ड्रिङ्क्स गर्न चाहिबक्सँदा मैले पनि ड्रिङ्क्स नगरी धरै पाउँदिनथें । युवावस्थामा पुग्न लाग्दा समग्रमा दीपेन्द्र सरकारको दोहोरो चरित्र विकसित भइरहेको थियो । दरबारभित्र एकदमै नराम्रो, हठी, अनुदार, उच्छृङ्खल र कसैलाई नटेर्ने । तर बाहिर सार्वजनिक रूपमा देखिने सरकारको अर्को छवि थियो । त्यो उदार, खुला र जनतासँग घुलमिल हुने खालको थियो । यसबाट जनतामा दीपेन्द्र सरकार र राजसंस्थाप्रतिको आकर्षण बढिरहेको थियो ।

२०४६ भदौको कुरा हो । दीपेन्द्र सरकार इटन कलेजबाट बिदामा काठमाडौं सवारी होइबक्सेको थियो । त्यही बेला युगोस्लाभियाको राजधानी बेलग्रेडमा असंलग्न राष्ट्रहरूको शिखर सम्मेलन हुँदै थियो । वीरेन्द्र सरकार त्यसका निम्ति बेलग्रेड सवारी हुने कार्यक्रम थियो । दीपेन्द्र सरकार लन्डन फर्कने क्रममा बेलग्रेड सम्मेलनमा सहभागी

होइबक्सने कार्यक्रम बन्यो । म लेफ्टिनेन्ट कर्णेल थिएँ । म सरकारको एडीसी भएर बेलग्रेड खटिएँ । प्लेनमा सरकार र मेरा बीच धेरै विषयमा कुरा भयो । सिट पनि एकै ठाउँ थियो, बिजिनेस क्लासमा । त्यो उडानमा सरकारले धेरै ड्रिङ्क्स गरिबक्सेको थियो । दीपेन्द्र सरकारको जिद्दी स्वभावका कारण मैले पनि ड्रिङ्क्स गर्नुपऱ्यो । त्यस बेला सरकारले आफ्नो विवाहबारे मसँग खुलेर कुरा गरिबक्स्यो । त्यसै क्रममा प्लेनमा दीपेन्द्र सरकारबाट हुकुम भयो, 'विवेक, आई डोन्ट नो, ह्वाट द लभ इज । आई नेभर गट इट ।' (विवेक, माया भनेको के हो ? मलाई थाहा छैन । त्यो मैले कहिल्यै पाइनँ ।) सायद सरकारले आफ्नी मुमा ऐश्वर्यबाट पाउन नसकेको मायाबारे भनिबक्सेको थियो ।

दीपेन्द्र सरकारसँग म सबै विषयमा प्रस्ट रूपमा कुरा गर्थें । राजनीतिकै विषयमा पनि एकदमै प्रस्टसँग भन्थें । सरकार के भनिबक्सन्थ्यो भने, 'विवेक, तिमी ब्ल्याक एन्ड ह्वाइटका कुरा गर्छौ । तर राजनीति भनेको फरक हो । यो अर्कै कुरा हो । यो ग्रे लाइनबाट मात्र चल्छ ।' बेलग्रेड सवारीका बेला पनि मेरो सरकारसँग राजनीतिका विषयमा व्यापक छलफल भएको थियो । मैले नेपालको राजनीतिमा यो-यो विकृति छ, पञ्चायती व्यवस्थाको यो-यो पक्षको सुधार हुनुपर्छ भनेको थिएँ । त्यस बेला युवराजाधिराज सरकारलाई मैले के जाहेर गरेको थिएँ भने, 'पञ्चायत नीति तथा जाँचबुझ समितिको स्थापना क्यान्सर रोगको सुरुवात थियो । यो समितिले पञ्चायतका उम्मेदवार छनोट गरी पठाउने जुन कामको सुरुवात गऱ्यो, त्यो एकदमै ठूलो भूल थियो । त्यहींबाट पञ्चायत व्यवस्थाको अन्त्यको सुरुवात पनि भयो ।'

पञ्चायत नीति तथा जाँचबुझ समिति २०३२ सालमा स्थापना हुँदा म क्याप्टेन मात्र थिएँ । वीरेन्द्र सरकारलाई राजनीतिक विषयमा जाहेर गर्न सक्ने हैसियतमा थिइनँ । तर पञ्चायत नीति तथा जाँचबुझ समिति गठन भएपछि मेरो मनमा पञ्चायती व्यवस्थाको भविष्यमाथि आशङ्का उत्पन्न भएको थियो । मैले त्यो कुरा मेरा हाकिमहरू शान्तकुमार मल्ल र ताराबहादुर थापालाई भनेको थिएँ । समय बित्दै जाँदा यो कुरा वीरेन्द्र सरकारलाई जाहेर गरें । त्यति बेला मेरो विश्लेषण थियो, 'अब पञ्चायतलाई क्यान्सर लाग्यो । अब पञ्चायतको आयु १५ वर्ष मात्र हो ।' सरकार त छक्क परिबक्स्यो । सरकारबाट हुकुम भयो, 'विवेक, हामीले त यसरी केही कुरा सोचेकै छैनौं । कुनै एडीसीले भनेको छैन, न त कुनै सचिवले ।' २०३६ सालमा जनमत सङ्ग्रह सम्पन्न भयो । त्यस बेला मेरो सुझाव थियो, 'पञ्चायतलाई लागेको क्यान्सर चिरफार गरेर फाल्ने उपयुक्त मौका यही हो ।' यो कुरा मैले धेरैलाई भनें । तर मेरो कुराको कहीं सुनुवाइ भएन । पञ्चायतमा सुधार हुनुको सट्टा बरु झन् उल्टो भयो । यी दुवै प्रसङ्ग मैले बेलग्रेड सवारीका क्रममा दीपेन्द्र सरकारलाई सुनाएको थिएँ । त्यस बेला सरकारबाट मेरो कुरामा असहमति जाहेर गरिबक्सेको थियो । अनि त्यही ग्रे लाइनको कुरा गरिबक्सेको थियो । (सरकारसँग यसरी कुरा भएको छ महिनापछि नेपालमा जनआन्दोलन उठ्यो । त्यसबाट पञ्चायती व्यवस्थाकै अन्त्य हुन पुग्यो । यसपछि भने दीपेन्द्र सरकारले अक्सर मेरा कुरा

सुन्न र सल्लाह मान्न थालिबक्सेको थियो । मेरो विश्लेषण के थियो भने, पञ्चायतको अन्त्य हुनुमा बहुदलीय व्यवस्थावादी दलको आन्दोलनभन्दा पनि पञ्चायत चलाउने नेताकै कमजोरी प्रमुख थियो । खास गरी राजदरबारकै कमी–कमजोरीका कारण पञ्चायत व्यवस्था चाँडै ढल्न पुग्यो । मेरो कुरा दीपेन्द्र सरकारले राम्रोसँग बुझिबक्सेको थियो ।)

बेलग्रेड जाने क्रममा हामी बोनमा तीन रात बस्यौँ । त्यति बेला सिंहप्रताप शाह जर्मनीका लागि शाही नेपाली राजदूत हुनुहुन्थ्यो । नातामा उहाँ मेरा कान्छा ससुरा । मेरी श्रीमती र छोराहरू त उहाँ राजदूत भएका बेला जर्मनी गइसकेका थिए । म जान पाएको थिइनँ । दीपेन्द्र सरकारले सिंहप्रताप शाहलाई असाध्यै मन पराइबक्सन्थ्यो । उहाँले पनि सरकारलाई माया गर्ने । एकदमै आत्मीयता थियो सरकार र सिंहप्रताप शाहका बीचमा । बोन पुग्नासाथ सरकारले 'रविराज थापालाई बोलाऊ' हुकुम भयो । उहाँ प्रहरीको डीएसपी हुनुहुन्थ्यो र फ्र्याङ्कफर्टमा अध्ययन गरिरहनुभएको थियो । दीपेन्द्र सरकारले एकदमै रुचाउने उहाँलाई । रविराज मेरो पनि साथी । उहाँलाई बोलाइयो । उहाँ पहिले राजदरबारमा प्रहरीका तर्फबाट दुई वर्षको आवधिक शाही पार्श्ववर्तीमा बसिसक्नुभएको थियो । त्यस्तै बूढानीलकण्ठ स्कुलमा पनि युवराजाधिराजलाई पढाउन दुई वर्ष बस्नुभएको थियो । जर्मनीमा हामी तीन जना तीन रात सँगै भयौँ । त्यहाँ हाम्रो काम हुन्थ्यो रातभर ड्रिङ्क्स गर्ने र गफ गर्ने । गीत गाउने । रविराज थापा पनि बक्सर । बक्सर भएकाले दीपेन्द्र सरकारले झनै मन पराउने । हामी तीनै जना कुस्ती खेल्ने, फाइट गर्ने । तीन रात यसरी नै बितायौँ ।

वीरेन्द्र सरकार बेलग्रेड सवारी हुनुभन्दा दुई दिनअघि हामी त्यतातिर लाग्यौँ । राजदूत मोटर लिएर बेलग्रेड जानुभयो । हामी चाहिँ जहाजमा गयौँ । दुई रात हामीले होटलमै बितायौँ । त्यहाँ पनि रातभर रक्सी खाने, डिस्को जाने गर्न थाल्यौँ । मैले कहिलेकाहीं यसो नगरौँ भन्दा सरकार रिसाइबक्सन्थ्यो । अनि सरकारले भने अनुसार सबै कुरामा साथ दिनैपर्ने हुन्थ्यो । दुई दिनपछि वीरेन्द्र सरकार र बडामहारानी सरकारको सवारी भयो । सरकारहरूलाई भिल्ला दिइएको थियो । तर दीपेन्द्र सरकार भिल्लामा बस्न मानिबक्सेन । 'म त होटलमै बस्छु' हुकुम भयो । सरकारको एडीसी भएकाले म पनि होटलमै बसेँ । सम्मेलनमा गर्नुपर्ने कामदेखि सवारी चलाउनेसम्मका सबै काम मैले होटलबाटै गरेँ । दिनभरि सम्मेलनमा भाग लिएर साँझ होटल फर्केपछि हामी रक्सी खान्थ्यौँ । राति सहर घुम्थ्यौँ ।

बेलग्रेडमा मैले के देखेँ भने युवराजाधिराज सरकार केटीहरूको मामिलामा ज्यादै कमजोरी देखाइबक्सन्थ्यो । सरकार बेलाबेला मैले '...यसो गरेँ, उसो गरेँ' भनेर विभिन्न प्रसङ्गहरू सुनाइबक्सन्थ्यो । कुरा सुन्दा सरकार ज्यादै 'सेडिस्ट नेचर' को पनि लाग्यो, मलाई । एक पटक सरकार होटलमा रातभर ड्रिङ्क्स गरेर बसिबक्स्यो । एक जना स्थानीय केटी पनि सँगै थिई । राति तीन बजे सरकार 'म यो केटीलाई तल छोडेर आउँछु' भनेर कोठाबाहिर सवारी भयो । सुन्दरप्रताप राना सहित अरू दुई जना एडीसी थिए । लिफ्ट चढ्ने बेलामा सरकारले 'तिमीहरू जानुपर्दैन' हुकुम भयो । सरकार त्यो

केटीलाई लिएर लिफ्टभित्र छिरिबक्स्यो । मैले सुन्दरलाई भऱ्याङबाट तल पठाएँ । अर्को एडीसीलाई माथि नै राखें । सरकार लिफ्टमा साढे दुई घण्टा राज भई बिहान साढे ५ बजे मात्र तल ओर्लिबक्स्यो । तल गएको एडीसी तलै र माथिको एडीसी माथि नै कुरेर बस्नुपरेको थियो । लिफ्ट बिग्रिएको हो कि भनेर कसैलाई खबर गर्ने कुरा पनि आएन । एकै पटक बिहान सरकार हाँस्दै सवारी भयो ।

असंलग्न राष्ट्रहरूको शिखर सम्मेलन सकियो । दीपेन्द्र सरकारको इटन कलेज सवारी हुने दिन आइपुग्यो । इटन कलेजसम्म सरकारको सवारी मैले नै चलाउनुपर्ने थियो । सवारी हुनु अघिल्लो राति अबेरसम्म रक्सी खाइयो । निकै अबेर सुतियो रक्सीले फिट्टु भएर । बिहानै फ्लाइट थियो, बेलामा उठ्नै सकेनौं । उठ्दा त एयरपोर्ट पुग्ने बेला भइसकेछ । कुनै प्याकिङ गरिएको थिएन । युवराजाधिराज सरकारको प्याकिङ पनि मैले नै गर्नुपर्ने । सरकारलाई फोन गर्छु, फोन उठाइबक्सँदैन । सरकारको कोठाको चाबी पनि मैसँग थियो । खोलेर सरकारलाई जबर्जस्ती उठाएँ । सरकार बुबा-मुमासँग बिदाइका लागि मौसुफहरू राज भएको भिल्लासम्म जानुपर्ने थियो । बल्लबल्ल हामी भिल्ला पुग्यौं । वीरेन्द्र सरकार र बडामहारानी सरकारसँग बिदा हुने बेलामा समेत युवराजाधिराज रक्सीले मातेको झल्लु अवस्थामै होइबक्सन्थ्यो । बडामहारानी सरकारले गाली पनि गरिबक्स्यो, 'विवेक, तिमीले यो के गरेको ?' हतार-हतार हामी एयरपोर्ट पुग्यौं । हाम्रो कारणले फ्लाइट एक घण्टा ढिला भएछ । त्यहाँ पुग्दा हाम्रो हालत बोल्नै नसक्ने बनेको थियो । एयरपोर्टमै ब्ल्याक कफी मगाएर खायौं । यस्तै अवस्थामा लन्डन पुग्यौं । बेलायतस्थित शाही नेपाली राजदूतावासबाट हामीलाई लिन हिथ्रो एयरपोर्टमा मोटर आएको थियो । त्यहाँबाट सोझै इटन कलेज पुग्यौं ।

युवराजाधिराजको चाहना थियो, म इटन कलेजमै बसूँ । सरकारले मलाई बिदा दिन मानिबक्सेको थिएन । आलटाल गरिबक्सेको थियो, 'विवेक, म बुबालाई भन्छु, तिमी यहीं बस' हुकुम भयो । तर त्यो कुरा सम्भव थिएन । म सरकारलाई छाडेर राजदूतावास गएँ । त्यो बेला बेलायतमा राजदूत हुनुहुन्न थियो, कार्यवाहक राजदूत हुनुहुन्थ्यो बद्रीप्रसाद खनाल । उहाँ मेरो कलेज पढ्दाका गुरु पनि । शाही पार्श्ववर्ती टीका धमला त्यो बेला बेलायतमै स्टाफ कलेज कोर्स गर्दै हुनुहुन्थ्यो । मैले टीकालाई फोन गरें । अल्डरसटमा हरिविभोर कार्कीको नेपाली रेस्टुराँ थियो । उहाँकै रेस्टुराँमा टीकाले डिनरको आयोजना गर्नुभयो । त्यहाँ पनि रातभर ड्रिङ्क्स गरेर बसियो । बिहान ५ बजे राजदूतावास आएर सामान लिई म सीधै एयरपोर्ट गएँ । प्रागमा म वीरेन्द्र सरकारको सवारीमा संलग्न भएपछि फिनल्यान्ड लगायत युरोपका विभिन्न देशमा सरकारहरूको राजकीय भ्रमण सुरु भयो । त्यसपछि भने मलाई अलिक सहज भएको थियो ।

दीपेन्द्र सरकार एसएलसी दिएपछि नै सुप्रियासँग विवाह गर्न चाहिबक्सन्थ्यो । कक्षा १० मा अध्ययन गर्दाकै कुरा हो । बूढानीलकण्ठ स्कुलबाट राजदरबार सवारी होइबक्सेका बेला एक पटक बडामहारानी सरकार र युवराजाधिराज सरकारको नराम्ररी झगडा परेको थियो । युवराजाधिराज 'सुप्रियालाई विवाह गर्छु' भनिबक्सन्थ्यो । बडामहारानी सरकार

भने 'आजै विवाह गर्दिऊँ कि भोलि गर्दिऊँ ?' भनेर सरकारलाई हप्काइबक्सन्थ्यो । त्यही विवाहको किचलोका कारण राजा वीरेन्द्र र बडामहारानी ऐश्वर्यले दीपेन्द्र सरकारलाई बेलायत पढ्न पठाइबक्सेको हुन सक्छ । बेलायत पठाउनुको अर्को कारण पनि थियो । त्यो के भने वीरेन्द्र सरकारले इटन कलेजमै अध्ययन गरिबक्सेको थियो । त्यसैले मौसुफबाट दीपेन्द्र सरकारलाई पनि उच्च शिक्षा त्यही दिलाउन चाहिबक्सेको थियो । तर दीपेन्द्र सरकारको पटक्कै बेलायत जाने इच्छा थिएन । यतिका वर्ष होस्टेल बसियो, अब दरबारमै राम्रा प्राध्यापक राखेर त्रिभुवन विश्वविद्यालयमा उच्च शिक्षा अध्ययन गर्छु भन्ने सरकारको चाहना थियो । दीपेन्द्र सरकारबाट बेलायत गएको दुई वर्षमा ए लेभल पूरा गरिबक्स्यो । त्यसपछिको अध्ययन पनि बेलायतमै गराउने महाराजाधिराज र बडामहारानीको इच्छा थियो । तर दीपेन्द्र सरकार बेलायतमा बस्नै मानिबक्सेन । नेपालमै आएर पढ्छु भन्दै जबर्जस्ती बेलायतबाट काठमाडौं फर्किएर त्रिचन्द्र क्याम्पसमा भर्ना भइबक्स्यो । त्यहाँ भर्ना भए पनि कहिल्यै क्याम्पस नगई दरबारमै अध्ययन गरेर स्नातक उत्तीर्ण गरिबक्स्यो । सम्बन्धित विषयका प्राध्यापकहरू दरबारमै आएर पढाउँथे । सामान्य जनताका छोराछोरीसँगै बसेर परीक्षा दिइबक्सेको थियो । स्नातक सकेर केन्द्रीय क्याम्पस, कीर्तिपुरमा भर्ना भइबक्स्यो । सानैदेखि पढाइ राम्रो हो सरकारको । तर युवराजाधिराजको मेहनतभन्दा पनि शिक्षकको ज्यादा मेहनत परेको थियो विश्वविद्यालयको पढाइमा । जे होस्, भूगोल विषयमा स्नातकोत्तर गर्दा सरकारबाट 'फस्ट क्लास फर्स्ट' गरिबक्स्यो ।

सरकारको आधाभन्दा बढी उमेर विवाहको कचिङ्गलमै बित्यो । इटनबाट फर्केपछि सरकारले सुप्रियासँग विवाह गर्छु भन्न छाडिबक्सेको थियो । त्यसको सट्टा 'पहिले सुप्रियालाई विवाह गर्छु भन्दा मुमाले मानिबक्सेन, त्यसैले अब म देवयानीलाई विवाह गर्छु' भन्न थालिबक्सेको थियो । दीपेन्द्र सरकारले यसो भन्न थालेपछि बडामहारानीलाई झनै टाउकोदुखाइ भएको थियो । 'सुप्रियासँग विवाह नगर' भन्ने बडामहारानीबाट देवयानीको त झन् नामै सुन्न चाहिबक्सेको थिएन । देवयानीलाई विवाह गर्नु हुन्न भन्ने मुख्य कारण चाहिँ उनको नागरिकता नेपाली भए पनि उनी जन्मेको, हुर्केको, पढेको र पारिवारिक नाताका हिसाबले समेत भारतीय जस्तै हुन् भन्ने राजदरबारको बुझाइ नै थियो । त्यस बेला कस्तो अवस्था थियो भने, मुमा बडामहारानी 'सुप्रियासँग विवाह गर' भन्ने अनि बडामहारानी 'सुप्रिया पनि हुन्न, देवयानी पनि हुन्न' भन्ने । युवराजाधिराजको गरिमा राणासँगै विवाह होस् भन्ने बडामहारानीको चाहना थियो । श्रुति सरकार पनि आफ्नो दाजुको गरिमासँगै विवाह होस् भन्ने चाहिबक्सन्थ्यो । गरिमा श्रुति सरकारका कान्छा काका ससुरा लोकभक्त शमशेर जबराकी छोरी अर्थात् नाताले नन्द । तर दीपेन्द्र सरकार 'यी कसैसँग विवाह गर्दिनँ, देवयानीसँगै विवाह गर्छु' भन्ने अडानमा प्रतिबद्ध । यस्तो अवस्थामा वीरेन्द्र सरकारले कुनै निर्णय गरिबक्सेन । राजदरबारमा यो वादविवाद र बहसको विषय व्यापक बढिरहेको थियो । तर महाराजाधिराज बडामहारानी र मुमा बडामहारानीलाई केही भन्न नसकेर यस विषयमा निरीह जस्तो होइबक्सन्थ्यो ।

२०५७ असार १३ गते रात्रिभोज थियो राजदरबारमा । दीपेन्द्र सरकारको २९ औं शुभजन्मोत्सवको अवसरमा त्यो रात्रिभोज आयोजना गरिएको थियो । त्यति बेला म भर्खरै सैनिक सचिव भएको थिएँ । भोजमा मैले दीपेन्द्र सरकारको गाली पनि खाएँ । दीपेन्द्र सरकार कसैसँग कुरा गरिबक्सँदै थियो । प्रसङ्ग त विवाहकै थियो । म अर्कै व्यक्तिसँग कुरा गर्दै थिएँ । सरकारले मलाई बोलाएर अचानक मसँग रिसाइबक्स्यो । झर्केर हुकुम भयो, 'हेर विवेक, म २९ वर्ष भइसकेँ । मैले कहिले विवाह गर्ने ? कहिले सक्सेसर जन्माउने ? के तिम्रो यसमा केही भूमिका हुन्न ? तिमी सैनिक सचिव । मेरा बुबा र मुमालाई तिमी किन सम्झाउन सक्दैनौ ?'

मैले भनेँ, 'सरकार यो त नितान्त पारिवारिक मामिला हो । यसमा हामीले कुरा गर्न अप्ठ्यारो पनि छ । तर सरकारबाट हुकुम हुन्छ भने म भोलि नै महाराजाधिराज सरकारमा जाहेर गर्छु ।'

सरकारबाट फेरि हुकुम भयो, 'मैले भरत, ताराबहादुर र धर्मपाल (मानार्थ शाही पार्श्ववर्ती भरतकेशर सिंह, पूर्व शाही पार्श्ववर्ती ताराबहादुर थापा र पूर्व प्रधान सेनापति धर्मपालवरसिंह थापा) लाई बुबा-मुमालाई कन्भिन्स गराउन भनेको छु । अब यो टिममा तिमी पनि समावेश भयौ । यसबारे म तिमीसँग डिटेलमा पछि कुरा गर्छु ।'

त्यति बेला सरकार एकदमै टेन्स मुडमा होइबक्सन्थ्यो । राति एक बजेतिर पार्टी सिध्दियो । युवराजाधिराज सरकार युवा शाही नातेदार र साथीहरूलाई लिएर त्रिभुवन सदन सवारी होइबक्सेछ । त्यहाँ पनि विवाहकै विषयमा कुरा चलेछ । वादविवाद पनि भएछ । त्यहीं अधिराजकुमारी श्रुतिले 'दादाले अब गरिमासँग विवाह गरिबक्सनुपर्छ' भनेपछि दीपेन्द्र सरकारले श्रुति सरकारलाई हिर्काइबक्सेछ । त्यस बेला श्रुति सरकार गर्भवती होइबक्सन्थ्यो । यो कुरा मैले भोलि पल्ट थाहा पाएको थिएँ ।

केही दिनपछि दीपेन्द्र सरकारले मलाई बोलाइबक्स्यो । म गएँ, त्रिभुवन सदनस्थित सरकारको कार्यालयमा । सरकारबाट हुकुम भयो, 'विवेक, तिमीले मेरा बुबा-मुमासँग कुरा गर्‍यौ ?' मैले भनेँ, 'सरकार, मैले जाहेर गरेको छैन । यसबारे महाराजाधिराजमा जाहेर गर्ने विचार गरिरहेको छु ।'

सरकारबाट हुकुम भयो, 'तिमी सैनिक सचिव । राजदरबार सेवामा छौ । तिमीले मेरो पक्षमा बुबा-मुमासँग कुरा गर्‍यौ भने बुबा-मुमाको चित्त नबुझ्न सक्छ । त्यति बेला तिमीलाई नराम्रो पनि हुन सक्छ । त्यसैले मैले तिमीलाई त्यो टिमबाट हटाएँ ।' सरकारले त्यो टिममा आफैँ राखिबक्सेको थियो, आफैँ हटाइबक्स्यो । मलाई पनि ठीकै भयो भन्ने लाग्यो । सरकारले मसँग कतिसम्म कुरा खोलिबक्सेको थियो भने, 'यस्तै हो भने म ग्र्यान्डफादरले गरे जस्तै विवाह गर्छु । नागार्जुन गएर कसैले थाहा नपाउने गरी विवाह गर्ने तयारी गर्दै छु । कानुनी रूपमा पनि बुझ्दै छु । वडा अध्यक्षसँग पनि कुरा गर्न लगाएको छु ।' राजदरबार काठमाडौं महानगरपालिकाको वडा नं. ३ मा पर्छ । सरकारले त्यही वडाबाट विवाह दर्ताको प्रक्रिया मिलाउन लगाइबक्सेको रहेछ । वडा अध्यक्ष र आफ्ना नजिकका साथीभाइ बोलाएर नागार्जुन बङ्गलामा गएर 'सिभिल

म्यारिज' गर्ने तयारीमा सरकार होइबक्सन्थ्यो । राजा त्रिभुवन बाहिर गएको मौकामा तत्कालीन युवराजाधिराज महेन्द्रबाट पनि रत्नसँग यसरी नै 'सिभिल म्यारिज' गरिबक्सेको थियो रे । यसरी दीपेन्द्र सरकारले जेठ १९ को घटना हुनुभन्दा एक वर्षअगाडि नै देवयानीसँग विवाह गर्ने तयारी सुरु गरिबक्सेको थियो । सरकारले अरूसँग विवाह गर्ने कुनै सम्भावना नै थिएन ।

युवराजाधिराजको यत्रो ठूलो चाहना हुँदाहुँदै पनि बडामहारानीबाट किन यसो गरिबक्सेको होला भनेर हामी छक्क परेका थियौँ । अझ भन्ने हो भने देवयानीमा पछि बडामहारानी हुन सक्ने गुणहरू प्रशस्तै छन् भनेर युवराजाधिराजले भन्ने गरेको पनि मैले सुनेको थिएँ । सरकार देवयानी धेरै शालीन, कोमल, 'इन्टेलिजेन्ट', उच्च शिक्षा हासिल गरेकी र व्यावहारिक पनि छन् भनिबक्सन्थ्यो । तर बडामहारानी र युवराजाधिराज दुवैको 'स्ट्रङ हेडेड पर्सनालिटी' विवाहको प्रसङ्गले झनै बढेर गयो । यसले गर्दा हामी एकदमै खिन्न थियौँ । यो एकदमै नराम्रो सङ्केत हो भन्ने हामीलाई लागिरहेको थियो । तर यसको समाधान हाम्रो बुताभन्दा बाहिरको कुरा थियो । बडामहारानीले छोरी श्रुति र कान्छो छोरा नीराजनलाई खुल्लमखुल्ला युवराजाधिराजका विरूद्ध उक्साउने गरेको बुझिएको थियो । विवाहको विषयलाई लिएर मैले पनि महाराजाधिराजमा पटक-पटक जाहेर गरेको थिएँ । तर सरकारबाट कुनै पनि प्रतिक्रिया आउँदैनथ्यो । जानीजानी अबुझ जस्तो भएर 'विमेन्स डिपार्टमेन्ट, दे आर वर्किङ अन इट' (मुमा बडामहारानी र बडामहारानीबाट यो काम भइरहेको छ) भनेर टारिबक्सन्थ्यो । वस्तुतः मुमा बडामहारानी र बडामहारानीको चर्को विवादमा महाराजाधिराज सरकार निरीह जस्तो होइबक्सन्थ्यो । विवाहकै प्रसङ्गलाई लिएर मुमा बडामहारानी र बडामहारानीको सम्बन्ध बीचबीचमा धमिलिएको समेत सुनिएको थियो । व्यक्तिगत व्यवहार पनि यान्त्रिक जस्तो देखिन थालेको थियो । कैयौँ दिनसम्म बडामहारानीबाट मुमा बडामहारानीलाई भेटिबक्सँदैनथ्यो ।

पारिवारिक कलह लामो समयदेखि कति जटिल अवस्थामा रहँदै आएको थियो भन्नेबारे विचार गर्दा एउटा प्रसङ्ग याद आउँछ । २०५४ सालमा कुनै एक शुक्रबार महाराजाधिराज र बडामहारानी डिनरका लागि केशरमहलस्थित अधिराजकुमारी श्रुतिको निवास सवारी भएको थियो । त्यस बेला सरकारहरू नागार्जुन बङ्गलामा राज होइबक्सन्थ्यो । डिनरपछि राति अबेर १ बजेतिर सरकारहरूको सवारी फिर्‍यो । बाटोमा सरकारहरू एक शब्द पनि बोलिबक्सेन । ड्युटीमा रहेका एडीसी टीका धमलाले केशरमहलमा दीपेन्द्र सरकारको विवाहकै विषयमा वादविवाद भएको बुझ्नुभएछ । नागार्जुन पुगेपछि सरकारहरू एडीसीलाई बिदा गरेर सुत्न गइबक्सेछ । अचानक राति करिब ३ बजे वीरेन्द्र सरकारले एडीसी टीका धमलालाई फोन गरेर 'मोटर लिएर भित्र आउनू' हुकुम भएछ । उहाँ मोटर लिएर गएपछि सरकारबाट 'सुरक्षालाई स्ट्यान्डबाई यहीं राख, तिमी र म मात्र ड्राइभमा जाऔँ' हुकुम भएछ । सरकार आफैँ ड्राइभ गरेर त्रिशूलीतिर सवारी भएछ । बिहान त्रिशूली बजार घुमेर सरकार त्रिशूली ब्यारेकमा सवारी होइबक्सेछ । यो कुरा थाहा पाउनेबित्तिकै

म बिहानै एडीसी अफिस, राजदरबार पुगें । मुख्य एडीसी उपरथी ताराबहादुर थापा नागार्जुन पुग्नुभयो । हामीले सरकारको सवारी दरबारमा फिर्ता गराउनेबारे विचार-विमर्श गऱ्यौं । बिहान १०/११ बजेतिर मात्र सरकार नागार्जुन बङ्गलामा फिर्ती सवारी होइबक्स्यो । यस घटनाको केही समयपछि सरकारलाई हृदयाघात भयो । लन्डन गएर उपचार गराइबक्स्यो ।

अधिराजकुमारी श्रुति महाराजाधिराजकी असाध्यै निकट र प्यारी पनि । अनि बडामहारानीका प्यारा अधिराजकुमार नीराजन । नीराजन एकदमै लजाउने स्वभावका । कान्छो भनेपछि हरेक आमा-बुबालाई स्वाभाविक रूपले प्यारो लागिहाल्छ । युवराजाधिराजलाई आफ्नो भन्दा पहिले बहिनी अधिराजकुमारी श्रुतिको विवाह भएको पटक्कै मन परेको थिएन । यसैबीच जेठ १९ को घटना हुनु एक-डेढ महिनाअघि लन्चमा बडामहारानीबाट 'दीपेन्द्रले हामीले खोजेकी केटी विवाह नगर्ने हो भने अब नीराजनको पनि विवाह गरिदिन्छौं, दीपेन्द्रले यस्तै गरिरहने हो भने नीराजनलाई नै युवराजाधिराज घोषणा गर्छौं' भनेर धम्कीको भाषा प्रयोग गरिबक्सेछ । दुवै कुरा दीपेन्द्र सरकारले मसँग 'सेयर' गरिबक्सेको थियो । अरू बेला पनि लन्च वा डिनरका बेला विवाहकै विषयमा बडामहारानी र युवराजाधिराजबीच निकै विवाद हुँदो रहेछ । बडामहारानीको धम्कीको भाषाले युवराजाधिराजलाई घाउमा नुनचुक छर्केको जस्तो हुँदो रहेछ । त्यस बेला महाराजाधिराज केही नबोली कुरा सुनेर मात्र बसिबक्संदो रहेछ । बुबाले आफ्ना तर्फबाट कहिल्यै केही नबोलिदिंदा युवराजाधिराजलाई झनै पीडा हुँदो हो । बडामहारानीले 'नीराजनलाई युवराजाधिराज घोषणा गर्न सकिने' हुकुम हुन थालेपछि युवराजाधिराज दीपेन्द्रले 'इफ आई डु नट बिकम दी किङ, नोबडी क्यान बिकम' (यदि म राजा भइनँ भने अरू कोही पनि राजा हुन सक्दैन) भन्न थालिबक्सेको समेत बेलाबेलामा सुनिन्थ्यो ।

दीपेन्द्र सरकारसँग भेट भएको बेला अक्सर विवाहको विषयमा नै कुरा हुन्थ्यो । पहिले-पहिले देशको समसामयिक परिस्थितिबारे पनि कुरा हुन्थ्यो । तर पछि गएर विवाहको तनावका कारण अन्य विषयमा कुरा कम हुँदै गइरहेको थियो । दीपेन्द्र सरकारले देवयानी बाहेक अरू जसलाई चाहे पनि विवाह गराइदिन महाराजाधिराज तथा बडामहारानी तयार होइबक्सन्थ्यो । तर सरकार देवयानी बाहेक अरूसँग विवाह गर्दै नगर्ने अठोटमा पुगिबक्सेको थियो । त्यस बेला देवयानीसँग दीपेन्द्र सरकारको विवाह गराउन एउटा निकै ठूलो समूह नै सक्रिय रहेछ, जुन कुरा हामीले धेरै पछि मात्र थाहा पायौं । देवयानीसँग विवाह गराउन परिवारका सदस्यहरू मात्र होइन, देश-विदेशका विभिन्न समूह पनि योजनाबद्ध रूपमै क्रियाशील रहेछन् । देवयानी भारतको ग्वालियर राजघरानाकी नातेदार भएकाले भारतीय संस्थापना पक्ष तथा नीतिनिर्माण तहमा रहेका केही पदाधिकारीहरूमा देवयानीलाई नेपालकी बडामहारानी बनाउन पाए राम्रो हुन्थ्यो भन्ने सोचाइ थियो । त्यस्तै, देवयानीनिकट राणा परिवारका साथै युवराजाधिराजका एडीसीहरूको पनि सरकारको विवाह देवयानीसँगै होस् भन्ने चाहना भएको देखिन्छ ।

स्वर्गीय त्रिभुवन सरकारका बडामहारानीहरू पनि भारतको हिमाचल प्रदेशको राजपूत परिवारकै सदस्य होइबक्सन्थ्यो । त्यसपछि भने नेपालको राजपरिवारका कुनै पनि सदस्य र भारतीय नागरिकबीच विवाह भएको थिएन ।

धेरै वर्षअघि दीपेन्द्र सरकार सम्बन्धी एउटा प्रसङ्ग मैले सुनेको थिएँ । मौसुफ जन्मिबक्सेपछि न्वारनको दिन चिना बनाउने क्रममा ज्योतिषी दिव्यमङ्गल जोशीले 'युवराजाधिराजको जन्म लगन ज्यादै खराब छ, राजपरिवारका लागि अनिष्ट पनि हुन सक्छ, राजा हुने योग पनि छैन' भन्नुभएछ । यसपछि दरबारबाट उहाँलाई चिना सच्याएर राम्रो बनाउनू भनिएको रहेछ । तर उहाँले मान्नुभएनछ । अनि तत्कालै उहाँलाई हटाएर अर्का ज्योतिषी डा. मङ्गलराज जोशीलाई ल्याएर चिना सच्याउन लगाइएछ । यो घटनापछि ज्योतिषी दिव्यमङ्गल जोशी कहिल्यै राजदरबार आउनुभएनछ । युवराजाधिराज दीपेन्द्रको स्वभाव, चरित्र र समग्र घटनाक्रम हेर्दा लाग्छ, ज्योतिषी दिव्यमङ्गल जोशीसामु सरकार र राजपरिवारको भविष्य त्यति बेलै छर्लङ्ग भइसकेको रहेछ ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि नेपालको अवस्थामा कुनै पनि किसिमको सुधार आएन; जनताले खासै केही पाउन सकेनन् । 'महाराजाधिराजले कडा कदम चाल्नुपर्‍यो' भनेर पछिल्ला वर्षहरूमा दरबारको एउटा खेमाबाट निरन्तर दबाव आइरहेको थियो । मेरो बुझाइमा दरबारको त्यो अनुदारवादी खेमाको प्रतिनिधित्व बडामहारानी, युवराजाधिराज दीपेन्द्र र अधिराजकुमार ज्ञानेन्द्रबाट हुन्थ्यो । यो खेमाले राजा महेन्द्रलाई आदर्श मान्थ्यो; राजा कडा हुनुपर्छ र दलहरूलाई पेलेरै जानुपर्छ भन्ने कठोर मान्यता राख्थ्यो । मुमा बडामहारानी रत्न लगायत राजपरिवारका अधिकांश सदस्य यस खेमामा होइबक्सन्थ्यो । तर महाराजाधिराज वीरेन्द्र 'प्रजातान्त्रिक तवरले नै अघि बढ्नुपर्छ, पार्टी तथा तिनका नेताहरूलाई सहयोग गर्नुपर्छ, सिकाउनुपर्छ, पार्टी प्रणालीलाई बलियो बनाउनुपर्छ' भन्ने मान्यतामा अडिग होइबक्सन्थ्यो । जति चर्को दबाव आउँदा पनि आफ्नो मान्यताबाट सरकार अलिकति पनि विचलित होइबक्सेन । यसरी अगाडि बढ्दा सरकारको 'लिडरसिप' फितलो भयो भन्ने पनि आरोप थियो । त्यही दृष्टिकोणबाट प्रभावित भएर युवराजाधिराज सरकारबाट आफ्ना बुबालाई कमजोर नेताका रूपमा लिइबक्सन्थ्यो र 'म कडा नेता बन्छु' भन्ने सोचाइ राखिबक्सन्थ्यो । युवराजाधिराजको अपरिपक्व, परपीडक एवं हठी स्वभावलाई 'दरो नेतृत्व' को गुणका रूपमा व्याख्या गरिदिनेहरूको दरबारभित्र र बाहिर समेत बिलकुलै कमी थिएन । दीपेन्द्र सरकारलाई 'ही इज अ गुड लिडर, स्ट्रङ लिडर, दीपेन्द्र सरकार स्ट्रङ किङ हुन सकिबक्सन्छ' भनेर केही मान्छेले बारबार उक्साउने गरेको हामीले नदेखेका, नसुनेका होइनौं । यस प्रकार राजपरिवारभित्रको कलह र विवाद तथा कमी–कमजोरीमा खेल्दै युवराजाधिराज दीपेन्द्रको महत्त्वाकाङ्क्षालाई उकासेर लामो तथा सुविचारित षड्यन्त्र अन्तर्गत देशी तथा विदेशी शक्तिले दरबार हत्याकाण्ड गराएको हो भन्ने मेरो निष्कर्ष रहेको छ ।

## केही अनुत्तरित प्रश्नहरु

संसारमा राजनीतिक दाउपेचका अनेक घटना भएका छन् । एउटा शक्तिले अर्कोलाई सिध्याउन अनेक किसिमका षड्यन्त्र गरिएका छन् । शक्तिमा भएको कुनै व्यक्तिलाई अर्को शक्तिले सिध्याउनु छ भने सबैभन्दा पहिले त्यो व्यक्तिको कमजोरी के छ भनेर खोज्दछ । त्यही कमजोरीको फाइदा उठाएर सिध्याउने हो । दरबार हत्याकाण्डका पछाडि पनि गम्भीर षड्यन्त्र छ भन्ने मेरो निर्क्योल छ । नेपालको राजसंस्था देशी-विदेशी कतिपय शक्तिका लागि अवाञ्छनीय र कुनै न कुनै रूपमा आक्रमणको निसाना त बनिरहेकै थियो । यसै क्रममा त्यस्तो शक्तिले दीपेन्द्र सरकारको कमजोरीको फाइदा उठाएर यो हत्याकाण्ड गराएको हो भन्ने मलाई लाग्दछ । मान्छेमा विभिन्न कमजोरी स्वाभाविक रूपले हुन्छन् । त्यस्तै कमी-कमजोरी दीपेन्द्र सरकारमा पनि थिए । सरकारको सबैभन्दा मुख्य कमजोरी महिला नै थियो । त्यस्तै, एउटा परिवारमा हुन सक्ने कलह या झगडा राजा वीरेन्द्रको परिवारमा पनि थियो । दरबारमा काम गरेको लामो अनुभवका आधारबाट हेर्दा मलाई युवराजाधिराजको विवाहका सन्दर्भमा दरबारभित्र उठेको किचलोमा दीपेन्द्र सरकारलाई कुनै वैदेशिक शक्तिले खेलाएको अनुभव हुन्छ । यो मूलतः राजनीतिक षड्यन्त्र थियो ।

राजदरबार हत्याकाण्डपछि यसको छानबिन गर्न गठित उच्चस्तरीय आयोगले त्यो रात घटनास्थलमा के भएको थियो भनेर मात्र छानबिन गरेको छ । घटनास्थलको वास्तविकता त्यही नै हो । तर आयोगमा विशेषतः विशेषज्ञहरू थिएनन् । समयावधि एकदमै कम थियो र आयोगलाई अधिकार क्षेत्र पनि त्यति मात्र लेखिएको थियो । त्यसैले हुन सक्छ, आयोगले घटनाको पृष्ठभूमि के थियो, घटना किन भयो, कसले घटना घटाउन सहयोग गरेको थियो जस्ता पक्षको खोजी गरेको छैन । घटनामा बाहिरी फ्याक्टरले पनि काम गरेको थियो कि ? देशी-विदेशी शक्तिकेन्द्रको षड्यन्त्र पो थियो कि ? दीपेन्द्र सरकारको पछाडि को थियो ? दीपेन्द्र सरकारलाई उक्साउने कोको थिए ? यसो गर भनेर सल्लाह दिने कोही थियो कि ? अनि दरबारमा खास गरी युवराजाधिराज दीपेन्द्रलाई लागू पदार्थको कुलतमा फसाउने गिरोह कुन थियो ? यस्ता धेरै अनुत्तरित प्रश्नहरू बाँकी नै छन्, जसको जवाफ अहिलेसम्म कसैले दिएको छैन । दीपेन्द्र सरकारबाट मात्र त्यो हत्याकाण्ड कसरी भयो भनेर थप अध्ययन र खोजी हुन आवश्यक छ ।

राजदरबार हत्याकाण्ड छानबिन सम्बन्धी उच्चस्तरीय आयोगले जुन प्रतिवेदन बाहिर ल्यायो, त्यो त त्यहाँ के भएको थियो भन्ने घटनास्थलको विवरण र प्रत्यक्षदर्शीको बयान मात्र हो । आयोगले छानबिन गर्ने क्रममा कुनै विशेषज्ञको सहयोग लिएको छैन । यो घटना किन, कसरी, केका लागि भएको हो, यसमा कसकसको संलग्नता छ, आदि-इत्यादि विषयमा बृहत् खोजतलास भएको छैन । यी सबै पक्षको विस्तृत छानबिन हुनुपर्छ । त्यस क्रममा आवश्यक परे विदेशी विशेषज्ञको पनि सहयोग लिनुपर्छ भनेर जोड दिँदै मैले धेरै पटक महाराजाधिराजमा जाहेर गरेको थिएँ । यस क्रममा सैनिक सचिवका रूपमा राजदरबारको सबै सुरक्षाको जिम्मेवारी मैले लिनुपर्छ भनेर आफ्नो हिसाबले अध्ययनका लागि एउटा टिम बनाएँ । घटनाका बेला एडीसीको के भूमिका भयो, सुरक्षाको दृष्टिले हामीले केही गल्ती गर्‍यौं कि,

कतै सुरक्षा कमजोरी भयो कि भनेर राजदरबारको सुरक्षाको दृष्टिले हामीले अध्ययन गऱ्यौं । सरकारलाई जाहेर गरेरै पूर्व प्रमुख सैनिक सचिव तथा मानार्थ शाही पार्श्ववर्ती रथी शान्तकुमार मल्लको संयोजकत्वमा उक्त अध्ययन टिम बनाइएको थियो । राजदबारभित्र मेरै कार्यकालमा यत्रो घटना भएपछि त्यहाँ बसिरहनु नैतिक दृष्टिले उपयुक्त हुँदैन भनेर मैले सैनिक सचिवबाट राजीनामा पनि दिएँ । तर मेरो राजीनामा महाराजाधिराज सरकारले स्वीकार गरिबक्सेन ।

राजदरबार हत्याकाण्डबारे थुप्रै काल्पनिक हल्ला चले । थुप्रैमाथि निराधार आरोप लगाइए । यत्रो घटना हुँदा यस्ता हल्ला र आरोप आउनु अस्वाभाविक पनि होइन । राजदरबारमा यत्रो घटना हुँदा थाहा पाउन र रोक्न नसक्ने सुरक्षा व्यवस्था निकम्मा रहेछ भन्ने कुरा पनि आयो । राजदरबारभित्र सुरक्षा प्रबन्ध गर्ने म प्रमुख हाकिम र सैनिक सचिव भएकाले मैले यसको नैतिक जिम्मेवारी लिनैपर्छ । त्यसबाट म पछि हटेको छैन र हट्दिनँ पनि । तर वास्तविकता चाहिँ के हो भने राजदरबारको त्रिभुवन सदन, जहाँ युवराजाधिराज राज हुन्थ्यो, त्यसको सुरक्षा व्यवस्था निकै कडा थियो । एक त समग्र राजदरबार परिसरकै सुरक्षा व्यवस्था मजबुत थियो, जहाँ अनधिकृत रूपमा कोही प्रवेश गर्न सक्दैनथ्यो । त्यसमाथि त्रिभुवन सदनमा चौबीसै घण्टा सुरक्षाकर्मी तैनाथ हुन्थे । बाहिरबाट हत्यारा युवराजाधिराजको मास्क लगाएर त्रिभुवन सदनमा पसेको र उसैले सबैको हत्या गरेको भन्ने अत्यन्तै काल्पनिक हल्ला नचलेको पनि होइन । तर त्रिभुवन सदनभित्र कुनै पनि अवाञ्छनीय व्यक्ति प्रवेश गर्न सक्ने सम्भावना बिलकुलै शून्य थियो । राजदरबारमा तीन दशकसम्म सुरक्षा सम्बन्धी काम गरेको र मुलुकको सुरक्षा निकायको एक जिम्मेवार अधिकृतको हैसियतले म आधिकारिक रूपमा के स्पष्ट गर्न चाहन्छु भने राजदरबार हत्याकाण्ड सम्बन्धी उच्चस्तरीय छानबिन आयोगले जुन प्रतिवेदन सार्वजनिक गऱ्यो, घटनाको जमिनी हालतको वास्तविकता त्यही हो, त्यत्ति मात्र हो । केका लागि, कसको सहयोगमा, के उद्देश्यले र के कारणले उक्त घटना युवराजाधिराज दीपेन्द्रबाट भयो भन्नेबारे त आजसम्म छानबिन भएकै छैन । राजदरबार हत्याकाण्डसँग जोडिएर आउने अर्को महत्त्वपूर्ण विषय हो– लागू पदार्थ (चरेस, गाँजा इत्यादि) को प्रयोग । मैले जानकारी पाए अनुसार युवराजाधिराज दीपेन्द्र लगायत राजपरिवारका युवा सदस्यहरूका साथै केही शाही नातेदारहरूमा समेत लागू पदार्थको कुलत थियो । युवराजाधिराजले चुरोटमा चरेसको धूलो मिसाएर सेवन गरिबक्सेको मैले धेरै पटक देखेको छु । सरकारबाट राजपरिवारभित्र आयोजना हुने भोजहरूमा बाथरूममा गएर लागू पदार्थ सेवन गर्ने गरेको हामी एडीसीहरूले देख्दथ्यौं । तर त्यसलाई रोक्न सक्ने अवस्थामा हामी थिएनौं । कसरी, कुन व्यक्ति या गिरोहबाट कुन षड्यन्त्रका लागि गाँजा र चरेस दरबार पुग्दथ्यो भन्ने विषयमा पनि विस्तृत छानबिन हुनुपर्दथ्यो । स्वदेशी विशेषज्ञका साथै सबै पक्ष सम्मिलित भएर र विदेशी विशेषज्ञको समेत सहयोग लिएर यस घटनाका सम्पूर्ण सत्य–तथ्यहरू सार्वजनिक हुनुपर्छ भन्ने मेरो मान्यता थियो, अहिले पनि छ र सधैं रहनेछ ।

राजदरबार हत्याकाण्डबारे चर्चा चल्दा कसैकसैले हाम्रो धार्मिक मान्यता र

विश्वासका प्रसङ्गलाई समेत जोड्ने गरेको मैले पाएको छु । तान्त्रिक विद्या सम्बन्धी जानकारहरूका अनुसार यो विद्या सिक्न र दक्ष बन्न त्यस सम्बन्धी साधना, आराधना, पूजापाठ इत्यादिको ज्यादै कडा विधिविधानमा रहनुपर्दछ । दक्ष तान्त्रिकहरूले जे पनि गर्न सक्छन्, आत्मा समेत बोलाउन र त्यसबाट असम्भव काम लिन समेत सक्छन् भन्ने विश्वास गरिन्छ । प्राचीन नेपाल, तिब्बत र भारतमा समेत यसको ज्यादै प्रभाव थियो । तर तान्त्रिक विद्या आर्जन गर्न जति कठिन छ, विद्या सिकेका व्यक्तिले नियमित साधना, आराधना, पूजापाठ आदिमा उत्तिकै विधि पुऱ्याउन सक्नुपर्छ, नत्र तान्त्रिक विद्याबाट यसको साधक आफैं वा उसको परिवारलाई नै ठूलो नोक्सानी पार्न सक्ने सम्भावना रहन्छ भन्ने पनि विश्वास छ ।

राजा वीरेन्द्रबाट पनि धेरै वर्ष (२०२५-२०३४) सम्म तान्त्रिक विद्या सिकिबक्सेको थियो । सरकारलाई त्यस बेलाका तान्त्रिक विद्याका ज्ञाता रथी धनशमशेर जबराले उक्त विद्या सिकाउनुहुन्थ्यो । धनशमशेर ज्यादै वृद्ध भएर सिकाउन नसक्ने भएपछि वीरेन्द्र सरकारबाट तान्त्रिक विद्या सिक्न बन्द भएको मलाई राम्रोसँग जानकारी छ । तर रथी धनशमशेरले सिकाएको शिक्षा-दीक्षा मौसुफबाट केकस्तो किसिमले ग्रहण गरिबक्सेको थियो र त्यसका लागि आवश्यक साधना, आराधना, पूजापाठ केकति सही तरिकाले र नियमित रूपमा गरिबक्सन्थ्यो भन्ने मलाई जानकारी छैन । त्यस्तै २०४४/४५ सालतिर बडामहारानी ऐश्वर्यले युवराजाधिराज दीपेन्द्रको मन सरकारले चाहना राख्ने केटीहरूबाट टाढा गराउन कुनै तान्त्रिकलाई पूजाआजा गर्न लगाइबक्सेको समेत मलाई थाहा छ । यसबाट के प्रस्ट हुन्छ भने राजा वीरेन्द्र र रानी ऐश्वर्य तन्त्रमा धेरै विश्वास गरिबक्सन्थ्यो । दरबारमा जेठ १९ को जुन अकल्पनीय हत्याकाण्ड भयो, त्यो कतै तिनै तान्त्रिक प्रयोगहरूको उल्टो परिणाम त होइन ? म यस सम्बन्धी जानकार बिलकुलै होइन तर कतिपय जानकारहरू त्यसरी अकल्पनीय रूपमा वीरेन्द्र सरकारको वंश नाश हुनुको कारण यही हुन सक्छ भन्ने विश्वास गर्छन् ।

## राजा वीरेन्द्रको सम्भावित योजना

राजदरबार हत्याकाण्ड हुनुभन्दा झन्डै वर्षदिनअघिदेखि शाही नेपाली सेनाको आधुनिकीकरणको कार्ययोजना बनिरहेको थियो । यस क्रममा पुरानो हतियार बदल्न अत्याधुनिक हतियार किन्ने र सेनाको प्रत्येक तहमा पुऱ्याउने योजना थियो । वीरेन्द्र सरकारबाट उच्च चासोका साथ यस प्रक्रियालाई अगाडि बढाइबक्सेको थियो । मुलुकमा माओवादी समस्या जटिल बन्दै जाँदा कुनै पनि बेला सेना परिचालन गर्नुपर्ने अवस्था आउन सक्छ भन्ने विश्लेषण गरेर यो आधुनिकीकरणको प्रयास सुरु गरिएको थियो । यसै सिलसिलामा नेपालले 'अल्ट्रा मोडर्न' हतियार एचके जी-३६ राइफल किन्ने प्रक्रिया अगाडि बढाइरहेको थियो । यो हतियार नेपालमै 'एसेम्बल' गर्ने र दक्षिण एसियाली मुलुकमा बेच्ने समेत योजना थियो । यसका लागि हतियार उत्पादक कम्पनी हेक्लर

एन्ड कोकले समेत सहमति जनाइसकेको थियो । तर एचके जी-३६ राइफल खरिद गर्ने र नेपालमै 'एसेम्बल' गर्ने योजना हाम्रो छिमेकी देश भारतलाई मन परिरहेको थिएन । किनभने उसले भारतमै बनेको कम गुणस्तरको इन्सास राइफल बेच्न सबै किसिमले जोड दिइरहेको थियो । त्यसैले हतियारको राजनीति पनि राजदरबार हत्याकाण्डभित्र लुकेको एउटा प्रमुख कारण हुन सक्छ भन्ने मलाई लाग्दछ । नेपालमा आफ्नो मात्र एकछत्र प्रभाव कायम हुनुपर्छ भन्ने भारतको सधैंको चाहना हो । त्यसमा बाधा पर्दा ऊ क्रुद्ध हुने मात्र होइन, जस्तोसुकै कदम उठाउन पनि पछि पर्दैन । हतियार प्रकरण चलिरहेकै बेला संसद्ले नागरिकता सम्बन्धी विधेयक पारित गरी लालमोहरका लागि राजदरबार पठाएको थियो । तर महाराजाधिराजबाट उक्त विधेयकमा लालमोहर लगाउनुपूर्व रायका लागि सर्वोच्च अदालत पठाइबक्सेको थियो । सर्वोच्चले उक्त नागरिकता विधेयक संविधानसम्मत छैन भन्दै खारेज गरिदिएको थियो । लालमोहर लागेको खण्डमा नेपालभित्र नेपालीहरू नै केही वर्षपछि अल्पमतमा पर्न सक्ने उक्त विधेयक खारेज भएपछि भारतका कैयौं उच्च पदाधिकारीले सरकारसँग निकै चासो राखेर कुरा समेत गरेका थिए । यसअघि २०४४ सालतिर नेपालले चीनबाट केही एन्टी एयरक्राफ्ट हतियार किन्दा पनि भारत निकै क्रुद्ध बनेको थियो । र, नेपाललाई आर्थिक नाकाबन्दी गरेर नेपाली जनतालाई असह्य कष्ट दिएको थियो । यस्तै वीरेन्द्र सरकारबाट २०३१ सालमा सम्पन्न शुभराज्याभिषेकका अवसरमा नेपाललाई 'शान्ति क्षेत्र' घोषित गरियोस् भनेर राखिबक्सेको प्रस्तावलाई संसारका सबैजसो महत्त्वपूर्ण ११६ देशले स्वागत र समर्थन गरेका थिए । तर भारतले यस विषयमा समेत नकारात्मक दृष्टिकोण राखेर समर्थन गरेको थिएन । यी त केही घटना मात्र हुन् ।

२०५७ सालको अन्तिमतिर महाराजाधिराजबाट चीनको महत्त्वपूर्ण भ्रमण सम्पन्न गरिबक्सेको थियो । यति बेला सरकार नेपालको माओवादी समस्या समाधान गर्ने र केही वर्षदेखि जारी राजनीतिक गतिरोध अन्त्य गर्ने सोचाइमा होइबक्सन्थ्यो । त्यसका निम्ति तत्कालै शाही कदम चाल्न सक्ने अवस्था विकसित हुँदै थियो । सरकारबाट राजसंस्थाप्रति आस्था राख्ने र राष्ट्रवादी छवि बनाएका विभिन्न दलका नेताहरूसँग विचार-विमर्श गरिबक्सँदै थियो । पूर्व वरिष्ठ प्रशासक र सुरक्षाकर्मीहरूको 'विशेष कार्यटोली' बनाई मुलुकको समस्या समाधानका लागि योजना बनाउन लगाउनेबारे विचार भइरहेको थियो । अर्को विशेष कार्यटोली गठन गरी रणनीति तयार पार्न लगाउने र त्यस मार्फत माओवादीसँग वार्ता गर्ने सोचाइ थियो । यही क्रममा सरकारबाट भाइ पूर्वअधिराजकुमार धीरेन्द्र शाहलाई माओवादी नेताहरूसँग वार्ता गर्न खटाइबक्सेको थियो । साथै सरकारले शाही नेपाली सेनाका महासेनानी दिलीप रायमाझीलाई समेत माओवादीसँग सम्पर्क गर्न खटाइबक्सेको थियो । माओवादीसँग कुनै हिसाबले सहमति भएपछि प्रतिनिधिसभा भङ्ग गर्ने र राजनीतिक नेताहरूको सहभागितामा गोलमेच सम्मेलन गरी माओवादी सहितको राष्ट्रिय सरकार गठन गर्ने सरकारको योजना थियो । साथै दुई वर्षपछि अर्को आमचुनाव गर्ने र चुनावअगाडि संविधानको प्रस्तावना यथावत् राखी संविधान संशोधन गर्नेबारे समेत

सरकारले गृहकार्य गरिबक्सेको थियो । संविधान संशोधन गरी राजाको भूमिका बेलायत या जापानको राजाको जस्तो वा भारतका राष्ट्रपतिको जस्तो निर्धारण गरिनुपर्छ भन्ने पनि सरकारको सोचाइ थियो । यो प्रस्ताव माओवादीलाई मान्य नभए राज्यका सबै शक्ति प्रयोग गरेर उसलाई निःशस्त्रीकरण गरी राजनीतिको मूलधारमा ल्याउने रणनीति पनि सरकारबाट सोचिबक्सँदै थियो । यसका लागि बेलायत र अमेरिकाको सहयोग लिनेबारे समेत प्रयास भइरहेको थियो । खास गरी यी दुई मुलुकका अधिकांश नेता, कूटनीतिज्ञ या अन्य पदाधिकारीहरू जसले महाराजाधिराजको दर्शनभेट पाउँथे, उनीहरू नेपालमा सुशासन भएन, भ्रष्टाचार बढ्यो, असुरक्षाका कारण आतङ्क फैलियो आदि कुराहरू गरेर सरकारलाई अप्रत्यक्ष रूपमा कुन न कुनै कदम चाल्न सुझाव दिइरहेका हुन्थे । सम्भवतः सरकारबाट चीन भ्रमणका अवसरमा समेत सहयोगको आश्वासन पाइबक्सेको थियो ।

माओवादी समस्या नेपालका लागि मात्र नभएर भारतको समेत दीर्घकालीन समस्या हुन सक्छ भन्ने सरकारको विश्लेषण थियो । त्यसैले आफूले उठाउन चाहिबक्सेको कदममा भारतको सहयोग लिन मौसुफबाट व्यक्तिगत रूपमै प्रयास भइरहेको थियो । यसमा भारतको दृष्टिकोण सकारात्मक भएन भने माओवादीसँग रहेको उसको सम्बन्ध उजागर हुने हुँदा भारतलाई नै असजिलो हुन सक्ने सरकारको बुझाइ थियो । यसै सिलसिलामा २०५७ सालको मध्यतिर सरकारबाट मलाई एउटा गोप्य फाइल अध्ययन गर्न दिइबक्सेको थियो । उक्त फाइलमा देशमा सङ्कट आएको अवस्थामा अपनाउनुपर्ने विभिन्न रणनीतिबारे उल्लेख गरिएको थियो । त्यस योजनाको नाम थियो– 'वाज' । यस क्रममा सरकार पूर्व प्रधान सेनापति धर्मपालवरसिंह थापालाई अतिरथी (फिल्ड मार्सल) बनाएर सबै सुरक्षा निकायसँग समन्वयकर्ताको जिम्मेवारी दिने सोचमा होइबक्सन्थ्यो । उहाँलाई २०५८ वैशाख १ गते अतिरथी बनाउने तय भएको थियो । यसै समयमा राजनीतिक नेताहरू र उनीहरूका गतिविधिमा समेत निगरानी राख्ने योजना बनेको थियो । सरकारको योजना कार्यान्वयन भएको भए त्यसै बेला माओवादी समस्या समाधान हुने थियो । साथै २०४६ सालमा नराम्ररी क्षति भएको राजसंस्थाको छवि बढ्ने थियो र राजसंस्थाको भविष्य सुनिश्चित पनि हुने थियो । यो कुरा बेग्लै हो, सरकारको योजनाले अर्कै मोड लिएर वा अन्य कुनै कारणबाट पञ्चायती व्यवस्थाको पुनरावृत्ति भएको भए राजसंस्था त्यसै समयमा समाप्त हुने अवस्था सिर्जना हुन पनि सक्दथ्यो ।

मुलुकको समस्या समाधानका लागि यसरी एउटा गम्भीर योजनाले आकार लिन लागेका बेला रहस्यमय तरिकाले राजदरबार हत्याकाण्ड हुन पुग्यो । त्यसैले यस घटनामा स्वदेशी तथा विदेशी विभिन्न तत्त्वहरूको हात हुन सक्छ भन्ने मेरो विश्लेषण तथा निष्कर्ष रहेको छ । दुर्भाग्यवश आजसम्म त्यो पाटोको छानबिन हुन सकेको छैन । राजदरबार हत्याकाण्डको भित्री पाटो भविष्यमा सार्वजनिक होला या नहोला, समयले नै फैसला गर्ने विषय भएको छ ।

❖❖❖

# माओवादी समस्या

## माओवादी समस्या उत्पत्तिका कारण

भनिन्छ, मान्छेले भोक सहन सक्छ, तर अन्याय सहन सक्दैन । अनि विद्रोहमा उत्रिन्छ । नेपालमा माओवादीको उत्पत्ति र विकास करिब-करिब यसै भनाइसँग मिल्न जान्छ । तीन दशक टिकेको पञ्चायती व्यवस्थामा धेरै कुरा राज्यद्वारा नियन्त्रित थियो । राजनीतिक दलहरू प्रतिबन्धित थिए । राज्यको चौथो अङ्ग पत्रकारिता सेन्सरको अधिनायकवादी सिद्धान्तबाट निर्देशित थियो । यस्तै परिस्थितिमा २०४६ सालमा पञ्चायती व्यवस्थाका विरूद्ध जनआन्दोलन भयो । त्यसमा सबै किसिमका कम्युनिस्ट शक्तिहरू सहभागी थिए । तत्कालीन नेकपा माले, मार्क्सवादी, वर्मा, मानन्धर, अमात्य, चौथो महाधिवेशन र रोहित समूह समेत सात वामपन्थी पार्टीले संयुक्त वाममोर्चाका रूपमा नेपाली काङ्ग्रेससँग मिलेर जनआन्दोलनमा भाग लिएका थिए । तर नेकपा मसाल (मोहनविक्रम सिंह), नेकपा मशाल (प्रचण्ड, मोहन वैद्य र निर्मल लामा) समूहहरू भने संयुक्त जनआन्दोलन संयोजन समिति बनाएर पञ्चायती व्यवस्थाका विरूद्ध लडेका थिए । अन्ततः २०४६ चैत २६ गते महाराजाधिराजसँग काङ्ग्रेस र कम्युनिस्टहरूको सम्झौता भयो । उक्त सम्झौताका कारण ३० वर्षे पञ्चायती व्यवस्थाको अन्त्य हुन पुग्यो । संयुक्त वाममोर्चाबाहिर रहेका साना कम्युनिस्ट घटकहरूले उक्त सम्झौतालाई धोका हो भने । उनीहरूले २०४६ चैत २६ गतेपछि जनआन्दोलनलाई अगाडि बढाउन अनेक कोसिस पनि गरेका थिए । तर विभिन्न परिस्थितिका कारण उनीहरूको प्रयास सम्भव भएन ।

२०४६ सालको राजनीतिक परिवर्तनपश्चात् सबैले खुला महसुस गरे । प्रजातन्त्रले नेपाली जनताको आशा र आकाङ्क्षाको मूल फुटाइदियो । २०४७ सालको अन्तरिम सरकार, त्यसपछि जारी नेपाल अधिराज्यको संविधान २०४७ र २०४८ सालमा सम्पन्न पहिलो आमनिर्वाचनले देशमा प्रजातन्त्रको माहोललाई उत्कर्षमा पुऱ्यायो । २०४६ सालको सम्झौतालाई धोका हो भने पनि संयुक्त जनमोर्चाले चुनावमा भाग लियो । नेकपा मसाल (मोहनविक्रम सिंह) समूहले आमनिर्वाचन बहिष्कार गऱ्यो । उसले केही स्थानमा आमचुनाव

बिथोल्न समेत खोजेको थियो । संयुक्त जनमोर्चाले भने चुनावमा भाग लिएर संसद्लाई नै उपयोग गर्ने र सिङ्गो संसदीय व्यवस्थालाई भन्डाफोर गर्ने रणनीति लियो । त्यस अनुसार उक्त दलले आमचुनावमा नौ सिट जित्यो पनि । आमनिर्वाचनमा बहुमत हासिल गरी नेपालमा क्रान्तिकारी इतिहास भएको सबैभन्दा ठूलो र पुरानो पार्टी काङ्ग्रेसले बहुमतको सरकार बनायो । पहिलो प्रधानमन्त्री बन्नुभयो– गिरिजाप्रसाद कोइराला । उहाँको नेतृत्वमा सरकार गठन भएदेखि नै एकातिर काङ्ग्रेसमा आन्तरिक कलह सुरु भयो भने अर्कातिर प्रमुख विपक्षी दल नेकपा एमालेको तीव्र प्रहार जारी रह्यो । यही परिप्रेक्ष्यमा प्रधानमन्त्री कोइरालाले पञ्चायती व्यवस्थाको भन्दा पनि ज्यादा निषेधको राजनीति गर्नुभयो ।

प्रधानमन्त्री कोइरालाले कुशल नेतृत्व दिएर मुलुकलाई प्रजातान्त्रिक प्रक्रियाले अग्रगामी चिन्तनसाथ आमूल परिवर्तनको आभास दिन सक्नुपर्ने थियो । भर्खरै बहाली भएको बहुदलीय व्यवस्था, जसलाई शिशु प्रजातन्त्र पनि भन्ने गरिन्थ्यो, त्यसलाई मलजल गरी हुर्काउनुपर्दथ्यो । त्यो हुन सकेन । प्रधानमन्त्री कोइरालाले परिवारवाद र विपक्षी पार्टीप्रति असहिष्णु व्यवहार मात्र देखाउनुभएन, नागरिक प्रशासन, प्रहरी जस्ता स्थायी सरकारी संरचनामा समेत चरम राजनीतीकरण गर्नुभयो । सुशासनको अभाव र भ्रष्टाचार तथा अनियमितताको नाङ्गो प्रदर्शनले गर्दा प्रजातन्त्रप्राप्तिको केही वर्षपछि नै जनतामा असन्तुष्टि पैदा हुन थाल्यो । प्रधानमन्त्री कोइरालाले अमेरिकाका राष्ट्रपतिले आफ्नो कार्यालयमा छ हजार उच्च पदाधिकारी भर्ना गर्छन् भने मैले दुई हजार कर्मचारी भर्ना गर्न किन नपाउने जस्ता तर्क अघि सार्दै असान्दर्भिक योजना कार्यान्वयन गर्न लाग्नुभयो । उहाँले शाही नेपाली सेनालाई पूरै उपेक्षा गर्नुभयो भने राष्ट्रिय अनुसन्धान विभागलाई कार्यकर्ता भर्तीकेन्द्र बनाउने कामको थालनी गर्नुभयो । नेपाल प्रहरीलाई काङ्ग्रेसको भ्रातृ सङ्गठन जस्तो बनाउन थाल्नुभयो । कतिसम्म भने 'काङ्ग्रेस भनेको प्रजातन्त्र, प्रजातन्त्र भनेको काङ्ग्रेस' र 'काङ्ग्रेस भनेको सरकार, सरकार भनेको काङ्ग्रेस' जस्ता सङ्कुचित नारा लाग्न थाले । सहरमा यस्ता नाराको ठूलो प्रभाव नभए पनि जिल्ला र गाउँबस्तीमा जनताले ज्यादै नै कष्ट सहनुपर्‍यो । कतिपय जिल्लामा काङ्ग्रेसी कार्यकर्ताको दबावबाट विपक्षीप्रति दमनको नीति अख्तियार गर्न थालियो । यसैबीच २०५० सालमा म एक पटक रुकुम गएको थिएँ । त्यहाँ काङ्ग्रेसविरोधी वा अन्य पार्टीका थुप्रै कार्यकर्तालाई सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा चलाइएको थियो । धरौटीका लागि ठूलो रकम जम्मा गर्नुपर्ने प्रावधानका कारण त्यो तिर्न नसक्दा धेरै व्यक्ति जेल परेका रहेछन् । रुकुम जिल्लामा पञ्चायती व्यवस्थाको ३० वर्षभरमा जम्मा तीन वटा सार्वजनिक अपराधका मुद्दा दर्ता भएको तथ्य थियो । तर २०४८ सालमा काङ्ग्रेस सरकार गठन भएपछि तीन वर्षभित्रै २३४ जनालाई सार्वजनिक अपराधका मुद्दा लगाइसकिएको रहेछ । यस किसिमको अवस्था देशभर विद्यमान थियो । मेरो बुझाइमा काङ्ग्रेसले प्रजातान्त्रिक पद्धति अपनाई सबैलाई समान व्यवहार गर्नुको सट्टा असहिष्णु र अन्यायपूर्ण व्यवहार गर्नु नै माओवादी उत्पत्ति हुनुको प्रमुख कारण हो । अशिक्षा, गरिबी, बेरोजगारी भएको स्थानमा अन्याय,

अत्याचार बढ्दै जानु र यस्तो अवस्थालाई कम्युनिस्टहरूले आफ्नो फाइदाका लागि उपयोग गर्नु अस्वाभाविक पनि होइन ।

यसैबीच मूलतः आफ्नै पार्टीको चरम अन्तर्द्वन्द्वका कारण कोइरालाले २०५१ सालमा प्रतिनिधिसभा विघटन गरी ताजा जनादेश लिने निधो गर्नुभयो । २०४८ सालको आमनिर्वाचनमा नौ सिट जितेको संयुक्त जनमोर्चाले सशस्त्र 'जनयुद्ध' सुरु गर्ने निर्णय अनुसार 'कोइराला सरकारले स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउँदैन, यस्ता चुनावको कुनै अर्थ छैन' भन्दै मध्यावधि निर्वाचनमा भाग नलिने निर्णय गऱ्यो । उक्त आमनिर्वाचनमा कुनै राजनीतिक दलको स्पष्ट बहुमत आएन । संयुक्त सरकार पनि बन्न सकेन । प्रतिनिधिसभामा ठूलो दल नेकपा एमालेको अल्पमतको सरकार गठन हुन पुग्यो । सरकार गठन भएदेखि नै नेपाली काङ्ग्रेस र अन्य दलले यसको विरोध गरिरहे । यसै क्रममा प्रधानमन्त्री मनमोहन अधिकारीले प्रतिनिधिसभा विघटन गरी मध्यावधि निर्वाचनको घोषणा गर्नुभयो । उक्त घोषणाका विरूद्ध सर्वोच्च अदालतमा मुद्दा दायर भयो । सर्वोच्च अदालतको पूर्ण इजलासको बहुमतको फैसलाबाट प्रतिनिधिसभा पुनःस्थापना भयो । उक्त फैसलापछि कोहीकतैबाट पनि नेपाल अधिराज्यको संविधान २०४७ को पूर्ण पालना भएन । संसदीय व्यवस्थाले राम्रोसँग काम गर्न सकेन । राजनीतिक स्थिरता कायम हुन नसकी राजनीतिक गतिरोधमै देश अलमलिन पुग्यो । यो सबैको मूल जड भनेको सर्वोच्च अदालतको २०५२ भदौ १२ गतेको उक्त फैसला नै थियो । यो मेरो मात्र नभएर त्यस समयमा संवैधानिक राजा र अन्य धेरैको समेत बुझाइ हो । यस्तै परिवेशमा २०५२ फागुन १ गतेदेखि माओवादीले हत्या र हिंसाको राजनीति सुरु गऱ्यो, जसलाई उसले 'जनयुद्ध' को नाम दियो । मुलुकमा जुन राजनीतिक परिस्थिति विकसित भइरहेको थियो, त्यो माओवादीको विद्रोह चर्काउन थप अनुकूल बन्न गयो ।

## माओवादीप्रति राजदरबारको दृष्टिकोण

तत्कालीन सरकार (प्रधानमन्त्री शेरबहादुर देउवा) लाई बुझाएको ४० बुँदे ज्ञापनपत्र कार्यान्वयनको आफैँले तोकेको म्याद समेत पूरा नहुँदै माओवादी नेताहरू 'जनयुद्ध' सुरु भएको घोषणा गरी हत्या र हिंसाको राजनीति गर्दै भूमिगत भए । सुरुमा सबै पक्षले यसलाई सामान्य राजनीतिक घटनाका रूपमा लिएर खासै चासो दिएनन् । त्यस बेला म राजदरबारमा शाही पार्श्ववर्तीका रूपमा कार्यरत थिएँ । २०५३ सालमा एक दिन मैले महाराजाधिराजमा बिन्ती गरें, 'माओवादी समस्याबारे दरबारको दृष्टिकोण के होला ?'

सरकारबाट हुकुम भयो, 'तिम्रो विचारमा दरबारको दृष्टिकोण के हुनुपर्छ ? के माओवादी नेपाली होइनन् र ? उनीहरूको घोषित उद्देश्य शासन व्यवस्थामा व्यापक परिवर्तन ल्याउने मात्र देखिन्छ । कतिपय विषय राजनीतिक र देशले धान्न नसक्ने पनि छन् । यसबारे विचार हुनुपर्छ । तर यही अवस्थामा माओवादीलाई दमन गर्नु भनेको एक नेपालीले अर्को नेपाली मार्नु होइन र ? त्यसैले यस्ता सामाजिक, आर्थिक र राजनीतिक

कारणबाट उत्पन्न विद्रोहलाई श्री ५ को सरकारले विभिन्न सामाजिक विकासका कार्यक्रम ल्याएर समयमै सम्बोधन गर्नुपर्छ ।' माओवादी समस्याका विषयमा मैले सुनेको सरकारको यो पहिलो भनाइ वा दृष्टिकोण हो । सुरूका केही वर्ष राजदरबारले मौसुफबाट अभिव्यक्त यही धारणामा आधारित भएर माओवादीबारे आफ्नो दृष्टिकोण तय गरेको थियो ।

प्रधानमन्त्री शेरबहादुर देउवाको सरकार ढलेपछि २०५३ सालको आखिरीतिर नेकपा एमालेको सहयोगमा राप्रपाको एउटा खेमाको प्रतिनिधित्व गर्दै लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री बन्नुभयो । सरकारमा उपप्रधानमन्त्री तथा गृहमन्त्रीका रूपमा वामदेव गौतमको प्रभावशाली उपस्थिति रहन गयो । यस बेला भने माओवादी समस्या समाधानका सन्दर्भमा केही नयाँ आयाम थपिए । तथापि माओवादीबारे सरकारले आधिकारिक धारणा ल्याउन सकेको थिएन । कम्तीमा वार्ताद्वारा माओवादी समस्याको समाधान गर्ने, नसके कडा ऐन र कानुन ल्याएर भए पनि माओवादीलाई दबाव दिन शाही नेपाली सेना परिचालन गर्ने परिस्थिति चाहिँ बन्दै गएको थियो । सरकारले सांसद प्रेमसिंह धामीको अध्यक्षतामा माओवादी समस्या अध्ययन कार्यदल गठन गरेको थियो । कार्यदलमा एमाले नेता योगेश भट्टराई, राष्ट्रिय अनुसन्धान विभागका उपप्रमुख देवीराम शर्मा, नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक प्रदीपशमशेर जबरा र गृह मन्त्रालयका सहसचिव कृष्णमुरारी शर्मा सदस्य हुनुहुन्थ्यो । कार्यदलले माओवादी समस्याबारे सरकारी स्तरमा पहिलो पटक अध्ययन गरेको थियो । माओवादी समस्याबाट राष्ट्रिय सुरक्षामा समेत खतरा बढ्दा पनि यसअघिको सरकारले शाही नेपाली सेनालाई पूरै बेवास्ता गरेको थियो । माओवादीका विरूद्ध प्रहरी लगाएपछि सबै ठीक हुन्छ भन्ने तत्कालीन सरकारको सोचले गर्दा समस्या जटिल बन्दै गएको थियो । परिस्थिति प्रहरीको काबुभन्दा बाहिर गइरहेको थियो । यही पृष्ठभूमिमा चन्द सरकारले माओवादीका विरूद्ध कडा रूपमा प्रस्तुत हुन आतङ्ककारी तथा विध्वंसात्मक ऐन ल्याउने तयारी गर्‍यो । तर नागरिक अधिकार तथा प्रजातन्त्र कुण्ठित हुन्छ भनेर स्वयं सत्तारूढ एमाले लगायतका दलले उक्त ऐनको व्यापक विरोध गरे । उपप्रधानमन्त्री तथा गृहमन्त्री गौतम भने उक्त ऐन जसरी पनि ल्याउन चाहनुहुन्थ्यो । यसै क्रममा एमालेका कतिपय नेताहरू ऐनको मात्र नभएर सरकारकै विरूद्धमा लागे । यसबीच सरकारले सेना र प्रहरीबीच सुमधुर सम्बन्ध बनाउन सकारात्मक पहल गरेको थियो । सेनाले प्रहरीलाई माओवादी आतङ्कका विरूद्ध लड्न तालिम दिएको थियो । सेना र प्रहरीको संयुक्त सूचना सयन्त्र निर्माण गरी खबर आदान-प्रदान र माओवादी गतिविधिमाथि संयुक्त 'मनिटरिङ' हुन थालेको थियो । यस्तै अवस्थामा चन्द सरकार ढल्यो ।

श्री ५ को सरकारले माओवादी समस्याको गम्भीरता बुझ्न केही वर्ष लगायो । जति बेला बुझ्यो, त्यस बेलासम्म समस्या धेरै जटिल भइसकेको थियो । खुकुरी र भरूवा बन्दुकको भरमा सुरु गरेको विद्रोहबाट केही वर्षमै प्रहरीको हतियार खोसेर प्रहरीका विरूद्ध नै आक्रमण गर्न माओवादीहरू सफल हुँदै गएका थिए । श्री ५ को सरकारले माओवादीका विरूद्ध सुरक्षा कारबाही गर्न न प्रभावकारी योजना बनाउन

सक्यो न त माओवादीलाई वार्तामै ल्याउन सक्यो । यसै परिवेशमा श्री ५ को सरकारले सबै सुरक्षा निकाय परिचालन गरेर माओवादी दमन गर्ने रणनीति लिएको देखिन्छ । नेपाली जनताका विरूद्ध सोझै शाही नेपाली सेना परिचालन गरेर दमन गर्नु हुँदैन भन्ने राजदरबारको दृष्टिकोण थियो । माओवादीलाई जनमानसबाट अलग गर्न सक्नुपर्छ, त्यसका लागि आवश्यक सामाजिक सुधार तथा आर्थिक विकासका कार्यक्रम लिएर गाउँ स्तरमा पहुँच विस्तार गर्नुपर्छ अनि अन्य राजनीतिक दलले माओवादीलाई राजनीतिक मुद्दामा स्थानीय तहमै 'एक्सपोज' गर्न सक्नुपर्छ भन्ने राजदरबारको धारणा रह्यो । २०५४ सालको मध्यतिर आइपुग्दा माओवादी प्रभाव निकै बढिरहेको थियो । प्रहरीको कारबाही प्रभावकारी हुन सकेको थिएन । बरु प्रहरी कारबाहीले सर्वसाधारण जनता पिल्सिँदै जान थाले । माओवादी विद्रोह प्रहरीको सामान्य शान्ति-सुरक्षा कायम गर्ने रणनीतिबाट मात्र समाधान हुन नसक्ने स्पष्ट थियो । प्रहरीले शान्ति-सुरक्षाको नाममा अपनाएका 'रोमियो', 'किलो सेरा टु' जस्ता दमनकारी अपरेसनले त झनै माओवादी फस्टाउने माहोल बन्न पुग्यो । सम्पूर्ण परिस्थिति नियालेर संवैधानिक राजाबाट शाही नेपाली सेना माओवादीका विरूद्ध परिचालन हुनुपर्छ भन्ने सोचाइ बनाइबक्सियो । सेनालाई विद्रोहका सबै पक्ष तथा प्रहरीको कामकारबाही विश्लेषण गर्दै माओवादी प्रभावित क्षेत्रको स्थलगत अध्ययन गरी विस्तृत कार्ययोजना बनाउन समेत दरबारबाट निर्देशन भएको थियो । यसै सन्दर्भमा २०५४ सालमा प्रधान सेनापति धर्मपालवरसिंह थापाले एउटा टिम बनाएर माओवादी समस्याको विस्तृत अध्ययन र अनुसन्धान गर्न लगाउनुभयो । उक्त टिमको प्रतिवेदन आएपछि माओवादी समस्या समाधान गर्न शाही नेपाली सेना परिचालन गर्नैपर्ने निचोडमा दरबार र शाही जङ्गी अड्डा पुगेका हुन् । तर माओवादीका विरूद्ध सोझै सेना परिचालन नगरी माओवादी प्रभावित क्षेत्रमा स्थानीय जनताको आवश्यकता अनुसार आर्थिक तथा सामाजिक विकासका कार्यक्रम लागू गर्ने र त्यस मार्फत सेना परिचालन गर्ने रणनीति बन्यो । त्यसबारे विस्तृत कार्ययोजना बनाएर श्री ५ को सरकारलाई बुझाइएको थियो ।

माओवादी समस्या सुरु भएदेखि नै महाराजाधिराजबाट राष्ट्रिय सुरक्षा परिषद्लाई क्रियाशील बनाउन बारम्बार प्रधानमन्त्रीलाई सुझाव दिइबक्सेको थियो । साथै सुरक्षा परिषद्को सचिवालय गठन गरी त्यस मार्फत सुरक्षाका सबै आयामबारे विश्लेषण गरी प्रधानमन्त्रीलाई जानकारी गराउँदा राम्रो हुन्छ भन्ने सल्लाह पनि समय-समयमा बक्सेकै हो । तर तत्कालीन प्रधानमन्त्रीहरूले यसलाई पूरै बेवास्ता गरे । राष्ट्रिय सुरक्षा परिषद्लाई सक्रिय पार्ने प्रस्तावमा कुनै षड्यन्त्र पो छ कि भन्ने शङ्का राखेर उनीहरूले यसलाई बेवास्ता गरेको देखिन्छ । महाराजाधिराजको सोचाइ भने उक्त सचिवालयले देशका समसामयिक सुरक्षा विषयमा प्रधानमन्त्रीका लागि सुझाव प्रस्तुत गर्ने काम गरी सहयोग गरोस् भन्ने थियो । महाराजाधिराजबाट शाही नेपाली सेनालाई धेरै वर्षदेखि नजिकबाट नियालिबक्सेको थियो । मौसुफलाई सेनाको क्षमताबारे पनि राम्रैसँग जानकारी थियो । प्रजातन्त्र पुनःस्थापनापछि जननिर्वाचित सरकारको उपेक्षाले गर्दा सेनामा हातहतियार,

लजिस्टिक्स र तालिमको समेत कमी रहेकोबारे सरकारलाई राम्रोसँग अवगत थियो। साथै सेनाका वरिष्ठ पदाधिकारीले बेलाबेला गर्ने हल्का टिप्पणीबारे पनि सरकारले राम्रो जानकारी राखिबक्सेको थियो। अहिलेको अवस्थामा सेना 'पेपर टाइगर' मात्र हो, ठूलै झापड खाएपछि मात्र यो सक्षम हुन्छ भन्ने त्यस बेला सरकारको विश्लेषण थियो। सरकारले पटक-पटक 'दिस आर्मी निड्स बिग नोज ब्यासिङ' हुकुम भएको म अहिले पनि सम्झन्छु। सेनालाई तयारीका लागि समय लाग्छ र गुप्तचर प्रणालीलाई पनि प्रभावकारी बनाउनुपर्छ भन्दै सरकारबाट प्रतिविद्रोहका तालिममा विशेष ध्यान दिन समेत निर्देशन बक्सेको थियो।

यसै क्रममा महाराजाधिराजबाट आफ्ना कान्छा भाइ पूर्वअधिराजकुमार धीरेन्द्र शाह मार्फत माओवादी नेतृत्वसँग पनि सम्पर्क गरिबक्सेको रहेछ। यो तथ्य माओवादीले शान्ति सम्झौता सम्पन्न भएर खुला रूपमा प्रस्तुत भएपछि स्वीकार गरेको पनि छ। त्यस समयमा मलाई यसबारे औपचारिक जानकारी थिएन। यसै परिप्रेक्ष्यमा महाराजाधिराजको पूरा जानकारीमा रहेर शाही नेपाली सेनाका वरिष्ठ अधिकृत महासेनानी दिलीप रायमाझीले पनि माओवादी नेताहरूसँग सम्पर्क कायम गर्नुभएको थियो। यी प्रयासहरू कुनै न कुनै रूपमा माओवादी समस्या समाधान गर्नका लागि वीरेन्द्र सरकारबाट गरिबक्सेका सकारात्मक पहल हुन् भन्ने मेरो ठम्याइ छ। समय, परिस्थिति अनुसार सेना परिचालन गर्नुपरे पनि माओवादी समस्याको समाधान वार्ताको माध्यमबाटै गर्नुपर्छ भन्ने मान्यतामा सरकार अडिग होइबक्सन्थ्यो। तर माओवादीले आफ्नो क्षमता विस्तार गर्दै २०५७ असोजमा डोल्पा जिल्लाको सदरमुकाम दुनैमाथि आक्रमण गरे। त्यसले नेपालको राजनीतिक माहोलमा ठूलो हलचल पैदा गऱ्यो। यसै विषयलाई लिएर तत्कालीन गृहमन्त्री गोविन्दराज जोशी र प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलको राजीनामा आयो भने गृहसचिव पदमप्रसाद पोखरेलको सरुवा गरियो। यस घटनापछि माओवादीलाई हेर्ने दृष्टिकोणमा राजदरबार र श्री ५ को सरकारको मतभिन्नता झनै बढ्यो। साथै माओवादीका विरूद्ध सेना परिचालनको विषय समेत अन्योलमा पऱ्यो।

२०५७ वैशाखमा प्रमुख सैनिक सचिवालयको जिम्मेवारी सम्हालेपछि मैले माओवादीलाई नजिकबाट बुझ्ने र हेर्ने अवसर पाएको हुँ। यसअघि सामान्य रूपमा आफ्नै हिसाबले मात्र माओवादीलाई बुझ्ने कोसिस गरेको थिएँ। त्यस बेलासम्म दरबारभित्र कुनै सचिवालयले माओवादी समस्यालाई त्यति धेरै गम्भीरताका साथ लिएको पनि मैले देखिरहेको थिइनँ। खास गरी प्रमुख सैनिक सचिवालयले यसलाई हेर्नुपर्दथ्यो, तर कुनै पनि निकायसँग समन्वयको काम समेत प्रभावकारी रूपमा भइरहेको थिएन। मअघिका प्रमुख सैनिक सचिव रथी शान्तकुमार मल्ल आफ्नो सचिवालय अन्तर्गत कुनै विषयमा महाराजाधिराजमा जाहेर गर्नुपऱ्यो भने जाहेरीको अघिल्लो दिन या त्यही दिन बिहान विभिन्न सुरक्षा निकायका प्रमुख र वरिष्ठ अधिकृतलाई फोन गरेर जाहेरी तयार पार्ने गर्नुहुन्थ्यो। उहाँले महाराजाधिराज र सुरक्षा निकायका बीचमा पुलको काम गर्नुपर्ने भए पनि उहाँ आफूलाई आवश्यक कुरा मात्र सुनेर सरकारमा जाहेर गर्नुहुन्थ्यो

जस्तो मलाई लाग्छ । त्यो बेलासम्म प्रधान सेनापति बाहेक अन्य सुरक्षा निकायका प्रमुखहरूले महाराजाधिराज समक्ष नियमित जाहेरीका लागि समय पाउँदैनथे । राष्ट्र प्रमुख महाराजाधिराजबाट सुरक्षा निकायका प्रमुखहरूलाई नियमित दर्शनभेट बक्सेर सल्लाह र सुझाव बक्सने प्रणाली सैनिक सचिवालयमा थिएन । मैले सैनिक सचिवालयको जिम्मेवारी सम्हालेपछि परिस्थितिको आवश्यकता महसुस गरी महाराजाधिराज र सुरक्षा निकायका प्रमुखहरूबीच सोझै सम्बन्ध स्थापित हुनुपर्छ भनेर नियमित दर्शनभेट तथा जाहेरीको सिलसिला सुरु गरें । त्यसपछि नेपाल प्रहरीका महानिरीक्षक प्रदीपशमशेर जबरा, सशस्त्र प्रहरी महानिरीक्षक कृष्णमोहन श्रेष्ठ र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्माले पालैपालो दर्शनभेट गरी सरकारमा देशको सुरक्षा अवस्था, माओवादी समस्याको ताजा स्थिति तथा आफ्नो विश्लेषण नियमित रूपमा जाहेर गर्न थाल्नुभयो ।

यसैबीच २०५८ जेठ १९ गते राजदरबार हत्याकाण्ड हुन पुग्यो । माओवादीले राजदरबार हत्याकाण्डपछि नेपालमा राजसंस्था समाप्त भइसक्यो भनेर वक्तव्य निकाले । यसमा देशी–विदेशी शक्तिकेन्द्रको षड्यन्त्र हुन सक्ने विश्लेषण गरे । प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला आफ्नै पार्टीको अन्तर्कलह, विपक्षी पार्टीको तीव्र विरोध र माओवादी हत्या–हिंसाको शृङ्खला बढ्दै गएकाले सङ्कटमा हुनुहुन्थ्यो । त्यसमाथि राजदरबार हत्याकाण्ड जस्तो गम्भीर र संवेदनशील घटना थपिन गयो । त्यसको लगत्तै जस्तो माओवादीबाट रोल्पाको होलेरी प्रहरी बेसमा आक्रमण भयो । होलेरी घटनापश्चात् 'दरबारको चाहना अनुसार सेनाले साथ नदिएको' भन्ने कोइरालाले आरोप लगाउनुभयो । यस क्रममा उहाँमाथि दबाव सिर्जना भएर राजदरबार हत्याकाण्डको दुई महिनापछि राजीनामा गर्न बाध्य हुनुभयो । कोइरालाले प्रधानमन्त्रीबाट हटेपछि राजदरबार हत्याकाण्ड ठूलो 'ग्र्यान्ड डिजाइन' बाट भएको हो भन्न थाल्नुभयो । काङ्ग्रेस नेता शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि माओवादीसँग पहिलो शान्तिवार्ता गर्ने पहललाई सकारात्मक दृष्टिले हेरिएको थियो । राजदरबारले वार्ता सफल होस् भनेर सहयोग गरेको हो । तर यसको परिणाम सकारात्मक निस्कने कुरामा शङ्का थियो ।

राजदरबारमा आशौच परेका कारण राज्यारोहणको एक वर्षसम्म महाराजाधिराज ज्ञानेन्द्र निर्मल निवासमा राज होइबक्सेको थियो । उक्त समयमा सरकारबाट विभिन्न राजनीतिक नेता, बुद्धिजीवी, पत्रकार, नागरिक समाजका अगुवा, पूर्वप्रशासक, कूटनीतिक क्षेत्रका व्यक्ति आदिलाई दर्शनभेट बक्सी माओवादी समस्याबारे विस्तृतरूपमा जानकारी लिइबक्स्यो । मौसुफबाट माओवादी समस्या समाधानभन्दा पनि राजनीतिक गतिरोध अन्त्य गर्ने विषयलाई प्राथमिकता दिई त्यसैमा विशेष समय दिइबक्सेको थियो । त्यति मात्र नभएर सरकारले यसैमा कसरी खेल्ने भनेर रणनीति बनाइबक्सेको मैले महसुस गरेको थिएँ । सरकारबाट प्रधानमन्त्री शेरबहादुर देउवालाई आफ्नो सोचविचार अनुसारको जुनसुकै कामलाई सघाउन बाध्यात्मक स्थिति पार्ने र परिस्थिति आफू अनुकूल पार्दै लैजाने रणनीति (मेक हिम डु अल दी डर्टी वर्क) लिइबक्स्यो । विभिन्न ढङ्गबाट राजनीतिक पार्टीलाई कमजोर पार्दै लैजाने काम भयो । विशेष गरेर 'डिभाइड एन्ड रूल'

को रणनीति अपनाइबक्स्यो । यस अवस्थामा महाराजाधिराजबाट माओवादी समस्याबारे दरबारबाट अङ्गीकार गरिएको पुरानै रणनीति पछ्याइबक्सेको देखिन्छ । सरकारबाट माओवादीलाई मूलधारमा अवतरण गराउन श्री ५ को सरकारले प्रयास गरोस् भन्ने चाहना राखिबक्सेको देखिन्छ ।

पहिलो शान्तिवार्ता भङ्ग गरेर माओवादीले शाही नेपाली सेनाको दाङ ब्यारेक आक्रमण गरी हातहतियार लुट्न सफल भएपछि देशको परिस्थितिले अर्कै मोड लिन गयो । राष्ट्रिय सुरक्षा परिषद्को निर्णय अनुसार देशमा पहिलो पटक माओवादीका विरूद्ध सेना परिचालन भयो । सङ्कटकाल लाग्यो । माओवादी समस्या समाधान गर्न सेना परिचालन भएपछि अहिलेको आवश्यकता भनेको राजनीतिक स्थिरता हो भन्ने बुझेर सबै राजनीतिक पार्टीहरूले श्री ५ को सरकारलाई सहयोग गर्नुपर्ने थियो । सेना परिचालन भएको परिस्थितिमा सेनाले सम्पूर्ण राष्ट्रको र राज्यशक्तिको सहयोगको अपेक्षा गर्दछ । तर नेपालमा राजनीतिक पार्टीहरू मात्र होइन, जनसाधारण, सञ्चार जगत्, मानव अधिकारकर्मी, बुद्धिजीवी कसैबाट पनि सहयोग भएन । श्री ५ को सरकारको सहयोग पनि न्यून मात्र रह्यो । बरु एकातिर केही अन्तर्राष्ट्रिय समुदायबाट मानव अधिकारको नाममा सेनालाई नचाहिंदो हाउगुजी देखाउने काम भयो भने अर्कातिर संयुक्त राष्ट्रसङ्घको आह्वानमा शान्ति स्थापनार्थ खटिएर सेनाले जुन काम गरेको थियो त्यो आफ्नै देशभित्र देखाउन सकेन भनेर आरोप लगाइयो । साथै सेनालाई नेपालको आफ्नै कठिन भूगोल पनि समस्याका रूपमा रह्यो । नेपाली सेनासँग नेपालको भूगोलमा कुनै पनि कारबाहीका लागि पर्याप्त लजिस्टिक्स, खास गरी हेलिकप्टर र अन्य आधुनिक हातहतियारको कमी रहन गयो । यस परिस्थितिमा पनि आफ्नो जिम्मेवारी वहन गरी माओवादीलाई सत्ता कब्जा गर्नबाट रोक्न भने सेना सफल भयो ।

## माओवादी समस्या र राजनीतिक दल

माओवादीले 'जनयुद्ध' सुरु गरेको २०५२ फागुन १ गते र शाही नेपाली सेनाको दाङ ब्यारेकमा आक्रमण गरेको २०५८ मङ्सिर ८ गते दुवै समय संयोगवश प्रधानमन्त्री शेरबहादुर देउवा नै हुनुहुन्थ्यो । यस अवधिमा सात पटक सरकार परिवर्तन भयो भने ती सरकारलाई नेतृत्व गरेका पाँच जना प्रधानमन्त्रीले माओवादी समस्या भोगेका थिए । राजनीतिक दल र नेताले माओवादी समस्याप्रति सुरुमा उदासीनता देखाएकै हुन् । जब समस्या जटिल बन्दै गयो त्यस बेला राजदरबार र शाही नेपाली सेनाले सहयोग गरेन भन्न थालेको पनि देखिन्छ । दलहरूले सुरुमा माओवादी शान्ति-सुरक्षाको सामान्य समस्या हो र यसलाई प्रहरीबाटै ठीक गर्न सकिन्छ भन्ने दृष्टिकोण बनाए । त्यो दृष्टिकोण त्यस बेलाको प्रहरी नेतृत्वबाट निर्देशित थियो । माओवादीले उठाएका कतिपय सामाजिक, आर्थिक विषयलाई दलहरूले सर्वथा उपेक्षा गरेको देखिन्छ । सबै पक्ष विचार गर्दा त्यस बेला सुन्ने गरिएको 'माओवादी समस्या केही नेता तथा पार्टीका लागि सत्ताको भऱ्याङ

बनेको छ' भन्ने आरोप केही हदसम्म ठीक पनि देखिन्छ । इतिहासका पाना पल्टाएर हेर्ने हो भने २०५६ सालपछिका अधिकांश सरकारहरू माओवादी समस्याकै कारण ढले । तिनीहरू माओवादी समस्या समाधान गर्छु भनेर नै गठन समेत भएका थिए । २०५२ सालमा सुरु भएको माओवादी समस्या समाधान गर्ने औपचारिक पहल २०५८ सालमा पहिलो शान्तिवार्ताबाट मात्र सुरु भएकाले त्यतिन्जेल यसलाई गम्भीरताका साथ नलिइएको प्रस्ट हुन्छ । यसबीच माओवादीले आफ्नो क्षमता विकास गरिरहेको थियो । खास गरी प्रहरीलाई जुनसुकै स्थानमा पनि हमला गर्न सक्ने तागत बनाइसकेको थियो । यो यथार्थलाई प्रहरी प्रशासनले राजनीतिक नेतृत्वलाई बुझाउने प्रयास पनि गरेको थियो । तर के कारणले हो, राजनीतिक नेतृत्वले सेना परिचालन गर्न सकेन या चाहेन । २०४६ सालको परिवर्तनपछि सेना सम्बन्धी ऐन, कानुन र नियम संविधानसम्मत नबनाउनु र सेनासँग अविश्वासको पुरानो तुस बाँकी रहनु यसको प्रमुख कारण हो भन्ने मलाई लाग्छ । राजनीतिक नेतृत्व र सेनाको नेतृत्व तहबीच अन्तरक्रियाको कमी हुनु अर्को उल्लेखनीय कारण हो ।

२०५६ सालको आमनिर्वाचनमा नेपाली काङ्ग्रेसको स्पष्ट बहुमत आएपछि कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री बन्नुभयो । उहाँले पूर्वप्रधानमन्त्री शेरबहादुर देउवालाई माओवादी समस्या अध्ययन कार्यदलको संयोजक बनाउनुभयो । कार्यदलले वार्ताको वातावरण बनाउनुका साथै माओवादीबारे एक किसिमको धारणा तय पार्दै थियो । तर काङ्ग्रेसभित्रको कलहले गर्दा प्रधानमन्त्री भट्टराईलाई राजीनामा दिन बाध्य पारियो । काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला पुनः प्रधानमन्त्री हुनुभयो । माओवादीसँगको वार्ता सम्बन्धी प्रयास तुहियो ।

२०५८ साउनमा शेरबहादुर देउवा दोस्रो पटक प्रधानमन्त्री भएपछि सेनासँगको सम्बन्धलाई सुमधुर बनाउन निकै सकारात्मक माहोल सुरु भयो । मन्त्रिपरिषद्ले सेनाका लागि आवश्यक हातहतियार र उपकरणका लागि बजेटको व्यवस्था गऱ्यो । तैपनि यसै क्रममा उहाँलाई दक्षिण अफ्रिकाको भ्रमणमा जाने भनेर बेल्जियम गई हतियार खरिद गर्न अलमलिनुभयो भन्ने आरोप लाग्यो । २०५८ सालसम्म आइपुग्दा धेरैजसो राजनीतिक दलको प्रभाव जिल्ला सदरमुकाम र राजधानी काठमाडौंमा सीमित भइसकेको थियो । डर, त्रास, आतङ्क अथवा अन्य जुनसुकै किसिमको हतकन्डा अपनाएर भए पनि माओवादीले सबैजसो ग्रामीण इलाकालाई आफ्नो अधीन र प्रभावमा लिएको थियो । साथै उसले अन्य कम्युनिस्ट पार्टीका केही नेता र कार्यकर्तालाई माओवादीमा प्रवेश गराइरहेको थियो । काङ्ग्रेसका कतिपय नेताहरू जिल्लाबाट विस्थापित भइसकेको स्थिति थियो । माओवादीहरू आक्रामक अवस्थामा थिए भने राजनीतिक पार्टीहरू निरीह भई रक्षात्मक स्थितिमा । यस अवस्थासम्म आइपुग्दा माओवादीले जननिर्वाचित सरकारलाई 'नोकर' र महाराजाधिराजलाई 'मालिक' भन्न थालिसकेको थियो । त्यति मात्र नभएर माओवादीले राजनीतिक दललाई पाखा लगाई राज्यशक्ति महाराजधिराजमा केन्द्रित गराई सोझै सरकारसँग वारपारको वार्ता वा मुठभेड गर्ने रणनीति बनाएको

थियो । यो रणनीतिबारे राजदरबार पूर्ण रूपले जानकार थियो । २०५९ असोज १८ गते महाराजाधिराजबाट थालिबक्सेको शाही कदमले माओवादीको त्यही रणनीतिलाई सम्बोधन गरेको देखिन्छ । माओवादी समस्याबाट देश आक्रान्त बनिरहेका बेला सोझै दरबारले किन पहल नगर्ने त भन्ने मनसायले पनि असोज १८ को कदम लक्षित थियो । माओवादीले सुरुमा सरकारलाई दिएको ४० बुँदे ज्ञापनपत्रमा राजसंस्थाको उन्मूलन पनि मुख्य माग थियो भन्नेबारे राजदरबार पूर्ण रूपमा जानकार थियो । तर असोज १८ को कदमलाई राजनीतिक नेताहरूले राजदरबार र माओवादीको कार्यगत एकताका रूपमा व्याख्या गर्दै प्रजातन्त्र मास्न सहकार्य भएको टिप्पणी गरे । कतिपयले माओवादी राजदरबारबाट सञ्चालित छन् र माओवादीको प्रधान कार्यालय (हेडक्वाटर) निर्मल निवास हो भन्ने आरोप लगाए ।

माओवादीले विभिन्न राजनीतिक पार्टीका नेता तथा कार्यकर्तालाई भौतिक कारबाही गर्ने योजना सुरुदेखि नै अगाडि बढाइरहेकै हुन् । यसै क्रममा विशेष गरेर काङ्ग्रेस तथा एमालेका केही नेता तथा कार्यकर्ताको हत्या समेत गरेका थिए । यसरी मारिनेहरूको फेहरिस्त लामै छ । यो क्रम माओवादीले हालसम्म पनि पूर्णतः बन्द गरिसकेका छैनन् । तर पनि यी दुवै पार्टीका शीर्ष नेताहरूले अवसर पाएसम्म माओवादी नेताहरूसँग भारतका विभिन्न स्थानमा गोप्य भेटघाट र वार्ता गरिरहेकै थिए । एमाले महासचिव माधवकुमार नेपाल र अन्य केही नेताहरूले माओवादी नेतृत्वसँग भारतका सिलिगुडी, गोरखपुर तथा लखनउमा विभिन्न चरणमा वार्ता गरेका थिए । काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले पनि भारतको नयाँ दिल्लीमा माओवादी नेताहरूसँग गोप्य वार्ता गर्नुभएको थियो । यी सबै वार्तामा कुनै न कुनै रूपबाट भारतीय सुरक्षा निकायले पहल र समन्वय गरेको तथ्य पनि बुझिन आएकै हो । माओवादीको ४० बुँदे ज्ञापनपत्रमा रहेका नितान्त राजनीतिक विषयवस्तुमा समेत मूलधारका राजनीतिक पार्टीले कहिल्यै कुनै छलफल, विचार, विमर्श गरेको देखिएन । त्यसैले माओवादी समस्यामा राजनीतिक दलको धारणा कहिल्यै स्पष्ट रहेन ।

## माओवादी समस्या र शाही नेपाली सेना

माओवादीले हत्या, हिंसा र आतङ्कको सिलसिला सुरु गरेदेखि नै शाही नेपाली सेनाले यसबारे सूक्ष्म रूपमा अध्ययन गरिरहेको थियो । उनीहरूले प्रहरीका विभिन्न पोस्ट र ठूला संरचनामा गरेका आक्रमण तथा त्यहाँ लुटिएका हातहतियारबारे उसले जानकारी राख्दै आएको थियो । माओवादी विद्रोह आर्थिक, सामाजिक विभेद र कुशासनबाट उब्जेको समस्या हो, यो प्रहरीको कारबाहीबाट मात्र समाधान हुन सक्दैन, अन्ततः सेना परिचालन गर्नैपर्छ भन्ने सेनाको सुरुदेखिकै विश्लेषण हो । त्यस्तै, राजनीतिक दलले माओवादीसँग राजनीतिक ढङ्गले नै बहस गरेर उनीहरूलाई मूलधारमा ल्याउन सक्नुपर्छ भन्ने सेनाको धारणा थियो । यस क्रममा सेनाले सबै पक्षबारे विचार गरी यस्ता विद्रोह समाधान गर्न

एकीकृत आन्तरिक सुरक्षा तथा विकास योजना लागू गर्न तत्कालीन सरकारहरूलाई प्रस्ताव गरेको थियो । त्यस मार्फत परिचालन भई स्थानीय जनतालाई आवश्यक सहयोग गरी माओवादीलाई जनताबाट अलग्याउने रणनीति सेनाको थियो । स्थानीय राजनीतिक दलका कार्यकर्ताले माओवादीसँग वैचारिक हिसाबले प्रतिरोध गरून् र सेनाको सहयोगमा प्रहरीले माओवादीलाई निःशस्त्रीकरण गरी मूलधारमा ल्याउन पहल गर्नेछ भन्ने सेनाको प्रस्ताव थियो । यसबाट जनधनको क्षति कम हुने उसको आकलन थियो । आफ्नै देशका जनताका विरूद्ध प्रत्यक्ष रूपमा सेना परिचालन हुन ठीक हुँदैन भन्ने पनि उसको सोचाइ थियो । तर कुनै पनि सरकारहरूले सेनाको सुझावलाई वास्ता गरेनन् ।

२०५३ सालमा लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री हुँदा उपप्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतमले माओवादीलाई लक्ष्य गरी आतङ्ककारी तथा विध्वंसात्मक नियन्त्रण ऐन ल्याउन कोसिस गर्नुभयो । त्यस्तै उहाँकै पहलमा शाही नेपाली सेना र प्रहरीको आतङ्कवादका विरूद्धको संयुक्त कार्यदल (एन्टी टेरोरिस्ट सेल) समेत बनेको थियो । यसै समयमा सेनाले आफ्ना तालिम केन्द्रहरूमा प्रहरीलाई प्रतिआतङ्कवाद सम्बन्धी तालिम दिएको थियो । २०५४ सालमा सूर्यबहादुर थापा प्रधानमन्त्री भएपछि शाही नेपाली सेनाको सुझावलाई गम्भीरताका साथ लिई सेनाको आवश्यकता अनुसार लजिस्टिक तथा सञ्चार उपकरणका लागि केही बजेट समेत व्यवस्था गरिएको थियो । यसै समयमा सेनाले माओवादीको उत्पत्ति र प्रभाव क्षेत्र मानिएका रूकुम, रोल्पा लगायतका जिल्लालाई लक्ष्य गर्दै सुर्खेतमा पृतना र रूकुम–रोल्पामा वाहिनी खडा गरी प्रहरीलाई सहयोग गरेर माओवादीलाई निःशस्त्रीकरण गर्ने योजना सरकारमा पेस गरेको थियो । शाही जङ्गी अड्डाको विश्लेषणमा सुरूदेखि नै सेना परिचालन हुन सकेको भए माओवादी समस्याले विकराल रूप लिन सक्ने थिएन र जनधनको धेरै ठूलो क्षति हुने थिएन । राजदरबार र सेनाको मान्यता सेना संवैधानिक प्रक्रियाले राष्ट्रिय सुरक्षा परिषद्को निर्णयबाट मात्र परिचालन गर्नुपर्छ भन्ने थियो । राष्ट्रिय सुरक्षा परिषद्लाई क्रियाशील गर्न यसको सचिवालय स्थापना हुनुपर्छ र सेना परिचालनका लागि आम राजनीतिक सहमति कायम हुनुपर्छ भन्ने सुझाव पनि सुरूदेखि नै दिइएको थियो । तर राजनीतिक नेताहरूले सेना सम्बन्धी अल्पज्ञानका कारण परम्परागत सोच राखेर सेनालाई विश्वास गरेनन् । यी महत्त्वपूर्ण सुझावलाई पटक्कै वास्ता गरेनन् । फलस्वरूप विश्वासको वातावरण बनेन । अझ केही तत्त्वहरूले त सेना ब्यारेकबाट बाहिर निस्कियो भने ब्यारेक फर्कंदैन, प्रजातन्त्र खतरामा पर्छ भन्ने भ्रम पनि फैलाए । फलस्वरूप माओवादी समस्या बढेर अत्यन्तै विकराल बन्न पुग्यो ।

लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापा प्रधानमन्त्री हुँदा विकासका कार्यक्रम मार्फत सेना परिचालन गर्न सकिने सकारात्मक सोच बनेको हो । तर गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भएपछि यो प्रसङ्ग सेलाएर गयो । उहाँ माओवादीका विरूद्ध सेना परिचालन गर्न त चाहनुहुन्थ्यो तर संवैधानिक प्रक्रिया अनुरूप राष्ट्रिय सुरक्षा परिषद्बाट निर्णय गराएर होइन, प्रहरीलाई जस्तो ठाडो आदेशको भरमा । उहाँले किन संवैधानिक

प्रक्रिया अनुरूप सेना परिचालन गर्न चाहनुभएन भन्ने कुरा अहिलेसम्म अस्पष्ट नै रहेको छ । तर उहाँले जहिल्यै सेना परिचालनबारे दरबारलाई दोष दिनुभयो । यसै कारण वीरेन्द्र सरकार र कोइरालाबीच सुमधुर सम्बन्ध पनि बन्न सकेन, न त ज्ञानेन्द्र सरकार र कोइरालाबीच सुमधुर सम्बन्ध बन्न सक्यो । पहिलो शान्तिवार्ता भङ्ग गरेर माओवादीले शाही नेपाली सेनाको दाङ ब्यारेकमा आक्रमण गरेपछि सेना माओवादीका विरूद्ध प्रतिरक्षात्मक हिसाबले परिचालन भयो । यस क्रममा एकपछि अर्को गरेर माओवादीले अन्य सैनिक ब्यारेकमाथि समेत धावा बोले र धेरै हातहतियार लुट्न सफल पनि भए । यस्ता घटनाबाट राजा वीरेन्द्रले शाही नेपाली सेना 'पेपर टाइगर' हो भनेको कुरा प्रमाणित जस्तै हुन पुग्यो । राम्ररी आफ्नै बचाउ समेत गर्न नसक्नु सेनाको ठूलो कमजोरी थियो । त्यस बेला आफ्नो कौशल देखाउन नसके पनि कालान्तरमा माओवादीलाई राज्यसत्ता कब्जा गर्नबाट रोक्न भने सेना सफल भयो ।

सेना २०५८ मङ्सिरदेखि दोस्रो जनआन्दोलनको समाप्ति २०६३ वैशाखसम्म माओवादीका विरूद्ध परिचालन भयो । यसबीच 'युनिफाइड कमान्ड' सुरक्षा अवधारणा अनुरूप सेनाले माओवादीका विरूद्ध परिचालित सबै सुरक्षा निकायको नेतृत्व गरेको थियो । यसका लागि केन्द्रमा शाही जङ्गी अड्डामा प्रधान सेनापतिको अध्यक्षतामा केन्द्रीय सुरक्षा समन्वय समिति गठन भएको थियो । त्यसको सदस्यमा सुरक्षा निकायका सबै प्रमुखहरू हुन्थे भने शाही नेपाली सेनाका बलाधिकृत, युद्ध तथा व्यवस्था महानिर्देशकका साथै अन्य सुरक्षा निकायका अपरेसन प्रमुखहरू आमन्त्रित सदस्यका रूपमा रहेका थिए । क्षेत्र, अञ्चल र जिल्ला स्तरमा समेत यसरी नै सुरक्षा समन्वय समितिहरू क्रियाशील भएका थिए । त्यस्तै, गृह मन्त्रालयमा गृहमन्त्रीको अध्यक्षतामा केन्द्रीय सुरक्षा समिति क्रियाशील थियो । त्यसको बैठकमा शाही नेपाली सेनाबाट बलाधिकृत रथी र युद्ध तथा व्यवस्था महानिर्देशक सहभागी हुन्थे । (२०५८ मङ्सिरअघिसम्म केन्द्रीय सुरक्षा समिति सक्रिय भए पनि त्यसको बैठकमा सेनाका तर्फबाट कसैलाई आमन्त्रण गर्ने चलन प्रायः थिएन । यद्यपि केन्द्रीय सुरक्षा समितिको कार्यविधि अनुसार त्यसको बैठकमा सेनालाई पनि सहभागी गराउनुपर्थ्यो ।) केन्द्रीय सुरक्षा समितिसँगै क्षेत्रीय, अञ्चल र जिल्लास्तरीय सुरक्षा समितिहरू समेत क्रियाशील हुन पुगेका थिए र तिनको बैठकमा पनि सेनाका तर्फबाट सहभागिता हुन्थ्यो । यही बेला सुरक्षा प्रशासनको संवेदनशीलतालाई ख्याल गरेर क्षेत्रीय स्तरमा गृह मन्त्रालयको मातहतमा रहने गरी क्षेत्रीय प्रशासक राख्ने अवधारणा समेत बन्यो । नागरिक प्रशासनलाई बलियो बनाउनुपर्छ भन्ने मान्यता अनुरूप सेनाले नै यसको सुझाव दिएको थियो । यसैबीच सेना पृतना अवधारणामा प्रवेश गऱ्यो ।

सेना माओवादीका विरूद्ध परिचालन भएको अवधि करिब तीन वर्ष छ महिनालाई सबै पक्षबाट आ-आफ्नै दृष्टिकोणले विश्लेषण गर्ने गरिएको छ । सेनाको विश्लेषण अनुसार माओवादीले सेनालाई हराएको होइन । सेनाले नै बाध्य पारेर माओवादीलाई दोस्रो शान्तिवार्तामा ल्याउन सफलता पाएको हो । सेना परिचालन भएपछि माओवादीले

व्यापक क्षति ब्यहोर्नुपरेको थियो । सेनाले गर्दा नै माओवादीले राज्यसत्ता कब्जा गर्न नसकेको हो । मेरो बुझाइमा सेनालाई राजनीतिक दल, नागरिक समाज, सञ्चार माध्यम, मानव अधिकारवादी र अन्य पक्षले पनि गर्नुपर्ने सहयोग गरेनन् । सेनाले सैनिक हिसाबले हारेको होइन, माओवादीले राजनीतिक रूपले चाहिं हराएकै हो भन्ने विश्लेषण पनि आउने गरेको छ । यो विश्लेषणलाई अस्वीकार गर्न सकिँदैन । किनभने तत्कालीन सरकारलाई बुझाएका ४० मागहरूमध्ये भारतसँग सम्बन्धित मागबाहेक अन्य सबै मागहरू कार्यान्वयन गर्न-गराउन माओवादी सफल भएको देखिन्छ ।

सेनाका केही वरिष्ठ अधिकृत सुरुमा आफ्नो क्षमता उल्लेखनीय रूपमा बढी छ भनेर दाबी गर्थे । उनीहरूको काम प्रहरीको आलोचना गर्ने मात्र हुन्थ्यो । तर माओवादीले सेनाका पनि ठूलठूला ब्यारेकमा समेत हमला गरी धेरै हातहतियार लुटेपछि तिनको दाबीमाथि दम देखिएन । माओवादी विद्रोह सुरु हुँदा, २०५२ सालदेखि २०६२ सालसम्म आइपुग्दा सेनाको सङ्ख्या झन्डै दोब्बर भइसकेको थियो । तर माओवादीसँग लड्ने क्रममा सेनाले धेरै नै क्षति ब्यहोर्नुपर्‍यो । कैयौं जवान शहीद भए भने कैयौं परिवार विस्थापित । धेरैले विभिन्न मानवीय र मनोवैज्ञानिक क्षतिहरू समेत ब्यहोर्नुपर्‍यो ।

## माओवादी समस्या र नेपाल प्रहरी

माओवादी हत्या, हिंसा र आतङ्क सुरु भएदेखि नै नेपाल प्रहरी माओवादी लडाकुको तारो बन्दै आयो । माओवादी समस्यामा सबैभन्दा बढी भौतिक तथा मानसिक क्षति नेपाल प्रहरीले भोग्नुपर्‍यो । प्रहरीको मुख्य काम समाजमा 'पुलिसिङ' गर्ने, शान्ति-सुरक्षा र अमनचैन कायम गर्ने तथा अपराध नियन्त्रण गर्ने नै हो । तर उसले आफ्नो जिम्मेवारीभन्दा नितान्त बेग्लै क्षेत्रमा गई माओवादीका विरूद्ध कारबाही गर्नुपर्‍यो । त्यसका लागि प्रहरीलाई तालिम थिएन । ऊ त्यस्तो कारबाही गर्न आवश्यक हातहतियारले सुसज्जित पनि थिएन । तैपनि धेरै क्षतिको बावजुद जुन साहस र धैर्यका साथ नेपाल प्रहरी माओवादीका विरूद्ध १० वर्ष लड्यो, विद्रोह भनौं या आतङ्कवाद नियन्त्रण गर्ने क्रममा प्रहरीले गरेको यो उदाहरणीय कार्य हो, नेपालको सन्दर्भमा मात्र नभएर विश्वकै सन्दर्भमा ।

माओवादीले सुरुमा रोल्पा र रूकुम जिल्लाका ग्रामीण क्षेत्रमा रहेका प्रहरी चौकीमा खुकुरी, लट्ठी र भरूवा बन्दुकको भरमा आक्रमण गरी प्रहरीका हतियार लुटेका थिए । त्यसलाई श्री ५ को सरकारले शान्ति-सुरक्षाको सामान्य समस्याका रूपमा लिएर प्रहरी परिचालन गरेको थियो । सरकारले २०५३/५४ सालमा शाही नेपाली सेनाले दिएको सुझाव विपरीत प्रहरीलाई व्यापक रूपमा परिचालन गर्‍यो । 'अपरेसन रोमियो' तथा 'किलो सेरा टु' जस्ता अपरेसन सञ्चालन गरेर माओवादीतर्फ ठूलो क्षति पुर्‍याएको देखाई राजनीतिक नेतृत्वलाई खुसी पार्न समेत प्रहरी सफल भयो । तर यही अपरेसनका कारण प्रहरीप्रति सर्वसाधारण जनतामा वितृष्णा पैदा हुन पुग्यो, जसलाई

माओवादीले आफ्नो फाइदाका निम्ति प्रयोग गर्न सक्यो । यसमा राजनीतिक नेतृत्व मात्र नभएर प्रहरीको उच्च नेतृत्व समेत जिम्मेवार छ । प्रहरीलाई देशभर व्यापक रूपले परिचालन गरेर आवश्यकभन्दा बढी शक्ति प्रयोग गरेको र त्यसबाट धेरै जनधनको क्षति (कोलाटोरल ड्यामेज) हुन गयो भन्ने आरोप समेत नलागेको होइन । प्रहरीको कठोर नीतिका विरूद्ध माओवादीले उस्तै कठोर कारबाहीको शृङ्खला चलायो जसबाट प्रहरीले धेरै क्षति ब्यहोर्नुपऱ्यो ।

राज्यको एउटा महत्त्वपूर्ण निकाय प्रहरीले व्यापक क्षति ब्यहोर्दै जानु तर हातहतियार र तालिमप्राप्त अर्को उत्तिकै महत्त्वपूर्ण निकाय सेना परिचालन नहुनु विडम्बना थियो । जसले क्षति ब्यहोरे पनि आखिर नेपाल र नेपालीकै क्षति हो भन्ने त्यो बेलाको नेतृत्वले बुझ्न नसक्नु अर्को दुर्भाग्य हुन पुग्यो । प्रहरीलाई हातहतियार र लजिस्टिक्स तथा उपकरण उपलब्ध गराउने क्रममा प्रहरीको वार्षिक बजेट सेनाको भन्दा बढी यसै समयमा भएको तथ्य सबैलाई अवगत भएकै विषय हो । प्रहरीलाई गनसिप हेलिकप्टर समेत उपलब्ध गराउन प्रयास भयो । केही विश्लेषकले भने जस्तै माओवादी समस्या 'कसैका लागि कमाउने धन्दा' बन्न पुग्यो । प्रहरीले मात्र माओवादी समस्या समाधान हुँदैन भन्ने बुझेर पनि दलहरूले ठोस राष्ट्रिय दृष्टिकोण बनाउनै सकेनन् । दलहरूको साथ र सहयोग लिई उपलब्ध साधन र शक्तिको परिचालन गर्न नसक्नु प्रहरी सङ्गठनले क्षति ब्यहोर्नुको मुख्य कारण हो । प्रहरी सङ्गठनको उच्च तहका केही व्यक्तिको निहित स्वार्थ, सङ्कीर्ण दृष्टिकोण र राजनीतिक दलका नेतालाई तिनले पारेको प्रभावले पनि यसमा भूमिका खेलेको छ ।

प्रसङ्ग २०५६ सालकै हो । एक साँझ प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) रामकाजी बान्तवासँग मेरो नितान्त व्यक्तिगत छलफल भएको थियो । मैले उहाँलाई 'माओवादी समस्या साधारण शान्ति-सुरक्षाको समस्या होइन, यसले विद्रोहको बृहत् रूप लिँदै छ, तपाईंहरू श्री ५ को सरकारलाई यो प्रहरीको काम होइन, प्रहरीले यो समस्या समाधान गर्न सक्दैन भनेर किन भन्नुहुन्न ?' भनेर प्रश्न राखें । उहाँले 'प्रजातन्त्रमा आन्तरिक सुरक्षामा सेना परिचालन गर्नु ठीक हुँदैन, आवश्यक स्रोत-साधन, आधुनिक हातहतियार र अन्य उपकरण पाए प्रहरीले यो समस्या समाधान गर्न सक्छ' भनेर आफ्ना कुरा राख्नुभयो । मैले उहाँलाई 'यदि त्यसो हो भने हातहतियार र तालिमप्राप्त सेनालाई किन परिचालन नगर्ने त ?' भनी प्रतिप्रश्न गरेको थिएँ । उहाँले भन्नुभयो, 'सेना ब्यारेकबाट बाहिर आएपछि ब्यारेक फर्कंदैन, सत्ता कब्जा गर्नपट्टि लाग्छ भन्ने अधिकांश नेताको बुझाइ छ । प्रजातन्त्रमा सेनालाई ब्यारेकबाहिर ल्याउँदा समस्या पर्न सक्छ ।' उहाँका कुरा सुनेर मैले 'प्रहरीलाई सेनाको जस्तो हातहतियार तथा उपकरण आवश्यक भए सेना किन राख्नुपऱ्यो ?' भनें । उहाँले सेना परिचालन गर्ने समय भइनसकेको आफ्नो विश्लेषण सुनाउनुभयो । उहाँका कुरा सुनेपछि मलाई सरकारले सेना परिचालन सम्बन्धी निर्णय नगरी प्रहरीलाई सक्षम बनाउन प्रयास गर्नुका पछाडि यस्तै सोचविचारले काम गरे जस्तो लाग्यो । माओवादी हत्या-हिंसाले प्रहरी प्रधान

कार्यालयमा कार्यरत उच्च नेतृत्व वर्गलाई खासै असर नपर्ला, तर गाउँमा रहेका प्रहरी जवानले ठूलै क्षति ब्यहोरेको तथ्य कसैलाई पनि जानकारी नभएको हो वा बुझेर बुझ पचाएको हो, मैले त्यति बेला बुझ्न सकिनँ ।

माओवादी समस्याबारे प्रहरी र सेनाका वरिष्ठ अधिकृतबीच फरक धारणा, फरक दृष्टिकोण थियो । यस क्रममा प्रधान सेनापति र प्रहरी महानिरीक्षकबीच सौहार्दपूर्ण सम्बन्ध कायम हुन सकेन । यसको ज्वलन्त उदाहरण तत्कालीन प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेल र प्रधान सेनापति प्रज्वल्लशमशेर जबराबीचको सम्बन्धलाई लिन सकिन्छ । एक दिन आईजीपी खरेलले आफूलाई प्रधान सेनापति जबराले तथानाम गाली गरेको विषय मलाई जानकारी गराउनुभएको थियो । प्रहरीले विदेशबाट खरिद गर्न चाहेको हतियार र गोली समेत सेनाबाट रोकिएको आरोप प्रहरीको थियो । सेनाले आफूसँग भएसम्म हतियार र गोली प्रहरीलाई दिएकै हो । तर भारत लगायतका देशबाट सेना सरहका हतियार प्रहरीलाई किन्न या ल्याउन दिनु हुन्न भन्ने मानसिकता चाहिं सेनामा अवश्य थियो । साथै, भारतले सहयोगस्वरूप दिन चाहेको हतियार पनि सेनाले ल्याउन नदिएको आरोप प्रहरीको थियो । यसमा दरबार र सेनाको भनाइ के थियो भने नेपाल भित्रिने हातहतियार संवैधानिक हिसाबले राष्ट्रिय सुरक्षा परिषद्बाट अनुमोदन हुनुपर्छ । तर प्रहरीले राष्ट्रिय सुरक्षा परिषद्लाई बेवास्ता गरी गृह मन्त्रालय मार्फत सोझै भारतसँग 'डिल' गरेर हतियार ल्याउन चाहेको थियो । तत्कालीन राजनीतिक नेतृत्व पनि त्यही चाहन्थ्यो । यसबाट पनि सेना र प्रहरीबीच विवाद बढेको थियो । यति गम्भीर र संवेदनशील विषयमा पनि राजदरबार र सेना एकातिर तथा श्री ५ को सरकार र प्रहरी अर्कातर्फ देखिनु निश्चय पनि देशका लागि दुर्भाग्य नै भयो । यस्तो अवस्थामा माओवादीले सबैलाई खेलाउन खोज्नु स्वाभाविक थियो । त्यसमा एक हदसम्म माओवादी सफल पनि भयो ।

## माओवादी समस्या र सशस्त्र प्रहरी बल

माओवादीका विरूद्ध शाही नेपाली सेना परिचालन गर्न नसकेपछि श्री ५ को सरकारले सशस्त्र प्रहरी बल गठन गरेको भन्ने धेरै राजनीतिक नेता, बुद्धिजीवी, नागरिक समाजका सदस्य र केही हदसम्म सुरक्षा निकायका जिम्मेवार व्यक्तिहरूको समेत बुझाइ छ । सतही तवरले हेर्दा यसमा सत्यता समेत देखिन्छ । तर वास्तविकता पक्कै पनि यस्तो होइन । जुन बेला सशस्त्र प्रहरी बल गठन भयो, त्यस बेलासम्म माओवादी समस्याले उग्र रूप लिइसकेको थियो । कुनै पनि नयाँ सुरक्षा निकाय खडा भएपछि त्यसलाई एउटा सशक्त सुरक्षा बलमा रूपान्तरण हुन निकै समय लाग्छ । नेपाल प्रहरी र शाही नेपाली सेनाबाट तथा नयाँ भर्ना लिएर गठन हुने फोर्सलाई एक ढिक्का र सशक्त बनाउन, तालिम दिलाउन धेरै समय लाग्ने स्पष्टै थियो । त्यसैले सशस्त्र प्रहरी माओवादी समस्याको समयमा जन्माइएको फोर्स भए पनि देशमा

भविष्यमा आइपर्न सक्ने सुरक्षा चुनौती र आवश्यकतालाई ध्यान राखेर बनाइएको सुरक्षा बल हो ।

पञ्चायती व्यवस्थाको अन्त्यतिर नै देशको आवश्यकतालाई सम्बोधन गर्दै शान्ति-सुरक्षा कायम गर्न गाउँका वडा स्तरसम्म नेपाल प्रहरीको प्रभाव विस्तार गर्ने सोचाइ बनेको थियो । यसका लागि प्रहरीको सङ्ख्या वृद्धि गर्नु जरूरी थियो । साथै प्रहरी स्थानीय तहमा शान्ति-सुरक्षा कायम गर्न परिचालन हुने हुँदा सङ्गठनलाई क्षेत्रीय स्वरूपमा बदल्नुपर्ने समेत सोचाइ बनेको थियो । प्रहरीलाई सामान्य हतियार दिने र प्रहरीका सशस्त्र डफ्फालाई बेग्लै सङ्गठन बनाएर अर्धसैनिक संरचनाको बल निर्माण गर्ने धारणा पुरानै हो । तर २०४६ सालको परिवर्तनपछि प्रहरीमा कुनै पनि परिवर्तन भएन । सेनाको प्रतिस्पर्धी सुरक्षा निकायका रूपमा दरबन्दी र बजेट थप्ने प्रक्रिया मात्र जारी रह्यो । यसले गर्दा प्रहरी सङ्गठन ठूलो हुँदै गयो । साथै चरम राजनीतिक हस्तक्षेप भई समग्र सङ्गठनकै राजनीतीकरण भयो । प्रहरीमा नियुक्ति, सरूवा, बढुवा इत्यादिमा राजनीतिक नेताहरूको चलखेल चर्को हुँदै गयो । प्रहरी महानिरीक्षक पद पनि यसबाट अछुतो रहन सकेन । प्रहरीका अधिकृतहरूलाई नेताहरूको संरक्षण आवश्यक हुन थाल्यो भने नेताहरूलाई पनि चुनाव जित्न शक्ति र आर्थिक स्रोत जुटाउन प्रहरीको आवश्यकता पर्न थाल्यो । २०५६ सालको आमनिर्वाचनमा केही उम्मेदवारलाई जिताउन र केहीलाई हराउन तत्कालीन प्रहरी महानिरीक्षकले खेलेको भूमिकाबारे ठूलै विवाद भएको थियो ।

समग्र परिस्थितिलाई विचार गर्दा प्रहरी सङ्गठन सेना जस्तो एकीकृत कमान्डमा रहन सर्वथा उचित थिएन । माओवादी समस्याले विकराल रूप लिँदै जाँदा सशस्त्र प्रहरी बल बनाउनुपर्ने धारणाले मूर्त रूप पायो । फलस्वरूप २०५७ सालमा अध्यादेश मार्फत श्री ५ को सरकारले सशस्त्र प्रहरी बल खडा गर्‍यो । सुरूदेखि नै राजदरबारको सोचाइ प्रहरी सङ्गठनलाई सानो पारी विकेन्द्रीकरण गरेर यसले निर्वाह गरेको जिम्मेवारी अर्को सङ्गठनलाई सुम्पनुपर्छ भन्ने थियो । यस क्रममा राजनीतिक नेताहरू पनि माओवादीका विरूद्ध तत्काल परिचालन गर्न सक्षम सङ्गठनका रूपमा सशस्त्र प्रहरी गठन गर्न सहजै सहमत भएका हुन् । सशस्त्र प्रहरी बल गठन सम्बन्धी सुझाव दिन गठित आयोगले यसको पहिलो प्रमुखका रूपमा शाही नेपाली सेनाको उपरथीलाई सशस्त्र प्रहरी महानिरीक्षक नियुक्त गर्न सुझाव दिएको थियो । महाराजाधिराजको सोचाइ समेत यही थियो । तर सेनाका कुनै पनि उपरथीले सशस्त्रको प्रमुख भएर जान इच्छा गरेनन् । यसैबीच नेपाल प्रहरीका एआईजीहरू सशस्त्र प्रमुख हुन लबिङ गरिरहेका थिए । यस दौडमा मुख्य गरी एआईजीहरू कृष्णमोहन श्रेष्ठ र रामकाजी बान्तवा अग्रपङ्क्तिमा हुनुहुन्थ्यो । यसै सिलसिलामा पूर्व प्रहरी महानिरीक्षक खड्गजित बरालले एक दिन मलाई कार्यालयमा भेट्न आएर एआईजी रामकाजी बान्तवालाई सशस्त्रको प्रमुख बनाउन सल्लाह दिनुभएको थियो ।

राजदरबारको सचिव बैठकमा एक पटक यसै विषयमा छलफल हुँदा धेरैजसो सचिव

र विशेष गरेर प्रमुख सचिव पशुपतिभक्त महर्जनले एआईजी बान्तवाबारे एकदमै नकारात्मक प्रतिक्रिया व्यक्त गर्नुभयो । उहाँले राजसंस्था र दरबारका सचिवप्रति पछिल्लो समयमा बान्तवाको व्यवहार सकारात्मक नभएको तथ्य समेत अवगत गराउनुभयो । रामकाजीलाई दरबारियाको ट्याग लागिसकेको अवस्थामा समेत उहाँले दरबारप्रति उपेक्षा र अवज्ञाको भाव देखाउनुभएको प्रसङ्ग समेत उहाँले सुनाउनुभयो । रामकाजीका पिता मकरबहादुर बान्तवा अञ्चलाधीश हुनुहुन्थ्यो । रामकाजी आफैँले पनि दरबारमा शाही पार्श्ववर्तीका रूपमा काम गर्नुभएको थियो । कृष्णमोहन र रामकाजी दुवै जना मेरो कलेजका साथी हुनुहुन्थ्यो । त्यसमा पनि रामकाजी र मैले राष्ट्रिय सेवा दलमा सँगै तालिम लिएका थियौँ । त्यसैले मैले यसबारे कुनै प्रतिक्रिया दिइनँ । बरु 'सेनाको धारणा के रहेछ, बुझ्छु' भनेँ । सशस्त्रको प्रमुख हुन कृष्णमोहनले सहयोगका लागि मसँग पनि बारम्बार आग्रह गरिरहनुभएको थियो । मैले सेनाको राय बुझ्दा रामकाजीभन्दा कृष्णमोहन उपयुक्त भएको र उहाँसँग काम गर्न सजिलो हुने भन्ने धारणा पाएँ । प्रहरीमा पनि कृष्णमोहन वरिष्ठता क्रममा बान्तवाभन्दा अगाडि हुनुहुन्थ्यो । सबै आधारमा मैले कृष्णमोहनलाई नै सशस्त्रको प्रमुख बनाउन उपयुक्त हुने भनेर सरकारमा जाहेर गरेँ । सरकारबाट 'पशुपतिसँग छलफल गरेर प्रधानमन्त्रीसँग कुरा गर्न लगाऊ' हुकुम भयो । यसैबीच प्रमुख सचिव पशुपतिले एआईजी बान्तवालाई सशस्त्रको प्रहरी महानिरीक्षक बनाउने श्री ५ को सरकारको योजना रहेको थाहा पाउनुभएको रहेछ । तर महाराजाधिराजबाट हुकुम भए बमोजिम पशुपतिले प्रधानमन्त्री कोइरालालाई भेटेर 'कन्भिन्स' गरेपछि कृष्णमोहनलाई सशस्त्रको प्रमुख बनाउन उहाँ सहमत हुनुभयो ।

सशस्त्र प्रहरी बल नेपाल प्रहरी र सेनाबाट स्वैच्छिक रूपमा स्थानान्तरण भएका व्यक्तिबाट गठन भएको हो । यसमा नेपाल प्रहरीको जस्तो राजनीतीकरण नहोस् भनेर सशस्त्र प्रहरी बल सेवा आयोगको व्यवस्था गरियो । त्यही बेला सशस्त्रलाई राष्ट्रिय सुरक्षा परिषद् मातहतमा राख्ने हो कि भन्ने समेत सोचाइ भएको थियो । तर यसमा राजनीतिक दलहरूले सहमति जनाएनन् । बरु देशमा युद्धको अवस्था सिर्जना भएर शाही नेपाली सेना परिचालन भएको अवस्थामा सेनाको मातहतमा रहेर सशस्त्रले काम गर्ने व्यवस्थाका लागि भने उनीहरू सहमत भए । सशस्त्र प्रहरी बलका लागि आवश्यक सबै किसिमका हातहतियार र तालिम दिन भारतले चाहेको थियो र त्यसै अनुसार हातहतियार उपलब्ध हुँदै आएको पनि छ । सशस्त्रलाई ठूला किसिमका हतियार दिनु हुँदैन भन्ने सोचाइ राजा वीरेन्द्रबाट बेलाबेला सल्लाहका रूपमा हुकुम भएको मलाई सम्झना छ । भारतबाट हतियार ल्याउने क्रममा एक पटक सशस्त्र प्रहरी बलका प्रहरी महानिरीक्षक कृष्णमोहन श्रेष्ठ कहींकतै जानकारी नदिई सुटुक्क नयाँ दिल्ली जानुभएछ । दरबारलाई त जानकारी दिनुभएन भएन, श्री ५ को सरकारलाई समेत आधिकारिक जानकारी नदिई र मन्त्रिपरिषद्को निर्णयबिना नै उहाँ भारत जानुभएको रहेछ । कुनै पनि विशिष्ट श्रेणीको व्यक्ति विदेश भ्रमणमा जाँदा मन्त्रिपरिषद्बाट निर्णय हुनुपर्छ भन्ने त्यस बेला सरकारी नियम थियो । झन् उहाँ त एउटा जिम्मेवार सुरक्षा निकायको

प्रमुख । त्यसैले यस बापत मैले एक पटक उहाँलाई मौखिक स्पष्टीकरण समेत सोधेको थिएँ । भारतसँग हतियार डिलकै प्रसङ्गमा तत्कालीन गृहमन्त्री खुमबहादुर खड्का समेत मन्त्रिपरिषद्को औपचारिक निर्णयबेगर भारत जाने गर्नुभएको सुनिएको थियो ।

## माओवादी समस्या र राष्ट्रिय अनुसन्धान विभाग

परापूर्वकालदेखि नै राज्य सञ्चालनमा गुप्तचर सेवाको भूमिका महत्त्वपूर्ण मानिएको छ । चाणक्य नीतिमा समेत यसलाई विशेष महत्त्व दिइएको छ । 'सूचना कुनै पनि सरकारको आँखा र कान हो' भनिन्छ । त्यस्तै, सूचनाबिनाको सरकार दाँत र नङ्ग्रा नभएको बाघ जस्तो हुन्छ भनिएको छ । प्राचीन समयको राज्य व्यवस्था होस् या हालका शक्तिसम्पन्न राष्ट्र, सबैले गुप्तचर सेवालाई महत्त्वका साथ अङ्गीकार गर्दै आएका छन् । प्राप्त स्रोत र साधनका तुलनामा पञ्चायती व्यवस्थामा राष्ट्रिय अनुसन्धान (नेपाल गुप्तचर) विभागको भूमिका प्रभावकारी थियो । तर २०४६ सालको राजनीतिक परिवर्तनपछि गठित कुनै पनि सरकारले गुप्तचर सेवा मजबुत बनाउन ध्यान पुऱ्याएको देखिएन । बरु राष्ट्रिय अनुसन्धान विभागलाई राजनीतिक कार्यकर्ताको भर्तीकेन्द्रका रूपमा मात्र प्रयोग गरियो । त्यसले यसको प्रभावकारितामा समेत असर पऱ्यो ।

माओवादी समस्या सुरु भएपछि श्री ५ को सरकारले गुप्तचर सेवाको महत्त्व बुझ्न थाली विभागलाई केही क्रियाशील गरेको थियो । हुन त विभागबाट प्रभावकारी सूचना प्राप्त भएन भनी अन्य सुरक्षा निकाय र राजनीतिक नेतृत्वबाट सिकायत नआएको होइन । तर साधन-स्रोत र प्रशिक्षणको अत्यन्त कमी रहेको सङ्गठनबाट निरन्तर प्रभावकारी सूचनाको अपेक्षा गर्नु पनि ठीक थिएन । त्यसमाथि विभागलाई राजनीतिक कार्यकर्ताको भर्तीकेन्द्र बनाइएको थियो । यसबीच, विभागको महत्त्वलाई बुझेर सरकार प्रमुखको मातहतमा राखी आन्तरिक र बाह्य सूचना सङ्कलन तथा विश्लेषणको काममा लगाउनुपर्छ भन्ने सुझाव महाराजाधिराजबाट पटक-पटक बक्सेको थियो । यसबाट सरकार प्रमुखलाई प्राप्त हुने सूचना तथा विश्लेषणबाट राज्य सञ्चालनमा महत्त्वपूर्ण सहयोग पुग्ने थियो । साथै राज्यका नीतिगत गोप्य सूचना विदेशी तथा विरोधी सुरक्षा एजेन्टसम्म जानबाट रोक्ने (काउन्टर इन्टेलिजेन्स) जस्ता महत्त्वपूर्ण काममा यस विभागलाई सक्षम बनाउनुपर्छ भन्ने सुझाव सहितको विश्लेषण तथा योजनाहरू पनि दिइएको थियो । तर यी सुझाव र योजनाको महत्त्व तथा गम्भीरता सरकारको नेतृत्वले नबुझ्दा विभागको क्षमता बढाउने काम त हुन सकेन नै, यो एक हदसम्म उपेक्षित पनि बन्न पुग्यो । तैपनि म सैनिक सचिव रहँदा विभागका प्रमुख देवीराम शर्माको सक्रियतामा माओवादी सङ्गठनको भित्री तहसम्म पुगेर गोप्य सूचना ल्याइएको थियो । माओवादीले विभिन्न स्थानमा गर्न सक्ने आक्रमणबारे समेत अग्रिम सूचना सम्बन्धित सुरक्षा निकाय र सरकारलाई विभागले जानकारी गराउने गरेको थियो । माओवादीको राजनीतिक र लडाकु दस्ताबारे पनि यथेष्ट जानकारी उपलब्ध गराएको थियो ।

सीमित साधन-स्रोतका बावजुद राष्ट्रिय अनुसन्धान विभागले कतिपय अवस्थाका महत्त्वपूर्ण राजनीतिक भेटघाट र छलफलका विषयबारे सूचना सङ्कलन गरेर सम्बन्धित निकायलाई जानकारी गराउने गरेको थियो । २०५९ वैशाखमा चीन भ्रमणमा जानु भएका काङ्ग्रेस सभापति तथा भूतपूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला माओवादी नेता प्रचण्ड र बाबुराम भट्टराईलाई भेट्न हङकङबाट सोझै दिल्ली पुग्नुभएको थियो । त्यो भेटघाट हुने सूचना केही दिनपहिले नै विभागबाट प्राप्त भएको थियो । साथै त्यो भेटघाटमा भएका महत्त्वपूर्ण र गोप्य कुराहरू जानकारी गराउन समेत विभाग सफल भएको थियो । तर, विभागबाट प्राप्त खबर 'फिल्ड लेभल' मा नपुग्ने र पुगे पनि विश्लेषण गर्न नसक्ने स्थिति थियो । माओवादीले राष्ट्रिय अनुसन्धान विभागमा अन्य सुरक्षा निकायको तुलनामा घुसपैठ गराउन नसकेको देखिन्छ । विभागले उपलब्ध गराउने 'ट्याक्टिकल इन्टेलिजेन्स' भन्दा पनि 'स्ट्राटेजिक इन्टेलिजेन्स' र माओवादी सम्बन्धी राजनीतिक विश्लेषण बढी सफल र सही भएको देखिन्छ । यही कारण हुनसक्छ, राष्ट्रिय अनुसन्धान विभागका केही अधिकृत समेत माओवादीको निसानामा परेका थिए ।

## माओवादी समस्या र भारत

भारतमा नेपाल मामिला सम्बन्धी विज्ञ तथा जवाहरलाल नेहरू विश्वविद्यालयका प्राध्यापक एसडी मुनिको २०५०/५१ सालतिर नेपालबारे लामो र विश्लेषणात्मक लेख प्रकाशित भएको थियो । लेखमा नेपालको विगत, वर्तमान र भविष्यको समेत विश्लेषण गरी नेपालप्रति भारतले लिनुपर्ने नीतिबारे उल्लेख थियो । लेखको सारांश 'नेपालमा राजतन्त्र र प्रजातन्त्र सँगसँगै जान सक्दैन, भारतले नेपालमा प्रजातन्त्र र राजतन्त्रमध्येबाट एक रोज्नुपर्छ, भारत गणतन्त्रात्मक प्रजातान्त्रिक मुलुक भएकाले प्रजातन्त्रलाई नै रोज्नुपर्छ' भन्ने थियो । त्यो लेखको भित्री आशय नेपालमा गणतन्त्र स्थापित भए भारत अनुकूल हुन्छ भन्ने प्रस्ट देखिन्थ्यो । उक्त लेख भारतको 'साउथ ब्लक' का लागि 'पोलिसी पेपर' का रूपमा तयार गरिएको हो भन्ने त्यही बेला जानकारीमा आएको थियो । प्राध्यापक मुनिलाई नेपाल सम्बन्धी रणनीतिकार र नेपाल मामिला सम्बन्धी भारतीय नीतिका ज्ञाताका रूपमा बुझ्ने गरिन्छ । नेपालका केही वामपन्थी नेतासँग मुनिको राम्रो सम्पर्क रहेको छ । जवाहरलाल नेहरू विश्वविद्यालयमा अध्ययन गर्दा माओवादी नेता डा. बाबुराम भट्टराई मुनिका चेला हुनुहुन्थ्यो । श्री ५ को सरकार र माओवादीबीच भइरहेको दोस्रो शान्तिवार्ताका क्रममा एसडी मुनि काठमाडौं आउनुभएको थियो । त्यही समय उहाँले माओवादी वार्ताटोली सदस्य डा. भट्टराईसँग होटल एभरेस्टमा दुई घण्टा लामो गोप्य वार्ता गर्नुभएको थियो । माओवादी भूमिगत रहेकै अवस्थामा नयाँ दिल्लीमा प्रा. मुनिसँग भट्टराई र अन्य माओवादी नेताहरूको बारम्बार गोप्य भेटघाट तथा कुराकानी हुने गरेको जानकारी आउने गरेको थियो । त्यस्तै, माओवादी अध्यक्ष प्रचण्ड र डा. भट्टराईले सरकारबाट हटेपछि २०६६ मङ्सिरमा सिङ्गापुर पुगेर भारतीय गुप्तचर

निकाय रअका वरिष्ठ अधिकारी एभी माथुरसँग गोप्य वार्ता गरेका थिए । वार्तामा मुनि समेत सहभागी भएको समाचार त्यही समयमा प्रकाशित भएको थियो । त्यति बेला उपचारका लागि भनेर नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइराला समेत सिङ्गापुरमा हुनुहुन्थ्यो ।

के भारतले नेपालमा राजसंस्था समाप्त पार्न माओवादीलाई प्रोत्साहन गरेको हो ? यस विषयको कहीँकतैबाट अहिलेसम्म पुष्टि गरिएको छैन । साथै यो आधिकारिक रूपमा पुष्टि हुने विषय पनि होइन । सन् १९४७ मा भारत ब्रिटिस उपनिवेशबाट स्वतन्त्र भएदेखि नै भारतका कतिपय प्रदेशमा वामपन्थी विद्रोह जारी छ । उग्रवामपन्थी गतिविधि घट्नुको सट्टा बढ्दै छ । हाल पनि पिपुल्स वार ग्रुप (पीडब्लुजी) र माओइस्ट कम्युनिस्ट सेन्टर (एमसीसी) एकीकृत भई निर्माण भएको भाकपा (माओवादी) जस्ता उग्रवादी सङ्गठनले भारतका केही राज्य र धेरै जिल्लामा ठूलै समस्या खडा गरेका छन् । उत्तरपूर्वी राज्यमा पृथकतावादी आन्दोलन धेरै वर्षदेखि जारी छ । भारत स्वतन्त्र भएदेखि नै भारत र पाकिस्तानबीच रहेको काश्मीर समस्या समाधान हुन सकेको छैन । समय-समयमा भारतका विभिन्न भागमा हुने आतङ्कवादी क्रियाकलापले जटिल समस्या उत्पन्न गरिरहेको छ । धेरैजसो भारतीय प्रधानमन्त्रीले उग्रवाद र आतङ्कवादलाई भारतको सबैभन्दा ठूलो चुनौतीका रूपमा विश्लेषण गरेका छन् । विभिन्न आतङ्कवादी सङ्गठनले पाकिस्तानमा तालिम लिएर भारतमा घुसपैठ गरी आतङ्कवादी क्रियाकलाप सञ्चालन गरिरहेको भारतीय आरोप छ । भारतले पाकिस्तानलाई फुटाउन तत्कालीन पूर्वी पाकिस्तानका 'फ्रिडम फाइटर' मुक्ति वाहिनीका लडाकुलाई तालिम, हातहतियार, भारतीय भूमिमा सेल्टर दिनुका साथै आर्थिक सहयोग समेत दिई बङ्गलादेश निर्माणका क्रममा निर्णायक भूमिका खेलेको थियो । श्रीलङ्काको गृहयुद्धमा स्वतन्त्र राज्य माग गरिरहेका तमिल विद्रोही सङ्गठन एलटीटीईलाई समेत भारतले हातहतियार, तालिम र आर्थिक सहयोग उपलब्ध गराएको आरोप लाग्दै आएको छ । त्यस्तै तिब्बती पृथकतावादीहरू र फ्री तिब्बत आन्दोलनका विभिन्न समूहलाई पनि सहयोग गर्दै आएको बुझिन्छ । छिमेकी देशका आन्तरिक मामिलामा हस्तक्षेप गर्दा भारतलाई कति फाइदा भयो, त्यो भारतले नै विचार गर्नुपर्ने विषय हो । यस्तै, पाकिस्तानमा भएका आतङ्ककारी गतिविधिमा पनि भारतको हात छ भनी पाकिस्तानका समाचारपत्रमा बेलाबेला खबर आउने गरेको तथ्य जानकारहरूका सामु छर्लङ्ग छ ।

यसैबीच नेपालमा माओवादी समस्या उत्पन्न हुन पुग्यो । नेपालका माओवादीलाई हेर्ने भारतको दृष्टिकोण के हो भन्ने कुरा कहिल्यै स्पष्ट थिएन । नेपालका माओवादी नेताको भारतीय अधिकारी वा गुप्तचर निकायसँग गुप्त सम्बन्ध थियो वा थिएन भन्नेबारे पनि वस्तुतथ्य सार्वजनिक भएकै छैन । एमालेका केही नेताले भारतका गोरखपुर, सिलिगुडी र लखनउ पुगेर माओवादी नेतासँग भेटघाट गरेको कुरा भारतीय गुप्तचर संस्था र सुरक्षा निकायलाई थाहा थिएन भनेर पत्याउन गाह्रो हुन्छ । नेपाली काङ्ग्रेसका सभापति तथा भूतपूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले माओवादी नेतासँग दिल्लीस्थित

लोटस मन्दिरमा गरेको गोप्य भेटघाट पनि भारतीय सुरक्षा निकायको सहयोगबिना कसरी सम्भव थियो र ? नेपालका पूर्वप्रधानमन्त्रीलाई भारत सरकारबाट सुरक्षा दिइएको थिएन भन्ने प्रश्न नै आउँदैन । त्यस्तै, माओवादी नेताहरू भारतका विभिन्न भागमा निर्बाध आवतजावत गर्थे । उनीहरू राजधानी दिल्ली जस्तो उच्च सुरक्षा सतर्कता हुने स्थानमा बस्ने गरेको तथ्य भारतीय गुप्तचर संस्थालाई थाहा हुँदैनथ्यो भनेर कसरी पत्याउने ? झन् राष्ट्रिय अनुसन्धान विभागबाट प्राप्त हुने गरेका भारतमा सम्पन्न विभिन्न राजनीतिक भेटघाटका अग्रिम सूचना तथा भारतका प्रमुख ठाउँमा माओवादी नेताहरूको गतिविधि एवं कार्यक्रमबारे भारतीय सुरक्षा पक्षसँग गरिएको समन्वयले नेपालका माओवादीबारे भारत बेखबर थियो भन्न ठाउँ समेत दिँदैन । माओवादी हत्या-हिंसाको राजनीति सुरु गरेको चार-पाँच वर्षमै नेपालको धेरैजसो ग्रामीण क्षेत्रमा आफूलाई सशक्त राजनीतिक शक्तिका रूपमा उभ्याउन सफल भएको थियो । नेपालका माओवादीको आफ्नो मात्र प्रयासले यो भएको हो वा यसमा भारतको आर्थिक, नैतिक वा अन्य आवश्यक सहयोग प्राप्त थियो ? एकदमै विचारणीय यो प्रश्न पनि हालसम्म अनुत्तरित छ ।

माओवादी आफूलाई छोटो अवधिमै शक्तिशाली पार्टी बनाउन सफल भएपछि नेपालको राजनीतिक शक्ति सन्तुलनमा तीन शक्ति स्थापित हुन पुगे– शाही नेपाली सेना सहितको परम्परागत राजसंस्था, मूलप्रवाहका संसदीय राजनीतिक दल र नेकपा माओवादी । यी तीनमध्ये कुनै दुई शक्ति मिलेमा त्यसले तेस्रो शक्तिलाई कमजोर बनाउने अवस्था थियो । माओवादी र राजनीतिक दलहरू आपसमा मिल्न सक्दैनन् भन्ने राजदरबारको विश्लेषण थियो भने माओवादीले उग्रराष्ट्रवादका नारा समेत लगाइरहेकाले केही हदसम्म राष्ट्रियताको सवालमा राजदरबारसँग वार्ता हुन सक्छ कि भन्ने उसको सुषुप्त सोचाइ थियो । राजदरबार र माओवादी दुवैले राजनीतिक दललाई निरीह बनाउने रणनीति लिएका थिए । सुरुमा एक थरी भारतीयको दृष्टिकोण नेपालमा माओवादी शक्ति उत्कर्षमा पुगेको र यसै क्रममा बाहिरी शक्ति क्रियाशील भएको हुँदा दरबार र प्रजातन्त्रवादी शक्ति मिलून् भन्ने पनि थियो । विशेष गरेर नेपालमा संयुक्त राज्य अमेरिका र चीनको भूमिका न्यून होस् भन्ने भारतीय चाहना थियो र आज पनि छ । साथै माओवादीलाई कुनै किसिमको 'ट्रम कार्ड' का रूपमा प्रयोग गर्न सकिन्छ कि भन्ने पनि भारतको आकलन हुन सक्छ । राजा ज्ञानेन्द्रले २०६१ माघ १९ गते सत्ता लिएपछि भने भारतको दृष्टिकोण पूरै बदलिन पुगेको देखिन्छ । तापनि भारतले राजा र प्रजातान्त्रिक राजनीतिक दलहरू मिलेर समस्याको समाधान निकालून् भन्ने नै चाहेको थियो । यसै सिलसिलामा भारतले महाराजाधिराजसँग डिल गर्न राजनीतिक व्यक्तिहरूका अलावा भारतीय गुप्तचर संस्था रअका प्रमुखलाई नै काठमाडौं पठाएको थियो । तर महाराजाधिराजबाट बङ्गलादेशमा सम्पन्न सार्क शिखर सम्मेलनमा चीनलाई सार्कको पर्यवेक्षक बनाउन खुला प्रस्ताव गरिबक्स्यो । त्यसपछि भारत नेपालका राजाले 'चीन कार्ड' खेल्न लागेको महसुस गरी राजनीतिक पार्टी र माओवादीबीच सहकार्य गराउन लागिपरेको देखिन्छ । भारतको दीर्घकालीन हितका लागि नेपालमा गणतन्त्र

स्थापना होस् भन्ने केही भारतीय पदाधिकारीको चाहना थियो भने माओवादीको घोषित लक्ष्य पनि राजतन्त्र समाप्त गर्ने नै थियो । यहाँनेर यी दुवैको दृष्टिकोण एकआपसमा मिलेको देखिन्छ ।

भारतले माओवादीलाई संरक्षण र सहयोग दिएको थियो भन्ने कुराका अनेकौं संवेदनशील प्रसङ्गहरू म सैनिक सचिव छँदै जानकारीमा आएका हुन् । तीमध्ये एउटा प्रसङ्ग यहाँ उल्लेख गरौँ । २०६० असारतिर सशस्त्र प्रहरी बलको एउटा कम्पनी कमान्डो तालिमका लागि भारत गएको थियो । टोलीले देहरादूनदेखि ७० किलोमिटर टाढा मसुरीनजिकै जङ्गल र पहाडी इलाका रहेको चक्राताामा तालिम लिएको थियो । तालिम सकिएपछि नेपाल फर्किएर एक जना प्रहरी निरीक्षकले सशस्त्र प्रहरी महानिरीक्षक सहवीर थापालाई तालिमका क्रममा देखेका र सुनेका केही प्रसङ्ग सुनाएछन् । तिनका कुरा सुनेर सशस्त्र प्रहरी महानिरीक्षक थापा मलाई भेट्न आउनुभयो । उहाँले भन्नुभयो, 'सशस्त्रको एउटा गुल्म भारतको चक्राताामा तालिमका लागि गएको थियो । त्यहाँ देखेसुने अनुसार उक्त गुल्म त्यहाँ गएको एक महिनाअगाडि नेपालका माओवादीको टोलीले पनि सोही स्थानमा तालिम लिएको बुझियो । यो ज्यादै गम्भीर विषय हो । उक्त प्रहरी निरीक्षकसँगै बुझ्ने हो भने पनि म बोलाउँछु । तपाईंले नै विस्तृतमा जानकारी लिए झनै प्रस्ट हुन्छ ।' केही दिनपछि चक्राताबाट तालिम लिएर फर्केका प्रहरी निरीक्षक मलाई भेट्न आए । उनले भने, "सशस्त्रको टोलीलाई तालिम दिने क्रममा जस्तो स्यान्ड मोडल बनाइएको थियो, हुबहु त्यस्तै स्यान्ड मोडल माओवादीले दाङको सतबरिया, अछामको मङ्गलसेन र सङ्खुवासभाको चैनपुर आक्रमणमा प्रयोग गरेका थिए । उक्त स्यान्ड मोडलबारे छलफल गर्दा हामीलाई ठीक त्यसै गरी काम गर्ने भनेर बुझाइएको थियो जसरी माओवादीले सतबरिया, मङ्गलसेन र चैनपुरमा आक्रमण गरेका थिए । तालिम केन्द्रबाहिर रहेको चिया पसलेले समेत 'योभन्दा अगाडि नेपालबाट तालिमका लागि आएको टोलीमा महिला पनि थिए, तर तपाईंको टोलीमा महिला रहेनछन्' भनेको थियो । त्यस्तै एक जना इन्स्ट्रक्टरले 'भारतले यो के गरेको होला, नेपालका माओवादी र नेपालकै सशस्त्र प्रहरीलाई पालैपालो तालिम दिइरहेको छ' भनेका थिए ।"

यो कुरा सुनेर म अचम्ममा परेँ । चक्रातास्थित सशस्त्र तालिम केन्द्रमा भारतले पहिले श्रीलङ्काली पृथकतावादी तमिल विद्रोहीलाई पनि तालिम दिएको थियो । बङ्गलादेश स्वतन्त्रताका लागि मुक्ति वाहिनीलाई पनि भारतले सोही केन्द्रमा तालिम दिएको थियो । चक्राता तालिम केन्द्रस्थित इस्ट्याब्लिसमेन्ट-२२ नामक कम्प्लेक्स अमेरिकाले बनाइदिएको हो । अमेरिका र भारतले नेपालमा स्वतन्त्र तिब्बत आन्दोलनका लागि लडाकु तयार पार्ने क्रममा खम्पा लडाकुलाई समेत सोही स्थानमा सशस्त्र तालिम दिएका थिए । यस पृष्ठभूमिमा नेपालमा माओवादीको सशस्त्र शक्ति बढ्नु र सफल हुँदै जानुमा यो तालिम पनि महत्त्वपूर्ण कारण हुन सक्छ भन्ने मलाई लाग्यो । मैले यो कुरा महाराजाधिराजमा जाहेर गरेँ । सरकार पनि अचम्ममा परिबक्स्यो र गम्भीर होइबक्स्यो ।

मैले 'यसबारे सत्य-तथ्य पत्ता लगाएर कूटनीतिक माध्यमबाट भारत सरकारसँग कुरा गर्नु उपयुक्त हुन्छ' भनेर बिन्ती चढाएँ । सरकारबाट 'यसबारे के गर्न सकिन्छ, सबै सुरक्षा निकायका प्रमुखसँग सल्लाह गरेर आवश्यक प्रक्रिया सुरु गर' हुकुम भयो । मैले सशस्त्र प्रहरी महानिरीक्षक सहवीर थापालाई अन्य सुरक्षा निकायका प्रमुखसँग यसबारे विचार-विमर्श गर्न सल्लाह दिए । आफूले पनि सबै सुरक्षा निकायका प्रमुखसँग सल्लाह गरी गोप्य रूपमा वास्तविकता पत्ता लगाउन अनुरोध गरेँ । यसैबीच एक दिन राष्ट्रिय अनुसन्धान विभागको उपप्रमुखबाट केही समयअघि अवकाश पाएका लालबहादुर थापा मलाई भेट्न आउनुभयो । उहाँले 'अझै पनि म देशका लागि केही गर्न र सरकारबाट जस्तोसुकै जिम्मेवारी बक्से पनि काम गर्न तयार रहेको' भनी मसँग अनुरोध गर्नुभयो । साथै आफूले भारतका विभिन्न स्थानमा रहेर अध्ययन गरेको समेत जानकारी गराउनुभयो । उहाँलाई 'सम्पर्कमा बस्नुस्, केही काम पर्‍यो भने म खबर गर्छु' भनेँ । त्यसपछि उहाँको प्रस्ताव सरकारलाई जाहेर गर्दै 'लालबहादुरलाई चक्राता पठाएर गोप्य रूपमा सशस्त्र प्रहरी निरीक्षकले भनेको विषयमा सत्य-तथ्य बुझ्न लगाउनु उचित हुन्छ' भनी बिन्ती गरेँ । सरकारबाट 'लालबहादुरले विगतमा गरेको कामको पृष्ठभूमिले गर्दा ऊ यसका लागि उपयुक्त हुन सक्छ' हुकुम भयो । त्यसपछि २०६० साउनको अन्त्यतिर उहाँलाई बोलाएर 'एउटा काम पर्ला जस्तो छ, म एक-दुई सातामा खबर गरूँला' भनेँ । मैले १५ दिनसम्म कुनै खबर नगरेपछि उहाँले नै फोन गर्नुभयो । मैले उहाँलाई घरमा बोलाएर 'भारतले चक्रातामा नेपालका माओवादी र सशस्त्र प्रहरी बलका सुरक्षाकर्मीलाई पालैपालो तालिम दिइरहेको खबर आएको छ, यसबारे तपाईंले बुझ्न सक्नुहुन्छ ?' भनेर सोधेँ । उहाँले 'म देहरादूनको मसुरीमा धेरै बसेको छु, चक्राता तालिम केन्द्रभित्र नगए पनि उक्त स्थान कहाँ छ मलाई राम्ररी थाहा छ' भन्नुभयो । मैले उहाँलाई कामबारे विस्तृत रूपमा जानकारी गराएँ । दसैँ र तिहारको बीचमा उक्त स्थानमा गएर सत्य-तथ्य पत्ता लगाउन आवश्यक सबै कुराको प्रबन्ध मिलाएर जिम्मेवारी दिएँ । यो कुरा महाराजाधिराज, उहाँ र मलाई बाहेक अरू कसैलाई जानकारी थिएन । लालबहादुरले तिहार सुरु हुनुअगाडि मलाई कामबारे रिपोर्ट गर्नुपर्ने थियो । तर उहाँले कुनै सम्पर्क गर्नुभएन । म पनि २०६० कात्तिक २१ गते अकस्मात् राजीनामा गरी राजदरबारबाट बाहिरिएँ । लालबहादुरले त्यसपछि आजसम्म मसँग भेट गर्नुभएको छैन । साथै मपछिका सैनिक सचिव उपरथी गजेन्द्रबहादुर लिम्बूलाई पनि उहाँले जिम्मेवारी अनुसारको रिपोर्ट बुझाउनुभएको छैन । यो प्रसङ्गलाई दरबारबाट मेरो बहिर्गमनसँग जोड्दै कोसोभोमा भारतका एक जना वरिष्ठ आईपीएस अधिकृतले नेपाल प्रहरीका अधिकृतसँग भनेको 'नेपाल में हम जो चाहते हैं वही होता है' भनेको कुरा स्मरणीय छ । यो समग्र घटना क्रमलाई मैले निकै संवेदनशील ठानेको छु ।

छ दशकअघि भारत स्वतन्त्र भएयता उसले नेपालको स्वतन्त्र व्यक्तित्व नबनोस् र यो मुलुक पूर्णतः भारतको प्रभाव अन्तर्गत रहोस् भन्ने मनसायले नेपालको आन्तरिक मामिलामा कुनै न कुनै रूपमा हस्तक्षेपकारी भूमिका खेल्दै आएको छ । वीरेन्द्र सरकारको

'नेपाललाई शान्ति क्षेत्र घोषित गरियोस्' भन्ने प्रस्तावमाथि अमेरिका, रूस, चीन, बेलायत, फ्रान्स जस्ता संसारका शक्तिशाली र महत्त्वपूर्ण मुलुकहरू समेत ११६ राष्ट्रले समर्थन जनाउँदा पनि भारतले समर्थन गर्नु त परै जाओस्, नकारात्मक दृष्टिकोण राखिरहनु यसको ज्वलन्त उदाहरण थियो । २०४६ सालपछि नेपालका नेताहरू समेत सत्तामा पुग्न भारतको आशीर्वाद चाहिन्छ भन्ने ठान्दछन् । नेपालले अत्याधुनिक जर्मन हतियार एचके जी-३६ राइफल लिन लाग्दा भारतले कुनै पनि हालतमा उक्त हतियार ल्याउन नदिने प्रयास गरेको थियो र जसरी भए पनि आफ्नो मुलुकमा निर्मित इन्सास राइफल नेपाललाई भिडाउन चाहेको थियो । वीरगन्जमा आफ्नो महावाणिज्य दूतावास स्थापना गर्न, बुटवल लगायतका स्थानमा पेन्सन क्याम्प स्थापना गर्न र नेपालका लागि घातक हुने नागरिकता विधेयक जारी गर्न भारतले विभिन्न चरणमा निरन्तर दबाव दिइ नै रहेको थियो । यसै पृष्ठभूमिमा राजाको माघ १९ को शाही कदमपछि भारतले नेपालमा मूलधारका राजनीतिक दल र माओवादीबीच सहकार्य गराउन प्रयास गऱ्यो र उसैको सक्रिय पहलमा २०६२ मङ्सिर ६ गते नयाँ दिल्लीमा १२ बुँदे सहमति भयो । भारतकै मध्यस्थतामा नेपालको राजसंस्थाका विरूद्ध उनीहरूबीच सहकार्यको सहमति हुन पुग्यो । माओवादी समस्याको उत्पत्ति र विकासकै क्रममा अमेरिका लगायत पश्चिमा मुलुकले नेपाललाई भारतको आँखाबाट हेर्न थाले ।

संविधानसभाको निर्वाचनमा भारतले नेपालका माओवादीलाई ठूलो शक्तिका रूपमा देख्न चाहेको थिएन । पहिले राजसंस्थालाई विस्थापित गर्न भारतले माओवादीलाई प्रयोग गऱ्यो भने संविधानसभाको निर्वाचन हुनुअघि माओवादीलाई 'साइज' मा राख्न 'मधेश कार्ड' प्रयोग गर्न थाल्यो । यसै सन्दर्भमा म एउटा घटना सम्झन पुग्छु । २०६३ चैत ७ गते बुधबार साँझ भारतीय राजदूतावासमा कार्यरत द्वितीय सचिव दार्जिलिङ निवासी धीरज मुखियाको घरमा म केही साथीहरूका साथ डिनरमा गएको थिएँ । त्यसै दिन रौतहट जिल्लाको सदरमुकाम गौरमा माओवादीका २७ भन्दा बढी कार्यकर्ताको सामूहिक हत्या भएको थियो । हामी डिनरमा पुग्दा भारतीय दूतावासका तीन-चार जना कर्मचारी आइसकेका रहेछन् । तीमध्ये एक जनाको हातमा दुई वटा मोबाइल थिए । उनी एउटा सेटबाट सम्भवतः भारतीय राजदूत या आफ्नो हाकिमसँग र अर्कोबाट अन्य कुनै व्यक्तिसँग एकसुरले कुरा गरिरहेका थिए । उनी गौर घटनाको विवरण र अन्य जानकारी एउटा मोबाइलबाट 'अपडेट' गरी उक्त खबर अर्को मोबाइलबाट रिपोर्ट गरिरहेका थिए । साथै स्थानीय 'इन्फर्मर' लाई केही निर्देशन समेत दिँदै थिए । उनलाई गौरबाटै माओवादी कार्यकर्ताको हत्याबारे सम्पूर्ण ताजा विवरण आइरहेको थियो । त्यसबाट मलाई दूतावासका ती कर्मचारी भारतीय गुप्तचर संस्था रअका हुन् भन्ने स्पष्ट भयो ।

संयोगवश उक्त घटनाको भोलि पल्ट माओवादी अध्यक्ष प्रचण्ड र नेता डा. बाबुराम भट्टराईसँग मेरो भेट भयो । गौर घटनाबाट उहाँहरू निकै हताश र संवेदनशील मनस्थितिमा हुनुहुन्थ्यो । उहाँहरूले मलाई 'भारतलाई हामीले प्रयोग गरिरहेका छौं भन्ने

हाम्रो बुझाइ थियो, तर भारतले हामीलाई पो उल्टै खेलाइरहेको रहेछ, अहिले आएर हामी स्तब्ध भएका छौँ' भन्नुभयो । उहाँहरूलाई मैले भनेँ, 'तपाईंहरू एक्लो पार्टीको बलमा नेपालमा सत्ता लिन सक्नुहुन्न । जनयुद्धबाट त सत्ता कब्जा गर्न सक्नुभएन भने अब संसदीय राजनीतिमा आएपछि झनै एक्लै केही गर्न सक्नुहुन्न । त्यसैले तपाईंहरूले जुन राष्ट्रियताको नारा उठाउनुभएको छ, त्यसका आधारमा अघि बढ्नोस् । राजावादी व्यक्ति र दलहरू पनि राष्ट्रवादी हुन सक्छन् । सबैसँग मिलेर राष्ट्रवादी शक्तिहरूको मोर्चा बनाउनपट्टि लाग्नोस् ।'

अहिलेको सन्दर्भमा निश्चय पनि माओवादीका राष्ट्रवादी नारा अन्य पार्टीका भन्दा फरक छन् । यस पृष्ठभूमिमा अब माओवादीलाई भारतबाट प्राप्त हुन सक्ने सहयोगका धेरै 'लिमिटेसन' हरू हुनेछन् । संविधानसभाको चुनावबाट माओवादी सशक्त र ठूलो पार्टीका रूपमा नआओस् भन्ने भारतको चाहना थियो । तर संविधानसभामा पाएको सफलतापछि माओवादी वैधानिक रूपमा नेपालको प्रमुख राजनीतिक शक्तिका रूपमा स्थापित भयो । यस अवस्थामा जसरी भए पनि माओवादी राष्ट्रिय राजनीतिको मूलधारमा आओस् र बहुदलीय प्रतिस्पर्धाको राजनीति अँगालोस् भन्ने भारतको चाहना देखिएको छ । यस क्रममा माओवादीसँग रहेका सबै आधुनिक हातहतियार उसले सरकारलाई बुझाओस् र शान्ति प्रक्रियाको टुङ्गो लागोस् भन्ने पनि भारतको आकाङ्क्षा देखिन्छ । यी चाहना र आकाङ्क्षा अस्वाभाविक अथवा आपत्तिजनक होइनन् पनि । ध्यान दिनुपर्ने कुरा चाहिं के हो भने आफ्नो चाहना पूरा नभएमा भारत जस्तोसुकै कदम उठाउन पनि पछि पर्दैन, जसको साक्षी दक्षिण एसियाको निकट इतिहास रहेको छ । भारत पश्चिमा देशहरू, खास गरी अमेरिका नेपालमा सक्रिय भएको देख्न चाहँदैन । अमेरिका मात्र होइन, पश्चिमका सबै देशले भारतीय दृष्टिकोणले नै नेपाललाई हेरून् भन्ने पनि भारतको प्रयास रहेको प्रस्ट देखिन्छ । कार्टर सेन्टरले नेपालको शान्ति प्रयासमा ठोस सघाउ पुऱ्याउन चाहेको र यस विषयमा अमेरिकाका पूर्वराष्ट्रपति जिम्मी कार्टरले स्वयं भारतीय प्रधानमन्त्रीसँग कुरा गरेको अवस्थामा पनि नेपालको शान्ति प्रक्रियामा कार्टर सेन्टरलाई मध्यस्थता गर्न दिने पक्षमा भारत कहिल्यै भएन । यसै क्रममा माओवादी हतियार र लडाकुको अनुगमन गरिरहेको संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसन (अनमिन) को उपस्थिति पनि भारतले रुचाइरहेको छैन ।

संविधानसभाको निर्वाचनमा माओवादी ठूलो पार्टीका रूपमा स्थापित हुनु, राष्ट्रियताका नारा समेत अगाडि सार्नु र माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले प्रधानमन्त्रीका हैसियतमा पहिले चीनको भ्रमण गर्नुबाट भारत ज्यादै असन्तुष्ट बन्न पुगेको हो । भारत अब माओवादीबाट आफ्नो हितको रक्षा हुने देखिरहेको छैन । त्यसैले ऊ माओवादीलाई ठीक ठाउँमा ल्याउन चाहन्छ । यसै क्रममा भारतले 'मधेश कार्ड' प्रयोग गरेको र नेपाली माओवादीको भारतीय माओवादीसँग गठबन्धन रहेको कुरा उठाउन थालेको प्रस्टै छ । यसबीच चीनले पनि नेपालमा मधेशवादी आन्दोलन र मधेशी पार्टीहरूको गठबन्धनलाई 'अस्वाभाविक' भनेर विश्लेषण गरेको बुझिएको छ ।

## माओवादी समस्या र चीन

नेपालबाट राजतन्त्र विस्थापित हुनुअघिसम्म चीनले नेपालका विभिन्न शक्तिकेन्द्रमध्ये राजसंस्थालाई नै प्रमुख मित्रशक्तिका रूपमा लिएको थियो । राजसंस्थासँगको सुखद र विश्वसनीय मित्रताका कारण अन्य राजनीतिक मित्रशक्ति खोज्ने प्रयास चीनले कहिल्यै गरेन । २०४६ सालको परिवर्तनपछि चीनले नेपालका प्रमुख राजनीतिक दलहरूसँग निकटता बढाउन प्रयास गरेको नसुनिएको होइन । तर नेपालका मुख्य राजनीतिक दल नेपाली काङ्ग्रेस र नेकपा एमाले तथा केही हदसम्म राष्ट्रिय प्रजातन्त्र पार्टी र मधेशवादी दलहरूको समेत भारतप्रति धेरै नै झुकाव रहेको तथा चीनसँग सम्बन्ध बढाए भारत रिसाउँछ र सत्तामा पुग्न सकिँदैन भन्ने मानसिकता रहेका कारण चीन त्यस दिशामा खासै अघि बढेन । उसले बाध्य भएर राजसंस्थालाई नै मित्रशक्तिका रूपमा लिइरह्यो । नेपालमा प्रजातन्त्रवादी दलको सरकार भए पनि चीनमा संवैधानिक राजालाई ज्यादै स्वागत-सत्कार र महत्त्व दिइनु यसको ज्वलन्त उदाहरण हो भन्ने मलाई लाग्छ । राजा महेन्द्र आफ्नो शासनकालमा 'चीन कार्ड' प्रयोग गरेर सफल भएको भन्ने धेरैको विश्लेषण छ । त्यस्तै राजा वीरेन्द्रले चीनको नेतृत्वसँग ज्यादै राम्रो व्यक्तिगत सम्बन्ध कायम गरेको पनि यथार्थ हो । राजा महेन्द्र र राजा वीरेन्द्रको शासनकालमा नेपाल-चीनबीचको सम्बन्धलाई ज्यादै महत्त्वका साथ अगाडि बढाइएको थियो भन्ने चिनियाँ दृष्टिकोण रहेको छ । केही पश्चिमा राष्ट्रहरू र भारतको सहयोगमा नेपालमा सञ्चालित चीनविरोधी खम्पा अभियानलाई राजा वीरेन्द्रले सफलताका साथ समाप्त पारेको गुन चीनले कहिल्यै भुलेन । राजा वीरेन्द्रकै शासनकालमा महेन्द्र राजमार्गको कोहलपुर-बनवासा खण्डको अन्तर्राष्ट्रिय टेन्डर चिनियाँ कम्पनीले पाएको थियो । भारतले सुरक्षाको कारण देखाई उक्त टेन्डर रद्द गर्न दबाव दिएपछि महेन्द्र राजमार्गको सो खण्ड राजा वीरेन्द्रबाट भारतलाई टेन्डर दिन राजी होइबक्सेको थियो । यस विषयमा चीनले राजा वीरेन्द्रसँग त्यति आपत्ति प्रकट गरेको थिएन । २०४४/४५ सालमा राजा वीरेन्द्रको अनुरोधमा केही 'एन्टी एयरक्राफ्ट' हतियार चीनले उपलब्ध गराएको थियो । भारतले यसको अत्यन्त ठूलो विरोध गरेर नेपालमा आर्थिक नाकाबन्दीसम्म लगायो । आफूले हातहतियार दिँदा नेपालले दुःख पाएको विषयलाई चीनले पछिसम्म गम्भीरताका साथ लिएको थियो ।

२०५२ सालमा नेकपा माओवादीले सशस्त्र 'जनयुद्ध' को नाममा हत्या, हिंसा र आतङ्क सुरु गरेपछि चीनले यसलाई नेपालको आन्तरिक मामिला भन्दै कुनै किसिमको प्रतिक्रिया जनाएन । नेपालको वैधानिक सरकारसँग मात्र सम्बन्ध राख्ने र आवश्यक सहयोग गर्ने नीति चीनले कायमै राख्यो । नेपालका माओवादीले चीनका महान् नेता माओत्सेतुङको नाम दुरुपयोग गरेको भन्ने चीनको औपचारिक धारणा आएको थियो । यसबाट नाम माओवादी भए पनि पछाडिबाट अर्कै शक्तिले उनीहरूलाई सहयोग गरेको भन्ने चीनको बुझाइ रहेको देखिन्छ । माओवादी समस्या उत्कर्षमा पुगेको समयमा भएको राजदरबार हत्याकाण्डमा समेत विदेशी षड्यन्त्र थियो भन्ने चीनले आकलन गर्दै आएको

छ । उसले आजसम्म पनि युवराजाधिराज दीपेन्द्रलाई हत्याराका रूपमा स्वीकार गर्न सकेको छैन । राज्यारोहणपछि नयाँ राजा ज्ञानेन्द्रको अन्तर्राष्ट्रिय भ्रमण चीनबाट सुरु होस् भन्ने चिनियाँ उच्च पदाधिकारीहरूको चाहना थियो । त्यसो भएमा चिनियाँ नेता तथा जनतामा रहेको राजदरबार हत्याकाण्डप्रतिको आशङ्का हट्नेछ भन्ने उनीहरूको प्रस्ताव थियो । तर राजा ज्ञानेन्द्रबाट परम्परागत रूपमै पहिले भारत भ्रमण गरिबक्स्यो । राजा ज्ञानेन्द्रले लिइबक्सेका २०५९ असोज १८ र २०६१ माघ १९ का शाही कदमहरूप्रति चीनले न कुनै नकारात्मक टिप्पणी गऱ्यो न त सहयोग नै । ऊ नेपालका जनताले के चाहन्छन्, त्यो उनीहरूले नै निर्क्योल गर्ने विषय हो भन्दै पन्छियो । चीनले राजा ज्ञानेन्द्रलाई देशको स्थिरता र विकासका लागि राजनीतिक दलहरूलाई साथ लिनुपर्छ भन्ने सुझाव दिएको हो । यसलाई राजाले गम्भीरतापूर्वक नलिएको र महत्त्व नदिएको भन्ने चीनको बुझाइ छ ।

माओवादीहरू सार्वजनिक नभएसम्म कुनै चिनियाँ पदाधिकारीले माओवादीसँग कुनै प्रकारको सम्बन्ध राखेको जानकारीमा आएको थिएन । श्री ५ को सरकारसँग सम्पन्न पहिलो र दोस्रो चरणको वार्ताका बेला माओवादी वार्ताटोलीका सदस्यहरूले काठमाडौंस्थित चिनियाँ राजदूतावासमा सम्पर्क गर्न खोज्दा समेत राजदूतावासका कर्मचारीले सम्पर्क नराखेको मैले जानकारी पाएको थिएँ । बरु माओवादीले पार्टीको नामबाट 'माओवादी' शब्द हटाओस् भन्ने सुझाव दिइएको थियो । चीनले माओवादीलाई हातहतियार, आर्थिक अथवा कुनै पनि किसिमको नैतिक समर्थन दिएको मेरो जानकारीमा कहिल्यै आएन । 'जनयुद्ध' को अवधिभर धेरैजसो समय माओवादीका वरिष्ठ नेताहरू भारतकै संरक्षणमा भारतीय इलाकामा बसेका छन् भन्ने जानकारी चिनियाँहरूबाट मैले पाउँदथेँ । यस कारण पनि चीन माओवादीसँग कुनै किसिमको सम्बन्ध राख्न तयार भएन । नेपालप्रति चीनको नीति 'प्रोएक्टिभ' नभएर सधैँ 'रियाक्टिभ' मात्र रहँदै आएको देखिन्छ । सिङ्गो नेपाल नै माओवादीका विरूद्ध लागेको अवस्थामा शाही नेपाली सेना लगायतका सुरक्षा निकायलाई हातहतियार नभए पनि लजिस्टिक्स र सञ्चार उपकरण चीनले सहयोग गरेको थियो ।

नेपालबाट आफ्नो पुरानो मित्रशक्ति राजसंस्थालाई हटाइएपछि चीनलाई यहाँ मित्रशक्तिको खाँचो थियो । यस क्रममा विभिन्न राजनीतिक पार्टीका नेताहरूसँग सम्बन्ध बढाउन चीन खुलेरै लागेको देखियो पनि । संविधानसभाको चुनावबाट माओवादी सबैभन्दा ठूलो दलका रूपमा आएपछि चीन माओवादी पार्टीसँग सम्बन्ध विस्तार गर्न उत्सुक भएको देखिन्छ । परिस्थितिको बाध्यता र आ–आफ्नो स्वार्थले पनि दुवैलाई एकअर्कातर्फ अभिमुख बनाएको हो । चीन नेपाली भूमिबाट चीनका विरूद्ध कुनै पनि किसिमको कार्य नहोस् भन्ने चाहन्छ । नेपालका राजनीतिक दलहरूले 'एक चीन नीति' लाई आत्मसात् गरे पनि बेलाबेला प्रदर्शन हुने चीनविरोधी व्यवहारप्रति चीन सदैव सशङ्कित रहँदै आएको देखिन्छ । सन् २००८ को ओलम्पिक खेलको पूर्वसन्ध्यामा नेपालमा भएको महिनौं लामो चीनविरोधी उग्र गतिविधिले चीनलाई निकै सजग

बनाएको थियो । विदेशी शक्तिको दबावमा परी नेपाली राजनीतिक नेतृत्वले चीनविरोधी गतिविधि पूरै नियन्त्रण गर्दैन भन्ने चीनको धारणा रहेको छ । सिक्किम र भुटानको सम्बन्धमा आफ्नो नीति सफल नभएकाले नेपालको सन्दर्भमा चीनले केही पूर्वसतर्कता अपनाएको हुन सक्छ । तिब्बती धर्मगुरु दलाई लामाले नेतृत्व गरेको 'सरकार' भारतको धर्मशालामा क्रियाशील छ । तर भारतीय भूमिबाट चीनका विरुद्ध त्यति धेरै गतिविधि भएको देखिँदैन, जति नेपालमा हुने गरेको छ । यसमा भारतले खेलेको 'ट्र्याक टु' को भूमिकाप्रति चीन अनभिज्ञ छ भन्ने सोचाइ राख्नु मूर्खता हो । यसै क्रममा चीनले आफ्नो पुरानो 'रियाक्टिभ पोलिसी' लाई परिवर्तन गरी 'प्रोएक्टिभ' भूमिका खेल्न खोजेको आभास हुन थालेको छ ।

नेपालमा राष्ट्रिय हितका विषयमा कुरा गर्दा भारतविरोधीको संज्ञा दिने गलत परम्परा छ । तर, भारतले नेपालको आन्तरिक मामिलामा गर्ने गरेको खुला हस्तक्षेपलाई अर्को छिमेकी मुलुक चीनले आफ्नो सुरक्षा संवेदनशीलतासँग जोडेर हेर्न थाल्यो भने नेपाल अवश्य पनि यी दुई ठूला शक्तिराष्ट्रका बीचमा नराम्ररी च्यापिन सक्छ । नेपालका सबै राजनीतिक दलहरूसँग चीनले सम्बन्ध बढाउन चाहेको हालको सन्दर्भमा यस तथ्यलाई विशेष ध्यान दिनुपर्ने हुन्छ । यसै परिप्रेक्ष्यमा चीन र माओवादीबीचको सम्बन्धमा भविष्यमा उतार–चढाव आउन सक्ने सम्भावनालाई नकार्न सकिँदैन ।

❖❖❖

# षड्यन्त्रै-षड्यन्त्रको राजनीति : नेपालको नियति

अक्सर भनिन्छ : 'जोगी हुनलाई कसैले राजनीति गर्दैन,' 'राजनीति घृणित खेल हो,' 'राजनीतिमा कुनै स्थायी शत्रु वा मित्र हुँदैन' । यी सबै भनाइ नेपालको राजनीतिमा चरितार्थ भएका देखिन्छन् । नेपालको राजनीति मुलुकको स्थापनाकालदेखि नै कुनै न कुनै षड्यन्त्रमा रुमलिँदै आइरहेको छ । चाहे कोत पर्व, भण्डारखाल पर्व, २००७ सालको क्रान्ति वा २०१७ सालको राजा महेन्द्रको कदम होस् अथवा २०५२ सालमा नेकपा माओवादीले सुरु गरेको 'जनयुद्ध' नै किन नहोस्, सबै सत्ताप्राप्तिका लागि एक पक्षले अर्को पक्षका विरुद्ध चालेका कदमहरू नै हुन् । सबैमा यो अथवा त्यो तरिकाले षड्यन्त्र लुकेको छ । यो कुरा बेग्लै हो, जसले जुन समय र परिस्थितिमा जे-जस्तो कदम चाले पनि 'जनताकै लागि' भनेर दुहाई दिने गरिएको छ र जनचाहना बमोजिम चालेका कदमका रूपमा व्याख्या गर्ने गरिएको छ । त्यो के हो भन्ने वास्तविक फैसला भने इतिहासले मात्र गर्ने गरेको छ ।

## पञ्चायतको पतन र प्रजातन्त्रको पुनःस्थापना

पञ्चायती व्यवस्थाका सञ्चालकको असहिष्णु र अपारदर्शी नीति तथा समयको प्रवाहसँगै आएको प्रजातन्त्रप्रतिको जनचाहनाका कारण पञ्चायती व्यवस्थाको पतन हुन पुग्यो । खास गरी केन्द्रमा रहेको शक्तिको विकेन्द्रीकरण नहुनु पञ्चायत पतनको एउटा महत्त्वपूर्ण कारण हो । मैले उल्लेख गरिसकेको छु, जब पञ्चायत नीति तथा जाँचबुझ समिति बन्यो, पञ्चायतलाई सिध्याउने महत्त्वपूर्ण कारण यही बन्न पुग्यो । यसले पञ्चायतलाई आवश्यकभन्दा ज्यादा निर्देशित गर्ने काम गरेको थियो । अरू त अरू, यसले पञ्चायतको चुनावमा टिकट बाँड्ने काम समेत गऱ्यो । यसरी यो समिति पञ्चायत व्यवस्थालाई सिध्याउने क्यान्सर बन्न पुग्यो, जुन कुरा मैले राजा वीरेन्द्रलाई समेत जाहेर गरेको थिएँ । यी कुरा २०४५ सालमा दीपेन्द्र सरकार असंलग्न राष्ट्रहरूको

शिखर सम्मेलनमा भाग लिन बेलग्रेड सवारी हुने क्रममा मौसुफमा समेत जाहेर गरेको थिएँ । त्यही बेला हो, युवराजाधिराजबाट 'विवेक, तिमी ब्ल्याक एन्ड ह्वाइटका कुरा गर्छौ, तर राजनीति ग्रे लाइनबाट चल्छ' हुकुम भएको थियो ।

पञ्चायत समग्रमा एकदलीय व्यवस्था भए पनि यसभित्र अनेक गुट र उपगुट थिए । पञ्चायतका सञ्चालकहरू नै निहित राजनीतिक स्वार्थ र पदको लोभका कारण विभाजित बने । ती दरबारभित्रका विभिन्न शक्तिबाट सञ्चालित र निर्देशित थिए । यो विभाजनमा देशभित्र र बाहिरका शक्तिकेन्द्रले खेल्ने अवसर पाउने नै भए । पञ्चायतका कतिपय हिमायतीहरू विदेशीको इसारामा नाच्ने गर्दथे भने कतिपय उग्र राष्ट्रवादी धारमा आबद्ध थिए । यसै क्रममा नेपालको भूराजनीतिक अवस्थाले गर्दा पनि पञ्चायत व्यवस्था लामो समयसम्म टिक्न सक्ने स्थिति रहेन । नेपालले खास गरी सुरक्षा र सामरिक महत्त्वका विषयमा जब महत्त्वपूर्ण निर्णय गर्न थाल्दछ, त्यति बेला वास्तवमै भूपरिवेष्ठित मुलुक हुनुको पीडा महसुस गर्ने गर्दछ । यहाँनेर एउटा प्रसङ्ग उल्लेख गर्नु सान्दर्भिक हुनेछ । २०४५ सालमा नेपालले चीनसँग केही 'एन्टी एयरक्राफ्ट गन' किन्न चाहेको थियो । निश्चय नै यो कुरा भारतको इच्छा विपरीत थियो । तर पनि नेपालले चीनबाट हतियार किन्ने निर्णय भयो । किनभने त्यो बेला नेपाली आकाशमा अनधिकृत रूपमा भारतीय जहाज उड्ने गर्दथे, चाहे ती नागरिक उड्डयनका हुन्, चाहे गुप्तचर प्रयोजनका । नेपालले चीनसँग हतियार किनेपछि यसकै कारण भारतको नाकाबन्दीसम्म झेल्नुपर्‍यो । त्यति मात्र होइन, नेपालका राजनीतिक दललाई भारतले पञ्चायत व्यवस्थाका विरूद्ध उठाउने काम समेत गर्‍यो । मेरो विश्लेषण के छ भने पञ्चायतका सञ्चालकहरू जतिसुकै कमजोर र असफल भए पनि उनीहरूले एउटा सार्वभौम एवं स्वतन्त्र राष्ट्रका रूपमा नेपालले चीनबाट हतियार किन्ने निर्णय नलिएको भए पञ्चायत व्यवस्था त्यति चाँडो ढल्ने थिएन । दलहरूको आफ्नै बल र बुद्धिका कारण पञ्चायत व्यवस्थाका विरूद्धको आन्दोलन उठेको होइन भन्ने राजदरबारको पनि ठम्याइ थियो । तर राजा वीरेन्द्रले विदेशीसँग झुक्नुभन्दा नेपालकै राजनीतिक दलहरूसँग मिलेर अगाडि बढ्ने रणनीति अख्तियार गरिबक्सेर २०४६ सालमा सम्झौता गरिबक्सेको हो ।

जे-जस्तो कारणले गर्दा होस्, २०४६ सालको आन्दोलनबाट पञ्चायत व्यवस्थाको अन्त्य भयो । महाराजाधिराजबाट आन्दोलनका कमान्डर गणेशमान सिंहलाई प्रधानमन्त्रीको प्रस्ताव गरिबक्स्यो । तर उहाँले कृष्णप्रसाद भट्टराईको नाम प्रस्ताव गर्नुभयो । यसरी नेपाली काङ्ग्रेसका संस्थापक नेता तथा कार्यवाहक सभापति कृष्णप्रसाद भट्टराईको नेतृत्वमा अन्तरिम सरकार बन्यो । उहाँकै कार्यकालमा २०४७ कात्तिक २३ गते नेपाल अधिराज्यको संविधान २०४७ जारी भयो । बहुदलीय प्रजातन्त्र, संसदीय व्यवस्था, संवैधानिक राजतन्त्र, स्वतन्त्र न्यायपालिका र मानव अधिकार, यी हुन् तत्कालीन संविधानले अपरिवर्तनीय विषयका रूपमा प्रस्तावनामै स्वीकार गरेका कुरा । त्यसै आधारमा तत्कालीन राजनीतिक शक्ति-सन्तुलन कायम थियो र धेरै वर्षसम्म नेपालको राजनीतिमा यही शक्ति-सन्तुलन कायम रह्यो । बहुदलीय प्रजातान्त्रिक व्यवस्था आएपछि

२०४८ वैशाखमा पहिलो आमनिर्वाचन सम्पन्न भयो । जतिसक्दो चाँडो चुनाव होस् भन्ने महाराजाधिराजको चाहना थियो । त्यसबाट मात्र प्रजातन्त्र जनताको घरदैलोसम्म पुग्छ अनि प्रजातान्त्रिक शासन व्यवस्था पनि बलियो हुन्छ भन्ने सरकारको धारणा थियो । चुनावमा भाग लिने मुख्य पार्टी नेकपा एमाले र नेपाली काङ्ग्रेस थिए । केही साना दल र कम्युनिस्ट घटक पनि थिए । अहिलेका धेरै दलहरू त्यो बेला जन्मिसकेका थिएनन् । कतिपय पूर्वपञ्चहरू काङ्ग्रेसतिर लागेकाले राप्रपा प्रभावशाली थिएन । पूर्वपञ्चहरू पनि दुई खेमामा बाँडिएका थिए । काङ्ग्रेस बलियो भएको स्थानमा काङ्ग्रेसले, एमाले बलियो भएको स्थानमा एमालेले तथा राप्रपा बलियो भएको ठाउँमा एमाले र काङ्ग्रेस दुवै मिलेर नवगठित राप्रपालाई टाउको उठाउनसम्म दिएनन् । फलस्वरूप प्रतिनिधिसभामा राप्रपाको सिट सङ्ख्या दयनीय रह्यो ।

काङ्ग्रेसका शीर्ष तीन नेताहरू गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला हुनुहुन्थ्यो । गणेशमान सिंहले आमचुनावमा उम्मेदवार नहुने निर्णय लिनुभएको थियो । प्रधानमन्त्री पद अस्वीकार गरे जस्तै सांसदको उम्मेदवारी पनि अस्वीकार गरेर प्रजातन्त्रको 'वाचडग' भई बस्ने अठोट गरेपछि उहाँको त्याग र महानता एउटा उदाहरण नै बन्न पुगेको थियो । सर्वोच्च नेता गणेशमान सिंह सत्ता राजनीतिबाट अलग भएपछि पार्टी सभापति र संस्थापक नेताका हिसाबले पनि कृष्णप्रसाद भट्टराई नै प्रधानमन्त्री हुने सबैको अनुमान थियो । मलाई राम्रोसँग सम्झना छ, राजदरबारको पनि त्यही विश्लेषण थियो । अन्तरिम प्रधानमन्त्रीका रूपमा भट्टराईले आन्दोलनपछिको सङ्क्रमण काललाई सामान्य अवस्थामा पुऱ्याउन ठूलो सुझबुझ सहित काम गरिरहनुभएको थियो । उहाँकै कार्यकालमा नेपाल अधिराज्यको संविधान निर्धारित समयमै जारी हुन सक्यो, जुन निकै ठूलो उपलब्धि थियो । एक हिसाबले समावेशी प्रजातन्त्रमा उहाँको विश्वास देखिन्थ्यो । आफ्नो अठोट र आत्मविश्वासका कारण उहाँले सबैलाई मिलाएर लैजान सक्नुभएको थियो । त्यो बेला उहाँलाई चुनाव जित्न दरबारको साथ र सहयोग चाहिन्छ कि भन्ने पनि कुरा भएको हो । चाहेको भए स्वयं राज्यशक्तिको प्रयोग गरेर भए पनि उहाँले चुनाव जित्नुहुन्थ्यो । तर भट्टराईले पूर्णतः सन्तपना देखाउनुभयो र आफ्ना लागि त्यस्तो केही गर्न आवश्यक ठान्नुभएन । चुनाव शान्तिपूर्ण र निष्पक्ष रूपमा सम्पन्न हुनुपर्छ भन्ने उहाँको एक मात्र सोचाइ थियो । महाराजाधिराजबाट पनि बारम्बार यही कुरा हुकुम भएको मैले थाहा पाइरहेको थिएँ ।

प्रतिनिधिसभाको चुनाव नेकपा एमालेका लागि निकै चुनौतीपूर्ण थियो । उसका लागि पहिलो अनुभव थियो चुनावको । एमाले अध्यक्ष मनमोहन अधिकारी सुनसरीबाट उम्मेदवार बन्नुभयो भने महासचिव मदनकुमार भण्डारी काठमाडौं क्षेत्र नं. १ र ५ बाट । सबैभन्दा कडा प्रतिस्पर्धा काठमाडौं क्षेत्र नं. १ मा प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई र एमाले महासचिव मदन भण्डारीका बीचमा हुँदै थियो । सबैको ध्यान त्यहीं केन्द्रित थियो । महासचिव भण्डारी काठमाडौंका दुई क्षेत्रबाट चुनाव लडेका कारण उहाँलाई ५ नम्बर क्षेत्रबाट जिताए हुन्छ, अर्को क्षेत्रमा प्रधानमन्त्री भट्टराईलाई चुनावमा सहयोग

गर्ने भन्ने 'ग्रिन सिग्लन' थियो राजदरबारको । गिरिजाप्रसाद कोइराला मोरङबाट उम्मेदवार हुनुहुन्थ्यो । उहाँलाई पनि सहयोग गर्ने भनेर 'ग्रिन सिग्नल' गएको थियो । अरू पनि केही ठूला नेतालाई चुनाव जिताउन सहयोग गर्ने दरबारको 'लाइन' थियो । पार्टी–पार्टीबीचको चुनाव भए पनि प्रजातन्त्रलाई संस्थागत गर्न यी ठूला नेताहरूकै भूमिका हुन्छ भनेर राजदरबारबाट यस्तो नीति लिइएको थियो ।

काङ्ग्रेसबाट भावी प्रधानमन्त्रीका रूपमा अन्तरिम सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको नाम प्रचार थियो । तर चुनावको घोषणा हुनुअघिदेखि नै उहाँका विरूद्ध काग्रेसबाटै अन्तर्घात सुरु भइसकेको थियो । उहाँलाई जिताउने पार्टीको नीति भएको भए कोइरालालाई झैँ उहाँलाई पनि दुई क्षेत्रबाट उम्मेदवार बनाउन सकिन्थ्यो । तर त्यसो गरिएन । उहाँका विरूद्ध भइरहेको अन्तर्घातबारे विभिन्न माध्यमबाट राजदरबारलाई सूचना नआएको पनि होइन । महाराजाधिराजले पनि उहाँलाई यो कुराको जानकारी गराएर सचेत गराइबक्सेको जस्तो लाग्छ । तर प्रधानमन्त्री भट्टराई स्वयंले यसलाई हलुका रूपमा लिनुभयो । अन्ततः प्रधानमन्त्री भट्टराईले चुनाव हार्नुभयो । हारको मुख्य कारण उहाँको अक्षमता वा अलोकप्रियता नभएर काङ्ग्रेसबाट भएको अन्तर्घात नै थियो जसको नेतृत्व गिरिजाप्रसाद कोइराला स्वयंले कतिपय ठाउँमा खुला रूपले र कतिपय ठाउँमा गोप्य रूपले गर्नुभएको थियो । काङ्ग्रेसले सामान्य बहुमत ल्यायो, २०५ सिटमा ११३ सिट । अनि गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बन्नुभयो । नेकपा एमाले प्रमुख विपक्षी दल हुन पुग्यो भने राजनीतिक षड्यन्त्रको सिकार बन्नुभयो– कृष्णप्रसाद भट्टराई ।

सरकारको नेतृत्व गरेको केही समयमै प्रधानमन्त्री कोइराला आफ्नो कार्यशैली र विवादास्पद निर्णयहरूका कारण अत्यधिक आलोचित बन्नुभयो । उहाँको छवि बिस्तारै नराम्रो हुँदै गयो । खास गरी विरोधी र त्यसमा पनि कम्युनिस्टलाई तीव्र दमन गर्ने नीति उहाँले लिनुभयो । त्यो पूर्वसहमति र प्रजातन्त्रको मूल्य तथा मान्यता विपरीत थियो । उहाँको सबैभन्दा ठूलो भूल त्यहींबाट सुरु भयो । कोइरालाले कर्मचारी संयन्त्रमा काङ्ग्रेसीकरणको सुरूवात गर्नुभयो । राजाको सेना भनेर शाही नेपाली सेनालाई पूरै बेवास्ता गर्नुभयो । सेनाको बजेट कम मात्र गर्नुभएन, दरबन्दी घटाउँदै लैजाने रणनीति लिनुभयो । राजनीतिक नेतृत्वमै भ्रष्टाचारको बीउ रोपियो । पञ्चायत व्यवस्थामा समेत कारबाहीमा परेका कुख्यात व्यक्तिहरूको मुद्दा राजनीतिक खोल ओढाएर फिर्ता लिने र उनीहरूबाट मोटो रकम उठाउने काममा कोइराला खुलेर लाग्नुभयो । उहाँको शैली काङ्ग्रेस त के, मन्त्रिपरिषद्का सदस्यहरूलाई पनि स्वीकार्य हुन छाड्यो । पूर्व प्रहरी महानिरीक्षक डीबी लामाको मुद्दा फिर्ता लिने विषयमा असहमति जनाउँदै न्याय तथा कानुनमन्त्री तारानाथ रानाभाटले मन्त्री पदबाटै राजीनामा गर्नुभयो । आफ्ना गलत क्रियाकलापमा समर्थन नजनाउने वरिष्ठ काङ्ग्रेसी नेताहरूलाई कोइरालाले सामूहिक रूपमै मन्त्रिपरिषद्बाट हटाउनुभयो । प्रधानमन्त्री कोइराला काङ्ग्रेसभित्र परिवारवादभन्दा माथि उठ्न सक्नुभएन । राज्य सञ्चालनका क्रममा पनि त्यही हविगत देखियो ।

देशभित्र प्रशासन अस्तव्यस्त भयो । भ्रष्टाचार मौलाउन थाल्यो । सुशासनको

सम्भावना कतैबाट देखिएन । भारत भ्रमणका क्रममा प्रधानमन्त्री कोइरालाले नयाँ दिल्लीमा टनकपुर सम्बन्धी गोप्य सहमति गर्नुभयो । तर देशमा आएर सहमति होइन समझदारी मात्र भएको हो भन्नुभयो । त्यो पनि ठूलै विवादको विषय बन्यो । पछि गएर त्यही मुद्दामा संसद्मा ठूलै हङ्गामा हुन पुग्यो । कैयौँ दिनसम्म संसद् चल्न सकेन । टनकपुर प्रकरणदेखि नै उहाँको राजदरबारसँग सम्बन्ध बिग्रन थालेको हो । राष्ट्रियता र मुलुकको सार्वभौमिकतासँग जोडिएको टनकपुर जस्तो विषयमा राजदरबार संवेदनशील हुने नै भयो । राजदरबारले सोझै केही गर्न सक्ने कुरा थिएन । त्यति बेला अहिलेको जस्तो सञ्चार माध्यमको प्रभाव समेत थिएन । त्यसैले राजदरबारबाट काङ्ग्रेस र एमालेमा रहेका, राष्ट्रवादी छवि भएका र बनाउन चाहने नेताहरूको खोजी गरियो । उनीहरूसँग एक प्रकारले सहकार्य जस्तै भयो । त्यो बेला सभामुख दमननाथ ढुङ्गानाले वास्तवमै सकारात्मक भूमिका खेल्नुभएको हो । त्योभन्दा पनि ज्यादा प्रभावकारी भूमिका प्रमुख विपक्षी दल एमाले र त्यसमा पनि महासचिव मदन भण्डारीले निर्वाह गर्नुभएको थियो । अन्ततः संसद्ले प्रधानमन्त्री कोइरालालाई झुक्न बाध्य पार्‍यो । टनकपुरकै विषयमा सर्वोच्च अदालतले समेत कोइरालाका विरूद्ध फैसला गर्‍यो, जुन ऐतिहासिक बन्न पुग्यो ।

संसद् र सडकमा त्यस बेला निर्वाह गरेको भूमिकाका कारण एमाले महासचिव भण्डारीको छवि एउटा कम्युनिस्ट नेताबाट क्रमशः राजनेताका रूपमा बन्दै गयो । अन्तरिम सरकारका प्रधानमन्त्री भट्टराईलाई हराएपछि उहाँ एकाएक चर्चामा आउनुभएको थियो भने टनकपुर मुद्दामा लिएको अडानपछि उहाँको छवि झनै उँचो भएर गएको थियो । २०४९ सालमा सम्पन्न एमालेको पाँचौं महाधिवेशमा महासचिव भण्डारीले नेपालको परिवर्तित राजनीतिक अवस्था, भूगोल र संविधानको भावना अनुकूल हुने गरी 'जनताको बहुदलीय जनवाद' भन्ने विचार पारित गराउन सफल हुनुभयो । एउटा कम्युनिस्ट पार्टीले बहुदलीय प्रतिस्पर्धालाई स्वीकार गरी संसदीय अभ्यासलाई आत्मसात् गर्ने भयो । साथै आमचुनावकै माध्यमबाट सरकारमा पुग्ने नीति अख्तियार गर्‍यो । भण्डारी अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा नेपालबाट नयाँ किसिमको विचार दिन सफल हुनुभयो । यसपछि भने उहाँ देशभित्र मात्र होइन, क्षेत्रीय र अन्तर्राष्ट्रिय राजनीतिमा समेत चर्चित बन्नुभयो । *न्युजविक* पत्रिकाले 'नेपालमा कार्ल्स मार्क्स जीवितै छन्' भनेर उहाँको अन्तर्वार्ता प्रकाशित गर्‍यो । तर एक जना नेपाली अन्तर्राष्ट्रिय स्तरको नेता बन्दै छ भन्ने कुराले विदेशी शक्तिलाई टाउको दुखाउन थालेको थियो । त्यसमा पनि कडा राष्ट्रवादी विचार बोकेको त्यस्तो नेता, जसले टनकपुर सम्बन्धी मुद्दाबारे नेपालको संसद्मा धाराप्रवाह कुरा उठाएर प्रधानमन्त्री कोइरालालाई समेत झुकाएको थियो, त्यो पनि भारतसँग जोडिएको विषयमा । यसैबीच, २०५० जेठ ३ गते दासढुङ्गा दुर्घटना भयो, जसमा एमाले महासचिव एवं प्रखर राष्ट्रवादी नेता मदन भण्डारी र अर्का एमाले नेता तथा सङ्गठन विभाग प्रमुख जीवराज आश्रितको जीवन समाप्त भयो । कसैले यसलाई सामान्य दुर्घटना मात्र भनेका छन् भने कसैले गम्भीर प्रकृतिको र षड्यन्त्रमूलक हत्याकाण्ड । धेरैले नेपालमा प्रखर

राष्ट्रवादी नेताको षड्यन्त्रपूर्वक हत्या भएको भनेर व्याख्या र विश्लेषण गरेका छन् । यदि त्यो षड्यन्त्र नै थियो भने प्रधानमन्त्री कोइराला, गृहमन्त्री शेरबहादुर देउवा र प्रहरी महानिरीक्षक मोतीलाल बोहरालाई त्यसबारे केही पूर्वाभास थियो कि भन्ने त्यही बेला चर्चा चलेको थियो । त्यो बेला दरबारमा राष्ट्रिय अनुसन्धान विभागबाट 'बागबजारस्थित एमालेको केन्द्रीय कार्यालयवरपर केही अपरिचित अनुहार देखिन्छन्, त्यहाँ शाही नेपाली सेनाबाट सुरक्षाकर्मी खटाइएको छ कि ?' भनेर सोधिएको थियो । तर त्यस बेला एमालेका नेताहरूको 'सर्भिलेन्स' का लागि सेनाबाट कसैलाई खटाउनु जरूरी थिएन र कसैलाई खटाइएको पनि थिएन ।

जे-जसरी भए पनि एमाले महासचिव भण्डारीको दासढुङ्गा दुर्घटनामा निधन भएपछि त्यसलाई एकदमै ठूलो विषय बनाएर एमालेले आन्दोलन गर्नु स्वाभाविक थियो । उक्त घटनापछि प्रतिनिधिसभामा हङ्गामा भयो । आन्दोलन भयो । विभिन्न छानबिन आयोग बने । विडम्बना त के भने, विभिन्न समयमा गठन भएका सरकारमा एमाले सहभागी भइसकेको छ, एमालेका धेरै नेताले गृह मन्त्रालय सम्हालिसकेका छन्, एमाले नेताहरूले नेतृत्व गरेका दुई वटा सरकार नै बनिसकेका छन्, स्वयं मदन भण्डारीकी श्रीमती विद्यादेवी भण्डारी दुई पटक मन्त्री बनिसक्नुभएको छ र एक पटक त प्रभावशाली रक्षा मन्त्रालय समेत सम्हालिसक्नुभएको छ, तर सिङ्गो एमाले पार्टीले यस घटनाको वास्तविकता आजसम्म पनि जनसमक्ष ल्याउन सकेको अथवा चाहेको छैन । दुर्घटनाको सेरोफेरोका केही घटना र पछि गएर दुर्घटनाको जाँचबुझ सम्बन्धमा एमालेले देखाएको उदासीनतालाई विचार गर्दा यसका पछाडि ठूलै षड्यन्त्र रहेको हुन सक्ने कुरा त्यस दुर्घटनामा बाँच्न सफल ड्राइभर अमर लामाको रहस्यमय हत्याले पनि पुष्टि गर्छ भन्ने मेरो विश्लेषण छ । यसमा एमाले पार्टीभित्रकै केही व्यक्तिहरू र देशी-विदेशी शक्तिहरू संलग्न रहेको हुन सक्ने सम्भावनालाई नकार्न सकिँदैन ।

## नेपालमा पहिलो कम्युनिस्ट सरकार

मुलुकमा उत्पन्न जटिल समस्या र घटनाक्रमले राजनीतिक अवस्था एकदमै जटिल तथा अस्थिर बन्दै गइरहेको थियो । तर प्रधानमन्त्री कोइराला मुलुककै एक पाको नेता भएर पनि उहाँले परिस्थितिलाई ठीक तरिकाले सम्हाल्न सक्नुभएन । बरु पार्टीभित्र र बाहिर पनि पेलेरै जाने नीति लिनुभयो । फलस्वरूप एकपछि अर्को गर्दै हरेक पाइलामा असफल हुनुभयो । काङ्ग्रेस पार्टीभित्रै एउटा बलियो समूह प्रधानमन्त्री कोइरालाको विरोधमा सक्रिय भयो । उहाँपार्टीभित्र अल्पमतमा पर्ने सम्भावना बन्यो । त्यसपछि ताजा जनादेश लिन्छु र संसद्मा आफ्नो पक्षको बहुमत बनाउँछु भनेर २०५१ जेठमा उहाँले प्रतिनिधिसभा भङ्ग गरी २०५१ कात्तिक २७ गते मध्यावधि निर्वाचनको मिति घोषणाका लागि महाराजाधिराजमा सिफारिस गर्नुभयो । सरकारबाट सोही अनुसार प्रतिनिधिसभा विघटन र मध्यावधि निर्वाचन घोषणा गरिबक्स्यो । यो घोषणालगत्तै प्रतिनिधिसभा पुनःस्थापनाका

लागि सर्वोच्च अदालतमा मुद्दा पऱ्यो । सर्वोच्चले 'प्रधानमन्त्रीले प्रतिनिधिसभा भङ्ग गर्न सक्छ, यो त प्रधानमन्त्रीको विशेष अधिकार हो' भनेर फैसला गऱ्यो ।

काङ्ग्रेस पार्टीगत रूपमा नफुटे पनि आन्तरिक र मानसिक रूपमा फुटे जस्तै थियो । एउटा समूहको नेतृत्व कृष्णप्रसाद भट्टराई र गणेशमान सिंहले गर्नुभएको थियो भने अर्को समूहको नेतृत्व स्वयं प्रधानमन्त्री कोइरालाले । छत्तीसे र चौहत्तरे भनेर काङ्ग्रेस विभाजित भएको यही बेला हो । जे-जस्तो भए पनि मध्यावधि आमनिर्वाचन सम्पन्न भयो । पार्टीभित्रको कलहका कारण कैयौँ स्थानमा काङ्ग्रेसकै विद्रोही उम्मेदवार खडा भए । दरबारले प्रजातन्त्रको संस्थागत विकास गर्न निष्पक्ष र शान्तिपूर्ण निर्वाचन हुनुपर्छ भन्ने चाहेको थियो । कुनै दलका विरूद्ध राज्यशक्तिको दुरूपयोग हुनु हुँदैन भनेर सुरक्षा निकाय, खास गरी शाही नेपाली सेनालाई निर्देशन गएको थियो । साथै यो चुनावमा पनि खास गरी दरबारबाट विगत तीन-चार वर्षको अवधिमा राष्ट्रवादी चरित्र र छवि बनाएका काङ्ग्रेस, एमाले, राप्रपा र सद्भावना पार्टीका केही नेताहरू तथा पहिले पञ्चायतमा काम गरेर अहिले स्वतन्त्र उम्मेदवार बनेका राजनीतिक व्यक्तित्वहरूलाई जिताउनुपर्छ भनेर रणनीति बनाइएको थियो । त्यस अनुसार कैयौँ स्थानमा ती नेतालाई जिताउन ठूलो भूमिका समेत निर्वाह गर्नुपरेको थियो ।

आन्तरिक विवाद र कैयौँ स्थानमा बागी उम्मेदवारका कारण निर्वाचनमा काङ्ग्रेसले लज्जास्पद पराजय भोग्नुपऱ्यो । एमालेले बहुमत ल्याउन त सकेन, तर प्रतिनिधिसभामा सबैभन्दा ठूलो दलका रूपमा स्थापित भयो । यसरी मुलुकमा बहुमतको सरकार नबन्ने पक्का भयो । काङ्ग्रेसले विभिन्न पार्टीको समर्थन जुटाएर सरकार बनाउन कोसिस गरेको थियो, तर सम्भव भएन । पहिलो आमचुनावमा थोरै सिट जितेको राप्रपा निर्वाचनअघि एकीकरण भएर प्रतिनिधिसभामा राम्रो सिट ल्याउन सफल भएको थियो । काङ्ग्रेस, एमाले दुवैले बहुमत नल्याएको अवस्थामा राप्रपा सत्ताको साँचो आफ्नो हातमा लिएको दल बन्न पुग्यो । यसबीच संसदीय परम्परा अनुसार एमाले अध्यक्ष मनमोहन अधिकारीलाई प्रधानमन्त्री बनाउने प्रयास प्रारम्भ भयो भने त्योसँगसँगै कम्युनिस्टलाई प्रधानमन्त्री बन्न दिनु हुँदैन भन्ने देशभित्र र बाहिरबाट चर्को दबाव सुरु भयो । खास गरी विभिन्न विदेशी शक्तिकेन्द्रहरूबाट कुनै पनि हालतमा एमालेको सरकार बन्न दिनु हुँदैन भनेर दबाव पनि आउन थालेको थियो । धेरै देशका राजदूतले एमालेको सरकार नबनोस् भनेर निकै दौडधूप गरेका थिए । नेपालस्थित विदेशी राजदूतहरूले नेपाली नेताहरूकहाँ दौडधूप गरेर अनावश्यक सल्लाह दिने चलन त्यति बेलै सुरु भएको हो । कम्युनिस्ट पार्टीको नेतालाई नेपालको प्रधानमन्त्री बनाउनु हुन्छ कि हुँदैन भन्ने प्रश्न राजदरबारमा समेत व्यापक बहसको विषय बनेको थियो ।

त्यो बेला म वीरेन्द्र सरकारको एडीसी थिएँ । २०५१ मङ्सिरको दोस्रो साताको शनिबार एक्लै एडीसी अफिसमा थिएँ । वीरेन्द्र सरकार बाहिर बगैंचामा सवारी भयो । सरकारबाट मलाई अचानक बोलाइबक्स्यो र 'बाहिर राजनीतिक अवस्था के भइरहेको छ, किन अहिलेसम्म सरकार बन्न सकेन ?' भनेर ताजा राजनीतिक अवस्थाबारे मेरो

धारणा बुझ्न चाहिबक्स्यो । एडीसी भनेको सरकारको अङ्गरक्षक मात्र होइन, सबैभन्दा नजिकको विश्वासपात्र पनि हो । एडीसीले आफूले जानकारी पाएका बाहिरका महत्त्वपूर्ण कुराहरू सरकारमा जाहेर गर्नुपर्छ ।

मैले राजनीतिक स्थितिको व्याख्या र विश्लेषण गर्दै जाहेर गरें, 'सरकार, बाहिर कम्युनिस्ट नेतालाई कुनै पनि हालतमा प्रधानमन्त्री बनाउनु हुँदैन भनेर डेडलक भइरहेको छ । तर मेरो विचारमा कम्युनिस्टलाई प्रधानमन्त्री बनाउँदा पनि राम्रो हुन सक्छ । मुलुकको वर्तमान राजनीतिक समीकरणका आधारमा समेत कम्युनिस्ट नेता मनमोहन अधिकारीलाई प्रधानमन्त्री बनाउनैपर्ने हुन्छ । यसबाट देशका लागि पनि र सरकारका लागि पनि नयाँ अनुभव हुन सक्छ । देश नयाँ हिसाबले अघि बढ्न सक्छ । सन्देश पनि राम्रै जान सक्छ । तर यसका निम्ति कोही–कसैले समन्वयकारी भूमिका निर्वाह गरिरहेको छैन ।' साथै मैले त्यस बेला सत्ता समीकरणका विभिन्न आयाममा भइरहेका प्रयत्नबारे पनि मलाई जानकारी भएजति सरकारमा जाहेर गरें ।

त्यसपछि सरकारबाट हुकुम भयो, 'विवेक, त्यसो भए एक पटक लोकेन्द्र (भूतपूर्व प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द) लाई फोन गर । उनी कहाँ छन् ? तत्काल आउन सक्छन् कि ? कसैले थाहा नपाउने गरी उनलाई यहाँ ल्याउने प्रबन्ध तिमी आफैं गर ।'

मैले भूतपूर्व प्रधानमन्त्री चन्दलाई फोन गरें । उहाँ घरमै हुनुहुँदो रहेछ । मैले निजी जिप पठाएँ । गोप्य रूपमा उहाँ आउनुभयो ।

वीरेन्द्र सरकार र उहाँबीच निकै लामो गोप्य वार्ता भयो । के–के विषयमा छलफल भयो, त्यो त मलाई थाहा हुने विषय भएन । तर सारांशमा सरकारबाट नयाँ मन्त्रिपरिषद् गठनका लागि एमालेलाई सहयोग गर्न हुकुम भयो । त्यसको लगत्तै एमालेलाई राप्रपाले सरकारबाहिरै बसेर समर्थन गर्ने भयो । यसरी मनमोहन अधिकारी नेपालको पहिलो कम्युनिस्ट प्रधानमन्त्री बन्नुभयो । एमालेको अल्पमतको सरकार बन्ने भयो । मैले सरकारमा जुन राय जाहेर गरेको थिएँ, त्यो एमालेप्रति कुनै झुकावका कारण गरेको थिइनँ । देशको राजनीतिक अवस्था र परिस्थिति अनुसार आफूले देखेको सही कुरा राखेको मात्र थिएँ । यो प्रसङ्ग एमालेका नेतालाई राप्रपा नेता चन्दले भनेको हुनुपर्छ । यस विषयमा केही पछि तत्कालीन उपप्रधानमन्त्री, रक्षा तथा परराष्ट्र मन्त्री माधवकुमार नेपाल र गृहमन्त्री केपी ओलीले मसँग कुरा गर्नुभएको थियो । यसै बेलादेखि मेरो उहाँहरूसँग व्यक्तिगत चिनजान भयो । यही घटनाका कारण एमाले र राजदरबारको सम्बन्ध पनि सुमधुर बन्यो ।

सरकार गठन भएको छोटै अवधिमा एमाले केही यस्ता कार्यक्रम अगाडि सार्‍यो, जसका कारण ऊ लोकप्रिय हुँदै गयो । तर दुर्भाग्य, एमालेको सरकार गठन भएलगत्तै यसलाई कसरी हटाउने भन्ने खेल सुरु भयो । अनेकौं शक्तिकेन्द्र एमालेका विरूद्ध लागे । दलहरूले दिएको समर्थन पनि फिर्ता लिन थाले । सरकार गठन भएको छ महिना पनि नबित्दै दलहरूले संसद्मा प्रधानमन्त्रीका विरूद्ध अविश्वासको प्रस्ताव दर्ता गरे । अल्पमतका प्रधानमन्त्री मनमोहन अधिकारीले नयाँ जनादेशका लागि प्रतिनिधिसभा विघटन

गर्न महाराजाधिराजमा सिफारिस गर्नुभयो । सरकारबाट यसअघिको नजिर हेरिबक्सेर प्रतिनिधिसभाको विघटन गरी मध्यावधि चुनावको मिति घोषणा गरिबक्स्यो । नयाँ प्रतिनिधिसभाको चुनाव भएमा एमालेले बहुमत ल्याउँछ भन्ने डर स्वदेशी र विदेशीलाई पर्न गयो । त्यसैले एमालेको सरकारका विरूद्ध झनै ठूलो षड्यन्त्र सुरु भयो ।

प्रतिनिधिसभा विघटनका विरूद्ध तत्कालै सर्वोच्च अदालतमा मुद्दा पर्‍यो । यो बहुचर्चित ठूलो राजनीतिक मुद्दाका रूपमा हेरिन्छ, नेपालमा । सर्वोच्च अदालतले २०५२ भदौ १२ गते अल्पमतमा रहेका प्रधानमन्त्रीले प्रतिनिधिसभा भङ्ग गर्न पाउँदैनन् भन्ने फैसला सुनायो । फैसला गर्ने प्रधान न्यायाधीश हुनुहुन्थ्यो– विश्वनाथप्रसाद उपाध्याय र उहाँको टिमको फुल बेन्च । न्यायाधीशहरूकै राय बाझिएर बहुमतका आधारमा आएको त्यो फैसला अत्यन्तै विवादास्पद बन्न पुग्यो । त्यही फैसला हो नेपालमा राजनीतिक अस्थिरता आउनुको मूल कारण । उक्त फैसलापछि प्रतिनिधिसभा पुनःस्थापित भयो । अनि नयाँ सरकार गठनको अध्याय सुरु भयो ।

नेपालका राजनीतिक नेताहरूमा देशको आर्थिक तथा सामाजिक विकास प्रक्रिया अघि बढाउने अनि प्रजातान्त्रिक व्यवस्था र संरचनालाई बलियो बनाउने सोच तथा प्रतिबद्धता भएको भए सबै दलले एमालेको अल्पमतको सरकारलाई समर्थन जारी राख्नुपर्दथ्यो । तर उक्त सरकारलाई चल्न नदिन देशी–विदेशी अनेक किसिमका खेल भए, षड्यन्त्र भए । त्यसमा दलका नेताहरू घृणित रूपमा सहभागी भए या त्यसको साक्षी बने । त्यही बेलादेखि नेपालको राजनीतिमा 'सांसद किनबेच,' 'सुरा–सुन्दरी काण्ड' जस्ता अमर्यादित क्रियाकलापहरू भित्रिए । त्यसैले नेपालको राजनीतिमा विकृति भित्र्याउने सूत्रधार भदौ १२ को फैसला हो भन्ने मलाई लाग्दछ । त्यो बेला दरबारको बुझाइ पनि यही थियो । वीरेन्द्र सरकारले यस्तो फैसला आओस् भनेर कदापि चाहिबक्सेको थिएन । फरक–फरक दलको सत्ता साझेदारी र समर्थनले पनि एउटा मन्त्रिपरिषद् लामो समयसम्म चल्नुपर्छ भन्ने सरकारको धारणा थियो । दलीय स्वार्थभन्दा माथि उठेर देश र जनताको हितमा दलहरू क्रियाशील हुनुपर्छ, अनि मात्र देश र प्रजातन्त्र दुवै बलियो हुन्छ भन्ने सरकारको मान्यता थियो ।

## पाँच वर्षमा छ प्रधानमन्त्री

नेपालको राजनीतिमा २०५१ सालको मध्यावधि निर्वाचनदेखि २०५६ सालको आमनिर्वाचनबीच पाँच वर्षको अवधिमा अनेक किसिमका फोहोरी खेल र अक्षम्य राजनीतिक अपराधका गतिविधि भए । राजनीति अत्यन्तै दुर्गन्धित हुन पुग्यो । यसबीच छ पटक त सरकार परिवर्तन मात्र भयो जसका लागि लज्जास्पद र दुर्गन्धित कुनै पनि फोहोरी खेल हुन बाँकी रहेन । साँच्चै भन्ने हो भने यो अवधिमा अधिकांश समय सत्ता ढाल्ने र सत्ता प्राप्त गर्ने कुटिल षड्यन्त्र मात्र भएको देखिन्छ । भदौ १२ को सर्वोच्च अदालतको विवादास्पद फैसलापछि शेरबहादुर देउवा प्रधानमन्त्री हुनुभयो । त्यसपछि

क्रमशः लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापाले सरकारको नेतृत्व गर्नुभयो । यी कुनै पनि सरकारले एक वर्ष पनि कटाउन पाएनन् । प्रधानमन्त्री देउवाको कार्यकालमा प्रमुख विपक्षी दल नेकपा एमालेको संस्थापन पक्षको संलग्नतामा देशलाई दीर्घकालीन रूपमा आघात पुग्ने गरी महाकाली सन्धि हुन पुग्यो । पहिले त्यही महाकालीसँग जोडिएको टनकपुर मुद्दामा एमालेले लिएको अडानका कारण तत्कालीन महासचिव मदन भण्डारी राष्ट्रिय नेताका रूपमा स्थापित हुनुभएको थियो । तर यस बेलाको एमाले नेतृत्वले राष्ट्रियताको मुद्दामा अडान लिन सकेन । यही मुद्दामा मतभेद चर्केर मुलुकको एउटा शक्तिशाली पार्टी एमाले विभाजन भयो र नयाँ पार्टी नेकपा माले बन्यो । त्यसपछि नेकपा मालेको सहयोगमा गिरिजाप्रसाद कोइरालाको सरकार गठन भयो । तर त्यो सहकार्य पाँच महिना पनि टिकेन । त्यसपछि एमालेको समर्थनमा कोइरालाकै नेतृत्वमा पुनः सरकार बन्यो । यसरी पाँच वर्षमा छ पटक सरकार परिवर्तन भयो । दलहरूले नैतिकता र देशको परिस्थिति तथा आर्थिक अवस्थालाई ध्यान दिएर राजनीति गरेको भए पाँच वर्ष एउटै सरकारले मुलुक सञ्चालन गर्नुपर्ने थियो । अल्पमतको सरकारलाई कार्यकाल पूरा गर्न दिइएको भए सायद प्रजातान्त्रिक शासन व्यवस्था मजबुत भएर जान्थ्यो र विकासको जग समेत बस्दै जान्थ्यो । तर दलहरूमा त्यो परिपक्वता प्रदर्शन गर्ने साहस भनूँ या धैर्य वा दूरदृष्टि कहींकतै देखा परेन ।

भदौ १२ को फैसलापछि बनेको देउवा सरकारलाई राप्रपाले समर्थन गरेको थियो । यसले न सुशासन दिन सक्यो, न शान्ति सुव्यवस्था । यसैबीच माओवादीले हत्या, हिंसा र आतङ्क (उनीहरूको भाषामा 'जनयुद्ध') सुरु गरे । देउवा सरकार हटाउने सिलसिलामा राजनीतिक दलभित्र सुरा-सुन्दरीको खेलदेखि सांसद अपहरण गरी भारत, हङकङ र बैङ्कक लैजानेसम्मको काम भयो । राजनीतिक अनैतिकता चरम सीमामा पुग्यो । धेरै हदसम्म यसको जिम्मेवारी सत्ताको साँचो बोकेको राष्ट्रिय प्रजातन्त्र पार्टीको समेत हुन आउँछ ।

२०५३ सालको आखिरीतिर देउवा सरकार ढलेपछि राप्रपाको एउटा खेमाको प्रतिनिधित्व गर्दै लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री बन्नुभयो । यति बेला वामदेव गौतम एक उदीयमान नेताका रूपमा आइरहनुभएको थियो । खास गरी देउवाको कार्यकालमा महाकाली सन्धि पास गर्ने क्रममा गौतमले जुन अडान लिनुभएको थियो, त्यसबाट उहाँको 'राष्ट्रवादी छवि' बन्दै गएको थियो । उक्त घटनापछि उहाँलाई पार्टी नेताभन्दा बढी एक राजनेताका रूपमा मुलुकले पाउनेछ भन्ने धेरैको बुझाइ थियो । त्यति बेला वीरेन्द्र सरकार र दरबारको समेत त्यही विश्लेषण थियो । चन्द सरकारमा वामदेव गौतम प्रभावशाली उपप्रधानमन्त्री तथा गृहमन्त्रीका रूपमा रहनुभयो । सरकारले माओवादी हत्या-हिंसा नियन्त्रण गर्ने सिलसिलामा केही नयाँ प्रयास सुरु गर्‍यो । यसैबीच उपप्रधानमन्त्री तथा गृहमन्त्री गौतमले अच्युतकृष्ण खरेललाई प्रहरी महानिरीक्षक भएको ३६ दिनमै हटाएर ध्रुवबहादुर प्रधानलाई त्यो जिम्मेवारी दिनुभयो । यहींबाट प्रहरीमा राजनीतीकरणको औपचारिक सुरुवात भएको मान्नेहरू धेरै छन् । २०५४ सालमा भएको

स्थानीय निर्वाचनमा गृहमन्त्री गौतम राज्यको स्रोत र प्रहरी प्रशासन प्रयोग गरेर आफ्नो पार्टी एमालेलाई अत्यधिक स्थानमा जिताउन सफल हुनुभयो । यसलाई धेरैले 'वामदेव शैली' को चुनावको नाम दिए । त्यसपछि त जो सत्तामा आए पनि राज्यशक्तिको दुरुपयोग गर्ने, प्रहरी प्रशासनको प्रयोग गरेर व्यक्तिगत तथा राजनीतिक फाइदा लिने चलन नै बस्यो । सबै पार्टी र नेताहरूलाई गृह मन्त्रालय नै चाहिन थाल्यो ।

यो सरकार पनि सात महिना नपुग्दै ढल्यो र काङ्ग्रेसको सहयोगमा राप्रपाका अर्का नेता सूर्यबहादुर थापा प्रधानमन्त्री हुनुभयो । यसले अघिल्लो सरकारले गरेका सबै निर्णयहरू क्रमशः खारेज गर्दै गयो । चन्द सरकारले नियुक्त गरेका प्रहरी महानिरीक्षक प्रधानलाई हटाएर खरेललाई प्रहरी महानिरीक्षकमा पुनःस्थापित गऱ्यो । यसरी प्रहरीमा चरम राजनीतीकरण हुँदै जान थाल्यो, जुन कुरा माओवादी चाहन्थ्यो । यही क्रममा प्रधानमन्त्री थापाले प्रतिनिधिसभा विघटन गरी मध्यावधि चुनाव गराउने कोसिस गर्नुभयो । तर उहाँ पनि असफल हुनुभयो । वीरेन्द्र सरकारबाट विभिन्न पक्षको सल्लाह र सर्वोच्च अदालतको राय समेत लिएर प्रतिनिधिसभा विघटनको सिफारिस स्वीकृत गरिबक्सेन । यसपछि गिरिजाप्रसाद कोइराला पुनः प्रधानमन्त्री बन्नुभयो । प्रमुख विपक्षी दल नेकपा एमाले नै सरकारमा सामेल भयो । यो सरकारको कार्यकाल नेपालमा बहुदलीय व्यवस्थाको अति नै लज्जास्पद कालखण्ड साबित भयो । यही बेला नेपालको अर्थ व्यवस्था अत्यन्त कमजोर हुन पुग्यो । खुला र उदार अर्थनीतिको नाममा नेपालका पुराना र राम्रा सार्वजनिक संस्थानहरू कौडीको मोलमा बिक्री भए । क्रमिक रूपबाट रोजगारीको अवसर कम हुँदै गयो । राज्य नै भ्रष्टाचारमा खुल्लमखुल्ला संलग्न भएका समाचार देशभित्र र बाहिरबाट समेत आउन थाले ।

प्रधानमन्त्री कोइरालाले २०५६ सालमा आमनिर्वाचन गराउनुहुने भयो । यति बेला प्रतिनिधिसभाको पाँच वर्षको कार्यकाल पूरा भइसकेको थियो । कोइरालालाई आफ्नो नेतृत्वमा चुनाव नजितिने राम्ररी थाहा थियो । त्यसैले उहाँको 'डिजाइन' अनुसार काङ्ग्रेसले 'भावी प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई' भन्ने घोषणा गरेर उहाँको नाममा चुनाव लड्यो र २०५ सिटमध्ये ११४ सिट जित्यो । एमाले दोस्रो स्थानमा आयो भने मालेको पत्तासाफ हुन पुग्यो । यहाँ यति मात्र उल्लेख गरूँ, माले महासचिव वामदेव गौतम लगायतका केही नेतालाई चुनावमा जिताउन दरबारको प्रयास थियो । तर दुर्भाग्य, उहाँमात्र होइन मालेका कुनै पनि नेताले चुनाव जित्न सकेनन् । नेता गौतमको भनाइ अनुसार विदेशी शक्तिको, खास गरी भारतको चलखेल र षड्यन्त्रका कारण माले पार्टीको पत्तासाफ हुन पुगेको हो । गौतम गृहमन्त्री हुँदा पदबाट हटाइएका र अर्को सरकारबाट पुनःस्थापित प्रहरी महानिरीक्षक प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलले गौतमलाई हराउन हरसम्भव खेल खेलेको जानकारी समेत आएको थियो ।

२०५६ सालको निर्वाचनमा पनि दरबारबाट विभिन्न पार्टीका राष्ट्रवादी छवि भएका या पछि दरबारलाई सहयोग हुन सक्ने केही नेताहरूलाई जिताउन सुरक्षा निकायहरूलाई भनिएको थियो । तीमध्ये धेरैले चुनाव जिते पनि । यो चुनाव सम्पन्न गराउन सेनाको

निकै ठूलो भूमिका रहेको थियो । राजनीतिक षड्यन्त्रकै सन्दर्भमा विचार गर्दा २०५६ सालको आमचुनावको एउटा सन्दर्भ मलाई याद आउँछ । एमाले नेता भरतमोहन अधिकारी कोइराला नेतृत्वको सरकारमा अर्थ र कानुन तथा न्याय मन्त्री हुनुहुन्थ्यो । विराटनगरमा मतदानपछि मतगणना हुँदै थियो । यस क्रममा अर्थमन्त्री अधिकारी आफ्ना प्रतिद्वन्द्वीभन्दा केही मतले अगाडि हुनुहुंदो रहेछ । त्यत्तिकैमा त्यहाँ विवाद उत्पन्न भई उहाँलाई हराउने षड्यन्त्र हुन थालेछ । उहाँले आत्तिएर काठमाडौंमा रहेका आफ्ना नातेदारलाई फोन गरी 'दरबारका मुख्य शाही पार्श्ववर्ती विवेक शाहलाई भेटेर सेनाका स्थानीय अधिकृतलाई मतगणनामा विशेष निगरानी गर्न लगाइदिनुपऱ्यो' भन्नुभएछ । उहाँका नातेदार तुरुन्तै मलाई फोन गरेर भेट्न आउनुभयो । मन्त्री अधिकारीसँग उहाँ मार्फत नै मेरो सम्पर्क हुन्थ्यो । मैले तत्कालै इटहरीस्थित कालीबहादुर गणका गणपति प्रमुख सेनानी रमिन्द्र क्षेत्रीलाई फोन गरेर 'तत्कालै विराटनगर गई मतगणनास्थल निरीक्षण गरी धाँधली हुन नदिनू, मतगणना निष्पक्ष ढङ्गले गराउनू' भनें । त्यही अनुसार उहाँले तुरुन्तै विराटनगर गई मतगणनामा धाँधली हुन रोकिदिनुभयो । यसरी मन्त्री अधिकारी मोरङबाट विजयी हुनुभयो । यसले बहालवाला मन्त्रीहरू समेत चुनावमा धाँधली र षड्यन्त्रको सिकार बन्ने गरेको अवस्था सङ्केत गर्दछ ।

काङ्ग्रेसले बहुमत ल्याएपछि भट्टराई दोस्रो पटक प्रधानमन्त्री बन्नुभयो । यस पटक भने उहाँ निर्वाचित प्रधानमन्त्री हुनुहुन्थ्यो । तर उहाँ प्रधानमन्त्री भएकै दिनदेखि काङ्ग्रेसभित्र किचलो सुरु भयो । कोइरालाले जसरी हुन्छ भट्टराईलाई हटाएर आफू प्रधानमन्त्री बन्ने षड्यन्त्र सुरु गर्नुभयो । त्यही बेला माओवादी समस्या बढिरहेको थियो भने वार्ताको कुरा पनि चलिरहेको थियो । सन्त नेता तथा प्रधानमन्त्री भट्टराईले पार्टीका वरिष्ठ नेता भूतपूर्व प्रधानमन्त्री शेरबहादुर देउवालाई संयोजक बनाएर माओवादी समस्या अध्ययन गर्न कार्यदल गठन गर्नुभयो । उहाँले देउवालाई माओवादीसँग वार्ता प्रक्रिया सुरु गर्न जिम्मेवारी समेत दिनुभएको थियो । प्रधानमन्त्री भट्टराईको यो पहलपछि अब यसले माओवादी समस्या समाधान गर्ने निहुँमा लामो समयसम्म शासन गर्ने भयो भन्ने भयले काङ्ग्रेसभित्रैबाट उहाँका विरूद्ध षड्यन्त्र चर्काइयो र उहाँलाई राजीनामा दिन बाध्य बनाइयो । भट्टराईले प्रतिनिधिसभालाई विशेष एवं मार्मिक सम्बोधन गरेर सहज रूपमा पदबाट राजीनामा दिनुभयो । अनि आफ्नो 'डिजाइन' अनुरूप कोइराला पुनः प्रधानमन्त्री बन्नुभयो । प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला माओवादीका तीव्र आलोचक र विरोधी पनि हुनुहुन्थ्यो । माओवादीसँग वार्ता गर्छु भन्ने तर नगर्ने उहाँको रणनीति थियो । माओवादीलाई कठोर बल प्रयोग गरेर नै सिध्याउन सकिन्छ भन्ने उहाँको धारणा थियो । यो बुझ्रेरै हुनुपर्छ, माओवादीले पनि 'हामी गिरिजाप्रसाद कोइरालासँग वार्ता गर्दैनौँ' भनेर वक्तव्य दिन थालेका थिए । यो उनीहरूको रणनीतिक चाल थियो । यस्तै अवस्थामा २०५७ असोजमा डोल्पाको सदरमुकाम दुनैमा माओवादीले भीषण आक्रमण गऱ्यो । यस क्रममा गृहमन्त्री गोविन्दराज जोशीले सेनाले सहयोग गरेन भनेर आरोप मात्र लगाउनुभएन, कडा आलोचना समेत गर्नुभयो, जसबाट उहाँले नै तत्काल राजीनामा

दिनुपर्ने अवस्था आयो । जोशीले जस्तो आपत्तिजनक, संवेदनशील र विवादास्पद आरोप लगाउनुभएको थियो, त्यसको लगत्तै उहाँको राजीनामा आउनुका पछाडि दरबार र शाही नेपाली सेनाको भूमिका थिएन भन्न मिल्दैन । जोशीको राजीनामापछि यही प्रसङ्गमा जोडिएकाले प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलले पनि पदबाट राजीनामा गर्न बाध्य हुनुपरेको थियो । यसै बेलादेखि प्रधानमन्त्री कोइराला माओवादीका विरूद्ध सेना परिचालन गर्न चाहिरहनुभएको थियो, प्रहरी परिचालन गरे जस्तै तरिकाले । राजदरबार र शाही जङ्गी अड्डाको मान्यता के थियो भने सेना परिचालन गर्न सर्वप्रथम राष्ट्रिय सुरक्षा परिषद्को निर्णय चाहिन्छ । साथै राष्ट्रिय सुरक्षा परिषद्लाई सक्रिय तुल्याउनुपर्छ र यसका लागि सचिवालयको स्थापना हुनुपर्छ । सेना परिचालनका लागि राजनीतिक सहमति आवश्यक पर्छ । सेना परिचालन हुने क्षेत्रमा सङ्कटकाल लगाउनुपर्छ । त्यसै गरी, सेना सोझै माओवादीका विरूद्ध परिचालन नभई आर्थिक तथा विकासका कार्यक्रम मार्फत परिचालन हुनुपर्छ । तर प्रधानमन्त्री कोइराला यीमध्ये कुनै पनि काम गर्न तत्पर हुनुहुन्नथ्यो । यसरी नै राजदरबार र सिंहदरबारबीच विवाद बढ्दै जाँदा २०५८ जेठ १९ गते अकल्पनीय राजदरबार हत्याकाण्ड हुन पुग्यो । मुलुकले नयाँ राजा पायो । यति बेलासम्ममा माओवादीको प्रभाव बढेर रणनीतिक रूपले खेल्दाखेल्दै ऊ मुलुकको केन्द्रीय राजनीतिमा निर्णायक प्रभाव पार्नुका साथै शासन-सत्ता पल्टाउन सक्ने हैसियत बनाउनेतर्फ उन्मुख भएको देखिन्थ्यो । यसै कारण माओवादीले कोइरालासँग वार्ता गर्दिनँ भन्दा उहाँको मन्त्रिपरिषद्का विरूद्ध काङ्ग्रेसी नेताहरू नै खनिने या अर्को कोहीसँग वार्ता गर्छु भन्दा नेताहरू त्यसकै पछि दगुर्नेसम्मको अवस्था सिर्जना हुन पुगेको थियो । यसो हेर्दा माओवादीका कारण मुलुकको शासन सत्ता परिवर्तन हुने अवस्था आउन लागे जस्तो देखिन थालिसकेको थियो ।

## कोइरालाको राजीनामा : होलेरी त निहुँ मात्र

नेपालको राजनीतिक इतिहास लेख्ने र खोतल्ने जोकोहीले पनि 'होलेरी घटना' को सन्दर्भ नकोट्याई सुखै पाउँदैन । त्यसैले मैले पनि यसबारे विस्तृत रूपमा चर्चा गर्नु सान्दर्भिक ठानेको छु । त्यस बेला भएका राजनीतिक चालबाजी र अनेक षड्यन्त्रबारे थाहा पाएजति र सुनेसम्म मैले यहाँ उल्लेख गर्नैपर्ने हुन्छ । किनभने म महाराजाधिराजको सैनिक सचिव रहेका बेलाको घटना हो होलेरी काण्ड । राजा ज्ञानेन्द्रबाट राज्यारोहण गरिबक्सेपछि झन्डै ४० दिनपछिको घटना । त्यति बेला प्रधानमन्त्री हुनुहुन्थ्यो गिरिजाप्रसाद कोइराला र रक्षामन्त्री महेश आचार्य । उपप्रधानमन्त्री तथा गृहमन्त्रीको जिम्मेवारी सम्हाल्नुभएको थियो रामचन्द्र पौडेलले, अनि प्रधान सेनापति हुनुहुन्थ्यो प्रज्वल्लशमशेर जबरा ।

प्रधानमन्त्री कोइरालाले जुन कारणहरू देखाएर कृष्णप्रसाद भट्टराईलाई सरकारबाट हटाउनुभयो, तीमध्ये कुनै पनि काम आफूले गर्न सक्नुभएन । उहाँसँग कुनै योजना

थिएन या इच्छाशक्ति नै थिएन ? प्रधानमन्त्री कोइरालाका विरुद्ध काङ्ग्रेस पार्टीभित्रैबाट तीव्र असन्तोष व्यक्त भइरहेको थियो । प्रमुख विपक्षी दल नेकपा एमालेबाट त झन् व्यक्त हुने नै भयो छोटो समयमै उहाँलाई हटाउने अभियान नै सुरु भइसकेको थियो । यसमा पूर्वप्रधानमन्त्री भट्टराई पनि अप्रत्यक्षतः संलग्न हुनुहुन्थ्यो । उहाँले 'भावी पुस्तालाई नेतृत्व दिनुपर्छ' भनेर कोइरालालाई दबाव दिइरहनुभएको भन्ने रिपोर्ट मलाई विभिन्न सुरक्षा निकायबाट आइरहेको थियो । यस सन्दर्भमा भट्टराईले शेरबहादुर देउवालाई समर्थन गरिरहनुभएको थियो । यही बेला माओवादी गतिविधि पनि तीव्र रूपमा बढिरहेको थियो । देशको सुरक्षा स्थिति दिनदिनै खराब हुँदै थियो । यसैबीच २०५८ असार २२ गते राष्ट्रिय सुरक्षा परिषद्को बैठक बसेको थियो । बैठकमा प्रधानमन्त्री र प्रधान सेनापतिबीच तालमेल मिलेन । प्रधानमन्त्री भन्दै हुनुहुन्थ्यो, 'सरकारले लागू गरेको आन्तरिक सुरक्षा तथा विकास अवधारणामा सेनालाई खटाउने निर्णय गरिसकिएको छ । त्यही आधारमा सेनाले माओवादीका विरुद्ध कारबाही गर्नुपर्छ ।' तर प्रधान सेनापतिको भनाइ थियो, 'सरकारले खटाएको कुनै पनि स्थानमा सेना जान र तैनाथी हुन तयार छ । तर सेना परिचालन गर्नुअघि पहिलो कुरो आम राजनीतिक सहमति बन्नुपर्छ, दोस्रोमा सङ्कटकाल लगाउनुपर्छ र तेस्रो सेना परिचालन गर्न संवैधानिक व्यवस्था अनुसार राष्ट्रिय सुरक्षा परिषद्बाट निर्णय भई महाराजाधिराजबाट अनुमोदन हुनुपर्छ ।' यो धेरै पहिलेदेखि चल्दै आएको विवाद थियो । यस विषयमा वीरेन्द्र सरकारको पालामा पनि र ज्ञानेन्द्र सरकारसँग पनि प्रधानमन्त्री कोइरालाले अनावश्यक गुनासो गर्नुभएको थियो । संविधानमा 'राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा श्री ५ महाराजाधिराजबाट सेना परिचालन हुनेछ' भनेर स्पष्ट व्यवस्था थियो । तर नजाने के कारणले हो, उहाँ संविधानले व्यवस्था गरे अनुरूप सुरक्षा परिषद्बाट सेना परिचालनको निर्णय गराउन चाहिरहनुभएको थिएन । त्यसका बावजुद कैयौँ पटक 'राजाले सेना परिचालन गर्न दिएनन्' भनेर अभिव्यक्ति दिनुभएको थियो । उहाँको बुझिनसक्नुको पाटो भनेको यही थियो । उपप्रधानमन्त्री तथा गृहमन्त्री रामचन्द्र पौडेल लगायत केही मन्त्रीले पनि यस्तै अभिव्यक्ति दिइरहेका थिए ।

केही महिनाअघि बसेको सुरक्षा परिषद्को बैठकले निर्णय गरे अनुसार सरकारले माओवादीबाट अत्यन्तै प्रभावित जिल्लामा आन्तरिक सुरक्षा तथा विकास अवधारणा लागू गरेको थियो । उक्त निर्णयसँगै ती जिल्लामा विकास प्रक्रिया अघि बढाउने क्रममा सेनालाई सुरक्षाको जिम्मेवारी दिने सहमति भएको थियो । तर त्यो 'माओवादीका विरुद्ध अपरेसन गर' अर्थात् 'कारबाही गर' भनेर सेनालाई दिइएको कुनै पनि किसिमको आदेश, निर्देशन वा निर्णय थिएन । २०५८ असार २५ गते पनि प्रधानमन्त्रीको कार्यालय, सिंहदरबारमा राष्ट्रिय सुरक्षा परिषद्को बैठक बस्यो । त्यस बैठकमा पनि पहिलेकै कुरा दोहोरिएको थियो । बरु सेनाले बैठकमा थप के कुरा राखेको थियो भने 'माओवादीलाई आतङ्ककारी या विद्रोही के भन्ने, सरकार स्पष्ट हुनुपर्छ, नीतिगत निर्णय गरी कानुन बनाउनुपर्छ ।' माओवादीका सबै गतिविधिलाई 'आतङ्ककारी' कार्य मान्नुपर्ने र माओवादीका सबै भ्रातृ सङ्गठनलाई नेपाल अधिराज्यभर कुनै पनि किसिमको गतिविधि

गर्न प्रतिबन्ध लगाउनुपर्ने प्रस्ताव पनि शाही जङ्गी अड्डाको थियो । त्यस बेलासम्म पनि माओवादीलाई हेर्ने दृष्टिकोणमा सरकार अलमल्ल परिरहेको थियो । माओवादी विद्रोही हो कि आतङ्ककारी भन्नेबारे राज्य स्पष्ट हुन र सोही अनुसार घोषणा गर्न आवश्यक थियो । तर सरकारले त्यति पनि गर्न सकिरहेको थिएन । माओवादीमाथि प्रतिबन्ध लगाएर निश्चित क्षेत्र तोकिदिएमा अपरेसनका लागि परिचालन हुन सेना तयार थियो । यसका निम्ति लजिस्टिक सपोर्ट र केही बजेटको व्यवस्था गर्न भने सेनाले माग गरेको थियो ।

२०५८ असार २६ गते बिहानै प्रधानमन्त्री कोइरालाले राष्ट्रिय प्रजातन्त्र पार्टीका नेताहरू सूर्यबहादुर थापा, पशुपतिशमशेर जबरा, डा. प्रकाशचन्द्र लोहनी, जोगमेहर श्रेष्ठ, बालाराम घर्तीमगर, रवीन्द्रनाथ शर्मालाई प्रधानमन्त्री निवास, बालुवाटारमा भेट्नुभयो । त्यही साँझ उहाँले नेकपा (माले) का महासचिव वामदेव गौतम र काङ्ग्रेसका नेता गोविन्दराज जोशीलाई पनि बेग्लाबेग्लै भेट्नुभयो । ती सबै बैठकमा प्रधानमन्त्रीले आफू पार्टीभित्रको गुटबन्दीका कारण सङ्कटमा पर्दै गएको र राजीनामा दिने मनस्थितिमा रहेको भनेर छलफल गर्नुभएको सूचना मैले विभिन्न संयन्त्रबाट पाएको थिएँ । प्रधानमन्त्री पार्टीको आन्तरिक विवादका कारण तनावमा हुनुहुन्छ भनेर राष्ट्रिय अनुसन्धान विभाग, सैनिक गुप्तचर विभाग र अरू सुरक्षा निकायबाट समेत कुरा आइरहेको थियो । पार्टीभित्र उहाँलाई हटाउन विभिन्न किसिमका खेल भइरहेका थिए । माओवादी समस्या समाधान गर्न र शान्ति-सुरक्षा कायम गराउन प्रभावकारी भूमिका निर्वाह नगरेका कारण दरबार पनि कोइरालासँग त्यति सन्तुष्ट थिएन । यद्यपि, राजदरबार हत्याकाण्ड हुँदा ठूलो उथलपुथल हुनबाट जोगाउन प्रधानमन्त्री कोइरालाको भूमिका सकारात्मक र ज्यादै सहयोगी थियो ।

राजनीतिक रूपले प्रधानमन्त्री सङ्कटमा पर्दै गइरहेका बेला २०५८ असार २८ गते रोल्पाको होलेरी प्रहरी चौकीबाट ७७ प्रहरी अपहरित भए । प्रहरीका धेरै हतियार माओवादीले लुटे । श्री ५ को सरकारले अपहरित प्रहरीलाई मुक्त गर्न सेना परिचालन गर्ने भन्यो । शाही जङ्गी अड्डाले तत्कालै रेकी टिम पठायो । प्रधानमन्त्री कोइरालाले प्रधान सेनापति प्रज्वल्लशमशेर जबरासँग यस विषयमा सल्लाह पनि गर्नुभयो । त्यस बेला राष्ट्रिय सुरक्षा परिषद्को निर्णयबिना नै सेना परिचालन गर्न प्रधान सेनापति प्रधानमन्त्रीको प्रस्तावमा 'हुन्छ' भनेर आउनुभएछ । माओवादीबाट अपहरित प्रहरी मुक्त पार्न सेना परिचालन गर्नेबारे सुरक्षा परिषद्मा मौखिक सहमति भए पनि माओवादीका विरूद्ध अपरेसनका लागि सेना परिचालन गर्न राष्ट्रिय सुरक्षा परिषद्ले कुनै लिखित निर्णय गरेको थिएन । होलेरीमा सेना माओवादीका विरूद्ध अपरेसनमा भन्दा पनि अपहरित प्रहरी मुक्त गर्न परिचालन भएको थियो । त्यसका निम्ति काठमाडौंको भैरवनाथ गणबाट समेत कमान्डो परिचालन गरियो । शाही जङ्गी अड्डाले ४ नम्बर वाहिनी, सुर्खेतलाई घटनास्थलमा सेना परिचालन गर्न आदेश दियो । त्यहाँका वाहिनीपति सहायक रथी वज्र गुरूङलाई 'अपरेसन सम्बन्धी सम्पूर्ण कार्य गर्नू' भनेर आदेश गएको थियो । तर

उहाँले शाही जङ्गी अड्डाको आदेश तत्काल कार्यान्वयन नगरी ढिलाइ गरिदिनुभयो । फलस्वरूप होलेरीमा सेनाले समयमा कुनै अपरेसन गर्न सकेन ।

होलेरीमा अपहरित प्रहरीको उद्धार गर्न सेना परिचालन नभएको गुनासो गर्दै उपप्रधानमन्त्री तथा गृहमन्त्री रामचन्द्र पौडेलले असार २९ गते राजीनामा दिनुभयो । सोही दिन दिउँसो काठमाडौं र दाङबाट सैनिक बोकेर गएको हेलिकप्टर सल्यानको गैरीगाउँबाट नुवागाउँतर्फ उड्न लागेको थियो । त्यसै बेला माओवादीले हानेको गोली लागेपछि हेलिकप्टर दाङ ब्यारेकमा आपत्कालीन अवतरण गर्‍यो । यस क्रममा पाइलट विनायकबहादुर सिंहको तिघ्रामा, उपसेनानी रुद्रबहादुर पौडेलको हातमा र सिपाही नरबहादुर खत्रीको पेटमा गोली लागेको थियो । यो सेनामाथि माओवादीको पहिलो आक्रमण थियो । माओवादीको समूह रोल्पाबाट सल्यानको नुवागाउँतर्फ जाँदै छ भन्ने सूचना आएकाले अपहरित प्रहरी त्यहीं हुन सक्ने अनुमान गरेर सेनालाई नुवागाउँतर्फ पठाउन लागिएको थियो । यसै क्रममा हेलिकप्टरबाट सेनाको एउटा प्लाटुन नुवागाउँमा पुर्‍याइयो र एम्बुस थापेर बस्न भनियो । थप दुई प्लाटुनलाई त्यहाँ पुर्‍याउने प्रयास खराब मौसमका कारण सम्भव भइरहेको थिएन । खराब मौसमका बावजुद दुई प्लाटुन फौजलाई नुवागाउँ पुर्‍याउन उडेका अन्य दुई हेलिकप्टरलाई पनि सल्यान पुगेपछि गोली लाग्यो । यसरी काठमाडौंबाट विशेष फौज लिएर गएको भीभीआईपी फ्लाइटको हेलिकप्टर सहित तीन वटै हेलिकप्टर दाङ ब्यारेकमा 'ग्राउन्डेड' भए । यसबाट नुवागाउँमा खसालिएको एक प्लाटुन फौज माओवादीको घेरामा पर्ने अवस्था भयो । त्यसका लागि थप मदत टोली तत्काल त्यहाँ पुर्‍याउन सकिने कुनै उपाय भएन । अब माओवादीसँगको अपरेसनभन्दा पनि त्यो एक प्लाटुन फौजलाई कसरी बचाउने भन्नेतिर शाही जङ्गी अड्डाको ध्यान केन्द्रित हुनु स्वाभाविक थियो । यसका लागि सल्यानको कपुरकोटबाट सेना पैदलै नुवागाउँ पठाइयो । सेना डेढ दिन लगाएर माओवादीको घेराउमा परेका सैनिकको उद्धारका लागि नुवागाउँ पुग्यो । उद्धारका क्रममा त्यहाँ केही समय फायर पनि भयो । तर कुनै अप्रिय घटना भने हुन पाएन । यसरी अपहरित प्रहरीको उद्धारका लागि नुवागाउँ पुगेर माओवादीको घेरामा परेका सैनिकहरूलाई उद्धार गरिए पनि प्रहरीहरूको पत्तो लाग्न वा तिनलाई मुक्त गराउन भने त्यस बेला सफलता प्राप्त भएन । अपहरित प्रहरीहरू धेरै पछि विभिन्न स्थानबाट माओवादीले मुक्त गरेपछि फर्किएका थिए ।

यसैबीच २०५८ असार ३० मा प्रधानमन्त्री कोइराला 'आरामका लागि' विराटनगर जानुभयो । एक रात त्यहाँ बसेर भोलि पल्टै काठमाडौं फर्कनुभयो । जबजब कोइराला सङ्कटमा फस्नुहुन्थ्यो र कुनै नयाँ निर्णय लिनुपर्ने हुन्थ्यो, त्यो बेला उहाँ विराटनगर जाने गर्नुहुन्थ्यो । उहाँ विराटनगर जानुको भित्री रहस्य कसैसँग गोप्य, महत्त्वपूर्ण भेटघाट या सरसल्लाहका गर्नु हुन सक्छ भन्ने विषय कहिलेकाहीं मेरो जानकारीमा आउने गर्दथ्यो । तर त्यसको वास्तविकता पत्ता लगाउन म अग्रसर भइनँ । त्यो सधैं रहस्यमै रह्यो । प्रधानमन्त्री कोइरालाले साउन १ गते पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईसँग भेट गर्नुभयो । मलाई प्राप्त सूचना अनुसार सो अवसरमा भट्टराईले कोइरालालाई 'संवैधानिक प्रक्रिया

पुऱ्याई राष्ट्रिय सुरक्षा परिषद्बाट निर्णय गरेर सेना परिचालन गरेको भए राम्रो हुन्थ्यो' भन्ने सुझाव दिनुभएको थियो । साथै 'यस्तो बेला पार्टीमा एकता हुनुपर्नेमा विभाजन र एकअर्काको विरोध हुनु नराम्रो कुरा हो' भन्नुभएछ । कोइरालाले पनि भट्टराईसँग गुनासो गर्दै 'पार्टीका सबै नेता तथा कार्यकर्ताबाट मलाई सहयोग प्राप्त भएन, तपाईं मलाई सहयोग गर्नुस्, यदि सहयोग गर्नुहुन्न भने अविश्वासको प्रस्ताव खेप्नुभन्दा म राजीनामा दिन्छु' भन्नुभएछ । कोइरालाको कुरा सुनेपछि भट्टराईले भन्नुभएछ, 'अब हामी दुवै जना पार्टी र सरकारको सल्लाहकार भएर बसौँ । युवा पुस्तालई अघि बढाऔँ । यसो नभए म अविश्वासको प्रस्ताव रोक्न सक्दिनँ ।' यसबीच शेरबहादुर देउवा काङ्ग्रेस संसदीय दलमा प्रधानमन्त्रीका विरूद्ध अविश्वासको प्रस्ताव ल्याउन अन्तिम तयारी गर्दै हुनुहुन्थ्यो । यसरी पार्टीभित्रै आफू अल्पमतमा परेर प्रधानमन्त्री पद गुमाउनुपर्ने अवश्यम्भावी भएको देखेपछि गिरिजाप्रसाद कोइरालाले साउन ४ गते अपराह्न ४ बजे प्रधानमन्त्रीबाट राजीनामा दिनुभयो । होलेरी काण्डबारे नेपालको राजनीतिमा ठूलो चर्चा भए पनि त्यो स्तरको घटना होइन । प्रधानमन्त्री कोइरालाले होलेरी काण्डमा सेना या राजदरबारको असहयोगका कारणबाट राजीनामा दिनुभएको पनि होइन । उहाँको राजीनामाका लागि होलेरी त बाहिर देखाउने एउटा बहाना मात्र थियो । यति सानो विषयलाई आधार बनाएर प्रधानमन्त्रीबाट राजीनामा गर्नुको औचित्य पनि थिएन । योभन्दा ठूलो विषय त राजदरबार हत्याकाण्ड नै थियो । दायित्वको चिन्ताले पिरोल्ने भए त्यस बेला उहाँले राजीनामा गर्न सक्नुहुन्थ्यो । किनकि उहाँ प्रधानमन्त्री मात्र नभएर राजदरबार सम्बन्धी मन्त्री समेत हुनुहुन्थ्यो । बरू होलेरीपछि राजीनामा दिएर उहाँले माओवादीसँग वार्ता प्रक्रिया अघि बढाउने एउटा महत्त्वपूर्ण अवसर गुमाउनुभयो ।

एकाएक प्रधानमन्त्री कोइरालाको राजीनामा आएपछि राजनीतिले कोल्टे फेऱ्यो । मुलुकमा अनेक किसिमका खेल सुरू भए । शाही जङ्गी अड्डामा प्राप्त हुने विभिन्न सूचना अनुसार काङ्ग्रेस सभापति कोइराला चक्रप्रसाद बाँस्तोलालाई भावी प्रधानमन्त्रीका लागि अघि सार्दै हुनुहुन्थ्यो । साथै उहाँले सुशील कोइरालालाई पनि अगाडि सार्नुभएको थियो । बाँस्तोलालाई प्रधानमन्त्री र खुमबहादुर खड्कालाई उपप्रधानमन्त्री बनाउने गरी विभिन्न शक्तिकेन्द्रबाट खेल भइरहेका थिए । कोइरालाले प्रधानमन्त्रीबाट राजीनामा गरेको भोलि पल्ट काङ्ग्रेस केन्द्रीय कमिटीको बैठक बस्यो । बैठकले काङ्ग्रेस संसदीय दलको नेता चुन्न वासु रिसाल, केबी गुरूङ र लक्ष्मणप्रसाद घिमिरे रहेको निर्वाचन समिति बनायो । गिरिजाबाबुको 'लाइन' सुशीललाई संसदीय दलको नेतामा अघि सार्ने र सुशील नभए मात्र बाँस्तोलालाई उम्मेदवार बनाउने थियो । तर सुशीलको उम्मेदवारीमा खुमबहादुरको पूरै विरोध थियो । त्यति बेला एमालेको धारणा 'सुशील कोइराला प्रधानमन्त्री बनेमा मुलुकको अवस्था गिरिजाको पालामा भन्दा पनि खत्तम हुन्छ, सुशीलले प्रतिपक्षसँग पनि र माओवादीसँग पनि डिल गर्न सक्दैनन्, त्यसो भएर शेरबहादुर देउवा नै प्रधानमन्त्रीमा उपयुक्त हुन्छ' भन्ने रहेको बुझिएको थियो । दरबारको विश्लेषण पनि अरूभन्दा शेरबहादुर देउवालाई नै प्रधानमन्त्री बनाउनु उपयुक्त हुन्छ भन्ने

थियो । देउवाको सम्बन्ध महाराजाधिराजसँग र पश्चिमा राष्ट्रहरूसँग पनि राम्रो थियो । 'देउवालाई भारतले समर्थन नगरे पनि विरोध गर्दैन, अरूको तुलनामा उहाँ राष्ट्रका लागि अडान लिन सक्नुहुन्छ, साथै सेनासँग पनि उहाँको सम्बन्ध सुमधुर रहन सक्छ' भन्ने हिसाबले समेत दरबारले देउवालाई समर्थन गर्ने नीति लिएको थियो । त्यही अनुसार देउवालाई काङ्ग्रेस संसदीय दलको नेता बनाउन दरबारबाट विभिन्न पहल भएको थियो । दरबार निकट काङ्ग्रेसका सांसदहरूलाई 'देउवालाई समर्थन गरे राम्रो हुन्छ' भनेर प्रस्टसँग लाइन दिइएको थियो । चुनावको एक दिनअघि मात्रै मलाई फोन गरेर देउवाले 'जर्साब, तपाईंका कुनै साथी काङ्ग्रेसमा सांसद छन् भने मलाई मदत गर्न भनिदिनुहोस्' भन्नुभएको थियो । त्यस अनुसार मैले सांसद नारायणसिंह पुनसँग कुरा गरेँ । पहिले कोइरालाका पक्षमा रहेका पुन मसँगको कुराकानीपछि देउवालाई समर्थन गर्न तयार हुनुभयो । यस्तै दरबारबाट अरूले पनि विभिन्न सांसदसँग कुरा गरेको हुनुपर्छ । काङ्ग्रेसका कतिपय सांसदलाई २०५६ सालको चुनावमा सेनाले नै सहयोग गरेर जिताएको थियो । प्रधान सेनापति या अरू जर्साबहरूले देउवाका लागि उनीहरूसँग पनि कुरा गर्नुभयो । सम्पूर्ण प्रयासको फलस्वरूप काङ्ग्रेस संसदीय दलको चुनावमा कुल ११३ मतमध्ये देउवाले ७२ मत ल्याउनुभयो भने उहाँका प्रतिद्वन्द्वी सुशील कोइरालाले जम्मा ४० मत मात्र प्राप्त गर्नुभयो । यसरी देउवा दोस्रो पटक मुलुकको प्रधानमन्त्री बन्नुभयो । दरबारको सहयोग र समर्थन भए पनि दरबारकै मात्र कारणले उहाँ प्रधानमन्त्री बन्नुभएको चाहिं होइन, पार्टीको आन्तरिक कलहले नै मूलतः उहाँलाई सरकारको नेतृत्वमा पुऱ्याएको हो ।

## मध्यरातमा प्रतिनिधिसभा विघटन

२०४६ सालमा बहुदलीय व्यवस्था आएपछि बनेका कुनै पनि सरकार स्थिर र पूर्णकालीन हुन सकेनन् । कुनै पनि पार्टीले पूरा अवधि सरकार चलाउन सकेनन् । सरकारहरूले न सुशासन कायम गर्न सके न भ्रष्टाचार नियन्त्रण गर्न नै । देशमा अनेक किसिमका जालझेल र षड्यन्त्रको राजनीति हावी हुन पुग्यो । फलस्वरूप राजनीति अपराधीकरणतर्फ पनि उन्मुख हुन पुग्यो । सरकार ढाल्ने र नयाँ समीकरण निर्माण गर्ने खेलमा मुलुक जेलिन थाल्यो । २०५६ सालको आमनिर्वाचनबाट बहुमतप्राप्त नेपाली काङ्ग्रेसभित्र तीव्र गुटबन्दी चर्केको थियो । फलस्वरूप काङ्ग्रेसको एउटा सरकार गठन भएर काम सुरु गर्न पाएको छैन, अर्को सरकार गठनको राजनीति खेल सुरु हुने गर्दथ्यो । जसरी प्रधानमन्त्री भट्टराईलाई हटाइयो त्यसै गरी प्रधानमन्त्री कोइरालालाई पनि । प्रधानमन्त्री बनेको दिनदेखि नै देउवालाई पनि हटाउने खेल सुरु भइहाल्यो ।

प्रधानमन्त्री शेरबहादुर देउवाले सरकारको नेतृत्व सम्हालेपछि माओवादीसँग वार्ताको पहल गर्नुभयो । वार्ता टिम बनाउनुभयो । माओवादी वार्ताका लागि आए पनि । तर उनीहरू वार्ताका लागि गम्भीर छैनन् भन्ने विभिन्न निकायबाट खबर आइरहेको थियो ।

वास्तवमा त्यति बेला माओवादी इमानदार रूपमा प्रस्तुत भएका पनि थिएनन् । मलाई के सूचना आइरहेको हुन्थ्यो भने 'माओवादी वार्तालाई रणनीतिक औजारका रूपमा प्रयोग गरिरहेका छन् । वार्तामा पूरा गर्न नसकिने माग राख्दै जानेछन् । यस क्रममा उनीहरू संसदीय दलभित्र विभाजन ल्याउन चाहन्छन् । राजा र राजनीतिक दलका बीचमा समेत फाटो ल्याउन चाहन्छन् ।' आखिर भयो पनि त्यस्तै । माओवादीले वार्तालाई खासै महत्त्व दिएका थिएनन् । उनीहरूले उक्त समयमा राजनीतिक नेताहरू, बुद्धिजीवी र नागरिक समाजका व्यक्तिहरूसँग परामर्श गरी सबैको मानसिकता बुझ्ने रणनीति मात्र लिएको देखियो । माओवादीले गोदावरी, बर्दिया हुँदै पुनः गोदावरीमा वार्ताको नाटक गरेर सरकारलाई अलमल्याइरहे । वार्ता भङ्ग गरेको केही दिनमै दाङस्थित ब्यारेकका साथै जिल्ला सदरमुकाम घोराहीस्थित प्रहरी र प्रशासन कार्यालयमा पनि भीषण आक्रमण गरे । यसपछि मुलुकमा सङ्कटकाल लाग्यो र माओवादीका विरूद्ध सेना परिचालन भयो । देशका विभिन्न भागमा कारबाही सुरु भयो । माओवादी र सेना दुवैतर्फ धेरै क्षति भयो । सेनाले आकलन गरेको भन्दा माओवादीले आफ्नो शक्ति धेरै बढाइसकेको देखियो । यसैबीच काङ्ग्रेस पार्टीभित्र प्रधानमन्त्री देउवालाई हटाउने तयारी भइरहेको थियो । पहिलो सङ्कटकाल समाप्त भएपछि देउवाले पुनः सङ्कटकाल लगाउन खोज्नुभयो, तर उहाँको प्रस्ताव संसद्बाट अनुमोदन हुन सकेन । फलस्वरूप माओवादीका विरूद्ध कारबाही गर्न केही जटिलता आयो । प्रधानमन्त्रीले जति जनालाई मन्त्री बनाए पनि सबैलाई सन्तुष्ट पार्न सक्नुभएको थिएन । एमालेले पनि देउवाको तीव्र विरोध गरिरहेको थियो । पार्टीभित्र र संसद्मा समेत प्रधानमन्त्री देउवाका विरूद्ध अविश्वासको प्रस्ताव आउँदै छ भन्ने विभिन्न गुप्तचर रिपोर्ट आइरहेका थिए । तिनै रिपोर्टलाई आधार बनाएर महाराजाधिराज र प्रधानमन्त्रीका बीचमा अब कसरी अगाडि बढ्ने भनेर छलफल भएको हुन सक्छ । त्यस क्रममा महाराजाधिराजबाट प्रधानमन्त्रीलाई प्रतिनिधिसभा विघटन गर्न सुझाव दिइबक्सेको हुन सक्छ । प्रधानमन्त्रीलाई 'तपाईं चुनाव घोषणा गर्नुस्, दरबार र सेनाले सहयोग गर्नेछ' भन्ने आश्वासन पनि दिइएको थियो । प्रतिनिधिसभा विघटन गरेपछि अर्को चुनाव गराउने बेलासम्म देउवा नै प्रधानमन्त्री रहनुहुने तय भएको थियो । सरकारमा रहेर चुनाव गराउँदा उहाँको पक्षमा बहुमत आउने पनि सम्भावना थियो । अमेरिका, भारत र चीनका राजदूतहरूलाई दर्शनभेट बक्सेको अवसरमा सरकारबाट 'अहिलेको अवस्थामा मुलुकको राजनीतिक अन्योल हटाउन र शान्ति-सुरक्षा कायम गराउन प्रधानमन्त्रीले प्रतिनिधिसभाको विघटन गर्नु राम्रो हुन्छ' भन्ने कुरा गरिबक्सेको मलाई सरकारले नै सुनाइबक्सेको थियो । त्यस बेला राजदूतहरूले पनि सरकारको कुरामा समर्थन नै जनाएका थिए । त्यसबारे राजदूतहरूले प्रधानमन्त्रीसँग समेत कुरा गरेको हुनुपर्छ ।

राजनीतिक घटनाक्रम यसरी विकसित हुँदै जाँदा महाराजाधिराज र प्रधानमन्त्रीबीच २०५९ जेठ ८ गते राति राजदरबारमा प्रतिनिधिसभा विघटन गरी नयाँ प्रतिनिधिसभाको निर्वाचनका लागि कात्तिक २७ गतेको मिति तोक्न सहमति भयो । त्यसपछि प्रधानमन्त्री

देउवाले राति नै दरबारमा आफ्नो कार्यालयको लेटर प्याड र स्ट्याम्प मगाउनुभयो । लेटर प्याड आएपछि सचिव बैठकमै प्रमुख सचिव पशुपतिभक्त महर्जनले प्रधानमन्त्रीको भाकामा प्रतिनिधिसभा विघटन र चुनावको मिति तोकिएको सिफारिस पत्रको ब्यहोरा लेखी टाइप गराउनुभयो । महाराजाधिराजलाई सिफारिस गरिएको उक्त पत्रमा प्रधानमन्त्री देउवाले सरकारकै सामुन्ने हस्ताक्षर गर्नुभयो । हस्ताक्षर भएलगत्तै महाराजाधिराजबाट 'प्रधानमन्त्रीको सिफारिस बमोजिम' प्रतिनिधिसभा भङ्ग गरिबक्सी मध्यावधि निर्वाचनको मिति घोषणा गरिबक्स्यो । यसको पूर्वसङ्केत मैले धेरै पहिले नै पाइसकेको थिएँ । किनभने, म यसमा विशेष कार्य टोली बनाएर सरकारको निर्देशन बमोजिम काम गरिरहेको थिएँ । तर राजदरबारका अन्य सचिवलाई भने यसबारे प्रतिनिधिसभा विघटन हुने दिन मात्र जानकारी दिइएको थियो । प्रतिनिधिसभा विघटन र मध्यावधि निर्वाचनको मितिबारे तत्काल समाचार प्रवाह गर्नुपर्ने थियो जसका लागि राष्ट्रिय समाचार समितिलाई राति निकै बेरसम्म 'स्ट्यान्डबाई' राखिएको थियो । मध्यरातमा सबै काम फत्ते भएपछि समाचार प्रवाह गरिएको थियो ।

अप्रत्याशित रूपमा प्रतिनिधिसभा विघटन भएपछि प्रधानमन्त्री देउवालाई काङ्ग्रेसले साधारण सदस्यबाट हटाउनेसम्मको कारबाही गर्‍यो । यसरी उहाँ बिनादलको हुनुभयो । अब उहाँले दल खोल्नुपर्ने भयो । त्यसमा पनि सरकारले 'म मदत गरूँला' भन्ने आश्वासन दिइबक्सेको थियो । यसरी काङ्ग्रेस विभाजन हुन पुग्यो । काङ्ग्रेसको चुनाव चिह्न रूखका लागि निर्वाचन आयोगमा मुद्दा पर्‍यो । उक्त चुनाव चिह्न सके देउवा सभापति रहेको काङ्ग्रेसलाई दिलाइदिने, नसके कसैलाई नदिएर 'फ्रिज' गर्न निर्वाचन आयोगलाई निर्देशन दिने महाराजाधिराज र प्रधानमन्त्रीबीच सहमति भएको रहेछ । तर पछि प्रधानमन्त्री देउवाले नेतृत्व गरेको पार्टीले रूख चिह्न पाएन, न त त्यो चुनाव चिह्न फ्रिज नै हुन सक्यो । त्यही बेला प्रधानमन्त्री देउवाले के भन्नुभएको रहेछ भने, 'राजाले मलाई चुनाव चिह्न रूख दिलाइदिन्छु भन्ने आश्वासन दिए । कम्तीमा रूख चिह्न नपाए पनि त्यो फ्रिज गरिदिएको भए हुन्थ्यो । राजाबाट धोका पाइयो । अझै कति धोका पाइने हो !'

## असोज १८ को शाही कदम

समयको प्रवाहसँगै मुलुक २०५९ असोज १८ गतेसम्म आइपुग्दा संवैधानिक सङ्कटमा फस्न पुग्यो । त्यसभन्दा अघिदेखि नै राजनीतिक अन्योल, दिशाहीनता र अराजकताले गर्दा असोज १८ को पृष्ठभूमि बन्दै गइरहेको थियो । यसमा कुनै द्विविधा छैन न कसैको दुईमत रहन्छ होला । २०५८ जेठ २२ गते राज्यारोहण गरिबक्सेपछि सरकार एक वर्ष निर्मल निवासमै राज भयो । मौसुफबाट त्यहीं विभिन्न राजनीतिक नेताहरू, बुद्धिजीवीहरू, पत्रकारहरू, विदेशी कूटनीतिज्ञहरू लगायत असङ्ख्य उच्च व्यक्तिहरूसँग जटिल बन्दै गएको मुलुकको राजनीति तथा सुरक्षा लगायत विविध विषयमा

परामर्श गरिबक्स्यो । यस क्रममा जो-जसले सरकारको दर्शनभेट पाए, ती कसैले पनि मुलुकको तत्कालीन राजनीतिक अवस्थाप्रति सकारात्मक टिप्पणी गरेनन् । सबैले राजनीति दिशाहीन, अन्योलग्रस्त बन्दै गएको र माओवादी हत्या, हिंसा र आतङ्कका कारण जनता आक्रान्त र देश भविष्यहीन बनेको जस्ता टिप्पणी गर्दथे । राजनीतिक नेताहरूको कुरा चाहिं दुईजिब्रे हुन्थ्यो । उनीहरू दर्शनभेटमा सरकारसँग के कुरा गर्दथे र बाहिर गएर के प्रतिक्रिया दिन्थे भन्ने सन्दर्भलाई मात्रै समेट्ने हो भने पनि एउटा छुट्टै किताब बन्दछ ।

एकातिर मुलुकको अवस्था दिन-प्रतिदिन बिग्रँदै गएको थियो भने अर्कातिर महाराजाधिराजमा 'केही न केही गर्ने' महत्त्वाकाङ्क्षा बढ्दै गएको मैले नजिकबाट महसुस गरिरहेको थिएँ । राजा भएको सुरुका दिनमा अवश्य पनि सरकारमा आत्मविश्वासको कमी थियो । हुन त सरकार मुलुकबारे पहिलेदेखि नै पर्याप्त जानकार होइबक्सन्थ्यो । तर महाराजाधिराजका रूपमा धेरै कुरा बुझ्नु पनि थियो । बिस्तारै सरकारलाई मुलुकको धेरै विषयमा ज्ञान प्राप्त भयो । राज्य कसरी चलिरहेको छ र पार्टीहरूको वास्तविक अवस्था के छ भनेर नाडी छाम्ने अवसर पाइबक्स्यो । नयाँ राजामा आत्मविश्वास बढ्दै गयो । राज्यारोहणको केही महिनापछि विभिन्न सञ्चार माध्यममा सरकारका अन्तर्वार्ताहरू पनि आउन थाले । सरकारबाट बारम्बार हुकुम हुन थाल्यो, 'म दाइ जस्तो नेपालको अवस्थालाई टुलुटुलु हेरेर बस्न सक्दिनँ । म कन्स्ट्रक्टिभ किङको भूमिका निर्वाह गर्छु ।' यस्ता भनाइबाट पनि मौसुफको मनस्थिति र भित्री इच्छा प्रकट हुँदै आएको हो ।

देशको अवस्था ज्यादै बिग्रेर जाँदा पनि राजा वीरेन्द्रबाट कुनै प्रभावकारी भूमिका निर्वाह गरिबक्सेन भनेर दरबारमा एउटा ग्रुपले सधैं भन्दै आएको थियो । त्यसको प्रभाव राजा ज्ञानेन्द्रमा पहिलेदेखि नै थियो । मौसुफबाट राज्यारोहण गरिबक्सेको केही समयपछि देखि नै उक्त समूहले 'अब पनि राजाले किन केही नगर्ने ?' भनेर दबाव दिइरहेको थियो । यस्ता दबाव र तत्कालीन परिस्थितिको पृष्ठभूमिमा 'मैले मुलुकमा प्रभावकारी र बलियो नेतृत्व दिनुपर्छ' भन्ने हिसाबले सरकारमा सोच विकास हुँदै गएको म सहजै बुझिरहेको थिएँ । तर सरकारलाई मेरो सुझाव थियो, 'सरकार, अवश्य पनि मुलुकको अवस्था दिन-प्रतिदिन बिग्रँदै गइरहेको छ । अनि राजसंस्थाको स्थिति पनि राम्रो हुन सकिरहेको छैन । यस्तो बेलासरकारबाट आफ्ना हरेक काम, कर्तव्य र अधिकार संवैधानिक सीमामा बसेर प्रयोग गरिबक्सनुपर्छ ।' तर म सरकारको सैनिक सचिव मात्र थिएँ । त्यसो भएकाले मेरा सुझाव सरकारबाट मान्नुपर्ने बाध्यता थिएन । मैले भने राजाले हुकुम बक्से बमोजिमका सबै कामहरू सरासर र इमानदारीपूर्वक गर्नैपर्ने हुन्थ्यो ।

मैले जे सुझाव दिए पनि सरकारमा संविधानले दिएभन्दा पनि ज्यादा अधिकार प्रयोग गर्ने चाहना र इच्छाशक्ति विकास हुँदै गएको थियो । तर यसै गर्ने भन्ने कुनै योजना बनेको थिएन । राजदरबारमा महाराजाधिराजको एकदमै नजिकको भनेका हामी केही सचिव मात्र थियौं । हामी बाहेक राजाको कुनै गोप्य सल्लाहकार टिम भएको मलाई थाहा छैन । तर शरदचन्द्र शाह, प्रभाकरशमशेर जबरा, प्रभुशमशेर जबरा, वीरेन्द्रबहादुर

शाह (लव राजा), सच्चितशमशेर जबरा, भरतकेशर सिंह लगायतका केही व्यक्ति पुराना भारदारका हिसाबले सरकारको नियमित सम्पर्कमा थिए । त्यो नै राजाको सबैभन्दा 'भाइटल र नजिकको टिम' थियो कि भन्ने पनि लाग्छ । यसै क्रममा सरकारबाट असोज १८ को केही महिनाअगाडि नै केही निश्चित कामका लागि मलाई गोप्य टिम बनाउन हुकुम बक्सेको थियो । त्यसै अनुसार मैले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक सम्हालें । असोज १८ गतेका दिन सरकारबाट कुनै पनि किसिमको कदम चाल्नु उपयुक्त हुन्छ भन्ने ज्योतिषीहरूको राय आएको थियो । ज्योतिषीहरूले ग्रह, नक्षत्र सबै हेरेर राति १० बजेपछि शाही घोषणा गर्नु उपयुक्त हुन्छ भन्ने सुझाव दिएका थिए । अझ मसिनो गरी हेर्दा १० बजेर ४५ मिनेटको साइत निस्कियो । त्यसपछि त्यसै दिन दिउँसो साढे ११ बजे सरकारबाट सबै सुरक्षा निकायका प्रमुखलाई दर्शनभेट बक्स्यो । मौसुफबाट उहाँहरूलाई विभिन्न विषयमा निर्देशन बक्सेको थियो । अन्य तयारी पूरा भएपछि हामी चार सचिव प्रमुख सचिव पशुपतिभक्त महर्जन, प्रमुख निजी सचिव सुदनप्रसाद पोखरेल, संवाद सचिव मोहनबहादुर पाण्डे र मैले शाही घोषणाको मस्यौदा तयार पार्‍यौं र सरकारमा सामूहिक जाहेरीका लागि गयौं । मस्यौदामा रहेका प्रत्येक शब्दको लेखाजोखा भयो र परिमार्जन पनि । त्यस बेला प्रधानमन्त्री देउवालाई के आरोप लगाउने भन्नेबारे शब्द खोज्न निकै कसरत गर्नुपर्‍यो । मुख्यतः उहाँले आफैंले चुनावको मिति घोषणा गरेर आफैंले चुनाव गराउन सक्दिनँ भनी चुनावको मिति एक वर्ष पछि सार्नुभएको थियो । आरोप त्यसै विषयमा लगाउने निधो भयो । त्यसका लागि शब्द खोज्ने सिलसिलामा सचिवहरूले धेरै शब्द निकाल्नुभयो । तर कसैले निकालेको शब्द स्वीकार्य हुन सकेन । अन्त्यमा मैले नै 'चुनाव गराउन असक्षम' शब्दावली प्रयोग गर्दा ठीक हुन्छ कि भनें । कसैले यो शब्दको विरोध गर्नुभयो भने कसैले समर्थन । तर सरकारबाट 'यही शब्द राख्दा ठीक हुन्छ' हुकुम भयो । यसरी 'असक्षम' शब्द राखी शाही घोषणा तयार भयो । राति १०:४५ को साइतमा सरकारबाट शाही घोषणा मार्फत प्रधानमन्त्री देउवालाई पदमुक्त गरी मन्त्रिपरिषद् समेत विघटन गरिबक्स्यो । अर्को व्यवस्था नभएसम्मका लागि कार्यकारी अधिकार मौसुफ स्वयंले ग्रहण गरिबक्स्यो । साथै कात्तिक २७ गतेको चुनाव स्थगित गरिबक्स्यो । शाही घोषणामा मौसुफबाट पाँच दिनभित्र नयाँ मन्त्रिपरिषद् गठन गर्न, सरकारको नेतृत्वका लागि आमनिर्वाचनमा उम्मेदवार नहुने तथा 'स्वच्छ छवि' भएका व्यक्तिको नाम सिफारिस गर्न सम्पूर्ण राजनीतिक दलसँग आग्रह गरिबक्सेको थियो ।

प्रतिनिधिसभा विघटनपछि पुनःस्थापनाको माग गर्दै सर्वोच्च अदालतमा मुद्दा पर्‍यो । तर सर्वोच्चले प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गर्न गरेको निर्णय सही छ भनेर फैसला दियो । त्यसपछि चाहिं चुनाव हुने पक्का जस्तै भयो । यसै बेलादेखि प्रतिनिधिसभा कुनै पनि हालतमा पुनःस्थापित हुनुपर्छ भनेर काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले सर्वोच्चको फैसलाभन्दा फरक दृष्टिकोण राख्दै आउनुभएको हो । देशमा माओवादी समस्या सुरक्षा नियन्त्रणभन्दा बाहिर गइरहेको थियो । यो स्थितिमा चुनाव हुन सक्दैन भनेर विभिन्न राजनीतिक पार्टीका नेताहरूले भनिरहेका थिए । निर्वाचन आयोगले

पटक-पटक सर्वदलीय बैठक गरिरहेको थियो । शाही घोषणापछि देशका विभिन्न स्थानमा यसको समर्थन गर्दै र कहीं विरोधमा पनि ऱ्याली निस्के । तर असोज १८ को विरोधमा हामीले अनुमान गरेजति राजनीतिक प्रतिक्रिया आएन । राजनीतिक पार्टीहरू आ-आफ्नो रणनीति बनाउन व्यस्त भए । तर उनीहरू आ-आफैंमा हराए । एक किसिमको डर, त्रास पनि थियो दलहरूमा । सुरक्षा प्रमुखहरूले आआफ्नो मातहतका सबै निकाय मार्फत देशभरको सुरक्षास्थितिको प्रत्यक्ष निगरानी गरिरहेका थिए । कहींकतै पनि सुरक्षामा तत्कालै कुनै पनि किसिमको खतरा आउने जस्तो देखिएको छैन भन्ने उनीहरूको रिपोर्ट थियो । असोज १८ को भोलि पल्ट शनिबार भए पनि सबै सुरक्षा निकायका वरिष्ठ सुरक्षा अधिकृतले अरू दिनकै जस्तो आफ्नो ड्युटी सम्हाले । देशको सुरक्षा व्यवस्थाको विश्लेषण गर्न दिउँसो ३ बजे शाही जङ्गी अड्डामा सुरक्षा निकायका प्रमुखहरूको बैठक बस्यो । मैले सुरक्षा प्रबन्ध राम्रोसँग गर्ने भनेर निर्देशन दिएको थिएँ । विशेष गरी काठमाडौं उपत्यकाको । त्यही अनुसार बैठकले विस्तृत योजना बनाएर सुरक्षा प्रबन्ध गर्ने निर्णय गऱ्यो ।

सरकारबाट तोकिबक्सेको अवधिमा कुनै पनि राजनीतिक दलले प्रधानमन्त्रीको नाम सिफारिस गर्न सकेनन् वा चाहेनन् । यसबीच सरकारबाट समेत विभिन्न राजनीतिक दलका नेताहरूलाई भेटिबक्स्यो र सुझाव लिइबक्स्यो । तर नेताहरू प्रधानमन्त्रीको नाममा सहमत हुन सकेनन् । सबैजसो नेता आफू भए ठीक, अर्को भए बेठीक भनिरहेका थिए । यस्तो अवस्था धेरै दिनसम्म राख्नु हुँदैन भन्ने हामी दरबारका सचिवहरूको धारणा थियो । हामीले विघटित प्रतिनिधिसभाका बहालवाला सभामुख तारानाथ रानाभाटलाई प्रधानमन्त्री बनाउँदा संविधानसम्मत हुन्छ भनेर जाहेर गऱ्यौं । बहालवाला रानाभाटले राजदरबार हत्याकाण्डको छानबिनका क्रममा पनि निष्पक्ष भूमिका निर्वाह गर्नुभएको हो र उहाँको छवि पनि राम्रो छ भन्ने हाम्रो विश्लेषण थियो । तर सरकार यसमा सहमत होइबक्सेन । यसै क्रममा युवराजाधिराजबाट पनि सभामुख रानाभाटको नामप्रति असहमति जनाउँदै भूतपूर्व प्रधानमन्त्री कीर्तिनिधि विष्टको नाम प्रस्ताव गरिबक्स्यो । यसमा हामी सबै सचिवहरूको पूर्णतः असहमति रह्यो । मुख्य राजनीतिक दलका नेताहरू आफू प्रधानमन्त्री हुन नपाउने भए लोकेन्द्रबहादुर चन्द ठीक हुन्छ भन्ने मानसिकतामा थिए । अन्ततः सरकारबाट राप्रपा नेता तथा भूतपूर्व प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दकै अध्यक्षतामा मन्त्रिपरिषद् गठन गरिबक्स्यो ।

प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई दिइएका दुई मुख्य जिम्मेवारीमध्ये एउटा माओवादीसँग वार्ता गर्नु थियो भने अर्को ठूला राजनीतिक दललाई सरकारमा सामेल गराउनु थियो । प्रधानमन्त्री चन्दले यसका निम्ति काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला र एमाले महासचिव माधवकुमार नेपालसँग कुरा पनि गर्नुभएको हो । तर दुवैले आफ्नो दललाई चन्द सरकारमा सामेल गराउने रुचि देखाएनन् । २०५४ सालमा आफूसँग सत्ता साझेदारी गरेको एमालेलाई सरकारमा सामेल गराउन प्रधानमन्त्रीले निकै ठूलो कसरत गर्नुभयो । तर उहाँका सबै प्रयास विफल भए । यसैबीच प्रहरी महानिरीक्षक

प्रदीपशमशेर जबराले समेत एमालेलाई सरकारमा सहभागी गराउन पहल गर्नुभएको रहेछ । सायद प्रधानमन्त्री चन्दले नै उहाँलाई त्यो जिम्मेवारी दिनुभएको थियो । उहाँले के प्रस्ताव लिएर आउनुभयो भने 'उपप्रधानमन्त्री सहित गृहमन्त्रीको जिम्मेवारी दिए एमाले सरकारमा सामेल हुन तयार छ ।' उहाँका अनुसार एमाले नेता केपी शर्मा ओली उक्त पद पाए सरकारमा सामेल हुन तयार हुनुहुन्थ्यो । आईजीपी राणाको घर रौतहटमा पनि भएकाले सम्भवतः महासचिव माधवकुमार नेपाललाई उहाँले यसबारे जानकारी गराउनुभएको थियो । उहाँले ल्याएको प्रस्ताव मैले जस्ताको तस्तै सरकारमा जाहेर गरेँ । सरकारबाट हुकुम भयो, 'गृहमन्त्रीमा धर्मबहादुर थापा नियुक्त भइसकेकाले उनलाई हटाउँदा राम्रो सन्देश जाँदैन । त्यस कारण एमालेलाई उपप्रधानमन्त्री सहित अरू कुनै महत्त्वपूर्ण मन्त्रालय दिने गरी कुरा अगाडि बढाए हुन्छ ।' यसपछि एमालेले सरकारमा सामेल नहुने निर्णय गर्‍यो । यस प्रसङ्गमा दरबारको भूमिका अपरिपक्व थियो भन्ने मेरो विश्लेषण छ । दरबारले एउटा अवसर गुमाएको थियो ।

कुनै पनि राजनीतिक दल सरकारमा सहभागी नहुने अवस्था बन्दै गएपछि सामाजिक जीवनमा इज्जत र प्रतिष्ठा भएका स्वतन्त्र राजनीतिक व्यक्तिहरूलाई सरकारमा सामेल गराउने कुरा भयो । त्यसै अनुसार मैले पनि धेरै व्यक्तिसँग कुरा गरेँ । काठमाडौँ महानगरपालिकाका पूर्वमेयर केशव स्थापितसँग पनि कुरा भयो । उहाँले 'मन्त्री नहुने बरु काठमाडौँ महानगरपालिकाको मेयर हुने' इच्छा व्यक्त गर्नुभयो । माओवादी समस्या समाधान सम्बन्धी उहाँको प्रस्ताव पनि रोचक लाग्यो । उहाँको योजना माओवादीमा लागेका युवाहरूलाई आममाफी सहित ऋण दिएर विदेशको रोजगारीमा पठाउने रहेछ । यसबीच केही राजनीतिक नेताहरू मन्त्री बन्न पाऊँ भनी दिनहुँजसो फोन गरिरहेका थिए । सरकारमा बिन्तीपत्र चढाइरहेका थिए । एमालेमा कमल चौलागाईं लगायत केही नेतासँग पनि मेरो कुरा भइरहेको थियो । प्रभावशाली मानिने कोही त उपप्रधानमन्त्री या राम्रो मन्त्रालय पाउने हो भने पार्टी छोडेर स्वतन्त्र हैसियतमै भए पनि सरकारमा सहभागी हुन्छु भन्दथे । 'मलाई प्रधानमन्त्री बनाउनुपर्‍यो' भन्ने एमाले नेताहरू पनि थिए ।

यसबीच मुलुकको द्वन्द्व एकदमै बढिरहेको थियो । विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरू हामी नेपालको द्वन्द्व समाधानमा भूमिका निर्वाह गर्छौं भनेर आइरहेका थिए । यसै क्रममा वामपन्थी नेता पद्मरत्न तुलाधरले मलाई भेट्न खोज्नुभएको छ भनेर मेरा साथी डा. दुमन थापाले भन्नुभयो । मैले महाराजाधिराजको अनुमति लिएर २०५९ मङ्सिर १९ गते बिहान उहाँलाई होटल साङ्ग्रिलामा भेटेँ । त्यहाँ तुलाधर, कार्यवाहक डेनिस राजदूत, डेनिस राजदूतावासमा कार्यरत नेपाली स्टाफ शरद भट्टराई, डा. दुमन र म थियौँ । भेटमा तुलाधरको प्रस्ताव थियो, 'जेनेभामा बेस भएको सेन्टर फर ह्युमनिटेरियन डाइलग (एचडीसी) भन्ने संस्थाले नेपालको द्वन्द्व व्यवस्थापनका लागि प्रस्ताव गरेको छ । उसले यसबारे माओवादीसँग पनि कुरा गरेको छ । त्यो संस्थाले संसारका विभिन्न देशमा द्वन्द्व व्यवस्थापनमा काम गर्छ । मैले प्रधानमन्त्रीसँग कुरा गरेको छु । तपाईंले महाराजाधिराजमा यो कुरा जाहेर गरिदिनुपर्‍यो ।'

मैले भनें, 'सरकारमा म तपाईंका कुरा सरकारमा जाहेर गर्छु । तर सरकारबाट के हुकुम हुन्छ, त्यो म अहिले भन्न सक्दिनँ । बरु यो कुरा अगाडि बढ्ने भयो भने तपाईं आफैं सरकारको दर्शनभेट गर्नुहोस् र सरकारमा जाहेर गर्नुहोस् ।' उहाँले मेरो कुरामा सहमति जनाउनुभयो ।

पद्मरत्नको प्रस्ताव के थियो भने सरकार र माओवादीबीचको वार्ता प्रक्रियामा जेजति खर्च लाग्छ, त्यसको प्रबन्ध डेनिस राजदूतावासले गर्नेछ । एकदमै गोप्य रूपमा एउटा जहाज नेपाल ल्याइनेछ र त्यसमा चढाएर सरकारी टोली, माओवादी टोली तथा पर्यवेक्षकका रूपमा मानव अधिकारवादीहरूलाई स्विटजरल्यान्ड लगिनेछ । त्यहाँ पहिले विभिन्न चरणमा अनौपचारिक रूपमा वार्ता गरिनेछ । वार्ता निश्चित सहमतिमा पुग्यो भने मात्र त्यसलाई औपचारिकता दिइनेछ । वार्ता सकारात्मक ढङ्गले अगाडि बढेन भने त्यसलाई त्यहीं स्थगित गरिनेछ र माओवादीका नेतालाई पहिले जुन स्थानबाट ल्याइएको हो, त्यहीं लगेर छाडिनेछ ।

उहाँको सम्पूर्ण प्रस्ताव मैले सरकारमा जाहेर गरें । सरकारबाट 'मलाई यही विषयमा प्रधानमन्त्रीले पनि भनेका थिए, प्रधानमन्त्रीसँग कुरा भइरहेकाले यस विषयमा तिमी चुप बस' हुकुम भयो । सरकारबाट यस्तो हुकुम भएपछि मैले केही गरिरहनुपरेन । प्रधानमन्त्रीले यो प्रस्ताव अगाडि बढाएर स्विटजरल्यान्ड पठाउन मान्छे छान्ने समेत तयारी गरिरहनुभएको रहेछ । माओवादीसँग समेत यो विषयमा उहाँको एक चरण कुरा भइसकेको रहेछ । माओवादीसँग वार्ता गर्नु उहाँलाई दिइएको एउटा मुख्य जिम्मेवारी छँदै थियो । यसका लागि प्रधानमन्त्रीमा बहाली हुनासाथ उहाँले विभिन्न व्यक्तिका माध्यमबाट प्रत्यक्ष या अप्रत्यक्ष पहल सुरु गर्नुभएको थियो । प्रधानमन्त्री भएपछि नै उहाँले कात्तिक १५ गते माओवादी नेता हरिबोल गजुरेलसँग भेट्नुभएछ । यसको सम्पर्क-स्रोत व्यक्ति गोरखाका माधवप्रसाद मरहठ्ठा हुनुहुँदो रहेछ । यसैबीच कात्तिक २४ गते पनि प्रधानमन्त्री र माओवादी नेताहरूबीच भेट भएको बुझियो । भेटमा माओवादीका तर्फबाट विभिन्न प्रस्ताव आएछन् । खास गरी माओवादीलाई 'आतङ्ककारी' शब्दको प्रयोग नगर्ने, पूर्वसरकारले गरेको यस सम्बन्धी निर्णय फिर्ता लिने, वार्ताका लागि सरकार र माओवादी दुवैतिरबाट सार्वजनिक आह्वान गर्ने, सम्पूर्ण माओवादी बन्दीको स्थिति र नाम सार्वजनिक गर्नुपर्ने, बेपत्ता पारिएका माओवादी कार्यकर्ताको स्थिति सार्वजनिक गर्नुपर्ने तथा सरकार र माओवादी दुवैतिरबाट हतियार बिसाउने अर्थात् युद्धविराम गर्ने उनीहरूको प्रस्ताव रहेछ । प्रधानमन्त्रीले यो कुरा सरकारलाई जाहेर गर्नुभएको रहेछ । मलाई पनि यसबारे जानकारी आएको हुनाले मैले पनि सरकारमा जाहेर गरें । सरकारबाट 'यो विषयमा प्रधान सेनापतिको धारणा के रहेछ, बुझ' हुकुम भयो ।

मैले प्रधान सेनापति प्यारजङ्ग थापासँग कुरा गरें । उहाँले भन्नुभयो, 'वार्ताका लागि आह्वान गरे राम्रो हुन्छ । तर वार्ताअघि नै माओवादीले सम्पूर्ण आतङ्ककारी क्रियाकलाप बन्द गर्नुपर्छ । राजसंस्थाका विरूद्ध कुनै पनि किसिमको अभिव्यक्ति र प्रहार गर्न रोक्नुपर्दछ । श्री ५ को सरकारले सदाशयका साथ स्वीकार गर्ने कुनै पनि

प्रस्तावमा माओवादीको रणनीतिक चाल लुकेको हुन सक्छ, यसमा ख्याल पुऱ्याउनुपर्छ । बन्दीको स्थिति सार्वजनिक गर्दा दुवैतिरबाट हुनुपर्छ । अनि सुरक्षा फौजले शान्ति-सुरक्षा कायम गर्न आफ्नो नियमित कारबाही जारी राख्न पाउनुपर्छ । तर त्यो माओवादीका विरूद्धमा लक्षित हुनेछैन । सुरक्षा निकायका लागि आवश्यक सैन्य सामग्री ल्याउन-लैजान या व्यवस्था गर्न रोकिनु हुँदैन । माओवादीले चन्दा सङ्कलन, हतियार ओसारपसार, जनसभा र जनकारबाहीका नाममा हुने कुनै पनि कार्य बन्द गर्नुपर्छ । यदि माओवादीले त्यस्ता कार्य गरेमा आपराधिक कानुन अन्तर्गत कारबाही गर्न सरकार तयारी अवस्थामा रहनुपर्छ । यसो भए मात्र माओवादीको चाल के हो, बुझ्न सकिन्छ र माओवादीसँग वार्ता गर्न पनि सकिन्छ ।'

## शान्ति स्थापनाको प्रयास

२०५९ मङ्सिर ३ गते विस्तारित मन्त्रिपरिषद्मा विभिन्न साना दलका नेता र स्वतन्त्र व्यक्तिहरू सहभागी भए । नारायणसिंह पुन, देवीप्रसाद ओझा, डा. उपेन्द्र देवकोटा, दीपक ज्ञवाली, कमल चौलागाईं, गोरेबहादुर खपाङ्गी लगायतका व्यक्तिहरू मन्त्री बन्नुभयो । मन्त्री पुन अध्यक्ष रहेको नेपाल समता पार्टीका उपाध्यक्ष हुनुहुन्थ्यो– वीरेन्द्र झापाली । उहाँको डीआर लामिछाने भन्ने एक जना साथी हुनुहुँदो रहेछ । उहाँहरूको केही माओवादी नेतासँग सम्पर्क रहेछ । उहाँहरूकै माध्यमबाट तिनीहरूसँग मन्त्री पुनको सामान्य छलफल भएछ । केही चरणको छलफलपछि एक दिन मन्त्री पुनले मलाई फोन गर्नुभयो, 'जर्साब, केही जरूरी कुरा गर्नु छ । चाँडै भेट्न पाए हुन्थ्यो ।'

म कार्यालयबाट घर फर्कन लागेको थिएँ । 'म घर जाँदै छु, तपाईं एकै छिनपछि घरमा आउन सक्नुहुन्छ' भनें । मेरो घरमा आएर उहाँले सरकार-माओवादी वार्ताको प्रस्ताव गर्नुभयो । मैले भनें, 'प्रधानमन्त्री पनि यही कुरामा लागिरहनुभएको छ । अहिले म एक्लैले तपाईंलाई यसो गर्नुस् भन्न सक्दिनँ । एक पटक सरकारमा जाहेर गर्छु ।' मलाई उहाँको प्रस्ताव ठीकै लागेको थियो । सोचें, मन्त्री पुन सेनाको पृष्ठभूमिको भएकाले धेरै कुरा मिलाउन र गोप्यता कायम राख्न पनि सजिलो हुन्छ । माओवादीले पनि राजाबाट नियुक्त मन्त्री भएकाले उहाँसँग कुरा मिल्ला भनेर वार्ताको प्रस्ताव राखेको हुनुपर्छ । उहाँको भनाइबाट मैले माओवादीहरू वार्ताका लागि र राजनीतिक मूलधारमा सुरक्षित अवतरणका लागि आतुर छन् भन्ने सङ्केत पाएको थिएँ । मन्त्री पुनका सबै कुरा मैले सरकारमा जाहेर गरें ।

सरकारबाट हुकुम भयो, 'प्रधानमन्त्रीले माओवादीसँग वार्ता प्रक्रिया सुरु गरेको कुरा मलाई भनेका छन् । तिमी र मन्त्री पुन भएर एक पटक प्रधानमन्त्रीसँगै छलफल गर ।'

सरकारमा मैले फेरि जाहेर गरें, 'म प्रधानमन्त्रीसँग यो विषयमा पहिले आफैं कुरा गर्छु । यदि उहाँले यो कुरा मन पराउनुभयो भने मन्त्री पुनलाई त्यहीं बोलाएर प्रधानमन्त्रीसँग छलफल गर्न सकिन्छ ।'

सरकारबाट 'हुन्छ' हुकुम भयो ।

प्रधानमन्त्री चन्दले स्वकीय सचिवमा मेरा माइला बुबाका छोरा गृह मन्त्रालयमा कार्यरत उपसचिव सुधीर शाहलाई नियुक्त गर्नुभएको थियो । सुधीर मार्फत प्रधानमन्त्रीको समय मिलाएर म त्यही साँझ प्रधानमन्त्री निवास, बालुवाटार गएँ । प्रधानमन्त्री र मेरा बीच माओवादीसँग कसरी वार्ता गर्ने भन्ने विषयमा गम्भीर कुरा भयो । उहाँलाई मैले मन्त्री पुनको प्रस्ताव सुनाएँ । त्यसमा उहाँले उत्सुकता देखाएपछि मन्त्री पुनलाई बोलाएर कुरा गर्‍यौं । प्रधानमन्त्रीले पनि मन्त्री पुनको प्रस्तावलाई सकारात्मक रूपमा लिनुभयो । त्यतिन्जेल जेनेभामा वार्ता गराउन सेन्टर फर ह्युमनिटेरियन डाइलगले केही प्रक्रिया अगाडि बढाइरहेको रहेछ । तर त्यसका लागि विदेशबाट जहाज ल्याउनुपर्ने, माओवादी नेतालाई राहदानी दिलाउनुपर्ने, उनीहरूलाई जहाजसम्म पुर्‍याइदिनुपर्ने आदि कारणले त्यो काम प्रस्ताव अनुसार गोप्य रूपमा गर्न गाह्रो थियो । त्यस कारण पनि प्रधानमन्त्रीलाई मन्त्री पुनको प्रस्ताव अगाडि बढाउन नै उपयुक्त लाग्यो । 'बरु यो विषय महाराजाधिराजलाई जाहेर गरौं,' उहाँले भन्नुभयो ।

यसपछि प्रधानमन्त्रीले माओवादीसँग सम्पर्क अगाडि बढाउन मन्त्री पुनलाई निर्देशन दिनुभयो । मन्त्री पुन सोही अनुसार अघि बढ्नुभयो । यस क्रममा माओवादीले 'वार्ताका लागि दरबारबाट पुनलाई स्वीकृति दिइएको छ' भन्ने ब्यहोराको पत्र खोजे । त्यस्तो लिखित पत्र हामी सचिवहरूले दिन सक्ने कुरा थिएन । 'माओवादीसँग वार्ता गर्न मन्त्री पुनलाई महाराजाधिराजको स्वीकृति छ भनेर कसरी पत्र लेख्ने ? महाराजाधिराजले पनि पत्र दिइबक्सने कुरा भएन । बडो धर्मसङ्कटमा परियो । धेरै सोचविचारपछि मैले कसैलाई पनि सम्बोधन नगरी 'जो जससँग सम्बन्धित छ' (टु हुम इट मे कन्सर्न) भनेर पत्र लेखे हुन्छ भने म लेखिदिन्छु भनेर मन्त्री पुनलाई भनें । मन्त्री पुनले 'हुन्छ, कोसिस गरौं न त' भनेपछि मैले व्यक्तिगत तवरले साधारण कागजमा पत्र तयार पारें । पत्रमा लेखिएको थियो, 'माननीय आवास तथा भौतिक योजना मन्त्री नारायणसिंह पुनलाई शान्ति प्रक्रियाका लागि माओवादी पार्टीसँग वार्ताका लागि अनुरोध गरिएको छ ।' पत्रको ब्यहोरा यति मात्र थियो । त्यसमा मैले महाराजाधिराजका सैनिक सचिव' भनेर हस्ताक्षर गरें । यसमा पनि हामीबीच के सहमति भयो भने पत्र माओवादीलाई देखाउने मात्र हो, उनीहरूलाई कुनै प्रयोजनका निम्ति दिने होइन । यस प्रकार, उनीहरूलाई देखाएपछि फिर्ता ल्याउने गरी त्यो पत्र मैले मन्त्री पुनलाई दिएँ । त्यस बेला महाराजाधिराज पूजाका लागि दक्षिणकाली सवारी भएकाले यो विषय सरकारमा जाहेर हुन पाएन । महाराजाधिराजलाई जाहेर नगरी यसरी पत्र लेख्नु एकदमै जोखिमको कुरा थियो । शान्ति स्थापनाका लागि बिनासङ्कोच मैले त्यो जोखिम मोलेको थिएँ ।

यो कुरा माओवादीले माने । मन्त्री पुनले माओवादीलाई देखाएर त्यो पत्र फिर्ता ल्याई मलाई नै दिनुभयो । त्यसै दिन मन्त्री पुनको सरकारसँग दर्शनभेटको कार्यक्रम थियो । उहाँ आफैंले यसबारे जाहेर गर्छु भन्नुभएको थियो । जाहेर गर्नुभयो होला । त्यसपछि यसबारे कुनै प्रसङ्ग उठेन । तर अलिक दिनपछि माओवादीले फेरि अर्को

पत्र माग गर्दै भने, 'श्री ५ को सरकारले माओवादीसँग वार्ताका लागि मन्त्री पुनलाई तोकेको हो भन्ने निर्णय चाहियो ।' त्यसपछि मन्त्री पुन र म गएर प्रधानमन्त्रीसँग कुरा गऱ्यौं । 'माओवादी पार्टीसँग वार्ता प्रक्रिया अगाडि बढाउन मन्त्री नारायणसिंह पुनको संयोजकत्वमा काम गर्ने' भनेर प्रधानमन्त्रीले आफैं हस्ताक्षर गरेर पत्र दिनुभयो । यो कुरा अति नै गोप्य राखियो । यसरी वार्ता प्रक्रियाले औपचारिकता पायो ।

यसै परिप्रेक्ष्यमा मङ्सिरको तेस्रो साता एउटा महत्त्वपूर्ण घटना घट्यो । भारतीय गुप्तचर संस्था रअका सेकेन्डम्यान जेके सिन्हा काठमाडौं आउनुभयो । अचानक भएको उहाँको भ्रमणलाई 'नितान्त निजी' भनिएको थियो । तर सिन्हाले काठमाडौंमा विभिन्न दलका नेता र केही सुरक्षा निकायका प्रमुखसँग पनि भेट्नुभयो । त्यस क्रममा उहाँले 'अहिलेको नेपालको अवस्था कहिलेसम्म जान्छ । पार्टीहरू मिलेर राजाका विरूद्ध जान सक्ने अवस्था छ कि छैन, पार्टीहरू एक भए भने त्यसको नेतृत्व कसले लिन सक्छ, एमाले नेता केपी शर्मा ओली एमालेमा रहनुहुन्छ कि पार्टी परित्याग गर्नुहुन्छ ?' जस्ता जिज्ञासा राखेको खबर आइरहेको थियो । सिन्हाको माओवादीप्रति तीव्र चासो थियो । उहाँले 'माओवादी वार्तामा आउँछन् कि आउँदैनन्, आए भने अहिलेको अवस्थामा पार्टीहरूले कसरी हेर्छन्, राजनीतिक पार्टीहरू राजासँग नमिलेर माओवादीसँग मिले के होला, दलहरू माओवादीसँग मिल्छन् कि मिल्दैनन्, माओवादीसँग दरबारको सम्बन्ध छ कि छैन, वार्ताको एजेन्डा केके हुन सक्छ, पार्टी र दरबारको दूरी घट्ने या बढ्ने स्थिति के छ ?' आदि प्रश्न गरेको बुझियो ।

सिन्हाले जसलाई भेट्नुहुन्छ त्यसलाई अर्को व्यक्तिबारे 'उहाँ कस्तो हुनुहुन्छ ?' भनेर सोध्ने गर्नुभएको रहेछ । राष्ट्रिय अनुसन्धान विभागका प्रमुखसँगको भेटमा उहाँले प्रधान सेनापति, सशस्त्र प्रहरी महानिरीक्षक र प्रहरी महानिरीक्षक कस्तो हुनुहुन्छ भनेर सोधेको मलाई जानकारी हुन आयो । उहाँले राष्ट्रिय सभामा मनोनीत सांसद रमेशनाथ पाण्डेसँग पनि भेटेर लामो कुरा गर्नुभएछ । पाण्डेको राजासँग प्रत्यक्ष सम्बन्ध छ भन्ने ठानेर त्यो भेट भएको हुन सक्छ । त्यस बेला लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री भएको दुई महिना पनि बितिसकेको थिएन । तर सिन्हाले दरबारका लागि सूर्यबहादुर थापा र रवीन्द्रनाथ शर्मामध्ये एकलाई प्रधानमन्त्री बनाउनु उपयुक्त हुन्छ भनेर समेत टिप्पणी गर्नुभएछ । त्यस्तै, विभिन्न दलका नेतालाई भेटेर 'माओवादीसँग मिल, राजाले दलहरूका विरूद्ध षड्यन्त्र गरिरहेका छन्, त्यसैले राजाका विरूद्ध मिलेर आन्दोलन गर, भारतले मदत गर्छ' भन्ने खालको कुरा गरेको पनि सुनियो । सिन्हाले राष्ट्रिय अनुसन्धान विभागलाई विभिन्न सहयोग गर्ने भनेर आश्वासन समेत दिनुभएछ । विभागका प्रमुखसँग 'आगामी जनवरीमा टेलिफोन ट्यापिङ प्रणाली स्थापना गरिदिन्छौं, अहिले पनि भारतमा रहेको भनिएका माओवादीको नम्बर छ भने हामीलाई दिनुस्, हामी माओवादीका गतिविधि पत्ता लगाउँछौं' भन्नुभएछ । समग्रमा हेर्दा सिन्हाको भ्रमणको भित्री उद्देश्य 'माओवादी विषयमा हामी नेपालका सुरक्षा निकायलाई मदत गर्छौं, अहिले वार्तामा अलमलिनतिर नलाग्नुस्' भनेर श्री ५ को सरकारलाई आश्वस्त पार्न कोसिस गर्नु रहेको देखियो । साथै नेपालमा जति

पनि राजनीतिक शक्ति छन्, तीसँग भेटघाट गरी एउटाका कुरा अर्कालाई लगाएर सबैलाई कमजोर पार्ने कसरत गरेको देखियो । यसै गरी जेके सिन्हा सरकार र माओवादीबीच वार्ता नहोस् र कुनै हिसाबले वार्ता भइहाले पनि त्यसमा मध्यस्थकर्ताका रूपमा भारत बाहेक कुनै पनि मुलुक नआओस् भन्ने भारतीय चाहना नेपालमा कार्यान्वयन गराउन नेपाल भ्रमणमा आएको अनुमान गर्न पनि कठिन थिएन । त्यस बेला स्विटजरल्यान्डको सेन्टर फर ह्युमनिटेरियन डाइलगको माओवादीसँग वार्ता गराउने प्रस्ताव प्रधानमन्त्री चन्द समक्ष पुगेर त्यसको केही चर्चा समेत हुन थालिसकेको थियो । यसबारे भारतको चासो रहेको स्पष्ट देखिन्थ्यो । मन्त्री पुनले गरिरहेको प्रयास भने यस बेलासम्म गोप्य नै रहेको थियो ।

वार्ताका सन्दर्भमा सरकारबाट मन्त्री पुनलाई धेरै पटक दर्शनभेट बक्सेको थियो । सुरूमा त मैले नै दर्शनभेट मिलाइदिने गरेको थिएँ । तर उहाँको पटक-पटक सरकारसँग काम परिरहन्थ्यो । सधैँ मैले दर्शनभेटको समय मिलाउँदा अप्ठ्यारो पर्ने भएकाले पछि प्रमुख सचिव पशुपतिभक्त महर्जन मार्फत उहाँले दर्शनभेट पाउन थाल्नुभयो । तर प्रमुख सचिवलाई वार्ता प्रयासका विषयमा केही जानकारी थिएन । यो कुरा महाराजाधिराज, प्रधानमन्त्री चन्द, मन्त्री पुन, म र माओवादी नेताका बीचमा सीमित थियो । यसै क्रममा एक दिन मन्त्री पुनको सरकारसँग छलफल चलिरहेका बेला वार्ता सम्बन्धी कुनै प्रसङ्गमा कानुनी जटिलताको कुरा उठेछ । अनि प्रमुख सचिव महर्जनलाई बोलाएर (उहाँ कानुनमा स्नातक हुनुहुन्छ) त्यसबारे जिज्ञासा राखिबक्सेछ । त्यस सिलसिलामा उहाँ १० मिनेटजति भित्र बस्नुभयो । यही बेला प्रमुख सचिवले माओवादीसँग मन्त्री पुनको माध्यमबाट वार्ता प्रक्रिया अगाडि बढिरहेको थाहा पाउनुभएछ । त्यसको भोलि छाडी पर्सि पल्ट माओवादीले मन्त्री पुनलाई "मन्त्री रमेशनाथ पाण्डेले हामीलाई पत्र लेखेर 'मन्त्री पुनबाट माओवादीसँग वार्ताको काम सम्भव छैन, त्यो प्रक्रियालाई बन्द गरेर मेरो तर्फबाट वार्ता प्रक्रिया अघि बढाउनुहोस्, म सरकारसँग सोझै कुरा गर्न पनि सक्छु' भन्नुभएको छ , यो के हो ?" भनेर सोधेछन् । त्यो जानकारी दिंदै मन्त्री पुनले 'हामी त छक्क पऱ्यौं, मन्त्री पाण्डे हामीले गरिरहेको काममा भाँजो हाल्ने षड्यन्त्रमा लाग्नुभएको छ, माओवादीबाट यस्तो कुरा आएपछि अब के गर्ने ?' भनेर मलाई सोध्नुभयो । म पनि अकमक्क परेँ । प्रमुख सचिवको मन्त्री पाण्डेसँग राम्रो हिमचिम छ भन्ने हामी राजदरबारका सचिवहरूलाई जानकारी थियो । उहाँ मन्त्री पाण्डेकै सुझाव लिएर काम गर्नुहुन्छ भन्ने पनि हामीलाई थाहा थियो । तर महाराजाधिराज स्वयं संलग्न होइबक्सेको यस्तो गोप्य प्रसङ्ग समेत उहाँले मन्त्री पाण्डेलाई 'लिक' गर्नुहोला जस्तो मलाई लागेको थिएन । त्यस्तो जिम्मेवार पदमा रहेका व्यक्तिले यसो गरेको मलाई पटक्कै राम्रो लागेन । यो त एक खालको षड्यन्त्र नै थियो । मन्त्री पाण्डेले माओवादीलाई त्यस्तो पत्र लेखेको लगत्तै दरबारको सक्रियतामा मन्त्री पुन मार्फत भइरहेको कार्यबारे विभिन्न पत्रपत्रिकामा समाचार पनि प्रकाशित भयो । गोप्य रूपमा उच्च स्तरका सीमित व्यक्ति मात्र संलग्न भएको विषय यसरी छरपस्ट हुन पुग्यो । माओवादीले पनि 'दरबारको आधिकारिक कुरा

के हो, पत्त्याउन गाह्रो भयो' भने । शान्ति प्रक्रियामा अनायासै ठेस लाग्न पुग्यो । मन्त्री पुनको जवाफमा मैले 'तपाईं यसबारे प्रमुख सचिवसँग कुरा गर्नुस्, म महाराजाधिराजमा जाहेर गर्छु' भनें । जाहेरीका क्रममा मैले बिन्ती गरें, 'सरकार, यति गम्भीर विषयमा कुरा अगाडि बढिरहेको छ । यस बेला यस्तो काम हुनु त राम्रो भएन ।'

सरकारबाट हुकुम भयो, 'कसरी यस्तो भयो ? पशुपतिले किन त्यो काम गऱ्यो ? तर यसलाई गम्भीर रूपमा नलिनू । यति गम्भीर विषयमा काम गर्दै जाँदा कहिलेकाहीं सानातिना समस्या आउँछन् नै । मन्त्री पुनलाई कामलाई निरन्तरता दिनू भन ।'

सरकारबाट हुकुम बक्से बमोजिम काम पुनः अगाडि बढ्यो । वार्ता प्रक्रिया कसरी अगाडि बढाउने, कोको संलग्न हुने, युद्धविराम आचारसंहिता कस्तो हुने र कसरी लागू गर्ने आदि विषयबारे दुवै पक्षबीच छलफल र गृहकार्य भएर पुसको अन्तिम सातासम्ममा टुङ्गो लागिसकेको थियो । युद्धविराम गरेर वार्तालाई औपचारिकता दिने भनेर त्यसको सबै तयारी पूरा भइसकेको थियो । तर माघको पहिलो साता अधिराजकुमारी प्रेरणाको शुभ विवाह हुने भयो । त्यतिन्जेल महाराजाधिराज पूरै त्यसमा व्यस्त भइबक्स्यो, जसका कारण वार्ता प्रक्रियाका धेरै काम अगाडि बढ्न सकेनन् । यसबीच माओवादी नेताद्वय कृष्णबहादुर महरा र रामबहादुर थापासँग मन्त्री पुनले नियमित सम्पर्क गरिरहनुभएको थियो । माओवादीले पनि भित्रभित्रै डा. बाबुराम भट्टराईको संयोजकत्वमा वार्ताटोली गठन गरिसकेको थियो । यस्तो बेला माघ १२ गते माओवादीले सशस्त्र प्रहरी महानिरीक्षक कृष्णमोहन श्रेष्ठ र उहाँकी श्रीमती नुडुप श्रेष्ठको हत्या गरे । यो दुर्भाग्यपूर्ण घटनाले गर्दा परिस्थिति पूरै भाँडिने अवस्था आएको थियो । तर सरकार र माओवादी दुवैको सुझबुझका कारण वार्ता प्रक्रिया अवरूद्ध हुन पाएन । यसपछि त माओवादीका तर्फबाट 'युद्धविराम' भयो र श्री ५ को सरकारका तर्फबाट पनि ।

मन्त्री पुनलाई शान्तिवार्ताका लागि वातावरण तयार पार्ने र युद्धविराम आचारसंहिता निर्माण गर्ने जिम्मेवारी दिइएको थियो । यसैबीच माओवादी नेताहरूले सरकारको दर्शनभेट खोजेका थिए । 'राजाको मनसाय के हो, हामी राजासँग प्रत्यक्ष भेटेर कुरा गर्न चाहन्छौं' भनेर उनीहरूले मन्त्री पुन मार्फत र अन्य स्रोतबाट समेत पटक-पटक मकहाँ प्रस्ताव पठाएका थिए । माओवादी अध्यक्ष प्रचण्ड र डा. भट्टराई स्वयंले सरकारको दर्शनभेट माग्नुभएको थियो । पहिले राजाको दर्शनभेट गर्ने, त्यसपछि वार्ताको प्रक्रिया अगाडि बढाउने भन्ने उहाँहरूको प्रस्ताव थियो । माओवादीका तर्फबाट 'महाराजाधिराजले संविधानसभाको चुनाव दिनुपर्ने र माओवादीले राजतन्त्र मान्य हुने गरी संविधानसभाको चुनावमा भाग लिने' प्रस्ताव समेत मकहाँ आएको थियो । तर त्यति बेलाको राजनीतिक अवस्था कस्तो थियो भने मूलधारका कुनै पनि दललाई संविधानसभा भन्नासाथ ज्वरो आउँथ्यो । संविधानसभाको चुनावको नामसम्म पनि सुन्न तयार थिएनन् पार्टीहरू ।

माओवादी उच्च नेतृत्वले सरकारको दर्शनभेट गर्ने भनेर धेरै नै जोड गरेपछि दर्शनभेटमा केके विषयमा छलफल गर्ने, माओवादीका कुनकुन मागलाई सम्बोधन गर्ने र माओवादीले केकस्ता सर्त मान्नुपर्ने भनेर दस्तावेज नै तयार भएको थियो । सरकारसँग

धेरै पटकको दर्शनभेटपछि मन्त्री पुनले त्यो दस्तावेज तयार पार्नुभएको थियो । उहाँले दस्तावेजलाई अन्तिम रूप दिन सरकारमा चढाएपछि सरकारले मसँग पनि त्यो विषयमा निकै लामो छलफल गरिबक्सेको थियो । दस्तावेज 'फाइनल' भएपछि मन्त्री पुनले नै त्यसलाई माओवादी नेतृत्व समक्ष पुऱ्याउनुभएको थियो । १५-१६ बुँदामा समेटिएको त्यो दस्तावेज कति 'प्रोग्रेसिभ' थियो भने दस्तावेजमा उल्लेख भएका कुरा माओवादी नेतृत्वले पत्त्याउनै सकेन । उनीहरूले सोचेभन्दा धेरै अग्रगामी बनेको थियो त्यो दस्तावेज । त्यसपछि त माओवादी नेताहरूले महाराजाधिराजसँग प्रत्यक्ष भेट्न झनै तीव्र इच्छा जोडदार रूपमा जाहेर गरेका थिए । (यस क्रममा भक्तपुरको बालकोटमा प्रचण्ड र डा. भट्टराईका लागि दर्शनभेटको स्थान समेत तय भएको थियो रे भन्ने गाइँगुइँ सुनिएको थियो । त्यस कार्यमा भने म संलग्न थिइनँ ।) दर्शनभेटका लागि माओवादी नेतृत्वको हुटहुटी एकदमै बढेपछि मैले 'माओवादी वार्ताटोली खुला पनि भइसकेको छ, माओवादीले के कुरा गर्न खोजेको हो, एक पटक म भेटूँ ?' भनेर सरकारमा जाहेर गरेँ । सरकारबाट 'हुन्छ' हुकुम भयो । साथै सरकारबाट 'उनीहरूले मलाई किन भेट्न खोजेका हुन्, केके विषयमा मसँग कुरा गर्न चाहन्छन्, राम्ररी बुझ्नू' हुकुम भयो ।

त्यस अनुसार म माओवादी नेतालाई भेट्न गएँ । भेटको व्यवस्था मन्त्री पुनले नै मिलाउनुभएको थियो । मन्त्री पुनको कर्णाली एयरलाइन्सको कार्यालय एयरपोर्टछेउ, सिनामङ्गलमा थियो । त्यहीं माओवादी नेताहरू रामबहादुर थापा (बादल) र कृष्णबहादुर महरासँग मेरो निकै लामो कुराकानी भयो । त्यहाँ पनि उहाँहरूले महाराजाधिराजसँग दर्शनभेट गर्न चाहेको बताउनुभयो । 'हामी राजासँग प्रत्यक्ष भेटेर आधिकारिक धारणा सुन्न चाहन्छौं,' उहाँहरूको भनाइ थियो ।

आफ्नो मर्यादा र सीमामा रहेर मैले माओवादी नेतासँग सौहार्दपूर्ण रूपमा कुरा गरेँ । त्यस क्रममा मैले भनेँ, 'मुलुकमा शान्ति स्थापना गर्ने महाराजाधिराजको चाहना छ । मिलनविन्दु शान्ति र देश नै हो । मुलुकमा शान्ति स्थापनाको प्रक्रिया अगाडि बढ्यो र सकारात्मक कुरा भयो भने पक्का पनि सरकारबाट तपाईंहरूलाई दर्शनभेट बक्सन्छ ।'

भेटमा मसँग माओवादी नेताहरूले 'अहिलेको सरकार भङ्ग गरी अन्तरिम सरकार गठन गरौं । संविधानसभाको चुनाव गरौं' भनेका थिए । त्यस बेला कुनै पनि सर्त राखेर संविधानसभाको चुनाव घोषणा गरेको भए सायद 'जनयुद्ध' त्यहीं समाप्त हुने थियो । तर अन्य राजनीतिक दलको मान्यता संविधानसभामा जानै हुन्न भन्ने थियो । काङ्ग्रेस, एमाले जस्ता ठूला दलहरू संविधानसभामा गयो भने २०४६ सालको उपलब्धि पनि समाप्त हुन्छ भन्थे । दरबारले उनीहरूको विचारको पनि ख्याल गर्ने नै भयो । यता, अधिकांश दरबारियामा पनि पुरातनवादी सोच थियो । उनीहरू संविधानसभा भनेको नै गणतन्त्र हो ठान्दथे । सरकारको विचार 'प्रोग्रेसिभ' थियो, सुरुसुरुमा । एक पटक मलाई सरकारले स्वयं हुकुम भएको थियो, 'विवेक, दलहरूभन्दा एक कदम अगाडि गएर सीधै संविधानसभाको चुनाव गराउँदा कसो होला ?' तर पछि कहाँबाट के कुरा भएर हो, त्यो

प्रसङ्ग हरायो । सरकारको विचार समेत परिवर्तन हुँदै गएको मैले बुझिरहेको थिएँ । किन त्यस्तो भयो, मलाई थाहा छैन । मेरो विचारमा संवैधानिक राजतन्त्रको प्रावधान राखेर सोझै संविधानसभाको चुनावमा गएको भए देशमा यति ठूलो क्षति हुने थिएन । चुनावका लागि सर्वपक्षीय सरकार बनाई माओवादीलाई पनि समावेश गर्न सकिन्थ्यो जसले हिंसात्मक द्वन्द्वलाई विराम दिन्थ्यो । राजनीतिले एउटा सहज बाटो पक्रन्थ्यो ।

घटनाक्रम अगाडि बढ्दै जाँदा श्री ५ को सरकारले उपप्रधानमन्त्री बद्रीप्रसाद मण्डलको संयोजकत्वमा सरकारी वार्ताटोली बनायो । टोलीमा मन्त्रीहरू रमेशनाथ पाण्डे, नारायणसिंह पुन, डा. उपेन्द्र देवकोटा, कमल चौलागाईं र अनुराधा कोइराला सदस्य हुनुहुन्थ्यो । वार्ताको वातावरण बनाउने र आवश्यक प्रक्रिया मिलाउने काम सुरुदेखि नै मन्त्री पुनले उत्कृष्ट ढङ्गले गर्दै आउनुभएको थियो । उहाँको त्यो जिम्मेवारी नयाँ वार्ताटोली गठन भएपछि सकियो । वार्ताटोली गठन भएदेखि नै त्यसमा मन्त्री पाण्डेको हालीमुहाली सुरु भयो । उहाँ आफ्नो प्रभाव देखाउन खोज्ने र आफूले गरेको मात्र ठीक, अरूले गरेको सबै बेठीक, सबै खत्तम भन्ने मानसिकताबाट ग्रस्त । उहाँकै कारण वार्ताटोलीका सदस्यहरूबीच सुमधुर सम्बन्ध कायम हुन सकेन । 'पर्सनालिटी क्ल्यास' सुरु भयो । वार्ता टोली प्रभावकारी हुन पाएन ।

२०६० वैशाखको कुरा हो । सरकारी वार्ताटोली प्रधानमन्त्री निवास, बालुवाटारमा प्रधानमन्त्रीसँग परामर्श गरी वार्तास्थल लाजिम्पाटस्थित शङ्कर होटल जाने तयारीमा थियो । बिहान करिब १० बजेतिर मलाई मन्त्री पुनले फोन गरेर 'माओवादीले शाही नेपाली सेना ब्यारेकभन्दा पाँच किलोमिटरबाहिर परिचालन हुन बन्देज लगाउने सर्त पठाएका छन्, अब के गर्ने, असजिलो भयो' भन्नुभयो । मैले भनेँ, 'त्यो त राम्रो भएन । नेपालको राष्ट्रिय सेनालाई नेपाल अधिराज्यभर जान कसैले रोक्न सक्दैन । तपाईं यो कुरामा चाहिं स्पष्ट हुनुहोस् ।' मैले थप जोड दिंदै भनें, 'तपाईं यसबारे वार्ताटोलीका सदस्यहरू र प्रधानमन्त्रीसँग पनि कुरा गर्नुहोस् ।' उहाँले केही छिनपछि फोन गर्नुभयो र 'प्रधानमन्त्रीज्यूले जर्साबसँग कुरा गर्न खोज्नुभएको छ' भन्दै उहाँलाई फोन दिनुभयो । फोनमा प्रधानमन्त्रीले मलाई भन्नुभयो, 'वार्तामा माओवादीले शाही नेपाली सेना ब्यारेकको पाँच किलोमिटर क्षेत्रभित्र सीमित हुनुपर्‍यो भन्ने सर्त राख्दै छन् । अब असजिलो पर्‍यो, के गरौं ?' मैले उहाँलाई 'यसबारे महाराजाधिराजमा जाहेर हुन आवश्यक छ तर अहिले मौसुफ बाहिर सवारी भएको छ, देशको राष्ट्रिय सेनाले मुलुकको कुनै भागमा पनि आफ्नो गतिविधि गर्न पाउनुपर्छ, तपाईंले राष्ट्रिय सुरक्षा परिषद्को अध्यक्षको नाताले तत्कालै सुरक्षा परिषद्का सदस्य प्रधान सेनापतिसँग पनि राय लिंदा राम्रै हुन्छ' भनेर सल्लाह दिएँ । यो कुरा मैले तत्कालै प्रधान सेनापति प्यारजङ्ग थापालाई जानकारी गराएँ र पाँच किलोमिटरको प्रस्तावमा समर्थन नगर्न अनुरोध गरें । यही विषयमा प्रधानमन्त्रीले उहाँसँग कुरा गर्नुभएछ । त्यस क्रममा प्रधान सेनापतिले हलुका रूपमा 'पाँच किलोमिटर त होइन, २० किलोमिटर भए हुन्छ' भन्नुभएछ । मेरो विचारमा उहाँको २० किलोमिटरको प्रस्ताव ज्यादै नै गैरजिम्मेवारपूर्ण अभिव्यक्ति थियो । प्रधान सेनापति जस्तो

मानिसले यति गैरजिम्मेवार कुरा कसरी गर्नुभयो, मैले आजसम्म बुझ्न सकेको छैन ।

वार्ताका क्रममा सरकारी वार्ताटोलीले शाही नेपाली सेना ब्यारेकको पाँच किलोमिटरभित्र सीमित गर्ने माओवादीको सर्तमा सहमति जनायो या जनाएन, स्पष्ट भएन । तर दुवै पक्षबीच वार्ता भएपछि आयोजित संयुक्त पत्रकार सम्मेलनमा माओवादीका वार्ताटोली सदस्य कृष्णबहादुर महराले शाही नेपाली सेना ब्यारेकको पाँच किलोमिटरभित्र सीमित रहने सहमति भएको बताउनुभयो । उहाँसँगै रहेका मन्त्री पुनले यसबारे कुनै पनि प्रतिक्रिया दिनुभएन । यसबाट 'मौनं स्वीकृति लक्षणम्' देखियो र धेरै हलचल मच्चियो । त्यसै दिन सुरक्षा निकायका प्रमुखहरूको बैठक बस्यो र यसबारे प्रधानमन्त्रीसँग छलफल गर्ने निर्णय भयो । त्यस अवसरमा सरकारी वार्ताटोलीका सदस्यहरूको समेत उपस्थिति थियो । छलफलका क्रममा सुरक्षा निकायका तर्फबाट प्रधान सेनापति प्यारजङ्ग थापाले शाही नेपाली सेना ब्यारेकको पाँच किलोमिटरभित्र सीमित हुने निर्णय ठीक नभएको भन्दै आपत्ति जनाउनुभयो । राष्ट्रिय सुरक्षा परिषद्का सहसंयोजक उपरथी रूक्माङ्गद कटवालले 'यो नराम्रो निर्णय भयो' भन्दै मन्त्री पुनसँग आक्रोशसमेत व्यक्त गर्नुभएको थियो । उक्त अवसरमा वार्ताटोलीका सदस्य मन्त्री रमेशनाथ पाण्डेले 'यस विषयमा निर्णय भइसकेको' ठाडो जानकारी दिएर सबैको मुख बन्द गर्ने प्रयास गर्नुभयो । त्यसै दिन बेलुकी मन्त्री पाण्डेले बीबीसी नेपाली सेवालाई अन्तर्वार्ता दिँदै 'शाही नेपाली सेना ब्यारेकको पाँच किलोमिटरभित्र सीमित हुने दुर्भाग्यपूर्ण निर्णय भएको' बताउनुभयो । त्यसपछि समस्या झनै जटिल बन्यो । यस विषयमा महाराजाधिराज र प्रधानमन्त्रीबीच के कुरा भयो, यो मलाई थाहा हुने विषय होइन । मन्त्री पुनले पनि किन र कसले यस्तो संवेदनशील विषयमा स्वीकृति दियो भन्ने कुरा मलाई कहिल्यै भन्नुभएन । वार्ताटोलीका सदस्यहरूमध्ये पनि कसैले यसबारे आजसम्म पनि खुलासा गरेका छैनन् । यस्तो संवेदनशील विषयमा विवाद उत्पन्न भएपछि राजनीतिक दलहरू झनै सरकारको विरोधमा आन्दोलनमा उत्रिए । यसले पनि वार्तालाई प्रभावित पार्‍यो । प्रधानमन्त्री चन्द भलादमी, नम्र र शालीन स्वभावका सरल व्यक्ति हुनुहुन्थ्यो । सरकारमा उहाँले आफ्नो सहयोगी टिम बनाउन पाउनुभएन । सबै मन्त्री महाराजाधिराजबाट मनोनीत मात्र थिए । प्रधानमन्त्रीले छानेका दुई-चार जना मन्त्री बनाइदिएको भए उहाँलाई काम गर्न सजिलो हुने थियो । तर त्यसो गरिएन । त्यही भएर सरकारले खासै गति लिन पनि सकेन । त्यसमाथि 'पाँच किलोमिटरको अवाञ्छित, अप्रत्याशित विवादले उहाँलाई थप अप्ठ्यारोमा पार्‍यो । स्वयं उहाँको पार्टीभित्रैबाट पनि उहाँलाई कुनै सहयोग भइरहेको थिएन । उहाँलाई जसरी पनि हटाउन विभिन्न शक्तिकेन्द्रहरू लागिपरेका थिए । अन्ततः २०६० जेठ १९ गते प्रधानमन्त्री चन्दले राजीनामा गर्नुभयो ।

प्रधानमन्त्री चन्दको राजीनामापछि नयाँ राजनीतिक परिवेश उत्पन्न भयो । सरकारबाट विभिन्न राजनीतिक नेतालाई दर्शनभेट बक्स्यो । अनि दरबारले इतिहासमा पहिलो पल्ट प्रधानमन्त्री पदका लागि दरखास्त हाल्न खुला आह्वान गर्‍यो । त्यस अनुसार नेकपा एमालेका महासचिव माधवकुमार नेपालदेखि सडकमा कराउँदै हिंड्ने

लक्ष्मणसिंह खड्का र यसो बजार डुल्न निस्किएका मानिसहरूसम्मले 'प्रधानमन्त्री बनाइपाऊँ' भनी दरबारमा दरखास्त हाले । यस क्रममा महासचिव नेपाल सर्वत्र हाँसोको पात्र बन्नुभयो । दरबारका हामी सचिवहरूले आ–आफ्नै ढङ्गले 'अब को प्रधानमन्त्रीका लागि उपयुक्त हुन सक्छ' भनेर विचार–विमर्श गर्‍यौं । संवैधानिक हिसाबले अगाडि बढ्नुपर्छ र त्यसका लागि सबैभन्दा उपयुक्त व्यक्ति सभामुख तारानाथ रानाभाट हुनुहुन्छ भन्ने हाम्रो ठहर थियो । सरकारलाई त्यसै अनुसार बिन्ती चढायौं । तर सरकारबाट 'होइन, अब सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाउने, सूर्यबहादुरले नेपाली काङ्ग्रेस वा एमालेलाई सरकारमा सामेल गराउने तय गरेको छ' हुकुम भयो । यो कुरा हामीलाई चित्त बुझेको थिएन । तर सरकारबाट हुकुम बक्सेपछि त्यहाँ कसैले हुन्न भन्ने कुरै भएन ।

यसको केही दिनअघि सूर्यबहादुर थापाले भारत भ्रमण गर्नुभएको थियो । भारत जानुअघि र फर्केपछि उहाँले सरकारको दर्शनभेट पाउनुभएको थियो । सायद भारतको आश्वासन पाएर उहाँले राजनीतिक दलहरूलाई साथमा लिएर जान सक्छु भनी सरकारमा बिन्ती चढाउनुभयो । र, सरकार समेत थापालाई प्रधानमन्त्री बनाउन तयार होइबक्स्यो । त्यस बेला पाँच पार्टीको संयुक्त आन्दोलन भइरहेको थियो, रत्नपार्कमा दिनहुँजसो । आन्दोलनको हालत दयालाग्दो थियो । आन्दोलनमा डेढ–दुई सय मानिस पनि जम्मा भएको देख्न दुर्लभ हुन्थ्यो । तर मुख्य पार्टीहरू प्रतिकूल भएका कारण सरकारलाई काम गर्न अप्ठ्यारो परिरहेको थियो । यसै क्रममा माओवादी नेताहरूले आन्दोलनरत दलहरूसँग मोर्चा बनाएर अगाडि बढौं भनेर प्रस्ताव गरेछन् । तर पार्टीहरू माओवादीसँग सहकार्य गर्न उत्सुक थिएनन् । यति बेलासम्म माओवादीसँग सरकारको वार्ता औपचारिक र अनौपचारिक रूपमा समेत जारी थियो । यस्तो अवस्थामा अचानक सूर्यबहादुर थापाको नेतृत्वमा सरकार बन्यो । थापाकै चाहना अनुसार कार्यकारी अधिकार सहित संविधानको धारा ३५ (२) अनुसार सानो मन्त्रिमण्डल बन्यो । प्रतिनिधिसभा नभए पनि संविधान अनुसार नै प्रधानमन्त्री नियुक्त भएको हो भन्ने कुरा स्थापित गर्न खोजियो । प्रधानमन्त्री थापाले राजनीतिक दलहरूलाई सरकारमा सहभागी गराउन निकै पहल गर्नुभयो । प्रधानमन्त्री बन्नुअघि उहाँले काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाबाट सहयोगको आश्वासन पाउनुभएको रहेछ । सोही अनुरूप थापाले निकै प्रयास गर्नुभयो, काङ्ग्रेसलाई सरकारमा सहभागी गराउन । तर सभापति कोइरालाले प्रतिनिधिसभा पुनःस्थापनाको सर्त राख्नुभयो । प्रधानमन्त्री बनाउँदा महाराजाधिराजबाट थापालाई तीन वटा काम गर्न निर्देशन बक्सेको थियो । पहिलो, राजनीतिक पार्टीहरूसँग वार्ता गरी जारी आन्दोलन रोक्न लगाएर उनीहरूलाई सरकारमा सहभागी गराउने; दोस्रो, माओवादीसँग प्रारम्भ भएको वार्तालाई अन्तिम टुङ्गोमा पुर्‍याउने; र तेस्रो, प्रतिनिधिसभाको चुनाव गराई देशको शासनसत्ता निर्वाचित जनप्रतिनिधिलाई हस्तान्तरण गर्ने । यस्तो अवस्थामा प्रधानमन्त्री थापाले प्रतिनिधिसभा पुनःस्थापना गर्न सक्ने कुरै भएन । फलस्वरूप काङ्ग्रेस सरकारमा सहभागी भएन । अन्य दल पनि सरकारमा गएनन् । साथै थापाले महाराजाधिराजको निर्देशन अनुसार तीन वटामध्ये एउटा पनि काम तीन महिनासम्ममा पनि गर्न सक्नुभएन ।

बरु अघिल्लो सरकारले सुरु गरेको शान्तिवार्ता पनि यही अवधिमा असफल भयो । माओवादीले मान्छे मार्ने सिलसिला पुनः सुरु भयो । यस्तो अवस्था सिर्जना भएपछि मैले सरकारमा जाहेर गरेँ, 'सरकार, मुलुकको स्थिति एकदमै खराब हुँदै गएको छ । देशमा सरकार नभएको जस्तो हालत छ । यस्तै अवस्था रहे महाराजाधिराजकै इमेजमा नराम्रो असर पर्न सक्छ ।'

चन्द सरकार रहिरहेको भए त्यसले अवश्य पनि वार्तालाई एउटा टुङ्गोमा पुऱ्याउने थियो । किनभने त्यति बेला माओवादीलाई पनि 'हामी सीधै महाराजाधिराजका प्रतिनिधिसँग वार्ता गरिरहेका छौं' भन्ने ढुक्क थियो । पछि प्रधानमन्त्री थापाले कमल थापा र डा. प्रकाशचन्द्र लोहनी सदस्य रहेको सरकारी वार्ताटोली बनाउनुभयो । तर त्यो टोलीले कसको प्रतिनिधित्व गर्दछ भन्ने कुरामा माओवादी रनभुल्ल थिए । हापुरे वार्तामा जानुअघि सरकारी वार्ताटोली सदस्यहरू डा. लोहनी र थापाले महाराजाधिराजको दर्शनभेट पाउनुभएको थियो । सो अवसरमा सरकारबाट उहाँहरूलाई 'ससर्त संविधानसभामा गए हुन्छ' भन्ने हुकुम बक्सेको थियो । वार्ताटोलीले त्यसपछि काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला र एमाले महासचिव माधवकुमार नेपालसँग भेट गरेको थियो । भेटमा महाराजाधिराजको 'सर्तसहितको संविधानसभामा गए हुन्छ' भन्ने धारणा सुनाउँदा नेताद्वय कोइराला र नेपालले त्यसलाई ठाडै अस्वीकार गर्नुभएछ । संविधानसभा भएमा २०४६ सालको उपलब्धि पनि समाप्त हुन्छ भन्ने उहाँहरू दुवैको जिकिर रहेछ । यसरी सरकारी वार्ताटोलीका सदस्यहरू माओवादीसँग वार्ता गर्न श्री ५ को सरकारका तर्फबाट 'फिक्स्ड एजेन्डा' लिएर जानुभयो । उहाँहरू सुरुमै 'हाम्रो एजेन्डा यो हो, तपाईंहरूको एजेन्डा के छ ?' भनेर प्रस्तुत हुनुभयो । यस्तो कुराले माओवादी भस्किएको हुन सक्छ । सिद्धान्ततः यस किसिमको वार्ता लामो समयसम्म जारी राख्दै विश्वासको वातावरण निर्माण गर्दै जानुपर्ने हो । त्यो कुरा यहाँ हुन सकेन । आखिरमा वार्ता दाङको हापुरेमा पुगेर टुट्यो । वस्तुतः हापुरे वार्ता त शान्तिवार्तालाई औपचारिक रूपमा टुङ्ग्याउने एउटा सुनियोजित प्रपञ्च मात्र बन्न पुग्यो । यही बेला प्रधानमन्त्री थापाले नैतिकताका आधारमा राजीनामा गर्नुपर्दथ्यो । तर उहाँले त्यसो गर्नुभएन ।

सूर्यबहादुर थापा प्रधानमन्त्री भएपछि मैले सरकारमा जाहेर गरेको थिएँ, 'माओवादीसँग वार्ताको वातावरण मिलाउन नारायणसिंह पुनको धेरै ठूलो योगदान छ । वार्ता क्रममा पनि उहाँले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहनुभएको छ । धेरै कुरा थाहा छ उहाँलाई । त्यसो भएर पुनलाई नयाँ मन्त्रिपरिषद्मा समावेश गरौं र वार्ताटोलीमा समेत राखौं । यदि मन्त्री बनाउन सकिँदैन भने वार्ताटोलीमा चाहिं अवश्य राखौं ।' मेरा कुरा सुनेर सरकारबाट 'हेरौं' मात्र हुकुम भयो । खासै प्रतिक्रिया जनाइबक्सेन । पुनलाई न मन्त्री बनाइयो, न वार्ताटोलीमा राखियो । उहाँको अथक प्रयास व्यर्थै खेर गयो ।

यसै सिलसिलामा २०६० कात्तिक २० गते प्रधानमन्त्री थापाले केही डीआईजी सरुवाबारे सरकारमा जाहेर गर्नुभएछ । त्यसको भोलि पल्ट सरकारबाट अचानक मेरो राजीनामा मागिबक्स्यो । यस विषयमा सरकारमा प्रधानमन्त्रीले के कुरा जाहेर गर्नुभयो,

त्यो त सरकार र उहाँलाई मात्र थाहा हुने कुरा भयो । तर त्यो बेला बाहिर के सुनिन आएको थियो भने प्रधानमन्त्री थापाले 'डीआईजी सरूवामा विवेक शाहले हस्तक्षेप गऱ्यो' भनेर सरकारमा जाहेर गर्नुभएको थियो । वास्तविकता के हो भने देशी तथा विदेशी शक्तिकेन्द्रले म सैनिक सचिव भइरहेको रूचाएका थिएनन । मैले यो कुरा राम्ररी चाल पाएको थिएँ । डीआईजी प्रकरणमा भन्दा पनि मेरो राजीनामा मागिनुका पछाडि उनीहरूको योजनाले काम गरेको हो । प्रधानमन्त्री थापाले उनीहरूलाई सघाउनु बिलकुलै अस्वाभाविक थिएन ।

सूर्यबहादुर थापाको प्रधानमन्त्रित्व कालमा जब शान्ति प्रक्रिया भङ्ग भयो, माओवादीले सेनाका महासेनानीद्वय किरण बस्नेत र रमिन्द्र क्षेत्रीमाथि आक्रमण गरेर पुनः युद्ध प्रारम्भ गरे । सरकारले पनि व्यापक रूपमा प्रहरी र सेना परिचालन गऱ्यो । एकातिर माओवादी आन्दोलन एकदमै बढेको थियो भने अर्कातिर राजनीतिक पार्टीको सरकारविरोधी आन्दोलन पनि उत्कर्षमा पुग्यो । सबैतिरबाट पूरै असफल भएपछि प्रधानमन्त्री थापाले २०६१ जेठमा राजीनामा गर्न बाध्य हुनुपऱ्यो । त्यस बेला पनि सभामुख तारानाथ रानाभाट प्रधानमन्त्रीमा नियुक्त हुन लाग्नुभएको थियो । उहाँ महाराजाधिराजबाट प्रधानमन्त्रीको नियुक्तिपत्र बुझ्न राजदरबार जान तयारी हालतमा पुलचोकस्थित आफ्नो निवासमा हुनुहुन्थ्यो । तर अन्तिम क्षणमा दरबारबाट प्रमुख सचिव पशुपतिभक्त महर्जनले अकस्मात् उहाँलाई सभामुखको राजीनामासहित आउन भन्नुभयो । उहाँ सभामुखको पदबाट राजीनामा गर्न तयार हुनुभएन । यसरी रानाभाट प्रधानमन्त्री हुने अन्तिम विन्दुमा पुगेर पुनः अड्किनुभयो । त्यसपछि अकस्मात नेपाली काङ्ग्रेस प्रजातान्त्रिकका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, जसलाई 'असक्षम' भनेर हटाइएको थियो, प्रधानमन्त्रीमा पुनर्बहाली हुनुभयो, त्यो पनि राति ११ बजे । आठ महिनापछि उहाँलाई पनि हठात् विस्थापित गरी २०६१ माघ १९ गते देशको सम्पूर्ण राज्यसत्ताको अभिभारा महाराजाधिराजबाट आफ्नै हातमा लिइबक्स्यो । यसरी एक्काइसौं शताब्दीमा पनि राजालाई प्रधानमन्त्रीको समेत जिम्मेवारी लिन लगाउने सल्लाहकारहरूले राजसंस्थाका विरूद्ध षड्यन्त्र गरे । उनीहरूले वास्तविक गणतन्त्रको बीउ रोपे । इतिहासले तिनीहरूको षड्यन्त्र उजागर गर्ने नै छ ।

यसरी नेपालको राजनीतिमा एकपछि अर्को षड्यन्त्रको सिलसिला जारी छ । इतिहासमा पाँडेका विरूद्ध बस्नेत, बस्नेतका विरूद्ध थापा, थापाका विरूद्ध राणा (कुँवर) थिए भनेर अध्ययन गर्न पाइन्छ । अहिले एउटा प्रसादका विरूद्ध बहादुर र बहादुरका विरूद्ध प्रसादका बीचमा सत्ताप्राप्तिका अनेकौं षड्यन्त्रकारी राजनीतिक खेल भइरहेका छन् । यस्तो षड्यन्त्रै-षड्यन्त्रको खेलबाट देशले कहिले मुक्ति पाउने हो, भन्न कठिन छ । सायद नेपालको नियति नै यस्तै छ कि ?

❖❖❖

अध्याय २

# यथार्थका पानाहरू

# सैनिक सचिवको डायरी

राजदरबार प्रशासन अन्तर्गत रहेका विभिन्न कार्यालय, सचिवालय र विभागहरूमध्ये प्रमुख सैनिक सचिवालय पनि एउटा महत्त्वपूर्ण निकाय थियो । यसको कार्यक्षेत्र सुरक्षा सम्बन्धी विषयमा केन्द्रित थियो । देशको राजकाज तथा राष्ट्रिय सुरक्षा सम्बन्धी विषयमा श्री ५ को सरकारका विभिन्न मन्त्रालय र सबै सुरक्षा निकायसँग सम्पर्क, समन्वय एवं समस्या समाधान गर्नु यस सचिवालयको मुख्य जिम्मेवारी थियो । मैले प्रमुख सैनिक सचिवालयको जिम्मेवारी सम्हालेको अवधि २०५७ वैशाखदेखि २०६० कात्तिकसम्म डायरीमा आफूले गरेको टिपोट यहाँ प्रस्तुत गरेको छु । यो डायरी नितान्त व्यक्तिगत र मेरो कार्यक्षेत्रमा मात्र सीमित छ । त्यसैले यसले त्यस बेलाको सम्पूर्ण स्थिति-परिस्थितिको विहङ्गम दृश्य प्रस्तुत गर्छ भन्न कदापि मिल्दैन । यसमा त्यस समय मैले देखे-भोगेका घटना र विभिन्न स्रोतहरूबाट प्राप्त सूचनालाई जस्ताको तस्तै समावेश गरिएको छ । साथै विभिन्न कारणवश उक्त अवधिका केही घटनाहरू समावेश नभएको या नगरिएको पनि हुन सक्छ । कुनै समयमा साता दिनभरिको डायरी एकसाथ लेखिएका कारण उक्त अवधिभित्रको कुनै तिथिमिति यताउति पर्न गएको हुन सक्छ । यसमा उल्लेख भएका घटना र पात्रहरू यथार्थ हुन् । कुनै पनि काल्पनिक कुरा यसमा समावेश गरिएको छैन । तत्कालीन यथार्थलाई जस्ताको तस्तै राख्ने क्रममा कुनै पात्रबारे केही नकारात्मक वा सकारात्मक सन्देश प्रवाहित हुन सक्छ । तर त्यो कसैप्रतिको आग्रह वा पूर्वाग्रह नभएर त्यस समयको यथार्थको चित्रण मात्र हो ।

# २०५८ साल

२०५६ सालको आमनिर्वाचनपछि नेपाली काङ्ग्रेसको बहुमतको सरकार बनेको थियो । प्रधानमन्त्री हुनुहुन्थ्यो– कृष्णप्रसाद भट्टराई । पार्टीको अन्तर्कलह र सत्ताको छिनाझपटीले गर्दा २०५६ चैतमा नै उहाँलाई राजीनामा गर्न बाध्य पारिएपछि गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बन्नुभयो । प्रधानमन्त्री हुनासाथ उहाँलाई पनि अपदस्थ गर्ने प्रयास सुरु भएको थियो । २०५२ फागुन १ गतेदेखि नेकपा माओवादीले जारी राखेको 'जनयुद्ध' ले निकै गति लिइसकेको थियो । माओवादीले नेपाल प्रहरीलाई निकै कमजोर बनाइसकेका थिए र नेपाली-नेपालीको कथित युद्धमा धेरैले ज्यान गुमाइसकेका थिए । राजनीतिक नेतृत्वले माओवादीका विरूद्ध शाही नेपाली सेनालाई पनि नेपाल प्रहरी जस्तै गरेर परिचालन गर्न खोजिरहेको थियो । महाराजाधिराजको सोचाइ संवैधानिक प्रावधान अनुसार राष्ट्रिय सुरक्षा परिषद्लाई क्रियाशील बनाई, परिषद्को सचिवालय स्थापना गरी यसकै सिफारिसमा सेना परिचालन होस् भन्ने थियो । मौसुफबाट माओवादीको 'जनयुद्ध' सुरु नहुँदै र सुरु भएपछि समेत राष्ट्रिय सुरक्षा परिषद् क्रियाशील होस् र प्रधानमन्त्रीलाई काम गर्न सहयोग पुगोस् भन्ने आशयले प्रधानमन्त्रीहरूलाई सुझाव बक्सेको थियो । तर कुनै पनि प्रधानमन्त्रीले यसलाई गम्भीरताका साथ नलिई शङ्का र उपशङ्काको दृष्टिबाट हेरेका थिए ।

राजनीतिक नेताहरू, विशेष गरेर सत्तारूढ काङ्ग्रेसका नेताहरू सेना परिचालन गर्न नसकेपछि दरबार र माओवादीको साँठगाँठ छ, माओवादी दरबारबाट सञ्चालित भएको हो भन्ने जस्ता आरोप समेत लगाउन पछि परेनन् । महाराजाधिराजको सोचाइ चाहिं कस्तो थियो भने, 'माओवादी, प्रहरी, सैनिक जो मरे पनि आखिर नेपाली नै मर्ने हुन् । कुनै पनि नेपाली अनाहकमा मर्नु हुँदैन । माओवादी समस्या राजनीतिक, आर्थिक र सामाजिक कारणहरूका साथै सुशासनको कमीकमजोरी समेतका कारणबाट उत्पन्न भएको हुँदा यी पक्षहरूमा नै श्री ५ को सरकारले ध्यान दिनुपर्छ । विकास निर्माण र सुरक्षा कारबाही सँगै अघि बढाएर माओवादीलाई जनताबाट एक्ल्याई निःशस्त्रीकरण गरेर मूलधारमा ल्याउनुपर्छ ।' साथै प्रहरीले माओवादी समस्या समाधान गर्न सक्दैन र कुनै न कुनै समयमा सेना परिचालन हुनैपर्छ भन्ने २०५४ सालदेखि नै मौसुफको विश्लेषण थियो । तर सुरुका वर्षमा जननिर्वाचित सरकारहरू प्रहरीबाट नै यो समस्या समाधान गर्नतिर लागे । महाराजाधिराजलाई के पनि अवगत थियो भने शाही नेपाली सेनामा हातहतियार, तालिम र लजिस्टिकको कमी छ । यो अवस्थामा सेना परिचालन भएमा सेनाले पनि ठूलै क्षति ब्यहोर्नेछ र ठूलै पाठ सिक्नेछ । अनेक राजनीतिक खिचातानीपछि माओवादीले डोल्पा जिल्लाको सदरमुकाम दुनैमा आक्रमण गर्न सक्ने क्षमताको विकास गरे । दुनै काण्डकै क्रममा तत्कालीन गृहमन्त्री गोविन्दराज जोशीले 'सेनाले सहयोग नगरेको' आरोप लगाई राजीनामा दिनुभयो भने प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेललाई राजीनामा गराइयो ।

गृहसचिव पदमप्रसाद पोखरेललाई स्वास्थ्य मन्त्रालयमा सरुवा गरियो । यही परिप्रेक्ष्यमा त्यही साल माघमा सशस्त्र प्रहरी बलको स्थापना हुन पुग्यो । वर्षको अन्त्यमा सेना एकीकृत आन्तरिक विकास तथा सुरक्षा योजना कार्यान्वयन गराउन परिचालन भयो । यस अवस्थामा आइपुग्दा समेत राष्ट्रिय सुरक्षा परिषद्लाई क्रियाशील बनाइएको थिएन । शान्ति–सुरक्षाको खराब स्थिति, नेतृत्व वर्गमा सत्तालिप्सा, राजनीतिक गतिरोध, सुशासनको कमी, भ्रष्टाचारको बिगबिगी जस्ता यावत् कारणले गर्दा महाराजाधिराजबाट कुनै न कुनै राजनीतिक कदम चाल्नुपर्ने माग विभिन्न पक्षबाट आइरहेको थियो । यसै अवस्थामा मौसुफबाट चीनको महत्त्वपूर्ण भ्रमण गरिबक्सेको थियो । महाराजाधिराज पनि कुनै न कुनै राजनीतिक कदम चाल्नुपर्छ भन्ने सोचाइमा होइबक्सेको मैले आभास पाइरहेको थिएँ ।

## २०५७ वैशाख ७ गते बुधबार

प्रमुख सैनिक सचिवालयको सचिवको जिम्मेवारी सम्हालेपछि आज मेरो पहिलो जाहेरीको दिन हो । जाहेरीका विषयवस्तुका साथै श्री ५ महाराजाधिराज सरकारमा आफ्नै बारेमा पनि छोटो जानकारी टक्र्याउने निधो गरेको छु । सरकारबाट नियमित रूपमा कार्यालय सञ्चालन गरिबक्सने मङ्गल सदनमा मेरो जाहेरी आज बिहान साढे ११ बजे सुरु भयो । सर्वप्रथम सरकारमा प्रमुख सैनिक सचिवालयको महत्त्वपूर्ण जिम्मेवारी मलाई बक्सेकोमा आभार प्रकट गरेँ । 'सरकारबाट विश्वास गरिबक्से अनुसार सम्पूर्ण जिम्मेवारी निर्वाह गर्न म सबै किसिमले प्रयत्न गर्नेछु, आफ्नो जिम्मेवारीप्रति कर्तव्यनिष्ठ रही सरकारको निर्देशन बमोजिम सम्पूर्ण कार्य गर्नेछु' भनेर बिन्ती गरेँ । साथै 'सरकार, एउटा कुरा जाहेर गरूँ ?' भनेर सोधेँ ।

सरकारबाट 'के हो, भन' हुकुम भयो ।

अनि मैले भनेँ, 'सरकार, म रुकुमको बाँफीकोटमा जन्मेर हुर्केको र त्यहीं पढेको हो । म साधारण र सोझो व्यक्ति हो । सरकारबाट सैनिक सचिवको जुन अभिभारा बक्सेको छ, त्यसमा काम गर्दा धेरै किसिमका जटिलता आउन सक्छन् । यसमा मेरो व्यक्तिगत र पारिवारिक कुनै किसिमको इन्ट्रेस्ट हुनेछैन । देश, राजसंस्था, शाही नेपाली सेनाप्रति बफादार र समर्पित रहनु मेरो उद्देश्य हुनेछ । यस उद्देश्यमा मलाई कसैले विचलित गर्न सक्नेछैन । राजदरबारको परिवेशमा काम गर्दा असजिलो हुन सक्ने वातावरणको मैले कल्पना गरेको छु । म कामको सिलसिलामा नितान्त व्यक्तिगत इन्ट्रेस्ट बोकेर हिंडेका व्यक्ति या समूहको इन्ट्रेस्ट सर्भ गर्न सक्दिनँ । दरबारभित्र र बाहिर धेरै नै इन्ट्रेस्ट ग्रुप रहेको मलाई राम्रोसँग जानकारी छ । यसले गर्दा मेरो पद असजिलोमा पनि पर्न सक्छ । यस अवस्थामा सरकारबाट विचार गरिबक्सनुपर्ने हुन्छ । सरकार, नीतिशास्त्रमा पनि *सुलभा पुरुषा राजन् सततं प्रियवादिनः, अप्रियस्य च पथ्यस्य वक्ता श्रोता च दुर्लभः* अर्थात् संसारमा मीठो र मन पर्ने बोल्ने मानिस धेरै हुन्छन्, नमिठो भए पनि सत्य बोल्ने मानिस धेरै कम पाइन्छन्, त्योभन्दा पनि सत्य कुरा सुन्न सक्ने मानिस अझ धेरै कम हुन्छन् भनिएको छ ।'

म एकोहोरो बोलिरहेको थिएँ । मेरा कुरा सुनेर सरकार एकै छिन अलमलिइबक्स्यो । त्यसपछि गम्भीर होइबक्स्यो । देन ही रिकलेक्टेड हिज थटस् एन्ड सेड, 'त्यसै कारणले मैले तिमीलाई सैनिक सचिव बनाएको हो ।' त्यस बेला मैले रथी शान्तकुमार मल्लको अन्तिम अवस्थामा आएर दुई वर्षको कार्यकाल नथपिएको, उपरथी ताराबहादुर थापालाई सैनिक सचिव नबनाइएको र महासेनानी शशिप्रताप केसीलाई पदोन्नति नदिएर अवकाश दिइएका घटनाहरू सम्झन पुगेँ । अनि मनमनै जस्तोसुकै अवस्था आए पनि स्वच्छ र पवित्र विचारले काम गर्छु भन्ने अठोट गरेँ ।

यसपछि जाहेरीका विषय सुरु गरेँ :

'निर्मल निवासबाट शाहज्यादा पारसको सहुलियत अनुसार पाइने पाँच जना पिपा माग भएको छ, प्रधान सेनापतिलाई भनेर पठाइदिऊँ कि ?' भन्दा 'मिलाएर पठाइदिनू' हुकुम भयो ।

अस्ट्रेलियन राजदूतले अस्ट्रेलियन सरकारको तर्फबाट युवराजाधिराज दीपेन्द्र सरकारलाई 'हाई अल्टिच्युट च्याम्बर' प्रदान गर्ने खबर गर्नुभएको छ । युवराजाधिराज सरकारबाट उक्त च्याम्बर लिइबक्सी सेनालाई बक्सने र हाई अल्टिच्युट तालिम केन्द्रमा राख्न उचित हुन्छ ।

बेलायतका परराष्ट्र मन्त्री रबिन कुकको वैशाख ८ गतेदेखि नेपाल भ्रमण हुँदै छ । यही सिलसिलामा बेलायती राजदूतावासले 'भूतपूर्व ब्रिटिस गोर्खा सङ्गठनले गरिरहेका क्रियाकलापबाट विभिन्न समस्या भइरहेको छ । उनीहरूले अन्य भूपू सैनिकसँग चन्दा माग्ने, धम्क्याउने, पेन्सन नबुझ्नू भन्ने गरेका छन् । साथै गोर्खा वेलफेयरमा कार्यरत व्यक्तिलाई समेत धम्क्याउने, चन्दा माग्ने जस्ता अवाञ्छित क्रियाकलाप भइरहेको छ' भनेर प्रधानमन्त्रीको ध्यान आकर्षण गराएको छ । प्रधानमन्त्रीले यस विषयलाई गम्भीरतापूर्वक लिएर गृहमन्त्रीलाई ती व्यक्तिबारे बुझेर पक्राउ गरी अवाञ्छित र आपराधिक क्रियाकलापमा नलाग्न कागज गराएर छोडिदिन निर्देशन दिनुभएको छ ।

सरकारबाट सैनिक तालिम केन्द्रहरूको निरीक्षण भ्रमण गरिबक्सँदै छ । यस क्रममा केही तालिम केन्द्रको भ्रमण हुन बाँकी छ । त्यस्तै राष्ट्रिय निकुञ्जहरूको समेत भ्रमण गरिबक्सने कार्यक्रम छ । यी काम चाँडै सम्पन्न गर्नु उचित हुनेछ ।

गृह मन्त्रालयको संयोजनमा सबै सरकारी निकायबाट दैवी प्रकोप नियन्त्रण सम्बन्धी 'डेमोन्स्ट्रेसन' सरकारमा जाहेरीका लागि तयार भइरहेको छ । साथै, राष्ट्रिय सुरक्षा परिषद्को कार्यालय स्थापना, यसको सङ्गठन र आवश्यकताबारे सेनाले तयार पारेको अवधारणा पत्र आगामी साता जाहेर हुनेछ ।

सेनाबाट माओवादी नेता प्रचण्ड रिभोलुसनरी इन्टरनेसनल मुभमेन्ट (रिम) को महासचिवमा निर्वाचित भएको र नेता मोहन वैद्य बिरामी भएर सिलिगुडीमा उपचार गराइरहेको खबर आएको छ । माओवादीले आगामी असोज ५ गते र चैत १ गते 'विशेष धक्का दिवस' मनाउने र वैशाख १० गते लेनिन दिवसको अवसरमा विध्वंसका कार्यक्रम गर्ने खबर छ ।

मैले सैनिक सचिवालयमा बुझ्दा विशेष खाताको मूलधनमा ६५ लाख ४० हजार रुपैयाँ र ब्याजमा साढे पाँच लाख रुपैयाँ छ । उक्त ब्याजको रकमबाट प्रमुख सैनिक सचिवालय मर्मतसम्भार गर्न आवश्यक छ । यो कुरा जाहेर गर्दा सरकारबाट 'प्रमुख राजदरबार पदाधिकारीलाई भनेर गर्नू' हुकुम भयो ।

नेकपा (एमाले) महासचिव माधवकुमार नेपाल स्वास्थ्य उपचारका लागि भनेर नयाँ दिल्ली जानुभएको छ । उहाँ नयाँ दिल्लीमा बस्दाको पाँचतारे होटेल खर्च र उपचार खर्च भारत सरकारबाट उपलब्ध हुने भएको छ । यो विषय जाहेर गर्दा सरकारबाट 'नेपालका कम्युनिस्ट र प्रजातान्त्रिक नेताहरूको यस्तो चरित्र कहिल्यै अन्त्य नहुने भयो' हुकुम भयो ।

प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएको एक वर्षमै सांसद नारायणसिंह पुनले राजीनामा दिनुभएको छ । उहाँले मलाई 'काङ्ग्रेस पार्टीका नेताको क्रियाकलाप देखेर वाक्क भई राजीनामा दिएको छु, अब राजनीति गर्ने विचार छैन, यदि राजनीति गरेँ भने आफ्नै दल खोल्छु' भन्नुभयो ।

## २०५७ वैशाख १२ गते सोमबार

युवराजाधिराज सरकारको प्यारा बेसिक कोर्स सञ्चालन भइरहेको छ । त्यस अनुसार प्यारा तालिम शिक्षालयबाट यही वैशाख २१ गते बुधबार पहिलो जम्प मनोहरास्थित 'ड्रपिङ जोन' मा हुने भएको छ । सरकारले पनि अन्य सैनिकसरह सात वटै जम्प गर्नुपर्नेछ । त्यस अनुसार छ वटा दिउँसो र एउटा राति जम्प गरेपछि मात्रै सरकार प्यारा कोर्समा सफल होइबक्सन्छ । पहिले जस्तै तालिम सकिएपछि 'विङ परेड' प्यारा तालिम शिक्षालय, महाराजगन्जमा हुने भएको छ । तर युवराजाधिराज सरकारका लागि राजदरबारमै विशेष समारोह आयोजना गरेर प्रधान सेनापतिले विङ चढाउने कार्यक्रम तय भएको छ । यो कुरा जाहेर हुँदा महाराजाधिराजबाट 'बडामहारानी सहित पहिलो जम्प हेर्न ड्रपिङ जोन जाने व्यवस्था मिलाउनू' हुकुम भयो ।

केही दिनअघि एमालेका कार्यकर्ताले कालीकोटका स्थानीय विकास अधिकारी दीर्घबहादुर पोखरेललाई भ्रष्टाचारको अभियोगमा अनुहारमा कालो मोसो दलेर जुत्ताको माला लगाइदिएको खबर छ ।

रविभवन, माछागेटस्थित ज्ञानकुञ्ज उच्च माध्यमिक विद्यालय, सामाखुसीस्थित फ्लोरिसेन्ट बोर्डिङ स्कुल र ग्रिनल्यान्ड चिल्ड्रेन एकेडेमीमा माओवादीको लगानी छ भन्ने खबर छ । यसबारे विस्तृतमा बुझ्न सम्बन्धित सुरक्षा निकायमा निर्देशन गएको छ ।

सरकारबाट आज मलाई 'सेनाले तयार गरेको दैवी प्रकोप नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी ब्रिफिङ गर्न लगाउनू' हुकुम भयो । त्यस्तै 'भूतपूर्व सैनिक सङ्गठनलाई सेनाका विभिन्न काममा कसरी प्रयोग गर्न सकिन्छ, साथै सेनाको कल्याणकारी कोषबाट भूपू सैनिक सङ्गठनलाई केकस्तो सहयोग गर्न सकिन्छ, यसबारे योजना बनाउनू' हुकुम भयो ।

सरकारबाट आज मलाई हुकुम भयो, 'नेपाल धार्मिक दृष्टिले सहिष्णु देशमा गनिन्छ । तर यहाँ तल्लो वर्गका दलित नेपालीलाई मन्दिरमा पूजापाठका लागि प्रवेश दिइँदैन । उनीहरूलाई धार्मिक कार्यक्रममा समेत सहभागी गराइँदैन । यसो भएपछि उनीहरूले आध्यात्मिक चिन्तन, मोक्षको कामना, मानसिक आस्था र विश्वास कहाँ गएर कसरी बिसाउने ? यो विषयमा किन कसैको ध्यान जाँदैन भन्नेबारे मलाई अचम्म लाग्छ । समय र परिस्थिति अनुसार यस विषयमा परिवर्तन गर्नेबारे श्री ५ को सरकारलाई सुझाव दिनुपर्छ ।'

सरकारको यो भावना सुनेर मलाई ज्यादै आनन्द लाग्यो । मैले सरकारमा 'अब नेपालका सबै मठमन्दिरमा सबै नेपालीले निर्बाध प्रवेश पाउने किसिमले नीति बनाउन जरूरी छ' भनी बिन्ती गरेँ ।

**२०५७ वैशाख १८ गते आइतबार**

मलाई प्रधान सेनापतिले फोन गरेर आज बिहान प्रधानमन्त्रीको कार्यालयमा भएको छलफलबारे जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, 'छलफलमा प्रधानमन्त्री, अर्थमन्त्री, गृहमन्त्री, रक्षासचिव र म सहभागी थियौँ । पहिलेपहिले यस्तो बैठकमा आवश्यक मन्त्रालयका सचिव मात्र उपस्थित हुन्थे । छलफलमा श्री ५ को सरकारले निर्धारण गरेका तीन जिल्ला सल्यान, जाजरकोट र कालीकोटमा चाँडै सेना तैनाथ गर्नेबारे कुरा भयो । मैले सेनाबाट ती जिल्लामा रेकी भइरहेको र स्थान चयन हुनासाथ जेठको दोस्रो या तेस्रो सातातिर एक-एक गुल्म तैनाथी गराउने जानकारी दिएँ । सेना तैनाथ गराउन आवश्यक बजेट सम्बन्धमा छलफल हुँदा विकास बजेटबाट छ करोड निकासा हुने भएको छ । साथै त्यस अवसरमा सशस्त्र बल खडा गर्न सेनाबाट उल्लेखनीय सङ्ख्यामा सैनिक पठाउनुपर्छ भनेर कुरा राखियो । यो विषयमा सम्बन्धित व्यक्तिलाई नै स्वतन्त्रतापूर्वक निर्णय गर्न दिनुपर्ने भएको हुँदा केकति पठाउने भन्ने कुरा अहिले नै जानकारी गराउन नसकिने भनेर समेत कुरा राखेको छु । छलफलमा प्रधानमन्त्री र अर्थमन्त्री निकै सकारात्मक देखिनुभयो भने गृहमन्त्री त्यति सकारात्मक देखिनुभएन ।' बैठकमा गृह, अर्थ र अन्य निकायबाट विद्यमान परिस्थितिमा सुरक्षाको दृष्टिले आइपरेका र आउन सक्ने समस्या समाधानका लागि प्रस्ताव पेस गर्ने निर्णय भएको छ । साथै उपप्रधानमन्त्रीको संयोजकत्वमा विशेष कार्यदल गठन गरी योजना बनाउने र प्रधानमन्त्रीमा पेस गरी स्वीकृत गरेर लागू गर्ने निर्णय भयो । सोही अवसरमा श्री ५ को सरकार, राजनीतिक नेता र सेनाका अधिकृत सबैले आपसी छलफल गरी, सद्भाव कायम राखी सहयोगीको भूमिकाका लागि विचार पुऱ्याउनुपर्ने र नागरिक प्रशासनले सेनालाई सहयोगी संस्थाको रूपमा लिनुपर्नेबारे समेत विचार-विमर्श भयो । यी विषयबारे जानकारी दिनुका साथै प्रधान सेनापतिले मलाई 'राष्ट्रिय सुरक्षा परिषद्को कार्यालय गठन सम्बन्धी अवधारणा जाहेरीका लागि तयार छ, सरकारको समय मिलाएर खबर पाऊँ' भन्नुभयो ।

विश्व हिन्दू महासङ्घको सम्मेलन समुद्घाटन गरिबक्सन पोखरा सवारीका लागि सरकारबाट आगामी वैशाख २७ गतेको समय बक्सेको छ । उक्त अवसरमा आदिवासी जनजातिको संस्था आईएनएफले विरोध जुलुस निकाल्ने योजना बनाएको बुझिएको छ ।

## २०५७ वैशाख २० गते मङ्गलबार

मानार्थ शाही पार्श्ववर्ती उपरथी भरतकेशर सिंहले राष्ट्रिय स्वयंसेवक सङ्घको निमन्त्रणामा भारतको नागपुर जान सरकारबाट स्वीकृति र बिदाका लागि जाहेर गर्नुभएको छ । उहाँले नागपुरमा भारतीय जनता पार्टीका नेता अशोक सिङ्घललाई पनि भेट्ने कार्यक्रम छ । सम्भवतः अशोक सिङ्घल उक्त कार्यक्रमपछि काठमाडौं आउने र सरकारको दर्शनभेट गर्ने कार्यक्रम बन्ने उहाँले मलाई जानकारी गराउनुभयो ।

सेनाले राष्ट्रिय सुरक्षा परिषद्को कार्यालय स्थापना सम्बन्धी नीति तथा कार्यक्रमबारे प्रस्ताव पठाएको छ । आगामी २२ गते बिहीबार यसबारे विस्तृत जाहेरीको कार्यक्रम तय भएको छ ।

प्राप्त जानकारी अनुसार श्रीलङ्काको जाफ्ना पेनिन्सुलामा करिब ४० हजार श्रीलङ्काली सैनिक विद्रोही समूह एलटीटीईको घेराबन्दीमा परेको छ । श्रीलङ्का सरकारले ती सैनिकको सुरक्षा तथा फिर्तीका लागि भारत सरकारसँग सहयोग मागेको छ । भारतले मानवीय सहयोग मात्र गर्ने भएको र अन्य अवस्था मनिटरिङ गरिरहेको भन्ने जानकारी आएको छ ।

नेपाल भ्रमणमा रहेका पाकिस्तानी एनडीसी कोर्सका सहभागीले रक्षासचिवसँग भेट गरेका छन् । उक्त अवसरमा आपसी सद्भावबारे छलफल भएको छ । साथै सार्क, भारत, पाकिस्तान र चीन मामिला सम्बन्धका विद्यमान समस्याबारे छलफल भयो । रक्षासचिवले सेनाले संयुक्त राष्ट्रसङ्घको आह्वानमा विभिन्न देशमा गरेको योगदानका बारेमा चर्चा गर्दै नेपालले कुनै पनि अन्य देशमा शान्ति स्थापना बाहेक अन्य कार्यमा सेना नपठाउने नीति रहेको जानकारी गराउनुभयो । त्यस्तै उहाँले पाँचखालस्थित राष्ट्रसङ्घीय शान्तिसेना तालिम केन्द्रलाई दक्षिण एसियाकै तालिम केन्द्रका रूपमा विकसित गर्न पाकिस्तानले पनि सहयोग गर्नुपर्ने अवधारणा राख्नुभयो ।

## २०५७ वैशाख २२ गते बिहीबार

राष्ट्रिय सुरक्षा परिषद्को कार्यालय स्थापना गर्ने सम्बन्धी सेनाले तयार पारेको अवधारणा आज सरकारमा जाहेर भयो । सुरक्षा परिषद्लाई सुदृढ गर्न यसको बेग्लै कार्यालय हुनुपर्छ भन्ने महाराजाधिराज सरकारको धेरै पहिलेदेखिको सोचाइ थियो । यस कार्यालयबाट राष्ट्रिय सुरक्षासँग सम्बन्धित र राष्ट्रहितका अन्य विषयमा विभिन्न विकल्प सहित सुझाव दिँदा प्रधानमन्त्रीलाई काम गर्न सहयोग पुग्नेछ भन्ने सरकारको धारणा थियो । यसै सन्दर्भमा सेनाले तयार पारेको अवधारणा जाहेरीका लागि प्रधान

सेनापति प्रज्वल्लशमशेर जबरा, डीएमओ प्रदीपप्रताप बम मल्ल आउनुभएको थियो । सेनाका तर्फबाट यो अवधारणा युद्धकार्य महाशाखा प्रमुख महासेनानी दिलीप रायमाझीले तयार पारेकाले उहाँले नै सरकारमा विस्तृत रूपमा जाहेर गर्नुभयो । जाहेरीमा धेरैजसो विषयवस्तु ठीक भए पनि कतिपय विषयमा महाराजाधिराजबाट सोचिबक्सेको धारणाभन्दा केही फरक रहेको देखियो र त्यस्ता विषयलाई परिमार्जन गर्न आवश्यक छलफल भयो । जस्तो– सेनाले यो कार्यालय मातहतमा राष्ट्रिय सुरक्षा अनुसन्धान तथा तर्जुमा केन्द्र, राष्ट्रिय सुरक्षा नीति कार्यान्वयन समिति जस्ता इकाइ गठन गर्न प्रस्ताव गरेको थियो । तर यसो गर्दा काममा स्पष्टता हुन नसक्ने भएकाले यो संरचनालाई सुरक्षा परिषद्को सचिवालयकै रूपमा राख्नु उचित हुन्छ र यसो गर्दा अझ प्रभावकारी हुने देखिन्छ भनेर मैले प्रस्ताव गरेँ । छलफलका क्रममा सरकारबाट यो संरचनालाई सकेसम्म सानो र 'सिम्पल' गर्नुपर्ने धारणा राखिबक्स्यो । सरकारबाट 'यो कार्यालयमा कुनै पनि कार्यकारी अधिकार रहनेछैन, यसको मुख्य काम राष्ट्रिय हितका विषयमा आवश्यक पर्ने सुरक्षा सम्बन्धी र अन्य विषयमा व्यापक शोधपूर्ण योजना बनाएर राष्ट्रिय सुरक्षा परिषद् मार्फत प्रधानमन्त्रीलाई काम गर्नका लागि विभिन्न विकल्प तयार गरेर दिनु हुनेछ' भनी सुझाव राखिबक्स्यो । 'सूचना सङ्कलन जस्ता काम यो निकायले गर्ने होइन, यसको काम प्राप्त सूचनालाई अध्ययन र विश्लेषण गरी प्रधानमन्त्रीलाई सुझाव दिने मात्र हो, त्यसैले यही लाइनमा आज प्रस्तुत अवधारणा परिमार्जन गर्नू' भनी सरकारबाट निर्देशन बक्स्यो । जाहेरीपछि यसलाई परिमार्जन गरेर पुनः जाहेर गर्ने निर्णय भयो ।

जाहेरीपछि सरकारबाट मलाई 'तिम्रो सुझाव अनुसार सुरक्षा परिषद् कार्यालयको नाम राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय राख्दा राम्रो हुन्छ' हुकुम भयो । साथै सरकारबाट हुकुम भयो, 'यसको कार्यक्षेत्र, काम र उद्देश्य प्रस्ट हुनुपर्छ । सचिवालयको सङ्गठन आवश्यकता अनुसार घटाउन र बढाउन सक्ने व्यवस्था गर्नु राम्रो हुन्छ । यसमा काम गर्ने व्यक्तिको सेवासुविधा प्रस्ट रूपमा खुलाउनुपर्छ । यो अवधारणा तयार गर्ने दिलीप भएको हुँदा तिमीले उसैसँग कुरा गरेर परिमार्जन गर्न लगाउनू ।'

राजदरबारमा कार्यरत उपसचिव रूद्रप्रसाद दाहाल चाबहिलस्थित आफ्नै कोठामा झुन्डिएर मरेको खबर आयो । यो घटना जाहेर हुँदा सरकारबाट 'प्रमुख राजदरबार पदाधिकारी शारदाप्रसाद प्रधानलाई खबर गरेर के गर्नुपर्ने हो, आवश्यक व्यवस्था मिलाउनू' हुकुम भयो ।

## २०५७ वैशाख २९ गते बिहीबार

प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलले मलाई फोन गरेर प्रधान सेनापतिबारे निकै गुनासो गर्नुभयो । उहाँका अनुसार हिजो बेलुकी प्रधान सेनापतिले फोन गरेर हालको देशको परिस्थिति र सुरक्षाको अवस्थालाई लिएर उहाँलाई तथानाम भन्नुभएछ । प्रत्युत्तरमा खरेलले 'सर, केही कुरा गर्नु छ भने मलाई समय दिनुस्, म अहिल्यै भेट्न आउँछु, तर यसरी फोनमा गाली गर्न कहाँसम्म उचित हो ? म पनि राष्ट्रको एउटा जिम्मेवार

सुरक्षा निकायको प्रमुख हुँ, राष्ट्रिय हितका विषयमा सबैले आ–आफ्नो ढङ्गले सोचेका हुन्छन्, तपाईंले आफ्नो अधिकृतलाई जसरी मलाई पाठ पढाउन मिल्दैन, तपाईंले मलाई पाठ सिकाउनु पनि पर्दैन भनेर फोन राखिदिएँ' भनेर मलाई सुनाउनुभयो । अच्युत आईजीसाबको यो गुनासो मैले सरकारमा जाहेर गरेँ । सरकारबाट हाँसेर 'प्रज्वल्लको स्वभाव नै त्यस्तै हो, अझसम्म श्री ३ को ह्याङओभर गएको छैन, अच्युतलाई माइन्ड नगर भनिदेऊ' हुकुम भयो ।

सरकारबाट मलाई हुकुम भयो, 'सैनिक ऐन संशोधन गर्नु या नयाँ बनाउनुभन्दा आवश्यक नियमहरू बनाउन उपयुक्त हुन्छ । त्यसै अनुसार गर्नू ।' साथै सरकारबाट 'आरजे–१०० जहाज खरिदका लागि सेनाको बजेटमा नराखेर पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको बजेटमा राख्न उचित हुन्छ कि, प्रधान सेनापतिसँग कुरा गर' हुकुम भयो ।

## २०५७ जेठ ३ गते मङ्गलबार

प्रमुख सैनिक सचिवालयमा प्रमुख सैनिक सचिव सेनाको रथी र सैनिक सचिवमा उपरथी हुने र अन्य कर्मचारी राजदरबार प्रशासनबाट रहने व्यवस्था छ । २०५३ सालदेखि जङ्गी अड्डाबाट एक जना प्रमुख सेनानी दुई वर्षको काजमा सम्पर्क अधिकृतका रूपमा ल्याउने व्यवस्था गरिएको थियो । सोही अनुरूप २०५३ सालमा पहिलो पटक प्रमुख सेनानी रणध्वज लिम्बू र २०५५ सालमा प्रमुख सेनानी डम्बरसिंह गुरूङ आउनुभएको थियो । त्यसै क्रममा आज गुरूङलाई बदली गर्न प्रमुख सेनानी कुमार बुढाथोकी आउनुभयो । आज बुढाथोकीले सरकारमा दाम राख्ने र सरकारबाट जङ्गी अड्डा फिर्ता हुन लागेका गुरूङलाई बिदाइ दर्शनभेट बक्सने कार्यक्रम छ ।

सेनामा रहेका पुराना हतियार (एन्टिक वेपन्स) मा २५ प्रतिशत राखेर बाँकी सबै बिक्री गरी त्यसबाट प्राप्त हुने रकमबाट नयाँ हतियार किन्ने प्रयास भइरहेको छ । त्यस अनुसार पुराना हतियार बिक्रीबाट २५ लाख डलरसम्म प्राप्त हुने देखिएको छ । तर यो रकम पनि कम देखिएको हुँदा अझ बढाउन प्रयास भइरहेको छ ।

वीरगन्जमा हिन्दू र मुस्लिम समुदायबीच झडप भएको खबर छ । त्यस्तै कालीकोटमा माओवादी र प्रहरीबीच झडप भएको छ । धादिङ जिल्लामा क्रिस्चियन र बुद्धिस्ट समुदायबीच बेलाबेला झगडा हुने गरेको छ । यसबारे विस्तृत विवरण आउन बाँकी छ । अन्तर्राष्ट्रिय समुदायमा नेपाल धार्मिक दृष्टिले सहिष्णु र शान्तिप्रिय मुलुकका रूपमा कहलिएकोमा यस्ता क्रियाकलाप र माओवादीको हत्या र हिंसाका कारण अब नेपालको छवि बिग्रन सक्ने देखिन्छ ।

## २०५७ जेठ ४ गते बुधबार

माओवादी हत्या र हिंसा बढिरहेको सन्दर्भमा नयाँ सुरक्षा बल गठन गर्ने सम्बन्धमा गठित आयोगले तयार पारेको प्रारम्भिक प्रतिवेदन आयोगका सदस्य पूर्व प्रहरी महानिरीक्षक मोतीलाल बोहराले मलाई सुझावका लागि दिनुभएको छ । यो प्रतिवेदन विस्तृत रूपमा

अध्ययन गरेर सरकारमा जाहेर गर्छु । प्रस्तावित नयाँ सुरक्षा बल सेना र प्रहरीका बीचमा अर्धसैनिक बलका रूपमा हुनुपर्छ । सेनालाई कमजोर पार्ने अथवा सेनालाई विस्थापित गर्ने किसिमबाट यसलाई लिनु हुँदैन । साथै यो बल गठनबारे राष्ट्रिय सुरक्षा परिषद्मा छलफल हुन आवश्यक छ । यस विषयमा आज सरकारबाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई दर्शनभेट बक्सँदा छलफल गरिबक्सन मैले जाहेर गरेँ । सरकारबाट 'उक्त प्रतिवेदन प्रधान सेनापतिलाई दिएर सुझाव माग्नू' हुकुम भयो ।

आजै प्रधानमन्त्रीको जाहेरीपछि सरकारबाट मलाई हुकुम भयो, 'प्रधानमन्त्रीले सुरक्षा परिषद् सचिवालय गठन सम्बन्धी दुई भागको रिपोर्ट सेनाले दिएको छ, म अध्ययन गर्दै छु भन्नुभयो । मैले उक्त रिपोर्ट मलाई पनि पठाइदिनुस् न भनेँ । प्रधानमन्त्रीले म प्रधान सेनापतिलाई भनेर सरकारमा चढाउन लगाउँछु भन्नुभयो । प्रधानमन्त्रीले अबदेखि सुरक्षा सम्बन्धी विषयमा सरकारमा जाहेर गरेर मात्र निर्णयका लागि मन्त्रिपरिषद्मा पेस गर्छु भन्नुभएको छ । सुरक्षा परिषद् सचिवालय गठन सम्बन्धी अवधारणालाई लिएर प्रधानमन्त्रीले शङ्का भए जस्तो गरी सेनाको दबावमा मात्र यसबारे छलफल गरेको मलाई लाग्यो ।' साथै सरकारबाट 'प्रधानमन्त्रीले यो अवधारणा पत्र पढ्लान् जस्तो लाग्दैन, त्यसैले प्रधान सेनापतिले यसबारे प्रधानमन्त्रीलाई विस्तृतमा ब्रिफिङ गर्दा ठीक हुन्छ, तिमीले यसबारे प्रमुख सचिव पशुपतिसँग कुरा गरेर मुख्य सचिवसँग समन्वय गरी रक्षासचिवलाई समेत विश्वासमा लिएर सुरक्षा परिषद् सचिवालय स्थापनाका लागि पहल गर' हुकुम भयो ।

## २०५७ जेठ ९ गते सोमबार

नेपाल भ्रमण सम्पन्न गरेर हिजो आइतबार स्वदेश फर्केका भारतका विदेशसचिव ललितमान सिंहले काठमाडौंमा रहँदा गरेका हरेक विषय वस्तुबारे विस्तृतमा विश्लेषण हुन आवश्यक छ ।

माओवादी कथित जनयुद्ध आर्थिक तथा सामाजिक कारणबाट उत्पन्न विद्रोह हो भन्ने दरबार र सेनाको बुझाइ छ । यो समस्या समाधानका लागि इन्टरनल डेभलपमेन्ट एन्ड डिफेन्स (आईडीएडी) कार्यक्रम मार्फत परिचालित हुन सेनाले विस्तृत कार्ययोजना तयार पारेको छ । माओवादी विद्रोह नियन्त्रण गर्न सेनालाई विकास निर्माण र रोजगारीमूलक कार्यक्रम सहित परिचालन गर्दा उपयुक्त हुने दरबार र सेनाको स्पष्ट नीति छ । यो कार्यक्रम विद्रोह नियन्त्रण गर्न केही विकसित देशले केही देशमा प्रयोग समेत गरेका थिए । यस सम्बन्धी कार्यक्रम विस्तृतमा अध्ययन गरी नेपालको सन्दर्भमा मिल्ने मोडल सेनाले तयार पारेको हो ।

यस कार्यक्रमबारे छलफलका क्रममा फिल्डमा तैनाथ सेनाले अपनाउनुपर्ने व्यवहार, गर्न हुने र नहुने कामबारे प्रस्ट हुनुपर्छ । सर्वसाधारण जनताको मनमस्तिष्क जित्न सेनाले प्रयत्न गर्नुपर्छ । त्यस्तै सेनाले स्थानीय स्तरमा जनसरोकारका विषयमा सेवा पुऱ्याउन मदत गर्नुपर्ने हुन्छ । निश्चय पनि स्थानीय प्रशासन पारदर्शी तथा जवाफदेही बन्नुपर्छ । प्रहरीको काम, कर्तव्य र अधिकार तथा सजाय सम्बन्धी प्रस्ट

अवधारणा बन्नुपर्छ । कार्यक्रममा स्थानीय राजनीतिकर्मी, नागरिक प्रशासन, प्रहरी, शिक्षक, कर्मचारी लगायत स्थानीय पक्षको वेलफेयरमा पनि विचार हुनुपर्छ । स्थानीय स्तरमा हुने विकास निर्माणका कार्यक्रममा स्थानीय व्यक्तिहरूलाई नै अवसर प्रदान गर्नुपर्दछ । राजनीतिक दलहरूले समेत विकास निर्माण, जनपरिचालनमा सक्रिय भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

### २०५७ जेठ १२ गते बिहीबार

युवराजाधिराजबाट प्यारा बेसिक कोर्स सम्पन्न गरिबक्सेको उपलक्ष्यमा आज त्रिभुवन सदन, राजदरबारमा विशेष कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा प्रधान सेनापतिले युवराजाधिराज सरकारमा प्यारा विङ चढाउनुभयो । सो अवसरमा सरकारका प्यारा विङ तालिमका प्रमुख प्रशिक्षक उपरथी सदीपबहादुर शाह र प्रशिक्षक प्रमुख सेनानी राजु देवकोटा लगायत सबै प्रशिक्षकलाई उपस्थित गराइएको थियो । कार्यक्रमपछि रात्रिभोजको समेत कार्यक्रम सम्पन्न भयो ।

प्राप्त खबर अनुसार, माओवादीले रोल्पा जिल्लाका चार गाविसबाट करिब छ हजारको जनसहभागिता गराई कार्यक्रम सञ्चालन गरिरहेको छ । उक्त कार्यक्रममा रूकुम र रोल्पा जिल्लामा संस्कृत विषय पढाउन निषेध गर्ने र पढाइ सकिएको परीक्षाको सन्दर्भमा प्रश्नपत्रहरू लुट्ने भनिएको छ । त्यस्तै माओवादीले रूकुम र रोल्पाबाट विस्थापित मानिसका जग्गा कब्जा गरी सामूहिक खेती गर्ने भएको छ । माओवादीले आफ्नो सैन्य अभियान बढाउँदै लगेको बारे समेत खुलासा गरेको छ । यस अनुसार हाल माओवादी सेनामा रहेको स्क्वाडमा १०–१५ बाट बढाएर २५ जना पुऱ्याइएको छ । त्यस्तै प्लाटुनमा ४० जनाबाट बढाएर १२० पुऱ्याइएको र पाँच प्लाटुन राखेर बटालियन बनाउने प्रयास भइरहेको जानकारीमा आएको छ । साथै माओवादीले 'पाँच स' को अभियान सञ्चालन गर्ने भएको छ । उसका अनुसार ती पाँच 'स' यस प्रकार छन् : (क) समुद्रदेखि सगरमाथासम्म पार्टीको प्रभाव बढाउने, (ख) शाही सेनासँग लड्न सक्षम सङ्गठन बनाउने, (ग) सञ्चारमा व्यापक जोड दिने, (घ) सुदृढीकरण गरेर पार्टीलाई अगाडि बढाउने र (ङ) सरकारी सुरक्षा निकायमा माओवादीको घुसपैठ बढाउने ।

श्री ५ को सरकारको धारणा माओवादीका विरूद्ध सेना परिचालन गर्ने रहेकोमा माओवादीले व्यापक प्रचार-प्रसार गरी अन्य राजनीतिक पार्टीलाई सेना परिचालनको विरोधमा उतार्ने माहोल तयार गर्ने रणनीति अख्तियार गरेको छ । माओवादी महामन्त्री प्रचण्ड रिमको लन्डनमा सम्पन्न बैठकमा भाग लिएर फर्केको र आगामी जनवरी १ तारिक नयाँ दिल्लीमा माओवादीको बैठक हुने खबर आएको छ । पृथ्वीनारायण शाहले नेपाल एकीकरणको अभियानमा काठमाडौं वरिपरिका सबै जिल्ला कब्जा गरी काठमाडौं उपत्यकालाई निसाना बनाए जस्तै माओवादीले पनि चारैतिरबाट दबावमूलक कार्यक्रम सञ्चालन गरी काठमाडौंलाई निस्तेज पार्ने रणनीति लिएको छ । भारतको बिहार राज्य अन्तर्गत हजारीबाग जिल्लाको डुमरियास्थित चतरा जङ्गलमा भारतीय माओइस्ट

कम्युनिस्ट सेन्टर (एमसीसी) को तालिम केन्द्र रहेको छ । उक्त केन्द्रमा नेपाली माओवादीले पनि बेलाबेला तालिम लिने गरेको खबर छ ।

बङ्गलादेशमा अवस्थित नेपालका लागि साउदी अरबका राजदूत अब्दुल्लाह ओमार बेरी काठमाडौं आएर विभिन्न मस्जिद तथा मदरसालाई चन्दा दिएको खबर छ ।

भारतीय कट्टरपन्थी हिन्दूवादी सङ्गठनले नेपालमा आईएसआईको गतिविधि अत्यधिक बढेको भन्दै त्यसलाई प्रतिरोध गर्न नेपाल-भारत सीमा क्षेत्रमा नेपालीहरूलाई उपयोग गरी 'युनिभर्सल सेक्युरिटी गार्ड अफ नेपाल' खडा गरी गतिविधि बढाएको खबर छ । उक्त सङ्गठनका प्रमुख मनवीरसिंह पन्थीले केही समयअगाडि भारतीय जनता पार्टीका नेता अशोक सिङ्घललाई भेटेको खबर छ ।

रक्षासचिव केशवराज राजभण्डारीले मलाई फोन गरेर भन्नुभयो, 'सरकार परिवर्तनका कारण मेरो पाकिस्तान भ्रमण स्थगित भएको थियो । रोकिएको भ्रमण गर्न पाकिस्तानी पक्षबाट बारम्बार अनुरोध आइरहेको छ । मन्त्रिपरिषद्बाट समेत स्वीकृत भइसकेको भ्रमण नगर्दा पाकिस्तानको उपेक्षा गरे जस्तो हुन्छ । त्यसैले भ्रमण चाँडै होस् भन्ने मेरो चाहना छ । साथै भारतले अहिलेसम्म भूतपूर्व भारतीय गोर्खाका लागि १४ स्थानबाट पेन्सन वितरण गर्ने गरेकोमा अबदेखि थप १० स्थानबाट पेन्सन वितरण गर्न थप क्याम्प खडा गर्न अनुमतिका लागि अनुरोध गरेको छ । भारतको भनाइ अनुसार नेपालमा बेलायती गोर्खा सैनिकका लागि २४ स्थानबाट पेन्सन वितरण भइरहेको छ । नेपालमा भारतीय गोर्खा सैनिकको सङ्ख्या बेलायती गोर्खा सैनिकको भन्दा बढी भएकाले कम्तीमा पनि २४ स्थानबाट पेन्सन वितरण हुनुपर्ने भारतको जिकिर छ ।' यो सहित रक्षा मन्त्रालयसँग सम्बन्धित अन्य विषय जाहेरीका लागि सरकारको दर्शनभेट मिलाइदिन उहाँले अनुरोध गर्नुभयो ।

## २०५७ जेठ १३ गते शुक्रबार

प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलले फोन गरेर हतियार सम्बन्धी र अन्य समसामयिक विषय सरकारमा जाहेर गर्न आवश्यक भएकाले सरकारको दर्शनभेट मिलाइदिन अनुरोध गर्नुभयो ।

चीनबाट प्राप्त नेसनल डिफेन्स युनिभर्सिटी कोर्स (एनडीसी) का लागि प्रधान सेनापतिले महासेनानी दिलीप रायमाझीको नाम सिफारिस गर्नुभएको छ । तर उहाँ धेरै जुनियर र उहाँको पछि पनि समय भएको हुँदा उहाँको विकल्पमा अर्को नाम पठाउन खबर भएकोमा शाही रक्षक वाहिनीपति सहायक रथी गजेन्द्रबहादुर लिम्बूको नाम सिफारिस भएको छ । साथै यो स्तरको कोर्सका लागि वरिष्ठ शाही पार्श्ववर्तीहरू समेत पठाउन उपयुक्त हुन्छ भनी मैले सरकारमा जाहेर गरें ।

राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष प्रधानमन्त्रीलाई परिषद्का सदस्य प्रधान सेनापतिले प्रस्तुत गरेको सुरक्षा परिषद् सचिवालयको संरचना र राष्ट्रिय सुरक्षा परिषद्को अवधारणाबारे पुनः विस्तृतमा छलफल गर्नुपर्ने भएको छ । साथै सुरक्षा परिषद् सम्बन्धी अवधारणा पास भएपछि मात्र कार्यविधिको विषय उठाउँदा राम्रो हुन्छ । त्यसैले सुरक्षा

परिषद्को अवधारणा र सुरक्षा परिषद् सचिवालय सम्बन्धी विषयमा बेग्लाबेग्लै छलफल हुनुपर्छ भन्ने समेत मैले जाहेर गरेँ ।

## २०५७ जेठ १९ गते बिहीबार

पूर्वी टिमोरको पश्चिमी बेतुन इलाकामा अविरल वर्षाका कारण ४३ जनाको मृत्यु भएको छ । २० हजारभन्दा ज्यादा मानिस विस्थापित भएकाले त्यहाँ कार्यरत नेपाली शान्तिसेना मिसन युएनटीएईटीसँग राहत सहयोग अनुरोध भइरहेको छ । त्यहाँ कार्यरत सेनाको गुल्मले सक्दो सहयोग पुऱ्याइरहेको छ र अन्य सहयोगका लागि समेत संयुक्त राष्ट्रसङ्घबाट अनुरोध आएको छ ।

खबर अनुसार माओवादीले प्रतिबन्धित लागू पदार्थ चरेस, गाँजा र यार्सागुम्बाको समेत अवैध कारोबार गरी अर्थ सङ्कलन गरिरहेको छ ।

भूतपूर्व ब्रिटिस गोर्खा सैनिक सङ्गठन (गेसो) ले बुटवलमा पेन्सन वितरण गर्न गएका ब्रिटिस सेनाका पदाधिकारीलाई नराम्रो व्यवहार प्रदर्शन गरेको र पेन्सन लिन आउने सैनिकसँग चन्दा असुल्न खोजेको खबर आएको छ ।

प्रधान सेनापतिको आजको जाहेरीमा माओवादीको हत्या, हिंसा र अवैध कारोबारलाई दृष्टिगत गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षको सुरक्षा व्यवस्था कडा तुल्याउन सरकारबाट निर्देशन बक्स्यो । साथै सरकारबाट 'नेपाल प्रहरीका लागि नयाँ हतियार लिने सम्बन्धमा राष्ट्रिय सुरक्षा परिषद्मा छलफल गरी निर्णय गर्नू' हुकुम भयो । यसै गरी सरकारबाट सेनाको कल्याणकारी कोषको रकमबाट श्री ५ को सरकारको 'सेक्युरिटी बन्ड' खरिद गरी उक्त रकम सैनिक विकास निर्माण तथा प्रयोजनका लागि खर्च गर्ने व्यवस्था मिलाउन प्रधानमन्त्रीसँग कुरा गर्न निर्देशन बक्स्यो । 'सेनामा अनियमितता तथा भ्रष्टाचार सम्बन्धी विषय धेरै आउन थालेका छन्, सेनाका कुनकुन विभागमा यस्ता कार्य हुन्छन्, कुनै एकको घटना अध्ययन तथा छानबिन गरी प्रतिवेदन तयार पार्नू' भनी प्रधान सेनापतिलाई निर्देशन बक्स्यो ।

प्रधान सेनापतिले बिन्ती गर्नुभयो, 'माओवादीबाट हत्या र हिंसा ज्यादै बढेकाले कुनै पनि बेला सेना परिचालन हुनुपर्ने हुन सक्छ । तर सेनालाई पर्याप्त हातहतियारको खाँचो छ । प्राथमिकताको आधारमा भारतीय हतियार लिन हतियार तथा सैनिक सामग्रीको सूची तयार भइरहेको छ । साथै बेलायतबाट लिन सकिने एसएलआर राइफलबारे बेलायती सैनिक सहचारीसँग कुरा भइरहेको छ ।'

## २०५७ जेठ २३ गते सोमबार

संसद्को राज्य व्यवस्था समितिले आफ्नो प्रतिवेदनमा 'सेनाले सरकारी स्रोतसाधनलाई वास्तविक रूपमा सदुपयोग गर्न नसकेको' उल्लेख गरेको छ । त्यस्तै 'सेनाको माथिल्लो स्तरमा व्यापक भ्रष्टाचार हुने गरेको र सेनाले दीर्घकालीन योजना बनाउन नसकेको' जस्ता विषय औँल्याएको छ ।

शाही रक्षक वाहिनी खडा भएदेखि पहिलो पटक राजदरबार, जङ्गी अड्डा र अन्य सुरक्षा निकायबीच कसरी सुरक्षा समन्वय गर्ने भन्ने विषयमा राजदरबारमा कार्यरत सबै सुरक्षा निकायका वरिष्ठ अधिकृत सम्मिलित सम्मेलन आयोजना गरिएको छ । सम्मेलनमा वाहिनी तथा वाहिनी अन्तर्गत गण गुल्म, शाही रक्षक सैनिक प्रहरी, शाही पार्श्ववर्ती विभाग तथा सैनिक सचिवालयका पदाधिकारी सम्मिलित थिए । यी सबै कार्यालयका विद्यमान समस्या र भविष्यमा अपनाउनुपर्ने रणनीतिबारे विस्तृतमा छलफल गरी निष्कर्ष निकाल्ने सम्मेलनको उद्देश्य रहेको छ ।

नेपालको अनौपचारिक भ्रमणको सिलसिलामा भारतीय प्रधानमन्त्रीका सुरक्षा सल्लाहकार ब्रजेश मिश्र आज काठमाडौँ आएर दरबारमार्गस्थित होटल याक एन्ड यतीमा बस्नुभएको छ । मिश्र आइपुग्नासाथ नेपाल सद्भावना पार्टीका नेता गजेन्द्रनारायण सिंह र हृदयेश त्रिपाठीले होटलमै गएर भेटेको खबर छ ।

## २०५७ जेठ २५ गते बुधबार

सरकारबाट प्रधानमन्त्रीको जाहेरीपछि आज मलाई केही बुँदा बक्स्यो । प्रधानमन्त्रीले 'सुरक्षा परिषद्को अवधारणाबारे गोप्य रूपमा सुझाव लिन मुख्य सचिव र रक्षासचिवलाई एक-एक प्रति दिने विचार गरेको छु, त्यस्तै दरबारबाट पनि उक्त अवधारणाबारे सुझाव आओस्, आगामी दसैँसम्म सबै जिल्लाको सुरक्षा व्यवस्था बलियो बनाउन र सदरमुकाममा सहयोगी भूमिकाका लागि सेना खटाउन पूर्वाधार तयार गर्न प्रधान सेनापतिसँग छलफल भएको छ' भनेर सरकारमा जाहेर गर्नुभएको रहेछ ।

सरकारबाट हिजो भारतीय प्रधानमन्त्री अटल विहारी वाजपेयीका स्वकीय सचिव तथा राष्ट्रिय सुरक्षा सल्लाहकार ब्रजेश मिश्रलाई दर्शनभेट बक्स्यो । दर्शनभेटमा मिश्रले नेपालमा पाकिस्तानी गुप्तचर निकाय (आईएसआई) को गतिविधि बढेको भन्दै चिन्ता व्यक्त गर्नुभएछ । आईएसआईको नेपालका माओवादीसँग सम्पर्क हुन सक्नेप्रति सजगता अपनाउन पनि उहाँको सल्लाह रहेछ । त्यस्तै मिश्रले 'नेपालले भारतमा भइरहेका माओवादी गतिविधिबारे बारम्बार प्रश्न उठाउने गरेको छ । भारतीय सुरक्षा निकायले यसबारे कुनै पनि तथ्य पत्ता लगाउन सकेको छैन' भन्नुभएको रहेछ । उहाँले 'शाही नेपाली सेनाबाट माग भएका कुनकुन सैनिक सामग्री कसरी उपलब्ध गराउने र नेपालले मागेको हेलिकप्टर कस्तो हो भन्नेबारे पनि स्पष्ट होस्, भारत सहयोग गर्न तत्पर छ' भनी जाहेर गर्नुका साथै 'दुवै देशका सेनाध्यक्षहरू आपसी सम्पर्कमा रहेर काम गर्दा दुवै देशलाई फाइदा पुग्छ' भनेर सुझाव दिनुभएको रहेछ । त्यसरी नै मिश्रले 'नेपालको चीनसँग अन्य सम्बन्धका साथै सैनिक सम्बन्ध बढेकोमा समेत भारतको चासो छ, मेरो विचारमा नेपालमा जनसङ्ख्याका हिसाबले कुनै सोचविचार भएको छैन, यसबारे नयाँ हिसाबले सोचविचार हुनुपर्छ, श्री ५ को सरकारद्वारा संसद्मा प्रस्तुत नागरिकता विधेयक पारित भएपछि यसले नेपालको जनसङ्ख्यालाई सम्बोधन गर्नेछ' भन्नुभएको रहेछ । सरकारबाट मलाई 'मिश्रले मसँग उठाएका विषयबारे गम्भीरतापूर्वक विचार गर' हुकुम भयो ।

## २०५७ जेठ ३० गते सोमबार

केही दिनको अविरल वर्षाका कारण सुदूर पश्चिम क्षेत्रका कञ्चनपुर, दार्चुला, डोटी, बर्दिया र कैलाली जिल्लामा आएको बाढीबाट निकै धनजनको क्षति भएको छ । श्री ५ को सरकारले उद्धार तथा राहतको कार्यक्रमका लागि सेनालाई समेत परिचालन गरेको छ । यसै गरी भारतीय साइडमा तटबन्ध बनाइएका कारण बाढीबाट बाँके जिल्लाका पाँच गाविस डुबानमा परेको खबर छ ।

रोल्पाका जिल्ला शिक्षा अधिकारीलाई शैक्षिक गोष्ठीमा सहभागी हुन धनगढी जाने क्रममा दाङ आउँदै गर्दा खुमेल गाविसको सातदोबाटोबाट माओवादीले अपहरण गरेको खबर छ । उहाँको तत्काल रिहाइका लागि पहल गर्न सम्बन्धित निकायलाई निर्देशन गएको छ ।

सेनामा एसएलआर राइफललाई बदली गर्ने सिलसिलामा विभिन्न देशका कम्पनीबाट हतियार झिकाई परीक्षण गर्ने काम भइरहेको छ । यसै अनुरूप जर्मनीबाट हेक्लर एन्ड कोक कम्पनीका दुई थान एचके जी-३६ राइफल केही दिनमा काठमाडौं आइपुग्ने खबर छ ।

## २०५७ असार ८ गते बिहीबार

प्रतिनिधिसभा सार्वजनिक लेखा समितिले हिजो शाही नेपाली सेनाका लागि एभ्रो आरजे-१०० विमान खरिदको प्रक्रिया रद्द गर्न श्री ५ को सरकारलाई निर्देशन दिएको छ । सेनाको कल्याणकारी कोषलाई दीर्घकालीन र नकारात्मक असर पर्ने विमान खरीद प्रक्रिया रोक्न दिएको निर्देशनलाई सकारात्मक रूपमा लिनुपर्ने भनी सरकारमा जाहेर गरे ।

माओवादीले आफ्नो रणनीति अनुसार गत असार १ गतेदेखि छैटौं चरणको कार्यक्रम सञ्चालन गरिरहेको छ । यस अन्तर्गत सरकारसँग वार्ताको माध्यम उपयोग गरेर सकेसम्म बढी फाइदा लिने, सङ्गठन विस्तार गर्ने, लडाकुलाई व्यापक रूपमा प्रशिक्षण दिने, चन्दा अभियान व्यापक बनाउने जस्ता कार्यक्रम राखेको बुझिएको छ ।

भारतले नेपालसँग जोडिएका सीमा क्षेत्रमा नेपालविरोधी गतिविधि गरिरहेको छ । स्थानीय जनतामा नेपालविरोधी भावना बढाउने उद्देश्यका साथ 'नेपालले भारतद्वारा निर्मित तटबन्ध भत्काउन खोजेको छ, सीमा क्षेत्रमा आईएसआईलाई भारतीय नक्कली नोटको कारोबार गर्न र मदरसामा भारतविरोधी गतिविधि गर्न सहयोग गरिरहेको छ' जस्ता भ्रामक प्रचार गरिरहेको छ । यस सन्दर्भमा 'भारतले नेपाललाई लगाएका विभिन्न आरोप र उसको हस्तक्षेपकारी भूमिकाबारे नेपालले भारतका विभिन्न पार्टीका नेतासँग सम्पर्क बढाउनुपर्ने देखिन्छ, साथै चीनसँग राम्रो सम्पर्क बढाउनुपर्ने हुन्छ' भनी केही विज्ञले मलाई सुझाव दिएका छन् ।

भारतको तमिलनाडु राज्य सरकारले उत्तरपूर्वी श्रीलङ्कामा स्वतन्त्र तामिल राज्य खडा गर्न अघि सरेको विद्रोही समूह एलटीटीईलाई समर्थन गरिरहेको छ । भारतको केन्द्र सरकार यसको पूर्णतया विपक्षमा छ । श्रीलङ्कामा यस्ता पृथकतावादी

सङ्गठनलाई समर्थन गरेमा भारतमा पनि पृथकतावादी आन्दोलन हुन सक्ने सम्भावना रहेको उसको आकलन छ । त्यसैले भारत असजिलो स्थितिमा रहेको बुझिन्छ । यो तथ्यका आधारमा श्रीलङ्काले राम्रैसँग खेल खेलिरहेको विश्लेषकको राय छ ।

### २०५७ असार १२ गते सोमबार

महाराजाधिराज सरकार स्वास्थ्य परीक्षणका लागि आगामी असार १६ गते लन्डन सवारी हुने कार्यक्रम बनेको छ ।

प्रधान सेनापतिले आज बसेको राष्ट्रिय सुरक्षा परिषद्को बैठकले यसको अवधारणा पारित गरको सरकारमा जाहेर गर्नुभयो । पारित अवधारणालाई काङ्ग्रेस केन्द्रीय समितिको बैठकले सकारात्मक रूपमा लिएको छ । यो निर्णयपछि माओवादीका विरूद्ध सेना परिचालन गर्न सजिलो भएको समेत काङ्ग्रेस नेताहरूको विश्लेषण छ । सरकारमा जाहेरी गर्दै प्रधान सेनापतिले 'सेनाको सम्पर्क स्रोत मार्फत माओवादी नेताले महाराजाधिराजसँग गोप्य भेटघाट गर्न चाहेका छन्' भन्नुभयो । यस सन्दर्भमा सरकारबाट 'अहिले मैले भेट्नु कुनै पनि हिसाबले सान्दर्भिक छैन, उनीहरूले भेट्न खोजेमा कुनै वरिष्ठ सैनिक अधिकृतले गोप्य रूपमा भेटेर उनीहरूका धारणा बुझे हुन्छ' हुकुम भयो । यसै अवसरमा प्रधान सेनापतिले सेनाले तयार पारेको वेब साइट चाँडै पूरा हुने सरकारमा जाहेर गर्नुभयो ।

### २०५७ असार २२ गते बिहीबार

कुमार मोहनबहादुर शाहीले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई गत १७ गते शनिबार बेलुका प्रधानमन्त्री निवासमा गएर भेटेको खबर छ । मैले यो कुरा सरकारमा जाहेर गरेँ । भेटमा के कुरा भयो भन्ने सम्बन्धमा कुनै जानकारी हुन सकेन ।

माओवादीका धेरै कार्यकर्ता पश्चिमबाट पूर्व गएको खबर छ । उनीहरू त्यहाँबाट सीमा पार गरेर खर्साङ जाने गरेका छन् । त्यहाँ उनीहरूले गोर्खा नेसनल लिबरेसन फ्रन्टबाट आर्थिक सहयोग लिने गरेको बुझिएको छ ।

अमेरिका भ्रमणमा रहेका पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले नेपालका लागि पूर्व अमेरिकी राजदूत जुलिया च्याङ ब्लकलाई भेटेको खबर छ । त्यस्तै जुलियालाई मानव अधिकारवादी हृषीकेश शाहले पनि भेट्नुभयो । शाहले माओवादी नेता डा. बाबुराम भट्टराईले उनलाई लेखेको पत्र हस्तान्तरण गरेको खबर छ ।

माओवादीसँग लडिरहेको नेपाल प्रहरीले हालको अवस्थामा आधुनिक हतियार आवश्यक पऱ्यो भनी सेनासँग एसएमजी हतियार माग गरेको छ ।

भारतीय गृहसचिव कमल पाण्डेको नेतृत्वमा एक प्रतिनिधिमण्डल नेपाल भ्रमणमा आएको छ । भ्रमण दलमा काठमाडौँस्थित भारतीय दूतावासका डेपुटी चिफ अफ मिसन अशोक कण्ठ, भारतीय गुप्तचर संस्था रअका उपप्रमुख नायर, विदेश मन्त्रालयका नेपाल डेस्क हेर्ने सहसचिव मीरा शङ्कर र निर्देशक स्तरका चार डीआईजी छन् । भारतीय पक्षबाट आतङ्कवाद नियन्त्रण, सुपुर्दगी सन्धि, सीमा क्षेत्रमा हुने अवाञ्छित गतिविधि नियन्त्रण

जस्ता विषय उठाइएको छ । त्यस्तै नेपालमा आईएसआईले सञ्चालन गरिरहेको भनिएको नक्कली नोटको कारोबार र लागू पदार्थको ओसारपसारबारे भारतीय प्रतिनिधिमण्डलले नेपाली गृहसचिव पदमप्रसाद पोखरेल र अन्य पदाधिकारीसँगको भेटमा कुरा उठाएको छ । प्रतिनिधिमण्डलले नेपालमा माओवादी समस्या र माओवादीले अपनाएका गतिविधिबारे जान्न खोजेको र माओवादी समस्या नियन्त्रणमा भारतबाट नेपालले कस्तो सहयोग खोजेको छ भन्ने जिज्ञासा राखेको पनि बुझिएको छ । नेपाली पक्षबाट भने भारतमा माओवादीले गैरकानुनी गतिविधि गरिरहेकाले माओवादी पक्षका व्यक्ति र संस्थालाई खुला गतिविधि गर्न नदिन भारतसँग आग्रह गरिएको छ । साथै नेपालमा अर्धसैनिक बल गठन गरी भारतबाट आवश्यक सहयोग लिने सोचाइ भइरहेकोबारे जानकारी गराइएको छ ।

आगामी सोमबार/मङ्गलबार जङ्गी अड्डामा वाहिनीपति सम्मेलन आयोजना गरिएको छ । सम्मेलनमा भाग लिन मलाई पनि बोलाइएको छ ।

प्रज्वल्लशमशेर जबरा प्रधान सेनापति नियुक्त भएपछि सैनिक अधिकृतको बढुवाको सन्दर्भलाई लिएर नकारात्मक टीकाटिप्पणी आइरहेको छ । यस सन्दर्भमा मैले उहाँले गरेका केही पदोन्नति र अवकाशलाई लिएर सेनामा व्यापक असन्तुष्टि रहेकोबारे सरकारमा सुरुदेखि नै जाहेर गर्दै आएको छु । सरकारबाट सुरुमा प्रधान सेनापतिलाई काम गर्न सजिलो होस् भनी एक वर्षसम्म उहाँको सिफारिस अनुसार गर्ने र त्यसपछि अवस्था हेरेर विचार गर्ने हुकुम भएको थियो । यसै सन्दर्भमा, केही समयअगाडि पदोन्नतिको सिफारिस गर्दा महासेनानी प्रह्लादसिंह गुरूङलाई सहायक रथीमा बढुवा गर्ने र महासेनानी उज्ज्वलविक्रम राणालाई वैकल्पिक उम्मेदवारका रूपमा राख्ने भनिएको थियो । सोही अनुसार गुरूङ सहायक रथीमा पदोन्नति हुनुभयो । त्यसको केही समयपछि प्रधान सेनापतिले सहायक रथीको रिक्त दरबन्दीमा पदोन्नतिका लागि महासेनानी वज्र गुरूङको सिफारिस गर्नुभयो । यस पटक पहिलेदेखि नै वैकल्पिक उम्मेदवारका रूपमा रहेका महासेनानी राणाको नाम हटाइएको थियो । यसबारे मैले प्रधान सेनापतिसँग जिज्ञासा राख्दा उहाँले वास्तविकता अनुरूप जवाफ दिनुभएन । पदोन्नतिबारे निर्णय नहुँदै महाराजाधिराज सरकारमा अधिराजकुमारी शान्ति सिंह मार्फत पदोन्नतिमा अन्याय भएको भनी महासेनानी राणाको बिन्तीपत्र पुगिसकेको रहेछ । सरकारबाट 'यसमा के भएको हो, बुझ्नू' भनेर बिन्तीपत्र मलाई बक्स्यो । मैले प्रधान सेनापतिसँग सम्पर्क गरेर 'जारी पदोन्नति र सरकारमा महासेनानी राणाले चढाएको बिन्तीपत्र सम्बन्धमा के हो, बुझेर खबर पाऊँ' भनेँ र उक्त बिन्तीपत्र प्रधान सेनापतिको कार्यालयमा पठाइदिएँ । उहाँबाट पुनः चित्तबुझ्दो जवाफ नआएपछि मैले यो कुरा महाराजाधिराजमा जाहेर गरेँ । सरकारबाट 'अब के गर्ने ? कसरी समाधान गर्ने ?' भनेर हुकुम हुँदा मैले पदोन्नति भएका प्रह्लाद गुरूङ, हाल सिफारिस भएका महासेनानी वज्र गुरूङ र महासेनानी राणाको फाइल अध्ययन गर्ने र सोही अनुरूप राणालाई पदोन्नति दिने या नदिनेबारे निर्णय लिने भनेर बिन्ती चढाएँ । सरकारबाट 'सोही बमोजिम गर्नू' हुकुम भयो । यसै सिलसिलामा आज मैले जङ्गी अड्डा गई

प्रधान सेनापतिलाई भेटैं र उहाँको स्वीकृति लिई सैनिक सचिव विभागमा गएर उपर्युक्त तीनै अधिकृतको फाइल अध्ययन गरैं । फाइल अध्ययन गर्दा व्यावसायिक हिसाबले सबैभन्दा उपयुक्त राणा नै लाग्यो । त्यस अनुसार मैले प्रधान सेनापतिलाई जानकारी गराएँ र महाराजाधिराज सरकारमा जाहेर गरैं । तर प्रधान सेनापतिले पछि जाहेरीको सिलसिलामा 'मैले गरेको निर्णय ठीक छ, सरकारबाट महासेनानी राणालाई पदोन्नति दिनू हुकुम बक्से म पदोन्नति दिन तयार छु, तर उसको कार्यदक्षता छैन, उसलाई कुन स्थानमा राख्ने मलाई समस्या पर्छ' भन्नुभयो । अनि सरकारबाट 'पदोन्नति दिएर राख्ने ठाउँ छैन भने किन पदोन्नति दिने त ?' हुकुम भयो । यसरी यो प्रसङ्ग यत्तिकैमा टुङ्गियो र महासेनानी उज्ज्वलविक्रम राणाको पदोन्नति भएन ।

## २०५७ असार २९ गते बिहीबार

केही दिनअगाडि राष्ट्रवादी युवा मञ्चले आयोजना गरेको कार्यक्रममा देशको आर्थिक दुरवस्थामा कसले ध्यान दिने, माओवादी समस्याले देशमा आतङ्क र गृहयुद्धको सम्भावना निम्त्याइरहेको छ, यसमा किन सरकार र संसद्को ध्यान जाँदैन, राजनीतिक अस्थिरता बढेको छ, विदेशी ऋणमा भएको भ्रष्टाचारमा नेताहरूले जिम्मेवारी लिने कि नलिने, देशको शान्ति-सुरक्षा, जलस्रोत, परराष्ट्र नीति जस्ता कुरामा विदेशी चलखेल भइरहँदा संसद्मा किन आवाज उठ्दैन, राष्ट्रिय हितका विषयमा संसद्मा किन एकता हुन सक्दैन, नागरिकता विधेयक देशको हित नहेरी कसको स्वार्थमा पास गरियो, नेपालको सीमा क्षेत्रमा भारतले एकतर्फी रूपमा बाँध बनाई नेपाली भूमि डुबानमा पर्दा समेत नेपालको प्रशासन किन मौन छ, आदि विषयमा सशक्त रूपमा आवाज उठाइएको थियो । त्यसबाट संसद्को ध्यान आकर्षण भएको छ । संसद्मा पहिलो पटक यस्ता विषयमा चार घण्टा बहस भएको छ ।

मैले पाएको जानकारी अनुसार गत असार १९ गते एक माओवादी नेता गोप्य रूपमा काठमाडौं आएर ललितपुर, सानेपामा बसेका थिए । सानेपामै पूर्वअधिराजकुमार धीरेन्द्र शाहलाई भेटेर उनी असार २१ गते फर्किएको भन्ने खबर प्राप्त भएको छ ।

शान्ति-सुरक्षा सुदृढ गर्न प्रहरीले काठमाडौंमा सक्रियता बढाएको छ । माओवादीले पनि शेरबहादुर देउवा अमेरिकाबाट फर्केपछि वार्ताको कुरा अगाडि बढाउने बुझिएको छ ।

सेनासँग भएका पुराना 'एन्टिक' हतियार बिक्री गरेर आउने करिब ३० लाख डलरबाट नयाँ हतियार किन्ने सन्दर्भमा हाल परीक्षण भइरहेका हतियारमध्ये कुन लिने हो, यसबारे चाँडै निर्णय हुनुपर्ने हुन्छ । त्यस्तै, प्रहरीको माग बमोजिम एसएमजी हतियार उपलब्ध गराउन उपयुक्त हुन्छ । सेनालाई आवश्यक भएको हवाईजहाज किन्ने प्रसङ्गमा टेन्डर गरेर लिनुपर्ने हुन्छ ।

## २०५७ साउन ३ गते मङ्गलबार

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य आशाकाजी बासुकलाले एक कार्यक्रममा 'माओवादीले अपनाएको बाटो ठीक भएकाले पार्टीले आर्थिक सहयोग

पुऱ्याएको छ, आवश्यक परे अन्य सहयोग पनि दिन तयार छौँ' भनेको बुझिएको छ । यसैबीच माओवादीले आफ्नो विशेष प्रभाव रहेका जिल्लामा 'स्थानीय जनवादी सत्ता' सञ्चालनको अभ्यास गर्ने भएको छ । कथित जनयुद्ध सञ्चालनका लागि अर्थ सङ्कलन गर्न शिक्षक, सर्वसाधारणबाट चन्दा उठाउने भएको छ । त्यस्तै व्यापारी, उद्योगपतिबाट कर लिने, कार्यकर्ताबाट लेबी उठाउने, वित्तीय संस्था र 'सुदखोर व्यापारी' लाई आर्थिक कारबाही गर्ने माओवादीको योजना छ । साथै जडीबुटी, लागू पदार्थ र कस्तूरी जस्ता मूल्यवान् वन्यजन्तुको व्यापार बढाउँदै लैजाने खबर आएको छ । सम्भवतः माओवादीले दार्जिलिङको गोर्खा नेसनल लिबरेसन फ्रन्ट (जीएनएलएफ) र श्रीलङ्काको लिबरेसन टाइगर्स अफ तमिल इलम (एलटीटीई) बाट सहयोग पाइरहेको छ ।

अधिराजकुमारी हेलन शाहले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट विदेश जाँदा, आउँदा प्लेनको ढोकैसम्म मोटर लैजाने गरेको भन्ने विमानस्थलका केही कर्मचारीको गुनासो छ । साधारणतया महाराजाधिराज समेत कहीं सवारी होइबक्सँदा भीभीआईपी कक्ष नै प्रयोग गरिबक्सन्छ । त्यसैले अधिराजकुमारी हेलनले पनि भीभीआईपी कक्षबाटै ओहोरदोहोर गर्दा राम्रो हुने देखिन्छ । यो कुरा सरकारमा जाहेर हुँदा 'तिमीले भने अनुसार नै गर्ने व्यवस्था मिलाउन खबर गर्नू' हुकुम भयो ।

शाही रक्षक सैनिक प्रहरीका लागि नयाँ जर्मन हतियार एमपी-५ र ग्लक पेस्तोल प्राप्त भएको हुँदा पुरानो इजरायली उजी र ब्राउनिङ पेस्तोल जङ्गी अड्डालाई फर्काएर विशेष फौजलाई प्रयोग गर्न दिंदा ठीक हुने देखिन्छ ।

संयुक्त राष्ट्रसङ्घको आह्वानमा शान्ति स्थापनार्थ दक्षिणी लेबनानमा शाही नेपाली सेनाका गणहरू धेरै वर्षदेखि कार्यरत छन् । अन्य देशबाट खटिएका सैनिक र गणलाई समय समयमा उनीहरूको देशका सम्बन्धित मन्त्री, सरकार प्रमुख तथा राष्ट्र प्रमुखबाट निरीक्षण भ्रमण भई हौसला प्रदान हुने गरेको छ । त्यसै गरी, हाम्रो देशको सेनाको गणको निरीक्षण तथा सैनिकलाई हौसला प्रदान गर्न युवराजाधिराज सरकारको सवारी चलाउन उपयुक्त हुन्छ ।

लमजुङ जिल्लाको चक्रतीर्थ गाविस वडा नं. १ कुमाल गाउँमा माओवादीको एम्बुसमा परी प्रहरी नायब निरीक्षक दिलबहादुर जीसीको मृत्यु भएको छ । अन्य दुई जवान गम्भीर घाइते भएको खबर छ ।

आज सरकारबाट मलाई 'शाही रक्षक वाहिनी र गणमा दलित नेपाली भर्ना भएका छन् कि छैनन्, यदि छैनन् भने तुरुन्त भर्ना गर्न लगाऊ, त्यहाँका भान्सामा दलित सैनिकले कसरी खाना खाने गरेका छन्, तिमी आफैं गएर त्यो बुझ्नु र उनीहरूसँगै बसेर खानू' हुकुम भयो । साथै सरकारबाट 'पल्टनको पूजाआजा तथा निसान छुने सम्बन्धमा पनि कुनै भेदभाव नहोस् भनेर त्यहाँको कमान्डरलाई स्पष्ट निर्देशन देऊ' हुकुम भयो । सरकारको निर्देशन बमोजिम मैले वाहिनीमा खबर गरी गोरखबहादुर गणमा भोलि बिहानको खाना खाने कार्यक्रम मिलाएँ । वाहिनीपति गजेन्द्रबहादुर लिम्बूलाई समेत खाना खान आउनू भनेर आग्रह गरेको छु ।

## २०५७ साउन १० गते मङ्गलबार

गत आइतबार प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पूर्व शाही पार्श्ववर्ती उपरथी ताराबहादुर थापाको निवास महाराजगन्ज गई एक घण्टा छलफल गरेको बुझिएको छ । छलफलमा अन्य विषयका अतिरिक्त सेनाका लागि आवश्यक नयाँ हतियार खरिद गर्ने सम्बन्धमा कुरा भएको बुझिएको छ ।

रक्षासचिव केशवराज राजभण्डारीले मलाई फोन गरेर 'प्रधान सेनापतिले बजेट खर्च रकमान्तर तथा सामान खरिद जस्ता विषयमा दरबारबाट स्वीकृत भइसक्यो, तुरुन्त रक्षा मन्त्रालयबाट पास गरिदिनुपर्‍यो भन्नुहुन्छ, यस्ता विषयमा परम्परागत कार्यशैलीभन्दा पनि नियम बनाएर कार्य गर्दा पारदर्शी हुन्छ, यसबारे दरबारबाट सोचविचार हुनुपर्‍यो' भनेर सुझाव दिनुभयो ।

राष्ट्रिय अनुसन्धान विभागका पूर्व मुख्य अधिकृत हरिबाबु चौधरी आज मलाई भेट्न कार्यालयमा आउनुभयो । देशको वर्तमान परिस्थितिबारे आफ्नो विश्लेषण सुनाउँदै मसँग उहाँले भन्नुभयो, 'म देश र राजसंस्थाका लागि कुनै पनि काम गर्न तयार छु । कुनै पनि राजनीतिक दलमा आबद्ध भएको छैन । तर काङ्ग्रेससँग नजिक छु । म थारू समुदायबाट आएको हुँदा सबै पार्टीले सरसल्लाह माग्ने गरेका छन् । भारतीय राजदूतावाससँग पनि मेरो सम्पर्क राम्रो छ । सरकारको अनुकूल समयमा दर्शनभेट मिलाइदिनुपर्‍यो ।'

निजी कामको सिलसिलामा बेलायत भ्रमणमा रहेका सांसद नारायणसिंह पुनले आज मलाई फोन गरेर 'म जनरल सर शाम काओनलाई भेट्दै छु, बेलायत आउनुअघि प्रधानमन्त्री कोइरालाले मलाई राष्ट्रिय सुरक्षा परिषद्बारे सल्लाह दिनुपर्‍यो भन्नुभएको थियो, यसै प्रसङ्गमा बेलायतको राष्ट्रिय सुरक्षा परिषद्को संरचनाबारे छलफल गर्न लागेको छु' भन्नुभयो । साथै पुनले पहिले पनि जनरल काओनले आफूसँग भूतपूर्व ब्रिटिस गोर्खाको समयसमयमा उत्पन्न हुने समस्या र विवादबारे कुरा गरेको र यस पटक पनि त्यस्ता कुरा हुन सक्ने बताउनुभयो ।

माओवादी हत्या-हिंसा सुरु भएपछि नेपाल प्रहरीमा हालसम्म केही अधिकृत सहित दुई सय प्रहरी जवानको मृत्यु भएको छ । दुई जवान प्रहरी निरीक्षकलाई बर्खास्त गरिएको छ भने १६ जना प्रहरी निरीक्षक भगौडाका रूपमा रहेका छन् । हतियार र तालिमबिना माओवादीका विरूद्ध होमिएकोमा प्रहरीभित्र ज्यादै असन्तुष्टि छ । यसबारे समयमै नसोच्ने हो भने वरिष्ठ अधिकृतका विरूद्ध विद्रोह हुने सम्भावना छ । प्रहरीलाई सेनाले तालिम गराउने सिलसिलामा आजदेखि सेनाको जङ्गल वारफेयर शिक्षालय, अमलेखगन्जमा कमान्डो तालिम सुरु भएको छ । आगामी १५ गतेदेखि अरू स्थानमा पनि तालिम सुरु हुने भएको छ ।

राजनीतिक पार्टीका नेता तथा कार्यकर्तालाई भौतिक कारबाही गर्ने नीति अनुरूप माओवादीले काङ्ग्रेसका जिल्लास्तरीय नेता लालचन्द्र बोहरा (गुल्मी), दण्डपाणि तिमिल्सिना (दैलेख), भक्तबहादुर बस्नेत (भोजपुर) र चन्द्रनारायण यादव (सिराहा) को हत्या गरेको छ ।

संसद्मा नागरिकता विधेयकमाथि मतदान हुँदा प्रस्तावको पक्षमा काङ्ग्रेसको १०८

मत परेको छ । मतदानका बखत पाँच विपक्षी दलले सदन बहिष्कार गरे भने उपसभामुख चित्रलेखा यादव, महेश आचार्य, खेमराज भट्ट मायालु, नारायण पौडेल अनुपस्थित थिए ।

नौ वाम पार्टीका नेता लक्ष्मणपुर बाँध निरीक्षण गर्न गएका छन् । उनीहरूले काठमाडौँमा आमसभा गरी आगामी १८ गते उपत्यका बन्दको कार्यक्रम आयोजना गर्ने बुझिएको छ ।

## २०५७ साउन १२ गते बिहीबार

मध्यपश्चिमका चार पहाडी जिल्लामा माओवादीले 'जनसत्ता' सञ्चालन गरिरहेका छन् । मुलुकको सुरक्षा स्थिति भयावह बन्दै गइरहेको छ । दलहरूले देशमा सुशासन कायम गर्न नसकिरहेको अवस्थामा राजदरबारको भूमिका के हुनुपर्छ भनेर दरबारमा छलफल भइरहेको छ । अब राष्ट्रिय हित र सुरक्षाका विषयमा राजदरबारको भूमिका देखाउनुपर्ने हुन्छ । राजनीतिक पार्टीहरूसँग प्रत्यक्ष द्वन्द्व नगरी जनताको हितका लागि राजदरबारले केही कदम चाल्नुपर्नेबारे सार्वजनिक बहस हुन आवश्यक छ । यसका लागि सञ्चार माध्यमलाई प्रयोग गर्न जरूरी हुन्छ ।

माओवादी समस्या समाधानका लागि सेना परिचालन हुनुपर्छ भन्ने सोच पहिलेदेखिकै हो । तर श्री ५ को सरकारबाट यसबारे गम्भीरतापूर्वक विचार गरिएको छैन । तालिमको सिलसिलामा प्रहरीसँग भएको प्रत्यक्ष संवादबाट सेना परिचालन हुन ढिलो भइसकेको प्रस्ट भएको छ । त्यसैले शान्तिको समयमा प्रहरीलाई सहयोगका लागि भए पनि सेना परिचालनका लागि अहिले नै आवश्यक पूर्वाधार तयार गर्नुपर्ने हुन्छ । सैनिक तालिम केन्द्रहरूमा तालिम गर्न आएका प्रहरीको मनोबल ज्यादै न्यून देखिएको छ । प्रहरीले आफूलाई जबर्जस्ती तालिममा पठाएको र तालिमपछि माओवादीसँग लड्न जानुपर्ने तर कुनै विशेष सुविधा समेत नपाइने जस्ता गुनासो गरेको बुझिएको छ । यो कुरा प्रधानमन्त्री र सुरक्षा प्रमुखहरूलाई जानकारी गराउँदा राम्रो हुन्छ ।

## २०५७ साउन २० गते शुक्रबार

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भारत भ्रमण गत सोमबारदेखि सुरू भएको छ । यसलाई भारतीय पक्षले 'सकारात्मक र सद्भावना' भ्रमण मानेको छ । प्रधानमन्त्री कोइरालाको भ्रमणमा केके विषयमा छलफल भयो या सहमति भयो भन्नेबारे विस्तृत रिपोर्ट तयार पार्नू भनेर खबर भएको छ ।

माओवादीले काठमाडौँ उपत्यकाका सरकारी विद्यालयमा भर्ना शुल्क नलिन, राष्ट्रिय गान नगाउन र संस्कृत विषय अध्यापन नगराउन धम्की दिएको बुझिएको छ ।

लेबनानस्थि संयुक्त राष्ट्रसङ्घीय शान्तिसेनाका फोर्स कमान्डर सेनाको गण बदली हुँदा नेपाल आउन चाहेका छन् ।

प्रहरी प्रधान कार्यालयले सात जना भगुवा प्रहरी निरीक्षकलाई बर्खास्त गरेको छ ।

सरकारबाट मलाई यो वर्ष संयुक्त राष्ट्रसङ्घबाट सेनालाई कति रकम आउँछ,

त्यसबाट मूलधनमा कति जान्छ र त्यसपछि मूलधनमा कति रकम हुन्छ, मूलधनबाट कति ब्याज आउँछ भन्ने जानकारी लिई उक्त ब्याज अनुसार कल्याणकारीको आगामी वर्षको बजेट निर्माण गर्न उचित हुन्छ भनी निर्देशन बक्स्यो । त्यस्तै सरकारबाट युएनले 'डिप्रिसिएसन' बापत कति रकम दिन्छ, त्यो रकम आएपछि कल्याणकारी कोषमा ब्याज सहित कति रकम हुन्छ, यसबाट के गर्ने सेनाको योजना छ भन्नेबारे जिज्ञासा राखिबक्सी कल्याणकारीको मूलधनबाट श्री ५ को सरकारको 'ट्रेजरी बिल' र 'सेक्युरिटी बन्ड' खरिद गरी उक्त रकम सेनाको पूर्वाधार निर्माणका लागि प्रयोग गर्ने नीति बनाउन पहल गर्न निर्देशन बक्स्यो ।

मैले प्रमुख सैनिक सचिवालयको जिम्मेवारी सम्हालेदेखि नै प्रधान सेनापतिसँग सेनाको नीतिगत विषयमा केही मतभिन्नता आइरहेको छ । यो कुरा मलाई सरकारबाट पनि सोधिबक्सेको छ । त्यस्तै युवराजाधिराजबाट पनि यसबारे मलाई जिज्ञासा राखिबक्सेको थियो । सरकारहरूलाई मैले बिन्ती गरैं, 'मेरो कुनै व्यक्तिगत स्वार्थ छैन । मैले मेरा कुनै पनि व्यक्तिगत विषयमा प्रधान सेनापतिसँग कुरा गरेको छैन । कुनै पनि विषयमा नियम-कानुनसम्मत हिसाबले निर्णय होस् भन्ने गरेको छु । निष्पक्ष हिसाबले आफ्नो विचार प्रधान सेनापतिलाई भन्ने गरेको छु । विगतमा पदोन्नतिको विषयलाई लिएर समेत सरकारमा जाहेर भएकै छ ।'

यसै प्रसङ्गमा प्रधान सेनापतिका सैनिक सहायक महासेनानी रणध्वज लिम्बू (उहाँले पहिले सैनिक सचिवालयमा समेत काम गर्नुभएको थियो) मलाई भेट्न आज साँझ कार्यालयमा आउनुभयो । उहाँले भन्नुभयो, 'चिफसाब र जर्साबबीच सौहार्दपूर्ण वातावरण छैन । सौहार्दपूर्ण सम्बन्ध भएन भने काम गर्न असजिलो हुन्छ । कुनै विषयमा मनमुटाव छ भने म चिफसाबसँग कुरा मिलाउन प्रयत्न गर्छु । हरेक महिनाको तेस्रो साताको एक दिन जर्साब प्रधान सेनापतिको कार्यालय आएर चिफसाबसँग अनौपचारिक छलफल गरे धेरै हदसम्म आपसी सद्भाव र विश्वासको वातावरण बन्नेछ । केही अविश्वास र असहज अवस्था भएमा आफैं हटेर जानेछ ।' मैले उहाँलाई यस विषयमा सरकारबाट समेत मलाई सोधिबक्सेको प्रसङ्ग सुनाएँ । अनि उहाँका कुरा सहर्ष स्वीकार गरैं । प्रत्येक महिनाको तेस्रो साता समय मिलाएर चिफसाबसँग आपसी छलफल हुने निधो भयो । साथै उहाँले 'मिल्यो भने आगामी सोमबारको समय मिलाउँछु' भन्नुभयो ।

## २०५७ साउन २३ गते सोमबार

प्रधान सेनापतिका सैनिक सहायक लिम्बूले समय मिलाए अनुसार आज चिफसाब र मेरो बीचमा भेट भयो । चिफसाब आफ्नै तर्कको पक्षमा जबर्जस्त ढङ्गले प्रस्तुत हुनुभयो । मैले नरम शब्दमा उहाँलाई भनैं, 'नियम-कानुनको परिधिमा रहेर काम गर्दा कुनै पनि किसिमको आक्षेप आउँदैन । सेनामा निष्पक्षता र न्यायको जरूरत पर्छ । आस र त्रास सबैमा समान रूपले मान्य हुनुपर्छ ।' कुरैकुरामा उहाँले अचम्मलाग्दो तवरमा अस्वाभाविक स्वरमा भन्नुभयो, 'म सेनाको अधिकृत क्याडेटमा भर्ना भई अहिले प्रधान सेनापति भइसकैं । मैले सबै कुरा प्राप्त गरैं । मलाई अरू के चाहियो ? मलाई ठीक

लागेको काम गर्छु ।' उहाँका कुरा सुनेर म जिल्ल परेँ । मैले उहाँलाई भनेँ, 'सर, म पनि राजदरबारको वरिष्ठ सैनिक पदमा पुगिसकेँ । रथी भइसकेँ । यसपछि मैले पाउने केही छैन । तर चिफसाब त आफ्नो कार्यावधिपछि पनि राजदूत या अतिरथी हुने सम्भावना छ । त्यसैले चिफसाबमा मात्र सीमित हुने हजुरको कुरा मलाई त असान्दर्भिक लाग्यो ।' मेरा कुरा सुनेर उहाँ जिल्लिनुभयो र वास्तविकता बुझे जस्तो गर्नुभयो ।

मैले चिफसाबसँग गरेका कुरा महाराजाधिराज र युवराजाधिराजमा जाहेर गरेँ । सरकारहरू दुवै हाँसिबक्स्यो मात्र ।

प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलले फोन गरेर भन्नुभयो, 'दरबारको दक्षिण ढोकाअगाडि आइतबार राति भएको दुर्घटनामा मोटरसाइकल चालक गायक प्रवीण गुरूङको घटनास्थलमै मत्यु भयो । दुर्घटनापश्चात् मोटर नरोकिई तेज गतिमा भागेर केशरमहल, लाजिम्पाट हुँदै अगाडि गयो । पानीपोखरीमा प्रहरीले रोक्न खोज्दा नरोकिई अझ बढी गतिमा अगाडि बढ्यो र निर्मल निवासमा छिऱ्यो ।' उहाँले उक्त ल्यान्डक्रुजर मोटरको नम्बर समेत मलाई दिनुभयो । मैले उहाँलाई 'यो के भएको रहेछ, विस्तृतमा बुझेर खबर गर्छु' भनेँ । तत्कालै महाराजाधिराजमा यो कुरा जाहेर गरेँ । सरकारबाट 'माइला भाइ (अधिराजकुमार ज्ञानेन्द्र) लाई फोन गरेर तुरून्त बुझ' हुकुम भयो । त्यस अनुसार मैले ज्ञानेन्द्र सरकारलाई फोन गरेँ । सरकारलाई पनि यसबारे केही जानकारी रहेनछ । 'म बुझेर खबर गर्छु' हुकुम भयो । करिब आधा घण्टापछि ज्ञानेन्द्र सरकारको फोन आयो र हुकुम भयो, 'विवेक, यस इट इज हिम, त्यो मोटर पनि हो र पारसले चलाएको रहेछ, अब यो समस्या कसरी समाधान गर्ने, उपाय निकाल ।' त्यस बेला सरकार एकदमै आत्तिएको अवस्थामा भएको मलाई लाग्यो ।

मैले महाराजाधिराजमा तत्कालै यो कुरा जाहेर गरेँ । सरकारबाट 'यस्तो गम्भीर घटनाबाट पारस मस्ट लर्न द लेसन, कानुनी प्रक्रिया पुऱ्याएर के गर्न सकिन्छ, यो समस्यालाई कसरी समाधान गर्न सकिन्छ, विचार गर, आईजीपीसँग पनि कुरा गर' हुकुम भयो ।

## २०५७ साउन २४ गते मङ्गलबार

गायक प्रवीण गुरूङको दुर्घटनाको विषयलाई लिएर मैले प्रहरी महानिरीक्षकसँग परामर्श गरेँ । उहाँले 'उक्त नम्बरको मोटरले दुर्घटना गराएको कुराको जिम्मेवारी लिनैपर्छ तर कुनै ड्राइभरलाई उपस्थित गराएर सजाय ब्यहोर्न लगाउने व्यवस्था गरौँ, मृतकको परिवारलाई क्षतिपूर्ति दिनु उचित हुन्छ' भनेर मलाई समस्या समाधानका लागि प्रस्ताव गर्नुभयो । त्यसै अनुसार मैले यो कुरा सरकारहरूमा जाहेर गरेँ । उता ज्ञानेन्द्र सरकारका शाही पार्श्ववर्ती महासेनानी प्रकाशविक्रम शाहले पनि उपत्यकाका प्रहरी प्रमुख डीआईजीसँग कुरा गर्नुभएको रहेछ । उनले पनि 'कुनै काल्पनिक ड्राइभर तयार पार्नु राम्रो हुन्छ, अहिले तत्कालै मृतकका परिवारलाई राहत दिने र भविष्यमा मृतकका

छोराछोरीलाई पढाइ दिने व्यवस्था गर्दा राम्रो हुन्छ' भन्ने सल्लाह दिएका रहेछन् ।

दुर्घटनाको विषयलाई लिएर विभिन्न एफएम, कान्तिपुर लगायत केही दैनिक तथा साप्ताहिक पत्रिकाले व्यापक र मुख्य समाचारका रूपमा प्रचार-प्रसार गरेका छन् । संसद्मा पनि यस विषयमा कुरा उठेको छ । विभिन्न राजनीतिक दलले पनि राजदरबारको छविमा आँच आउने गरी प्रतिक्रिया दिए । मालेको भ्रातृ सङ्गठन अनेरास्ववियुका नेता रूपनारायण श्रेष्ठ र रवीन्द्र अधिकारीको नेतृत्वमा जुलुस प्रदर्शन भएको छ । जुलुसले विभिन्न स्थानमा चक्काजाम गर्नुका साथै 'हत्यारा पारसलाई कारबाही गर, हत्यारा पारस मुर्दावाद, हत्यारा दरबारमा होइन जेलमा बस्नुपर्छ, राजसंस्था जनताको रक्षक होइन भक्षक हो, हत्यारालाई प्रहरीले सुरक्षा दिएर कति राख्छ ? हत्याको बदला लिन्छौं लिन्छौं' जस्ता नारा लगाएको खबर छ ।

## २०५७ साउन २६ गते बिहीबार

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पूर्व शाही पार्श्ववर्ती उपरथी ताराबहादुर थापालाई गत २४ गते उहाँकै निवासमा गएर पुनः भेट्नुभएको छ । सेनाले किन्न लागेको आधुनिक हतियार र आरजे-१०० विमान खरिद सम्बन्धी विषयमा विस्तृतमा छलफल गर्न उहाँहरूबीच बारम्बार भेट भएको हुन सक्छ ।

काठमाडौं आएका बेला भारतका लागि शाही नेपाली राजदूत डा. भेषबहादुर थापाले मलाई भेट्नुभयो । नेपालको वर्तमान परिस्थितिप्रति चिन्ता व्यक्त गर्दै उहाँले भन्नुभयो, "अहिले मुलुकको छवि क्षेत्रीय र अन्तर्राष्ट्रिय जगत्मा निकै खस्किएको छ । प्रधानमन्त्री कोइरालाले काङ्ग्रेस पार्टीलाई समेत समेट्न सक्नुभएको छैन । उहाँ आफ्ना केही विश्वासपात्रको भरमा हुनुहुन्छ । उहाँले परराष्ट्रमन्त्री चक्रप्रसाद बाँस्तोला र गृहसचिव पदमप्रसाद पोखरेललाई विश्वासमा लिएको बुझेको छु । परराष्ट्रमन्त्री बाँस्तोला भारतको साउथ ब्लकका तल्लो स्तरका कर्मचारीमा नेपालको राजसंस्थाविरोधी भावना बढाउन सफल भएको देखिन्छ । 'कोइराला परिवारलाई विश्वास गर्नु हुँदैन, उनीहरूले सत्ता र शक्तिका लागि जे पनि गर्छन्' भनेर पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले भनेको कुरा याद आउँछ । अहिले नयाँ दिल्लीको सोचाइमा वामपन्थी र दक्षिणपन्थी धारलाई दरबार र दरबारियाले च्यापेको हुँदा नेपालमा प्रजातन्त्र हुर्कन समस्या छ । प्रधान सेनापति धर्मपालवरसिंह थापा र भारतका स्थल सेनाध्यक्ष भीपी मलिकको अवकाशपछि यी दुई देशका सेनाबीच सम्बन्ध घनिष्ठ हुन सकेको छैन । प्रधान सेनापति प्रज्वल्लशमशेर जबराले पहिलो औपचारिक भ्रमण चीन गरेकाले भारतले शङ्का गरेको हुन सक्छ । यस अवस्थामा राजदरबारको भारतीय नेतासँग कस्तो सम्बन्ध छ ? के गरेर सम्बन्ध बढाउने हो ? कस्ताकस्ता व्यक्ति प्रयोग गर्ने ? यसबारे विचार-विश्लेषण हुन जरूरी छ । राजदरबारले प्रयोग गरेका व्यक्तिलाई भारतले केवल खबर लिने व्यक्तिका रूपमा प्रयोग नगरोस् । यसमा विशेष सतर्कता अपनाउनुपर्छ ।"

काङ्ग्रेसमा पुनः सत्ता परिवर्तनको अस्वस्थ किचलो सुरु भएको छ । प्रधानमन्त्री

कोइरालाका विरूद्ध पार्टीको संसदीय दलमा अविश्वासको प्रस्ताव दर्ता गर्ने पहल सुरु भएको छ । यसमा नेता खुमबहादुर खड्काको विशेष हात छ भनेर कोइरालाले उहाँका विरूद्ध भ्रष्टाचारको अभियोगमा कारबाही चलाउने योजना बनाउनुभएको छ । प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलले खड्कालाई भ्रष्टाचारको अभियोग लगाउन फाइल तयार गरी प्रधानमन्त्रीलाई दिनुभएको बुझिएको छ ।

प्रधान सेनापति प्रज्वल्लशमशेर जबराले शाही नेपाली सेनाको कमान्ड तथा स्टाफ कलेजमा आयोजित समारोहमा माओवादी गतिविधिले मुलुकलाई ग्रस्त पार्दै लगेको बताउँदै बृहत राष्ट्रिय हितका लागि राष्ट्रिय सुरक्षा परिषद्‌लाई सक्रिय बनाउनु पर्ने धारणा राख्नुभयो । उहाँले त्यहाँ बोल्नुअघि दरबार त्यसबारे सोध्नु समेत भएको थियो ।

## २०५७ साउन २७ गते शुक्रबार

मोटर दुर्घटनामा गायक प्रवीण गुरूङको मृत्यु भएको विषयलाई लिएर शाहज्यादा पारसप्रति लक्षित नकारात्मक समाचार आउने क्रम जारी छ । यसबारे श्री ५ को सरकारको कुनै प्रतिक्रिया आएको छैन । एफएम र पत्रपत्रिकाबाट घटनालाई राजनीतीकरण गर्ने काम भइरहेको छ । पार्टीहरूले पनि त्यही काम गरिरहेका छन् । यसै विषयमा प्रकाशित राप्रपाको वक्तव्य 'संसद्‌मा केही नबोल्ने तर बाहिर अरूलाई उचाल्ने' जस्तो देखिन्छ । यस विषयमा दरबारले केकस्तो सोचाइ राख्ने हो ? राजदरबारले प्रधानमन्त्रीलाई भनेर यस दुर्घटना सम्बन्धी फाइल मगाउने या राजाले प्रधानमन्त्रीसँग छलफल गर्ने ? 'किङ इन पार्लियामेन्ट' को दृष्टिले के गर्दा उपयुक्त हुन्छ ? दरबारले साधारण जनताको प्रतिक्रियालाई कसरी 'डिल' गर्ने जस्ता विषयबारे निर्णय लिनु जरूरी छ ।

सरकारबाट मलाई 'दुर्घटना सम्बन्धमा आएका समाचार विश्लेषण गर्दा आईजीपी खरेल दरबार र विरोधी पक्ष दुवैतिर खेलिरहेको प्रतीत हुन्छ, यसबारे सचेत हुन आवश्यक छ' हुकुम भयो । त्यस्तै, माओवादीसँग मुकाबिला गर्ने सन्दर्भमा सरकारबाट हुकुम भयो, 'माओवादीले कम्पनी स्तरको लडाकु दस्ता तयार गरेको सूचना आएको छ । यस्तो लडाकु दस्तासँग सेनाको इन्डिपेन्डेन्ट कम्पनीले मुकाबिला गर्न सक्छ कि सक्दैन ? यसबारे समयमै विचार हुनुपर्छ । माओवादीले यसरी लडाकु दस्ता बढाउँदै जाने हो भने सेनाले कति समय कुरेर बस्ने ? यदि सेना परिचालन भएमा 'रिजर्भ फोर्स' का रूपमा कसलाई परिचालन गर्ने ? यदि भूपू सैनिकलाई रिजर्भ फोर्सका लागि तयार गर्ने हो भने यो काम अहिले थालिहाल्नुपर्छ । माओवादीसँगको भिडन्तमा लजिस्टिकको आवश्यकता बढी पर्ने हुँदा यसबारे अहिले नै सोचविचार हुनुपर्छ । एमनेस्टी इन्टरनेसनलले नेपालमा माओवादीले बालसैन्य प्रयोग गरेको भन्ने समाचार दिएकाले उसले माओवादीलाई सैन्य शक्तिका रूपमा स्वीकार गरेको देखिन्छ । यस स्थितिमा सेना परिचालनपछि सेनाका विरूद्ध मानव अधिकार हननको कुरा उठ्न सक्नेबारे अहिलेदेखि नै संवेदनशील भएर सचेत हुन आवश्यक छ । सेनासँग यी विषयमा कुरा गर ।'

## २०५७ साउन ३० गते सोमबार

काङ्ग्रेसमा बढेको विवाद मिलाएर पार्टीलाई एक ढिक्का बनाउन पहल गर्न भारतका दुई सांसद काठमाडौं आएका छन् । यसै क्रममा भैंसेपाटीस्थित कृष्णप्रसाद भट्टराईको निवासमा प्रधानमन्त्री कोइराला र उहाँबीच भेटवार्ता भयो । उहाँहरूबीच वार्ता भइरहेको बेला भारतीय दूतावासको नम्बर प्लेट भएको गाडी भट्टराई निवासमा देखा पर्‍यो । खबर अनुसार, काठमाडौं आएका ती दुई भारतीय सांसद त्यहाँ पुगेका थिए । उनीहरूले दुवै वरिष्ठ नेतालाई 'अहिलेको समयमा तपाईंहरू फरक मत लिएर होइन एकमत भएर अगाडि बढ्नुपर्छ, पारसले गरेको दुर्घटना र दरबारले यसबारे लिने रणनीतिबाट काङ्ग्रेसले फाइदा लिन सक्नुपर्छ, साथै प्रधान सेनापतिले राष्ट्रिय सुरक्षा परिषद्लाई सक्रिय पार्ने सम्बन्धमा दिएको अभिव्यक्तिलाई हलुका रूपमा लिन मिल्दैन, नेपालमा प्रजातन्त्रका लागि काङ्ग्रेस एक ढिक्का हुनुपर्छ' भनेर सल्लाह दिएको बुझिएको छ । कोइराला र भट्टराईको आजको भेटपछि पार्टीमा अब सबै ठीक छ भन्ने सन्देश प्रवाह गर्ने सहमति भएको छ ।

## २०५७ भदौ १ गते बिहीबार

शाही रक्षक सैनिक प्रहरीका मुख्य अधिकृत महासेनानी खड्गबहादुर गुरूङ आज मलाई भेट्न आउनुभयो । उहाँले व्यक्तिगत कारणबाट राजीनामा दिने मनसाय प्रकट गर्नुभयो । मैले उहाँलाई 'पुनर्विचार गर्नुस् किनभने एक-दुई वर्षभित्र तपाईंको पदोन्नति हुन्छ, अहिले राजीनामा दिएर के गर्ने विचार गर्नुभएको छ ?' भनेर सोधेँ । उहाँले खासै प्रस्ट जवाफ दिनुभएन । मैले उहाँलाई 'एक सातासम्म सोचेर मात्र निर्णय लिनुस्' भनेँ ।

सत्तारूढ काङ्ग्रेस पार्टीमा आन्तरिक द्वन्द्व बढ्दै गएकाले पार्टी फुट्ने सम्भावना देखिन्छ । यसो भएमा मिलीजुली सरकार बन्न सक्छ । यस अवस्थामा दरबारले पनि आफ्नो रणनीति छिट्टै तय गर्नुपर्ने हुन्छ । यस परिप्रेक्ष्यमा राष्ट्रिय सुरक्षा परिषद्को अवधारणा पास हुनुपर्छ । माओवादीले आफ्नो क्षमता सुदृढ गरिरहेकाले सेनाले पनि हातहतियार तथा लजिस्टिकका सामग्री बेलैमा व्यवस्था गर्नुपर्ने हुन्छ ।

यसै सन्दर्भमा सरकारबाट आज मलाई 'सेनाको कल्याणकारी कोषको रकमबाट बैङ्क खोल्ने र सैनिक अस्पताललाई आवश्यक पर्ने औषधि लगायत अन्य उपकरण खरिद गर्ने विषयमा के भइरहेको छ ?' भनी प्रश्न गरिबक्स्यो ।

गायक प्रवीण गुरूङको दुर्घटनाबाट मृत्यु भएको विषयलाई लिएर निकै विवाद भइरहेको छ । यो विवाद साम्य पार्न खड्गबहादुर भुजेल नाम गरेको ड्राइभर भेट्टाइएको छ । भुजेललाई प्रहरीसामु आत्मसमर्पण गर्न लगाउने तय भयो । यो घटनालाई जतिसक्दो चाँडो कानुनी रूपबाट टुङ्ग्याउनुपर्ने हुन्छ ।

योगी नरहरिनाथ नेपालगन्जमा बिरामी भएको खबर आएकाले भोलि उपचारका लागि काठमाडौं ल्याउन सेनाको हेलिकप्टर बन्दोबस्त गरिएको छ ।

प्रधान सेनापतिले आज मलाई फोन गरेर 'गुह्येश्वरी मन्दिरको पूर्वतिर एयरपोर्टमुनि

सेनाको रेखदेखमा रहेको खाली जग्गामा नौ होलको गल्फ कोर्स र क्लब भवन तयारी भइसकेको छ, उक्त गल्फ क्लबको समुद्घाटनका लागि युवराजाधिराजलाई जाहेर गरिदिनू' भन्नुभएको छ । यसबारे मैले महाराजाधिराजमा जाहेर गरेँ । सरकारबाट फर्केर 'यो अहिले सेनाको प्राथमिकतामा पर्ने विषय हो कि होइन ?' भनेर प्रश्न गरिबक्स्यो । सरकार यो गल्फ क्लबको योजना पेस गर्दैदेखि यसको पक्षमा होइबक्सन्नथ्यो । विकास निर्माणको रकमबाट गल्फ कोर्स बनाउनु कत्तिको मनासिब कार्य हो भनेर त्यही बेला सरकारबाट प्रधान सेनापतिलाई प्रश्न समेत गरिबक्सेको थियो । प्रधान सेनापतिले पूर्व प्रधान सेनापतिका पालामा यस्तै रकमबाट छाउनीस्थित सैनिक अस्पताल भवन र टुँडिखेलको सैनिक अधिकृत क्लब बनेको कुरा जाहेर गर्नुभयो । युवराजाधिराज सरकारबाट उक्त गल्फ कोर्सको समुद्घाटनका लागि आगामी भदौ २३ गतेको समय बक्सेको छ ।

## २०५७ भदौ ८ गते बिहीबार

रक्षासचिव केशवराज राजभण्डारीले फोन गरेर 'मलाई भारतीय रक्षासचिवले आगामी सेप्टेम्बर तेस्रो साता भारत भ्रमणका लागि निमन्त्रणा गर्नुभएको छ, सेनाका लागि हातहतियार तथा अन्य सैनिक सामग्रीबारे छलफल गर्न उपयुक्त समय भएकाले भ्रमणमा जानु राम्रो हुन्छ, सरकारमा जाहेर गरेर खबर पाऊँ' भन्नुभयो ।

शाही रक्षक सैनिक प्रहरीका मुख्य अधिकृत महासेनानी खड्गबहादुर गुरूङले राजीनामा दिनुभयो । मैले उहाँलाई नियम अनुसार शाही जङ्गी अड्डाको सैनिक सचिव विभागमा गएर राजीनामा बुझाउनुस् भनेँ । साथै यो विषय सरकारमा जाहेर भइसकेकाले मैले सैनिक सचिव विभागमा फोन गरेर महासेनानी गुरूङको राजीनामा स्वीकृत गरिदिनू भनेर खबर गरेँ ।

महाराजाधिराजको सोचाइ अनुसार नै गत वर्षदेखि सेनालाई चमू (कोर) अवधारणामा सञ्चालन गर्नेबारे छलफल भइरहेको छ । यसका लागि सेनामा कार्यटोली गठन गरी प्रस्ताव पेस गर्न निर्देशन भएको थियो । उक्त कार्य टोलीले तयार पारेको प्रस्तावबारे आज शाही जङ्गी अड्डामा सरकारमा जाहेर भयो । चमू अवधारणा अनुसार शाही जङ्गी अड्डा नीति निर्माण तह, रक्षा मन्त्रालय, राजदरबारसँग समन्वय, मानव संसाधन, तालिम र सैनिक सामग्री खरिद जस्ता विषयमा केन्द्रित हुन्छ । अधिराज्यभर रहेका सेनाका विभिन्न युनिटलाई सञ्चालन र परिचालन गर्ने मुख्य जिम्मेवारी चमूपतिको हुन्छ । अहिलेको अवस्थामा प्रधान सेनापतिको जिम्मेवारी धेरै भएकाले भार कम गर्न यो अवधारणामा जानुपर्ने सोचाइ बनेको हो । जाहेरीका क्रममा उठेका विभिन्न प्रसङ्गबारे परिमार्जन गर्न र उक्त प्रस्ताव प्रमुख सैनिक सचिवालयमा ल्याएर अध्ययन गर्न सरकारबाट निर्देशन बक्स्यो ।

चमू अवधारणा लागू गर्दा तलदेखि सुरु गरी माथि लैजानुपर्छ । यो अवधारणा कति चरणमा लागू गरिसक्ने र त्यसलाई आर्थिक व्ययभार कसरी मिलाउने भन्नेबारे पहिले नै

सोचविचार हुनुपर्छ भनेर सरकारबाट स्पष्ट निर्देशन भएको छ । शाही जङ्गी अड्डामा भएको जाहेरीपछि सरकारबाट मलाई 'चमू अवधारणा सम्बन्धी योजना विस्तृत अध्ययन गरी परिमार्जन गर्ने विषयहरू तयार पार' हुकुम भयो ।

जापानका प्रधानमन्त्री योशिरो मोरी नेपाल भ्रमणको सन्दर्भमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आइपुग्दा उहाँको स्वागतका लागि राजदरबारबाट प्रमुख सचिव पशुपतिभक्त महर्जन र सैनिक सचिव (म) मात्र सहभागी हुन सरकारबाट निर्देशन बक्सेको छ ।

## २०५७ भदौ १२ गते सोमबार

सुनसरी जिल्लाको धरानभन्दा माथि रहेको भेडेटारमा कान्तिपुर एफएम प्रसारणका लागि ठूलो एन्टेना जडान गर्न स्वीकृति दिइएको छ । अब उक्त एफएफ तराईका धेरै जिल्ला लगायत भारतका सीमावर्ती क्षेत्रमा समेत सुनिन्छ । यसबाट राष्ट्रिय प्रसारण नीति र सुरक्षा विषयमा के प्रभाव पर्छ भन्नेबारे विश्लेषण हुन आवश्यक छ ।

सरकारले नेपाल प्रहरीका लागि हेलिकप्टर खरिद गर्ने सोचाइ बनाएको छ । प्रहरीले हालको अवस्थामा हेलिकप्टर विङ खडा गरी आवश्यक पाइलट, इन्जिनियर तथा मर्मतसम्भारका लागि अन्य कर्मचारी जस्ता पूर्वाधार तयार गर्न धेरै समय र खर्च समेत लाग्ने देखिएको छ । त्यसैले हेलिकप्टर किनेर सेनालाई दिई सेनाबाटै परिचालित गर्दा आर्थिक व्ययभार कम हुने र आर्थिक मितव्ययिता समेत हुनुका साथै प्रहरीको आवश्यकता पूरा हुन सक्छ ।

## २०५७ भदौ १५ गते बिहीबार

शाही रक्षक सैनिक प्रहरीको रिक्त मुख्य अधिकृतमा केही वर्षअघि शाही पार्श्ववर्तीमा काम गरेका महासेनानी केशवराज महतलाई ल्याउने निर्णय भयो ।

सरकारबाट मलाई हुकुम भयो, 'गृहसचिव पदमप्रसाद पोखरेलले स्वतन्त्र तिब्बत आन्दोलनलाई सहयोग गरिरहेको धेरैतिरबाट मलाई खबर आएको छ । त्यस्तै, गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालय अन्तर्गत सशस्त्र प्रहरी बल सञ्चालन गर्ने प्रयास भइरहेको सुनेको छु । एउटै निकायको मातहतमा दुई वटा प्रहरी सञ्चालन हुन लागेको कुरा के हो ? यसबारे बुझेर मलाई भन । सशस्त्र प्रहरी छुट्टै ऐनबाट बेग्लै फोर्सका रूपमा खडा हुनुपर्छ ।' यति नै बेला दुई प्रहरी सङ्गठन बनाएर आईजीपी पनि दुई वटै बनाउने र ती दुवै प्रहरीको महानिर्देशक हुने आईजीपी अच्युतकृष्ण खरेलको योजना छ भन्ने चर्चा समेत सुनिएको छ ।

आज महाराजाधिराजबाट पाँचखालस्थित शान्तिसेना तालिम केन्द्र सवारी भई ३९ औं डफ्फाको रूपमा शान्ति स्थापना कार्यका लागि जान लागेको भैरवनाथ गणलाई बिदाइ दर्शन बक्स्यो । उक्त अवसरमा प्रधानमन्त्री र रक्षासचिव समेत सहभागी हुनुहुन्थ्यो । त्यसै क्रममा 'एम-१६ एटु राइफलमा टेलिस्कोप र ग्रिनेड लन्चर हुनुपर्छ, प्रत्येक सैनिकको साथमा रहने फिल्ड ड्रेसिङका लागि मेडिकल प्याक कसरी तयार पार्न

सकिन्छ, यसबारे सोच्नू' भनी सरकारबाट निर्देशन बक्स्यो । त्यस्तै, तालिमको समयमा स्थानीय जनताको बाली नोक्सान भएमा उपयुक्त क्षतिपूर्तिको व्यवस्था मिलाउन, तालिम केन्द्रको वरिपरिको जमिन खरिद गरी बार बार्न र उक्त स्थानमा भू-क्षयको प्रकोप धेरै देखिएकाले त्यसबाट बचाउन वृक्षारोपण, तटबन्ध निर्माण गर्न सरकारबाट प्रधानमन्त्री र प्रधान सेनापतिसँग छलफल गरिबक्स्यो । शान्ति स्थापना कार्यका लागि जाने सैनिकको तालिमको सिलसिलामा अवधि मात्र तोक्ने गरेकोमा दिनमा कति घण्टा र कति पिरियड तालिम लिनुपर्ने हो, उक्त तालिम सबै सैनिकले अनिवार्य लिनैपर्ने व्यवस्था मिलाउन समेत सरकारबाट प्रधान सेनापतिलाई हुकुम भयो ।

## २०५७ असोज ३ गते मङ्गलबार

सुरक्षा निकायको सिफारिसमा गत आइतबार मन्त्रिपरिषद्को निर्णयबाट अधिराज्यभर मसाल जुलुस निकाल्न प्रतिबन्ध लगाइएको छ । विभिन्न जिल्लाका एमाले र मालेका धेरै जुझारु कार्यकर्ता माओवादीमा प्रवेश गरेको खबर छ । साथै रोल्पा जिल्लाबाट प्राप्त सूचना अनुसार प्रहरी ज्यादतीबाट माओवादी बढेको हो । माओवादी समस्या समाधान गर्न प्रहरीको क्षमता छैन । स्थानीय जनतालाई माओवादी र प्रहरी दुवैको डर छ । यसै कारण युवा पलायन हुने क्रम बढ्दो छ । माओवादीले खाद्यान्न, खसी-बोका र कुखुरा समेत लुट्ने गरेका छन् । माओवादीको नाममा रोल्पामा मारिएका धेरैजसो सर्वसाधारण र सोझा जनता हुन् । प्रहरीहरू सुरक्षित स्थान खोजेर रातभर सुत्दैनन् । दिउँसो कार्यालय आएर सुत्ने गरेका छन् । राजाले कुनै सार्थक प्रयास गरे मात्र शान्ति, अमनचैन कायम हुन्छ भन्ने गरेको सुनिन आएको छ ।

शरदचन्द्र शाहले मलाई फोन गरेर 'म बेङलोर गएको थिएँ, आइपुगेँ, त्यहाँ डा. तुलसी गिरीसँग भेट भएको थियो, डा. गिरीले मलाई सरकारको दर्शनभेटको समय मिलाइदिनुस्, म काठमाडौँ आउँछु भनेर खबर पठाउनुभएको छ' भन्नुभयो ।

आज मलाई सरकारबाट हुकुम भयो, 'माओवादीले विभिन्न मान्छे हेरेर व्यक्तिपिच्छे फरकफरक कुरा गरिरहेका छन् । जतातत्तै आफ्नो मान्छे घुसपैठ गराउने गरेको बुझिएको छ । सेनामा पनि घुसपैठ हुन सक्छ, बेलैमा सचेत हुनू भनेर प्रधान सेनापतिलाई खबर गर । मलाई आएको खबर अनुसार माओवादीको सातौँ चरणको युद्धपछि सेनासँग भिड्ने योजना छ ।' त्यस्तै सरकारबाट 'पहिले सेनामा सहायक रथी र त्योभन्दा माथिको दर्जामा पदोन्नति हुने सैनिक अधिकृतले राजालाई दाम राख्ने प्रचलन थियो, २०४७ सालपछि यो क्रम रोकिएको छ, अबदेखि पुरानो प्रचलन कायम गर्नू' हुकुम भयो ।

खबर अनुसार माओवादीले रोल्पा र रुकुम जिल्लामा सेनाले हेलिप्याड बनाउन सक्नेजति स्थानमा बाँस र काठ गाडेर हेलिकप्टर उत्रन नदिने योजना गरेका छन् । माओवादीले हाल सेनासँग मुठभेड नगर्ने नीति लिएको बुझिन्छ । मसालको दीनानाथ शर्मा समूहले आफ्नो पार्टीलाई माओवादीमा समावेश गरेको खबर छ । त्यस्तै, लिम्बुवान मुक्ति मोर्चाले माओवादीसँग कार्यगत एकता गरेको बुझिएको छ ।

रक्षासचिव केशवराज राजभण्डारीले मलाई फोन गरेर आफ्नो भारत भ्रमण रोकिएको जानकारी दिनुभयो र यसअघि रोकिएको पाकिस्तान भ्रमण गरूँ कि भनेर सोध्नुभयो । साथै उहाँले भन्नुभयो, 'नेताहरूले सेना र दरबारका विरूद्धमा सबैलाई आफ्नो पक्षमा पार्न प्रयास गरेको देखिन्छ । यसले गर्दा सेना र दरबार एकातिर र पार्टीहरू अर्कोतिर हुने अवस्था आउन सक्ने भएकाले समयमै यसबारे विचार गर्नुपर्छ ।' प्रधानमन्त्री कोइरालाले सशस्त्र प्रहरी बल गठन सम्बन्धी रिपोर्ट पूरै बाहिर प्रचारमा ल्याएको जानकारी दिँदै उहाँले 'प्रधानमन्त्रीले सेनाले तयार पारेको सुरक्षा परिषद्को कार्यविधि सम्बन्धी सबै कागजात प्रहरी महानिरीक्षकलाई दिएको समेत बुझेको छु' भन्नुभयो ।

पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले 'मैले माओवादीका विरूद्ध सेना परिचालन गर्न सकिनँ, सेनाले सहयोग गरेन, सेनाबाट पीडित भइयो, हाल गिरिजाबाबुले सेना परिचालन गरेकोमा खुसी छु' भनेर प्रतिक्रिया दिएको बुझिएको छ ।

## २०५७ असोज ५ गते बिहीबार

प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला दसैंअगाडि सबै मन्त्रीको राजीनामा माग्ने र दसैंपछि मन्त्रिपरिषद् पुनर्गठन गर्ने सोचाइमा हुनुहुन्छ भन्ने खबर आएको छ । त्यस्तै कोइरालाले काङ्ग्रेस नेता खुमबहादुर खड्कासँग भेटिरहेको बुझिन्छ । आज माओवादीले आह्वान गरेको नेपाल बन्दलाई सफल पार्न काङ्ग्रेस नेता खड्काले चन्दा दिएको भन्ने कोइरालाको आरोप छ । त्यस्तै, हालै पारित नागरिकता विधेयक सम्बन्धमा रिपोर्टर्स क्लबद्वारा आयोजित साक्षात्कार कार्यक्रमलाई राप्रपा नेता रवीन्द्रनाथ शर्माले प्रायोजन गरेको जानकारी आएको छ ।

आज सरकारबाट 'मलाई श्रीलङ्कन राजदूतले नेपालको पहाडी भूभागमा श्रीलङ्काको एलटीटीईले माओवादी छापामारलाई तालिम दिइरहेको भन्ने कुरा गरे, सेनालाई खबर छ कि छैन, यसबारे बुझ्न गुप्तचर निकायलाई जिम्मेवारी दिनुपऱ्यो' हुकुम भयो । साथै चमू अवधारणा अनुसार अधिकृत तथा जवानको तालिमका लागि बजेट सहित 'मास्टर प्लान' बनाउन हुकुम बक्स्यो । 'खरिपाटीस्थित तालिम एकेडेमीमा सहभागी हुने क्याडेटलाई तालिम दिँदा व्यावसायिक, नैतिक र शारीरिक जस्ता विषयमा मापदण्ड तोक्न उचित हुनेछ, कुनकुन प्राज्ञिक विषयमा प्राथमिकता दिने भनेर तोक्न र ती विषयका बारेमा अध्यापन गर्दा स्तर कायम गर्न' समेत सरकारबाट हुकुम भयो । साथै खरिपाटी भ्रमणको सिलसिलामा यी विषय उठाउनू भनेर मलाई निर्देशन बक्स्यो ।

## २०५७ असोज ८ गते आइतबार

सेनाका तालिम केन्द्रहरू निरीक्षण गर्ने सिलसिलामा सरकार आज शाही नेपाली सैनिक तालिम प्रतिष्ठान, खरिपाटी सवारी भयो । सरकारमा प्रधान सेनापति प्रज्वल्लशमशेर जबरा र प्रतिष्ठानपति महासेनानी गौरवशमशेर जबराले प्रतिष्ठानबारे जाहेर गर्नुभयो । सरकारबाट प्रतिष्ठानमा तालिमका लागि स्थान साँघुरो भएको, तालिम लिने अधिकृत

क्याडेटका लागि वासस्थान अपुग रहेको र श्री ५ को सरकारबाट प्रतिष्ठानलाई प्राप्त हुने बजेट कम भएको महसुस गरिबक्स्यो । त्यसैले, प्रतिष्ठानको वरिपरिको जग्गा लिन सके प्रतिष्ठान विस्तार हुने सुझाव बक्स्यो । त्यस अवसरमा सरकारलाई प्रतिष्ठानको अवलोकन गराउनुका साथै केही तालिम समेत देखाइयो ।

प्रतिष्ठानमा जाहेरीपछि लन्चको समयमा सरकारबाट तालिमका लागि प्रशिक्षक कसरी खटाइन्छ, कति अवधिका लागि खटाइन्छ, उनीहरू यहाँ रहँदा प्रोत्साहनको व्यवस्था कस्तो छ आदि विषयमा जिज्ञासा राखिबक्सी अधिकृत तालिममा व्यावसायिक, नैतिक र शारीरिक पक्षबारे निश्चित स्तर निर्धारण गर्न हुकुम भयो । साथै प्राज्ञिक विषयको पढाइमा विश्वविद्यालयले निर्धारण गरेको स्तर कायम गरेर नै प्रतिष्ठानले अधिकृत तयार पार्ने हो, त्यसैले क्याडेटको छनोटदेखि नै स्तर कायम हुनुपर्छ भनेर सरकारबाट निर्देशन भयो । कोर अवधारणा अनुरूप बढ्न सक्ने अधिकृतको सङ्ख्या अनुसार तालिमका लागि 'मास्टर प्लान' बनाई बजेट उल्लेख गरेर रक्षा मन्त्रालयमा पेस गर्न निर्देशन बक्सँदै नयाँ बन्ने अधिकृतलाई खेल खेलाएर मात्र हुँदैन, खेलको नियम समेत सिकाउँदा राम्रो हुन्छ भनेर सरकारबाट हुकुम भयो ।

## २०५७ असोज ९ गते सोमबार

डोल्पा जिल्लाको सदरमुकाम दुनैमा माओवादीले गए राति आक्रमण गरी जिल्ला प्रशासन र प्रहरी कार्यालय ध्वस्त पारेको छ । माओवादी आक्रमणबाट १४ प्रहरी हताहत भएको र प्रहरीका हतियार लुटिएको खबर छ । त्यहाँस्थित बैङ्कबाट रकम समेत लुटिएको खबर छ । आज बिहानै नेपालगन्जबाट थप प्रहरी परिचालन भएको छ । घटनाको विस्तृत विवरण आउन बाँकी छ । भेरी नदीको पुल समेत विस्फोट गराई भत्काएको कारण से-फोक्सुन्डो आरक्षमा रहेको सेनाले सहयोग गर्न नसकेको भन्ने प्रारम्भिक भनाइ आएको छ ।

दुनै घटनामा सेनाले सहयोग गरेन भनेर सूचना तथा सञ्चारमन्त्री जयप्रकाशप्रसाद गुप्ताले सञ्चारकर्मीसँग आक्रोश व्यक्त गरेको खबर छ । प्राप्त खबर अनुसार उहाँले भन्नुभएको छ, 'माओवादी दरबारबाट सञ्चालित छन् । हामी सरकारमा भएकाले पोल खोल्न मिल्दैन । बाहिर गएपछि भन्डाफोर गर्छौं । अहिले दरबारिया सलबलाउन थालेका छन् । संविधान संशोधन गरेर राजाले शक्ति लिने योजना बनाइरहेका छन् । प्रहरीका लागि हतियार किन्न १७ करोड रूपैयाँ सेनालाई बुझाइसकिएको छ । तर सेनाले दरबारको निर्देशनमा अहिलेसम्म हतियार उपलब्ध गराएको छैन । काङ्ग्रेस सत्ताबाहिर गए एमाले सत्तामा आउँछ र राजालाई शक्तिशाली हुनबाट रोक्छ । राजासँग मुठभेडको स्थिति आए हामी बढीभन्दा बढी निर्वासित हुनुपर्ला । तर हाम्रो सङ्घर्ष जारी रहन्छ । ओलम्पिकमा जाने पूरै खेलाडीलाई जम्मा ५० लाख रूपैयाँ सरकारले उपलब्ध गराएको छ । तर युवराजाधिराज दीपेन्द्रलाई १ करोड ५० लाख दिएकोमा अझ नपुग भनेर फेरि ३६ लाख दिनुपरेको छ । हाल विद्यालयहरूमा माओवादीले राष्ट्रिय गान गाउन र संस्कृत

विषय पढाउन बन्द गराएका छन् । के यो दरबारको अनुकूल छ ?' श्री ५ को सरकारकै मन्त्रीहरूले यस्तो अभिव्यक्ति दिएको विषयलाई गम्भीरतापूर्वक लिनुपर्ने हुन्छ ।

डोल्पा जिल्लाका केही नाकामा भोलिदेखि सेनाले विशेष फौज परिचालन गर्ने र प्रहरीले माओवादीका विरूद्ध कारबाही गर्ने भएको छ ।

## २०५७ असोज १० गते मङ्गलबार

माओवादी कार्यकर्ता अर्जुन भन्ने व्यक्तिले माओवादी अध्यक्ष प्रचण्डको चिठी नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेलाई बुझाएको खबर छ ।

गत शनिबार काङ्ग्रेस नेता लालकाजी गुरूङ र पूर्वरथी कृष्णबहादुर गुरूङले प्रधानमन्त्री कोइरालालाई भेटेको खबर छ । साथै, कोइरालाले ६ गते पूर्व शाही पार्श्ववर्ती उपरथी ताराबहादुर थापालाई भेट्नुभएको छ । प्रधानमन्त्री र पूर्व शाही पार्श्ववर्तीबीचको बाक्लो भेटघाट रहस्यमय किसिमको छ ।

दुवै घटनाको सन्दर्भमा सञ्चार माध्यमले व्यापक समाचार दिएका छन् । सरकारी पक्षबाट आफ्नो कमीकमजोरी ढाकछोप गरिएको छ । दुवै घटनाको छानबिन गर्न सरकारले छानबिन समिति गठन गरेको छ । त्यसमा सेनाको प्रतिनिधित्व छैन । दुवै घटनाबारे जाहेरीका क्रममा सरकारबाट मलाई हुकुम भयो, 'मन्त्रीहरूले सेनाका विरूद्ध प्रेसमा जथाभावी र आक्रामक रूपमा बोलिरहेको अवस्था छ । प्रधानमन्त्री स्वयं रक्षामन्त्री भएका नाताले सेनाको बचाउमा लाग्ने कि नलाग्ने ? कुरा विचारणीय छ । यदि रक्षामन्त्रीले कुनै कदम नचाल्ने हो भने सेनाले पनि आफ्नै प्रयासमा वक्तव्य निकाले के हुन्छ, यसबारे समेत विचार हुनुपर्छ । दुवै जस्ता घटना घट्नुमा कसको जिम्मेवारी हो ? सबै सुरक्षा निकायले छलफल गरी कमजोरी पत्ता लगाई पाठ सिक्नुपर्छ । यस्तो अवस्थामा, सेनाले दिएको सुझाव अनुसार राष्ट्रिय सुरक्षा परिषद् सचिवालय स्थापना गर्न सकेको भए सबै सुरक्षा निकायलाई समन्वयात्मक ढङ्गले परिचालन गर्न सकिने थियो र प्रधानमन्त्रीलाई यस्ता विषयमा सुझाव दिन सजिलो हुने थियो । सबै अवस्था विचार गर्दा सुरक्षा निकायमा एकआपसमा समन्वयको अभाव देखिएको छ । यस कारण पनि सुरक्षा परिषद्लाई सक्रिय तुल्याउन जरूरी देखिन्छ । सुरक्षा परिषद्लाई तत्कालै सक्रिय नगरे पनि सुरक्षा निकायका पदाधिकारी सम्मिलित केन्द्र स्थापना गर्नु नितान्त आवश्यक भएको छ । आजसम्म माओवादीका विरूद्ध भएका कारबाहीबारे समीक्षा गरेर घटना अध्ययन गर्नु राम्रो हुनेछ । सेनाले प्रहरीलाई दिनुपर्ने भनिएका हतियार केही दिइसकिएको र केही दिने प्रक्रियामा रहेको छ । सेनामा समेत हतियारको कमी रहेको हुँदा सेनाले नयाँ हतियार लिएपछि मात्र प्रहरीलाई पूरै हतियार दिन सकिन्छ । प्रहरीमा हाल भएका हतियारको तालिम र कमान्ड कन्ट्रोलको अभावले गर्दा प्रहरीको कारबाही प्रभावकारी हुन सकेको छैन ।'

यति बेला सरकार नागार्जुन बङ्गलामा राज होइबक्सेको छ । दुवै घटनालाई लिएर प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला सरकारको दर्शनभेटका लागि नागार्जुन आउनुभयो ।

सरकारसँग बृहत् छलफलपछि प्रधानमन्त्रीले गृहमन्त्री, गृहसचिव र प्रहरी महानिरीक्षकलाई कारबाही गर्ने विचार गर्नुभएको छ । खास गरी मुलुकको सुरक्षा अवस्थालाई मजबुत बनाउन, समयमै घटनाबारे सूचना प्राप्त गर्न तथा कारबाही गर्न नसकेको भन्दै उहाँ गृहमन्त्री, गृहसचिव र प्रहरी महानिरीक्षकको राजीनामा माग्ने मनस्थितिमा पुग्नुभएको देखिन्छ । मुलुकमा त्यत्रो घटना हुँदा त्यसको कोही न कोही जिम्मेवार त हुनैपर्छ, त्यसैले त्यसको नैतिक जिम्मेवारी उनीहरूकै हो भन्ने प्रधानमन्त्रीले सरकारमा जाहेर गर्नुभएको रहेछ । यसै बेला संयोगवश उहाँहरू तीनै जनाले सेना र दरबारको आलोचना पनि गर्नुभएको छ । स्वाभाविक रूपले यो कुरा दरबार र सेनालाई पनि मन पर्ने विषय भएन । उहाँहरू तीनै जनालाई कारबाही गर्नुपर्छ भन्ने सेनाको दबाव पनि नआएको होइन ।

सरकारबाट पनि सेना परिचालन गरी दुनैबाट भागेका माओवादीलाई नाका-नाकामा रोकेर कारबाही गर्न ठीक होला भन्ने हुकुम बक्सेको छ । साथै यस विषयमा तुरुन्तै प्रधान सेनापतिसँग कुरा गर्नू भनेर प्रधानमन्त्रीलाई सुझाव बक्सेको छ । यसबाट अब सेना परिचालन हुने भयो भनेर प्रधानमन्त्री उत्साही हुनुभएछ । उक्त छलफलपछि सरकारबाट मलाई बोलाइबक्सेर प्रधानमन्त्रीसँग भएका कुरा र सेनाले सहयोग गर्नेबारे प्रधान सेनापतिसँग कुरा गर्न हुकुम भयो ।

दुनै आक्रमणका बेला सुरक्षा सतकर्ता नअपनाएको र गैरजिम्मेवारपूर्ण ढङ्गले मानसरोवर घुम्न गएको भन्दै क्षेत्रीय प्रहरी प्रमुख डीआईजी राजेन्द्रबहादुर सिंह र अञ्चल प्रहरी प्रमुख एसएसपी ज्ञानेन्द्रराज राईलाई सरकारले निलम्वन गरेको छ । सिंहको स्थानमा एसएसपी अमरसिंह शाह र राईको स्थानमा एसएसपी दीपक थाङदेनलाई पठाएको छ ।

## २०५७ असोज १४ गते शनिबार

दुनै आक्रमणका क्रममा शाही नेपाली सेनाको भूमिकावारे आलोचनात्मक टिप्पणी गरेपछि अवस्था प्रतिकूल वन्न जाँदा गृहमन्त्री गोविन्दराज जोशीले पदबाट राजीनामा गर्नुभएको छ । उहाँले सेनामाथि प्रहरीलाई हतियार नदिएको, आफैँले तालिम दिएका प्रहरीलाई दक्ष नमानेको, सहमति अनुरूप डोल्पाका नाका नथुनेको, भारतले दिने भनेको होलिकप्टर समेत नदिएको जस्ता आरोप लगाउनु भएको थियो ।

प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलले मलाई फोन गरेर 'जर्साबसँग भेट नभएको धेरै भयो, फुर्सद छ भने आज बेलुका मेरो निवासमा आउनुहुन्छ कि ?' भन्नुभयो । मैले उहाँलाई 'आज मलाई शाही रक्षक वाहिनीमा दसैंको बडाखानाको लागि निम्ता छ, त्यहाँ जानुअघि तपाईंको निवासमा पसुँला' भनेँ । त्यस अनुसार म अपराह्न ५ बजे उहाँको निवास पुगेँ । म पुग्दा आईजीसाब एमाले सांसद रामनाथ ढकालसँग कुरा गरिरहनुभएको थियो र उहाँसँग मलाई परिचय गराउनुभयो । सांसद ढकाल तुरुन्तै निस्कनुभयो । त्यसपछि आईजीसाबले मसँग भन्नुभयो, "नेपालका सबै कम्युनिस्ट एक भएमा ठूलो शक्ति बन्छ । एमालेको जनशक्ति र माओवादीको सैन्यशक्ति कुनै पनि हिसाबले मिल्न

दिनु हुँदैन । प्रधान सेनापतिसँग सौहार्दपूर्ण सम्बन्ध बनाउन सकिनँ । उहाँसँग सामान्य सम्पर्क, बोलचाल समेत हुन छोडेको छ । धर्मपाल चिफसाबसँग त मेरो राम्रो सम्बन्ध थियो । अहिले प्रहरीमा हतियार र तालिमको समस्या छ । त्यस्तै लजिस्टिकका साथै उपकरणको समस्या पनि छ । गृहसचिव र मैले प्रधानमन्त्रीलाई भेटेर गृहमन्त्रीले सेनाका विरूद्ध आक्रोश पोखेको विषयलाई लिएर विरोध गऱ्यौं । उहाँले 'म गृहमन्त्रीसँग कुरा गरेर राजीनामा माग्छु' भन्नुभएको थियो । त्यस अनुसार राजीनामा आयो पनि । मलाई सुरक्षाको दृष्टिले ठूलो खतरा छ । मैले प्रधानमन्त्रीलाई प्रमुख सैनिक सचिवसँग सम्पर्क गरेर सबै विषयमा कुरा गर्छु भनेको छु । जर्साबसँग निरन्तर भेटघाट, सम्पर्क हुनुपऱ्यो ।" साथै उहाँले दुवै घटनामा नजिकै रहेको सेनाबाट सहयोग नपाएको गुनासो गर्नुभयो । उहाँले 'सेनाको सहयोग लिएर तुरून्तै नाका-नाकामा परिचालन गर्न र हेलिकप्टरबाट समेत अपरेसन गर्न सरकारबाट हुकुम भएको थियो भनी प्रधानमन्त्रीले मलाई भन्नुभएको थियो, सेनाले तत्कालै हेलिकप्टर गनसिप सञ्चालन गरेको भए धेरै माओवादीलाई डोल्पा जिल्लामै सखाप पार्न सकिन्थ्यो, तर सेनाबाट कुनै सहयोग भएन' भन्नुभयो । उहाँले माओवादी समस्याका विविध पक्ष र प्रहरीले सामना गरिरहेका कठिनाइबारे विस्तृत रूपमा जानकारी गराउनुभयो । साथै हालको राजनीतिक परिस्थितिबारे पनि आफ्नो विश्लेषण सुनाउनुभयो ।

उहाँको लामो विश्लेषण सुनेपछि मैले 'आईजीसाब, मेरो अर्को कार्यक्रममा जाने समय हुन थाल्यो, तैपनि केही कुरा राख्छु' भन्दै उहाँलाई भनें, 'हामी दुवै राष्ट्रसेवक हौं । देश र जनताप्रति हाम्रो उत्तरदायित्व छ । सेनाले माओवादी समस्यामा प्रहरीलाई सहयोग गरेन भनेर सबै पक्षबाट धेरै गुनासा आउने गरेका छन् । दुवै घटना भएको यतिका दिन भयो । तपाईंले मलाई फोनमा समेत जानकारी दिनुभएन । माओवादी समस्याबाट देश र जनताको जनधनको क्षति भयो भन्नेबारे महाराजाधिराजलाई चिन्ता हुन्छ । दुवैमा थुप्रै प्रहरी मारिए । तर मैले तपाईंबाट कुनै पनि विवरण पाउन सकिनँ । अन्य स्रोतबाट जानकारी लिएर सरकारमा जाहेर गर्नुपऱ्यो । सेनाले सहयोग गरेन भन्ने आईजीसाबको जुन धारणा छ, त्यसमा सेनाको बेग्लै धारणा छ । सेनाले त २०५४ सालदेखि नै 'माओवादी समस्या प्रहरीको सामान्य शान्ति-सुरक्षा कायम गर्नेभन्दा ठूलो देशकै समस्या हो, यसमा सेना परिचालन हुनुपर्छ' भनी श्री ५ को सरकारलाई बारम्बार सुझाव दिएकै हो । के कारणले विभिन्न प्रधानमन्त्रीहरू संवैधानिक व्यवस्था अनुसार सेना परिचालन गर्नु हुन्न, तर सेनाले सहयोग गरेन मात्र भन्नुहुन्छ, यो कुरा मैले अहिलेसम्म बुझ्न सकेको छैन । मैले जानेसुने अनुसार प्रहरीका कमजोरी पनि धेरै छन् । गृह प्रशासन, प्रहरी प्रधान कार्यालय र प्रमुख सैनिक सचिवालयबीच खबर आदानप्रदान र समन्वयको ठूलो अभाव देखियो । हामी यो ओहदामा बसेपछि देशप्रति हाम्रो अभिभारा के हो, सबैले बुझ्नुपर्छ । देशमा जनधनको क्षति हुँदा त्यो राजालाई चासोको विषय हो भन्नेबारे हामी प्रस्ट हुनुपर्छ । माओवादी समस्या हल गर्न हाल जे भइरहेको छ, त्यो पर्याप्त भएन । यदि सेना परिचालन गर्ने हो भने कस्तो नीति बनाउने, कसरी परिचालन गर्ने, कसरी

सहकार्य गर्ने भन्ने विषयमा सोचविचार हुनुपर्छ । सेना तत्कालै प्रहरीको विकल्पका रूपमा परिचालन हुन सक्दैन । यसमा नियम-कानुन अनुसार निर्णय हुनुपर्छ । २०५४ सालपछि बनेका सबै प्रधानमन्त्रीलाई सेनाले माओवादीका विरूद्ध गर्न सक्ने, गर्न हुने र कसरी केके गर्ने भन्ने सम्बन्धमा जानकारी दिएकै हो । सुरक्षा परिषद्लाई क्रियाशील बनाउन पनि प्रयास भएकै हो । यहाँ त दाँत रोग विशेषज्ञले ब्रेन सर्जरी गरेको जस्तो भएको पो देखिएको छ ।'

मेरा कुरा सुनेर उहाँ प्रभावित हुनुभएछ । उहाँले भन्नुभयो, 'जर्साबका कुरा ज्यादै गहन छन् । म एउटा डिनर आयोजना गर्छु र केही प्रभावशाली नेतालाई पनि बोलाउँछु । जर्साबले उनीहरूसँग पनि यस्तै किसिमको अन्तरक्रिया गर्नुपर्‍यो ।' मैले उहाँको प्रस्ताव सहर्ष स्वीकार गरेँ र सोधेँ, 'कसकसलाई बोलाउनुहुन्छ ?' उहाँले भन्नुभयो, 'प्रधानमन्त्रीका सल्लाहकार हरि शर्मा, एआईजी रामकाजी बान्तवा, सांसद रामनाथ ढकाल । मेरो चिनजान त छैन, तर काङ्ग्रेसका प्रभावशाली नेता नरहरि आचार्यलाई पनि बोलाउँछु ।' डिनरका लागि उहाँले आउँदो बुधबारको समय प्रस्तावित गर्दै 'सबैलाई खबर गरेर जर्साबलाई पुनः खबर गर्छु' भन्नुभयो ।

## २०५७ असोज १५ गते आइतबार

नेपालगन्जस्थित क्षेत्रीय प्रहरी कार्यालयका नायब महानिरीक्षक राजेन्द्रबहादुर सिंह दुनै घटनाका बेला मानसरोवर घुम्न जानुभएको रहेछ । उहाँको भनाइ अनुसार प्रहरी प्रधान कार्यालयका कार्य विभागका एआईजीसँग स्वीकृति लिएर बुझबुझारथ गरी भ्रमणमा जानुभएको थियो र यस सन्दर्भमा आईजीपीलाई पनि सूचना दिइएको थियो । उहाँ गत शनिबार मानसरोवर गएर केही घण्टापछि फर्किएको, आइतबार केही घण्टा बाहेक आफ्नो विभागको सम्पर्कमा भएको र सोमबार आफ्नो कार्यालयमा हाजिर भएको बुझिएको छ । यसै प्रसङ्गलाई लिएर दुनै घटनामा उहाँको कमजोरी भएको भनी उहाँलाई निलम्बन गर्ने सिलसिलामा काठमाडौं बोलाइएको छ । उहाँको स्थानमा प्रहरी नायब महानिरीक्षक अमरसिंह शाहलाई नेपालगन्ज पठाइएको जानकारी पनि आएको छ ।

प्रहरी महानिरीक्षक खरेलको राजीनामा आउने प्रसङ्ग पत्रपत्रिकामा आएको छ । निवर्तमान गृहमन्त्रीले सांसद नारायणसिंह पुनको घरमा चियाका लागि गएर 'केही विषय सार्वजनिक गर्नलाई मैले राजीनामा दिएको हुँ' भन्नुभएको छ ।

शरदचन्द्र शाहले भने अनुसार डा. तुलसी गिरीले नेपाल आएका बेला सरकारको दर्शनभेट गर्न चाहेको विषय जाहेर हुँदा नोभेम्बरमा दर्शनभेटका लागि समय बक्सेको छ ।

पूर्व प्रधान सेनापति सच्चितशमशेर जबराले केही महिनाअगाडि मलाई म्यानमारबाट फोन गरेर भन्नुभएको थियो, 'म्यानमार ग क्लासको राजदूतावास हो । म त प्रधान सेनापति पनि भइसकेको हुँ । अब मलाई कूटनीतिज्ञको अनुभव समेत हासिल भइसक्यो । मैले क्यानाडा र अस्ट्रेलियामा नयाँ राजदूतावास खोल्ने कुरा सुनेको छु । यहाँबाट तीमध्ये कुनै एक देशमा सरूवा हुन पाए म राम्रो काम गर्थें ।' त्यस बेला मैले उहाँलाई 'चिफसाबलाई

कूटनीतिज्ञका हिसाबले अनुभव हासिल भइसक्यो, अब तपाईंले अतिरथीका लागि प्रयास गरे पो राम्रो हुन्छ, कुनै पनि देशमा राजदूत हुनु भनेको त उस्तै हो' भनेको थिएँ । उहाँलाई मेरो भनाइमा चित्त बुझ्यो-बुझेन थाहा भएन । त्यसपछि उहाँले यसबारे कहिल्यै सम्पर्क गर्नुभएको थिएन । तर अकस्मात् आज मलाई फोन गरेर 'म म्यानमारको आफ्नो कार्यकाल सकी फर्केको छु, सरकारको दर्शनभेटको समय मिलाइदिनुपऱ्यो' भन्नुभयो ।

## २०५७ असोज १६ गते सोमबार

दुनै घटनालाई लिएर राजनीतिक तनाव भइरहेको अवस्थामा प्रधानमन्त्री कोइरालाले महेश आचार्यलाई रक्षामन्त्री नियुक्त गर्नुभयो । प्रधानमन्त्रीले प्रहरी महानिरीक्षकलाई हटाउने र गृहसचिव पदमप्रसाद पोखरेललाई समेत सरुवा गर्ने सोच बनाएको बुझिन्छ । त्यसैले गृहसचिवले मलाई फोन गरेर भेट्न खोज्नुभएको छ । प्रहरी महानिरीक्षक खरेलले आफूलाई कुनै पनि देशको राजदूतमा नियुक्त गरेपछि मात्र आफूले राजीनामा गर्ने अडान राख्नुभएको रहेछ । त्यस अनुसार मन्त्रिपरिषद्ले उहाँलाई म्यानमारका लागि शाही नेपाली राजदूत नियुक्त गर्ने निर्णय गरेको छ । यसलाई विश्लेषण गर्दा प्रहरी ज्यादै शक्तिशाली भएर गएको देखिन्छ ।

रक्षामन्त्री आचार्यले सेनालाई परिचालन गर्ने सन्दर्भमा संवैधानिक व्यवस्था तथा सैनिक ऐन-नियम अनुसार कसरी गर्न सकिन्छ भन्नेबारे बृहत् जानकारी लिनुका साथै राजनीतिक हिसाबले कसरी अगाडि बढ्ने भन्ने विषयमा समेत कुरा बुझिरहनुभएको छ । अहिलेको अवस्थामा प्रहरीलाई सहयोग गर्न सेना कसरी परिचालित हुने भन्ने प्रश्न टड्कारो रूपमा उठेको छ । राष्ट्रिय सुरक्षा परिषद्लाई पहिलेदेखि नै क्रियाशील बनाउन सकिएको भए यो समस्या सायद आउने थिएन । त्यस्तै, सशस्त्र प्रहरी बल गठन सम्बन्धमा सेना र प्रहरीको राय लिएर गम्भीरतासाथ विचार गर्नु जरूरी छ । नयाँ सशस्त्र बल गठन गर्दा आवश्यक पर्ने जनशक्ति र तालिम, त्यसका लागि चाहिने भौतिक संरचना निर्माण, लजिस्टिक, सञ्चार तथा औषधि उपचार सहित अन्य विविध सम्बन्धमा पहिले नै रणनीति बनाउन आवश्यक पर्छ ।

आजै दोलखा जिल्लाको जिरीस्थित नेपाल बैङ्क लिमिटेडबाट माओवादीले ३ लाख रूपैयाँ र २ नाल बन्दुक समेत लुटेको खबर आएको छ ।

## २०५७ असोज १७ गते मङ्गलबार

डोल्पा घटनाका क्रममा सुरक्षा निकायबीच उत्पन्न अविश्वास र असमन्वयका कारण गृहमन्त्री गोविन्दाराज जोशीको राजीनामापछि श्री ५ को सरकारले प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलको स्थानमा प्रहरी अतिरिक्त महानिरीक्षक प्रदीप शमशेर जबरालाई कायम मुकायमको जिम्मेवारी दिएको छ ।

खरेललाई हटाइएपछि नवनियुक्त प्रहरी महानिरीक्षक प्रदीपशमशेर जबराले आज देशको वर्तमान सुरक्षा अवस्था र माओवादीका विरूद्धको रणनीति सम्बन्धमा प्रधान

सेनापतिसँग विचार-विमर्श गर्नुभयो । त्यस अवसरमा उहाँहरूबीच गृह र रक्षा मन्त्रालय सम्बन्धी कुनै पनि विवादास्पद विषय प्रेसमा नल्याउने सहमति भयो । त्यस्तै विगतका तीता अनुभव बिर्सेर अगाडि बढ्ने, सेना र प्रहरीबीच मैत्रीपूर्ण वातावरण बनाउने, राष्ट्रिय सुरक्षा परिषद् सचिवालय गठन गर्न पहल गर्ने तथा दसैँपछि फेरि भेटेर एकीकृत योजना बनाउने सम्बन्धमा कुरा भएको भनेर प्रधान सेनापतिले मलाई जानकारी गराउनुभयो ।

सरकारबाट आज मलाई 'कुनै पनि जिल्लामा स्थानीय प्रशासनले कार्य गर्दा वा कर्फ्यु आदेश जारी गर्दा ऐनसम्मत हुनुपर्छ, आन्तरिक विकास तथा सुरक्षा सम्बन्धमा बनाइरहेको नीतिनियम दसैँपछि पूरा गरी सम्बन्धित निकायलाई खबर गर्नू' हुकुम भयो ।

## २०५७ असोज २७ गते शुक्रबार

बिहान म हिंडेर वीरेन्द्र अस्पताल छाउनी जाँदै थिएँ । ताहाचलस्थित महेन्द्ररत्न क्याम्पसअगाडि पुगेको थिएँ, निवर्तमान आईजीपी अच्युतकृष्ण खरेलको फोन आयो । उहाँले भन्नुभयो, 'जर्साब, हाम्रो बुधबारको डिनरको कार्यक्रम हुन सकेन । तपाईंलाई थाहै छ, यस्तो अवस्था भयो । मलाई आईजीपीबाट हटाउन खोजियो । मैले मलाई किन हटाउने, हटाउने नै हो भने मलाई कुनै जिम्मेवारी दिनुपर्छ भनेपछि मलाई म्यानमारको राजदूत नियुक्त गरी मेरो प्रहरी महानिरीक्षकको राजीनामा स्वीकृत गरेको अवस्था छ । जर्साब र म पहिले पनि साथी हौं । अब पनि साथी रहौंला । हजुरको सद्भाव रहोस् ।' मैले 'आईजीपीसाबप्रति मेरो व्यक्तिगत हिसाबमा सधैं सद्भाव रहनेछ तर संस्थागत र आधिकारिक रूपमा केकस्तो परिस्थिति हुन्छ, त्यसमा मैले के गर्न सक्छु र ?' भनें ।

आज सरकारमा 'अहिलेको परिस्थितिमा तीन वटै सुरक्षा निकायका प्रमुखसँग अन्तरक्रिया गरिबक्सनका लागि सरकारबाट प्राइभेट डिनर बक्सन' जाहेर गरें ।

## २०५७ असोज ३० गते सोमबार

बेलायती राजदूतावासका सैनिक सहचारीले फोन गरेर 'ब्रिगेड अफ गोर्खाज' का कर्णेल कमान्डेन्ट जनरल सर शाम काओन नेपाल भ्रमणमा आउँदै हुनुहुन्छ भन्नुभयो र उहाँलाई दर्शनभेटको कार्यक्रम मिलाइदिन अनुरोध गर्नुभयो ।

नवनियुक्त रक्षामन्त्रीलाई सेनाले ब्रिफिङ गर्ने कार्यक्रम आगामी बिहीबार तय भएको छ ।

हिजो पूर्व शाही पार्श्ववर्ती उपरथी ताराबहादुर थापाले प्रधानमन्त्री निवास बालुवाटार गई प्रधानमन्त्री कोइरालासँग भेट गरेको जानकारी आएको छ ।

सेनालाई नयाँ हतियार उपलब्ध गराउने सन्दर्भमा विभिन्न देशबाट झिकाइएका हतियारको परीक्षण भइरहेको छ । जुन देशबाट हतियार लिए पनि त्यससँगै उपलब्ध हुनुपर्ने सामग्री (जस्तै : सिलिङ, टेलिस्कोप, म्यागजिन) बारे प्रस्ट सम्झौता हुनुपर्छ । सैनिकको व्यक्तिगत हतियारका साथै सेक्सनको लागि 'लाइट सपोर्ट वेपन' को सन्दर्भमा पनि विचार-विमर्श हुनुपर्छ । त्यस्तै, ४० एमएम एन्टी मटेरियल गनबारे पनि विस्तृत

अध्ययन गरी कुन हतियार प्रणालीमा जाने हो भन्नेबारे समेत चाँडै निर्णय हुनुपर्नेछ ।

## २०५७ कात्तिक ८ गते मङ्गलबार

राजदरबारका कर्मचारीलाई प्रमुख सैनिक सचिवालयको सिफारिसमा वीरेन्द्र सैनिक अस्पताल, छाउनीमा उपचार गराउने व्यवस्था रहेको छ । यसका लागि अस्पतालकै बजेट खर्च हुने गरेको छ । त्यसको सट्टा राजदरबारबाट कुनै कोष खडा गरेर त्यसबाट प्राप्त हुने ब्याजबाट उपचार गर्ने व्यवस्था गरे राम्रो हुनेछ । किनभने उक्त अस्पतालमा भीभीआईपी सेक्सन तयार भइसकेको छ । त्यस्तै प्रसूति वार्ड र मुटु रोग उपचार केन्द्र बनाउने प्रक्रिया समेत सुरु भएको छ । यी सबै विषयलाई ध्यानमा राखेर दरबारबाट केही कोषको व्यवस्था र यसका लागि श्री ५ को सरकारबाट बेग्लै बजेटको व्यवस्था हुन आवश्यक देखिन्छ ।

यदाकदा मसँग भेट हुँदा केही पीएसओज जर्साबले 'हामीले पनि कहिलेकाहीं सरकारको दर्शनभेट पाए आफ्ना कुरा राख्ने र सरकारको धारणा बुझ्ने अवसर मिल्ने थियो, किनभने कतिपय विषयमा प्रधान सेनापतिले यो दरबारमा छलफल भएर आएको भन्नुहुन्छ, त्यसमा शङ्का गर्नुपर्ने विषयवस्तु समेत धेरै हुन्छन्' भन्नुभएको थियो । यही सन्दर्भलाई लिएर मैले सरकारमा 'कहिलेकाहीं पीएसओज र प्रधान सेनापतिलाई अनौपचारिक छलफल र डिनरको आयोजना गरिबक्से राम्रो हुने देख्दछु' भनी जाहेर गरैं । सरकारबाट 'यो राम्रो सुझाव हो, अब केही दिनमै मिलाउँला' हुकुम भयो ।

संयुक्त राष्ट्रसङ्घको डिपार्टमेन्ट अफ पिसकिपिङ कार्यालय (डीपीकेओ) का लागि छानिएका उपरथी चित्रबहादुर गुरूङ मङ्सिर २ गते न्युयोर्क प्रस्थान गर्ने कार्यक्रम छ । न्युयोर्क जानुअघि सरकारको दर्शनभेटका लागि जाहेर गर्नुभएको छ । सरकारबाट उहाँलाई भेटेर केही निर्देशन बक्सँदा राम्रो हुने भनेर मैले सरकारमा जाहेर गरैं । उहाँ जस्तै युएनका मिसनमा छानिएर जाने वरिष्ठ सैनिक अधिकृतको उक्त पदमा कामु पदोन्नति दिएर पदपूर्ति गर्दा लामो समयसम्म पद खाली हुने थिएन । यसमा विचार हुनुपर्ने देखिन्छ ।

गए राति डोल्पास्थित त्रिपुरासुन्दरीको मन्दिरमा मूर्ति लगायत विभिन्न सामान चोरी भएको खबर आएको छ ।

सांसदहरूलाई पेन्सन उपलब्ध गराउने व्यवस्थाका विरूद्ध सर्वोच्च अदालतमा रिट परेको थियो । आज उक्त निर्णयमाथि सर्वोच्चका नौ न्यायाधीशको 'फुल बेन्च' ले सांसदहरूले पाउने पेन्सनको सुविधा खारेज गरेको छ । फैसलामा न्यायाधीश केदारनाथ उपाध्यायले भने 'नोट अफ डिसेन्ट' लेख्दै सांसदहरूलाई पनि आफ्नो कार्यकालपछि पेन्सनको सुविधा दिनुपर्ने पक्षमा आफ्नो मत दिनुभएको छ ।

रक्षामन्त्री महेश आचार्यलाई आज जङ्गी अड्डामा ब्रिफ्रिङ गरियो । सेनालाई नितान्त आवश्यक हतियार, ब्यारेक निर्माण, महत्त्वपूर्ण भौतिक संरचनाको निर्माण, देशको सुरक्षा रणनीतिका साथै चमू अवधारणा लागू गर्न खोजिएको विषयमा समेत जानकारी गराइयो । त्यस्तै, माओवादी समस्या र प्रहरीबाट भइरहेको कारबाहीका साथै सेनालाई

माओवादीका विरूद्ध परिचालन गर्नुपर्ने सेनाको २०५४ सालदेखिको सुझावबारे पनि अवगत गराइयो । माओवादी समस्या प्रहरीले समाधान गर्न सक्दैन, सेनालाई तयारी हालतमा राख्नुपर्छ र परिचालन तथा तयारीको बजेटका लागि व्यवस्था हुनुपर्छ भनेर समेत ब्रिफिङ गरिएको थियो ।

## २०५७ कात्तिक १७ गते बिहीबार

प्रधान सेनापतिको नियमित जाहेरीमा उहाँले सरकार समक्ष भन्नुभयो, 'राष्ट्रिय सुरक्षा परिषद्को बैठकमा भएका निर्णय तपाईंले सरकारमा जाहेर गर्नुहोला भनेर प्रधानमन्त्रीले भन्नुभयो । तर यस्ता गहन विषय औपचारिक माध्यमबाट लिखित रूपमा प्रधानमन्त्रीज्यूबाटै सरकारमा जाहेर हुनुपर्छ भनी सल्लाह दिएँ । यसबाट के बुझ्न सकिन्छ भने राष्ट्रिय सुरक्षा परिषद्को आफ्नै कार्यविधि र सञ्चालनका लागि सचिवालय स्थापनामा प्रधानमन्त्री संवेदनशील हुनुहुन्न । मैले सुरक्षा परिषद्को कार्यविधि र सचिवालयको आवश्यकताबारे उहाँलाई बुझाउन सक्दो प्रयास गरेको छु ।'

प्रधान सेनापतिले के पनि जाहेर गर्नुभयो भने, 'श्री ५ को सरकारबाट विभिन्न जिल्लाका सदरमुकाम र स्थानमा सेनाको उपस्थिति देखाउनका लागि अनुरोध आएको छ । यसो गर्दा सेनामुख (प्लाटुन) तहमा राख्नुपर्ने हुन्छ । यो सेनाका लागि उपयुक्त हुँदैन । कम से कम एक गुल्म तहमा खटाउन उचित हुन्छ । तर यसका लागि फौजको कमी छ । त्यसैले सेनाको सङ्ख्या बढाउनु जरूरी छ । अहिले सेनाले अन्य सुरक्षा निकायसँग समन्वय गरेर सहयोग दिनु उचित हुन्छ ।' छलफलमा सरकारबाट 'माओवादीको लडाकुको बनावट कस्तो छ, त्यसमा कोको नेता छन्, पत्ता लगाएर मात्र उनीहरूप्रति सेनाको कारबाही लक्षित हुनुपर्छ, आगामी जाडो मौसममा माओवादीको रणनीतिलाई लक्षित गरी सेनाले आफ्ना तालिममा जोड दिनुपर्छ, सेनाको गुप्तचर विभागलाई सुदृढ गरी माओवादीका सूचना सकेसम्म बढी सङ्कलन गरेर सेना परिचालन भए प्रभावकारी हुने देखिन्छ' हुकुम भयो । साथै प्रधान सेनापतिलाई सेनाका तालिम केन्द्रको भ्रमणको सिलसिलामा आगामी आइतबार नगरकोटस्थित शाही नेपाली सैनिक शिक्षालयको भ्रमण व्यवस्था मिलाउन हुकुम भयो ।

## २०५७ कात्तिक २० गते आइतबार

सरकार आज सेनाको इन्फ्रेन्ट्री तालिम केन्द्र, नगरकोट सवारी होइबक्स्यो । भ्रमणमा रक्षामन्त्री महेश आचार्य, प्रधान सेनापति लगायत सम्बन्धित सैनिक अधिकृतका साथै रक्षासचिव पदमकुमार आचार्यको समेत सहभागिता थियो । सरकारको हेलिकप्टरमै रक्षामन्त्री र रक्षासचिवलाई समेत राखेर नगरकोट लगियो । ब्रिफिङका क्रममा त्यहाँ प्रदान हुने विभिन्न तहका तालिमबारे जाहेर भयो । भइरहेका तालिमको अवलोकन समेत गराइयो । ब्रिफिङ र अवलोकनको कार्यक्रमपछि लन्चको समयमा अनौपचारिक छलफल भयो । उक्त अवसरमा सरकारबाट तालिम केन्द्रलाई आवश्यक ठाउँ पुगेको छ

कि छैन भन्ने जिज्ञासा राखिबक्सँदै यस्ता तालिम केन्द्रमा सकेसम्म तालिमका लागि आवश्यक सम्पूर्ण उपकरण प्रयोग गर्न र सबै तालिममा परीक्षार्थीलाई नैतिक, आध्यात्मिक, व्यावसायिक र शारीरिक तहमा निश्चित स्तर कायम गर्न हुकुम बक्स्यो । नगरकोटको वन क्षेत्र समेत सेनाको जिम्मेवारीमा रहेको हुँदा स्थानीय जनतासँग जङ्गलको उपयोग सम्बन्धमा सहकार्य गर्न हुकुम बक्स्यो । शिक्षालयको भौतिक पूर्वाधार विकास गर्न बजेटको आवश्यकता सम्बन्धी विषयमा कुरा हुँदा सरकारबाट यसबारे विचार गरिदिनू भनी रक्षामन्त्रीलाई हुकुम भयो । प्रधान सेनापतिलाई सैनिक कल्याणकारी कोषको ब्याजबाट रकम बचेको अवस्थामा यस्ता तालिम केन्द्रमा समेत खर्च गर्न हुकुम भयो । उक्त अवसरमा रक्षामन्त्री आचार्यले 'मैले भर्खरै रक्षा मन्त्रालय सम्हालेको छु, सबै कुरा बुझ्दै छु, यस्ता तालिम केन्द्रमा लगानी गर्दा दीर्घकालीन रूपमा राम्रो हुन्छ, यसलाई रक्षा मन्त्रालयले अवश्य पनि सकारात्मक रूपमा लिनेछ' भन्नुभयो ।

गिरिजाप्रसाद कोइराला सरकारले भूमिगत माओवादीसँग वार्ताको प्रक्रिया अघि बढाउन चाहेको छ । यसै क्रममा गएको शुक्रबार सरकारले प्रहरी हिरासतमा रहेका माओवादी केन्द्रीय नेता दीनानाथ गौतम र दिनेश शर्मालाई सार्वजनिक गरी रिहा गरेको छ । तर वार्ताको सम्भावना अत्यन्तै क्षीण रहेको विश्लेषण आएको छ ।

## २०५७ कात्तिक २४ गते बिहीबार

काङ्ग्रेस नेता शेरबहादुर देउवा, विजयकुमार गच्छदार, खुमबहादुर खड्का, चिरञ्जीवी वाग्ले आदि जनकपुर गई आमसभामा सहभागी भएको खबर छ । नवनियुक्त उपप्रधानमन्त्री तथा गृहमन्त्री रामचन्द्र पौडेलले पत्रकार सम्मेलन गरी हालको स्थितिबारे पत्रकारलाई अगवत गराउनुभएको छ ।

नेपाल प्रहरीका एआईजी रामकाजी बान्तवा गोप्य रूपमा भारत गई भारतीय गृह प्रशासनका कतिपय पदाधिकारीलाई भेटेर फर्केको बुझिएको छ । यस्ता गोप्य रूपबाट हुने प्रहरीका वरिष्ठ अधिकृतको भ्रमणले मुलुक र प्रहरी सङ्गठनलाई कत्तिको फाइदा हुन्छ भन्नेबारे गम्भीर रूपले सोचविचार हुनुपर्छ ।

पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द भारत भ्रमणका क्रममा बेङ्गलोर गई त्यहाँ बसोबास गर्ने पूर्वप्रधानमन्त्री डा. तुलसी गिरीसँग भेटेको खबर आएको छ ।

नवनियुक्त प्रहरी महानिरीक्षक प्रदीपशमशेर जबराले आज पहिलो जाहेरीका लागि सरकारको दर्शनभेट पाउनुभयो । सो अवसरमा उहाँले भन्नुभयो, 'हाल प्रहरीको दरबन्दी ५१ हजार ३ सय ७४ छ । जनसङ्ख्याको आधारमा अन्य देशको तुलनामा यो सङ्ख्या ज्यादै कम हो । ग्रामीण क्षेत्रमा तीन सय जनसङ्ख्या बराबर एक प्रहरी र सहरमा पाँच सय जनसङ्ख्या बराबर एक प्रहरी भएमा काम गर्न सजिलो हुने सिद्धान्त छ । त्यसरी हेर्दा हाम्रो प्रहरीको सङ्ख्या ज्यादै न्यून भएकाले बढाउन आवश्यक छ । माओवादी समस्यामा सुरुमा प्रहरी परिचालन राम्रो नभएकाले पछि प्रहरीलाई नै समस्या परिरहेको छ ।' उहाँले प्रहरी कारबाहीलाई सशक्त बनाउन आतङ्ककारी ऐन जारी हुनु आवश्यक

छ भन्दै जाहेर गर्नुभयो, 'हाल क्षेत्रीय प्रशासक गृह मन्त्रालयको प्रतिनिधिको रूपमा मात्र सीमित छन् । तर क्षेत्रीय प्रशासकले पहिले अञ्चलाधीशले निर्वाह गरेको जस्तो जिम्मेवारी वहन गरे प्रभावकारी हुने देखिन्छ । क्षेत्रीय प्रशासकलाई पनि क्षेत्रमा जाँदा कुनै किसिमको तालिम दिन आवश्यक छ । गठनको तयारीमा रहेको सशस्त्र प्रहरीको परिचालन सदरमुकाममा मात्र सीमित गर्ने योजना छ । यसबाट खासै उपलब्धि हुने देखिँदैन ।' उहाँले समग्र रूपमा सबै सुरक्षा निकायको सूचना प्रणाली कमजोर रहेको बताउँदै नेपालमा माओवादीका विरूद्ध सेना परिचालन हुनेबित्तिकै भारतले माओवादीलाई सहयोग गर्न सक्ने आफ्नो विश्लेषण समेत सरकारमा जाहेर गर्नुभयो ।

प्रहरी महानिरीक्षक राणाको जाहेरीपछि सरकारबाट हुकुम भयो, 'नेताहरूलाई माओवादी समस्याका सन्दर्भमा वास्तविकता बुझाउन सक्नुपर्छ । प्रहरीको काम पुलिसिङ गर्ने मात्र हो, माओवादीका विरूद्ध कारबाही गर्ने होइन । यसका लागि प्रहरीको तालिम छैन, क्षमता नै पुग्दैन । नेताहरूको चाहनामा यस्तो काममा प्रहरीको प्रयोग भइरहेको देखिन्छ । प्रहरीले पनि व्यक्तिगत र पार्टीगतभन्दा राष्ट्रिय हितमा काम गर्न सक्नुपर्छ । तिम्रो कार्यकालमा प्रहरीले अन्य सुरक्षा निकायसँग सहयोग लिने र दिने वातावरण बनाउनुपर्छ । प्रहरीलाई संरक्षण दिन प्रहरी ऐन २०१२ सुधार हुनु आवश्यक छ । प्रहरी सेवा आयोग गठन गर्न श्री ५ को सरकारलाई घचघच्याउनू ।'

## २०५७ कात्तिक २५ गते शुक्रबार

प्राप्त सूचना अनुसार माओवादीले हाल वार्ता नगर्ने भएको छ । उसले पूर्वी नेपालतर्फ कारबाही अगाडि बढाएर सरकारलाई झुक्न बाध्य पार्नुका साथै सरकार परिवर्तन गराउन प्रयास गर्ने रणनीति लिएको छ । त्यस्तै, माओवादीले हाल सेनासँग भिडन्त नगर्ने र सेनाको तालिम निरीक्षण गर्ने रणनीति लिएको छ । माओवादीले सानोसानो टुकडीलाई एकीकृत गरेर ठूलो कम्पनी र गण स्तरमा फौजी सङ्गठन निर्माण गर्ने प्रयास गरिरहेको छ ।

प्रधानमन्त्री कोइरालाले नेता खुमबहादुर खड्कालाई भेटेर आगामी महाधिवेशनमा आफूलाई सहयोग गर्न अनुरोध गर्नुभएको छ । तर खड्काले आफूले तेस्रो पक्षको निर्माण गर्ने सोचाइ राखेको बताउनुभएको बुझिएको छ । खड्का र विजयकुमार गच्छदारको शेरबहादुर देउवालाई पूरा सहयोग भए देउवाले कोइरालालाई चुनौती दिन सक्ने स्थिति बन्न सक्छ ।

केही समयअगाडि सेनाको गुप्तचर विभागका प्रमुख सहायक रथी रूक्माङ्गद कटवाल चीन भ्रमणमा जानुभएको थियो । फर्केर आएपछि उहाँले मलाई भेटेर चीन भ्रमण सम्बन्धी जानकारी दिनुभयो । उहाँले भन्नुभयो, 'नेपालको भौगोलिक तथा सामरिक अवस्थाका कारण चीनले नेपाललाई महत्त्व दिएको छ । नेपालप्रति सहानुभूति दर्साउने गरेको छ । मेरो भ्रमणका क्रममा चीनले नेपालका राजनीतिक नेताले भारतपरस्त नीति लिने गरेकाले महाराजाधिराजलाई नै विश्वास गर्ने गरेको बुझेँ । चीनले तिब्बतमा भौतिक

पूर्वाधार विकास गरिरहेको छ । मध्यपूर्वी एसियालाई तेलका कारण बढी महत्त्व दिई तिब्बतको विकाससँग जोड्न खोजेको देखिन्छ । यसलाई ध्यान दिएर नेपालले पनि तिब्बतसँगको उत्तरी नाका खोलेर विकास निर्माण सम्बन्धी सामान नेपालबाट तिब्बत लैजान सक्ने अवस्था सिर्जना गर्दा चीनलाई कम खर्चिलो हुनेछ र नेपाललाई पनि फाइदा हुनेछ । यसमा नेपालबाट पहल हुन जरूरी छ । शाही नेपाली सेनाप्रति चीनको सदाशय रहेको छ । चिनियाँ जनसेनाको विशेष फौजले गरेको युद्धकला प्रदर्शन ज्यादै उच्च स्तरको र वास्तविक देखियो । यस्ता प्रदर्शनमा नेपालबाट पर्यवेक्षक पठाउनु राम्रो हुन्छ ।'

## २०५७ कात्तिक २९ गते मङ्गलबार

सरकारबाट आज मलाई हुकुम भयो, 'राष्ट्रिय सुरक्षा परिषद्मा सेनाको परिचालन सम्बन्धी विषयमा सेनाले छलफल गर्न सक्छ कि सक्दैन ? सेनालाई आवश्यक लजिस्टिकका लागि बजेट माग्दा लिखित रूपमै पूरा योजना सहित माग गर्नुपर्छ । देशमा सेना परिचालन गर्दा सकेसम्म गुल्म स्तरमा परिचालित हुनुपर्छ । सेनाको अपरेसन सम्बन्धी कार्यक्षेत्र प्रस्ट रूपले तोकिनुपर्छ । जिल्ला सुरक्षा समितिले योजना बनाउँदा सेनाको स्थानीय कमान्डरलाई पनि सहभागी गराउनु उचित हुन्छ । साथै सेनाको परिचालन र कमान्ड कन्ट्रोलबारे प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराउनु उचित हुन्छ भन्ने कुरा प्रधान सेनापतिलाई जानकारी गराइदेऊ ।' साथै सरकारबाट आईडीएडी कार्यक्रम लागू हुने जिल्लाका अन्य प्रशासनिक तथा अन्य सुरक्षा इकाइलाई यसबारे स्पष्ट जानकारी गराउन समेत हुकुम भयो ।

ब्रिटिस सेनाले गोर्खा रेजिमेन्ट जस्तै सिख रेजिमेन्ट पनि खडा गर्ने खबर आएको हुँदा यसबारे बेलायती राजदूतावासका सैनिक सहचारीसँग बुझ्दा उहाँले अनभिज्ञता प्रकट गर्नुभयो ।

## २०५७ मङ्सिर १ गते बिहीबार

सरकारबाट संयुक्त राष्ट्रसङ्घ, न्युयोर्कमा जान लागेका उपरथी चित्रबहादुर गुरूङलाई नागार्जुन बङ्गलामा दर्शनभेट बक्स्यो । दर्शनभेटपछि सरकारबाट मलाई हुकुम भयो, 'चित्रबहादुरले प्रधान सेनापतिको काम ज्यादै धेरै छ, तर पीएसओजको काम न्यून छ । सेनामा रेड हेडको सङ्ख्या बढी छ, तर विशेष काम तोकिएको छैन । आईडीएडी अवधारणा राम्रो छ, यसमा काम गर्दा राज्यका सबै पक्षको समान सहभागिता जरूरी हुन्छ । हाल सेनाले बनाएको अपरेसन प्लान कमजोर छ, यसलाई परिमार्जन गर्नुपर्छ जस्ता विषयमा मलाई भन्यो ।' साथै सरकारबाट 'मैले चित्रबहादुरलाई संयुक्त राष्ट्रसङ्घको न्युयोर्कस्थित मुख्यालयमा तिमी पहिलो वरिष्ठ अधिकृतका रूपमा जाँदै छौ, त्यहाँ तिमीले देश र शाही नेपाली सेनाको प्रतिनिधित्व गर्ने हुनाले विचार गरेर काम गर, कुनै विषयमा दरबारलाई खबर गर्नुपरे सैनिक सचिवसँग सम्पर्कमा रहनू भनेको छु' हुकुम भयो ।

## २०५७ मङ्सिर २ गते शुक्रबार

आज सरकारबाट मलाई हुकुम भयो, 'बेलायतकी महारानीकी छोरी प्रिन्सेस रोयल (प्रिन्सेस आन) को नेपाल भ्रमण हुने भएकाले तिमीले भ्रमण अवधिभरको सुरक्षा योजना बनाउन र विशेष सतर्कता अपनाउनुपर्छ । सेनाबाट भ्रमण अवधिभर महिला डाक्टर खटाउन लगाऊ । चितवनस्थित टाइगर माउन्टेन जाँदा सेनाको ब्यारेक बाटोमा पर्ने हुँदा ब्यारेकको सरसफाइ तथा तारबार राम्रोसँग मिलाएर राख्न लगाउनू ।'

चितवन जिल्लाका धेरै स्थानमा क्रिस्चियन धर्म फैलाउने उद्देश्यले छत्र सुब्बा, सोनाम र केसाङ नाम गरेका पादरी घुमफिर गरिरहेको खबर आएको छ । त्यस्तै भरतपुरमा ब्याप्टिस्ट चर्च निर्माण गर्ने, मध्यमाञ्चल युवा क्रिस्चियन भेला आयोजना गर्ने र सन् २००५ सम्ममा अधिकांश पिछडिएका गाउँका जनजातिलाई धर्म परिवर्तन गराउने योजना बनाएको बुझिएको छ ।

## २०५७ मङ्सिर ६ गते मङ्गलबार

सरकारबाट आज राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्मालाई दर्शनभेट बक्स्यो । दर्शनभेटका क्रममा शर्माले आफ्नो सङ्गठनसँग सम्बन्धित विभिन्न विषयमा जाहेर गर्नुभयो । उहाँले जाहेर गर्नुभयो, 'राज्यले गुप्तचरको महत्त्व बुझेको देखिँदैन । त्यसैले बजेटको ज्यादै कमी छ । सूचना सङ्कलन गर्ने स्रोतमा मानवीय र प्राविधिक यन्त्रको ज्यादै कमी छ । विद्यमान मानवीय स्रोतको स्तर पनि ज्यादै न्यून छ । यहाँ कार्यरत व्यक्तिलाई काममा उत्साह जगाउन कुनै प्रोत्साहनको व्यवस्था छैन । यस्ता सुरक्षा सङ्गठन विशेष प्रकृतिका हुनुपर्नेमा अझसम्म विशिष्टीकरण हुन सकेको छैन । नेपालमा कार्यरत विभिन्न गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय सङ्घसंस्था र अन्य प्रोजेक्टमा काम गर्न आएर लामो बसाइ गर्ने विदेशीको निगरानी हुन सकेको छैन । गुप्तचर निकायलाई राष्ट्रिय सुरक्षाको निर्देशिका बमोजिम प्रयोग गर्नुपर्नेमा सरकारले विपक्षी पार्टीको सूचना सङ्कलनमा सीमित गरेको छ । यस विभागबाट नयाँ दिल्लीमा राखिएको एसएसपी दर्जाको व्यक्तिलाई दर्जा अनुसारको तलब-भत्ता बाहेक अन्य प्रयोजनका लागि कुनै पनि बजेटको व्यवस्था गर्न सकिएको छैन । यो सङ्गठनलाई सबै किसिमको परिचालन र तालिमका लागि भनेर जम्मा ३० लाख मात्र बजेट व्यवस्था छ । त्यसले यसको उद्देश्यको सानो प्रतिशत काम पनि पूरा हुन सक्दैन । अन्य सुरक्षा निकायमा समेत सूचना सङ्कलनका लागि धेरै बजेट निकासा हुने गरेको छ । यस विभागमा कार्यरत व्यक्ति विशिष्ट, कामका हिसाबले उत्साही र केही गर्छु भन्ने भावनाको हुनुपर्नेमा राजनीतिक पार्टीले काम नलाग्ने जनशक्ति थुपारेर भर्तीकेन्द्र बन्न गएको छ । अरू देशको अभ्यास अनुरूप यस्तो सङ्गठन प्रधानमन्त्रीको प्रत्यक्ष मातहतमा हुनुपर्नेमा गृह मन्त्रालय अन्तर्गत राखिएको छ । गृहले समेत यस संस्थालाई शोषण गरिरहेको छ । अहिलेसम्म यस विभागको स्पष्ट कार्यक्षेत्र समेत तोकिएको छैन । यो विभागलाई सुदृढीकरण गर्न पहिलेदेखि विभिन्न आयोग गठन गरी सुझाव समेत दिइएको छ । तर कुनै पनि आयोगको प्रतिवेदन लागू भएको छैन ।'

उक्त अवसरमा सरकारबाट 'यो विभागलाई प्रधानमन्त्रीको प्रत्यक्ष मातहतमा राख्नुपर्छ, त्यो सम्भव नभए राष्ट्रिय सुरक्षा परिषद् अन्तर्गत राख्दा पनि उचित हुन्छ, यो संस्था स्वतन्त्र राष्ट्रलाई आवश्यक पर्ने राष्ट्रिय गुप्तचर निकायका रूपमा विकसित गर्नुपर्छ, नेताहरूले आफ्ना कार्यकर्ता भर्ती गर्ने प्रक्रिया बन्द हुनुपर्छ, यसलाई आवश्यक पर्ने प्राविधिक उपकरण र तालिमका लागि समेत बजेटको व्यवस्था गर्न म प्रधानमन्त्रीसँग कुरा गर्छु' हुकुम भयो ।

त्यस्तै, सरकारबाट हुकुम भयो, 'यो सङ्गठनलाई निकासा भएको बजेट पारदर्शी हुनुपर्छ । सूचना भनेको आवश्यकता अनुसार सम्बन्धित व्यक्ति वा निकायमा सम्प्रेषण हुनुपर्छ । साथै यस विभागमा कार्यरत कर्मचारीको सेवाको सुरक्षा प्रत्याभूति हुनुपर्छ । यस विभागको अन्य सुरक्षा निकाय सेना र प्रहरीका साथै दरबारसँग राम्रो सम्बन्ध र समन्वय हुनुपर्छ ।'

## २०५७ मङ्सिर ७ गते बुधबार

राष्ट्रिय अनुसन्धान विभागका पूर्वप्रमुख हरिबाबु चौधरी आज मलाई भेट्न आउनुभएको थियो । उहाँसँग पूर्वगृहमन्त्री गोविन्दराज जोशीको अहिले पनि भेट हुँदो रहेछ । त्यस क्रममा जोशीले 'म गिरिजाबाबुको बलिको बोको भएँ, दुनै काण्डमा सेनासँगको विवादमा मेरो कुनै गल्ती छैन, तपाईं सक्नुहुन्छ भने सेना र दरबारसँग कुरा गरेर भ्रम हटाउन मदत गरिदिनुस्' भन्नुभएको रहेछ । यो कुरा चौधरीले मलाई सुनाउनुभयो । उहाँले 'अहिलेसम्मको क्रियाकलाप हेर्दा प्रहरी महानिरीक्षक प्रदीपशमशेर जबरा आईजीपी खरेलजस्तो प्रभावकारी हुन सक्नुभएको छैन' भन्दै पर्साका जिल्लास्तरीय धेरै काङ्ग्रेसी कार्यकर्ता जस्तै मोहन चौधरी, नागेन्द्र यादव आदिका साथै गाविस अध्यक्षहरू काङ्ग्रेस पार्टी परित्याग गरेर एमालेमा प्रवेश गर्न लागेका छन् भन्ने समेत जानकारी दिनुभयो ।

## २०५७ मङ्सिर १५ गते बिहीबार

सैनिक कल्याणकारी कोषको सञ्चालन सम्बन्धमा बनेको ऐन सरकारमा जाहेर हुँदा स्वीकृति बक्सेको छ ।

सेनामा पूजाका लागि जङ्गी अड्डादेखि गुल्म स्तरसम्म पण्डित तथा पुजारीको व्यवस्था गर्न प्रयास भइरहेको छ । अबदेखि अधिकृत स्तरको पुजारी तथा पण्डित राख्न जरूरी देखिएको छ ।

प्राप्त खबर अनुसार, माओवादीले काठमाडौंका केही स्कुलमा भर्ना शुल्क फिर्ता गर्न, संस्कृत विषय अध्ययन गराउन बन्द गर्न र राष्ट्रिय गान नगाउन उर्दी जारी गरेको छ । त्यस्तै पाँच-छ जनाको समूहमा आएर चन्दा माग्ने र नदिए बेइज्जती गर्ने समेत बुझिएको छ । यसपछि यही काम माओवादीले क्याम्पस स्तरमा पनि गर्ने बुझिएको छ । यस्ता क्रियाकलाप रोक्न श्री ५ को सरकारबाट कारबाहीको कुनै प्रयास भएको देखिँदैन ।

प्रधान सेनापतिको आजको नियमित जाहेरीमा उहाँले देशको समसामयिक परिस्थिति

र विभिन्न पार्टीमा भइरहेको आन्तरिक विवादबारे आफ्नो विश्लेषण सुनाउनुभयो । उहाँका अनुसार, काङ्ग्रेसभित्र कोइराला र देउवाबीच द्वन्द्व बढेर पार्टी समेत फुट्न सक्ने सम्भावना छ । उहाँले सेनाको मैत्रीपूर्ण निमन्त्रणमा आगामी पुस ४ देखि ८ गतेसम्म भारतीय वायु सेनाध्यक्ष पहिलो पटक नेपाल भ्रमणमा आउँदै हुनुहुन्छ भन्ने जानकारी दिनुभयो । साथै सरकारबाट उहाँलाई दर्शनभेटका लागि समय बक्सन जाहेर गर्नुभयो ।

## २०५७ मङ्सिर १९ गते सोमबार

सशस्त्र प्रहरी बल गठन गर्ने प्रक्रिया सुरु भएको छ । यसको स्थापनाकालदेखि नै सशस्त्र प्रहरी आयोग गठन गरी त्यसमा सेनाको प्रतिनिधित्व हुनुपर्छ । त्यस्तै युद्ध वा अन्य सङ्कटको समयमा सशस्त्र प्रहरी बल सेनाको मातहतमा परिचालित हुनुपर्छ । साथै सशस्त्रलाई राष्ट्रिय सुरक्षा परिषद्को मातहतमा राख्दा राम्रो हुन्छ कि भनेर समेत विचार हुन आवश्यक छ ।

प्रधानमन्त्रीले आज मुलुकको समसामयिक सुरक्षा स्थितिबारे उपप्रधानमन्त्री तथा गृहमन्त्री, रक्षामन्त्री र सबै सुरक्षा अङ्गका प्रमुखसँग विचार-विमर्श गर्नुभयो । उक्त अवसरमा उपप्रधानमन्त्री रामचन्द्र पौडेलले 'माओवादीलाई ठेगान लगाउन तुरुन्तै सेना परिचालन हुनुपर्‍यो, दरबारले माओवादीको क्रियाकलाप नियन्त्रणमा खासै चासो राखेको देखिँदैन, मन्त्रिपरिषद्लाई नै सबै सुरक्षा निकाय परिचालन गर्ने अधिकार हुनुपर्‍यो' जस्ता अभिव्यक्ति दिनुभएको छ ।

दक्षिण एसियाली नागरिक आयोगको पहिलो वैठकमा भाग लिने क्रममा नेपाल भ्रमणमा रहेका भारतीय पूर्वप्रधानमन्त्री आईके गुजरालले प्रधान सेनापतिलाई भेट्न प्रयास गर्नुभएको बुझिएको छ । शाही नेपाली सेनाले खरिद गर्न लागेको हतियार सम्बन्धमा भारतीय हतियार लिने व्यवस्थाका लागि पहल गर्न गुजराल काठमाडौं आउनुभएको बुझिएको छ । सम्भवतः त्यसै क्रममा उहाँले प्रधान सेनापतिलाई भेट्न चाहनुभएको थियो । तर गुजराल हिजो आइतबार अचानक अस्वस्थ भएपछि पूर्वनिर्धारित कार्यक्रम स्थगित गरी विशेष उडानबाट दिल्ली फर्कनु भएको छ ।

## २०५७ मङ्सिर २० गते मङ्गलबार

सशस्त्र प्रहरीलाई आवश्यक पर्ने हतियार र गोलीगट्ठा सेनाको पुरानो मौज्दात हतियारबाट दिनु उचित हुन्छ । सेनालाई पुरानो हतियारको बदलामा नयाँ हतियार तुरुन्तै लिन आवश्यक देखिन्छ । त्यस्तै नेपाल प्रहरीका लागि पनि केही हतियारको व्यवस्था गर्न जरूरी भएको छ, जसका लागि श्री ५ को सरकारबाट बजेट समेत निकासा भइसकेको छ ।

आज मलाई शरदचन्द्र शाहले फोन गरेर 'पूर्वअञ्चलाधीश नवराज गुरूङका छोरा राजेन्द्र गुरूङ मेरा व्यापारिक साझेदार हुन्, त्यसैले उनलाई सेनाका विभिन्न ठेक्का र सामान आपूर्ति सम्बन्धी कामहरू मिलाइदिनुहोला' भनी अनुरोध गर्नुभयो । मैले उहाँलाई

'मलाई यसबारे खासै जानकारी हुँदैन, प्रधान सेनापतिसँग कुरा गर्दा उचित हुन्छ' भनें ।

आन्तरिक विकास तथा सुरक्षा योजना लागू गर्ने सम्बन्धमा व्यापक छलफल भइरहेको छ । यस अवधारणामाथि राजनीतिक फ्रन्टमा समेत व्यापक छलफल हुन आवश्यक छ । त्यस्तै, स्थानीय निकायमा न्याय सम्पादन र सुशासन जतिसक्दो चाँडो प्रवाह हुनुपर्छ । साथै नागरिक समाज, गैरसरकारी संस्थाले गर्ने कार्यक्रममा समेत समन्वय हुनुपर्छ । स्थानीय तहका सबै कार्यक्रममा स्थानीय जनताको व्यापक सहभागिता हुन जरूरी छ ।

## २०५७ मङ्सिर २३ गते शुक्रबार

'माओवादी दरबारबाट सञ्चालित हुन्' भन्दै आज *साप्ताहिक विमर्श*ले उपप्रधानमन्त्री तथा गृहमन्त्री रामचन्द्र पौडेलको विचार सहितको समाचार प्रकाशित गरेको छ । पौडेलका अनुसार 'दरबारले श्री ५ को सरकारका विरूद्ध प्रयोग गर्ने कार्डका रूपमा माओवादीलाई सञ्चालन गरेको हो ।' साथै उहाँले 'दरबारको यो नीति ऊ आफैंलाई हानिकारक छ, किनभने कम्युनिस्टहरू दरबारका मित्र हुन सक्दैनन्' भनेर बोल्नुभएको छ । सरकारका उपप्रधानमन्त्रीबाट यस्तो आशयको अभिव्यक्ति हुनु निश्चय पनि खेदजनक कुरा हो ।

भूमिगत माओवादीको विद्यार्थी सङ्गठन अखिल क्रान्तिकारीको धम्कीबाट उत्पन्न भय र आतङ्कका कारण देशभरिका ४० हजारभन्दा बढी सरकारी तथा निजी विद्यालयहरू बन्द भएका छन् । यसबाट लाखौं विद्यार्थीको भविष्य अन्धकार बन्ने देखिएको छ ।

## २०५७ मङ्सिर २४ गते शनिबार

काङ्ग्रेस सांसद नारायणसिंह पुनले मलाई फोन गरेर उहाँ सहित अन्य पाँच–छ जना सांसद काङ्ग्रेस सभापति कोइरालाको पक्ष छोडेर शेरबहादुर देउवा पक्षमा समावेश हुन लागेको जानकारी दिनुभयो । यसले गर्दा काङ्ग्रेस संसदीय दलभित्र देउवा पक्षको बहुमत हुने भएको छ । फोनमा पुनले 'माओवादी समस्या समाधान गर्ने सन्दर्भमा दरबार र भारतको भूमिका के हो, बुझ्न कठिन भएको छ' भन्नुभयो । साथै उहाँले माओवादी विद्रोह सुशासनको कमीले गर्दा उत्पन्न समस्या हो, तर राजनीतिक पार्टीहरूले सेना परिचालनको कुरा उठाएर दोष दरबारलाई दिने गरेको देखिन्छ भनेर समेत आफ्नो कुरा राख्नुभयो ।

प्रधानमन्त्री कोइराला आज बिहान पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई भेट्न उहाँको निवास, भैंसेपाटी पुग्नुभयो । कोइराला भट्टराईलाई भेटेर फर्केको लगत्तै भूतपूर्व प्रधानमन्त्री शेरबहादुर देउवा पनि भट्टराईलाई भेट्न पुग्नुभएको थियो ।

आजै प्रधान सेनापतिले रक्षामन्त्री महेश आचार्यसँग समसामयिक सुरक्षा व्यवस्था र माओवादी समस्याबारे छलफल गर्नुभयो । साथै उहाँसँग सेना परिचालनको सन्दर्भमा समेत कुरा भएको प्रधान सेनापतिले मलाई जानकारी गराउनुभयो ।

## २०५७ मङ्सिर २५ गते आइतबार

महाराजाधिराज सरकार आज शिवपुरीस्थित सेनाको कमान्ड तथा स्टाफ कलेजको निरीक्षणका लागि सवारी भयो । उक्त अवसरमा रक्षामन्त्री महेश आचार्य, रक्षासचिव पदमकुमार आचार्यको समेत उपस्थिति थियो । प्रधान सेनापतिले सरकारको स्वागत गर्नुभएको थियो । बलाधिकृत प्यारजङ्ग थापा, सेनाको तालिम निर्देशकका साथै कमान्डेन्ट र अन्य प्रशिक्षक समेत सहभागी हुनुभयो ।

शिवपुरीका कमान्डेन्टले स्टाफ कलेजको सन्दर्भमा विगतमा भएका र भविष्यमा हुने कार्यक्रमबारे सरकारमा जाहेर गर्नुभयो । उहाँले भन्नुभयो, 'स्टाफ कलेज जस्ता उच्च तालिम केन्द्रहरूमा मित्रराष्ट्रका सैनिक अधिकृतलाई पनि तालिममा सहभागी गराउने प्रचलन छ । तर हाल यस कलेजको भौतिक पूर्वाधार विकास नभइसकेकाले विदेशी सैनिक अधिकृतलाई सहभागी गराउन सकिएको छैन । केही वर्षमा सबै पूर्वाधार तयार भएपछि सार्क देशका सबै र छिमेकी राष्ट्र चीनका सैनिक अधिकृतलाई समेत सहभागी गराउने योजना छ । यस कलेजको मुख्य लक्ष्य सेनाका मध्यम तहका अधिकृतलाई माथिल्लो तहको कमान्ड तथा स्टाफ सम्बन्धी तालिम दिनु हो । यस कलेजमा राम्रो नतिजा ल्याउने अधिकृतलाई विदेशी स्टाफ कलेजमा तालिममा पठाउने समेत व्यवस्था छ ।' उहाँले उक्त कलेजमा भौतिक पूर्वाधार तथा तालिम र अध्ययनका निम्ति आवश्यक उपकरणहरूका लागि समेत बजेटको अभाव रहेको पनि जानकारी गराउनुभयो ।

जाहेरीपछि कलेजका विभिन्न पक्षमा छलफल हुँदा सरकारबाट रक्षामन्त्रीलाई विदेशी अधिकृतका लागि बस्ने व्यवस्थाको निर्माण गर्न बजेटको व्यवस्था गरिदिन सुझाव बक्स्यो । सरकारबाट 'श्री ५ को सरकारसँग बजेटको अभाव छ, त्यसैले सैनिक कल्याणकारी कोषको रकमलाई सरकारी धितोपत्रका रूपमा राखेर केही बजेटको व्यवस्था गर्न सकिन्छ कि ?' हुकुम भयो । साथै प्रधान सेनापतिलाई कल्याणकारी कोषको ब्याजबाट समेत केही रकम उपलब्ध हुन सक्छ भने आवश्यक भौतिक पूर्वाधारमा खर्च गर्न हुकुम भयो । सरकारबाट सेनाका विभिन्न तालिम केन्द्रका साथै यस कलेजमा पनि प्राकृतिक प्रकोप (डिजास्टर म्यानेजमेन्ट) सम्बन्धी कोर्स समावेश गर्दा राम्रो हुने सल्लाह बक्स्यो । रमणीय पहाडी वातावरण भएको हुँदा यहाँ सोही अनुसार उपयुक्त हुने किसिमले भवनहरू निर्माण गर्न सरकारको सुझाव थियो ।

## २०५७ मङ्सिर २८ गते बुधबार

नेपाल भ्रमणमा रहेका बेलायती रक्षामन्त्री जेफ्री ह्युनले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासँगको भेटमा नेपालमा माओवादी समस्या समाधान गर्न शाही नेपाली सेना परिचालन गर्न सल्लाह दिनुभएको छ । प्रहरीबाट माओवादी समस्या समाधान सम्भव नभएकाले तत्कालै सेना परिचालन गर्नुपर्ने उहाँको सल्लाह थियो । त्यस्तै उहाँले सियरालियोनमा संयुक्त राष्ट्रसङ्घले अनुरोध गरे अनुसार शान्ति स्थापना कार्यका

लागि नेपालबाट कम्तीमा एक गण सेना पठाउन अनुरोध गर्नुभयो । साथै उहाँले शाही नेपाली सेनाका लागि ब्रिटिस एरोस्पेसको जर्मन कम्पनी हेक्लर एन्ड कोकमा निर्मित एचके जी–३६ राइफल खरिद सम्बन्धमा भारतसँग पनि कुरा गर्न अनुरोध गर्नुभयो । भारतले विभिन्न माध्यमबाट बेलायत सरकार समक्ष नेपाललाई हतियार नबेच भनेर दबाव दिइरहेको पृष्ठभूमिमा उहाँले यस्तो अनुरोध गर्नुभएको थियो । प्रधानमन्त्रीले उहाँलाई 'सियरालियोनमा शान्तिसेना पठाउन नेपाल तयार छ, तर यसका लागि आवश्यक सैनिक उपकरण बेलायतले उपलब्ध गराए सजिलो हुने थियो' भन्नुभयो । साथै काभ्रे जिल्लाको पाँचखालस्थित शान्तिसेना तालिम केन्द्रको भौतिक पूर्वाधार विकासका लागि सहयोग गर्न आग्रह गर्नुभयो । त्यस्तै उहाँले दोस्रो विश्वयुद्धमा भाग लिएका गोर्खा सैनिकलाई पेन्सन उपलब्ध गराउन अनुरोध गर्नुभयो । प्रधानमन्त्रीले 'रिम' (रिभोलुसनरी इन्टरनेसनल मुभमेन्ट) को कार्यालय लन्डनमा रहेको हुँदा त्यहाँबाट नेपालका माओवादी सम्बन्धित क्रियाकलापमा निगरानी राखेर सहयोग गर्न समेत आग्रह गर्नुभयो ।

## २०५७ पुस ४ गते मङ्गलबार

अधिराजकुमार नीराजन सामाखुसी चक्रपथमा आज राति मोटर दुर्घटनामा परिबक्सेको छ । जानकारी अनुसार प्रहरीले साइड दिंदा गल्ती भएको बुझिन्छ । मोटर नीराजन सरकार आफैंले चलाइबक्सेको रहेछ । दुर्घटनाबाट मोटरमा क्षति पुगेको छ । तुरुन्तै अर्को मोटर र सुरक्षा पठाएर उद्धार गरी उपचारार्थ छाउनीस्थित वीरेन्द्र सैनिक अस्पताल लगिएको थियो । सामान्य उपचारपछि सरकारलाई डिस्चार्ज गरिएको थियो ।

माओवादी र एमालेबीच अनौपचारिक रूपमा गोप्य वार्ता भइरहेको खबर छ । वार्तामा दुवै पार्टीले एकअर्काका आमसभा लगायत सबै कार्यक्रम निर्बाध गर्न दिने र एकले अर्कालाई कारबाही नगर्ने सहमति भएको बुझिएको छ । गोप्य वार्तामा एमाले नेता भरतमोहन अधिकारी सहभागी भएको बुझियो ।

## २०५७ पुस ७ गते शुक्रबार

महाराजाधिराज सरकारबाट नेपाल भ्रमणमा रहेका भारतीय वायुसेनाध्यक्ष (एयर चिफ मार्सल) एवाई टिप्निसलाई दर्शनभेट बक्स्यो । उक्त अवसरमा वायुसेनाध्यक्षले नेपालले पनि वायुसेना स्थापनाका लागि पूर्वाधार तयार गर्दा राम्रो हुन्छ भन्ने सुझाव दिनुभयो । उहाँको भनाइ थियो, 'नेपाल जस्तो भौगोलिक बनावट भएको देशमा शाही नेपाली सेनालाई विद्रोहका विरूद्ध लड्नुपर्दा एयर फोर्स नै प्रभावकारी हुन्छ । त्यस्तै, हवाई यातायातमा पनि हेलिकप्टर नै प्रभावकारी हुने देखिन्छ । उच्च पहाडी क्षेत्रमा सुपरपुमाभन्दा एमआई–१७ हेलिकप्टर उपयुक्त हुन्छ । यो सस्तो पनि छ ।' उहाँले भारतीय वायुसेवाले आगामी फेब्रुअरी महिनामा 'एयर फायर पावर डेमोन्स्ट्रेसन' गर्दै छ भन्ने जानकारी दिंदै उक्त डेमोन्स्ट्रेसन अवलोकनका लागि प्रतिनिधि पठाउन शाही नेपाली सेनालाई अनुरोध गरिएको छ भनेर सरकारमा जाहेर गर्नुभयो ।

सरकारबाट भारतीय वायुसेनाध्यक्षलाई भेट्न पाएकोमा खुसी व्यक्त गर्दै शाही नेपाली सेनाको हवाई सेवामा भारतीय वायुसेनाको सहयोगप्रति धन्यवाद बक्स्यो । साथै सरकारबाट यो सहयोग भविष्यमा अझ वृद्धि हुने आशा व्यक्त गर्दै नेपाली सैनिक पाइलटहरूलाई भारतमा तालिमको व्यवस्था मिलाइदिन आग्रह गरिबक्स्यो ।

## २०५७ पुस १० गते सोमबार

प्रधानमन्त्रीले आज बिहानै सुरक्षा निकायका प्रमुखहरूसँग देशको वर्तमान सुरक्षा व्यवस्था र माओवादी समस्याबारे छलफल गर्नुभएको छ । छलफलमा सबै सुरक्षा निकायका प्रमुख, रक्षामन्त्री र उपप्रधानमन्त्री तथा गृहमन्त्रीको समेत उपस्थिति थियो । छलफलमा उठेका विषयबारे प्रधान सेनापतिले मलाई फोनमा जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, "धेरै दबावका कारण हुन सक्छ, प्रधानमन्त्री हताश मनस्थितिमा भए जस्तो लाग्यो । छलफलमा प्रधानमन्त्रीले 'महाराजाधिराजसँग राम्रो कुरा हुन्छ, तर किन काम हुँदैन ? सेनाले प्रहरीलाई किन हतियार नदिएको ? माओवादी नेताहरू राजधानीका ठूलाबडाको घरमा बसेको सुनिन्छ, किन सुरक्षा कारबाही हुँदैन ? पूर्वपञ्च र अदृश्य शक्तिकेन्द्रले अहिलेको अवस्थाको फाइदा उठाउन खोजिरहेका छन् । यसबाट सबैतिर छिन्नभिन्न भयो भने त्यसले राजसंस्थालाई पनि राम्रो गर्दैन होला । यस्तै जटिल अवस्थाबाट देश गुज्रिरहने हो भने म त विराटनगर गएर बसुँला । तपाईंहरू कहाँ जानुहुन्छ ?' भन्नुभयो । उपप्रधानमन्त्री तथा गृहमन्त्री रामचन्द्र पौडेलले राष्ट्रिय अनुसन्धान विभागका प्रमुखप्रति इङ्गित गर्दै 'पञ्चायत कालमा तपाईंहरू एकदमै राम्रो काम गर्नुहुन्थ्यो, दलहरूका एकएक सूचना र गतिविधि सरकारलाई जानकारी दिनुहुन्थ्यो, हाल तपाईंहरूले किन काम गर्न सक्नुभएको छैन ?' भन्नुभयो । प्रत्युत्तरमा देवीरामजीले 'पञ्चायत कालमा यो सङ्गठनलाई पर्याप्त बजेट थियो । अनुसन्धानका लागि मात्रै ५० लाख रुपैयाँ वार्षिक बजेट विनियोजन हुने गरेको थियो । तर अहिले बजारको मूल्य दस गुणा बढ्दा समेत यस विभागको बजेटमा दस प्रतिशत पनि वृद्धि गरिएको छैन । नियमित तलब बाहेक अन्य बजेटको व्यवस्था छैन । यस विभागमा पञ्चायती सरकारको कुनै पनि हस्तक्षेप थिएन । यसलाई व्यावसायिक सङ्गठनको रूपमा काम गर्न दिइन्थ्यो । हाल यसलाई राजनीतिक पार्टीको भर्तीकेन्द्र बनाइएको छ । यस सङ्गठनको ५० रिक्त दरबन्दीमा पाँच सय जना अनावश्यक कार्यकर्ता भर्ती गरिएको छ । यसबाट कसरी काम हुन्छ ? यो सङ्गठनका धेरै कमीकमजोरी होलान्, तैपनि सरकारलाई दिएका सूचनामा किन बेवास्ता हुन्छ ?' भनेर कडा रूपमा जवाफ दिनुभयो । साथै 'पञ्चायत कालमा सेना र प्रहरीले व्यवस्था धानेका हुन् भनेर राजनीतिक पार्टीले आरोप लगाउने गरेका थिए । तर अहिले बहुदलीय व्यवस्थामा समेत राजनीतक नेताहरूबाट विभिन्न समयमा सरकार टिकाउन सेना र प्रहरीलाई किन आग्रह गरिन्छ ? किन प्रहरी र प्रशासनको भरमा सरकार टिकाउन खोजिन्छ ? माओवादी बाहेक सबै पार्टीले संविधान मानेकै छन् । तर देशमा सुरक्षा व्यवस्थामा यति

ठूलो समस्या हुँदा पनि किन सबै राजनीतिक दलले आपसी छलफल गरी समस्याको समाधानतिर ध्यान दिँदैनन् ?' भनेर प्रस्टसँग कुरा राख्नुभयो । छलफलकै क्रममा प्रहरी महानिरीक्षक प्रदीपशमशेरले 'प्रहरीको मनोबल ज्यादै कमजोर छ । हामीसँग न स्रोतसाधन र बजेट छ, न हातहतियार पर्याप्त छ, न त माओवादीसँग लड्ने तालिम नै छ । प्रहरीले माओवादीलाई पाँच वर्षसम्म रोक्न सफल भयो । तर अब सक्दैन । त्यसैले सेना परिचालन गर्नैपर्छ । सेना माओवादीका मुख्यमुख्य क्षेत्रमा परिचालित भई कारबाही गरे अन्य क्षेत्र र सहरमा प्रहरीले शान्ति सुव्यवस्था कायम गर्न सक्छ' भन्नुभयो । छलफलमा मैले पनि '२०५४ सालदेखि सेना परिचालनका लागि योजना बनाएर विभिन्न प्रधानमन्त्रीज्यूलाई प्रस्तुत गरिएकै हो । हाम्रो सुझाव संविधान र ऐन-कानुन अनुसार सेना परिचालन होस् भन्ने मात्रै हो । तर २०४७ सालको संविधान लागू भएको दस वर्ष बितिसक्दा पनि राष्ट्रिय सुरक्षा परिषद्लाई क्रियाशील बनाइएको छैन । यस अवस्थामा सेना परिचालन सम्बन्धी अन्योल कायमै छ' भनेर कुरा राखेँ ।"

काङ्ग्रेस नेता रामनारायण मिश्रको जनकपुरमा निधन भएको छ । उहाँको निधनमा श्रद्धाञ्जलि दिन भारतका पूर्वपरराष्ट्रमन्त्री श्यामानन्दन मिश्र जनकपुर आउनुभएको थियो । दिवङ्गत नेतालाई श्रद्धाञ्जलि दिन जनकपुर पुगेका प्रधानमन्त्री कोइरालाले उहाँसँग भेट गरेको खबर छ । साथै कोइरालाले स्थानीय कार्यकर्तासँग मिश्रलाई भेटघाट गराउन कार्यक्रमको समेत आयोजना गर्नुभएको छ । त्यस्तै उहाँले दिवङ्गत कपिल झालाई आगामी पुस २७ गते शहीद घोषणा गर्ने कार्यक्रम राखेको थाहा भएको छ । साथै विराटनगर जोगबनीनजिकै शहीद स्मारकको शिलान्यास कार्यक्रममा भाग लिन भारतका पूर्वप्रधानमन्त्री चन्द्रशेखर आउनुहुने भएको छ । उहाँ एक दिन कोइराला निवास, विराटनगरमा बस्ने कार्यक्रम समेत बनेको थाहा भएको छ ।

## २०५७ पुस ११ गते मङ्गलबार

भारतीय चलचित्र अभिनेता हृतिक रोशनले नेपाल भारतकै एउटा प्रान्त हो भन्ने आशयको अभिव्यक्ति दिएको भनी देशका विभिन्न भाग लगायत काठमाडौँमा केही दिनयता विरोध प्रदर्शन भइरहेको छ । त्यस क्रममा प्रहरीले काठमाडौँका चाबहिल र ठमेलमा भीड नियन्त्रण गर्ने क्रममा गोली चलाउँदा चार जना निर्दोष बालबालिकाको मृत्यु भएको छ । यसै विषयलाई लिएर 'गोली हान्न आदेश दिने र गोली चलाउनेलाई कारबाही गर्नुपर्छ, गृहमन्त्रीले राजीनामा दिनुपर्छ, भारतीय राजदूतावासले सार्वजनिक रूपमा माफी माग्नुपर्छ, भारतीय चलचित्र नेपालमा प्रतिबन्ध लगाउनुपर्छ' जस्ता नारा लागेका छन् । महेन्द्ररत्न क्याम्पस, सरस्वती क्याम्पस, रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाल ल क्याम्पस आदिबाट विद्यार्थीले विरोध जुलुस निकालेका छन् । विद्यार्थीहरूले आजै प्रधानमन्त्री र भारतीय राजदूतलाई ज्ञापनपत्र दिने कार्यक्रम राखेका छन् । उत्तेजित भीड हिंसक हुने खतरा बढेको छ । प्रदर्शनकारीले मारवाडी समुदाय र मधेशी समुदायका व्यक्ति र व्यापारीका घर र व्यापारिक केन्द्रहरूलाई लक्ष्य गरी केही स्थानमा तोडफोड

गरेको खबर छ । होटलमा रहेका भारतीय पाहुनालाई समेत आक्रमण गर्ने कोसिस भएको छ । यसैबीच भारतीय राजदूतले प्रधानमन्त्रीलाई भेटी भारतीय नागरिक र व्यवसायीको सुरक्षाको माग गर्नुभएको छ ।

## २०५७ पुस १७ गते सोमबार

प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला पूर्व शाही पार्श्ववर्ती उपरथी ताराबहादुर थापाको निवास, महाराजगन्ज जानुभयो । त्यहाँ पूर्व प्रधान सेनापति धर्मपालवरसिंह थापा र रोहिणी थपलियाको समेत उपस्थिति रहेको बुझियो ।

पोखरामा हुने काङ्ग्रेस राष्ट्रिय महाधिवेशनमा कोइराला पक्ष र शेरबहादुर देउवा पक्षले सभापतिको उम्मेदवार दिने सन्दर्भमा नेता तथा कार्यकर्तालाई आफ्नो पक्षमा पार्ने होडबाजी चलेको छ । यसै सिलसिलामा देउवा पक्षबाट मन्त्रीहरू कमला पन्त र सुरेश हमाललाई कोइराला मन्त्रिपरिषद्बाट राजीनामा गर्न लगाउने प्रयास भइरहेको छ । कोइराला पक्षले स्थानीय प्रशासन र प्रहरी प्रयोग गरी आफूलाई हराउन कोसिस गरेको देउवा पक्षको आरोप छ । काङ्ग्रेस नेताहरू खुमबहादुर खड्का र विजय गच्छदार देउवा पक्षमा खुलेरै लागेको देखिन्छ । सबै किसिमका हतकन्डा प्रयोग गरेर भए पनि सभापति जित्ने कोइराला पक्षको रणनीति छ ।

माओवादी नेता डा. बाबुराम भट्टराईलाई सेनाले पक्रेर दरबारको निर्देशनमा छाडेको भन्ने निराधार हल्ला चलेको छ । काङ्ग्रेसकै केही नेता र उपप्रधानमन्त्री रामचन्द्र पौडेलबाटै यो हल्ला फैलाइएको खबर आएको छ ।

महाराजाधिराज सरकार केही दिनको विश्रामका लागि आगामी शुक्रबार भरतपुरस्थित दियालो बङ्गलामा सवारी हुने कार्यक्रम छ ।

## २०५७ माघ ९ गते सोमबार

काङ्ग्रेस महाधिवेशनका क्रममा प्रधानमन्त्रीकी छोरी सुजाता कोइरालाको क्रियाशील सदस्यताको अवधि नपुगेको भन्दै केन्द्रीय सदस्यको चुनावमा उम्मेदवारी रद्द भएको छ । यस विषयलाई लिएर सुजाताले आक्रोश व्यक्त गर्दै 'केही काङ्ग्रेस नेताले षड्यन्त्र गरेको र त्यस्ता व्यक्तिलाई कारबाही गर्छु' भनेको बुझिएको छ । नेपाल विद्यार्थी सङ्घका नेता वीरबहादुर बलायरले केही साथी सहित प्रधानमन्त्री कोइरालाका विरूद्ध र पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको समर्थनमा नारा लगाएको बुझिएको छ । प्रधानमन्त्री कोइरालाले महाधिवेशनपछि मन्त्रिपरिषद् पुनर्गठन गर्ने र केन्द्रीय समितिमा विरोधी पक्षलाई समेत समेटेर मिलाउन कोसिस गर्ने विचार राख्नुभएको बुझिएको छ । महाधिवेशनबाट सभापतिमा गिरिजाप्रसाद कोइराला सहित १३ जना केन्द्रीय समितिमा निर्वाचित भएका छन् । देउवा पक्षबाट जम्मा छ जना मात्र केन्द्रीय समितिमा निर्वाचित भएका छन् ।

एमाले नेताहरू भारतद्वारा निर्माणाधीन पूर्णागिरि बाँध निरीक्षण गर्न जाने भएका छन् ।

माओवादीले डोल्पा जिल्लाको त्रिपुरासुन्दरी मन्दिरनजिक रहेको प्रहरी चौकी जलाएको खबर छ ।

## २०५७ माघ १८ गते बुधबार

प्रधानमन्त्रीले आजको दर्शनभेटमा सरकारबाट प्रधान सेनापतिलाई जस्तै प्रहरी महानिरीक्षकलाई पनि बेलाबेलामा दर्शनभेट बक्सनुपर्छ भन्ने सुझाव दिनुभएको रहेछ । त्यस्तै उहाँले संसद्बाट पारित भई लालमोहरका लागि राजदरबारमा पठाइएको नागरिकता सम्बन्धी विधेयकमा चाँडै लालमोहर बक्सन आग्रह गर्नुभएको छ ।

सरकारबाट राजदरबारका सचिवहरूसँग प्रधानमन्त्रीले नागरिकता विधेयक सम्बन्धमा गरेको ताकेताबारे कुरा गर्दै यस विषयमा दरबारले के गर्नुपर्छ भन्ने विषयमा छलफल गरिबक्स्यो । सचिवहरूले विधेयकमा लालमोहर लगाउँदा पर्न सक्ने सम्भावित सकारात्मक र नकारात्मक पक्षबारे विश्लेषण गऱ्यौं । अनि पहिलो विकल्पका रूपमा सरकारबाट यसबारे श्री ५ को सरकार र राजनीतिक पार्टीका नेताहरूसँग छलफल गर्ने, दोस्रो विकल्पका रूपमा सन्देश सहित उक्त विधेयक प्रतिनिधिसभामै फिर्ता पठाउने र तेस्रो विकल्पका रूपमा सर्वोच्च अदालतको राय माग्ने कुरा आयो । चौथो र अन्तिम विकल्प भने प्रतिनिधिसभाले जे पास गरेर पठाएको छ, त्यसैमा जस्ताको तस्तै लालमोहर लगाउने थियो । चारै विकल्पमध्ये जुनै रोजे पनि त्यो संविधानसम्मत हुनुपर्छ र त्यसैले तराईवासी नेपालीको भावनामा चोट पुग्नु हुँदैन भन्नेबारे सबै सचेत थियौं । तर, दरबारले देशको हित तथा सञ्चार माध्यम र नागरिक समाजबाट उक्त विधेयकका विरूद्धमा उठिरहेको आवाजको समेत कदर गर्नैपर्ने हुन्छ । साथै राजसंस्था 'रबरस्ट्याम्प' मात्र बन्नु हुँदैन र प्रतिनिधिसभाका विरूद्धमा उभिएको जस्तो पनि देखिनु हुँदैन । त्यसैले माथिका विकल्पमध्ये सबैभन्दा उत्तम विकल्प सर्वोच्च अदालतको राय बुझ्नु हुनेछ भन्ने निष्कर्ष निकालियो । त्यसै अनुसार विधेयकबारे सर्वोच्चको राय माग्न पठाउने प्रक्रिया अघि बढाउन प्रमुख सचिवालयलाई जिम्मेवारी दिइयो ।

सरकारबाट आजै मलाई हुकुम भयो, 'मैले धर्मपाललाई आगामी वैशाख १ गते वा अन्य कुनै अवसर मिलाएर सेनाको अतिरथी (फिल्ड मार्सल) दिने विचार गरेको छु । यस विषयमा तिमीले पशुपतिलाई भनेर प्रधानमन्त्रीसँग कुरा गर्न लगाऊ । साथै धर्मपालसँग समेत कुरा गर । अतिरथीको भुजदण्ड (ब्याटन) मा उसको नाम कसरी लेख्ने ? उसको हातको साइज माग र पुरानो नमुना हेरेर ब्याटन बनाउन लगाऊ । र, फुली, टोपी र युनिफर्मबारे पनि व्यवस्था गर्न लगाऊ ।'

## २०५७ माघ १९ गते बिहीबार

लामो विवादपछि सशस्त्र प्रहरी बल गठन भएको छ । महाराजधिराजबाट सशस्त्र प्रहरी बल गठन सम्बन्धी अध्यादेश गत पुस २४ गते स्वीकृत गरिबक्सेको थियो । यसै अवसरमा नवनियुक्त सशस्त्र प्रहरी महानिरीक्षक कृष्णमोहन श्रेष्ठले सशस्त्र प्रहरी सम्बन्धी अवधारणा बन्दादेखि अहिले गठन हुँदासम्म महाराजाधिराजबाट निरन्तर सहयोग, सल्लाह

र निर्देशन बक्स भएकोमा सरकारमा कृतज्ञता जाहेर गरिदिनू भनेर मलाई फोनमा अनुरोध गर्नुभएको छ । यसै अवसरमा सेनाबाट पनि स्वेच्छा सशस्त्रमा सरुवा हुन चाहनेका लागि आह्वान गरिएको छ । यस क्रममासबै दर्जा गरेर करिब १ सय १९ जनाले मात्र सशस्त्रमा जाने इच्छा देखाएका छन् । तर सशस्त्रबाट तीन-चार हजारको नफ्री माग गरिएको छ । त्यसैले नेपाल प्रहरीको सशस्त्र दङ्गा गणबाटै धेरै लिनुपर्ने देखिएको छ ।

सरकारबाट सेनाका विभिन्न तालिम केन्द्रको निरीक्षण भ्रमणपछि निर्देशन भएका विषयमा के भइरहेको छ, त्यसलाई 'फलो अप' का रूपमा बुझ्न मलाई निर्देशन बक्सेको छ । त्यस क्रममा निर्देशन भएका काम तत्काल कार्यान्वयन आवश्यक छ ।

विवादास्पद नागरिकता विधेयक सम्बन्धमा सबै सुरक्षा निकायका प्रमुखसँग पनि छलफल गरी राय लिन सरकारबाट हुकुम बक्सेको छ । त्यस अनुसार मैले उहाँहरूसँग छलफल गर्दा सबैको विश्लेषण र विचार एकै खालको आयो । उहाँहरूको भनाइ थियो- यो नागरिकता विधेयकले कुनै हालतमा देशको राष्ट्रिय हित गर्दैन । यो विधेयक लागू भयो भने तराईमा अनधिकृत रूपमा नागरिकता लिनेको सङ्ख्या बढ्नेछ । यसबाट पछि खास गरी चुनावका बेला चलखेल हुने देखिन्छ । खुला सीमाका कारण तराईमा हुने आपराधिक गतिविधि समेत झनै बढ्न सक्ने देखिन्छ । अन्ततः यसले नेपालको सिक्किमीकरण हुन सक्ने विश्लेषण गरिएको छ । राष्ट्रिय सुरक्षाका दृष्टिले यो ज्यादै ठूलो खतरा हो । त्यसैले राष्ट्रहित र राष्ट्रिय स्वार्थका निम्ति नितान्त प्रतिकूल छ ।

सरकारबाट मलाई 'चीनका रक्षामन्त्रीले नेपाल भ्रमण गर्न खोजेका छन्, उनले किन नेपालको भ्रमण गर्न चाहेका होलान्, यसमा तिमीलाई के लाग्छ ?' हुकुम भयो ।

मैले सरकारमा कतिपय सम्भावित पक्षबारे जाहेर गरेँ । मैले भनेँ, 'नेपालको हालको राजनीतिक अवस्था र माओवादीले जारी राखेको हत्या-हिंसाबारे नेपालै आएर विभिन्न पक्षसँग छलफल गरी प्रत्यक्ष जानकारी लिन खोजेको हुन सक्छ । त्यस्तै, शाही नेपाली सेनालाई चीनले के सहयोग पुऱ्याउन सक्छ भन्ने बुझ्न र अहिलेको सन्दर्भमा दुवै देशका सेनाबीच सम्बन्ध विस्तार गर्न पनि नेपाल भ्रमण गर्न चाहेको हुन सक्छ । साथै, चीनमा पनि धर्मप्रति क्रमशः आस्था बढ्दै गएको छ, त्यसैले उहाँले लुम्बिनीको भ्रमण गर्न पनि नेपाल आउन चाहेको हुन सक्छ ।'

सरकारबाट 'सेना माओवादीको समस्यामा परिचालन भयो भने यसको तल्लो तह सेक्सनदेखि माथिल्लो तह डिभिजनसम्मका सबै इकाइमा डाक्टर, प्यारामेडिक्स औषधि सहित चौबीसै घण्टा उपलब्ध हुनुपर्छ, त्यसको तयारी गर्न प्रधान सेनापतिलाई खबर गर' हुकुम भयो । सरकारको यस भनाइबाट मलाई सेना कुनै पनि बेला माओवादीका विरुद्ध परिचालन हुन सक्छ भन्ने लाग्यो । यो कुरा मैले तत्कालै प्रधान सेनापतिलाई खबर गरेँ ।

## २०५७ माघ २५ गते बुधबार

सरकारबाट आज मलाई हुकुम भयो, 'चीनको हेनान प्रान्तमा आयोजना हुने बोआवो फोरमको सम्मेलनमा प्रमुख अतिथिका रूपमा सहभागी हुन निमन्त्रणा आएको छ ।

सम्मेलनपछि बेइजिङ गएर चिनियाँ राष्ट्रपतिसँग औपचारिक भेटवार्ता गर्ने सोचाइ छ । यस सम्बन्धमा नेपालले विशेष गरेर हालको अवस्थामा सेना परिचालन गर्नुपरे चीनबाट कस्तो प्राविधिक तथा सैनिक सहयोग आवश्यकता पर्ने हो, प्रधान सेनापतिसँग छलफल गरेर बुँदागत रूपमा पेपर तयार गर ।' साथै सरकारबाट '*एसिया फोरम* पत्रिकामा नेपालको तर्फबाट कुनै किसिमको लेख-रचना प्रकाशित गर्न के गर्न सकिने रहेछ, यसबारे समेत विचार गर' हुकुम भयो ।

माओवादीले गत माघ २१ गते शनिबार प्रधान न्यायाधीश केशबप्रसाद उपाध्यायको सुर्खेत, वीरेन्द्रनगर पूर्व छैसट्ठी भन्ने स्थानमा विद्युतीय धरापमा पारी हत्याको प्रयास गरेका छन् । उक्त घटनामा परी पाँच जना अन्य सहयात्रीको मृत्यु भयो । उक्त घटनाको महाराजधिराजबाट गहिरो चासो व्यक्त गरिबक्सेको छ ।

महाराजधिराजबाट संसद्को अठारौं अधिवेशनबाट पारित भई लालमोहरका लागि राजदरबार आएको नेपाल नागरिकता ऐन २०२० (छैटौं संशोधन) विधेयक सम्बन्धमा विभिन्न महानुभावहरूसँग छलफल प्रारम्भ गरिबक्सेको छ ।

## २०५७ माघ २६ गते बिहीबार

शाही नेपाली सेनामा चमू अवधारणा लागू गरी फिल्डमा रहेका सबै तहका युनिटलाई चमूपतिको कमान्डमा राख्ने र जङ्गी अड्डाले सेनाको जनशक्ति आपूर्ति, तालिम, खरिद सम्बन्धी नीति, रक्षा मन्त्रालय तथा राजदरबारसँग समन्वय गर्नुका साथै श्री ५ को सरकारको नीति निर्देशन अनुसार काम गर्ने र सामरिक महत्त्वका विषयमा योजना बनाउने गरी सेनाको काम, कर्तव्य र अधिकार विभाजन गर्नेबारे छलफल चलिरहेको छ । यसै अनुरूप सेनाले कार्यटोली गठन गरी तयार पारेको योजना शाही जङ्गी अड्डामा आज सरकारमा जाहेर भयो । जाहेरीमा युवराजाधिराज दीपेन्द्रको समेत सहभागिता थियो । उक्त अवसरमा रक्षासचिव र सेनाका पीएसओज जर्साबहरूको उपस्थिति थियो । चमू अवधारणा अनुरूपको सङ्गठन निर्माण गर्ने विषयमा छलफल हुँदा प्रस्तुत योजनामा धेरै नै परिमार्जन गर्नुपर्ने देखियो । विशेष गरेर चमूको मुख्यालयका रूपमा हाल १६ नम्बर वाहिनी रहेको जगन्नाथ देव, सुनधारालाई प्रस्ताव गरिएको कुरा ज्यादै अनुपयुक्त छ । यसको मुख्यालय राजधानीबाहिर पोखरा, भरतपुर या हेटौंडा जस्ता स्थानमा राख्दा उपयुक्त हुने भनी छलफल भयो । त्यस्तै, दुई हजार दरबन्दी थप गर्ने र चमू मुख्यालय निर्माण गर्ने प्रसङ्ग पनि सान्दर्भिक देखिएन । योजना अनुसार नेपालमा पूर्वी र पश्चिमी दुई चमू राख्न सके उपयुक्त हुने भनिएकोमा हाललाई एउटा मात्र बनाउनेबारे छलफल भएको छ ।

## २०५७ फागुन ४ गते बिहीबार

सरकारबाट मलाई 'नयाँ अतिरथी (फिल्ड मार्सल) नियुक्त गर्ने सम्बन्धमा कुन प्रक्रिया अपनाउँदा राम्रो हुन्छ, राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसबाट गर्ने कि मन्त्रिपरिषद्बाटै गर्दा हुन्छ, या दरबारबाट सोझै नियुक्ति गर्ने, के गर्दा नियमसङ्गत हुन्छ, पहिलेको

परम्परा के थियो, विस्तृतमा बुझेर आगामी वैशाख १ गते नियुक्त गर्ने गरी व्यवस्था मिलाऊ' हुकुम भयो ।

प्राप्त खबर अनुसार माओवादीको सङ्गठन क्रमशः विस्तार भइरहेको छ । कार्यकर्ता तथा लडाकु दस्तामा मोराल उच्च देखिएको छ । यता, नेपाल प्रहरीको मोराल ज्यादै खस्कँदो छ । माओवादी क्षेत्रमा कार्यरत प्रहरीका अधिकृत तथा जवानले काठमाडौं सरुवाका लागि विभिन्न राजनीतिक शक्तिकेन्द्रको सिफारिस गराउने क्रम बढेको छ ।

भारतका लागि सैनिक सहचारीमा प्रमुख सेनानी हेमेन्द्रध्वज खड्का नियुक्त हुनुभएको थियो । उहाँले कार्यभार सम्हाल्ने तयारी समेत गरिरहनुभएको थियो । तर अचानक उहाँको नियुक्ति स्थगित गरिएछ । मलाई भेट्न घरमा आएर उहाँले भन्नुभयो, 'सर, मलाई अन्याय भयो । म भारतको सैनिक सहचारीमा जान तयारी गरिरहेको थिएँ । हिजो मलाई सैनिक सचिवले बोलाएर प्रधान सेनापतिको आदेशले भारतको सैनिक सहचारीमा तपाईंको नियुक्ति बदर गरिएको छ, उक्त स्थानमा प्रमुख सेनानी विकासविक्रम शाह नियुक्त हुनुभएको छ, तपाईंको सरुवा शाही जङ्गी अड्डामा गरिएको छ भन्नुभयो । यस्तो भएपछि मैले सेनामा रहन उपयुक्त ठानिनँ । आजै गएर राजीनामा दिन्छु ।' मैले उहाँलाई 'के भएको रहेछ, म बुझेर तपाईंलाई खबर गरूँला, केही दिन राजीनामा नदिनुस्' भनें । तर उहाँ 'म ज्यादै ह्युमिलिएट भएको छु, मलाई एक छिन पनि यो सेनामा बस्न मन छैन, हजुरको सहयोगका लागि धन्यवाद' भनेर जानुभयो । उहाँले आजै राजीनामा गर्नुभएछ ।

## २०५७ फागुन १० गते बुधबार

चिनियाँ रक्षामन्त्री चाई हाओसियनको पहिलो औपचारिक नेपाल भ्रमण सुरु भएको छ । उहाँको सम्मानमा नेपाली समकक्षी रक्षामन्त्री महेश आचार्यले रात्रिभोजको आयोजना गर्नुभयो । सो अवसरमा आचार्यले नेपाल-चीन सम्बन्ध बहुआयामिक रहेकोबारे चर्चा गर्नुभयो । त्यस्तै उहाँले चिनियाँ जनमुक्ति सेना (पीएलए) ले चीनलाई समृद्ध बनाउन र देश विकासमा गरेको योगदानको सराहना गर्नुभयो । साथै शाही नेपाली सेना पनि देशको विकासमा जुटिरहेको छ भन्दै शान्तिसेनामा काम गरेर अन्तर्राष्ट्रिय स्तरमा शाही सेनाले प्रशंसनीय कार्य गरेको चर्चा गर्नुभयो । त्यस्तै रक्षामन्त्री आचार्यले नेपाल र चीन दुवैका सेनाका विभिन्न तहमा हुने औपचारिक तथा अनौपचारिक भ्रमणले दुवै सेनाबीचको सम्बन्ध सौहार्दपूर्ण रहेको बताउनुभयो । उहाँले महाराजाधिराजको आगामी चीन भ्रमणलाई हामीले महत्त्वका साथ हेरेका छौं भन्नुभयो । रक्षामन्त्री आचार्यले चिनियाँ रक्षामन्त्रीलाई बुद्ध जन्मेको स्थान लुम्बिनीको भ्रमण गराउन पाउँदा आफूलाई खुसी लागेको बताउँदै यो भ्रमणबाट उहाँले अन्तरात्मामा शान्तिको अनुभूति प्राप्त गर्नुहुनेछ भन्ने कामना समेत गर्नुभयो ।

प्रत्युत्तरमा चिनियाँ रक्षामन्त्रीले आफ्नो नेपाल भ्रमणको अवसरमा शाही नेपाली सेनाले सेना दिवस मनाउने अवसर परेको उल्लेख गर्दै रक्षामन्त्री र प्रधान सेनापति लगायत सेनाका सबै दर्जालाई शुभकामना दिनुभयो । उहाँले भन्नुभयो, 'आकारमा ठूलो-सानो जस्तो भए पनि चीनले सबै देशलाई समानताको आधारमा समर्थन र सहयोग गर्छ ।

साथै चीन संसारका सबै देशमा शान्ति कायम होस् भन्ने चाहन्छ । चीन र नेपालबीचको सदियौं पुरानो सम्बन्ध सुमधुर छ । र, सदैव रहनेछ । श्री ५ महाराजाधिराजको यो शताब्दीको पहिलो चीन भ्रमणले दुई देशबीच रहेको आपसी समझदारी अझ वृद्धि हुनेछ भनी चीनले अपेक्षा गरेको छ । नेपालका रक्षामन्त्रीसँगको मेरो भेट र छलफल लाभदायक भयो । चीनको रक्षामन्त्रीको हैसियतले पहिलो नेपाल भ्रमण गर्न पाएकोमा मलाई ज्यादै खुसी लागेको छ । यस भ्रमणले आगामी दिनमा दुई देश र दुई सेनाबीच सम्बन्ध अझ प्रगाढ हुने कुरामा म विश्वस्त छु ।'

## २०५७ फागुन १२ गते शुक्रबार

महाराजाधिराजबाट चीनका रक्षामन्त्री र उहाँकी श्रीमतीलाई राजदरबारमा दर्शनभेट बक्स्यो । उक्त अवसरमा चिनियाँ रक्षामन्त्रीले भन्नुभयो, 'चीनको रक्षामन्त्रीका रूपमा पहिलो नेपाल भ्रमण गर्न पाएकोमा मलाई धेरै खुसी लागेको छ । त्यस्तै भगवान् बुद्धको जन्मभूमि लुम्बिनीको भ्रमण गर्न पाउँदा मैले आफूलाई भाग्यमानी ठानेको छु । नेपाल सुन्दर छ भन्ने सुनेको थिएँ, अहिले नेपालको हावापानी र सुन्दरता आफैंले देख्न पाउँदा ज्यादै खुसी छु । यो भ्रमणबाट मेरो नेपाल भ्रमण गर्ने धेरै अगाडिदेखिको चाहना पूरा भएको छ । बुद्ध नेपालमा जन्मेका हुन् तर चीनमा सबैभन्दा बढी बुद्ध धर्मावलम्बी छन् । नेपालको सांस्कृतिक तथा मौलिक परम्पराले चीनलाई समेत सदियौंदेखि प्रभाव पारिरहेको छ । ४५ वर्षअगाडि महाराजाधिराज महेन्द्रबाट चीनको पहिलो भ्रमण गरिबक्सेको थियो । त्यो भेट कोसेढुङ्गा साबित भएको छ । चीनका महान् नेता माओ सेतुङ र उहाँबीच सम्पन्न छलफलबाट भएको सहमतिले चीन र नेपालको सम्बन्धले निरन्तरता पाइरहेको छ । जुन समयमा पश्चिमा देशहरूले चीनलाई एक्लो पारेका थिए, त्यस बेला राजा महेन्द्रले एक चीन नीतिको समर्थन गरेको कुरालाई चिनियाँ नेताहरूले भुल्न सक्दैनन् । त्यस्तै सरकारबाट विभिन्न समयमा गरिबक्सेको चीन भ्रमण र चिनियाँ राष्ट्रपतिसँग भएको छलफलले हाम्रा पूर्वनेताहरूको समझदारीलाई निरन्तरता दिएको हामीले राम्ररी बुझेका छौं । चीन र नेपालबीच सबै क्षेत्रमा गहिरो सम्बन्ध छ । मेरो नेपालका रक्षामन्त्री र प्रधान सेनापतिसँग सौहार्दपूर्ण छलफल भयो । चीन शाही नेपाली सेनाको आवश्यकता अनुसार हतियार तथा अन्य सहयोग गर्न तयार छ । महाराजाधिराजको बुद्धिमत्तापूर्ण नेतृत्वमा नेपालले प्रगति गर्दै जानेमा चीन विश्वस्त छ । अहिले काठमाडौं र साङ्घाईबीच मात्र हवाई सेवा सञ्चालन छ । आपसी समझदारीमा चीनका अन्य सहरमा पनि सीधा हवाई सेवा सञ्चालन गरी उद्योग, वाणिज्य र पर्यटनका क्षेत्र विस्तार गर्न सके, साथै जनता-जनताबीच सम्बन्ध कायम गराउन सके दुवै देशलाई फलदायी हुने देखिन्छ ।'

दर्शनभेटको अवसरमा सरकारबाट हुकुम भयो, 'चिनियाँ रक्षामन्त्रीको पहिलो नेपाल भ्रमणलाई नेपालले अत्यन्तै महत्त्व दिएको छ । चीनले नेपालको सार्वभौम सत्ता र भौगोलिक अखण्डताको सधैं समर्थन गरेको छ । हामी त्यसमा खुसी छौं । संसारभर आर्थिक र

सामाजिक परिवर्तन द्रुत गतिमा भइरहेका छन् । यस अवस्थामा तपाईंलाई नेपालमा स्वागत गरी विचारको आदानप्रदान गर्न पाएकोमा म खुसी छु । नेपाल पनि चीनसँग सिमाना जोडिएका धेरै देशमध्ये एउटा हो । सामरिक तथा भौगोलिक हिसाबले नेपाल दक्षिण एसियाको महत्त्वपूर्ण देश हो । यसको महत्त्व चीनले राम्ररी बुझेको छ । म केही दिनपछि नै चीन भ्रमणमा जाँदै छु । चिनियाँ नेताहरूसँग मेरो व्यक्तिगत छलफल हुनेछ । यसै सन्दर्भमा तपाईंसँग छलफल गर्न पाएकोमा मलाई धेरै खुसी लागेको छ । तपाईंको भ्रमण आरामदायी र फलदायी होस् भन्ने मेरो चाहना छ । चीन फर्किएपछि चीनका राष्ट्रपतिलाई मेरो शुभकामना, साथै उहाँसँग चाँडै भेट्न उत्सुक छु भन्ने कुरा सुनाइदिनुहोला ।'

चिनियाँ रक्षा मन्त्रीको दर्शनभेटपछि मैले 'सरकारबाट चीन भ्रमणका अवसरमा चिनियाँ पक्षसँग नेपालको प्रत्येक विकास क्षेत्रको उत्तरी सीमामा बाटो खोल्ने विषयमा छलफल गरिबक्सँदा सान्दर्भिक हुन्छ' जाहेर गरें । मैले भनें, 'काठमाडौंमा बाहिरी चक्रपथ निर्माणबारे पनि सरकारबाट कुरा गरिबक्सनुपर्छ । सेनाले तयार पारेको लजिस्टिक र सञ्चारका साधन सम्बन्धी सहयोग लिन प्रयास गर्ने र नेपालको राष्ट्रिय सुरक्षा सम्बन्धमा चीनको सहयोग प्राप्त गर्ने जस्ता गहन विषयमा सरकारबाट चिनियाँ राष्ट्रपतिसँग छलफल हुनुपर्छ । नेपालमा चिनियाँ लगानी भित्र्याउन पहल गर्ने र चिनियाँ मुद्रा विनिमयको व्यवस्था गर्ने जस्ता विषयमा छलफल गर्दा उपयुक्त हुन्छ ।' सरकार आगामी सोमबार चिनियाँ राष्ट्रपति जियाङ जमिनको निमन्त्रणामा चीनको साताव्यापी राजकीय भ्रमणमा सवारी होइबक्सँदै छ ।

माओवादी समस्या उग्र रूपमा बढिरहेको छ । श्री ५ को सरकारले सेना परिचालन गर्न चाहे पनि प्रक्रियागत ढङ्गबाट कुनै निर्णय गर्न सकेको छैन । प्रधानमन्त्री सेना सीधै परिचालन होस् भन्ने चाहनुहुन्छ । तर राजदरबार र जङ्गी अड्डा चाहन्छ– संवैधानिक व्यवस्था अनुसार नीतिगत निर्णय र आम राजनीतिक सहमति सहित सेना परिचालन गर्नुपर्छ । किनभने संसारका धेरै देशमा हतपती या ठूलै विपत्ति नआएसम्म देशको आन्तरिक मामिलामा सेना परिचालन हुँदैन । त्यही मान्यता राजदरबार र शाही नेपाली सेनाले समेत बनाएको छ । यस्तो अवस्थामा सेना विकास निर्माणको कुनै योजना मार्फत परिचालित हुन चाहन्छ । यही कुरालाई सत्तारूढ दलले ठूलो इस्यु बनाएको छ । सत्तासीन नेताहरूबाट माओवादी दरबारले सञ्चालन गरेको भन्नेसम्मको आरोप समेत लाग्ने गरेको छ । यस कुराले आन्तरिक झनै द्वन्द्व बढेर जाने देखिन्छ । देशमा सङ्कटकालको स्थिति सिर्जना हुन सक्ने अवस्था छ । सुरक्षा निकायले पनि यही विश्लेषण गरेर रिपोर्ट पठाइरहेका छन् । अहिले देशमा सुरक्षाको स्थिति भयावह बन्दै गएको छ । श्री ५ को सरकारले शान्ति-सुरक्षा कायम गर्न नसकेको स्थिति छ भने पार्टी-पार्टीबीच र अन्तरपार्टी सत्ता सङ्घर्ष जारी छ । देशका अन्य समस्या जटिलतातर्फ उन्मुख छन् । सुशासन छैन भने भ्रष्टाचार मौलाएको छ । नेपाल भ्रमणमा आउने मित्रराष्ट्रका प्रतिनिधिले समेत श्री ५ को सरकारबाट सुशासन नभएको र भ्रष्टाचार नियन्त्रण हुन नसकेको भनी महाराजाधिराजमा गुनासो पोख्ने गरेका छन् । देशका

प्रबुद्ध व्यक्ति तथा नागरिक समाजका अगुवाले पनि यही कुरा गर्छन् । यस अवस्थामा सरकारको चीन भ्रमण महत्त्वपूर्ण हुन जान्छ । देशलाई सङ्कटबाट मुक्त गर्न सरकारबाट कुनै न कुनै कदम चालिबक्सन आवश्यक देखिएको छ । सरकार पनि यही सोचाइमा होइबक्सेको जस्तो मैले नजिकबाट आभास पाएको छु ।

राप्रपा नेता डा. प्रकाशचन्द्र लोहनीले आज मलाई भेटेर प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले महाराजाधिराजका सम्बन्धमा व्यक्त गरेका केही कुरा सुनाउनुभयो । उहाँसँग प्रधानमन्त्री कोइरालाले भन्नुभएको रहेछ, 'यहाँ सबै काम ग्र्यान्ड डिजाइनबाट भइरहेको छ । चीनका रक्षामन्त्रीको नेपाल भ्रमण, चिनियाँ राजदूतको अभिव्यक्ति र राजाको चीन भ्रमण सबै ग्र्यान्ड डिजाइन अन्तर्गत नै भएका हुन् । म पनि विगत ५० वर्षदेखि राजनीति गरिरहेको छु । म कुनै पनि हालतमा राजीनामा दिने पक्षमा छैन । राजाले के गर्न खोजेका हुन्, म पनि हेरेर बसिरहेको छु ।'

## २०५७ फागुन १८ गते बिहीबार

पूर्वअधिराजकुमार धीरेन्द्र शाहले हिजो बेलुका प्रधानमन्त्री कोइरालालाई भेटेको खबर छ । कोइरालाले भेट्न खोजेपछि धीरेन्द्र शाह आफैं उहाँलाई भेट्न प्रधानमन्त्री निवास जानुभएको थियो । केही समयदेखि महाराजाधिराजबाट पूर्वअधिराजकुमार धीरेन्द्रलाई माओवादीसँग सम्पर्क राख्न लगाइबक्सेको र उहाँले केही माओवादी नेतासँग भेटेको चर्चा चलेको सन्दर्भमा प्रधानमन्त्रीले उहाँलाई भेटेको हुन सक्छ । तर यस सम्बन्धमा मलाई कुनै जानकारी छैन ।

प्रधानमन्त्रीको राजीनामा आउन सक्ने चर्चा व्यापक छ । तर काङ्ग्रेस नेता गोविन्दराज जोशी र जयप्रकाश गुप्ताले राजीनामाबारे निराधार हल्ला चलाए पनि प्रधानमन्त्रीको फ्रान्स भ्रमण सम्बन्धमा कुनै निर्णय भएको छैन । कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री छँदा नै नेपालका प्रधानमन्त्रीको फ्रान्स भ्रमण कार्यक्रम तय भएको थियो । त्यस बेला फ्रान्स भ्रमणमा जानु केही दिनअगाडि नै भट्टराईले राजीनामा गर्नुपर्ने परिस्थिति सिर्जना भएको थियो । त्यसैले यो भ्रमण स्थगित छ । त्यसो भएर प्रधानमन्त्री कोइराला फ्रान्स भ्रमणमा जान इच्छुक हुनुहुन्छ । र, उहाँको भ्रमण तय भएको छ ।

## २०५७ फागुन २५ गते बिहीबार

सरकारको चीन भ्रमणबाट सवारी फिरेपछि हिजो बुधबार नवगठित सशस्त्र प्रहरी बलका संस्थापक महानिरीक्षक कृष्णमोहन श्रेष्ठले सरकारमा दाम राख्नुभयो । त्यस अवसरमा सरकारबाट सशस्त्र प्रहरी अध्यादेशबारे जिज्ञासा राखिबक्स्यो । साथै संसद्को आगामी अधिवेशनबाट ऐन पारित गर्न पहल गर्न हुकुम भयो । केही दिनअगाडि पदोन्नति हुनुभएका सहायक रथी डा. गौतमरत्न शाक्यले पनि आजै सरकारमा दाम राख्नुभयो ।

क्षेत्रीय भ्रमणको सिलसिलामा २०४४ सालमा सरकारको ओखलढुङ्गा सवारी हुँदा त्यहाँ बालक धनबहादुर खत्रीले सरकारमा पढ्न पाऊँ भनी बिन्ती गरेका थिए ।

बडामहारानीबाट प्रमुख जिल्ला अधिकारीलाई 'उसको घरमा कोको छन्, उसको चाहना बमोजिम काठमाडौं लगेर पढाइदिन मिल्छ कि मिल्दैन ?' भनेर बुझ्न लगाइबक्सेको थियो । उसको घरमा आमा-बुबा रहेको तर आर्थिक अवस्था एकदमै कमजोर भएकाले 'सरकारले काठमाडौं लगेर पढाइदिए हुन्थ्यो' भन्ने बाबुआमाको समेत इच्छा रहेको खबर आयो । त्यस अनुसार बालक धनबहादुरलाई काठमाडौं ल्याएर राजदरबारमा राखी पढाइबक्सेको थियो । उनी अब पूर्ण जवान भइसकेका छन् । हिजोआज उनी बिदाको समयमा गाउँघरमा जाँदा दरबारको कुरा गर्ने र केही प्रहरीलाई म राम्रो स्थानमा सरुवा गरिदिन्छु भनेर अनावश्यक फुर्ती लगाउने गरेको कुरा सुनिन आएको छ । यसै सिलसिलामा आज रून्जाटारबाट एक प्रहरी सहायक निरीक्षकले शाही पार्श्ववर्ती विभागमा धनबहादुरलाई खोजेर फोन गरेछन् । फोनमा ती प्रहरीले 'मलाई धनबहादुर सरले सरुवा मिलाइदिन्छु भन्नुभएको थियो, तर उहाँसँग सम्पर्क नभएपछि यहाँ फोन गरेको हो, यो खबर पुऱ्याइदिनुस् न' भनेछन् । यो कुरा आज मलाई एडीसी अफिसले जानकारी गरायो । मानिसको चरित्र देखेर पनि मलाई अचम्म लाग्यो । अवसर पाएको बेला राम्रोसँग पढ्न छोडेर यसरी ठूलठूला गफ गर्नुले आखिर धनबहादुरलाई नै हानि हुने हो ।

## २०५७ फागुन ३० गते मङ्गलबार

श्री ५ महाधिराजबाट नेपाल भ्रमणमा रहेका संयुक्त राष्ट्रसंघीय महासचिव कोफी अन्नानलाई आज दर्शनभेट बक्स्यो । उक्त भेटका अवसरमा काभ्रेको पाँचखालमा शान्ति सेना तालिम केन्द्र स्थापना गर्नेबारे छलफल भयो । महासचिव अन्नानले राष्ट्रसङ्घको आह्वानमा शान्ति स्थापना गर्ने कार्यमा शाही नेपाली सेनाले पुऱ्याएको योगदानको निकै प्रशंसा गर्नुभएको छ । यसै सन्दर्भमा उहाँले लेबनानमा युनिफिलको म्यान्डेट रहेसम्म नेपाली सेनालाई त्यहाँ राखिराख्ने विचार गर्नुभएको बुझिएको छ । अन्नान हिजो नेपाल आइपुग्नुभएको हो ।

भारतीय सञ्चार माध्यममा नेपालका विभिन्न विषयलाई लिएर ज्यादै आपत्तिजनक र नकारात्मक समाचार प्रकाशित भइरहेका छन् । चिनियाँ रक्षामन्त्रीको नेपाल भ्रमणबाट भारत असन्तुष्ट भएको बुझिन्छ । साथै राजाको चीन भ्रमणमा महत्त्वपूर्ण सम्झौता हुन सक्ने भनी भारतले शङ्का व्यक्त गरेको समेत बुझिन्छ ।

## २०५७ चैत १ गते बुधबार

आज प्रधानमन्त्री कोइरालाको जाहेरी थियो । जाहेरीपछि सरकारबाट मलाई हुकुम भयो, 'प्रधानमन्त्रीले आजको जाहेरीमा गृहमन्त्री, रक्षामन्त्री र सुरक्षा निकायका प्रमुखहरू सम्मिलित गराई सुरक्षा सम्बन्धमा मलाई ब्रिफिङ गर्ने भन्नुभयो । यसबारे तिमीले गृहकार्य गर । त्यस्तै, राष्ट्रिय सुरक्षा परिषद्को कार्यविधि पास गर्ने सम्बन्धमा पनि प्रधानमन्त्रीसँग कुरा भयो । उहाँले सञ्चार माध्यममा सेनाका अधिकृतले चोरी सिकार गरेको समाचार आएको सन्दर्भमा गुनासो पोख्नुभयो । मैले प्रधानमन्त्रीलाई यसबारे सेना मार्फत छानबिन

गर्न लगाई दोषीउपर कारबाही गर्न लगाउनू र रक्षा मन्त्रालय मार्फत यस सम्बन्धमा विज्ञप्ति प्रकाशित गर्दा राम्रो हुन्छ भनेको छु ।'

आजै प्रधानमन्त्रीले सरकारमा पूर्व प्रधान सेनापति महारथी धर्मपालवरसिंह थापालाई अतिरथी (फिल्ड मार्सल) बक्सनुपऱ्यो भनेर जाहेर गर्नुभएछ । त्यसमा सरकारलाई ज्यादै अचम्म लागेछ । यसैबीच, प्रधानमन्त्रीको जाहेरीपछि, प्रमुख सचिव पशुपतिभक्त महर्जनले यस विषयमा केही थप कुरा समेत जाहेर गर्नुभएको जस्तो छ । उहाँहरूको जाहेरीपछि सरकारबाट मलाई बोलाइबक्स्यो र हुकुम भयो, 'विवेक, आज प्रधानमन्त्रीले मलाई सरकारबाट धर्मपाललाई अतिरथी बक्सनुपऱ्यो भनेर सिफारिस गर्नुभयो । मैले धर्मपाललाई आगामी वैशाख १ गते अतिरथी दिने योजना बनाएकै थिएँ । तर यसमा किन प्रधानमन्त्रीबाट राजनीतिक दबाव आयो ? मैले बुझ्न सकिनँ । पशुपतिले पनि यसबारे केही नकारात्मक कुरा गरेको छ । त्यसैले यस विषयमा पुनर्विचार गर्नुपर्ने देखिन्छ ।' त्यसपछि मैले सरकारको आशय बुझेर 'यसमा कुनै साइत जुराउनुपर्दैन, वैशाख १ गतेको बदला शुभजन्मोत्सव वा महाशिवरात्रि तथा सेना दिवसको अवसरमा फिल्ड मार्सल बक्से पनि राम्रै हुन्छ, तर हाललाई केही समयका लागि यो विषयलाई स्थगित गर्नु नै उचित होला' भनेर बिन्ती चढाएँ । सरकारबाट 'हाललाई फिल्ड मार्सल नियुक्ति सम्बन्धी प्रक्रिया स्थगित गर' हुकुम भयो ।

## २०५७ चैत २ गते बिहीबार

भारतका सञ्चार माध्यममा तहलका डटकम मार्फत सार्वजनिक भएको भ्रष्टाचार सम्बन्धी समाचारले व्यापकता पाएको छ । समाचारमा भारतीय जनता पार्टीका अध्यक्ष बङ्गारू लक्ष्मणले रक्षा सम्बन्धी खरिदमा घुस लिएको प्रत्यक्ष दृश्य देखाइएको छ । भारतीय सेनाका मेजर जनरल, ब्रिगेडियर तथा कर्णेल र रक्षा मन्त्रालयका सहसचिव लगायत पाँच जना कर्मचारी पनि उक्त काण्डमा मुछिएका छन् । त्यस्तै समता पार्टीकी अध्यक्ष जया जेटलीको समेत संलग्नता रहेको खबर छ । उहाँ भारतीय रक्षामन्त्री जर्ज फर्नान्डिसको घनिष्ठ साथी हुनुहुन्छ । उहाँहरू दुवै जना विगत २० वर्षदेखि एउटै घरमा बस्ने गरेको समेत खुलासा भएको छ । उहाँलाई रकम दिने कथित कम्पनी 'वेस्ट इन्ड आर्म्स' रहेको भारतीय सञ्चार संस्थाहरूले जानकारी दिएका छन् ।

प्राप्त सूचना अनुसार माओवादीले फर्पिङस्थित हात्तीवन रिसोर्ट बन्द गर्ने धम्की दिएर त्यहाँबाट तीन लाख रुपैयाँ चन्दा असुल गरेको छ ।

पूर्व भारतीय राजदूत केभी राजन काठमाडौं आउनुभएको छ । भ्रमणको उद्देश्यबारे स्पष्ट हुन सकेको छैन । सरकारबाट आज मलाई 'काठमाडौंस्थित विदेशी राजदूतहरू नेपालका विभिन्न जिल्लामा अनौपचारिक भ्रमण गरिरहेको सूचना आइरहेको छ, यसबारे परराष्ट्र मन्त्रालयलाई जानकारी छ कि छैन, यस्ता भ्रमणको गतिविधि स्थानीय सुरक्षा निकायलाई भनेर बुझिराख्नू' हुकुम भयो ।

मोटोरोला कम्पनीको सिङ्गापुरस्थित कार्यालय मार्फत सेनामा 'कमान्ड नेटवर्क'

स्थापना गर्ने काम भइरहेको छ । पहिलो चरणको कार्य सम्पन्न भइसकेको छ । उक्त कम्पनीले प्रदर्शन गर्ने क्रममा नै यसको लागत ज्यादै बढी हुने कुरा भएको थियो । यसलाई सेनाको बजेटले किन्न सक्छ कि सक्दैन भनेर प्रश्न उठेको थियो । हाल परीक्षणका क्रममा रहेको यो प्रविधि सन्तोषजनक छैन र यसका सेटहरू प्रभावकारी छैनन् भन्ने बुझिएकाले यसबारे पुनरावलोकन गर्न आवश्यक छ भन्ने सेनाका केही वरिष्ठ जर्साबहरूको धारणा छ । तर जङ्गी अड्डाले यही सेट किन्नुपर्छ भनेर प्रधान सेनापतिले जोड दिइरहनुभएको छ । किनभने देशव्यापी रूपमा परिचालित हुने कमान्डरहरूबीच सीधा सम्पर्क गर्न यसबाट सजिलो हुन्छ भन्ने उहाँको तर्क रहेको छ ।

प्रमुख विपक्षी दल एमालेले अवरूद्ध गरिरहेको प्रतिनिधिसभाको बैठक भोलि र पर्सि मार्सल लगाएर भए पनि सञ्चालन गरी श्री ५ को सरकारले केही अध्यादेश पारित गर्ने रणनीति बनाएको बुझिएको छ ।

प्रधानमन्त्री कोइरालाले आज पनि पूर्व शाही पार्श्ववर्ती उपरथी ताराबहादुर थापालाई उहाँकै घर गएर भेटेको खबर आएको छ । प्रधानमन्त्रीले पटकपटक ताराबहादुर जर्साबलाई भेटिरहनुभएको छ । मैले उहाँहरूबीच भेट भएको विषयमा प्रत्येक पटक सरकारलाई जाहेर गरेको छु । किन र के विषयमा भेटघाट भइरहन्छ, यसबारे मलाई कुनै जानकारी छैन भनी आज पनि जाहेर गरेँ । सरकारबाट कुनै प्रस्ट जवाफ बक्सेन । तर भेटघाटबारे सरकारलाई जानकारी भएको आभास पाएँ ।

माओवादीले दरबारको निर्देशनमा काङ्ग्रेस नेता गोविन्दराज जोशीलाई भौतिक कारबाही गर्दै छ भन्ने हल्ला चलेको छ । सम्भवतः यो हल्ला काङ्ग्रेस पार्टीबाटै चलाइएको हो ।

मैले सरकारमा माथिका विषयका अतिरिक्त संयुक्त राष्ट्रसङ्घबाट सियरालियोनमा शाही नेपाली सेनाको एक गण शान्ति सैनिक पठाउन आग्रह आएकोबारे जाहेर गरेँ । साथै, 'शाही नेपाली सेनामा पनि अन्य विदेशी सेनामा जस्तै महिला भर्ना गर्नुपर्ने भन्ने विभिन्न पक्षबाट सुझाव आएको छ, त्यसैले केही महिला अधिकृत तथा जवान भर्ना गर्नुपर्छ, साथै महिला सैनिकलाई लजिस्टिक, सञ्चार र बन्दोबस्तीका कार्यालयमा राख्न उपयुक्त हुन्छ, भविष्यमा बढ्ने सेनाको नफ्री विचार गरी १० प्रतिशतसम्म महिलालाई राख्न उपयुक्त हुने देखिन्छ' भनी जाहेर गरेँ । सरकारबाट 'सेनामा महिला भर्ती गर्ने सोचाइ राम्रो हो, कुनकुन दर्जामा लिने र कति सङ्ख्यामा लिने हो भन्ने योजना बनाएर सुरूवात गर्न प्रधान सेनापतिसँग समन्वय गर' हुकुम भयो ।

## २०५७ चैत ५ गते आइतबार

सरकारबाट सेनाका तालिम केन्द्रहरू निरीक्षण गर्ने सिलसिलामा आज अमलेखगन्जस्थित जङ्गल युद्धकला शिक्षालय सवारी होइबक्स्यो । सवारी साथ रक्षामन्त्री महेश आचार्य र रक्षासचिव पदमकुमार आचार्य सम्मिलित हुनुहुन्थ्यो । सरकारलाई शिक्षालयमा प्रधान सेनापति, बलाधिकृत, डीएमटी र उक्त शिक्षालयका कमान्डेन्टले स्वागत गर्नुभयो ।

जाहेरीका क्रममा कमान्डेन्टले शिक्षालयलाई बजेट ज्यादै कम भएको र त्यसै कारण कम्पाउन्डको तारबार कार्य समेत पूरा हुन नसकेको बताउनुभयो । भौतिक पूर्वाधार निर्माण गर्न सके शिक्षालयको स्तर वृद्धि गर्न सकिन्थ्यो र विदेशी सेनाका अधिकृत तथा जवानलाई पनि तालिम दिन सकिन्थ्यो भन्दै उहाँले यो स्थान जङ्गल युद्धकला सम्बन्धी तालिम दिन ज्यादै उपयुक्त रहेको र यसको क्षेत्र ज्यादै फराकिलो रहेको जाहेर गर्नुभएको थियो ।

जाहेरीका समयमा भएका छलफल, उठेका महत्त्वपूर्ण विषय र सरकारबाट निर्देशन भएका कुरालाई बुँदागत रूपमा उतारेर सैनिक सचिवालयले प्रधान सेनापतिलाई पठाउने प्रावधान पहिलेदेखिकै हो । यो प्रावधान जाहेरीमा सरकारबाट निर्देशन भएका विषय पछि कार्यान्वयन गर्न सजिलो होस् र रेकर्ड रहोस् भन्ने अभिप्रायले राखिएको हो । तर यदाकदा पूर्व प्रधान सेनापतिहरू यो व्यवस्थाप्रति सकारात्मक हुनुहुन्नथ्यो । यसैबीच, सरकारबाट आज मलाई 'प्रज्वल्ल प्रधान सेनापति भएदेखि यो वर्षको अन्तिमसम्म पठाइएका बुँदा लिपिबद्ध गरी आउँदो वैशाख पहिलो सातासम्ममा पठाऊ र एक प्रति मलाई पनि देऊ, ती बुँदा कति कार्यान्वयन भए, कति बाँकी छन्, कति नहुने भए, त्यसबारे लेखाजोखा गर्नुपर्छ' हुकुम भयो । त्यस्तै सरकारबाट 'भन्सार गस्तीमा रहेको सेनाको टोली भ्रष्ट नबनोस् र सानोसानो टोलीमा छरिएर बस्दा माओवादीको निसाना नबनोस् भन्नेबारे पनि ख्याल गर्नुपर्छ, सकेसम्म चाँडै अर्थ मन्त्रालयको राजस्व गस्तीलाई जिम्मेवारी हस्तान्तरण गराउन प्रयास गर' हुकुम भयो । सरकारमा मैले प्रधान सेनापतिलाई पठाइएका बुँदा लिपिबद्ध गरी वैशाखमा पठाउने तयारी भइरहेको जाहेर गरें ।

## २०५७ चैत १५ गते बुधबार

नेपाल राष्ट्र बैङ्कका निवर्तमान (श्री ५ को सरकारद्वारा हटाइएका) गभर्नर डा. तिलक रावलले मलाई फोन गरेर भन्नुभयो, 'जर्साब, मलाई श्री ५ को सरकारले ठूलो अन्याय गरेको थियो । मैले आज सर्वोच्चबाट मुद्दा जितें । सरकारको आशीर्वाद र जर्साबको शुभेच्छा थियो । यसमा म ज्यादै खुसी छु ।'

सरकारमा आज मैले जाहेरी गरें, 'युवराजाधिराज दीपेन्द्र सरकारका शाही पार्श्ववर्ती सेनानी राजुकुमार कार्कीका लागि स्टाफ कलेज गर्न अमेरिकाबाट अतिरिक्त सिट आएको छ । सैनिक सचिवालयको अनुरोधमा जङ्गी अड्डाले अमेरिकाबाट अतिरिक्त सिट मगाएको हो । जेठको आखिरी सातादेखि कोर्स सञ्चालन हुने हुँदा उहाँलाई जेठको तेस्रो साता अमेरिका जानका लागि एक वर्ष बिदा छोड्नुपर्ने हुन्छ ।

यस अतिरिक्त आज सरकारसँग जलवायु परिवर्तन र त्यसको असरबारे सामान्य कुराकानी भयो । गएको जाडो मौसममा पानी कम पऱ्यो । हिमालमा ज्यादै कम हिउँ पऱ्यो । यसले गर्दा पानीको बहाव कम भई बिजुली उत्पादन कम हुन सक्छ । साथै खानेपानीको अभाव हुन जाने देखिन्छ । अब गर्मी याममा आगलागीका घटना पनि हुन सक्छन् । यसबाट वातावरणमा प्रतिकूल असर पर्ने देखिन्छ । यसबारे समयमै सावधानी अपनाउन उपयुक्त हुन्छ ।

## २०५७ चैत २१ गते मङ्गलबार

भूमीगत माओवादीले आइतबार राति रूकुम र दोलखा जिल्लास्थित प्रहरी वेसमा आक्रमण गरी कम्तिमा ३५ जनाको ज्यान लिएका छन् । साथै बीसौं जना गम्भीर घाइते भएका छन् । यसै क्रममा आज मेरो जाहेरीमा सरकारबाट 'माओवादीको सङ्गठन कस्तो छ, राष्ट्रिय अनुसन्धान विभाग र सेनाको डीएमआईलाई माओवादीको समग्र सङ्गठन र उनीहरूको लडाकु दस्ताबारे विस्तृतमा अध्ययन गर्न लगाएर प्रतिवेदन मगाऊ, उनीहरूका मुख्य कमान्ड सेन्टर र तालिम केन्द्र कहाँ छन्, यसबारे पनि बुझ्न देवीरामलाई भन' हुकुम भयो । त्यस्तै सरकारबाट 'हातहतियार बाहेक अन्य सबै सैनिक उपकरण तथा लजिस्टिकका सामान खरिद गर्दा पारदर्शी टेन्डर प्रक्रिया अपनाउन प्रधान सेनापतिलाई खबर गर' हुकुम भयो । साथै 'सशस्त्र प्रहरी बललाई सपोर्ट वेपन्स (ठूला किसिमका हातहतियार) हाल नदिने नीति लिनुपर्छ किनभने यस्ता हतियार सेनासँगमात्र रहनु उचित हुन्छ । आन्तरिक सुरक्षा तथा विकास योजना अन्तर्गत परिचालन हुने सबै सुरक्षा निकायलाई परिआउने कानुनी सहायताको सम्बन्धमा सरकार स्पष्ट हुनुपर्छ' भनेर समेत सरकारबाट हुकुम भयो ।

आज श्री ५ को सरकारले राष्ट्रिय सुरक्षा परिषद्को कार्यविधि पारित गरेको छ । तर उक्त निर्णय अनुमोदन नहुँदै सो कार्यविधि सञ्चार माध्यममा प्रकाशित भएको छ, जो ज्यादै नै संवेदनहीनता हो । यस्ता विषयमा श्री ५ को सरकारले गम्भीरता देखाएन । यसको गहनता समेत बुझ्न नसकेको देखिन्छ । सुरक्षा परिषद्को कार्यविधि पास भएपछि अब सुरक्षा परिषद् सचिवालय तुरून्त गठन गर्न प्रयास हुनुपर्छ । माओवादी समस्या प्रहरीको काबुभन्दा बाहिर गइसक्यो । यसको समाधानका लागि सेनालाई परिचालन गर्न ढिला भयो भने अवस्था नियन्त्रणभन्दा बाहिर पनि जान सक्छ । सेनाले माओवादीका विरूद्ध परिचालित हुनुपरेमा त्यसका लागि 'र्‍यापिड डिप्लवाइमेन्ट फोर्स' तयार पारेको छ ।

## २०५७ चैत २३ गते बिहीबार

राष्ट्रिय सभामा महाराजाधिराजबाट मनोनीत सांसद रमेशनाथ पाण्डेले माओवादी नेताहरूसँग भेटेको भनेर उहाँ आफैँले सञ्चार माध्यम मार्फत प्रचार गर्नुभएको छ । विभिन्न राजनीतिक नेताले माओवादी दरबारबाट सञ्चालित छ भनेर आरोप लगाईरहेको अवस्थामा सरकारबाट मनोनीत सांसद पाण्डेले यस्तो क्रियाकलाप गर्दा दरबारलाई कुनै फाइदा पुग्दैन । यसबाट जनमानसमा सकारात्मक होइन, नकारात्मक सन्देश मात्र प्रवाह हुन जान्छ । त्यसैले आजको सचिव बैठकमा यसबारे छलफल हुँदा मैले उहाँको राजीनामा माग्नुपर्छ भनी प्रस्ताव गरेँ । तर प्रमुख सचिव पशुपतिभक्त महर्जनले हाँसेर विषयको गहनतालाई सामान्य रूपमा पन्छाइदिनुभयो ।

## २०५७ चैत २७ गते सोमबार

रूकुम जिल्लाको सिस्ने गाविस इलाकामा माओवादीले बटालियन स्तरको युनिट

गठन गरिरहेको छ । त्यसका निम्ति 'रिम' ले दुई जना विशेषज्ञ पठाई तालिम दिइरहेको अपुष्ट खबर आएको छ । यसैबीच, माओवादीले रूकुम, दैलेख र दोलखाका इलाका प्रहरी कार्यालयमा आक्रमण गरी हत्या गरेका प्रहरीको शव पशुपति, आर्यघाटमा दाहसंस्कारका लागि ल्याइएको छ । दाहसंस्कारका क्रममा क्रुद्ध प्रहरीहरूले आर्यघाटमै प्रधानमन्त्रीका विरूद्ध नारा लगाउँदै 'गिरिजा चोर देश छोड्, गृहमन्त्री राजीनामा दे, प्रदीपशमशेर राजीनामा दे, आईजीपी आफ्नो छोरालाई माओवादी प्रभावित क्षेत्रमा तुरून्त पठा' जस्ता नारा लगाएका थिए । यस्ता घटनालाई हेर्दा माओवादीका विरूद्ध तत्काल सेना परिचालन नगर्ने हो भने विद्रोही प्रहरीसँग समेत भिडन्त गर्नुपर्ने सम्भावना देखिएको छ । यसै सन्दर्भमा, सेनाको विश्लेषण अनुसार माओवादी समस्या प्रहरीको नियन्त्रणभन्दा बाहिर गइसकेको छ । त्यसैले तुरून्त सेना परिचालित हुनुपर्छ । तर सेना परिचालन गर्दा सेनालाई स्पष्ट आदेश र कार्यक्षेत्र चाहिन्छ । कानुनमा संशोधन गरेर भए पनि राजनीतिक र कानुनी रूपमा माओवादीलाई आतङ्ककारी तथा अराष्ट्रिय तत्त्व घोषणा गर्नुपर्छ । माओवादी प्रभावित क्षेत्रमा सङ्कटकाल लागू गर्नुपर्छ । सेना परिचालनका लागि आवश्यक बजेटको पूरा व्यवस्था हुनुपर्छ ।

एमालेले नेता झलनाथ खनालको संयोजकत्वमा माओवादी समस्या अध्ययन कार्यदल गठन गरेको छ । उक्त कार्यदलले प्रधान सेनापतिसँग छलफल गर्न समय माग गरेको छ । प्रधान सेनापतिले मलाई फोन गरेर उक्त कार्यदललाई भेट्ने कि नभेट्ने भनेर सोध्नुभएको छ । मैले सरकारमा जाहेर गरेर खबर गर्छु भनेको छु ।

प्रधानमन्त्री कोइरालाका विरूद्ध आजभोलि नै अविश्वासको प्रस्ताव दर्ता हुँदै छ भन्ने खबर आएको छ ।

आज सरकारबाट प्रधानमन्त्रीले माग गरे अनुसार बृहत् सुरक्षा सम्बन्धी ब्रिफिङका लागि आगामी बुधबार समय मिलाउन मलाई हुकुम बक्सेको छ । आन्तरिक सुरक्षा तथा एकीकृत विकास कार्यक्रम (आईएसडीपी) अन्तर्गत परिचालन हुने सुरक्षा निकायको तयारीबारे विस्तृतमा बुझ्न र आईएसडीपी अन्तर्गत परिचालन भएको गोरखा जिल्लाको अनुभव, कमीकमजोरीबारे प्रस्तुति गर्न लगाउन हुकुम भएको छ । साथै हाल आईएसडीपी लागू गर्न प्रस्तावित छ जिल्ला (सल्यान, प्युठान, रोल्पा, रूकुम, जाजरकोट र कालीकोट) मा उक्त कार्यक्रम लागू गर्दा कमीकमजोरी नहोस् भनेर बेलैमा विचार पुऱ्याउन समेत सरकारबाट हुकुम बक्सेको छ ।

## २०५७ चैत २९ गते बुधबार

माओवादी समस्या सुरु भएयता अहिलेसम्मका कुनै पनि सरकारले यसको समाधानका लागि स्पष्ट नीति र कार्यक्रम ल्याउन सकेका छैनन् । राजनीतिक दृष्टिकोणले समेत माओवादी समस्या हल गर्न कुनै पहल भएको छैन । कथित जनयुद्ध सुरु भएको २०५२ फागुनयता गठन भएका सबैजसो सरकारले यो समस्या सामान्य 'ल एन्ड अर्डर' को समस्या हो भन्ने दृष्टिकोण राख्दै आएका छन् । केहीको विश्लेषण अनुसार माओवादी

समस्या कसैका लागि सत्ता प्राप्तिको भऱ्याङ बनेको छ भने कसैका लागि कमाउने भाँडो । सेनाले २०५४ सालदेखि नै यो समस्या प्रहरीबाट नियन्त्रण हुन सक्दैन, सेना परिचालन गर्नैपर्छ भन्दै आएको छ । त्यसका लागि दरबार र शाही जङ्गी अड्डाले श्री ५ को सरकारलाई स्पष्ट नीति र कानुनी व्यवस्था सहित राष्ट्रिय सुरक्षा परिषद्लाई सक्रिय बनाउन र त्यसै मार्फत सेनालाई परिचालन गर्न सुझाव दिँदै आएको छ । तर यो काम हुन सकिरहेको छैन । यसबीच आजसम्म धेरै प्रहरीले ज्यान गुमाइसकेका छन्, थुप्रै घाइते भएका छन् र प्रहरीका धेरै हातहतियार लुटिएका छन् । उता, माओवादी भने कम्पनी स्तरको लडाकु दस्ता तयार पार्न सफल भएको देखिन्छ ।

यसै सन्दर्भमा राजदरबारमा देशको वर्तमान परिस्थिति, माओवादी समस्या, शान्ति-सुरक्षाको अवस्था र आईएसडीपी अन्तर्गत सेना परिचालन सम्बन्धी विषयमा बृहत् छलफल भयो । छलफलमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, उपप्रधानमन्त्री तथा गृहमन्त्री रामचन्द्र पौडेल, रक्षामन्त्री महेश आचार्य, अर्थमन्त्री डा. रामशरण महत, सूचना तथा सञ्चार मन्त्री, स्थानीय विकास मन्त्री र ती मन्त्रालयका सम्बन्धित सचिवहरूका साथै सबै सुरक्षा निकायका प्रमुखको सहभागिता थियो । त्यस्तै राजदरबारका प्रमुख सचिव, प्रमुख निजी सचिव, संवाद सचिव र सैनिक सचिव (म) समेतको उपस्थिति थियो । छलफल बेलुका साढे ६ बजे सुरु भएको थियो र राति झन्डै १० बजेसम्म चलेको थियो ।

छलफलमा सबैभन्दा पहिले माओवादीको हालको अवस्थाबारे मूल्याङ्कन गरिएको प्रतिवेदन राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्माले प्रस्तुत गर्नुभयो । उहाँले भन्नुभयो, 'माओवादीले केही भरुवा बन्दुक, खुकुरी, हँसिया जस्ता हतियारले कथित जनयुद्ध सुरु गरेका हुन् । हालसम्म छ चरणका राजनीतिक, सङ्गठनात्मक र लडाकु दस्ता निर्माण गरिसकेका छन् । सातौँ चरणको कार्यक्रम अन्तर्गत ५० जिल्लामा माओवादीको जनसरकार गठन गर्ने योजना छ । माओवादीले जातीय सङ्गठनलाई पनि प्रभावकारी बनाउने तयारी गरिरहेको छ । राष्ट्रिय अनुसन्धान विभागबाट स्रोत र साधनले भ्याएसम्म माओवादीका गोप्य सूचना सङ्कलन गरी गृह मन्त्रालय र अन्य सुरक्षा निकायलाई दिने काम भइरहेको छ । तर श्री ५ को सरकारले यो विभागको महत्त्व नबुझेको हो या यसको कार्यप्रति गम्भीरता देखाउन नसकेको हो, यो सङ्गठनलाई सबै दृष्टिकोणबाट निरीह बनाइएको छ । यस विभागमा दक्षता र विशिष्टताको आधारमा भर्ना प्रक्रिया हुनुपर्नेमा यसलाई राजनीतिक कार्यकर्ता भर्तीकेन्द्र बनाइएको छ । सङ्गठनले यसले नचाहेको जनशक्तिले भरिएको छ । सामरिक महत्त्व र रणनीतिक सूचना पठाउँदा पनि सरकारले त्यसमा कुनै ध्यान दिँदैन । यस्तो महत्त्वपूर्ण निकायलाई यस अवस्थामा राख्नु राष्ट्रका लागि दुर्भाग्य हो ।'

सो अवसरमा प्रधान सेनापति प्रज्वल्लशमशेर जबराले भन्नुभयो, 'श्री ५ को सरकारको नीति अनुरूप हालसम्म सेना तैनाथ नभएका २० जिल्लामा सेना तैनाथ गरिएको छ । सेना परिचालन हुने अवस्थामा सबै सुरक्षाकर्मीलाई सेनाको अधीनमा परिचालन गर्दा राम्रो हुन्छ । सेनाले २०५४ सालदेखि नै प्रहरीबाट माओवादी समस्या

समाधान हुन सक्दैन, म्यान्डेट सहित केही कानुनी जटिलता हटाएर सेना परिचालन गर्नुपर्छ भनेर सुझाव दिएकै हो । सेना गोरखामा २०५७ असोजदेखि आईएसडीपी अन्तर्गत परिचालित भएको छ र जनताको मन जित्ने र माओवादीलाई जनताबाट अलग्याउने प्रयास भइरहेको छ । यस मार्फत माओवादीलाई निःशस्त्रीकरण गरेर मूलधारमा ल्याउने प्रयत्न हुनेछ ।' साथै उहाँले आईएसडीपीमा लागू हुने विभिन्न कार्यक्रम र सबै तहबाट गरिने योजनाबारे समेत उल्लेख गर्नुभयो । उहाँको भनाइ थियो– 'यी सबै कार्यक्रममा राजनीतिक प्रतिबद्धता चाहिन्छ । राजनीतिक पार्टीहरू र स्थानीय राजनीतिक कार्यकर्ताले सहयोग नगरे कार्यक्रम त्यति प्रभावकारी हुन सक्दैन ।'

यसै गरी प्रहरी महानिरीक्षक प्रदीपशमशेर जबराले भन्नुभयो, 'सुरुमा माओवादीका विरूद्ध प्रहरी परिचालन गर्दा केही कमीकमजोरी भएको थियो । माओवादी हिंसा सुरु भएको पहिलो दुई वर्षमा सेना परिचालन हुनु हुँदैन भन्ने मानसिकता रह्यो । हाल आएर सेना परिचालन गर्न ढिला भइसक्यो भन्ने विश्लेषण छ । प्रहरीले माओवादीका विरूद्ध कारबाही गरिरहे पनि आफ्नो सामान्य पुलिसिङको कार्यक्रम समेत गरेर जनतालाई सुरक्षा दिनुपर्ने हुन्छ र दिइरहेको छ । माओवादीले राज्य संरचनामात्रै होइन सामाजिक संरचना समेत ध्वस्त गर्न लागेको छ । धेरै समयसम्म माओवादी प्रभावित क्षेत्रमा खटिएका प्रहरीको मानसिक तनाव बढ्नुका साथै केही विकृति समेत बढेर गएको छ । माओवादीले जनतालाई डर र त्रास दिएर आफ्नो पक्षमा पारेको छ भने सबै राजनीतिक नेतालाई भ्रममा पार्न समेत सफल भएको देखिन्छ । हालको अवस्थामा प्रहरीको मनोबल ज्यादै कमजोर छ । त्यसैले, सेना परिचालन नभए प्रहरी एक्लैले माओवादी समस्या समाधान गर्न सक्दैन ।'

छलफल सुरु हुनुपहिले महाराजाधिराज सरकारबाट धेरै विषयमा स्पष्ट निर्देशन बक्स्यो । सरकारबाट स्पष्ट शब्दमा हुकुम भयो, 'राजनीतिक दलमा राष्ट्रिय हितको दृष्टिकोण स्पष्ट नहुँदा माओवादीलाई हेर्ने दृष्टिकोण समेत अलमल भएको देखिन्छ । त्यसैले दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हितको सन्दर्भमा सबैले सोच्नुपर्‍यो । सबै राजनीतिक दलमा माओवादी समस्यालाई लिएर आ–आफ्नै सोचाइ हुन सक्छ । तर नीतिगत रूपमा माओवादीसँग डिल गर्दा एकरूपता हुनुपर्‍यो । लक्ष्य के हो, स्पष्ट हुनुपर्छ । कार्यक्रम कसरी अगाडि बढाउने भन्ने सन्दर्भमा समेत संवेदनशील भएर विस्तृत योजना तयार पार्नुपर्छ । माओवादी समस्या सन्दर्भमा विचार गर्दा माओवादी आतङ्ककारी सङ्गठन हो या राजनीतिक सङ्गठन हो, यसबारे प्रस्ट हुनुपर्छ । त्यसकै आधारमा माओवादीसँग वार्ता पनि गर्नुपर्छ र अन्य विकल्प खुला राख्नुपर्छ । राजनीतिक नेतृत्वबाट स्पष्ट दिशानिर्देश भएन भने तल्लो स्तरमा योजना सञ्चालन गर्ने कमान्डरलाई असजिलो हुन्छ । सबै सुरक्षा अङ्गको लक्ष्य एउटै भएको हुँदा सहयोग र समन्वयको वातावरणमा काम गर्नुपर्छ । सेनाको सहयोग अथवा आईएसडीपीमा परिचालित हुने कुराको अन्तिम लक्ष्य भनेको माओवादीलाई मूलधारमा ल्याउने नै हो । त्यसैले श्री ५ को सरकारले सबै विकल्प खुला राख्नुपर्छ । फिल्डमा खटिने सुरक्षाकर्मीलाई उसले पाउने सुविधाको साथै आवश्यक लजिस्टिक तथा बन्दोबस्तीको सामान प्राप्त हुन्छ भन्ने विश्वास दिलाउन

सक्नुपर्छ । विद्रोहमा गुप्तचरी सेवाको भूमिका महत्त्वपूर्ण हुन्छ । यसलाई राजनीतीकरण गरे काम लगाउन सजिलो हुँदैन । सशस्त्र प्रहरी बल सेनालाई कमजोर पार्न अथवा राजनीतिक उद्देश्यले मात्र गठन गरेको नभई राष्ट्रिय आवश्यकता अनुरूप अर्को सुरक्षा शक्ति स्थापना गरिएको भन्ने सबैले बुझ्नुपर्छ ।' त्यस्तै सरकारबाट हुकुम भयो, 'आईएसडीपी सञ्चालन हुने जिल्लामा दैनिक प्रशासनदेखि विकासका कार्यक्रम सञ्चालन गर्ने इकाइमा समेत समन्वय हुनुपर्छ । सुरक्षा निकायले सबैलाई सुरक्षा प्रदान गरेको अनुभूति दिलाउन सक्नुपर्छ । स्थानीय राजनीतिक कार्यकर्ता तथा नेताले आईएसडीपीको महत्त्वबारे जनतालाई बुझाउन सक्नुपर्छ । यस्ता कार्यक्रममा सुरक्षा निकाय परिचालन गर्दा समयावधिको समेत विचार पुऱ्याउनुपर्ने हुन्छ । साथै सेनालाई ब्यारेकबाट बाहिर निकाल्ने हो भने भित्र पठाउनेबारे समेत अहिले नै सोचविचार हुनुपर्छ । माओवादीले आफ्नो क्षमता विस्तार गरिसकेको हुँदा जुन इलाकामा यो कार्यक्रम लागू हुन्छ, ती स्थानमा सामान्य घटना मात्र हुने र मुख्य भिडन्त अन्य स्थानमा हुन सक्ने हुँदा सुरक्षा फौजले रिजर्भ फौज राख्नेबारे समेत विचार गर्नुपर्छ ।'

सहभागी सबैले स्पष्ट निर्देशन बक्सेकोमा सरकारप्रति आभार व्यक्त गरे । प्रधानमन्त्री कोइरालाले 'सारगर्भित निर्देशन बक्सेकोमा' सरकारमा आभार प्रकट गर्नुभयो । त्यस क्रममा उहाँले एक्काइसौँ शताब्दीमा राजा र दलहरू मिलेर प्रजातन्त्रलाई बलियो बनाउनुपर्ने कुरा राख्नुभयो । प्रधानमन्त्रीले आईएसडीपी कार्यक्रम सफल बनाउन श्री ५ को सरकारले कुनै कसर बाँकी नराख्ने बताउँदै मन्त्रीहरूलाई आफ्नो मन्त्रालय अन्तर्गत रहेका कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाउन निर्देशन दिनुभयो । त्यस्तै सुरक्षा निकायलाई श्री ५ को सरकारबाट सबै किसिमको आवश्यक सहयोग उपलब्ध हुने विश्वास समेत उहाँले दिलाउनुभयो ।

## २०५७ चैत ३० गते बिहीबार

हिजोको सुरक्षा ब्रिफिङबारे सुरक्षा निकायबाट सकारात्मक प्रतिक्रिया आएको छ । त्यस्तै, सरकारबाट स्पष्ट निर्देशन बक्स भएकोमा समेत उपस्थित सबैले सराहना व्यक्त गरेका छन् ।

काङ्ग्रेस संसदीय दलमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको राजीनामा माग भएको खबर छ । आजै पूर्वरथी कृष्णनारायणसिंह थापाले प्रधानमन्त्री कोइरालालाई भेटेको खबर छ । उहाँले राजदूत अथवा प्रधानमन्त्रीको सुरक्षा सल्लाहकार हुन चाहेको बुझिएको छ । भारतीय प्रधानमन्त्रीका प्रेस सल्लाहकार बालेश्वर अग्रवालले पनि प्रधानमन्त्री कोइरालालाई भेटेको खबर छ । अग्रवालले कोइरालासँग विशेष गरी महाराजाधिराजको चीन भ्रमण र महिनादिनअघि भएको चिनियाँ रक्षामन्त्रीको नेपाल भ्रमणबारे जिज्ञासा राखेको खबर छ । यसरी एकपछि अर्को गर्दै भारतीय पदाधिकारीहरूले नेपालको आन्तरिक मामिलामा अनेक प्रश्न गरिरहेका छन् । यो अति नै संवेदनशील विषय हो ।

❖❖❖

# २०५८ साल

२०५८ साल जेठ १९ गते नारायणहिटी राजदरबारमा भएको अकल्पनीय हत्याकाण्ड यसवर्षको नेपालमा मात्र नभएर अन्तर्राष्ट्रिय स्तरमै प्रमुख घटना बन्यो । त्यसलगत्तै माओवादीले राजसंस्था समाप्त भएको धारणा उग्र रूपले प्रचार-प्रसार गरेर जनमानसमा पुऱ्याए । राजदरबारमा कार्यरत हामी जस्ता कर्मचारीलाई राजसंस्थालाई निरन्तरता दिनु र नयाँ राजालाई स्थापित गर्नु नै ठूलो चुनौती रह्यो । यसैबीच माओवादीले रोल्पा जिल्लाको होलेरीस्थित इलाका प्रहरी कार्यालयमा आक्रमण गरी धेरै प्रहरीलाई अपहरण गरे । यस क्रममा 'शाही नेपाली सेनाले सहयोग नगरेको' कारण दर्साउँदै पहिले उपप्रधानमन्त्री तथा गृहमन्त्री रामचन्द्र पौडेलले र केही दिनपछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला समेतले राजीनामा दिनुभयो । कोइरालाले होलेरी काण्डमा सेनाले सहयोग गरेन भनेर ठूलै हङ्गामा गर्नुभयो । होलेरी घटना पनि राजदरबार हत्याकाण्ड जस्तै 'ग्रयान्ड डिजाइन अन्तर्गत भएको हो' भन्ने उहाँको जिकिर थियो । 'ग्रयान्ड डिजाइन' बारे खुलासा गर्ने भनेर पटक-पटक भने पनि त्यसको खुलासा उहाँले कहिल्यै गर्नुभएन । कोइरालाको राजीनामापछि काङ्ग्रेस नेता शेरबहादुर देउवा प्रधानमन्त्री बन्नुभयो । उहाँले माओवादीसँग पहिलो पटक शान्तिवार्ताको प्रयास गर्नुभयो । तर त्यो प्रयास औपचारिक छलफलकै क्रममा भङ्ग हुन पुग्यो । शेरबहादुर देउवा प्रधानमन्त्री भएको दिनदेखि उहाँलाई अपदस्थ गर्न काङ्ग्रेस पार्टीभित्र षड्यन्त्र सुरु भयो । यसै वर्ष मङ्सिरमा माओवादीले शाही नेपाली सेनाको दाङस्थित ब्यारेकमा रहेको गुल्ममा आक्रमण गरी त्यहाँबाट धेरै हातहतियार लुट्यो । सेना आफ्नै रक्षाका लागि भए पनि माओवादीका विरूद्ध परिचालन भयो । त्यस क्रममा मुलुकमा सङ्कटकाल समेत लागू भयो ।

## २०५८ वैशाख ३ गते सोमबार

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले रेडियो र टेलिभिजनबाट दिनुभएको वक्तव्य प्रसारणपूर्व राजदरबारलाई कुनै पनि जानकारी गराइएन । प्रधानमन्त्रीले कुनै पनि वक्तव्य वा मन्तव्य दिनुअघि महाराजाधिराजलाई जानकारी गराउने प्रचलन रहेको छ । यस पालि त्यसको पालना भएन ।

आज बिहान प्रधानमन्त्री सिंहदरबार जाँदा पुतलीसडकमा उहाँको मोटरमा विद्यार्थीले ढुङ्गा प्रहार गरे । सुरक्षा सावधानीका कारण मोटरमा कुनै क्षति भने हुन पाएन । आजै अपराह्न प्रधानमन्त्री डिल्लीबजारमा सद्भावना पार्टीको कार्यक्रममा सहभागी हुनुभयो ।

प्रमुख विपक्षी दलका नेता तथा नेकपा एमालेका महासचिव माधवकुमार नेपाल लगायत केही सांसद तथा अन्य राजनीतिक नेता समेत १२९ जनालाई आज प्रदर्शनका क्रममा प्रहरीले गिरफ्तार गरी बेलुकी रिहा गरेको छ ।

## २०५८ वैशाख ४ गते मङ्गलबार

भारतीय पत्रपत्रिकामा प्रकाशित समाचार अनुसार भारतले पहिलो पटक गठन गरेको 'चिफ अफ डिफेन्स स्टाफ' को प्रमुखमा एडमिरल सुशील कुमारलाई नियुक्त गरेको छ । भारतको स्थल, जल र वायुसेनाको चिफ अफ डिफेन्स स्टाफका रूपमा कुमारले तीन वटै समन्वयकारी भूमिका निर्वाह गर्नेछन् ।

आजको मेरो जाहेरीमा आन्तरिक सुरक्षा तथा विकास योजना (आईएसडीपी) लागू भइरहेको सन्दर्भमा सरकारसँग विशेष छलफल भयो । मैले सरकारमा सबै सुरक्षा अङ्गका प्रमुखले आपसमा सहयोग आदानप्रदान गर्नुपर्ने तथा सबै तहमा एकै किसिमको समन्वयकारी भूमिकाबाट चल्नुपर्ने धारणा राखेँ । सबै सरकारी निकायले आफ्नो र अर्को विभागका कमीकमजोरी औँल्याई सुधार गर्दै अगाडि बढ्नुपर्ने विषयबारे सबै सुरक्षा प्रमुखलाई जानकारी गराउने निधो भयो । यसै क्रममा सरकारबाट हुकुम भयो, 'राष्ट्रिय दृष्टिकोणले नेपालको राष्ट्रिय एकतामा आँच आउने काम कतैबाट पनि हुन दिनु भएन । यो योजनाको लक्ष्य सबैलाई मूलधारमा समेट्ने हो भन्ने कुरा सबै राजनीतिक दल, नागरिक समाज तथा माओवादीलाई समेत बुझाउन सक्नुपर्छ ।' साथै सरकारबाट 'सुरक्षा निकायका विभिन्न तहका कमान्डरले नियम-कानुन बमोजिम कार्य गरी उदाहरण पेस गर्नुपर्ने र अरूलाई पनि नियम-कानुन बमोजिम काम गर्न प्रोत्साहन गर्नुपर्ने' हुकुम भयो । त्यसै गरी, सरकारबाट 'सुरक्षा निकायमा कार्यरत सबै तहका व्यक्तिले आफ्नो कर्तव्य, नैतिकता र व्यावसायिकता अनुसार काम गर्नू' भनी निर्देशन बक्स्यो । साथै यो योजना कार्यान्वयनका क्रममा जनसम्पर्क बढाउनेतिर विशेष ध्यान दिन पनि जोड दिइबक्स्यो ।

## २०५८ वैशाख ५ गते बुधबार

अर्थ मन्त्रालयको अनुरोधमा केही महिनाअघि मात्र शाही नेपाली सेना राजस्व गस्तीका लागि परिचालन भएको छ । यसको परिणामस्वरूप छोटो अवधिमै करिब ३३ प्रतिशत राजस्व वृद्धि भएको (राजस्व ९० करोडबाट बढेर १ अर्ब २४ करोड रुपैयाँ पुगेको) छ । साथै चोरी, डकैती तथा अन्य आपराधिक घटनामा कमी आएको र शान्ति-सुरक्षामा वृद्धि भएको प्रतिवेदन आएको छ ।

राजदरबारको शाही पार्श्ववर्ती विभागमा नेपाल प्रहरीबाट पनि आवधिक शाही पार्श्ववर्तीका रूपमा प्रहरी निरीक्षकहरू खटिने चलन छ । त्यस अनुसार दरबारको स्थायी दरबन्दीमा रहेका एक मात्र प्रहरी वरिष्ठ उपरीक्षक अशोककुमार श्रेष्ठ गत वैशाख १ गतेबाट नेपाल प्रहरीमा फिर्ता हुनुभएको छ । उहाँले दरबारको शाही पार्श्ववर्ती विभागमा १६ वर्ष काम गर्नुभयो । उहाँको सम्मानमा सैनिक सचिवालयबाट गत साता बिदाइ भोजको कार्यक्रम समेत सम्पन्न भइसकेको छ । उहाँ प्रहरी प्रधान कार्यालयमा हाजिर हुन जानुअगाडि सरकारबाट बिदाइ दर्शनभेट बक्सेर निर्देशन बक्सँदा राम्रो हुन्छ भनेर मैले सरकारमा जाहेर गरेको छु । स्मरणीय के छ भने पहिले दरबारमा प्रहरीको कुनै पनि स्थायी दरबन्दी थिएन । दुई प्रहरी निरीक्षकहरू दुई वर्षको आवधिक पार्श्ववर्तीका

लागि आउने चलन थियो । अशोक पनि सोही अनुसार नै आउनुभएको हो । दुई वर्षको कार्यकाल समाप्त भएपछि उहाँलाई दरबारमा राख्नका लागि पार्श्ववर्ती विभागमा डीआईजी समेत गरी जम्मा सात जना प्रहरीको दरबन्दी सिर्जना गरियो । त्यस अनुसार उहाँ उक्त दरबन्दीको प्रहरी नायब उपरीक्षकमा पदोन्नति हुनुभएको थियो । उहाँ प्रहरी वरिष्ठ उपरीक्षक हुँदा समेत दरबन्दी अनुसार अन्य कुनै पनि प्रहरी अधिकृतलाई ल्याइएको थिएन । दरबारमा उहाँ एक मात्र वरिष्ठ प्रहरी अधिकृत हुनुहुन्थ्यो ।

गत चैत ३० गते पूर्वरथी कृष्णनारायणसिंह थापाले प्रधानमन्त्रीलाई भेटी आफूलाई प्रधानमन्त्रीको सुरक्षा सल्लाहकार वा राजदूत बनाउन आग्रह गरेको चर्चा छ । तर प्रधानमन्त्रीले पूर्व सहायक मन्त्री नारायणसिंह पुनलाई सुरक्षा सल्लाहकार बनाउन चाहेको बुझिएको छ । पुनले प्रधानमन्त्रीलाई गएको आमचुनावमा देशका विभिन्न जिल्लामा आफ्नै हेलिकप्टरमा घुमाएको र उहाँसँग नजिकको सम्बन्ध कायम भएकाले पनि यो कुरा सान्दर्भिक हुन आउँछ ।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई भारतीय प्रधानमन्त्री अटलबिहारी वाजपेयीका प्रेस सल्लाहकार बालेश्वर अग्रवालले गत चैत ३० गते भेटेको खबर छ ।

## २०५८ वैशाख ११ गते मङ्गलबार

सेना र अन्य सुरक्षा निकायमा पदोन्नति भएपछि महाराजाधिराजमा दाम राख्ने पुरानो प्रचलन हो । त्यस अनुसार हालै सेनाको रथी दर्जामा पदोन्नति भएका प्यारजङ्ग थापाले दाम राख्ने कार्यक्रम तय गर्नुपर्नेछ ।

प्रधान सेनापति प्रज्वल्लशमशेर जबराले सेनाको स्टाफ कलेज, शिवपुरीमा हालै दिएको वक्तव्यबारे मिश्रित प्रतिक्रिया आएको छ । त्यसलाई विशेष गरेर राजनीतिक दलले नकारात्मक र अन्य क्षेत्रले सकारात्मक रूपमा लिएका छन् । आईएसडीपी कार्यक्रमलाई सहयोग गर्नुपर्ने आह्वानलाई नेविसङ्घ र नेपाल तरुण दलले सकारात्मक रूपमा लिएको बुझिएको छ ।

प्रधान सेनापतिले जनआस्था साप्ताहिकलाई ५० हजार रुपैयाँ दिएको सूचना आएको छ । जुन पत्रिकाले राजसंस्था र सेनाको छवि नकारात्मक हुने गरी समाचार प्रकाशित गरिरहेको छ । त्यसैलाई त्यही पत्रिकालाई पैसा दिनुको के अर्थ हुन सक्छ ? यसले अनेक प्रश्न उब्जाएको छ ।

केही समयअगाडि प्रधान सेनापतिले जाहेरीको सिलसिलामा 'सहायक रथी रुक्माङ्गद कटवालले हुकुम प्रमाङ्गीबाट र सहायक रथी बालानन्द शर्माले एसएलसीको सर्टिफिकेटमा उमेर सच्याएको देखियो, त्यसैले सच्याउनुअघिको उमेरलाई आधार बनाएर उनीहरू दुवैलाई पदावधिसम्म उक्त पदमा बहाल गराई पदावधि सकिएपछि वा उमेरको अवधि समाप्त भएपछि अवकाश दिन लागेको' कुरा सरकारमा बिन्ती गर्नुभएको थियो । उहाँले जाहेर गरे अनुसार कटवालको अवकाश आगामी मङ्सिरमा र शर्माको अवकाश करिब एक वर्षपछि हुने थियो । सरकारबाट 'हुकुम प्रमाङ्गी हुँदा त्यसको कुनै स्पष्ट

आधार भएको हुनुपर्छ, त्यसैले पुराना दस्तावेज हेरेर निर्णय गर्नू' हुकुम भयो । प्रत्युत्तरमा प्रधान सेनापतिले 'शाही जङ्गी अड्डाको सैनिक सचिव विभागमा कटवालको हुकुम प्रमाङ्गी सम्बन्धी कुनै दस्तावेज छैन' भन्नुभयो । त्यसपछि सरकारबाट मलाई 'प्रमुख सैनिक सचिवालयमा यस सम्बन्धी कागजपत्र हुनुपर्छ, हेर' हुकुम भयो । मैले प्रधान सेनापतिलाई 'प्रमुख सैनिक सचिवालयमा कुनै कागजपत्र फेला पऱ्यो भने म पठाइदिन्छु, त्यसकै आधारमा निर्णय गर्दा उपयुक्त हुन्छ' भनेँ ।

सहायक रथी कटवालको उमेर सम्बन्धी कागजात करिब २५ वर्षअघिको भएको हुँदा पुराना फाइलमा खोज्ने क्रम चलिरहेको थियो । यसैबीच मेरो मुमाको स्वर्ग भयो । म पशुपति, आर्यघाटमा काजक्रिया बसेँ । म कोरा बसेको ठाउँमा कटवाल मलाई भेट्न बेलुकीपख नियमितजसो आउनुहुन्थ्यो । त्यस बेला उहाँ सेनाको सैनिक गुप्तचर विभाग (डीएमआई) को प्रमुख हुनुहुन्थ्यो । एक दिन उहाँ मसँग रुनुभयो । उहाँले मलाई भन्नुभयो, 'जर्साब, मैले चाँडै अवकाश पाउने भएँ । चिफसाब र कार्यरथी सदीप जर्साबले सैनिक सचिव सहायक रथी गोविन्दबहादुर गुरूङलाई लगाएर मेरो व्यक्तिगत फाइलबाट हुकुम प्रमाङ्गीको कागज गायब पारिदिए । मलाई अन्याय भयो । म गाउँको मान्छे । मलाई स्वर्गीय श्री ५ महेन्द्रबाट पालनपोषण गरी पढाइबक्सेको जर्साबलाई थाहै छ । यस अवस्थामा जर्साब बाहेक अरू कसैले मलाई सहयोग गर्दैन ।' यसो भन्दा उहाँ भक्कानो फुटाएर रुनुभएको थियो ।

मैले उहाँलाई सान्त्वना दिँदै भनेँ, 'जर्साब, मैले सैनिक सचिवालयमा तपाईंको कागजात खोज्न लगाइरहेको छु । म किरियाबाट निस्कनेबित्तिकै कागजात पत्ता लगाएर चिफसाबको कार्यालयमा पठाइदिन्छु । सम्बन्धित विषयबारे धेरै नै जाँच भएर मात्र हुकुम प्रमाङ्गी हुन्छ । मेरो जानकारीमा भएसम्म हुकुम प्रमाङ्गीको कागज एक प्रति प्रमुख सैनिक सचिवालयमा हुनैपर्छ । जर्साब निश्चित हुनुहोस् । यसबारेमा मेरो तर्फबाट पूरा सहयोग हुनेछ ।'

कोराबाट निस्केर कार्यालयमा हाजिर हुँदा कटवालको उक्त पुरानो फाइल फेला पारेर मेरो टेबुलमा राखिसकिएको रहेछ । उक्त फाइल अध्ययन गर्दा देखियो : २०३३ सालमा वीरेन्द्र सरकार पूर्वी क्षेत्रको भ्रमणको अवसरमा धनकुटामा राज होइबक्सेको थियो । त्यस बेला कटवाल धनकुटास्थित सेनाको इन्डिपेन्डेन्ट गुल्मको गुल्मपति हुनुहुँदो रहेछ । सवारी शिविरको मुख्य अधिकृत सहायक रथी सच्चितशमशेर जबरा हुनुहुन्थ्यो । त्यस अवसरमा सहायक रथी जबरालाई कटवालले 'म केटाकेटी छँदै आमाबुबा गुमाएको टुहुरो हुँ, पछि श्री ५ महेन्द्र सरकारबाट मलाई कृपा गरिबक्सेर काठमाडौँ लगी पढाइबक्स्यो, पढाइका क्रममा महेन्द्र आदर्श हाइस्कुल, फर्पिङले एसएलसीको परीक्षा दिँदा मेरो जन्ममिति फरक पारिदिएछ, त्यो मलाई अहिले मात्र थाहा भयो, त्यसैले मेरो उमेर सच्याउनका लागि म सरकारमा बिन्तीपत्र चढाउँछु, सरले मदत गरिदिनुपऱ्यो' भनेर अनुरोध गर्नुभएछ । सहायक रथी जबराले 'हुन्छ' भनेर कटवाललाई बिन्तीपत्र लेख्न लगाउनुभएछ र यसबारे छानबिन गर्दा राम्रो हुने सुझाव सहित कटवालको

बिन्तीपत्र सरकारमा जाहेर गर्नुभएछ । त्यसै बेला सरकारबाट 'बिन्तीपत्रबारे छानबिन गरी सत्य-तथ्य पत्ता लगाई रक्षा मन्त्रालयमा पठाउन' हुकुम बक्सेको रहेछ । रक्षाले गृह मन्त्रालय मार्फत कटवालको जन्मथलो ओखलढुङ्गा पत्र पठाई प्रमुख जिल्ला अधिकारी, जिल्ला पञ्चायत कार्यालय र गाउँ पञ्चायतबाट समेत छानबिन गरी वास्तविकता पत्ता लगाउन अनुरोध गरेछ । सोही अनुसार सबै कार्यालयबाट आएको प्रमाणका आधारमा रक्षाले प्रधान सेनापतिको कार्यालयलाई सबै विवरण सहित उहाँको उमेर बढी देखिएको प्रस्ट आधार पठाएछ । प्रधान सेनापतिले रक्षाबाट प्राप्त प्रमाणका आधारमा प्रमाणपत्रमा उल्लिखित कटवालको उमेर वास्तविकभन्दा बढी देखिएकाले सच्याउन सरकारमा जाहेर गर्नुभएछ । उक्त जाहेरीपछि सरकारबाट रक्षाको नाममा कटवालको उमेर सच्याउन हुकुम प्रमाङ्गी भएछ र रक्षाले प्रधान सेनापतिलाई कटवालको उमेर सच्याउन आदेश दिएको रहेछ ।

उक्त फाइलको आधारमा, कटवालको जन्ममिति हुकुम प्रमाङ्गीबाट सच्चिएको देखियो । त्यसैले ती कागजपत्रको आधारमा मैले 'कटवालको जन्ममिति अनुसार उमेरको हदले अवकाश दिने अवस्था रहेन' भनी सरकारमा जाहेर गरेँ । सरकारबाट 'तुरुन्त प्रधान सेनापतिलाई भनेर त्यसै अनुसार उमेर विवाद टुङ्गो लगाई उपरथीमा बढुवाको प्रक्रिया अघि बढाउनू भन' हुकुम भयो । हुकुम सुनाउनुका साथै मैले उक्त कागजपत्रको एक प्रति प्रधान सेनापतिलाई पठाएँ । त्यसपछि, सहायक रथीबाटै अवकाश पाउन लागेका कटवालको उमेर सच्याइयो र केही समयपछि उहाँले उपरथीमा पदोन्नति पाउनुहुने भयो ।

यसैबीच, सहायक रथी बालानन्द शर्माले मलाई भेटेर भन्नुभयो, 'मेरो व्यक्तिगत फाइलबाट मैले लप्टन हुँदा पेस गरेको एसएलसीको सर्टिफिकेट झिकेर सानो ठिमीस्थित परीक्षा नियन्त्रण कार्यालयबाट अर्कै सर्टिफिकेट ल्याई राखिएको छ र मेरो उमेरबारे विवाद सिर्जना गरिएको छ । कार्यरथी सदीपबहादुर शाह र सैनिक सचिव सहायक रथी गोविन्दबहादुर गुरूङको मिलेमतोमा यो काम भएको छ । उहाँहरूको नियत मलाई चाँडै अवकाश दिलाउने रहेको छ । उहाँहरूले पेस गरेको सर्टिफिकेटलाई चिफसाबले मेरो अवकाशको आधार बनाउनुभएको छ । तपाईंले सरकारमा जाहेर गरी यो विवाद मिलाइदिनुपर्‍यो ।' मैले उहाँलाई भनेँ, 'तपाईंले भने अनुसार पछि पेस भएको सर्टिफिकेटमा उल्लिखित उमेर गल्ती हो भन्ने प्रमाण जुटाउन सके तपाईंले पेस गरेको पुरानै उमेर कायम हुन सक्छ । प्रयास गर्नुहोस् । म पनि सहयोग गरूँला ।' तत्कालै उहाँले शिक्षासचिव लव देवकोटालाई भेट्नुभएछ । साथै आफूले एसएलसी पास गरेको पोखरास्थित रणोद्दीप हाइस्कुलबाट पुराना कागजपत्रका साथै अन्य आवश्यक प्रमाण सङ्कलन गरी निवेदन सहित परीक्षा नियन्त्रण कार्यालयमा बुझाउनुभएछ । यसबारे भइरहेको सबै प्रगतिबारे मसँग नियमित सल्लाह गरिरहनुभएको थियो । करिब एक वर्षपछि परीक्षा बोर्डको पूर्ण बैठक बसेर शाही जङ्गी अड्डामा पछि पेस भएको उहाँको सर्टिफिकेट बदर गरी पुरानै सर्टिफिकेट कायम रहेको निर्णय भयो । उक्त निर्णय सम्बन्धी

कागजपत्र प्रधान सेनापतिलाई बुझाएपछि उहाँले सुरूमै पेस गरेको प्रमाणपत्र र उमेर कायम भयो । यसरी, सहायक रथीबाटै अवकाश पाउन लाग्नुभएका उहाँ पनि केही महिनापछि उपरथीमा बढुवा हुनुभयो ।

## २०५८ जेठ २ गते मङ्गलबार

पशुपतिनाथका मूलभट्टले प्रधान सेनापतिलाई मुक्तिनाथको दर्शन गर्न जानका लागि सेनाको हेलिकप्टर उपलब्ध गराइदिन आग्रह गर्नुभएको रहेछ । उहाँले मलाई फोन गरेर 'सेनाको हेलिकप्टरभन्दा भीभीआईपी विङको सिभिल हेलिकप्टर उपलब्ध गराउँदा ठीक हुन्छ, सरकारमा जाहेर गरिदिनू' भनेर अनुरोध गर्नुभयो ।

मैले प्रधान सेनापतिको कुरा सरकारमा जाहेर गरें । सरकारबाट हुकुम भयो, 'मूलभट्टले दरबारसँग मागेको होइन । चाहिएको भए मूलभट्ट स्वयंले नै दरबारसँग माग्न सक्थे । यो चिफले मूलभट्टलाई गरेको चाकरी हो । त्यसैले तिमी चुपचाप बस । चिफको डिस्क्रेसनमा छोडिदेऊ ।'

केही दिनअगाडि जोमसोमस्थित सेनाको ब्यारेकबाट ढल निस्केर स्थानीय बासिन्दाहरूको घरमा पसेको गुनासो आएको थियो । यस सन्दर्भमा बुझ्दा ढल सोझै पसेको नभएर ढलको पाइप फुटेर पानी सर्वसाधारणको घरमा गएको रहेछ । त्यसलाई तुरून्त मर्मत गर्नू भन्ने निर्देशन गएको छ ।

सेनाले राजस्व गस्ती सुरु गरेपछि राजस्व उल्लेखनीय रूपमा बढेको छ । भन्सारमा हुने अन्य अनियमितता पनि निगरानी राख्नु वाञ्छनीय भएकाले भन्सार कार्यालयमा सेनाको अधिकृत उपस्थित गराउने निर्णय भएको थियो । तर भन्सार कार्यालयमा सेनाका अधिकृतको उपस्थितिलाई लिएर भन्सारका कर्मचारी, प्रहरी र केही व्यापारीले विरोध जनाएका छन् । साथै उनीहरूले सेनालाई असहयोग गरिरहेको खबर छ ।

हालै सम्पन्न चिनियाँ प्रधानमन्त्री झु रूङझीको नेपाल भ्रमणको विषयलाई लिएर चिनियाँ पक्ष खुसी नभएको बुझिएको छ । नेपालले आफ्नो प्रधानमन्त्रीको भ्रमणलाई साधारण रूपमा लिएको र 'लो की' मा राखेको भन्ने उनीहरूको गुनासो छ । हुन पनि उहाँको भ्रमण अवधिमा श्री ५ को सरकारका तर्फबाट 'अकम्पनिङ मिनिस्टर' समेत खटाइएन । भ्रमणको पहिलो दिनमै यस्तो क्रियाकलापबाट चिनियाँ पक्ष रिसाएको आभास पाइयो । यसपछि नेपाली पक्षबाट केही सतर्कता देखाएको बुझियो । भ्रमण अवधिमा परराष्ट्र मन्त्रालयका वरिष्ठ अधिकृत प्रायः देखिएनन्, कनिष्ठ अधिकृत मात्र खटाइएको थियो । उनीहरू समस्या आएमा भाग्ने गरेका थिए । पाटन दरबार क्षेत्रको भ्रमणबाट भने चिनियाँ प्रधानमन्त्री केही खुसी हुनुभएको बुझियो । उहाँले होटलमा पनि विशेष गरी राति शान्त वातावरण खोज्नुभएको रहेछ । उहाँको सुइट रहेको स्थानमा आफ्नै सुरक्षाकर्मी मात्र राखेको बुझियो ।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आज प्रधान सेनापति प्रज्वल्लशमशेर जबरालाई छलफलका लागि बोलाउनुभएको थियो । तर प्रधान सेनापतिले आफू नगएर बलाधिकृत

रथी प्यारजङ्ग थापालाई पठाउनुभयो । उहाँलाई 'कुनै पनि प्रतिबद्धता नजनाउनू, गोरखा जिल्लामा सुरु भएको आईएसडीपी कार्यक्रम अनुसार सेनाले आफ्नो काम थालेको तर अन्य क्षेत्रबाट गर्नुपर्ने काम सुरु नभएकोमा गुनासो गर्नू र आईएसडीपीको म्यान्डेटलाई राष्ट्रिय सुरक्षा परिषद्बाट पास गराउनुपर्ने कुरा राख्नू' भनी पठाइएको थियो । यसबाट प्रधानमन्त्री र प्रधान सेनापतिबीचको सम्बन्ध सौहार्दपूर्ण छैन भन्ने देखिन्छ । केही दिनअगाडि प्रधान सेनापतिले शिवपुरीमा दिएको मन्तव्यपछि प्रधानमन्त्री प्रधान सेनापतिसँग सन्तुष्ट हुनुहुन्न ।

प्रधान सेनापतिले रक्षामन्त्री महेश आचार्य र पूर्व सहायक मन्त्री नारायणसिंह पुनलाई डिनरमा बोलाउनुभएको रहेछ । उक्त अवसरमा आईएसडीपी र सेना सम्बन्धी विषयमा सामान्य छलफल भएको प्रधान सेनापतिले मलाई टेलिफोनमा जानकारी दिनुभयो ।

सरकारबाट मलाई फोन गरेर 'शाही नेपाली सेनाले विभिन्न व्यक्तिको नाममा वेबसाइट खोलेर त्यस मार्फत माओवादीले गरेका प्रोपोगान्डालाई काउन्टर किन नगर्ने, यसबारेमा विचार गर्न चिफलाई खबर गर' हुकुम भयो । त्यसै अनुसार मैले चिफसाबलाई खबर गरेँ । यस्तो काम सेनाको डीएमआई या अपरेसन विभागबाट गोप्य रूपमा सञ्चालन हुन सके मुलुकलाई नै फाइदा हुन सक्छ ।

## २०५८ जेठ ८ गते सोमबार

राष्ट्रिय सुरक्षा परिषद्को अनौपचारिक बैठक हिजो बसेको छ । बैठकमा प्रधानमन्त्री, रक्षामन्त्री र प्रधान सेनापतिका साथै उपप्रधानमन्त्री तथा गृहमन्त्री, परराष्ट्रमन्त्री र सबै सुरक्षा निकायका प्रमुखलाई समावेश गरिएको थियो । बैठकमा नवगठित सशस्त्र प्रहरी बललाई सुदृढ गर्ने, परिचालन बढाउने तथा नयाँ बेस स्थापना गर्ने सम्बन्धमा छलफल भयो । सशस्त्र प्रहरीका लागि भारतबाट हातहतियार कसरी ल्याउने भन्ने सम्बन्धमा पाँच वर्षका लागि योजना बनाउन समेत बैठकले निर्देशन दिएको छ । साथै राष्ट्रिय अनुसन्धान विभागलाई प्रभावकारी बनाउन बजेट, तालिम तथा सवारी साधन उपलब्ध गराउने र व्यापक मात्रामा गुप्तचर नेटवर्क स्थापना गर्नेबारे पनि छलफल भयो । सेनालाई भारतमा निर्मित इन्सास हतियार दिने भनी भारतीय प्रधानमन्त्री तथा भारतीय पक्षबाट निरन्तर दबाव आइरहेको विषयमा समेत छलफल भयो । परिषद्ले आईएसडीपीको म्यान्डेट पास गरेको छ ।

महाराजाधिराजबाट देशमा व्याप्त भ्रष्टाचार निवारणका लागि कुनै न कुनै कडा कदम चाल्नैपर्छ भन्ने सोचाइ बनाइबक्सेको छ । यस विषयमा सरकारबाट धेरै पटक प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई सचेत गराइबक्सेको छ । भ्रष्टाचार नियन्त्रण गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्रभावकारी ढङ्गले परिचालन गर्नुपर्ने हुन्छ । त्यसका लागि श्री ५ को सरकारले सबै किसिमको सहयोग पुर्‍याउनुपर्छ । तर यसमा प्रधानमन्त्री कोइरालाले कुनै वास्ता गर्नुभएको छैन ।

प्रमुख विपक्षी दल नेकपा एमालेले प्रधानमन्त्रीको विरोधमा जेठ १३, १४ र १५

गते देशव्यापी आमहडताल आयोजना गरेको छ । यस विषयमा सुरक्षा निकायबाट विशेष सतर्कता र सजगता अपनाउनुपर्ने हुन्छ । खास गरी एमालेको नाममा माओवादी घुसपैठ हुन सक्नेबारे बेलैमा विचार पुऱ्याउनुपर्छ ।

## २०५८ जेठ ११ गते बिहीबार

महाराजाधिराज सरकारबाट हालै सैन्य तालिम केन्द्र त्रिशूली, शाही नेपाली सैनिक शिक्षालय नगरकोट, जङ्गल वारफेयर स्कुल अमलेखगन्ज, स्टाफ कलेज टोखाको निरीक्षण भ्रमण सम्पन्न भइसकेको छ । यसै क्रममा सरकारको अर्को भ्रमण मुस्ताङ जिल्लाको कैसाङस्थित माउन्टेन वारफेयर उच्च शिखर तालिम केन्द्रमा हुनेछ । यस सम्बन्धी विस्तृत कार्यक्रम तय गर्नु छ ।

आज प्रधान सेनापति प्रज्वल्लशमशेर जबराको जाहेरी थियो । त्यस क्रममा आईएसडीपीबारे विस्तृत रूपमा छलफल भयो । जाहेरीको सुरुमै सरकारबाट 'शाही नेपाली सेनाको बढुवा सम्बन्धमा हिजो *जनआस्था* साप्ताहिकमा प्रकाशित समाचार कसरी आयो, त्यस्ता समाचार कसले र किन लिक गर्छ, छानबिन गरी दोषीलाई कडा कारबाही गर्नू' भनी प्रधान सेनापतिलाई हुकुम बक्स्यो । साथै सरकारबाट हुकुम भयो, 'आईएसडीपीको सैद्धान्तिक पक्षबारे मात्रै धेरै कुरा हुने गरेको छ । कार्यान्वयन पक्ष ज्यादै फितलो भयो । आईएसडीपीका योजना कार्यान्वयन गर्दा समन्वय कसले गर्ने ? यस विषयमा विचार हुनुपर्छ । राष्ट्रिय सुरक्षा परिषद्ले समन्वय गर्न सक्छ कि सक्दैन भन्नेबारे समेत छलफल हुन आवश्यक छ । प्रचार-प्रसार गर्दा वास्तविक सूचना कसरी प्रवाह गर्ने र प्रोपोगान्डा कसरी गर्ने भनेर पनि योजना बन्नुपर्छ । आईएसडीपीको रणनीतिक पक्षबारे मात्रै सञ्चार माध्यममा धेरै समाचार आएको छ । यसबाट पर्न सक्ने नकारात्मक विषयमा ध्यान पुऱ्याउनुपर्छ । सबै सुरक्षा निकायलाई आ-आफ्नो क्षेत्रको जिम्मेवारी तोकिनुपर्छ र एकआपसमा समन्वय हुनु नितान्त आवश्यक छ । बेलायती सरकारबाट प्राप्त हुने उपकरण हाम्रो प्राथमिकता अनुसार केके हुन्, सोही बमोजिम बेलायती सरकारसँग कुरा अगाडि बढाउँदा राम्रो हुन्छ ।'

त्यसरी नै सरकारबाट 'आईएसडीपी कार्यक्रम सञ्चालनका क्रममा नागरिक प्रशासनको कमजोरी देखिन्छ, राजनीतिक नेतृत्व भाषणमा मात्र सीमित छ, कार्यक्रमको लक्ष्य भ्रष्ट सरकार बचाउने नभई राष्ट्रिय दृष्टिकोणबाट माओवादी समस्या समाधान गर्न सहयोगात्मक भूमिका निर्वाह गर्ने मात्र हो, यस कार्यक्रममा विनियोजित बजेट खर्च गर्दा आर्थिक नियम-कानुन अनुरूप र पारदर्शी हुनुपर्छ, साथै सञ्चार माध्यममा सेनालाई एक्स्पोज गर्ने प्रयास हुन्छ, यसमा सतर्क भएर सेनाले आफ्ना कमीकमजोरीलाई सुधार गर्दै जानुपर्दछ' हुकुम भयो ।

## २०५८ जेठ १२ गते शुक्रबार

हिजो राति प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राप्रपा नेताहरू सूर्यबहादुर थापा, रवीन्द्रनाथ शर्मा, माले नेताहरू वामदेव गौतम, राधाकृष्ण मैनाली र काङ्ग्रेस नेता

गोविन्दराज जोशीसँग गोप्य छलफल गर्नुभएको बुझिएको छ ।

रुकुमको बाफीकोटमा माओवादी गतिविधि हेर्न र त्यहाँ सैनिक गुल्म खडा गर्नका निम्ति रेकी गर्न गएको सेनाको हेलिकप्टरमा माओवादीले फायर गर्दा उक्त हेलिकप्टर त्यहाँ ल्यान्ड नगरी नेपालगन्ज फर्केको छ । आज पुनः हेलिकप्टर पठाइएको छ ।

भर्खरै गठन भएको सशस्त्र प्रहरी बलका लागि ऐन, नियम बन्ने क्रममा छ । यस सन्दर्भमा आज मैले सरकारमा जाहेर गरेका विषय थिए : सशस्त्र प्रहरी महानिरीक्षकको पदावधि चार वर्ष राख्दा हुन्छ । सशस्त्रका लागि हातहतियार तथा उपकरण लिँदा राष्ट्रिय सुरक्षा परिषद्सँग समन्वय गर्नुपर्छ । सेना आन्तरिक सुरक्षामा परिचालन हुँदा संयुक्त रूपमा परिचालन हुने र विदेशीसँगको लडाइँका बेला सेनाको मातहतमा बसेर काम गर्नुपर्ने ऐनमा स्पष्ट उल्लेख हुनुपर्छ । सशस्त्रमा पहिलो पटक अन्य सुरक्षा निकायबाट सरुवा भएर आउन सक्ने प्रावधान राख्नुपर्ने हुन्छ ।

यसै गरी, सशस्त्रका सबै दर्जाका व्यक्तिको प्रस्तावित उमेरमा पुनरावलोकन हुनुपर्ने कुरा सशस्त्र प्रहरी महानिरीक्षकलाई दर्शनभेटका अवसरमा निर्देशन बक्सनुपर्नेबारे समेत मैले सरकारमा जाहेर गरेँ ।

गायक प्रवीण गुरुङको दुर्घटनामा मृत्यु भएको कुरा सञ्चार माध्यमले पुनः उचाल्न खोजेका छन् । यसलाई राजनीतीकरण गर्न उपप्रधानमन्त्री रामचन्द्र पौडेल र काङ्ग्रेस नेता खुमबहादुर खड्का क्रियाशील भएको खबर छ ।

सरकारबाट मनोनीत सांसद रमेशनाथ पाण्डेले राष्ट्रिय सभाको रिक्त हुने अध्यक्ष पदका लागि उम्मेदवारी दिनुहुने भएको छ । यसै क्रममा उहाँ विभिन्न पार्टीका नेतासँग भेटघाटमा लागेको थाहा भएको छ । साथै, आफ्नो छोरालाई न्युयोर्कमा संयुक्त राष्ट्रसङ्घको डेपुटी चिफ अफ मिसन बनाएर पठाउनका लागि प्रधानमन्त्री कोइरालाकहाँ बारम्बार धाइरहेको बुझिएको छ ।

आज बसेको मन्त्रिपरिषद्ले असार ११ गते सोमबार २ बजे संसदको बजेट अधिवेशन बोलाउन सिफारिस गर्ने निर्णय गरेको छ । साथै राजदरबारका पूर्वकर्मचारी चक्रबहादुर थापालाई औषधि उपचारका लागि ५० हजार रुपैयाँ दिने निर्णय गरेको छ । थापा पूर्व शाही पार्श्ववर्ती तथा श्री सदन राजदरबारको ढोके अधिकृत समेत हुनुहुन्थ्यो ।

## २०५८ जेठ १८ गते बिहीबार

आज प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको जाहेरीको दिन हो । तर उहाँको अन्त कतै कार्यक्रम परेकाले उहाँ जाहेरीमा आउनुभएन । त्यसैले खाली समयमा सशस्त्र प्रहरी बलका महानिरीक्षक कृष्णमोहन श्रेष्ठलाई जाहेरीका निम्ति समय मिलाइयो । उहाँको दर्शनभेट नभएको पनि धेरै दिन भइसकेको थियो । आईजीपीसाबले सशस्त्रको अहिलेसम्मको प्रगति विवरण, जनशक्ति व्यवस्थापन कति भयो भन्ने कुरा र हतियार व्यवस्थापनबारे सरकारमा जाहेर गर्नुभयो । सशस्त्रका लागि प्रधान कार्यालय राख्ने ठाउँको खोजी भइरहेको थियो । त्यसबारे सामान्य कुरा भयो । देशको अहिलेको

अवस्थाबारे निकै लामो छलफल भयो । सशस्त्रले आफ्नो जनशक्ति व्यवस्थापन र पदपूर्तिका लागि सशस्त्र प्रहरी सेवा आयोग बनाउने प्रावधान राखेको छ । त्यो निकै नै राम्रो भयो भनेर सरकारबाट प्रशंसा गरिबक्स्यो । साथै, यस्तो आयोगको प्रावधान जनपद प्रहरीमा पनि कायम भइदिए प्रहरी राजनीतिक भर्तीकेन्द्र हुनबाट जोगिने थियो भन्ने सरकारको भनाइ थियो ।

जाहेरीको अर्को विषय थियो हतियार । सेनाले ब्राउनिङ पेस्तोल प्रयोग गरिरहेको छ, त्यसैले सशस्त्रमा ग्लक पेस्तोल लिनु उपयुक्त होला भन्ने धारणा उहाँले सरकारमा जाहेर गर्नुभयो । सरकारबाट 'सशस्त्रले सेनासँग प्रतिस्पर्धा हुने गरी हतियार लिन भएन, तर आधुनिक त हुनैपर्छ' भनेर हुकुम भयो । अहिले नेपाल प्रहरी चरम राजनीतीकरण भएको छ, सशस्त्रलाई सुरूदेखि नै राजनीतीकरण हुनबाट जोगाउनुपर्छ भन्ने विषयका साथै यसलाई कसरी 'चेक एन्ड ब्यालेन्स' गर्ने र त्यसका निम्ति कस्तो संयन्त्र बनाउने भन्नेबारे सरकार र आईजीपीसाबका बीचमा बडो गम्भीर कुरा भयो । लामो छलफलपछि सशस्त्रलाई जुन जिम्मेवारी छ, त्यस अनुसारको हतियार र तालिम दिने कुरा तय भयो ।

सशस्त्र प्रहरीको निसान बनाउने विषयमा छलफल हुँदा बडागुरूज्यू र सेनासँग सल्लाह गरेर बनाए राम्रो हुने सरकारबाट सुझाव बक्स्यो । साथै, सशस्त्र प्रहरी बललाई सरकारबाट निसान प्रदान गर्ने कार्यक्रम आगामी कात्तिक ७ गते फूलपातीका दिन सैनिक मञ्चमा आयोजना हुने बढाइँमा राख्ने तय भयो । आज छलफलका क्रममा सरकारबाट हुकुम भयो, 'सशस्त्र प्रहरी बल देशलाई आवश्यकता परेर गठन भएको हो । नेपाल प्रहरीलाई ठूलो बनाउँदै लैजाँदा त्यसलाई व्यवस्थापन गर्न कठिनाइ पर्न थालेको छ । त्यसमाथि उसलाई थप हतियारले सुसज्जित पार्दै लैजाने हो भने जनतासँग सम्बन्धित काम र व्यवहारमा बाधा पर्न सक्छ । त्यसैले देशको ऐन, कानुन र नीति नियमलाई लागू गर्ने गराउने काममा नेपाल प्रहरीलाई केन्द्रित गरी आधुनिक हतियारले सुसज्जित अर्को सशस्त्र प्रहरी बल बनाउन आवश्यक भएकाले यस्तो गरिएको हो । '

माओवादीको भावी योजनाबारे पनि आईजीपीसाबले सरकारमा विभिन्न कुरा जाहेर गर्नुभएको थियो । त्यस क्रममा सरकारबाट सशस्त्र प्रहरी बल माओवादीको सशस्त्र युद्धका कारण मात्र गठन गरिएको होइन भनेर प्रस्टसँग हुकुम भयो । सो अवसरमा सशस्त्रले बाहिरी र भित्री दुवै हिसाबले आफ्नो छुट्टै गुप्तचर सेवा स्थापना गर्नेबारे समेत छलफल भएको थियो र सरकारबाट त्यस्तो गर्नु राम्रो हुनेछ भनी हुकुम भएको थियो । आजकै जाहेरीमा सशस्त्रका अधिकृत तथा जवान पनि संयुक्त राष्ट्रसङ्घीय शान्तिसेना अन्तर्गत विभिन्न देशमा जान पाउने व्यवस्था गर्न सरकारबाट निर्देशन बक्सेको थियो । सेना र प्रहरीलाई आवश्यक परे सशस्त्रले कसरी मदत गर्ने र आवश्यकता अनुसार एकले अर्कासँग कसरी समन्वय गर्ने भनेर समेत छलफल भएको थियो । सरकारबाट सशस्त्र प्रहरी बलको 'कमान्ड कन्ट्रोल' मा 'फेयर एन्ड फेयरनेस' हुनुपर्छ र यसले अन्य सुरक्षा निकायका सबै तहमा राम्रो समन्वय गरी सहयोग लिनुपर्छ भनी निर्देशन बक्स्यो । साथै 'राजनीतिज्ञहरू, सञ्चार माध्यम र आमजनतासँग राम्रो

जनसम्पर्क राख्न' सशस्त्र प्रमुखलाई हुकुम बक्स्यो ।

जाहेरीका क्रममा सशस्त्र प्रहरी आधुनिक हतियारले सुसज्जित हुने भएकाले यसलाई देशको आन्तरिक सुरक्षा, भीभीआईपीको सुरक्षा र विमानस्थल सुरक्षाका लागि समेत परिचालित गर्ने विषयमा सहमति भयो । साथै सशस्त्रलाई सुरक्षासँग सरोकार राख्ने सबै किसिमका निकाय (जस्तै : राष्ट्रिय सुरक्षा परिषद्, केन्द्रीय सुरक्षा समिति लगायत) मा सहभागिता गराउने कुरामा पनि त्यहाँ सहमति बन्यो । सो अवसरमा भारतमा सीमा सुरक्षा बलले जस्तो जिम्मेवारी नेपालमा सशस्त्र प्रहरी बलले लिने कि भनेर पनि कुरा उठेको थियो ।

सरकारबाट सेनाको बेरूजू धेरै भएकाले हिसाब मिलाउन एकदमै गाह्रो परिरहेको प्रसङ्ग उठाउँदै सशस्त्रको बजेट सञ्चालन प्रणाली सुरूदेखि नै एकदमै राम्रो, नियमसङ्गत र पारदर्शी हुनुपर्छ भनी निर्देशन बक्स्यो । साथै सशस्त्रले स्थानीय स्तरमा पनि राष्ट्रिय सुरक्षाका विषयमा लिङ्क गरी नेपाल प्रहरी, सेना र राष्ट्रिय अनुसन्धानसँग समन्वय गरेर अगाडि बढ्नुपर्ने निर्देशन बक्स भयो । सबै स्तरमा सुरक्षा समन्वय होस् भन्ने सरकारको चाहना थियो ।

सशस्त्र प्रहरी बलले देशको सुरक्षाका विषयमा दरबारसँग कसरी समन्वय गर्ने र त्यसका लागि कस्तो किसिमको संयन्त्र बनाउँदा राम्रो हुन्छ भनेर पनि जाहेरीका क्रममा छलफल भएको थियो । साथै विभिन्न जिल्लामा सञ्चालित भइरहेको आन्तरिक सुरक्षा तथा विकास योजनामा सुरूदेखि नै सेना संलग्न भइरहेकोमा सशस्त्र प्रहरी बलको के भूमिका हुन्छ भनेर कृष्णमोहनले जिज्ञासा राख्नुभयो । सरकारबाट त्यसमा सशस्त्रलाई पनि भूमिका दिने कुरा हुकुम भयो । सो अवसरमा उहाँले माओवादी विद्रौह उठाउन भारतले सहयोग गरिरहेको बारे पनि सरकारमा जाहेर गर्नुभएको थियो ।

जाहेरीका बेला म पनि छलफलमा सहभागी भएँ । मैले पनि विभिन्न विषयमा राय दिएँ । आइजीपीसाव जाहेरी सकेर बाहिरिएपछि फेरि म सरकारको दर्शनभेटका लागि गएँ । सरकारले केही कुरा सोधिबक्स्यो । सशस्त्र प्रहरी महानिरीक्षकको प्रस्तावबारे चासो राखिबक्सेको थियो । 'यी विषय प्रधानमन्त्रीको जाहेरी भएका बेला मलाई सम्झाऊ,' सरकारबाट हुकुम भयो ।

यसका साथै सरकारबाट 'राष्ट्रिय सुरक्षा परिषद् सचिवालय गठनको अवधारणा दुवै प्रहरी महानिरीक्षकलाई जानकारी गराउनू' हुकुम भयो । राष्ट्रिय सुरक्षा परिषद्लाई मूर्त रूप दिन सचिवालय खडा गर्नेबारे गृहकार्य भइरहेको छ । महाराजाधिराजको प्रत्यक्ष सुझाव र निर्देशनमा दरबारबाट म र सेनाबाट महासेनानी दिलीप रायमाझीले राष्ट्रिय सुरक्षा परिषद् सचिवालय स्थापना र यसको साङ्गठनिक संरचना निर्माण सम्बन्धमा काम गरिरहेका छौं ।

## २०५८ जेठ १९ गते शुक्रबार

पूर्व प्रमुख सैनिक सचिव रथी दानगम्भीर रायमाझीले फोन गरेर 'स्वास्थ्य परीक्षणका

लागि म भारत गएको थिएँ, एनजीओग्राम गर्दा हाललाई ब्लकेड नभएको तर नसा फुलेको हुँदा चिकित्सकको सल्लाह अनुसार औषधि खान थालेको छु, सरकारमा जाहेर गरिदिनू' भन्नुभयो ।

शाही पार्श्ववर्ती महासेनानी सुन्दरप्रताप रानाले 'केही दिनपछि सरकारबाट रारा महोत्सवको समुद्घाटन गरिबक्सने कार्यक्रम छ, सुरक्षा तथा सवारीको प्रबन्ध मिलाउन सरकारबाट हुकुम भएको छ' भनेर मलाई जानकारी दिनुभयो ।

सरकार आज बडागुरूज्यू नयनराज पाण्डेको निवास, डिल्लीबजार सवारी होइबक्सियो । त्यहाँबाट फर्केपछि ५ बजेतिर मलाई फोन गरिबक्स्यो । म कार्यालयमै थिएँ । सरकारबाट रारा महोत्सवको सन्दर्भमा कुरा गर्दै हुकुम भयो, 'विवेक, राराको गुल्मपति, त्यस क्षेत्रको वाहिनीपतिबारे विस्तृत रूपमा मलाई जानकारी गराऊ । हाल रारा क्षेत्रमा कस्तो मौसम छ, बुझ । मेरो रारा भ्रमणका क्रममा ४ नम्बर वाहिनी, सुर्खेतमा बस्न सक्ने सम्भावना भएकाले व्यवस्था मिलाऊ ।' साथै सरकार रारा सवारी भएको बेला मलाई यहाँ केही विशेष काम गर्न निर्देशन बक्स्यो । फोनमा कुरा हुँदा सरकारको स्वर अरू बेलाको जस्तो नभएको र अलि मलिन भए जस्तो मलाई लाग्यो ।

## २०५८ असार ४ गते सोमबार

महाराजाधिराज ज्ञानेन्द्र सरकारमा आज मेरो पहिलो औपचारिक जाहेरी थियो । मैले सरकारमा त्रिभुवन सदनलाई पूरै सरसफाइ गरेर बन्द गर्ने कुरा जाहेर गरेँ । एडीसीहरूलाई श्री सदन, शाही पार्श्ववर्ती विभागमा रहने व्यवस्था मिलाउने र त्रिभुवन सदनमा कार्यरत शाही पार्श्ववर्ती प्रवीण खड्कालाई शाही जङ्गी अड्डामै फिर्ता पठाउने विषयमा सरकारसँग मेरो छलफल भयो । मैले प्रमुख सैनिक सचिवालयबाट दरबार हत्याकाण्ड सम्बन्धी छानबिन गर्न गठन भएको कार्यटोलीले तयार पारेको प्रतिवेदन जाहेर गरेँ । साथै कार्यटोलीका सदस्यलाई केही रकम बक्सेमा राम्रो हुने समेत बिन्ती गरेँ । कार्यटोलीको संयोजकमा पूर्व प्रमुख सैनिक सचिव रथी शान्तकुमार मल्ल हुनुहुन्थ्यो । सदस्यहरूमा सहायक रथी टीका धमला, शाही रक्षक वाहिनीका कामु वाहिनीपति सहायक रथी भरतबहादुर रायमाझी, महासेनानीहरू कुमार बुढाथोकी र केशवराज महत हुनुहुन्थ्यो ।

यसै क्रममा मैले 'सरकारबाट प्रधान सेनापति, सशस्त्र प्रहरी र नेपाल प्रहरीका महानिरीक्षकहरू र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखलाई दर्शनभेट बक्सन उपयुक्त हुने' भनेर बिन्ती गरेँ । हाल सरकार निर्मल निवासमा राज भएको हुँदा शाही पार्श्ववर्ती र अन्य सुरक्षा व्यवस्थाको सन्दर्भमा नयाँ व्यवस्था मिलाउनुपर्नेबारे जाहेर गरेँ । साथै, सेनामा पदोन्नति भएका उपरथी रूक्माङ्गद कटवाल, सहायक रथीहरू दिलीप रायमाझी, भरतबहादुर रायमाझी र विष्णुबहादुर गुरूङलाई सरकारमा दाम राख्नसमय बक्सनुपर्ने भनी जाहेर गरेँ ।

यसै सन्दर्भमा सरकारमा हिजो बुटवलको बीपी चोकमा महाराजाधिराजका विरूद्ध

नारा लगाउँदै गर्दा एक व्यक्ति पक्राउ परेको कुरा जाहेर गरेँ । त्यस व्यक्तिको नाम पञ्चय श्रेष्ठ, उमेर २५ वर्ष, घर भारतको गोरखपुर, हाल शङ्करनगर-८ जानकी टोल बस्ने माओवादी कार्यकर्ता भएको बुझिएको छ । सूचना अनुसार उक्त व्यक्तिलाई भारतीय गुप्तचर संस्था रअले प्रयोग गरेको देखिन आएको छ ।

सरकारमा मैले प्रमुख सैनिक सचिवालयले गरिरहेको र गर्ने काम तथा सुरक्षा निकायका बारेमा सङ्क्षिप्त जाहेर गरेँ । त्यस क्रममा एकीकृत विकास तथा सुरक्षा अवधारणा लागू भइरहेको र यस क्रममा सेनाले माओवादी प्रभावित गोरखा र अन्य जिल्लामा सैनिक परिचालन गरिरहेका बारेमा जानकारी गराएँ । सैद्धान्तिक सहमति भई चमू अवधारणा अनुसार सेनाको सङ्गठनात्मक स्वरूप हेरफेर गर्ने काम योजना तहमा रहेको बताउँदै मैले जाहेर गरेँ- सेनालाई नयाँ हतियार उपलब्ध गराउने र पुरानो एसएलआर राइफल सशस्त्र प्रहरी बललाई दिने कार्य समेत अगाडि बढिरहेको छ । संयुक्त राष्ट्रसङ्घको माग बमोजिम सियरालियोनमा एक बटालियन फौज पठाउने तयारी भइरहेको छ । राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय स्थापना गर्ने प्रयास भइरहेको छ । तर श्री ५ को सरकारबाट अहिलेसम्म यसबारे कुनै निर्णय भएको छैन । सेनासँग भएका पुराना एन्टिक हतियार बेच्ने कार्य अगाडि बढिरहेको छ । मकवानपुर जिल्लाको ल्होसार भन्ने स्थानमा एक्सप्लोसिभ परपोल्सन प्लान्ट निर्माण जारी छ । त्यस्तै १७ नम्बर वाहिनीमा केन्द्रीय मर्मत-सम्भार केन्द्र बनाउने काम भइरहेको छ । अर्थ मन्त्रालयको अनुरोधमा २०५७ चैत १ गतेदेखि एक वर्षका लागि भन्सार नाकामा राजस्व गस्तीमा सैनिक परिचालित गरिएको छ ।

जाहेरीका क्रममा मैले भनेँ : नेपाल प्रहरी सम्बन्धी सबै कार्य गृह मन्त्रालयबाटै हुने हुँदा शान्ति-सुरक्षाको विषय बाहेक अन्य कुनै पनि विषय प्रमुख सैनिक सचिवालयसँग सम्बन्धित छैन । प्रहरीबाट समयसमयमा घटेका घटनाहरूको रिपोर्ट मात्र प्राप्त हुने गरेको छ । त्यस्तै सरकारको भ्रमणमा नेपाल प्रहरीबाट सुरक्षाका लागि समन्वय हुने गरेको छ ।

सशस्त्र प्रहरी अहिलेसम्म अध्यादेशबाट चलेको छ । संसद्को आगामी अधिवेशनमा विधेयक पेस गरेर सशस्त्र प्रहरी सम्बन्धी ऐन पारित गराउनुपर्ने छ । पहिलो चरणमा सशस्त्र प्रहरीको सङ्गठन तयार हुँदै छ । दोस्रो चरणसम्ममा करिब १५ हजारको दरबन्दी निर्माण गर्ने योजना भइरहेको छ । सेनाबाट सशस्त्रमा लैजाने जनशक्तिबारे निर्णय भइसकेको छैन । सेनाबाट हतियार हस्तान्तरण गर्ने र तालिम उपलब्ध गराउने प्रक्रिया अगाडि बढिरहेको छ ।

त्यसरी नै राष्ट्रिय अनुसन्धान विभागबाट दिनहुँ गुप्तचर रिपोर्ट आइरहेको छ । गुप्तचर सम्बन्धी अन्य कार्यमा सैनिक सचिवालयको कुनै पनि सम्बन्ध छैन ।

मैले सरकारमा वर्तमान राजनीतिक अवस्थाबारे सङ्क्षिप्त जानकारी गराउँदै भनेँ : अहिलेको संवेदनशीलतालाई ख्याल गरेर नेकपा एमालेले आगामी असोजसम्म संयम अपनाउने भएको छ । एमालेले 'पर्ख र हेर' को नीति लिने र नयाँ राजाको कार्यशैली

हेरेर अगाडि बढ्ने भनेको छ । यतिबेला एमाले गिरिजाप्रसाद कोइराला सरकारको विरुद्धमा आन्दोलनरत छ । नेकपा (माले) ले अहिलेको परिस्थितिमा अन्य राजनीतिक दलले गरेका गम्भीर गल्ती र कमजोरीबाट फाइदा लिने रणनीति लिएको छ । कीर्तिपुरमा सम्पन्न केन्द्रीय कमिटीको बैठकमा महासचिव वामदेव गौतम र नेता सीपी मैनालीले राजसंस्थाबारे जनमत सङ्ग्रह गर्नुपर्ने, नारायणहिटी राजदरबारलाई वीरेन्द्र सङ्ग्रहालय बनाउनुपर्ने, राजदरबार अर्को स्थानमा खडा गर्नुपर्ने, स्वर्गीय राजा वीरेन्द्रको सम्पत्ति सार्वजनिक गरी कोष खडा गर्नुपर्ने जस्ता अभिव्यक्ति दिएको बुझिन आएको छ ।

प्रधान सेनापति प्रज्वल्लशमशेर जबराले राजदरबार हत्याकाण्डको छानबिन गर्न गठित उच्चस्तरीय आयोगमा दिएको बयानले धेरै प्रश्न उब्जाएको छ । राजदरबारमा कार्यरत सैनिकको हैसियत के हो ? सेना र राजसंस्थाबीचको सम्बन्ध के हो ? सेनाप्रति सरकार र जनताको विश्वास छ कि छैन ? यस्ता प्रश्न शङ्का–आशङ्का सञ्चार जगत् र सर्वसाधारणमा समेत उठ्न थालेका छन् । सेनाका सबै तहमा समेत प्रधान सेनापतिको बयान अहिलेको अवस्थामा प्रतिकूल भएको भनेर चर्चा भएको बुझिन्छ भनेर मैले सरकारमा जाहेर गरेँ ।

मैले जाहेर गरेका अन्य विषय थिए : अब सम्पूर्ण सरकारी निकाय, सेनाको ब्यारेक र सबै सुरक्षा निकायका कार्यालयमा सरकारको तस्बिर राख्नुपर्ने हुन्छ । त्यसका लागि 'फोटोग्राफ' बक्सने व्यवस्था मिलाउनुपर्नेछ । राजदरबार हत्याकाण्डको समयमा वीरेन्द्र सैनिक अस्पताल, छाउनीमा कार्यरत चिकित्सक तथा अन्य स्टाफले सराहनीय काम गरे । सरकारबाट उनीहरू सबैलाई तक्मा वा नगद पुरस्कार वा प्रशंसापत्र बक्सेमा त्यसको सकारात्मक प्रभाव पर्न जान्छ । त्यस्तै उक्त अस्पतालमा स्वर्गवासी सरकारहरूको नामबाट कुनै नयाँ निर्माण अथवा कुनै कोषको स्थापना गर्न सके त्यसबाट राम्रो सन्देश जानेछ । यसका साथै मैले यो वर्ष राजदरबारमा आशौच परेको हुँदा सरकारको शुभजन्मोत्सव कसरी मनाउने या नमनाउने भन्ने विषयमा समेत तत्कालै निर्णय लिन आवश्यक छ भनेर समेत बिन्ती गरेँ ।

जाहेरीको अन्त्यमा सरकारबाट हुकुम भयो, 'यस वर्षको शुभजन्मोत्सव परम्परागत राष्ट्रिय दिवसका रूपमा मनाउन अधिराज्यभर बिदा दिनु उचित होला । यसै अवसरमा केही कैदी छोड्ने निर्णय पनि गर्नुपर्ला । दरबारमा भने कुनै पनि औपचारिक कार्यक्रम आयोजना नगरौँ । कसैले चाहेमा व्यक्तिगत रूपमा वा सङ्घसंस्था मार्फत पूजाआजा गरेर प्रसाद पठाउन सक्नेछन् ।' साथै सरकारबाट 'दरबारको कुनै स्थानमा श्री ५ वीरेन्द्रको सालिक स्थापना गर्दा कसो हुन्छ, स्वर्गीय दाइको जन्मतिथि पुस १४ गतेका दिन संवैधानिक दिवसका रूपमा मनाउँदा के होला, जेठ १९ को राति र त्यसपछि उपचारमा संलग्न वीरेन्द्र सैनिक अस्पतालमा कार्यरत डाक्टर तथा सबै स्टाफलाई प्रशंसापत्र कसरी दिने, तिमीहरूले छलफल गरेर मलाई विस्तृतमा भन' हुकुम भयो । यसै गरी, आगामी सोमबार प्रधान सेनापतिलाई समय मिलाउन समेत सरकारबाट हुकुम बक्स्यो ।

### २०५८ असार ६ गते बुधबार

हालै पदोन्नति भएका उपरथी रुक्माङ्गद कटवाल, सहायक रथीहरू दिलीप रायमाझी, भरत रायमाझी र विष्णु गुरूङले निर्मल निवासमा सरकारमा दाम चढाउनुभयो । सरकारबाट उहाँहरू प्रत्येकसँग छुट्टाछुट्टै देशको समसामयिक सुरक्षा स्थितिबारे जानकारी लिइबक्स्यो । खास गरी सहायक रथी दिलीप रायमाझीसँग माओवादी समस्या र सेनाले सञ्चालन गरिरहेका अपरेसन सम्बन्धी योजनाबारे चाख राखी जानकारी लिइबक्सेको थियो । यस कार्यक्रमपछि सरकारबाट आगामी शनिबार राजदरबार र राजदरबार सचिवालय अवलोकन गर्ने व्यवस्था मिलाउन मलाई हुकुम भयो ।

### २०५८ असार ११ गते सोमबार

संसद्को बजेट अधिवेशन आज सुरु भयो । श्री ५ ज्ञानेन्द्रबाट राज्यारोहण गरिबक्सेपछि पहिलो पटक संसद्को अधिवेशन बसेको हुनाले सभामुख तारानाथ रानाभाट, प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र विपक्षी दलका नेता माधवकुमार नेपालले महाराजाधिराज सरकारमा शुभकामना चढाउनुभयो । त्यस्तै दिवङ्गत राजा वीरेन्द्र र राजपरिवारका अन्य सदस्यहरूप्रति श्रद्धाञ्जलि व्यक्त गर्नुभयो । अधिवेशनमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे (रोहित) ले भने शुभकामना र श्रद्धाञ्जलि प्रस्तावको आलोचना गर्नुभयो । उहाँले आफूले शुभकामना र श्रद्धाञ्जलि नदिने बताउनुभयो ।

### २०५८ असार १४ गते बिहीबार

सरकारमा आज मैले 'सरकार राज भइबक्सेको निर्मल निवासको सुरक्षा व्यवस्था मजबुत पार्ने काम भइरहेको छ, हालको अवस्थामा सरकारको निर्मल निवासबाहिर हुने अनौपचारिक व्यक्तिगत आवतजावत सकेसम्म कम हुनुपर्छ, सुरक्षाका दृष्टिकोणले निर्मल निवासमा पहिलेदेखि आउने-जाने गरेका आगन्तुकको विस्तृत विवरण समेत एडीसी अफिसले राख्न सुरु गर्नुपर्ने हुन्छ' भनी जाहरेर गरेँ । साथै, 'सरकार निर्मल निवासमा राज होइबक्सेको हुँदा कार्यालय समय केकस्तो गरी मिलाउने, सरकारको कार्यालय कहाँ तयार पार्ने भन्नेबारे सरकारबाट निर्देशन बक्सँदा सजिलो हुन्छ' भनी बिन्ती गरेँ ।

अतिरथी नीरशमशेर जबराले स्वास्थ्य परीक्षण गर्न आगामी असार १७ गते केही दिनका लागि भारत जान लागेको जानकारी गराई सरकारमा जाहेर गर्न खबर गर्नुभयो ।

उच्चस्तरीय छानबिन समितिले छानबिनका क्रममा राजदरबारको त्रिभुवन सदनबाट लिएका हतियार सहितका सामान बुझ्न आग्रह गरेको थियो । त्यस अनुसार शाही पार्श्ववर्ती विभागले सबै हतियार बुझेर ल्याई राखेको छ । दरबार हत्याकाण्ड छानबिन गर्न आन्तरिक रूपमा गठित कार्यटोलीको प्रतिवेदन अनुसार त्यस बेला कार्यरत शाही पार्श्ववर्तीलाई केकस्तो कारबाही गर्ने भन्ने सम्बन्धमा चाँडै निर्णय लिँदा उपयुक्त हुन्छ ।

गत १२ गते राति माओवादीले खिलतपुरस्थित प्रहरी चौकीमा आक्रमण गर्दा दुई

प्रहरीको मृत्यु भयो । तीन जवान घाइते भएको र ३१ थान राइफल माओवादीले कब्जा गरेको खबर छ । त्यस्तै हिजो बेलुकी माओवादीले सिन्धुपाल्चोक, मेलम्चीस्थित प्रहरी चौकीमा फायर गरेर सुरक्षाकर्मीको ध्यान आकृष्ट गरी बजारमा रहेको नेपाल बैङ्क लिमिटेडबाट करिब साढे सात लाख रुपैयाँ र दुई थान १२ बोर बन्दुक लुटेका छन् ।

सेनाले एउटा एमआई-१७ कार्गो हेलिकप्टर र एउटा स्टोल जहाज किन्ने प्रक्रिया सुरु गरेको छ ।

सरकारबाट राष्ट्रिय सभामा रिक्त चार स्थानमा ताप्लेजुङ, ओलाङचुङगोलाकी याङकिला शेर्पा, सेनाबाट अवकाशप्राप्त सहायक रथी दीप्तप्रकाश शाह, काठमाडौंका उद्योगपति डा. रूप ज्योति र सुनसरीका देवनारायण चौधरीलाई मनोनीत गरिबक्सेको छ । मनोनीत सदस्यको सूची भूगोल, जाति, भाषा र लैङ्गिक समानताका हिसाबले सन्तुलित रहेको भनेर सकारात्मक प्रतिक्रिया आएको छ ।

सेनाले जर्मनीको हेक्लर एन्ड कोक कम्पनीसँग किन्न लागेको एचके जी-३६ राइफल नेपाललाई बेच्न त्यहाँको सरकारले अनुमति (लाइसेन्स) नदिएको हुँदा सम्झौता अनुसार हतियार उपलब्ध गराउन नसक्ने जानकारी उक्त कम्पनीबाट आएको छ । यसपछि सेनाले सो कम्पनीलाई एलसी मार्फत पठाएको रकम फिर्ता गराउने र जरिवाना समेत तिराउन प्रयास गर्ने सोचाइ राखेको छ । यो हतियार किन्न प्रक्रिया सुरु गर्दा नै यसबारे विवाद उत्पन्न भएको थियो । यसबारे श्री ५ को सरकारलाई कसरी र के जानकारी गराउने भन्ने विषयमा अन्योल भएको छ । यस घटनाबाट सेनाको विश्वसनीयतामा पनि आँच आउने देखिन्छ । अब सेनाको आवश्यकता अनुसार अन्य विकल्प मार्फत हतियार लिन र यस प्रक्रियामा पारदर्शिता अपनाउन नितान्त आवश्यक छ । एचके जी-३६ राइफल सेनाले खरिद गर्ने कुरा उठेदेखि नै यस विषयमा भारतको निकै असन्तुष्टि रहँदै आएको हो । भारतले उक्त हतियारसँग सम्बन्धित पक्षलाई अप्रत्यक्ष रूपबाट दबाव दिएको समेत बुझिन आएको छ । यो विषय मैले सरकारलाई सविस्तार जाहेर गरेँ ।

कार्यरथी उपरथी सदीपबहादुर शाहले आफ्ना निकटका व्यक्तिलाई 'दरबारको शाही पार्श्ववर्ती विभाग र शाही रक्षक सैनिक प्रहरीलाई भङ्ग गर्नुपर्छ, यी दुई निकायले काम गर्न सकेनन्, आफ्नो जिम्मेवारी पूरा गरेनन्, त्यसैले दरबारमा भैरवनाथ गणको 'ङ' गुल्मलाई तैनाथ गर्नुपर्छ, सैनिक सचिवालयका सबै पदाधिकारीलाई हटाउनुपर्छ' भन्ने गरेको बुझियो । यो कुरा जाहेर गर्दा सरकारबाट 'उसमा चन्द्रशमशेर खलकको रगत परेको छ, त्यसले गर्दा ऊ छलकपट गर्छ, त्यसैले उसका कुरालाई महत्त्व नदेऊ' हुकुम भयो ।

## २०५८ असार १८ गते सोमबार

सहायक रथी दिलीप रायमाझीलाई गत वर्ष उहाँ महासेनानी हुँदै चीनमा नेसनल डिफेन्स युनिभर्सिटी (एनडीसी) मा कोर्स गर्न पठाउन प्रधान सेनापतिबाट सिफारिस भएको थियो । त्यस बेला उहाँभन्दा माथि २५ जना सिनियर अधिकृत एनडीसी गर्न बाँकी थिए । त्यसैले गत वर्ष उहाँलाई 'पछि पठाउने' भनेर रोकियो । यस वर्ष पनि

उहाँको सिफारिस आएको छ । यस विषयमा मैले सरकारमा 'दिलीप जर्साब माओवादी समस्याको सन्दर्भमा महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गरिरहनुभएको छ, अर्को वर्ष पठाउँदा समेत उहाँको करिअरमा कुनै तलमाथि पर्दैन, त्यसो गर्दा सेनामा वरिष्ठताको क्रम पनि मिल्छ, त्यसैले यस वर्ष पनि उहाँलाई एनडीसी कोर्समा नपठाउँदा राम्रै हुन्छ' भनेर बिन्ती गरेँ । सरकारबाट पनि 'त्यसै गर्नू' हुकुम भयो ।

आज दिउँसो बालाजु औद्योगिक क्षेत्रस्थित बालाजु कपडा उद्योगमा बम विस्फोट भएको छ । विस्फोटमा परी एक जना सर्वसाधारण सामान्य घाइते भएको खबर छ ।

असार २२ र २३ गते राष्ट्रिय योजना आयोगले एकीकृत आन्तरिक सुरक्षा तथा विकास योजना सम्बन्धी सेमिनार आयोजना गर्दै छ । सेमिनारमा सम्बन्धित मन्त्रालयका सचिव, क्षेत्रीय प्रशासकहरू, सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका स्थानीय कमान्डरका साथै सेनाका बलाधिकृत र युद्ध तथा व्यवस्था निर्देशक सहभागी हुने कार्यक्रम छ । सो अवसरमा सेनाले गोरखा जिल्लाको अनुभव र अन्य जिल्लामा लागू हुन लागेको कार्यक्रम र बजेट सम्बन्धमा जानकारी गराउने छ ।

### २०५८ असार १९ गते मङ्गलबार

सरकारमा आज प्रहरी महानिरीक्षक प्रदीपशमशेर जबराले पहिलो पटक र औपचारिक जाहेरी गर्नुभयो । उहाँले भन्नुभयो, 'माओवादीले आम नेपालीको धार्मिक आस्था खलबल्याउन मठ-मन्दिर तोडफोड गर्ने, फोहोर गर्ने, मूर्ति भत्काउने जस्ता कार्य गरिरहेका छन् । उनीहरू नेपालमा हत्या-हिंसा गरी भागेर भारतमा लुक्न जाने गरेका छन् । साथै माओवादीले भारतमै सङ्गठन निर्माण तथा तालिम गर्ने भएकाले कारबाही गर्न असहज भइरहेको छ । यस विषयमा श्री ५ को सरकारका सम्बन्धित मन्त्रीहरूसँग कुरा गर्दा उनीहरू कुनै जवाफ दिँदैनन् । यस विषयमा भारतसँग कुरा गर्ने आँट पनि गर्न सक्दैनन् । कूटनीतिक तवरबाट चीनले भारतमाथि दबाव दिलाउन सके माओवादी आन्दोलन केही हदसम्म कमजोर हुने मेरो विश्लेषण छ । मन्त्रीहरूबीच समेत आपसमा विश्वासको कमी छ । मन्त्रालय र विभागहरूबीच विश्वासको सङ्कट बढिरहेको छ । श्री ५ को सरकारले हालसम्म राष्ट्रिय सुरक्षा अवधारणा बनाउन सकेको छैन । एमालेको द्वैध नीति राजदरबार हत्याकाण्डका बेला प्रस्ट भएको छ । सुरक्षा निकायमा गुप्तचर सेवालाई सुदृढीकरण गर्न एकदमै आवश्यक छ । रक्षामन्त्री तथा काङ्ग्रेसका नेता महेश आचार्य राष्ट्रका लागि केही गरौँ भन्ने भावनाको हुनुहुन्छ । त्यसैले उहाँलाई दरबारले आफ्नो पक्षमा बनाउँदा राम्रो हुने देख्दछु । मेरो व्यक्तिगत रूपमा एमालेका केही नेतासँग राम्रो सम्पर्क छ । आवश्यक परे सहयोग लिन सकिन्छ ।'

### २०५८ असार २२ गते शुक्रबार

संवाद सचिवालयमा कार्यरत सहायक सचिव सुरेश आचार्य आज मलाई भेट्न आउनुभयो । उहाँ हिजो राति लाजिम्पाटस्थित होटल तिब्बतको रेस्टुराँमा हुनुहुँदो रहेछ ।

त्यहाँ पूर्व शाही पार्श्ववर्ती उपरथी ताराबहादुर थापाले डा. जनार्दन सुवेदीसँग गरेको कुरा उहाँले मलाई सुनाउनुभयो । उहाँले रक्सी खाएको सुरमा राजदरबार हत्याकाण्डको विषय र ज्ञानेन्द्र सरकारबारे ठूलठूलो स्वरमा ज्यादै अशोभनीय कुरा गर्नुभएछ । तारा जर्साबले उक्त रेस्टुराँमा 'दरबार हत्याकाण्ड षड्यन्त्रबाट रचिएको हो, यसमा धेरैको हात छ, सबै मलाई थाहा छ, नयाँ राजाबारे मलाई बच्चैदेखिका कुरा थाहा छ, उहाँ व्यापारी हो राजा होइन, आवश्यक परे दरबारका धेरै पोल खोल्छु, राजा वीरेन्द्र राम्रो राजा भए पनि रानीको लहैलहैमा लागेर बरबाद गरे, मैले राजसंस्थाका लागि सकेसम्म ठूलो काम गरेको छु, ठकुरीहरू मिलेर मलाई हटाए, त्यसको फल अहिले पाउँदै छन्, यी राजाले केही गर्न सक्दैनन्' जस्ता अमर्यादित कुरा गरेको सुरेशजीले सुनाउनुभयो ।

मैले सुरेशजीलाई 'तपाईंले किन त्यति नै बेला कुनै प्रतिवाद गर्नुभएन ?' भनेर सोधेँ । उहाँले भन्नुभयो, 'म अलि टाढाको टेबुलमा थिएँ । तारा जर्साबले मलाई चिन्नुभएन । मलाई त्यस बेला कुनै प्रतिक्रिया नदिँदा नै उपयुक्त हुन्छ जस्तो लाग्यो । त्यसैले उहाँका कुरा मात्र सुनेँ । आज बिहानै यो कुरा मेरो हाकिम (संवादसचिव मोहनबहादुर पाण्डे) लाई सुनाएँ । उहाँले यसबारे सम्झेजति बुँदा बनाएर सैनिक सचिवलाई दिनू भनेकाले म भन्न आएको हुँ ।' सुरेशजीले मलाई टिपेर ल्याएका बुँदाहरू समेत दिनुभयो ।

उक्त बुँदाहरू लेखेको कागज जस्ताको तस्तै आजै सरकारमा जाहेर गरेर चढाएँ ।

अवकाश पाएदेखि नै तारा जर्साब विभिन्न पार्टीका नेतासँग सम्पर्कमा हुनुहुन्छ । पहिले आफ्नो सम्धी गुलाबशमशेर थापा मार्फत र पछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाका स्वकीय सचिव गोकर्ण पौडेललाई प्रभावमा पारी उहाँ (प्रधानमन्त्री कोइराला) निकट पुग्न सफल हुनुभएको छ । गिरिजानिकट हुँदा नारायणसिंह पुनलाई समेत उहाँले प्रयोग गर्नुभयो । उहाँले पूर्व प्रधान सेनापति धर्मपालवरसिंह थापालाई प्रधानमन्त्रीको सुरक्षा सल्लाहकार (मन्त्रीस्तरीय) बनाउन र पछि अतिरथी बनाउन प्रयास गर्नुभएको थियो । यसै क्रममा कोइराला र धर्मपाल चिफसाबलाई नजिक ल्याउन सफल हुनुभयो । यसमा पूर्वरक्षासचिव चक्रबन्धु अर्यालको समेत सहयोग लिएको बुझिन्छ । उहाँका दुवै योजना सफल नभएकाले धर्मपाल चिफसाबलाई राष्ट्रिय सभामा नियुक्ति गरी रक्षामन्त्री बनाउने र आफू अमेरिकाको राजदूत हुने योजना समेत बनाउनुभएको सुनिन आएको छ ।

त्यस्तै, तारा जर्साबले आफूनजिकका व्यक्तिहरूसँग के भन्ने गर्नुभएको बुझिएको छ भने, 'युवराजाधिराजले हामीलाई डुबाए । बडामहारानीले राजालाई पङ्गु बनाइन् । हामीलाई नयाँ राजाले के गर्लान् र ? सुन्दरप्रताप रानालाई एडीसीबाट हटाएकोमा मेरो चित्त बुझेको छैन । यसमा म ज्यादै दुःखी छु । सुन्दरको मनोबल ज्यादै खस्केको छ । अब राजालाई कसरी प्रभाव पार्ने भन्नेबारे सोचिरहेको छु । गिरिजा र शैलजा आचार्यको सम्पर्कमा छु । राजसंस्थाबारे जनमत सङ्ग्रहमा जान ठीक हुने सल्लाह दिएको छु । समय-समयमा भारतको मध्यप्रदेश गएर गुरूलाई भेट्ने गरेको छु । केही समयअगाडि धर्मपाल चिफसाबसँग हरिद्वार गएर फर्कें । दरबारका कर्मचारीको ठूलै

पुनर्गठन हुँदै छ । म सुरक्षा परिषद्को सचिवालयको प्रमुखमा नियुक्त हुँदै छु । यसमा मलाई विवेकले मात्र विरोध गर्ने हो । तर अब उसको पनि केही लाग्नेवाला छैन । ऊ आफैँ पाखा लाग्दै छ ।'

## २०५८ असार २५ गते सोमबार

आज सरकारमा राष्ट्रिय सुरक्षा परिषद्को बैठकमा सेनाका तर्फबाट उठाइने विषयबारे जाहेर गरेँ । बैठकमा प्रधान सेनापतिले असार मसान्तसम्ममा सेना परिचालन गरिने जिल्लाहरूमा बजेट निकासा हुनुपर्ने जस्ता विषय उठाउनुहुनेछ । आईएसडीपी कार्यक्रममा राजनीतिक दलहरूबाट सहयोग हुनुपर्ने हो । तर सहयोग हुन सकेन । दलहरूबाट सहयोग हुन सके कार्यक्रमले जनमानसमा सकारात्मक प्रभाव पार्ने र माओवादी प्रभाव कम हुँदै जाने हाम्रो विश्लेषण छ ।

स्वर्गीय अधिराजकुमारीहरू श्रुति राणा, शान्ति तथा शारदा शाहको निवासमा सुरक्षाका लागि राखिएको सेनाको टोली कहिलेसम्म राख्ने भनेर सरकारमा बिन्ती गरेँ । सरकारबाट 'छ महिनासम्म राख्नू' हुकुम भयो ।

राप्रपा नेता पशुपतिशमशेर जबरा तथा उहाँनिकट व्यक्तिहरूले राजदरबार हत्याकाण्डबारे उच्चस्तरीय छानबिन आयोगले जारी गरेको प्रतिवेदन प्रतिकूल टीकाटिप्पणी गरेको बुझिएको छ ।

सरकारबाट 'देशको वर्तमान परिस्थितिमा सेनाले गरेका हरेक गतिविधिलाई समेटेर तयार पारिएको भिडियो डकुमेन्ट्री राम्रो छ, मैले हेरेँ, यसलाई नेपाल टेलिभिजनबाट प्रसारण गर्दा राम्रो हुन्छ' हुकुम बक्स्यो ।

जाहेरीकै सिलसिलामा सरकारबाट शाही नेपाली जङ्गी अड्डामा कार्यरत पीएसओजलाई चिया, ड्रिङ्क्स वा डिनर आयोजना गरी सामूहिक दर्शनभेट बक्से र उहाँहरूसँग व्यक्तिगत चिनजान तथा विभिन्न विषयमा विचार–विमर्श गरिबक्से राम्रो हुने भनी मैले बिन्ती गरेँ । सरकारबाट 'समय मिलाएर डिनर आयोजना गरौँला' हुकुम बक्स्यो ।

## २०५८ असार २६ गते मङ्गलबार

राष्ट्रिय अनुसन्धान विभागका मुख्य अधिकृत देवीराम शर्माले सरकारमा पहिलो जाहेरी दर्शनभेट गर्नुभयो । जाहेरीका क्रममा उहाँले देशको विद्यमान परिस्थिति, माओवादीले सञ्चालन गरेको कथित जनयुद्ध र सशस्त्र तथा नेपाल प्रहरीबाट जारी कारबाहीको विश्लेषण सुनाउनुभयो । साथै विभिन्न जिल्लामा माओवादी बाहेकका राजनीतिक पार्टीको उपस्थिति प्रायः शून्य रहेको र श्री ५ को सरकारको उपस्थिति सदरमुकाममा मात्र सीमित रहेकोबारे जाहेर गर्नुभयो । माओवादीले साम, दाम, दण्ड, भेद सबै प्रयोग गरेर जनमानसलाई आफ्नो पार्टीप्रति आकर्षित गर्न प्रयास गरिरहेको जानकारी पनि उहाँले दिनुभयो । उहाँले भन्नुभयो, '२०४६ सालको राजनीतिक परिवर्तनपछि यस विभागलाई नेताहरूले आफ्ना कार्यकर्ता भर्ना गर्ने अखडा बनाए । फलस्वरूप विभागमा दक्ष

जनशक्तिको कमी हुन पुग्यो । त्यसैले यस विभागबाट सूचना सङ्कलनको काम स्तरीय र प्रभावकारी हुन सकेको छैन । साथै यस विभागलाई प्राप्त हुने बजेट पनि ज्यादै न्यून हुने गरेको छ ।'

उक्त अवसरमा सरकारबाट देवीरामलाई माओवादीको कमान्ड कन्ट्रोल तथा साङ्गठनिक अवस्थाबारे विस्तृतमा बुझ्न र विभिन्न जिल्लामा माओवादीको प्रभाव प्रस्ट झल्कने गरी नेपालको नक्सा तयार पारी पठाउन निर्देशन बक्स्यो । साथै सरकारबाट 'अनुसन्धान विभागलाई परेका समस्याबारे प्रधानमन्त्रीसँग कुरा गर्छु' हुकुम हुँदै अनुसन्धान विभागलाई प्राप्त हुने सूचना अन्य सुरक्षा निकाय र सैनिक सचिवालयलाई समेत जानकारी गराउन र सम्पर्कमा रहन हुकुम भयो ।

## २०५८ असार २८ गते बिहीबार

राजदरबार हत्याकाण्डका बेला राजा वीरेन्द्र, रानी ऐश्वर्य तथा राजपरिवारका अन्य दिवङ्गत सदस्यले पहिरिएको पोसाक आपत्कालीन उपचारका क्रममा र स्वर्ग भएपछि फुकालेर वीरेन्द्र सैनिक अस्पतालमा सुरक्षित राखिएको छ । अस्पतालबाट ती पोसाक के गर्ने भनेर सोधिएको छ । यसबारे जाहेर हुँदा सरकारबाट 'उच्चस्तरीय छानबिन आयोगका पदाधिकारीसँग सल्लाह गरी जलाउन लगाउनू' हुकुम भयो ।

प्रधान सेनापति प्रज्वल्लशमशेर जबराले मलाई फोन गरेर भन्नुभयो, 'सेनाका लागि आगामी आर्थिक वर्षमा ६ अर्ब ११ करोड बजेट माग भएको थियो । तर श्री ५ को सरकारले ४ अर्ब ५२ करोड मात्र बजेट विनियोजन गरेको छ । यसबाट सेना परिचालन सम्बन्धी काम अघि बढाउन असहज हुने भएको छ । माओवादीका विरूद्ध सैनिक परिचालन गर्ने हो भने सुरक्षा परिषद्को निर्णय अनिवार्य छ । साथै सुरक्षा परिषद्को सिफारिसमा सरकारले केही कुरामा स्पष्ट निर्णय लिनुपर्छ । जस्तै : माओवादीलाई आतङ्ककारी या विद्रोही भनेर कानुनतः प्रतिबन्ध लगाउनुपर्छ । माओवादी प्रभावित विशेष क्षेत्र घोषणा गरी सेनालाई माओवादी निःशस्त्रीकरणको जिम्मेवारी दिनुपर्छ । माओवादीका भ्रातृ सङ्गठनलाई प्रतिबन्ध लगाउनुका साथै आवश्यक परे माओवादीका विरूद्ध अधिराज्यका कुनै पनि भागमा कारबाही गर्न स्वीकृति हुनुपर्छ । सेना परिचालन भएपछि लजिस्टिक तथा परिचालनका लागि पर्याप्त बजेट व्यवस्था हुनुपर्छ । सैनिक कारबाहीका क्रममा हुन सक्ने जीउधनको क्षतिपूर्तिको व्यवस्था हुनुपर्छ । प्रधान सेनापतिले यी विषयमा प्रधानमन्त्रीलाई सुझाव दिन लागेको भनेर समेत मलाई जानकारी गराउनुभयो ।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राजनीतिक भेटघाटका क्रममा राप्रपाका केही नेता र केही सांसदलाई भेट्नुभएको छ ।

मैले सरकारमा 'पारस सरकारलाई नेपालको राजनीतिक, आर्थिक तथा सामाजिक विषयमा सम्बन्धित विषयका प्राध्यापकबाट विस्तृत अध्ययन गराउन तथा छलफल गराउन उपयुक्त हुन्छ कि' भनी जाहेर गरें । सरकारबाट 'पारससँग छलफल गरेर तिमीलाई पछि खबर गरौंला' हुकुम बक्स्यो ।

राजदरबार सचिवालयका कर्मचारीले प्रयोग गर्ने कक्षहरू विशेष गरी सचिवहरूले आगन्तुक, पाहुना भेट्ने कोठाको स्तर ज्यादै निम्न छ । त्यसैले तीन-चार वटा कोठाको यथाशीघ्र स्तर वृद्धि गर्नुपर्ने विषयमा सरकारमा जाहेर गरें । सरकारबाट 'प्रमुख राजदरबार पदाधिकारी शारदा प्रधानलाई खबर गर्नू र आवश्यक कारबाही गर्नू' हुकुम भयो ।

गए राति माओवादीले सल्यानको होलेरी इलाका प्रहरी कार्यालयमा आक्रमण गरी एक प्रहरीको हत्या गरेका छन् ७७ जना प्रहरीलाई बन्धक बनाई आफूसँगै रोल्पातिर लगेको खबर छ । अपहरित प्रहरीसँग सम्पर्क विच्छेद भएको छ । घटनाको विस्तृत विवरण माग गरिएको छ । ४ नम्बर वाहिनी, सुर्खेतलाई अपहरित प्रहरीको रेस्क्युका लागि योजना बनाउन निर्देशन गएको छ । यस विषयमा प्रधानमन्त्रीले प्रधान सेनापतिलाई आपत्कालीन सल्लाहका लागि बोलाउनुभयो । प्रधानमन्त्री या रक्षामन्त्रीलाई भेट्न जानुअघि प्रधान सेनापतिले दरबारलाई सोध्ने चलन छ । त्यस अनुसार उहाँले मलाई जानकारी गराउनुभयो । उहाँले 'प्रधानमन्त्रीसँग के कुरा हुन्छ, म फर्केर जाहेर गर्छु' भन्नुभएको छ ।

माओवादीले गए राति बागलुङ्को हरिहरपुर, सल्यानको ल्वाम, कालीकोटको सिउना, बैतडीका खोड्पे र पुरचौडीमा प्रहरीप्रति लक्षित गरी बम विस्फोट गराएका छन् ।

## २०५८ असार २९ गते शुक्रबार

प्रमुख विपक्षी दल एमालेले होलेरी घटनालाई कोइराला सरकारको अक्षमता भनी तीव्र आलोचना गरेको छ । काङ्ग्रेसका केही नेताले समेत यसमा सरकारको कडा आलोचना गरेका छन् । साथै राजा र माओवादी नेता मोहन वैद्यको भेट भएको भन्ने झूटो हल्ला फैलाएका छन् । होलेरी घटनामा सरकार असफल भयो भन्दै प्रहरी सङ्गठनमा ज्यादै नकारात्मक प्रभाव परेको छ । केही प्रहरी अधिकारीबाट 'अब श्री ५ को सरकारको आदेश नमान्ने र त्योभन्दा माथिको आदेश मात्र मान्ने' प्रतिक्रिया समेत आउन थालेको छ । आजै उपप्रधानमन्त्री तथा गृहमन्त्री रामचन्द्र पौडेलले प्रधानमन्त्रीलाई राजीनामा बुझाउनुभएको छ । उहाँले निर्मल निवास र माओवादीको साँठगाँठ छ 'निर्मल निवास माओवादीको परमधाम' भनेर समेत टिप्पणी गर्नुभएको छ ।

होलेरीबाट अपहरित प्रहरीलाई उद्धार गर्न सैनिक परिचालन गरिएको छ । उक्त सैनिक टोलीलाई रोल्पाको गैरीगाउँमा एम्बुसका लागि छाडेर उड्न लागेको हेलिकप्टरमा माओवादीले अन्धाधुन्ध फायर गरे । त्यस क्रममा चालक दलका सदस्य सहसेनानी विनायकबहादुर सिंहलाई तिघ्रामा, उपसेनानी रूद्रबहादुर पौडेललाई हातमा र सिपाही नरबहादुर खत्रीलाई पेटमा गोली लागेको छ । त्यस क्षेत्रमा खराब मौसमका बावजुद हेलिकप्टर दाङमा आपत्कालीन अवतरण गरेको छ ।

राष्ट्रिय अनुसन्धान विभागका पूर्वप्रमुख हरिबाबु चौधरी मलाई भेट्न आउनुभयो ।

उहाँले देशको अहिलेको अवस्था र माओवादी क्रियाकलापमा प्रहरीको अक्षमता जस्ता विषयमा कुरा गर्नुभयो । साथै उहाँले महाराजाधिराज सरकारबाट निर्देशन बक्सेमा कुनै पनि काम गर्ने अभिलाषा व्यक्त गर्नुभयो । समय अनुकूल भए सरकारको दर्शनभेट गराइदिन आग्रह समेत गर्नुभयो ।

## २०५८ असार ३१ गते आइतबार

होलेरीमा प्रहरी र सैनिकलाई उद्धार गर्न व्यापक प्रयास भइरहेको छ । काठमाडौँबाट गएका दुई हेलिकप्टरले दाङबाट सैनिक गैरीगाउँ लैजान लाग्दा मौसमको प्रतिकूलताका कारण उडानमा ढिलाइ भयो । मौसममा सुधार भएपछि हेलिकप्टर गैरीगाउँका लागि उडे । तर रोल्पा र दाङको सीमामा पर्ने उच्च पहाडी भागमा माओवादीले चलाएको गोली दुवै हेलिकप्टरलाई लाग्यो । ती हेलिकप्टर पनि दाङमा आपत्कालीन अवतरण गराइयो । यसरी सेनासँग भएका तीन वटै हेलिकप्टर दाङ ब्यारेकमा ग्राउन्डेड हुन पुगे । उता गैरीगाउँमा छाडिएको सेनाको पहिलो सानो टोलीले चारैतिरबाट माओवादीको आक्रमणको सामना गर्नुपरिरहेको छ । मौसमको प्रतिकूलताका कारण समयमा उद्धार हुन सकेन । सो सैनिक टोलीलाई नजिकै नुवागाउँमा सर्ने आदेश दिइएको छ । टोली उद्धारका लागि सल्यानको कपुरकोटबाट आज बिहान सेनाको एक गुल्म उक्त स्थानका लागि परिचालन गरिएको छ । आज राति अथवा भोलि बिहानसम्ममा सैनिक टोली घटनास्थलमा पुग्ने अपेक्षा राखिएको छ । यसै सिलसिलामा श्री ५ को सरकारले मानव अधिकारवादीहरूसँग प्रहरी तथा सेनाको सुरक्षा र उद्धारका लागि वार्ता गराउन आग्रह गरेको छ । उनीहरूले मानवीय संवेनशीलतालाई हेरेर माओवादीसँग वार्ता गर्ने र वार्ताटोलीलाई श्री ५ को सरकारका तर्फबाट सहयोग गर्ने भएका छन् ।

## २०५८ साउन १ गते सोमबार

सरकारबाट मलाई बिहान ८ बजे निर्मल निवासमा बोलाइबक्स्यो । माओवादीले इलाका प्रहरी कार्यालय, होलेरीमा गरेको आक्रमणदेखि सेनाले जारी राखेको अपरेसन सम्बन्धमा सबै विवरण मैले सरकारमा जाहेर गरेँ, 'सेना लक्ष्य अनुसार सफल हुन नसक्नुको मुख्य कारण राम्रोसँग योजना नबनाइनु, हतारमा योजना बनाइनु र स्थानीय सैनिक कमान्डर र जङ्गी अड्डाबीच राम्रो समन्वय नहुनु हो । साथै मौसमको प्रतिकूलता र सेनासँग रहेका तीन वटै हेलिकप्टरमा गोली लागी दाङ ब्यारेकमा थन्किनु अर्को महत्त्वपूर्ण कारण हो । कारबाहीका लागि परिचालित सेनाको टुकडीलाई फिर्ता बोलाउँदा सेनाको क्षमताप्रति राजनीतिक दल र सर्वसाधारणको नकारात्मक प्रतिक्रिया आउन सक्ने हुँदा यसमा सेनाले विशेष विचार पुऱ्याउनुपर्ने हुन्छ । यसै विषयलाई लिएर उपप्रधानमन्त्री तथा गृहमन्त्रीको राजीनामा आएको छ । सेनाले असहयोग गऱ्यो भन्दै प्रधानमन्त्री असन्तुष्ट हुनुहुन्छ र उहाँ पनि राजीनामा दिने मनस्थितिमा पुग्नुभएको छ ।' यसै प्रसङ्गमा प्रधानमन्त्रीले काङ्ग्रेसका नेता तथा पूर्वप्रधानमन्त्री कृष्णप्रसाद

भट्टराईसँग वार्ता गर्नुभएको छ । वार्तामा प्रधानमन्त्रीले 'सेनालाई आधिकारिक निर्णय गरेर परिचालन गरिएको हो, सेनाले मौसमको प्रतिकूलता र परिचालित हेलिकप्टरमा माओवादीले गोली प्रहार गरेकाले सैनिक कारबाही सफल हुन नसकेको भनेको छ, यो अवस्थामा काङ्ग्रेस एक ढिक्का हुनुपर्छ, अहिले सबैले मलाई सहयोग गर्नुपर्‍यो, स्थिति साम्य भएपछि म राजीनामा दिन तयार छु' भन्नुभएछ । प्रत्युत्तरमा भट्टराईले 'अब हामी दुवै सल्लाहकार भएर बसौँ, दोस्रो पुस्तालाई नेतृत्व हस्तान्तरण गरौँ, सरकारको नेतृत्व पनि नयाँ पुस्तालाई दिऔँ, किनभने अविश्वासको प्रस्ताव आएमा मैले रोक्न सक्दिनँ' भनेर कोइरालालाई सल्लाह दिएको बुझिएको छ ।

आजै उपप्रधानमन्त्री तथा गृहमन्त्री रामचन्द्र पौडेलले राप्रपा नेता सूर्यबहादुर थापालाई भेटेर हालको अवस्थामा राजनीतिक दलहरू मिलेर जानुपर्ने प्रस्ताव राख्नुभएको छ । उहाँले यसमा सहयोग गर्न आग्रह गर्नुभएको छ । यी खबरहरू मैले सरकारमा जाहेर गरेँ ।

## २०५८ साउन २ गते मङ्गलबार

प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला सेना परिचालनको वर्तमान अवस्था र उपप्रधानमन्त्री रामचन्द्र पौडेलको राजीनामाको सन्दर्भमा वर्तमान मन्त्रिपरिषद्लाई पुनर्गठन गरी आफ्नो पार्टीभित्र सन्तुलन कायम गर्ने प्रयासमा हुनुहुन्छ । यसै सिलसिलामा उहाँले चक्रप्रसाद बाँस्तोलालाई प्रधानमन्त्री बनाउने प्रस्ताव राखेकोमा खुमबहादुर खड्काले 'म बाँस्तोलाभन्दा वरिष्ठ हुँ, केन्द्रीय समितिको चुनावमा समेत हारेको व्यक्तिलाई म स्वीकार गर्दिनँ' भनेर उक्त प्रस्तावको ठाडै विरोध गर्नुभएको छ ।

गत असार २१ गते प्रहरी निरीक्षक सुरेन्द्र नेपालले आफैँलाई गोली प्रहार गरी आत्महत्या गरेको खबर छ । हालैका घटनाक्रम विशेष गरी होलेरी काण्डलाई लिएर प्रहरी सङ्गठनभित्र व्यापक असन्तुष्टि उब्जिएको छ । प्रहरीले मात्र माओवादी समस्या समाधान गर्न नसक्ने अवस्था छ । यही प्रसङ्गमा आज प्रहरी प्रधान कार्यालयमा सबै वरिष्ठ प्रहरी अधिकृतबीच व्यापक छलफल भएको छ ।

होलेरीमा परिचालित सेनाले आज रोल्पाको बूढागाउँमा बेस खडा गरेको छ । सेनाले आवश्यक सहायता पठाएको छ । बिरामी सैनिकलाई उक्त स्थानबाट औषधि-उपचारका लागि अस्पताल पठाइएको छ । अन्य वैकल्पिक योजना लागू गर्ने सम्बन्धमा काम भइरहेको छ । साथै गोली लागेर दाङमा ग्राउन्डेड हेलिकप्टर मर्मत गरी काठमाडौँ ल्याइएको छ ।

बलाधिकृत रथी प्यारजङ्ग थापाले मलाई फोन गरेर सरकारको निर्देशन लिन दर्शनभेट खोज्नुभएको छ । साथै उहाँले काङ्ग्रेसका विभिन्न नेताले आफूलाई भेट्न चाहेको समेत जानकारी दिनुभयो ।

सरकारमा 'सरकारको बाहुली निसानाका लागि प्रयोग गरिने छाप बनाउन आवश्यक भएको' बिन्ती गरेँ । उक्त छाप सरकारबाट स्वीकृत बक्सेका विषयमा दस्तखत गरिने

ठाउँमा प्रयोग हुने प्रचलन छ । सरकारबाट 'प्रमुख राजदरबार पदाधिकारीलाई भनेर तुरुन्त बनाउन लगाउनू' हुकुम भयो ।

दरबारमा वन तथा भू-संरक्षण मन्त्रालयको मातहतमा रहेको सिकारी विभाग कार्यरत छ । त्यसको काम सरकारहरू सिकार गर्न जाने बेला काम गर्ने र अन्य अवस्थामा दरबारमा आवश्यक पर्ने तित्रा, कालिज, मृगको सिकार गरी बुझाउने हो । साथै उक्त विभागले राजपरिवारका सदस्यका साथै प्रधान सेनापति र प्रमुख सैनिक सचिवलाई पिपा गोस्वाराबाट दिनहुँ तोकिएको स्केलमा दाउरा भारी बुझाउने प्रचलन छ । इन्धनका लागि ग्यास, मट्टितेल जस्ता विकल्प आइसकेको र वनजङ्गल तथा वन्यजन्तुको संरक्षण गर्नुपर्ने आजको अवस्थामा उल्लिखित दुवै प्रचलनको अन्त्य हुनु आवश्यक छ । यस विषयमा आज मैले सरकारमा जाहेर गरेँ । सरकारबाट 'सबैलाई अग्रिम जानकारी गराएर केही समयपछि लागू हुने गरी यो प्रचलन बन्द गर्नू' हुकुम भयो ।

शाही नेपाली जङ्गी अड्डाबाट प्राप्त खबर अनुसार प्रमुख सैनिक सचिवालयको प्रमुख सैनिक सचिवमा रथी भिक्ट्रीशमशेर जबरा सरूवा भएर आउने चर्चा चलेको छ । राजदरबार हत्याकाण्डपछि केही वरिष्ठ सैनिक अधिकृतले योजनाबद्ध रूपमा यो चर्चा चलाएको बुझिन्छ ।

होलेरीको विषयलाई लिएर प्रधानमन्त्री र प्रधान सेनापतिबीच तनावको अवस्था छ । होलेरीमा श्री ५ को सरकारले कुनै पनि निर्णय नगरी माओवादीका विरूद्ध सेना परिचालन गर्न चाहेको छ । तर सेना केवल अपहरित प्रहरीको उद्धारका लागि मात्र परिचालन भएको हो । राष्ट्रिय सुरक्षा परिषद्बाट निर्णय भएपछि मात्र सेना परिचालन हुन्छ भन्ने शाही जङ्गी अड्डाको सुझाव छ । यस्तो अवस्थामा सरकारबाट आज मलाई 'प्रधानमन्त्रीले संवैधानिक व्यवस्था अनुसार काम गर्नुपर्‍यो कि त राजीनामा दिनुपर्‍यो' हुकुम भयो ।

प्रधान सेनापतिले चीनबाट प्राप्त नेसनल डिफेन्स युनिभर्सिटी (एनडीयु) कोर्सको सिटमा पठाउन सहायक रथी दिलीप रायमाझीको नाम पुनः प्रस्ताव गर्नुभएको छ । यो विषय सरकारमा जाहेर हुँदा सरकारबाट 'दिलीपलाई हाल विशेष जिम्मेवारी दिइएको छ, उसको सट्टा वैकल्पिक उम्मेदवार सहायक रथी छत्रमानसिंह गुरूङलाई एनडीयुमा पठाउनू' हुकुम भयो ।

## २०५८ साउन ४ गते बिहीबार

प्रधानमन्त्री कोइरालालाई केही मन्त्रीले 'सेनाको भूमिका असहयोगी भएकोमा' राजीनामा गरी जनतामा जान दबाव दिएका छन् । प्रधानमन्त्रीले आजै अपराह्न ४ बजे राजीनामा दिने हल्ला व्याप्त छ । उहाँले काङ्ग्रेस पार्टीबाट आफ्नो पक्षका तथा नातेदार चक्रप्रसाद बाँस्तोलालाई प्रधानमन्त्री पदका लागि अगाडि सार्नुभएको छ । यसमा भारतको समर्थन तथा सहयोग हुने अपेक्षा राख्नुभएको छ ।

गृहसचिव श्रीकान्त रेग्मीसँगको भेटमा बाँस्तोलाले 'सेना किन परिचालन भएन ?' भनेर सोध्नुभएको छ । त्यस बेला बाँस्तोलाले 'राजाले अमेरिकी राजदूतसँग सङ्कटकाल घोषणा नगरी सेना परिचालन गर्न नहुने कुरा गरेछन्, राजाले यो के गर्न खोजेको हो ?' भनेको कुरा रेग्मीले मलाई जानकारी गराउनुभयो ।

पूर्व प्रधान सेनापति धर्मपालवरसिंह थापाले आफूनिकटका व्यक्तिसँग 'राजदरबार मसानघाटमा परिणत भयो, अब त्यहाँ हाम्रो के बाँकी रह्यो र, हामीलाई नयाँ राजाले पत्त्याउँदैनन्, मैले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई अतिरथीका लागि स्वर्गीय वीरेन्द्र सरकारमा सिफारिस गर्न लगाएको गलत भएछ, अब नयाँ राजालाई कसरी खुसी पार्ने भनेर सोचिरहेको छु' आदि कुरा गर्नुभएछ ।

धर्मपाल चिफसाबले प्रमुख निजी सचिव सुदनप्रसाद पोखरेलसँगको भेटमा आगामी बुधबार दिल्ली जाने र शनिबार फर्कने बताउनुभएछ । साथै उहाँले भन्नुभएछ, 'सरकारबाट मलाई अतिरथी निगाह भए सरकारको पाउको नजिकबाट सेवा गर्न पाउने थिएँ । मलाई राजदूत हुने इच्छा छैन । म प्रधान सेनापति भएको व्यक्ति, राजदूत भएमा परराष्ट्रसचिवले समेत हप्काउँछ । अहिलेको अवस्थामा माओवादीका विरूद्ध सेना परिचालन गर्नु हुँदैन ।' चिफसाबको कुराबाट निजी सचिव निकै प्रभावित भई उहाँलाई ठूलै जिम्मेवारी दिलाउन जाहेर गर्ने सोचाइमा हुनुहुँदो रहेछ । निजी सचिवले मसँग यी कुरा गर्दा मैले मेरो जानकारीमा आएका कुराहरू सुनाएँ । त्यस बेला उहाँ जिल्ल पर्नुभयो ।

सशस्त्र प्रहरी महानिरीक्षक कृष्णमोहन श्रेष्ठले आजको जाहेरीमा 'प्रधानमन्त्री कोइरालाले राजीनामा दिन लागेको विषयमा प्रधान सेनापति र सैनिक सचिवलाई बिहानै जानकारी गराएको थिएँ, सरकारमा जाहेर भयो होला' भन्नुभयो । हाल प्रधानमन्त्रीको राजीनामापछि काङ्ग्रेसमा विवाद बढेर जाने उहाँको विश्लेषण थियो । साथै उहाँले अहिलेको अवस्थामा शेरबहादुर देउवा नै प्रधानमन्त्रीका लागि उपयुक्त हुने धारणा राख्नुभयो । उहाँले हालसम्मको सशस्त्र प्रहरी सम्बन्धी प्रगति विवरण, हालसम्म सेना र भारतबाट प्राप्त हातहतियार तथा अन्य उपकरणको विवरण पनि विस्तृत रूपमा जाहेर गर्नुभयो ।

सरकारबाट उहाँलाई 'हालको राजनीतिक स्थितिलाई गम्भीरताका साथ हेर्नू र कुनै पनि जरूरी सूचना सैनिक सचिव मार्फत जाहेर गर्नू' हुकुम भयो । साथै सशस्त्रलाई विस्तार गर्दा गुणस्तरमा समेत ध्यान दिन, विशेष गरेर तालिममा जोड दिन निर्देशन बक्स्यो । 'सशस्त्र प्रहरी ऐनलाई सकेसम्म चाँडै पारित गर्ने वातावरण तयार पार्न' हुकुम भयो ।

## २०५८ साउन ५ गते शुक्रबार

प्रधानमन्त्रीको आकस्मिक राजीनामापछि देशको राजनीतिले अर्कै मोड लिएको छ । यसले काङ्ग्रेस पार्टीभित्र अनेक सम्भावना जन्माएको छ । आजै बिहान काङ्ग्रेस केन्द्रीय कार्यसमितिको आकस्मिक बैठकले संसदीय दलको नेताका लागि हुने निर्वाचन गराउन

वासु रिसाल, केबी गुरूङ र लक्ष्मण घिमिरे सदस्य रहेको निर्वाचन मण्डल बनाएको छ भने नरहरि आचार्यलाई पर्यवेक्षक तोकेको छ । संसदीय दलको नेताका लागि आगामी आइतबार निर्वाचन हुने अनुमान गरिएको छ ।

काङ्ग्रेसमा गिरिजा पक्षले संसदीय दलको नेतामा सुशील कोइरालालाई उम्मेदवार बनाउने भएको छ । उहाँलाई बहुमत सांसदको समर्थन नहुने भएमा चक्रप्रसाद बाँस्तोलालाई उम्मेदवार बनाउने रणनीति बनेको छ । सभापति कोइरालाले खुमबहादुर खड्कालाई पार्टीको महामन्त्री बनाएर सुशीलका लागि समर्थन जुटाउन खोज्नुभएको थियो । तर खड्काले सुशीललाई समर्थन नगर्ने बताएपछि बाँस्तोला उम्मेदवार हुने सम्भावना देखिएको छ । गिरिजा पक्षका सबै र खुमबहादुर पक्षका सांसदले सहयोग गरे भने बाँस्तोलाले जित्ने सम्भावना छ । खुमबहादुर स्वयं भने अहिलेको परिस्थितिमा सबैले निर्विरोध छोडे मात्र आफू उम्मेदवार हुने रणनीतिमा हुनुहुन्छ । साथै आफू उम्मेदवार नभए कुन समूहलाई सहयोग गर्दा बढी फाइदा लिन सकिन्छ भन्ने हिसाबकिताबमा हुनुहुन्छ । काङ्ग्रेसमा विजय गच्छदार समूहले उपप्रधानमन्त्री रामचन्द्र पौडेललाई राजीनामा गराउँदा सहयोग गर्ने वचन दिएको थियो । त्यस अनुसार रामचन्द्रले उम्मेदवारी दिएमा गच्छदार समूहले उहाँलाई सहयोग गर्ने सम्भावना छ ।

प्रमुख विपक्षी दल एमालेले सुशील कोइराला प्रधानमन्त्री भएमा देशको अवस्था गिरिजाको पालामा भन्दा पनि खराब हुने विश्लेषण गरेको छ । एमालेले सुशील निर्दयी र हठी स्वभावको व्यक्ति भएकाले उहाँले प्रतिपक्ष तथा माओवादीसँग डिल गर्न नसक्ने ठम्याएको छ । त्यस्तै, रामचन्द्रलाई अस्थिर स्वभावको नेताका रूपमा लिएको छ । अहिलेको अवस्थामा राजदरबार, सेना र पश्चिमी राष्ट्रको सहयोग शेरबहादुर देउवाले जुटाउन सक्ने हुँदा उहाँ नै भावी प्रधानमन्त्रीका रूपमा उपयुक्त हुने विश्लेषण एमालेले गरेको छ । देउवालाई 'भारतले सहयोग नगरे पनि विरोध समेत गर्दैन' भन्ने एमालेको बुझाइ छ । साथै राष्ट्रिय मुद्दामा देउवाले अडान लिन सक्नुहुन्छ भन्ने सोच एमालेमा छ ।

राजदरबार हत्याकाण्ड, होलेरी घटना र हालको संवेदनशील राजनीतिक परिस्थितिको सन्दर्भमा गिरिजाप्रसाद कोइराला जतिसक्दो चाँडो प्रधानमन्त्रीबाट हट्नुपर्छ भन्ने महाराजाधिराजको सोचाइ थियो । 'शेरबहादुर देउवालाई सजिलै प्रभावित पार्न सकिन्छ' भन्ने मौसुफको सोचाइ रहेको म बुझ्दछु । सुरक्षा निकायका प्रमुख र अन्य माध्यम प्रयोग गरी आफूले सक्ने सहयोग गरेर देउवालाई काङ्ग्रेस संसदीय दलको नेतामा जिताउन प्रयास गर्नू भनी सरकारको निर्देशन छ । यस अनुसार मैले सबैलाई जानकारी गराएँ ।

## २०५८ साउन ६ गते शनिबार

काङ्ग्रेस संसदीय दलको चुनाव सम्पन्न भयो । शेरबहादुर देउवा र सुशील कोइराला संसदीय दलको नेताको लागि उम्मेदवार हुनुहुन्थ्यो । दलका ११३ मतमा ११२ सदर र

१ मत बदर भयो । यसमा देउवाको पक्षमा ७२ र कोइरालाको पक्षमा ४० मत परी देउवा संसदीय दलको नेतामा निर्वाचित हुनुभयो । अब उहाँ प्रधानमन्त्री हुने पक्का भयो ।

काङ्ग्रेस संसदीय दलको नेतामा देउवा निर्वाचित भएको कुरा मैले सरकारमा जाहेर गरेँ । सरकारबाट 'देउवा प्रधानमन्त्री भएपछि केही समय सबै सुरक्षा निकायलाई प्रधानमन्त्रीको क्रियाकलाप अध्ययन गर्न लगाउन उपयुक्त हुन्छ, प्रधानमन्त्रीको राजसंस्थाप्रति कस्तो दृष्टिकोण रहन्छ भन्नेबारे स्पष्ट विश्लेषण हुनु आवश्यक छ, त्यसपछि मात्र प्रधानमन्त्रीलाई सबै किसिमबाट सहयोग गर्न सकिन्छ' हुकुम भयो ।

कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री हुँदा शेरबहादुर देउवालाई माओवादीसँग वार्ताको प्रयास गरी शान्ति स्थापना गर्ने जिम्मेवारी दिइएको थियो । देउवाले संसदीय दलको नेता निर्वाचित हुनुअगाडि काङ्ग्रेसका पुराना नेता दुर्गा सुवेदीलाई माओवादी नेताहरूसँग सम्पर्क गर्न लगाउनुभएको छ । माओवादीसँग धेरै अगाडि सम्पर्क स्थापित भई वार्ता हुन सक्ने स्थिति समेत बनेको बुझिएको छ । त्यसैले प्रधानमन्त्री नियुक्त हुनासाथ माओवादीसँग वार्ता गरी समस्याको समाधान थाल्ने देउवाको रणनीति रहेको छ । यसैबीच, माओवादी नेताहरू डा. बाबुराम भट्टराई, देव गुरूङ र रवीन्द्र श्रेष्ठसँग दुर्गा सुवेदीको कुराकानी भएको समेत बुझिएको छ ।

यसै क्रममा माओवादीले आन्तरिक सुरक्षा तथा विकासका कार्यक्रम तत्काल स्थगित गर्नुपर्ने र ती कार्यक्रमसँग सम्बन्धित सुरक्षा नियमहरू तत्काल खारेज गर्नुपर्ने माग अघि सारेको छ । सर्वपक्षीय सम्मेलन मार्फत नयाँ संविधान बनाउने, अन्तरिम सरकार गठन गर्ने र हाललाई गणतन्त्रको माग स्थगित राख्न सकिने भनी माओवादीबाट प्रस्ताव गरिएको कुरा सुवेदीले देउवालाई अवगत गराएको बुझिन आएको छ । साथै, माओवादी पक्षले सबै बन्दी रिहाइ गर्नुपर्ने, बेपत्ताहरूको अवस्था सार्वजनिक गर्नुपर्ने र क्षतिपूर्ति दिनुपर्ने समेत माग राखेको बुझिन्छ ।

माओवादीले जेठ १९ को घटनालाई राजनीतिक षड्यन्त्रका रूपमा व्यापक प्रचार–प्रसार गरी जनमानसमा पुऱ्याउने भएको छ । साथै वार्ता प्रसङ्गलाई अगाडि बढाई यसैबीच आफ्नो सैन्य शक्ति विस्तार गर्ने, लडाकु दस्तालाई विशेष तालिम दिने, आर्थिक स्रोत बढाउने र प्रचार-प्रसार तीव्र पार्ने निर्णय गरेको बुझिएको छ ।

प्रधान सेनापतिलाई गृहसचिव श्रीकान्त रेग्मीले फोन गरी कामचलाउ प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला पदबाट हटेपछि पनि उहाँका लागि सैनिक सुरक्षा प्रबन्ध गरिदिन अनुरोध गर्नुभएको छ । यो कुरा प्रधान सेनापतिले मलाई फोनबाट जानकारी गराउनुभयो । साथै उहाँले हालको अवस्थामा प्रधानमन्त्री कोइरालालाई आवश्यक सुरक्षा व्यवस्था गरिनुपर्ने बताउनुभयो । मैले नेपाल प्रहरीसँग समन्वय गरेर सुरक्षा दिन उपयुक्त हुने धारणा राखेँ ।

अब बन्ने मन्त्रिपरिषद्मा खुमबहादुर खड्काले आफूलाई गृह मन्त्रालय र आफ्ना सहयोगी सांसदलाई महत्त्वपूर्ण मन्त्रालयको जिम्मेवारी दिलाउन दबाव दिएको बुझिएको छ । गिरिजाप्रसाद कोइरालाले भने आमोदप्रसाद उपाध्याय, प्रकाश कोइराला,

महेश आचार्यका साथै अन्य एक जनाको नाम सिफारिस गर्नुभएको छ । कृष्णप्रसाद भट्टराईले चाहिं खुमबहादुर खड्काको सट्टा चिरञ्जीवी वाग्लेलाई गृहमन्त्रीमा सिफारिस गर्नुभएको छ ।

## २०५८ साउन ८ गते सोमबार

महाराजधिराजबाट नेपाली काङ्ग्रेस संसदीय दलका नेता शेरबहादुर देउवलाई प्रधानमन्त्रीमा नियुक्त गरिबसक्केको छ । माओवादी आतङ्क र हिंसाको सन्दर्भलाई लिएर शाही जङ्गी अड्डामा चारवटै सुरक्षा निकायका प्रमुखको बैठक बस्यो । प्रहरी महानिरीक्षक प्रदीपशमशेर जबराले उक्त बैठकबारे मलाई जानकारी दिनुभयो, 'बैठकमा प्रज्वल्ल चिफसाब निकै लचिलो रूपमा प्रस्तुत हुनुभयो । प्रधानमन्त्री कार्यालयका सचिव केशवराज राजभण्डारीलाई गृहसचिव बनाउन उपयुक्त हुन्छ । किनभने उहाँको खुमबहादुर खड्कासँग व्यक्तिगत सम्बन्ध राम्रो छ । नयाँ सरकार गठनसँगै घोषणा गरेको युद्ध विरामपछि माओवादीको कुनै आतङ्ककारी गतिविधि देखिएको छैन । सबै पक्ष मिलेर गएमा माओवादी समस्या समाधान हुने निष्कर्ष निकालिएको छ ।' साथै उहाँले 'शेरबहादुर देउवा पहिलो पटक प्रधानमन्त्री हुँदा आरजु मार्फत आईजीपी खरेलसँग विभिन्न किसिमको सेवा-सुविधा माग गरिएको थियो । यस पालि मैले कति दुःख पाउनुपर्ने हो' भनेर गुनासो समेत पोख्नुभयो ।

प्रधान सेनापतिले आज सेनाको कल्याणकारी कोषको रकमबाट सैनिक र तिनका परिवारका लागि पशुपति, आर्यघाटमा क्रियापुत्री भवन बनाउने तथा गुह्येश्वरी परिसरमा वृद्धाश्रम बनाउने प्रस्ताव ल्याउनुभएको छ । यो विषय सरकारमा जाहेर हुँदा सरकारबाट 'सेनाको कल्याणकारी कोषबाट त्यसरी सीधै रकम खर्च गर्न राम्रो हुँदैन, त्यसैले कोष सञ्चालन सम्बन्धमा अल्पकालीन र दीर्घकालीन योजनाबारे सुझाव दिन पूर्व प्रधान सेनापति र पूर्वजर्नेल सहित वरिष्ठ सैनिक अधिकृत सम्मिलित एउटा कमिटी बनाउँदा कस्तो होला ?' भनेर मलाई सोधिबक्स्यो । मैले 'समिति बनाएर सुझाव लिंदा एकदमै राम्रो र पारदर्शी हुन्छ, यस्तो समिति मार्फत आवश्यक परेका बेला सरकारबाट सुझाव लिइबक्से सकारात्मक हुन्छ' भनेर बिन्ती चढाएँ । साथै समितिका लागि आवश्यक गृहकार्य गर्न सरकारबाट हुकुम बक्स्यो । यो कुरा मैले प्रधान सेनापतिलाई अवगत गराएँ । उहाँले यसबारेमा खासै चासो देखाउनुभएन । बरु उहाँले 'समिति बनाउँदा अनावश्यक झमेला हुन सक्छ, प्रधान सेनापतिको योजना कार्यान्वयनका क्रममा असर पर्न सक्छ' भन्नुभयो ।

सरकारबाट 'छाउनीस्थित सैनिक अस्पताललाई श्री ५ वीरेन्द्र अस्पताल नामकरण गर्न लगाउन' हुकुम भयो ।

## २०५८ साउन ९ गते मङ्गलबार

हिजो राति पूर्वसांसद दीपकुमार उपाध्यायको त्रिपुरेश्वरस्थित घरमा प्रधानमन्त्री

देउवा र माओवादी अध्यक्ष प्रचण्डबीच गोप्य भेटघाट भएको खबर छ । छलफलमा माओवादीसँग प्रधानमन्त्रीका सम्पर्कव्यक्ति दुर्गा सुवेदी र काङ्ग्रेस नेता प्रदीप गिरी समेत सहभागी थिए । प्रचण्डलाई भारतको अयोध्याबाट गोरखपुर, भैरहवा हुँदै काठमाडौं ल्याएको भन्ने बुझिएको छ । भेटघाटमा माओवादीका मागबारे छलफल भएको थियो ।

## २०५८ साउन १५ गते सोमबार

निवर्तमान रक्षामन्त्री महेश आचार्यको कार्यकालमा गत साता रक्षा मन्त्रालयले सूचना प्रकाशित गरी सेना सम्बन्धी ऐन-कानुनलाई २०४७ सालको संविधानसम्मत बनाउन परामर्शदाता माग गरेको छ । यसै विषयलाई लिएर मैले शाही जङ्गी अड्डाका कानुन विभागका कर्णेल बीएकुमार शर्मालाई छलफलका लागि बोलाएको थिएँ । छलफलमा हामीले निकालेको निष्कर्ष थियो, 'राष्ट्रिय सेना जस्तो संवेदनशील निकाय र राष्ट्रिय सुरक्षा जस्तो गहन विषयसँग सम्बन्धित ऐन-कानुनका बारेमा रक्षा मन्त्रालयले सार्वजनिक सूचना मार्फत परामर्शदाता नियुक्तिका लागि विज्ञापन गर्नु आपत्तिजनक कुरा हो । सेनालाई आवश्यक पर्ने ऐन, नियम, कानुन श्री ५ को सरकारले आफैं बनाउनुपर्ने हो । आवश्यक परे नेपाल कानुन सुधार आयोग या महान्यायाधिवक्ताको कार्यालयले समेत यस कार्यमा सहयोग गर्न सक्छ । यति कुरा रक्षा मन्त्रालयलाई थाहा नभएको होइन । त्यसैले यो विज्ञापन सेनालाई निरूत्साहित बनाउने सुनियोजित योजना अनुरूप प्रकाशित भएको हुन सक्छ ।'

दरबारबाट प्रधान सेनापतिलाई 'आजै प्रधानमन्त्रीलाई भेटेर रक्षा मन्त्रालयले निकालेको सूचना तत्काल रद्द गर्न सुझाव दिनू' भनेर निर्देशन गयो । त्यस अनुसार आजै प्रधानमन्त्री र प्रधान सेनापतिको भेट भयो । भेटमा एक-दुई दिनमै उक्त सूचना रद्द हुने कुरा तय भएको छ । साथै प्रधानमन्त्रीलाई प्रधान सेनापतिले रोल्पा नुवागाउँमा रहेको सैनिक टोलीलाई रोल्पाकै अन्य स्थानमा आन्तरिक सुरक्षा तथा विकास योजनामा कार्य गर्न लगाउन उचित हुने राय दिनुभयो । त्यस क्रममा प्रधानमन्त्रीले 'माओवादीले जारी गरेको युद्धविरामलाई सेनाले सकारात्मक रूपमा लिनुपर्छ, शान्तिवार्ताको प्रयासमा पनि सेनाको सहयोग होस्' भनेर निर्देशन दिनुभएको छ ।

अधिराजकुमारी प्रेक्षालाई भेट्न हिजो प्रधानमन्त्री देउवा श्रीमती डा. आरजु सहित जीवनकुञ्ज, महाराजगन्ज गएको बुझिएको छ ।

हिजो बेलुकी प्रहरीको बाक्लो उपस्थितिमा माओवादीका भ्रातृ सङ्गठनले काठमाडौंको इन्द्रचोकमा आमसभा गरे । यस्तै आमसभा हेटौंडा, चितवन र अन्य स्थानमा पनि गरेका छन् । आमसभाका वक्ताले 'निकट भविष्यमा हुने शान्तिवार्तालाई माओवादीले महत्त्व दिने र वार्ता बिथोलिएमा परिणाम नराम्रो हुने' भनेका छन् । तिनले मुलुकमा गणतन्त्र आइसकेको भन्दै राजतन्त्रका विरूद्ध जथाभावी बोले । माओवादीको ब्यानर भने कहींको आमसभामा पनि देखिएन ।

यसैबीच, माओवादी नेताहरू भारतीय पदाधिकारीसँग दिल्लीमा वार्ता गरेर काठमाडौं आएको सूचना प्राप्त भएको छ । माओवादीले दिल्लीमा 'अबदेखि भारतविरोधी विचार

प्रकट नगर्ने' प्रतिबद्धता व्यक्त गरेका छन् । त्यस्तै 'अबउप्रान्त भारतीय विस्तारवाद जस्ता नकारात्मक शब्द समेत प्रयोग नगर्ने, बरु राजतन्त्रलाई आक्रमणको प्रमुख निसाना बनाउने' भनी भारतीय पदाधिकारीलाई उनीहरूले वचन दिएका छन् । तर माओवादी भारतीय पक्षका विभिन्न सुझावमा 'कन्भिन्स' हुन नसकेको तथा आवश्यक परे चिनियाँ कार्ड पनि खेल्नबारे विचार गरिरहेको सूचना समेत भारतीय पक्षबाट सूचना आएको छ ।

माओवादीलाई कार्यकर्ता, मिलिसिया तथा सैन्य दस्ता गरी झन्डै २० हजार व्यक्तिलाई पाल्न निकै आर्थिक अभाव परिरहेको बुझिएको छ ।

विभिन्न खेमाका राजनीतिक विश्लेषकका अनुसार गणतन्त्रवादी र प्रजातन्त्रवादी शक्ति मिलेमा राजसंस्थालाई असजिलो पर्न सक्छ । त्यसैले सबै पार्टीका गणतन्त्रवादी नेता पहिचान गरी उनीहरूलाई प्रजातन्त्रवादी तथा राजतन्त्रवादीसँग मिल्न नदिने र मिलेमा निष्क्रिय पार्ने रणनीति बनाउनुपर्ने सुझाव आएको छ । माओवादीले देशको प्रगति, जनताको समुन्नति चाहेका हुन् भने विध्वंसको बाटो त्यागेर सही बाटोमा अगाडि बढ्नुपर्छ । साथै उनीहरूलाई राष्ट्रिय एकताका लागि राजसंस्थाको महत्त्व बुझाउन समेत सोचविचार हुनुपर्ने सुझाव प्राप्त भएको छ ।

सूचना अनुसार माओवादीको भ्रातृ सङ्गठन अखिल (क्रान्तिकारी) ले आउँदो असोजमा राष्ट्रिय महाधिवेशन गर्ने योजना बनाएको छ । यस क्रममा विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीसँग आमसभा गर्न र त्यस क्रममा नाराजुलुस गर्न समेत स्वीकृति माग गरेको छ । प्रमुख जिल्ला अधिकारीहरूलाई संविधानको परिधिभित्र रहेर आमसभा आयोजना गर्न र नारा लगाउन स्वीकृति दिने, अन्यथा कानुनी कारबाही गर्ने निर्देशन गएको छ । त्यस्तै उक्त विद्यार्थी सङ्गठनले जिल्लास्थित प्रहरी प्रमुखलाई समेत फोन गरेर सहयोग मागिरहेको बुझिएको छ । यसैबीच माओवादीका जनवर्गीय सङ्गठनले देशका विभिन्न भागमा खुला 'जनसभा' गरी राजसंस्थाको विरोधमा नारा लगाउनुका साथै राजतन्त्रविरोधी भाषण गरिरहेको खबर आएको छ ।

अर्थसचिवले सुरक्षा निकायको बजेटबारे ज्यादै नकारात्मक सोचाइ बनाएको गुनासो आएको छ । यसबारे राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्माले प्रधानमन्त्रीलाई अवगत गराउनुभयो । प्रधानमन्त्रीले बजेट बढाउनुपर्ने सुरक्षा निकायको मागप्रति सकारात्मक प्रतिक्रिया दिनुभयो । 'प्रधानमन्त्री माओवादीसँग हुने शान्तिवार्ताप्रति निकै उत्साही देखिनुभएको छ, तर गृहमन्त्री खुमबहादुर खड्का त्यति धेरै आशावादी हुनुहुन्न' भनेर देवीरामले मलाई सुनाउनुभयो ।

सरकारबाट 'मैले प्रधानमन्त्रीलाई श्रीलङ्कामा सरकार र एलटीटीईबीचको वार्ताका क्रममा सरकारी पक्षबाट पर्याप्त गल्ती भएको छ, माओवादीसँग वार्ता गर्दा त्यस्तै गल्ती नेपालमा दोहोरिनु हुँदैन भनेर सम्झाएको छु, तिमीले पनि यसबारे सुरक्षा अङ्गका प्रमुखहरूलाई जानकारी गराऊ' भनी मलाई हुकुम भयो । साथै 'नेपालको राजसंस्थाबारे सर्वसाधारणमा चेतना अभिवृद्धि गर्न समसामयिक लेख तथा रचना प्रकाशित गर्न लेखकहरूलाई प्रोत्साहित गर्नू' भनेर निर्देशन बक्स्यो ।

## २०५८ साउन १८ गते बिहीबार

हिजोको जाहेरीमा मैले बिन्ती गरैं, 'सरकार, मुलुकमा अहिले शान्तिको प्रयास भइरहेको छ । यस अवस्थामा माओवादीले विभिन्न सीमा क्षेत्रबाट हातहतियार र विस्फोटक पदार्थ भित्र्याउन सक्ने सम्भावना छ । त्यसैले सीमा क्षेत्रमा विशेष रूपमा निगरानी गर्नुपर्ने हुन्छ । हाल शाही नेपाली सेनाले राजस्व गस्ती गरिरहेकाले यसैमा सैनिक थप गरी परिचालन गर्दा दुवै उद्देश्य पूरा हुनेछ । साथै सशस्त्र प्रहरी बललाई पनि सीमा क्षेत्रमा परिचालन गर्दा उचित हुन्छ ।' यस विषयमा सरकारबाट 'सीमा सुरक्षा कसको जिम्मेवारी हो ?' भनी जिज्ञासा राखिबक्स्यो । मैले बिन्ती गरैं, 'सीमा क्षेत्रमा कुनै पनि सुरक्षा अङ्गलाई परिचालन गरिएको छैन । नेपाल प्रहरीबाट सामान्य अध्यागमनको काम मात्र हुने गरेको छ । त्यसैले केही समयका लागि राजस्व गस्तीमा परिचालित सेनालाई नै उक्त जिम्मेवारी दिन सकिन्छ । तर त्यसरी परिचालित सेनाको भूमिकालाई लिएर पनि नकारात्मक टीकाटिप्पणी आउन थालिसकेकाले यसमा विचार हुनुपर्छ । अर्थ मन्त्रालयले राजस्व गस्तीमा सेनाको सहयोग एक वर्षका लागि मात्र माग गरेको थियो । त्यो अवधि पूरा भइसकेको छ । सरकारबाट यस विषयमा प्रधानमन्त्रीसँग कुरा गरिबक्सँदा उपयुक्त हुन्छ ।'

जाहेरीका क्रममा मैले भनें, 'केही समयअगाडिदेखि सेनाको कल्याणकारी कोष र चिनियाँ बैङ्कको संयुक्त लगानीमा नेपालमा एक कमर्सियल बैङ्क खोल्ने कुरा भइरहेको छ । यस विषयमा विभिन्न चरणमा छलफल भई स्वीकृतिका लागि नेपाल राष्ट्र बैङ्कमा प्रस्ताव समेत पेस गरिसकिएको हो । तर विभिन्न क्षेत्रबाट सेनाले बैङ्क खोल्नु हुँदैन भनेर विरोध भइरहेको छ । उक्त बैङ्कमा लगानी सेनाको नभएर कल्याणकारी कोषको भएको कुरा सम्बन्धित निकायलाई बुझाउनुपर्छ । प्रस्तावित बैङ्क खोल्न स्वीकृतिका लागि सरकारबाट प्रधानमन्त्रीसँग सल्लाह गर्न उचित हुन्छ । यस विषयमा प्रधान सेनापतिले पनि प्रधानमन्त्रीसँग छलफल गरिसक्नुभएको छ ।

'विगत केही वर्षदेखि नै सहायक रथी दिलीप रायमाझीलाई विशेष जिम्मेवारी दिइएको छ । खास गरी माओवादीसँग डिल गर्ने काम । यसै क्रममा केही समयअगाडि दिलीप जर्साबले माओवादीले महाराजाधिराजसँग पत्र मार्फत संवाद गर्न चाहेको बताउनुभएको थियो । मैले यो कुरा सरकारमा जाहेर गर्दा 'तिमीले पत्राचार गरे हुन्छ' हुकुम भयो । त्यस अनुसार दिलीप जर्साबले सरकारलाई सम्बोधन गरिएको माओवादीको पत्र प्राप्त गर्नुहुन्थ्यो । त्यसको प्रत्युत्तर बनाएर मैले उहाँ मार्फत नै पठाउने गरेको थिएँ । यो क्रम तीन-चार पटक जारी रह्यो । दिलीप जर्साबले यो कुरा 'जर्साब र मेरो बीचमा मात्र सीमित रहोस्' भनेर अनुरोध गर्नुभएको छ । यो सरकार, दिलीप जर्साब र मलाई मात्र जानकारी भएको विषय हो । यसबारेमा प्रधान सेनापतिलाई समेत कुनै जानकारी दिइएको छैन ।'

## २०५८ साउन २२ गते सोमबार

हिजो धूलिखेल नगरपालिकाका मेयर बेलप्रसाद श्रेष्ठ र काठमाडौं विश्वविद्यालयका

उपकुलपति डा. सुरेशराज शर्मासँग मेरो भेट भयो । उहाँहरूले देशको परिस्थितिप्रति चिन्ता व्यक्त गर्दै अहिलेको राजनीतिक माहोल ज्यादै तरल भएको बताउनुभयो । कुनै पनि समयमा कुनै पनि किसिमको राजनीतिक दुर्घटना हुन सक्ने स्थिति रहेको उहाँहरूको विश्लेषण थियो । उहाँहरूले राजा वीरेन्द्रसँग आफूहरूको राम्रो सम्बन्ध भएको र बेलाबेलामा दर्शनभेट बक्सी निर्देशन समेत बक्स हुने गरेको मलाई सुनाउनुभयो । साथै 'वर्तमान महाराजाधिराजसँग अब कस्तो सम्बन्ध हुने हो ?' भनी जिज्ञासा राख्नुभयो । उहाँहरूले भन्नुभयो, 'काठमाडौं विश्वविद्यालयले मेडिकल कलेज स्थापना गरी त्यसको नाम श्री ५ वीरेन्द्र मेडिकल कलेज राख्ने योजना थियो । कुनै रूपबाट वीरेन्द्र सैनिक अस्पतालसँग यसको सम्बन्ध स्थापित गर्ने र यसमा सेनाको कल्याणकारी कोषबाट पनि लगानी गर्ने विषय वीरेन्द्र सरकारमा जाहेर भएको थियो ।' अब यो विषय के हुने हो भन्ने चिन्ता उहाँहरूको थियो । कुराकानीका क्रममा वीरेन्द्र सरकारबाट समुद्घाटन गरिबक्सेको धूलिखेलको खानेपानी योजना देशभरमै नमुनाको रूपमा रहेको स्मरण गराउँदै दुवै जनाले भन्नुभयो, 'जर्साबले हामी दुवैलाई सरकारको अनुकूल समयमा दर्शनभेट मिलाइदिनुपर्‍यो । हाम्रा कुरा त्यही बेला सरकारमा जाहेर गर्छौं ।' मैले उहाँहरूले उठाएका सबै विषय पूर्ववत् रूपमै अघि बढ्ने आश्वासन दिलाएँ । साथै 'यी विषय सरकारमा जाहेर गरी तपाईंहरूलाई खबर गर्छु' भनें ।

हाल माओवादीले युद्धविराम गरेको अवस्थामा सबै सुरक्षा निकायले तालिममा विशेष जोड दिनुपर्छ । यही बेला लजिस्टिक्स स्थानीय तहमा पुर्‍याउन आवश्यक छ । यही मौकाको फाइदा उठाई सेनाले विशेष गरेर गुप्तचर सेवा विस्तार गरी प्रभावकारी बनाउनुपर्ने हुन्छ भनी मैले सरकारमा जाहेर गरें ।

*देशान्तर* साप्ताहिकमा हिजो अवकाशप्राप्त रथी कृष्णनारायणसिंह थापाको लेख प्रकाशित भएको छ । लेखमा सेना निर्वाचित सरकारको अधीनमा हुनुपर्छ भन्ने धारणा छ । साथै उहाँले सेनाका केही कमीकमजोरी समेत औंल्याउनुभएको छ । यसै लेखलाई लिएर प्रधान सेनापति प्रज्वल्लशमशेर जबराले उहाँलाई फोन गरेर तथानाम गाली गर्नुभएछ । 'सेनाले आयोजना गर्ने कुनै पनि समारोहमा रथी थापालाई निम्ता नगर्नू' भनेर प्रधान सेनापतिले कार्यरथी विभागलाई निर्देशन समेत दिनुभएको छ । यो कुरा रथी थापाले मलाई फोनमा जानकारी गराउँदै सरकारमा जाहेर गरिदिन अनुरोध गर्नुभयो । साथै उहाँले 'प्रहरी महानिरीक्षक ध्रुवबहादुर प्रधान, एआईजी रामकाजी बान्तवा र मलाई तत्कालीन सरकारहरूले बलिको बोको बनाएकोबारे जर्साबलाई थाहा नै छ' भन्नुभयो । यो कुरा मैले सरकारमा जाहेर गरें । सरकार हाँसिबक्स्यो मात्र ।

श्री ५ को सरकार र माओवादीबीच हुने शान्तिवार्तालाई लिएर हिजो डा. बाबुराम भट्टराईले एउटा पत्रिकामा लेखेको लेखका सम्बन्धमा टिप्पणी गर्दै केही विश्लेषकले 'लेखको सार रिमलाई आश्वस्त पार्न खोज्नु मात्र हो' भनेका छन् ।

वर्तमान अवस्थामा महाराजाधिराजबाट राज्यका महत्त्वपूर्ण पदमा नियुक्ति गर्दा तथा कार्यक्रम र योजना बनाउँदा जनजातिलाई विशेष महत्त्व दिनुपर्छ । गोरेबहादुर

खपाङ्गी, बमकुमारी बुढा, कृष्ण भट्टचन, नारायणसिंह पुन जस्ता व्यक्तिलाई साथ लिए जनजातिहरूमा राजसंस्थाप्रति सकारात्मक प्रभाव पर्न जान्छ भनेर मलाई भेट्न आउने जनजाति बुद्धिजीवीले सुझाव दिएका छन् ।

पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले अहिलेको विकसित राजनीतिक घटनाक्रमबारे आफूनिकटका व्यक्तिसँग कुरा गर्दा भन्नुभएको छ, 'मलाई सेनाले साथ दिएन । देउवाले पूर्व सैनिक सचिव शान्तकुमार मल्ल मार्फत सेनाबाट मलाई असहयोग गराउन भूमिका खेले । मलाई यो कुरा दरबारको ताराबहादुर थापाको मान्छेले भनेको हो । देउवा, आरजु र शान्त मल्लबीचमा के नाता छ ? म त अलमल्ल परेको छु । राजाले अब संविधानमा संशोधन गर्न सक्छन् । यस्तै हो भने राजसंस्थाबारे जनमत सङ्ग्रह हुनुपर्छ । सेनामा पनि जनमत सङ्ग्रह पक्षधर छन् ।'

माओवादीका समर्थक भारतीय पत्रकार आनन्दस्वरूप बर्माको नेपालमा माओवादी विद्रोहको चित्रण गरिएको *डोल्पा से रोल्पा तक* नामक पुस्तक प्रकाशित भएको छ । पुस्तक लेख्नुअघि बर्मालाई माओवादीले देशका विभिन्न स्थानमा घुमाएछन् । यसरी बर्माले लामो समय माओवादीसँग रहेर नेपालका विभिन्न स्थानको भ्रमण गर्दा समेत हाम्रा सुरक्षा निकायले यसबारे कुनै जानकारी नपाएको देखिन्छ । यसले हाम्रो गुप्तचर प्रणालीको वास्तविक अवस्था देखाउँछ ।

## २०५८ साउन २४ गते बुधबार

संसद्का दुवै सदनबाट हिजो सशस्त्र प्रहरी विधेयक पारित भयो । विपक्षी दलका सांसदले यो विधेयक जनदमन गर्न ल्याएको भनी विरोध गरे । मतदान हुँदा सद्भावना पार्टी बाहेक सबै विपक्षी दलले सदन बहिस्कार गरे । काङ्ग्रेसको बहुमत भएका कारण विधेयक पास भयो ।

माओवादीनिकट स्रोतका अनुसार, माओवादीले राजसंस्थाका विरूद्ध दिने अभिव्यक्ति रणनीतिक कुरा मात्र हो । यो क्रम केही समय निरन्तर चल्न सक्छ । माओवादीमा स्पष्ट दुई धार छ । त्यसैले रिम र कम्पोसालाई खुसी पार्न मात्र माओवादीले राजसंस्थाविरोधी नारा लगाएको हो । माओवादीले असोज/कात्तिकतिर काठमाडौँमा ठूलो आमसभा गर्ने भएको छ । यसका लागि राजनीतिक गतिविधि बढाउँदै लैजाने उसको योजना छ ।

प्रधानमन्त्री शेरबहादुर देउवाले सांसद नारायणसिंह पुनलाई आफ्नो 'कोर ग्रुप' मा राखेर 'निरन्तर सल्लाह दिनू' भन्नुभएको रहेछ । त्यसैले सरकारबाट पुनलाई दर्शनभेट बक्सेर सुरक्षा अवधारणा र अन्य राजनीतिक विषयमा निर्देशन बक्सन उचित हुने भनेर मैले जाहेर गरेँ । सरकारबाट पुनलाई भेट्न समय मिलाउन र राष्ट्रिय सभाको उपाध्यक्षको चुनावका सम्बन्धमा प्रमुख सचिव पशुपतिभक्त महर्जनसँग समन्वय गर्न हुकुम भयो ।

*कान्तिपुर* दैनिकका सम्पादक युवराज घिमिरे मलाई भेट्न हिजो घरमा आउनुभएको थियो । उहाँले अहिलेको परिवेशमा विशेष गरेर भारतले नेपालमा खेलिरहेको भूमिकाबारे

विस्तारपूर्वक चर्चा गर्नुभयो । उहाँले पनि सरकारको दर्शनभेटको चाहना राख्नुभएको छ । सञ्चार माध्यम र पत्रकारसँग दरबारका तर्फबाट संवाद सचिवालयले सम्बन्ध राख्ने गर्छ । तर संवाद सचिव मोहनबहादुर पाण्डेको *कान्तिपुरका* सम्पादक घिमिरेसँग राम्रो सम्बन्ध नभएका कारण उहांले म मार्फत सरकारको दर्शनभेट खोज्नुभएको रहेछ ।

नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेले आफूनिकटका व्यक्तिसँग 'राजा ज्ञानेन्द्रको स्वभाव कडा हुँदै गएको देखिन्छ, राजाले सक्रियता देखाउलान् जस्तो छ, यसबारे हामी सतर्क हुनुपर्छ' भन्ने गरेको खबर छ ।

शाही जङ्गी अड्डाले बडामहारानी ऐश्वर्यको निधनपछि रिक्त सैनिक अधिकृत श्रीमती सङ्घको संरक्षकमा बडामहारानी कोमललाई राख्न प्रस्ताव पठाएको छ । यसबारे सरकारबाट स्वीकृति बक्सनुपर्ने भनी मैले जाहेर गरैं । श्रीमती सङ्घका पदाधिकारीले बडामहारानी सरकारमा सङ्घको पोसाक र ब्याज चढाउने प्रचलन छ । त्यसका लागि समेत समय बक्सनुपर्ने हुन्छ । सेनाको प्रस्तावमा सरकारबाट स्वीकृति बक्स्यो । 'निजी सचिवसँग कुरा गरेर समय र कार्यक्रम तय गरे हुन्छ' हुकुम भयो ।

राष्ट्रिय सभाको उपाध्यक्ष पदका लागि आज सम्पन्न निर्वाचनमा एमालेका उम्मेदवार रामप्रीत पासवान ३१ मत प्राप्त गरी विजयी हुनुभयो । काङ्ग्रेसका उम्मेदवारले २६ मत प्राप्त गरे । राष्ट्रिय सभामा सरकारबाट मनोनीत सबै सांसदलाई एमालेका उम्मेदवारको पक्षमा मतदान गर्न दरबारबाट निर्देशन गएको थियो । तर सरकारबाट मनोनीत सांसद दीप्तप्रकाश शाहले मतदानमा भाग लिनुभएन । मैले आजै बिहान टेलिफोनमा दरबारको लाइनबारे उहाँलाई जानकारी गराई एमालेको उम्मेदवारलाई मतदान गर्न आग्रह गरेको थिएँ । निर्वाचनको परिणामपछि मैले उहाँलाई पुनः फोन गरेर 'किन मतदानमा भाग नलिएको ?' भनैं । उहाँले 'एमालेको उम्मेदवारले सजिलै जित्ने अवस्था थियो, मेरो भोटले कुनै असर पर्ने थिएन, कम्युनिस्टलाई भोट हाल्न मेरो मनले मानेन' भन्नुभयो । प्रत्युत्तरमा मैले 'तपाईं चुनाव जितेर सासद बनेको होइन, तपाईंको आस्था जे भए पनि तपाईं मनोनीत हो, त्यसैले मनोनीत गर्ने संस्थाले भनेको कुरालाई विचार गर्नुपर्दथ्यो, यदि तपाईं आफ्नो स्वतन्त्र विचार अनुसार हिंड्ने हो भने राजीनामा गरे बेस हुन्छ' भनैं ।

यसअघि पनि उहाँ चीन अध्ययन केन्द्रको भ्रमण दलसँग मिसिएर चीन भ्रमणमा जान लाग्नुभएको थियो । त्यही सन्दर्भमा मैले उहाँलाई 'यो भ्रमण तपाईं सांसदमा मनोनीत हुनुअगाडि तय भएको हो, अहिले सांसद भइसकेपछि उक्त भ्रमण टोलीको सदस्यका रूपमा जान उपयुक्त हुँदैन' भनेर सुझाव दिएको थिएँ । त्यति बेला पनि उहाँले मेरो सुझाव मान्नुभएको थिएन ।

## २०५८ साउन २९ गते सोमबार

गत शुक्रबार, २६ गते, प्रधान सेनापति उहाँकी श्रीमती सिन्धु राणा सहित डिनरका लागि प्रधानमन्त्री निवास जानुभएको रहेछ । यसबारे उहाँले मलाई कुनै जानकारी

दिनुभएन, न सरकारलाई जानकारी गराउनुभयो । साधारणतया प्रधान सेनापतिले प्रधानमन्त्रीलाई भेट्दा सरकारमा जाहेर गर्ने प्रचलन छ ।

*मूल्याङ्कन* मासिकमा हालै प्रकाशित पद्मरत्न तुलाधर, लीलामणि पोखरेल र श्याम श्रेष्ठका लेख ज्यादै राजसंस्थाविरोधी छन् । तिनमा माओवादीको पर्याप्त समर्थन समेत देखिएको हुँदा स्थानीय प्रशासनले उहाँहरूसँग सोधपुछ गर्ने कि भनेर सुझाव आएको छ ।

प्रधानमन्त्री र प्रधान सेनापति भोलि धनकुटाको हिले जाने कार्यक्रम छ । त्यहाँ प्रधानमन्त्रीले हिले-भोजपुर सडक निर्माण कार्यको शिलान्यास गर्ने कार्यक्रम छ ।

पूर्वनिर्धारित कार्यक्रम अनुसार *कान्तिपुर*का सम्पादक युवराज घिमिरेले आज सरकारको दर्शनभेट पाउनुभयो । आजै सरकारबाट पूर्वएडीसी सुन्दरप्रताप रानालाई समेत दर्शन बक्स्यो ।

संसद्को सार्वजनिक लेखा समितिले सेनाद्वारा खरिद गर्न लागिएको हतियार र हेलिकप्टर सम्बन्धी फाइल माग गरेको छ ।

केही दिनअगाडि सरकारबाट इजरायली राजदूत अभी निरलाई दर्शनभेट बक्सेको थियो । सो अवसरमा मौसुफबाट माओवादीका विरूद्ध सेना परिचालन भएमा 'इन्टेलिजेन्स ग्यादरिङ' सम्बन्धी उपकरण सहयोग गर्न राजदूतलाई अनुरोध गरिबक्सेको रहेछ । राजदूत निरले त्यस्ता आवश्यक उपकरण इजरायलले आपसी छलफलद्वारा उपलब्ध गराउन सक्ने बताउनुभएको छ । सरकारबाट 'यो कुरा प्रधान सेनापतिलाई खबर गरिदिनू' हुकुम भयो । सो अवसरमा मैले सरकारमा 'पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई दर्शनभेट बक्सँदा राम्रो हुने' भनेर बिन्ती गरैं । सरकारबाट 'यो कुरा पशुपतिलाई भनिदेऊ' हुकुम भयो । मैले सरकारबाट सुरक्षा निकायका प्रमुखहरूलाई 'वर्किङ डिनर' बक्सी हालको परिस्थितिबारे विचार-विमर्श गरिबक्सँदा उपयुक्त हुन्छ भनेर समेत जाहेर गरैं । सरकारबाट 'अर्को साताका लागि मिलाउनू' हुकुम भयो ।

## २०५८ साउन ३१ गते बुधबार

माओवादीले श्री ५ को सरकार वार्ताप्रति गम्भीर नदेखिएको आरोप लगाएको छ । उसले राजासँग मात्र वार्ता गर्ने भनेर घोषणा गर्ने सम्भावना छ । श्री ५ को सरकारले थुनामा रहेका तथा बेपत्ता पारिएका माओवादी कार्यकर्ताको स्थिति सार्वजनिक गरी बिनासर्त वार्ताको टेबलमा आउनुपर्ने पनि माओवादीको माग छ । साथै माओवादीले आफ्ना तर्फबाट वार्ताटोली गठन गरिसकेको भए पनि वार्ताटोलीका सदस्यको नाम सार्वजनिक गरेको छैन । माओवादी नेताले 'खुमबहादुर-गिरिजा प्रवृतिले प्रहरी लगाएर किलो सेरा-टु का नाममा दमन गरे जस्तै देउवा सरकारले सेना लगाएर पुनः दमनको नीति लिएको' भन्ने गरेको समेत बुझिन्छ ।

सेनाले पुराना (एन्टिक) हतियार बेचेको रकमबाट नयाँ हतियार लिनेबारे पहिले नै निर्णय भइसकेको हो । मैले सम्भाररथी उपरथी कुमार फुदोङसँग कुरा गरी 'हतियार

बेचेको रकम कति हुन्छ, राष्ट्रिय सुरक्षा परिषद् मार्फत प्रधानमन्त्रीलाई जानकारी गराउनू' भनेर सल्लाह दिएको थिएँ । यसै प्रसङ्गमा आज प्रधान सेनापतिले मलाई फोनमा 'सम्भाररथीसँग किन कुरा गरेको, सम्भाररथी त मेरो सम्भाररथी हो, तपाईंले कुनै कुरा गर्नु छ भने मसँग कुरा गर्नू...' भनेर झर्केर फोन राखिदिनुभयो ।

## २०५८ साउन ३२ गते बिहीबार

माओवादीले आज प्रेस वक्तव्य मार्फत वार्ताटोलीको नाम सार्वजनिक गरेको छ । टोलीमा कृष्णबहादुर महरा, टोपबहादुर रायमाझी र अग्निप्रसाद सापकोटा छन् । श्री ५ को सरकार र माओवादीबीच हुन लागेको वार्तामा दरबारको कुनै पनि संलग्नता छैन । यो सबै श्री ५ को सरकारको नीति अनुसार नै तय भएको हो । यस सम्बन्धमा सबै स्पष्ट हुनु आवश्यक छ ।

प्रधानमन्त्री शेरबहादुर देउवाले आज संसद्मा विशेष समयमा केही विशेष कार्यक्रम घोषणा गर्ने भनिएको छ ।

जाहेरीका क्रममा आज सरकारबाट केही गम्भीर निर्देशनहरू बक्स्यो । सरकारबाट हुकुम भयो, 'नेपालमा इलेक्टोरल डेमोक्रेसी असफल भइसकेको छ । यो व्यवस्था नेपालका लागि उपयुक्त छैन पनि । नेपाली जनताले अन्य कुनै विकल्प खोजेका छन् । एउटा विकल्प लिबरल काइन्ड अफ डेमोक्रेसी पनि हुन सक्छ । तर यसमा राजसंस्थाको भूमिका के हुन सक्छ भन्नेबारे प्रस्ट हुनुपर्छ । अहिलेको अवस्थामा जनताको अधिकतम सहयोग लिने राजसंस्थाको रणनीति हुनुपर्छ । तर त्यो सहयोग कसरी लिने ? तिमीहरूले यसबारे विचार पुऱ्याउनू ।' त्यस्तै सरकारबाट 'पुरानो जाँचबुझ केन्द्रका फाइलहरू अवलोकन गर्नू र त्यस बेला त्यहाँ काम गरेका मानिसहरू र उक्त कार्यालयले तयार पारेका विभिन्न व्यक्तिहरूको विवरण ल्याउनू' भनी निर्देशन बक्स्यो । यसै अवसरमा सरकारबाट हुकुम बक्स्यो, 'केही राजनीतिक नेता तथा माओवादी नेताहरूका विरूद्ध कोभर्ट अपरेसन गरी कुनै कारबाही गर्ने योजना तयार पार्न लगाउनुपर्छ । माओवादीसँगको वार्ता सफल भएन भने पनि जनताको चाहना त शान्ति नै हो । यसमा सेनाले कसरी सहयोग गर्न सक्छ र के भूमिका निर्वाह गर्न सक्छ ? अहिलेदेखि नै यसबारे विचार पुऱ्याएर योजना बनाउनुपर्छ । हात्तीको देखाउने र चपाउने दाँत फरक-फरक जस्तै दरबारले पनि आफूलाई सार्वजनिक तवरमा अत्यन्तै प्रजातान्त्रिक संस्थाको रूपमा प्रस्तुत गर्नुपर्छ । तर हाम्रा रणनीति भित्रभित्रै गोप्य रूपमा कार्यान्वयन गर्न सक्नुपर्छ ।' साथै दरबारबाट हुने कार्यका अल्पकालीन र दीर्घकालीन योजना बनाई तिनलाई लिपिबद्ध गरी राख्न समेत निर्देशन बक्स्यो ।

## २०५८ भदौ १ गते शुक्रबार

भारतको सिलिगुडीमा काठमाडौंबाट गएका विभिन्न कम्युनिस्ट पार्टीका नेता र माओवादी नेताबीच गोप्य वार्ता भएको छ । वार्तामा एमाले महासचिव माधवकुमार नेपाल,

माले महासचिव वामदेव गौतम, मसालका नेता चित्रबहादुर केसी, संयुक्त जनमोर्चा नेपालका लीलामणि पोखरेल र नेमकिपाका नारायणमान बिजुक्छे (रोहित) सहभागी थिए । छलफलमा सबै नेता गणतन्त्रमा जाने पक्षमा सहमत भएका छन् । नेमकिपाका बिजुक्छेले मात्र हाललाई संवैधानिक राजतन्त्रभन्दा बाहिर नजाने अडान राखेको बुझिएको छ । साथै कुनै कारणबाट परिस्थिति अनुकूल भएमा माओवादी नेताहरू प्रचण्ड, बाबुराम भट्टराई र मोहन वैद्य अर्को साता काठमाडौँ आउन सक्ने सम्भावना छ । वार्तामा माओवादीका तर्फबाट उनीहरू नै सहभागी थिए ।

नेपालमा बसोबास गर्ने स्वामी ब्रह्मानन्द उदासीनसँग माले महासचिव वामदेव गौतम निकट रहेको खबर छ । एमाले फुटाउनका लागि यी स्वामीले माओवादी र वामदेवलाई निकै ठूलो रकम दिएका थिए । सम्भवतः नेपालमा गणतन्त्र स्थापनाका लागि भारतको गुप्तचर संस्था रअले यी स्वामीलाई प्रयोग गरेको हुन सक्ने अनुमान गर्न सकिन्छ । स्वामीले नै राजदरबारमा कार्यरत शाही पार्श्ववर्ती टीका धमला र माले महासचिव गौतमबीच पनि सम्बन्ध स्थापित गराइदिएका थिए । उनले गौतमलाई भारतीय गुप्तचर संस्था रअसँग समेत सम्पर्क गराएको बुझिएको छ । राष्ट्रिय अनुसन्धान विभागबाट प्राप्त यी जानकारी मैले सरकारमा जाहेर गरेँ । सरकारबाट 'यी सबै तथ्यका आधारमा एमाले महासचिव नेपाल र माले महासचिव गौतमलाई विश्वास गर्न नसकिने' हुकुम भयो ।

राजदरबारको घरकाज विभागमा कार्यरत सचिव विश्वविक्रम शाह आज मेरो कार्यालयमा आउनुभयो । उहाँले 'भारतीय दूतावासले जर्साबको बायोडाटा मागेको छ । जर्साबले बायोडाटा मलाई दिनुभयो भने म पुऱ्याइदिन्छु' भन्नुभयो । साथै उहाँले प्रमुख राजदरबार समारोह प्रबन्धक कार्यालयका समारोह प्रबन्धक चिरनशमशेर थापा, प्रमुख निजी सचिव सुदनप्रसाद पोखरेल र उहाँ स्वयंले समेत बायोडाटा भारतीय दूतावासमा पठाइसकेको जानकारी दिनुभयो । यसपछि मैले उहाँलाई भनेँ, 'किन मेरो बायोडाटा भारतीय दूतावासमा पठाऊँ ? तपाईं यस्तो काम गरेर नहिंड्नुस् । यी धेरै गम्भीर प्रकृतिका कुरा हुन् । यो विषयमा मैले महाराजाधिराजमा जाहेर गर्नुपर्ने हुन्छ ।' तर, यति भन्दा पनि उहाँले विषयको गम्भीरता बुझ्नुभए जस्तो लागेन । पछि उहाँले आफ्नी छोरीको विवाहमा समेत भारतीय राजदूतलाई घरमा बोलाउनुभएछ । भारतीय विदेशमन्त्री आउँदा राजदूतले आफैँ फोन गरेर उहाँलाई लन्चमा निम्ता गर्नुभएको रहेछ । सामान्यतया कुनै विदेशीले निम्ता गरेको अवस्थामा त्यो निम्ता मान्नुभन्दा अगाडि दरबारका पदाधिकारीले सरकारमा जाहेर गर्ने प्रचलन छ । तर उहाँले कहिल्यै यस्ता विषयमा जानकारी दिनुभएन । यी तथ्यबारे विचार गर्दा भारतीय दूतावासले राजदरबारका महत्त्वपूर्ण पदमा रहेका कर्मचारीबारे अवाञ्छित चासो राख्न थालेको स्पष्ट हुन्छ । यो कुरा मैले सरकारमा जाहेर गरेँ । भारतीय गुप्तचर संस्था रअले राजदरबारका कर्मचारीलाई समेत प्रभाव पार्न लागेकोबारे सरकारको ध्यानाकर्षण गराएँ ।

आजै सरकारबाट 'सबै सुरक्षा निकायका गुप्तचर प्रणालीलाई सुदृढ गर्न सबै

सुरक्षा प्रमुखलाई भन, साथै राजदरबारको पनि आफ्नो छुट्टै गुप्तचर प्रणाली खडा गर्न के गर्न सकिन्छ, विचार गर' हुकुम भयो । यस्तै सरकारबाट मुलुकका विभिन्न स्थानमा राजदरबारबाट सामाजिक सेवाका परियोजना सञ्चालन गर्नेबारे विचार गर्न हुकुम भयो । यस सन्दर्भमा मैले थाइल्यान्डमा त्यहाँका राजा र राजपरिवारबाट विभिन्न 'रोयल प्राजेक्ट' सञ्चालन भइरहेकोबारे सरकारमा अवगत गराएँ । साथै 'नेपालमा पनि त्यस्तै किसिमको रोयल प्रोजेक्ट सञ्चालन गर्न सकिन्छ । यसबारे विस्तृत अध्ययन गर्न एउटा टिम थाइल्यान्ड पठाउने कि भन्नेबारे पहिले पनि छलफल भएको थियो, थाई राजदूतावाससँग कुरा गरेर यो कुरा पुनः अगाडि बढाउन सकिन्छ' भनेर सरकारमा बिन्ती गरेँ । सरकारबाट 'यो विषय सचिव बैठकमा राखेर छलफल गर र के गर्न सकिन्छ, योजना बनाऊ' हुकुम भयो ।

## २०५८ भदौ ४ गते सोमबार

प्रधानमन्त्री शेरबहादुर देउवाले विभिन्न कार्यक्रम र सञ्चार माध्यममा दिइरहेका हल्का टीकाटिप्पणीले उहाँको छवि काङ्ग्रेस पार्टीमा कमजोर हुँदै गएको बुझिन्छ । तराईका अधिकांश सांसद उहाँको विरूद्धमा उभिँदै छन् । प्रधानमन्त्री भएको छोटै अवधिमा उहाँको पक्षमा जम्मा ४५ मात्र सांसद रहेको बुझिन आएको छ । त्यस्तै प्रधानमन्त्रीले माओवादीसँग वार्तामा गर्नुपर्ने कुरा पहिले नै सार्वजनिक गर्नुभएको छ, जसबाट वार्ताको औचित्यमाथि नै प्रश्न उठेको छ । त्यसैले वार्ताको स्थिति जटिल हुन सक्ने देखिन्छ ।

सरकारी वार्ताटोलीले माओवादीलाई संवैधानिक राजतन्त्रप्रति प्रतिबद्धता जनाउनुपर्ने, हिंसा त्याग गर्नुपर्ने र यस बाहेक अन्य राजनीतिक विषयमा छलफल गर्न सकिने भनेर स्पष्ट सन्देश दिनुपर्ने हुन्छ । वार्ताको समयमा सबै वामपन्थी एकजुट भएमा उनीहरूको 'बार्गेनिङ पोजिसन' बलियो हुने हुँदा यसमा विचार गर्नुपर्ने हुन्छ ।

प्रधानमन्त्रीले सुरक्षा र गोपनीयताको हिसाबले माओवादीसँग वार्ता गर्ने ठाउँका लागि सैनिक ब्यारेक उपलब्ध गराउन अनुरोध गर्नुभएको थियो । प्रधान सेनापतिले यसका निम्ति सुर्खेतको ४ नम्बर वाहिनी वा भीमफेदी प्लास्टिक उद्योग रहेको स्थान उपयुक्त हुने जानकारी गराउनुभएको थियो । तर माओवादीले सैनिक ब्यारेकमा वार्ता नगर्ने भनेर आपत्ति व्यक्त गरे । मानेनन् ।

काङ्ग्रेसका केही पूर्वमन्त्री र सांसदले सभापति गिरिजाप्रसाद कोइरालासँग भेटेर हालै प्रकाशित कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठका लेखबारे व्यापक छलफल गरे । छलफलमा कोइरालाले भन्नुभयो, 'माओवादीको सञ्चालक स्वयं राजा ज्ञानेन्द्र हुन् भन्ने कुरा अब मैले सार्वजनिक गर्नुपर्छ । माओवादीको हेडक्वाटर पहिले निर्मल निवास हो र अहिले राजदरबारमा सरेको छ ।' उहाँले 'शेरबहादुरलाई एउटा टुल बनाउन खोजिएको मात्र हो, यो काङ्ग्रेस र प्रजातन्त्र मास्ने चाल हो' भन्दै प्रधान सेनापतिलाई 'त्यो आर्मी चिफ बेवकुफ हो' भनेर गाली गर्नुभयो । त्यस्तै उहाँले 'दरबार हत्याकाण्ड षड्यन्त्रपूर्वक रचिएको थियो' भन्नुभयो ।

## २०५८ भदौ ५ गते मङ्गलबार

चिनियाँ दूतावासका सैनिक सहचारीले मलाई 'छेन्दु प्रान्तका चिनियाँ सेनाका उपप्रमुखको नेतृत्वमा एक प्रतिनिधिमण्डल नेपालको औपचारिक भ्रमणमा आउन लागेको' जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, 'शाही जङ्गी अड्डासँगको समन्वयमा महाराजाधिराजसँग प्रतिनिधिमण्डलको दर्शनभेटको कार्यक्रम राखियो । त्यसै अनुसार मैले बेइजिङमा खबर गरेँ । तर अहिले प्रधान सेनापतिले उहाँ चिनियाँ सेनाको प्रमुख नभएकाले सरकारबाट दर्शनभेट हुन नसक्ने जानकारी गराउनुभएको छ । यसले मलाई निकै असजिलो परेको छ । यसमा तपाईंले सहयोग गर्न सक्नुहुन्छ कि ? हाल सरकारबाट राज्यारोहण भएपछि चीनबाट आउने यो नै पहिलो उच्च प्रतिनिधिमण्डल हो ।' मैले उहाँलाई 'सरकारमा जाहेर गरेर तपाईंलाई खबर गरूँला' भनेँ ।

यसमा के भएको रहेछ भने प्रधान सेनापतिले कार्यक्रम तय गर्दा सैनिक सचिवालयलाई खबर गर्नुभएनछ । साथै प्रतिनिधिमण्डलको स्तरबारे पनि जानकारी भएन । त्यसैले सरकारको दर्शनभेट गराउन उचित हुने या नहुनेबारे दरबारलाई थाहै भएन । सैनिक सहचारीले कुरा उठाएपछि मात्र यो सम्पूर्ण विषय जानकारी भयो । सोही अनुरूप मैले सरकारमा 'प्रतिनिधिमण्डलको स्तरभन्दा पनि चीन हाम्रो महत्त्वपूर्ण छिमेकी देश हो, सरकारको राज्यारोहणपछि चीनबाट आएको यो नै पहिलो र उच्च प्रतिनिधिमण्डल पनि हो, त्यसो भएको हुँदा दर्शन बक्सँदा उचित हुन्छ' भनी जाहेर गरेँ । सरकारबाट पनि दर्शनभेटको समय मिलाउन हुकुम भयो । उक्त कुरा मैले प्रधान सेनापति र चिनियाँ सैनिक सहचारीलाई अवगत गराएँ ।

हरेक वर्ष सेनाले बजेट खर्च गर्दा नियम ठीकसँग पालना नगरेकाले बेरूजू निकै बढ्दै गएको छ । गत आर्थिक वर्षमा ५९ करोड रुपैयाँको बेरूजू देखिएको छ । त्यस्तै सम्भाररथी विभागमा विनियोजन गरिएको ५३ करोडमध्ये ४१ करोड बेरूजू देखिएको छ, जुन निर्धारण गरिएको रकमको ८३ प्रतिशत हुन आउँछ । यस विषयमा शाही जङ्गी अड्डाले गम्भीरतापूर्वक विचार गर्नुपर्ने हुन्छ ।

आज मलाई प्रमुख राजदरबार पदाधिकारी शारदाप्रसाद प्रधानले भन्नुभयो, 'जर्साब, सरकारको स्वास्थ्य सम्बन्धी काम प्रमुख निजी सचिवालयमा कार्यरत उपसचिव राघवेन्द्रबहादुर शाहले हेर्नुहुन्थ्यो । सरकारबाट अबदेखि यो जिम्मेवारी सैनिक सचिवालयलाई दिनू हुकुम भएको छ । यसका लागि तपाईंले आफ्नो सचिवालयको एक वरिष्ठ अधिकृत खटाउनुपर्‍यो ।' त्यो जिम्मेवारीका निम्ति मैले उहाँसँग सहसैनिक सचिव भूपेन्द्रबहादुर थापामगरको नाम प्रस्ताव गरेँ । त्यस्तै प्रधानले 'दरबारको प्रशासनिक सङ्गठनलाई समयानुकूल बनाउन विचार भइरहेको छ, यसका निम्ति अधिराजकुमार पारसको संयोजकत्वमा चार-पाँच जना व्यक्ति सदस्य रहेको कार्यटोली बन्दै छ । त्यसमा सैनिक सचिवालयबाट कसलाई राख्ने हो, नाम दिनू' भन्नुभयो ।

## २०५८ भदौ ११ गते सोमबार

श्री ५ को सरकार र माओवादीबीच हुन लागेको वार्ताका सन्दर्भमा धेरै विरोधाभास देखिन थालेका छन् । दुवैतिरका वार्ताटोलीका सदस्यहरू वार्ताका एजेन्डा बनाउन व्यस्त छन् । राजा ज्ञानेन्द्रलाई आजीवन राष्ट्रपति बनाउने माओवादीको प्रस्ताव दरबारलाई स्वीकार्य छैन । अहिलेको परिस्थितिमा यो समयसापेक्ष प्रस्ताव होइन । साथै राजाको अध्यक्षतामा तथाकथित 'स्टेट काउन्सिल' गठन गर्ने माओवादीको प्रस्ताव पनि स्वीकार्य छैन । माओवादी राजसंस्थाबारे स्पष्ट हुन जरूरी छ । उसले राजालाई लाञ्छना लगाउने कार्य तुरून्त बन्द गर्नुपर्छ । माओवादी आफूलाई राष्ट्रवादी शक्ति भन्ने दाबी गर्छ । तर, नेपालका शिक्षण संस्था र उद्योगधन्दा बन्द गराउने उसको क्रियाकलापले नेपाल र नेपाली क्रमशः कमजोर हुँदै गएका छन् । यस कार्यले अन्य देशलाई नै सहयोग पुऱ्याइरहेको छ भने माओवादी राष्ट्रवादको के अर्थ रह्यो र ? त्यस्तै, माओवादीले राजधानीमा असोज ५ गते गर्न लागेको आमसभा पनि स्थगित हुन जरूरी छ । हालको अवस्थामा जबर्जस्ती चन्दा, अपहरण, लुटपाट तथा अन्य आपराधिक काम गरेमा सुरक्षा निकायले कारबाही गर्छ भन्ने कुरामा माओवादी स्पष्ट हुन आवश्यक छ ।

माओवादी नेता कृष्णबहादुर महरा नयाँ दिल्ली गएको खबर छ । त्यहाँ उहाँले श्री ५ को सरकारसँग हुन लागेको वार्ताका सम्बन्धमा भारतीयहरूसँग छलफल गर्न सक्ने भएको हुँदा उहाँको क्रियाकलापको विशेष निगरानी हुनु जरूरी छ । यसका निम्ति आवश्यक ठाउँमा खबर गर्न लगाउने कुरा भयो ।

गृहमन्त्री खुमबहादुर खड्का बिनास्वीकृति भारतको अनौपचारिक भ्रमणमा जानुभएको छ । आजै सुरक्षा प्रमुखहरूले प्रधानमन्त्रीसँग सामूहिक भेट गरी विद्यमान सुरक्षा अवस्थाबारे ब्रिफिङ गरे । वार्ता हुन लागेको अवस्थामा पनि माओवादीबाट अराजक, गैरकानुनी कार्यहरू भइरहेकाले त्यस्ता कार्यहरू तत्काल बन्द गराउन उनीहरूले प्रधानमन्त्रीको ध्यान आकृष्ट गरेका छन् । गैरकानुनी क्रियाकलाप गर्ने कुनै पनि व्यक्तिलाई कानुनी दायरामा ल्याउन श्री ५ को सरकारले स्वीकृति प्रदान गर्नुपर्ने सुरक्षा प्रमुखहरूले माग गरे । उनीहरूले सांसद लीलामणि पोखरेलको हालैको अभिव्यक्ति निकै आपत्तिजनक भएकाले उहाँसँग सोधपुछ गर्न सभामुखको अनुमति लिन पनि प्रधानमन्त्रीसँग आग्रह गरे । हाल केही जिल्लामा जारी आन्तरिक सुरक्षा तथा विकास योजना प्रभावकारी देखिएकाले जारी राख्न र अन्य जिल्लामा पनि क्रमिक रूपले बढाउन समेत उनीहरूले सुझाव दिएका छन् ।

## २०५८ भदौ १३ गते बुधबार

माओवादी वार्ताटोलीका सदस्यहरू कृष्णबहादुर महरा, टोपबहादुर रायमाझी र अग्निप्रसाद सापकोटा आज बिहान कीर्तिपुर पुगे । उनीहरूलाई माओवादी कार्यकर्ता

दिलीप महर्जन सहितका व्यक्तिले फूलमाला सहित स्वागत गरे । त्यहाँ भएको माओवादीको आमसभामा करिब तीन हजारको सहभागिता थियो । आमसभामा रायमाझी र सापकोटाले पार्टीको निर्देशन अनुसार वार्ता गर्छौं भन्दै देशमा जनगणतन्त्रको स्थापना सुनिश्चित भइसकेको र त्यसलाई वैधानिकता वा औपचारिकता दिन मात्र बाँकी रहेको बताए । महराले भनेका थिए, 'हालको संविधानका सबै पाना च्यात्न माओवादी सफल भएको छ । अब प्रस्तावना मात्र बाँकी छ । गणतन्त्र स्थापना भइसकेको छ । सत्ताधारी र राजा ज्ञानेन्द्रले यो विषय बुझ्न जरूरी छ ।' आमसभापछि उनीहरू दिलीप महर्जनको घरमा गए । त्यहाँ माओवादी नेतालाई भेट्न एमालेका नेता केपी शर्मा ओली, काङ्ग्रेसका प्रदीप गिरी र नेमकिपाका नारायणमान बिजुक्छे गएको बुझिएको छ ।

माओवादीले बागलुङ, गुल्मी, म्याग्दी, सल्यान, रोल्पा र रूकुम जिल्लामा एफएम रेडियो स्टेसन सञ्चालन गरेको अपुष्ट खबर छ । यो कुरा पत्ता लगाएर, एफएम चलेको रहेछ भने 'ज्यामिङ' गर्ने व्यवस्था गर्न सुरक्षा निकायलाई निर्देशन गएको छ ।

प्रधान सेनापतिले आज नियमित जाहेरीका क्रममा विद्यमान सुरक्षा अवस्थाबारे सरकारमा जाहेर गर्नुभयो । सरकार र माओवादीबीच हुने पहिलो वार्ता गोदावरीमा गर्ने सरकारको प्रस्ताव छ । त्यहाँ सुरक्षा व्यवस्था मिलाइदिन सेनालाई अनुरोध आएको छ । साथै, माओवादी पक्षसँग कुरा गर्दा जनसरकार विघटन गर्न, राजसंस्थाका विरूद्ध कुरा नगर्न र हतियार बुझाउन श्री ५ को सरकारका तर्फबाट प्रस्ताव गर्न आफूले प्रधानमन्त्रीलाई सुझाव दिएको कुरा प्रधान सेनापतिले आफ्नो जाहेर गर्नुभयो । यसै गरी, वार्ता सुरू भएपछि निरन्तर जारी राख्नुपर्ने र वार्ताको अवधिमा आमसभा गर्न नदिइने कुरा समेत अवगत गराइनुपर्ने सुझाव दिइएको उहाँले जाहेर गर्नुभयो । प्रधान सेनापतिले प्रधानमन्त्रीलाई भारतीय राजदूतसँग वार्ताबारे प्रस्ट कुरा गर्न भनिएको र सेनाले पनि भारतीय सैनिक सहचारीका माध्यमबाट कुरा गरेकोबारे सरकारमा जाहर गर्नुभयो । साथै भारतीय सेनाध्यक्षले असोज १५ गतेदेखि नेपालको छदिने औपचारिक भ्रमण गर्ने प्रस्ताव पठाएको सरकारमा बिन्ती गर्नुभयो ।

सरकारबाट प्रधान सेनापतिलाई एकीकृत विकास तथा आन्तरिक सुरक्षा योजना (आईएसडीपी) कार्यक्रम राजनीतिक इच्छाशक्तिबिना सफल हुन नसक्ने हुँदा यसबारे प्रधानमन्त्रीसँग कुरा गर्न निर्देशन बक्स्यो । त्यस्तै सरकारबाट 'शाही नेपाली सेनालाई आवश्यक सरसामान अल्पकालीन र दीर्घकालीन रूपमा आपूर्ति गर्ने सम्बन्धी प्रस्ताव मलाई दिनू, म उक्त प्रस्तावबारे प्रधानमन्त्रीसँग कुरा गर्छु' हुकुम भयो ।

## २०५८ भदौ १४ गते बिहीबार

श्री ५ को सरकार र माओवादीबीच हुने वार्ताका लागि सरकारी वार्ताटोलीका सदस्यहरू चिरञ्जीवी वाग्ले, महेश आचार्य, नरहरि आचार्य, विजयकुमार गच्छदार र चक्रप्रसाद बाँस्तोला पूर्वनिर्धारित समय आज बिहान ८ बजे गोदावरी रिसोर्ट पुगिसकेका थिए । तर माओवादी नेताहरूले वार्तास्थलमा आउन अब १५ मिनेट लाग्छ भन्दै पटक–

पटक समय बदलेका थिए । आजको वार्ता दिउँसो साढे १ बजे सकियो र प्रेस विज्ञप्ति निकाल्ने सहमति भयो । वार्तापछि कृष्णबहादुर महरा नेपालगन्ज, टोपबहादुर रायमाझी भैरहवा र अग्निप्रसाद सापकोटा सिमरातिर लागे ।

माओवादी नेता प्रचण्डले माले महासचिव वामदेव गौतमलाई उच्च पदको आश्वासन दिएर माओवादीमा प्रवेश गर्न पत्र पठाएको जानकारी प्राप्त भएको छ । उक्त पत्रका आधारमा गौतम दोधारमा पर्नुभएको छ भने माले पार्टीका अन्य नेताले यसलाई मालेलाई एमालेसँग मिल्न नदिने माओवादीको चालको रूपमा हेरेका छन् । हाल प्रचण्डको पत्रलाई समर्थन गरी सार्वजनिक अभिव्यक्ति दिन गौतमलाई पार्टीले रोकेको छ । उहाँलाई स्थायी समितिले स्वीकृत गरेको कुरा मात्र बोल्नका लागि निर्देशन दिइएको छ । गौतम त्यही व्यक्ति हुनुहुन्छ जसले २०५४ सालमा गृहमन्त्री छँदा माओवादीलाई आतङ्ककारी घोषणा गरी कडा कारबाही गर्न मन्त्रिपरिषद्मा प्रस्ताव लैजानुभएको थियो । त्यस बेला उहाँले माओवादीका विरुद्ध लक्षित आतङ्ककारी विधेयक समेत संसद्मा दर्ता गर्नुभएको थियो । साथै माओवादीलाई कारबाही गर्न उनीहरू सम्बन्धी सूचना सङ्कलनका लागि आफ्नो पार्टीका देशभरका कमिटी र नेताहरूलाई प्रयोग गर्ने प्रस्ताव समेत राख्नुभएको थियो ।

चिनियाँ राजदूतले प्रधानमन्त्रीसँगको भेटमा 'नेपालको माओवादी पार्टी भारतीय एजेन्डामा चलेको छ, माओवादीको चीनसँग कुनै पनि सम्बन्ध छैन' भनेर स्पष्ट पारेको बुझिएको छ । राजदूतको धारणा अनुसार, नेपालका माओवादीले चिनियाँ नेता माओको नाम मात्र दुरुपयोग गरी भ्रम सिर्जना गरिरहेका छन् र यसो गर्नुका पछाडि भारतको भूमिका रहेको छ । चिनियाँ राजदूतले दिएको जानकारी अनुसार माओवादी र भारतीय गुप्तचर संस्था रअका बीच नेपालको राजसंस्थाको अन्त्य गर्न अनौपचारिक सहमति समेत भएको छ ।

प्रधानमन्त्री, जारी शान्तिवार्ताको सिलसिलामा बाहेक, माओवादी नेताहरू कृष्णध्वज खड्का र महेश खड्का मार्फत पनि माओवादी नेतृत्वसँग सम्पर्कमा रहेको सूचना छ । साथै उहाँले राष्ट्रिय सुरक्षा परिषद् सचिवालय स्थापनाबारे भोलि बस्ने मन्त्रिपरिषद्बाट निर्णय गर्ने विचार गर्नुभएको बुझिएको छ ।

## २०५८ भदौ १५ गते शुक्रबार

सांसद लीलामणि पोखरेलले पटकपटक सेना र राजदरबारमाथि लगाएका निराधार लाञ्छनालाई सञ्चार जगत्ले अनावश्यक महत्त्व दिएको छ । यसबाट जारी शान्तिवार्तालाई सहयोग पुग्ने देखिँदैन । त्यसैले श्री ५ को सरकारले यसबारे विचार पुऱ्याउनुपर्ने हुन्छ । २०४६ सालको परिवर्तनपश्चात् देशका अन्य संरचना ध्वस्त पारिसकेपछि बचेको सेना र दरबारलाई पनि सबैले यसरी नै ध्वस्त बनाउन प्रयास गर्ने हो यसको उद्देश्य के हो, यसमा सबै पक्षबाट विचार हुनु नितान्त आवश्यक छ ।

प्रहरी महानिरीक्षक प्रदीपशमशेर जबराले मलाई फोन गरेर 'प्रहरीको अपराध अनुसन्धान विभागबाट प्राप्त सूचना अनुसार सेनाका केही जर्साबले माओवादीको दोस्रो तह

र त्योभन्दा तलका नेतासँग सम्पर्क गरेको बुझिएको छ, यसले मुलुक र राजसंस्थालाई फाइदा पुग्छ होला र ?' भन्नुभयो ।

माओवादी नेताले वार्ता समयलाई सदुपयोग गर्दै विभिन्न राजनीतिक नेतालाई भेटी विचार आदानप्रदान गरेर आफ्नो एजेन्डामा सहमत गराउन प्रयास गरिरहेका छन् । उनीहरूले अन्तरिम सरकार गठन गरी त्यसको नेतृत्व पूर्वसभामुख दमननाथ ढुङ्गानाबाट गराउने प्रस्ताव समेत अघि सारेका छन् । यसमा काङ्ग्रेस पनि सहमत हुन सक्ने माओवादीको आशा छ । यसबारे र वार्ता असफल भयो भने दरबारको प्रतिक्रिया के हुन्छ भनेर उनीहरूले बुझ्न प्रयास गरिरहेको पनि बुझिएको छ ।

## २०५८ भदौ १८ गते सोमबार

राष्ट्रिय सभामा मनोनीत सांसद रमेशनाथ पाण्डेले राजदरबारको प्रमुख सैनिक सचिवालय र मेरा बारे निकै नकारात्मक टिप्पणी गरेको सूचना प्राप्त भएको छ ।

सुरक्षा निकायले भूतपूर्व सैनिक तथा प्रहरीलाई माओवादी सम्बन्धी सूचना सङ्कलनका लागि प्रयोग गर्न सके राम्रो हुने देखिन्छ । सेनाका वाहिनी भएका क्षेत्रमा रहेका माओवादी 'बेस' र तालिम केन्द्र पहिचान गरी आवश्यक परे कडा कारबाही गर्न रेकी गर्नुका साथै योजना बनाएर राख्न उचित हुनेछ । साथै आवश्यक परे सबैतिर एकैसाथ कारबाही गर्न लक्ष्य बनाउनु उचित हुनेछ । यस सम्बन्धी निर्देशन शाही जङ्गी अड्डाका सम्बन्धित अधिकृत र प्रधान सेनापतिलाई दिइएको छ ।

सरकारबाट आज चीनको छेन्दु प्रान्तका सैनिक उपप्रमुखको नेतृत्वमा आएको चिनियाँ सैनिक प्रतिनिधिमण्डललाई दर्शनभेट बक्स्यो । यस अवसरमा द्विपक्षीय हितका लागि सीमा क्षेत्रमा तैनाथ सेनाका बीचमा आपसी सहयोग र छलफल आदानप्रदान हुनुपर्ने विषयमा कुराकानी भयो । प्रतिनिधिमण्डलले आजै प्रधानमन्त्रीलाई भेट्ने कार्यक्रम छ ।

आज बस्ने राष्ट्रिय सुरक्षा परिषद्को बैठकले राष्ट्रिय सुरक्षा परिषद् सचिवालय स्थापना गर्नेबारे निर्णय गर्दै छ । साथै आगामी असोज ५ गते माओवादीले राजधानीमा गर्ने आमसभाबारे रणनीति बनाउने भएको छ ।

प्रधानमन्त्रीको निमन्त्रणामा प्रहरी महानिरीक्षक प्रदीपशमशेर जबरा गत १६ गते शुक्रबार प्रधानमन्त्री निवास, बालुवाटारमा 'प्राइभेट डिनर' मा जानुभएछ । डिनरको सिलसिलामा प्रधानमन्त्रीलाई उहाँले देशको सुरक्षाबारे अवगत गराउनुका साथै प्रहरी एक्लैले माओवादी समस्या 'डिल' गर्न नसक्ने भएकाले सेना परिचालन गर्न सुझाव दिनुभयो । त्यस्तै माओवादी समस्या समाधान राजनीतिक रूपले हल गर्न सल्लाह दिनुभयो । डिनरमा प्रधानमन्त्रीले 'त्यो रमेशनाथ पाण्डे ज्यादै बढी भइरहेको छ, पाण्डेको हरेक क्रियाकलाप निगरानी गर्न प्रहरी खटाउनू र टेलिफोन समेत ट्यापिङ गर्नू' भनेर निर्देशन दिनुभएको छ ।

सरकारी सञ्चार माध्यम नेपाल टेलिभिजनमा गणतन्त्रबारे खुला बहस तीन पटकसम्म प्रसारण भइसकेको छ । यसबारे टेलिभिजनका महाप्रबन्धक दुर्गानाथ शर्मालाई

सोधपुछ गर्न आवश्यक निर्देशन गएको छ । यो कार्यक्रम सञ्चालन गर्न सञ्चारमन्त्री जयप्रकाश गुप्ताले नै निर्देशन दिएको बुझिन आएको छ ।

सैनिक अधिकृत क्लबमा चिनियाँ सैनिक प्रतिनिधिमण्डलको सम्मानमा बलाधिकृत रथीले आज डिनरको आयोजना गर्नुभयो । सो अवसरमा चिनियाँ जर्नेलले नेपालमा दलाई लामाको क्रियाकलापबारे जिज्ञासा राख्नुभयो । त्यस्तै मुस्ताङ जिल्लाबारे विशेष अभिरुचि व्यक्त गर्नुभयो । राजदरबार हत्याकाण्डबारे बताइएको कुरामा ती जर्नेलले 'तपाईंहरू जस्ता उच्च व्यक्तिको भनाइमाथि हामीले विश्वास नगर्ने प्रश्नै उठ्दैन' भनेर प्रतिक्रिया दिनुभयो । यसबाट दरबार हत्याकाण्डबारे उच्चस्तरीय छानबिन आयोगको प्रतिवेदनमाथि चिनियाँहरूले आशङ्का गरेको अनुमान लगाउन सकिन्छ । छलफलका क्रममा चिनियाँ जर्नेलले शाही नेपाली सेनालाई लजिस्टिक र सञ्चारका उपकरणहरू उपलब्ध गराउन चीन तयार रहेको अवगत गराउनुभयो ।

शाही बर्दिया राष्ट्रिय निकुञ्जका विभिन्न चेकपोस्ट सुरक्षार्थ खटिएका सैनिक जवानलाई माओवादीले जिस्क्याउने र धम्क्याउने गरेका छन् । त्यसैले पोस्टमा सैनिक थप्नू तथा आवश्यक परे कडा कारबाही गर्न पहिले चेतावनी दिनू भनेर निर्देशन गएको छ । त्यस्तै, देशका विभिन्न स्थानमा हुने गस्ती र भन्सार गस्तीमा समेत जाने सैनिकसँग माओवादीको विवाद भएमा उनीहरूलाई सबक सिकाउन र कडा कारबाही गर्न निर्देशन गएको छ ।

प्रधानमन्त्रीले आज भारतीय राजदूत देव मुखर्जीलाई भेटेको खबर छ ।

गृह मन्त्रालयले आगामी असोज ५ गते माओवादीले राजधानीमा आयोजना गर्न लागेको आमसभा रद्द गर्न सार्वजनिक सूचना जारी गरेको छ । सूचनामा माओवादीलाई कुनै पनि किसिमका गैरकानुनी गतिविधि नगर्न र गरेमा कानुन बमोजिम कारबाही गरिने चेतावनी दिइएको छ ।

सेनाले रक्षा मन्त्रालयलाई 'माओवादीले सैनिकका परिवारलाई समेत धम्क्याउने, जबर्जस्ती चन्दा असुली गर्ने, कुटपिट गरी खाना पकाउन लगाउने, सैनिकलाई जागिर छोड् भन्ने जस्ता गैरकानुनी क्रियाकलाप गरेमा समेत कारबाही गरिनेछ' भनेर विज्ञप्ति प्रकाशित गर्न आग्रह गरेको छ ।

## २०५८ भदौ २१ गते बिहीबार

पत्रकार देवप्रकाश त्रिपाठीले 'राजाले शक्ति हातमा लिने प्रयास गरिरहेका छन्' भनेर विभिन्न ठाउँमा कुरा गरेको खबर आएको छ । कुन आधारमा उहाँले त्यसो भन्नुभएको हो ? हिंडेका हुन्, यसबारे स्पष्ट रूपमा बुझ्न निर्देशन गएको छ ।

असोज ५ गते गर्न लागेको आमसभामा माओवादीले काठमाडौँबाहिरबाट जनता ल्याउने योजना बनाएको छ । आवश्यक परे ढालको रूपमा प्रयोग गर्न सेनाका परिवारलाई ल्याउने सोचाइ राखेको बुझिएको छ । थानकोटस्थित प्रहरी चौकीलाई बाहिरबाट राजधानी आउने बसहरू सुरक्षा जाँच गरी माओवादीबारे विशेष निगरानी राख्न

भनिएको हो । तर ड्युटीमा रहेकाहरूले पैसा असुलेर कुनै जिम्मेवारी पूरा नगरी छाड्ने गरेको खबर आएको छ । यसबारे प्रहरी महानिरीक्षकसँग कुरा भएको छ ।

काङ्ग्रेसमा देउवा पक्षका नेताहरूले दुर्गा सुवेदी मार्फत माओवादी वृत्तमा असोज ५ गतेको आमसभालाई राजदरबारले रोक्न लगाएको भनेर प्रचार गरिरहेका छन् । शेरबहादुर देउवा नेतृत्वको वर्तमान सरकारका विरूद्ध काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला र एमाले महासचिव माधवकुमार नेपालबीच आपसी सहयोग तथा सहकार्य कसरी गर्ने भनेर छलफल भइरहेको बुझिएको छ । चाँडै यस विषयमा उच्चस्तरीय सहमति हुने भएको छ ।

मालेको विद्यार्थी सङ्गठनका धेरै सदस्य माओवादीको विद्यार्थी सङ्गठनमा प्रवेश गरेको खबर आएको छ ।

केही दिनअगाडि गृहमन्त्री खुमबहादुर खड्काले सरकारको दर्शनभेट गरेपश्चात् राजा र दरबारप्रति सकारात्मक सोच बनाएको बुझिएको छ ।

सशस्त्र प्रहरी बलका निम्ति आवश्यक हतियार सहयोग लिने सम्बन्धमा श्री ५ को सरकारले नीति बनाउन आवश्यक छ । त्यस अनुसार सशस्त्रलाई केकस्ता हतियार आवश्यक पर्छ, भारतबाट केके हतियार ल्याउने भन्ने सम्बन्धमा स्पष्ट कार्यतालिका बनाउन जरूरी छ ।

चिनियाँ सैनिक प्रतिनिधिमण्डलले सरकारको दर्शनभेटपछि 'नयाँ राजामा देश र जनताको समुन्नति, हित तथा देशको सर्वाङ्गीण विकासबारे स्पष्ट भिजन भएको देखियो, छिमेकी मुलुक, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विषयमा स्पष्ट धारणा पाइयो, राजासँगको दर्शनभेट नै यो भ्रमणको मुख्य उपलब्धि रह्यो' भनेर प्रतिक्रिया दिएको बुझिएको छ । साथै प्रतिनिधिमण्डलका नेताले राजाको दर्शनभेटबाट आफू निकै प्रभावित भएको बताएका छन् ।

## २०५८ भदौ २२ गते शुक्रबार

प्राप्त खबर अनुसार चिनियाँ प्रधानमन्त्रीले बेइजिङमा इन्जिनियरिङ सम्मेलनलाई सम्बोधन गर्ने क्रममा स्वर्गीय राजा वीरेन्द्रको प्रशंसा गर्नुभएको छ । मौसुफलाई चीनले महान् मित्रका रूपमा लिएको उहाँले बताउनुभयो ।

हालै सरकारको दर्शनभेटपछि काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला निकै उत्साही हुनुभएको छ । उहाँले 'बृहत् प्रजातान्त्रिक मोर्चाको अवधारणाबारे राजासँग कुरा भयो, राजमुकुटले प्रजातन्त्र र मुलुकको संरक्षकका रूपमा रहेर प्रजातन्त्रवादीलाई संरक्षण दिनुपर्छ, साथै माओवादीले शान्तिवार्तामा बसेर सहमति गर्न मानेनन् भने सेनाले कारबाही गर्नुपर्छ भनेर मैले राजालाई सल्लाह दिएँ' भन्नुभएको छ । उहाँले उक्त मोर्चामा एमालेलाई समेत साथै लैजानुपर्ने विचार सरकारसमक्ष राखेको बुझिएको छ । कोइरालाले 'राष्ट्रिय सभामा सरकारका तर्फबाट मनोनीत गरिबक्सन केही नामहरू ल्याउँछु' भनेर सरकारसमक्ष प्रस्ताव गर्नुभएको रहेछ । 'तर सरकारबाट कुनै पनि प्रतिक्रिया आएन' भनेर

उहाँले आफूनिकटका व्यक्तिसँग कुरा गरेको जानकारीमा आएको छ ।

कोइरालाले आजै कृष्णप्रसाद भट्टराई र एमाले महासचिव माधवकुमार नेपालसँग भेट गर्नुभएको छ । कोइराला र नेपालबीच काङ्ग्रेस–एमालेबीच सहकार्य गरी गणतन्त्रमा समेत जान सकिने कुरा भएको बुझिन्छ । उता भारतले गणतन्त्रको नारालाई बृहत् बनाउन प्रजातन्त्रवादीसँग मिलेर जान सल्लाह दिएको कुरा एमाले महासचिव नेपालले कोइरालालाई भेटेर फर्केपछि गोप्य रूपमा खबर पठाउनुभएको छ । त्यस्तै, माओवादीलाई भारतले प्रजातन्त्रवादी शक्तिसँग मिलेर नेपालमा गणतन्त्र स्थापना गर्नुपर्ने र त्यसो हुन नसके नेपालमा भुटानको जस्तो राजतन्त्र राख्ने सुझाव दिएको बुझिएको छ ।

कोइरालाका द्वैध अभिव्यक्तिबारे प्रधानमन्त्रीसँग कुरा गर्न प्रधान सेनापतिलाई निर्देशन गएको छ । यस अनुसार प्रधानमन्त्री र प्रधान सेनापतिबीच कुरा हुँदा प्रधानमन्त्रीले भोलि काङ्ग्रेस सभापति कोइरालालाई भेटेर गणतन्त्रमा जान सकिने सम्बन्धी कुराको खण्डन निकाल्न लगाउने, कोइरालाले खण्डन गर्न नमाने आफैँले खण्डन गर्ने भनेर आश्वासन दिनुभएको छ । यसै प्रसङ्गमा प्रधानमन्त्रीले भारतीय राजदूतसँग पनि कुरा गर्नुहुने भएको छ ।

सरकारबाट आज मलाई 'राजधानीमा माओवादीले असोज ५ गते आयोजना गर्न लागेको आमसभा सकेसम्म गर्न नदिने, सानातिना कोणसभा मात्र गर्न दिने, राजधानीका महत्त्वपूर्ण स्थानलाई निषेधित क्षेत्र घोषणा गर्ने' निर्देशन बक्सँदै 'आवश्यक परे प्रहरीको सहयोगमा सेनालाई पनि सञ्चालन गर्न सकिने व्यवस्था मिलाउनू' हुकुम भयो ।

## २०५८ भदौ २५ गते सोमबार

माओवादीले आयोजना गर्न लागेको आमसभाप्रति श्री ५ को सरकार कडा रूपमा प्रस्तुत हुने भएको छ । साथै राजसंस्थाका विरूद्ध नारा लगाए स्वीकार्य नहुने र त्यस्ता नारा लगाउनेलाई कानुन अनुसार कारबाही गर्ने रणनीति श्री ५ को सरकारले तय गरेको छ । यो रणनीतिले माओवादीलाई सोच्न बाध्य पारेको हुन सक्छ । यसैबीच, माओवादी नेतृत्वमा ब्राह्मणहरू हावी भएको कुरालाई दलित र जनजातिले रूचाएका छैनन् ।

अधिराजकुमारी प्रेक्षाले गत शुक्रबार आफ्नो निवास जीवनकुञ्जमा रात्रिभोजको आयोजना गरिबक्सेको थियो । रात्रिभोजमा महाराजाधिराज र बडामहारानी सरकार सरिक होइबक्सन्थ्यो । सो अवसरमा सरकारका नातेदारका साथै प्रधानमन्त्री देउवा श्रीमती डा. आरजुसाथ सहभागी हुनुभयो । प्रधान सेनापति प्रज्वल्ल पनि श्रीमतीका साथ हुनुहुन्थ्यो । अमेरिकाका लागि नवनियुक्त राजदूत जयप्रताप राणा, अधिवक्ता सुशील पन्त र म पनि रात्रिभोजमा थियौँ । रात्रिभोजमा मसँग प्रधानमन्त्रीले 'जर्साब, मलाई सहयोग गर्नुपर्‍यो' भन्नुभयो । मैले उहाँलाई सबै किसिमको सहयोग रहनेमा आश्वस्त पारेँ ।

त्यसै अवसरमा मैले नवनियुक्त राजदूत राणालाई बधाई दिएँ । उहाँले पनि मलाई बधाई दिनुभयो । मैले 'मलाई चाहिँ केको बधाई ?' भनेँ । उहाँले केही दिनपहिले

सरकारसँग भएको दर्शनभेटको प्रसङ्ग सुनाउँदै भन्नुभयो, 'दर्शनभेटमा मैले 'राजदरबार हत्याकाण्डपछि केही उच्च पदाधिकारीले नैतिकताको आधारमा राजीनामा दिनुपर्दैनथ्यो ?' भनी जिज्ञासा राखेको थिएँ । सरकारबाट 'विवेकले राजदरबार घटनाको समयमा दरबारको सुरक्षा प्रमुखका कारण नैतिकताको आधारमा राजीनामा दिन्छु भनेको थियो, तर मैले उसलाई राजीनामा दिनुपर्दैन भनैं, बरु विवेकलाई आई निड यु मोर द्यान माई ब्रदर एभर डिड भनेको छु' हुकुम भयो । जर्साबप्रति सरकारको यति ठूलो भरोसा र सद्भाव छ । योभन्दा बढी के चाहियो ? त्यसैले मैले तपाईंलाई बधाई दिएको हुँ ।'

केही दिनअघि गृहमन्त्री खुमबहादुर खड्काले दिल्लीस्थित हिमांशु पाण्डेको घरमा माओवादीका अध्यक्ष प्रचण्डलाई भेटेको खबर छ । तर यसको पुष्टि हुन सकेको छैन ।

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले आफूनिकटका व्यक्तिसँग 'प्रजातन्त्र मास्न दरबारले माओवादी उठाएको हो, बृहत् प्रजातान्त्रिक मोर्चा बनाएर पहिले माओवादीलाई ठीक पार्नुपर्छ, त्यसपछि दरबारलाई तह लगाउनुपर्छ, दरबारले हामीलाई केही गरे सीमापारि रहेको भारतीय फौज एसएसबीले सहयोग गर्छ' भनेको बुझियो । मैले यो कुरा सरकारमा जाहेर गरैं । सरकारबाट 'सीमामा तैनाथ भारतीय एसएसबीको क्रियाकलापलाई निगरानीमा राख्न लगाउनू' हुकुम भयो ।

## २०५८ भदौ २६ गते मङ्गलबार

गृहमन्त्री खुमबहादुर खड्काले 'सेनालाई जस्तै ७० प्रतिशत अनुदान र ३० प्रतिशत मूल्य तिर्ने गरी सशस्त्रलाई पनि हतियार र उपकरण दिन भारत सहमत भएकाले यो विषय राष्ट्रिय सुरक्षा परिषद्बाट पास गराउनुपर्छ' भनेर प्रधानमन्त्रीसँग कुरा गर्नुभएको रहेछ ।

सरकारबाट वीरेन्द्र अस्पताल, छाउनीमा राजपरिवार र राजदरबारका कर्मचारीको उपचारका लागि अक्षय कोष स्थापना गर्न ५० लाख रुपैयाँ निगाह बक्सेको छ । प्रमुख राजदरबार पदाधिकारीले उक्त रकम लिन मलाई खबर गर्नुभयो । उक्त कोषको नाम 'श्री ५ वीरेन्द्र, श्री ५ ऐश्वर्य स्वास्थ्य उपचार कोष' रहनेछ । मैले सरकारमा 'कोषलाई सञ्चालन गर्ने र सैनिक अस्पतालको सानो मेडिकल युनिट राजदरबारमा स्थापना गर्नेबारे शाही जङ्गी अड्डाको कार्यरथी विभाग र वीरेन्द्र अस्पतालसँग समन्वय गरी विस्तृत योजना बनाई जाहेर गर्छु' भनैं । यसबारे मैले गत असारमा नै एक करोडको कोष स्थापना गर्न जाहेर गरेको थिएँ ।

जाहेरीकै क्रममा मैले 'सरकार, अब प्रज्वल्ल चिफसाबको पदावधि एक वर्ष मात्र बाँकी छ, भावी प्रधान सेनापतिलाई एक वर्षअगावै तयारी गर्न र योजना बनाउन सङ्केत दिने प्रचलन छ । पदावधि, उमेर र अन्य सबै कारणले बलाधिकृत रथी प्यारजङ्ग थापालाई प्रधान सेनापति बनाउनुपर्ने हुन्छ, उहाँको लोयालिटी तथा कार्यदक्षता पनि ठीक छ, मेरो उहाँसँग राम्रो सम्बन्ध छ, त्यसैले म उहाँसँग सबै विषयमा खुलेर कुरा गर्न सक्छु' भनी बिन्ती गरैं । सरकारबाट 'यस विषयमा प्यारजङ्गसँग कुरा गरे हुन्छ' हुकुम

भयो । त्यसै अनुसार आज बेलुकी म प्यारजङ्ग जर्साबलाई भेट्न उहाँको सिफलस्थित निवास गएँ । सरकारसँग भएका कुरा सुनाउँदा उहाँ एकदमै खुसी हुनुभयो । उहाँले 'म सरकारको निर्देशन अनुसार काम गर्छु, सैनिक सचिवालयसँग सबै विषयमा समन्वय गर्छु, मेरो कार्यकालमा सेनाको उन्नति र विकासका योजना बनाएर सैनिक सचिवालयमा पठाउँछु' भन्नुभयो ।

हामीबीच यसरी छलफल भइरहेको समयमा अमेरिकामा आतङ्ककारीले न्युयोर्कस्थित ट्वीन टावरमा हवाई हमला गरेको दृश्य सहितको खबर सीएनएनबाट प्रसारण भइरहेको रहेछ । मैले तत्कालै यो घटनाबारे टेलिफोनबाट सरकारमा बिन्ती गरेँ । सरकारबाट 'म पनि त्यही हेरिरहेको छु' हुकुम भयो । 'यसबाट नेपालमा पर्न सक्ने असरबारे विस्तृत रूपमा पछि जाहेर गर्छु' भनेर फोन राखेँ ।

## २०५८ भदौ २७ गते बुधबार

अमेरिकामा भएको आतङ्ककारी हमलाबाट संसार नै स्तब्ध भयो । यसबाट के देखिन्छ भने आतङ्ककारीको क्रियाकलापबाट कुनै पनि देश पूर्ण सुरक्षित छैन । यस घटनाबारे अमेरिकामा भइरहेका कारबाही र अमेरिकाले अपनाउन सक्ने रणनीतिबारे सरकारसँग विचार-विमर्श भयो । सरकारबाट 'यो घटनाले अमेरिकालाई पनि ठूलो पाठ सिकाएको छ, अब माओवादी समस्यामा नेपालले सहयोग माग्न सजिलो हुन्छ, नेपालमा पनि अमेरिकी नियोगलाई पूर्ण सुरक्षाको व्यवस्था मिलाउन खबर गर, साथै उनीहरूले मागेको आवश्यक सुरक्षा सहयोग दिनू' भनी निर्देशन बक्स्यो । त्यस्तै सरकारबाट 'सरकार-माओवादीबीच वार्ता विफल भएमा सरकारले माओवादीप्रति कडा रबैया अपनाउनुपर्छ' हुकुम भयो ।

## २०५८ भदौ २८ गते बिहीबार

निर्धारित कार्यक्रम अनुसार सरकारी वार्तोटोली दोस्रो चरणको वार्ताका लागि आज बिहान हेलिकप्टरबाट बर्दिया पुगेको छ । माओवादी वार्तोटोली सदस्यमध्ये हिजो दुई जना नेपालगन्जमा बसेको र कृष्णबहादुर महरा दाङ फर्किएको बुझिएको छ । सरकारले उपलब्ध गराएको हेलिकप्टर प्रयोग नगरी महरा आज बिहान गाडीबाट नेपालगन्ज पुगेका थिए र वार्तोटोलीका अन्य सदस्यका साथ वार्ता स्थलतिर लागेका थिए । बाटोबाटोमा माओवादी समर्थकले उनीहरूलाई स्वागत गरेका थिए । माओवादीले केन्द्रीय जनसरकार गठन गरेको छ । यो कुरा उपयुक्त समयमा सार्वजनिक गर्ने उसको योजना छ । यसै कारण माओवादी वार्तामा गम्भीर देखिएको छैन । कुनै पनि बेला वार्ता भङ्ग हुने सम्भावना छ ।

## २०५८ असोज १ गते सोमबार

पूर्व प्रहरी महानिरीक्षक ध्रुवबहादुर प्रधानले आज मलाई भेटेर 'राजदरबार हत्याकाण्ड

सम्बन्धी सबै विषयलाई तार्किक निष्कर्षमा पुऱ्याएर टुङ्ग्याउनु राम्रो हुन्छ, यस सम्बन्धमा म केही पत्रिकामा लेख लेख्छु, मेरा लेखपछि तत्कालीन युवराजाधिराज दीपेन्द्रका शाही पार्श्ववर्ती गजेन्द्र बोहराको अन्तर्वार्ता प्रकाशित गरौँ, यसका लागि मेरो पार्टी राप्रपामा कुरा गर्छु' भन्नुभयो ।

सरकार-माओवादीबीच वार्ता सफल हुने सम्भावना एकदमै कम छ । त्यसैले वार्ता भङ्ग भएपछि तत्कालै श्री ५ को सरकारले सबै सुरक्षा निकाय परिचालन गर्नुपर्छ । त्यसका लागि सरकारले देशको संविधान, ऐन, कानुन, नियम पालना नगर्ने तथा हत्या-हिंसामा संलग्न रहेको माओवादी र उसका भ्रातृ सङ्गठनलाई अवैध र आतङ्ककारी घोषित गर्नुपर्छ । डर, त्रास र धम्कीका कारण माओवादीमा गएका सबैलाई आममाफी दिई जनधनको क्षतिपूर्ति सरकारले उपलब्ध गराउनुपर्छ । उनीहरूलाई हातहतियार बुझाएर आत्मसमर्पण गर्न लगाउनु र आत्मसमर्पण गर्नेलाई पुरस्कारस्वरूप केही रकम दिनु उपयुक्त हुन्छ । आतङ्ककारी गतिविधिमा लागेकालाई सबै सुरक्षा निकायको प्रयोग गरी कडाइका साथ निःशस्त्रीकरण गर्न जरूरी छ । राजसंस्थाका विरूद्ध आपत्तिजनक बोलेको विषयमा सभामुखको आदेश लिएर सांसद लीलामणि पोखरेललाई कारबाही गर्नुपर्ने हुन्छ ।

रोल्पामा माओवादीको पोलिटब्युरो बैठक सम्पन्न भएको छ । बैठकमा माओवादीले 'जनयुद्ध' जितेको निष्कर्ष निकालेको छ । बैठकमा अध्यक्ष प्रचण्डले 'देशभर गणतन्त्रको नारा लगाउन जारी राख्नुपर्छ, अबको दुस्मन राजा मात्र हुने हुँदा यो नाराले अन्य दललाई समेट्न सजिलो हुन्छ' भनेको बुझिएको छ । नेता रामबहादुर थापाले जनगणतन्त्रमै जानुपर्छ भन्ने धारणा व्यक्त गरेको गुप्तचर स्रोतले उल्लेख गरेका छन् ।

वामपन्थी नेता पद्मरत्न तुलाधर आज बिहान भारतीय दूतावासको कूटनीतिक नम्बरप्लेटको मोटर चढेर उक्त राजदूतावासभित्र प्रवेश गरेको बुझिएको छ । किन गएको भन्ने कुरा खुलेको छैन ।

काङ्ग्रेसमा गिरिजा समूहले संविधान संशोधन गरी अन्तरिम सरकार बनाउनुपर्छ भनेर छलफल गरिरहेको छ । साथै गिरिजाप्रसादले सम्भावित सेना परिचालनका विषयमा समेत शङ्का गरेको बुझिएको छ । उहाँले 'सेनाले मलाई सहयोग गरेन, त्यसैले संविधान संशोधन गरेर भए पनि सेनालाई निर्वाचित सरकारको मातहतमा राख्नुपर्छ, राजगद्दी उत्तराधिकारी ऐन, सैनिक ऐन र अन्तरिम सरकार गठन सम्बन्धी विषयबारे संविधानमा संशोधन गर्नुपर्छ' भनेर काङ्ग्रेसी नेताहरूसँग सल्लाह गरेको बुझिएको छ ।

श्री ५ को सरकारका तर्फबाट वार्ताटोलीमा खटिएका केही सदस्य गणतन्त्र पक्षधर हुन् भन्ने सूचना प्राप्त भएको छ । संविधान संशोधन गरी राजाको विद्यमान अधिकार क्रमशः कटौती गर्दै आम चुनावपछि गणतन्त्रमा जाने भन्ने विषयमा माओवादीसँग उनीहरूको सल्लाह भएको बुझिएको छ । माओवादी वार्ताटोलीका सदस्यहरू काठमाडौं फर्केपछि विभिन्न वाम पक्षका नेतासँग विचार-विमर्श गरिरहेका छन् । उनीहरू कीर्तिपुरस्थित दिलीप महर्जनको घरमा बसेका छन् ।

## २०५८ असोज २ गते मङ्गलबार

सदीप जर्साबले पूर्व प्रधान सेनापति धर्मपालवरसिंह थापा र पूर्व शाही पार्श्ववर्ती ताराबहादुर थापा सँगै दिल्ली गई त्यहाँबाट हरिद्वार गएको कुरा भन्नुभएको छ । साथै उहाँले दरबारका नितान्त निजी प्रसङ्ग समेत पत्ता लगाएर बाहिर ल्याउने गरेको बुझिएको छ । राजदरबारमा कार्यरत कर्मचारी र शाही पार्श्ववर्तीलाई समेत जानकारी नभएका प्रसङ्ग बाहिरबाट सुनिने गरिएको छ । यसबारे गम्भीर हुन आवश्यक छ । दरबारका कुरा र सेनाका अन्य विषयमा समेत उहाँले अनावश्यक टीकाटिप्पणी गर्नुभएको छ । यस सम्बन्धमा शाही जङ्गी अड्डाबाट टेलिफोन मनिटर गर्दा उहाँले *जनआस्था*का किशोर श्रेष्ठलाई दरबार र सेना सम्बन्धी सूचना लिक गर्ने गरेको देखियो ।

संसद्बाट पारित भएर आएको सशस्त्र प्रहरी बल सम्बन्धी विधेयकमा सरकारबाट लालमोहर लागिसकेको छ । आगामी फूलपाती बढाइँको दिन सैनिक मञ्च, टुँडिखेलमा सरकारबाट सशस्त्रलाई बगलामुखीको निसान प्रदान गरिनेछ । सशस्त्रले यसै दिनलाई सशस्त्र प्रहरी दिवसका रूपमा मनाउने तय गरेको छ ।

सर्लाहीको मलङ्गवामा हिजो बेलुकी विश्वकर्मा पूजाको सिलसिलामा हिन्दू र मुसलमानबीच झडप भए पनि हाल स्थिति नियन्त्रणमा छ ।

## २०५८ असोज ४ गते बिहीबार

काठमाडौँका विभिन्न स्थानमा हिजो तोडफोडका घटना भएका छन् । रेडियो नेपालको मोटर पाटनमा जलाइएको छ ।

सरकारबाट आज मलाई हुकुम भयो, 'माओवादीको हिंसात्मक क्रियाकलाप बढ्दै गएकाले काठमाडौँबाहिर कुनै स्थानमा माओवादीका विरूद्ध कारबाही गर्न उपयुक्त हुन्छ कि ? संविधान संशोधनको कुरा चलिरहेको अवस्थामा दरबारको भूमिका के हुन्छ ? दरबारले कस्तो रणनीति बनाउनुपर्ने हो ? यस्ता विषयमा सम्भावित योजनाबारे सोचविचार पुऱ्याउनू ।' साथै सरकारबाट 'माओवादी समस्या समाधान गर्ने जिम्मेवारी श्री ५ को सरकारकै हो । दरबारले माओवादीबारे ज्यादा चिन्ता र चासो लिन थालेमा नकारात्मक प्रभाव पर्न सक्छ' हुकुम हुँदै यसमा विचार पुऱ्याउन निर्देशन बक्स्यो । यसै गरी सरकारबाट राजदरबारको सुरक्षा सुदृढ गर्न आवश्यक योजना बनाउनु र त्यस अनुसार श्री ५ को सरकारसँग बजेट माग गर्न निर्देशन बक्स्यो । सरकारबाट वर्तमान जटिल परिस्थितिमा 'रोमिङ एम्बासडर' को अवधारणामा गई नेपालको समस्या तथा वास्तविकता बुझाउने जिम्मेवारी दिएर केही महत्त्वपूर्ण देशमा खटाउन उपयुक्त हुने कुरा पनि हुकुम भयो ।

## २०५८ असोज १० गते बुधबार

भारतीय स्थल सेनाध्यक्षको नेपाल भ्रमणको कार्यक्रम वर्तमान परिस्थितिका कारण पछि सरेको छ । साथै, प्राप्त खबर अनुसार भारतले नेपालको सीमा क्षेत्रमा सैनिक गतिविधि बढाएको छ । त्यस्तै चीनले पनि नेपालसँग जोडिएको सीमा क्षेत्रमा केही सैनिक

बल थप गरेको खबर छ ।

शाही रक्षक वाहिनीका सुबेदार मेजर र अन्य एक सैनिक लैनचौरस्थित पद्मरत्न तुलाधरको घर प्रवेश गरेको कुरा प्रधान सेनापतिले मलाई खबर गर्नुभयो । उहाँले 'दरबारले यो के गरेको हो, बुझेर मलाई खबर गर्नू' भन्नुभयो । यस सम्बन्धमा बुझ्दा पद्मरत्नको घर परिसरमा प्रेस रहेको हुँदा आउँदो दसैँको शुभकामना कार्ड छाप्न त्यहाँ गएको बुझियो ।

माओवादी वार्तांटोली सदस्य कृष्णबहादुर महरा र अग्निप्रसाद सापकोटा हिजो विराटनगर गई त्यहाँबाट सिलिगुडीतिर लागेको खबर छ ।

माओवादीका विरूद्ध हुने कारबाहीका क्रममा घाइते हुने सशस्त्र प्रहरी, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका सुरक्षाकर्मीलाई सैनिक अस्पताल, छाउनीमै उपचारको प्रबन्ध गर्दा राम्रो हुने देखिन्छ ।

## २०५८ असोज १२ गते शुक्रबार

भारतको पश्चिम बङ्गाल सरकारले नेपालसँग जोडिएका सिमानामा सीमा सुरक्षा बल बढाएर केही नक्सलवादीलाई पक्राउ गरेको छ । भारतीय गुप्तचरहरूले नेपालका माओवादी नेताहरूको समेत खोजी गरिरहेका छन् । यसले गर्दा माओवादी वार्तांटोली सदस्यहरू कृष्णबहादुर महरा र अग्निप्रसाद सापकोटा सिलिगुडी जान नसकेको खबर छ । भारतले अचानक के गर्न खोजेको हो ? सबै पक्षले अनौठो रूपमा लिएका छन् ।

मन्त्रिपरिषद्बाट राष्ट्रिय सुरक्षा परिषद् सचिवालय स्थापनाका लागि दरबन्दी तथा बजेट स्वीकृत भएको छ । यसको संयोजकमा रक्षासचिव र सहसंयोजकमा सेनाका उपरथी रहने व्यवस्था गरिएको छ । साथै सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभागबाट वरिष्ठ अधिकृतहरू समेत गरी हाललाई ५१ जनाको दरबन्दी स्वीकृत भएको छ । यसका लागि आवश्यक जनशक्तिको छनोट राम्रो हुनुपर्छ । यसको कार्यालय सकेसम्म प्रधानमन्त्रीको कार्यालयनजिक हुँदा उपयुक्त हुन्छ । राष्ट्रिय सुरक्षा परिषद् गठनको व्यवस्थासँगै धेरै पहिले नै यो सचिवालय स्थापना भइसक्नुपर्ने थियो । तर सरकारको नेतृत्व सम्हाल्ने दलहरूले ध्यान नदिँदा यतिका वर्षसम्म यो सचिवालय बन्न सकेको थिएन । साथै तत्कालीन प्रधानमन्त्रीहरूको सेनासँगको सम्बन्ध सुमधुर हुन सकेको थिएन ।

नेपालगन्जमा 'इस्लामिक फ्रन्ट' को नामबाट पर्चाबाजी गरिएको छ । उक्त पर्चामा हिन्दू र बौद्धलाई गाली गरी 'ओसामा बिन लादेन जिन्दावाद' लेखिएको छ । नेपालगन्ज क्षेत्रमा मुस्लिमको विशेष केन्द्र खडा गरी शिव सेनाका विरूद्ध कारबाही गर्ने भनेर समेत लेखिएको छ ।

यही असोज २३ देखि ३० गतेसम्म गृहसचिव श्रीकान्त रेग्मीको नेतृत्वमा एक प्रतिनिधिमण्डलले चीनको सद्भावना भ्रमण गर्ने निधो भएको छ ।

केही वर्षअगाडि विभाजन भएका एमाले र मालेबीच एकीकरणका लागि वार्ता सुरु

भएको छ । २०५६ सालको आमनिर्वाचनमा मालेको पत्तासाफ भएपछि मालेका अधिकांश नेताहरू तत्काल एकीकरणको पक्षमा छन् भने मालेको ठूलो युवा पङ्क्ति क्रमशः माओवादीतिर गइरहेको छ । यस्तो अवस्थामा माले कार्यकर्तालाई माओवादीमा जानबाट रोक्न पनि तत्काल एकीकरण आवश्यक मानिएको छ । तर एकीकरण सम्बन्धमा भएका वार्तामा मालेभित्र तीन थरी नेता देखिएका छन् ।

राजदरबारको सुरक्षा व्यवस्था मजबुत बनाउने सिलसिलामा सहायक रथी टीका धमलाको संयोजकत्वमा महासेनानीहरू छविलाल खड्का, केशवराज महत, विनोज बस्न्यात र प्रमुख सेनानीहरू रतीन्द्र खत्री र शशि सिंह सम्मिलित टोली बनेको छ ।

सरकारबाट आज मलाई हुकुम भयो, 'नेपालको परिस्थितिलाई हेरेर भारतले राजनीतिक गतिविधि र सुरक्षामा ज्यादै चासो लिइरहेको छ । यो विषयमा कुरा गर्दा प्रधानमन्त्रीले अनभिज्ञता प्रकट गर्नुभयो । त्यस्तै माओवादीसँग दुई चरणको वार्ता उपलब्धिहीन र गतिहीन भएकाले तेस्रो चरणको वार्तामा सरकारी पक्ष निर्णायक रूपमा प्रस्तुत हुनुपर्छ भनेर मैले प्रधानमन्त्रीलाई सुझाव दिएको छु । प्रधानमन्त्रीले माओवादीको क्रियाकलापप्रति काउन्टर गर्ने सोचाइ बनाएको मलाई जानकारी गराउनुभएको छ ।'

## २०५८ असोज १५ गते सोमबार

दाङ, तुलसीपुरमा विद्यार्थी र प्रहरीबीच झडप चर्केपछि स्थिति नियन्त्रणमा लिन प्रहरीले फायरिङ गर्दा एकको मृत्यु भएको छ र दुई विद्यार्थी घाइते भएका छन् । यसमा माओवादीको घुसपैठ भएको खबर छ । त्यहाँ हिंसा भड्किन नदिन स्थानीय प्रशासनले कर्फ्यु आदेश जारी गरेको छ ।

स्याङ्जामा माओवादी गाउँ जनसरकार प्रमुखले 'अबदेखि जनसरकारको नामबाट नागरिकता लिनू' भनेर स्थानीय जनतालाई आदेश दिएका छन् । होलेरीमा अपहरित प्रहरीमध्ये १७ जनालाई माओवादीले सुर्खेतको राकममा आईसीआरसीलाई हस्तान्तरण गरेको छ ।

खबर अनुसार माओवादी टोलीका सदस्यहरू सिलिगुडी जान नसकेपछि सुटुक्क काठमाडौं फर्किएका छन् । उनीहरू स्वीस नियोगको नाममा दर्ता भएको ५३-सिडी-१ नम्बरको मोटरबाट पद्मरत्न तुलाधरको घरमा गएको बुझिएको छ ।

## २०५८ असोज २२ गते सोमबार

युरोपियन युनियनले माओवादी समस्याबाट विस्थापित भएका सर्वसाधारणका लागि एउटा कोष खडा गर्ने भएको छ । उक्त कोषबाट माओवादीले ध्वंस पारेका भौतिक संरचनाको पुनर्निर्माणका लागि पनि खर्च गर्ने योजना रहेको बुझिएको छ ।

अमेरिकी वायुसेनाका विमान र अरेबियन खाडीमा रहेका अमेरिकी तथा ब्रिटिस जहाजले क्रुज मिसाइलबाट हिजो राति तीन चरणमा अफगानिस्तानका काबुल, जलालाबाद, कान्धार लगायतका स्थानमा आक्रमण गरेका छन् । अमेरिकाले हवाई आक्रमणको

तयारी गरिरहेको खबर चुहाए पनि कुन दिन आक्रमण हुन्छ भन्ने 'अपरेसन प्लान' अति गोप्य राखेको थियो । नेपालमा उक्त आक्रमणको प्रत्यक्ष प्रभाव पर्दैन । तर यस युद्धले पाकिस्तान र भारतलाई समेत प्रभाव पार्न सक्ने हुँदा नेपालमा त्यसको नकारात्मक असर पर्न सक्छ । साथै अमेरिका र बेलायतबाट नेपाललाई आर्थिक सहयोगमा पनि असर पर्न सक्छ । यस सन्दर्भमा नेपालमा रहेका अमेरिकी र बेलायती नियोग तथा अन्य कार्यालयको सुरक्षामा विशेष ध्यान दिनुपर्ने हुन्छ । यो युद्धले गर्दा प्रधानमन्त्री शेरबहादुर देउवालाई काङ्ग्रेस पार्टीमा आफ्नो वर्चस्व बढाउन मदत पुग्ने देखिन्छ ।

यस किसिमको अन्तर्राष्ट्रिय परिस्थितिमा श्री ५ को सरकारले माओवादीसँगको वार्तामा कडा रबैया अपनाउन सक्छ । साथै युरोपियन युनियन जस्ता मुलुकको सहायताको पूर्ण सदुपयोग गरेर जनताको मन पनि जित्न सक्छ । त्यस्तै, सेनालाई आवश्यक बजेट उपलब्ध गराउनुका साथै राष्ट्रिय सुरक्षा परिषद् सचिवालय स्थापना गरेको विषयलाई प्रधानमन्त्रीले सकारात्मक रूपमा लिनुपर्छ । गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुँदा सधैं सेनाले सहयोग गरेन मात्र भन्ने तर सेनालाई वास्ता र विश्वास नगर्ने तथा नेपाल प्रहरीप्रति ज्यादै भरोसा गरी भ्रष्टाचारलाई बढावा दिएको विषयलाई प्रधानमन्त्री देउवाले सार्वजनिक समेत गर्न सक्नुपर्छ । यसबाट उहाँलाई अगाडि बढ्न फाइदा पुग्न सक्छ ।

अधिराजकुमारी प्रेक्षाबाट प्रधान सेनापतिलाई 'स्वामी कमलनयनाचार्यलाई विशेष पूजाका लागि मुक्तिनाथ पठाउनुपर्‍यो, स्वामीसँग अन्य पाँच जना पनि हुन्छन्, सेनाले हेलिकप्टर, आवश्यक पर्ने लत्ताकपडा र खानाको समेत व्यवस्था गरिदिनुपर्‍यो' हुकुम भएको रहेछ । प्रधान सेनापतिले 'यो कुरा प्रमुख सैनिक सचिवबाट गर्न लगाउँदा सजिलो हुन्छ' भन्नुभएछ । यसै प्रसङ्गमा आज सरकारबाट मलाई 'प्रधान सेनापतिलाई भनेर सोनीका लागि हेलिकप्टर तथा अन्य सहयोग मिलाइदेऊ' हुकुम भयो । अधिराजकुमारी प्रेक्षाको राजपरिवारमा बोलाउने नाम सोनी हो । अधिराजकुमारी धेरै वर्षदेखि ढाडको दुखाइबाट अस्वस्थ होइबक्सन्छ । राजदरबारका अधिकांश कार्यक्रममा सहभागी नभएको पनि वर्षौं भइसकेको छ । यही अस्वस्थताका कारण आफ्ना पति पूर्वअधिराजकुमार धीरेन्द्रको मृत्युमा उहाँ एक दिनभन्दा बढी किरिया बस्न सकिबक्सेन । राजदरबार हत्याकाण्डपछि भने उहाँको क्रियाकलाप अकस्मात बढ्यो । उहाँले सोझै सेनाका हवाईजहाज तथा हेलिकप्टर मागी धनगढी, नेपालगन्ज, भैरहवा, पोखरा जस्ता स्थानको भ्रमण गरिबक्सँदै छ । काठमाडौंमा समेत विभिन्न स्थानको भ्रमण, विभिन्न व्यक्तिसँग भेटघाट आदि गरिबक्सेबाट उहाँको पुरानो रोगबारे परिचित सबैलाई आश्चर्य लाग्न थालेको छ ।

प्रधान सेनापतिलाई बेलायती सैनिक सहचारीले हिजो राति अफगानिस्तानमा भएको मिसाइल हमलाबारे फोनमा जानकारी गराउनुभएको रहेछ । त्यस्तै, बेलायती सेनाको विशेष सुरक्षा फौज (एसएएस) का केही टुकडी अफगानिस्तानका कतिपय स्थानमा परिचालन भइसकेको समेत जानकारी गराउनुभएछ । यो कुरा मलाई प्रधान सेनापतिले फोनमा जानकारी गराउनुभयो ।

**२०५८ असोज २३ गते मङ्गलबार**

सशस्त्र प्रहरी महानिरीक्षक कृष्णमोहन श्रेष्ठले फोन गरी 'गृहमन्त्री खुमबहादुर खड्का अस्ट्रेलिया भ्रमणमा हुनुहुन्छ, मेरो स्रोतले त्यहाँ गृहमन्त्रीले माओवादी नेतासँग भेट्ने कार्यक्रम तय भएको जानकारी दिएको छ' भनी जानकारी दिनुभयो । साथै उहाँले आगामी कात्तिक ७ गते सशस्त्रले निसान पाउने दिन रात्रिभोजको आयोजना गरी त्यसमा सरकारलाई निमन्त्रणा टक्र्याउँदा के होला भनी सोध्नुभयो ।

**२०५८ असोज २५ गते बिहीबार**

हुम्लाको सिमीकोटदेखि हिल्सा नाकासम्म माओवादीको क्रियाकलाप बढेको छ । माओवादीले त्यहाँबाट अवैध जडीबुटी चीनतर्फ निकासी गरेर पार्टीलाई आवश्यक लत्ताकपडा तथा अन्य सरसामान ल्याउने गरेको बुझिएको छ । त्यही बाटोबाट उसले हतियार भित्र्याउन सक्ने समेत सम्भावना छ । उक्त क्षेत्रमा नेपालको प्रहरी प्रशासनको उपस्थिति छैन । यस विषयमा चिनियाँ राजदूतलाई जानकारी गराएर चिनियाँ सीमामा निगरानी राख्न आग्रह गर्नुपर्ने हुन्छ ।

राजदरबारभित्रका गतिविधि अनावश्यक रूपमा पत्रपत्रिकामा आउने गरेका छन् । यस विषयमा खोजी तथा अनुसन्धान गर्न सम्बन्धित विभागमा खबर गरिएको थियो । अनुसन्धानपछि त्यसरी पत्रपत्रिकालाई समाचार दिनेमा संवाद सचिवालयका दानदास श्रेष्ठ र घरकाज विभागका राजु डङ्गोल रहेको खुल्न आएको छ । दानदासले कार्यालय समयपछि *नेपाल समाचार पत्र*मा आंशिक रूपमा काम समेत गरिरहेको ज्ञात भएको छ ।

प्रधानमन्त्रीले आज दिउँसो सबै सुरक्षा प्रमुखलाई छलफलका लागि बोलाउनुभएको थियो । सो अवसरमा मुलुकमा विकसित सुरक्षा स्थितिबारे कुरा भएको थाहा भएको छ ।

**२०५८ असोज २६ गते शुक्रबार**

वीरेन्द्र अस्पताल, छाउनीमा कार्यरत प्रमुख सेनानी डा. प्रेमचन्द्रप्रसाद कोइरीले उपचारका लागि भर्ना भएकी एक युवतीलाई बलात्कारको कोसिस गरेछन् । त्यस क्रममा ती महिला चिच्याएपछि त्यहाँ कार्यरत स्वास्थ्यकर्मीले ड्युटी डाक्टरलाई खबर गरेछन् । यस सम्बन्धमा छानबिन सुरु हुँदा डा. कोइरीले तुरुन्तै राजीनामा दिए । कोइरी स्वर्गीय दीपेन्द्र सरकारलाई विशेष मन पर्ने डाक्टर थिए ।

**२०५८ असोज २९ गते सोमबार**

सरकारबाट बडादसैंको अवसर पारेर पारस सरकारलाई श्री ५ युवराजाधिराज घोषणा गर्ने र केही समयपछि पृथुलाधीश बक्सन लागेको मलाई हुकुम भयो । मैले सरकारमा 'अधिराजकुमारलाई अहिले नै युवराजाधिराज घोषणा गर्दा जनमानसमा

नकारात्मक सन्देश जाला कि ? जहिले घोषणा गरे पनि पारस सरकार नै युवराजाधिराज हुने हो । त्यसैले केही समयपछि घोषणा गर्दा बढी उपयुक्त हुन्छ' भनी बिन्ती गरेँ ।

प्रधान सेनापतिले 'सैनिक सचिव (म) उपयुक्त भएनन्, त्यसैले व्यावसायिक रूपमा दक्ष रथी भिक्ट्रीशमशेर जबरालाई प्रमुख सैनिक सचिव बनाएर पठाउन उपयुक्त हुन्छ' भनेर आफूनिकटका सैनिक अधिकृतसँग सल्लाह गरेको बुझिएको छ ।

## २०५८ कात्तिक २ गते बिहीबार

माओवादी वार्ताटोली काठमाडौँबाहिर जाने र फर्कने क्रम तीव्र भएको छ । यसै सन्दर्भमा पुनः काठमाडौँ आउँदा टोलीलाई थानकोटमा माओवादी कार्यकर्ताले फूलमाला सहित स्वागत गरे । पुरानै नारा दोहोरिए । थानकोटमा माओवादी कार्यकर्ता मोतीकृष्ण शाक्यको घरमा बिहानको खाना खाएर त्रिपुरेश्वरस्थित होटल अर्किडमा दिउँसो पत्रकार सम्मेलन गर्ने उनीहरूको कार्यक्रम छ ।

आगामी दसैँको कोजाग्रत पूर्णिमाका दिन सरकार भक्तपुरस्थित नवदुर्गा भवानीको दर्शन गर्न जाने कार्यक्रम छ । त्यहाँस्थित तलेजु भवानीको मन्दिर जीर्णोद्धार भइरहेकाले यसै क्रममा त्यसको समेत निरीक्षणको कार्यक्रम तय भएको छ । पूर्व शाही पार्श्ववर्ती महासेनानी सुन्दरप्रताप रानालाई उक्त स्थानको निरीक्षण गरी समन्वय गर्न पठाइएको छ ।

## २०५८ कात्तिक ३ गते शुक्रबार

सरकारबाट आज बेलायती सेनाका ब्रिगेड अफ गोर्खाजका कर्णेल कमान्डेन्ट जनरल सर शाम काओनलाई दर्शन बक्स्यो । उहाँ नेपालका केही जिल्लाको स्थलगत भ्रमण गरेर फर्कनुभएको थियो । भेटमा जनरल काओनले नेपालका विभिन्न ग्रामीण इलाकामा बेलायतको सहयोगमा सञ्चालित गोर्खा वेलफेयर कार्यक्रमबारे सरकारलाई जानकारी गराउनुभयो । त्यस्तै, उहाँले बिन्ती गर्नुभयो, 'विभिन्न स्थानको भ्रमणका क्रममा स्थानीय जनता माओवादीप्रति रूष्ट भएको पाएँ । स्थानीय तहमा श्री ५ को सरकारको उपस्थिति ज्यादै न्यून छ । सबै तहमा भ्रष्टाचार बढेको कुरालाई लिएर जनताले गुनासो गर्ने गरेको बुझियो । हाल केही जिल्लामा जारी एकीकृत आन्तरिक सुरक्षा तथा विकास कार्यक्रम निकै प्रभावकारी भएकाले यसलाई अझ व्यापक बनाउनुपर्ने देखिन्छ । यस कार्यक्रममा राजनीतिक प्रतिबद्धताको खाँचो छ । माओवादीले उठाएका राजनीतिक मुद्दा राजनीतिक तवरबाटै समाधान हुनुपर्छ । राजनीतिक विषयमा सैनिक समाधान खोजिनु हुँदैन ।'

सो अवसरमा सरकारबाट शाही नेपाली सेनाका निम्ति प्राप्त बेलायती सहयोगका लागि धन्यवाद बक्स्यो । साथै भविष्यमा पनि सहयोगको निरन्तरताका लागि पहल गरिदिन उहाँलाई हुकुम भयो । यसै गरी सरकारबाट विदेशीले नेपालको आन्तरिक मामिलामा अनावश्यक रूपमा चलखेल गरी नेताहरूलाई दुरूपयोग गरिरहेको बारे चर्चा

गरिबक्स्यो । दर्शनभेटपछि जनरल काओनलाई सरकारबाट डिनर बक्सेको थियो । डिनरमा प्रधान सेनापति प्रज्वल्लशमशेर जबरा, बलाधिकृत रथी प्यारजङ्ग थापा, मानार्थ शाही पार्श्ववर्तीहरू र म समेत सहभागी भयौँ ।

## २०५८ कात्तिक १४ गते मङ्गलबार

विभिन्न जिल्लामा स्थानीय तहबाट माओवादीका विरूद्ध प्रतिकार समूह गठन भएका छन् । यसै सिलसिलामा तेह्रथुम, नुवाकोट र जुम्लामा माओवादीसँग प्रतिकार समूहको झडप भएको छ । यस क्रममा माओवादीबाट प्रहरीले केही हतियार समेत बरामद गरेको खबर छ । यसका साथै देशका विभिन्न स्थानमा माओवादीको क्रियाकलाप पनि उग्र रूपमा बढेको छ ।

यी विषय जाहेर हुँदा सरकारबाट 'माओवादीका विरूद्ध प्रतिकार गरिरहेका समूहलाई सुरक्षा निकाय र राज्यबाट सहयोग गर्न लगाउनू' हुकुम भयो । त्यस्तै 'खुम्बुवान तथा मधेशी मुक्तिमोर्चालाई समेत माओवादीका विरूद्ध उतार्न सके सकारात्मक प्रभाव हुने' सुझाव बक्स्यो ।

भारतीय गुप्तचर संस्था रअका उपप्रमुख एसके सिन्हा बिदा मनाउन काठमाडौं आउनुभएको छ । उहाँले प्रधानमन्त्री, गृहमन्त्री र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्मासँग भेट्ने कार्यक्रम छ ।

दसैंको अवसरमा महाराजाधिराजबाट पारस सरकारलाई युवराजाधिराज घोषणा गरिएकोमा मिश्रित प्रतिक्रिया आएको छ । माओवादी, संयुक्त जनमोर्चा र मसालले घोषणाको उग्र विरोध गरेका छन् । मानव अधिकारवादी पद्मरत्न तुलाधर, कृष्ण पहाडी र काङ्ग्रेसका नेता नरहरि आचार्यले नकारात्मक टिप्पणी गरेका छन् । माले महासचिव वामदेव गौतम र राधाकृष्ण मैनाली यो घोषणाको पक्षमा देखिनुभएको छ भने राजेन्द्र श्रेष्ठ, केशवलाल श्रेष्ठ लगायतका नेता तीव्र विरोधमा छन् । मालेको विद्यार्थी सङ्गठन अनेरास्ववियुले पनि युवराजाधिराज घोषणाको तीव्र विरोध गरेको छ । त्यस्तै, भारतीय टेलिभिजन च्यानल जीटीभी र स्टार टीभीले यसबारे नकारात्मक समाचार प्रसारण गरे । यता, सेना र सैनिक अधिकृत श्रीमती सङ्घले युवराजाधिराजमा शुभकामना जाहेर गर्ने योजना बनाएका छन् । यसै क्रममा युवराजाधिराजको पहिलो अन्तर्वार्ताका लागि *कान्तिपुर* दैनिकबाट अनुरोध आएको छ । मैले सरकारको आगामी शुभजन्मोत्सव पुस १५ गतेको अवसर पारेर *कान्तिपुर*मा अन्तर्वार्ता प्रकाशित गर्दा सकारात्मक सन्देश जाने भनी जाहेर गरें ।

## २०५८ कात्तिक २० गते सोमबार

भारतीय स्थलसेनाध्यक्षको मङ्सिर ४ देखि ७ गतेसम्म तय गरिएको नेपाल भ्रमणको कार्यक्रम पुनः स्थगित भएको छ ।

नुवाकोट जिल्लाको फलाटेमा आज माओवादीले गाउँलेलाई कुटपिट गरी केहीलाई

घाइते बनाएका छन् । स्थानीय प्रशासनको आग्रहमा उक्त स्थानमा सेनाको भैरवनाथ गणबाट एक गुल्म फौज पठाएर रातभर सैनिक कारबाही गर्ने योजना छ ।

श्री ५ को सरकारले नेपालमा दोस्रो पटक हुन लागेको दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) शिखर सम्मेलन आगामी पुस २० देखि २२ गतेसम्म आयोजना गर्ने कार्यक्रम तय गरेको छ ।

माओवादी क्रियाकलाप उग्र रूपमा बढेको छ । युवराजाधिराज घोषणापश्चात माओवादीले नकारात्मक प्रचार गर्ने क्रममा थुप्रै ठाउँमा सडक नाटक प्रदर्शन गरेको छ । विभिन्न स्थानमा माओवादी हत्या र हिंसाका विरूद्ध प्रतिकार समेत भइरहेको छ । जनताको स्वस्फूर्त प्रतिकारका कारण माओवादीले जबर्जस्ती गाउँ जनसरकारमा राखेका व्यक्तिहरूले राजीनामा दिन थालेका छन् । एकीकृत आन्तरिक सुरक्षा तथा विकास योजना कार्यान्वयनका लागि खटिएका सेनाका युनिटहरूले आवश्यक परेका बेला प्रहरीलाई सहयोग पुऱ्याउन समेत थालेका छन् । हाल काठमाडौँमा अराजकता र अनुशासनहीनता बढेकाले सवारी दुर्घटना र चोरीका घटनामा तीव्र वृद्धि भएको छ । यसतर्फ यथाशक्य चाँडो प्रहरी प्रशासनको ध्यान जानुपर्ने हुन्छ ।

## २०५८ कात्तिक २४ गते शुक्रबार

रक्षासचिव पदमकुमार आचार्य मलाई भेट्न आउनुभयो । त्यस क्रममा उहाँले भन्नुभयो, 'मेरो हालै सम्पन्न चीन भ्रमणबाट म पूर्ण सन्तुष्ट छु । चिनियाँ पक्षबाट भ्रमणलाई लिएर सकारात्मक अभिव्यक्ति आयो । भ्रमणको अवसरमा चिनियाँ रक्षामन्त्री र सेनाका उपप्रमुखसँग भेट भयो । चिनियाँहरूले स्वर्गीय श्री ५ वीरेन्द्रबारे ज्यादै सद्भाव राखेर कुरा गरे । सरकारलाई चीनको अनन्य मित्र समेत भने । त्यस्तै चिनियाँ अधिकारीहरूले नेपालले भारतसँग पनि राम्रो सम्बन्ध राख्नुपर्छ भन्ने सुझाव दिए । मैले नेपालमा हाल भइरहेको माओवादी हिंसात्मक गतिविधि र श्री ५ को सरकारबाट चलाइएका आन्तरिक सुरक्षा तथा विकास योजनाबारे ब्रिफ गरेँ । यसप्रति चिनियाँ पदाधिकारीले समर्थन जनाएका छन् ।'

रक्षासचिवको भ्रमण टोलीमा रहेका सहायक रथी दिलीप रायमाझीले पनि चीन भ्रमणबारे मलाई जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, "चिनियाँ रक्षामन्त्रीसँगको भेटमा उहाँले स्वर्गीय राजा वीरेन्द्रको धेरै प्रशंसा गर्नुभयो । उहाँको भनाइ थियो, 'राजा वीरेन्द्र चिनियाँ राष्ट्रपतिको धेरै नजिकको साथी हुनुहुन्थ्यो । राजा वीरेन्द्रको हत्याबाट राष्ट्रपतिलाई धेरै शोक पऱ्यो । राष्ट्रपति आफैँ शाही नेपाली राजदूतावास गएर समवेदना पुस्तिकामा हस्ताक्षर गर्नुभयो । यसले स्वर्गीय राजा वीरेन्द्रप्रति ज्यादै श्रद्धा झल्काउँछ । चिनियाँ राष्ट्रपतिले यस्तो कार्य इतिहासमा पहिलो पटक गर्नुभएको हो ।' त्यस्तै चिनियाँ रक्षामन्त्रीले 'राजदरबार हत्याकाण्डबारे चिनियाँ जनतामा शङ्का छ, त्यसैले नयाँ राजाबाट आफ्नो विदेश भ्रमण चीनबाट सुरु गरेमा चिनियाँ जनतामा विश्वासको वातावरण बढ्छ' भन्नुभयो । साथै उहाँले 'चीन शाही नेपाली सेनालाई धेरै सहयोग गर्न तत्पर छ, तर

सेनालाई सोझै सहयोग गर्दा वर्तमान महाराजाधिराजलाई असजिलो पर्न सक्छ, त्यसैले सेनाले श्री ५ को सरकार मार्फत नै सहयोगका लागि आग्रह गर्दा राम्रो हुन्छ' भन्नुभयो । चीन विश्वमा कुनै पनि खालको आतङ्कवादका विरूद्धमा छ, आतङ्कको आडमा धर्म, संस्कृति जस्ता विषयमा कुनै पनि मुलुकका जनताको आस्थाप्रति आक्रमण हुनु हुँदैन भन्दै उहाँले चीनले अमेरिकाको आधिपत्य स्वीकार गर्न नसक्ने स्पष्ट पार्नुभयो । त्यस्तै, 'चिनियाँ जनमुक्ति सेनाका उपप्रमुख जनरल दर्जाको उच्च व्यक्ति र चिनियाँ सेनाको रणनीतिकार हुनुहुन्छ, त्यसैले उहाँलाई नेपाल भ्रमण गराउन सके दुई सेनाबीच अझ सुमधुर सम्बन्ध हुन सक्छ' भन्ने चिनियाँ रक्षामन्त्रीको सुझाव थियो । साथै, अर्को १० वर्षमा चीनले तिब्बतलाई राम्रोसँग विकास गर्ने र यसबाट नेपाललाई पनि प्रत्यक्ष लाभ हुने उहाँको भनाइ थियो ।"

काङ्ग्रेसभित्र गिरिजा समूहले प्रधानमन्त्री शेरबहादुर देउवालाई पदबाट हटाउने खेल सुरु गरेको बुझिन्छ । यसै प्रसङ्गमा कोइरालाले गृहमन्त्री खुमबहादुर खड्कालाई फोन गरी 'देउवाले माओवादी अनुकूल काम मात्र गरिरहेका छन्, तपाईंले यसमा विचार पुऱ्याउनुपर्‍यो' भनेको बुझिएको छ ।

सप्तरी जिल्लामा मधेशी जनअधिकार सरोकार मञ्च र मधेशी राष्ट्रिय मुक्ति मोर्चाले संयुक्त कार्यक्रम आयोजना गरेका थिए । त्यसमा मञ्चका उपेन्द्र यादव र मोर्चाकी सरस्वती चौधरीले राजसंस्थाबारे अत्यन्तै आपत्तिजनक मन्तव्य दिए । कार्यक्रममा सरकारको तस्बिरमा कालो मोसो पोतेर जुत्ताको माला लगाइदिएको समेत खबर छ । यस घटनालाई लिएर स्थानीय प्रशासनलाई कारबाहीका लागि निर्देशन गएको छ ।

सरकार गएको दसैंमा आलमदेवी भगवतीको दर्शन गर्न स्याङ्जा सवारी होइबक्सेको थियो । त्यस अवसरमा त्यहाँका पुजारी मगरले स्थानीय मगर युवाहरूलाई सेना र प्रहरीमा भर्ना गरिदिन जाहेर गरेका थिए । साथै उनले गाउँमा खानेपानीको व्यवस्था गरिदिन आग्रह गरेका थिए । आज सरकारबाट यसबारेमा आवश्यक कारबाही गर्न निर्देशन बक्स्यो । साथै सरकारबाट 'नेपाल अधिराज्यभरका पुराना दरबार मर्मत-सम्भार गर्न आवश्यक छ' हुकुम हुँदै 'सबै दरबारलाई राजदरबार अन्तर्गत राख्ने या नराख्ने र यदि कुनै दरबार राजदरबार अन्तर्गत राख्न ठीक छैन भने सोही बमोजिम गर्न र यस सम्बन्धी अस्पष्ट कुरालाई प्रस्ट गरी लागू गर्ने नीति तय गर्न' निर्देशन बक्स्यो ।

## २०५८ कात्तिक २७ गते सोमबार

प्रधानमन्त्री शेरबहादुर देउवाले हिजो आफ्नो निवासमा राजपरिषद् स्थायी समितिका सभापति डा. केशरजङ्ग रायमाझी र काङ्ग्रेस नेता डा. नारायण खड्कालाई डिनर दिएको बुझिएको छ । डिनरमा डा. रायमाझीलाई माओवादीसँग चलेको वार्तालाई सफल पार्न सहयोग गरिदिन आग्रह गरेको जानकारी प्राप्त भएको छ ।

केही दिनअघि अधिराजकुमारी प्रेक्षा नेपालगन्ज सवारी भएको थियो । आज बिहान सवा ८ बजे नेपालगन्जबाट हेलिकप्टरमा मुगुको राराका लागि उडान गरी सवा १० बजे

उक्त स्थानमा अवतरण गरिबक्सेछ । करिब ११ बजेतिर नेपालगन्जका लागि फिर्ता हुन हेलिकप्टरले उडान सुरु गर्‍यो । उडान सुरु गरेको एक मिनेटमै हेलिकप्टर रारा तालमा खस्यो । चालक दलका सदस्य तथा सबै यात्रु हेलिकप्टरसँगै रारा तालमा डुबे । करिब साढे ११ बजे डा. ऋषि खत्री र करिब साढे १२ बजे सुश्री शारदा सिंहको शरीर पानीमा तैरिएको अवस्थामा देखियो । दुवैको शरीरलाई त्यहाँका सैनिकले बाहिर निकाले । अन्य यात्रु र हेलिकप्टरको व्यापक खोजी भयो । तर केही भेट्न सकिएन । दिउँसो ३ बजे अधिराजकुमारीको शरीर पानीमा तैरिएको अवस्थामा फेला पारी नजिकै रहेको सेनाको ब्यारेकमा लगियो र साढे ३ बजे उहाँलाई मृत घोषित गरियो । काठमाडौंबाट बिहानै उद्धारका लागि त्यसतर्फ गएको सेनाको हेलिकप्टर र उद्धार टिमले अधिराजकुमारीको शवलाई नेपालगन्ज हुँदै काठमाडौं ल्यायो । उहाँको शवलाई त्रिभुवन विमानस्थल, भीभीआईपी परिसरबाट शवयात्रा गरी आर्यघाट लैजाने योजना थियो । आखिरी समयमा उहाँका छोरीहरूको इच्छा अनुसार शवलाई जीवनकुञ्ज, महाराजगन्ज ल्याइयो । त्यहाँ अन्तिम श्रद्धाञ्जलिको कार्यक्रम भयो । अन्तिम श्रद्धाञ्जलि अर्पण गर्न महाराजाधिराज पनि सवारी होइबक्सेको थियो । शवलाई आजै अन्तिम संस्कारका लागि पशुपति, आर्यघाट लगियो । राति करिब साढे १२ बजे दागबत्ती दिने कार्यक्रम सम्पन्न भयो ।

आईएसडीपीमा कार्यरत सेनाका जवानले स्थानीय भत्ता पाएका छैनन् । विकास निर्माणका कार्यक्रम अघि बढाउन र सेनाले सञ्चालन गर्ने भनेको जनताको मन–मस्तिष्क जित्ने कुनै पनि कार्यक्रमका लागि बजेट पुगेको छैन । साथै, विभिन्न सरकारी कार्यालयबाट यस कार्यक्रमका लागि खटिएका कर्मचारी समेत कार्यस्थलमा नपुगेको सेनाको गुनासो छ ।

## २०५८ कात्तिक २८ गते मङ्गलबार

श्री ५ को सरकार र माओवादीको वार्ताटोलीबीच आज अपराह्न ४ बजे गोदावरी भिलेज रिसोर्टमा पुनः वार्ता सुरु भएको छ । तर, दुवै पक्षका आ–आफ्ना अडानका कारण वार्ता कुनै सकारात्मक दिशातिर उन्मुख हुने देखिँदैन ।

## २०५८ मङ्सिर ४ गते सोमबार

तिहार बिदापछि आज कार्यालय गएँ । विगत केही दिनका घटनाक्रम विश्लेषण गर्दा देशमा शान्ति–सुरक्षाको स्थिति पहिले जस्तै छ । काठमाडौंमा चोरी तथा अन्य आपराधिक घटना बढेको छ । माओवादीले तिहारको समयमा कुनै पनि हिंसात्मक तथा अराजक गतिविधि गरेन । श्री ५ को सरकार र माओवादीबीचको वार्ता बिनानिष्कर्ष टुङ्गियो । अर्को चरणको वार्ता यही महिनाको दोस्रो साता गर्ने निधो भएको छ ।

रारा तालमा हेलिकप्टर दुर्घटनामा परी दिवङ्गत अधिराजकुमारी प्रेक्षाको कालो ह्यान्डब्याग गत मङ्सिर १ गते पानीमा उत्रिएको अवस्थामा फेला पर्‍यो । ब्यागमा १७ हजार ५ सय रुपैयाँ नगद, सुनका सिक्का २ थान, सामान्य सिक्का ४ थान,

पर्फ्युमको सिसी १ थान, चाँदीको बट्टा १ थान, आई लाइनर १ थान, नेलकटर १ थान र औषधि प्याकेट १ थान थियो । सेनाले सुरक्षित रूपमा दरबार पठाएको ब्याग सरकारलाई बुझाइयो ।

जुम्ला सदरमुकाम खलङ्गामा तैनाथ सशस्त्र प्रहरी गण नम्बर ४ मा राति प्रहरी निरीक्षक ईश्वरनाथ पाण्डेले ड्युटी जाँच गर्दा प्रहरी जवान युद्धबहादुर बीसी सिभिल ड्रेसमा भेटिए । साथै ती प्रहरी जवानले रक्सी सेवन गरेका थिए । त्यस्तो अवस्थामा भेटिएका बीसीलाई गाली गर्दा उनले प्रहरी निरीक्षक पाण्डेलाई गोली प्रहार गरे । संयोगवश गोली प्रहारबाट पाण्डे घाइते मात्र भए । प्रहरी जवान बीसी हतियार सहित फरार भएको हुँदा खोजी जारी छ ।

प्रधान सेनापतिले फोनमा 'पूर्वरक्षासचिव मुकुन्दशमशेर थापाले आफूलाई भारत, चीन अथवा बेलायतका लागि राजदूतमा सिफारिस गर्न सरकारमा जाहेर गरिदिनुपर्‍यो भन्नुभएको छ, यो कुरा सरकारमा जाहेर गरिदिनू' भन्नुभयो ।

गत मङ्सिर २ गते बिहान सवा ११ बजे यती एयरलाइन्सको जहाज जुम्ला विमानस्थलमा गिद्धसँग ठक्कर खाएपछि चालकले आपत्कालीन अवतरण गरेका थिए । त्यस घटनामा चालक क्याप्टेन कोषबहादुर थापाको निधारमा सामान्य चोट लागेको खबर छ ।

सार्क सम्मेलनका क्रममा सुरक्षा तथा अन्य बन्दोबस्तीका लागि सेनाले पछाडि बसेर सहयोग गर्ने भएको छ । त्रिभुवन आर्मी अफिसर्स क्लबमा कमान्ड कन्ट्रोल कक्ष खडा गरी सुरक्षा व्यवस्था निगरानी गरिनेछ । सेनाका उपरथीको कमान्डमा रहने कन्ट्रोल कक्षमा सबै सुरक्षा अङ्गका वरिष्ठ अधिकृत रहनेछन् र चौबीसै घण्टा सुरक्षाकर्मी परिचालन गरिनेछ ।

युरोपियन युनियनले नेपालमा जारी माओवादी समस्या समाधानका लागि आर्थिक रूपले कसरी सहयोग गर्न सकिन्छ भन्नेबारे थप जानकारी लिने भएको छ । यस क्रममा अमेरिकी, बेलायती र नर्वेजियन दूतावासका कर्मचारी सम्मिलित टोली गोरखामा जारी आईएसडीपी कार्यक्रमको अवलोकन गर्न त्यसतर्फ गएको छ । स्थानीय निकायको चुनावको अनिश्चितता र अनियन्त्रित भ्रष्टाचारका कारण श्री ५ को सरकारलाई आर्थिक सहयोग गर्न युरोपियन युनियन सकारात्मक छैन । उसले विकास निर्माणको बजेट प्रत्यक्ष रूपमा सेनालाई दिन सक्ने धारणा बनाउने या एनजीओ मार्फत खर्च गर्ने सोचाइ राखेको देखिन्छ ।

अमेरिकामा प्राध्यापन गर्ने डा. जनार्दन सुवेदीले सरकारसँग 'अमेरिकाको कुनै ख्यातिप्राप्त विश्वविद्यालयबाट सरकारमा मानार्थ विद्यावारिधिको उपाधि चढाउने व्यवस्था गर्ने' प्रसङ्गमा कुरा गर्नुभएको रहेछ । यस विषयमा सरकारबाट आज मलाई 'हाललाई यो उपाधिको कार्यक्रम नराख्न खबर गरिदिनू' हुकुम भयो ।

माओवादीले आगामी पुस १ गते राजधानीमा बृहत् आमसभा गर्ने योजना बनाएको छ । यसलाई पनि असोज ५ गते जस्तै पहिले नै रोक्नुपर्ने हुन्छ । माओवादीले

रोल्पा, रूकुम र बागलुङ जोडिएको ठूलो क्षेत्रलाई आफ्नो नियन्त्रणमा राखेकाले सो क्षेत्रमा सेनाले अपरेसन गर्नुपर्छ भन्ने सुझाव आएको छ । यसैबीच एमाले र काङ्ग्रेसका केही गणतन्त्रवादी नेतासँग माओवादीले गणतन्त्रको कुरा अगाडि बढाउन अनुरोध गरेको छ । माओवादीको उद्देश्य नेपालमा जनगणतन्त्र स्थापना गर्ने भए पनि हाललाई गणतन्त्रका लागि सहकार्य गर्ने ठाउँ छ भनी उनीहरूबीच कुरा हुने गरेको बुझिएको छ ।

सरकारबाट 'प्रधानमन्त्रीले राजस्व सम्बन्धी अध्यादेश ल्याउन लागिएको र त्यसमा सेनाको प्रमुख भूमिका हुनेबारे विचार हुँदै छ भनेर जानकारी गराएको' हुकुम भयो । त्यस्तै 'आईएसडीपी कार्यक्रम लागू गर्न जिल्लाहरू बढाउँदै लैजानुको सट्टा लागू भइसकेका स्थानमा अझ प्रभावकारी (कन्सोलिडेट) रूपमा सञ्चालन गर्नुपर्ने' निर्देशन बक्स्यो । यसै अवसरमा मैले 'सुरक्षा र प्रशासनिक दृष्टिकोणबाट सरकार निर्मल निवासको सट्टा राजदरबारमा नै राज भए उपयुक्त हुने' कुरा जाहेर गरेँ । सरकारबाट 'यो वर्ष नसर्ने, अर्को वर्ष जेठ १९ पछि साइत हेरेर सरौँला' हुकुम भयो ।

## २०५८ मङ्सिर ७ गते बिहीबार

हिजो माओवादी अध्यक्ष प्रचण्डले वक्तव्य जारी गरी आफ्ना कार्यकर्तालाई भूमिगत बस्न र आक्रमणका लागि तयार रहन निर्देशन दिएका छन् । प्रधान सेनापति प्रज्वल्लशमशेर जबरा मङ्सिर ८ देखि १८ गतेसम्मको जर्मनी भ्रमणको सिलसिलामा अहिले अस्ट्रियाको राजधानी भियना पुग्नुभएको छ । माओवादीको वक्तव्यपछि प्रधान सेनापति भ्रमणलाई छोट्याएर मङ्सिर १५ गते फर्कनुहुने भएको छ । जर्मनी र अस्ट्रियामा उहाँले सेनालाई आवश्यक हतियार र विस्फोटक पदार्थ निर्माण गर्ने मेसिनरी हेर्ने कार्यक्रम छ ।

दाङ जिल्लाको झिमरामा रहेको स्वर्गद्वारी आश्रमको जग्गाबाट उपलब्ध भएको दुई-तीन सय मुरी धान माओवादीले हिजो राति जलाइदिए ।

काङ्ग्रेस सभापति कोइराला पक्षधरले प्रधानमन्त्री देउवाका विरूद्ध हस्ताक्षर अभियान सुरु गरेका छन् । हस्ताक्षर गर्ने सांसदको सङ्ख्या ६६ पुर्‍याउने र माओवादीसँगको वार्ता भङ्ग हुनासाथ पार्टीमा दर्ता गर्ने योजना बनाएको बुझिएको छ ।

आज मलाई सरकारबाट 'संविधान संशोधन वा संविधानसभामा जाने हो भने दरबारबाट कुनकुन विषयमा विचार पुर्‍याउनुपर्ने हो, त्यसमा आधारित भएर एउटा अवधारणापत्र तयार पार्नुपर्छ, त्यसमा संविधानको संरक्षण भनेको के हो भन्नेबारे प्रस्ट उल्लेख हुनुपर्छ, प्रजातन्त्र र पार्टीभन्दा राष्ट्र र जनता ठूलो कुरा हो भन्ने भावना समेत समेटिनुपर्छ' भन्ने हुकुम भयो ।

## २०५८ मङ्सिर ९ गते शनिबार

माओवादीले दाङको सदरमुकाम घोराहीनजिक रहेको सेनाको भगवतीप्रसाद गुल्ममा हिजो साँझ ७ बजेदेखि आकस्मिक आक्रमण गरेको छ । उसले जिल्ला प्रहरी र प्रशासन

कार्यालयका साथै अन्य सरकारी कार्यालयमा पनि एकैसाथ हमला गरेको छ । त्यस्तै स्याङ्जा जिल्लाको सदरमुकाममा पनि माओवादी आक्रमण भएको छ । उनीहरूले विभिन्न स्थानमा चार वटा बैङ्कबाट रकम लुटेका छन् । आज बिहान ३ बजेसम्मको खबर अनुसार माओवादीले दाङ र स्याङ्जा सदरमुकाम कब्जा गरेका छन् । घोराहीमा सेनाको गुल्मलाई नियन्त्रणमा लिएर त्यहाँ रहेका सबै हतियार कब्जा गरिएको छ । आक्रमणमा गुल्मपति सहित १४ सैनिक मारिएका छन् । प्रहरीतर्फ २२ जना मारिएका छन् । माओवादीको आक्रमणको खबर पाउनासाथ काठमाडौँबाट विशेष फौज तथ बुटवल र नेपालगन्जबाट समेत सैनिक टोली थप मदतका लागि त्यसतर्फ परिचालन गरिएको छ । यस घटनाबारे विस्तृत विवरण आउन बाँकी छ । माओवादीले एकै समयमा राँके जुलुस, फायरिङ, विस्फोटन तथा आक्रमण गरी विभिन्न ५० स्थानमा आफ्नो प्रभाव देखाएको छ ।

म बिहान ७ बजे जाहेरीका लागि निर्मल निवास पुगेँ । हिजो बेलुका पनि मैले दाङ आक्रमणको खबर पाउनसाथ सरकारमा जाहेर गरेको थिएँ । जाहेरीका क्रममा सरकारबाट दरबारका सबै सचिवलाई बोलाउन हुकुम भयो । प्रधान सेनापतिलाई तुरुन्त काठमाडौँ फर्कन खबर गर्ने कुरा तय भयो । सेनाका सम्पूर्ण युनिटलाई उच्च सतर्कतामा रहन निर्देशन दिने र ४ नम्बर वाहिनी, सुर्खेतलाई लुटिएका हतियार नियन्त्रणमा लिन आदेश दिने निर्णय भयो । दाङ र स्याङ्जा घटनाबारे प्रारम्भिक अनुसन्धान गरी क्षतिपूर्तिको विवरण सकेसम्म चाँडो लिन पनि सरकारबाट हुकुम बक्स्यो । माओवादी आक्रमणको प्रतिकार गर्न नसक्नु र यति ठूलो आक्रमणको तयारीबारे समेत पत्तो पाउन नसक्नु कसको कमजोरी हो भनेर प्रश्न उठ्नु स्वाभाविक हो । यसमा इन्टेलिजेन्सको असफलता देखिन्छ । यसबारे समेत तुरुन्तै छानबिन हुनुपर्छ । माओवादीले राप्ती अञ्चलको कुनै जिल्लामा ठूलो आक्रमण गर्ने तयारी गरेकोबारे माओवादी स्रोतबाट पहिले नै गोप्य सूचना प्राप्त भएको थियो । त्यस अनुसार सेनालाई पनि सतर्कता अपनाउन भनिएको थियो । तर दाङ ब्यारेकस्थित गुल्मपतिले सूचनालाई 'ट्याक्टिकली' व्यवहारमा उतार्न सकेनन् । माओवादीबारे उक्त ब्यारेकले कुनै पनि स्थानीय सूचना सङ्कलन गर्न सकेन र पूर्वसूचना दिंदा पनि माओवादी आक्रमणबारे कुनै सतर्कता अपनाउन सकेको देखिएन । असावधानीकै कारण यति ठूलो क्षति ब्यहोर्नुपरेको प्रारम्भिक रिपोर्ट छ ।

प्रधानमन्त्रीले पनि उक्त आक्रमणको खबर पाउनासाथ आजै मन्त्रिपरिषद् को आकस्मिक बैठक बोलाई माओवादीका विरूद्ध सेना परिचालन गर्ने, उनीहरूलाई आतङ्ककारी घोषणा गर्ने र देशमा सङ्कटकाल लगाउनेबारे छलफल गर्नुभएको छ । त्यस्तै, प्रधान सेनापति स्वदेश फर्कनासाथ राष्ट्रिय सुरक्षा परिषद्को बैठकबाट सेना परिचालन सम्बन्धी निर्णय लिने कुरा भएको छ ।

यस घटनालाई लिएर सरकारबाट आज प्रधानमन्त्री तथा सबै सुरक्षा प्रमुखसँग परामर्श गरिबक्स्यो ।

## २०५८ मङ्सिर ११ गते सोमबार

माओवादीले सोलुखुम्बु जिल्लाको सदरमुकाम सल्लेरीमा गए राति साढे ११ बजेदेखि आक्रमण गरेको छ । दुवै पक्षबाट बिहानसम्म फायरिङ भएको थियो । काठमाडौँबाट राति विशेष फौजलाई २ नम्बर वाहिनी, हिलेतर्फ पठाइएको छ । माओवादीले प्रमुख जिल्ला अधिकारी, दुई प्रहरी निरीक्षक, २७ प्रहरी जवान र ४ सैनिक सहित ३४ जनाको हत्या गरेको छ । साथै १५ जना माओवादी लडाकु मारिएका छन् ।

प्रधानमन्त्रीले सोलु घटनालाई लिएर मन्त्रिपरिषद्को आकस्मिक बैठक बोलाउनुभएको छ । बैठकले सङ्कटकाल घोषणा गर्नका लागि संसद्मा अध्यादेश पेस गर्ने निर्णय गरेको छ । त्यस्तै, एक वर्षका निम्ति माओवादीका विरूद्ध सेना परिचालन गर्ने समेत निर्णय गरेको छ । उक्त निर्णय राष्ट्रिय सुरक्षा परिषद्बाट पास गराउने समेत निर्णय भएको छ । सरकारबाट मलाई 'सङ्कटकाल र सेना परिचालन देशका लागि पहिलो निर्णय भएकाले यसले भविष्यमा नजिर स्थापना गर्ने हुँदा यस विषयमा विशेष ध्यान दिन' हुकुम भयो ।

सेनाले माओवादीका विरूद्ध परिचालित हुनका लागि काठमाडौँमा स्पेसल टास्क फोर्स, पूर्वमा इटहरी र पश्चिममा नेपालगन्जमा पृतना स्थापना गर्ने प्रस्ताव गरेको छ । साथै जङ्गी अड्डास्थित युद्ध तथा व्यवस्था निर्देशनालय (डीएमओ) मा संयुक्त कमान्ड सेन्टर स्थापना गर्ने सोचाइ समेत बनाएको छ । त्यहाँ सशस्त्र र नेपाल प्रहरीका प्रतिनिधि रहनेछन् ।

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाको सन्देश लिएर दिल्ली गएकी उहाँकी छोरी सुजाता कोइरालाले त्यहाँ केही भारतीय नेतालाई भेट्ने कार्यक्रम छ । काठमाडौँमा भने भारतपक्षीय भनेर परिचित सूर्यबहादुर थापा, अर्जुननरसिंह केसी र एमालेका केही नेताले 'प्रधानमन्त्री शेरबहादुर देउवाले प्रजातन्त्र मासेर दरबारलाई हावी बनाउन लागेको' आरोप लगाएका छन् ।

काङ्ग्रेस केन्द्रीय कार्यसमितिको आज बिहान बसेको बैठकमा सहभागी सबैले माओवादी आक्रमणको घोर भर्त्सना गर्दै सङ्कटकालको पक्षमा बोले । नेता शैलजा आचार्यले मात्र सङ्कटकालको विरोधमा मन्तव्य राख्नुभयो ।

## २०५८ मङ्सिर १३ गते बुधबार

सङ्कटकालीन अवस्था सुरु भएकाले गृह मन्त्रालयबाट अपिल जारी गरी माओवादीमा लागेका सबैलाई हातहतियार बुझाएर आत्मसमर्पण गर्न आह्वान गर्नु उचित हुन्छ । सर्वसाधारण नेपालीले सङ्कटकालबारे गम्भीरतापूर्वक महसुस गर्न आवश्यक छ । त्यस्तै, सुरक्षा निकाय कडा रूपमा प्रस्तुत हुनुपर्छ । तल्लो तहसम्मका सबै सुरक्षाकर्मीलाई 'यो काम गर्ने र यो काम नगर्ने' भनेर बेलैमा राम्ररी जानकारी गराउनु सान्दर्भिक हुन्छ । सुरक्षा कारबाहीका लागि परिचालन नीति र 'अपरेसन प्लान' स्पष्ट हुन जरूरी छ । सेनाले सैनिक कारबाहीका क्रममा तल्लो

तहसम्म स्याटलाइट फोन अथवा अन्य सञ्चार माध्यम प्रयोग गरेर 'कमान्ड नेट' स्थापना गर्न आवश्यक छ ।

राजपरिवारका सदस्यहरू, प्रधानमन्त्री लगायत अन्य विशिष्ट व्यक्तिको सार्वजनिक गतिविधि अत्यन्तै कम हुनुपर्छ । राजधानी लगायत देशको सुरक्षा व्यवस्था मजबुत बनाउँदै लैजानुपर्छ । सुरक्षा निकायले एक आपसमा सहयोग र समन्वयको उचित प्रबन्ध मिलाउनुपर्छ । सङ्कटकालमा कुनै पनि सुरक्षा निकायले ऐन-कानुनको परिधि बाहेक अन्य राजनीतिक दबाव स्वीकार गर्नु हुँदैन । अहिलेको संवेदनशील घडीमा महाराजाधिराजबाट श्री ५ को सरकारका पदाधिकारी र सुरक्षा निकायका प्रमुखलाई हौसला प्रदान गर्नका लागि 'वर्किङ डिनर' बक्सँदा सकारात्मक हुन्छ । साथै प्रधानमन्त्री, गृहसचिव, रक्षासचिव लगायत सुरक्षा निकायका प्रमुखलाई डिनरमा बोलाएर अहिलेको अवस्थाबारे छलफल गर्दा राम्रो हुन्छ ।

स्थानीय प्रशासनले दाङ, खोटाङ र उदयपुर जिल्ला सदरमुकाममा कर्फ्यु आदेश जारी गरेको छ ।

बिग्रँदो शान्ति-सुरक्षाको अवस्था बढ्दो माओवादी हत्या-हिंसालाई दृष्टिगत गरेर श्री ५ को सरकारले संवैधानिक व्यवस्था अनुसार सङ्कटकाल घोषणा गरेकोमा पश्चिमी मुलुक र भारत तथा चीनले समेत सकारात्मक प्रतिक्रिया दिएका छन् । साथै सुरक्षा निकायले देशमा शान्ति सुरक्षा कायम गरी भ्रष्ट मन्त्री तथा प्रशासकलाई लुट गर्न छुट दिन नहुने सुझाव व्यक्त गरेको समेत बुझिएको छ । यो कुरा प्रधानमन्त्रीलाई जानकारी गराउन उचित हुने देखिन्छ । सङ्कटकालका कारण विभिन्न जिल्लामा कार्यरत प्रशासनिक निकायका कर्मचारी, प्रमुख जिल्ला अधिकारी र केही प्रहरी वरिष्ठ अधिकृतले राजधानीमा सरुवा माग्न थालेका छन् । यस मनस्थितिबारे गृह मन्त्रालय समयमै सचेत हुनुपर्छ ।

नयाँ दिल्लीस्थित शाही नेपाली राजदूतावासमा कार्यरत सैनिक सहचारीका अनुसार भारतीय स्थल सेनाध्यक्ष र नेपालका प्रधान सेनापतिबीच हालै टेलिफोनमा वार्ता भएको थियो । टेलिफोन वार्तापछि भारतीय स्थलसेनाध्यक्षले भारतीय प्रधानमन्त्रीलाई तत्कालै भेटेर नेपालका प्रधान सेनापतिसँगको टेलिफोन वार्ता र नेपालबाट माग भएको सहयोग सम्बन्धमा जानकारी गराउनुभएछ । सो अनुसार भारतीय प्रधानमन्त्रीले नेपाललाई आवश्यक सैनिक बन्दोबस्तीका सामान १० दिनभित्र पठाउने व्यवस्था गर्न सुरक्षा सल्लाहकार ब्रजेश मिश्रलाई निर्देशन दिएको बुझिएको छ । यो कुरा मैले सरकारमा जाहेर गरेँ । सरकारबाट 'भारतले यति छिटो सहयोग गर्न खोज्नु पनि रहस्यकै कुरा हुन सक्छ, भारतसँग सैनिक सहयोग लिँदा पनि होसियारी हुनुपर्छ' हुकुम भयो ।

दरबारमा बसेको सचिव बैठकले सङ्कटकाल लागू भई सेना परिचालन भएको अवस्थामा महाराजाधिराजबाट सेनाका सकल दर्जालाई सम्बोधन गरी सन्देश पठाइबक्सी सम्पूर्ण सैनिकको मनोबल उच्च पार्नुपर्ने विषयमा छलफल भयो । साथै यो निर्णय सरकारमा जाहेर गर्ने निधो भयो ।

## २०५८ मङ्सिर १४ गते बिहीबार

काठमाडौँस्थित भारतीय दूतावासका सैनिक सहचारीले प्रधान सेनापतिका सैनिक सहायक महासेनानी तोरणजङ्गबहादुर सिंहलाई फोनमा भारतबाट पाँच दिनभित्र सैनिक सामग्री नेपालको सीमामा आइपुग्ने बताए । उनले काँकरभिट्टा र नेपालगन्ज आउने उक्त सामानको भन्सार छुटको व्यवस्था मिलाउन भने । भारतीय सैनिक सहचारीले भारत सरकारले दिने दुई वटा 'चिता' हेलिकप्टर लिन चार जना पाइलट र दुई जना प्राविधिकलाई राँची पठाउन समेत अनुरोध गरेका छन् । त्यस्तै सशस्त्रका लागि समेत केही हातहतियार भारतबाट प्राप्त भएको छ ।

रोल्पाको खुमेल गाउँमा सेनाद्वारा माओवादी लडाकु बसेको स्थानमा हवाई आक्रमण हुँदा केही माओवादी हताहत भएको अनुमान गरिएको छ ।

सरकारबाट 'शाही नेपाली सेना दरबारको मातहत भए जस्तै सशस्त्र प्रहरी र नेपाल प्रहरीलाई समेत अहिलेको अवस्थामा दरबारको मातहतमा राख्दा के हुन्छ ?' भनेर जिज्ञासा राखिबक्स्यो । मैले 'संवैधानिक जटिलता हुन सक्ने हुँदा विस्तृत रूपमा सोचविचार गरेर मात्रै यसबारे निर्णय लिन उचित हुन्छ' भनी जाहेर गरेँ ।

## २०५८ मङ्सिर १८ गते सोमबार

प्रधानमन्त्रीले हालै दिएको वक्तव्यमा श्री ५ को सरकारले भारतबाट हतियार किन्ने भन्नुभएको छ । केही स्वतन्त्र विश्लेषकले उहाँको यस भनाइप्रति आशङ्का व्यक्त गरेका छन् ।

राजदरबारको चारैतिर मापदण्ड विपरीत अग्ला घर निर्माण भइरहेका छन् । विद्यमान परिस्थितिलाई सुरक्षाको दृष्टिकोणबाट हेरी यसबारे प्रधानमन्त्री, नगर विकास समिति तथा काठमाडौं महानगरपालिकासँग कुरा गर्न आवश्यक छ ।

गत शनिबार बेलुका प्रधानमन्त्री शेरबहादुर देउवा काङ्ग्रेस नेता दीपकुमार उपाध्यायको त्रिपुरेश्वरस्थित घरमा गएको खबर छ । सम्भवतः अहिले पनि उहाँको केही माओवादी नेतासँग सम्पर्क कायमै रहेको हुन सक्छ ।

एमाले महासचिव माधवकुमार नेपालले आज केही एमाले नेताका साथ भारतीय दूतावास गएर फर्केपछि श्री ५ को सरकारले जारी गरेको सङ्कटकालको समर्थन गर्नुभएको छ ।

सङ्कटकाल लागेको तीन महिनापछि देशको शान्ति-सुरक्षाको अवस्थाबारे समीक्षा गर्नु सान्दर्भिक हुनेछ । यस सन्दर्भमा आगामी दिनमा कसरी अगाडि बढ्ने भनेर बृहत् सुरक्षा योजना तयार गर्नुपर्ने हुन्छ । त्यस्तै, सरकारबाट आवश्यक सल्लाह सुझाव लिइबक्सन केही विशेषज्ञ सम्मिलित कमिटी बनाउँदा उचित हुन्छ । यी विषयबारे आजको सचिव बैठकमा छलफल भयो । अरू कुरामा सबैको धारणा मिले पनि विशेषज्ञको कमिटीबारे प्रमुख सचिव पशुपतिभक्त महर्जनको धारणा अलिक फरक छ ।

आज सरकारबाट मलाई हुकुम भयो, 'शाही नेपाली सेना परिचालनपछि प्रत्येक

दिन हरेक गतिविधि प्रेसलाई जानकारी गराउँदा राम्रो हुन्छ । साथै, माओवादी विरूद्धका कारबाहीबारे सुरक्षा निकायले हरेक दिन प्रधानमन्त्रीलाई जानकारी गराउनुपर्छ ।' त्यस्तै, भारतमा तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले सङ्कटकाल लगाउँदा त्यहाँ के भएको थियो भन्नेबारे अध्ययन गरी जानकारी गराउन समेत सरकारबाट हुकुम भयो । यसै क्रममा सरकारबाट 'हालको जटिल अवस्थामा सबै निकायका सुरक्षाकर्मी परिचालन भएकाले उनीहरू सबैलाई सैनिक नियम लगाउँदा कस्तो हुन्छ ?' भनी जिज्ञासा राखिबक्स्यो ।

मुलुकमा सङ्कटकाल लगाएर सेना परिचालन भएको अवस्थामा बलाध्यक्ष रथी दुर्गानाथ अर्यालले द्वारकाधाम दर्शनमा जान एक साताको बिदा माग गर्नुभएको छ । त्यस्तै, प्रहरी महानिरीक्षक प्रदीपशमशेर जबराले आफ्नी छोरीको विवाहमा सरकारलाई शान्त रात्रिभोजमा सवारी हुन निमन्त्रणा चढाउनुभएको छ ।

## २०५८ मङ्सिर २२ गते शुक्रबार

परराष्ट्रसचिव मधुरमण आचार्य र रक्षासचिव पदमकुमार आचार्यले चिनियाँ राजदूतलाई भेटेर देशको सुरक्षा अवस्था जानकारी गराई चिनियाँ सहयोगका लागि अनुरोध गर्नुभएको छ । उक्त अवसरमा चिनियाँ राजदूतले 'चीनले नेपाललाई हातहतियार दिंदा भारतबाट ठूलो विरोध हुन्छ, तसर्थ सैनिक सञ्चारका उपकरण र अन्य लजिस्टिकका सामग्रीमा केन्द्रित हुनुपर्छ' भनेर सल्लाह दिनुभएको छ । माओवादी आतङ्क नियन्त्रणका लागि सेना परिचालन भएपछि हातहतियार तथा सैनिक सामग्री सहयोगका निम्ति थुप्रै मित्रराष्ट्रसँग अनुरोध गरिएको छ ।

सेनाका सहसेनानी सुरेश हमालले आफ्नो जिम्मामा रहेको पेस्तोल घरमा लगेका रहेछन् । यसैबीच उनको घरमा काम गर्ने चौधरी थरका व्यक्तिले सो पेस्तोल चलाउन खोज्दा एक राउन्ड फायर भई चौधरीलाई नै गोली लागेछ । सहसेनानी हमालले यो कुरा ढाकछोप गर्ने नियतले घाइते चौधरीलाई महाराजगन्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा उपचार गराइरहेको प्रहरीबाट जानकारी आएको छ । यो कुरा प्रधान सेनापतिलाई खबर गरिएको छ ।

## २०५८ मङ्सिर २५ गते सोमबार

तालिमको सिलसिलामा 'फ्रेन्ड्ली फायर' बाट सुर्खेतको सैनिक तालिम गुल्ममा एक र नेपालगन्जको गणमा एक सिपाहीको मृत्यु भएको छ । यसैबीच माओवादीले दाङ ब्यारेक आक्रमण गर्दा जिम्मेवारी निर्वाह गर्ने क्रममा कमजोरी देखिएकाले वाहिनीपति सहायक रथी वज्र गुरूङलाई कारबाहीस्वरूप त्यहाँबाट हटाइएको छ ।

नेपालस्थित दक्षिण कोरियाका राजदूतले मलाई भेटेर आगामी मार्च १ देखि १० तारिकसम्म सोलमा हुने 'सैनिक जनरल र सुरक्षा विशेषज्ञको संयुक्त सेमिनार' मा सहभागी हुन निम्ता गर्नुभयो । मैले उहाँलाई निमन्त्रणाका लागि धन्यवाद भनें । हालको परिस्थितिमा म देशबाट बाहिर लामो समय रहन नसक्ने अवस्था छ ।

त्यसैले मैले उक्त सेमिनारमा सहभागी हुन नसक्ने बताएँ । बरु यसबारे प्रधान सेनापतिसँग कुरा गरी सेनाका अन्य कुनै वरिष्ठ अधिकृतलाई निमन्त्रणा गर्दा राम्रो हुने सल्लाह दिएँ ।

सरकारबाट मलाई 'सैनिक जवानको मनोबल उच्च राख्न सेनाको तल्लो एकाइसम्म आवश्यक औषधि सहित मेडिकल अड्लीको व्यवस्था गर्न र अपरेसनमा परिचालित जवानलाई राम्रो रासनको व्यवस्था मिलाउन' हुकुम भयो । त्यस्तै सरकारबाट 'मैले ६ स्टार जनरलको कुरा सुनें, यो के भनेको हो ? यसबारेमा तिमीलाई थाहा छ ?' भनेर सोधिबक्स्यो । मैले सरकारमा 'प्रधान सेनापति ४ स्टार, अतिरथी ५ स्टार भएकाले यीभन्दा बढी शक्तिशाली, कसैले छाया चिफसाब र कसैले ६ तारे जर्नेल भनेर सदीप जर्साबलाई भन्ने गरेको मैले पनि सुनेको छु' भनी जाहेर गरैं । त्यसै गरी, 'कान्छा चिफसाबको पनि चर्चा छ, चिफसाबको भाइको साथी विनोद श्रेष्ठ (उद्योगपति/व्यापारी) लाई केही सैनिक अधिकृतले 'कान्छा चिफसाब' भन्छन्, उहाँलाई प्रधान सेनापतिले कान्छा भनेर बोलाउनुहुँदो रहेछ, विनोद श्रेष्ठ बिनासूचना जङ्गी अड्डा गएर जर्साबहरूसँग ठूलठूला गफ गर्ने गरेको समेत सुनेको छु' भनेर जाहेर गरैं । साथै सरकारमा 'राष्ट्रिय सुरक्षा परिषद् सचिवालयका लागि वरिष्ठ अधिकृतको छनोट हुन लागेकाले सबै सुरक्षा निकायका प्रमुखसँग नाम मागेको छु, पहिलो पटक गठन हुन लागेकाले यसमा कार्यदक्षताका हिसाबले उत्कृष्ट अधिकृतको चयन गर्न सुझाव दिएको छु' भनेर बिन्ती गरैं । यसबारे सरकारबाट 'छनोट हुने व्यक्तिको बायोडाटा मागेर मलाई पनि देऊ' हुकुम भयो ।

आजै मैले सरकारमा 'एक्काइसौं शताब्दीमा भारतको परराष्ट्र नीति' सम्बन्धमा विभिन्न ठाउँबाट आएको विश्लेषण जाहेर गरैं । त्यस अनुसार भारत स्वेज नहरभन्दा पूर्व र फारइस्टभन्दा पश्चिमका बीचको शक्तिशाली राष्ट्र हो । भारतले अन्तर्राष्ट्रिय स्तरमा आफ्नो भूमिका देखाउन संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को स्थायी सदस्य हुन पहल गरिरहेको छ । एसियाको यस क्षेत्रमा चीन मात्र भारतको प्रतिद्वन्द्वी हुन सक्छ । आर्थिक र सैनिक क्षेत्रमा आफू चीनको बराबरीमा रहेको तर हतियार चीनको भन्दा आधुनिक रहेको भारतको विश्लेषण छ । तर आफ्नो डेमोग्राफीमा ध्यान दिन जरूरी छ भन्ने उसको बुझाइ छ । किनभने भारत अत्यधिक मुस्लिम जनसङ्ख्या भएको विश्वको दोस्रो देश हो । दक्षिण एसियामा आफ्नो शक्तिका अगाडि अन्य मुलुकलाई उसले नगण्य ठानेको छ । सार्क भारतका लागि केही होइन । सार्कका अन्य साना देश आफ्नो राष्ट्रिय हित अनुसार चल्नुपर्छ भन्ने भारतको दाबी छ । भारतको यस्तो रबैयाका कारण नेपाल जस्तो मुलुकले आफ्नो कूटनीतिमा विशेष ख्याल गर्न जरूरी छ ।

## २०५८ पुस २ गते सोमबार

माओवादीले गए राति सोलुखुम्बुको सल्लेरीमा आक्रमण गरेको छ । आक्रमणमा इन्द्रध्वज गुल्मका अमलदार रुद्र राउतको मृत्यु हुन पुग्यो । अन्य विवरण आउन बाँकी छ ।

विराटनगरमा काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले 'देउवाका विरूद्ध हस्ताक्षर अभियान चल्दै छ, उनले आफ्नै मन्त्रीलाई नियन्त्रण गर्न सकेनन्, देउवा आफैँ निरीह बन्दै छन् र प्रजातन्त्र पनि दरबारलाई बुझाउँदै छन्' भनेर कार्यकर्तासँग कुरा गरेको खबर छ । साथै, कोइरालाले देउवालाई हटाउन एमालेसँग सहकार्य गर्न पहल गरिरहनुभएको छ । त्यस्तै उहाँले बृहत् प्रजातान्त्रिक एकता गर्नुपर्छ भन्ने धारणा राखेको बुझिएको छ ।

मेरो जाहेरीको सिलसिलामा सरकारबाट हुकुम भयो, 'शाही नेपाली सेनालाई प्राप्त बजेट खर्च गर्दा विशेष ध्यान दिनुपर्ने हुन्छ । खास गरी सैनिक सामान खरिद गर्दा विशेष निगरानी राख्नुपर्छ । यसमा व्यापक अनियमितता हुने गरेको धेरैको गुनासो छ । गृहमन्त्रीले सशस्त्रको खरिद प्रक्रियामा निकै चासो राख्ने गरेको बुझिएको छ । उहाँले आगामी चुनावका निम्ति आफू स्वयं र पार्टीका लागि रकम जुटाउन लागेको भन्ने समेत कुरा आएको छ । यसबारे सतर्क हुन सशस्त्रका प्रमुखलाई भनिदेऊ ।' त्यस्तै सरकारबाट 'सङ्कटकाल लागू गरी सेना परिचालन भएको तीन साता बितिसक्दा पनि किन ठोस उपलब्धि हासिल हुन सकेन ?' भन्ने प्रश्न उठाउँदै सेनाले आफ्नो मात्र बचाउ गरिरहेको र माओवादीका विरूद्ध आक्रामक कारबाही गरेर उसलाई ठूलो क्षति पुऱ्याउन नसकेको गुनासो आइरहेको उल्लेख गरिबक्स्यो । साथै मौसुफबाट 'प्रधान सेनापतिसँग कुरा गरेर यसबारे ध्यान दिलाउन' निर्देशन बक्स्यो ।

## २०५८ पुस ४ गते बुधबार

२०५४ सालमा विभाजित एमाले र माले एकीकरण गर्न गृहकार्य भइरहेको खबर छ ।

प्रहरीका केही वरिष्ठ अधिकृत ज्यादै भ्रष्ट र केही नेताको चाकडीमा लिप्त भएको सुनिएको छ । यसकारे प्रहरी महानिरीक्षकको ध्यान आकर्षण गर्नुपर्ने हुन्छ । तर प्रहरी महानिरीक्षक प्रदीपशमशेर जबरा ज्यादै कमजोर र कुनै निर्देशन दिन नसक्ने व्यक्ति भएको बताइन्छ । यो समस्या भावी प्रहरी महानिरीक्षकमा समेत सर्नेछ । र, उहाँ पनि प्रभावशाली व्यक्तित्व नभएको कुरा आएको छ ।

## २०५८ पुस ६ गते शुक्रबार

पूर्वनिर्धारित कार्यक्रम अनुसार सरकारबाट सेनाको परिवर्तन हुन लागेको पोसाक शाही रक्षक वाहिनीमा अवलोकन गरिबक्स्यो । आजै सरकार शाही जङ्गी अड्डा सवारी भई धेरै समय अगाडिदेखि प्रस्तावित चमू अवधारणा (कोर कन्सेप्ट) बारे जानकारी हासिल गरिबक्स्यो । यस अवसरमा २००९ सालदेखि २०५४ सालसम्म सेनाले विभिन्न चरणमा लागू गरेका योजनाबारे जाहेर गरिएको थियो । हालसम्म पनि देशका १८ जिल्लामा सेनाको उपस्थिति छैन । यो वर्ष करिब १२ हजार सैनिक थप गर्न बजेट प्राप्त भएको छ । जाहेरीपछि सरकार सैनिक अधिकृत क्लबमा हालको परिस्थिति सम्बन्धमा

रिसेप्सन सहित आयोजित अन्तरक्रियामा सरिक होइबक्स्यो । प्रधानमन्त्री पनि उपस्थित हुनुभयो । रिसेप्सनमा जङ्गी अड्डाका सहायक रथीभन्दा माथिका अधिकृतहरू र रक्षासचिव पदमकुमार आचार्यको समेत सहभागिता थियो ।

### २०५८ पुस ९ गते सोमबार

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाको बृहत् प्रजातान्त्रिक एकताको अभियानमा राष्ट्रिय सभाका मनोनीत सांसद रमेशनाथ पाण्डे पनि सहभागी हुने सम्भावना देखिएको छ । यसबाट दरबारको लाइन यही हो कि भन्ने भ्रम सिर्जना भएको छ । प्रधानमन्त्री देउवाका अत्यन्त आलोचक काङ्ग्रेस नेत्री शैलजा आचार्यले देशमा सङ्कटकाल लगाई सेना परिचालन गरिन्छ भने अब प्रजातन्त्र कहाँ छ भनी खोज्नुपर्ने दिन आएको धारणा व्यक्त गर्नुभएको छ ।

सञ्चार माध्यमहरूबाट सेनाको कामकारबाहीबारे कुनै पनि सूचना नपाएको गुनासो आएको छ । मैले यो कुरा प्रधान सेनापतिलाई अवगत गराएँ । हालसम्म सर्वसाधारण, प्रेस, नागरिक समाज आदिसँग डिल गर्ने सेनाको छुट्टै निकाय नभएकाले गुप्तचर विभाग (डीएमआई) ले नै यो काम गर्दै आएको छ । त्यस कारण पनि यो समस्या आएको हुन सक्छ । त्यसैले सेनाले जनसम्पर्क निर्देशनालय स्थापना गर्ने र सैनिक प्रवक्ता राख्ने सोच बनाइरहेको छ ।

### २०५८ पुस ११ गते बुधबार

राजधानीमा सुरक्षा व्यवस्था कडा पार्ने क्रममा सिंहदरबारभित्र आवतजावत गर्ने सबै सवारी साधन र व्यक्तिको समेत खानतलासी गर्ने गरिएको छ । यसै सिलसिलामा आफ्नो मोटर सेनाले सर्च गरेको भनेर गृहसचिव श्रीकान्त रेग्मीले गृहमन्त्री समक्ष आपत्ति प्रकट गर्नुभएको छ ।

सेनाले अमेरिकाबाट खरिद गरेको एम-१६ राइफल आजदेखि विभिन्न युनिटमा वितरण गरिएको छ । पुरानो एसएलआर राइफल मर्मत गरी सशस्त्रलाई दिने योजना छ ।

माओवादीका केही नेता र लडाकु काठमाडौं उपत्यकामा लुकेर बसेको खबर छ । तर सुरक्षा फौजबाट तिनलाई पक्राउ गर्न सकिएको छैन । जाहेरीका क्रममा आज पुनः मैले सुरक्षा मामिलाबारे सरकारमा सल्लाह-सुझाव चढाउन सुरक्षा विशेषज्ञहरू सम्मिलित विशेष टोली बनाउन सल्लाह टक्र्याएँ ।

हिजो राति प्रधानमन्त्री शेरबहादुर देउवाले पूर्वप्रधानमन्त्री कीर्तिनिधि विष्टलाई डिनरमा बोलाई विभिन्न विषयमा छलफल गर्नुभएको बुझिएको छ ।

नेपाल टेक कम्पनीले अनधिकृत रूपमा विभिन्न व्यक्तिलाई स्याटलाइट फोन वितरण गरेको कुरा आएको छ । माओवादीले स्याटलाइट फोन ज्यादै प्रयोग गरेका छन् । यसलाई तुरुन्त रोकेर कम्पनीलाई कारबाही गर्नुपर्ने हुन्छ ।

## २०५८ पुस १३ गते शुक्रबार

पक्राउ परेका माओवादी लडाकुको परिचय सहित लगत तयार पारी सुरक्षित राख्न सुरक्षा निकायलाई निर्देशन गएको छ । आफ्ना लडाकुलाई माओवादीले कोड नाम राखेर मात्र सदस्यता वितरण गरेकाले उनीहरूको वास्तविक पहिचान हुन असजिलो भएको छ ।

सार्क शिखर सम्मेलन अवधिभरको बृहत् सुरक्षा योजना आज सरकारमा जाहेर भयो । यस पालिको सार्क शिखर सम्मेलन नयाँ शताब्दीको पहिलो सम्मेलन हो । यसमा प्रस्तुत हुने प्रस्ताव गम्भीर तथा महत्त्वपूर्ण हुनेछन् । त्यसैले सम्मेलनलाई उपलब्धिमूलक बनाउन हामीले विशेष ध्यान दिन जरूरी छ । विगतका सम्मेलनमा व्यक्त भएका प्रतिबद्धतालाई कार्यान्वयन गर्न जोड दिनुपर्छ । यस सम्मेलनमा नेपालका तर्फबाट गरिबी निवारणका कार्यक्रम, क्षेत्रीय आतङ्कवाद नियन्त्रणमा आपसी सहयोग, लागू औषध ओसारपसार नियन्त्रणमा पारस्परिक सहयोग, सार्क विकास कोष स्थापना, सामाजिक सेवा, महिला तथा बालिका जस्ता विषय उठाउने निर्णय भएको छ । साथै, सार्कमा आउने प्रथम महिलाहरूबाट किनमेल हुने सम्भावना रहेका काठमाडौँका पसलको पहिचान गरेर तिनलाई सुरक्षा निगरानीमा राख्नुपर्ने हुन्छ ।

प्रधान सेनापतिले आजको जाहेरीमा सङ्कटकाल लागू भई सेना परिचालन भएदेखि हालसम्मको गतिविधिबारे सरकारमा जाहेर गर्नुभयो । साथै, यस अवधिमा सेनाले गरेका सैनिक कारबाही, सैनिक सामग्री खरिद, नयाँ भर्ना तथा तालिम सम्बन्धी विषयमा भएको प्रगति विवरण प्रस्तुत गर्नुभयो । उहाँलाई सरकारबाट 'यो अवधिमा भएका राम्रा र नराम्रा कामको विवरण बनाई कमीकमजोरी सुधार गर्न' निर्देशन बक्स्यो ।

## २०५८ पुस १६ गते सोमबार

सरकारबाट सार्क शिखर सम्मेलनमा सहभागी हुन आउने राष्ट्राध्यक्ष तथा सरकार प्रमुखको सुरक्षा र बसोबासको प्रबन्धबारे हिजो जानकारी लिइबक्स्यो । यस क्रममा मौसुफबाट सार्क सम्मेलन स्थल वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको तयारी तथा सुरक्षा व्यवस्था, विशिष्ट अतिथि बस्ने होटल सोल्टी र क्लब हिमालयको समेत निरीक्षण गरिबक्स्यो । नेपालमा पहिलो सार्क शिखर सम्मेलन हुँदा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व श्री ५ वीरेन्द्रबाट गरिबक्सेको थियो । त्यस बेला वीरेन्द्र सरकारबाट व्यवस्थापनका सबै पक्षमा सक्रिय होइबक्सी निर्देशन समेत बक्सेको थियो ।

भावी प्रधान सेनापति रथी प्यारजङ्ग थापालाई अबदेखि प्रधान सेनापतिको जाहेरी र अन्य महत्त्वपूर्ण बैठकमा सहभागी गराउन सरकारबाट निर्देशन प्राप्त भएको छ ।

राष्ट्रिय सभाका अध्यक्ष डा. मोहम्मद मोहसिनले आफ्नी छोरीले मेडिकल डाक्टरी पढेको हुँदा उनलाई सेनाको अस्पतालमा नियुक्ति दिलाइपाउन सरकारमा जाहेर गर्नुभएको रहेछ । सरकारबाट मलाई 'डा. मोहसिनकी छोरीलाई सैनिक अस्पतालमा भर्ना गर्न मिल्छ कि मिल्दैन, बुझ' हुकुम भयो । यसबारे मैले प्रधान सेनापतिसँग कुरा गर्दा उहाँले 'सबै

प्रक्रिया पूरा गरेर भर्ना गरिदिने' बताउनुभयो । सेनाको अधिकृतले हनुमानढोकास्थित मूल कोतमा निसान छोएर शपथ लिनुपर्ने हुन्छ । उहाँ मुस्लिम समुदायको र महिला समेत भएकाले निसान छुन र त्यहाँ जान समस्या पर्ने हुँदा अस्पतालमा नै नेपालको झन्डा छोएर शपथ लिन लगाई भर्ना गर्ने निधो भयो ।

सार्क सम्मेलनमा भाग लिन पाकिस्तानी राष्ट्रपति परवेज मुसर्रफ पाकिस्तानबाट सोझै नेपाल नआई चीन भएर काठमाडौँ आउने खबर छ । यसले गर्दा उहाँको प्लाइटको समय साढे दुई घण्टाको साटो साढे नौ घण्टा हुने भयो । पाकिस्तानी राष्ट्रपति भारतीय भूमिमाथिबाट उडेर आउन नचाहनुको कारण हाल भारत–पाकिस्तानबीचको सम्बन्ध ज्यादै तनावपूर्ण हुनु नै हो । यी दुई देशबीच युद्ध समेत हुन सक्ने सम्भावना छ । यस्तो परिस्थितिमा दुई देशका सरकार प्रमुखहरू सार्क शिखर सम्मेलनमा सहभागी हुँदा कुनै न कुनै रूपमा सम्बन्ध सुधार हुन सक्ने अपेक्षा गरिएको छ । सम्मेलनका क्रममा नेपालको प्रयासबाट दुवै देश सन्तुष्ट भएको बुझिन्छ ।

भारतीय राजदूतले सार्कमा भाग लिन काठमाडौँ आएकी भारतीय विदेशसचिवको सम्मानमा दूतावासमा दिवाभोजको आयोजना गर्नुभयो । दिवाभोजमा काठमाडौँस्थित कूटनीतिक नियोगका प्रमुखहरूका साथै विभिन्न पार्टीका नेताको समेत बाक्लो उपस्थिति थियो । तिनमा काङ्ग्रेस नेता अर्जुननरसिंह केसी, एमाले नेताहरू केपी शर्मा ओली, झलनाथ खनाल, युवराज ज्ञवाली, माले महासचिव वामदेव गौतम, हिरण्यलाल श्रेष्ठ, सद्भावना नेता हृदयेश त्रिपाठी, राप्रपा नेता पशुपतिशमशेर जबरा, वामपन्थी लेखक श्याम श्रेष्ठ समेत थिए । त्यस्तै सुरक्षा निकायका प्रमुखहरू, गृह, रक्षा र परराष्ट्र सचिव तथा मलाई पनि निम्ता गरिएको थियो । उक्त अवसरमा भारतीय विदेशसचिवले मसँग नेपालीमै कुरा गर्नुभएको थियो । उहाँको यो पहिलो नेपाल भ्रमण रहेछ ।

आजै पाकिस्तानी राजदूतले आफ्नो निवासमा आयोजना गरेको रात्रिभोजमा सार्कमा सहभागी हुन आएका पाकिस्तानी र बङ्गलादेशी प्रतिनिधिमण्डलका साथै सार्कसँग सम्बन्धित नेपाली पक्षका पदाधिकारी सहभागी थिए । रात्रिभोजमा राष्ट्रिय सभाका अध्यक्ष डा. मोहम्मद मोहसिन, शिक्षामन्त्री आमोदप्रसाद उपाध्याय र पाकिस्तानका लागि नेपालका भूतपूर्व राजदूतहरूका साथै म पनि सरिक थिएँ । त्यस अवसरमा पाकिस्तानी विदेशमन्त्रीले एसियाली देशमा विकासका लागि सिङ्गापुरको मोडल उपयुक्त हुने धारणा राख्नुभयो । बङ्गलादेशका परराष्ट्रमन्त्री नेपाली जस्तो देखिनुहुँदो रहेछ । मैले उहाँलाई 'तपाईं नेपाली हो ?' भनेर सोधेँ । उहाँले हाँसेर 'म बङ्गलादेशको चटगाउँ क्षेत्रको जनजाति हुँ, त्यसैले पहाडी मूलको नेपाली जस्तो देखिन्छु' भनेर आफ्नो परिचय दिनुभयो ।

परराष्ट्रमन्त्री डा. रामशरण महतले आजै साँझ होटल याक एन्ड यतीमा सार्क सम्मेलनका प्रतिनिधिमण्डललाई रिसेप्सन दिनुभयो ।

प्राप्त सूचना अनुसार माओवादीले विभिन्न जिल्लामा खानेपानीका लागि बिछ्याइएका जीआई पाइप निकालेर बम बनाउन प्रयोग गरिरहेका छन् । यसले गर्दा जिल्ला सदरमुकामहरूमा खानेपानीको समस्या भएको छ ।

## २०५८ पुस २० गते शुक्रबार

सरकारबाट सार्क शिखर सम्मेलनमा सहभागी हुन आएका सार्क सदस्य राष्ट्रका राष्ट्राध्यक्ष तथा सरकार प्रमुखलाई नारायणहिटी दरबारमा छुट्टाछुट्टै दर्शनभेट बक्स्यो । आजै उहाँहरूको सम्मानमा कास्की बैठकमा सरकारबाट राजकीय रात्रिभोजको आयोजना गरिबक्स्यो ।

## २०५८ पुस २३ गते सोमबार

प्रधान सेनापतिले त्रिभुवन आर्मी अफिसर्स क्लबमा सुरक्षा निकाय तथा रक्षा मन्त्रालयबाट राष्ट्रिय सुरक्षा परिषद् सचिवालयमा खटिएका अधिकृतको सम्मानमा आयोजना गरेको रात्रिभोजमा सरकार सवारी होइबक्स्यो । त्यस अवसरमा सरकारबाट विशेष निर्देशन बक्सँदै 'सुरक्षा परिषद् सचिवालयमा खटिएको यो पहिलो टोली हो, त्यसो भएकाले खटिएका सबैले राष्ट्रले सुम्पेको जिम्मेवारी कुशलतापूर्वक पूरा गरी उदाहरण बनेर देखाउन सक्नुपर्छ, राष्ट्रिय हितमा काम गर्नू' भनी निर्देशन बक्स्यो । सुरक्षा परिषद् सचिवालयमा सेनाका तर्फबाट सहसंयोजकका रूपमा खटिएका उपरथी रुक्माङ्गद कटवालले 'सरकारबाट हुकुम बक्से बमोजिम हामी आफ्नो कर्तव्य पूरा गर्छौं, जङ्गी अड्डा र प्रमुख सैनिक सचिवालयसँग निकट सम्बन्ध राखेर देश र नरेशको सेवा गर्छौं' भन्नुभयो । उक्त अवसरमा प्रधानमन्त्री तथा रक्षामन्त्री शेरबहादुर देउवा र रक्षासचिव पदमकुमार आचार्यको समेत उपस्थिति थियो ।

सेनाले देशका विभिन्न भागमा माओवादीका विरूद्ध सैनिक कारबाही जारी राखेको भए पनि अझै जनचाहना अनुसार परिणाम आउन सकेको छैन । यस बेला सेनाले आफ्नो छवि उच्च बनाउनुपर्ने हुन्छ । त्यस्तै माओवादी प्रभावित क्षेत्रमा कार्यरत सैनिकलाई समयसमयमा अदली-बदली गराउन आवश्यक छ । साथै सैनिक जवानले प्रयोग गरिरहेका पुराना हतियारमा उनीहरूलाई भरोसा दिलाउन सक्नुपर्ने देखिन्छ । विभिन्न क्षेत्रका वाहिनीबाट हेलिकप्टर माग भइरहेको छ । पाइलटको कमीले गर्दा भीभीआईपी विङका पाइलटलाई समेत उडानमा खटाउनुपर्ने भएको छ । यसैबीच नेकपा एकता केन्द्र र नेकपा मसाल पार्टीबीच एकीकरण हुन लागेको खबर छ ।

सार्क शिखर सम्मेलनबारे विभिन्न प्रतिक्रिया र विश्लेषण आइरहेका छन् । सम्मेलनमा सहभागी देशका प्रतिनिधिले सुरक्षा व्यवस्था अत्यन्तै प्रभावकारी रहेको भनेर प्रशंसा गरेका छन् । सोल्टी होटलको भीभीआईपी बसेको भवनको किचेनमा कान्तिपुर पब्लिकेसन्सका एक जना पत्रकार अनधिकृत रूपमा प्रवेश गरे । उनलाई सुरक्षाकर्मीले तत्काल पक्राउ गरे र सोधपुछपछि छाडे । यस वर्ष पनि भारतले विगतमा जस्तै सार्क सम्मेलनलाई खास महत्त्व नदिएको महसुस गरियो । यता, नेपालका प्रधानमन्त्री शेरबहादुर देउवाले सार्क सम्मेलनमा आफूलाई प्रभावकारी रूपमा प्रस्तुत गर्न नसकेको धेरैले महसुस गरेका छन् । मन्तव्य व्यक्त गर्ने क्रममा समेत उहाँको प्रस्तुति प्रभावकारी हुन सकेन भन्ने धेरैको भनाइ छ ।

प्रधान सेनापतिको पदावधि उमेरका कारण आगामी भदौ २३ गते सकिँदै छ । तर उहाँले 'प्रधान सेनापतिको पदावधि चार वर्ष हुने प्रावधान छ र सोही अनुसार महाराजाधिराज र प्रधानमन्त्रीबाट पूरै चार वर्ष सेवा गर्न दिने बुझेको छु' भनेर आफूनिकटका व्यक्तिहरूसँग कुरा गर्नुभएको छ ।

एमाले महासचिव माधवकुमार नेपाल हिजो मनोनीत सांसद रमेशनाथ पाण्डेको विशालनगरस्थित घर गई करिब एक घण्टा गोप्य छलफल गरेको बुझिएको छ ।

गृहमन्त्री खुमबहादुर खड्का औषधि–उपचार गर्ने भनेर एक साताका लागि बैङ्कक जानुभएको छ ।

एमाले र मालेबीच एकीकरणका निम्ति सबै विषयमा कुरा मिलिसकेकाले निर्णय सार्वजनिक हुन मात्र बाँकी रहेको खबर आएको छ । एमाले नेता प्रदीप नेपाल र केपी शर्मा ओली भने एकीकरणप्रति त्यति सकारात्मक नभएको बुझिएको छ ।

माओवादीले दरबार र प्रधानमन्त्री शेरबहादुर देउवानिकटका व्यक्तिलाई आक्रमण गर्ने तर पार्टीका अन्य नेतालाई केही नगर्ने भनी आन्तरिक सर्कुलर जारी गरेको छ । उसले अब इम्प्रोभाइज्ड एक्स्प्लोसिभ डिभाइस (आईईडी) को अधिकतम प्रयोग गरी जनमानसमा त्रास फैलाउने योजना बनाएको खबर छ । साथै माओवादीले आफ्नो तर्फ क्षति हुनबाट जोगाउन वार्ताको कुरा अगाडि बढाइराख्ने, व्यक्तिहत्यामा जोड दिने, सङ्कटकालीन अवस्था समाप्त पार्ने वातावरण बनाउने र आफ्ना हतियार तथा नेतृत्व तह जोगाउने रणनीति बनाएको बुझिएको छ । यसैबीच राष्ट्रिय अनुसन्धान विभागले भारतका विभिन्न स्थानमा रहेका नेपाली माओवादीबारे भारतीय पक्षलाई जानकारी गराएको छ । साथै उनीहरूलाई पक्राउ गरी सुपुर्दगी गर्न अनुरोध गरेको छ ।

## २०५८ पुस २६ गते बिहीबार

हालै भारतीय नक्कली नोट सहित पक्राउ परेका व्यक्तिको सूचनाका आधारमा नेपाल प्रहरीको विशेष अनुसन्धान टोलीले पाकिस्तानी दूतावासमा कार्यरत एक कूटनीतिज्ञलाई सोधपुछका लागि बोलाएको छ ।

सङ्कटकाल लागेको करिब डेढ महिना भएको छ । प्रधानमन्त्रीले यस अवधिको समीक्षा गर्न सुरक्षा निकायलाई निर्देशन दिनुभएको छ ।

नयाँ दिल्लीस्थित शाही नेपाली राजदूतावासमा सैनिक सहचारीका रूपमा सेनाको अधिकृत रहँदै आएकोमा देशको विषम परिस्थितिलाई ध्यान दिँदै नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागबाट समेत वरिष्ठ अधिकृत खटाउन सान्दर्भिक देखिएको छ । यसै क्रममा श्री ५ को सरकारले यी दुई सुरक्षा निकायबाट एक–एक जना एसएसपी नयाँ दिल्ली पठाउने निर्णय भएको छ । यसबारे भारत सरकारको समेत सहमति प्राप्त भइसकेको छ । यस्तो व्यवस्था पहिलो पटक भएकाले दुवै निकायबाट वरिष्ठ सुरक्षा अधिकृत चयन गर्दा विशेष ध्यान दिनुपर्ने हुन्छ ।

## २०५८ पुस २७ गते शुक्रबार

गत वर्ष सैनिक अस्पतालका लागि नितान्त आवश्यक भनी सैनिक कल्याणकारी कोषबाट २ करोड ७ लाख रुपैयाँ मूल्य पर्ने इन्डोस्कोपी मेसिन झिकाइएको हो । तर एक वर्षसम्म उक्त मेसिन अस्पतालको स्टोरमा थन्केको बुझिएको छ । यसले एकातिर कोषको रकम दुरुपयोग भएको छ भने अर्कोतिर आर्थिक अनियमितता भएको छ । यसमा जिम्मेवार व्यक्तिलाई कडा कारबाही गर्नुपर्ने आवाज अस्पतालमा उठ्ने गरेको सुनिएको छ ।

## २०५८ माघ १ गते सोमबार

प्रधान सेनापतिले फोनमा भन्नुभयो, 'नेपाल भ्रमणका क्रममा अमेरिकी विदेशमन्त्री जनरल कोलिन पावेलले मसँग भेट गर्ने र शाही जङ्गी अड्डाको भ्रमण गर्ने कार्यक्रम तय भएको छ । जनरल पावेल अमेरिकी स्थलसेनाको पूर्वसेनाध्यक्ष भएकाले जङ्गी अड्डाको भ्रमणमा उहाँलाई सम्मानस्वरूप गार्ड अफ अनर दिँदा सकारात्मक प्रभाव पर्न सक्छ । सरकारमा जाहेर गरेर खबर पाऊँ ।' जवाफमा मैले उहाँलाई भनें, 'अवकाशप्राप्त जनरललाई गार्ड अफ अनर दिन सिद्धान्ततः नमिल्ला कि ? फेरि, भविष्यमा पनि अन्य देशबाट यस्तै किसिमका भ्रमण हुन सक्छन् । त्यसैले यसमा विचार गर्नुपर्ने हुन्छ । तैपनि म सरकारमा जाहेर गरेर खबर गर्छु ।' यो प्रसङ्ग जाहेर हुँदा सरकारबाट हुकुम भयो, 'पावेलको शाही जङ्गी अड्डाको भ्रमणलाई महत्त्व दिनुपर्छ । तर परम्परा र सिद्धान्त बिर्सनु हुँदैन । अहिलेको परिस्थितिमा अमेरिकी सहयोगको आवश्यकता रहेको हुँदा गार्ड अफ अनर दिँदा राम्रै प्रभाव पर्न सक्छ । त्यसैले प्रधान सेनापतिलाई यसबारे स्वविवेकीय निर्णय गर भनिदेऊ ।'

विगतमा नेपाल भ्रमणमा आउने विदेशी पाहुनाले जङ्गी अड्डाको भ्रमण गर्ने परम्परा थिएन । माओवादी हिंसा र आतङ्क सुरु भएपछि विदेशी पाहुनाले जङ्गी अड्डाको भ्रमण गर्ने र प्रधान सेनापतिलाई भेट्ने चलन सुरु भएको छ ।

## २०५८ माघ ४ गते बिहीबार

सुर्खेत कारागारबाट हिजो राति ३० जना कैदी फरार भएको खबर छ । त्यसमा माओवादी गतिविधिमा संलग्न व्यक्ति समेत भागेको बुझिएको छ ।

## २०५८ माघ ५ गते शुक्रबार

अमेरिकाका विदेशमन्त्री जनरल कोलिन पावेल नेपालको औपचारिक भ्रमणका लागि आज काठमाडौं आइपुग्नुभयो । प्रधानमन्त्री लगायत अन्य विशिष्ट व्यक्तिसँग उहाँको भेटघाटको क्रम जारी छ । आजै जनरल पावेलले शाही जङ्गी अड्डा गई प्रधान सेनापति र वरिष्ठ जर्साबहरूसँग नेपालको माओवादी समस्याबारे विस्तृतमा छलफल गर्नुभयो । जङ्गी अड्डामा उहाँलाई 'गार्ड अफ अनर' दिइयो । पावेलले प्रधान

सेनापतिसँग भन्नुभयो, 'मैले सेनाबाट अवकाश पाएपछि पाएको पहिलो गार्ड अफ अनर यही हो । अवकाशप्राप्त सैनिक जनरलको हिसाबले यो सम्मान पाउँदा मलाई साह्रै खुसी लागेको छ । यसका लागि म तपाईंलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु ।'

शाही जङ्गी अड्डामा उहाँलाई माओवादीको आतङ्क चर्किएको र सङ्कटकाल लागू गरी सेना परिचालन भइरहेको अवस्थाबारे जानकारी गराइयो । सेनालाई विशेष गरेर हातहतियार तथा लजिस्टिकका सामग्री कमी भएकोबारे समेत अवगत गराइयो । त्यस्तै, सेनाले संयुक्त राष्ट्रसङ्घको आह्वानमा शान्ति स्थापना कार्यमा धेरै अगाडिदेखि काम गरिरहेको स्मरण गराइयो । राष्ट्रसङ्घीय शान्तिसेनाको मिसनमा जाँदा आवश्यक सैनिक बन्दोबस्तीका सामान नेपालबाटै लैजानुपर्ने भएकाले सेनालाई असहज भएको पनि जानकारी गराइयो । साथै जनरल पावेललाई भनियो, 'सेनाले शान्तिका बेला देश विकास, प्रकृति संरक्षण तथा वन्यजन्तुको संरक्षणका क्षेत्रमा काम गर्ने गरेको छ । अमेरिकी विदेशमन्त्रीका रूपमा तपाईंले शाही जङ्गी अड्डाको भ्रमण गरेकोमा सेना खुसी छ । हामी यो भ्रमणबाट सेनालाई पर्याप्त सहयोग प्राप्त हुने कुरामा आशावादी छौं ।'

प्रत्युत्तरमा जनरल पावेलले भन्नुभयो, 'शाही जङ्गी अड्डाको भ्रमण र यहाँको ब्रिफिङबाट म ज्यादै खुसी भएको छु । एक पूर्वसिपाहीका नाताले समेत म नेपाली सेनाले भोगिरहेका समस्या बुझ्दछु । नेपाली सेनाले खोजेको आवश्यक सहयोगबारे विस्तृत प्रस्ताव अमेरिकी राजदूतावास मार्फत पठाएमा म अमेरिकी सरकारबाट हुने सहयोगका लागि सकेसम्म प्रयत्न गर्नेछु । नेपाली सेनाले सैनिक कारबाही गर्दा मानव अधिकार उल्लंघनका घटना हुन दिनु हुँदैन । नेपाली सेनालाई आवश्यक सैनिक हवाईजहाज र गनसिप हेलिकप्टरबारे अमेरिकी नीति अनुसार सहयोगका लागि पनि म प्रयास गर्नेछु ।' पावेलको जङ्गी अड्डाको भ्रमण सम्बन्धी विस्तृत प्रतिवेदनमा उपर्युक्त कुराहरू उल्लेख गरिएको छ ।

आजै महाराजाधिराजबाट अमेरिकी विदेशमन्त्री पावेललाई दर्शनभेट बक्स्यो । त्यस अवसरमा पावेलले अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुस र अमेरिकी जनताका तर्फबाट गत जेठ १९ को राजदरबार घटनाको संस्मरण गर्दै दुःख व्यक्त गर्नुभयो । साथै माओवादी हिंसामा नेपाली सेनाले निर्वाह गरिरहेको भूमिकाको सराहना गर्नुभयो । त्यस अवसरमा नेपालका परराष्ट्र राज्यमन्त्री अर्जुनजङ्गबहादुर सिंह, अमेरिकाका सार्वजनिक मामिला सम्बन्धी सहायक मन्त्री रिचार्ड बौचर, दक्षिण एसिया सम्बन्धी सहायक विदेशमन्त्री क्रिस्टिना रोक्का र नेपालका लागि अमेरिकी राजदूत माइकल ई. मालिनोस्कीको समेत उपस्थिति थियो ।

सेना अधिराज्यका धेरैजसो जिल्लामा परिचालन भइरहेको छ । स्थानीय तहमा सञ्चारका साधन, यातायात लगायत अन्य लजिस्टिकका सामानका साथै एसएलआर राइफल ज्यादै पुरानो भएकाले प्रभावकारी हुन नसकेको खबर आइरहेका छन् ।

स्थानीय निकायको निर्वाचन हुन सक्ने या नसक्नेबारे सुरक्षा निकायका प्रमुखहरूसँग कुरा गर्दा चरणबद्ध रूपमा सम्पन्न गर्न सकिने सुझाव आएको छ । यसबारे मैले प्रमुख सचिव पशुपतिभक्त महर्जनलाई जानकारी गराएँ । केही दिनअगाडि उहाँले यस विषयमा

मेरो सुझाव माग्नुभएको थियो ।

नेपाल राष्ट्र बैङ्कका गभर्नर डा. तिलक रावलले मलाई फोन गरेर देशको वर्तमान आर्थिक अवस्था र राष्ट्र बैङ्कले गरिरहेका कार्यबारे सरकारमा जाहेर गर्न आवश्यक देखेकाले सरकारको दर्शनभेट मिलाइदिन अनुरोध गर्नुभएको छ ।

सशस्त्र प्रहरीका लागि भारतबाट प्राप्त हतियार तथा लजिस्टिकका सामान लिएर छ वटा ट्रक काठमाडौं आइपुगेका छन् ।

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला पश्चिम नेपालको भ्रमणको सिलसिलामा नेपालगन्ज पुग्नुभएको छ । त्यहाँ उहाँले स्थानीय कार्यकर्तासँगको भेटघाटमा सङ्कटकाल अन्त्य गर्ने, संसद्को अधिवेशन सुरु भएलगत्तै देउवा सरकारका विरुद्ध अविश्वासको प्रस्ताव दर्ता गर्ने जस्ता कुरा गर्नुभएको बुझिएको छ ।

सेनाको सल्लाहमा सूचना तथा सञ्चार सचिव श्रीमान श्रेष्ठको हालै सरुवा भएको छ । उहाँमाथि सेनालाई सहयोग नगरेको र माओवादीप्रति सहानुभूति राख्ने गरेको आरोप छ ।

हालै पदोन्नति भएका रथी भिक्ट्रीशमशेर जबरा, उपरथी गोविन्दबहादुर गुरूङ र सहायक रथी दमननरसिंह राणाले सरकारमा दाम राख्नुभयो । सरकारबाट उहाँहरूसँग देशको सुरक्षा सम्बन्धी विषयमा छुट्टाछुट्टै छलफल गरिबक्स्यो ।

## २०५८ माघ ७ गते आइतबार

पूर्व प्रहरी महानिरीक्षक मोतीलाल बोहराले मलाई भेटेर हालको परिस्थितिबारे आफ्नो विश्लेषण सुनाउनुभयो । त्यस क्रममा उहाँले भन्नुभयो, 'मेरो छोरो गजेन्द्र बोहरा (स्वर्गीय युवराजाधिराज दीपेन्द्रका शाही पार्श्ववर्ती) अत्यन्तै चिन्तित र तनावमा छ । उसले के काम गर्ने भनेर कुनै कुरा सोच्न सकेको छैन । गजेन्द्र भारतको गुजरातमा रहेको मेरो उद्योगपति साथीलाई भेट्न जाने र केही साता उतै बस्ने कार्यक्रम छ । उता जानुअघि छोराले सरकारको दर्शनभेट खोजेको छ । मलाई र छोरालाई पनि दर्शनभेटको समय मिलाइदिनुपर्‍यो ।' त्यस्तै उहाँले 'मेरी बहिनीको विवाह बर्मामा भएको हो, त्यहाँका नेपाली समुदायसँग बहिनी मार्फत मेरो निकटको सम्बन्ध छ, नेपाली मूलका कतिपय बर्मेलीहरू निकै सम्पन्न छन्, सरकारबाट मलाई बर्माको शाही नेपाली राजदूत निगाह बक्सेमा मैले दुई देशबीचको सम्बन्ध विस्तार गर्न र त्यहाँका नेपालीको लगानी नेपाल भित्र्याउन प्रयास गर्नेछु' भनेर आग्रह गर्नुभयो । साथै उहाँले भन्नुभयो, 'पूर्व प्रहरी महानिरीक्षकलाई समेत सरकारको मानार्थ शाही पार्श्ववर्तीमा नियुक्त गर्दा प्रहरी सङ्गठनमा सकारात्मक प्रभाव पर्छ । त्यस हिसाबले पनि म सरकारको सेवा गर्न तयार छु ।'

प्रहरी महानिरीक्षक प्रदीपशमशेर जबराले फोन गरेर डीआईजीको सरुवाका विषयमा गृह मन्त्रालयसँग विवाद चलेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, 'गृह मन्त्रालयले राष्ट्रिय अनुसन्धानमा भर्ना गरेका केही अधिकृतलाई नेपाल प्रहरीमा सरुवा गर्ने नीति बनाइएको छ । यसले प्रहरी सङ्गठनमा नराम्रो प्रभाव पर्छ । यो कानुनी रूपमा समेत

ठीक कुरा होइन । यस्ता किसिमका राजनीतिक नियुक्तिले प्रहरी सङ्गठनले काम गर्न सक्दैन । यस विषयमा मैले कानुनी सल्लाह लिइरहेको छु । आवश्यक परे सर्वोच्च अदालतमा मुद्दा हाल्ने सोच भइरहेको छ ।'

## २०५८ माघ ११ गते बिहीबार

सैनिक कल्याणकारी कोष र केही चिनियाँ बैङ्कको संयुक्त लगानीमा प्रस्तावित कमर्सियल बैङ्क स्वीकृत गराउन सके कल्याणकारी कोषको उचित व्यवस्थापन हुनेछ र सेनाका विभिन्न आवश्यकता समेत पूरा गर्न सकिनेछ । चिनियाँ लगानी नेपालमा भित्र्याउन सक्दा नेपालको राष्ट्रिय हितका साथै राष्ट्रिय अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

आफ्ना सहयोगी मार्फत काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले 'तपाईंलाई भेट्न घरमा आउँछु, समय मिलाउनुपर्‍यो' भन्नुभएको थियो । त्यसको प्रतिक्रियामा मैले 'उहाँ जस्तो उच्च राजनीतिक व्यक्तित्व भएको र प्रधानमन्त्री भइसकेको व्यक्ति मेरो घर आउनुभन्दा उहाँलाई भेट्न म आफैँ आउँछु, समय मिलाउनुहोस्' भनेको थिएँ । यसै सन्दर्भमा काङ्ग्रेस सांसद सुरेन्द्रप्रसाद चौधरीले मलाई फोन गरेर 'गिरिजाबाबुले जर्साबसँग भेटर कुरा गर्नू भन्नुभएको छ, जर्साबलाई कहिले अनुकूल पर्छ भेट्न आउँछु' भन्नुका साथै गिरिजाबाबुले आगामी आइतबार किसुनजीलाई भेट्दै हुनुहुन्छ' भन्ने जानकारी समेत दिनुभयो ।

खबर अनुसार काङ्ग्रेस पार्टीले आगामी माघ १६ गते सभापति गिरिजाप्रसाद कोइरालाका स्वर्गीय पिता कृष्णप्रसाद कोइरालालाई शहीद घोषणा गरी उहाँका नाममा स्मृति कोष समेत स्थापना गर्ने निर्णय गरेको छ । काङ्ग्रेस नेत्री शैलजा आचार्यलाई अध्यक्ष बनाई भव्य कार्यक्रम गरेर कोष सार्वजनिक गरिने भएको छ । कार्यक्रममा भारतबाट पूर्वप्रधानमन्त्री चन्द्रशेखर, बीपी सिंहका साथै अन्य नेतालाई पनि निमन्त्रणा गरेको बुझिएको छ ।

## २०५८ माघ १५ गते सोमबार

एमाले महासचिव माधवकुमार नेपालले मसँग भेट्न खोजेको धेरै भएको थियो । हिजो उहाँसँग भेट भयो । उहाँले 'सङ्कटकाल अनुमोदन भएन भने सेनाको मोरालमा असर पर्छ कि पर्दैन ?' भन्ने जिज्ञासा राख्दै भन्नुभयो, 'सङ्कटकालले गर्दा देशको आर्थिक स्थितिमा ठूलो नकारात्मक प्रभाव पारेको छ । विशेष गरेर पर्यटन क्षेत्र तहसनहस हुने अवस्थामा छ । सङ्कटकालबिना पनि सेना परिचालन गरी कारबाही गर्न सकिन्छ भने सङ्कटकाल हटाउन उपयुक्त हुन्छ ।' उहाँको थप भनाइ थियो, 'काङ्ग्रेस सरकारले काम गर्न सकेन । अन्य विकल्पको खोजी हुनुपर्छ । मन्त्रिपरिषद् ज्यादै ठूलो भएर देशलाई भार भइरहेको छ । देउवा सरकारले सांसद विकास कोषको बजेट अनावश्यक गोष्ठी, सेमिनार, भ्रमणमा खर्च गरिरहेको छ । साथै सल्लाहकार

नियुक्ति, अस्थायी कर्मचारी भर्ना, गणेशमान शान्ति अभियान, गरिबसँग विश्वेश्वर, सुकुम्बासी समाधान आयोग लगायत विभिन्न नाममा देशको बजेटको दुरुपयोग गरिरहेको छ । यस्ता अनावश्यक खर्चहरूबारे दरबारले समेत देउवालाई प्रश्न गर्नु उचित हुनेछ ।' यसका साथै उहाँले एमालेले सङ्कटकाल अनुमोदनका लागि केही सर्त राख्ने निधो गरेको जानकारी दिनुभयो । मैले 'म तपाईंका सुझाव सरकारमा टक्र्याउँछु, यी कुरा दर्शनभेटका बेला सरकारमा तपाईं आफैंले जाहेर गर्दा पनि राम्रो हुन्छ' भनें । उहाँले 'प्रमुख सचिव पशुपतिलाई भनेको छु, तपाईंले पनि सरकारमा जाहेर गरिदिनुहोला' भनेर दर्शनभेट मिलाइदिनका लागि आग्रह गर्नुभयो ।

जङ्गी अड्डाबाट आएको जाहेरी अनुसार पर्याप्त लजिस्टिक्स उपलब्ध नभए पनि सैनिक अपरेसनहरू राम्रैसँग सञ्चालन भइरहेका छन् । अपरेसनमा समातिएका माओवादीलाई छुटाउन नेताहरूबाटै व्यापक दबाव आउने गरेको छ । राष्ट्रिय अनुसन्धान विभागबाट राम्रो सहयोग र सूचना प्राप्त भइरहेकाले विभाग प्रमुख देवीराम शर्मालाई सबै क्षेत्रबाट सहयोग गर्नु आवश्यक छ । ३ नम्बर वाहिनी, पोखराले आफ्नो काम उत्कृष्ट ढङ्गले गरिरहेको छ । उसको सक्रियतामा माओवादीका केही नेता समेत पक्राउ परेका छन् । माओवादीले विभिन्न सङ्घसंस्था र नागरिक समाजका व्यक्तिसँग सम्बन्ध बढाउन खोजेका छन् । यसबाट उनीहरू कमजोर हुँदै छन् भन्ने देखिन्छ । माओवादीलाई आर्थिक र अन्य समस्या बढिरहेको हुन सक्छ । साथै केही क्षेत्रमा जनताको सहयोग कम हुँदै गएका कारण उनीहरूको राजनीतिक प्रभाव समेत कम भएको देखिन्छ । यता, अपरेसनको समयमा पेट्रोलिङमा जाँदा समेत प्रहरीले दैनिक भ्रमण भत्ता लिने गरेको छ । यसबाट त्यस्तो भत्ता नपाउनेसैनिक जवानलाई नकारात्मक असर पर्न सक्छ । यसबारे परामर्शका लागि पश्चिम पृतनापतिलाई भोलि काठमाडौं बोलाइएको छ ।

भूतपूर्व प्रधानमन्त्री सूर्यबहादुर थापाको मालीगाउँस्थित घरमा संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक पार्टीका नेताहरूबीच समसामयिक राजनीतिक विषयमा छलफल भएको छ । छलफलमा एमालेको २२ बुँदे, राप्रपाको ६ बुँदे र काङ्ग्रेसको १४ बुँदे कार्यक्रमलाई मिलाएर एउटै एकीकृत कार्यक्रम बनाई प्रधानमन्त्रीलाई दिने सहमति भएको छ । त्यस्तै, मन्त्रीहरूको सङ्ख्या घटाउन, भ्रष्टाचार रोक्न, संविधान संशोधन गर्न र देशको आर्थिक अवस्था चिन्ताजनक भएकाले यसबारे गम्भीर हुन प्रधानमन्त्रीलाई दबाव दिने निर्णय भएको छ । साथै देउवा सरकारको गतिविधि अनुगमन गर्न काङ्ग्रेस नेता गोविन्दराज जोशी, एमाले नेता भरतमोहन अधिकारी, राप्रपा नेता कमल थापा र सद्भावना नेता बद्रीप्रसाद मण्डल सम्मिलित अनुगमन समिति बनाइएको बुझिएको छ ।

काङ्ग्रेस सांसद सुरेन्द्रप्रसाद चौधरीसँग पूर्वनिर्धारित कार्यक्रम अनुसार एक जना साथीको घरमा आज मेरो भेटघाट भयो । भेटमा उहाँले भन्नुभयो, 'देशको स्थिति राजनीतिक तथा आर्थिक कारणले खराब छ । त्यसैले सङ्कटकाल हटाउनुपर्छ । देउवा सरकारले हाल जारी गरेको भूमि सम्बन्धी नीति राम्रो छैन । वर्तमान सरकारबाट समस्या

समाधान हुन सक्दैन । प्रधानमन्त्रीलाई हटाउन काङ्ग्रेसभित्र हस्ताक्षर अभियान जारी छ । जर्सीबले गिरिजाबाबुलाई मदत गरिदिनुपर्‍यो ।' उहाँको थप भनाइ थियो, 'एक महिनाका लागि युद्धविराम गरी देशमा शान्ति स्थापना गर्न राजनीतिक उपाय खोज्नैपर्छ । संविधानसभाको चुनावमा नजाने हो भने यो विषयलाई बहसमा ल्याएर जनमत सङ्ग्रह गराउनुपर्छ । विद्रोहीलाई जित्न सेनाले गुरिल्ला रणनीति लिनुपर्छ । माओवादीसँग वार्ता जारी राख्ने प्रयास गरौँ ।'

## २०५८ माघ १६ गते मङ्गलबार

हालको अवस्थामा सङ्कटकाल अनुमोदन हुनैपर्छ, त्यसपछि अवस्था विश्लेषण गरेर सङ्कटकाल हटाउन पनि सकिन्छ भनी सेनाबाट सुझाव आएको छ ।

राष्ट्रिय सुरक्षा परिषद् सचिवालयमा खटाइएका सहसंयोजक उपरथी रूक्माङ्गद कटवालले सचिवालयको कार्यालय स्थापनाबारे मलाई जानकारी दिनुभयो । उहाँका अनुसार परिषद् सचिवालयको कार्यालय सिंहदरबार, पुतलीबगैँचास्थित सुकुम्बासी समस्या समाधान आयोगले प्रयोग गरेको भवन र परिसरमा रहने निर्णय भएको छ । उक्त स्थान सचिवालयका लागि राम्रो र फराकिलो छ । परिसरको भवन मर्मत भइरहेकाले तयारी पूरा हुन अरू एक-दुई महिना लाग्न सक्छ ।

## २०५८ माघ १७ गते बुधबार

काङ्ग्रेस नेत्री शैलजा आचार्यले काङ्ग्रेसको काठमाडौँ नगर परिषद्को उद्घाटन गर्दै देउवा सरकारको कडा आलोचना गर्नुका साथै दरबारबारे आपत्तिजनक अभिव्यक्ति दिनुभयो । उहाँले 'देशमा लगाइएको सङ्कटकाल राजदरबार हत्याकाण्डपछिको अर्को सिलसिला हो' समेत भन्नुभएछ ।

नेपाल भ्रमणमा रहेका भारतीय पूर्वप्रधानमन्त्री चन्द्रशेखर काठमाडौँबाट विराटनगर हुँदै दमक पुगेर काङ्ग्रेस नेता चक्रप्रसाद बाँस्तोलालाई भेटी मोटरबाट भारततर्फ प्रस्थान गरेको खबर छ ।

राष्ट्रिय अनुसन्धान विभागबाट नेपाल प्रहरीमा सरुवा गरिएका गुप्तचरहरूको विषयलाई लिएर प्रहरी प्रधान कार्यालय र गृह मन्त्रालयबीच चलेको मनमुटावले गर्दा गृहमन्त्री खुमबहादुर खड्काले राजीनामा दिने मानसिकता बनाएको बुझिएको छ ।

भारतीय सञ्चार माध्यमले देउवा सरकारका विरूद्ध बहुमत काङ्ग्रेस सांसदले हस्ताक्षर गरेकाले गिरिजाप्रसाद कोइराला पुनः प्रधानमन्त्री हुने निश्चित भएको भनी समाचार प्रसारण गरेका छन् ।

## २०५८ माघ २२ गते सोमबार

गृहसचिव श्रीकान्त रेग्मीले मलाई भेटेर उहाँको भोलिदेखि हुने भारत भ्रमणबारे जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, 'नेपाल र भारतका गृहसचिवबीच द्विपक्षीय वार्ता

प्रत्येक छ महिनामा हुने नीति भए पनि यो वार्ता १८ महिनापछि हुँदै छ । वार्तामा भारतले हवाई यात्रामा परिचयपत्र अनिवार्य गरेकाले यसबाट परेको समस्या, सुपुर्दगी सन्धि, आतङ्ककारी गतिविधि, नक्कली मुद्राको कारोबार, सीमा क्षेत्रमा देखा परेको आपराधिक गतिविधि र भन्सार समस्या सम्बन्धमा छलफल हुनेछ ।'

आज काभ्रे जिल्लाको भकुन्डेबेसीस्थित प्रहरी कार्यालयमा माओवादीले आक्रमण गरी १६ जनाको हत्या गरेको छ । पाँच जवान घाइते भएका छन् । त्यहाँबाट सबै हतियार लुटिए । सैनिक पोस्टले जवाफी कारबाही सुरु गरेको छ ।

माओवादी आगामी फागुन १ गते कथित जनयुद्ध सुरु भएको वर्षगाँठ भव्य रूपमा मनाउने तयारीमा रहेको खबर छ । माओवादीले आफ्नो तर्फ कुनै कमजोरी छैन भन्ने देखाउन प्रचार-प्रसार र जनकारबाहीका गतिविधि तीव्र बनाउँदै लगेको छ । कुनै स्थानमा ठूलै 'शक्ति' प्रदर्शन गर्न समेत प्रयास गरिरहेको छ । विभिन्न माध्यमबाट वार्ताको प्रसङ्गलाई पनि अगाडि बढाउँदै लगेको छ ।

नेपाल प्रहरीले जोस र जाँगरसाथ काम गरेको देखिँदैन । माओवादीनिकट अखिल क्रान्तिकारीका विद्यार्थी नेताहरू काठमाडौँमै रहेको खबर छ । तर प्रहरीले पक्राउ गर्न सकेको छैन । साथै, प्रहरीले काठमाडौँ लगायत देशका विभिन्न स्थानमा हप्तावारी उठाउने काम नछाडेको गुनासो आइरहेको छ ।

## २०५८ माघ २३ गते मङ्गलबार

प्राप्त खबर अनुसार रोल्पा जिल्लाका खुमेल, मिझिङ, गजुल, सुलीचौर, बडाचौर, खुङ्ग्री लगायत विभिन्न गाविसका बुद्धिजीवी र आमनागरिकले लाकुरी डाँडामा आमसभा गरेका छन् । करिब चार हजार मानिस सहभागी भएको त्यो आमसभाका अधिकांश वक्ताले माओवादी गतिविधिको भर्त्सना गर्दै श्री ५ को सरकारसँग शान्ति-सुरक्षा कायम गर्न माग गरे । सभाको अन्त्यमा 'श्री ५ ज्ञानेन्द्र जिन्दावाद, बहुदलीय प्रजातन्त्र जिन्दावाद, माओवादी आतङ्ककारी मुर्दावाद, आतङ्कवाद बन्द गर, लुटेका हतियार र सम्पत्ति फिर्ता गर' जस्ता नारा लगाइएको थियो ।

गए राति माओवादीले लुक्लास्थित राष्ट्रिय वाणिज्य बैङ्कबाट २० लाख रुपैयाँ नगद र दुई वटा बन्दुक लुटेको खबर छ ।

हिजो बिहान सुजाता निवास मण्डिखाटारमा काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले केही वरिष्ठ काङ्ग्रेसी नेतासँग गोप्य छलफल गर्नुभएको खबर छ । छलफल आज पनि जारी छ । छलफल विशेष गरेर गृहमन्त्री खुमबहादुर खड्काले हालै 'अन्तिम अस्त्र वार्ता नै हो' भनेर बोलेको भन्ने विषयमा केन्द्रित भएको बुझिएको छ ।

आज बसेको एमाले तथा माले दुवै पार्टीको बैठकले पार्टी एकीकरण गर्ने निर्णय गरेको छ । तर, एकीकरणका विरुद्धमा रहेका माले नेता सीपी मैनालीले पार्टीको केन्द्रीय समितिमा आफ्नो पक्षमा ४० प्रतिशत सङ्ख्या पुऱ्याएर माले पार्टी जीवितै राख्ने निर्णय गर्नुभएको छ ।

**२०५८ माघ २६ गते शुक्रबार**

हिजो राति सुजाता निवास मण्डिखारमा सभापति गिरिजाप्रसाद कोइराला लगायत केही नेताले आज बस्ने काङ्ग्रेस केन्द्रीय समितिको बैठकबाट पास गर्ने विषयबारे सल्लाह गरेको बुझिएको छ । आज बिहानै बसेको केन्द्रीय समितिको बैठकमा महामन्त्री सुशील कोइरालाले पेस गरको राजनीतिक प्रतिवेदन सरकारका विरूद्ध केन्द्रित रहेको थियो । बैठक भोलि पुनः बस्नेछ ।

मनोनीत सांसद रमेशनाथ पाण्डेले काङ्ग्रेस सभापति कोइरालाको बृहत् प्रजातान्त्रिक एकताको प्रस्तावलाई खुलेर समर्थन गर्नुका साथै कोइरालाको अत्यन्तै प्रशंसा गर्न थाल्नुभएको छ । पाण्डेले अब प्रधानमन्त्री शेरबहादुर देउवालाई असजिलो पार्न सहयोग गर्ने र कोइरालालाई प्रधानमन्त्री बनाउने उद्देश्य राखेको बुझिएको छ । उहाँले यो अभियान सफल भएपछि आफूलाई परराष्ट्रमन्त्री बनाउन र आफ्नो छोरालाई अमेरिकास्थित संयुक्त राष्ट्रसंङ्घका लागि स्थायी प्रतिनिधि (चिफ अफ मिसन) बनाएर पठाउन कोइरालासमक्ष अनुरोध गरेको पनि जानकारी प्राप्त भएको छ ।

हिजो प्रधानमन्त्री देउवाले एमाले महासचिव माधवकुमार नेपाललाई भेटी आफ्नो सरकारलाई सहयोग गर्न अनुरोध गरेको बुझिएको छ ।

**२०५८ माघ २९ गते सोमबार**

राजदरबारको सुरक्षा व्यवस्था सुदृढीकरण गर्न गठित कार्यटोलीले प्रतिवेदन तयार पारेको छ । सैनिक तालिम र सैनिक सङ्गठन तथा व्यवस्थापनबारे युवराजाधिराजलाई जानकारी टक्र्याउन आवश्यक छ । यस सम्बन्धी पाठ्यक्रम नजर गर्न सरकारबाट समय बक्सनुपर्ने हुन्छ । यस विषयमा जाहेर गर्दा सरकारबाट 'पारससँग कुरा गरेर समय मिलाऊ' हुकुम भयो ।

हालै सम्पन्न काङ्ग्रेस केन्द्रीय समितिको बैठकले मन्त्रीहरूको सङ्ख्या घटाउन प्रधानमन्त्री देउवालाई दबाव दिने निर्णय गरेको छ । त्यस क्रममा हटाइएका मन्त्रीहरू आफ्नो पक्षमा आउने सभापति कोइरालाको विश्लेषण छ । साथै काङ्ग्रेसले देउवाका विरूद्ध बहुमत पुऱ्याएर उहाँलाई प्रधानमन्त्रीबाट हटाउने र बृहत् प्रजातान्त्रिक एकताको संयुक्त सरकार बनाउने निर्णय लिएको बुझिएको छ । यस्तो अवस्थामा महाराजाधिराजबाट समेत देउवाको राजीनामा माग हुन सक्छ भन्ने पनि कोइरालाको विश्लेषण छ ।

एमालेले भने देउवा सरकारको विरोध गर्ने र काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले भने अनुसारको संयुक्त सरकारमा पनि नजाने निर्णय गरेको छ । एमालेले काङ्ग्रेसको भन्डाफोर गर्ने, सेनाले चुनावको वातावरण बनाई शान्ति कायम गराउन सके चुनावमा जाने र बहुमत ल्याउने रणनीति बनाएको खबर छ ।

**२०५८ फागुन १ गते बुधबार**

प्रधानमन्त्री शेरबहादुर देउवाले हिजो प्रधान सेनापति प्रज्वल्लशमशेर जबरासँग

हालको सुरक्षा स्थितिबारे छलफल गर्नुभएछ । छलफलपछि प्रधानमन्त्रीले रक्षासचिवसँग 'मलाई प्रधान सेनापतिले किन सहयोग नगरेको हो, मैले निर्देशन दिएका कतिपय विषय प्रधान सेनापतिले बिर्सने गरेको छ, मैले सेनालाई यत्रो सहयोग गरेको छु तर प्रधान सेनापतिले मलाई उपेक्षा गरिरहेको छ, कर्णेल सनत बस्नेतलाई सशस्त्र प्रहरीमा पठाउनू भन्दा चिफले किन विरोध गरिरहेको छ ?' भनेर झोँक्किएर कुरा गर्नुभएको रहेछ ।

## २०५८ फागुन २ गते बिहीबार

माओवादीले कथित जनयुद्धको वर्षगाँठ मनाउने सन्दर्भमा जनकारबाही भन्दै हिजो पाँचथर जिल्लाको नागिन गाविसमा सेनाका पूर्वहवल्दार टेकबहादुर गुरूङ र बर्दिया जिल्लाको पाँथाभार गाविसमा शमशेर दल गणका हुद्दा ठाकुरप्रसाद चौधरीको गोली हानी हत्या गरेको छ । यसैबीच पोखरामा अमरसिंह चोकस्थित एउटा घरबाट माओवादीले लुकाएर राखेको अन्दाजी आठ किलो सुनका गहना सेनाले बरामद गरेको छ ।

## २०५८ फागुन ५ गते आइतबार

हिजो राति माओवादीले अछामको सदरमुकाम मङ्गलसेन र साँफेबगरका साथै सिराहा जिल्लाको लालबन्दी प्रहरी चौकीमा हमला गऱ्यो । मङ्गलसेनमा राति १ बजे हमला सुरु गरेपछि एक घण्टासम्म दोहोरो भिडन्त भयो । त्यसपछि अछाम जिल्लासँग पूरै सम्पर्क विच्छेद भयो । काठमाडौँबाट उडेको हेलिकप्टर बिहान उक्त क्षेत्रमा पुग्दा आगोको मुस्लो र जमिनबाट फायर भएकाले त्यहाँ ल्यान्ड गर्न सकेन । करिब ४५ मिनेटको दूरीमा ल्यान्ड गऱ्यो । थप फौज आज बिहान साढे ११ बजे मङ्गलसेन पुगेको छ । प्रारम्भिक खबर अनुसार सेनाका ४८ सैनिकको मृत्यु भएको छ भने एक जना घाइते र ८ जना बेपत्ता भएका छन् । त्यस्तै प्रहरीतर्फ ३४ जनाको मृत्यु भएको छ, १८ जना घाइते भएका छन् । राष्ट्रिय अनुसन्धान विभागका एक जना र अन्य दुई जना महिलाको पनि मृत्यु भएको छ । सिराहामा चार जना प्रहरी जवानको मृत्यु भएको छ । छ जना घाइते छन्, तीमध्ये चार जनाको स्थिति गम्भीर छ । माओवादीले ती ठाउँका सम्पूर्ण हातहतियार लुटेर लगेका छन् ।

मङ्गलसेनमा माओवादीले ठूलो आक्रमणको तयारी गरिरहेको सूचना शाही जङ्गी अड्डाबाट ५ नम्बर वाहिनी, दिपायललाई पहिले नै दिइएको थियो । वाहिनीले पनि त्यहाँका सेनाप्रमुखलाई थप मदत गरेको थियो । तापनि त्यहाँको सैनिक टोलीले उचित सतर्कता अपनाउन सकेन । प्राप्त सूचनालाई गम्भीरतासाथ लिएर तयारी हालतमा बसेको पनि देखिएन । माओवादीले वर्षगाँठ मनाउने सिलसिलामा व्यक्तिहत्या गर्ने कार्यक्रम तय गर्नुका साथै आफूले क्षति ब्यहोरेका सल्लेरी, कपुरकोट, रातामाटेको बदला लिने योजना बनाएको पनि बुझिएकै थियो । त्यसै क्रममा मङ्गलसेनलाई निसाना बनाएको हुन सक्छ ।

## २०५८ फागुन ६ गते सोमबार

सुरक्षा फौजको कारबाही आक्रामक नभएर प्रतिकारात्मक मात्र देखिन्छ । साथै सदरमुकाम मात्र कुरेर बस्ने गरेको देखिएको छ ।

प्रधान सेनापतिले फोन गरेर सङ्कटकाल अनुमोदन गर्ने विषयमा सत्तारूढ काङ्ग्रेसभित्र मतभेद बढेको जानकारी दिनुभयो । उहाँका अनुसार काङ्ग्रेसभित्र बहुमत सांसद सङ्कटकाल अनुमोदन नगर्ने पक्षमा छन् ।

राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्माले फोन गरेर आज बसेको सर्वदलीय बैठकमा सङ्कटकाल अनुमोदन गर्ने निर्णय नभएको जानकारी दिनुभयो । बैठकमा काङ्ग्रेस नेता गोविन्दराज जोशीले सङ्कटकाल अनुमोदन गर्ने तर यसलाई थप नगर्ने धारणा राखेकाले कुनै निर्णय हुन सकेन ।

काङ्ग्रेस पार्टीमा प्रधानमन्त्री देउवाले राजीनामा दिनुपर्छ भन्ने कुरा चर्कोसँग उठेको छ । यो विषय उठाउनेमा सुशील कोइराला र गोविन्दराज जोशी अग्रपङ्क्तिमा हुनुहुन्छ । गृहमन्त्री खुमबहादुर खड्काले प्रधानमन्त्रीले राजीनामा गर्दा सरकारलाई समस्या पर्न सक्छ भन्ने आधारमा सरकार बचाउन आफूले राजीनामा दिने सोच बनाएको पनि बुझिएको छ ।

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला हिजो बेलुका सांसद रमेशनाथ पाण्डेको घर जानुभएको थियो । केही समयपछि गोविन्दराज जोशी पनि त्यहाँ पुगेको खबर छ । कोइरालाले पाण्डेसँग देउवालाई सरकारबाट हटाएर बृहत् प्रजातान्त्रिक सरकार बनाउन दरबारको मदतका लागि पहल गरिदिन आग्रह गर्नुभएको बुझिएको छ ।

एमाले महासचिव माधवकुमार नेपालले 'मङ्गलसेनमा सेनाको कमान्डरले दिउँसो सबै ठीक छ, माओवादीलाई ठीक पार्छु भनेर घमन्ड गर्ने र बेलुका भएपछि अत्यधिक मदिरा सेवन गर्ने गरेकाले नै सेनाले ठूलो क्षति ब्यहोर्नुपरेको हो' भन्नुभएको खबर छ ।

## २०५८ फागुन ८ गते बुधबार

माओवादीले केही पहाडी केही जिल्ला सदरमुकाममा मङ्गलसेनमा जस्तै सशक्त कारबाही गर्ने योजना बनाएको बुझिएको छ । माओवादीले दोहोरो रणनीति अख्तियार गरेको देखिन्छ । उसले एकातिर मानव अधिकारवादी र वामपन्थी बुद्धिजीवीलाई प्रयोग गरेर सङ्कटकाल अनुमोदन नगर्न दबाव पैदा गरिरहेको छ । अर्कातिर सङ्कटकाल अनुमोदन नगरी नहुने परिस्थिति सिर्जना गरिरहेको छ । मङ्गलसेनको कारबाही सङ्कटकाल अनुमोदनकै निम्ति दबाव सिर्जना गर्न गरिएको बुझिएको छ । सङ्कटकालले देशको आर्थिक अवस्था धराशायी होस् र सेना थकित होस् भन्ने उसको मनसाय देखिन्छ ।

क्याप्टेन आरपी प्रधानले आज मलाई फोन गरेर 'म अमेरिका गएर फर्कें, त्यहाँ शाही नेपाली सेनालाई आवश्यक गनसिप हेलिकप्टर उपलब्ध गराउन सकिने सम्बन्धमा कुरा भएको छ, सरकारको दर्शनभेट पाए यस विषयमा विस्तृत रूपमा जाहेर

गर्ने थिएँ' भन्नुभयो ।

### २०५८ फागुन ९ गते बिहीबार

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला पक्षले आज बिहान चक्रप्रसाद बाँस्तोलाको निवासमा छलफल गरेर हाललाई सङ्कटकाल अनुमोदन गर्ने र त्यसपछिको परिस्थिति हेरेर प्रधानमन्त्रीलाई राजीनामा दिन बाध्य पार्ने निर्णय गरेको बुझिएको छ । त्यस अवसरमा प्रधानमन्त्री देउवाका विरूद्ध ५४ सांसदले हस्ताक्षर गरेको सम्बन्धमा समेत छलफल भएको थियो ।

काङ्ग्रेस नेता गोविन्दराज जोशी र रमेशनाथ पाण्डेबीच हिजो बेलुकी होटल एभरेस्टमा पुनः गोप्य छलफल भएको सूचना प्राप्त भएको छ ।

आज संसद्मा सङ्कटकाल अनुमोदनबारे छलफल भएको छ । काङ्ग्रेसले सङ्कटकाल अनुमोदन गर्ने भएको छ । एमालेले ससर्त अनुमोदन गर्नेछ । नेपाल सद्भावना पार्टीले विरोध गर्ने भएको छ भने राप्रपाले सङ्कटकालमा सरकारबाट गरिने कार्यक्रम सार्वजनिक गर्नुपर्ने माग राखेको छ । प्रधानमन्त्री शेरबहादुर देउवाले आजै बेलुकी ५ बजे जवाफ दिने र सवा ५ बजे सङ्कटकाल अनुमोदन गर्ने विषयमा मतदान हुने भएको छ ।

माओवादीले अधिराज्यभर छिटफुट आक्रमण, हत्या, लुटपाट जारी राखेका छन् । सेनाको जवाफी कारबाही भने त्यति सशक्त नभएको गुनासो पुनः आएको छ । डडेलधुरा जिल्लामा माओवादी आक्रमण हुँदै छ भन्ने हल्ला सुनेर प्रहरी लगायत जेलगार्ड र केही कर्मचारी समेत ड्युटी छाडेर भागेका छन् ।

सरकारबाट मलाई 'संविधानमा संशोधन गर्ने हो भने अहिले उपयुक्त समय छ, सुझाव देऊ' हुकुम भयो । त्यस्तै सरकारबाट हुकुम भयो, 'मैले देउवालाई प्रधानमन्त्री नियुक्त भएकै दिन एक महिनामा सकारात्मक परिणाम देखाउनुपर्छ भनेको थिएँ । प्रधान सेनापतिलाई पनि सङ्कटकाल लागू भई सेना परिचालन भएको तीन महिनाभित्र ठोस परिणाम आउनुपर्छ भनेको थिएँ । यो अवधिको उपलब्धिबारे उनीहरूसँग सोध्नुपर्ने हुन्छ । उनीहरू मलाई भेट्न आउँदा यो कुरा सम्झाऊ । यदि उनीहरू दुवैले आवश्यक परिणाम दिन नसक्ने हो भने बल माओवादी कोर्टमा जान सक्छ । किनभने सर्वसाधारण नेपाली अनावश्यक रूपमा मर्न चाहँदैनन् ।' त्यस्तै सरकारबाट 'किन भारतले नेपालको माओवादी समस्या र सुरक्षा सम्बन्धी विषयमा चाहिनेभन्दा बढी चासो राख्ने गरेको छ, यसबारे गम्भीर भएर विश्लेषण हुन आवश्यक छ, सेनाले आफ्नो गतिविधिमा विशेष विचार पुऱ्याउनुपर्ने हुन्छ' भनी निर्देशन बक्स्यो ।

### २०५८ फागुन १३ गते सोमवार

सरकारमा आज मैले 'मुलुकमा सङ्कटकाल लगाइएर सेना माओवादीका विरूद्ध कारबाहीमा परिचालित छ । यस्तो बेला श्री ५ को सरकारले समेत ठूला किसिमका भोजका

कार्यक्रम नगर्ने निर्णय गरेको छ । त्यसैले आगामी सैनिक दिवस तथा महाशिवरात्रि र नववर्षको अवसरमा वैशाख १ गते सेनाले रात्रिभोजका कार्यक्रम आयोजना गर्दा असान्दर्भिक होला कि भनेर जाहेर गरें । सरकारबाट 'रात्रिभोजबाट जनसम्पर्क बढाउन पनि सकिन्छ, तर पनि यस विषयमा प्रधान सेनापतिसँग कुरा गर' हुकुम भयो ।

अमेरिकी विदेशमन्त्री जनरल कोलिन पावेलको जङ्गी अड्डा भ्रमणको 'फलोअप' स्वरूप अमेरिकी राजदूत माइकल ई. मालिनोस्कीलाई सेनाका लागि आवश्यक सैन्य सामग्री र माओवादीका विरूद्ध सेना परिचालन भएपछिको गतिविधि सम्बन्धमा केही दिनअगाडि ब्रिफिङ गरिएको थियो । यस विषयलाई लिएर बुद्धिजीवी, सञ्चारकर्मी तथा केही नेताले नेपालको आन्तरिक मामिलामा अमेरिकाको हस्तक्षेप भनी नकारात्मक प्रतिक्रिया दिएका छन् ।

## २०५८ फागुन १४ गते मङ्गलबार

राष्ट्रिय सुरक्षा परिषद् सचिवालयका सहसंयोजक उपरथी रूक्माङ्गद कटवालले 'आज मैले प्रधानमन्त्रीलाई भेटेर आगामी फागुन २७ गते सचिवालयको उद्घाटन गर्ने विस्तृत कार्यक्रमबारे जाहेर गरें, सचिवालय स्थापनासँग जोडेर सेनाले सिंहदरबार कब्जा गऱ्यो भनेर केही राजनीतिक नेताले चलाएको अनावश्यक हल्लाबारे समेत मैले प्रधानमन्त्रीलाई अवगत गराएँ, मैले सचिवालय स्थापनाले सिंहदरबार सैनिकीकरण हुँदैन, बरू यसले प्रधानमन्त्रीलाई सबै किसिमको सहयोग पुग्छ भनेर विश्वस्त पारेको छु' भनी जानकारी गराउनुभयो । उपरथी कटवालको भनाइ थियो, 'मसँगको भेटमा प्रधानमन्त्रीले सहायक रथी दिलीप रायमाझीबारे नकारात्मक टिप्पणी गर्नुभयो । उहाँले यो कुरा प्रधान सेनापतिलाई समेत भन्नुभएको रहेछ । प्रधान सेनापतिले यो त दरबारको मान्छे हो भन्नुभएछ । मसँग प्रधानमन्त्रीले सेना अलि बढी आक्रामक हुनुपऱ्यो, सेनाको आवश्यकता म एकएक गरेर सबै पूरा गर्छु, म भ्रष्टाचार निर्मूल पार्ने पक्षमा छु, यसको सुरूवात पहिले आफू र आफ्नी श्रीमतीबाट गर्छु, महाराजाधिराजसँग जाहेर नगरी र सरसल्लाह नगरी कुनै पनि काम गर्दिनँ, बरू पद छाडिदिन्छु, गिरिजाले मलाई फसाउन खोजेका छन् जस्ता कुरा गर्नुभयो ।'

कटवालले मलाई भनेका सन्दर्भहरू मैले सरकारमा जाहेर गरें । सरकारबाट 'प्रधानमन्त्रीलाई संवैधानिक प्रावधान अनुसार उपयुक्त बाटो प्रतिनिधिसभा विघटन गर्नु हुनेछ भनेर सल्लाह दिनुपर्छ' हुकुम भयो । साथै सरकारबाट हुकुम भयो, 'सरकारी फजुल खर्च नियन्त्रण गरी सुरक्षा खर्च बढाउने, शान्ति सुव्यवस्था कामय गर्ने, सरकारी कोष खडा गरेर बेरोजगार युवालाई तालिम दिई विदेश पठाउने, विकास निर्माणका कार्यक्रममा जनताको सहभागिता बढाउन एउटा बृहत् योजना बनाउन पनि प्रधानमन्त्रीलाई सल्लाह दिनू ।'

विगत १२ वर्षमा नेपाल प्रहरीमा राजनीतिक हस्तक्षेप ज्यादै भयो, यसमा समसामयिक सुधार गर्न प्रहरी सेवा आयोगको नितान्त खाँचो छ, प्रहरीमा भर्ना छनोट प्रक्रिया सेनाको जस्तो बनाउन उचित हुन्छ भनी केही वरिष्ठ प्रहरी अधिकृतले मलाई सुझाव दिएका छन् ।

सभापति गिरिजाप्रसाद कोइरालाले काङ्ग्रेस संसदीय समिति पुनर्गठन गर्न खोज्नु कार्यकर्तालाई आगामी चुनावमा टिकटको आशा देखाई आफ्नो पक्षमा बहुमत सांसद पुऱ्याउने चाल हो । साथै आफ्नो नेतृत्वमा सरकार गठन गरेर सेनालाई आफ्नो नियन्त्रणमा लिने उहाँको योजना छ । किनभने उहाँले सेनाकै असहयोगका कारण आफूले राजीनामा दिनुपरेको भनेर आरोप लगाइरहनुभएको छ ।

राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्माले 'बेलायती सहायक मन्त्रीको हालै सम्पन्न नेपाल भ्रमणपछि बेलायतले यस विभागलाई सहयोग गर्ने आश्वासन दिएको छ, यसै सिलसिलामा बेलायतले तालिम टोली पठाएर विभागका केही अधिकृतलाई १५ दिनको विशेष तालिम दिने, बेलायती खर्चमा एउटा परामर्शदाता पठाउने र परामर्शदाताले विभागका विभिन्न पक्षबारे अध्ययन गरी सुझाव दिने योजना छ' भनी जानकारी दिनुभयो । साथै उहाँले भन्नुभयो, 'भारतीय गुप्तचर निकाय रअका प्रमुखले दुई वर्षपहिले यस विभागको आधिकारिक निमन्त्रणामा नेपाल भ्रमण गरेका थिए । अहिले मलाई भारत भ्रमणका लागि निमन्त्रणा आएको छ । यो विषय सरकारमा जाहेर गरेर खबर पाऊँ ।'

## २०५८ फागुन १५ गते बुधबार

नियमित जाहेरीमा आएको बेला प्रधान सेनापतिलाई आज सरकारबाट हुकुम भयो, 'प्रधानमन्त्रीलाई तिमीले अहिलेको राजनीतिक गतिरोध अन्त्य गर्न प्रतिनिधिसभा विघटन गरी चरणबद्ध चुनाव गर्न सकिन्छ भनेर सुझाव देऊ । साथै चुनावमा प्रधानमन्त्री र उहाँको समूहलाई जिताउन सेनाले पूरै सहयोग गर्छ भनेर विश्वास समेत दिलाऊ ।' त्यस्तै सरकारबाट मलाई 'यस्तो अवस्थामा दरबारको के भूमिका हुन्छ, प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गरेको सिफारिसलाई दरबारले कसरी जस्टिफिकेसन दिने, निर्वाचन आयोगलाई चुनाव सम्पन्न गर्न के आवश्यक पर्छ, त्यसबारे बुझ' भनी निर्देशन बक्स्यो ।

माओवादीका विरूद्ध सैनिक कारबाही जारी रहेको सन्दर्भमा सेनाको तर्फबाट मनोवैज्ञानिक अपरेसन सञ्चालन हुन आवश्यक छ । यस सन्दर्भमा माओवादी नेतृत्व र खास गरी प्रचण्डका विरूद्ध सैनिक अभियान सञ्चालन गर्न तथा काल्पनिक सूचना (डिसइन्फरमेसन) सम्बन्धी काम गर्न राष्ट्रिय सुरक्षा परिषद् सचिवालयका सहसंयोजक उपरथी रूक्माङ्गद कटवाललाई नै जिम्मेवारी दिन उपयुक्त हुने विषयमा सरकार, प्रधान सेनापति र मेरा बीच छलफल भयो । साथै, सैनिक अधिकृत श्रीमती सङ्घलाई सरकारको शुभजन्मोत्सव समारोहमा पाठपूजा गर्ने, नारी दिवस मनाउने कार्यभन्दा माओवादीका विरूद्ध कारबाहीका क्रममा मृत्यु भएका तथा घाइते सैनिकका परिवारलाई हेरविचार गर्ने, राहत दिने जस्ता काम गर्न लगाउँदा त्यसको सकारात्मक प्रभाव हुनेबारे समेत छलफल भयो ।

## २०५८ फागुन २० गते सोमबार

सरकारको भारत र चीनको भ्रमण सम्बन्धी कार्यक्रम परराष्ट्र मन्त्रालयले तय गरी काठमाडौँस्थित भारत र चीनका राजदूतलाई जानकारी गराएको छ । यसै सन्दर्भमा

चिनियाँ राजदूत उ योङ कङले मलाई फोन गरेर भन्नुभयो, 'अहिलेको परिरिस्थतिमा महाराजाधिराज र श्री ५ को सरकारलाई चीन सरकारको पूर्ण सहयोग छ । चिनियाँ दूतावासलाई परराष्ट्र मन्त्रालयबाट प्राप्त सरकारको चीन भ्रमण सम्बन्धी मिति बेइजिङ पठाइएको छ । चीन भ्रमणको अवसरमा सरकारबाट कुनै स्थानविशेषको भ्रमण वा अन्य कार्यक्रम राख्नुपर्ने भए खबर पाऊँ । म मिलाउन कोसिस गर्छु । यो सरकारको पहिलो चीन भ्रमण हुने हुँदा प्रतिनिधिमण्डल उच्चस्तरीय भएमा राम्रो हुन्छ ।' चिनियाँ राजदूतको थप भनाइ थियो, 'नेपालको वर्तमान राजनीतिक स्थिति ज्यादै तरल छ । यही समयमा अमेरिकी सैनिक टोली बारम्बार नेपाल आउने गरेको विषयलाई नेपालको छिमेकी मुलुक भारतले पनि रुचाएको छैन । यस विषयमा दरबारसँग कुरा गर्नुस् भनेर भारतीय राजदूतले मसँग भन्नुभएको छ ।'

हालै *साँघु* साप्ताहिकमा प्रकाशित सेना सम्बन्धी समाचारलाई लिएर सेनाले त्यसका सम्पादक गोपाल बुढाथोकीलाई हिरासतमा लिएको थियो । यस विषयमा सेनाका विरूद्ध नकारात्मक टीकाटिप्पणी भइरहेको छ । बुढाथोकीलाई 'सेनाले पत्रचार गरी सोधपुछ गर्दा ठीक हुन्थ्यो, अहिलेको स्थितिमा हिरासतमा लिएकाले नराम्रो भयो' भन्ने प्रतिक्रिया छ ।

*टाइम* म्यागजिनमा प्रकाशित राजसंस्था सम्बन्धी प्रकाशित समाचारको एक अंशमा 'स्वर्गीय राजा वीरेन्द्रले माओवादीका विरूद्ध सेना परिचालन गरेनन्, यसले गर्दा उनको माओवादीसँग अनौपचारिक सम्बन्ध थियो भन्ने देखाउँछ, त्यही कारणले राजा वीरेन्द्रको हत्या हुन पुग्यो (दी लेट किङ डिडनट युज दी आर्मी अगेन्स्ट दी इन्सरजेन्स लिडिङ टु स्पेकुलेसन ड्याट ही ह्याड रिच्ड एन अनअफिसियल अन्डरस्ट्यान्डिङ विथ दी रेबल्स, ह्वीच डेड विथ हिज डेथ)' भनी लेखिएको छ ।

## २०५८ फागुन २१ गते मङ्गलबार

माओवादीले देशका विभिन्न स्थानमा धार्मिक आस्थामा खलल पार्ने गरी, मन्दिर भत्काउने, मूर्ति तोडफोड गर्ने, पूजाआजा गर्न रोक लगाउने जस्ता क्रियाकलाप गरिरहेका छन् । साथै किरियामा बसेका व्यक्तिको समेत हत्या गरेका छन् । स्कुलमा बम विस्फोट गराइरहेका छन् । यसले सामाजिक संरचना समेत बिग्रँदै गएको देखिन्छ । सरकारी, निजी र विदेशी सञ्चार माध्यमबाट व्यापक प्रचार-प्रसार गरी माओवादीका यस्ता घृणित क्रियाकलाप उजागर गर्नु जरूरी छ ।

शाही रक्षक सैनिक प्रहरीको कार्यालय परिसरमा बेलायतबाट प्राप्त 'माइन क्लियरिङ भेहिकल,' अन्य उपकरण र नयाँ हतियार सरकारबाट नजर गराउने कार्यक्रम सम्पन्न भयो ।

राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्मा भारतीय समकक्षीको निमन्त्रणामा आउँदो फागुन २३ देखि २८ गतेसम्म भारत भ्रमणमा जान लाग्नुभएको छ ।

काङ्ग्रेसमा प्रधानमन्त्री शेरबहादुर देउवालाई हटाउन आन्तरिक तयारी उच्च स्तरमा

पुगेको सूचना छ । अहिलेसम्म सभापति गिरिजाप्रसाद कोइराला बाहेक ५५ जना सांसदले प्रधानमन्त्रीका विरूद्ध हस्ताक्षर गरिसकेका छन् । सरकारमा रहेका केही सहायक मन्त्रीको सहयोग लिने प्रयास भइरहेको छ । यसैबीच प्रधानमन्त्रीले भ्रष्टाचार आयोग गठन गर्न लागेका कारण हस्ताक्षर अभियानलाई केही असर पर्ने देखिन्छ ।

प्रधानमन्त्री निवास, बालुवाटारको सुरक्षा व्यवस्था सेनाले गर्दै आएको छ । साथै एक जना सहसेनानीलाई प्रधानमन्त्रीको एडीसीमा खटाउने व्यवस्था छ । यसैबीच प्रधानमन्त्रीले सेनासँग थप सुरक्षा माग गर्नुभएको छ । हालको अवस्थामा यसलाई सकारात्मक रूपमा लिएर उहाँले चाहे अनुसार सुरक्षा व्यवस्था मजबुत बनाउन मनासिब हुने प्रधान सेनापतिको राय छ । त्यसै अनुसार सुरक्षाको प्रबन्ध मिलाइँदै छ ।

## २०५८ फागुन २४ गते शुक्रबार

माओवादीका विरूद्ध सेना परिचालन सम्बन्धी महत्त्वपूर्ण क्रियाकलाप जङ्गी अड्डाको अपरेसन विभाग, सैनिक गुप्तचर विभाग र प्रधान सेनापतिलाई मात्र जानकारी हुने गरेको छ । यस विषयमा सेनाका अन्य महत्त्वपूर्ण विभागलाई कुनै जानकारी भएन भनेर केही पीएसओजले मसँग गुनासो गरे । उनीहरूको भनाइ थियो, 'अन्य विभाग पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अपरेसनमा सहभागी हुन्छन् । तर हामीलाई अपरेसन सम्बन्धी कुनै ब्रिफिङ हुँदैन । त्यसैले हामी अन्योलमा छौं ।' मैले उनीहरूलाई 'सेना टिमवर्कमा चल्ने सङ्गठन हो, अपरेसन सम्बन्धी गतिविधि सेनाका उच्च तहका व्यक्तिलाई जानकारी हुन जरूरी छ, म यो विषयमा चिफसाबसँग छलफल गर्छु, साथै सरकारमा जाहेर गरेर उपयुक्त वातावरण बनाउन सहयोग गर्छु' भनैं । यो महत्त्वपूर्ण र संवेदनशील विषय भएकाले मैले सरकारमा जाहेर गरैं । सरकारबाट 'प्रधान सेनापतिसँग कुरा गरेर अपरेसन सम्बन्धी विषय आवश्यकता अनुसार पीएसओजलाई जानकारी गराउन लगाउनू' हुकुम भयो । यसपछि मैले तत्कालै चिफसाबसँग कुरा गरैं । यसपछि पीएसओज जर्साबहरूलाई नियमित रूपमा प्रत्येक दिन अपरेसन सम्बन्धी ब्रिफिङ गराउने प्रक्रिया सुरु भयो ।

सेना परिचालन भएको १०० दिन पुगेको छ । सेना परिचालनपछि माओवादीका विरूद्ध कारबाहीमा जुन किसिमको सफलता हुन्छ भन्ने अपेक्षा थियो, त्यस्तो भएन । त्यसैले सेनाले गरिरहेको कारबाहीको रणनीतिमा पुनर्विचार हुनुपर्छ भन्ने केही भूतपूर्व वरिष्ठ सैनिक अधिकृत र अन्य सुरक्षा निकायका पूर्वअधिकृतको सल्लाह छ ।

सेनाले अपरेसनका क्रममा अन्य सुरक्षा निकायसँग पनि समन्वय गरेर अगाडि बढ्दा प्रभावकारी हुन सक्छ । साथै 'युनिफाइड कमान्ड' स्थापनाबारे छलफल भइरहेको अवस्थामा यसलाई कसरी अगाडि बढाउने र यसको वैधानिकता के हुने जस्ता विषयमा समेत विचार-विमर्श हुनुपर्छ ।

धेरै पहिलेदेखि देशका विभिन्न भागमा रहेका सेनाका ब्यारेकको अवस्था राम्रो छैन । सैनिकलाई सुविधाजनक बसोबासको व्यवस्था गर्न सकिएको छैन । माओवादीका

विरुद्ध परिचालन भएपछि सेनाको सङ्ख्या उल्लेखनीय रूपमा बढ्दै छ । श्री ५ को सरकारले उपलब्ध गराउने बजेट ज्यादै न्यून रहेको छ । यस अवस्थामा सेनाको कल्याणकारी कोषको रकम श्री ५ को सरकारको धितो पत्रमा लगानी गरी सेनाका लागि पूर्वाधार विकासमा लगाउन सके हाललाई समस्या समाधान हुन सक्ने देखिन्छ । किनभने सरकारसँग बजेट छैन, समस्या छ । सेनाको कोषमा रकम छ, खर्च गर्न पाइन्न । त्यसैले यस विषयमा गम्भीरताका साथ सोचविचार गरी परिणाम निकाल्न आवश्यक छ ।

सरकारबाट मलाई 'आगामी वैशाखमा प्रतिनिधिसभा विघटन हुन सक्ने स्थिति बन्दै गएको छ, दसैँअगाडि असोजमा निर्वाचन गराउन विचार-विमर्श गर्नू' हुकुम भयो । साथै 'आगामी चैतको दोस्रो साता नेपालगन्ज भ्रमणका लागि तयारी गर, चैत २ गते राजदरबारमा पीएसओजको ब्रिफिङका लागि कार्यक्रम तय गर' हुकुम भयो । मौसुफबाट 'भारतले सेनालाई इन्सास राइफल बेच्न ज्यादै प्रयास गरिरहेको छ, नेपाललाई आवश्यक परेको अवस्थामा भारतले हातहतियारको सहयोग गर्ने विषयलाई लिएर १९५० को नेपाल–भारत मैत्री सन्धिमा समेत उल्लेख भएकाले पनि भारतले इन्सास राइफल दिन दबाव दिँदै छ, त्यसैले प्रधानमन्त्री र प्रधान सेनापतिसँग त्यस्तो अवस्था आएमा हामीले के गर्ने भनेर समयमै सोचविचार गर्नू' समेत हुकुम भयो । यसै सिलसिलामा सरकारबाट हुकुम भयो, 'पर्सा जिल्लाको निर्मलबस्ती, सुवर्णपुर, ब्रह्मनगर इलाकामा माओवादीले गाँजा र अफिम खेती गरिरहेको भन्ने मलाई खबर आएको छ । यस सम्बन्धमा अरू थप बुझ्न सहायक रथी दिलीप रायमाझीलाई खबर गर ।'

सहायक रथी रायमाझी हाल ६ नम्बर वाहिनीपतिका रूपमा धादिङको बैरेनीमा हुनुहुन्छ । उहाँलाई जङ्गी अड्डाको युद्धकार्य (अपरेसन) विभागमा सरुवा गर्न उचित हुने भनेर प्रधान सेनापतिले मलाई भन्नुभएको छ ।

### २०५८ फागुन २६ गते आइतबार

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले केही गैँडालाई शाही चितवन राष्ट्रिय निकुञ्जबाट शाही बर्दिया राष्ट्रिय निकुञ्जमा स्थानान्तरण गर्ने भएको छ । यस सिलसिलामा सेनाको कुनै पनि भूमिका छैन । तर बाटोमा पर्ने सैनिक चेकपोस्टमा सजिलै पास गराउन अनुरोध भएकाले त्यसै अनुसार गर्नू भनेर निर्देशन गएको छ ।

आज बिहान मुगलिङबाट नारायणघाटतर्फ लागेको सेनाको ट्रक माओवादीले बिछ्याएको विद्युतीय धराप (आईईडी) मा परी दुर्घटना हुँदा दुई सैनिकको मृत्यु भएको छ भने १८ सैनिक घाइते भएका छन् ।

### २०५८ फागुन २७ गते सोमबार

मानार्थ शाही पार्श्ववर्ती भरतकेशर सिंहले मलाई फोन गरेर भन्नुभयो, 'म भाकलको पूजा गर्न जम्मु–काश्मीरस्थित अमरनाथ र विश्व हिन्दू महासङ्घको बैठकमा भाग लिन

नयाँ दिल्ली जाँदै छु । मार्च २४ तारिकमा गएर अप्रिल ५ तारिकमा फर्कन्छु । यस अवधिको बिदा स्वीकृतिका लागि सरकारमा जाहेर गरिदिनुपऱ्यो । नयाँ दिल्लीमा मैले केही जरूरी काम गर्नुपर्ने भए जाहेर गरेर खबर पाऊँ ।'

माओवादी विरूद्धको सुरक्षा कारबाहीलाई सहज बनाउन 'युनिफाइड कमान्ड' को अवधारणा अनुसार काम भइरहेको छ । तर यसमा राष्ट्रिय अनुसन्धान विभागलाई समावेश नगरिएकाले उक्त विभागबाट असन्तुष्टि आएको छ ।

प्रधानमन्त्री शेरबहादुर देउवाले आज सिंहदरबार, पुतलीबगैंचास्थित राष्ट्रिय सुरक्षा परिषद् सचिवालयको समुद्घाटन गर्नुभयो ।

## २०५८ फागुन २८ गते मङ्गलबार

काभ्रेको दोलालघाटमा प्रहरीको गाडी माओवादीको एम्बुसमा परेको छ । प्रारम्भिक जानकारी अनुसार पाँच जना प्रहरीको मृत्यु भएको छ ।

केही पहाडी जिल्लामा सुरक्षा निकायले आफ्नो बेस खडा गर्न लिएका घरबारी तथा खेतमा अन्नबाली लगाउन नपाएको जनगुनासो आएको छ ।

बेलायती अन्तर्राष्ट्रिय सहयोग नियोग (डीएफआईडी) ले केही युरोपियन मुलुकका राजदूतलाई 'शेरबहादुर देउवालाई प्रधानमन्त्रीबाट हटाएर काङ्ग्रेस सभापति कोइराला पुनः प्रधानमन्त्री बन्ने स्थिति सिर्जना हुँदै छ, यो अवस्था भएमा राजाले शक्ति आफ्नो हातमा लिने र एक प्रकारले सैनिक शासन समेत लागू हुन सक्ने सम्भावना रहेको' विश्लेषण सहितको पेपर वितरण गरेको सुनिएको छ ।

काङ्ग्रेसका शीर्ष नेताहरूको आज बसेको बैठकमा प्रधानमन्त्री देउवा, सभापति कोइराला, गृहमन्त्री खुमबहादुर खड्का, चक्रप्रसाद बाँस्तोला, अर्जुननरसिंह केसीका साथै केन्द्रीय समितिका अन्य केही सदस्यको सहभागिता थियो । बैठकमा समसामयिक राजनीतिक परिस्थितिबारे छलफल गरी केन्द्रीय समितिको बैठक आगामी शनिबार बिहान ८ बजे राख्ने निर्णय भएको छ । बैठकमा संविधान संशोधनको एजेन्डा समेत रहन सक्ने बुझिन्छ । देशको विद्यमान तरल राजनीतिक अवस्थामा सबै पक्षको आ–आफ्नै स्वार्थ रहेको देखिन्छ । काङ्ग्रेसले सेना मन्त्रिपरिषद्को अधीनमा रहने जस्ता मुख्य एजेन्डा संविधान संशोधनमा राख्न सक्ने देखिन्छ । यता दरबारले राजाको संवैधानिक भूमिका बढाउने गरी संविधान संशोधन गर्नुपर्ने हिसाबले तयारी गरिरहेको छ ।

## २०५८ फागुन २९ गते बुधबार

राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्माले आफ्नो भारत भ्रमणबारे मलाई जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, 'भारतमा मैले गुप्तचर संस्था रअका प्रमुख र उपप्रमुखसँग भेटें । गृह मन्त्रालयका विशेष सचिवका साथै सम्बन्धित पदाधिकारीसँग पनि भेट भयो । भेटमा भारतीय पक्षबाट नेपालको माओवादी समस्याबारे जिज्ञासा राखियो । मैले हाल जारी सुरक्षा कारबाही र सुरक्षा निकायले भोगेका समस्याबारे बताएँ । यसै

क्रममा कतिपय माओवादी नेता भारतमा लुकेर बसेको अवगत गराएँ । उनीहरूलाई पक्राउ गर्न सहयोगका लागि अनुरोध गरें । भारतीय पक्षबाट नेपालमा शान्ति र स्थिरता हुनु भारतका लागि पनि महत्त्वपूर्ण भएकाले नेपाललाई सबै किसिमको सहयोग गर्न तयार रहेको भनियो । राष्ट्रिय अनुसन्धान विभागलाई तालिमका अतिरिक्त कुनै उपकरण दिने समेत भारतले आश्वासन दिएको छ ।' साथै, भारतीय पक्षले माओवादी समस्या समाधान नभएसम्म नेपालको दूरसञ्चार निजीकरण गर्न नहुने सल्लाह दिएको पनि उहाँले जानकारी दिनुभयो ।

शर्माले भारतीय समकक्षी (रअका प्रमुख) को भनाइ उद्धृत गर्दै भन्नुभयो, 'काठमाडौँस्थित भारतीय राजदूत र रअको इन्चार्जलाई काङ्ग्रेस र एमाले नेताहरू एकपछि अर्को गरेर भेट्न गइरहन्छन् । ती सबै नेताहरू तिनलाई गुरु मानेर कुरा गर्छन् र त्यही अनुसारको व्यवहार गर्छन् । त्यसले गर्दा हामीलाई के गर्ने, के नगर्ने भनेर असजिलो पर्छ ।' शर्माको भनाइ थियो, 'भारतीय समकक्षीका यस्ता कुरा सुनेर हाम्रा नेताहरूप्रतिको मेरो श्रद्धा तथा आत्मसम्मान टुटेर गयो ।'

## २०५८ चैत २ गते शुक्रबार

पूर्वनिर्धारित कार्यक्रम अनुसार, सेना परिचालनपछिको परिस्थिति सम्बन्धमा राजदरबारमा शाही नेपाली सेनाको सामूहिक जाहेरी तथा छलफल भयो । युद्ध तथा व्यवस्था निर्देशनालय र अन्य पीएसओजबाट आफ्नो विभागका गतिविधि तथा भावी योजनाबारे सरकारमा जाहेर भयो । प्रधान सेनापतिले सङ्कटकाल लागू भई सेना परिचालन गरिएपछिको अवस्थाबारे सङ्क्षेपमा जाहेर गर्नुभयो । छलफलमा जर्साबहरूले विभिन्न सुझाव प्रस्तुत गर्नुभयो । त्यस क्रममा गुप्तचर सेवा प्रभावकारी नभएको भन्ने धेरै गुनासो आयो । २०५२ साल फागुनमा माओवादीले कथित जनयुद्ध सुरु गरेदेखि नै यस समस्याको समाधान प्रहरी कारबाहीबाट मात्र हुन सक्दैन, सेना परिचालन हुनुपर्छ भन्ने सबैलाई लागेकै हो । २०५४ साल साउन–भदौमा माओवादीका विरूद्ध सेना परिचालन गर्ने उद्देश्यले मध्यपश्चिमका केही जिल्लामा पृतना खडा गर्ने योजना बन्यो, तर त्यो योजना सरकार परिवर्तनसँगै हराएर गयो । सेना परिचालन हुन्छ भन्ने सबैलाई थाहा भए पनि सेनाबाट गुप्तचर सम्बन्धी कुनै काम भएको देखिँदैन । साथै आवश्यक लजिस्टिकका सरसामान भण्डारण गर्ने काम पनि भएको देखिएन । फिल्डमा खटिएका सैनिकको हतियार, अन्य सरसामान तथा लत्ताकपडा समेत गुणस्तरीय नभएको गुनासो छ ।

छलफलमा उठेका विषय थिए : सैनिक अधिकृतको सरूवामा समेत विचार हुनुपर्छ । 'फिल्ड कन्डिसन' मा फौजलाई कतिसम्म राख्ने ? परिचालित सैनिकलाई अदली–बदली गर्न समेत समय तोक्नुपर्ने हुन्छ । सेनाको कारबाही पनि प्रहरीकै जस्तो देखिएको गुनासो छ । किनभने सेना आक्रामक कारबाही नगरी सदरमुकाममा 'स्ट्याटिक डिफेन्स' मा मात्र बसेको छ । सेनाको सामान्य युद्धकला (जस्तै- रेकी गस्ती, लामो दूरीको गस्ती तथा 'ट्याक्टिकल इन्टेलिजेन्स' जम्मा पार्ने काम) सम्म हुन सकेको छैन । भैरवनाथ

गणका घ र ङ गुल्मलाई तिनको भूमिका अनुसार प्रभावकारी ढङ्गले प्रयोग गरिएको छैन । माओवादीको ठूलो बेस, तालिम क्षेत्र र आपूर्ति रूटलाई निगरानीमा राखी ध्वस्त पार्ने प्रयास भएन । सेनाका केही अधिकृतहरू नेपाल प्रहरीका अधिकृत जस्तै अपरेसन एरियामा जान नखोजेको समेत सुनिएको छ ।

मुलुकको सङ्कटकालीन परिस्थिति र राजनीतिक तरलताका कारण देशको अस्तित्वमा समेत खतरा पर्न सक्ने हुँदा राजसंस्था र सेनाले भावी रणनीति बनाउनेतर्फ बेलैमा सोच्न आवश्यक रहेकोमा सबैको एकमत रह्यो । यसका साथै निकट भविष्यमा हुने प्रधानमन्त्रीको भारत भ्रमणमा सुरक्षा सम्बन्धी विषयमा छलफल गर्न सुरक्षा निकायले सुझाव दिनुपर्ने सहमति भयो ।

छलफलमा सहभागी जर्साबहरूको प्रतिक्रियापछि सरकारबाट हुकुम भयो, 'हालको परिस्थितिमा सेनाको सङ्ख्या पर्याप्त छैन । यस्तो अवस्थामा कसरी अगाडि बढ्न सकिन्छ भनेर विचार हुनुपर्छ । सेनाले कारबाही गर्दा सकेसम्म सर्वसाधारणको क्षति हुन नदिने कुरामा विशेष ध्यान दिनुपर्छ । सेनाले स्थानीय जनताका लागि सञ्चालन गरिरहेका सिभिल प्रोग्रामलाई निरन्तरता दिन जरूरी छ । स्थानीय राजनीतिक दलका नेता तथा कार्यकर्तासँग सहयोग लिने र दिने गर्नुपर्छ । सेनालाई सफलता प्राप्त गर्न जनसहयोगको खाँचो पर्छ । यसमा विशेष ध्यान दिनुपर्छ । केन्द्रदेखि कार्यक्षेत्रसम्ममा सञ्चार व्यवस्था प्रभावकारी बनाउन र सुरक्षित पार्न जरूरी छ । अहिलेको अवस्थामा सेनाले माओवादीको तालिम स्थल र ठूला बेस ध्वस्त पारी सेनाका लुटिएका हतियार फिर्ता ल्याउन प्रयास गर्नुपर्छ । साथै अन्य सुरक्षा निकायसँग प्रभावकारी सम्बन्ध विकसित गरी सहयोग लिने-दिने गर्नुपर्छ ।'

भारतका लागि शाही नेपाली राजदूत डा. भेषबहादुर थापासँग आज मेरो भेट भयो । उहाँले दिल्लीस्थित शाही नेपाली राजदूतावास धर्मशाला जस्तो भएको चर्चा गर्नुभयो । उहाँको भनाइ थियो, 'नेपालबाट नेता आउने-जाने र बस्ने क्रम अटुट हुन्छ । तर बजेट पर्याप्त छैन । नेपालका नेताले दिल्लीमा भारतीय नेता तथा पदाधिकारीसँग प्रदर्शन गरेको व्यवहार र गर्ने कुराकानीले मलाई धेरै आत्मग्लानि हुन्छ । हाम्रो राष्ट्रियता र राष्ट्रिय पहिचान के हो भन्नेसम्म पनि कसैले ध्यान दिँदैनन् । नेपालका माओवादी नेता, कार्यकर्ताका समर्थक र शुभचिन्तक भारतमा पर्याप्त छन् । तर त्यस्ता सङ्घसंस्थामा प्रभावकारी निगरानी राख्न हाम्रो कुनै साधनस्रोत छैन । दिल्लीमा अन्य देशका राजदूतहरूले नेपालबारे उत्सुकतासाथ जान्न खोज्छन् । उनीहरूको देशबाट के सहयोग गर्न सकिन्छ भन्ने समेत सोध्दछन् । तर श्री ५ को सरकारबाट कुनै नीति-निर्देशन आउने गरेको छैन ।' डा. थापाले अघिल्लो दिन प्रधानमन्त्रीसँग भेट भएको प्रसङ्ग उठाउँदै भन्नुभयो, 'उहाँ अविश्वासको प्रस्तावको हल्लाले ज्यादै आत्तिएको हुनुहुन्थ्यो । त्यसैले होला, आफ्नो भारत भ्रमणको एजेन्डामा खासै महत्त्व दिनुभएन । कुराकानीकै क्रममा प्रधानमन्त्री भक्तपुर, दहचोकमा तान्त्रिक हरि खड्कालाई भेट्न जानु छ भनेर पटक-पटक हतारिनुभयो । मलाई अचम्म लाग्यो ।'

## २०५८ चैत ४ गते आइतबार

काङ्ग्रेसभित्र राजनीतिक द्वन्द्व अझ चर्केर गएको छ । गिरिजा पक्षले प्रधानमन्त्री देउवाका विरुद्ध अभियानमा संसदीय दलभित्र करिब ६१ जना अर्थात् बहुमत पुऱ्याएको बुझिएको छ । पार्टीमा आज दर्ता गर्ने भनिएको अविश्वास प्रस्ताव प्रधानमन्त्री भारतबाट फर्केपछि दर्ता गर्ने भन्ने समेत तय भएको बुझिन्छ । तर सभापति कोइरालाले आफूनिकटका केही व्यक्ति, श्री ५ को सरकारका केही सचिव र बुद्धिजीवीलाई 'सङ्कटकाल जेठ ११ गते समाप्त हुँदै छ, त्यसपछि मात्र सरकार परिवर्तन गर्ने' भन्नुभएको खबर छ । गिरिजा पक्ष संविधान संशोधन पक्षमा व्यापक रूपमा लागे पनि पार्टीको बैठकमा शैलजा आचार्यले त्यसको विरोध गर्नुभएको छ । संविधान संशोधन गर्ने विषयमा देउवा पक्षका चिरञ्जीवी वाग्ले, प्रदीप गिरी र विमलेन्द्र निधिले 'नोट अफ डिसेन्ट' लेखेको बुझिएको छ । गृहमन्त्री खुमबहादुर खड्काले संविधान संशोधन गर्ने कुराको विरोध गर्नुभयो तर 'नोट अफ डिसेन्ट' लेख्नुभएन । प्रधानमन्त्री पक्ष हस्ताक्षर अभियानबाट तर्सेको छ । भारत भ्रमणबाट फर्केलगत्तै आफ्नो पक्षका खास व्यक्तिलाई मन्त्रिपरिषद्बाट हटाएर दोधारमा रहेका (फ्यान्स सिटर) सांसदलाई सामेल गरी मन्त्रिपरिषद् विस्तार गर्न प्रधानमन्त्रीका निकटले सल्लाह दिएका छन् ।

काङ्ग्रेस सभापति कोइरालाले माओवादीनिकट शक्ति लम्साल र ईश्वरी दाहाललाई भेटेर माओवादीसँग सम्पर्क स्थापना गरिदिन आग्रह गर्नुभएको बुझिएको छ । उहाँले चक्रप्रसाद बाँस्तोलालाई माओवादी नेतासँग सम्पर्क स्थापना गर्न भारत पठाउनुभएको थियो । उहाँ दुई साता भारत बसेर हालै काठमाडौं फर्कनुभएको छ । कोइरालाले अन्य माओवादी नेतासँग पनि टेलिफोन मार्फत सम्पर्क राख्न खोजेको खबर छ ।

## २०५८ चैत ५ गते सोमबार

माओवादी नेता डा. बाबुराम भट्टराईले माओवादीको बन्दका बेला भ्रमण नगर्न, नगराउन विभिन्न विदेशी राजदूतावासमा अनुरोध गरेको बुझिएको छ ।

महाराजाधिराजबाट 'देशको सुरक्षा अवस्था तथा राजनीतिक तरलताका कारण दरबारले पनि केही कन्टेनजेन्सी योजना बनाउनु आवश्यक छ, दरबारको योजना प्रथमतः प्रधानमन्त्रीलाई संसद् भङ्ग गर्न र एउटा कार्ययोजना अन्तर्गत काम गर्न लगाउने, त्यसपछि राजदरबारले पूरै टेक ओभर गर्ने हुनुपर्छ' भन्नेबारे मसँग विचार-विमर्श गरिबक्स्यो । यस्तो सल्लाह मलाई केही प्रमुख दलका प्रमुख नेताले पनि दिने गरेका छन् । २०५६ सालको निर्वाचनमा बहुमतप्राप्त काङ्ग्रेसले कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला र हाल शेरबहादुर देउवाको नेतृत्वको सरकारपछि पुनः कोइरालाकै नेतृत्वमा सरकार बनाउने प्रयास गर्दै छ । यस अवधिमा एउटै सरकार क्रियाशील हुनुपर्नेमा तीन वटाभन्दा बढी सरकार बन्ने सम्भावना छ । यसबाट के देखिन्छ भने जुनै पनि नेता देशको समस्या समाधान गर्नेतर्फ भन्दा पनि व्यक्तिगत स्वार्थ र सत्ताप्राप्तिमा लिप्त छन् ।

प्रधानमन्त्रीले भारत भ्रमणका विषयमा हिजो बिहान सबै सुरक्षा निकायका प्रमुखसँग

ब्रिफिङ लिनुभयो । ब्रिफिङपछि प्रधान सेनापति प्रज्वल्लशमशेर जबराले 'मेरो भारत भ्रमणका बेला भारतसँग सेनाले माग गरेको हातहतियार तथा सरसामानको लिस्ट प्रधानमन्त्रीलाई दिएँ' भनेर मलाई जानकारी दिनुभयो । प्रधान सेनापतिले उक्त लिस्टको एक प्रति सैनिक सचिवालयमा समेत पठाउनुभएको छ । अन्य सुरक्षा निकायका प्रमुखले पनि भारतसँग सहयोगका लागि प्रस्तावित सामानबारे प्रधानमन्त्रीलाई अवगत गराउनुभयो । त्यसै क्रममा प्रहरी महानिरीक्षकले प्रहरी पनि 'युनिफाइड कमान्ड' को अवधारणा अनुसार परिचालन हुनुपर्ने हुँदा प्रहरीमा रहेको सशस्त्र गणको सङ्ख्या बढाउनुपर्ने धारणा राख्नुभयो ।

शाही रक्षक वाहिनीको तालिम टोलीले युवराजाधिराज सरकारका लागि तयार गरेको आठ साता लामो बेसिक तालिम आज सुरु भयो । सो अवसरमा मैले उक्त तालिमको महत्त्व तथा औचित्यबारे युवराजाधिराज सरकारमा जाहेर गरेँ । तालिम टोलीका प्रमुख महासेनानी छविलाल खड्काले आधारभूत सैनिक ज्ञान सम्बन्धी तालिमका विषयमा प्रकाश पार्नुभयो ।

## २०५८ चैत ६ गते मङ्गलबार

सरकारका सवारी चालक सुदन थापासँग माओवादीनजिक एक पत्रकारले मौसुफको मङ्गलसेन सवारीका बारेमा बुझेका रहेछन् । यसबाट राजदरबार तथा जङ्गी अड्डामा समेत माओवादीको घुसपैठ हुन सक्ने देखिन्छ । यसबारे गम्भीरता अपनाउनु जरूरी छ ।

गत शुक्रबार राजदरबारमा सम्पन्न पीएसओजको सामूहिक जाहेरीमा उठेका विषयलाई जङ्गी अड्डामा सबैले गम्भीरतापूर्वक लिएको बुझिन्छ । प्रधान सेनापतिले 'म त सबै काम गर्छु तर अरूले के गर्छन् भन्न सक्दिनँ' भनेर आफ्नो जिम्मेवारीलाई हल्का रूपमा लिएको विषयमा भने अन्य पीएसओज जर्साबहरूले गुनासो गर्नुभएको छ ।

सरकारबाट मलाई 'सशस्त्र प्रहरी आयोग गठन गर्ने सम्बन्धमा के भइरहेको छ, चाँडै गठन गर्न लगाउनू' हुकुम भयो । त्यस्तै 'कहिलेकाहीँ आवश्यक परेमा गृह र रक्षा सचिवलाई समेत दरबारको सचिव बैठकमा राख्दा के हुन्छ ?' भनेर जिज्ञासा राखिबक्स्यो । साथै 'वनजङ्गलको व्यापक फँडानी र काठ चोरी निकासी भइरहेको छ, यसबारे सचिव बैठकमा छलफल गरेर के गर्न सकिन्छ उपाय निकाल, प्रधानमन्त्री भारत भ्रमणमा रहेका बेला सेनाले माओवादीका विरूद्ध कुनै ठूलो अपरेसन गर्न सक्छ कि, यसबारे प्रधान सेनापतिसँग कुरा गर' हुकुम भयो ।

## २०५८ चैत ७ गते बुधबार

काङ्ग्रेसमा गिरिजा पक्षले प्रधानमन्त्री शेरबहादुर देउवा भारतबाट फर्कनासाथ बहुमत देखाएर राजीनामा दिन लगाउने र नमाने अविश्वासको प्रस्ताव पेस गर्ने तयारी

गरेको बुझिएको छ । यसै प्रसङ्गमा सभापति कोइरालाले गृहमन्त्री खुमबहादुर खड्कालाई फोन गरेर 'तपाईंनिकट नौ सांसदलाई स्वतन्त्रतापूर्वक निर्णय गर्न दिनू' भनेर चेतावनी दिएको बुझिएको छ ।

काङ्ग्रेस नेता चक्रप्रसाद बाँस्तोलाले माओवादीनिकट ईश्वरी दाहाल र शक्ति लम्सालसँग काङ्ग्रेस सभापति कोइराला र दिल्लीमा रहेका माओवादी नेता वामदेव क्षेत्रीबीच सम्पर्क गराउन आग्रह गर्नुभएको छ । साथै कोइरालाले माओवादी नेता डा. बाबुराम भट्टराईसँग समेत फोनमा कुरा गरेको बुझिएको छ । प्राप्त सूचना अनुसार कोइरालालाई डा. भट्टराईले संविधानसभाका लागि जनमत सङ्ग्रह गर्ने विषयमा एमाले महासचिव माधवकुमार नेपाललाई सहमत गराउन सल्लाह दिनुभएको छ । कोइरालाले यसबारे कुरा गर्दा नेपालले उक्त प्रस्ताव अस्वीकार गर्नुभएको छ । किनभने माओवादीले राजनीतिक पार्टीका रूपमा चुनावी प्रतिस्पर्धा गरेमा त्यसको प्रत्यक्ष असर एमालेलाई पर्ने देखिन्छ ।

प्रधानमन्त्रीलाई भारतमा माओवादी भ्रातृ सङ्गठनले कालो झन्डा देखाएर विरोध प्रदर्शन गर्ने र उहाँको पुतला जलाउने कार्यक्रम तय गरेका छन् । यस विषयमा कूटनीतिक स्तरबाट नयाँ दिल्लीमा सम्पर्क गर्न सरकारबाट सुझाव बक्सेको छ । यसैबीच माओवादीले शिक्षामन्त्री आमोदप्रसाद उपाध्यायलाई एसएलसी परीक्षा तीन महिना पर सार्न धम्कीपूर्ण भाषामा पत्र पठाएको बुझिएको छ ।

खबर अनुसार राप्रपा नेता सूर्यबहादुर थापाले माओवादी नेता डा. बाबुराम भट्टराईलाई गोप्य रूपमा भेट्नुभएको छ । भेटमा थापाले संविधानसभाको चुनावलाई समर्थन गर्ने आश्वासन दिएको बुझिएको छ ।

## २०५८ चैत ९ गते शुक्रबार

हिजो बेलुका अबेरसम्ममा मैले महाराजाधिराजको नेपालगन्ज भ्रमण सम्बन्धी योजना बनाएँ । सरकारबाट राज्यारोहण गरिबक्सेपछि पश्चिम नेपालको पहिलो पटक भ्रमण गरिबक्सँदै छ । माओवादीका विरूद्ध सेना र अन्य सुरक्षा निकायको कारबाही तीव्र भइरहेका बेला सुरक्षाका दृष्टिले सरकारको सवारी चलाउनु चुनौतीपूर्ण छ । तर सरकारलाई जनतासँग प्रत्यक्ष सम्पर्क गराउनु छ । छोटो समयमा धेरै स्थानको भ्रमण गराउने योजना बनेको छ । माओवादीका विरूद्ध सुरक्षाकर्मीहरू लडिरहेको सन्दर्भमा सरकारको यस्तो भ्रमण महत्त्वपूर्ण हुन्छ भन्ने दरबारको विश्लेषण छ । साथै सरकारबाट सुरक्षा निकायका सबै तहका सुरक्षाकर्मीलाई भेट्दा उनीहरूको मनोबल उच्च हुने आशा गरिबक्सेको छ ।

बुबा (ध्रुवविक्रम शाह) लाई डाक्टरको सल्लाह अनुसार विस्तृत स्वास्थ्य परीक्षणका लागि दुई दिनअघि वीरेन्द्र अस्पताल, छाउनीमा भर्ना गरिएको थियो । हिजो बेलुका कार्यालयबाट सोझै अस्पताल पुगें । बुबाको स्वास्थ्यस्थिति सामान्य थियो । बुबासँग मजैसँग कुरा गरेर घर फर्कें । म फर्केपछि सहायक रथी भरत रायमाझी पनि उहाँलाई

भेट्न जानुभएको रहेछ । राति ९ बजेसम्म बुबासँग कुरा गरेर फर्कनुभएछ ।

अचानक आज बिहान करिब ६ बजेतिर बुबा सिकिस्त भएको खबर आयो । म तुरुन्तै अस्पताल पुग्दा बुबा स्वर्गे भइसक्नुभएको रहेछ । मैले तत्काल शाही पार्श्ववर्ती विभागमा खबर गरेर सरकारको नेपालगन्ज सवारीको कार्यक्रम मिलाउन सहायक रथी टीका धमलालाई निर्देशन दिएँ । साथै प्रमुख सैनिक सचिवालयका उपसैनिक सचिव श्रीराम केसीलाई खबर गरी कामु हाकिमका लागि पत्र तयार पारेर मेरो हस्ताक्षरका लागि अस्पताल ल्याउन भनें । त्यस अनुसार उहाँले तयार पारेर ल्याएको अख्तियारी पत्रमा हस्ताक्षर गरें । गृह प्रशासन सम्बन्धी जिम्मेवारी उहाँलाई र सेना सम्बन्धी जिम्मेवारी सहायक रथी धमलालाई प्रदान गरें । म बुबाको अन्तिम संस्कार र काजक्रियाका लागि पशुपति, क्रियापुत्री घरमा बसें ।

स्वभावतः मलाई समवेदना दिन समाजका सबै क्षेत्रका धेरै महानुभाव आउनुभयो । यही साल वैशाखमा मुमा स्वर्गे हुँदा महाराजाधिराज वीरेन्द्र मलाई समवेदना दिन पशुपति, क्रियाघरमै सवारी होइबक्सेको थियो । यस पटक बुबा स्वर्गे हुँदा श्री ५ महाराजाधिराज ज्ञानेन्द्र सवारी होइबक्सेन । प्रधानमन्त्री शेरबहादुर देउवा मलाई समवेदना दिन आउनुभयो । त्यस्तै काङ्ग्रेस नेता रामचन्द्र पौडेल, सुशील कोइराला, एमाले नेताहरू वामदेव गौतम, डिल्लीराज खनाल लगायत नेताहरू पनि आउनुभएको थियो । सेना र अन्य सुरक्षा निकायका अधिकृत त आउने नै भए । राष्ट्रिय सुरक्षा परिषद् सचिवालयमा सहसंयोजक उपरथी रुक्माङ्गद कटवाल मलाई भेट्न दिनहुँ आउनुभयो ।

कोरा बसेको नवौं दिन सैनिक सचिवालयका कामु हाकिम श्रीराम केसी आएर राजदरबार प्रशासनिक सङ्गठनमा केही फेरबदल हुन लागेको जानकारी दिनुभयो । उहाँका अनुसार प्रमुख सैनिक सचिवालयलाई सैनिक सचिवालयमा सीमित गर्ने, प्रमुख सैनिक सचिव रथी पदलाई सैनिक सचिव उपरथीमा झार्ने प्रस्ताव रहेको उहाँले बताउनुभयो । सबै कुरा सुनेपछि मैले भनें, 'यो विचारणीय विषय हो । प्रमुख सैनिक सचिवालय राजदरबारका सबैभन्दा पुरानोमध्येको मुख्य कार्यालय हो । यस्ता महत्त्वपूर्ण विषयमा निर्णय लिंदा धेरै पक्षमा विचार हुनुपर्छ । किरिया सकेर म कार्यालय आएपछि यसबारे छलफल गरौंला ।'

## २०५८ चैत २२ गते बिहीबार

सरकारको पश्चिम नेपालको भ्रमण सकिएको थियो । मलाई 'काजक्रिया सकिनेबित्तिकै कार्यालय हाजिर हुनू' भन्ने खबर थियो । त्यसै अनुसार म आजै हाजिर भएँ । आजै प्रमुख राजदरबार पदाधिकारी कार्यालयमा दरबारको प्रस्तावित नयाँ साङ्गठनिक संरचनाबारे छलफल राखिएको रहेछ । प्रमुख राजदरबार पदाधिकारी शारदाप्रसाद प्रधानले मलाई नयाँ सङ्गठन आगामी वैशाख १ गतेदेखि लागू हुने बताउँदै प्रमुख सैनिक सचिवालयमा हुने परिवर्तनबारे जानकारी गराउनुभयो । मैले उहाँलाई सोधें,

'के कारणले परिवर्तन गर्नुपर्‍यो ?' उहाँले 'सरकारबाट हुकुम बक्से बमोजिम यो व्यवस्था गर्न लागिएको हो' भन्नुभयो । मैले उहाँलाई भनें, 'दरबारमा २०११ सालमा स्थापित प्रमुख सैनिक सचिवालय र प्रमुख सचिवालय सबैभन्दा पुराना कार्यालय हुन् । त्यही बेलादेखि प्रमुख सैनिक सचिवालयको प्रमुखमा रथी दरबन्दी कायम भएको हो । त्यस बेला सेनाको दरबन्दी करिब १५ हजार थियो भने अहिले ५० हजारभन्दा बढी छ । त्यसैले यो दर्जालाई घटाउने औचित्य प्रस्ट भएन । सैनिक सचिवालयलाई प्रमुख सचिवालय अन्तर्गत राख्न मिल्दैन । किनभने प्रधान सेनापतिलाई राजदरबारका प्रमुख सचिवसँग काम गर्न व्यावहारिक कठिनाइ हुन सक्छ ।' प्रधानलाई मेरो तर्क उचित लागेछ । उहाँले 'म यो कुरा सरकारमा जाहेर गर्छु र सरकारको समय मिलाउँछु, जर्साबले नै यी सबै तथ्यहरू सरकारमा बिन्ती गर्नुपर्‍यो' भन्नुभयो । त्यस अनुसार सरकारबाट भोलि बिहान ९ बजे समय बक्सेको छ ।

## २०५८ चैत २३ गते शुक्रबार

निर्धारित समयमा जाहेरीका लागि प्रमुख राजदरबार पदाधिकारी शारदाप्रसाद प्रधान र म निर्मल निवास पुग्यौं । महाराजाधिराज सरकार र युवराजाधिराज सरकारमा दरबारको नयाँ साङ्गठनिक संरचनाबारे हिजो मसँग भएको प्रसङ्ग उठाउँदै प्रधानले प्रमुख सैनिक सचिवालयको सम्बन्धमा विवेक जर्साबले जाहेर गर्नुहुन्छ' भन्नुभयो ।

त्यसपछि मैले सरकारमा जाहेर गरेँ, 'राजदरबारको कार्यविधि अनुसार श्री ५ को सरकार र संसद्बाट पारित भई लालमोहरका लागि राजदरबार आउने विधेयकमा प्रमुख सचिव र प्रमुख सैनिक सचिव या सैनिक सचिवले हस्ताक्षर गर्नुपर्छ । दरबारको प्रस्तावित साङ्गठनिक संरचना अनुसार सैनिक सचिवालयलाई प्रमुख सचिवालयको मातहत राख्दा कानुनी र व्यावहारिक समस्या हुन सक्छ । त्यस्तै, प्रमुख सैनिक सचिव राजदरबारको सम्पूर्ण सुरक्षाको व्यवस्थापन गर्ने व्यक्ति हो । यसलाई प्रमुख सचिवालय अन्तर्गत राख्दा शाही रक्षक वाहिनी, शाही रक्षक सैनिक प्रहरी तथा शाही पार्श्ववर्ती विभाग जस्ता निकाय स्वतः प्रमुख सचिवालयको अन्तर्गत पर्छन् । यसरी सेनाका युनिटहरू प्रत्यक्ष रूपमा प्रमुख सचिवालयको मातहतमा राख्नु कति उचित होला ? यस अवस्थामा जङ्गी अड्डा, रक्षा मन्त्रालय तथा अन्य सुरक्षा निकायमा समन्वयका लागि पत्राचार कसले गर्ने ? साथै, राजदरबारमा कार्यरत सम्पूर्ण सैनिकको बजेट व्यवस्थापन शाही जङ्गी अड्डाले गर्दै आएको छ । अब यो बजेट व्यवस्थापनको काम कसले गर्छ ? दरबारले कि जङ्गी अड्डाले ? यस्ता विभिन्न व्यावहारिक कठिनाइ खडा हुन सक्छन् । त्यसैले प्रमुख सैनिक सचिवालयलाई सैनिक सचिवालयमा सीमित गरे पनि प्रमुख सचिवालयको मातहतमा राख्नु हुँदैन ।' जाहेरीका क्रममा मैले अगाडि भनें, 'सेनाको दरबन्दी निरन्तर बढ्दै गएको छ । २०११ सालमा प्रमुख सैनिक सचिवालय गठन गर्दा सेनाको दरबन्दी करिब १५ हजार थियो भने अहिले ५० हजार नाघेको छ र अझ बढ्ने क्रम जारी छ । त्यस्तै माथिल्लो दर्जाका अधिकृतको सङ्ख्या पनि बढिरहेको छ । जङ्गी अड्डाका कतिपय

विभागीय प्रमुखहरूको दर्जा समय अनुसार वृद्धि हुँदै गएको छ । केही वर्षअघिसम्म जङ्गी अड्डामा रथीको पद थिएन । हाल दुई जना रथीको दरबन्दी छ । सेनामा चमू अवधारणा लागू गर्ने विषयमा छलफल भइहेकाले रथीको सङ्ख्या अरू थपिन सक्छ । यस अवस्थामा प्रमुख सैनिक सचिवालयको रथी पद हटाउँदा मर्यादा क्रमका हिसाबले पनि भोलिका दिनमा दरबारलाई नै अप्ठ्यारो पर्न सक्छ । दरबन्दी राख्दैमा कसैको पदोन्नति गर्नुपर्छ भन्ने छैन । त्यसैले सरकारबाट कसैलाई पदोन्नति नबक्से पनि दरबन्दी राख्दा राम्रो हुन्छ ।' मेरा सबै तर्क सुनिबक्सेपछि महाराजाधिराज सरकारबाट 'प्रमुख सैनिक सचिवालयमा पुरानै व्यवस्था अनुसार गर्नू र प्रमुख निजी सचिवालय, प्रमुख संवाद सचिवालय र प्रमुख स्वकीय सचिवालयलाई प्रमुख सचिवालयको मातहतमा राख्ने व्यवस्था गर्नू, प्रमुख सैनिक सचिवालयमा सबै दरबन्दी सेनाबाटै ल्याउनू' हुकुम भयो ।

छलफलमा सहभागी युवराजाधिराजबाट 'प्रमुख सैनिक सचिवालयमा सेनाको दरबन्दी कायम गर्दा युवा अधिकृत पनि राख्नू' हुकुम भयो । मैले 'यस सचिवालयमा युवा अधिकृतको भूमिका र काम कम हुन सक्छ, त्यसैले सेनानीभन्दा माथिका अधिकृतको दरबन्दी कायम गर्दा उपयुक्त हुन्छ' भनेर जाहेर गरेँ । तर युवराजाधिराज रिसाइबक्स्यो र 'दुई सहायक सेनानी र दुई सहसेनानीको दरबन्दी राख्नू' निर्देशन बक्स्यो । सोही अनुसार दरबन्दी मिलाइयो ।

## २०५८ चैत २६ गते सोमबार

राष्ट्रिय सुरक्षा परिषद् सचिवालयको संयोजक रक्षासचिव रहने व्यवस्था अनुसार हाल संयोजकमा रक्षासचिव पदमकुमार आचार्य हुनुहुन्छ । उहाँले रक्षासचिवको पदबाट अवकाश पाएपछि पनि सचिवालयको संयोजक पदमा थप दुई वर्ष रहने व्यवस्था मिलाउन प्रधानमन्त्री र प्रधान सेनापतिसँग कुरा गरेको बुझिएको छ ।

प्रधान सेनापति प्रज्वल्लशमशेर जबराले बेलायतको दक्षिणी भेगको समुद्रतटीय सहर इस्टबोण ससेक्समा घर किन्न खोज्नुभएको छ । लामो समयसम्म बेलायतमा रहेका व्यवसायी हरिविभोर कार्कीको माध्यमबाट घर किन्न खोजेको बुझिएको छ ।

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले हिजो नारायणसिंह पुनसँग लामो छलफल गर्नुभएको छ । केही दिनअगाडि पुनले सरकारको दर्शनभेट गर्नुभएको थियो । यसै प्रसङ्गलाई लिएर कोइरालाले 'प्रधानमन्त्री देउवाबाट मुलुकको हितमा कुनै पनि काम हुन सक्दैन, राजाले मलाई सहयोग गरे म पनि राजालाई सहयोग गर्न सक्छु' जस्ता कुरा गरेको पुनले मलाई जानकारी गराउनुभयो । त्यस बेला पुनले 'गिरिजाबाबु, तपाईं भेटघाटमा एउटा कुरा गर्नु हुन्छ, सार्वजनिक रूपमा सोझै दरबारसँग निहुँ खोज्नुहुन्छ, यस्तो भएपछि कसरी कुरा मिलाउन सकिन्छ ?' भन्नुभएछ । कोइरालाले उहाँलाई 'तपाईंले मेरा कुरा सरकारमा पुऱ्याउनुपऱ्यो, बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रप्रति मेरो पूरा प्रतिबद्धता छ, देउवा कमजोर भएकाले उनलाई कुनै पनि समय पार्टीले हटाउन सक्छ' भन्नुभएछ ।

यसैबीच कोइराला आगामी वैशाख ६ गते काङ्ग्रेस नेता चक्रप्रसाद बाँस्तोलाका साथ भारत गएर भारतीय नेता र माओवादी नेतालाई भेट्ने कार्यक्रम छ । देशमा सत्ता परिवर्तनको सम्भावना बढेको अवस्थामा भने भारत भ्रमण ढिलो हुन सक्नेछ । देउवाका विरूद्धको अभियानमा तीन बहालवाला मन्त्री सहित ६१ सांसदले हस्ताक्षर गरिसकेका छन् । देउवाका विरूद्धको प्रस्ताव दर्ता गर्न आज शुभ साइत छ भनेर समेत कुरा भएको छ । गृहमन्त्री खुमबहादुर खड्का काठमाडौँबाहिर रहेकाले उहाँलाई पर्खनुपर्ने कोइराला पक्षका केही नेताको सुझाव छ । यो तरल राजनीतिक अवस्थाबारे सुरक्षा निकायका प्रमुखले प्रधानमन्त्रीलाई अवगत गराएका छन् ।

माओवादीले सरकारी पक्षलाई कमजोर पार्न आर्थिक क्षेत्रलाई लक्ष्य गरी कारबाही गर्ने रणनीति बनाएको छ । साथै उच्च सरकारी पदाधिकारी, मन्त्री र सांसदलाई भौतिक कारबाहीको योजना बनाएको बुझिएको छ । माओवादीलाई केही क्रिस्चियन सङ्गठनले समेत आर्थिक सहयोग गरेको सूचना आएको छ । यसैबीच माओवादीले सबै पार्टीका नेतासँग सम्पर्क गरिरहेको छ ।

प्रधानमन्त्री शेरबहादुर देउवाले आफूनिकटका नेतासँग 'कोइरालाले भने अनुसार हस्ताक्षर गर्नेको सङ्ख्या पुगेको छैन, आवश्यक परे म पनि जुनसुकै कदम चाल्न तयार छु, म कुनै हालतमा पार्टी फुटाउँदिनँ र प्रतिनिधिसभा पनि विघटन गर्दिनँ, बरु म राजीनामा दिन तयार छु, मलाई राजीनामा दिन के समस्या छ, मेरो उमेर छ, म कुर्न सक्छु । मलाई गिरिजा बाहेक अरूले च्यालेन्ज गर्न सक्दैनन्' भन्नुभएको छ ।

## २०५८ चैत २८ गते बुधबार

प्रहरी महानिरीक्षक प्रदीपशमशेर जबराले मसँगको भेटमा भन्नुभयो, "काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला, एमाले महासचिव माधवकुमार नेपाल र राप्रपा नेता सूर्यबहादुर थापाले दरबारका विरूद्ध माओवादीसँग कार्यगत एकता र सहकार्य गर्न खोजेका छन् । कोइरालाले आफ्नो विशेष दूतका रूपमा कृष्णप्रसाद सिटौलालाई दिल्ली पठाएको र सिटौला माओवादीसँग सम्पर्क कायम गरी फर्केको बुझिएको छ । सिटौलालाई माओवादीले 'संविधानसभाको चुनावको मिति घोषणा गरी अन्तरिम सरकार गठन भएको तेस्रो दिन माओवादीले पूरै हातहतियार श्री ५ को सरकारलाई बुझाउनेछ' भनी आश्वस्त पारेको छ । माओवादीले 'वार्तामा आएर सरकारमा सहभागी हुने' खबर पनि कोइरालालाई पठाएको छ । यसै क्रममा एक सातापछि सभापति कोइराला दिल्ली गएर माओवादी नेतासँग भेट्ने कार्यक्रम तय भएको छ ।"

आईजीपी जबराले एमाले नेता राधाकृष्ण मैनाली र सलिममिया अन्सारीले 'राजाले अब केही समयमै सत्ता आफ्नो हातमा लिन्छन्, हाम्रा नेताको ताल देख्दा राजाले लिनु पनि पर्छ' भनेर कुरा गरेको समेत जानकारी दिनुभयो । उहाँले भन्नुभयो, 'वर्तमान प्रधानमन्त्री देउवा धेरै कमजोर हुनुभयो । उहाँबाट केही काम हुन सकेन । मैले उहाँलाई सुझाव दिन पनि छाडिसकेँ । गिरिजा पक्षसँग ५७ सांसदको मात्र हस्ताक्षर छ, बहुमत

पुगेको छैन । माओवादीलाई भारतको पूरा सहयोग र भरोसा छ । संविधानसभाको चुनाव भयो भने धेरै ठूलो रकम खर्च गरेर आफ्नो पक्षलाई दुईतिहाइ सिटमा जिताएर नेपाललाई सिक्किम बनाउने भारतको उद्देश्य देखिन्छ । यसका लागि भारतले माओवादीलाई प्रयोग गरिरहेको छ ।' यसका साथै उहाँले भन्नुभयो, 'राष्ट्रिय अनुसन्धान विभागबाट नेपाल प्रहरीमा आएकामध्ये केहीलाई सशस्त्रमा लगिँदै छ । सशस्त्रको चिफसाब मन्त्रीले जे भन्यो, त्यही गर्नुहुन्छ । यस्ता कुराले सङ्गठनमा असर पर्न सक्छ भन्ने कुरा पनि विचार गर्नुपर्छ ।' मैले उहाँलाई 'आईजीपीसाबले भनेका विषय महत्त्वपूर्ण छन्, म सरकारमा जाहेर गर्छु, यी विषयमा अझ विस्तृत रूपमामा बुझ्ने प्रयास गर्नुहोला' भनें ।

एमाले–माले एकीकरणपछि पनि मालेमै रहेका नेता सीपी मैनालीले आफ्नो विश्लेषण सुनाउँदै मलाई भन्नुभयो, 'नेपालका माओवादीलाई भारतले हतियार दिएर सहयोग गरिरहेको छ । माओवादी नेतालाई भारतमा सुरक्षित रूपमा सेल्टर दिएको छ । यसले अन्ततोगत्वा भारतलाई नै नराम्रो हुन्छ । भारत नेपालमा अमेरिकी सहयोगप्रति शङ्का गर्छ । देउवा अमेरिकन लबीको भएकाले भारतले कोइरालालाई नेपालमा अमेरिकी प्रभाव कम गर्न एमाले र अन्य विपक्षी दलसँग सहकार्य गर्न सल्लाह दिएको छ ।'

गृहमन्त्री खुमबहादुर खड्का हिजो काठमाडौं फर्कनुभयो । हिजै उहाँले सभापति कोइरालालाई भेटेर 'सङ्कटकालमा सत्ता परिवर्तन हुँदा कसैबाट पनि सहयोग पाइँदैन, सुरक्षा फौजले सहयोग नगरे प्रजातन्त्रमाथि अनिष्ट आउँछ, त्यसैले पार्टी एक ढिक्का हुनैपर्छ' भनेर तत्काल सत्ता परिवर्तनको अभियानबाट पछि हट्न आग्रह गर्नुभएको छ । खड्काको भनाइ सुनेपछि कोइरालाले 'त्यसो भए जेठ १० गते सङ्कटकाल समाप्त भएपछि मलाई सहयोग गर्नुहुन्छ त ?' भन्नुभएछ । खड्काले जवाफमा 'मैले तपाईंलाई जहिले पनि सहयोग गरेकै छु, तर तपाईं मलाई सधैं लात हान्नुहुन्छ' भन्नुभएछ । यो भेटपछि २२ काङ्ग्रेसी सांसदको वक्तव्य आएको छ ।

केही दिनअघिको सरकारसँगको दर्शनभेट र गृहमन्त्री खड्कासँगको भेटपछि सभापति कोइरालाले 'राष्ट्र र राजसंस्था एक नभए मुलुक बरबाद हुन्छ, माओवादीसँग वार्ता गर्नुपर्छ, तर यस बारे प्रधानमन्त्रीसँग कुरा गर्न खोज्दा उहाँ त्यसै डराउनुहुन्छ' भन्नुभएको छ । कोइराला पक्षबाट हिजो बिहान ११ बजेको साइतमा प्रधानमन्त्रीका विरूद्ध अविश्वास प्रस्ताव दर्ता गर्ने भनिएको थियो । तर हिजो बिहानैदेखि सुजाता निवासमा भेला भएका करिब ४० सांसदले सङ्कटकालमा मन्त्रिपरिषद् परिवर्तन हुँदा नकारात्मक सन्देश प्रवाह हुन्छ भन्ने धारणा राखे । त्यो जमघटमा कोइरालाले भन्नुभयो, 'मैले या अन्य कसैले पनि तुरुन्तै माओवादी समस्या समाधान गर्न सक्ने अवस्था छैन । सुरक्षाकर्मी फिल्डमा लडिरहेका बेला हामीले मन्त्रिपरिषद् परिवर्तन गर्दा उनीहरूको मोरालमा नराम्रो असर पर्न सक्छ । त्यसैले सत्ता परिवर्तन अभियान अहिले रोकौं । बरु सङ्गठित भएर बसौं । प्रधानमन्त्रीलाई आफैं राजीनामा दिन बाध्य पारौं ।'

श्री ५ को सरकारले राजनीतिक रूपमा माओवादीसँग 'डिल' गर्ने कुनै विस्तृत कार्ययोजना तय गर्न सकेको छैन । विभिन्न राजनीतिक दलले दलका हैसियतमा

र तिनका नेताहरूले व्यक्तिगत रूपमा लिने गरेका नीति पनि विरोधाभासपूर्ण छन् । माओवादी सबैलाई झुक्याउन सफल भएको देखिन्छ । भारतले केही समयअघि सुपुर्दगी गरेका आठ जना माओवादी तल्लो स्तरका लडाकु हुन् । माओवादीका ठूला नेतालाई संरक्षण गरेर भारतले तिनका लडाकु मात्र नेपाललाई बुझाउने गरेको छ ।

## २०५८ चैत ३० गते शुक्रबार

गत राति माओवादीले दाङको लमहीस्थित इलाका प्रहरी कार्यालय र सतबरियास्थित सशस्त्र प्रहरी गुल्ममाथि आक्रमण गरेको छ । प्रारम्भिक जानकारी अनुसार दुवै स्थानबाट माओवादीले सबै हतियार लुटेको छ । माओवादी आक्रमणमा केही प्रहरीको हत्या भएको छ भने केही प्रहरी सम्पर्कविहीन छन् ।

सरकारबाट आज नेपालका लागि अमेरिकी राजदूत माइकल ई. मालिनोस्कीलाई दर्शनभेट बक्सेपछि राजदूतसँग कुरा भएका महत्त्वपूर्ण विषयका बारेमा मलाई जानकारी बक्स्यो । सरकारबाट हुकुम भयो, 'मैले अमेरिकी राजदूतलाई नेपालको अहिलेको जटिल परिस्थितिमा सत्ता परिवर्तनको अभियान रोक्न काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालासँग कुरा गर्नुस् भनैं । साथै सत्ता परिवर्तनको खेल अन्त्य गर्न संसद् विघटन गरी नयाँ प्रतिनिधिसभाको चुनाव गराउँदा राम्रो हुने भनी प्रधानमन्त्रीलाई सल्लाह दिनुस् भनेको छु । त्यस्तै, मैले अमेरिकी राजदूतलाई हालै अमेरिकाले शाही नेपाली सेनालाई गरेको सहयोगका लागि धन्यवाद दिएँ । साथै अमेरिकाबाट थप सहयोग र सेनालाई आवश्यक ५ प्वाइन्ट ५६ को गोली उपलब्ध गराइदिन समेत अनुरोध गरेको छु ।'

❖❖❖

# २०५९ साल

जननिर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवाले आफ्नै पार्टीको अन्तर्कलहले गर्दा प्रतिनिधिसभा विघटन गर्न महाराजाधिराजमा सिफारिस गर्नुभयो र आमचुनावको मिति समेत घोषणा भयो । विभिन्न राजनीतिक दलहरूको असहयोग र माओवादी हिंसाका कारण मुलुकको सुरक्षा अवस्था एकदमै कमजोर थियो । यसैले तोकिएको मितिमा आमचुनाव हुन नसक्ने कारण देखाई प्रधानमन्त्री देउवाले चुनावको मिति एक वर्ष पछि सार्न सिफारिस गर्नुभयो । त्यसपछि चुनाव गराउन नसक्ने 'असक्षम' प्रधानमन्त्री भन्दै असोज १८ गते शाही घोषणा मार्फत महाराजाधिराजबाट देउवालाई बर्खास्त गरिबक्स्यो । यसै क्रममा मौसुफबाट प्रधानमन्त्रीका लागि उम्मेदवार सिफारिस गर्न दलहरूलाई आह्वान गरिबक्सेको थियो । दलहरूले तोकिएको समयभित्र कुनै पनि नेताको नाम सिफारिस गर्न नसकेपछि सरकारबाट राप्रपा नेता लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री नियुक्त गरिबक्स्यो । चन्द मन्त्रिपरिषद्मा उहाँ बाहेक सबै मन्त्री गैरराजनीतिक चरित्र बोकेका र बेग्लै पार्टीका थिए । चन्द सरकारलाई मूलतः शान्ति-सुरक्षा कायम गर्ने, सबै दलहरूलाई सरकारमा सामेल गराई माओवादीसँग शान्तिवार्ता गर्ने र आमचुनाव गराउने जिम्मेवारी थियो । त्यस अनुरूप यसले माओवादीसँग दोस्रो शान्तिवार्ताको प्रयास गरेको थियो । यसैबीच, दुर्भाग्यवश, माओवादीले सशस्त्र प्रहरी बलका संस्थापक प्रहरी महानिरीक्षक कृष्णमोहन श्रेष्ठ र उहाँकी श्रीमतीको हत्या गरे । तैपनि चन्दको कार्यकालमा दोस्रो शान्तिवार्ता औपचारिक रूपमा सुरु भयो । त्यसपछि जनताले हत्या र हिंसाबाट राहत महसुस गरेका थिए ।

## २०५९ वैशाख २ गते सोमबार

आवधिक शाही पार्श्ववर्तीहरूको बिदाइ कार्यक्रम वैशाख १६ गतेलाई तय भएको छ । त्यस दिन सेना र प्रहरीबाट दुई वर्षका लागि आएका एडीसीको बिदाइ हुनेछ ।

सरकारबाट संयुक्त राष्ट्रसङ्घीय शान्तिसेना मिसनमा जाने सैनिकलाई वैशाख २६ गते काभ्रेको पाँचखालमा सामूहिक दर्शनभेट बक्सने कार्यक्रम बनेको छ । त्यस दिन पाँचखालमा सरकारबाट लन्च समेत गरिबक्सने कार्यक्रम बनेकोबारे मैले प्रधान सेनापतिलाई खबर गरें ।

आज बसेको सर्वदलीय बैठकमा नेताहरूले सेनाको भूमिकाको ज्यादै आलोचना गरे । माओवादीसँगको लडाइँमा प्रहरीले छ वर्षमा कमाएको बदनामी सेनाले चार महिनामै

कमायो । चेक प्वाइन्ट तथा रोड ब्लकहरूमा सर्वसाधारणसँग सेनाको व्यवहार ज्यादै नराम्रो भएको गुनासो आएको छ । ड्युटीका बेला सैनिकहरूले मदिरा सेवन गर्ने र केटी जिस्क्याउने जस्ता कार्य गर्नु ज्यादै अशोभनीय भएको टिप्पणी रहेको छ । सेनाको आलोचना नै गरेको भए पनि दलहरूको यो आरोपमाथि विचार हुनुपर्छ ।

सेनाको युनिफर्म परिवर्तन गर्न निकै पहिलेदेखि तयारी भइरहेको छ । परिवर्तन गर्नुअघि सरकारमा नयाँ युनिफर्म देखाउने चलन छ । सरकारबाट स्वीकृति बक्स भएपछि मात्र नयाँ युनिफर्म मान्य हुन्छ । सरकारको शुभजन्मोत्सवको अवसर पारेर आगामी असार २३ गतेदेखि नयाँ युनिफर्म लागू गर्दा राम्रो हुन्छ भनेर मैले आज सरकारमा जाहेर गरेँ ।

## २०५९ वैशाख ३ गते मङ्गलबार

३ नम्बर वाहिनी, पोखराले गरेको अपरेसनका क्रममा समातिएकी एक महिला माओवादी छापामारको सूचनाका आधारमा माओवादी केन्द्रीय सदस्य कृष्णध्वज खड्का र रेखा शर्मा पक्राउ परेका छन् । साथै कास्की जिल्ला कमिटीका सदस्य सहित १०/१२ जना माओवादी कार्यकर्तालाई पनि पक्राउ गरिएको छ । यो कुरा जाहेर हुँदा सरकारबाट 'यो विषय अति नै गोप्य राख्नुपर्ने हुन्छ, साथै उनीहरूको सुरक्षाबारे समेत विशेष ख्याल गर्नुपर्छ, उनीहरूबाट माओवादीका विरूद्ध कारबाहीमा मनग्गे फाइदा पुग्न सक्छ, यो कुरा प्रधान सेनापति, सेनाको अपरेसन प्रमुख (डीएमओ) र सैनिक गुप्तचर प्रमुख (डीएमआई) लाई समेत जानकारी गराउनू' हुकुम भयो । माओवादी नेता रामबहादुर थापा (बादल) लाई पक्राउ गर्न भारतीय सुरक्षाकर्मीको समेत सहयोग प्राप्त भएकाले प्रयास जारी छ ।

पूर्वप्रधानमन्त्री तथा काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला अहिले भारत भ्रमणमा हुनुहुन्छ । उहाँ नयाँ दिल्लीस्थित होटल हयात रिजेन्सीमा बस्नुभएको छ । उहाँले अनौपचारिक रूपमा भारतीय प्रधानमन्त्री अटलबिहारी वाजपेयी, रक्षामन्त्री, जे कृष्णमूर्ति, शीला दीक्षित, चन्द्रशेखर आदिसँग भेट गर्नुभएको छ । भारतीय विशेष सुरक्षा इकाइले कडा सुरक्षा दिएका कारण अन्य धेरै व्यक्तिले कोइरालासँग सहज रूपमा भेट गर्न सकेका छैनन् । उहाँका सहयोगीहरू अन्तर्राष्ट्रिय गेस्ट हाउसमा बसेका छन् । काङ्ग्रेस नेता चक्रप्रसाद बाँस्तोलाले कोइरालालाई माओवादी नेतासँग भेट गराउने प्रयास गरिरहनुभएको तर सम्भव भइनरहेको खबर छ ।

कोइरालाले भारतीय नेतासँगको भेटमा माओवादीका विरूद्ध लड्न भारतका सबै सुरक्षा निकायको सहायता आवश्यक भएको कुरा गर्नुभएको रहेछ । यस अभिव्यक्तिको अर्थ भारतीय सेनाको पनि सहयोग लिन सकिने भन्ने हुन सक्छ । त्यसको तात्पर्य के हो, बुझ्न आवश्यक हुन्छ । साथै यसबारे श्री ५ को सरकारले भारत सरकार र हाम्रा राजनीतिक दललाई समेत गोप्य तरिकाबाट सचेत गराउन आवश्यक हुन्छ ।

प्रधानमन्त्री शेरबहादुरनिकट काङ्ग्रेस नेताहरू प्रदीप गिरी, विमलेन्द्र निधि,

डा. प्रकाशशरण महत पनि अहिले भारत भ्रमणमा हुनुहुन्छ । उहाँहरू नयाँ दिल्लीस्थित शाही नेपाली राजदूतावासको अतिथि गृहमा बस्नुभएको छ । प्रधानमन्त्री शेरबहादुर देउवाको प्रतिनिधिका रूपमा नयाँ दिल्ली आएको भन्दै उहाँहरू विभिन्न भारतीय नेतासँग भेट्न प्रयासरत हुनुहुन्छ । राष्ट्रिय अनुसन्धान विभागबाट प्राप्त यो रिपोर्ट मैले सरकारमा जाहेर गरेँ । सरकारबाट केही कुरा निर्देशन पनि लिएँ ।

राति अतिरथी फिल्ड मार्सल नीरशमशेर जबराले मलाई फोन गरेर प्रधान सेनापति प्रज्वल्लशमशेर जबराको विषयमा गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, 'ऊ (प्रज्वल्ल) सेनाको चिफ रहेसम्म म सेनाको कुनै पनि कार्यक्रममा भाग लिन्नँ । उसले मलाई अति नै हेपेको छ । यो कुरा सरकारमा जाहेर गरिदिनू ।' तर उहाँहरूबीच के कुरामा विवाद भयो भन्नेबारे चाहिं स्पष्ट रूपमा बताउनुभएन । 'सर, म हजुरका कुरा सरकारमा जाहेर गर्छु' भनेँ ।

## २०५९ वैशाख ४ गते बुधबार

जरूरी र आवश्यक काम पर्दा सरकारको दर्शनभेट जुनसुकै बेला पाउन सकिन्छ । तर आज नियमित साप्ताहिक जाहेरीको दिन हो । त्यस अनुसार विभिन्न विषय जाहेरीका लागि तयार पारेँ । जाहेरीको दिन र अघिल्लो दिन मैले सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र कहिलेकाहीं गृहसचिवसँग पनि सम्पर्क गर्ने गरेको छु ।

जाहेरीको सुरुमै मैले हिजो बेलुका अतिरथी नीरशमशेर जबराले मलाई प्रधान सेनापतिबारे गरेको गुनासो सरकारमा जस्ताको तस्तै जाहेर गरेँ । यो कुरा सुनेर सरकार हाँसिबक्स्यो र 'भेटेको बेला ऊ (प्रधान सेनापति) सँग कुरा गरौँला' हुकुम भयो ।

वैशाखको अन्त्यतिर सरकारको पूर्व क्षेत्रको अनौपचारिक भ्रमणको कार्यक्रम मिलाउनुपर्ने भनी मैले जाहेर गरेँ । सरकारबाट स्वीकृति बक्सेको छ । अब सरकारको पूर्व क्षेत्रको भ्रमणको कार्यक्रम तय गर्नुपर्ने भएको छ ।

पहिले वीरेन्द्र सरकारबाट र हाल ज्ञानेन्द्र सरकारबाट पनि धेरै पहिलेदेखि नेपाल प्रहरीमा प्रहरी आयोग गठन गर्नुपर्छ भन्ने धारणा व्यक्त भइरहेको थियो । आज सरकारबाट 'नेपाल प्रहरी सेवा आयोग गठन गर्ने सम्बन्धी सुझाव दिन प्रधानमन्त्रीको जाहेरीमा मलाई सम्झाऊ' हुकुम भयो ।

हालको परिस्थितिमा राजदरबारले वहन गर्नुपर्ने भूमिकाबारे पनि आज सरकारसँग छलफल भयो । सरकारमा मैले कुरा राखेका विषय थिए : राजसंस्थाको जनतासँग कसरी सम्बन्ध बढाउने ? राजनीतिक दलहरूसँग कसरी सम्बन्ध विस्तार गर्ने ? दलका नेतालाई कसरी राजसंस्थाको पक्षमा जुटाउने ? 'सूचना नै शक्ति हो' भन्ने तथ्यलाई मनन गर्दै सञ्चार माध्यमलाई कसरी राजसंस्थाको पक्षमा अभिप्रेरित गर्ने ? अथवा, यसका लागि अप्रत्यक्ष रूपमा आफ्नै तर्फबाट सञ्चार माध्यम स्थापना गर्दा उपयुक्त होला कि ? आदि । सरकारबाट 'सोच, नयाँ काम केके गर्न सकिन्छ र मलाई भन' हुकुम भयो ।

## २०५९ वैशाख ५ गते बिहीबार

खबर अनुसार भारत भ्रमणमा रहँदा चक्रप्रसाद बाँस्तोलाले कोइराला र माओवादी नेताबीच भेट गराउन प्रयास गर्नुभएको थियो । यसै सिलसिलामा काङ्ग्रेस (आई)की अध्यक्ष सोनिया गान्धी, प्रधानमन्त्रीका सुरक्षा सल्लाहकार ब्रजेश मिश्रलाई भेटेपछि दोस्रो पटक भारतीय प्रधानमन्त्रीसँग भेट्नु छ भन्दै कोइरालाको भ्रमण अरू दुई दिन लम्बिएको थियो । वस्तुतः माओवादी नेतासँग भेट्नका लागि यो भ्रमण लम्ब्याइएको हुन सक्ने अड्कल काटिएको छ ।

यसै क्रममा बाँस्तोलाले भारतीय गुप्तचर संस्था रअका प्रमुखलाई भेटेर माओवादी नेतासँग सम्पर्क गराइदिन अनुरोध गर्नुभएछ । तर उहाँले के जवाफ भन्नुभएछ भने, 'हामीले तपाईंहरूलाई माओवादीसँग वार्ता गराउन सहयोग गरे हाम्रो र नेपालको गुप्तचर संस्थाबीच सम्बन्ध नराम्रो बन्न सक्छ । त्यसो हुँदा दिल्ली प्रहरीबाट सहयोग लिए ठीक हुन्छ । दिल्ली प्रहरीले सहयोग गर्न सक्छ ।' त्यही सुझावको आधारमा बाँस्तोलाले दिल्ली प्रहरीसँग कुरा गर्नुभएछ र दिल्ली प्रहरीले कोइराला र माओवादी नेताबीच भेटघाटको प्रबन्ध मिलाएछ । प्राप्त जानकारी अनुसार वस्तुतः रअले नै सबै व्यवस्था मिलाएर दिल्ली प्रहरीलाई अघि सारेको मात्र हो ।

यसरी दिल्ली प्रहरीको 'सहयोग' मा अज्ञात स्थानमा कोइराला र माओवादी नेता डा. बाबुराम भट्टराईबीच भेट गराउन बाँस्तोलालाई सफलता मिलेको छ । उहाँहरूबीच करिब आधा घण्टा गोप्य छलफल भएको थियो । यस छलफलमा कोइराला र भट्टराईबीच सुरुमा संविधानसभामा जाने र संविधानसभा बनेपछि मात्र राजसंस्थाका विरुद्ध सहकार्य गर्ने सहमति भएको छ । कोइरालाले दिल्ली जानुअघि काठमाडौंमै माओवादी नेता वर्षमान पुन 'अनन्त' लाई भेटेर यो भेटको कार्यक्रम तय गरेको हुन सक्ने विश्लेषण सहितको गुप्तचर रिपोर्ट आएको छ ।

## २०५९ वैशाख ९ गते सोमबार

ज्ञानेन्द्र सरकारबाट पूर्वी भ्रमणको सन्दर्भमा पाथीभरा देवी (ताप्लेजुङ), निसान भगवती (धनकुटा), हलेश्वर महादेव (खोटाङ) तथा वराह क्षेत्र र छिन्नमस्ता (सुनसरी) को समेत दर्शन गरिबक्सने कार्यक्रम तय भएको छ । साथै पूर्वी पृतनाका अलावा वाहिनी मुख्यालय र भीषण आगलागी भएको तेह्रथुम जिल्लाको सदरमुकाम म्याङलुङ बजार लगायतका स्थानमा सवारी हुने कार्यक्रम छ ।

भारतीय स्थलसेनाध्यक्षको नेपाल भ्रमणको कार्यक्रम यही वैशाख ३१ गतेदेखि हुने भएको छ । बेलायतका चिफ अफ डिफेन्स स्टाफ पनि जेठ १० गते नेपाल भ्रमणमा आउने कार्यक्रम बनेको छ ।

## २०५९ वैशाख ११ गते बुधबार

प्रधान सेनापति प्रज्वल्लशमशेर जबराको जाहेरीमा भारतीय स्थलसेनाध्यक्षसँग

हुने छलफलका विषयबारे सरकारसँग विचार-विमर्श भयो । साथै नेपाली सेनाका लागि आवश्यक सैनिक सामग्रीको सूची भारतीय सेनाध्यक्षलाई दिनेबारे समेत छलफल भयो । भारतीय स्थल सेनाध्यक्षलाई राजदरबारमा नेपाली सेनाको मानार्थ महारथीको दर्जा प्रदान गर्ने कार्यक्रममा आउन बग्गीको व्यवस्था मिलाउने र समारोहलाई पहिलेको भन्दा भव्य बनाउने कुरा भयो ।

सैनिक सहचारीमा छानिएका अधिकृतहरू प्रमुख सेनानी यज्ञविक्रम राणा र रमिन्द्र क्षेत्री अन्तिम समयमा आएर नजाने भएका छन् । राणा र क्षेत्रीलाई अनुशासनको कारबाही गर्नुपर्छ कि भनेर प्रधान सेनापतिले सरकारमा जाहेर गर्नुभयो । 'तिमी आफैंले के गर्दा राम्रो हुन्छ, विचार गर' हुकुम भयो ।

काठमाडौंको फ्लोरोसेन्ट हाइअर सेकेन्डरी स्कुलका प्रिन्सिपल माधवप्रसाद मरहठ्ठालाई माओवादीप्रति झुकाव राखेको आरोपमा सेनाले पक्राउ गर्न खोजिरहेको छ । भूतपूर्व प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले मरहठ्ठालाई पक्राउ नगर्न प्रमुख सचिव पशुपतिभक्त महर्जनसँग आग्रह गर्नुभएको रहेछ । यो कुरा प्रमुख सचिवले मलाई जानकारी गराएको हुँदा मैले सरकारमा जाहेर गरैं । सरकारबाट 'त्यसो भए हाल निगरानी मात्र गर्नू' हुकुम भयो ।

सरकारमा जाहेरीका बेला स्वर्गीय अधिराजकुमारीहरूको निवासस्थान केशरमहल, शान्तिकुञ्ज, शारदा सदनमा सेनाले प्रदान गरिरहेको सुरक्षाको विषयमा कुरा भयो । र, यो व्यवस्था नियम अनुसार मिल्दैन भनी जाहेर गरैं । सरकारबाट 'आउँदो असार १५ गतेदेखि सैनिक सुरक्षा झिक्नू' हुकुम भयो ।

## २०५९ वैशाख १२ गते बिहीबार

सेना माओवादीका विरूद्ध परिचालन भएपछि विभिन्न मित्रराष्ट्रका एसेस्मेन्ट टिम, सहयोगी टिम केही दिन नेपाल आई अध्ययन गरेर फर्कने क्रम चलिरहेको छ । यसै सन्दर्भमा केही दिनअघि अमेरिकाबाट आएको स्पेसल फोर्सेसको टिमलाई रोल्पामा सैनिक अपरेसनल क्षेत्र देखाइयो । त्यस स्थानमा बसेर नेपाली सैनिक जवानले प्रदर्शन गरेको प्रोफेसनल स्टान्डर्ड, मोटिभेसन, मोराल, सैनिक गतिविधि देखेर अमेरिकी सैनिक टोली आश्चर्यचकित भएछ । यस्तो काम संसारका अरू कुनै सेनाले गर्न सक्लान् या नसक्लान् ? यति सामान्य लजिस्टिकका साथ त अमेरिकी सेना मुभ पनि हुँदैन, लड्ने त धेरै टाढाको कुरा हो भनेर अमेरिकी भ्रमण दलका सदस्यले टिप्पणी गरेका रहेछन् । नेपालमा सन् ९० को राजनीतिक परिवर्तनपछि सेना मात्र एउटा यस्तो संस्था हो, जुन राजनीतीकरण नभई व्यावसायिक रूपमा रहेको छ । अमेरिकी सैनिक टोलीले 'यो भ्रमणपछि नेपाली सेनालाई दिने लजिस्टिक सहायतामा वृद्धि हुन सक्छ' भनेर प्रतिक्रिया दिएका छन् ।

यसबीच भारतले अमेरिकी सेनालाई माओवादी प्रभावित जिल्लामा नेपाली सेनाले अपरेसन सञ्चालन गरिरहेको क्षेत्रमा भ्रमण गराएकोमा चासो राख्न थालेको छ । विदेशी

सेनालाई नेपालका गाउँगाउँ घुम्न स्वीकृति दिएकोमा भारतले मन पराएको छैन । यस्ता क्रियाकलापमा भारतको सुरक्षा चासो रहेको प्रतिक्रिया आएको छ ।

## २०५९ वैशाख १८ गते बुधबार

पूर्व सहायक रथी डा. खगेन्द्रबहादुर श्रेष्ठले स्वर्गीय राजदम्पतीको सम्झनामा तयार गरेको फोटो प्रदर्शनी नजर हुन सरकारमा बिन्ती चढाइदिन मलाई अनुरोध गर्नुभएको छ । साथै एउटा किताब पनि चढाउन मलाई भन्नुभएको छ । फोटो प्रदर्शनी वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा आयोजना गरिएको छ । प्रदर्शनी समुद्घाटन तथा नजर गरिबक्सनका लागि जाहेरी हुँदा सरकारबाट जेठ १७ गते ११ बजे समय बक्सेको छ ।

मेरो जाहेरीको अर्को विषय थियो, सुर्खेतको देउती बज्यै मन्दिरको मर्मत सम्बन्धी । सरकारको सुर्खेत सवारी हुँदा देउती बज्यै मन्दिर मर्मत गर्न स्थानीय व्यक्तिहरूबाट आग्रह भएको थियो । यस सम्बन्धमा आज सरकारबाट 'सेनाको प्राविधिक टोली पठाइदिने र मर्मत गरेर मात्र नपुग्ने हुँदा मास्टर प्लान बनाउने' निर्देशन भएको छ । साथै सरकारबाट 'मन्दिर निर्माण कमिटी गठन गरेर केही रकम दरबारबाट दिने र नपुग रकम स्थानीय बासिन्दाबाट चन्दा उठाएर मन्दिर पुनर्निर्माण गरेपछि क्षमापूजा गर्न' निर्देशन बक्सेको छ ।

जाहेरीका क्रममा देशको गम्भीर परिस्थिति र विभिन्न निकायबाट प्राप्त सूचनाबारे पनि छलफल भयो । यसै क्रममा सरकारसँग गिरिजाप्रसाद कोइरालाले भारत भ्रमणको अवसरमा त्यो पनि भारतीय सुरक्षा निकायको सहयोगमा माओवादी नेतालाई भेटेको विषयमा विश्लेषण भयो । माओवादी नेतालाई भेटेपछि कोइरालाले भारतीय प्रधानमन्त्रीसँग पुनः भेट्नुभयो । यसबाट माओवादीमा भारतको प्रभाव रहेको स्पष्ट देखिन्छ । भारतले माओवादीलाई आतङ्ककारी पनि भनेको छ र माओवादीसँग सुमधुर सम्बन्ध विस्तार पनि गरिरहेको छ । यस्तो दोहोरो चरित्रका विरूद्ध अमेरिका र युरोपियन युनियनको दबाव आउन सक्ने हुँदा भारतले काङ्ग्रेस र एमालेलाई राजसंस्थाका विरूद्ध उतार्न अनेक प्रयास गरिरहेको छ । यसै क्रममा उसले काङ्ग्रेस, एमाले र माओवादी तीनै पक्षलाई राजसंस्थाका विरूद्धमा मिलाउन वातावरण तयार गरेको देखिन्छ । त्यसैले नेपालले पनि भारतको यो 'ग्र्यान्ड डिजाइन' विरूद्ध रणनीतिक हिसाबभन्दा पनि कूटनीतिक स्तरबाट प्रतिक्रिया दिन आवश्यक छ भन्ने हाम्रो धारणा बनेको छ ।

लामो समयसम्म माओवादीका विरूद्ध फिल्डमा परिचालित सैनिकको अदली-बदली हुन सकिरहेको छैन । महिनौँसम्म एकै स्थानमा रहँदा सैनिक थाकेका छन् । त्यसैले सैनिक अदली-बदलीका लागि फिल्ड कमान्डरबाट अनुरोध आइरहेको छ । वर्षातको समय पनि नजिक आइरहेको हुँदा यसबारे विचार हुन जरूरी छ । साथै सेनामा पाँच हजार दरबन्दी थप हुन लागेकाले थप हतियारको पनि आवश्यकता पर्छ । आवश्यक हतियार कसरी छनोट गर्ने र हतियारको व्यवस्था कसरी गर्ने भन्ने विषयमा समेत सरकारसँग मेरो छलफल भयो ।

निर्वाचित स्थानीय निकायको पाँचवर्षे कार्यकाल समाप्त भइसकेको छ । केही राजनीतिक

पार्टीले यसैलाई निरन्तरता दिनुपर्छ भनिरहेका छन् । तर स्थानीय निकायको काम प्रभावकारी हुन सकेको छैन । साथै यसलाई निरन्तरता दिंदा प्रशासनिक खर्च बढ्ने देखिन्छ । अहिलको परिस्थितिमा प्रशासनिक खर्च घटाउन आवश्यक छ । स्थानीय निकायलाई भङ्ग गर्ने सम्बन्धमा प्रधानमन्त्रीलाई सुझाव दिन सरकारबाट निर्देशन बक्सेको छ ।

संसद्को राज्य व्यवस्था समितिका सदस्यलाई वैशाख २२ गतेदेखि २४ गतेसम्म ३ नम्बर र ४ नम्बर वाहिनीको भ्रमण गराउने सेनाको योजना छ । त्यसमा आज सरकारबाट स्वीकृति बक्सेको छ । भ्रमणमा संलग्न भएर बलाधिकृत रथीले त्यसको सबै प्रबन्ध मिलाउने भनी तोकिएको छ ।

आवधिक शाही पार्श्ववर्तीहरू दुई वर्षको सेवा सकेर बाहिर जाँदा सरकारबाट दर्शनभेट बक्सने परम्परा रहेको छ । त्यस अनुसार सरकारबाट आज आवधिक शाही पार्श्ववर्तीहरूलाई दर्शनभेट बक्सेको छ । त्यस अवसरमा सरकारबाट हुकुम भयो, 'तिमीहरूले राम्रो काम गरेका छौ । दरबारबाहिर गएर पनि आफू खटिएको स्थानमा राम्रो काम गर । दरबारको कुनै पनि काममा आवश्यक परे पछि बोलाउँला । बाहिर गए पनि प्रमुख सैनिक सचिवालय, शाही पार्श्ववर्ती विभागको सम्पर्कमा रहेर, कुनै जरूरी कुरा थाहा पायौ भने खबर गर । राजदरबारमा काम गरेका हिसाबले तिमीहरू बाहिर गएपछि दरबारिया भनेर चिनिने हुँदा एकदमै विचार पुऱ्याएर काम गर्नू ।' त्यस्तै आज नै नयाँ आउने आवधिक शाही पार्श्ववर्तीहरूले सरकारमा दाम राख्ने कार्यक्रम थियो । दाम राख्ने कार्यक्रममा सरकारबाट उनीहरूलाई 'नआत्तिई आफ्नो काम गर्नू, नबुझेको कुरा सोध्नू, तिमीहरू आ–आफ्नो सङ्गठनबाट छनोट भएर आएको हुँदा दिएको जिम्मेवारी राम्रोसँग वहन गर्नू' भनी निर्देशन बक्सेको छ ।

## २०५९ वैशाख २० गते शुक्रबार

राष्ट्रिय सुरक्षा परिषद्का सहसंयोजक उपरथी रूक्माङ्गद कटवालसँग आज फोनमा परामर्श भयो । आजै उहाँले नेपाल आएको अमेरिकी सैनिक सहायता टिमसँग भेट्ने कार्यक्रम रहेछ । उहाँले मसँग केके विषयमा कुरा गरूँ भनेर सोध्नुभयो । मैले भनें, 'शाही नेपाली सेनालाई हतियार आवश्यक परेकाले अमेरिकी हतियार एम–१६ एटु सहयोग माग्नुस् । साथै अन्य लजिस्टिक सपोर्टका सामान र हेलिकप्टर समेत सहयोगमा पारिदिन अनुरोध गर्नुभए राम्रो हुन्छ ।' मैले के पनि भनें भने, 'अमेरिकीले हाम्रो देशको भौगोलिक अवस्था र सामरिक महत्त्वको लोकेसनले गर्दा हुन सक्ने सुरक्षा सेन्सेटिभिटी बुझिदिनुपर्छ । हामीलाई आवश्यक विषयमा, त्यसमा पनि तालिम केन्द्रका प्रशिक्षकलाई मात्र तालिम दिए पनि पुग्छ ।' उहाँले आफूले कुनै विदेशीलाई भेट्नुअघि दरबारलाई जानकारी गराउने गर्नुहुन्छ । विदेशीसँग के कुरा गर्ने भनेर समेत सोध्नुहुन्छ । कुनै पनि वरिष्ठ सैनिक अधिकृतले विदेशीलाई भेट्नुअघि दरबारलाई जानकारी गराउने प्रचलन छ ।

भारत भ्रमणबाट फर्केपछि पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले हिजो सरकारको दर्शनभेट गर्नुभयो । दर्शनभेटपछि उहाँले आफ्ना नजिकका नेता तथा कार्यकर्तासँग

'माओवादीसँगको सम्पर्कबारे जाहेर गरेँ, राजनीतिक निकासका लागि अवसर पाऊँ, सरकारबाट सहयोग पाऊँ भनेँ, सरकारको आगामी भारत भ्रमणअघि राजनीतिक निकास हुनुपर्छ भनेँ, मुलुकको स्थिति ज्यादै जटिल हुँदै गएको छ, प्रधानमन्त्री देउवा अमेरिकाबाट फर्केपछि राजनीतिक निकास दिन उहाँको राजीनामा माग्छु र राजीनामा नदिए अविश्वासको प्रस्ताव मार्फत हटाउँछु भनेर जाहेर गरेँ' भनेको थाहा भयो ।

केही दिनअगाडि बीबीसीको टिम माओवादी नेतालाई भेट्न दोलखा गएको थियो । तीन दिन बस्दा पनि माओवादीसँग सम्पर्क हुन नसकेपछि सम्पर्कका लागि स्याटलाइट फोन छाडेर आएको सूचना प्राप्त भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त सूर्यनाथ उपाध्यायले 'अध्यागमन विभागमा भ्रष्टाचार बढेको छ, के गर्ने ?' भनेर सोध्नुभएको छ भनी प्रमुख सचिव पशुपतिभक्त महर्जनले मलाई भन्नुभयो ।

माओवादी अहिले कमजोर हुँदै गएकाले शक्ति सञ्चय गर्न विभिन्न माध्यम मार्फत वार्ताको कुरा अगाडि बढाइरहेका छन् । यस अवस्थामा माओवादीसँग रहेका हतियारको लेखाजोखा नभएसम्म वार्ता गर्नु हुँदैन । त्यसैले छ वर्षको जनयुद्धमा भएको जनधनको क्षति र हालको परिस्थिति विश्लेषण गरी गिरिजाप्रसाद कोइराला र माधवकुमार नेपालसँग राजनीतिक सहमति कायम गरेर अगाडि बढ्दा राम्रो हुन्छ भनेर मलाई प्रधान सेनापतिले सुझाव दिनुभएको छ ।

युवराज्ञी हिमानी सरकारको डेलिभरी असारको आखिरी अथवा साउनको पहिलो साता हुन सक्ने चिकित्सकहरूले बताएका छन् । हिमानी सरकारको डेलिभरी त्रिशूल सदनमा गराउनका निम्ति आवश्यक व्यवस्था मिलाउन महाराजाधिराजबाट मलाई निर्देशन बक्सेको छ ।

## २०५९ वैशाख २४ गते मङ्गलबार

डोटीमा भएको माओवादी अपरेसनपछि त्यहाँ फिलिपिन्समा बनेका केही सामान भेटिएका छन् । यसबाट माओवादीको फिलिपिन्सका विद्रोही समूहसँग पनि सम्पर्क रहेको हुन सक्ने देखिन्छ भन्ने सेनाको रिपोर्ट छ । आजको जाहेरीमा यो कुरा मैले सरकारमा बिन्ती गरेँ ।

मध्यपश्चिम र पश्चिम क्षेत्रमा सेनाको अपरेसनमा माओवादीतर्फ निकै क्षति भएको छ । माओवादी कार्यकर्ताहरू भारततिर पलायन हुने क्रम बढेको छ । माओवादीले अन्य वामपार्टी, मानव अधिकारवादी सङ्गठन र केही वाम बुद्धिजीवीलाई समेत वार्ताको वातावरण बनाइदिन आग्रह गरेको छ । भारतले काङ्ग्रेस, एमाले र माओवादीलाई राजनीतिक सहमतिमा आउन दबाव दिएको बुझिन्छ । अहिलेको अवस्थामा सरकारले आफ्नो स्थिति मजबुत देखाउन केही संवैधानिक सुधार गर्नु आवश्यक देखिएको छ । माओवादीले गरेको जनधनको क्षति कसले ब्यहोर्ने ? विद्यमान राजनीतिक अन्योलको जिम्मेवारी कसले लिने ? सरकारमा मैले यो विषय समेत जाहेर गरेँ ।

राजधानीको खुलामञ्चमा भोलि सरकारको विरोधमा सात पार्टीले सर्वदलीय आमसभा गर्ने कार्यक्रम छ । आमसभामा धेरै मानिस आउन रोक्न सके राम्रो हुन्छ भन्ने सुरक्षा निकाय र दरबारको पनि धारणा छ । हाल सरकार, सुरक्षा निकाय र राजदरबारका विरुद्ध सात पार्टी देखिएका छन् । यिनीहरू माओवादीको सट्टा देउवा सरकारको विरोधमा किन लागेका हुन् ? यो कुरा सार्वजनिक गरेर राजनीतिक पार्टीको नियत जनतासामु छर्लङ्ग पार्नुपर्ने सुझाव विभिन्न स्रोतबाट आएको छ ।

## २०५९ वैशाख २५ गते बुधबार

प्रधान सेनापति प्रज्वल्लशमशेर जबराले आज सेनाका लागि नयाँ हतियार किन्ने विषयमा सरकारमा जाहेर गर्नुभयो । सैनिक प्राविधिक टोलीको समेत सिफारिस अनुसार सेनाका लागि अमेरिकी एम–१६ एटु राइफलका सिरिज र बेल्जियममा निर्मित मिनिमी एलएमजी खरिद गर्ने निधो भयो ।

रथी कृष्णनरसिंह थापा वैशाख २७ गतेदेखि जेठ ३ गतेसम्म श्रीलङ्कामा हुने युएन पिसकिपिङ सेमिनारमा भाग लिन जानुहुने भएको छ । उहाँको साथमा पूर्व प्रधान सेनापति धर्मपालवरसिंह थापा र उपरथी शिवराम खत्री पनि जान लाग्नुभएको छ । उहाँहरूको हवाई टिकट सेनाको कल्याणकारी कोषबाट उपलब्ध गराइदिने निधो भयो ।

सात राजनीतिक पार्टीको आजको आमसभामा करिब १२ हजारको सहभागिता थियो । धेरैजसो नेताले आफ्नो भाषणमा दरबार सेनामा मात्र भर पर्न नहुने र समस्या समाधान गर्न संसदीय दलहरूबाट नै उपाय निकाल्नुपर्ने कुरा गरे । माओवादीका तर्फबाट इमेल मार्फत वार्ता र युद्धविरामको खबर आएको कुरालाई लिएर केही नेताले 'यो माओवादीको धोका दिने प्रयास हो, यसलाई विश्वास गर्नु हुँदैन, सबैको प्रयास र एकताबाट समस्याको समाधान खोजिनुपर्छ' भने । नेपाल सद्भावना पार्टीका नेता बद्रीप्रसाद मण्डलले हिन्दीमा बोल्न लाग्दा हुटिङ भयो । उहाँलाई बोल्न दिइएन ।

पूर्व प्रधान सेनापति गडुलशमशेर जबराले मलाई फोन गरेर 'अहिलेको जटिल परिस्थितिमा ५५ वर्षमुनिका भूतपूर्व सैनिकलाई राष्ट्रिय निकुञ्जको ड्युटीमा प्रयोग गरी नियमित सेनालाई अपरेसनमा लगाउँदा राम्रो हुने' भनेर सल्लाह दिनुभयो । त्यस्तै पूर्व प्रधान सेनापति सच्चितशमशेर जबराले रोल्पाको गाम क्षेत्रमा वाहिनी स्तरबाट 'कम्बिङ अपरेसन' गरी त्यहाँ तितर वितर भएका माओवादीलाई तुरुन्त पक्राउ गरेर कस्टडीमा राख्न सके राम्रो हुने सुझाव दिनुभयो ।

पोखराको फेवातालनजिक रहेको आफ्नो निवासमा प्रहरी उपरीक्षक धीरेन्द्र देवानले राति सबै झ्यालढोका बन्द गरेर पेस्तोलबाट कन्चटमा फायर गरी आत्महत्या गरेको खबर छ । देवानको शव बिहान ९ बजे कोठामा फेला परेको थियो । आत्महत्या घरायसी कारणबाट भएको हुन सक्ने अनुमान छ । प्रारम्भिक रिपोर्ट अनुसार, धीरेन्द्रकी श्रीमती उनीसँग झगडा गरेर दुई दिनअघि काठमाडौं फर्केकी थिइन् ।

गोरखबहादुर गण रोल्पामा अपरेसनका लागि परिचालन भएको धेरै समय बितिसकेको

छ । हालै गाम घटनाले जवानहरूको 'मोराल' मा असर परेको छ । त्यसैले यो गणलाई तुरुन्तै अन्यत्र पठाउन आवश्यक छ भनी जङ्गी अड्डाबाट सुझाव आएको छ ।

## २०५९ जेठ १ गते बुधबार

स्टार न्युजले आज बिहान ७ बजे पूर्व प्रधान सेनापति सच्चितशमशेर जबरासँग लिएको अन्तर्वार्ता प्रसारण गरेको थियो । मलाई आएको खबर अनुसार अन्तर्वार्तामा स्टार न्युजले गरेका प्रश्न सकारात्मक थिएनन् । उसले 'नेपाली सेनाले संयुक्त राष्ट्रसङ्घका लागि शान्तिसेनाका रूपमा कार्यरत रहँदा राम्रो काम गर्छ भने आफ्नै देशमा किन राम्रो गर्न नसकेको ? हाल भारतीय सेनाका चिफ नेपाल भ्रमणमा रहेको बेला नेपालले भारतीय सेनाको मदत किन नमागेको ?' जस्ता प्रश्न गरेको थियो ।

स्टार न्युजको प्रश्नको जवाफमा उहाँले भन्नुभएको थियो, 'नेपालको सेनाले राम्रो काम गरिरहेको छ । सेना अपरेसनमा आउनुअगाडि २५/३० जिल्लामा माओवादीका जिल्ला जनसरकार थिए । हाल कुनै पनि जिल्लामा जनसरकार छैन । करिब दुई हजार माओवादीको मृत्यु भइसकेको छ । नेपाली सेनातर्फको क्षति १२५ जना मात्र छ । सेनाले माओवादीबाट निकै विस्फोटक पदार्थ र केही हतियार समेत जफत गरेको छ । यसलाई नराम्रो परिणाम भन्न मिल्दैन । नेपालले भारतसँग हातहतियार र बन्दोबस्तीको सामान मागेको छ । त्यो नै ठूलो सहायता हुन जान्छ । माओवादीलाई भारतमा दिने तालिम र हतियार नियन्त्रण गर्न सके राम्रो हुने देखिन्छ । भारतीय सेना हाललाई आवश्यक पर्दैन ।'

आज जाहेरीको अवसरमा मैले यो विषय सरकारमा बिन्ती गरेँ ।

## २०५९ जेठ २ बिहीबार

सरकारबाट आज भारतीय स्थलसेनाध्यक्ष पद्मनाभनलाई शाही नेपाली सेनाको मानको खातिर महारथी दर्जाको सम्मानस्वरूप खड्ग प्रदान गरिबक्स्यो । कास्की बैठकमा पहिलो पटक विशेष कार्यक्रम आयोजना गरी विदेशी राजदूतले ओहदाको प्रमाणपत्र चढाउने समारोहमा जस्तै भारतीय सेनाध्यक्षलाई बग्गी र सम्मान गारदको पनि व्यवस्था गरियो । समारोह निकै भव्यताका साथ सम्पन्न भयो । समारोहमा उपस्थित मानार्थ शाही पार्श्ववर्ती उपरथी भरतकेशर सिंहले समारोहपछि मलाई फोन गरेर 'श्री ५ महाराजाधिराज समारोहमा सवारी भइबक्सेपछि भारतीय स्थलसेनाध्यक्षलाई सलामी दिनु उपयुक्त भएन, समारोहमा सरकारको सवारीपछि भारतीय सेनाध्यक्षको आगमन पनि शोभनीय भएन, त्यसबारे पहिले नै विचार गर्नुपर्दथ्यो, मौका मिले यो कुरा म सरकारमा जाहेर गर्छु' भन्नुभयो ।

मैले उहाँलाई 'राजदूतले ओहदाको प्रमाणपत्र पेस गर्दा सरकार पहिले नै सवारी होइबक्सन्छ, राजदूतलाई पनि सम्मान गारदको सलामी अर्पण गर्ने प्रचलन भएको हुँदा भारतीय स्थलसेनाध्यक्षलाई पनि दिँदा के फरक पर्छ र, यो पहिलो समारोह हो, हामीले सबै पक्ष विचार गरेर आयोजना गरेका हौं, हजुरले सरकारमा जाहेर गरे हुन्छ' भनेँ ।

गृहमन्त्री खुमबहादुर खड्काको दाङको सतबरियास्थित घर हिजो राति माओवादीले आक्रमण गरी ध्वस्त बनाए । उहाँको घरमा माओवादीले पहिले पनि आक्रमण गरेका थिए । यसैबीच बागलुङ, गलकोटका काङ्ग्रेस नेता माधव बम मल्लको माओवादीले हत्या गरेका छन् ।

राष्ट्रिय अनुसन्धान विभागको सूचना अनुसार गिरिजाप्रसाद कोइराला, गोविन्दराज जोशी र रमेशनाथ पाण्डेबीच सुजाता निवासमा वैशाख २९ गते भेट भएको छ । कोइरालालाई चिनियाँ कम्युनिस्ट पार्टीले चीन भ्रमणको निम्तो दिएको छ । तर उहाँ कहिले जाने, दोधारमा हुनुहुन्छ ।

## २०५९ जेठ ३ गते शुक्रबार

भारतीय स्थलसेनाध्यक्षले नेपाल भ्रमणको सिलसिलामा व्यक्त गरेका विचार केही रोचक र केही महत्त्वपूर्ण छन् । उहाँ आज बिहान मुस्ताङस्थित मुक्तिनाथ मन्दिरको दर्शन गरेर पोखरा ३ नम्बर वाहिनीमा फर्कनुभयो । मुक्तिनाथको दर्शन र पूजा गर्न पाएकोमा उहाँ साह्रै खुसी हुनुहुन्छ । त्यहाँ प्रधान सेनापति प्रज्वल्लशमशेर जबरा र उहाँकी श्रीमती सिन्धु राणाले पूजाका क्रममा भारतीय सेनाध्यक्षलाई डेढ घण्टा कुराउनुभएछ । त्यसले गर्दा पोखरामा आयोजना हुने कार्यक्रममा ढिलाइ हुन गएछ । भारतीय सेनाध्यक्षले पोखरामा आयोजित समारोहमा सहभागीसँग माफी माग्नुपरेछ ।

पोखराबाट काठमाडौं फर्केपछि उहाँले उपरथी बालानन्द शर्मासँग केही विषयमा छलफल गर्नुभएछ । आफ्नो सम्मानमा राजदरबारमा सम्पन्न समारोह भव्य भएको भनी प्रशंसा गर्दै उहाँले भन्नुभएछ, 'श्री ५ महाराजाधिराज हालको नेपालको परिस्थिति र नेपाली जनताप्रति ज्यादै संवेदनशील भएको पाएँ ।' साथै उहाँले सरकार समक्ष के भन्नुभएको रहेछ भने, 'अहिले भारत-पाकिस्तानबीच सम्बन्ध ज्यादै खराब भइरहेको छ । कुनै पनि समयमा युद्ध हुन सक्ने स्थिति छ । नेपाली सेनालाई आवश्यक पर्ने सैन्य सामग्रीबारे समयमै जानकारी पाए हामी उपलब्ध गराउन तयार छौं । त्यस्तै भारतीय सेनाले प्रयोग गरेका इन्सास राइफल नेपाली सेनाका लागि उपयुक्त हुन सक्छ । हामी त्यो पनि दिन तयार छौं । सञ्चारका सामग्री, जुन भारतमा उत्पादन हुँदैनन्, तिनलाई स्वभावतः हामी दिन सक्दैनौं । अहिले भारतले हातमा लिएर फायर गर्न सकिने नयाँ थर्मल इमेज विकास गरेको छ । त्यो पनि हामी दिन तयार छौं । नेपालमा जस्तै भारतीय सेना पनि राजनीतिबाट टाढा छ । सेना अपरेसनमा हुँदा सञ्चार माध्यमसँग राम्रो सम्बन्ध कायम गरेर अघि बढ्नुपर्छ ।'

पोखरास्थित ३ नम्बर वाहिनीभन्दा अघि उहाँले नेपालगन्जस्थित पश्चिम पृतनाको पनि भ्रमण गर्नुभएको थियो । यस सन्दर्भमा उहाँले ३ नम्बर वाहिनीपति र पश्चिम पृतनापतिका बारेमा पनि उपरथी बालानन्द शर्मासँग रोचक टिप्पणी गर्नुभएको रहेछ । उहाँले भन्नुभएछ, 'यी दुई कमान्डरमध्ये पृतनापति उपरथी सदीपबहादुर शाह समस्यैसमस्याले घेरिएको पाएँ । वाहिनीपति सहायक रथी प्रकाशबहादुर बस्नेत भने समस्याविहीन र फुल

अफ एक्सन्स भएको व्यक्ति पाएँ ।'

आज बसेको सर्वदलीय बैठकमा सुरक्षा निकायका प्रमुखलाई पनि बोलाएर विभिन्न विषयमा बोल्न लगाइयो । सबै सुरक्षा प्रमुखले विगत छ महिनामा माओवादीसँगको द्वन्द्वमा उल्लेखनीय सफलता मिलेको धारणा प्रस्तुत गरे । साथै सुरक्षा कारबाही रोक्न नहुने र कुनै पनि पार्टीका नेताले सुरक्षा निकायको मनोबलमा असर पर्ने गरी कुनै अभिव्यक्ति दिन नहुने विचार व्यक्त गरेका थिए । उनीहरूको भनाइ थियो, 'सङ्कटकाल लगाउने या नलगाउने भन्ने कुरा राजनीतिक विषय हो । सुरक्षा निकायलाई सङ्कटकालमा काम गर्न स्वभावतः सजिलो हुन्छ । वार्ताको समयमा पनि माओवादीले शक्ति सञ्चयका निम्ति आफ्ना क्रियाकलाप जारी राख्छन् । राजनीतिक स्तरबाट वार्ता गरे हुन्छ । तर शान्ति सम्झौता नभएसम्म सुरक्षा कारबाही जारी राख्नुपर्छ ।'

यो विषय प्रहरी महानिरीक्षक प्रदीपशमशेर जबराले आजको दर्शनभेटमा सरकारमा जाहेर गर्नुभयो । सो अवसरमा राष्ट्रिय सुरक्षा परिषद्ले प्रहरी ऐन बनाएर सरकारबाट लागू गराउन प्रयास गराउने विषयमा समेत श्री ५ को सरकारसँग छलफल भएको थियो ।

जेठ ९ गते प्रतिनिधिसभाको विशेष अधिवेशन बोलाउन मन्त्रिपरिषद्ले निर्णय गरेको छ । छ महिनाअघि लगाइएको सङ्कटकालको समय समाप्त भएकाले पुनः संसद्बाट सङ्कटकाल अनुमोदन गराउनका लागि सुरक्षा निकायको सुझावमा मन्त्रिपरिषद्ले यो निर्णय गरेको हो ।

## २०५९ जेठ ५ गते आइतबार

एमालेले आज सङ्कटकाल अनुमोदन सम्बन्धमा विभिन्न राजनीतिक पार्टी, बुद्धिजीवी, पत्रकारसँग अन्तरक्रिया गरेको छ । सबैले सङ्कटकाल अनुमोदन गर्न नहुने सुझाव दिएको खबर छ । अब उद्योगपतिसँग पनि छलफल गर्ने कार्यक्रम छ । सङ्कटकाल अनुमोदनका बारेमा पनि एमाले महासचिव माधवकुमार नेपालको दोधारे नीति रहेको देखिन्छ । सुरक्षा निकायलाई चिढ्याउन नचाहेकाले उहाँ एकातिर सुरक्षा निकायले राम्रो काम गरेको भन्नुहुन्छ, तर अर्कातिर सुरक्षा निकायलाई काम गर्न सङ्कटकाल लगाउनु नपर्ने उहाँको धारणा छ । वार्ताको पहल जारी राख्नुपर्ने तर माओवादीलाई सजिलै विश्वास गर्न नसकिने पनि महासचिव नेपालले व्यक्त गर्नुभएको छ ।

आज बिहान रमेशनाथ पाण्डेले गिरिजाप्रसाद कोइरालासँग सुजाता निवासमा भेट गर्नुभएको छ । त्यहाँ के विषयमा कुरा भयो भन्ने चाहिं थाहा हुन सकेको छैन । त्यस्तै, गिरिजाप्रसाद कोइराला र माधवकुमार नेपालबीच भेटघाट निकै बढेको छ । यसबाट के बुझिन्छ भने काङ्ग्रेसमा गिरिजा समूहले सङ्कटकाल अनुमोदन नगर्ने सम्भावना छ ।

जलस्रोत राज्यमन्त्री नारायण शर्मा पौडेलका पीए देवेन्द्र सुवेदी माओवादीका घुसपैठिया हुन् भन्ने सुरक्षा निकायको खबर छ ।

काङ्ग्रेस केन्द्रीय कार्यसमितिको र संसदीय दलको बैठक भोलि बस्दै छ । प्रधानमन्त्री शेरबहादुर देउवालाई सङ्कटकाल अनुमोदन गर्ने सम्बन्धमा पार्टीले २४

घण्टेमा लिखित स्पष्टीकरण माग्ने भएको छ । प्रधानमन्त्री भने सङ्कटकाल संसद्बाट अनुमोदन गराउन चाहनुहुन्छ । सुरक्षा निकायको पनि सङ्कटकाल अनुमोदन होस् भन्ने सुझाव छ । यस विषयमा प्रधानमन्त्रीलाई निकै अप्ठ्यारो परेको देखिन्छ । यो समस्या कसरी टार्ने भनेर देउवाले आफूनिकटका नेतासँग छलफल सुरु गर्नुभएको छ । यसरी काङ्ग्रेसभित्र दुवै पक्षबीच समस्या परेकाले छुट्टाछुट्टै बैठक बसिरहेका छन् ।

शाही जङ्गी अड्डामा आजदेखि वाहिनी सम्मेलन तथा समन्वयात्मक छलफल सुरु भएको छ । मैले सैनिक सचिवका हैसियतले वाहिनी सम्मेलनमा भाग लिएँ । सम्मेलनमा माओवादीका विरुद्धको अपरेसनमा प्राप्त सफलता र असफलताबारे गम्भीर विचार-विमर्श भयो । सबै क्षेत्रमा माओवादी कमजोर हुँदै गएको सबै वाहिनीपतिले बताए । विशेष गरेर गोलीगट्ठा, खाद्यान्न र सैन्य भर्ना इत्यादिमा माओवादीलाई समस्या परिरहेको देखिएको छ । सुरक्षा फौजतर्फ लजिस्टिक सपोर्टका सामानमा कमी भएको कुरा पनि भयो । सञ्चार उपकरण, यातायात इत्यादिको कमीबारे समेत वाहिनीपतिहरूले कुरा राखे । कुनै क्षेत्रमा त सैनिक जनशक्तिको पनि कमी रहेको देखिएको छ । त्यस्तै, फिल्डमा खटिएका प्रहरीले भत्ता पाइरहेका छन् तर सैनिकले कुनै पनि भत्ता पाएका छैनन् । त्यसैले सरकारले प्रहरीलाई उपलब्ध गराएको भत्ता सैनिक जवानलाई पनि उपलब्ध गराउनुपर्छ भन्नेबारे छलफल भयो ।

यस वर्षको वर्षायाम चाँडै सुरु हुन लागेकाले लजिस्टिक सपोर्टका सामान र खाद्यान्नको जगेडा गर्ने तयारी अहिलेदेखि हुनुपर्ने भनेर विभिन्न वाहिनीपतिले धारणा राखे । ४ नम्बर र ५ नम्बरका वाहिनीपतिले पृतनाबाट सहयोग पाउन नसकेको गुनासो गरेका थिए ।

## २०५९ जेठ ६ गते सोमबार

नेपाली काङ्ग्रेस, केन्द्रीय कार्यसमितिको आज बसेको बैठकले 'पार्टीमा कुनै छलफल र निर्णय नगरी सरकारले सङ्कटकाल अनुमोदन गर्न प्रतिनिधिसभामा पेस गरेको प्रस्ताव बहुमतद्वारा अनुमोदन नगर्ने' निर्णय गरेको छ । प्रस्ताव अनुमोदन हुनुपर्छ भन्ने प्रधानमन्त्री पक्षका नेताको अडान कायमै छ । रामचन्द्र पौडेल, खुमबहादुर खड्का, चिरञ्जीवी वाग्ले र डा. रामशरण महतले निर्णयप्रति 'नोट अफ डिसेन्ट' लेखेका छन् । कृष्णप्रसाद भट्टराई र प्रदीप गिरी बैठकमा अनुपस्थित हुनुहुन्थ्यो । यो निर्णय गरेर आजै नेता महेश आचार्य भारत प्रस्थान गर्नुभएको छ । उहाँको भ्रमणबारे केही जानकारी आएको छैन ।

यस घटनापछि काङ्ग्रेसका दुई गुटबीच विवाद चर्केर जाने देखिन्छ । पार्टी सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा काङ्ग्रेसभित्रैबाट प्रधानमन्त्री शेरबहादुर देउवालाई हटाउने तयारी भइरहेको छ । कोइरालाको रणनीति बुझेपछि प्रधानमन्त्री देउवाले पनि प्रतिनिधिसभा विघटन गर्ने तयारी गरिरहनुभएको छ ।

प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गरेपछि कोइराला पक्षले तुरुन्तै अदालतमा मुद्दा

दायर गर्ने सम्भावना छ । त्यसबाट संवैधानिक जटिलता आउन सक्छ ।

आजै एमालेको स्थायी समितिले समेत सङ्कटकाल अनुमोदन नगर्ने निर्णय गरेको छ । प्रायः सबै पार्टी सङ्कटकालको विपक्षमा उभिएका छन् । यस कारण सङ्कटकाल अनुमोदन गरियोस् भनी सम्बन्धी प्रतिनिधिसभामा पेस गरिएको प्रस्ताव मङ्गलबारको मन्त्रिपरिषद्को बैठकले फिर्ता लिन सक्ने सम्भावना छ ।

'सुरक्षा निकायहरू माओवादीका विरूद्धको कारबाहीमा परिचालन भइरहेको अवस्थामा पनि देशमा राजनीतिक र आर्थिक अन्योल व्याप्त छ, यस अवस्थामा दरबारको के भूमिका हुन्छ ?' भनेर मैले आज सरकारमा आफ्नो जिज्ञासा जाहेर गरेँ । सरकारबाट 'प्रधानमन्त्रीलाई यो प्रतिनिधिसभामा काम गर्न निकै असजिलो भइरहेको छ, आफ्नै पार्टीले समेत काम गर्न सहयोग गरेको छैन, यस अवस्थामा प्रधानमन्त्रीलाई प्रतिनिधिसभा विघटन गर्न सुझाव दिनुपर्छ' हुकुम भयो । हाम्रो विश्लेषण थियो– यदि प्रधानमन्त्रीले एकदुई दिनमै प्रतिनिधिसभा विघटन नगर्ने हो भने उहाँका विरूद्ध अविश्वासको प्रस्ताव तुरुन्तै दर्ता हुनेछ । अनि उहाँले स्वतः सत्ता त्याग गर्नुपर्नेछ । तसर्थ प्रतिनिधिसभा विघटन गरेर चुनावको मिति तोक्न सके प्रधानमन्त्रीलाई राजनीतिक फाइदा हुनेछ । साथै सुरक्षा निकायलाई समेत माओवादीका विरूद्ध काम गर्न सजिलो हुनेछ ।

'प्रधानमन्त्रीलाई प्रतिनिधिसभा विघटन गर्न सरकारबाटै सुझाव बक्सन राम्रो हुन्छ' भनी जाहेर गरेँ ।

## २०५९ जेठ ८ गते बुधबार

काङ्ग्रेसभित्रको विवाद तीव्र र दुई ध्रुवीय रूपमा बढेर गएको छ । पार्टी विभाजन हुन सक्ने अवस्था समेत देखिँदै छ । काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्री शेरबहादुर देउवालाई पार्टीबाट निष्कासन गर्ने र प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गर्ने सम्भावना देखिँदै आएको छ । अहिलेको राजनीतिक परिस्थितिमा दरबारको सचिव बैठकमा पनि देशको अवस्थाबारे निरन्तर मूल्याङ्कन र विश्लेषण भइरहेको छ । विभिन्न निकायले पनि कोइरालाले प्रधानमन्त्रीलाई कुनै पनि समयमा पार्टीबाट निष्कासन गर्न सक्ने सूचना दिएका छन् । त्यसैले आज नै प्रधानमन्त्रीको जाहेरीमा उहाँको राजनीतिक भविष्य र पार्टीमा आफ्नो वर्चस्व कायम गर्नका निम्ति संसद्को चुनाव आफैँले सम्पन्न गराउने गरी प्रतिनिधिसभा विघटनको सिफारिस गर्नका लागि सरकारबाट जोड दिइबक्सनुपर्छ भन्ने सचिव बैठकले निर्णय गर्‍यो ।

आजको जाहेरीमा सरकार र प्रधानमन्त्रीबीच धेरै लामो राजनीतिक अन्तरक्रिया भयो । सरकारबाट प्रधानमन्त्रीलाई प्रतिनिधिसभा विघटन गर्न सल्लाह बक्स्यो । अन्ततः प्रधानमन्त्रीले सरकारको सुझाव स्वीकार गर्नुभयो । रातको १० बजिसकेको थियो । प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधिसभा विघटन गर्ने घोषणा (चुनावको मिति सहित) हामीले तयार गर्‍यौं । त्यो घोषणा गर्नका निम्ति प्रधानमन्त्रीले सरकारमा सिफारिस गरेको पत्र समेत दरबारमै लेखियो । प्रधानमन्त्री खाली लेटरप्याड लिएर दरबार आउनुभएको

थियो । राति नै प्रधानमन्त्रीको कार्यालयबाट छाप समेत मगाइयो । सिफारिस गरेको पत्रमा प्रधानमन्त्रीको हस्ताक्षरपछि सरकारबाट राति ११ बजे प्रतिनिधिसभा विघटन गरिबक्स्यो । रेडियो र टेलिभिजनमा समाचार प्रवाह गरी प्रतिनिधिसभा विघटनको घोषणा भयो । सरकार र प्रधानमन्त्री अबेरसम्म राजदरबारमा बस्नुभएको थियो ।

प्रतिनिधिसभा विघटनको शुभ साइतका लागि दरबारको सचिव बैठकपछि राजज्योतिषीसँग समेत सल्लाह भएको थियो । ज्योतिषीको सल्लाह अनुसार पनि प्रतिनिधिसभा विघटनको घोषणा राति ११ बजे गर्नुपरेको हो ।

## २०५९ साल जेठ ९ गते बिहीबार

गए राति प्रतिनिधिसभा विघटन भएको समाचारले राजनीतिक वृत्तमा सनसनी मच्चिएको छ । पार्टी वृत्तमा भूकम्प आएपछिको अवस्थाझैँ देखिएको छ । चक्रप्रसाद बाँस्तोला, गोविन्दराज जोशी र एमाले महासचिव माधवकुमार नेपाल राति नै गिरिजाप्रसाद कोइरालालाई भेट्न महाराजगन्ज जानुभएछ । आजै देशमा विकसित राजनीतिक अवस्थाबारे छलफल गर्न गिरिजा पक्षको बैठक बस्यो । काङ्ग्रेस केन्द्रीय कार्यसमितिको बैठक पहिले गिरिजा निवास, महाराजगन्जमा र त्यसपछि पार्टी कार्यालयमा बस्यो । प्रधानमन्त्री शेरबहादुर देउवालाई काङ्ग्रेस पार्टीबाट निष्कासन गर्ने निर्णय भयो । काङ्ग्रेस केन्द्रीय कमिटीको बैठक कृष्णप्रसाद भट्टराई फर्किएपछि पुनः बस्ने निधो भएको छ ।

यता प्रधानमन्त्री पक्षका नेताहरू रामचन्द्र पौडेल, चिरञ्जीवी वाग्ले, डा. रामशरण महत र खुमबहादुर खड्काले समेत आफूहरूसँग कुनै सल्लाह नगरी प्रतिनिधिसभा विघटन गरेकोमा रोष प्रकट गरेका छन् । काङ्ग्रेसको अन्तरपार्टी द्वन्द्व निकै बढेको छ । काङ्ग्रेसमा कुन नेता कुन पक्षसँग छ भन्ने पनि अन्योल बढेको छ । बिहानै प्रधानमन्त्रीले मन्त्रिपरिषद् बैठक डाक्नुभएको छ । उहाँले बैठकमा मन्त्रीहरूलाई ब्रिफिङ गरेर संसद् विघटनको कारण र यसबाट हुने फाइदाबारे आश्वस्त पार्न खोज्नुभयो ।

एमाले स्थायी समितिको बैठक पनि आज बिहानै बसेको छ । उसले 'काङ्ग्रेसको अन्तरपार्टी द्वन्द्वले गर्दा प्रतिनिधिसभा विघटन हुन पुगेकामा भर्त्सना गर्ने' निर्णय गरेको छ । साथै स्वच्छ र निष्पक्ष निर्वाचनका लागि जोड दिएर चुनावमा भाग लिने तथा भोलि सर्वदलीय बैठक बोलाउने निर्णय गरेको छ । एमालेको निर्णयमा प्रतिनिधिसभा विघटनमा दरबारको षड्यन्त्र रहेको तर यसलाई प्रचारमा नल्याउने समेत भनिएको छ । एमालेले बोलाएको सर्वदलीय बैठकमा गिरिजाप्रसाद कोइराला स्वयं उपस्थित हुने बुझिएको छ ।

राप्रपाले पनि काङ्ग्रेसको अन्तर्कलहले गर्दा प्रतिनिधिसभा विघटन हुनु दुर्भाग्यपूर्ण हो भन्दै वक्तव्य निकालेको छ । उसले हाललाई आफ्नो क्षेत्रीय अधिवेशन स्थगित गर्ने निर्णय गरेको छ ।

मन्त्रीहरू आमोदप्रसाद उपाध्याय, डा. रामशरण महत र राजेन्द्र खरेलले प्रधानमन्त्रीसँग असन्तुष्ट हुँदै राजीनामा गरेका छन् । काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले सबै

मन्त्रीलाई राजीनामा गर्न तीन दिनको समय दिएर वक्तव्य निकाल्नुभएको छ । वक्तव्यमा प्रजातन्त्रमाथि गम्भीर षड्यन्त्र भएको भन्दै प्रधानमन्त्रीलाई पार्टीबाट निलम्बित गरिएको उल्लेख छ र उहाँलाई तीन दिनमा स्पष्टीकरण दिन समेत भनिएको छ ।

गिरिजाप्रसाद कोइराला र माधवकुमार नेपालबीच सम्पर्क बढेको छ । उहाँहरूले प्रतिनिधिसभा विघटनबारे माओवादीको प्रतिक्रिया बुझ्न खोजिरहेको थाहा भएको छ । काङ्ग्रेस नफुटोस् भनेर एक थरी काङ्ग्रेस नेताले दुवै पक्षलाई संयमित हुन आग्रह गरिरहेका छन् ।

## २०५९ जेठ १० गते शुक्रबार

मुलुकको राजनीतिक तापक्रम अत्यधिक रूपमा वृद्धि भइरहेको छ । आज सरकारबाट बेलायती चिफ अफ दी डिफेन्स स्टाफ एडमिरल सर माइकल बोइसलाई दर्शनभेट बक्सेको छ । सरकारबाट उहाँलाई बेलायती सरकारका तर्फबाट शाही नेपाली सेनालाई प्राप्त भइरहेको तालिम र सैनिक सहायताका लागि धन्यवाद बक्सेको छ । साथै अवकाशप्राप्त भूतपूर्व ब्रिटिस गोर्खा सैनिकहरूबाट माओवादीका विरूद्धमा वक्तव्य दिलाउने व्यवस्था मिलाउन सरकारबाट आग्रह गरिबक्सेको छ । माइकल भारत भ्रमण सकेर नेपाल आएका हुँदा 'माओवादीप्रति भारतको के धारणा रहेछ ?' भनी सरकारबाट जिज्ञासा राखिबक्स्यो ।

दर्शनभेट बक्सेकोमा सरकारमा सर माइकल बोइसले आभार प्रकट गर्नुभयो । उहाँले बेलायत र नेपाली सेनाबीच ऐतिहासिक तथा सुखद सम्बन्ध रहेकोमा खुसी व्यक्त गर्दै गोर्खाली नेपालीले ब्रिटिस सेनालाई पुऱ्याएको योगदानको सराहना गर्नुभयो । माइकलले भन्नुभयो, 'भारतीय रक्षामन्त्री जर्ज फर्नान्डिजसँग नेपाली माओवादीले भारतबाट गतिविधि सञ्चालन गरिरहेको बारे जिज्ञासा राख्दा उहाँले त्यस्तो गतिविधि सञ्चालन गर्न नदिने भारतको नीति रहेको धारणा व्यक्त गर्नुभयो ।' उहाँको थप भनाइ थियो, 'भारत-पाकिस्तानबीच सम्बन्ध गम्भीर हुँदै गएको पाएँ । यी दुई देशबीच कुनै पनि समय लडाइँ हुन सक्ने देखेको छु । भारतीय रक्षामन्त्रीले पाकिस्तानी राष्ट्रपति परवेज मुसर्रफलाई विश्वास गर्न नसकिने बताउनुभयो । कुनै अप्रत्याशित घटना घटे भारत कडा प्रतिकार गर्न र आवश्यक परे सीमित हमला गर्न समेत तयार रहेको थाहा पाएँ ।' सो अवसरमा माइकलले नेपालको विद्यमान परिस्थितिबारे आफ्नो धारणा राख्दै घोषित चुनाव समयमै सम्पन्न गर्न सुझाव दिनुभयो । माओवादीका विरूद्धको अपरेसनमा शाही नेपाली सेनालाई बेलायतको सहयोग जारी रहने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो । 'तालिम र अन्य सैनिक सहायता सम्बन्धमा पनि म बेलायत सरकारसँग कुरा गर्छु,' उहाँले भन्नुभयो । साथै उहाँले दातृ राष्ट्रहरूको लन्डनमा हुने नेपाल विकास सम्मेलन निकै फलदायी हुने धारणा समेत राख्नुभयो । माइकल स्वदेश फर्कंदा अफगानिस्तान जाने र त्यहाँ कार्यरत बेलायती सेनालाई भेट्ने कार्यक्रम छ ।

## २०५९ जेठ १२ गते आइतबार

आज मलाई चिनियाँ राजदूतले लन्चका लागि बोलाउनुभएको थियो । उहाँले सरकारबाट दर्शनभेट बक्सेको समयमा उठेका विषयबारे मसँग जिज्ञासा राख्नुभयो । साथै मुस्ताङ र रसुवागढी जान सेनाको हेलिकप्टर उपलब्ध गराउन अनुरोध गर्नुभयो । स्याफ्रुबेसी–रसुवा राजमार्ग सम्बन्धी विषयमा जानकारी लिन उहाँले त्यस क्षेत्रको भ्रमण गर्न चाहनुभएको रहेछ । त्यहाँबाट फर्कंदा पश्चिमी पृतना र ३ नम्बर वाहिनीको भ्रमण गर्ने समेत उहाँको चाहना रहेछ । यसै क्रममा उहाँले शाही नेपाली सेनालाई आवश्यक पर्ने शान्तिसेना मिसनका लागि आर्म्ड पर्सनल क्यारियर चीनले सुपथ मूल्यमा दिन सक्ने प्रस्ताव राख्नुभयो ।

शाही चिकित्सक डा. श्यामबहादुर पाण्डेले सरकारको रगत परीक्षणका लागि बेलायत पठाउन सिफारिस गर्नुभएको छ । रगत परीक्षण सम्बन्धी रिपोर्ट गोप्य राख्न के गर्ने भनेर उहाँले मसँग सल्लाह माग्नुभएको छ । मैले बेलायत पठाउनुपर्ने रगतको नमुना सरकारको नामबाट नपठाई अन्य व्यक्तिको नाममा पठाउँदा रिपोर्टबारे गोप्यता कायम हुन सक्छ भनें । त्यसपछि हामीबीच सरकारको रगत मेरो नामबाट बेलायत पठाउने सल्लाह भयो । यो कुरा जाहेर हुँदा सरकारबाट स्वीकृति बक्स्यो । यस अनुरूप सरकारको रगत बेलायत पठाउने व्यवस्था मिलाउन सरकारका सचिव सागरप्रसाद तिमिल्सिनालाई जिम्मा दिइयो ।

## २०५९ जेठ १५ गते बुधबार

आजको दर्शनभेटमा सशस्त्र प्रहरी महानिरीक्षक कृष्णमोहन श्रेष्ठले सरकारको शुभजन्मोत्सवमा सशस्त्र प्रहरीलाई प्रदान गरिने विभूषणको सङ्ख्या बढाउन जाहेर गर्नुभयो । उहाँले सरकारको शुभजन्मोत्सव मनाउन सशस्त्रले पनि पाउनुपर्ने जाहेर गर्दै सरकारको सवारीको बेला कारकेडमा सशस्त्रलाई पनि भूमिका बक्सन बिन्ती गर्नुभयो । साथै राजदरबारको सुरक्षामा सशस्त्रलाई समेत जिम्मेवारी दिनुपर्ने विषयमा जाहेर गर्नुभयो ।

प्रत्युत्तर सरकारबाट 'सैनिक सचिवसँग छलफल गरेर व्यवस्था गर्नू' हुकुम भयो । साथै मौसुफबाट 'भारतले सशस्त्रलाई दिएका हातहतियार तथा बन्दोबस्ती सामग्रीको भुक्तानी कसरी हुन्छ, सशस्त्रमा सञ्चार प्रणालीको अवस्था के छ ?' भनेर जिज्ञासा राखिबक्स्यो । सशस्त्रको माओवादीसँग भएका ठूला भिडन्तका घटना अध्ययन गरी प्रतिवेदन तयार पार्न समेत सरकारबाट निर्देशन बक्स्यो ।

आजै सरकारबाट राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्मालाई दर्शनभेट बक्स्यो । त्यस अवसरमा उहाँले भन्नुभयो, 'नेपालमा अमेरिकीको चलखेल ज्यादै बढेको भन्दै भारतले माओवादी कार्ड प्रयोग गर्न खोजेको देखिन्छ । यसै क्रममा हाल भारतको सहयोगबाट आफ्नो रणनीति राजनीतिक पार्टीहरू मार्फत अघि बढाउन माओवादी सफल भएको छ । सङ्कटकाल लगाउन हुँदैन, वार्ताद्वारा राजनीतिक निकास हुनुपर्छ र नेपाललाई अन्तर्राष्ट्रिय सहयोग बन्द गराउनुपर्छ जस्ता कुरा माओवादीका रणनीतिक विषय हुन् । यिनै कुरा अब अन्य पार्टीले पनि उठाउन थालेका छन् । अन्तर्राष्ट्रिय सहयोग बन्द गराउनुपर्छ

भनेर उनीहरूले घुमाउरो किसिमले अमेरिकालाई नेपालमा नआऊ भन्न खोजेका हुन् ।'

एमालेले शान्तिपूर्ण निर्वाचनका लागि माओवादीको सहयोग मागेको छ । सहयोगको बदलामा निर्वाचनपछि संविधान संशोधन गरेर भए पनि राजनीतिक निकास निकाल्ने एमालेको प्रस्ताव रहेको छ । एमाले महासचिव माधवकुमार नेपालले भने आफूनिकटका केही व्यक्तिसँग 'एमालेलाई माओवादी जस्तै दरबारबाट पनि खतरा छ' भन्ने विचार व्यक्त गर्नुभएको छ । चुनावको समयमा अहिलेकै जस्तो राजनीतिक समीकरण रहने हो भने सबै वाम पार्टी, गिरिजा काङ्ग्रेस र माओवादी मिली दुईतिहाइ बहुमत ल्याएर संविधान संशोधन गर्ने समेत कुरा उठेको छ । प्रधानमन्त्री देउवापक्षीय काङ्ग्रेसले राष्ट्रिय प्रजातन्त्र पार्टी, सद्भावना पार्टी जस्ता साना दललाई समेटेर चुनावमा जाँदा फाइदा हुने अनुसन्धान विभागका प्रमुख शर्माको विश्लेषण छ ।

सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनःस्थापना सम्बन्धी मुद्दा लिन सक्ने देखिएको छ । सर्वोच्च अदालतका कतिपय न्यायाधीशले दरबारबाट कुनै पनि न्यायाधीशसँग सम्पर्क र समन्वय नभएको गुनासो गरेका छन् । त्यसैले दरबारबाट केही न्यायाधीशसँग सम्बन्ध विस्तार गर्न आवश्यक देखिन्छ भन्ने शर्माको सुझाव छ ।

श्री ५ को सरकारले राष्ट्रिय अनुसन्धान विभागलाई अत्यन्त न्यून बजेट दिएकाले काममा ज्यादै बाधा परेको छ । साथै श्री ५ को सरकारले अन्य सबै सरकारी सेवामा ३२ वर्षमा अवकाश पाउने नियम हटाइसकेको भए पनि नेपाल प्रहरी र अनुसन्धान विभागमा मात्र यो नियम रहँदा समस्या परेको छ । त्यसैले विभागको बजेट बढाइयोस् र उक्त प्रावधान हटाइयोस् भन्ने विषय समेत देवीराम शर्माले सरकारमा जाहेर गर्नुभयो ।

## २०५९ जेठ १७ गते शुक्रबार

मकालु बेस क्याम्पबाट आज बिहान साढे ७ बजे लुक्लाका लागि उडेको हेलिकप्टर सम्पर्कविहीन भएको छ ।

गए राति सर्लाही जिल्लाको बरहथवामा माओवादीले नेपाल बैङ्क र कृषि विकास बैङ्क लुटे ।

प्रतिनिधिसभा विघटनपछि नेपालको राजनीतिले बिस्तारै अर्कै मोड लिइरहेको छ । देउवा पक्षधरले काङ्ग्रेसको विशेष महाधिवेशन बोलाउन महासमिति सदस्यको हस्ताक्षर अभियान सुरु गरेका छन् ।

रामचन्द्र पौडेल सहित काङ्ग्रेसका केही मध्यमार्गी नेताले काङ्ग्रेस एकतामा जोड दिँदै प्रधानमन्त्री र पार्टी सभापतिका क्रियाकलाप हाललाई बन्द गर्नुपर्ने कुरा उठाएका छन् । उनीहरूले पार्टी फुटेमा चुनावमा काङ्ग्रेस धराशायी हुने निष्कर्ष निकालेका छन् । साथै काङ्ग्रेस एकताका लागि प्रधानमन्त्री देउवामाथिको कारबाही फुकुवा गर्नुपर्ने माग पार्टी सभापति समक्ष राखेका छन् । पार्टी सभापति गिरिजाप्रसादले भने यसबारे चीन भ्रमणपछि मात्र निर्णय लिने अडान लिएका छन् । गिरिजाले 'म चीन भ्रमणमा जाने हुनाले अहिले महाधिवेशन बोलाउने प्रस्ताव नआओस्' भनेको बुझिएको छ । तर मध्यमार्गी

काङ्ग्रेस नेताले चीन भ्रमणअगाडि नै त्यसबारे निर्णय हुनुपर्ने भनेका छन् । २५/३० जति पूर्वसांसदले संसद् विघटनका विरूद्ध सर्वोच्च अदालतमा मुद्दा दायर गर्न तयारी गरिरहेका छन् ।

काङ्ग्रेस नेता चक्रप्रसाद बाँस्तोलाले युवराजाधिराजको दर्शनभेट पाउनुभएको छ । अहिलेको राजनीतिक अवस्थामा युवराजाधिराजबाट बक्सेको यो दर्शनभेट निकै अर्थपूर्ण छ । दर्शनभेटका अवसरमा धेरै विषयमा कुरा भएको छ । युवराजाधिराजबाट 'संसद् विघटन सम्बन्धमा मलाई चित्त बुझेको छैन, बुबाबाट पनि यसो गर्न आवश्यक थिएन, सायद बुबाले पनि पछि महसुस गरिबक्स्यो होला कि' भनेर बाँस्तोलासँग कुरा गरिबक्सेछ । यो कुरा पारस सरकारले केही आफन्तसँग भनिबक्सेको छ । महाराजाधिराजबाट चालिबक्सेको कदमबारे युवराजाधिराजको यस किसिमको टिप्पणी आउनुले पक्कै पनि पछि गएर दरबारलाई असहज अवस्था सिर्जना हुनेछ भनेर मैले सरकारमा जाहेर गरेँ ।

## २०५९ जेठ २१ गते मङ्गलबार

मलाई फोन गरेर नारायणसिंह पुनले 'म नयाँ पार्टी बनाउँदै छु, पार्टीमा भूतपूर्व सैनिक, जनजाति र आदिवासीका साथै सबै वर्गलाई समेट्न कोसिस गर्छु' भन्नुभयो । मैले 'देउवा काङ्ग्रेसमा नजाने ?' भनेर जिज्ञासा राख्दा उहाँले भन्नुभयो, 'देउवा कमजोर नेता हुनुहुन्छ । खुमबहादुर खड्का, विजय गच्छदार जस्ता व्यक्ति हावी हुने पार्टीले के काम गर्न सक्ला र ?'

चीन भ्रमणमा रहनुभएका गिरिजाप्रसाद कोइराला भोलि फर्कने कार्यक्रम छ । काङ्ग्रेस सहित संयुक्त जनमोर्चा र राष्ट्रिय जनमोर्चाका ५७ जना सांसद मिलेर प्रतिनिधिसभा पुनःस्थापना सम्बन्धी रिट सर्वोच्च अदालतमा दायर गर्न तयारी गरिरहेका छन् ।

भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) का महासचिव एबी बर्धन र नेता मञ्जुल अन्सारी काठमाडौं आएर एमाले नेतासँग सरसल्लाह गरिरहेका छन् ।

## २०५९ जेठ २४ गते शुक्रबार

लन्डनमा हुने नेपाल सहायता समूहको बैठकमा भाग लिन पठाउन श्री ५ को सरकारले राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. शङ्करप्रसाद शर्मा, राष्ट्रिय सुरक्षा परिषद् सचिवालयका सहसंयोजक उपरथी रूक्माङ्गद कटवाल, परराष्ट्र मन्त्रालयका सहसचिव ज्ञानचन्द्र आचार्य, प्रा. श्रीधर खत्री र प्रधानमन्त्री-पत्नी डा. आरजु देउवा सम्मिलित टोली तयार पारेको छ । बैठक बेलायतमा आयोजना गरिएकामा भारतले असन्तुष्टि व्यक्त गरेको छ । यसैबीच आज सरकारबाट बेलायत जाने टिमलाई सामूहिक दर्शनभेट बक्सेको छ । दर्शनभेटका अवसरमा बैठकमा केके कुरा राख्ने र नेपालको राष्ट्रिय हित अनुसार अहिलेका प्राथमिकता केके हुन् भनेर सरकारबाट सबैलाई स्पष्ट

निर्देशन बक्स्यो । सेना सहित सुरक्षा फौज माओवादी आतङ्कका विरूद्ध परिचालन भएको अवस्थामा नेपाल सहायता समूहको बैठकको एउटा एजेन्डामा छलफलमा सहभागी गराउन उपरथी कटवाललाई पठाउन लागिएको हो । माओवादी आतङ्कका विरूद्ध लड्ने क्रममा केकस्तो अप्ठ्यारो छ, दातृ निकायबाट सेनालाई केकस्तो सहायता आवश्यक छ भन्नेबारे कुरा राख्न सेनाकै वरिष्ठ अधिकृत जानु सान्दर्भिक पनि हुन्छ । त्यस अवसरमा बैठकलाई प्रभावकारी बनाउन हाल नेपालले माओवादी हिंसाबाट भोग्नुपरेका बहुपक्षीय समस्याबारे 'अडियो भिजुअल्स' माध्यमबाट उच्च प्राथमिकतासाथ प्रस्तुत गर्ने तय भयो । टोलीका सदस्यहरूले विभिन्न विषयमा कार्यपत्र प्रस्तुत गरे पनि सबैले एउटै लक्ष्य बनाउनुपर्नेमा सरकारले जोड दिइबक्स्यो । माओवादीले विध्वंस पारेको भौतिक संरचनाको पुनर्निर्माणका लागि बैठकमा विशेष जोड दिएर कुरा राख्न समेत सरकारले सुझाव बक्स्यो ।

## २०५९ जेठ २६ गते आइतबार

राजदरबार हत्याकाण्डपछि राजसंस्थाको दीर्घकालीन स्थायित्वका लागि गर्न आवश्यक विभिन्न काम थिए । त्यसका लागि योजना बनाउनुपर्ने पनि थियो । परिस्थितिवश तीन-चार महिनामा नै नेपालमा राजसंस्थाको सार्वजनिक इमेज राम्रो बन्दै गइरहेको थियो । यो आशा गरिएभन्दा राम्रो अवस्था थियो । यसै सन्दर्भमा आज मैले सरकारमा जाहेर गरें, 'राजसंस्था सबै दृष्टिले स्थायित्वतर्फ अघि बढ्दै छ । तर दरबारमा जुन दुर्घटना घट्यो, त्यो न भूतो न भविष्यति किसिमको घटना हो । त्यसैले सरकार, अब म मेरो कमजोरी भए पनि नभए पनि राजदरबार सुरक्षाको जिम्मेवारीको प्रमुखका हिसाबले नैतिकताको आधारमा राजीनामा गर्छु ।'

प्रत्युत्तरमा सरकारबाट हुकुम भयो, 'यो परिवारभित्रको घटना थियो । त्यो बेला तिमी के गर्न सक्थ्यौ र ? अनि फेरि तिम्रो कमजोरीको कुरा कसरी उठ्यो ? त्यसैले तिमीले राजीनामा गर्नुपर्दैन ।'

सरकारबाट यस्तो हुकुम भएपछि मैले जाहेर गरें, 'हामी दरबारका सचिव आ–आफ्नो कार्यव्यस्तताले गर्दा अन्य कुनै सोचविचार गर्न सक्ने अवस्थामा छैनौं । त्यसो भएकाले हामी एउटा सानो अनौपचारिक टास्क फोर्स खडा गरौं, जसले गोप्य रूपमा देशको स्थिति, परिस्थिति विश्लेषण गर्दै रणनीति तयार पारोस् । र, सरकारमा नियमित जाहेर गरोस् ।'

सरकारबाट हुकुम भयो, 'हुन्छ । तर कोको राख्ने ? दक्ष र भरोसा गर्न सकिने टिम हुनुपर्‍यो ।' मैले मेरो दिमागमा भएका तीन जनाको नाम सरकारमा जाहेर गरें । 'हामी तीन जना मिलेर सुरुवात गर्छौं र पछि आवश्यक परे अन्य व्यक्तिको नाम पनि जाहेर गरेर थपौंला' भनी बिन्ती गरें ।

यसै सन्दर्भमा हामी तीन जनाको पहिलो बैठक आजै बस्यो । हामीले बेलाबेलामा भेटेर परिस्थितिको मूल्याङ्कन गर्दै दरबारले निर्वाह गर्नुपर्ने भूमिकाबारे सानो रिपोर्ट

बनाएर सरकारमा चढाउने निधो गऱ्यौँ । आजै उक्त कार्यटोलीलाई सरकारबाट सामूहिक दर्शनभेट बक्स्यो । त्यस अवसरमा कार्यटोलीले गरेको विश्लेषणका बारेमा सामान्य छलफल भयो । साथै अबका दिनमा गर्नुपर्ने कामका बारेमा विचार-विमर्श भयो । कार्यटोलीले गरेको विश्लेषणका बारे अबउप्रान्त मैले सरकारमा जाहेर गर्ने भएँ । कार्यटोलीको पहिलो टास्क 'अबको केही समयपछि घट्न सक्ने घटना र लन्डनमा हुने नेपाल सहायता समूहको बैठकमा नेपालले उठाउनुपर्ने प्रस्तावबारे गृहकार्य गर्ने' निर्धारित भयो । यसै गरी, आउँदो चुनावमा दरबारले निर्वाह गर्नुपर्ने भूमिका तथा उम्मेदवारको समर्थनबारे पनि सरकारसँग छलफल भयो । अब प्रशासन स्वच्छ र प्रभावकारी हुनुपर्ने भनेर श्री ५ को सरकारलाई निर्देशन जानुपर्ने, चुनावका लागि रणनीति बनाउनुपर्ने, सुरक्षा फौजलाई मजबुत बनाउँदै लैजानुपर्ने र रोजगारीका लागि करिब एक अर्ब रूपैयाँको वैदेशिक रोजगार कोष खडा गर्न उचित हुने जस्ता कुरा सरकारमा जाहेर गरियो ।

उक्त अवसरमा सरकारबाट 'अहिलेको अवस्थामा चुनाव हुन सक्छ कि सक्दैन ?' भनेर सोधिबक्स्यो । साथै हुकुम भयो, 'प्रधानमन्त्रीलाई हटाउने कि नहटाउने ? काङ्ग्रेस विभाजन भयो भने कुन पक्षलाई सहयोग गर्ने ? अहिलेको अवस्था हेरेर प्रधानमन्त्रीलाई नै काङ्ग्रेस पार्टीमा मदत गर्दा राम्रो हुन्छ कि ? श्री ५ को सरकारका सचिवको सरुवा र बढुवा कसरी गर्ने ? यी विषयमा पनि काम गर ।' यसै सन्दर्भमा सरकारबाट 'नेपालमा राजतन्त्र कमजोर भएको अवस्थामा समस्या बढेको पाइन्छ, त्यसैले राजतन्त्र कमजोर छैन भन्ने देखाउन केके काम गर्नुपर्ला ?' भनेर जिज्ञासा व्यक्त गरिबक्सेको थियो ।

हाल सरकारको भारत भ्रमणको तयारी भइरहेको छ । यसै सन्दर्भमा सरकारबाट हामीलाई हुकुम भयो, 'भारत भ्रमणको लक्ष्य के हुन सक्छ ? त्यहाँ केके कुरा गर्ने ? यसबारे पनि तयारी गर ।'

छलफलका क्रममा हामीले जाहेर गऱ्यौँ, 'सर्वप्रथम त नेपाल-भारत दुई देशबीचको ऐतिहासिक सम्बन्धलाई अझ प्रगाढ बनाउनेतर्फ सरकारको भ्रमण लक्षित हुनुपर्छ । साथै हाल नेपालमा माओवादी आतङ्कका विरूद्ध सुरक्षा फौज परिचालन भइरहेको अवस्थामा हातहतियार तथा अन्य सैन्य सामग्रीको सहयोगका लागि अनुरोध हुनुपर्छ । यसै गरी, खुला सीमाका कारण भइरहेको आतङ्क, अपराध र तस्करीको समस्या निराकरण गर्न सीमालाई नियमित गर्न सकिने प्रस्ताव भारतसामु राख्नु सान्दर्भिक हुनेछ ।'

यसै सन्दर्भमा सरकारबाट हुकुम भयो, 'अहिलेको अवस्थामा संवैधानिक अङ्गहरूलाई अझ मजबुत बनाउन कसरी कोसिस गर्ने ? त्यस सम्बन्धमा रणनीति बनाउन आवश्यक छ । आवश्यकता अनुसार जोकोहीसँग पनि मैले भेट्नुपर्ने हुन्छ । यसका निम्ति घर लिने कि ? यसबारे पनि विचार गर ।'

## २०५९ जेठ २७ गते सोमबार

भारतीय राजदूतावासले दरबारमा कार्यरत व्यक्तिहरूको व्यक्तिगत विवरण सङ्कलन गर्न थालेको बुझिएको छ । त्यस अनुसार चिरनशमशेर थापा र विश्वविक्रम

शाहले आआफ्नो व्यक्तिगत विवरण राजदूतावासमा पठाइसकेको र सुदनप्रसाद पोखरेलले पठाउन तयारी गरिरहेको कुरा आएको छ । त्यसै क्रममा मलाई सचिव विश्वविक्रमले 'भारतीय राजदूतावासबाट जर्साबको व्यक्तिगत विवरण मागिएको छ, मलाई पठाइदिनू' भन्नुभयो । मैले 'मेरो व्यक्तिगत विवरण शाही जङ्गी अड्डा र राजदरबारमा मात्र रहन्छ, म अरू कसैलाई व्यक्तिगत विवरण पठाउँदिनँ' भनिदिएँ । यो ज्यादै संवेदनशील विषय हो । यसका निम्ति मैले प्रमुख निजी सचिव सुदनप्रसाद पोखरेललाई गाली समेत गरेँ । उहाँले विश्वले भन्यो भनेर हल्का रूपमा लिनुभयो ।

मैले यो कुरा सरकारमा जाहेर गरेँ ।

सरकार एकदमै रिसाइबक्स्यो । 'बायोडाटा किन पठाउने ?' सरकार क्रुद्ध होइबक्स्यो ।

गिरिजाप्रसाद कोइराला पुनः भारतमा भ्रमणमा हुनुहुन्छ । यसै क्रममा उहाँले नयाँ दिल्लीसँग सर्वोच्च अदालतमा दायर भएको प्रतिनिधिसभा पुनःस्थापना सम्बन्धी रिटलाई प्रभावित तुल्याउन र अन्तरिम आदेश जारी गर्न सहयोग गरिदिन माग गर्नुभएछ । उहाँले 'दरबार, सेना र देउवा मिलेका छन् तर मध्यावधि चुनाव हुन सक्ने अवस्था छैन, संवैधानिक सङ्कट आउने देखिन्छ, यदि चुनाव भए मलाई मदत गर्नुपर्‍यो' भनेर सहयोग माग्नुभएछ । भारतीय पक्षले भने 'दुवै काङ्ग्रेस एक भएर संयुक्त रूपमा चुनावमा जानुपर्छ, यदि काङ्ग्रेस विभाजन भयो भने चुनावमा वामपन्थीले वर्चस्व कायम गर्न सक्छन्' भनेर सल्लाह दिएछ ।

## २०५९ जेठ ३० गते बिहीबार

नेपाल आउन लागेको चिनियाँ सैनिक प्रतिनिधिमण्डलको भ्रमण हाललाई रोकिएको छ । चिनियाँ राजदूत र चिनियाँ सैनिक सहचारी नेपालगन्ज र गोरखा ब्यारेक भ्रमण गरेर फर्किएको खबर छ । आजै गिरिजाप्रसाद कोइरालाले विराटनगर गएर एउटा कार्यक्रममा १२ सयजति काङ्ग्रेस कार्यकर्तालाई सम्बोधन गर्नुभएको छ । उहाँले भन्नुभयो, 'प्रजातन्त्रमाथि खतरा आएको छ । त्यसैले बृहत् प्रजातान्त्रिक एकता आवश्यक भएको छ । देउवाले संसद् विघटन गरेर प्रजातन्त्रलाई उपेक्षा गरेका छन् । हाल चुनाव हुन सक्ने स्थिति छैन । देउवाले राजाबाट तीन वर्षसम्म प्रधानमन्त्री रहने आशीर्वाद पाएका छन् । मैले सङ्कटकाल लागू नगर्न भनेँ तर शेरबहादुरले एकलौटी रूपमा सङ्कटकाल लगाए ।'

गए राति सल्यानमा माओवादीका विरूद्धको कारबाहीमा सात जना सिपाहीको मृत्यु भएको छ । माओवादीतर्फ पनि ठूलो क्षति भएको छ । ५२ जना माओवादीको शव फेला परेको छ । कम्पनी कमान्डर मेजर सन्जोग राणा कारबाही छाडेर भागेको भन्ने खबर छ । एउटा लप्टनले अन्तिम बेलासम्म कारबाही गरेको भन्ने कुरा पनि आएको छ । योजना राम्रोसँग नबनाई कारबाही गरिएको भन्ने प्रतिक्रिया प्राप्त भएको छ ।

### २०५९ असार ३ गते सोमबार

सरकारको आगामी भारत भ्रमणलाई महत्त्व दिए जस्तो गरी केही घाइते माओवादीलाई भारतले नेपालगन्जमा नेपाल प्रहरीलाई जिम्मा लगाएको छ । सीमा क्षेत्रमा सुरक्षा कडा पारिएको भन्ने कुरा आएको छ । भारतीय गृहमन्त्री लालकृष्ण आडवाणीले 'लस्कर-ए-तोइवा र जैस-ए-मोहम्मद नामक उग्रवादी मुस्लिम समूहले नेपालमा शिविर खोलेका छन्' भन्ने आरोप लगाएको बुझिएको छ । यसैबीच पाकिस्तानी राष्ट्रपति परवेज मुसर्रफले 'यदि पाकिस्तानसँग आणविक क्षमता नभएको भए भारतले पाकिस्तानमाथि हमला गरिसक्थ्यो' भन्ने विचार व्यक्त गर्नुभएको छ । भारतले उहाँको भनाइको खण्डन गरेको छ ।

नेपाली काङ्ग्रेस पार्टीको आन्तरिक विवाद उत्कर्षमा पुगेको छ र पार्टी दुई चिरामा विभाजन भएको छ । देउवा पक्षले पार्टी सभापतिमा देउवा, उपसभापतिमा चिरञ्जीवी वाग्ले, महामन्त्रीमा खुमबहादुर खड्का, सहमहामन्त्रीमा विजय गच्छदार सहित २८ जनाको केन्द्रीय समिति गठन गरेर आजै 'नेपाली काङ्ग्रेस प्रजातान्त्रिक' पार्टी दर्ता गरेको छ ।

### २०५९ असार ६ गते बिहीबार

तिथि अनुसार राजदरबार हत्याकाण्डमा स्वर्ग भएका राजा वीरेन्द्र र राजपरिवारका अन्य सदस्यको वार्षिक श्राद्ध आज हिन्दू परम्परा अनुसार विधिपूर्वक सम्पन्न भयो ।

### २०५९ असार ७ गते शुक्रबार

काङ्ग्रेस केन्द्रीय कार्यसमितिको आज बसेको बैठकले प्रधानमन्त्री शेरबहादुर देउवालाई अनुशासन समितिले गरेको कारबाही अनुमोदन गरेको छ । काङ्ग्रेस संस्थापन पक्षले महासमिति प्रतिनिधिलाई व्यक्तिगत रूपमा देउवातिर नलाग्न आग्रह र निर्देशन गरेको छ । देउवाले बनाएको केन्द्रीय कार्यसमितिका सुशील कोइराला लगायत १२ सदस्यले निर्वाचन आयोगमा गएर हामी त्यो कार्यसमितिमा छैनौं भनेर जानकारी दिएका छन् ।

### २०५९ असार ९ गते आइतबारदेखि १४ गते शुक्रबारसम्म

सरकारको पहिलो भारत भ्रमण सम्पन्न भयो ।

### २०५९ असार १७ गते सोमबार

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले पूर्व प्रधान न्यायाधीश विश्वनाथ उपाध्यायलाई ज्ञानेश्वरस्थित उहाँकै निवासमा भेट्नुभएको छ । साथै प्रधान न्यायाधीश केशवप्रसाद उपाध्यायलाई पनि भेट्नुभएको छ । कोइरालासँग विश्वनाथले भन्नुभएछ, 'म प्रधान न्यायाधीश भएको भए प्रतिनिधिसभा पुनःस्थापना गरिदिन्थैं । केशवप्रसादले राजा ज्ञानेन्द्रको जे हुकुम आउँछ, त्यही गर्छन् ।' प्रतिनिधिसभा पुनःस्थापनाका लागि चहलपहल

ज्यादै बढेको छ । भारतीय र अमेरिकन लबी यसका निम्ति लागिपरेका छन् । राप्रपा नेता सूर्यबहादुर थापाले पनि आजै विश्वनाथ उपाध्यायलाई भेट्नुभएको छ ।

सरकारको शुभजन्मोत्सवका अवसरमा अवकाशप्राप्त रथी फत्तेबहादुर लिम्बूलाई मानार्थ शाही पार्श्ववर्ती बनाउने निर्णय भएको छ । मानार्थ शाही पार्श्ववर्ती थप गर्ने कुरा भइरहेको थियो । त्यसका निम्ति अवकाशप्राप्त धेरैको विवरण हेरिएको थियो । तीमध्ये जनजाति र समावेशीको हिसाबबाट उहाँको नाममा निर्णय भयो ।

प्रमुख सैनिक सचिवालयमा नयाँ संरचना अनुसार 'सिभिलियन' कर्मचारीलाई हटाएर सैनिक नै राख्ने निर्णय भएको थियो । पहिलो चरणमा केही सैनिक अधिकृत काजमा ल्याउनुपर्ने थियो । यस क्रममा सहायक रथी गजेन्द्रबहादुर लिम्बू, महासेनानी नेपालभूषण चन्द र सेनानी हिमांशु खड्कालाई सैनिक सचिवालयमा ल्याउन सरकारबाट सहमति बक्स्यो ।

बेलायती कार्यवाहक राजदूतले राष्ट्रिय अनुसन्धान विभाग प्रमुख देवीराम शर्मा, राष्ट्रिय सुरक्षा परिषद्का सहसंयोजक उपरथी रूक्माङ्गद कटवाल र सैनिक समाचार निर्देशक (डीएमआई) सहायक रथी दिलीप रायमाझीलाई डिनरमा बोलाउनुभएको रहेछ । डिनरमा बेलायती सैनिक सहचारी कर्णेल मार्क डाउडल र बेलायती गुप्तचर संस्था एमआई-५ को परामर्शदाताका रूपमा काम गर्ने एक व्यक्ति समेत सहभागी थिए । उक्त अवसरमा बेलायती सरकारबाट नेपालको गुप्तचर सेवालाई बलियो बनाउन सहयोग प्राप्त होस् भन्ने आग्रहको प्रत्युत्तरमा यो विषय अर्को वर्षदेखि कार्यक्रममा राख्ने र विशेषज्ञ पनि उपलब्ध गराउने जानकारी गराइयो ।

### २०५९ असार २० गते बिहीबार

काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइराला देशका विभिन्न स्थानमा आमसभा गर्ने सिलसिलामा आज नेपालगन्ज पुग्नुभएको छ । त्यहाँ उहाँले स्थानीय सुरक्षा निकायका प्रमुखहरूलाई बोलाएर सुरक्षा अवस्थाबारे जानकारी लिनुभयो । सो अवसरमा सेनाको प्रतिनिधि समेत बोलाइएको भए पनि कोही गएन । सबै क्षेत्रीय सुरक्षा प्रमुखले सुरक्षा स्थितिमा सुधार आएको र माओवादी कमजोर हुँदै गएको विश्लेषण प्रस्तुत गरे । कोइरालाले 'पोखरामा पनि यस्तै प्रतिक्रिया पाएको थिएँ' भन्नुभयो । साथै उहाँले 'विगत १२ वर्ष हामीले राष्ट्रिय अनुसन्धान विभागलाई ध्यान नदिएकाले नै आजको अवस्था आएको हो' भनेर पनि स्वीकार गर्नुभयो ।

### २०५९ असार २५ गतेदेखि साउन २ गतेसम्म

सरकारको चीनको राजकीय भ्रमण सम्पन्न भयो ।

### २०५९ साउन ५ गते आइतबार

महाराजाधिराजबाट भर्खरै सम्पन्न चीनको राजकीय भ्रमणमा धेरै कुरा भएका

छन् । राजदरबार हत्याकाण्डपछि चिनियाँहरूमा रहेको भ्रम हटेको छ । चिनियाँहरूले राजसंस्थाप्रतिको सद्भावमा निरन्तरता हुने विश्वास दिलाएका छन् । उच्च चिनियाँ नेताहरू सरकारसँगको छलफलपछि खुसी भएका छन् । नेपालमा पनि राजकीय भ्रमणप्रति सकारात्मक प्रतिक्रिया आएको छ ।

बेइजिङस्थित शाही नेपाली राजदूतावासद्वारा आयोजित स्वागत समारोहमा चीनका पूर्वराजदूत लीले मसँग कुरा गर्दै भन्नुभयो, 'चिनियाँ जनता नेपाललाई हातहतियारको सहयोग गर्ने सम्बन्धमा ज्यादै संवेदनशील छन् । किनभने केही वर्षअघि नेपालले चीनबाट हतियार किन्दा भारतले १३ महिना आर्थिक नाकाबन्दी लगाएको थियो । त्यसले नेपाली जनतालाई ज्यादै दुःख भयो । महाराजाधिराजको यो भ्रमणपछि चिनियाँ नेता तथा जनता नेपालको राजसंस्थाप्रति विश्वस्त भएका छन् । चिनियाँहरू सरकारको चीन भ्रमण छिटछिटो भइरहोस् भन्ने चाहन्छन् । चीनमा बिदा मनाउनका लागि धेरै राम्रा स्थान छन् । सरकार बिदा मनाउन चीन सवारी हुँदा पनि राम्रो हुन्छ । चीन र नेपालले उद्योग, वाणिज्य तथा पर्यटनमा सहयोग आदान-प्रदान गरी निजी लगानीकर्तालाई समेत अघि बढाउनु उपयुक्त हुन्छ ।'

गिरिजाप्रसाद कोइरालाले उहाँको चीन भ्रमणका अवसरमा नेपालमा भएको दरबार हत्याकाण्ड एउटा ठूलो षड्यन्त्र हो भनेर चिनियाँहरूलाई भनेको बुझियो । सरकारको भारत र चीन भ्रमणपछि दुई देशका नेता र राजाको बीचमा सौहार्दपूर्ण सम्बन्ध स्थापित भएको छ ।

## २०५९ साउन ६ गते सोमबार

माओवादीका नेता भारतमा लुकेर बसेका छन् । नेपाल र भारतका गुप्तचर निकायले संयुक्त रूपमा कारबाही अघि बढाए उनीहरूलाई पक्राउ गर्न सकिनेछ भनी दरबारमा छलफल भएको थियो । सरकारले भारत भ्रमणका अवसरमा यसबारे भारतीय नेताहरूसँग कुरा गरिबक्सेको रहेछ । यस विषयमा राष्ट्रिय अनुसन्धान विभागलाई खबर गरी कार्यान्वयन गराउनू भनी सरकारबाट हुकुम बक्सेको छ ।

सरकारको चीन भ्रमणको अवसरमा उच्च चिनियाँ नेताहरूसँग छलफल हुँदा चीनले स्वर्गीय राजा वीरेन्द्रको सम्झनास्वरूप नेपालमा वीरेन्द्र राजमार्ग बनाइदिने विषयमा कुरा भएको थियो । यो राजमार्ग यही स्थानमा बनाउने भनी निश्चित योजना बनेको छैन । कुनै पहाडी जिल्लामा बनाउनका लागि पहल गर्ने कुरा भएको हो । सरकारको पनि वीरेन्द्र राजमार्ग बनाउने विषयमा निकै रुचि थियो ।

दरबार हत्याकाण्डपछि नेपालको राजसंस्था अझै पनि शङ्काको घेरामा रहेको हुँदा थाइल्यान्डमा जस्तै देशका विभिन्न स्थानमा रोयल प्रोजेक्ट सञ्चालन गरेर जनतासँग प्रत्यक्ष सम्बन्ध स्थापित गर्न नितान्त आवश्यक देखिन्छ । साथै एउटा ट्रस्ट बनाएर जनतालाई आवश्यक पर्ने विभिन्न आयोजना सञ्चालन गर्ने प्रयास भए उक्त ट्रस्टमा स्वदेशी तथा विदेशी व्यक्ति तथा संस्थाबाट पनि सहयोग प्राप्त हुनेछ । नेपालमा रोयल

प्रोजेक्ट सञ्चालन गर्ने र ट्रस्ट बनाउने मेरो प्रस्तावलाई सरकारले सुनिबक्स्यो मात्र । केही प्रतिक्रिया जनाइबक्सेन । 'गुड आइडिया' मात्र हुकुम भयो ।

## २०५९ साउन १५ गते बुधबार

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला स्वास्थ्य परीक्षण गर्ने क्रममा आज विराटनगर जानुभएको छ । त्यहाँ आफ्नो निवासमा पार्टी कार्यकर्ताहरूसँग कुरा गर्दै कोइरालाले भन्नुभयो, 'केही दिनअघिको दर्शनभेटमा मैले वार्ता गरी माओवादीलाई राजनीतिक मूलधारमा ल्याउनुपर्छ भनेर राजासँग कुरा गरेँ । राजाले माओवादीको विषयमा गहिरिएर विचार गर्न सल्लाह दिए । त्यस अनुसार मैले केही माओवादी नेतालाई काठमाडौँमा भेटेँ । तर राजाले माओवादीसँग भेटेको रूचाएनन् र मलाई धोका दिए ।' 'काङ्ग्रेसले पुरानो चुनाव चिह्न रूख नपाए म भयानक सङ्घर्षमा उत्रन्छु' भनेर कार्यकर्तालाई उत्साहित बनाउँदै कोइरालाले भन्नुभयो, 'म प्रतिनिधिसभा पुनःस्थापित हुनुपर्छ भन्ने पक्षमा छु । यसो भएमा मात्र नेपालमा राजतन्त्र र प्रजातन्त्र रहन्छ ।' राजतन्त्रको विषयमा कोइराला खेमाबाट फरक–फरक विचार आएको छ ।

एमाले नेताहरू भरतमोहन अधिकारी र डा. डिल्लीराज खनालसँग आज मेरो कुराकानी भयो । मैले उहाँहरूलाई 'राजसंस्थाबारे एमालेको धारणा स्पष्ट रूपमा सार्वजनिक हुनुपर्‍यो' भनेँ । उहाँहरूले 'राष्ट्रिय एकताको प्रतीकका रूपमा रहने गरी राजसंस्थाको भूमिका हुनेछ भन्ने एमालेको स्पष्ट धारणा चुनावअघि सार्वजनिक हुनेछ, तर दरबारले सेनालाई चुनावमा निष्पक्ष रहन निर्देशन दिनुपर्छ, यति भएमा एमालेले राजा र सेनाप्रति सधैँ उत्कृष्ट व्यवहार गर्नेछ, साथै अहिलेको संविधान अनुसार नै काम गर्नेछ' भनेर प्रतिबद्धता व्यक्त गर्नुभयो । 'यो कुरालाई दरबारले सकारात्मक रूपमा लिन्छ,' मैले भनेँ ।

चिनियाँ राजदूत सरकारको चीन भ्रमणको अवसरमा उतै जानुभएको थियो । फर्केर आएपछि फोन गरेर 'चीन सरकारले मलाई महत्त्वपूर्ण विषयमा पनि नेपालसँग कुरा गर्न स्वीकृति दिएको छ' भनेर जानकारी गराउनुभयो । उहाँले 'दलाई लामा र स्वतन्त्र तिब्बत आन्दोलनको गतिविधि नेपालमा बढेको हुँदा त्यसलाई श्री ५ को सरकारले नियन्त्रण गर्नुपर्छ' भन्दै मुस्ताङमा रहेको सेनाको उच्च शिखर तालिम केन्द्रमा दुई जना चिनियाँ सैनिकलाई तालिमको व्यवस्था मिलाइदिन समेत अनुरोध गर्नुभयो ।

यो कुरा जाहेर हुँदा सरकारबाट 'तालिमको व्यवस्था मिलाइदिनू' हुकुम भयो ।

## २०५९ साउन १७ गते शुक्रबार

प्रधान सेनापति प्रज्वल्लशमशेर जबराले आफ्नो अवकाशपछि समेत सैनिक सुरक्षा पाउन जाहेर गर्नुभएको छ । उहाँकै कार्यकालमा माओवादीका विरूद्ध सैनिक परिचालन भएको हुँदा उहाँको सुरक्षामा विशेष ध्यान दिइनु उचित पनि हो । यस सन्दर्भमा सरकारबाट 'सैनिक सुरक्षाको व्यवस्था मिलाइदिनू' हुकुम भयो । साथै उहाँले भदौ २४

गते अवकाश पाउँदै हुनुहुन्छ । त्यसअघि भदौ १९ गते दर्शनभेट खोज्नुभएको छ । अवकाश पाउनुभन्दा एक महिनाअघि साउन २४ गतेदेखि बिदामा बस्नुहुने भएको छ । त्यही दिन दरबारमा नवयुवराजाधिराजको नामकरण समारोह आयोजना गरिएको छ । सो अवसरमा सैनिक पोसाक नै लगाएर आउने, मोटरमा प्रधान सेनापतिको झन्डा नराख्ने तर ४ तारा राखेर आउने पनि मलाई जानकारी गराउनुभयो । मैले 'हुन्छ' भनेँ ।

माओवादीले पनि प्रतिनिधिसभा पुनःस्थापित होस् भन्ने चाहेका छन् भनेर अपुष्ट खबर प्राप्त भएको छ । प्रतिनिधिसभा पुनःस्थापित भएन भने काठमाडौँ उपत्यका लगायत रोल्पा, रुकुम, सल्यान, जाजरकोट आदि स्थानमा ठूलो आक्रमणको तयारी गरिरहेको भन्ने पनि खबर छ । प्रोपोगन्डा मच्चाउन माओवादी कार्यकर्ताले 'केही महिनाअघि हराएको एसियन एयरलाइन्सको एमआई-१७ हेलिकप्टर हाम्रो कब्जामा छ, त्यसलाई सेनाको रङ्ग लगाएर सेनाको ब्यारेकमा ठूलो हमला गर्दै छौँ' भन्ने हल्ला चलाएका छन् । रुकुम र प्यठानबाट यो जानकारी प्राप्त भएको छ ।

माओवादीका डिल्लीराम ओली र सुदर्शन मल्ल योगी नरहरिनाथलाई भेट्न आज बिहान देवघाट गएको खबर छ । उनीहरूले उहाँलाई महाराजाधिराज र माओवादीबीच वार्ताका लागि मध्यस्थकर्ताको भूमिका निर्वाह गरिदिन अनुरोध गरेको बुझिएको छ ।

## २०५९ साउन १९ गते आइतबार

आजको मेरो जाहेरीमा युवराजाधिराजलाई पृथुलाधीश बक्स हुने समारोहका लागि सरकारको समय मिलाउनुपर्ने बिन्ती गरेँ ।

मैले जाहेर गरेका अन्य विषय थिए : सैनिक कल्याणकारी कोषबाट बैङ्क स्थापना गर्न सके भारतीय तथा ब्रिटिस सेनाबाट अवकाशप्राप्त सैनिकलाई दिइने पेन्सन वितरण व्यवस्थित गर्न सकिन्छ । हाल भारतीय सेनाले विभिन्न स्थानमा पेन्सन क्याम्प स्थापना गर्न चाहेको छ । यसो गर्दा राष्ट्रिय सुरक्षामा खतरा हुन सक्छ । सेनाको बैङ्क मार्फत पेन्सन वितरण गर्दा यो समस्या पनि हट्छ । आफ्नो बैङ्क भएपछि सेनाको दरबन्दी बढ्दै जाँदा कल्याणकारी कामका लागि बजेटको अभाव हुँदैन । विकास निर्माणका काममा, विशेष गरी सडक निर्माणमा अत्यधिक मात्रामा विस्फोटक पदार्थ आवश्यक पर्छ । बैङ्कको रकम विस्फोटक पदार्थ उत्पादन गर्ने कारखानामा लगानी गर्दा अझ राम्रो हुन्छ ।

सर्वोच्च अदालतको प्रधान न्यायाधीश सहितको पूर्ण इजलासले प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिनिधिसभा विघटन गर्न गरेको निर्णयलाई सदर गर्ने फैसला गरेको छ । यसबाट काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला र भारतीय पक्ष पछि परेको छ । अब चुनावका लागि तयारी गर्नुपर्छ ।

एमाले महासचिव माधवकुमार नेपाल यही साउन २५ गतेदेखि भारत भ्रमणमा जाने तयारीमा हुनुहुन्छ । भारतीय गुप्तचर संस्था रअका नेपाल प्रमुख प्यासी र महासचिव नेपालबीच गत सोमबार दुई घण्टा गोप्य भेटवार्ता भएको छ ।

शाही रक्षक सैनिक प्रहरीलाई पनि विशेष फौज (जस्तै- भैरवनाथ गण, घ र ङ गुल्म) सरह भत्ता दिनुपर्छ । साथै प्रमुख सैनिक सचिवालयमा काजमा रहेका कर्मचारीलाई पनि राष्ट्रिय सुरक्षा परिषद् सचिवालयमा कार्यरत कर्मचारीलाई जस्तै विशेष भत्ताको व्यवस्था गर्नुपर्छ ।

## २०५९ साउन २३ गते बिहीबार

सम्पत्ति छानबिन सम्बन्धी लम्साल आयोगले सेनाका अधिकृतको सम्पत्ति विवरण माग गरिरहेको छ । यस विषयमा महान्यायाधिवक्ताको कार्यालय, रक्षा मन्त्रालय र सेनाको प्राड विभागका प्रतिनिधि बसेर छलफल गर्दा सैनिकलाई हत्या र बलात्कारका मुद्दा बाहेक अन्यमा सैनिक ऐन लागू हुने हुँदा सम्पत्तिका बारेमा पनि सेनाबाटै छानबिन हुँदा राम्रो हुने निष्कर्ष निस्केको छ । छलफलपछि सेनाका अधिकृतको सम्पत्ति विवरण सङ्कलन गरेर रक्षा मन्त्रालय अन्तर्गत राख्ने र पछि आवश्यक पर्दा उपयुक्त समयमा बुझाउने व्यवस्था मिलाउन निर्देशन भएको छ । सेनाबाट अवकाशप्राप्त व्यक्तिको सम्पत्ति छानबिन भने आयोगले गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

प्रधान सेनापति प्रज्वल्लशमशेर जबरा भोलिदेखि एक महिना बिदामा बस्नुहुने भएकाले आज प्रधान सेनापतिको कार्यभार हस्तान्तरण भयो । बलाधिकृत रथी प्यारजङ्ग थापालाई कामु प्रधान सेनापतिको जिम्मेवारी दिइएको छ ।

राष्ट्रिय अनुसन्धान विभागबाट आएको रिपोर्ट अनुसार भारतीय राजदूतावासका काउन्सेलर एस रमेशले विभिन्न आपत्तिजनक कुरा गरेका छन् । उनले भनेका छन्, 'सैनिकले माओवादी क्षेत्रमा लड्ने रुचि देखाएका छैनन् । सेनाले माओवादी जनयुद्धलाई दबाउन सक्दैन । सेना किन दरबारको अन्तर्गत रहेको छ ? सेना सरकारको मातहतमा हुनुपर्छ । कोइराला सरकारलाई सेनाले होलेरीमा सहयोग गरेन । भारत पनि गरिब तर विकसित देश हो । तर पनि नेपाललाई ३५ करोड रुपैयाँ बराबरको हातहतियार तथा सैनिक सामान उपलब्ध गराएका छौं । हातहतियारको गुणस्तरको सम्बन्धमा गुनासो आउनु दुःखद कुरा हो । सेनाले अपरेसन गर्न किन आपत्कालीन अवस्था घोषणा गर्नुपर्‍यो ? माओवादीले भारतमा तालिम गरिरहेको तथा एलटीटीईका व्यक्तिले नेपाली माओवादीलाई तालिम दिएको भन्ने कुरा बिनाआधार आइरहेको छ ।'

## २०५९ साउन २७ गते सोमबार

प्रधानमन्त्री शेरबहादुर देउवाले 'जसरी पनि निर्वाचन गराउनैपर्छ, नत्र मेरो आत्महत्या सरह हुन्छ, संयुक्त राष्ट्रसङ्घबाट शान्तिसेना ल्याएर भए पनि चुनाव गर्नैपर्छ' भन्ने विचार व्यक्त गर्नुभएको छ । उता गिरिजा पक्षले भने 'शेरबहादुर देउवाले ग्र्यान्ड डिजाइनको गोटी बनेर प्रजातन्त्र समाप्त गर्ने कोसिस गरिरहेको' आरोप लगाइरहेको छ । गिरिजा पक्ष 'चुनाव हुन सक्दैन तर पनि कानुनी रूपबाट रूख चुनाव चिह्न हामीले नै पाउनुपर्छ' भन्ने अडानमा रहेको बुझिन्छ ।

पाकिस्तानी राजदूतले आफ्नो बिदाइ समारोहमा कामु प्रधान सेनापति प्यारजङ्ग थापासँग 'म नेपालबाट पोल्यान्ड जाँदै छु, रक्षा र व्यापारको हिसाबले पोल्यान्ड सरुवा राम्रो भए पनि नेपालबसाइ मेरो लागि धेरै महत्त्वपूर्ण र चुनौतीपूर्ण रह्यो, मेरो अधिकांश समय पाकिस्तानका विरुद्ध हुने निराधार हल्लाबाट आफ्नो राष्ट्रलाई बचाउ गर्नमै केन्द्रित रह्यो, मेरो कार्यकालमा नेपाल र पाकिस्तानबीच राम्रो सम्बन्ध भए पनि मैले कुनै उल्लेखनीय काम गर्न सकिनँ' भनेर कुरा गर्नुभएको छ ।

पश्चिम पृतनापति उपरथी सदीपबहादुर शाहले केही सैनिक अधिकृतसँग 'रथी भिक्ट्रीशमशेर जबरा प्रमुख सैनिक सचिव हुने पक्का भइसकेको छ, त्यसपछि म सेनाको दोस्रो व्यक्ति हुन्छु, उहाँको कार्यावधि दुई वर्ष भए पनि त्यो धेरै लामो समय हो, दुई वर्षभित्र जे पनि हुन सक्छ, हेलिकप्टर दुर्घटना हुन सक्छ, मोटर दुर्घटना हुन सक्छ, त्यसले सेनामा ठूलो परिवर्तन आउन सक्छ' भन्नुभएछ । साथै पृतना कमान्ड गरेको व्यक्ति मात्रै प्रधान सेनापति हुनुपर्छ समेत भन्नुभएको रहेछ ।

नेताहरूकै कारणबाट उत्पन्न परिस्थितिका कारण नेपालमा चुनाव हुन सक्दैन । यसबीच विगत १२ वर्षमा नेताहरूबाट भएका कामको लेखाजोखा गरी प्रजातन्त्रवादीको वास्तविक अनुहार उदाङ्ग पार्नुपर्छ भनी विशेष कार्यटोलीका साथीहरूबीच आज कुरा भएको छ । कार्यटोलीको आजको बैठकमा 'एमाले नेताहरूले व्यक्तिगत कुराकानीमा राजसंस्थाप्रति सकारात्मक विचार व्यक्त गरे पनि पार्टी पङ्क्ति, गोष्ठी, तालिम, प्रशिक्षण र विभिन्न छलफलमा गणतन्त्रकै कुरा गर्दै आएका छन्, यसबाट एमालेको दोधारे नीति प्रस्ट देखिन्छ' भनेर समेत छलफल भयो । साथै डोल्पा, साँफेबगर, दिपायल, चौरजहारी जस्ता पहाडी स्थानका एयरपोर्ट सकेसम्म चाँडै सञ्चालनमा ल्याउनुपर्ने कुरा पनि भयो ।

नेकपा माओवादीले आज जारी गरेको प्रेस विज्ञप्तिमा चुनाव हुन नदिने र भदौमा वार्ता नभए सशस्त्र कारबाहीमा उत्रने उल्लेख छ । देशका विभिन्न स्थानमा माओवादीले देउवापक्षीय कार्यकर्ताहरूलाई काङ्ग्रेस छाड्न दबाव दिएको, नछोडे गिरिजा पक्षमा लाग्न भनेको बुझिएको छ । यसबीच माओवादी आतङ्क र त्रासका कारण पश्चिमी पहाडी जिल्लाका युवाहरू भारततिर पलायन हुने क्रम बढेको छ । गाउँघरमा वृद्ध र बालक मात्र भेटिन थालेका छन् ।

## २०५९ साउन ३१ गते शुक्रबार

गिरिजा पक्षका काङ्ग्रेस कार्यकर्ताको भेला भोलि बिहान ८ बजे समापन हुने भएको छ । भेलामा शैलजा आचार्य र देवेन्द्र नेपालीले मेलमिलाप तथा पार्टी एकताको पक्षमा धारणा राखेको र जगदीशनरसिंह केसीले देउवा र दरबारको चर्को विरोध गरेको खबर आएको छ ।

भारतका परराष्ट्रमन्त्री जसवन्त सिंहको आगामी नेपाल भ्रमणको सन्दर्भमा सरकारबाट आज निम्न अनुसार निर्देशन बक्सेको छ :

- सरकारको भारत भ्रमणका अवसरमा भएका निर्णय र सहमति कार्यान्वयनबारे विचार-

विमर्श हुनुपर्छ ।

- भारतीय पक्षबाट उठाइन सक्ने विषयमा पूर्वतयारी गर्न आवश्यक छ ।
- नेपालको सुरक्षा साथै क्षेत्रीय सुरक्षा अवधारणाबारे छलफल हुनुपर्छ ।
- यस बेला नेपालमा माओवादी समस्याले एकदमै जटिल मोड लिँदै छ । त्यसले भारतमा पर्न सक्ने असरका बारेमा भारतीय पक्षलाई अवगत गराउनु सान्दर्भिक हुनेछ ।
- नेपालमा चुनावको तयारी भइरहेको छ । चुनाव हुन नसके संवैधानिक सङ्कट आउन सक्ने विश्लेषण गरिएको छ । नेपालमा संवैधानिक सङ्कट उत्पन्न भएमा भारतको के दृष्टिकोण रहन्छ ? यसबारे भारतीय विदेशमन्त्रीको विचार बुझ्न जरूरी छ ।
- विभिन्न राष्ट्रिय सवालमा एमालेको नीति स्पष्ट छैन । उसको द्वैध चरित्र देखिएको छ । यसले नेपाल-भारत सम्बन्धमा कस्तो असर पार्दछ ? नेपाल-भारत सम्बन्धमा समेत एमालेको दृष्टिकोण स्पष्ट छैन । यसलाई भारतले कसरी हेरिरहेको छ ? यसबारेमा समेत भारतीय पक्षबाट जानकारी लिनु सान्दर्भिक हुनेछ ।

**२०५९ भदौ ३ गते सोमबार**

भारतको गुप्तचर संस्था रअका प्रमुख विक्रम सुद र उपप्रमुख जेके सिन्हा एक साताको छुट्टी मिलाएर शुक्रबार काठमाडौं आएका छन् । भ्रमणको उद्देश्यबारे स्पष्ट जानकारी आएको छैन । प्राप्त सूचना अनुसार उनीहरू शनिबार पशुपतिनाथ दर्शन गर्न गए । उनीहरूले नेपाली समकक्षीलाई पशुपतिनाथको दर्शन गर्न र गर्मी छल्न काठमाडौं आएको बताएका छन् । राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्मासँगको भेटघाटमा विभिन्न जिज्ञासा राखेका छन् । जस्तै : अहिलेको अवस्थामा नेपालमा चुनाव हुन सक्छ कि सक्दैन ? चुनाव गराउन के गर्नुपर्छ ? राज्य पक्षबाट युद्धविराम गरे के हुन्छ ? माओवादीसँग वार्ता हुन सक्छ कि सक्दैन ? सङ्कटकालका बारेमा के हुन्छ ?

उनीहरूको जिज्ञासामा देवीराम शर्माले भन्नुभएको छ, 'माओवादीको धारणा वर्तमान संविधान र राजसंस्थाप्रति नकारात्मक रहेको छ । त्यसैले वार्ताका लागि उनीहरूले हतियार बुझाउनुपर्ने सर्त श्री ५ को सरकारले राखेको छ ।' त्यही मौकामा उहाँले रअका प्रमुखलाई सोध्नुभयो, 'माओवादीका बारेमा  हाल भारतले अपनाएको नीति के हो ? काङ्ग्रेस र एमालेका नेताले माओवादी नेतासँग भारतमा भेटवार्ता गरिरहेका छन् । गिरिजाप्रसाद कोइरालाले समेत नयाँ दिल्लीस्थित अन्तर्राष्ट्रिय विमानस्थलनजिकै द्वारका कोलोनीमा माओवादी नेतासँग भेटेको सूचना छ । यो कसरी सम्भव भयो ?' शर्माको जिज्ञासापछि उनीहरूले यसबारे अनभिज्ञता प्रकट गरे । 'हामी पत्ता लगाएर नेपाललाई खबर गर्छौं' भने ।

सो अवसरमा 'नेपालमा चुनाव भए गिरिजाप्रसाद कोइरालाले बहिष्कार गर्न सक्ने स्थिति छ, हाल माओवादीले आफ्नो आक्रमण प्रधानमन्त्री पक्षतर्फ लक्षित गरेका छन्' भनेर पनि शर्माले उनीहरूलाई जानकारी गराउनुभयो ।

भारतमा माधवकुमार नेपाललाई दिइएको मानसम्मान र महत्त्वबाट एमाले ज्यादै उत्साही भएको छ । भारतको कुनै समारोहमा उहाँलाई नेपालको भावी प्रधानमन्त्रीका रूपमा समेत सम्बोधन गरिएको थियो । यो कुरा उल्लेख गर्दै 'माध नेपाललाई सबै भारतीय नेतासँग भेट गराइएको बारेमा तपाईंहरूको के धारणा छ ?' भनेर पनि शर्माले रअका उच्च अधिकारीद्वयलाई सोध्नुभयो ।

## २०५९ भदौ ५ गते बुधबार

यही भदौ १ गतेदेखि प्रमुख सैनिक सचिवालयलाई सैनिकीकरण गरिएको छ । सिभिल कर्मचारी हटाई तिनका ठाउँमा सैनिक कर्मचारी ल्याइएको छ ।

गत आइतबार हाम्रो विशेष कार्यटोलीको मिटिङ भयो । त्यसबारे आजको जाहेरीमा मैले सविस्तार सरकारमा बिन्ती गरैं । त्यो बैठकमा हाललाई काङ्ग्रेसको रूख चिह्न कुनै पनि पक्षलाई नदिने निर्णय गरिएको छ । पार्टीहरूकै कारण चुनाव नहुने वातावरण बन्दै गएको छ । त्यसलाई नजिकबाट अवलोकन गरिराख्नुपर्दछ । त्यसै अनुसारको तयारी गर्नुपर्छ । सकेसम्म स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्न र रोजगारीका लागि विदेश जान चाहनेका लागि प्रस्तावित वैदेशिक रोजगार कोष सकेसम्म चाँडै स्थापना गर्न सुझाव दिने निर्णय भएको छ । त्यस अनुसार सरकारमा विधिवत् जाहेर गर्ने निधो भएको छ ।

विश्व हिन्दू महासङ्घले सेनाका ब्यारेकमा रक्षाबन्धन गर्न चाहेको छ । यो प्रतीकात्मक कार्य हुनेछ र यसबाट राम्रै प्रभाव पर्नेछ । मानार्थ शाही पार्श्ववर्ती भरतकेशर सिंहले प्रस्ताव गर्नुभएको यो कुरा मैले आज सरकारमा जाहेर गरैं ।

राष्ट्रिय सुरक्षा परिषद्को बैठकले भदौ १७ गतेदेखि तीन महिनाका लागि मुलुकमा पुनः सङ्कटकाल लगाउन सरकारमा सिफारिस गरेको छ । सङ्कटकाल लगाउँदा माओवादीका विरूद्धको अपरेसनमा सजिलो हुन्छ भन्ने सेनाको सुझाव थियो । सेनाले सरकारसँग सल्लाह गरेर नै त्यो सुझाव प्रस्तुत गरेको थियो ।

## २०५९ भदौ १० गते सोमबार

केही नेता आएर देशको वर्तमान अवस्थाबारे मसँग छलफल गरेका छन् । एमालेका कमल चौलागाईंले विभिन्न 'कुनै पनि हालतमा निर्वाचन गराउनु हुँदैन, संवैधानिक रूपबाट अहिलेका नेतालाई तह लगाएर मात्र चुनाव गराउनुपर्छ, एमाले भारतपरस्त भइसकेको छ, मालेबाट पुनः एमालेमा आएकालाई बेग्लै रूपले हेर्ने गरिएको छ' भन्नुभयो । काङ्ग्रेसका पूर्वसांसद कृष्णप्रसाद गौतमको भनाइ थियो, 'देशको स्थिति सम्हाल्न नसकिने भइसक्यो । सबैले राजाबाट निकासको अपेक्षा गरेका छन् । समय ज्यादै गुज्रिसक्यो । तुरून्तै अग्रगामी सोचविचार हुनुपर्छ ।'

आजै पत्रकार विजयकुमार पाण्डेसँग पनि मेरो टेलिफोनमा कुरा भयो । उहाँले पनि मुलुकको स्थिति अत्यन्तै बिग्रिएर गएको भनी चिन्ता व्यक्त गर्नुभयो । पाण्डेले भन्नुभयो, 'चुनाव हुन सक्ने स्थिति देखिँदैन । चुनावपछिको स्थिति पनि यही हो । किनभने नेताहरू

यिनै हुन् । त्यसैले चुनाव भए पनि नभए पनि मुलुकको स्थिति यही नै रहने हो ।' उहाँले आफूले एउटा स्वतन्त्र कम्पनी खोलेर टेलिभिजन कार्यक्रम उत्पादन गर्न लागेको जानकारी दिनुभयो ।

सरकारसँगको दर्शनभेटमा केही विषयमा कुरा भए । सेनाका लागि हतियार अमेरिकी र युरोपेली देशबाट खरिद गर्दा विभिन्न बाधा–अडचन आउन सक्ने हुँदा दक्षिण कोरिया र इजरायलबाट खरिद गर्नु राम्रो हुने देखिन्छ ।

प्रधानमन्त्री शेरबहादुर देउवाले ड्रिङ्क गरेको बेला 'प्रधान सेनापति प्यारजङ्ग थापा मैले बनाएको प्रधान सेनापति हो, मैले जे भने पनि उसले सबै कुरा मान्छ' भन्नुभएको खबर छ ।

हालको परिस्थितिमा प्रधानमन्त्रीको प्रस्तावित बेल्जियम र दक्षिण अफ्रिकाको भ्रमण बेमौसमको बाजा हुने भएकाले त्यसलाई रोक्न आवश्यक छ ।

सम्माननीय लामा पासाङ शेर्पाका छोरा टेन्डी शेर्पा, जो एमालेको भ्रातृ सङ्गठन अनेरास्ववियुबाट अस्कल क्याम्पसमा सभापति छन्, उनी र अखिल (क्रान्तिकारी) का सभापति देवेन्द्र पराजुलीले गायक प्रवीण गुरूङको दुर्घटनाबाट मृत्यु भएको सम्बन्धमा ज्यादै उग्र हिसाबले दरबारप्रति अनेक लाञ्छना लगाउने गरेका छन् ।

## २०५९ भदौ १३ गते बिहीबार

आज जाहेरीका क्रममा सरकारसँग राजदरबार सुरक्षा सम्बन्धी विषयमा छलफल भयो । हालको अवस्था अत्यन्तै खतरनाक र संवेदनशील भएकाले नेपाल प्रहरीलाई राजदरबार वरिपरिका घर र तिनमा बस्ने डेरावालको लगत राख्न लगाउने निर्णय भयो । यो इलाकामा नयाँ आउने डेरावालको विस्तृत जानकारी राखेर मात्र बस्न दिने र नियम विपरीत बनाएका घरलाई कारबाही गर्नेबारे प्रमुख सचिव मार्फत प्रधानमन्त्रीलाई जानकारी गराउने तय भयो ।

सरकारबाट मलाई श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषको बैठकका लागि युवराजाधिराज सरकारको मुस्ताङ भ्रमण असोज ७ देखि ९ गतेसम्मका लागि मिलाउन निर्देशन बक्सेको छ । साथै सरकारबाट नयाँ प्रधान सेनापति प्यारजङ्ग थापाको शपथ ग्रहण र दर्ज्यानी चिह्न प्रदान गर्ने कार्यक्रम भदौ २४ गते मिलाउन हुकुम भयो । उहाँलाई मार्गनिर्देशन दिने विषयहरू तयार गर्न पनि सरकारबाट मलाई निर्देशन बक्सेको छ । श्री ५ पृथ्वीनारायण शाहको दिव्य उपदेशको पुस्तक सबै ब्यारेकका जवानलाई वितरण गर्न प्रधान सेनापतिलाई निर्देशन दिने कुरा भएको छ ।

## २०५९ भदौ १९ गते बुधबार

आजको जाहेरीमा खासै नयाँ विषय थिएनन् । देशको परिस्थिति जटिल बन्दै गइरहेको बारेमा सरकारसँग छलफल भयो ।

युवराजाधिराज पारस सरकारबाट हुकुम बक्से बमोजिम बझाङी राजा विनोदविक्रम

सिंहसँग 'पेन्टवल राइफलको कोटेसन' सहित प्रस्ताव माग गरिएको छ । उक्त राइफल चलाउने तालिमका लागि दुई जना सैनिक अधिकृत हङकङ पठाउन सकिने प्रस्तावमा उल्लेख छ । हङकङबाट पेन्टवल राइफल किनेर सैनिक शिक्षालय र शाही रक्षक सैनिक प्रहरीमा तालिमका लागि प्रयोग गर्न दिने युवराजाधिराज सरकारको इच्छा छ । यो हतियारबारे सबै कुरा बुझ्दा मूल्यका हिसाबले पनि सेनाका लागि उपयुक्त नभएको मैले देखेको छु । सोही अनुसार हालको अवस्थामा सेनाले यो हतियार किन्न सक्दैन कि भनेर सरकारमा जाहेर गर्दा युवराजाधिराजबाट 'दरबारको बजेटले किन्ने' हुकुम भयो ।

त्यसपछि मैले 'यो हतियारमा '२५/३० लाख रूपैयाँ अनावश्यक खर्च हुन्छ' भनी महाराजाधिराजमा जाहेर गरें । तर महाराजाधिराजबाट 'युवराजाधिराजले विनोदलाई सहयोग गर्नका लागि भनेको होला, झिकाइदिनू' हुकुम बक्स्यो । यसरी दरबारमा दुई हजार थान पेन्टवल राइफल झिकाउने कुरा तय भयो । यसका लागि चाहिने रकम प्रमुख राजदरबार पदाधिकारी कार्यालयले प्रमुख सचिव मार्फत श्री ५ को सरकारसँग माग गर्ने कुरा भएको रहेछ ।

हाल सेनामा हेलिकप्टर छ, पाइलट छैन; गाडी छन्, ड्राइभर छैनन्; युनिट छ, अफिसर छैनन्; सिपाही छन्, राइफल छैन । मैले यो स्थिति सरकारमा सोझै जाहेर गरें । मौसुफबाट सुनिबक्स्यो मात्र । त्यसपछि राजदरबारको सैनिक सचिवालयमा स्थापित अपरेसन रूमबाट छुट्टै वेबसाइट सञ्चालन गर्न सरकारमा जाहेर गरें । वेबसाइट संवाद सचिवालयको सहयोगमा अपरेसन सेलले सञ्चालन गर्ने निर्णय भयो । साथै सेलले सैनिक सचिवालयमा प्राप्त हुने सबै सूचना विश्लेषण गरी दैनिक प्रतिवेदन तयार गरी सरकारमा जाहेर गर्ने समेत तय भयो ।

यो सेल, म सैनिक सचिव भएपछि, सैनिक सचिवालयमा पहिलो पटक स्थापना गरिएको हो । सेलले सेना, प्रहरी, सशस्त्र तथा राष्ट्रिय अनुसन्धान विभागबाट प्राप्त प्रतिवेदन, सरकारमा आउने बिन्तीपत्रहरू, विभिन्न राजनीतिक दलका नेताबाट प्राप्त हुने सूचना र पत्रिकामा प्रकाशित हुने खबर समेतका आधारमा हरेक दिन प्रतिवेदन तयार पारी सरकारमा जाहेर गर्ने व्यवस्था गरिएको छ ।

जर्मन कम्पनीले एचकेले जी-३६ राइफल बेच्न एक्सपोर्ट लाइसेन्स प्राप्त गर्न नसकेको कारण देखाउँदै सेनालाई हतियार बिक्री गर्न गरेको सम्झौता अन्त्य गरेको छ । यो स्थितिमा हतियार किन्न अन्य विकल्पका बारेमा के गर्ने भनेर सरकारमा जाहेर गरें । सरकारबाट सेनालाई अन्य विकल्प खोजी गर्न निर्देशन दिने हुकुम भयो । हतियार निर्माता यो कम्पनी ब्रिटिस एरोस्पेसले किनिसकेको छ । एरोस्पेसले नेटो गठबन्धनका देश बाहेकलाई हतियार बिक्री नगर्ने नीति लिएको भन्ने कुरा आएको छ । साथै भारतले नेपाललाई इन्सास राइफल बेच्न ज्यादै प्रयास गरिरहेको हुँदा उसले एचके राइफल नेपाललाई नबेच्न बेलायतमाथि अप्रत्यक्ष दबाव दिएको हुन सक्ने विभिन्न आधारहरू पनि छन् ।

राष्ट्रिय सभामा सरकारबाट मनोनीत सांसद दीप्तप्रकाश शाहको आज एक

राष्ट्रिय दैनिकमा प्रकाशित लेख ज्यादै संवेदनशील छ । यस विषयमा छलफल गर्न प्रमुख सचिव पशुपतिभक्त महर्जनले मलाई उहाँको कार्यालयमा बोलाउनुभयो । शाहले विगतमा सांसदका रूपमा गरेका क्रियाकलापका बारेमा समेत हामी दुईले समीक्षा गऱ्यौं । उहाँलाई सांसद रहेका बेला चीन अध्ययन केन्द्रको प्रतिनिधिमण्डलको सदस्यका रूपमा चीन भ्रमणमा नजान सल्लाह दिइएको थियो । तर उहाँ जानुभयो । त्यस्तै, राष्ट्रिय सभाको उपाध्यक्षको चुनावमा एमाले महासचिव माधवकुमार नेपालले सरकारसँग मनोनीत सांसदको मतका लागि बिन्ती गर्नुभएको थियो । सोही बमोजिम सरकारबाट प्रमुख सचिव मार्फत राष्ट्रिय सभामा दरबारबाट मनोनीत सांसदलाई उपाध्यक्षका उम्मेदवार रामप्रीत पासवानलाई मत दिन हुकुम बक्सेको थियो । पासवान दलित वर्गका सांसद समेत भएको हुनाले सरकारबाट 'सबै मनोनीत सांसदले उहाँलाई निर्वाचित गराउन मत हाल्नू' भनेर निर्देशन बक्सेको थियो । यो कुरा सांसद शाहलाई समेत राम्रोसँग जानकारी गराउँदागराउँदै पनि उहाँ राष्ट्रिय सभाको उपाध्यक्षको निर्वाचनमा तटस्थ बस्नुभयो । यी घटनाहरू र आजै प्रकाशित उहाँको संवेदनशील लेखका बारेमा विचार गर्दा उहाँलाई मनोनीत सांसदमा राखिरहँदा दरबारमाथि झनै समस्या आइलाग्न सक्ने देखियो । त्यसैले उहाँको राजीनामा माग्ने हामी दुई जनाले निधो गऱ्यौं । यस विषयका बारेमा प्रमुख सचिवले सरकारमा टेलिफोनबाट जाहेर गर्नुभयो । सरकारबाट 'आजै राजीनामा दिन लगाउनू' हुकुम भयो ।

त्यसपछि प्रमुख सचिवले सांसद शाहलाई 'जरूरी कामका लागि' भनेर दरबारमा बोलाउनुभयो । उहाँ आउनुअघि उहाँको राजीनामा हामी आफैंले ड्राफ्ट बनाएर राख्यौं । केही समयपछि उहाँ आइपुग्नुभयो । उहाँलाई भेट्न प्रमुख सचिव र म आगन्तुक कक्षमा गयौं । उहाँसँग सामान्य छलफलपछि राजीनामा दिन आग्रह गरियो । उहाँले 'म राजीनामा दिन्छु' भन्नुभयो । प्रमुख सचिवले पहिले तयार पारेको ड्राफ्ट उहाँलाई दिनुभयो । त्यसैमा तुरून्तै दस्तखत गरी उहाँ बाहिर निस्कनुभयो । हामी पनि आआफ्नो कार्यालयतर्फ लाग्यौं ।

## २०५९ भदौ २१ गते शुक्रबार

निर्वाचन आयोगमा निर्वाचनको सुरक्षा सम्बन्धी विषयमा आज छलफल भयो । छलफलमा एकै दिन निर्वाचन गर्न नसकिने भएकाले पाँच-छ चरणमा गर्ने कुरा उठ्यो । सबै सुरक्षा प्रमुखले कति चरणमा चुनाव गराउनेभन्दा पनि चुनाव हुन सक्ने, नसक्ने स्थितिबारे मूल्याङ्कन गर्नुपर्ने धारणा राखे ।

छलफलमा कामु प्रधान सेनापति प्यारजङ्ग थापाले भन्नुभयो, 'सुरक्षा परिषद्को निर्णय बमोजिम सेना मङ्सिरसम्ममा माओवादीलाई निःशस्त्रीकरण गर्ने अभियानमा लागेको छ । यसबीच चुनावमा सेनालाई प्रयोग गर्दा माओवादीलाई परास्त गर्ने अभियान रोकिन सक्छ । त्यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवार सेनालाई बनाउन मिल्नेछैन ।' निर्वाचन आयोगका पदाधिकारी र सुरक्षा निकायका प्रमुखहरूले कति चरणमा निर्वाचन

गर्ने भनेर काठमाडौँमा निचोड निकाल्नुभन्दा निर्वाचन आयुक्तहरू स्वयंले विभिन्न जिल्लामा गएर वास्तविक स्थितिको मूल्याङ्कन गरे राम्रो हुने सल्लाह समेत उहाँले दिनुभयो ।

सुरक्षा फौजले मतदान केन्द्रको त सुरक्षा गर्छ, तर मतदानअघि र पछि उम्मेदवार तथा मतदाताको सुरक्षा गर्न कठिन हुन्छ भन्ने कुरा समेत सुरक्षा निकायका प्रमुखहरूले छलफलमा राखेका थिए । उनीहरूले दरबारसँग सल्लाह गरेर नै यी कुरा आयोगसामु राखेका थिए ।

राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्माको प्युठान, दाखा क्वाडीस्थित घरमा भदौ १९ गते राति माओवादीले बम विस्फोट गराई आगो समेत लगाइदिएका छन् । उहाँको घर पूरै नष्ट भएको छ ।

राष्ट्रिय एकता परिषद्ले आज काठमाडौँमा आयोजना गरेको जुलुस र आमसभामा करिब एक हजारको जनसहभागिता रह्यो । खुलामञ्चमा आयोजित आमसभामा वक्ताहरूले बहुदलीय व्यवस्थाको विरोधमा र सक्रिय राजसंस्थाको पक्षमा चर्को भाषण गरे ।

दिल्ली प्रहरीले माओवादी पक्षधर अखिल नेपाल एकता समाजका अध्यक्ष वामदेव क्षेत्रीलाई हिजो पक्राउ गरेको छ । उनलाई सुपुर्दगी गर्ने विषयमा कुरा भइरहेकाले हाल यस घटनालाई गोप्य राखिएको छ ।

## २०५९ भदौ २४ गते सोमबार

गए राति माओवादीले सिन्धुलीको भिमानस्थित प्रहरी कार्यालयमा आक्रमण गरी ४९ जना प्रहरीको हत्या गरेको दुःखद खबर आएको छ । त्यहाँ उनीहरूले सबै हतियार लुटेका छन् । त्यस्तै अर्घाखाँचीको सन्धिखर्कमा पनि माओवादीले हमला गरेका छन् । बिहानसम्म दोहोरो फायरिङ भइरहेकाले घटनाको विस्तृत विवरण आइसकेको छैन ।

मुलुक माओवादी आतङ्कका विरूद्ध लडिरहेको बेला पारेर भारतले श्री ५ को सरकारलाई विभिन्न प्रस्ताव राखेको छ । प्रस्तावमा बुटवलमा पेन्सन क्याम्प खोल्न र वीरगन्जमा कन्सुलर कार्यालय स्थापना गर्न स्वीकृति मागिएको छ । साथै भारतीय राजदूतावासमा आधुनिक हतियार सहितका ४० जवान भारतीय सुरक्षाकर्मी राख्न सहमति माग गरिएको छ । भारतले श्री ५ को सरकारका विभिन्न तहमा यसअघि पनि पटक-पटक यस्तो प्रस्ताव राख्दै आएको हो । यस पटक उसले महाराजाधिराज समक्ष पनि यो माग राखेको छ । स्वर्गीय महाराजाधिराजका पालामा पनि यस्तो प्रस्ताव आएको थियो । तर मौसुफबाट यसलाई सहज ढङ्गले टारिबक्सेको थियो । हाल महाराजाधिराजको कार्यकाल सुरु भएको केही महिनापछि त्यही प्रस्ताव फेरि आएको हो । नेपालको सार्वभौम सत्ता र स्वतन्त्र हितलाई विचार गर्दा भारतीय प्रस्ताव नेपालको राष्ट्रिय हितमा छैन भनेर मैले महाराजाधिराजमा जाहेर गरेँ । मौसुफबाट 'यो प्रस्ताव श्री ५ को सरकारलाई जिम्मा लगाइदेऊ' हुकुम भयो ।

भारतस्थित शाही नेपाली राजदूत डा. भेषबहादुर थापाले आज मसँग कुरा गर्नुभयो । नेपाल-भारत सम्बन्ध र दुई देशबीच बढेको तनावबारे छलफल भयो । नेपालले

किन्न लागेको हतियारको विषयमा निकै गम्भीर कुरा भयो । नेपालले सेनाको आवश्यकता अनुसार विभिन्न देशबाट हतियार ल्याउन कोसिस गरेकोमा भारतले बढ्तै चासो राखेको छ । राजदूत थापाको भनाइ थियो, 'नेपालका प्रधानमन्त्रीले छोटोछोटो समयको अन्तरालमा भारत भ्रमण गरिरहनुभएको छ । यो अर्थपूर्ण हुन सक्छ । प्रधानमन्त्री र भारतीय नेताबीच व्यक्तिगत तवरमा बुटवल लगायत देशका विभिन्न स्थानमा भारतीय पेन्सन क्याम्प स्थापना गर्ने, वीरगन्जमा कन्सुलर कार्यालय खडा गर्ने, भारतीय राजदूतावासमा भारतीय सुरक्षा बल राख्ने र नेपालले किन्न लागेको हतियार भारतबाटै किन्नुपर्ने लगायतका विषयमा गोप्य सम्झौता भएको हुन सक्छ । नेपालले अन्य देशबाट हतियार ल्याएको भारतले मन पराएको छैन । नेपाललाई समस्या पर्दा हामीले हतियार उपलब्ध गराउनुपर्ने तर अरू बेला यस सम्बन्धमा नेपालले हामीलाई वास्ता नगर्ने भनेर भारतले चित्त दुखाएको छ ।' प्रधानमन्त्री शेरबहादुर देउवाले कुनै प्रतिबद्धता पूरा गरेनन् भनेर भारतीय पदाधिकारीले भने पनि यसबीच प्रधानमन्त्रीको भारतसँग निकै हिमचिम बढेको छ भन्ने समेत उहाँले जानकारी गराउनुभयो ।

डा. थापाका कुरा सुनेपछि मैले अन्य विषयसँगै हतियारका बारेमा पनि प्रस्ट पारेँ । मैले भनेँ, 'सेनाको प्राविधिक टोलीले अन्य देशका हतियारको साथसाथै भारतमा बनेको इन्सास राइफलको पनि परीक्षण गरेको थियो । विभिन्न देशबाट झिकाइएका चार-पाँच किसिमका हतियारमध्ये भारतीय हतियार कुनै पनि हिसाबले भरपर्दो देखिएन । सेनासँग भएका पुराना हतियार परिवर्तन गरेर उसलाई नयाँ हतियारले सुसज्जित गर्नुपर्नेछ । राइफल बेसिक इन्फेन्ट्री वेपन भएकाले एक पल्ट प्रयोग गर्न थालेपछि त्यसलाई बदल्न अर्को २५/३० वर्ष लाग्न सक्छ । त्यसो हुँदा सेनाले लिने नयाँ राइफल हतियार भरपर्दो र आधुनिकका साथै राम्रो तथा बलियो हुनु आवश्यक छ । त्यसैले भारतीय हतियारलाई सेनाको प्राविधिक टोलीले अमान्य घोषित गरेको हो । भारतीय सेनामा समेत इन्सास राइफलका बारेमा विभिन्न समयमा व्यापक असन्तुष्टि र विभिन्न सिकायत आउने गरेको छ । एउटा राइफलका बारेमा भारत जस्तो ठूलो देशले यस्तो हङ्गामा गर्नु उपयुक्त होइन । चीन पनि हाम्रो छिमेकी मुलुक हो । तर उसले यसबारे कुनै चासो नै राखेको छैन । नेपाल सानो देश भएकैले सबै विषयमा भारतसँग कन्सल्ट गर्नुपर्ने हो कि के हो, बुझ्न सकिएन !'

डा. थापा भारतका लागि नेपाली राजदूत भएकाले नेपालले भारतीय हतियार नै किन्नुपर्छ भनेर उहाँमाथि कूटनीतिक हिसाबले दबाव परेको हुन सक्छ । उहाँले मसँग कुरा गर्नुको आशय पनि यही हुन सक्छ ।

## २०५९ भदौ २५ गते मङ्गलबार

नेपालका लागि पूर्व चिनियाँ राजदूत ली केही चिनियाँ व्यापारीको प्रतिनिधिमण्डल लिएर नेपाल भ्रमणमा आउनुभएको छ । उहाँले मलाई भेटेर नेपालमा चिनियाँ लगानीका सम्भावना लगायत विविध विषयमा छलफल गर्नुभयो । यसै क्रममा उहाँले शाही नेपाली सेनाको कल्याणकारी कोष र चिनियाँ पक्षको संयुक्त लगानीमा नेपालमा कमर्सियल बैङ्क

खोल्ने प्रस्ताव राख्नुभयो । 'नेपालले चीनबाट हतियार किन्दा भारतले विरोध गर्ने हुँदा नेपालमै हतियार निर्माणका लागि आवश्यक पूर्वाधार निर्माण किन नगर्ने ?' भन्दै उहाँले नेपालमै हतियार कारखाना खोल्न सुझाव दिनुभयो । पूर्वराजदूत लीले नेपाल राष्ट्र बैङ्कका गभर्नर डा. तिलक रावलसँग समेत भेटी नेपालमा चिनियाँ लगानी सम्बन्धमा छलफल गर्नुभएछ । डा. रावलसँग चिनियाँ मुद्रा नेपालमा मान्य गराउने बारे छलफल भएको पनि लीले मलाई बताउनुभयो । उहाँको भनाइ थियो, 'चिनियाँ पर्यटक भित्र्याउने हो भने नेपालले चिनियाँ मुद्रालाई मान्यता दिनैपर्छ ।' उहाँले व्यक्त गरेका कुरा मैले सरकारमा जाहेर गरैं ।

गृहमन्त्री खुमबहादुर खड्काले आज एक समारोहमा श्री ५ को सरकारको नीति विपरीत 'हालको अवस्थामा चुनाव हुन नसक्ने' भन्नुभएको छ । यस अवस्थामा मन्त्रिपरिषद् पुनर्गठन गर्न उपयुक्त हुने समेत उहाँको भनाइ छ । उहाँले केही दिनअघि सरकारको दर्शनभेट पाएकाले उहाँका भनाइको महत्त्व हुन्छ ।

संयुक्त राष्ट्रसङ्घको डिपार्टमेन्ट अफ पिसकिपिङका सैनिक सल्लाहकार उपरथी चित्रबहादुर गुरूङ आफ्नी आमाको निधन भएकाले आज काठमाडौं आउनुभएको छ । उक्त पदमा उहाँको समयावधि  सकिन लागेको छ । उहाँलाई सोही पदमा निरन्तरताका लागि प्रयास गर्न निर्देशन दिइएको छ ।

## २०५९ भदौ २६ गते बुधबार

प्रहरी महानिरीक्षक प्रदीपशमशेर जबराले आजको जाहेरीमा भन्नुभयो, 'माओवादीले सेनाका युनिटमा ठूलो आक्रमण गर्न सक्दैनन् भन्ने भनाइ झूटो साबित भएको छ भनेर माओवादी नेता धर्मेन्द्र बाँस्तोला 'कञ्चन' ले दाबी गरेका छन् । भारतले आफ्नो विरोध गर्ने माओवादी नेता तथा कार्यकर्तालाई मात्र नेपालमा सुपुर्दगी गरेको एक अध्ययनले देखाएको छ ।

पाकिस्तानी गुप्तचर संस्था आईएसआईले नेपालमा भारतविरोधी गतिविधि बढाएको भारतको आरोप छ । हालसम्म माओवादी र आईएसआईबीच कुनै पनि सम्बन्ध भएको देखिँदैन ।' उहाँको थप भनाइ थियो, 'माओवादीका विरूद्ध सेनाको आक्रामक कारबाही हुन जरूरी छ । नेपाल प्रहरीसँग भएका हतियार थ्रीनटथ्री धेरै पुराना छन् र तिनमा पनि ४० प्रतिशत मात्र काम लाग्ने छन् । त्यसैले प्रहरीलाई हतियारको ठूलो समस्या छ । प्रहरीको सङ्गठन प्रमुखलाई कम से कम जिल्लाका प्रहरी अधिकृतलाई सरूवा र बढुवा गर्ने अधिकार प्राप्त हुनुपर्छ । यसो भए जिल्लाका प्रहरी प्रमुख सङ्गठनप्रति बफादार हुन्थे र राजनीतिबाट टाढा हुन्थे ।'

प्रहरीको वृत्ति विकासका लागि बेलायती अन्तर्राष्ट्रिय विकास नियोग (डीएफआईडी) ले २० लाख पाउन्ड दिने प्रस्ताव गरेको जानकारी दिंदै महानिरीक्षक जबराले श्री ५ को सरकारका अन्य निकाय सरह प्रहरीमा पनि ३२ वर्षे सेवा अवधि हटाउनका लागि सरकारमा बिन्ती गर्नुभयो । साथै उहाँले प्रहरीलाई पनि 'शाही नेपाल प्रहरी'

नामकरण गर्न प्रस्ताव गर्नुभयो । यो प्रस्ताव सुनेर सरकार हाँसिबक्स्यो । सरकारबाट हुकुम भयो, 'यो विषय ऐन–कानुनसँग सम्बन्धित भएकाले श्री ५ को सरकारले नै ऐन संशोधन गरी प्रक्रिया अगाडि बढाउनुपर्ने हुन्छ ।' साथै, उहाँलाई निर्देशन बक्सने क्रममा 'कात्तिकमा चुनाव हुन सक्दैन भनेर सम्बन्धित निकाय र ठाउँमा सुझाव देऊ' हुकुम भयो ।

## २०५९ भदौ २७ गते बिहीबार

चुनावका बारेमा आज निर्वाचन आयोगमा बसेको सर्वदलीय बैठकमा सबै सुरक्षा निकायका प्रमुखलाई बोलाइएको थियो । छलफलका क्रममा प्रहरी महानिरीक्षक प्रदीपशमशेर जबराले 'कात्तिकमा निर्वाचन हुन नसक्ने भएकाले चैत–वैशाखतिर सार्नुपर्छ' भन्ने धारणा व्यक्त गर्नुभयो । यो अभिव्यक्तिप्रति नेताहरूले 'प्रहरी महानिरीक्षकबाट अवकाश पाएपछि प्रदीपशमशेर दरबारका प्रवक्ता बन्ने भए' भनेर टिप्पणी गरे ।

काङ्ग्रेस नेता तथा बीपी कोइरालाका पुत्र प्रकाश कोइरालाले आज बिहान गिरिजाप्रसाद कोइरालासँग हालको परिस्थितिका बारेमा छलफल गर्नुभएको छ । उहाँले गिरिजा र प्रधानमन्त्री शेरबहादुर देउवाबीच मध्यस्थकर्ता बन्ने प्रस्ताव राखेको बुझिएको छ । हाल आफ्नै नेता तथा कार्यकर्ता र सुरक्षा प्रमुखहरूले समेत चुनाव हुन नसक्ने भन्ने अभिव्यक्ति दिन थालेपछि प्रधानमन्त्री देउवा केही विचलित हुनुभएको छ । आज बिहान उहाँ कसैलाई थाहा नदिई बिनासुरक्षा निजी मोटर चढेर बाहिर निस्केको खबर छ । उहाँ कमलादीस्थित अमेरिकी राजदूतको निवास र त्यसपछि प्रकाश कोइरालाको निवास जानुभएको खबर छ ।

## २०५९ भदौ ३१ गते सोमबार

हालको परिस्थितिका बारेमा विचार–विमर्शका लागि विभिन्न राजनीतिक दलका नेताबीच अनौपचारिक भेटघाट भइरहेको छ । १० दलको भाषा विश्लेषण गर्दा उनीहरूले 'अग्रगामी परिवर्तन' भन्ने शब्द प्रयोग गर्न थालेका छन्, जुन माओवादीले प्रयोग गर्ने शब्द हो ।

प्रधानमन्त्री शेरबहादुर देउवाको विरोध गर्दै आयोजित नेपाल बन्दका बीच आज स्नातक तहको परीक्षा निर्बाध सञ्चालन भएको छ ।

प्रकाश कोइराला आज छोरी मनीषालाई भेट्न मुम्बई जानुभएको छ । उहाँले गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवाबीच मध्यस्थकर्ताको भूमिका खेल्न थालेकाले यही अवसरमा भारतीय नेतालाई भेट्ने सम्भावना पनि छ ।

आसन्न चुनाव हुन नसक्ने अवस्थाका बारेमा सबै राजनीतिक दललाई अवगत छ । तर कसैले पनि खुलेर भन्न सकेका छैनन् । माओवादी सहित सबै दल दरबारका विरूद्ध गएको देखिन्छ । सञ्चार माध्यमहरू पनि दरबारको विरोधमा नै रहेका देखिन्छन् ।

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले आज श्री ५ बाट मनोनीत सांसद

रमेशनाथ पाण्डेलाई भेट्नुभयो । भेटमा उहाँले 'सरकारसँग दर्शनभेट खोजेको छु, काङ्ग्रेसको चुनाव चिह्नको फैसला नगर्न राजालाई खबर गरिदिनुस्' भन्नुभएछ । निर्वाचन आयोगले आज काङ्ग्रेसको चुनाव चिह्न सम्बन्धी निर्णय गर्ने तयारी गरिरहेको थियो ।

आजै सरकारसँग बेलायती ब्रिगेड अफ गोर्खाजका कर्णेल कमान्डेन्ट जनरल सर शाम काओनले दर्शनभेट गर्नुभयो । त्यस अवसरमा उहाँले 'बेलायती सेनाको गोर्खा सैन्य भर्तीमा भूतपूर्व सैनिक सङ्गठन (गेसो) ले अवरोध पुर्‍याइरहेको बताउनुभयो । साथै गेसोले भूतपूर्व गोर्खासँग चन्दा उठाएर नेपालका वामपन्थीलाई लगानी गरिरहेको जानकारी गराउनुभयो । गेसोका अध्यक्ष र कम्युनिस्ट नेता सीपी मैनालीबीच राम्रो सम्बन्ध रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, 'गेसोले भूपू गोर्खासँग उठाएको चन्दा रकम निकै ठूलो छ । तर त्यो रकमको कुनै पारदर्शिता छैन ।' उहाँले आफूपछि ब्रिटिस गोर्खाजको नयाँ कर्णेल कमान्डेन्ट हाल रोयल मिल्ट्री एकेडेमी (स्यान्डहर्स्ट) का कमान्डेन्ट लेफ्टिनेन्ट जनरल ट्राउज डेल हुने जानकारी पनि गराउनुभएको थियो ।

सरकारबाट काओनलाई 'शाही नेपाल सेनालाई बेलायती सरकार, सेना तथा तपाईंको तर्फबाट भएको सहयोगप्रति धन्यवाद छ' हुकुम भयो । साथै राष्ट्रिय अनुसन्धान विभाग र सेनाको गुप्तचर विभागलाई मजबुत बनाउन सहयोग गर्न अनुरोध गरिबक्स्यो ।

## २०५९ असोज १ गते मङ्गलबार

मण्डिखाटारमा काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाकी छोरी सुजाताको घर छ । कोइराला अति गोप्य विषयमा विचारविमर्श गर्नुपर्‍यो भने कि विराटनगर जानुहुन्छ कि सुजाताको घर । आज सुजाताको घरमा कोइराला पक्षका नेता र सांसदहरूको बैठक बस्यो । बैठकले प्रधानमन्त्री शेरबहादुर देउवामाथि गरिएको कारबाही फिर्ता नगर्ने तर उहाँको पक्षमा लागेका मन्त्री र सांसदहरूलाई पार्टी एकताको आह्वान गरेर बोलाउने निर्णय गर्‍यो । बैठकमा कोइरालाले भन्नुभयो, 'राजाले देउवालाई माध्यम बनाएर प्रजातन्त्रका विरूद्ध षड्यन्त्र गर्दै छन् । देउवा अब कुनै पनि पार्टीको नभएकाले अर्को व्यक्तिलाई प्रधानमन्त्री बनाउन माग गरौँ । प्रजातन्त्रका विरूद्ध षड्यन्त्र गरिएको होइन भने राजाले काङ्ग्रेसको सिफारिसमा नयाँ प्रधानमन्त्री बनाउने प्रस्ताव स्वीकार गरून् । म पनि दरबारलाई सहयोग गर्न तयार छु । यदि राजाले मलाई सहयोग गरेनन् भने मैले पनि दरबारलाई ठीक पार्न जानेको छु ।'

गृहमन्त्री खुमबहादुर खड्काले सरकारको दर्शनभेट मागिरहनुभएको छ । पटक–पटक माग्दा पनि दर्शनभेटको समय नमिलेपछि उहाँ 'दरबारलाई मैले सहयोग गरेँ, दरबारको पछि लागेँ तर अहिले धोका पाएँ, बरु गृहमन्त्रीबाट राजीनामा गरी अर्को समूह बनाएर गणतन्त्रको अभियानमा लाग्छु' भनेर हिंड्न थालेको बुझिएको छ । उता, प्रधानमन्त्री देउवाको पनि महाराजाधिराजप्रति गुनासो छ । उहाँ आफूनजिकका नेताहरूसँग भन्नुहुँदो रहेछ, 'राजाले चुनाव चिह्न (रूख) दिलाएनन् । प्रतिनिधिसभा भङ्ग गर्दा चुनाव चिह्न

दिलाउँछु भनेका थिए । चुनाव चिह्न मलाई नदिए पनि कम्तीमा फ्रिज गरिदिएको भए राम्रो हुन्थ्यो । राजाले धोका दिए । मैले दरबारले भनेको सबै गरेँ तर दरबारले मेरो एउटा कुरा पनि मानेन । राजाले यो अवस्थामा पुऱ्याए पनि हामी एकजुट हुनुपर्छ । अहिले मन्त्रिपरिषद् विस्तार गर्ने कुरातिर नलागौँ । झनै धोका हुन सक्छ ।' काङ्ग्रेसको चुनाव चिह्नको फैसलाप्रति धेरैतिरबाट आलोचना भइरहेको छ । चुनाव चिह्न रूख प्रधानमन्त्रीको पार्टीलाई दिन सकेमा उहाँलाई केही राहत हुन्छ भन्ने हाम्रो सुझाव थियो । तर त्यसो भएन । देउवानिकट नेताहरू प्रदीप गिरी र शरतसिंह भण्डारी अदालत जाने कुरा भइरहेको बुझिन्छ । तर के विषयमा हो त्यो स्पष्ट भएको छैन । सायद निर्वाचन चिह्नको विषयलाई लिएर हुन सक्छ ।

अवकाशप्राप्त प्रधान सेनापति र प्रमुख सैनिक सचिवलाई सरकारबाट उपहारस्वरूप मोटर दिने चलन छ । त्यस अनुसार हालै अवकाशप्राप्त प्रधान सेनापति प्रज्वल्लशमशेर जबरालाई कस्तो किसिमको मोटर लिने हो भनेर रोज्न, क्याटलग पठाउन खबर भएको छ ।

पूर्वगृहमन्त्री गोविन्दराज जोशीले 'यो निर्वाचन काङ्ग्रेसलाई फुटाउने दरबारको चालबाजी र नाटक हो' भन्नुभएको छ । माओवादीले 'दरबारको चुनाव नगराउने षड्यन्त्र छ' भन्ने गरेका छन् । एमालेले पनि आफ्नो सर्कलमा 'दरबारको चुनाव गराउने योजना नै छैन' भन्ने गरेको मलाई खबर आएको छ ।

माओवादीनिकट विद्यार्थी सङ्गठन अखिल (क्रान्तिकारी) ले आज १३ सूत्रीय माग राखी आन्दोलनमा उत्रने चेतावनी दिएको छ ।

श्री ५ को सरकारका तर्फबाट निर्वाचन आयोगका पदाधिकारीलाई जिल्ला भ्रमण गर्न अनुरोध गर्दा खासै चासो नदेखाएको सूचना प्राप्त भएको छ ।

गत राति एमाले महासचिव माधवकुमार नेपालको कोटेश्वरस्थित निवासमा पार्किङ गरेर राखेको जिपको क्यासेट चोरी भएको सूचना आएको छ ।

यी सबै विषय मैले महाराजाधिराजमा जाहेर गरेँ ।

## २०५९ असोज ६ गते आइतबार

गत साता खासै उल्लेखनीय कुनै घटना भएन । तर राजनीतिक गतिविधि भित्रभित्रै भुसमा लागेको आगो जस्तै बढेर गएको छ । मलाई देशमा छिट्टै कुनै पनि किसिमको राजनीतिक परिवर्तन हुन सक्छ भन्ने पूर्वजानकारी छँदै छ । झन्डै एक साताअघि सरकारबाट मलाई विशेष टास्क बक्सेको छ । त्यस अन्तर्गत देशमा राजनीतिक तथा संवैधानिक सङ्कट आए कसरी पार लगाउने भनेर योजना बनाइरहेको छु । यो कुरा कसैलाई थाहा छैन । अत्यन्त गोप्य ढङ्गबाट गरिरहेको छु ।

चिनियाँ राजदूतले बेलायतको सुझाव अनुसार बन्न लागेको सिभिल मिलिटरी क्याम्पेन प्लानको सम्बन्धमा शङ्का व्यक्त गर्नुभएको छ ।

मलाई काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले भेट्न खोज्नुभएको छ । के

विषयमा कुरा गर्ने भन्ने चाहिं केही खबर छैन । उहाँ जस्तो व्यक्तिले भेट्न खोजेपछि पक्कै पनि कुनै न कुनै एजेन्डा त होला । यो कुरा मैले महाराजाधिराजलाई जाहेर गर्नुपर्ने हुन्छ ।

प्रधानमन्त्री शेरबहादुर देउवाले सरकारको दर्शनभेट नपाएको धेरै भइसकेको थियो । तर आज सरकारबाट उहाँलाई समय बक्सेको छ । सरकार र प्रधानमन्त्रीबीच अलिक खटपट भएको जस्तो देखिएको छ । प्रधानमन्त्रीले दर्शनभेटमा के कुरा गर्ने भनेर साथीहरूसँग विचार-विमर्श गर्दा के भन्नुभएको रहेछ भने, 'ढिलै भए पनि आज दर्शनभेट पाउँदै छु । दुई कुरा स्पष्ट रूपमा राख्छु । एक, सकिबक्सन्छ भने पूरै लिए हुन्छ, हामी जेलमा बसेर सहयोग गर्छौं । दुई, यदि प्रजातान्त्रिक ढङ्गबाट अगाडि बढ्ने हो भने मेरो नेतृत्वमा सर्वदलीय सरकार बनाएर सबै मिलेर माओवादीलाई क्रस गर्नुपर्छ । सबैलाई अन्योलमा राखेर दरबारले के पाउँछ ? गिरिजालाई सोध्नुस्, उनी के चाहन्छन् ? सबैलाई भारतले खेलाएको छ ।'

त्यसै बेला प्रधानमन्त्री देउवाले भन्नुभएछ, '२०४६ सालको प्रजातान्त्रिक उपलब्धि बचोस् या नबचोस्, मलाई कुनै सरोकार छैन । एउटा पार्टीभित्र त विश्वासको वातावरण छैन भने यी सारा पार्टीलाई कसरी विश्वासमा लिन सकिएला र ? चुनाव नभए राजाको हातमा शक्ति जान्छ । त्यसपछि कि सम्झौता हुन्छ कि वारपारको लडाइँ चल्छ ।'

प्रधानमन्त्री-पत्नी डा. आरजु देउवाले गत असोज ४ गते पूर्व प्रधान सेनापति धर्मपालवरसिंह थापालाई डिनरमा बोलाउनुभएको रहेछ । यस विषयमा विस्तृत बुझ्न सेनालाई खबर भएको छ ।

प्रधानमन्त्री देउवा र भूतपूर्व प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दबीच पनि कुरा भएको छ । देउवाले चन्दसँग के भन्नुभएछ भने, 'मलाई राजाले धोका दिए मैले पनि जानेको छु । राजाको विषयमा म पनि केही कुरा सार्वजनिक गरिदिन्छु । सबैले स्वीकार गर्न सक्ने प्रधानमन्त्रीको उम्मेदवार म नै हो । चुनाव भए पनि नभए पनि प्रधानमन्त्रीको अर्को विकल्प छैन ।'

राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्मालाई सरकारबाट आजै साढे ५ बजे दर्शनभेट बक्सेको छ । यसपछि लगत्तै साढे ६ बजे प्रधान सेनापति प्यारजङ्ग थापालाई दर्शनभेट बक्स्यो । उक्त दर्शनभेटमा म नबसेकाले के विषयमा कुरा भयो, मलाई थाहा भएन ।

सरकारमा आजै मेरो पनि जाहेरी भयो । देशको राजनीतिक अवस्थाबारे जाहेर गरिसकेर मैले सरकारलाई थप के कुरा पनि बिन्ती गरें भने, 'सरकार धेरै व्यस्त भइबक्स्यो । धेरै धपेडीका कारण सरकारको गाथमा प्रतिकूल असर पर्न सक्छ । त्यसो हुँदा सरकारबाट केही दिन पूरा आराम गरिबक्सनुपर्छ ।' आजको जाहेरीमा अपरेसन सम्बन्धी विषयमा सबै सुरक्षा निकायहरूले सेनासँग सल्लाह गर्नुपर्ने कुरा तय भएको छ । 'अपरेसन सम्बन्धी कुनै विषय बाहिर ल्याउनुपर्दा सेनासँग सल्लाह गर्न' सरकारबाट हुकुम बक्सेको छ । साथै, अपरेसन सम्बन्धी विषयमा के भइरहेको छ भनेर सेनाले सबै नेपाली

राजदूतावासमा रहेका सैनिक सहचारीलाई जानकारी गराइरहने पनि निर्देशन बक्सेको छ । आजै असोज १६ गते सबै सुरक्षा निकायका प्रमुखलाई डिनरसहितको सामूहिक दर्शनभेट बक्सने कार्यक्रम तय भयो ।

ब्रिटिस सरकारका तर्फबाट रक्षासचिव मदनकुमार अर्याल, राष्ट्रिय सुरक्षा परिषद्का सहसंयोजक उपरथी रुक्माङ्गद कटवाल र सेनाको डीएमआई सहायक रथी दिलीप रायमाझीलाई अक्टुबर १ देखि ४ सम्म बेलायत भ्रमणको निम्ता थियो । यो मन्त्रिपरिषद्बाट पारित हुनुअघि सरकारमा जाहेर हुने विषय हो । सरकारबाट स्वीकृति बक्सेपछि मात्र यो प्रस्ताव मन्त्रिपरिषद्मा जाने गरेको छ । यसबारे सरकारबाट स्वीकृति बक्सेको छ ।

## २०५९ असोज ७ गते सोमबार

निर्वाचन आयोगमा राजनीतिक दलहरूको आज बसेको सर्वदलीय बैठकमा निर्वाचनमा सुरक्षा स्थितिबारे दलहरूले अनेक जिज्ञासा राखे । गृहमन्त्री खुमबहादुर खड्काले उनीहरूलाई सुरक्षा स्थितिबारे आश्वस्त पार्न नसकेपछि बैठक बिनानिष्कर्ष सकिएको थियो । बैठकमा छ प्रमुख राजनीतिक दलका प्रतिनिधिले भाग लिएका थिए । बैठकका विषयमा प्रमुख निर्वाचन आयुक्त अच्युतनारायण राजभण्डारीबाट पनि जानकारी आएको थियो ।

आजै सुरु भएको एमाले केन्द्रीय कमिटीको बैठकमा महासचिव माधवकुमार नेपालले राजनीतिक प्रतिवेदन पेस गर्नुभएको छ । बैठकले गर्ने निर्णयबारे मलाई पहिले नै जानकारी आइसकेको छ । एमाले देउवाको नेतृत्वमा पुनर्गठन हुने सरकारमा सहभागी हुने प्रयासमा छ ।

## २०५९ असोज ९ गते बुधबार

राजनीतिक गतिविधि तीव्र रूपमा अघि बढिरहेको बेला राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्मासँग मेरो नियमित सम्पर्क भइरहेको छ । उहाँको विश्लेषण छ, 'विपक्षी दलहरू माओवादीको जालमा फस्दै छन् । सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्द आ–आफ्नै ढङ्गले प्रचार गर्दै हिंडिरहेका छन् । उनीहरू देउवालाई हटाएर आफैं प्रधानमन्त्री हुने दाउमा छन् । धारा १२७ बाट सरकार गठन गर्दा पनि अहिलेको राजनीतिक सङ्कटको निकास राजनीतिक पार्टी र नागरिक समाजबाटै हुनुपर्छ । महाराजाधिराजबाट धारा १२७ को प्रयोग गर्ने तर सरकारको नेतृत्व राजनीतिक पार्टीका नेताले नै लिएको हुनुपर्छ ।'

प्रधानमन्त्री शेरबहादुर देउवाले अहिलेको राजनीतिक समस्याबाट कसरी पार पाउने भनेर बाटो खोजिरहनुभएको छ । काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले आज एमाले महासचिव माधव नेपालको घर गएर विकसित राजनीतिका बारेमा छलफल गर्नुभएको छ । आजै उहाँले राप्रपा अध्यक्ष सूर्यबहादुर थापालाई समेत भेट्नुभएको छ । त्यहाँ के कुरा भयो, थाहा हुन सकेको छैन ।

## २०५९ असोज १० गते बिहीबार

असोज ७ गते सुरु भएको एमाले केन्द्रीय कमिटीको बैठक आज सकियो । बैठकले वर्तमान अवस्थामा चुनाव सम्पन्न हुन नसक्ने निष्कर्ष निकाल्दै संवैधानिक विकल्पका लागि प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा सर्वदलीय सरकारमा सहभागी हुने निर्णय गरेको छ । संविधानको धारा १२७ को बाधा–अडचन फुकाउ अधिकार अनुसार संसद् पुनःस्थापना गर्दा प्रतिगमन हुन सक्ने खतरा रहेको भन्दै एमाले यसको विपक्षमा उभिएको छ ।

## २०५९ असोज १२ गते शनिबार

सुरक्षाको कारण देखाएर राजनीतिक दलहरूले निर्वाचन हुन सक्दैन भन्ने धारणा सार्वजनिक गरिरहेका छन् । यसैबीच, निर्वाचन आयोगले सुरक्षा निकायको सिफारिसमा मध्यावधि निर्वाचन छ चरणमा गर्न निर्वाचन कार्यक्रम सार्वजनिक गरेको छ । कार्यक्रम अनुसार कात्तिक २७ गते निर्वाचन प्रक्रिया सुरु भई पुस २६ गते मतदान सम्पन्न गर्ने कार्यक्रम छ ।

## २०५९ असोज १३ गते आइतबार

भारतका लागि नेपालका राजदूत डा. भेषबहादुर थापा काठमाडौं आउनुभएको छ । प्रधानमन्त्रीले नै बोलाएर आएको हो भन्ने खबर आएको छ । उहाँ आएपछि प्रधानमन्त्रीले धारा १२७ लागू गर्नुअघि धारा ११५ लागू हुनुपर्ने कुरा गर्न थाल्नुभएको छ । धारा ११५ का केही प्रावधान निलम्बन गरेर मात्र धारा १२७ क्रियाशील हुन सक्छ भन्ने उहाँको जिकिर छ ।

प्रमुख सात राजनीतिक दलको आज बसेको सर्वदलीय बैठकले मुलुकमा विद्यमान जटिल परिस्थितिमा चुनाव हुन नसक्ने ठहर गरेको छ । प्रधानमन्त्री निवास, बालुवाटारमा आयोजना गरिएको सो बैठकमा सर्वदलीय सहमतिका आधारमा कात्तिक २७ गते घोषित निर्वाचनको विकल्पको खोजी गर्ने सहमति भएको छ । देशमा सुरक्षा व्यवस्था कमजोर रहेका कारण चुनाव हुन नसक्ने ठहर गर्दै उपयुक्त निकास खोज्न प्रधानमन्त्री शेरबहादुर देउवालाई जिम्मा दिएको छ । देउवा प्रतिनिधिसभा पुनःस्थापनाको विपक्षमा हुनुहुन्छ । त्यो गिरिजाप्रसाद कोइरालाको माग हो, जसको विपक्षमा एमाले पनि उभिएको छ । त्यसैले प्रधानमन्त्री चुनाव पर सार्ने पक्षमा हुनुहुन्छ ।

## २०५९ असोज १४ गते सोमबार

पार्टीहरूको हिजोको निर्णयपछि आज महाराजाधिराजबाट काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालालाई दर्शनभेट बक्सेको छ । आज पनि उहाँहरूबीच कुरा मिलेन जस्तो देखिन्छ । गिरिजा पाए आफू नभए पनि आफ्नो पार्टीको युवा पुस्ताको नेतालाई प्रधानमन्त्री बनाएर प्रतिनिधिसभा पुनःस्थापना गर्ने पक्षमा हुनुहुन्छ । तर सरकारबाट यो कुरा मानिबक्सेको छैन ।

वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा काङ्ग्रेस प्रजातान्त्रिकको राष्ट्रिय भेला सम्पन्न भयो । झन्डै सात-आठ सय नेता-कार्यकर्ताको उपस्थिति थियो । काङ्ग्रेस प्रजातान्त्रिकलाई आजै निर्वाचन आयोगले कलश चिह्न प्रदान गरेको छ ।

मन्त्रिपरिषद्को आज बसेको बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवाले सर्वदलीय राजनीतिक सहमतिका आधारमा चुनाव पछि सार्न प्रस्ताव राख्नुभयो । केही मन्त्रीले त्यसको विरोध गरे । 'सुरक्षाका कारण चुनाव सार्ने' प्रधानमन्त्रीको तर्कप्रति गृहमन्त्री खड्काले तीव्र असन्तोष र असहमति प्रकट गर्नुभयो । उहाँलेसुरक्षा निकायबाट सहयोग प्राप्त भएमा चुनाव तोकिएको मितिमा सम्पन्न हुन सक्ने अडान राख्नुभएको थियो ।

## २०५९ असोज १६ गते बुधबार

नेपालको तरल राजनीतिक अवस्था, अस्थिरता र अन्योलबीच नेपालका लागि पूर्व भारतीय राजदूत केभी राजन अकस्मात् काठमाडौं आउनुभएको छ । नेपाल आउने उहाँको पूर्वनिर्धारित कार्यक्रम थिएन । आउनासाथ उहाँले विभिन्न राजनीतिक पार्टीका नेतासँग भेटघाट सुरु गर्नुभएको छ । प्राप्त सूचना अनुसार अहिलेको अन्योलमा प्रधानमन्त्री शेरबहादुर देउवालाई हटाएर सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाउने लक्ष्यमा उहाँको भ्रमण केन्द्रित छ ।

काङ्ग्रेस प्रजातान्त्रिकका मन्त्री, राज्यमन्त्री र सांसद सहित २५ जनाको समूहले प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटी चुनावको मिति नसार्न सुझाव दिएको छ ।

होटल याक एन्ड यतीमा गृहमन्त्री खुमबहादुर खड्का र उहाँका निकटस्थ सांसदहरूबीच तीन घण्टा लामो गोप्य छलफल भएको छ । त्यस भेलाले पनि चुनाव सार्न नहुने र सर्वदलीय सरकार गठन गर्न नहुने अडान प्रधानमन्त्री समक्ष राख्ने निर्णय गरेको छ ।

आज महाराजाधिराजबाट एमाले महासचिव माधवकुमार नेपाललाई दर्शनभेट बक्स्यो ।

सरकारबाट साँझ सबै सुरक्षा निकायका प्रमुखहरूलाई डिनर बक्सेको थियो । डिनरमा देशको समसामयिक विषयमा बाहेक भावी योजनाबारे केही कुरा भएन ।

## २०५९ असोज १७ गते बिहीबार

पूर्व भारतीय राजदूत केभी राजन याक एन्ड यती होटलमा बस्नुभएको छ । उहाँले प्रधानमन्त्री शेरबहादुर देउवा, सूर्यबहादुर थापा र अरू पनि धेरै नेतासँग पालैपालो भेट गरिरहनुभएको छ । कसैलाई लन्चमा बोलाउनुभएको छ भने कसैलाई डिनरमा । उहाँ एकदमै व्यस्त हुनुहुन्छ । गुप्तचर रिपोर्ट अनुसार राजनको मिसन काङ्ग्रेसलाई एक गराउने र संसद् पुनःस्थापना गराउने पनि हो ।

प्रधानमन्त्री शेरबहादुर देउवाले लगातार प्रदीप गिरी र डा. प्रकाशशरण महतसँग भेट गरिरहनुभएको छ । उहाँहरूबीच चुनावलाई पछि सार्ने विषयमा गोप्य छलफल

भएको हुन सक्छ ।

नेपाली काङ्ग्रेस (गिरिजा पक्ष) ले देउवाको नेतृत्वमा रहेको सरकारमा सामेल नहुने पूर्वधारणामा पुनर्विचार गर्ने सोचाइ बनाएको भन्ने कुरा आएको छ ।

मन्त्रिपरिषद्को आज बसेको आकस्मिक बैठकले शान्ति-सुरक्षाका कारण निर्वाचन हुन नसक्ने ठहर गरेको छ । प्रधानमन्त्री देउवाले कात्तिक २७ गते घोषित चुनाव हुन नसक्ने भन्दै चुनावको समय एक वर्षभन्दा पछि सार्न प्रस्ताव पेस गर्नुभयो । मन्त्रिपरिषद् ले उहाँको प्रस्ताव अनुसार नै श्री ५ महाराजाधिराज समक्ष सिफारिस गर्ने निर्णय गरे पनि यो सर्वसम्मतिबाट भएको निर्णय होइन (केही वरिष्ठ मन्त्रीले प्रधानमन्त्रीको प्रस्तावको विरोध गरेका छन्) । यसका लागि आज मन्त्रिपरिषद्को बैठक दुई पटक बसेको थियो । बैठकले 'नेपाल अधिराज्यको संविधानको धारा १२७ प्रयोग गरी कात्तिक २७ गतेको चुनाव २०६० साल मङ्सिर ३ गते सार्न श्री ५ मा सिफारिस गर्ने' निर्णय गरेको हो । मन्त्रिपरिषद्को निर्णय तत्काले दरबारमा आइहाल्यो ।

विपक्षी दलका नेता तथा संविधानविद्हरूले चुनाव पछि सार्न मन्त्रिपरिषद्ले गरेको सिफारिस संविधानको प्रस्तावना विपरीत भएको प्रतिक्रिया दिएका छन् । यो सिफारिस प्रधानमन्त्रीको सत्ता लम्ब्याउने खेल हो भन्ने उनीहरूको टिप्पणी छ ।

प्रधानमन्त्री शेरबहादुर देउवाले चुनाव एक वर्षभन्दा पछि सार्ने सिफारिस गरेपछि महाराजाधिराजबाट विभिन्न राजनीतिक पार्टीका नेता, संवैधानिक अङ्गका प्रमुख तथा बुद्धिजीवीसँग छलफल प्रारम्भ गरिबक्सेको छ । यस क्रममा मौसुफबाट सभामुख तारानाथ रानाभाट, राष्ट्रिय सभाका अध्यक्ष डा. मोहम्मद मोहसिन, राजपरिषद् स्थायी समितिका सभापति डा. केशरजङ्ग रायमाझी, काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला, एमाले महासचिव माधवकुमार नेपाल, राप्रपा अध्यक्ष सूर्यबहादुर थापा, सद्भावना पार्टीका कार्यवाहक अध्यक्ष बद्रीप्रसाद मण्डल, नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छे, अन्य राजनीतिक दलका नेताहरू, पूर्वप्रधानमन्त्री कीर्तिनिधि विष्ट, लोकेन्द्रबहादुर चन्द र मरीचमानसिंह श्रेष्ठलाई छुट्टाछुट्टै दर्शनभेट बक्सी प्रधानमन्त्रीको सिफारिस सम्बन्धमा छलफल गरिबक्स्यो ।

आजै सरकार दक्षिण एसियाली मुलुकमा सम्पदा संरक्षण तथा पर्यटन वास्तुकला सम्मेलनको समुद्घाटन गर्न वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र सवारी होइबक्सेको थियो ।

निर्वाचन पछि सार्ने मन्त्रिपरिषद्को निर्णय राजदरबारमा आएपछि मैले आज सबै सुरक्षा निकायका प्रमुखहरूलाई 'अहिलेको तरल राजनीतिक अवस्थाबारे तपाईंहरूलाई थाहै छ, यस्तो बेला सरकारबाट कुनै न कुनै कदम चालिबक्सने सम्भावना छ, सुरक्षाको तैनाथी राम्रो गर्न स्ट्यान्डबाई रहनुहोला, सबैलाई भोलि बिहान साढे ११ बजे सरकारबाट दर्शनभेट बक्सने कार्यक्रम तय भएको छ' भनेर खबर गरेँ ।

सरकार निकै अबेरसम्म अफिसमा होइबक्सेकाले हामी पनि रातिसम्मै कार्यालयमा बस्यौं । संवैधानिक उपाय के हुन सक्छ भनेर हामी सचिवहरूबीच विभिन्न विकल्पका बारेमा विचार-विमर्श भयो । महाराजाधिराजका सामु हाल दुई वटा विकल्प छन् । एउटा, प्रधानमन्त्रीले सिफारिस गरे अनुसार चुनाव पछि सार्ने र अर्को, प्रधानमन्त्रीलाई हटाएर

'टेक ओभर' गर्ने । 'टेक ओभर' गर्ने भए कतिसम्मका लागि गर्ने र कसरी गर्ने भन्ने विषयमा लामो छलफल चल्यो । 'टेक ओभर' गर्दा राजनीतिक पार्टी एकातिर र माओवादी अर्कातिर हुन्छन् । यस्तो अवस्थामा राजनीतिक पार्टी र माओवादीसँग छुट्टाछुट्टै डिल गर्न सकिन्छ कि सकिँदैन ? यदि राजनीतिक दल र माओवादी मिले भने त्यति बेला के गर्ने ? यस्ता प्रश्नहरूबारे विश्लेषण गर्दा अहिले यति जोखिमपूर्ण निर्णय लिन ठीक हुँदैन भन्ने कुरा आयो ।

त्यसको लगत्तै छलफलले अर्को मोड लियो । प्रधानमन्त्री देउवाले संविधानको धारा ५३ को ४ बमोजिम धारा १२७ को प्रयोग गर्ने भनेर सिफारिस गर्नुभएको छ । चुनाव गर्न नसक्ने भएपछि उहाँले राजीनामा गर्नुपर्दथ्यो । राजीनामा पनि नगर्ने, चुनाव पनि नगराउने र जसरी भए पनि प्रधानमन्त्रीमा आफैं बसिरहने मनस्थितिमा देखिनुभएको छ देउवा । त्यही भएर महाराजाधिराजलाई पनि अप्ठ्यारो परेको छ । यस्तो बेला दरबारले एउटा नजिर स्थापना गरेर राजनीतिक पार्टीलाई छोडिदिने कि भन्ने पनि कुरा आयो । अन्ततः प्रधानमन्त्री देउवालाई हटाउनुपर्ने निधो भयो ।

संवैधानिक रिक्तताका बेला प्रयोग गर्न धारा १२७ को व्यवस्था भएको भनेर यसअघि नै व्याख्या भइसकेको छ । त्यसैले यो धारा आकर्षित गरेर अगाडि बढ्नुपर्छ भन्नेमा हामीबीच एकमत भयो । सरकारले प्रधानमन्त्रीलाई बर्खास्त गरेर शाही घोषणा मार्फत केही समयका लागि आफैँले कार्यकारिणी अधिकार लिने र तत्कालै धारा १२७ कै प्रयोग गरी अर्को राजनीतिक विकल्प खोज्ने भनेर निर्णय गरियो । यो दरबारका पाँच जना महत्त्वपूर्ण सचिवको निर्णय थियो । यस्तो निर्णय गर्नेहरू प्रमुख सचिव पशुपतिभक्त महर्जन, संवाद सचिव मोहनबहादुर पाण्डे, निजी सचिव सुदन पोखरेल, सागरप्रसाद लिमिल्सिना र सैनिक सचिव अर्थात् म थियौं । यो निर्णयपछि हामीले 'अहिले संविधानको धारा १२७ प्रयोग गर्ने, प्रधानमन्त्री बर्खास्त गर्ने र चुनाव पनि हाललाई स्थगित गर्ने तर त्यसपछि तत्कालै पुनः संवैधानिक प्रक्रिया सुरु गर्न सभामुख तारानाथ रानाभाटलाई प्रधानमन्त्री बनाउने' भनेर महाराजाधिराजलाई सल्लाह दियौं । यसो गर्दा विघटित प्रतिनिधिसभालाई नै निरन्तरता दिए जस्तो पनि हुनेछ भन्ने हाम्रो तर्क थियो ।

## २०५९ असोज १८ गते शुक्रबार

विगत केही साताअघिदेखि राजनीतिक घटनाक्रमले मुलुक अन्योलग्रस्त र दिशाहीन बन्दै गइरहेको थियो । सायद यसै कारण महाराजाधिराजमा केही गर्ने मौका यही हो भन्ने साहस आयो होला । मुलुकलाई एउटा सन्देश दिने गरी अगाडि बढ्ने उपयुक्त मौका यही हो भन्ने ठानिबक्स्यो होला । कमजोर शान्ति-सुरक्षा, चुनाव हुन नसक्ने स्थिति, पार्टीभित्र चर्को खिचातानी र पार्टी-पार्टीबीचको द्वन्द्वले मुलुक च्यापिँदै गएको अवस्थामा दरबारको भूमिका हुनैपर्छ, माओवादी समस्यालाई म आफैं 'डिल' गर्छु भनेर सरकारबाट जोखिम उठाउने निर्णय गरिबक्स्यो होला ।

सरकारको चाहना त 'राजा र दलहरू मिल्ने अनि माओवादीलाई एक्ल्याउने' नै

थियो । त्यसका निम्ति सबैलाई मान्य हुने गरी संयुक्त सरकार बनाउने सोचाइ पनि थियो । तर प्रधानमन्त्री देउवाले त्यतातिर बढ्न दिनुभएन । उहाँले क्षमता पनि देखाउन सक्नुभएन । प्रधानमन्त्री जे गर्न खोज्नुहुन्छ, विफल हुनुहुन्छ । माओवादीसँग वार्ता गरी शान्ति प्रक्रिया अगाडि बढाउन सक्नुहुन्न । न चुनाव गराउन आँट गर्नुहुन्छ । चुनाव एक वर्ष पछि सार्ने निर्णय गर्नुभएको छ । जसरी पनि आफू सत्तामा रहने मात्र योजना छ उहाँको । यसरी प्रधानमन्त्रीले जेजे गरे पनि दरबारले साथ दिनु हुन्न भन्ने निष्कर्ष महाराजाधिराजले निकालिबक्स्यो । घोषित मितिमा चुनाव गराउने आँट गर्नुभयो भने साथ दिने नत्र भने उहाँलाई हटाएर उपयुक्त र सर्वदलीय सहमतिका आधारमा नयाँ प्रधानमन्त्रीको चयन गर्ने मनस्थितिमा महाराजाधिराज पुगिबक्सेको थियो । त्यही अनुसार भित्री रूपमा म झन्डै तीन साताअघिदेखि सरकारको निर्देशन बमोजिम गोप्य रूपले काम गरिरहेको थिएँ । टिम सानो थियो ।

सरकारबाट आज पनि विभिन्न राजनीतिक पार्टीका नेता र बुद्धिजीवीलाई दर्शनभेट बक्स भयो । साथै बिहान साढे ११ बजे सबै सुरक्षा निकायका प्रमुखहरूलाई दर्शनभेट बक्स्यो । सो अवसरमा मौसुफबाट उहाँहरूलाई विभिन्न विषयमा जानकारी तथा निर्देशन बक्सेको थियो ।

सरकारबाट आज नै कुनै पनि किसिमको कदम चाल्न उपयुक्त छ भन्ने ज्योतिषीहरूको राय थियो । उनीहरूले ग्रह, नक्षत्र सबै हेरेर राति १० बजेपछि घोषणा गर्नु उपयुक्त हुन्छ भन्ने सुझाव दिएका थिए । त्यस अनुसार १० बजेर ४५ मिनेटको साइत निस्केको थियो ।

हामी पाँर जना सचिवहरूले मिलेर शाही घोषणाको मस्यौदा तयार गर्‍यौँ । र, सरकारमा सामूहिक जाहेरीका लागि गयौँ । मस्यौदामा रहेका प्रत्येक शब्दको लेखाजोखा भयो र परिमार्जन पनि । प्रधानमन्त्री देउवालाई के आरोप लगाउने भन्नेबारे शब्द खोज्न निकै कसरत गर्नुपर्‍यो । मुख्यतः उहाँले आफैँले चुनावको मिति घोषणा गरेर आफैँले चुनाव गराउन नसक्ने भनी चुनावको मिति एक वर्ष पछि सार्नुभएको थियो । त्यसलाई व्यक्त गर्न के भन्नु उपयुक्त हुन्छ भन्ने क्रममा सचिवहरूले धेरै शब्द निकाल्नुभयो । मैले 'चुनाव गराउन नसक्ने असक्षम' शब्द प्रयोग गर्दा ठीक हुन्छ होला भनेँ । कसैले यो शब्दको विरोध गर्नुभयो भने कसैले समर्थन । अन्ततः सरकारबाट 'यही शब्द ठीक हुन्छ' हुकुम भयो । यसरी प्रधानमन्त्रीका लागि 'असक्षम' शब्द राखी शाही घोषणा तयार भयो ।

राति १०:४५ बजे सरकारबाट शाही घोषणा मार्फत प्रधानमन्त्री शेरबहादुर देउवालाई पदमुक्त गरिबक्सी मन्त्रिपरिषद् समेत विघटन गरिबक्स्यो । अर्को व्यवस्था नभएसम्मका लागि कार्यकारिणी अधिकार मौसुफ स्वयंले ग्रहण गरिबक्स्यो । कात्तिक २७ गतेको चुनाव पनि स्थगित गरिबक्स्यो । साथै मौसुफबाट सरकारको नेतृत्वका लागि आमनिर्वाचनमा उम्मेदवार नहुने तथा स्वच्छ छवि भएका व्यक्तिको नाम सिफारिस गर्न सम्पूर्ण राजनीतिक दलहरूसँग आग्रह गरिबक्स्यो ।

## २०५९ असोज १९ गते शनिबार

सरकारको शाही घोषणापछि विभिन्न किसिमका प्रतिक्रिया आइरहेका छन् । देशका विभिन्न स्थानमा शाही घोषणाको समर्थन गर्दै र कहीं विरोधमा पनि ऱ्याली निस्केका छन् । हामीले अनुमान गरेजति विरोधमा राजनीतिक प्रतिक्रिया आएन । राम्रै भयो । शाही घोषणापछि राजनीतिक पार्टीहरू आ–आफ्नो रणनीति बनाउन व्यस्त हुन थालेका छन् । तर उनीहरू पनि आआफैँमा हराइरहेका छन् । एक किसिमको अन्योल र डर–त्रास पनि छ उनीहरूमा ।

आजै दिउँसो १ बजे शेरबहादुर देउवा प्रधानमन्त्री निवासबाट बूढानीलकण्ठस्थित आफ्नो निवास सर्नुभयो ।

सुरक्षा प्रमुखहरूले आआफ्नो मातहतका सबै निकाय मार्फत देशभरको सुरक्षा स्थितिको प्रत्यक्ष निगरानी गरिरहेका छन् । कहींकतै पनि सुरक्षामा तत्काले कुनै पनि किसिमको खतरा आउने जस्तो देखिएको छैन भन्ने उनीहरूको रिपोर्ट छ । आज शनिबार भए पनि सबै सुरक्षा निकायका वरिष्ठ अधिकृतहरूले अरू दिनकै जस्तो गरी आफ्नो ड्युटी सम्हालेका छन् । देशको सुरक्षा व्यवस्थाको विश्लेषण गर्न आज दिउँसो ३ बजे शाही जङ्गी अड्डा, भद्रकालीमा सबै सुरक्षा निकायका प्रमुखहरूको बैठक बस्यो । सुरक्षा निकायहरूलाई मैले विशेष गरी उपत्यकाको सुरक्षा प्रबन्ध राम्रोसँग गर्ने भनेर निर्देशन दिएको छु । त्यही अनुसार बैठकले विस्तृत योजना बनाएर सुरक्षा व्यवस्था मिलाउने निर्णय गरेको छ ।

धेरैले मलाई फोन गरेर 'यो उपयुक्त कदम हो, यसबाट जनताको मौलिक हकमाथि कुनै पनि किसिमको असुविधा परेको छैन' भनेर प्रतिक्रिया दिइरहेका छन् । देशको राजनीतिक अन्योल र अस्तव्यस्ततालाई अन्त्य गर्न यो राम्रो कदम हो भन्ने धेरैको भनाइ छ ।

राष्ट्रिय सभाका उपाध्यक्ष रामप्रीत पासवान आजै उपत्यकाबाहिर जान लागेका रहेछन् । उनलाई सुरक्षाकर्मीले थानकोटबाट फर्काइदिएछन् ।

एमालेले आफ्नो केन्द्रीय कार्यालय, बल्खुमा अपराह्न ५ बजे सबै राजनीतिक पार्टीको बैठक बोलाएको थियो । बैठकमा बर्खास्तीमा परेका प्रधानमन्त्री शेरबहादुर देउवा र सद्भावना पार्टीका नेता मात्र जानुभएको छ । अरू कुनै पार्टी गएनन् । देउवालाई आमन्त्रण गरिएका कारण बैठकमा काङ्ग्रेसले भाग नलिएको हो ।

आज शनिबारको दिन पनि दरबारका हामी पाँच जना सचिव कार्यालय गयौं । सरकार पनि सवारी भई दिनभर काममा व्यस्त होइबक्सेको छ । दिनभर धेरै नै काम भए । सरकारबाट प्रमुख सचिव पशुपतिभक्त महर्जनलाई राजनीतिक फ्रन्ट, मलाई रक्षा र गृह, संवाद सचिव मोहनबहादुर पाण्डेलाई सञ्चार र सचिव सुदनप्रसाद पोखरेल र सागरप्रसाद तिमिल्सिनालाई सामाजिक क्षेत्र जिम्मा लिएर काम गर्नू भनेर हुकुम भयो । त्यस अनुसार हामी सबैले आ–आफ्नो योजना बनायौं । साथै सञ्चार सम्बन्धी काम गर्न सजिलो होस् भनेर मिडिया ह्यान्डलिङ सेल गठन गर्ने निर्णय भयो ।

सरकारबाट सुशासन र भ्रष्टाचार नियन्त्रणमा तत्कालै काम थाल्न हुकुम बक्सेको छ । साथै जनतालाई राहत पुग्ने केही काम पनि गर्नुपर्छ, जनताको दैनिक कहाँ के माग हुन्छ तत्कालै सेवा पुऱ्याउने काम होस् भनेर सदिच्छा राखिबक्सेको छ । डोल्पाको एयरपोर्ट दुई वर्षदेखि बन्द भएकाले त्यस क्षेत्रका मानिसलाई निकै असुविधा भएको थियो । त्यसलाई तुरुन्त चालू गर्न सरकारबाट हुकुम बक्सेको छ । खाद्यान्न अभावका कारण कर्णालीमा कुनै किसिमको समस्या नहोस् भनेर पनि चासो राखिबक्सेको छ । बन्द भएका अन्य एयरपोर्ट पनि सञ्चालन गर्न सेनालाई जिम्मेवारी दिने निर्णय भयो ।

## २०५९ असोज २० गते आइतबार

श्री ५ महाराजाधिराजबाट विभिन्न राजनीतिक दलका नेतासँग स्वच्छ सरकार गठन गर्न परामर्श गरिबक्सेको छ । आज सरकारबाट काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला, एमाले महासचिव माधवकुमार नेपाल, राप्रपा अध्यक्ष सूर्यबहादुर थापा, नेपाल सद्भावना पार्टीका कार्यवाहक अध्यक्ष बद्रीप्रसाद मण्डल, नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छेसँग परामर्श गरिबक्स्यो ।

गृह मन्त्रालयबाट सबै मन्त्रीलाई मन्त्री निवास र आफूले प्रयोग गरेको सवारी साधन छोड्न निर्देशन गयो । गृहसचिव टीकादत्त निरौलाले माओवादीबाट खतरा भएका नेतालाई सुरक्षाको प्रबन्ध गर्नुभयो । यसै सिलसिलामा भूतपूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको मोटर फिर्ता लिन प्रहरीहरू पुगेछन् । उहाँलाई मोटर प्रयोग गर्न दिइ नै रहने भनेर तत्काल आदेश भयो ।

सरकारी तथा अर्धसरकारी निकायमा भएका विभिन्न राजनीतिक नियुक्ति बदर गर्ने निर्णय भएको छ । यसलाई तत्कालै कार्यान्वयन गर्न सरकारबाट हुकुम बक्सेको छ ।

दैनिक उपभोग्य वस्तु (जस्तो : दाल, चामल, चिनी र पेट्रोलियम पदार्थ) को मूल्य घटाएर आम जनतालाई कसरी राहत उपलब्ध गराउन सकिन्छ भनेर सुझाव दिन कार्यटोली बनाउने तय भयो । यस बाहेक राजनीतिक व्यवस्थालाई तत्कालै कसरी एउटा ट्र्याकमा ल्याएर दलहरूलाई सत्ता सुम्पने भन्नेबारे पनि छलफल भयो ।

सरकारबाट आज अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख सूर्यनाथ उपाध्यायलाई दर्शनभेट बक्स्यो । अब भ्रष्टाचार नियन्त्रण सम्बन्धी धेरै कामको थालनी हुन सक्छ । केही भ्रष्ट नेतामाथि छानबिन पनि हुन सक्छ ।

## २०५९ असोज २१ गते सोमबार

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले आयोजना गरेको सर्वदलीय बैठकले दलहरूको सहभागितामा राजनीतिक निकास खोज्न श्री ५ महाराजाधिराज समक्ष आग्रह गर्ने निर्णय गरेको छ । बैठकमा एमाले महासचिव माधवकुमार नेपाल, राप्रपा अध्यक्ष सूर्यबहादुर थापा, जनमोर्चा अध्यक्ष अमिक शेरचनको सहभागिता थियो । साथै

दलहरूले सरकारको सामूहिक दर्शनभेटको प्रयास गरेका छन् । यसैबीच, एमालेले सर्वदलीय बैठकको निर्णयभन्दा छुट्टै धारणा सार्वजनिक गरी संविधानको धारा १२८ अन्तर्गत गठन हुने सरकारमा मात्र सहभागी हुने र त्यो बाहेकको सरकारमा सहभागी नहुने बताएको छ ।

देशमा नयाँ राजनीतिक घटनाक्रम विकसित भएका बेला नेपालका लागि भारतका कार्यवाहक राजदूतले आज एमाले महासचिव माधवकुमार नेपाललाई भेटेका छन् । भेटमा अहिलेको राजनीतिक घटनाक्रमका बारेमा छलफल भएको हुन सक्छ । यति बेला नेपालका लागि भारतीय राजदूतको नियुक्ति भएको छैन ।

गृह मन्त्रालय अन्तर्गतका अधिकृत रइस खानलाई मन्त्रालयमा बोलाएर चोरीका गाडीहरूबारे छानबिन गर्न आदेश दिइएको छ ।

रक्षासचिव मदनकुमार अर्याल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्मा केही दिनअघि बेलायत भ्रमणमा जानुभएको थियो । देशमा यत्रो घटना हुँदा उहाँहरू कार्यक्रम छाडेर भए पनि तत्काल स्वदेश फर्कनुपर्ने थियो । तर उहाँहरू कार्यक्रम सकिएपछि पनि सीधै नेपाल फर्कनुभएन । पेरिस घुम्न जानुभएछ । आज मात्र आइपुग्नुभयो । मैले उहाँहरूलाई आजै स्पष्टीकरण सोधेको छु । राष्ट्रिय अनुसन्धान विभागमा २०४७ सालदेखि राजनीतिक नेताको ठाडो आदेशले नियुक्त भएका गुप्तचरको नामावली माग गरेको छु । राजनीतिक भर्ती केन्द्र बनेकै कारण उक्त विभाग कमजोर भएको हो ।

## २०५९ असोज २२ गते मङ्गलबार

एमालेका विभिन्न भ्रातृ सङ्गठनले शाही घोषणाको विरोध गर्दै काठमाडौँमा जुलुस प्रदर्शन गरेका छन् । जुलुसमा पाँच-सात सयको सहभागिता थियो । 'जनताको अधिकार खोस्न पाइँदैन, निरङ्कुशता चाहिंदैन, सबै किसिमको अधिनायकवाद मुर्दावाद' लगायतका नारा लगाइएको थियो ।

मन्त्री बन्न पाऊँ भनेर विभिन्न राजनीतिक नेता तथा सामाजिक क्षेत्रका व्यक्तिले सरकारमा बिन्तीपत्र चढाउन थालेका छन् । राजनीतिक नेता सहित कतिपयले मलाई फोन गरेर मन्त्रीका लागि सिफारिस गरिदिन अनुरोध गरेका छन् । पूर्व प्रधान सेनापतिहरूमध्येबाट भने मलाई कसैको पनि फोन आएको छैन । यसबारे सरकारमा जाहेर गर्दा 'स्वार्थीहरू' मात्र हुकुम भयो । असोज १८ गतेको शाही घोषणाबारे पूर्व प्रधान सेनापतिहरूको प्रतिक्रिया केही थाहा छैन । पूर्व प्रहरी महानिरीक्षकहरूले भने मलाई फोन गरेर अहिलेको कदम उपयुक्त छ भन्दै सल्लाह र सुझाव दिए । पूर्व प्रहरी महानिरीक्षकहरू हेमबहादुर सिंह, मोतीलाल बोहराले 'आवश्यक परे सरकारलाई सहयोग गर्न तयार रहेको' बताउनुभयो । साथै सेनाका केही पूर्वजर्नेलले पनि फोन गरे ।

सल्यान, रोल्पा र वीरगन्जमा शाही घोषणाको समर्थनमा जुलुस निस्किएका छन् । काठमाडौँमा विरोध र समर्थन दुवै थरीका जुलुस निस्कने क्रम चलिरहेको छ । रिपोर्ट अनुसार विरोधको जुलुस त्यति प्रभावकारी छैन ।

## २०५९ असोज २३ गते बुधबार

सरकारको शाही घोषणा भएको पनि पाँच दिन भइसकेको छ । तर नयाँ सरकार बन्ने कुनै लक्षण देखिँदैन ।

ब्रिटिस राजदूत केइथ ब्लुमफिल्डले 'महाराजाधिराजले राजनीतिक पार्टीलाई नचिढ्याई उनीहरूको साथ लिएर अघि बढ्नुपर्छ, चार–पाँच दिनमा नै संवैधानिक रिक्तता मेटिनुपर्छ र राजनीतिक नेतृत्वबाट मुलुक अघि बढ्नुपर्छ' भनेर सल्लाह दिनुभएको छ ।

प्रधान सेनापति प्यारजङ्ग थापाले 'अहिलेको अवस्थामा सरकारको घोषणालाई राजनीतिक मान्यता प्राप्त हुनुपर्छ, त्यसरी अगाडि बढे मात्र राम्रो हुन्छ, माओवादीसँग लडाइँ जारी भएकाले राजनीतिक पार्टीलाई विश्वासमा लिनैपर्छ, अहिलेको अवस्थामा कीर्तिनिधि विष्ट र लोकेन्द्रबहादुर चन्द जस्तो शालीन व्यक्तित्वलाई प्रधानमन्त्री बनाउन हुन्न, फेरि पनि शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन सकिन्छ भन्ने सेनाको पीएसओजको राय छ' भनेर मलाई सुनाउनुभयो । यस प्रकार सेनाको समर्थन देउवालाई नै देखिन्छ । मैले यो कुरा सरकारमा जाहेर गरेँ ।

यो राजनीतिक अन्योलका बीच सूर्यबहादुर थापा पनि केही अवसर आइहाल्छ कि भनेर आशावादी भएको कुरा आएको छ । सोही अनुसार उहाँ दौडधूपमा पनि हुनुहुन्छ ।

निवर्तमान गृहमन्त्री खुमबहादुर खड्कालाई आजै अख्तियारले पुर्जी काटेको छ । उहाँ आफ्ना कार्यकर्तासँग भन्दै हुनुहुन्छ, 'अहिले सशक्त प्रतिरोधमा जाने अवस्था छैन । सबै गल्ती प्रधानमन्त्रीबाट भएको हो । शेरबहादुरजी बेल्जियमबाट फर्केलगत्तै राजीनामा मागिएको रहेछ । त्यो बेला थाहा पाएको भए केही गर्न सकिन्थ्यो । म जुनसुकै हालतमा पनि चुनाव गराउने पक्षमा थिएँ । तर अब जेल पर्ने भइयो । सायद दसैँभर थुन्छ होला ।' यो बेला काङ्ग्रेस नेता गोविन्दराज जोशी भने दङ्ग पर्नुभएको रिपोर्ट गुप्तचरबाट आएको छ । उहाँले आफ्ना कार्यकर्तासँग हाँस्दै 'शेरबहादुर र खुमबहादुरले आफूलाई अजम्बरी भन्ने गर्दथे, यो हालत भयो' भन्नुभएको रहेछ । तर उहाँले आफैँलाई पनि पत्र काटिँदै छ भन्ने अनुमानसम्म पनि गर्नुभएको छैन होला ।

मलाई पूर्वरथी कृष्णनरसिंह थापाले फोन गरेर 'आज म क्यानाडाबाट फर्कें, सरकारबाट उठाइबक्सेको कदम एकदमै उचित छ, म जुनसुकै कामका लागि तयार छु' भन्नुभयो ।

डोल्पाबाट निर्वाचित एमाले सांसद नरबहादुर बूढाले फोन गरेर 'सरकारको समर्थनमा वक्तव्य निकाल्दै छु' भन्नुभयो ।

आजै पूर्वप्रधानमन्त्री तुलसी गिरी लामो समयपछि काठमाडौं आइपुग्नुभएको छ । किन आउनुभएको भन्नेबारे मलाई केही जानकारी आएको छैन ।

एमालेले राप्रपा नेता लोकेन्द्रबहादुर चन्दलाई राजाले प्रधानमन्त्री बनाए आफ्नो दलको समर्थन रहने धारणा सार्वजनिक गरेको छ । चन्द सरल र स्वच्छ व्यक्तित्वका साथै भारत र चीन दुवै देशसँग सुमधुर सम्बन्ध कायम राखेर अगाडि बढ्न सक्ने मानिनुहुन्छ । आजका मितिसम्म दलहरूले एक भएर प्रधानमन्त्रीको साझा उम्मेदवार यो

हो भनी दरबारलाई नाम दिन सकेका छैनन् । सरकारले विभिन्न नेतासँगको छलफल र परामर्शलाई निरन्तरता दिइबक्सेको छ ।

यसबीच दरबारमा सचिव बैठक धेरै पटक बसेको छ । कहिले सरकारसँग त कहिले सचिवहरूको मात्र । प्रमुख सचिव पशुपतिभक्त महर्जनले असोज १८ गतेदेखि नै मलाई 'जर्साब, एक सातासम्म शान्ति-सुरक्षा कायम होस्, कुनै पनि आपराधिक र अप्रत्याशित घटना समेत नहोस्, एक साताभरि जसरी भए पनि थामिदिनुपऱ्यो' भनिरहनुभएको छ ।

वर्तमान राजनीतिक अवस्थाबाट दिक्क मानेर गिरिजाप्रसाद कोइराला आराम गर्न भोलि बिहानै विराटनगर जाने भनी खबर आएको छ । कोइराला आराम गर्न भनेर विराटनगर जाने तर त्यहाँ भारतीय गुप्तचरहरूलाई भेट्ने गरेकाले उहाँको भ्रमणको 'मनिटर' गर्न निर्देशन गएको छ ।

सरकार आज एक रातका लागि गोरखा सवारी होइबक्स्यो । त्यसअघि दरबारका सचिवहरूलाई बोलाइबक्स्यो र विभिन्न राजनीतिक तथा संवैधानिक जटिलताबारे विश्लेषण गर्दै छलफल गरिबक्स्यो ।

अहिले प्रधानमन्त्री नभएकाले देशमा विशेष अवस्था सिर्जना भएको छ । संविधान अनुसार सभामुख हुनुहुन्छ । त्यसैले उहाँलाई नै प्रधानमन्त्री बनाउन हामी सचिवहरूले महाराजाधिराज समक्ष प्रस्ताव गऱ्यौँ । उहाँलाई प्रधानमन्त्री बनाएर राजनीतिक पार्टीसँग वार्ता गरी मन्त्रिपरिषद् गठनको जिम्मा दिऊँ र उहाँले उपयुक्त टिम बनाउन सक्नुभएन भने सरकारबाट केही नाम बक्सेर बलियो मन्त्रिपरिषद् गठनका लागि सहयोग गरौँ भन्ने सबै सचिवको सुझाव रह्यो ।

सरकारको सभामुखसँग के कुरा भएको थियो, त्यो हामीलाई थाहा थिएन । साथै, सरकारको युवराजाधिराज र राजपरिवारका सदस्यहरूसँग के कुरा भएको थियो, त्यो पनि हामीलाई जानकारी हुने विषय भएन । हाम्रो प्रस्तावमा सरकारबाट 'सभामुखबाट पार लाग्ला र ?' हुकुम भयो । तर छलफलमा उपस्थित युवराजाधिराजबाट तारानाथ रानाभाटको नाममा कडा आपत्ति जनाइबक्स्यो । अलि एग्रेसिभ भएर 'नो, नो' भन्ने हुकुम भयो । हामी छक्क पऱ्यौँ । यसअघि पनि मैले कुनै प्रस्ताव गर्दा युवराजाधिराजबाट ठाडै अस्वीकार गरिबक्सन्थ्यो । आज पनि मैले यही महसुस गरेँ ।

यसरी सभामुखको नाम अस्वीकृत भयो । सरकारबाट यही बैठकमा कीर्तिनिधि विष्टलाई प्रधानमन्त्रीका लागि प्रस्ताव गरिबक्स्यो । हामी सबै सचिवले एकस्वरमा प्रस्तावको विरोध गऱ्यौँ । हामीले भन्यौँ, 'सरकार, उहाँ शालीन हुनुहुन्छ र भलादमी पनि । तर उहाँको त्यो भलादमीपन अहिले काम लाग्दैन । अहिलेको अवस्थामा उहाँ उपयुक्त व्यक्ति होइन ।' विगतका दुई चुनावको परिणाम हेर्दा पनि उहाँ उपयुक्त हुनुहुन्न भन्ने हाम्रो तर्क थियो । उहाँको कुनै राजनीतिक आधार थिएन, न त कहिल्यै चुनाव जित्नुभएको थियो । यसैबीच मैले भनेँ, 'आज सरकार एक रातको लागि गोरखा सवारी होइबक्सँदै छ । प्रधानमन्त्रीका बारेमा अहिले नै किन निर्णय गर्ने ? सरकार खुला विचार

लिएर सवारी होस् । सरकारको फिर्ती सवारीपछि प्रधानमन्त्रीका बारेमा निर्णय गरौंला ।' सरकारबाट मेरा कुरामा सहमति जनाइबक्स्यो । अनि गोरखा सवारी भयो ।

## २०५९ असोज २४ गते बिहीबार

यो साताभर नै सरकारबाट सबै राजनीतिक पार्टीका नेतालाई छुट्टाछुटै दर्शनभेट बक्सेको छ । तर कुनै पनि ठोस निर्णय भएको छैन । राजनीति अन्योलग्रस्त छ । सबै दलसँग नाम मागिबक्सेको छ, प्रधानमन्त्रीको । कसैले पनि प्रधानमन्त्रीको उपयुक्त व्यक्ति यही हो भनेर नाम पठाउँदैनन् । भित्र बैठकमा एउटा कुरा हुन्छ, बाहिर आएपछि अर्कै । एउटै नाममा कसैको पनि सहमति बनेको छैन । बरु पार्टीहरू लोकेन्द्रबहादुर चन्दको नामको नजिक पुगेका छन् । एमालेले लोकेन्द्रलाई समर्थन गर्ने निर्णय नै गरिसकेको छ । सके आफू हुने, नभए लोकेन्द्र ठीक भन्ने हिसाबले एमालेको निर्णय आएको छ । गिरिजाप्रसाद कोइराला र सूर्यबहादुर थापाको पनि आफैं प्रधानमन्त्री हुने इच्छा छ । सरकारको दर्शनभेटमा आएर माधवकुमार नेपाल 'गिरिजा प्रधानमन्त्री हुनु हुन्न' भन्ने, कोइराला आएर 'सरकार, माधव नेपाललाई कुनै हालतमा प्रधानमन्त्री बनाउनु हुन्न, यो मान्छेबाट सरकारलाई धोका हुन्छ' भन्ने । अनि सूर्यबहादुर थापा आएर उनीहरू दुवै हुन्न भन्ने । यस्तैयस्तै कुरा मात्र भइरहेको छ । बरु माधव नेपालले चाहिं सरकारसँगको दर्शनभेटमा लोकेन्द्रको नाममा सहमति जनाउनुभएको छ ।

सरकारबाट गोरखामा एक रात बिताइबक्सेर आज काठमाडौं फिर्ती सवारी भएपछि हामी सचिवहरूलाई बोलाइबक्स्यो । भोलि प्रधानमन्त्री घोषणा गर्नैपर्नेछ । बैठकमा लोकेन्द्रबहादुर चन्दको नाम प्रस्ताव भयो । उहाँलाई नै प्रधानमन्त्री बनाउने सहमति भयो । मन्त्री बनाउन उहाँलाई दिने नामहरू पनि तय भयो । चन्दलाई आफ्नो मन्त्रिमण्डलको टिम बनाउन र आफ्ना सहयोगीलाई मन्त्रिमण्डलमा समावेश गर्न समेत नदिइने भयो ।

## २०५९ असोज २५ गते शुक्रबार

गैरआवासीय नेपाली जनक बस्नेतले लन्डनबाट मलाई फोन गरी 'सरकारबाट एउटा पेपर मागिबक्सेको थियो, पेपर तयार छ, म अर्को शुक्रबार आउँदै छु, दर्शनभेटका लागि समय मिलाइदिनुहुन्छ कि ?' भनेर अनुरोध गर्नुभयो ।

आज बिहान सूर्यबहादुर थापाका घरमा गिरिजाप्रसाद कोइराला र माधवकुमार नेपाल समेत तीन जना बसेर रणनीति बनाएको खबर छ । त्यहाँ वर्तमान राजनीतिबारे छलफल भएको र कोइरालाले माधवकुमार नेपाललाई प्रधानमन्त्रीका लागि प्रस्ताव गरेको भन्ने अपुष्ट खबर छ । उहाँहरूबीच प्रधानमन्त्री छ राजनीतिक दलबाटै नियुक्त हुनुपर्ने, नत्र दसैंपछि आन्दोलन गर्ने सहमति बनेको छ ।

गोरखा जिल्लाका उत्तरी भागमा माओवादीको प्रशिक्षण चलिरहेको खबर छ । प्रशिक्षणमा उनीहरू भन्दा रहेछन्, 'राजाले शक्ति हातमा लिन यो कदम चालेको हो । यसबाट माओवादीलाई फाइदा हुनेछ । सबैसँग मिलेर राजाका विरूद्ध उग्र भएर अगाडि

बढ्न यो कदमबाट सजिलो हुने भयो । राष्ट्रका समस्या समाधान गर्ने उद्देश्यले अगाडि बढेको भन्ने राजाले भ्रष्टाचारीलाई कारबाही गर्छन् कि गर्दैनन्, हेर्नुपर्छ । त्यसपछि मात्र राजाप्रति लचक देखाउने या राजाका विरूद्ध सशक्त हुने भन्ने निर्णय हुन्छ ।'

भारतीय जनता पार्टीको मुखपत्रका सम्पादक शेषाद्रीले भनेका छन्, 'राजाको कदमलाई बीजेपीले समर्थन गरेको छ । तर प्रधानमन्त्री नियुक्तिमा ढिलाइ भए वामपन्थीले खेल्ने अवसर पाउँछन् । त्यसैले प्रधानमन्त्री चाँडै नियुक्त गर्दा राम्रो हुन्छ ।' उनले आफू नेपालका लागि राजदूत हुने कुरा पनि वामपन्थीकै विरोधका कारण रोकिएको भनी प्रतिक्रिया दिएका छन् ।

हिजो राति काठमाडौं, नयाँबजारस्थित होटल गार्डेनमा बसेको साना १० पार्टीको बैठकले संसद्मा प्रतिनिधित्व गर्ने ठूला पार्टीका नेतालाई मात्र सरकारमा सामेल गराए त्यसको सशक्त विरोध गर्ने निर्णय गरेको छ । सबै दलका र स्वच्छ छवि भएका व्यक्तिलाई सरकारमा समावेश गराई भ्रष्टाचारीलाई कारबाही गरे आफूहरूले समर्थन गर्ने पनि १० पार्टीले निर्णय गरेका छन् । यसैबीच नेकपा (माले) ले शाही घोषणाको विरोध गरेको छ ।

आज सरकारबाट लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्रीमा नियुक्त गरिबक्स्यो । उहाँको मन्त्रिपरिषद्मा सामेल धेरै मन्त्रीहरू सरकार आफैंले छानिबक्सेको हो । केही मन्त्री प्रमुख सचिव पशुपतिले छानेका व्यक्ति छन् । गृहमन्त्री धर्मबहादुर थापा शरदचन्द्र शाहले प्रस्तावित गरेको नाम हो । सरकारबाट यसो नगरेको भए हुन्थ्यो कि भन्ने मलाई लागेको छ । प्रधानमन्त्रीले केही पार्टीका मान्छे पनि राख्न खोज्नु भएको हो, तर पाउनुभएन । यसरी उहाँ 'लेम डग' प्रधानमन्त्री जस्तो बन्नुभयो ।

मन्त्रिपरिषद्को नामावली र कार्य विभाजन
प्रधानमन्त्री : लोकेन्द्रबहादुर चन्द
उपप्रधानमन्त्री : बद्रीप्रसाद मण्डल
मन्त्रीहरू :
डा. बद्रीप्रसाद श्रेष्ठ, अर्थ र शिक्षा
नरेन्द्रविक्रम शाह, परराष्ट्र
धर्मबहादुर थापा, गृह र कानुन तथा संसदीय व्यवस्था
गोरेबहादुर खपाङ्गी, महिला तथा समाज कल्याण
डा. उपेन्द्र देवकोटा, स्वास्थ्य
राज्यमन्त्रीहरू :
अनुराधा कोइराला
गोपाल दहित

## २०५९ कात्तिक १ गते शुक्रबार

समाजका विभिन्न क्षेत्रबाट सरकारको कदमको सराहना गर्दै फोन र बिन्तीपत्र आउने क्रम जारी छ । कतिपयले बिन्तीपत्र पठाएर पुनर्गठन हुने मन्त्रिमण्डलमा आफ्नो क्षेत्रबाट कसैलाई सामेल गरे उपयुक्त हुने सुझाव दिएका छन् । पत्रकार कनकमणि दीक्षितले आफूलाई सूचना तथा सञ्चार मन्त्रीको जिम्मेवारी दिए देशी तथा विदेशी सञ्चार माध्यमलाई राम्रोसँग परिचालन गरेर सरकारको कदममा समर्थन जुटाउन सक्छु भन्ने बिन्तीपत्र हाल्नुभएको जानकारी आएको छ । चलचित्र निर्माता उद्धव पौडेलले आज मलाई फोन गरेर सरकारको कदम र मन्त्रिपरिषद् गठनको उद्योगी, व्यापारी र कलाकारले स्वागत गरेको बताउनुभएको छ । त्यस्तै, दुबईमा कार्यरत सिनियर क्याप्टेन प्रचण्डजङ्ग शाहले फोन गरेर 'म काठमाडौं आएको छु, कात्तिक ११/१२ गतेसम्म यहीं बस्छु, अनुकूल भए सरकारको दर्शनभेट खोजेको छु' भन्नुभयो ।

आजै प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले वीरेन्द्र अस्पताल गएर माओवादीको आक्रमणबाट घाइते भएका सैनिक जवानलाई भेट्नुभयो ।

राजपरिवारका सदस्यहरूले कार्यक्रमको समुद्घाटन गर्ने काममा मात्र आफूलाई सीमित नगरी जनमानसमा प्रभाव पार्ने सामाजिक कार्यमा पनि सक्रिय हुँदा राम्रो हुन्छ । जनताका काममा चन्दा उठाउन सहयोग गर्दा पनि उपयुक्त हुनेछ । थाइल्यान्डको राजपरिवारका सदस्य जस्तै सामाजिक क्षेत्रमा सक्रिय भई जनताको मन छुने कार्य गरे राजसंस्थाप्रति मानिसको आस्था बढ्न जान्छ भनेर विभिन्न संस्थामा कार्यरत अनुभवी व्यक्तिहरूले सुझाव दिएका छन् ।

दोलखाको जिरी सडकमा रिसोर्ट खोलेर बसेका सेनाका पूर्वमेजर मोहन खत्रीको गए राति माओवादीले हत्या गरेका छन् ।

अब अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार सम्बन्धी ठूला मुद्दालाई द्रुत गतिमा अगाडि बढाउनुपर्छ । भ्रष्टाचार गर्ने जिम्मेवार पदाधिकारीको सम्पत्ति जफत गर्नुपर्ने र उनीहरूलाई कडा कारबाही गर्नुपर्ने सुझाव प्रबल रूपमा आएको छ । भ्रष्ट भनी चिनिएका र बदनामी कमाएका उच्च सरकारी पदाधिकारीलाई कारबाहीको सिलसिलामा अतिरिक्त समूहमा लैजानुपर्छ भन्ने सुझाव छ । यस सन्दर्भमा सचिवहरू लोकमानसिंह कार्की, दिनेशचन्द्र प्याकुरेल, टीकादत्त निरौला लगायतको नाम अगाडि आएको छ ।

राजदरबारमा सरकारबाट आज सुरक्षा प्रमुखहरूलाई प्राइभेट डिनर बक्स्यो । डिनरमा प्रधान सेनापति प्यारजङ्ग थापा, सशस्त्र प्रहरी बलका महानिरीक्षक कृष्णमोहन श्रेष्ठ, प्रहरी महानिरीक्षक प्रदीपशमशेर जबरा, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्मा हुनुहुन्थ्यो । दरबारबाट प्रमुख सचिव पशुपतिभक्त महर्जन र म सहभागी भयौं । डिनरमा युवराजाधिराजको समेत उपस्थिति थियो । सो अवसरमा असोज १८ गतेपछिको राजनीतिक परिस्थितिको मूल्याङ्कन हुनुका साथै निकट भविष्यमा गर्नुपर्ने कामबारे छलफल भयो । मन्त्रिपरिषद्मा सकेसम्म ठूला पार्टीलाई समावेश गर्न प्रयास गर्नुपर्ने सुझाव आयो । प्रशासनलाई राजनीतिबाट मुक्त गरी प्रमुख जिल्ला अधिकारीलाई

काम गर्नका लागि 'टर्म्स अफ रेफरेन्स' तयार पारिदिने कुरा तय भयो । प्रशासन सेवामुखी बनाएर जनताको दैनिक कामकारबाही छिटोछरितो ढङ्गले सम्पादन हुनुपर्ने कुरा भयो । साथै माओवादीका विरूद्ध परिचालित सुरक्षा निकायलाई सबै पक्षबाट सहयोग हुनुपर्ने बारेमा विचार-विमर्श भयो । श्री ५ को सरकारले भ्रष्टाचार निर्मूल गर्ने, माओवादीलाई शान्तिपूर्ण मूलधारमा ल्याउने, संसद्वादी दललाई राजनीतिक ढङ्गले उपयोग गर्ने नीति लिने कुरा पनि भयो । अहिलेको अवस्थामा आदेशबाट समेत काम लिन सकिने हुँदा उपयुक्त आदेश जारी गरी छिटछिटो काम गराउनुपर्ने सुझाव सुरक्षा प्रमुखहरूबाट आयो । देशभर समन्वय गरी गुप्तचर सेवा अभिवृद्धि गर्ने पनि बैठकमा तय भयो । सरकारबाट देशको कमजोर आर्थिक अवस्थालाई विचार गरी सबै क्षेत्रमा मितव्ययिता अपनाउन हुकुम भयो ।

काङ्ग्रेसका नेता तथा पूर्वगृहमन्त्री गोविन्दराज जोशीले आफ्ना कार्यकर्तामाझ 'नेपाल मामिलामा भारतको भूमिका दोहोरो छ, राजाले भारतको सहायताले नै असोज १८ को कदम चालेका हुन्, माओवादी पनि भारतले चलाएको कार्ड हो, अन्त्यमा भारतले प्रजातान्त्रिक शक्तिलाई नै साथ दिन्छ' भनेको बुझिएको छ । उता एमाले नेता वामदेव गौतमले 'अहिलेको समस्या नेताहरूकै कारण आएको हुनाले यसको समाधान पनि राजनीतिक तवरबाटै खोजिनुपर्छ, गृहमन्त्रीमा राजनीतिक पृष्ठभूमि भएको तटस्थ व्यक्ति भए राजनीतिक दलसँग काम गर्न सजिलो हुने थियो' भन्नुभएको छ । एमाले महासचिव माधवकुमार नेपालले भने 'एमाले सरकारमा जाँदैन' भन्दै 'अझै पनि श्री ५ बाट सुधार हुन सक्छ, तर राजालाई इतिहासमा संविधान मिचेको दाग अवश्य नै लाग्नेछ' भन्ने टिप्पणी गर्नुभएको छ । अहिलेको अवस्थामा चुनावभन्दा पनि माओवादी समस्या समाधान हुनु जरूरी छ भन्ने उहाँको धारणा छ ।

राष्ट्रिय सुरक्षा परिषद्का सहसंयोजक उपरथी रूक्माङ्गद कटवालले 'लन्डन स्कुल अफ इकोनमिक्स, रेडियो नेदरल्यान्डस् र टीभी च्यानल लन्डनका प्रतिनिधिले मसँग भेट गर्न खोजेका छन्, त्यस्तै अमेरिकाका सहायक विदेशमन्त्री क्रिस्टिना रोक्काले प्रधान सेनापति र मसँग भेट्न खोज्नुभएको छ, के गरौं ?' भनेर मलाई सोध्नुभयो । उक्त कुरा मैले सरकारमा जाहेर गरें । सरकारबाट स्वीकृति बक्सेपछि तुरून्तै उहाँलाई जानकारी गराएँ ।

पूर्वरथी कृष्णनारायणसिंह थापा तथा उपरथी रघुचन्द्रबहादुर सिंहले सरकारको कदमको स्वागत गर्दै जुनसुकै स्थानबाट पनि सहयोग गर्ने वचन दिनुभएको छ । तर अचम्मको कुरा, कुनै पनि पूर्व प्रधान सेनापतिले अहिलेसम्म मसँग सम्पर्क गरेका छैनन् ।

## २०५९ कात्तिक ६ गते बुधबार

एमाले स्थायी समिति सदस्य केपी शर्मा ओलीले उपप्रधानमन्त्री तथा गृहमन्त्रीको पद पाए वर्तमान सरकारमा सामेल हुने बताउनुभएको खबर छ । 'एमाले सरकारमा गए माओवादी समस्याको समाधान वार्ताबाट र वार्ताबाट नभए शक्तिबाट खोजिने' ओलीको भनाइ छ । तर अहिलेको अवस्थामा सरकारबाट गृह, रक्षा, परराष्ट्र र अर्थ

मन्त्रालय आफ्नै विश्वासपात्रलाई दिने नीति बनाइबक्सेको छ । यदि माओवादीलाई शान्तिवार्तामा ल्याउन सकियो भने एमाले तथा काङ्ग्रेस सरकारबाहिर रहँदा पनि फरक पर्दैन । माओवादी शान्तिवार्तामा नआएको स्थितिमा भने ऊसँग सिद्धान्ततः लड्न सक्ने शक्ति एमाले नै हुन्छ भन्ने कुरा मैले सरकारमा जाहेर गरेँ । सरकारबाट प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई एमालेलाई सरकारमा आउन सहमत गराउन र आवश्यक परे 'काङ्ग्रेस कार्ड' प्रयोग गर्न समेत निर्देशन बक्सेको छ । काङ्ग्रेस र एमालेका केही वरिष्ठ नेतासँग मेरो नियमित सम्पर्क भइरहेको छ ।

माओवादी समस्या अहिले देशको प्रमुख समस्या हो । सबै दलहरूले पार्टीगत सोचभन्दा माथि उठेर राष्ट्रिय दृष्टिकोणले विचार गरी यसको स्थायी समाधान खोज्नुपर्छ भन्ने मेरो धारणा छ । मैले आफ्नो सम्पर्कमा भएका काङ्ग्रेस र एमालेका प्रमुख नेतासँग यसै अनुसार कुरा गरिरहेको छु । उनीहरू सत्तामा आउन लालायित भएका कारण मेरो विचारसँग सहमत पनि देखिन्छन् ।

## २०५९ कात्तिक ७ गते बिहीबार

मेरा 'राजनीतिक सम्पर्क व्यक्ति' ले हालै राजदरबारका पूर्व मुख्य शाही पार्श्ववर्ती उपरथी ताराबहादुर थापालाई भेट्नुभएको रहेछ । त्यस बेला थापाले भन्नुभएछ, 'देश अत्यन्तै जटिल अवस्थामा छ । मैले जहिले पनि भारतीय प्रधानमन्त्रीको कार्यालयका केही व्यक्तिलाई आफ्नो अनुकूल बनाएर राख्ने गरेको थिएँ । त्यसले गर्दा काम गर्न सजिलो थियो । हाल त्यस्तो भएको जस्तो लाग्दैन । सरकारबाट बोलाएमा म जति बेला पनि सल्लाह दिन तयार छु । नबोलाए के गर्ने ?' उहाँले आफू आउँदो आइतबार भारत जाने र त्यताबाट फर्केपछि फागुनमा अमेरिका जाने पनि बताउनुभएछ । थापाले हिजोआज असुरक्षित महसुस गर्न थाल्नुभएको बुझ्िन आएको छ ।

पूर्वन्यायाधीश तथा २०४७ सालको संविधानका निर्माता लक्ष्मणप्रसाद अर्यालले आफूनिकटका व्यक्तिसँग 'हामीले कि राजाको दासत्व स्वीकार गर्नुपर्‍यो, कि त माओवादीको दासत्व स्वीकार गर्नुपर्छ, योभन्दा राम्रो त सिक्किम हुनु नै बेस' भनेर कुरा गर्नुभएको खबर आएको छ ।

नेपालस्थित अमेरिकी सैनिक सहचारीले सेनाको डीएमआईलाई 'नेपालले विदेशबाट हतियार ल्याउँदा भारतले ओभर फ्लाइट गर्न नदिने सम्भावना छ । त्यसैले श्री ५ को सरकारले अमेरिकाबाट आउने हतियारलाई निर्बाध आउन दिन पहिले नै भारतीय सरकारसँग कुरा मिलाउनुपर्छ' भनेर सुझाव दिएका छन् ।

पूर्वसांसद नारायणसिंह पुनले गत कात्तिक २ गते बेलायती सेनाका जनरल सर शाम काओनको सम्मानमा दिएको डिनरमा अमेरिकी र बेलायती राजदूतले सरकारको कदमप्रति समर्थन जनाएका छन् । साथै उनीहरूले राजनीतिक पार्टीलाई साथमा लिएर सहकार्य गर्न जोड दिएका छन् । डिनरमा डीएफआईडीका नेपाल प्रमुखले सुरक्षा फौजबाट हुने मानव अधिकार हननका घटनाप्रति विरोध जनाए । युनिफाइड कमान्ड

अवधारणाले कार्यक्षेत्रमा प्रभावकारी र समन्वयात्मक ढङ्गले काम गरिरहेको छैन भन्ने अभिव्यक्ति पनि आएको छ ।

## २०५९ कात्तिक ८ गते शुक्रबार

जानकारीमा आए अनुसार काङ्ग्रेस प्रजातान्त्रिकका नेताहरू खुमबहादुर खड्का र विजय गच्छदारबीच आज बिहान गोप्य छलफल भयो । त्यसपछि खड्का सूर्यबहादुर थापालाई भेट्न जानुभएको छ । उहाँले आजै बेलुका ८ बजे प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई भेट्ने तय भएको छ ।

## २०५९ कात्तिक १० गते आइतबार

पूर्वगृहमन्त्री खुमबहादुर खड्काले मसँग भेट्न खोजेको निकै भएको थियो । आज भेट भयो । भेटमा उहाँले विस्तारपूर्वक आफ्ना कुरा राख्नुभयो । खड्काले भन्नुभयो, 'अख्तियारले जुन विषयमा आरोप लगाएर मसँग बयान लियो, त्यो मन्त्रिपरिषद्को निर्णय अनुसार नै हुने कुरा हो । अख्तियारमा एमालेको घुसपैठ भएकाले माधव नेपालले मलाई फसाउन खोजेका हुन् । किनभने एमाले फुटाउन मेरो भूमिका थियो भन्ने उहाँहरूको बुझाइ छ । मैले सरकारको दर्शनभेट मागेको धेरै भयो, पाएको छैन । पहिले-पहिलेका दर्शनभेटमा मैले व्यक्तिगत कुरा जाहेर गरेकै छैन । देशको कुरा मात्र जाहेर गरेको छु । अब दर्शनभेट पाएमा सबै कुरा जाहेर गर्छु । दर्शनभेटका लागि जर्साबले प्रयास गरिदिनुपर्‍यो ।' उहाँको भनाइ थियो, 'गिरिजाप्रसाद कोइराला बौलाएर हिंड्दै छन् । के कुरा गरिरहेका छन् भन्ने उनी स्वयंलाई थाहा छैन । उनका बारेमा मलाई राम्ररी थाहा छ । शेरबहादुर देउवाले हामीलाई अन्धकारमा राखे । हामीले राजीनामा दिने सल्लाह दिएका थियौं । मन्त्रिपरिषद् सानो बनाउन पनि मैले बारम्बार सल्लाह दिएँ । तर पनि मानेनन् । देउवा आफू पनि डुबे र हामीलाई पनि डुबाए ।' कुराकानीका क्रममा पूर्वगृहमन्त्री खड्काले भन्नुभयो, 'नेपाल प्रहरीभित्र एसपी, एसएसपी स्तरसम्म पनि माओवादीको घुसपैठ छ । डीआईजी राजेन्द्रबहादुर सिंह बाहेक अरू सबै वरिष्ठ अधिकृत अयोग्य छन् । मैले आईजीपीको सेवा अवधि बढाउने प्रस्ताव पास गरिनँ । त्यसैले आईजीपी प्रदीपशमशेर जबरा मेरा विरूद्ध कुरा गरेर हिंडिरहेका छन् । डीआईजी शारदाप्रसाद पराजुलीलाई प्रयोग गरेर आईजीपीले एमाले नेता केपी ओलीसँग मेरो चरित्र हत्या गर्ने प्रयास गरेका छन् ।' उहाँले आफूमाथि अख्तियारले अनावश्यक रूपमा भ्रष्टाचारको आरोप लगाएर मुद्दा चलाएको र त्यसका पछाडि एमाले तथा काङ्ग्रेसकै केही साथीको भूमिका रहेको उल्लेख गर्दै भन्नुभयो, 'जर्साब, यो मेरो राजनीति समाप्त गर्ने जालसाजी हो । तपाईं अख्तियार सम्बन्धी विषय समेत हेर्नुहुन्छ भन्ने थाहा पाएँ । मलाई सहयोग गर्नुपर्‍यो ।' उहाँका कुरा सुनेर म अचम्ममा परें र भनें, 'मन्त्रीज्यू, यसबारे कसले तपाईंलाई गलत सूचना दियो ? अख्तियार संवैधानिक निकाय भएकाले यस सम्बन्धमा प्रमुख सचिवालयलाई मात्र जानकारी हुन्छ । मलाई शान्ति-सुरक्षा बाहेक अन्य विषयमा

केही पनि थाहा हुँदैन । त्यसैले प्रमुख सचिव पशुपतिभक्त महर्जनसँग कुरा गर्नु उचित होला ।' तर उहाँले मेरो कुरामा विश्वास गरेको जस्तो लागेन ।

खड्काप्रति मेरो सद्भाव नै थियो । मैले उहाँलाई दर्शनभेटका लागि अथवा अन्य कुनै पनि सहयोग गर्ने वचन दिएँ । साथै आईजीपीले आफ्नो पदावधि बढाउने सन्दर्भमा आफैँले सरकारमा जाहेर गरेको कुरा पनि मैले जानकारी गराएँ । उहाँलाई मैले पहिलो पटक डीआईजी अशोक श्रेष्ठको भीमसेनगोलास्थित घरमा भेटेको थिएँ । त्यो भेटबारे म आज पनि सम्झन्छु । त्यस बेला उहाँले मसँग एमाले पार्टी फुटाउँदा आफूले ५ करोड रुपैयाँ खर्च गरेको बताउनुभएको थियो । आज भने उहाँ मलाई भेट्न मेरो घरमै आउनुभएको थियो ।

आजै डीआईजी राजेन्द्रबहादुर सिंहले मलाई भेटेर आईजीपी प्रदीपशमशेर जबराका बारेमा केही कुरा गर्नुभयो । सिंहका अनुसार, 'पहिले ३० वर्षे सेवा अवधि हटाउनुपर्छ भन्दा आईजीपी स्वयंले मान्नुभएन । त्यसै कारण दुई–चार जना राम्रा अधिकृतले अवकाश पाए । हाल आएर उहाँ आफ्नै पदावधि बढाउन ३० वर्षे प्रावधान हटाउन खोजिरहनुभएको छ । यसले उहाँको स्वार्थीपन र द्वैध चरित्र झल्कन्छ । उहाँले यही विषयमा आफूनिकटका प्रहरी अधिकतलाई प्रहरी सङ्गठनका विरूद्ध अदालतमा मुद्दा हाल्न पनि लगाउनुभयो । आईजीपीसाबले तत्कालीन गृहमन्त्री खुमबहादुरलाई आफ्नो पदावधि बढाइदिए ३ करोड रुपैयाँ दिन्छु भन्नुभएको थियो । तर मन्त्रीले सेवा अवधि बढाउन मानेनन् । आईजीपीले डीआईजी शेरबहादुर शाहलाई प्रहरीको सामान खरिद गर्ने विभागमा राखेर प्रशस्त कमाउनुभएको छ । उहाँले शाहलाई आफ्ना ससुरा टेकबहादुर रायमाझीको नाममा प्रतिष्ठान खोल्ने जिम्मा दिनुभएको छ ।

एमाले नेता कमलप्रसाद चौलागाईंले मेरो घरमा आएर करिब दुई घण्टा मसँग खुलेर कुरा गर्नुभयो । उहाँले एमाले पार्टीप्रति निकै वितृष्णा देखाउँदै एमालेका विकृति र आम्दानीका स्रोतबारे खुलासा गर्नुभयो । खास गरी २०५१ सालमा एमालेको अल्पमतको सरकार हुँदा प्रधानमन्त्रीको जानकारीबिना अवैध तथा घृणित कार्य गरी करोडौँ रुपैयाँ उठाएको विषयमा विस्तृत जानकारी दिनुभयो । उहाँको भनाइ थियो, 'वामदेव गौतमले गृहमन्त्री हुँदा जायज–नाजायज तवरले पैसा उठाएको भए पनि सबै पैसा पार्टीलाई बुझाएका छन् । आफूले एक पैसा राखेका छैनन् । वामदेवको प्रवृत्ति जोगीको जस्तो छ । पैसा पायो खर्च गऱ्यो, अरूलाई दियो, सक्यो । भोलिका लागि भनेर सोच्चैनन् । उनलाई दरबारले उपयोग गर्दा राम्रो हुनेछ ।' चौलागाईंले भन्नुभयो, 'हामी मालेबाट एमालेमा गएर एकीकृत भए पनि एमाले पक्षधरले अझसम्म विश्वास गरेका छैनन् । हामीमाथि दरबारपरस्त भन्ने आरोप लाग्ने गरेको छ । माले छुट्टिएको चार वर्षमा एमाले पार्टी पूरै भारतमुखी भइसकेको रहेछ । ईश्वर पोखरेल ज्यादै धूर्त र माधवकुमार नेपालसँग अत्यन्त निकट छन् । पोखरेलको कर्मचारी वर्गमा पनि पकड छ । उनी माधवकुमार नेपालका लागि पैसा जम्मा गर्ने माध्यम बनेका छन् । आर्थिक विषयमा माधवकुमार नेपाल, युवराज ज्ञवाली, भरतमोहन अधिकारी र ईश्वर पोखरेल एक छन् ।' सङ्गठनका हिसाबले राधाकृष्ण मैनाली, सलिममिया अन्सारी र आफू एमालेमा रहे पनि पार्टीप्रति तीनै जनाको पूर्ण वितृष्णा भइसकेको र तीनै जना एमालेबाट

बाहिरिने सम्भावना रहेको पनि कुराकानीका क्रममा चौलागाईंले स्पष्ट पार्नुभयो ।

उहाँका कुरा सुनेपछि मैले सोधेँ, 'तपाईं एमाले छोडेर अथवा पार्टीले निष्कासन गरेमा सरकारबाट चालिबक्सेको कदमलाई सहयोग गर्नुहुन्छ कि हुन्न ?' उहाँले समयोग गर्ने आशय व्यक्त गर्दै भन्नुभयो, 'अहिलेको अवस्थामा कम्तीमा दुई वर्षअगाडि चुनाव हुन सक्दैन । यसबीच एउटा राष्ट्रवादी र प्रगतिशील पार्टी बनाउन जरूरी छ । यो पार्टीमा कम्युनिस्टको कुनै आभास आउनु हुँदैन । जनतासँग प्रत्यक्ष सम्बन्ध हुन सक्ने मन्त्रालय पाए सहयोगका बारेमा म विचार गर्न सक्छु ।'

मैले उहाँलाई भनेँ, 'राजसंस्थाको हित चाहने व्यक्तिहरू सबै पार्टीबाट कुनै न कुनै किसिमले जितेर आउनु जरूरी छ । साथै, तपाईंले भने जस्तै एउटा सशक्त, प्रभावशाली र जनाधार भएको राष्ट्रवादी पार्टीको खाँचो छ । यसमा आबद्ध हुने नेता दरबारमुखी नभएर जनताप्रति उत्तरदायी र जनमुखी हुनुपर्छ । स्थानीय निकायमा विभिन्न पक्षका स्थानीय व्यक्तिलाई नियुक्त गरे ठूला पार्टी कमजोर हुने र दाता राष्ट्रले सन्तोष मान्ने देखिन्छ । दुई ठूला पार्टी काङ्ग्रेस र एमालेप्रति असन्तुष्ट नेताहरू निकै देखिन्छन् । त्यसैले तेस्रो जनपक्षीय पार्टीको खाँचो छ ।'

## २०५९ कात्तिक ११ गते सोमबार

हिजो राति ११ बजे माओवादीले आक्रमण गरी ओखलढुङ्गाको रुम्जाटार एयरपोर्ट पोस्टमा तैनाथ सहसेनानी दिनेश थापाको हत्या गरेको छ । अरू छ–सात जना सैनिक घाइते भएका छन् । मदत गर्न गएको टिम एम्बुसमा परेको छ र नौ जना घाइते भएका छन् । काठमाडौंबाट राति नै त्यहाँ हेलिकप्टर पुगेको थियो तर अवतरण गर्न नसकेर केही फायरिङ गरी फर्क्यो । माओवादीतर्फ १६ जनाको लास प्राप्त भएको छ भने सात थान थ्रीनटथ्री राइफल फेला परेको छ । विस्तृत विवरण आउन बाँकी छ । सधैं उस्तै किसिमका घटनाक्रम दोहोरिइरहेकाले सेनाले आफ्नो रणनीति पुनरावलोकन गर्नु नितान्त आवश्यक छ ।

प्रधान सेनापतिले आज प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दसँग सुरक्षा सम्बन्धी छलफल गर्ने र भोलि रुम्जाटार गएर घटनाबारे अध्ययन गर्ने कार्यक्रम छ ।

## २०५९ कात्तिक १३ गते बुधबार

हालै पदोन्नति भएका सहायक रथीहरू पवनजङ्ग थापा, तोरणजङ्गबहादुर सिंह, छविलाल खड्का, उपरथीहरू दिलीप कार्की, ओमबहादुर पुन र रथी सदीपबहादुर शाहले आज सरकारमा दाम राख्नुभयो । सरकारबाट सबैलाई छुट्टाछुट्टै दर्शनभेट बक्स्यो । उहाँहरू सबैलाई सरकारबाट 'हालको राजनीतिक अस्थिरता र माओवादी द्वन्द्वका कारण सिर्जित समस्याले गर्दा देश जटिल अवस्थामा छ, यस्तो बेला सेनाको भूमिका महत्त्वपूर्ण हुन्छ, त्यसमा पनि उच्च तहमा रहेका तिमीहरू जस्ता सैनिक अधिकृतबाट मैले धेरै अपेक्षा राखेको छु' हुकुम भयो ।

दर्शनभेटका अवसरमा रथी सदीपबहादुर शाहले दरबारलाई 'कोर एरिया' मानेर काठमाडौं उपत्यकाका निम्ति 'रिङ सिस्टम' को सुरक्षा प्रबन्ध गर्दा राम्रो हुने प्रस्ताव जाहेर गर्नुभयो । उहाँ नेपालगन्जमा स्थापना भएको पहिलो डिभिजनको कमान्ड सम्हालेर भर्खरै फर्कनुभएको हो । सरकारबाट 'तिमीलाई फिल्डका समस्याबारे राम्रोसँग जानकारी भएको छ, ती समस्या निवारण गर्न सेनामा भएका सबै किसिमका कमीकमजोरी सुधार गरेर अघि बढ' भनेर निर्देशन बक्स्यो ।

उपरथी दिलीप कार्कीले माओवादी समस्या समाधानबारे नयाँ–नयाँ सुझाव जाहेर गर्नुभयो । सुझावप्रति सरकारबाट सकारात्मक प्रतिक्रिया व्यक्त गरिबक्सी 'यसलाई पीएसओज बैठकमा राख्नू' हुकुम भयो । उपरथी ओमबहादुर पुनले 'सेना माओवादीका विरूद्ध अपरेसनल्ली खटिएको हुँदा विशेष गरी मध्यपश्चिमका रूकुम, रोल्पाजस्ता स्थानमा तैनाथ भएका गण र गुल्मलाई अदली–बदली गर्नु नितान्त आवश्यक छ' भनी सरकार समक्ष सुझाव राख्नुभएको थियो ।

सहायक रथी पवनजङ्ग थापाले 'माओवादी अब सहरी गुरिल्ला युद्धमा जान सक्ने देखिन्छ, त्यस अवस्थामा सेनाले कारबाही बढाउन असजिलो हुन सक्छ, यस स्थितिमा श्री ५ को सरकारबाट सबैले पालना गर्नुपर्ने आचारसंहिता जारी भए सुरक्षा निकायलाई काम गर्न सहज हुने थियो, आचारसंहिता भए भविष्यमा समेत मानव अधिकारवादीबाट बच्न सकिने अवस्था रहन्छ' भनी जाहेर गर्नुभयो । सरकारबाट 'तिम्रो यो राम्रो कुरा हो, यसलाई प्रधानमन्त्रीसमक्ष प्रस्तुत गरिदिन्छु' हुकुम भयो ।

सहायक रथी तोरणजङ्गबहादुर सिंहले 'विशेष टोली बनाएर माओवादीसँग गोप्य रूपमा वार्ता गरे राम्रो हुन्छ' भन्ने सुझाव दिनुभयो । त्यस्तै, सहायक रथी छविलाल खड्काले सैनिक कल्याणकारी कोषको अवस्थाबारे जाहेर गर्नुभयो ।

कार्यक्रमपछि सरकारबाट मसँग केही समय छलफल गरिबक्स्यो । पदोन्नतिप्राप्त जर्नेलहरूबाट जाहेर भएका विषय र सरकारबाट निर्देशन भएका विषयमा सामान्य विचार–विमर्श भयो । सरकारबाट हुकुम भयो, 'मन्त्रिमण्डलको पूर्णतापछि श्री ५ को सरकारले गर्नुपर्ने काम प्राथमिकताको आधारमा निर्धारण गरी जनतालाई राहत पुग्ने कार्यक्रम तत्काल लागू गर्न मन्त्रिपरिषद्लाई सुझाव दिनुपर्छ ।' प्रधानमन्त्री चन्दले कुनै पनि एउटा ठूलो पार्टीलाई सरकारमा सामेल गराउन प्रयत्न गरिरहेको उल्लेख गर्दै सरकारबाट हुकुम भयो, 'तर सरकारमा सामेल हुने पार्टी दरबारको टर्म्स एन्ड कन्डिसनमा सहभागी हुनुपर्छ न कि उसको मान्यताको आधारमा ।' साथै तिहारपछि श्री ५ को सरकार सक्रिय रूपले राजनीतिक, प्रशासनिक तथा अन्य कार्यमा अगाडि बढ्नुपर्ने धारणा सरकारबाट राखिबक्स्यो ।

## २०५९ कात्तिक १५ गते शुक्रबार

आज खासै महत्त्वपूर्ण काम केही पनि भएन । नियमित भेटघाट र कार्यालयको काम मात्र भयो । कमल चौलागाईंले दर्शनभेट पाएपछि आज मसँग सम्पर्क गरेर

सरकारसँग भएका कुराबारे जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, 'मैले सरकारमा आफ्नो व्यक्तिगत विकल्प तथा सरकारबाट उठाइबक्सनुपर्ने कदमका बारेमा जाहेर गरें । म देश र जनताका लागि र राष्ट्रियता बचाउन जुनसुकै त्याग गर्न तयार रहेको बिन्ती गरें । साथै अहिलेको परिवेशमा अमेरिका र बेलायत जस्ता मित्रराष्ट्रको विश्वास प्राप्त गर्नुपर्छ र सहयोग लिनुपर्छ भनेर बिन्ती गरें । नेपालमा बढेको भारतीय हस्तक्षेपका बारेमा उनीहरूलाई जानकारी गराउन जरूरी छ भनेर जाहेर गरें । अहिले नेपालमा सिक्किमको जस्तो अवस्था विकसित हुँदै छ । त्यसैले हालका मुख्य राजनीतिक पार्टीभन्दा अलग राष्ट्रवादी र प्रगतिशील पार्टीको खाँचो छ । वर्तमान राजनीतिक पार्टीहरूको साथ नभए पनि देश आफ्नो गतिमा अगाडि बढ्नुपर्छ । अहिलेको अवस्थामा सरकारबाट इनिसियटिभ आफ्नो हातमा लिनु नितान्त आवश्यक छ भनेर बिन्ती गरें ।' दर्शनभेटका अवसरमा सरकारबाट आफूलाई केही निर्देशन बक्सेको पनि उहाँले जानकारी दिनुभयो ।

## २०५९ कात्तिक १७ आइतबार

भारतीय राजदूतावासमा कार्यरत रअका एक व्यक्तिले डा. बाबुराम भट्टराई भारतमा पक्राउ परेको भन्ने अपुष्ट समाचार दरबारबाटै प्रायोजित हो भन्ने हल्ला चलाएका छन् । यसको नियत भारतलाई बदनाम गर्ने हो भन्ने उनको भनाइ रहेछ । उनका अनुसार दरबारमा कार्यरत कुनै खास व्यक्तिसँग भारतीय राजदूतावासको सम्पर्क छ । साथै दरबारको कुनै वरिष्ठ पदाधिकारीको टेलिफोन ट्याप गर्ने गरिएको छ ।

अमेरिका नेपालमा छिटो र छरितो ढङ्गले काम होस्, भ्रष्टाचार नियन्त्रण, सुशासन आदिमा सुधार होस् भन्ने चाहन्छ भनी खबर आएको छ ।

पाकिस्तानी सेनाले आफ्नो देशमा सञ्चालन गरेका विभिन्न कल्याणकारी आयोजना तथा कोर्स निरीक्षण गर्न सेनाबाट एउटा टोलीलाई आमन्त्रण गरिएको छ । मैले यो कुरा सरकारमा जाहेर गरें ।

देशमा सरकार नभएको अवस्थामा गत असोज २० गते गृहसचिवले अर्थ मन्त्रालयका सहसचिव प्रमोद कार्की मार्फत हाल कानुन मन्त्रालयका उपसचिवलाई थुन्न लगाएका रहेछन् । ती उपसचिव त्यस बेला अर्थ मन्त्रालयमा कार्यरत थिए । उनलाई माओवादी भएको आरोप लगाएर थुनिएको रहेछ । यस सम्बन्धमा कुरा बुझ्दा उपसचिवले अर्थ मन्त्रालयमा हुने भ्रष्टाचारका सम्बन्धमा तीखो प्रतिक्रिया दिने गरेकाले उनलाई झूटो आरोप लगाई थुन्न लगाएका रहेछन् । सरकारमा यो विषय जाहेर हुँदा तुरून्त बुझेर कारबाही गर्न निर्देशन बक्स्यो ।

एमाले सरकारमा सहभागी हुन तयार छ भन्ने भनाइ आएको छ । तर गृह मन्त्रालय कुनै पनि हालतमा एमालेलाई दिनु हुँदैन भन्ने कुरा पनि सँगसँगै आएको छ ।

प्रधानमन्त्रीले माओवादी सम्पर्कसूत्रसँग वार्ता सम्बन्धी कुरा चलिरहेकाले सेनाले गरिरहेका अपरेसन तिहारमा कम गर्न र त्यस सम्बन्धी समाचार नदिन प्रधान सेनापतिलाई

निर्देशन दिनुभएको छ ।

बबरमहलस्थित 'रिभिजिटेड' मा आज राणाहरूको वंशावली विमोचन कार्यक्रम सम्पन्न भयो । उक्त अवसरमा बोल्ने केही राणाले आफूहरू सामान्य नेपालीभन्दा धेरै उच्च वर्गको भन्ने भाव व्यक्त गरे । तत्कालीन भारतमा अङ्ग्रेजको जस्तो नेपालमा आफ्नो बेग्लै विशिष्ट वर्ग रहेको भन्ने उनीहरूको आशय थियो ।

राजस्व गस्ती सम्बन्धी सेनाको टोलीको अवधि गत असारमा छ महिना बढाइएको थियो । त्यो अवधि आगामी मङ्सिर १० गते समाप्त हुन्छ । त्यसलाई यो आर्थिक वर्षको अन्त्यसम्म पुनः थप गर्नुपर्ने देखिन्छ । साथै, भन्सार गस्तीमा खटिएको सेनाको टोलीको अवधि पनि पुस मसान्तसम्म मात्र रहेको छ । यी विषयमा प्रधानमन्त्रीलाई जानकारी गराउनुपर्छ भनेर मैले सरकारमा जाहेर गरैं । शाही जङ्गी अड्डाले यसबारे चासो राखिरहेको छ ।

## २०५९ कात्तिक २१ गते बिहीबार

आज प्रधानमन्त्री चन्दले काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालालाई सुजाता कोइरालाको घर, मण्डिखाटारमा भेट्नुभयो । उक्त अवसरमा प्रधानमन्त्रीले सरकारमा सहभागी हुन कोइरालालाई अनुरोध गर्नुभयो । साथै उहाँले कोइरालालाई भन्नुभयो, 'तपाईंको माओवादी नेतासँग सम्बन्ध स्थापित भएको र हटलाइन टेलिफोन समेत स्थापित भएको भन्ने सुनिएको छ । त्यसैले माओवादीसँग वार्ताका लागि सरकारलाई सहयोग गरिदिनुहुन अनुरोध गर्दछु ।'

प्रधानमन्त्री चन्दका निकट व्यक्तिको भनाइ अनुसार मुख्य सचिव डा. विमल कोइरालाले श्री ५ को सरकारलाई आवश्यक सहयोग नगरेको भन्ने गुनासो आएको छ ।

## २०५९ कात्तिक २३ गते शनिबार

दिउँसो १२ बजेदेखि निस्केको नेपाल विद्यार्थी सङ्घ प्रजातान्त्रिकको जुलुस वसन्तपुरमा पुगेर सभामा परिणत भयो । जुलुसमा करिब सात सयको सहभागिता रहेको भन्ने रिपोर्ट छ । सभामा काङ्ग्रेस प्रजातान्त्रिकका नेता प्रकाशमान सिंहले बोल्नुभएको थियो । त्यस्तै एमालेको प्रजातान्त्रिक राष्ट्रिय युवा सङ्घको जुलुस भोटाहिटीमा पुगेर सभामा परिणत भयो । जुलुसमा करिब पाँच सयको सहभागिता थियो । सभालाई एमाले नेता वामदेव गौतमले सम्बोधन गर्नुभएको थियो ।

अमेरिकी राजदूतावासमा सुरक्षा सुपरभाइजर पदमा कार्यरत प्रकाश गौतमलाई आजै साढे ३ बजेतिर बुद्धनगरमा माओवादीले हत्या गरे । केही महिनाअघि पनि लिङ्कन स्कुलमा कार्यरत रविभवनका रमेश ताम्राकारको हत्या भएको थियो । यी घटनामाथि केही दिनयता अमेरिकाको एफबीआईको टिमले अनुसन्धान गरिरहेको छ भन्ने खबर आएको छ ।

काठमाडौंका पूर्वमेयर केशव स्थापित आज मेरो घरमा आउनुभएको थियो । उक्त अवसरमा मैले सरकारमा सहभागी भएर सहयोग गरिदिनुपर्‍यो भन्दा उहाँले भन्नुभयो,

'म सरकारमा सामेल हुन सक्दिनँ । तर माओवादी समस्या समाधान गर्ने विषयमा मेरा केही योजना छन् । त्यो कार्यान्वयन गर्न सके देशमा शान्ति आउन सक्छ ।' साथै उहाँले मन्त्रीभन्दा काठमाडौँको मेयर बनेर सरकारलाई सहयोग गर्ने इच्छा व्यक्त गर्नुभयो । आजै कमलप्रसाद चौलागाईंले एमाले परित्याग गरेको खबर आयो ।

## २०५९ कात्तिक २४ गते आइतबार

वीरेन्द्र सैनिक अस्पतालमा कार्यरत सेनानी डा. राजीव शाही तीन महिनाको 'एट्याचमेन्ट' का लागि लन्डन जानुभएको थियो । तर एक वर्षसम्म बिनाखबर त्यहीं बस्नुभयो । एक वर्षपछि अहिले आएर एमडी अध्ययनका लागि तीन वर्षको बिदा माग्नुभएको छ । यो विषय सरकारमा जाहेर हुँदा 'नियम पुऱ्याएर मिलाइदिनू' हुकुम भयो । डा. राजीव शाहज्यादी पूजाका श्रीमान् हुनुहुन्छ ।

मैले 'युवराजाधिराज सरकारको तालिमका लागि सबै तयारी भइसकेको छ, कहिलेदेखि सुरु गर्ने ?' भनेर सरकारमा जाहेर गरें । सरकारबाट 'पारसलाई नै सोधेर मिलाउनू' हुकुम भयो । युवराजाधिराजका लागि सेनाको आठहप्ते बेसिक तालिमको व्यवस्था दरबारभित्रै शाही रक्षक वाहिनीमा मिलाइएको छ ।

आगामी मङ्सिर १ र २ गते जङ्गी अड्डामा पृतना र वाहिनीपतिको सम्मेलन आयोजना गरिएको छ । उक्त अवसरमा हालको सुरक्षा स्थितिबारे विश्लेषण र छलफल हुनेछ ।

गिरिजाप्रसाद कोइरालाले यही सोमबार सरकारको दर्शनभेट पाउने सम्भावना छ भन्नुभएको रहेछ । उहाँले राजाको दर्शनभेट खोज्नुभएको चर्चा निकै पहिलेदेखि चलिरहेको थियो । उहाँले सरकारसँग कुरा मिले डा. रामशरण महत, आमोदप्रसाद उपाध्याय र चक्रप्रसाद बाँस्तोलाको नाम मन्त्रीका लागि सिफारिस गर्छु भन्नुभएको छ ।

प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द र एमाले नेता केपी ओलीबीच एमालेलाई सरकारमा सहभागी गराउन कुराकानी भइरहेको छ । तर कुरा मिलेको छैन । यसमा राप्रपा नेता दीपक बोहरा र शरदचन्द्र शाहले मध्यस्थता गरिरहेको भन्ने सूचना आएको छ ।

माओवादीले प्रधानमन्त्रीको सम्पर्कस्रोत मार्फत वार्ताको पूर्वसर्तका रूपमा विभिन्न प्रस्ताव पठाएको छ । त्यसमा माओवादीलाई प्रयोग गर्ने गरिएको 'आतङ्ककारी' शब्द फिर्ता लिने, वार्ताका लागि सार्वजनिक आह्वान गर्ने, थुनामा रहेका माओवादी कार्यकर्ताको सूची सार्वजनिक गर्ने जस्ता कुरा छन् ।

सरकारबाट 'वार्ताबारे सुरक्षा निकायका प्रमुखहरूको धारणा के छ, बुझ्नू' हुकुम बक्सेको थियो । यस सम्बन्धमा सुरक्षा निकायका प्रमुखहरूबाट आएका सुझाव यस प्रकार छन् :

१. वार्ताका लागि आह्वान गरे हुन्छ ।
२. माओवादीले सम्पूर्ण आतङ्कवादी क्रियाकलाप (चन्दा सङ्कलन, हातहतियार ओसारपसार, जनसभा, जनकारबाही र सैन्य भर्ती लगायत) बन्द गर्नुपर्छ ।

३. राजसंस्थाका विरूद्ध कुनै पनि किसिमको अभिव्यक्ति र प्रहार हुनु हुँदैन ।
४. श्री ५ को सरकारले सदाशयता देखाउनुपर्छ ।
५. बन्दीको स्थिति दुवैतिरबाट सार्वजनिक गर्नुपर्छ ।
६. सुरक्षा फौजले शान्ति-सुरक्षाका लागि नियमित कारबाही जारी राख्नेछ । तर माओवादीप्रति लक्षित रहनेछैन ।
७. सरकारले सुरक्षा अङ्गका लागि आवश्यक सामग्रीको खरिद प्रक्रिया जारी राख्नेछ ।

यी सुझाव मैले आज सरकारमा जाहेर गरेँ । त्यसपछि सरकारबाट हुकुम भयो, 'माओवादीले परिस्थिति प्रतिकूल हुँदा पनि सफलता हासिल गर्दै आइरहेका छन् । माओवादी नेताहरू प्रधानमन्त्री चन्द, गिरिजाप्रसाद कोइराला लगायत, काङ्ग्रेस, एमाले, नेमकिपा र संयुक्त जनमोर्चा नेपालका नेताहरूसँग बारम्बार सम्पर्कमा रहने गरेका छन् । त्यसो हुँदा हाल अपनाइएको रणनीति जारी राख्ने (No back tracking) ।' साथै सरकारबाट 'माओवादीप्रति लक्षित कारबाही जारी राख्न र अझ सकेसम्म आक्रामक ढङ्गले अघि बढ्न' निर्देशन बक्स्यो । यसै गरी, 'अख्तियारले सुरु गरेको कारबाही राम्ररी सञ्चालन गर्न र सम्पत्ति छानबिन आयोगको कारबाही समेत अगाडि बढाउन पशुपतिलाई भनेको छु' हुकुम भयो । अन्त्यमा सरकारबाट 'सेनाले स्काई ट्रक एम-२८ जहाजको उपकरण खरिद गर्दा अनियमितता भएको भन्ने सिकायत आएको छ, यस विषयमा पनि के भएको हो बुझेर मलाई मलाई खबर गर' भनी निर्देशन बक्स्यो ।

## २०५९ कात्तिक २८ गते बिहीबार

गिरिजाप्रसाद कोइरालाले 'दरबारबाट सम्भवतः आज दर्शनभेटका लागि खबर आउँछ, त्यसमा के कुरा गर्ने ?' भनी केन्द्रीय समितिका केही सदस्यसँग छलफल गर्नुभएको बुझियो । छलफलका क्रममा सरकारबाट चालिएको असोज १८ र २५ गतेको कदम संविधान अनुरूप भएन, अहिलेको निकास भनेको संसद् पुनःस्थापना नै हो भन्ने कुरा जाहेर गर्ने तय भयो ।

एमाले नेता केपी शर्मा ओलीले हालै सरकारसँगको दर्शनभेटपछि आफ्ना निकटका व्यक्तिसँग निम्न कुरा भन्ने गरेको खबर प्राप्त भएको छ :

१. सरकारबाट हालको राजनीतिक परिवेशका बारेमा सबै कुरा स्पष्टसँग हुकुम भयो । तर दर्शनभेटमा भएका सबै कुरा भन्न मिल्दैन ।
२. छ पार्टीको सहमति अनुसार काम भए समस्याको निकास निकाल्न सजिलो हुन्छ ।
३. हालको राजनीतिक स्थिति विश्लेषण गरेर समस्या समाधानका उपाय जाहेर गरेँ । सरकारसँग सकारात्मक कुरा भयो । सहमति अनुरूप काम भएन भने सबैलाई बेफाइदा हुन्छ ।

आजै रवीन्द्रनाथ शर्माले आफ्नो निवासमा केही पत्रकार बोलाएर राप्रपाको

महाधिवेशनमा पार्टी अध्यक्षका लागि आफ्नो उम्मेदवारीको घोषणा गर्नुभयो ।

आज बिहान दोलखाको मुढेनजिक लाकुरे डाँडामा सुरक्षा फौजलाई लक्ष्य गरी माओवादीले गराएको विस्फोटमा सार्वजनिक यातायातको बस परेको छ । घटनास्थलबाट प्राप्त जानकारी अनुसार १६ जना घाइते भएको प्रारम्भिक रिपोर्ट छ । घाइतेलाई सेनाको हेलिकप्टरबाट काठमाडौँ ल्याइएको छ ।

प्राप्त सूचना अनुसार कात्तिक १२ गते काङ्ग्रेस नेता कृष्णप्रसाद सिटौला र एमालेका रघुजी पन्तले भारतीय राजदूतावासका डीसीएम अशोक कुमारलाई भेटे । भेटमा माओवादीका तर्फबाट कृष्ण महर्जन पनि संलग्न थिए । यही भेटमा काङ्ग्रेस, एमाले र माओवादीबीच प्रारम्भिक वार्ता भएको थियो । सो वार्ताको क्रम जारी राख्ने सहमति भएको बुझिएको छ ।

प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले आफ्ना 'सम्पर्कव्यक्ति' माधवप्रसाद मरहठ्ठा मार्फत माओवादी नेता हरिबोल गजुरेललाई भेटेको सूचना आएको छ । त्यस क्रममा दरबारसँग कुरा मिले माओवादी पार्टी अन्तरिम सरकारमा सामेल हुने कुरा भएको छ । माओवादी पार्टीले वार्ताका लागि संयुक्त राष्ट्रसङ्घ र युरोपियन युनियनसँग पत्रचार गरेको समेत गजुरेलले प्रधानमन्त्रीलाई जानकारी गराएका थिए ।

यसैबीच, माओवादीलाई बेल्जियममा रहेका नेपालीबाट ठूलो रकम चन्दा आउने गरेको कुरा खुलेको छ । माओवादीको केन्द्रीय कार्यालय हाल भारतको गोरखपुरमा छ । तर गोरखपुरको कुन ठाउँमा भन्ने थाहा छैन । सुरक्षा निकायले उनीहरूको कार्यालय पत्ता लगाउन कोसिस गरिरहेका छन् । त्यसका निम्ति मान्छेहरू परिचालन गरिएको छ ।

## २०५९ साल मङ्सिर १ गते आइतबार

सुरक्षाको विद्यमान स्थितिमा क्षेत्रीय प्रशासकको भूमिका महत्त्वपूर्ण हुनुपर्छ । तर उनीहरूबाट प्रभावकारी काम हुन सकिरहेको छैन भनेर धेरैतिरबाट गुनासो आएको छ । त्यसले गर्दा प्रत्येक अञ्चलमा अञ्चल प्रशासक या अधिकारसम्पन्न दौडाहा टोली नियुक्त गर्नु उपयुक्त हुने विचार आइरहेको छ । त्यस्तो टोलीमा सबै क्षेत्र (जस्तै : सेना, प्रहरी, निजामती र न्याय क्षेत्र) का पूर्व वरिष्ठ अधिकृतलाई समावेश गर्नुपर्छ भन्ने सुझाव छ ।

श्री ५ को सरकारको काम ज्यादै सुस्त र फितलो देखिएकाले तुरुन्त मन्त्रिपरिषद् विस्तार गरी प्रभावशाली राहत कार्यक्रम ल्याउन निर्देशन भएको छ । प्रशासनलाई छिटोछरितो बनाउन र मितव्ययिता अपनाउन प्रशासन सुधार आयोगको प्रतिवेदन अनुसार मन्त्रालयको सङ्ख्या घटाएर १८ बनाउनुपर्ने सुझाव छ । सरकारको असोज १८ गतेको कदमपछि सबैभन्दा प्रभावकारी प्रहरी र प्रशासन हुनुपर्छ । त्यसका लागि प्रशासन यन्त्र प्रभावकारी र चुस्त हुनु नितान्त आवश्यक छ । यसैबीच, मुख्य सचिव डा. विमलप्रसाद कोइराला र केही उच्च प्रशासकबाट श्री ५ को सरकारलाई राम्रो सहयोग भएन भन्ने सिकायत आइरहेको छ । त्यसैले मुख्य सचिवलाई राजदूत बनाएर पठाए उपयुक्त हुने धारणा पनि देखा परेको छ । हाल रक्षासचिवको भूमिका सन्तोषजनक छ तर

गृहसचिवलाई एक-दुई महिना हेर्नुपर्छ भनेर विभिन्न स्रोतबाट सुझाव आएको छ ।

जुम्लाको सदरमुकाममा कात्तिक २८ गते राति माओवादी आक्रमण भयो । तर सेनाले त्यसलाई विफल तुल्याइदियो । त्यसलाई प्रधान सेनापतिले 'सेनाको ठूलो सफलता' भन्न थाल्नुभएको छ । उहाँले निकै उत्साहका साथ यसको क्रेडिट लिने कोसिस गर्नुभयो । आक्रमणपछिको भएको फलोअप अपरेसनमा एक सयजति माओवादी हताहत भएका छन् र दुई बोरा नेपाली रुपैयाँ समेत सेनाले फेला पारेको छ । मैले पाएको खबर अनुसार प्रधान सेनापतिको दाबी र फिल्डको यथार्थ मेल खाने किसिमको छैन । उक्त आक्रमणमा जुम्लाका धेरैजसो सरकारी कार्यालय ध्वस्त भएका छन् । यस सन्दर्भमा मैले प्रधान सेनापतिलाई सोधेँ, 'सेनाको जिम्मेवारी आफ्नो ब्यारेक मात्र बचाउने हो वा पूरा सदरमुकामको सुरक्षा गर्ने हो ? जुम्लामा त सेनाले आफ्नो ब्यारेकको मात्र सुरक्षा गरेको देखियो । यसलाई कसरी सेनाको सफलता भन्न मिल्छ ?' मेरा कुरा सुनेर उहाँ निकै रिसाउनुभयो । यो कुरा उहाँ जाहेरीमा आएको बेला सरकारकै सामुन्ने भएको हो ।

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालालाई भारतीय राजदूतावासका काउन्सेलर प्यासीले आज भेटे । उहाँहरूबीच एक घण्टा गोप्य छलफल भएको सूचना प्राप्त भएको छ । प्यासी नेपालमा भारतीय गुप्तचर संस्था रअका प्रमुख हुन । यो भेटपछि कोइराला गोविन्दराज जोशीलाई लिएर एमाले महासचिव माधवकुमार नेपाललाई भेट्न कोटेश्वर जानुभएको थियो । त्यहाँ कोइरालाले नेपाललाई एमाले कुनै पनि हालतमा वर्तमान सरकारमा जान हुँदैन भन्ने विचार राख्नुभएको थियो । हिजै कोइरालाले पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापालाई पनि भेट्नुभएको छ । तर के कुरा भयो, थाहा हुन सकेको छैन ।

परराष्ट्रमन्त्री नरेन्द्रविक्रम शाह भुटानी शरणार्थी सम्बन्धमा छलफल गर्न भुटान जाने कार्यक्रम छ । त्यसअघि पूर्वपरराष्ट्रमन्त्रीलाई भेट्ने क्रममा उहाँले माधवकुमार नेपाललाई पनि भेट्नुभयो । त्यस अवसरमा एमालेलाई सरकारमा सहभागी गराउने विषयमा समेत सामान्य कुरा भएको कुरा भएको बुझिएको छ ।

## २०५९ मङ्सिर ४ गते बुधबार

सरकारको दर्शनभेटपछि भौतिक तथा योजना मन्त्री नारायणसिंह पुनले मसँग टेलिफोनमा कुरा गर्नुभयो । उहाँले भन्नुभयो, 'मैले सरकारसँग विदेशी राजदूतावास तथा दातृ संस्थालाई लबिङ गरेर सरकारबाट चालिबक्सेको कदमको स्वागत तथा समर्थन गर्न लगाउँछु, सरकारको नीति तथा कार्यक्रममा सहयोग लिन कोसिस गर्छु, साथै आफ्नो पार्टीको राजनीतिक कार्यक्रम देशव्यापी रूपमा सञ्चालन गर्छु भनेर जाहेर गरेँ । यसै क्रममा सरकारबाट मेरो मन्त्रालयको काम र कर्मचारीबारे जिज्ञासा राखिबक्स्यो । विशेष गरेर सचिवको कामकारबाही र सहयोगबारे रुचि राखिबक्सेको थियो । मैले सचिव र मन्त्रालयका कर्मचारीबाट सहयोग पाउन सक्छु भनेर जाहेर गरेँ । सरकारबाट पनि सचिव ठीकै हुनुपर्छ, आफ्नो कार्यक्रममा विश्वासमा लिएर प्रयोग गर्नु ठीक होला हुकुम भयो ।'

चिनियाँ राजदूत उ योङ कङले हिजो मलाई डिनरमा बोलाउनुभएको थियो ।

त्यस बेला उहाँले नेपालमा हासिल गरेको आफ्नो अनुभव सुनाउनुभयो । आफूलाई चीन सरकारले नेपालको कार्यकाल समाप्त हुनुअघि नै अन्य देशमा राजदूत बनाएर पठाउन लागेको समेत मलाई सुनाउनुभयो । माओवादी समस्या समाधान गर्न वार्ता हुन्छ या हुँदैन, सेनाले माओवादी समस्या समाधान गर्न सक्छ या सक्दैन भन्ने उहाँको जिज्ञासा थियो । उहाँले सेनालाई चीनबाट लजिस्टिक्स उपलब्ध गराउने आश्वासन दिनुभयो ।

मैले पनि उहाँलाई माओवादीका विरूद्धको सैनिक कारबाहीबारे अवगत गराएँ । सेनाका लागि आवश्यक लजिस्टिक्स र जनशक्ति ज्यादै कम भएको पनि मैले जानकारी गराएँ ।

त्यसपछि राजदूतले देशको राजनीतिक अवस्थाका बारेमा टिप्पणी गर्नुभयो । उहाँले भन्नुभयो, 'नेपाली जनता राजसंस्थाप्रति आस्था राख्छन् र साथ पनि दिन्छन् । तर देशमा शान्ति बहाली गर्नु निकै जरूरी छ । अहिले राजनीतिक पार्टी जनतामा जान सक्ने स्थिति छैन । सरकारबाट मसँग संयुक्त राष्ट्रसङ्घीय शान्तिसेनाका लागि चीनले एपीसी (आर्म्ड पर्सनल क्यारियर) उपलब्ध गराउन सक्छ कि भनेर जिज्ञासा राखिबक्सेको थियो । मैले हालको अवस्थामा सेनालाई नेपालमै एपीसी आवश्यक रहेको महसुस गरेको छु भनैं । सरकारबाट राष्ट्रसङ्घको कभर नभए भारतबाट अवरोध हुन सक्छ हुकुम भयो ।' त्यसपछि उहाँले आफू केही दिनभित्रै बिदा मनाउन चीन जाने जानकारी दिँदै भन्नुभयो, 'मेरी श्रीमती जापानमा भएकाले म त्यहाँ पनि जान्छु । बेइजिङबाट फर्केर आएपछि नेपालमा मेरो कार्यकाल समाप्त हुन्छ । त्यति बेला स्वदेश फर्कनुअघि म सरकारसँग फेरि दर्शनभेट माग्छु । त्यस बेलासम्म चीनमा पार्टीको नेतृत्व परिवर्तन भई सरकार समेत परिवर्तन हुने भएकाले नयाँ नेतृत्वलाई सरकारबाट सन्देश पठाउनु उपयुक्त होला ।' अन्त्यमा उहाँले भन्नुभयो, 'नेपाली सीमाक्षेत्रमा तिब्बतीहरूले चिनियाँ प्रहरीलाई दुःख दिने र भागेर नेपाल आई चीनविरोधी गतिविधि गर्ने गरिरहेका छन् । त्यस्ता व्यक्तिलाई नेपालमा युएनएचसीआरका पदाधिकारीले शरणार्थीको दर्जा दिन खोजेको देखिन्छ । यो ठीक होइन । यसले चीन र नेपालबीचको सम्बन्धमा नराम्रो असर पर्ने हुँदा त्यस्ता व्यक्तिलाई अपराधीका रूपमा दर्ता गरी चीनलाई सुपुर्दगी गर्नुपर्छ ।'

शाही जङ्गी अड्डामा हालै सम्पन्न सुरक्षा समन्वयात्मक बैठकमा फिल्ड कमान्डरहरूले आफ्नो क्षेत्रको अपरेसनल गतिविधि र त्यसका कमीकमजोरीबारे विवरण पेस गरे । विगत छ महिनामा अपेक्षाकृत सफलता हासिल गरेको कुरा पनि उनीहरूले प्रस्तुत गरे । कमान्डरहरूको भनाइ थियो, 'हाल सामान्य अवस्थाको प्रक्रिया अनुरूप काम भइरहेको हुँदा विशेष गरेर सैनिक सामग्री आयात गर्दा धेरै समय लाग्ने गरेको छ जसबाट आवश्यक सामान उपलब्ध गराउन अप्ठ्यारो परिरहेको छ । अपरेसनको बेला सैनिक जवानले प्रयोग गर्ने लत्ताकपडा तथा बुट इत्यादि तोकिएको अवधिभन्दा चाँडै फाट्ने गरेकाले समस्या झन् चर्को बनेको छ । कतिपय अवस्थामा त जवानले आफ्नै पैसाबाट समेत बुट खरिद गर्नुपरेको छ । यसमा विचार पुऱ्याउन नितान्त आवश्यक छ ।' बैठकमा सेनालाई अपरेसन सञ्चालन गर्न आवश्यक सामग्रीको सूची बनाएर

श्री ५ को सरकारलाई दिने तयारी भइरहेको समेत जानकारी गराइयो । माओवादीका विरूद्ध कारबाहीमा घाइते हुने सैनिकको सङ्ख्या लगातार बढिरहेको छ । उनीहरूको उपचारका लागि वीरेन्द्र सैनिक अस्पतालमा पर्याप्त स्थान छैन । यस्तो बेला करोडौंको लगानीमा बनाइएको सैनिक म्युजियम भवन खाली छ । त्यो भवन सैनिक अस्पतालको नजिक पनि भएकाले त्यसलाई ओपीडी र प्यारामेडिक्स केन्द्रका रूपमा प्रयोग गर्ने सुझाव बैठकमा आएको थियो । तत्कालीन प्रधान सेनापति प्रज्वल्लशमशेर जबराले 'श्री ५ को सरकारबाट म्युजियम बनाउन बेग्लै रकम निकासा हुने' भन्नुभएको थियो । तर सरकारले कुनै पनि रकम दिएन र सेनाका विभिन्न शीर्षकमा आएको बजेट कटाएर म्युजियम भवन निर्माण गरिएको थियो ।

सो अवसरमा नवनियुक्त मन्त्रीहरूलाई राष्ट्रिय सुरक्षा नीति, राष्ट्रिय सुरक्षा परिषद् र सैनिक अपरेसनका बारेमा सेनाले विशेष ब्रिफिङ गर्दा उपयुक्त हुने समेत सुझाव आयो । साथै बेलायती सैनिक विज्ञबाट तयार भएको सिभिल मिलिटरी राष्ट्रिय अभियानबारे मन्त्रिपरिषद्मा जानकारी गराउने तयारी भइरहेको जानकारी गराइयो ।

बैठकमा प्रधान सेनापति प्यारजङ्ग थापाले काठमाडौंमा कार्यरत अधिकृतलाई तुरून्तै जिल्लामा पठाएर फिल्डमा लामो समय बसेका अधिकृतलाई काठमाडौं सरूवा गर्ने बताउनुभयो । साथै उहाँले आगामी माघदेखि लजिस्टिकको समस्या केही हदसम्म कम हुने र अर्को छ महिनामा अझ सुधार आउनेबारे आश्वस्त पार्नुभयो ।

## २०५९ मङ्सिर ५ गते बिहीबार

थाइल्यान्डको राजधानी बैङ्ककमा आयोजित एसियाका प्रमुख राजनीतिक दलको सम्मेलनमा भाग लिन काङ्ग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवा र नेता सागरशमशेर जबरा, काङ्ग्रेस नेता सुशील कोइराला, एमाले महासचिव माधवकुमार नेपाल र नेता भीम रावल आज त्यसतर्फ प्रस्थान गर्नुभयो । काङ्ग्रेस प्रजातान्त्रिकले देउवा बैङ्ककबाट फर्केपछि विद्यमान राजनीतिक सङ्कटमा कसरी अगाडि बढ्ने भनेर रणनीति तय गर्न काठमाडौंमा राष्ट्रिय कार्यकर्ता भेला आयोजना गर्ने भएको छ । काङ्ग्रेस संस्थापन पक्षले पनि चाँडै महासमितिको बैठक बोलाउने तयारी गरिरहेको छ । यसैबीच, काङ्ग्रेस र माओवादी नेताहरूबीच आन्दोलनलाई नयाँ ढङ्गले अघि बढाउन माओवादीको समर्थन र सहयोग लिने विषयमा गोप्य छलफल भएको बुझिएको छ ।

मालेको अगुवाइमा पाँच वाम पार्टीले सर्वदलीय सम्मेलन गर्न लागेका छन् । त्यसपछि वैधानिक आन्दोलन गर्ने कुरा प्रकाशमा आएको छ ।

यी विषयमा जाहेर गर्दा सरकारबाट प्रधानमन्त्रीले पनि माओवादीसँग सम्पर्कस्रोत मार्फत वार्ताको प्रयास गरिरहेको जानकारी गराइबक्स्यो । साथै, आउँदो माघमा सम्पन्न हुन लागेको श्री ५ अधिराजकुमारी प्रेरणाको शुभविवाहका सम्बन्धमा सेनाबाट गर्नुपर्ने काम अघि बढाउन हुकुम भयो । मैले 'प्रधान सेनापति र सम्बन्धित पदाधिकारीसँग छलफल गरी योजना तयार पारी जाहेर गर्छु' भनी बिन्ती गरें ।

## २०५९ मङ्सिर ८ गते आइतबार

सेनामा ब्रिगेडियरभन्दा माथि बढुवा हुनलाई नेसनल डिफेन्स कलेज (एनडीसी) भारत, बङ्गलादेश, पाकिस्तान, वार कलेज अमेरिका, रोयल कलेज अफ डिफेन्स स्टडिज (आरसीडीएस) बेलायत वा नेसनल डिफेन्स युनिभर्सिटी (एनडीयु) चीनमा एकवर्षे उच्च कोर्स गर्ने प्रचलन छ । यसबारे कुनै लिखित नियम नभए पनि सेनाका उच्च अधिकृतलाई पदोन्नतिका लागि यो कोर्स आवश्यक छ भनेर पठाउने गरिएको छ । अहिलेसम्म दरबारमा कार्यरत उच्च सैनिक अधिकृत कसैले पनि यो कोर्स गरेका छैनन् । अबदेखि दरबारमा कार्यरत सेनाका उच्च अधिकृतलाई पनि यो कोर्स गराउनु आवश्यक छ भन्ने नीति आज पास भयो । हामी कसैले पनि यो कोर्स गर्ने अवसर पाएनौँ । अहिले दरबारमा कार्यरत सहायक रथी टीका धमला यो कोर्सका लागि सबैभन्दा उपयुक्त र वरिष्ठ हुनुहुन्छ । उपरथीमा पदोन्नति हुनुअघि नै उहाँलाई यो कोर्स गराउनु अनिवार्य हुन्छ । यो विचार गरेर मैले सरकारमा जाहेर गरेँ, 'सरकारबाट टीकालाई पदोन्नति दिएर सैनिक सचिव बनाउने विचार राखिबक्सेको छ भने उहाँलाई उक्त तालिममा पठाउने समय भएको छ । त्यसका लागि बेलायत वा अमेरिकाबाट अर्को वर्षको एनडीसी या सोसरहको कोर्सका लागि सिट मगाउने समय भएको हुँदा निर्देशन पाऊँ ।'

मेरो यो जाहेरी सरकारले कुरा सुनी मात्र बक्स्यो, कुनै प्रतिक्रिया जनाइबक्सेन । यो विषय मैले यसअघि पनि पाँच-छ पटक जाहेर गरिसकेको हुँ । धेरै पटकको जाहेरी भएकाले होला, आज अलिक बेरपछि सरकारबाट 'सिट मगाइदिनू' हुकुम भयो । त्यसपछि मैले प्रधान सेनापतिलाई यो कुरा जानकारी गराएँ । उहाँले सेनालाई उपलब्ध हुने कोटामा थप गरेर मगाउने आश्वासन दिनुभयो । टीका जर्साबको इच्छा अनुसार बेलायतबाट आरसीडीएस कोर्सको सिट मगाउने प्रयास सुरु भयो । उक्त सिटका लागि विभिन्न समयमा व्यक्तिगत रूपमै पनि मैले बेलायती सैनिक सहचारी, राजदूत र बेलायती विशेषदूत सर जेफ्री जेम्ससँग पनि अनुरोध गर्दै आएको छु । यसका लागि मन्त्री नारायणसिंह पुनले पनि प्रयास गरिरहनुभएको छ । तर यो वर्ष बेलायतले सिट उपलब्ध गराउन नसक्ने जानकारी गरायो । त्यस पछि अमेरिकाका लागि प्रयास सुरु भयो । अमेरिकाले पनि तत्कालै थप सिट उपलब्ध गराउन नसक्ने जानकारी दियो ।

*(नोट : टीका जर्साबलाई एनडीसी या सोसरहको कोर्समा पठाउने प्रक्रिया चलिरहेका बेला मैले २०६० कात्तिक २१ गते राजीनामा गर्नुपर्‍यो । मेरो अवकाशपश्चात् बेलायतले पहिले प्रयास भइरहेको सिट उपलब्ध गराउने भयो । यसरी टीका जर्साब उक्त कोर्स गर्न बेलायत जानुहुने भयो । मैले अवकाश लिएपछि तत्काल कसैलाई सैनिक सचिव नियुक्त गरिएन । दरबारमा लामो समयसम्म शाही पार्श्ववर्ती विभागमा काम गरी सरकारसँग निकट रहेको व्यक्तिलाई सैनिक सचिव बनाउने चलन थियो । सैनिक सचिव पद खाली रहेको अवस्थामा मुख्य शाही पार्श्ववर्ती टीका जर्साबलाई उक्त कोर्समा पठाउनु उचित हुन्थ्यो या हुँदैनथ्यो ? साथै टीका जर्साबले पनि काम छोडेर कोर्समा जान ठीक हुन्थ्यो कि हुँदैनथ्यो ? यो विषय सोचनीय थियो । यस्तो अवस्थामा उहाँलाई*

*पठाउने या नपठाउने भन्ने कुरा सरकारको इच्छा र निर्णयको विषय थियो । तर उहाँ बेलायत जानुभयो । कोर्स गर्दागर्दै २०६१ असार २३ गते सरकारको शुभजन्मोत्सवका दिन उपरथीमा पदोन्नति हुन पनि सफल हुनुभयो । धमला कोर्समा गएपछि जङ्गी अड्डाका निरीक्षणाधिकृत उपरथीमा गजेन्द्र लिम्बूलाई पदोन्नति गरी कामु सैनिक सचिव बनाइयो । सरकारले के सोचेर उहाँलाई सैनिक सचिव बनाइबक्स्यो, त्यो त सरकार स्वयंलाई मात्र थाहा हुने कुरा हो, तर शाही जङ्गी अड्डाबाट यसबारे सकारात्मक धारणा आएन भन्ने सुनिएको थियो । टीका जर्साब कोर्स सकेर फर्केपछि पनि मुख्य शाही पार्श्ववर्ती पदमै रहनुभयो । २०६३ साल वैशाख १ गते उहाँलाई कुनै जिम्मेवारीबिना सैनिक सचिवालयमा सरुवा गरियो । आन्दोलनपछिको सरकारले २०६३ मङ्सिरमा कामु सैनिक सचिव गजेन्द्र लिम्बूलाई सैनिक मुख्यालयमा तुरुन्त हाजिर हुन निर्देशन दिएपछि उहाँको रिक्त स्थानमा टीका जर्साब नियुक्त हुनुभयो । त्यस बेलासम्म सैनिक सचिवालय काम, कर्तव्य र अधिकारबाट निष्क्रियप्रायः भइसकेको थियो । २०६३ पुस १४ गते उपरथी लिम्बू तीनवर्षे कार्यकाल समाप्त भएपछि थप्न सकिने दुईवर्षे पदावधि सरकारले थपेन । उहाँले अवकाश पाउनुभयो । त्यस्तै, उपरथी टीका धमलाको पनि २०६४ असार २३ गते तीनवर्षे पदावधि पूरा भएपछि सरकारले थप्न मिल्ने दुईवर्षे पदावधि थपेन र उहाँ पनि अवकाशमा पर्नुभयो ।)*

आज बिहान बुटवलनजिक महेन्द्र राजमार्गको सुरक्षा चेकपोस्टमा जाँच गर्ने सिलसिलामा सुरक्षाकर्मीबाट चिनियाँ बौद्ध भिक्षुलाई अपमानित गरिएको भन्ने कुरा आएको छ । उक्त घटनाबारे विस्तृत रूपमा बुझेर प्रधान सेनापतिले चिनियाँ राजदूतसँग कुरा गर्नु उपयुक्त हुने भनी मैले सरकारमा जाहेर गरेँ । यसै अनुसार प्रधान सेनापतिलाई पनि खबर गरेँ ।

केही दिनअगाडि भएको प्रहरी नायब महानिरीक्षक (डीआईजी) को सरुवामा प्रक्रिया मिलेन भन्ने गुनासो आएको छ । त्यस विषयमा दरबारको सचिव बैठकमा कुरा हुँदा मैले 'यसलाई सच्याउनुपर्छ' भन्ने विचार व्यक्त गरेको थिएँ । यो कुरा कसले, के-कसरी सरकारमा पुऱ्यायो, थाहा छैन । आज सरकारबाट मलाई फोन गरेर 'विवेक, तिमीले डीआईजीको सरुवा सम्बन्धमा के कुरा गरेको ?' हुकुम भयो । मैले 'डीआईजीको सरुवा मन्त्रिपरिषद्बाट मात्र हुने प्रचलन छ, विभागीय मन्त्रीबाट हुन सक्दैन, यो प्रक्रिया नमिलेको हो मात्र भनेको हुँ' भनी बिन्ती गरेँ ।

त्यसपछि सरकारबाट 'यो मैले गरेको निर्णय हो, तिमी चुप लाग' हुकुम भयो ।

कहिलेकाहीं सत्य-तथ्य कुरा गर्दा पनि नराम्रो हुने रहेछ । यसबारे बुझ्दै जाँदा पछि थाहा भयो– प्रक्रिया विपरीत डीआईजीको सरुवा शरदचन्द्र शाहले गृहमन्त्रीलाई भनेर मिलाएका रहेछन् । प्रहरी सङ्गठनभित्र साधारणतया काठमाडौं उपत्यकाको डीआईजी उपत्यकाबाहिर क्षेत्र कमान्ड गरेको वरिष्ठ व्यक्तिलाई दिने चलन छ । यस पटक उपत्यकामा नियुक्त गरिएका डीआईजी हालै मात्र बढुवा भएका हुन् । यसले गर्दा प्रहरीका वरिष्ठ अधिकृतमा केही असन्तुष्टि पैदा भएको छ । मैले प्रक्रियाको

कुरा उठाउँदा प्रमुख सचिव पशुपतिभक्त महर्जन र शरदचन्द्र शाहले 'सैनिक सचिवले श्री ५ को सरकारले गरेको निर्णयमा टीकाटिप्पणी गरे' भनेर सरकारमा जाहेर गरेछन् । मैले डीआईजीको सरुवा विभागीय मन्त्रीले गर्न सक्दैनन् मात्र भनेको थिएँ । त्यो बिलकुलै सही कुरा थियो । पछि उक्त सरुवालाई काज भनेर सच्याइयो । तर मैले राम्रै गाली खाइसकेको थिएँ ।

भारतीय राजदूतावासमा कार्यरत डेपुटी चिफ अफ मिसन अशोक कुमारले मलाई जहाँ भेटे पनि आफ्नो घरमा डिनरका लागि निमन्त्रणा गर्नुहुन्थ्यो । केही दिनअगाडि टेलिफोन गरेर 'म निमन्त्रणा पत्र पठाउँछु, शनिबार बेलुका डिनरका लागि श्रीमती सहित मेरो घरमा आउनुहोस्' भनी अनुरोध गर्नुभयो । मैले उहाँलाई 'मेरी श्रीमती त्यो दिन काठमाडौँमा हुन्नन्, त्यसो हुँदा तपाईं नै मेरो निमन्त्रणामा डिनरका लागि साङ्ग्रिला होटलमा आउनुहोस्' भनी अनुरोध गरेँ । उहाँले मेरो प्रस्ताव स्वीकार गर्नुभयो ।

डिनरका अवसरमा उहाँले नेपालमा आफ्नो कार्यकाल सकिएको र जर्मनी सरुवा भएको जानकारी गराउनुभयो । उहाँले नेपाल-भारत सम्बन्धका बारेमा समेत कुरा गर्नुभयो । त्यस प्रसङ्गमा भुटानको जलस्रोतमा भारतले लगानी गरेको र त्यसबाट भुटानको आर्थिक विकास भएको उल्लेख गर्दै उहाँले 'त्यस्तै मोडल नेपालमा किन लागू हुन नसक्ने ?' भनेर प्रश्न गर्नुभयो ।

प्रत्युत्तरमा मैले उहाँलाई भनेँ, 'कोशी, गण्डकी, महाकाली जस्ता योजनामा नेपाललाई हुनुपर्ने फाइदा उपलब्ध नभएको भन्ने नेपाली जनमानसमा प्रभाव छ । त्यसैले अब सञ्चालन हुने आयोजनामाथि राम्ररी विचार पुऱ्याइनुपर्छ भन्ने नेपालको सोचाइ रहन्छ । ठूला जलविद्युत् आयोजनाको विकास दुवै देशलाई उचित फाइदा हुने गरी गर्न नितान्त आवश्यक छ । यसबाट भारतका धेरै जनसङ्ख्या भएका र तुलनात्मक रूपले बढी गरिबी रहेका क्षेत्र उत्तरप्रदेश र बिहारका समग्र जनताको उत्थान हुन सक्छ ।'

उहाँले केही विस्तृत प्राविधिक विवरण र तर्कसहित नेपाललाई घाटा नपरेको जिकिर गर्नुभयो । उहाँको भनाइ थियो, 'भारतले उदार भावले नै नेपालको उन्नति र प्रगति चाहेको छ । तर नेपालमा विभिन्न समय र सन्दर्भमा बारम्बार भारतविरोधी गतिविधि हुने गरेको छ । पत्रपत्रिकामा समेत यस्तै कुरा महत्त्वका साथ आउने गरेकोमा मलाई दुःख लागेको छ ।' त्यसपछि मैले उहाँलाई भनेँ, 'भारत ठूलो राष्ट्र हो । आर्थिक तथा सामरिक हिसाबले पनि महत्त्वपूर्ण मुलुक हो । त्यसैले आफ्ना साना छिमेकीसँग उसले ठूलो दिल राखेर व्यवहार गर्नुपर्छ । नेपाली जनतामा नेपालप्रति भारतको व्यवहार हेपाहा छ र ऊ आफूलाई ठूलो दाइ जस्तो ठानेर हस्तक्षेप गर्छ भन्ने मानसिकता छ । विज्ञान र प्रविधिको विकासका कारण पुरानो सुरक्षा अवधारणा परिवर्तन भइसकेको छ । नेपाल भारतको सुरक्षा विषयलाई लिएर गम्भीर छ । तर नेपालले पनि आफ्नो राष्ट्रिय हित संरक्षण गर्नुपर्छ । नेपालले राष्ट्रिय हितको कुरा गर्दा भारतविरोधी भन्ने प्रश्न किन उठाइन्छ ? यसमा भारतले विशेष ध्यान दिन जरूरी छ ।'

## २०५९ मङ्सिर ११ गते बुधबार

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला 'आन्दोलनलाई गति दिन तल्लो तहका कार्यकर्तालाई परिचालन गर्नुपर्‍यो' भनेर कम्युनिस्ट नेताहरू माधवकुमार नेपाल र अमिक शेरचनसँग अनुरोध गर्नुहुँदो रहेछ । त्यसबारे नेपालले सकारात्मक जवाफ दिए पनि शेरचनले 'यस विषयमा व्यक्तिगत रूपबाट हुँदैन, चार पार्टीबीच सहकार्य गरेर अगाडि बढ्नुपर्छ' भनेर सुझाव दिनुभएछ । त्यसपछि कोइरालाले शेरचनलाई केही दिनमै चार पार्टीको संयुक्त बैठक बोलाउने भनी आश्वस्त पार्नुभएको छ । साथै उहाँले नेपाल सद्भावना पार्टीबाट निष्कासित सांसद हृदयेश त्रिपाठीलाई फोन गरेर सहानुभूति प्रकट गर्नुभएको छ ।

सेनाले तयार पारेको 'सिभिल मिलिटरी अभियान' कार्यक्रम र हाल केही जिल्लामा कार्यान्वयन भइरहेको आन्तरिक सुरक्षा तथा विकास कार्यक्रम (आईएसडीपी) बारे राष्ट्रिय सुरक्षा परिषद् सचिवालय तथा मन्त्रिपरिषद्लाई ब्रिफिङ गर्ने योजना मिलाउनुपर्ने भनी प्रधान सेनापतिले जाहेरी पठाउनुभएको छ ।

सैनिक सचिवालयले राजदरबारको छुट्टै वेबसाइट तयार पारेको छ । अब केही सामग्री थपेर त्यसलाई सञ्चालन गर्न सकिन्छ भनी जाहेर हुँदा सरकारबाट 'संवाद सचिवालयसँग समन्वय गरी सञ्चालन प्रक्रिया अगाडि बढाउनू' हुकुम भयो ।

## २०५९ मङ्सिर १२ गते बिहीबार

कमल चौलागाईंले आज मलाई भेटेर भन्नुभयो, 'म मन्त्री भएपछि रामेछापका माओवादीले धम्क्याए भने धेरै कार्यकर्ताले मसँग सम्पर्क गरे । एमालेको उच्च तहसँग पनि मेरो संवाद भइरहेको छ । हामीले राजनीतिक तहमा पनि कार्यक्रम अगाडि बढाउनुपर्छ । स्थानीय निकायमा पदाधिकारी नियुक्त गरे सरकारलाई काम गर्न सजिलो हुन्छ । हाल राजनीतिक पार्टीको संयुक्त आन्दोलनबाट कुनै खतरा छैन ।'

आजै मन्त्री नारायणसिंह पुनले पनि राजनीतिक कार्यक्रम अगाडि बढाउन सुझाव दिनुभयो । उहाँको भनाइ थियो, 'नेपाल समता पार्टीले म्याग्दी, बागलुङ, चितवन, पर्वत जिल्लामा आमसभा आयोजना गरेको छ । मैले ती सभालाई सम्बोधन गर्न जाने कार्यक्रम बनाएको छु । हालको राजनीतिक परिवर्तनका बारेमा जनतालाई जानकारी गराउन जरूरी छ । अहिलेको परिस्थितिमा राजनीतिक पार्टीसँग द्वन्द्व नगरी सहकार्यका लागि पहल गर्नु उचित हुन्छ । मित्रराष्ट्र र दातृ संस्थालाई देशको विद्यमान जटिल राजनीतिक अवस्थाबारे अवगत गराएर विश्वासमा लिनुपर्छ ।'

प्रधान सेनापतिले बर्दियाको राजापुरमा संयुक्त सुरक्षा बेस तैनाथ गर्न लागेको बारेमा जाहेरीका लागि मलाई खबर गर्नुभयो । सैनिक अधिकृत श्रीमती सङ्घले उक्त स्थानमा सेनाका विस्थापित परिवार र थारू समुदायका साथै माओवादीपीडितलाई समेत आउँदो शनिबार राहत वितरण गर्ने कार्यक्रम राखेको छ ।

आज सरकारबाट 'आगामी पुस १ गतेदेखि १५ गतेका बीचमा केही दिन पूर्वी

नेपालको अनौपचारिक भ्रमणको कार्यक्रम मिलाऊ, साथै अन्य सुरक्षा निकायबाट पनि केही सुझाव भए माग' हुकुम भयो ।

## २०५९ मङ्सिर १३ गते शुक्रबार

संयुक्त राष्ट्रसङ्घको आह्वानमा शान्ति स्थापनार्थ खटिने गणलाई वीरेन्द्र शान्तिसेना तालिम केन्द्र, पाँचखालमा तालिम पूरा गरेपछि मिसनमा जानुअघि महाराजाधिराजबाट सन्देश बक्सने परम्परा छ । समय मिले सरकार स्वयं पाँचखाल सवारी होइबक्सी ब्रिफिङ सुन्ने र डेमोन्स्ट्रेसन नजर हुने समेत प्रचलन छ । यसै सिलसिलामा तालिम सकेर केही दिनपछि मिसनमा जान लागेको सैनिक डफ्फालाई साबिक बमोजिम सरकारबाट सन्देश बक्सन र अनुकूल भए सवारी हुन जाहेरी गरिदिनू भनी प्रधान सेनापतिले मलाई अनुरोध गर्नुभएको थियो । यसबारे जाहेर हुँदा सरकारबाट 'यसमा केही परिवर्तन गर्न सकिँदैन ?' हुकुम भयो । साथै 'सन्देशको सट्टा सम्बोधन नै गर्दा के हुन्छ ?' भनी जिज्ञासा राखिबक्स्यो । मैले 'यो पहिलो थालनी हुन्छ, यसको अवश्य पनि सकारात्मक प्रभाव पर्छ, सम्बोधन बक्सने हो भने हामी त्यसै अनुसार तयारी गर्छौं' भनी बिन्ती गरेँ । यसै क्रममा मैले एउटा मस्यौदा तयार पारेको थिएँ । संवाद सचिव मोहनबहादुर पाण्डेले पनि मस्यौदा तयार पार्नुभएको थियो । सचिव बैठकले दुवैलाई मिलाएर अन्तिम रूप दिएपछि सरकारमा जाहेर गर्‍यौं । सरकारलाई ठीक लाग्यो । पूर्वनिर्धारित कार्यक्रम अनुसार आज पाँचखालमा सरकारबाट ब्रिफिङ सुनिबक्स्यो र सेनाको डेमोन्स्ट्रेसन नजर भयो । लन्चपछि सम्बोधनको कार्यक्रम राखिएको थियो । सरकारको सम्बोधनपछि यो अत्यन्तै प्रेरणादायी भएको प्रारम्भिक प्रतिक्रिया आयो ।

नेपालका लागि भारतका पूर्वराजदूत केभी राजन काठमाडौं आउनुभएको छ । उहाँले 'यो नितान्त निजी भ्रमण हो, समय मिले पुराना साथी र केही राजनीतिज्ञसँग भेटघाट गर्छु' भन्नुभएको छ ।

सरकारबाट 'सेनाले पक्राउ गरेका माओवादी कार्यकर्ताहरू ओम शर्मा, गोविन्द आचार्य र चन्द्रमान श्रेष्ठलाई छोड्न मिल्ने भए छोडिदिनू' हुकुम भयो । उनीहरूको रिहाइका लागि पशुपतिभक्त महर्जनले सरकारमा जाहेर गर्नुभएको रहेछ । सेनामा बुझ्दा शर्मालाई थप अनुसन्धान गर्नुपर्ने र अरू दुई जनालाई एक–दुई दिनमा नै छाड्न सकिने जानकारी आयो ।

## २०५९ मङ्सिर १५ गते आइतबार

मन्त्री नारायणसिंह पुनसँग फोनमा कुरा हुँदा उहाँको 'नेपाल समता पार्टी' ले अधिराज्यव्यापी सङ्गठन विस्तार गर्ने सबै क्षेत्रमा भव्य आमसभा गर्ने र मङ्सिर २७ गते काठमाडौंको खुलामञ्चमा केन्द्रीय आमसभा गर्ने निर्णय गरेको जानकारी गराउनुभयो ।

वीरगन्जका पूर्वमेयर विमलप्रसाद श्रीवास्तव काठमाडौं आएको मौका पारेर मलाई भेट्न आउनुभयो । उहाँले सरकारको दर्शनभेट खोज्नुभएको छ । श्रीवास्तवले उत्तरप्रदेश

र बिहारका राजनीतिक नेता, सांसद तथा तथा बुद्धिजीवी र पत्रकारसँग सम्बन्ध विस्तार गरे राम्रो हुने सल्लाह दिनुभयो । उनीहरूलाई काठमाडौं निम्ता गरी पशुपतिनाथको दर्शन गराउनुका साथै सरकारको दर्शनभेट गराउन सके सकारात्मक वातावरण बन्नेछ भन्ने उहाँको सुझाव थियो । उहाँले भन्नुभयो, 'सरकारको कदमपछि राजनीतिक कार्यक्रम गाउँ र जिल्ला तहमा पुऱ्याउन सकिएन । सीमावर्ती क्षेत्रबाट प्रकाशित हुने भारतीय पत्रपत्रिकामा समेत सरकारको कदमको पक्षमा लेख-रचना प्रकाशित गर्न सके राम्रो हुने थियो । काठमाडौंका केही पत्रपत्रिकामा प्रकाशित भएका मुरारी गौतम, युवराज गौतम, अजय पी नाथ, महेश्वर शर्माका लेखहरू मलाई पठाइदिए हिन्दीमा अनुवाद गरेर भारतमा प्रकाशित गर्ने व्यवस्था मिलाउने थिएँ ।' श्रीवास्तवले भ्रष्टाचार नियन्त्रण हुन नसकेको प्रसङ्ग उठाउँदै भन्नुभयो, 'राजस्व गस्तीमा गएको सेना पनि अनैतिक क्रियाकलापमा फसेको छ । भन्सारको मिलेमतोमा एउटै प्रतीतपत्रबाट तीन-चार पटक सामान आयात भइरहेको छ । थानकोटको चेकपोस्टमा सक्कली प्रतीतपत्र पेस गर्नुपर्ने व्यवस्था मिलाए यस्तो कार्य रोकथाम हुन सक्छ ।' त्यसै गरी उहाँले देशको राजनीतिक स्थितिका बारेमा आफ्नो विश्लेषण सुनाउँदै मलाई भन्नुभयो, 'चुनाव हुने वातावरण बनेर सरकारबाट आर्थिक सहयोग प्राप्त भए म पनि चुनाव लड्छु । स्थानीय प्रशासनको पनि सहयोग चाहिन्छ । मलाई सबै राजनीतिक दलले आआफ्नो पार्टीमा आउन आग्रह गरेका छन् । सूर्यबहादुर थापा राप्रपामा रहेसम्म म त्यो पार्टीमा समावेश हुन्नँ । राष्ट्रवादी विचार भएका व्यक्तिले तराईमा आयोजित आमसभामा गई मन्तव्य व्यक्त गर्नुपर्छ ।'

## २०५९ मङ्सिर १६ गते सोमबार

प्रहरी महानिरीक्षक प्रदीपशमशेर जबरा सेवाबाट अवकाशको सिलसिलामा आजदेखि बिदा बस्नुभयो । उहाँले प्रहरीमा लागू भएको ३२ वर्षको सेवा अवधि हटाएर प्रहरी महानिरीक्षकको चारवर्षे कार्यकाल पूरा गर्न ज्यादै प्रयत्न गर्नुभएको थियो । केही दिनअगाडि शनिबार सरकारबाट उहाँलाई बोलाइबक्सेको रहेछ । त्यस दिन उहाँले सरकारसँग तीन-चार घण्टा दरबारको गार्डेनमा बिताउनुभएछ । त्यस अवसरमा पनि उक्त नियम हटाएर आफ्नो कार्यकाल पूरा गर्न ज्यादै प्रयास गर्नुभएको रहेछ । सरकारबाट पनि आश्वासन बक्सेको रहेछ । दर्शनभेटपछि उहाँ प्रसन्न हुनुहुन्थ्यो । तर पछि के कारणले गर्दा हो, यो नियम हटेन र उहाँ अवकाशमा पर्नुभयो । मेरो जानकारीमा आए अनुसार उहाँलाई म्यानमारका लागि राजदूत बनाउने सरकारको मनसाय रहेको छ ।

*(नोट : सम्पत्ति छानबिन आयोगको प्रतिवेदन अनुसार आफूसँग देखिएको सम्पत्तिको स्रोत खुलाउन प्रदीपशमशेर जबराले सक्नुभएन । फलस्वरूप अख्तियारको छानबिनको दायरामा पर्नुभयो । यसका कारण उहाँ राजदूत हुनबाट पनि वञ्चित हुनुभयो ।)*

हालै जारी भएको राजपरिवार खर्च अध्यादेश सम्बन्धमा नकारात्मक टीकाटिप्पणी भइरहेको छ । मेरो विचारमा पनि यो कार्य समयसापेक्ष भएन । राजदरबारको खर्च किन यति धेरै बढाउनुपऱ्यो भन्ने जनताको गुनासो छ । यसले राजसंस्थाप्रति सकारात्मक

सन्देश नजाने भएकाले यसमा विचार गर्नुपर्ने हुन्छ । मैले यो कुरा जाहेर गर्दा सरकारबाट 'अहिले धेरै बढेको छैन, धेरै वर्षपछि बढाएको हो' भन्ने जवाफ दिइबक्स्यो । तैपनि मैले 'सरकार, देशको आर्थिक स्थिति यति नाजुक रहेको अवस्थामा दरबारले पैसाको चाहना राख्छ भन्ने देखिनु भएन' भनें । मैले यसो भन्दा सरकारको अनुहारमा गम्भीरता देखें ।

एमाले महासचिव माधवकुमार नेपाल भारतको पटनाबाट आज वीरगन्ज आइपुग्नुभएको खबर छ । उहाँले स्थानीय मकालु होटलमा कार्यकर्तासँग भेट गरिरहनुभएको छ । पटनामा उहाँले माओवादी नेतासँग भेट गरेको बुझिन्छ ।

काङ्ग्रेस नेता गोविन्दराज जोशीले राष्ट्रिय अनुसन्धान विभागका पूर्वप्रमुख हरिबाबु चौधरीलाई फोन गरेर 'प्रतिनिधिसभा पुनःस्थापना हुन्छ जस्तो छ, हामीलाई बहुमत चाहिन्छ, त्यसैले तपाईंसँग निकट सांसद रामजनम र उमाकान्तलाई हाम्रो पक्षमा ल्याउन पहल गरिदिनुपऱ्यो' भनेर अनुरोध गर्नुभएछ । यो कुरा मलाई चौधरीले जानकारी दिनुभएको हो ।

कुनै अज्ञात व्यक्तिले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा फोन गरी बुद्ध एयरको जहाजमा बम राखेको भनेकाले सुरक्षाकर्मी परिचालन गरी उक्त कम्पनीका सबै जहाजको सुरक्षा जाँच गरियो । तर केही फेला परेन ।

## २०५९ मङ्सिर १७ गते मङ्गलबार

राष्ट्रिय सुरक्षा परिषद् सचिवालयका सहसंयोजक उपरथी रूक्माङ्गद कटवाल बेलायतको रक्षा मन्त्रालयको निमन्त्रणामा त्यसतर्फ जान लाग्नुभएको छ । बेलायत भ्रमणका अवसरमा असोज १८ को कदमलाई समर्थन जुटाउन पहल गर्नर उक्त कदम चाल्नुपरेको कारण तथा उद्देश्यका बारेमा निम्न बुँदाहरू अनुसार कुरा गर्न सरकारबाट उहाँलाई निर्देशन बक्सेको छ । बुँदाहरू यस प्रकार छन् :

१. माओवादी हत्या र हिंसाका कारण देशको सुरक्षा स्थिति खराब हुनु ।
२. राजनीतिक दलका सरकारहरूले देशमा सुरक्षा र सुशासन दिन नसक्नु ।
३. राजनीतिक र प्रशासनिक क्षेत्रमा भ्रष्टाचारको व्यापकता ।
४. केही राजनीतिक नेताले भ्रष्टाचार गरेर कमाएको पैसाले पार्टीभित्र माफिया किसिमको गुट र उपगुट सञ्चालन गरेको ।
५. नेपाल प्रहरीलाई राजनीतीकरण गरेको ।
६. शाही नेपाली सेनालाई पूरै उपेक्षा गरेको ।
७. पार्टी-पार्टीबीच र एउटै पार्टीभित्र पनि चर्को द्वन्द्व रहेको र राजनीतिज्ञले राजनीतिलाई उद्योग तथा व्यापारका रूपमा प्रयोग गरेको ।
८. दातृ निकायबाट प्राप्त सहयोगको दुरूपयोग गरेको ।
९. प्रधानमन्त्रीले आफ्नै पदको सुरक्षाका लागि प्रतिनिधिसभा विघटन गरेको ।
१०. महाराजाधिराजबाट जनता र देशका लागि यो कदम चालिबक्सेको ।
११. अब माओवादीलाई वार्तामा ल्याएर शान्ति स्थापनाको प्रयास गरिने ।
१२. सेनालाई आवश्यक स्रोत-साधन जुटाउन र जनशक्ति बढाउन कोसिस गरिने ।

१३. माओवादीलाई वार्तामा ल्याउनका निम्ति सेनालाई ठूलठूला सैनिक कारबाही गर्न सजिलो हुने ।
१४. जनताको मनमा रहेको माओवादीको डर-त्रास हटाउन प्रयास गरिने ।
१५. बेलायत लगायत पश्चिमा मुलुकले भुटानी शरणार्थी समस्या समाधान गर्न र माओवादी हत्या-हिंसाबारे सकारात्मक भूमिका निर्वाह गर्न भारतलाई दबाव दिनुपर्ने ।

यिनै बुँदालाई आधार मानी कार्यपत्र तयार गरेर उपरथी कटवालले बेलायती पदाधिकारीसँग नेपालको पछिल्लो राजनीतिक परिस्थितिबारे छलफल गर्नुहुनेछ । साथै सरकारको असोज १८ को कदमको बचाउ गर्नुहुनेछ ।

आजै डा. सन्दुक रूइतलाई सरकारबाट दर्शनभेट बक्स्यो । आँखा उपचारका क्षेत्रमा उहाँले पुऱ्याएको योगदानको नेपालमा मात्र होइन, विदेशमा समेत ख्याति रहेको छ । सरकारको दर्शनभेटपछि मेरो पनि उहाँसँग कुरा भयो । उहाँले 'माओवादीहरू तिलगङ्गा आँखा अस्पतालमा उपचार गर्न आउने गरेका छन्, तर विगत तीन सातादेखि आएका छैनन्, मैले उनीहरूसँग तिमीहरूले अपनाएको हत्या-हिंसाको नीति ठीक भएन भन्ने गरेको छु' भन्नुभयो ।

एमाले नेता केपी शर्मा ओलीले 'मन्त्रिपरिषद् आठ-दस दिन ढिला विस्तार गर्नुपर्दथ्यो, चाँडो गरिएकाले एमाले सरकारमा जान सक्ने सम्भावना रहेन' भन्नुभएको छ ।

प्रधान सेनापतिको भारत भ्रमण आगामी पुस ३ गतेदेखि ९ गतेसम्मका लागि निर्धारण भएको छ । द्वन्द्वको वर्तमान अवस्थामा नेपाललाई केकस्तो सैनिक सहायता आवश्यक पर्छ, भ्रमणमा केके कुरा गर्ने भन्ने विषयमा तयारी गरी सरकारमा जाहेरीका लागि तत्काल काम सुरु हुनुपर्छ भनी मैले प्रधान सेनापतिसँग कुरा गरेँ ।

एमाले नेता राधाकृष्ण मैनाली मलाई भेट्न आउनुभएको थियो । उहाँले एमालेको नीतिप्रति असहमति जनाउँदै आफूले एमाले छोड्न सक्ने बताउनुभयो । लामो राजनीतिक विश्लेषण गर्दै मैनालीले भन्नुभयो, 'अब एमाले र काङ्ग्रेस बाहेकको तेस्रो ठूलो राष्ट्रिय पार्टीको खाँचो छ । एमाले र काङ्ग्रेसमा रहेका तर राष्ट्रप्रति चासो राख्ने व्यक्ति धेरै छन् । उनीहरूलाई समेट्न पनि नयाँ तेस्रो धारको खाँचो देखिएको छ । राजेश्वर देवकोटा जस्ता व्यक्तिको कोठे राजनीतिबाट यस्तो पार्टी चल्न सक्दैन । पार्टी सञ्चालन गर्न जनतामा आधारित र जनताले विश्वास गर्ने नेता चाहिन्छ ।'

## २०५९ मङ्सिर १८ गते बुधबार

प्रहरी महानिरीक्षक प्रदीपशमशेर जबराले आज सरकारको दर्शनभेट पाउनुभयो । उहाँ प्रहरीको ३२ वर्षे प्रावधानका कारण आफ्नो पदावधि झन्डै दुई वर्ष बाँकी रहँदै सेवाबाट अवकाश पाउँदै हुनुहुन्छ ।

शाही पार्श्ववर्ती सेनानी महेश चन्दले ड्युटी सकेर कालीमाटीस्थित निवास फर्कंदा आफ्नो साथमा रहेको पेस्तोल हराउनुभएछ । खोजतलासका सबै उपायबाट पनि उक्त हतियार फेला पर्न सकेन । सैनिक अधिकृत, त्यसमा पनि राजाको एडीसी जस्तो व्यक्तिले

त्यसरी हतियार हराउनु ठूलो कमजोरी हो । यस्ता विषयमा सैनिक नियम अनुसार कारबाही गर्नुपर्ने हुन्छ । उहाँलाई बर्खास्त गरी हतियार किन्दा लाग्ने रकम असुलउपर गर्नुपर्ने हुन जान्छ । यस सम्बन्धमा उहाँलाई 'कोर्ट अफ इन्क्वायरी' र 'कोर्ट मार्सल' गरी अवकाश दिनु उचित हुन्छ भनी मैले सरकारमा जाहेर गरेँ । सरकारबाट 'महेशलाई हतियारको पैसा तिराउने र तीन वर्ष पदोन्नति रोक्का गर्ने तथा एक वर्षसम्म दरबारभित्र मात्र ड्युटी गर्न दिने सजाय गर्नू' हुकुम भयो । मेरो विचारमा यसले दरबारमा कार्यरत सैनिक अधिकृतले जे गल्ती गर्दा पनि हुन्छ भन्ने आभास दिएको छ ।

*(नोट : केही समयपछि महेश चन्द पदबाट राजीनामा दिई अमेरिकातिर पलायन हुनुभएछ ।)*

## २०५९ मङ्सिर १९ गते बिहीबार

एमाले नेता राधाकृष्ण मैनालीले आज मलाई 'प्रमुख सचिव पशुपतिभक्त महर्जनलाई सरकारको दर्शनभेट मिलाइदिनू भनेको धेरै भयो, अहिलेसम्म मिलेन, तपाईंले प्रयास गरिदिनुपऱ्यो' भन्नुभयो । साथै उहाँले आफ्नो राजनीतिक विश्लेषण प्रस्तुत गर्दै भन्नुभयो, 'हालको परिस्थितिमा महाराजाधिराजबाट छोटो अवधि र लामो अवधि, साथै दूरगामी सोच राखेर काम गर्नुपर्छ । माओवादीलाई वार्तामा ल्याएर चुनाव गर्ने वातावरण बनाउन सक्नुपर्छ । हालको मन्त्रिपरिषद्ले राजनीतिक उद्देश्य प्राप्त गर्न सक्दैन । यथास्थिति रहे आन्दोलन हुन्छ । कसले नेतृत्व गर्ने वा सामूहिक नेतृत्वमा जाने भन्ने निर्णय दलहरूबाट चाँडै आउँछ होला । वर्तमान सरकारबाट भारतप्रति सहानुभूति राख्ने पक्षलाई पाखा लगाउने काम भइरहेको देखिन्छ । त्यसैले भारतको सहयोगमा नेपालमा संयुक्त आन्दोलन हुन सक्छ । अहिलेको अवस्थामा राजनीतिक पार्टीलाई माइनस गर्नु हुँदैन । किनभने पार्टीसँग प्रतिबद्ध कार्यकर्ता र मतदाता छन् । छोटो समयमा राजनीतिक दल र माओवादीसँग पनि सहकार्य गरेर चुनावको वातावरण बनाउनु उचित हुन्छ । लामो अवधिको विचार गर्ने हो भने राम्रो टिम बनाएर राजनीतिक कार्यक्रमसाथ जनतामाझ जानु उपयुक्त हुन्छ ।'

मैनालीसँग भएको कुराकानी मैले सरकारमा जाहेर गरेँ । सरकारबाट 'पशुपतिलाई मलाई सम्झाउनू भन, म राधाकृष्णलाई भेट्छु' हुकुम भयो । साथै सरकारबाट निर्देशन बक्स्यो, 'हालको अवस्थामा आन्दोलन गर्दा कसलाई फाइदा हुन्छ ? आन्दोलनले राजनीतिक पार्टीका नेतालाई कहाँ पुऱ्याउँछ ? पार्टीहरूले पनि आफ्नो अस्तित्व कहाँ छ भनी विचार गर्नुपर्छ । राष्ट्रिय हितका सवालमा विचार गर्ने कि नगर्ने ? अहिले देशको सबैभन्दा ठूलो समस्या माओवादी आतङ्क हो कि होइन ? जङ्गलबाट माओवादीको हिंसा र सडकमा राजनीतिक पार्टीको आन्दोलनले जनतालाई राहत दिन्छ ? माओवादी र राजनीतिक दल सबैले जनताका लागि काम गरेको भन्ने गरेका छन्, तर जनताले दुःख पाएको उनीहरूले किन विचार नगर्ने ? संविधानसभाको चुनाव गर्ने भए निर्वाचनमा हुने विकृति तथा विदेशी पैसाको व्यापक चलखेललाई कसरी रोक्ने ? त्यसबाट निस्कने

परिणाम आफ्नो पक्षमा नआए पार्टीहरूलाई मान्य हुने कि नहुने ? माओवादी जस्तै अन्य समूहले पनि हातहतियार उठाए के हुन्छ ? राजनीतिज्ञसँग छलफल गर्दा यी विषयमा ध्यान दिनू ।'

प्रधान सेनापतिसँग आज फोनमा कुरा हुँदा उहाँले भारतीय राजदूत श्यामशरण जङ्गी अड्डामा आफूलाई भेट्न आएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, 'राजदूतले हालको परिस्थितिमा नेपाली सेनाले खेलेको भूमिकाको सराहना गर्नुभयो । भारतबाट आउने सैनिक सहायता जारी रहने र बढाउने पनि आश्वासन दिनुभयो । यसबाट भारतको दृष्टिकोणमा केही परिवर्तन आएको हो कि भन्ने मलाई लाग्यो । समग्रमा राजदूत ज्यादै सकारात्मक देखिनुभयो ।' भारतीय राजदूतले आउँदो आइतबार आफूलाई डिनरमा बोलाएको कुरा पनि प्रधान सेनापतिले मलाई सुनाउनुभयो । उहाँको भनाइ थियो, 'डिनरमा अझ विस्तृत रूपमा छलफल गरी भारतीय धारणा राम्ररी बुझ्न सकिन्छ ।'

डा. दुमन थापाले मलाई फोन गरेर पद्मरत्न तुलाधरले 'माओवादीसँग वार्ता सम्बन्धी केही कुरा गर्नु छ, मलाई सैनिक सचिवसँग भेटाइदिनुपर्‍यो' भनेको जानकारी दिनुभयो । मैले यो कुरा सरकारमा जाहेर गरें । शनिबार बिहान ब्रेकफास्टमा तुलाधरसँग भेट्ने निधो भयो ।

## २०५९ मङ्सिर २० गते शुक्रबार

भारतीय गुप्तचर संस्था रअका दोस्रो मुख्य व्यक्ति जेके सिन्हा काठमाडौं आउनुभएको छ । उहाँले यसलाई नितान्त व्यक्तिगत भ्रमण भन्नुभएको रहेछ । तर काठमाडौंमा आफ्नो सम्पर्कका व्यक्तिहरूसँग गम्भीर विषयहरूमा विस्तृत जानकारी लिनुभएको छ, जस्तै : हालको परिस्थितिमा राजनीतिक पार्टीहरूले चलाएको विरोध कार्यक्रम चर्कन सक्छ कि सक्दैन ? राजनीतिक पार्टीहरू मिल्न सक्छन् कि सक्दैनन् ? यदि मिले कसको नेतृत्वमा मिल्न सक्छन् ? एमाले नेता केपी शर्मा ओली एमालेमै बस्छन् कि पार्टी छोड्छन् ? माओवादीले सरकारसँगको वार्ता सम्बन्धमा कस्तो दृष्टिकोण राखेका छन् ? राजनीतिक पार्टीहरू र माओवादीबीच कार्यगत एकता हुन्छ कि हुँदैन ? आदि । पहिले परिचय नभए पनि उहाँले सूचना तथा सञ्चारमन्त्री रमेशनाथ पाण्डेलाई भेटेको जानकारी आएको छ । उहाँहरूबीच लामो कुरा भएको बुझियो । तर के कुरा भयो भन्ने चाहिं थाहा हुन सकेन ।

जेके सिन्हाले राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्मालाई पनि भेट्नुभयो । त्यस अवसरमा उहाँले 'हालका प्रधान सेनापति र आईजीपी कस्ता छन्, माओवादीसँग वार्ता भए राजा र माओवादीका एजेन्डा केके हुन सक्छन्, दरबार र पार्टीहरूको दूरी घट्ने-बढ्ने के हुन सक्छ ?' आदि जिज्ञासा राख्नुभएछ । राष्ट्रिय अनुसन्धान विभागसँग रहेको माओवादी नेताहरूको टेलिफोन नम्बर माग्नुभएछ । साथै अहिलेको अवस्थामा सूर्यबहादुर थापा वा रवीन्द्रनाथ शर्माले सरकारको नेतृत्व गरे दरबारलाई राम्रो हुन्छ भन्ने सल्लाह दिनुभएछ । यसै क्रममा उहाँले राष्ट्रिय अनुसन्धान विभागलाई भारत

सरकारबाट सहयोगस्वरूप प्राप्त हुने टेलिफोन ट्यापिङ सिस्टम आगामी जनवरीमा उपलब्ध गराउने पनि बताउनुभएछ । मलाई देवीरामजीले जानकारी गराए अनुसार मैले यी कुरा सरकारलाई जाहेर गरें ।

## २०५९ मङ्सिर २१ गते शनिबार

पहिले तय गरिए अनुसार आज बिहान साढे ८ बजे होटल साङ्ग्रिलामा पद्मरत्न तुलाधरसँग भेट भयो । भेटमा डेनमार्कका कार्यवाहक राजदूत, डा. दुमन थापा, डेनमार्कको राजदूतावासमा कार्यरत शरद भट्टराई समेत उपस्थित हुनुहुन्थ्यो । उक्त अवसरमा तुलाधरले भन्नुभयो, 'स्विटजरल्यान्डको सेन्टर फर ह्युमन डाइलग (एचडीसी) ले नेपालमा माओवादी समस्या समाधानका निम्ति विगत तीन वर्षदेखि प्रयास गरिरहेको छ । यस संस्थालाई युरोपका थुप्रै राष्ट्रबाट आर्थिक सहयोग प्राप्त छ र सबैजसो देशका विशेषज्ञ यसमा कार्यरत छन् । हाल यसले माओवादी र सरकारी वार्ताटोली बनाएर तत्काल वार्ता प्रारम्भ गराउने प्रस्ताव ल्याएको छ । वार्ता गोप्य रूपबाट गरेर सहमतिनजिक पुगेपछि मात्र प्रेसलाई जानकारी गराउनु उपयुक्त हुन्छ । तर नेपालमा वार्ता गर्दा प्रेसबाट गोप्य राख्न सकिँदैन । त्यसैले सरकारी पक्षबाट दुई जना, माओवादी पक्षबाट दुई जना र मध्यस्थकर्ता वा सहजकर्ताबाट दुई जनाको टिम बनाएर गोप्य रूपमा जेनेभा गई वार्ता अघि बढाउनुपर्छ । वार्तामा जति समय लागे पनि सबै विषय आधारभूत रूपमा टुङ्ग्याएर नेपाल फर्की अन्तिम निर्णायक वार्ता गरेमा सफल हुन सकिन्छ । यसको सबै आर्थिक व्ययभार एचडीसीले वहन गर्नेछ । वार्ताटोलीलाई जेनेभा पुऱ्याउन एचडीसीले नै प्राइभेट जेटको व्यवस्था गर्ने छ । साथै वार्ताटोलीका सदस्यलाई नेपालसँग सम्पर्क गर्न गोप्य तवरबाट अत्याधुनिक सञ्चार सुविधा पनि उपलब्ध गराउनेछ ।' यो प्रस्ताव निकै उपयोगी हुने हुनाले महाराजाधिराजमा जाहेर गरेर आवश्यक व्यवस्था मिलाइदिनुपऱ्यो भन्ने तुलाधरको अनुरोध थियो । तुलाधरले यसबारे प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दसँग कुरा भइरहेको र उहाँले यसलाई सकारात्मक रूपमा लिनुभएको पनि मलाई बताउनुभयो । राजदरबारबाट समेत यसमा सहमति भए माओवादी समस्याको शान्तिपूर्ण समाधानमा मदत हुनेछ भन्ने उहाँको भनाइ थियो । सरकारी पक्षसँग समन्वय गरेर प्राइभेट विमान ल्याउने सहमति दिलाउन र माओवादीका दुई जना नेतालाई गोप्य रूपमा पासपोर्टको व्यवस्था मिलाइदिन पनि उहाँले मसँग सहयोग माग्नुभएको छ ।

## २०५९ मङ्सिर २२ गते आइतबार

श्रम तथा यातायातमन्त्री कमल चौलागाईंले आज मसँगको भेटमा 'हिजो दरबारमा भएको जलपान समारोह सकेर घर फर्केको १५ मिनेटपछि हिमालयन टाइम्सको पत्रकारले फोन गरेर जलपान समारोहमा केके भयो भनेर सोध्दा म झसङ्ग भएँ, यो मलाई ठीक लागेन, कसरी त्यस्तो भयो, यसबारे तपाईंहरू सचेत हुनुपर्छ' भनेर मलाई सुझै सुझाव दिनुभयो ।

उहाँको थप भनाइ थियो, 'सरकार बनेको करिब दुई महिना भइसक्यो । तर यस अवधिमा आशा गरिए अनुसार काम हुन सकेको छैन । म राजनीतिक तवरले अगाडि बढिरहेको छु । एमालेका धेरै नेताले मसँग सम्पर्क गरिरहनुभएको छ । तिनमा राजेन्द्र श्रेष्ठ, जितेन्द्र देव, सीतानन्दन राय, सिद्धिलाल सिंह जस्ता व्यक्ति हुनुहुन्छ । त्यस्तै वामदेव गौतमले पनि म त मोबाइल पनि राख्न सक्ने अवस्थामा छैन, सक्नुहुन्छ भने केही आर्थिक मदत गर्नुस् भनेर फोन गर्नुभयो । केही आर्थिक स्रोत उपलब्ध भए राजनीतिक क्रियाकलाप जिल्ला स्तरसम्म पुऱ्याउन सकिन्छ । स्थानीय निकायमा पदाधिकारी तुरुन्तै नियुक्त गर्दा राम्रो परिणाम आउनेछ । व्यक्तिगत आर्थिक सम्पन्नताका कारण नारायणसिंह पुनले प्रभावकारी काम गरिरहनुभएको छ । राधाकृष्ण मैनाली स्वार्थी भावना राखेर प्रधानमन्त्री हुने आशा गर्नुहुन्छ ।'

## २०५९ मङ्सिर २३ गते सोमबार

अस्ति शनिबार पद्मरत्न तुलाधरसँग भएका सबै कुरा मैले आज सरकार समक्ष सविस्तार जाहेर गरैं । सरकारबाट 'प्रधानमन्त्रीले पनि यो कुरा मसँग गरेका छन्, पद्मरत्नलाई प्रधानमन्त्रीसँगै सम्पर्क राखेर काम गर्न भनिदिनू, तिमी यसबारे केही समय चुप लागेर बस' हुकुम भयो । सरकारको प्रतिक्रिया थियो, 'माओवादीसँग सम्पर्क भएका पद्मरत्न तुलाधर जस्ता व्यक्तिले केही सोच्नुपर्छ । माओवादीको विद्रोह देश र जनताको लागि हो भन्ने हो भने उनीहरूको क्रियाकलापले त्यस्तो देखाउँदैन । संविधानसभाको चुनाव हुने भए विदेशी पैसा र विदेशी हस्तक्षेपले त्यसको परिणाम कस्तो हुन्छ ? माओवादी जस्तै अर्को समूहले हतियार उठाए त्यति बेला के गर्ने ? देशको अवस्था कस्तो होला ? यस्ता कुरामा प्रबुद्ध व्यक्तिले विचार गर्ने कि नगर्ने ?'

यसै सन्दर्भमा सरकारबाट हुकुम भयो, 'डेनिसहरूले नेपालको हालको जटिलतालाई कसरी मूल्याङ्कन गरेका छन् ? नेपालमा शान्तिवार्ता हुने भयो र त्यसमा विदेशी सहयोग हुने भयो भने भारतको के दृष्टिकोण रहन्छ ? दातृ संस्था तथा राष्ट्रले अहिले थोरै सहयोग गरे समाधान हुने समस्या १० वर्षपछि बढेर विकराल हुन्छ । त्यस बेला त्यसको समाधान गर्न सहयोगको राशि निकै बढी खर्च हुन्छ । यस्ता कुराहरूका बारेमा विदेशीहरूले नै सोच्न आवश्यक छ । माओवादी समस्या समाधान गर्न उनीहरूले सुरक्षा संयन्त्रलाई आवश्यक सहयोग गर्नु उचित हुन्छ ।'

यसपछि मैले सरकार समक्ष जङ्गी अड्डाका पीएसओज (प्रिन्सिपल स्टाफ अफिसर) लाई प्राइभेट डिनर बक्सेर विचार आदान-प्रदान गर्नुका साथै उनीहरूलाई आफ्नो काममा तदारुकतासाथ तैनाथ रहन निर्देशन बक्सँदा राम्रो हुने सल्लाह दिएँ । साथै, मैले सुनेका केही गुनासाका बारेमा जाहेर गर्दै भनें, 'शरदचन्द्र शाहका क्रियाकलाप ज्यादै उच्छृङ्खल भएको गुनासा आएका छन् । दरबारले बजेट बढाएको र मोटर किन्न सरकारसँग बजेट माग गरेको विषयमा पनि निकै नकारात्मक टिप्पणी आइरहेका छन् । मेरो विचारमा देशको कमजोर आर्थिक अवस्था र माओवादी विद्रोहमा सुरक्षा संयन्त्र

परिचालन भइरहेको स्थितिमा राजदरबारले श्री ५ को सरकारसँग धेरै बजेट माग गर्नु राम्रो हुँदैन । यसमा विचार हुनुपर्छ ।'

## २०५९ मङ्सिर २४ गते मङ्गलबार

आज बिहानै काङ्ग्रेस केन्द्रीय कार्यालयमा बसेको सर्वदलीय बैठकमा गिरिजाप्रसाद कोइराला, सुशील कोइराला, गोविन्दराज जोशी, चक्रप्रसाद बाँस्तोला, माधवकुमार नेपाल, सुवास नेम्वाङ, सूर्यबहादुर थापा, नारायणमान बिजुक्छे, प्रेम सुवाल, मुक्ति मण्डल आदि नेताको सहभागिता भएको खबर आएको छ । छलफल आन्दोलन कसरी सुरु गर्ने र कसरी अगाडि बढाउने भन्ने विषयमा केन्द्रित थियो ।

पूर्व चिनियाँ राजदूत ली केही लगानीकर्ता तथा व्यापारीको प्रतिनिधिमण्डलका साथ काठमाडौं आउनुभएको छ । उहाँले उद्योग तथा वाणिज्य क्षेत्रका विभिन्न व्यक्तिसँग अन्तरक्रिया गर्नुभएको छ । साथै प्रधान सेनापति र मलाई भेटेर सुरक्षा अङ्गलाई आवश्यक पर्ने सैनिक उपकरण तथा सरसामग्री नेपालमै उत्पादन गर्ने विषयमा छलफल गर्नुभयो । साथै सेनाको कल्याणकारी कोषसँग मिलेर नेपालमा नयाँ कमर्सियल बैङ्क खोल्न सकिने बारेमा पनि छलफल भयो ।

## २०५९ मङ्सिर २७ गते शुक्रबार

सरकारबाट हिजो पूर्वप्रधानमन्त्री तथा काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालालाई दर्शनभेट बक्सेको थियो । आज सरकारबाट कोइरालासँगको भेटघाट सौहार्दपूर्ण नभएको जानकारी गराइबक्स्यो । हालको परिस्थितिमा काङ्ग्रेसको दृष्टिकोण स्पष्ट देखिँदैन भन्दै सरकारबाट हुकुम भयो, 'अहिले राजसंस्थाले तीन वटा विषयमा कुनै पनि हिसाबले सम्झौता गर्दैन : पहिलो शान्ति-सुरक्षा, दोस्रो चुनाव र तेस्रो राष्ट्रियता । माओवादीलाई श्रीलङ्काको एलटीटीईले पनि तालिम दिएको भन्ने सूचना आएको छ । त्यसैले हाम्रा सुरक्षा अङ्गलाई पनि प्रोत्साहन गर्न आवश्यक स्रोत-साधनको व्यवस्था गरिदिनुपर्छ । प्रहरीमा रहेका विकृतिलाई सच्याउनुपर्छ । कोइरालासँग यिनै विषयमा कुरा भयो ।'

महाराजाधिराजको दर्शनभेटपछि कोइरालाले आफूनिकटका काङ्ग्रेस नेतासँग भन्नुभएको छ, 'मैले राजासँग हालको परिस्थितिबारे छलफल गरें । दलीय राजनीति पछि पर्न लागेको छ । यसले देशलाई फाइदा गर्दैन । हालको अवस्थामा सर्वदलीय किसिमले काम गर्नुपर्छ । राजा निकै अलमलमा परे जस्तो लाग्यो । राजाले जुन उद्देश्यबाट कदम चाले, त्यो उद्देश्य पूरा हुनेवाला छैन । काङ्ग्रेसले नेतृत्व लिए मात्र माओवादी समस्याको पनि समाधान हुन सक्छ ।'

एमाले महासचिव माधवकुमार नेपालले आज पनि मसँग केही कुरा गर्नुभयो । उहाँले भन्नुभयो, 'हामी काङ्ग्रेससँग जान खोजेका होइनौं, हाम्रो जनसमर्थन देखेर नै काङ्ग्रेस आत्तिएर सर्वदलीय बैठक बोलाएको हो । चुनाव सम्पन्न गराउन धारा १२८ बमोजिम एमालेले नै सरकारको नेतृत्व पाउनुपर्छ ।'

पोखरामा हुन लागेको राप्रपा महाधिवेशनका सन्दर्भमा कमल थापाले आफ्ना कार्यकर्तासँग भन्नुभएको छ, 'पञ्चायतको ३० वर्षमा नभएको भ्रष्टाचार विगत १२ वर्षमा भयो । ठूला पार्टीहरूले प्रत्येक नेपालीलाई १० हजार ऋणभार बोकाएका छन् । ठूला प्रजातान्त्रिक पार्टी हौँ भन्नेहरूले आत्मालोचना गर्नुपर्छ । राप्रपा सभापतिको चुनावमा डा. प्रकाशचन्द्र लोहनी र रवीन्द्रनाथ शर्माले सहकार्य गर्ने हो भने पशुपतिशमशेरलाई टक्कर हुन सक्छ ।'

## २०५९ पुस २ गते सोमबार

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला आज विराटनगर जानुभएको छ । उहाँको साथमा रामचन्द्र पौडेल पनि हुनुहुन्छ । हालै सम्पन्न सरकारको पूर्वी क्षेत्रको भ्रमणलाई कोइराला र काङ्ग्रेसका कार्यकर्ताले चुनौतीका रूपमा लिएको भन्ने बुझियो । कोइरालाले पार्टी कार्यकर्तासँग भन्नुभएछ, 'केही समयअगाडिको दर्शनभेटमा राजाले आफ्नो भ्रमणका बारेमा कुरा उठाएनन् । यसबाट के देखिन्छ भने जनसमर्थन आफूसँग छ भनी घमन्ड गरेर राजा उत्साहित हुन सक्छन् ।' यसै क्रममा कोइरालाले 'पूर्वका विभिन्न ठाउँमा आमसभा आयोजना गरेर मैले सम्बोधन गर्ने व्यवस्था मिलाउनुस्' भनी स्थानीय नेता तथा कार्यकर्तालाई निर्देशन दिनुभएको छ ।

उक्त भ्रमणको अवसरमा पौडेलले 'हाल देशको मूल आवश्यकता भनेको संसद् पुनःस्थापना नै हो, यसो गरे मात्र माओवादीसँग वार्ता गरी संविधान संशोधन गर्न सकिन्छ, वर्तमान अवस्थामा हामी सरकारमा जाँदैनौँ' भनेर घोषणा गर्नुभएको छ ।

काठमाडौँमा एमालेले गरेको आमसभामा करिब १० हजारको सहभागिता भएको बुझियो । आमसभाका लागि पार्टीले एमालेले प्रशस्त पैसा खर्च गरी राजधानीबाहिरबाट बसका बस कार्यकर्ता ल्याएको रहेछ ।

सशस्त्र प्रहरी महानिरीक्षक कृष्णमोहन श्रेष्ठ गएको आइतबार दुई दिनका लागि भारत गएर फर्कनुभएछ । भारतले सशस्त्रलाई उपलब्ध गराउने हातहतियार तथा विभिन्न किसिमका सामग्री निरीक्षण गर्न बोलाएको थियो भनेर उहाँले मलाई जानकारी दिनुभयो । भारतीय राजदूतावासको आग्रहको भरमा उहाँ भारत जानुभएको रहेछ । यो कुरा राष्ट्रिय दृष्टिकोणले प्रक्रियासङ्गत थिएन । मैले उहाँलाई सचेत गराउँदै भनेँ, 'एउटा महत्त्वपूर्ण सुरक्षा निकायको प्रमुखको हिसाबले तपाईं समकक्षीको निमन्त्रणामा मात्र, त्यो पनि श्री ५ को सरकारबाट निर्णय भएपछि मात्र विदेश जानु उचित हुन्छ । यसरी साधारण व्यक्ति जस्तो भएर सरकारी काम गर्न भारत जानु यो पदको व्यक्तिलाई सुहाउने कुरा होइन ।' उहाँले पनि आफ्ना तर्फबाट 'ओभरलुक' भएको महसुस गर्नुभयो । र, भविष्यमा प्रक्रियासङ्गत तरिकाले काम गर्ने बताउनुभयो ।

## २०५९ पुस ३ गते मङ्गलबार

हिजो राति राप्रपा नेता दीपक बोहराले एमाले महासचिव माधवकुमार नेपाललाई

भेटेर करिब एक घण्टा छलफल गरेको खबर छ । त्यस अवसरमा एमालेलाई सरकारमा सामेल हुन र स्थानीय निकायको नियुक्ति गरी चुनाव गराएर वर्तमान परिस्थितिबाट देशलाई निकास दिलाउन आग्रह गरिएको बुझिएको छ ।

आज मेरो जाहेरीको दिन । मैले हालको परिस्थितिको विश्लेषण गर्दै 'सुरक्षा प्रमुखहरूले राजनीतिक दलका नेतालाई अप्रत्यक्ष रूपमा सम्बोधन हुने गरी व्यक्तिगत तथा दलीय स्वार्थबाट माथि उठेर सबैले सहकार्य गरी समस्याको समाधानमा जुटौँ भनी आह्वान गर्दा राम्रो हुन्छ, यसले शान्तिपूर्ण निर्वाचनको वातावरण बनाउन सहयोग पुऱ्याउँछ' भनी जाहेर गरेँ ।

सरकारबाट 'सुरक्षा प्रमुखहरूसँग छलफल गरी के गर्दा राम्रो हुन्छ विचार गर' हुकुम भयो ।

गत असोजको अन्तिम साता माओवादी नेता डा. बाबुराम भट्टराईले भारतको परराष्ट्र मन्त्रालयको साउथ एसियन डिभिजनका अधिकारीसँग अनौपचारिक वार्ता गरेको प्रमाण प्राप्त भएको छ । उक्त अवसरमा माओवादीले नेपालमा गणतन्त्र स्थापनाका लागि भारतको सहयोग खोजेको थियो भने भारतीय पदाधिकारीले माओवादीले विशेष गरेर भारतले बनाएका भौतिक संरचना ध्वस्त पारेको कुरा उठाएका थिए । त्यसको जवाफमा डा. भट्टराईले भारतले निर्माण गरेका संरचना माओवादीले नष्ट नगरेको, माओवादीप्रति भेदभाव गर्ने मुलुकले बनाएका संरचनालाई लक्षित गरिएको स्पष्टीकरण दिनुभएको थियो । साथै उहाँले भारतसँग सहकार्यको कुरा पनि गर्नुभएको थियो । यसबाट भारतले एकातिर नेपाललाई केही हतियार दिएर सहयोग गरे जस्तो र अर्कातिर भित्रभित्रै माओवादीसँग पनि सहकार्य गरिरहेको बुझ्न सकिन्छ । भारतले यसै गरी एमालेलाई पनि सहयोग गरिरहेको छ । सबै कुरा विचार गर्दा पछि गएर नेकपा एमाले र माओवादीलाई मिलाएर गणतन्त्र स्थापना गर्ने र नेपाललाई सिक्किम वा भुटानको अवस्थामा नेपाललाई पुऱ्याउने भारतको योजना रहेको देखिन्छ ।

आज मन्त्री नारायणसिंह पुनले 'माओवादी सम्बन्धी जरूरी कुरा छ, सरकारको दर्शनभेट पाऊँ' भन्नुभयो । मैले तत्कालै यो कुरा सरकारमा जाहेर गरी दर्शनभेट मिलाएँ । पुनल आफू माओवादी नेताहरूसँग सम्पर्क गरेर शान्तिवार्ताको प्रयासमा लागेको मलाई जानकारी गराउनुभयो । यो कुरा हामीमा सीमित हुनुपर्छ पनि भन्नुभयो ।

काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले झापामा आयोजित आमसभामा सेनाका विरूद्ध कडा भाषण गर्नुभएको छ । यसबारे सेनाले कुन रूपमा प्रतिक्रिया व्यक्त गर्नुपर्ने हो, विचार गर्नुपर्छ ।

## २०५९ पुस ४ गते

हिजो प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले प्राध्यापक गीताभक्त जोशीलाई पुस ३ गतेदेखि लागू हुने गरी आफ्नो प्रमुख सल्लाहकारमा नियुक्त गर्नुभयो ।

गिरिजाप्रसाद कोइरालाले भारत भ्रमण गर्ने कार्यक्रम बनेको छ । तर किन जान

लागेको, कसको निमन्त्रणामा जान लागेको भन्नेबारे केही बताइएको छैन । प्राप्त सूचना अनुसार उहाँ आफ्नै कुनै नातेदारको विवाहमा भारत जान लाग्नुभएको हो । तर उहाँ पटक-पटक देशको प्रधानमन्त्री भइसकेको व्यक्ति भएकाले विदेश भ्रमण गर्दा केही आधारभूत कुरामा स्पष्ट हुन आवश्यक हुन्छ । खास गरी भ्रमणको उद्देश्य र भेट्ने व्यक्तिका बारेमा देशलाई जानकारी हुनैपर्छ । व्यक्तिगत कुरा जे भए पनि राष्ट्रिय मामिला र राष्ट्रहितका विषयमा के कुरा बोल्ने भन्ने पहिले नै तय हुन सके राम्रो हुन्छ ।

सरकारबाट पुस १९ गतेदेखि २१ गतेसम्म पूर्वाञ्चल विकास क्षेत्रको भ्रमण गर्ने र सो अवसरमा १९ गते नागरिक अभिनन्दन समारोहमा सरिक होइबक्सने कार्यक्रम तय भयो । सुरक्षा व्यवस्था लगायत सम्पूर्ण तयारी पुस १५ गतेभित्र मिलाइसक्नुपर्ने कुरा मैले सम्बन्धित सबैलाई जानकारी गराएँ । नागरिक अभिनन्दनपछि सोही दिन बडामहारानी सरकार विराटनगर एयरपोर्टबाट राजधानी फर्कने कार्यक्रम मिलाउन सरकारबाट हुकुम बक्स्यो ।

## २०५९ पुस ८ गते सोमबार

सेनाले बेल्जियमबाट खरिद गरेको मिनिमी लाइट मेसिनगन बोकेर नेपाल आउँदै गरेको हवाईजहाज अजरबैजानमा आपत्कालीन अवतरण गरेको छ । भारतले आफ्नो आकाश प्रयोग गरेर उडान अनुमति नदिएपछि जहाज अजरबैजानमा अड्किएको हो । नयाँ दिल्लीस्थित बेल्जियमको राजदूतावास र हतियार निर्यात गर्ने कम्पनीले अनुमति लिने प्रयास गरिरहेका छन् । एक-दुई दिनभित्र हवाईजहाज काठमाडौं आइपुग्ने सम्भावना छ ।

भारतीय राजदूतको मोटर आज बिहानै एमाले महासचिव माधवकुमार नेपालको कोटेश्वरस्थित घरमा देखिएको छ । बिहानै नेपाल र राजदूतबीच गोप्य वार्ता भएको छ । उक्त अवसरमा एमाले नेता वामदेव गौतमको पनि उपस्थिति थियो । नेपालको निवासमा राखिएको सर्भिलेन्सले भारतीय राजदूतलाई चिन्न सकेनछ ।

मन्त्री नारायणसिंह पुनले मलाई फोन गरेर 'माओवादीका केही नेतासँग भेटघाटका लागि एक-दुई दिन काठमाडौंबाहिर जानुपर्ने भएको छ' भनी जानकारी गराउनुभयो । मैले यो कुरा सरकारमा जाहेर गरेँ । सायद प्रधानमन्त्रीले उहाँलाई बिदा दिनुभयो ।

गृहमन्त्री धर्मबहादुर थापा सरकारको पूर्व क्षेत्रको भ्रमण सम्बन्धी सुरक्षा व्यवस्था र नागरिक अभिनन्दनको तयारीको निरीक्षण गर्न राष्ट्रिय अनुसन्धान विभागका प्रमुख, सशस्त्र र नेपाल प्रहरीका प्रमुख तथा गृहसचिव सहित आज विराटनगर जानुभएको छ ।

## २०५९ पुस ९ गते मङ्गलबार

नयाँ दिल्लीबाट प्राप्त जानकारी अनुसार गिरिजाप्रसाद कोइरालाले भारतीय नेता आईके गुजराल, जर्ज फर्नान्डिज, शीला दीक्षित आदिका साथै केही पत्रकार तथा प्राध्यापकसँग भेट्नुभएको छ । उहाँले आफ्नी भतिजाकी छोरीको विवाहमा गोप्य रूपले माओवादी नेता डा. बाबुराम भट्टराईलाई पनि भेटेको खबर छ । यसअघि गत वैशाखमा

कोइरालाले भारतीय प्रहरीको सुरक्षा सहयोगमा दिल्लीमै माओवादी अध्यक्ष प्रचण्ड र डा. भट्टराईलाई भेट्नुभएको थियो ।

राष्ट्रिय अनुसन्धान विभागका निरीक्षक प्रदीप थापालाई आज बिहान ललितपुरको छम्पीस्थित घरबाट कार्यालय गइरहेको बेला माओवादीले गोली हानी हत्या गरे ।

दरबारमा कार्यरत सुरक्षाकर्मीलाई फायरिङ प्राक्टिसका लागि हङकङबाट झिकाइएको पेन्टवल गन आज आइपुगेको छ । आएका हतियार सैनिक प्रहरीलाई बुझाउने आदेश भएको छ । उक्त गन खरिद गर्ने निर्णय हुन लाग्दा नै यो खासै उपयोगी हुन नसक्ने जानकारी पाएर मैले सरकारमा जाहेर गरेको थिएँ ।

सरकारको पूर्व क्षेत्रको भ्रमण र नागरिक अभिनन्दनको कार्यक्रमलाई प्रभावित गर्ने उद्देश्यले माओवादीले पुस १९ र २० गते मेची–कोशी बन्द गर्ने कार्यक्रम सार्वजनिक गरेको छ ।

## २०५९ पुस ११ गते बिहीबार

दरबारमा कार्यरत सचिवहरूको सामूहिक जाहेरीका बेला आज स्थानीय निकायको निर्वाचन सम्बन्धमा सामान्य छलफल भयो । सरकारबाट आउँदो माघ ८ गते अधिराजकुमारीको शुभविवाह सम्पन्न भएपछि क्रमिक रूपबाट स्थानीय निकायको चुनाव सुरु गरेर एमालेको महाधिवेशनअगाडि सम्पन्न भइसक्ने गरी तयारी गर्न हुकुम बक्स्यो । उक्त अवसरमा विराटनगरको नागरिक अभिनन्दन समारोहमा सरकारबाट सम्बोधन गरिबक्सने पनि तय भयो । सरकारको अर्को भ्रमण र नागरिक अभिनन्दन सुदूरपश्चिममा मिलाउने निर्णय भयो ।

सामूहिक जाहेरीमा भारतको नेपाल सम्बन्धी रणनीतिक उद्देश्यका बारेमा पनि केही छलफल भयो । सरकारबाट 'भारतले नेपालको शान्ति प्रक्रियामा विदेशीको मध्यस्थता चाहँदैन' हुकुम भयो ।

## २०५९ पुस १२ गते शुक्रबार

सेनाले कल्याणकारी कोषको रकमबाट बैङ्क स्थापनाका लागि गरेको प्रस्तावका सन्दर्भमा अर्थ मन्त्रालयले त्यस सम्बन्धी नियम पठाएको छ । नियममा नेपाली बैङ्कमा विदेशी लगानी ६७ प्रतिशत, ५० प्रतिशत वा २० प्रतिशत हुन सक्छ भनिएको छ । उक्त बैङ्कमा २० प्रतिशत विदेशी लगानी, ३० प्रतिशत सर्वसाधारणका लागि सेयर र बाँकी ५० प्रतिशतमध्ये ३० प्रतिशत सैनिक कल्याणकारी कोष, १० प्रतिशत सेनाका बहालवाला र भूतपूर्व सैनिक, ५ प्रतिशत नेपाल प्रहरीको कल्याणकारी कोष र ५ प्रतिशत सशस्त्र प्रहरीको कल्याणकारी कोषबाट लगानी गर्दा उपयुक्त हुन्छ भन्ने मेरो राय थियो । प्रधान सेनापतिसँग सल्लाह गर्दा उहाँले सकारात्मक प्रतिक्रिया दिनुभयो । साथै 'प्रहरी र सशस्त्रको कल्याणकारी कोषबाट आवश्यक रकम उपलब्ध हुन सक्छ या सक्दैन ?' भनी प्रश्न राख्नुभयो । यही प्रस्ताव मैले महाराजाधिराजमा पनि जाहेर गरेँ । सरकारबाट

समेत मेरो प्रस्तावप्रति सकारात्मक प्रतिक्रिया जनाइबक्स्यो । साथै मौसुफबाट 'कर्मचारी सञ्चय कोषलाई समेत केही प्रतिशत सेयर दिए राम्रो हुने' सुझाव बक्स्यो ।

*(नोट : यो योजनामा देशी-विदेशी बैङ्कमा कार्यरत व्यक्तिहरूले विभिन्न अडचन खडा गरे । नेपाल राष्ट्र बैङ्कलाई प्रलोभनमा पारी उक्त प्रस्तावित बैङ्क कहिल्यै खुल्न दिइएन । यो बैङ्क आएपछि नेपालका असङ्ख्य फाइनान्सियल इन्स्टिच्युटहरूलाई सैनिक कल्याणकारी कोषको रकम उपलब्ध नहोला र अप्ठ्यारोमा पर्लान् भन्ने डरले समेत देशी-विदेशी शक्तिहरूलाई गुहारेर यस्तो षड्यन्त्र रचिएको हुन सक्छ । सेनाले बैङ्क खोल्ने धेरै वर्षदेखिको योजना थियो । यसबाट सुरक्षा क्षेत्रमा कार्यरत व्यक्तिलाई सहयोग पुग्ने कल्याणकारी कार्यहरू (जस्तै : स्वास्थ्य, शिक्षा, आवास आदि) को व्यवस्था गर्न सजिलो हुने थियो । सरकारले गर्नुपर्ने यो काम उसले गर्न नसकिरहेको अवस्थामा सेनाको कल्याणकारी कोषको उपयोगबाट गर्न खोज्दा समेत केही उपाय निस्केन । विभिन्न क्षेत्रबाट सेनाको कल्याणकारी कोषको व्यवस्थापन भएन भनेर कुरा उठेको छ । सेनाले बैङ्क खोल्न पाएको भए कल्याणकारी कोषको पनि राम्रोसँग व्यवस्थापन हुने थियो ।)*

पूर्व क्षेत्रबाट प्राप्त जानकारी अनुसार माओवादीको नाममा काङ्ग्रेस र एमालेका कार्यकर्ताले '१९ गतेको नागरिक अभिनन्दनमा भाग नलिनू' भनी सर्वसाधारणका घर-घर गई धम्की दिन थालेका छन् । माओवादीले त पूर्व क्षेत्रको बन्द नै आह्वान गरेको छ ।

## २०५९ पुस १६ गते मङ्गलबार

सिलिगुडीमा पक्राउ परेका माओवादीका केन्द्रीय सदस्य चतुरमानसिंह राजवंशी सहित केही कार्यकर्तालाई सुरक्षाकर्मीले झापा ल्याएका छन् ।

मन्त्री नारायणसिंह पुनले काठमाडौंबाहिर माओवादीका शीर्ष नेतासँग गोप्य वार्ता गरेर आएपछि निकै उत्साहित भएर मसँग कुरा गर्नुभयो । उहाँले सरकारको दर्शनभेटका लागि तत्काल समय मिलाउन आग्रह गर्नुभयो । मैले तुरुन्तै सरकारलाई यो कुरा जाहेर गरेँ र दर्शनभेटको समय मिल्यो । सो अवसरमा म पनि उपस्थित थिएँ ।

दर्शनभेटमा मन्त्री पुनले माओवादी नेतासँग भएका कुरा सरकारमा सविस्तार जाहेर गर्नुभयो । माओवादी संवैधानिक राजतन्त्रलाई पूरा मानसम्मान दिन र २०४७ सालको संविधानको प्रस्तावनाप्रति प्रतिबद्धता जनाउन सहमत भएको मन्त्री पुनले बताउनुभयो । माओवादी नेताले संविधानसभाका बारेमा समेत पुनर्विचार गर्न सकिने बताउँदै बहुदलीय प्रजातान्त्रिक व्यवस्था मान्ने विषयमा पनि पार्टी केन्द्रीय कमिटीबाट निर्णय भइसकेको जानकारी मन्त्री पुनलाई गराएका रहेछन् । वार्ताका निम्ति राजदरबारबाट लिखित प्रस्ताव आए सबैभन्दा राम्रो हुने र त्यसो गर्न असजिलो भए प्रधानमन्त्रीले औपचारिक चिठी पठाए पनि मान्य हुने कुरा समेत माओवादीले स्पष्ट पारेछन् । जाहेरीका क्रममा मन्त्री पुनले माओवादीले भनेका थप कुरा यसरी उद्धृत गर्नुभयो, 'प्रधानमन्त्रीले वार्तादोली गठन गर्दा पनि हुन्छ । हालसम्मको प्रक्रियामा हामी सन्तुष्ट छौँ । हामी वार्ताका लागि

गम्भीर रूपमा तयार छौं । राजाबाट यो सदाशयता प्रस्तुत होला भनेर हामीले आस गरेका थिएनौं । राजाको शान्तिवार्ताप्रतिको चाहनालाई हामी आदर गर्छौं । राजदरबार र श्री ५ को सरकारसँग वार्ता गर्न हमीले जुनजुन सम्पर्क-स्रोत परिचालन गरेका थियौं, अब ती सबैलाई बन्द गरी मन्त्री पुन मार्फत वार्ता प्रक्रिया अगाडि बढाउन चाहन्छौं ।'

माओवादीका कुरा सुनेर सरकार पनि गम्भीर भइबक्स्यो । आफूले जतिसक्दो चाँडो वार्ताबाट समस्याको समाधान चाहेको कुरा हुकुम भयो । सरकारबाट मन्त्री पुनलाई 'माओवादीसँग वार्ता जारी राख तर उनीहरूका भनाइप्रति पूरा विश्वास गर्न सकिन्छ कि सकिँदैन भन्नेबारे विचार गर' भनी निर्देशन बक्स्यो । मौसुफको भनाइ थियो– राजदरबारले माओवादीलाई वार्ता सम्बन्धी कुनै पनि लिखित पत्र दिन सक्दैन । त्यसैले श्री ५ को सरकार वा प्रधानमन्त्रीबाट वार्ता सम्बन्धी प्रस्ताव अगाडि बढाउनुपर्छ । बरु यी सबै विषयमा प्रधानमन्त्रीलाई कसरी जानकारी दिने ?

त्यसपछि मैले बिन्ती गरेँ, 'सरकार, म गएर प्रधानमन्त्रीसँग केही कुरा राख्छु । प्रधानमन्त्री सहमत हुनुभए मन्त्री पुनलाई बोलाएर यस विषयमा विस्तृत रूपमा कुरा गर्छु ।' मैले भने अनुसार गर्न सरकारबाट सहमति दिइबक्स्यो ।

सो अवसरमा माओवादीसँग वार्ता प्रक्रिया अगाडि बढाउन कानुनी प्रक्रिया कसरी मिलाउने भन्ने प्रश्न उठ्यो । कानुनी व्यवस्था कसरी मिलाउने ? माओवादीका विरूद्ध राज्य सक्रिय छ र सुरक्षा फौज लडिरहेका छन् । वार्ताको पहलबारे महाराजाधिराज, पुन र म बाहेक अर्को व्यक्तिलाई कुनै जानकारी छैन । कुरा अति गोप्य राख्नु छ । विषय राजनीतिसँग जोडिएको छ । त्यसैले उस अभियानमा प्रमुख सचिव पशुपतिभक्त महर्जनलाई पनि सामेल गराउने कुरा तय भयो । अनि उहाँलाई बोलाएर लामो समयदेखि भइरहेको वार्ता प्रयासका सम्बन्धमा सम्पूर्ण जानकारी गराइयो ।

तत्कालै म प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई भेट्न प्रधानमन्त्री निवास, बालुवाटार गएँ । उहाँलाई माओवादीसँगको वार्ताका बारेमा जानकारी गराएँ । वार्ताका बारेमा विस्तृत छलफल गर्ने हो भने म अहिले नै मन्त्री पुनलाई बोलाउँछु भनेँ । उहाँले सहमति जनाएपछि मैले मन्त्री पुनलाई त्यहाँ बोलाएँ । हामी तीन जनाबीच विस्तृत छलफल भएपछि प्रधानमन्त्रीबाट माओवादीलाई वार्ताका लागि आह्वान गरिएको पत्र र मन्त्री पुनलाई वार्ताका लागि खटाइएको चिठी त्यहीं ड्राफ्ट भयो । पत्र तयार भएपछि मैले सरकारमा टेलिफोनबाटै जाहेर गरेँ । माओवादीलाई पनि विधिवत् वार्ताटोली गठन गरेर प्रधानमन्त्रीलाई आधिकारिक पत्र लेख्नुपर्ने खबर पठायौं ।

त्यही बेला कमल थापा र शरदचन्द्र शाह प्रधानमन्त्री निवासकै अर्को कोठामा प्रधानमन्त्रीलाई पर्खिरहेका रहेछन् । जेनेभास्थित ह्युमन डाइलग सेन्टरमा शान्तिवार्ता गराउने जुन प्रयास पद्मरत्न तुलाधर मार्फत भइरहेको थियो, त्यसै क्रममा उहाँहरू दुई जनालाई श्री ५ को सरकारका तर्फबाट जेनेभा पठाउन ठिक्क पारिएको रहेछ । मन्त्री पुनको माध्यमबाट वार्ता प्रक्रिया अगाडि बढाउने कार्य सुरु भएपछि उक्त योजना स्थगित हुन पुग्यो ।

*(नोट : म सरकार-माओवादी वार्ता प्रक्रियामा सामेल भएको कुरा जब शरदचन्द्र*

*शाहलाई थाहा भयो, उहाँहरूको योजना पनि तुहिन पुग्यो । उहाँले आफ्नो उपेक्षा गरिएको पनि महसुस गर्नुभयो होला । त्यसपछि बिस्तारै मेरा विरुद्ध षड्यन्त्रमा सामेल हुनुभयो । मेरो राजीनामा प्रकरणमा उहाँको पनि ठूलो हात रहेको हुन सक्छ भन्ने लाग्छ । मैले राजीनामा गरेपछि २०६० साल कात्तिक २६ गते बुधबार* घटना र विचार *साप्ताहिकमा 'विवेश शाह किन निकालिए ?' भन्ने शीर्षकमा पत्रकार बबिता बस्नेतको नाममा जुन समाचार छापियो, मेरो जानकारी अनुसार त्यो शरदचन्द्र शाहले लेखेर पठाउनुभएको थियो ।)*

## २०५९ पुस १८ गते बिहीबार

काङ्ग्रेस सभापति तथा पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सर्लाहीको मलङ्गवामा आयोजित आमसभालाई सम्बोधन गर्दै भन्नुभयो, 'संसद् पुनःस्थापना भए मात्र माओवादी समस्या समाधान हुन्छ । शुक्रबार आयो कि म झस्कन्छु, किनभने राजदरबार हत्याकाण्ड, संसद् विघटन र मन्त्रिमण्डल गठन शुक्रबार नै भएको छ । भोलिको नागरिक अभिनन्दन पनि शुक्रबार नै आयोजना गरिएको छ । राजाले जनतालाई उपेक्षा गर्न मिल्दैन । हामी जनताका छोरा भएकाले जनतामा जान्छौँ । राजालाई जनताले नमानेमा के गर्ने ? सेना र दरबारलाई संसद्को अधीनमा राख्नुपर्छ । विदेशीले मलाई तपाईं र राजाका बीचमा के झगडा हो भनेर सोध्छन् । मैले भन्ने गरेको छु– मेरो र राजाका बीचमा कुनै झगडा छैन, झगडा राजा र जनताका बीचमा छ, जनताको अधिकार राजाले लिनु हुँदैन भन्ने गरेको छु । राजाले पुनरूत्थानवादीलाई सघाउनु राम्रो होइन ।'

आज सरकारको सवारी इटहरीस्थित पूर्वी पृतनामा भयो । उक्त अवसरमा प्रधान सेनापति प्यारजङ्ग थापा र कामु पूर्वी पृतनापति प्रदीपप्रताप बम मल्लले पूर्व क्षेत्रको सुरक्षा अवस्था तथा माओवादीसँगको अपरेसनल गतिविधिबारे जाहेर गर्नुभयो । साथै, सबै जिल्लामा राजनीतिक दलको गतिविधि शून्य रहेकाले माओवादी चलखेल निकै बढेको विश्लेषण सुनाउनुभयो ।

## २०५९ पुस १९ गते शुक्रबार

विराटनगरमा आयोजित भव्य समारोहबीच आज श्री ५ महाराजाधिराज सरकारलाई पूर्वाञ्चलवासी जनताका तर्फबाट नागरिक अभिनन्दन चढाइयो । उक्त अवसरमा सरकारबाट सम्बोधन बक्स्यो । सरकारको सम्बोधनलाई प्रायः सबैले सन्तुलित तथा सकारात्मक बताए । अधिकांशले सबै क्षेत्रलाई सम्बोधन गर्ने तथा निकै सकारात्मक रहेको टिप्पणी गरे । कतिपयले संवैधानिक राजाको जस्तो नभएर सक्रिय राजाको जस्तो भने । त्यस्तै कसैले सम्बोधन राम्रो भए पनि हालको समस्याबाट निकास दिने कुनै पनि विचार र कार्यक्रम नआएको भन्ने टिप्पणी गरे । त्यस्तै अप्रत्यक्ष तथा व्यङ्ग्यात्मक रूपबाट दलहरूलाई प्रहार गरिएको जस्तो छ भन्ने प्रतिक्रिया पनि सुनियो । माओवादीसँग वार्ता गर्ने कुरा सकारात्मक छ, यसबाट समस्याको समाधान हुन सक्ने आभास पाइन्छ भन्ने अभिव्यक्ति विभिन्न पक्षबाट आयो । साथै, दललाई व्यङ्ग्य गर्दा ताली बजाउनेहरू त्यहाँ

प्रायोजित तरिकाले लगिएका हुन् भन्ने पनि सुनियो । मैले पाएका यी सबै प्रतिक्रिया साँझ पूर्वी पृतना, इटहरीमा सरकारमा जाहेर गरेँ, जहाँ भ्रमणको मुकाम थियो । सरकारले भ्रमणको सिलसिलामा पूर्व क्षेत्रका विभिन्न महानुभावसँग छुट्टाछुट्टै र सामूहिक पनि भेटघाट गरिबक्स्यो । साथै विभिन्न स्थानमा सवारी होइबक्स्यो ।

अभिनन्दन कार्यक्रमको साँझ पृतना मुख्यालयमा स्वागत समारोह तथा रात्रिभोजको आयोजना गरिएको थियो । कार्यक्रममा पूर्व क्षेत्रका राजनीतिक नेताहरू, समाजका अगुवाहरू, साथै प्रधानमन्त्री, पूर्व क्षेत्रबाट प्रतिनिधित्व गर्ने मन्त्री तथा राष्ट्रिय सभाका सांसद र उच्चपदस्थ कर्मचारीहरूको उपस्थिति थियो । उक्त अवसरमा पूर्वी पृतनाले तयार पारेका विभिन्न सांस्कृतिक कार्यक्रम प्रस्तुत गरियो । सरकारबाट कार्यक्रम खुब रुचिपूर्वक नजर भयो । आगन्तुक, पाहुनाहरू फर्केपछि सरकार पनि ज्यादै रमाइलो मानेर नाचिबक्स्यो । उपप्रधानमन्त्री बद्रीप्रसाद मण्डलले अत्यधिक रक्सी खाएर आफूले रमाइलो गरी अरूलाई पनि धेरै रमाइलो गराइरहनुभएको थियो ।

## २०५९ पुस २५ गते बिहीबार

नवयुवराज हृदयेन्द्रको शुभअन्नप्राशनको सिलसिलामा काठमाडौं गणेशस्थानको यात्रा राम्रोसँग सम्पन्न भयो । सडकमा उभिएर थुप्रै जनताले यात्रा हेरेका थिए । उनीहरूले धेरै उत्सुकता देखाएको पाइयो । यसबाट राजसंस्थाप्रति जनताको आस्था र विश्वास बढ्दो छ भन्ने देखिन्छ । हालको जटिल अवस्था र माओवादी समस्याबाट ग्रस्त बनेको राजधानीमा यस्तो सार्वजनिक समारोह निर्बाध रूपमा सम्पन्न गराउन सकेकोमा सुरक्षाकर्मीलाई स्याबासी दिनैपर्छ ।

## २०५९ पुस २६ गते शुक्रबार

साँझ त्यस्तै ६ बजेतिर मन्त्री नारायणसिंह पुनले रिसाएको मनस्थितिमा मलाई फोन गर्नुभयो । उहाँले भन्नुभयो, 'मेरो सम्पर्कमा रहेका माओवादी नेताले आज मलाई फोन गरेर मन्त्री रमेशनाथ पाण्डेले माओवादीलाई चिठी लेखेर वार्ताका बारेमा खबर पठाएको जानकारी दिए । मन्त्री पाण्डेले लेखेको चिठीमा 'पहिले तपाईंहरूले वार्ता प्रक्रिया अगाडि बढाउन मसँग कुरा गर्नुभएको थियो, त्यसै अनुसार मैले धेरै कुरा मिलाएको छु, तर अहिले बीचमा मन्त्री पुनको कुरा कसरी आयो, उहाँले कुरा मिलाउन सक्नुहुन्न, त्यसैले मन्त्री पुनसँगको सम्पर्क बन्द गरेर मैले सुरु गरेको प्रक्रियालाई निरन्तरता दिनुपर्छ' भनिएको रहेछ ।

मन्त्री पुनले यो कसरी भयो भनेर मलाई सोध्नुभयो । वास्तवमै यो घटना गम्भीर थियो । सरकार, म, मन्त्री पुन, प्रधानमन्त्री र प्रमुख सचिव बाहेक कसैलाई थाहा नभएको अति गोप्य कुरा कसरी बाहिर आयो भनी गम्भीर भएर सोचेँ । सबै कुरा विचार गर्दा पक्कै पनि प्रमुख सचिव पशुपतिभक्त महर्जनले नै मन्त्री पाण्डेलाई भनेको हुनुपर्छ भन्ने निष्कर्षमा पुगेँ । पशुपतिका सल्लाहकार रमेशनाथ हुन् भन्ने बाहिर जुन चर्चा थियो, त्यो

यस घटनाबाट पुष्टि हुन पुगेको छ ।

मन्त्री पुनको गुनासो सुनेपछि मैले भनैं, 'तपाईंलाई प्रधानमन्त्रीबाट लिखित पत्र दिइसकिएको हुनाले बार्ता प्रक्रिया अघि बढाउन तपाईं नै श्री ५ को सरकारको आधिकारिक व्यक्ति हुनुहुन्छ । मन्त्री पाण्डेले भन्दैमा अन्यथा हुन सक्दैन । त्यसैले तपाईं आफ्नो हिसाबले काम गरेर माओवादीलाई विश्वास दिलाउनुहोस । अन्य केही कुरा गर्नुपर्ने भए छलफल गरौंला ।'

मैले यो कुरा महाराजाधिराजमा जाहेर गरैं । सरकारबाट 'पशुपतिले त्यस्तो गर्न नहुने हो, म कुरा गरौंला, रमेशनाथको स्वभाव नै त्यस्तै हो' हुकुम भयो ।

*(नोट : राजसंस्था अहिलेको अवस्थामा आइपुग्नुमा पशुपतिभक्त महर्जन र रमेशनाथ पाण्डे लगायतका व्यक्तिहरूका यस्तैयस्तै क्रियाकलापको निकै ठूलो भूमिका रहेको म देख्दछु ।)*

*जनधारणा* साप्ताहिकमा हिजो प्रकाशित समाचार अनुसार प्रभाकरशमशेर जबराले प्रताप भनिने माओवादी कार्यकर्ता मार्फत पनि वार्ताको प्रयास गरिरहनुभएको छ । यसबारे प्रश्न गर्दा माओवादी हाइकमानले मन्त्री पुनलाई 'प्रताप भन्ने व्यक्ति असली भए पनि वार्ताका बारेमा पार्टीले उसलाई कुनै पनि जानकारी वा जिम्मेवारी दिएको छैन' भनेछ ।

प्रधान सेनापति प्यारजङ्ग थापाले मलाई फोन गरेर भन्नुभयो, 'प्रधानमन्त्रीले मलाई फोन गरी सेनाको नियन्त्रणमा रहेका माओवादी नेताहरू कृष्णध्वज खड्का तथा रेखा शर्मालाई मानव अधिकारवादी सुदीप पाठकसँग भेटाइदिनुपर्‍यो भन्नुभयो । मैले उनीहरूलाई पक्राउ गरिएको कुरा हालसम्म सार्वजनिक भएको छैन, मानव अधिकारवादीलाई भेटाएपछि बढी दबाव आउन सक्छ, त्यसैले भेटाउन अप्ठ्यारो पर्छ भनेर जानकारी दिएँ । मेरो विचारमा पहिले कृष्णध्वज र रेखासँग अप्रत्यक्ष तवरमा कुरा गर्ने र उनीहरूबाट महाराजाधिराजप्रति सकारात्मक विचार आए मात्र तिनलाई सार्वजनिक गरी मानव अधिकारवादीसँग भेटाउँदा ठीक होला ।' मैले यी कुरा सरकारमा तत्काल जाहेर गरैं ।

बडामहारानी सरकारको शुभजन्मोत्सवको अवसरमा नेपाल प्रहरीले धेरै वर्षदेखि बिटिङ द रिट्रिट कार्यक्रम गर्दै आएको छ । उक्त अवसरमा सैनिक अधिकृत श्रीमती सङ्घले पनि टुँडिखेलमा रमाइलो मेलाको आयोजना गर्ने गरेको छ । सुरक्षाकर्मीहरू माओवादी समस्या समाधान गर्न परिचालन भइरहेको हालको अवस्थामा यस पालि के गर्ने भनी सुरक्षा प्रमुखहरूले मसँग परामर्श गरे । मैले यी कार्यक्रम गर्दा धेरै सुरक्षाकर्मी धेरै दिनसम्म व्यस्त हुने हुँदा यस पटक नगर्ने कि भन्ने विचार व्यक्त गरैं । त्यसै अनुसार सरकारमा पनि जाहेर गरैं । सरकारबाट मेरो प्रस्तावमा सहमति बक्स्यो ।

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला पूर्वका विभिन्न जिल्लाको भ्रमण पूरा गरी आज काठमाडौं फर्कनुभयो । उहाँले पत्रकारहरूसँग पुरानै कुरा दोहोर्‍याउनुभयो । साथै, बेल्जियम र अमेरिकाबाट आएका हतियारले राजालाई झनै निरङ्कुश बन्न सघाउ पुर्‍याउने विचार व्यक्त गर्नुभयो । उहाँको भनाइ थियो, 'अहिले संसद् पनि नभएको

अवस्थामा सेनालाई नियन्त्रण गर्न कसैले सक्दैन । यो कुनै पनि अधिकार नै नभएको सरकारले सर्वदलीय बैठक बोलाउनुको कुनै औचित्य छैन ।'

## २०५९ पुस २७ शनिबार

मानव अधिकारवादी मल्ल के सुन्दर, सुदीप पाठक र सिन्धुनाथ प्याकुरेलले माओवादी नेतासँग भेटेको जानकारीमा आएको छ । भेटपछि वार्ताको पहल गर्न माओवादीको विचारधारा भनेर उहाँहरूले छबुँदे प्रस्ताव सार्वजनिक गर्नुभएको थियो । माओवादीले यसलाई महत्त्व नदिएको र कुनै प्रतिक्रिया समेत नदिने बुझियो । सम्भवतः उहाँहरूको भेटघाट जिल्लास्तरीय वा त्योभन्दा पनि तल्लो स्तरका कार्यकर्तासँग भएको हुनुपर्छ । माओवादीको विचारधारा भनेर उहाँहरूले सार्वजनिक गरेका छ बुँदा यस प्रकार छन् :

१. राजाले कुनै पनि किसिमको अधिकार प्रयोग गर्न हुँदैन । राजनीतिक पार्टीले नै सत्ता सञ्चालन गर्नुपर्छ ।
२. राजालाई बेलायत र जापानको जस्तो गरिमामय संस्था बनाउनुपर्छ ।
३. संविधानसभाको चुनाव या संविधान पुनर्लेखन गर्नुपर्छ भन्ने सबैको धारणा सार्वजनिक भएकै छ । राजदरबारले समेत संविधान संशोधन गर्न खोजेको देखिन्छ । त्यसैले हालको संविधानमा भएका केही कुरा, जस्तै : संवैधानिक राजतन्त्र, राखेर पनि संविधानसभामा जान सकिन्छ ।
४. शाही नेपाली सेना संसद्को मातहतमा हुनुपर्छ ।
५. जनसेनालाई सेना वा नेपाल प्रहरीमासमायोजन गर्न सकिन्छ । किनभने २००७ सालमा पनि जनमुक्ति सेनालाई गाभिएकै हो ।
६. एक साताभित्र माओवादी समस्या समाधानमा कुनै सकारात्मक पहल नभए माओवादीले सरकारलाई दबाव दिने उद्देश्यले ठूलो आक्रमण गर्न सक्छ ।

## २०५९ पुस २८ गते आइतबार

नेपालस्थित शाही डेनिस राजदूतले माओवादीसँग शान्तिवार्ता प्रक्रियाको सम्बन्धमा महाराजाधिराजको दर्शनभेट खोज्नुभएको छ ।

## २०५९ पुस ३० गते मङ्गलबार

काङ्ग्रेस केन्द्रीय कार्यसमितिको आज बसेको बैठकले अन्य पार्टीहरूसँग सहकार्य गरी आन्दोलन गर्ने निर्णय गरेको छ । 'राजाको पूर्वाञ्चलको अभिनन्दन दरबारको फुटाऊ र राज गर नीति अनुसार भएको हो, त्यसैले सबै प्रजातान्त्रिक शक्ति एक हुनुपर्छ' भन्ने पनि बैठकको निर्णय रहेको छ ।

सुरक्षा निकायबाट प्राप्त जानकारी अनुसार काङ्ग्रेस, एमाले र संयुक्त जनमोर्चाका नेताहरूले आपसमा छलफल गरी संयुक्त आन्दोलन गर्ने मानसिकता बनाएका छन् । माओवादीले उनीहरूबाट आन्दोलन गराउन चाहेको र आन्दोलनमा अप्रत्यक्ष सहयोग

पुऱ्याउने आश्वासन दिएको बुझिएको छ ।

मन्त्री नारायणसिंह पुनले मलाई फोन गरेर भन्नुभयो, 'प्रधानमन्त्रीले कार्यव्यस्तताले हो वा अन्य कुनै कारणले, माओवादीले पठाएको प्रस्तावको जवाफ दिनुभएको छैन । माओवादीले आगामी माघ १०–१२ गतेसम्म चुप लागेर बस्ने बताएका छन् । त्यति बेलासम्म पनि वार्ताको वातावरण नबने गम्भीर कारबाही अगाडि बढाउने र त्यसमा बागलुङ, प्युठान र गुल्मी जिल्लालाई निसाना बनाउने पनि बुझेको छु ।'

मन्त्री पुनले भनेका कुरा मैले सरकारमा जाहेर गरें । सरकारबाट 'माओवादीसँगको वार्ताबारे के प्रगति भइरहेको छ भन्ने विषयमा प्रधानमन्त्रीसँग कुरा गर' हुकुम भयो ।

## २०५९ माघ २ गते बिहीबार

पूर्वगृहमन्त्री खुमबहादुर खड्का भैरहवासम्म निजी मोटरमा गएर त्यहाँबाट रेलमा दिल्लीतर्फ प्रस्थान गरेको सूचना आएको छ । उहाँले दिल्लीमा स्वास्थ्य परीक्षण गर्ने र केही भारतीय नेतासँग भेट गर्ने बुझिएको छ । खड्काले आफू तारिखमा छुटेपछि शेरबहादुर देउवाले वास्ता नगरेको तर गिरिजाले तुरुन्त सम्पर्क गरेको हुनाले निकट भविष्यमै काङ्ग्रेसको संस्थापनतिरै लाग्ने धारणा सार्वजनिक गर्नुभएको छ ।

चक्रप्रसाद बाँस्तोला, नरहरि आचार्य सहित पाँच-छ जना काङ्ग्रेस नेताहरूले छलफल गरी काङ्ग्रेस एकीकरण अभियान चलाउन लागेको बुझियो । सोही छलफलमा बाँस्तोलाले गिरिजाप्रसाद कोइरालाले छोरीलाई नेतृत्व हस्तान्तरण गर्न खोजेर एकीकरणको बाधक उहाँ स्वयं भएको विचार व्यक्त गर्नुभएको छ । साथै उहाँले 'भारतले कोइरालाको नेतृत्वको आन्दोलनलाई समर्थन गर्नेछैन, भारतले पहिले राजालाई समर्थन गरेको थियो, अब त्यो पनि गर्ला जस्तो छैन' भनेको समेत गुप्तचर निकायबाट रिपोर्ट आएको छ ।

जर्मन राजदूतावासमा कार्यरत केही जर्मन नागरिकले तराईमा 'नागमणि' खोज्न निकै ठूलो रकम लगानी गरिरहेका छन् । यस क्रममा एउटा 'नागमणि' जर्मन पुऱ्याई नै सके । उक्त 'नागमणि' बाट प्राप्त भएको रकम भागबन्डा गर्ने क्रममा बारा र पर्साका केही व्यक्तिहरूबीच झगडा समेत भएको जानकारी आएको छ । 'नागमणि' को व्यापारमा कमिसनमा काम गर्ने एक जना तराईको व्यक्तिले मकहाँ आएर आफू ठगिएको पनि बताएको थियो । यद्यपि 'नागमणि' हुन्छ कि हुँदैन आजसम्म मलाई कुनै जानकारी छैन ।

केही दिनमै लोकेन्द्रबहादुर चन्द सरकारको सय दिन पूरा हुँदै छ । उक्त अवसरमा यो सरकारको सय दिन कसरी व्यतीत भयो भनेर तीखा टीकाटिप्पणी आउने हुनाले यस विषयमा समयमै विचार हुनुपर्छ । अहिलेसम्म केही जिल्लामा सरकारले प्रमुख जिल्ला अधिकारी खटाउन नसकेको हुँदा जिल्लामा सरकारको प्रत्याभूति नै छैन भन्ने गुनासो धेरैतिरबाट आएको छ ।

## २०५९ माघ ३ गते शुक्रबार

योगी नरहरिनाथ गोरखा पुग्नुभएको रहेछ । आज उहाँले मलाई त्यहाँबाट फोन

गरेर महाराजाधिराजलाई सबै क्षेत्रका जनतामाझ पुऱ्याउन सल्लाह दिनुभयो । पहिले–पहिलेका भेटमा पनि उहाँले यस्तै सल्लाह दिनुभएको थियो । उहाँको सल्लाह मैले सरकारमा जाहेर गरेँ । सरकारबाट 'योगीलाई धन्यवाद भनिदेऊ' हुकुम भयो ।

काङ्ग्रेस केन्द्रीय समितिको बैठकले केही महत्त्वपूर्ण निर्णय गरेको छ । यसै गरी 'सबै सुरक्षा निकाय संसद् अन्तर्गत रहनुपर्छ, श्री ५ को पदवी राजा, रानी र युवराजाधिराजमा मात्र सीमित हुनुपर्छ, संसद् नभएको अवस्थामा स्थानीय निकाय पदाधिकारीको चुनाव गराउने कुरा एउटा नौटङ्की मात्र हो, त्यसको कुनै प्रयोजन छैन, ८ गते सर्वदलीय बैठक बोलाउनुपर्छ' भन्ने समेत काङ्ग्रेसले निर्णय गरेको छ ।

## २०५९ माघ ६ गते सोमबार

प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले हिजो राति मलाई फोन गरेर भन्नुभयो, 'स्विटजरल्यान्डको ह्युमन डाइलग सेन्टर (एचडीसी) ले प्लेन ल्याएर वार्ताका लागि केही व्यक्तिहरू जेनेभा लैजान खोजेको छ । उनीहरूले वार्ता प्रक्रिया चाँडै अगाडि बढाउन खोजेका छन् ।' गत पुस १६ गते मात्र मन्त्री पुन मार्फत नेपालमै वार्ता प्रक्रिया अघि बढाउन प्रधानमन्त्री स्वयंले पत्र लेखिसकेको अवस्थामा उहाँको कुराले म छक्क परेँ । अनि यस सम्बन्धमा तुरुन्तै मन्त्री पुनसँग कुरा गर्ने र स्वीस प्रस्ताव कार्यान्वयनका बारेमा केही समयपछि जानकारी दिने सुझाव दिएँ । त्यसपछि मन्त्री पुनसँग 'माओवादीसँगको वार्ता सम्बन्धमा के भइरहेको छ ?' भनेर सोधेँ । पुनले 'प्रधानमन्त्रीले माओवादीको प्रस्तावको जवाफ दिन ढिलाइ गरिरहनुभएको छ, यसैले कुरा अगाडि बढेको छैन' भन्नुभयो । उहाँको कुरा मैले महाराजाधिराजमा जाहेर गरेँ । सरकारबाट हुकुम भयो, 'पुन के गरिरहेका छन् ? प्रधानमन्त्रीले स्वीस प्रस्तावतिर अगाडि बढ्ने हो कि भनेर सोधेका छन् । यदि २४ घण्टाभित्र पुनले कुरा अगाडि बढाउन सकेनन् भने उनको विश्वसनीयतामा असर पर्न सक्छ । कि त उनले कुरा अगाडि बढाउनुपऱ्यो, नभए छोड्नुपऱ्यो ।'

मैले यो कुरा तत्कालै मन्त्री पुनलाई जानकारी दिएँ । 'प्रधानमन्त्री, तपाईं र म बसेर आजै यसबारे टुङ्गो लगाऔँ' भनी प्रस्ताव गरेँ । उहाँले पनि प्रधानमन्त्रीसँग कुरा गरेर मलाई जानकारी गराउने बताउनुभयो । आजै बेलुका प्रधानमन्त्री निवास, बालुवाटारमा प्रधानमन्त्रीसँग हाम्रो गोप्य बैठक भयो । बैठकमा माओवादी प्रस्तावलाई सकारात्मक रूपबाट तुरुन्त जवाफ दिने र उनीहरूसँग पनि तुरुन्तै जवाफ माग्ने तय भयो । साथै स्वीस प्रस्तावलाई केही दिनका लागि थाती राख्ने पनि हामीले निर्णय गऱ्यौँ ।

पुनले भने अनुसार अमेरिकी र बेलायती राजदूतले पनि माओवादी समस्याका सम्बन्धमा उहाँसँग टेलिफोनमा कुरा गरिरहेका छन् । भारतीय राजदूतले समेत फोन गरेर यसका निम्ति जुनसुकै सहयोग गर्ने वचन दिएका छन् । साथै, भारतीय राजदूतले यदि माओवादीसँग वार्ता हुन सक्ने हो भने त्यस सिलसिलामा आफूले नेपालका राजनीतिक पार्टीसँग पनि कुरा गर्न सक्ने जानकारी दिएको पनि पुनले बताउनुभयो ।

प्राप्त सूचना अनुसार नेपाली सेनालाई सहयोग गर्ने सिलसिलामा अमेरिकी सेनाको तालिम समूह नेपाल आएको र फ्री तिब्बत गतिविधि बढेको सन्दर्भमा चिनियाँहरूले आपत्ति व्यक्त गरेका छन् । वास्तवमा भारतीय तथा चिनियाँ दुवै पक्षलाई सानै भए पनि अमेरिकी सेनाको नेपालमा उपस्थिति अमान्य छ ।

पूर्वगृहमन्त्री खुमबहादुर खड्काले सम्पर्क–व्यक्ति मार्फत मलाई सोधी पठाउनुभएको छ, 'मैले दरबारलाई सहयोग गरेकै थिएँ । तैपनि अख्तियारले मलाई थुनेर मुद्दा चलाउन चाँजोपाँजो मिलाएको भन्ने सुन्दै छु । मैले दिल्लीमा आफ्नो लिभरको उपचार गर्ने योजना बनाएको थिएँ । यदि अख्तियारले कारबाही गर्ने हो भने मैले यतैतिर उपचार गर्नुपर्ला ? म के गरूँ ?' मैले सोही व्यक्ति मार्फत 'अख्तियारको विषयमा मलाई जानकारी हुँदैन, यो प्रमुख सचिवालयको कार्यक्षेत्रमा पर्छ, अख्तियारका कुर सैनिक सचिवालयले हेर्छ भनेर कसैले मन्त्रीज्यूलाई भनेको छ भने त्यो बिलकुलै गलत हो' भन्ने खबर पठाएँ । यही कुरा मैले उहाँलाई पहिले पनि स्पष्ट पारेको थिएँ ।

## २०५९ माघ १२ गते आइतबार

सदाझैँ आज पनि म बिहान हिंडेरै अफिस जाने तयारीमा थिएँ । मेरो मोबाइलमा राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्माको फोन आयो । एकदमै आत्तिएर उहाँले भन्नुभयो, 'जर्साब, कृष्णमोहन साबलाई त माओवादीले सिध्याएछन् । उहाँलाई मर्निङ वाकमा नजानू भनेर भनिएको हो, तर मान्नुभएन । आज बिहान करिब साढे सात बजे मर्निङ वाकमा गएको बेला कृष्णमोहन साब, म्याडम नुडुप श्रेष्ठ र अङ्गरक्षक सूर्य रेग्मी तीन जनालाई ललितपुरको बागडोलमा फायर गरेछन् ।' उहाँको कुरा सुनेर म स्तब्ध भएँ । सुरुमा त मलाई पत्याउनै मुस्किल पर्‍यो । तर पनि एकाध ठाउँमा फोन गरी यसबारे यकिन गरेँ । पत्याउन करै लाग्यो ।

राष्ट्रिय अनुसन्धान प्रमुख र अन्य निकायको सूचनाका आधारमा मैले तत्काल यो घटनाका बारेमा  महाराजाधिराजमा जाहेर गरेँ । विस्तृत रूपमा बुझेर थप कुरा पछि जाहेर गर्छु भनेँ । सशस्त्र प्रहरी बलका संस्थापक महानिरीक्षकको हत्या भएपछि तत्कालै अब के गर्ने भन्ने प्रश्न खडा भयो । सशस्त्रको प्रमुखको जिम्मेवारी अब कसलाई सुम्पने भनेर विचार गर्दा त्यो पदमा सेनाबाट पठाउँदा उपयुक्त हुन्छ भने जस्तो लाग्यो । गृह मन्त्रालय अन्तर्गत 'डाइरेक्टर जनरल अफ पुलिस' पद सिर्जना गरी प्रहरी र सशस्त्रलाई त्यस अन्तर्गत राख्न पनि उचित हुन्छ कि भन्ने पनि सोचेँ । अच्युतकृष्ण खरेलले आफू आईजीपी छँदा समेत यस्तै गर्न चाहनुभएको थियो ।

कृष्णमोहनको हत्यालाई लिएर आज बिहानै मन्त्रिपरिषद्को आकस्मिक बैठक बसेको छ । सुरक्षा प्रमुखहरूको पनि बैठक बसेको छ । उहाँका छोरीहरू नेपालबाहिर रहेका हुँदा दाहसंस्कार भोलि मात्र गरिने भएको छ । महाराजाधिराजबाट शोक सन्देश पठाउन उपयुक्त हुने देखिन्छ ।

आजै शिक्षामन्त्री देवीप्रसाद ओझालाई पनि माओवादीले गोली हाने भन्ने हल्ला

आयो । तर पछि बुझ्दा त्यस किसिमको कुनै पनि घटना भएको रहेनछ ।

प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले मलाई फोन गरी साँझ प्रधानमन्त्री निवास, बालुवाटारमा बोलाउनुभयो । उहाँले मन्त्री नारायणसिंह पुनलाई पनि बोलाउनुभएको रहेछ । म सरकारलाई जाहेर गरी समयमै प्रधानमन्त्री निवास पुगेँ । वार्ताको प्रक्रिया जारी रहेका बेला माओवादीले सशस्त्र प्रहरी प्रमुखको हत्या गरेकाले प्रधानमन्त्री स्तब्ध देखिनुहुन्थ्यो । उहाँले यसबाट शान्तिवार्ता प्रभावित हुन सक्ने कुरा पनि गर्नुभयो । छलफलमा मन्त्री पुनले माओवादीसँग भइरहेको संवादका बारेमा अवगत गराउनुभयो । त्यस क्रममा दुवै पक्षबाट युद्धविराम गर्ने सम्बन्धमा सकारात्मक सोचाइ भइरहेको अवस्थामा सशस्त्र प्रहरी प्रमुखको कायरतापूर्वक हत्या हुनु दुर्भाग्यपूर्ण घटना हो भन्ने हामीले ठहर गर्‍यौं । यसबारे माओवादी नेतृत्व समक्ष कडा शब्दमा विरोध व्यक्त गर्ने निधो भयो । तर यस घटनाबाट वार्ता प्रक्रियालाई विचलित हुन नदिन श्री ५ को सरकार र माओवादी दुवै पक्षले प्रयास जारी राख्नु नितान्त आवश्यक छ भन्ने 'नीति' पनि हामीले तय गर्‍यौं । वार्ताको वातावरण बनाउन श्री ५ को सरकारले तीन विषयलाई प्राथमिकता दिने सहमति भयो । पहिलो, यसअघिको सरकारले माओवादीलाई लगाएको आतङ्ककारीको बिल्ला हटाउने; दोस्रो, माओवादीमाथि जारी रेडकर्नर नोटिस हटाउने र तेस्रो, माओवादी नेताको टाउकाको मूल्य सम्बन्धी निर्णय खारेज गर्ने । अहिले माओवादीका तात्कालिक माग पनि यिनै हुन् । साथै, वार्ता प्रयासलाई अघि बढाउन मन्त्री पुनलाई संयोजक तोकेर माओवादीसँग पत्राचार गर्ने पनि हामीबीच सहमति भयो । यसै अनुसार श्री ५ को सरकारले निर्णय गर्नेछ । प्रधानमन्त्री, मन्त्री पुन र मेरा बीच भएको सहमति मैले प्रधानमन्त्री निवासबाट फर्कनासाथ महाराजाधिराजलाई टेलिफोन मार्फत जाहेर गरेँ । सरकारबाट 'ठीक छ' भन्ने प्रतिक्रियाका साथ 'माओवादीलाई लेखिने पत्रको ब्यहोरा देखाउनू' हुकुम भयो । मैले 'चिठीको ड्राफ्ट भोलि जाहेर गर्छु' भनी बिन्ती गरेँ ।

## २०५९ माघ १३ गते सोमबार

बिहानै मन्त्री नारायणसिंह पुनले मलाई फोन गरी प्रधानमन्त्रीले आफूलाई बालुवाटार बोलाएको जानकारी दिनुभयो । उहाँ समयमै बालुवाटार पुग्नुभएछ । मन्त्री पुनले आफूलाई मात्र बोलाएको होला भन्ने सोच्नुभएको रहेछ, तर त्यहाँ मन्त्री रमेशनाथ पाण्डे पहिलेदेखि नै उपस्थित हुनुहुँदो रहेछ । प्रधानमन्त्रीले मन्त्री पाण्डेलाई माओवादीसँग भएको वार्ता प्रयास, उपलब्धि र भइरहेका कामबारे सविस्तार जानकारी गराउनुभएछ । त्यसपछि उहाँहरू तीन जनाबीच वार्ता सम्बन्धमा भएका प्रयास र माओवादीसँग आदान-प्रदान भएका कागजपत्रका बारेमा विस्तृत छलफल भएछ । अन्त्यमा 'यस प्रक्रियालाई मन्त्रिपरिषद्बाट पास गराउने र त्यसअघि प्रधानमन्त्रीले सबै सुरक्षा प्रमुखसँग सल्लाह लिने' तय भएछ । छलफललगत्तै मन्त्री पुनले यी कुरा मलाई जानकारी गराउनुभयो । त्यसै अनुसार मैले महाराजाधिराजमा जाहेर गरेँ । साथै सुरक्षा प्रमुखहरूलाई पनि टेलिफोनमा सम्पर्क गरी अवगत गराएँ । वार्ता अगाडि बढाउन हामी सबैले सहयोग गर्नुपर्छ भनेरसबै सुरक्षा

प्रमुखहरूलाई स्पष्ट पारेँ ।

एमाले महासचिव माधवकुमार नेपाललाई उहाँकै निवासमा दिउँसो राष्ट्रिय सभाका अध्यक्ष डा. मोहम्मद मोहसिन तथा बेलुकी राप्रपा अध्यक्ष पशुपतिशमशेर जबरा र काङ्ग्रेस प्रजातान्त्रिक का सभापति शेरबहादुर देउवा छुट्टाछुट्टै भेट्न गएको खबर छ । त्यहाँ के कुरा भयो भन्नेबारे केही जानकारी हुन सकेको छैन ।

नेपालस्थित ब्रिटिस सैनिक सहचारीले राष्ट्रिय सुरक्षा परिषद् सचिवालयका सहसंयोजक उपरथी रूक्माङ्गद कटवाललाई फोन गरेर वार्ताका बारेमा जिज्ञासा राख्नुभएछ । सैनिक सहचारीले 'श्री ५ को सरकारका प्रवक्ता रमेशनाथ पाण्डेले ब्रिटिस राजदूतावाससँग द्वन्द्व व्यवस्थापन कसरी गर्ने, वार्तामा कसरी जाने, वार्ता व्यवस्थापनबारे कसरी अगाडि बढ्दा उपयुक्त होला भनेर सल्लाह माग्नुभएको छ, के माओवादीसँग वार्ता हुँदै छ ?' भनी सोधेको कटवालले खबर गर्नुभयो ।

यो कुरा सुनेपछि मलाई असजिलो लाग्यो । अत्यन्तै गोप्य तवरले महाराजाधिराज, प्रधानमन्त्री, मन्त्री पुन र मेरो मात्र जानकारीमा रहेर वार्ता प्रक्रिया अघि बढिरहेको थियो । यसैबीच प्रमुख सचिव र मन्त्री पाण्डेलाई पनि माओवादीसँगको वार्ता प्रक्रियाका बारेमा जानकारी हुन पुग्यो । त्यसपछि यो प्रक्रिया मन्त्री पाण्डेले नै अघि बढाएको जस्तो गरेर विभिन्न स्रोतबाट कुरा आउन थाल्यो । यो सब कसरी र किन भइरहेको छ भनेर म जिल्ल परेको छु । मैले यस विषयमा महाराजाधिराजलाई जाहेर गरेँ । तर सरकारबाट कुनै प्रतिक्रिया बक्सेन ।

## २०५९ माघ १४ गते मङ्गलबार

आज बिहान प्रधानमन्त्रीले प्रधान सेनापति प्यारजङ्ग थापालाई मन्त्री नारायणसिंह पुनको पहलमा माओवादीसँग वार्ताको प्रयास भइरहेको अवगत गराउनुभएछ । साथै वार्ता अवधिभर युद्धविराम गर्न निर्देशन दिनुभएछ । प्रधान सेनापतिले माओवादीप्रति लक्षित कुनै पनि सुरक्षा कारबाही नगरिने तर सेनाले गर्ने रूटिनका काम, तालिम तथा उपकरण खरिद जस्ता काम रोकिन नहुने प्रस्ताव गर्नुभएछ । यसमा प्रधानमन्त्रीले सहमति जनाउनुभएछ ।

बेलुका प्रधानमन्त्रीले मन्त्री पुनलाई फोन गरेर भन्नुभएछ, 'माओवादीबाट एउटा चिठी मगाउनुपर्ला । चिठीमा वार्ताका लागि माओवादीको दृष्टिकोण के हो, केके कुरामा माओवादी वार्ता गर्न चाहन्छन्, वार्ताका लागि कति अवधि लाग्ला जस्ता कुरा उल्लेख हुन जरूरी छ ।' प्रधानमन्त्रीको कुरा सुनेर मन्त्री पुन छक्क पर्नुभएछ । अनि उहाँले प्रधानमन्त्रीलाई के भनेर कडा जवाफ दिनुभएछ भने, 'वार्ता सम्बन्धी सबै प्रक्रिया मिलिसकेको छ । त्यसै अनुसार धेरै कुरा अगाडि पनि बढिसकेको छ । अहिले बीचमा यो कुरा कहाँबाट आयो ? वार्ता सुरु गर्न यसै पनि ढिला भइसकेको छ । पहिले सम्पन्न भइसकेका प्रक्रिया दोहोऱ्याएर अझ ढिलाइ गर्ने हो भने म यो काममा संलग्न हुन चाहन्नँ । तपाईंले आफ्नो हिसाबमा काम लगाउनुहोला ।' यो कुरा मन्त्री पुनले फोन

गरेर मलाई जानकारी दिनुभयो । मन्त्री पाण्डेले आफ्नो सम्पर्क–स्रोत मार्फत माओवादी नेतृत्वसँग 'मन्त्री पुनको माध्यमबाट होइन, म मार्फत वार्ता अगाडि बढाउनुहोस्' भनेको त पहिले नै थाहा पाइएकै हो । उहाँले प्रधानमन्त्रीलाई समेत त्यही बाटोमा डोऱ्याउने प्रयास गरेको आज थाहा भयो ।

## २०५९ माघ १५ गते बुधबार

हिजो राति मन्त्री नारायणसिंह पुनसँग भएका कुरा मैले आज सरकारमा जाहेर गरेँ । साथै 'अगाडि बढिसकेको वार्ता प्रक्रिया यसरी बीचमा रोक्नु हुँदैन, मन्त्री पुनलाई नै तुरुन्त वार्ताको प्रयास अगाडि बढाउन निर्देशन बक्सनु उचित हुनेछ' भनेर सरकारमा आफ्नो धारणा अवगत गराएँ ।' सरकारबाट 'जारी वार्ता प्रक्रिया अगाडि बढाउन प्रधानमन्त्री र मन्त्री पुनलाई खबर गरिदिनू' हुकुम भयो । सोही बमोजिम मैले उहाँहरूलाई जारी शान्तिवार्ताको प्रक्रिया तुरुन्त अघि बढाउन खबर गरेँ ।

आजै राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्माले फोन गरेर भारतीय गुप्तचर संस्था रअका प्रमुख र उपप्रमुखले यही फेब्रुअरी १५ देखि २५ सम्म नेपालको भ्रमण गरी मुक्तिनाथको दर्शन गर्न चाहेको जानकारी दिनुभयो । उनीहरूले देवीरामजीसँग 'औपचारिक रूपमा निमन्त्रणा पठाइदिन' आग्रह पनि गरेका रहेछन् । यसबारे जाहेर गर्दा सरकारबाट 'हुन्छ, उनीहरूलाई बोलाउन लगाइदिनू' हुकुम भयो ।

प्रधान सेनापति प्यारजङ्ग थापाको आज नियमित जाहेरी थियो । त्यस अवसरमा माओवादीसँग हुन लागेको वार्ता सम्बन्धमा सरकारसँग उहाँको छलफल भयो । आज राति १० बजेदेखि लागू हुने गरेर माओवादीले युद्धविराम गर्ने भएका छन् । श्री ५ को सरकारका तर्फबाट पनि सोही अनुरूप वक्तव्य प्रकाशित गर्न तयारी भइरहेको छ । जाहेरीमा युद्धविरामपश्चात् सेनाले गर्नुपर्ने तालिम, भर्ना तथा सेनामा जारी आधुनिकीकरणको कार्य यथावत् जारी राख्ने कुरामा सहमति भयो । साथै सेनाले माओवादीका विरूद्ध सैनिक कारबाही बन्द गरे पनि उच्च सतर्कता भने कायमै राख्ने निर्णय भयो ।

## २०५९ माघ १६ गते बिहीबार

मन्त्री नारायणसिंह पुनले माओवादी नेतालाई हेलिकप्टरबाट राजदरबारमा ल्याई महाराजाधिराजसँग भेटाएको भन्ने समाचार आज एक दैनिक पत्रिकामा प्रकाशित भएको छ । खबर नितान्त गलत, भ्रामक र कपोलकल्पित हो । त्यो खबर एक जना मन्त्रीले लेख्न लगाएको भन्ने बुझिन आएको छ । ती मन्त्री रमेशनाथ पाण्डे हुन् भन्ने पनि बुझिएको छ ।

महाराजाधिराजबाट मलाई 'युद्धविराम सुरु भइसकेको र शान्तिवार्ता जारी सुरु हुन लागेको हुँदा अब मन्त्री पुनले प्रेससँग धेरै सम्पर्क गर्नु हुँदैन, उनलाई साथै सबै पक्षको विचार गरेर मात्र अगाडि बढ्नू र कुनै विषयमा विचार–विमर्श गर्नुपरे तुरुन्त खबर गर्नू भनेर भनिदिनू' हुकुम भयो । यसै अनुसार मैले मन्त्री पुनलाई जानकारी गराएँ ।

भूतपूर्व प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलले आफू प्रहरी महानिरीक्षक हुँदा केही पत्रकारलाई 'पे रोल' मा राखेको कुरा खुल्लमखुल्ला बताउन थाल्नुभएको छ । तीमध्ये टीकाराम राईलाई राम्रो प्रेस किनिदिएको र ५ रुपैयाँमा छपाइ हुने ड्राइभर लाइसेन्स २५ रुपैयाँमा टीकारामको प्रेसबाट मात्रै किन्ने गरी नियम बनाइदिएको पनि उहाँको भनाइ छ । यसैबीच, टीकारामको पत्रिकालाई उहाँले राजदरबारका विरूद्धमा समाचार लेखाउन प्रयोग गर्ने गरेको समेत खबर आएको छ ।

## २०५९ माघ १७ गते शुक्रबार

युद्धविराम भएकोमा राजनीतिक पार्टीहरूबाट विभिन्न प्रतिक्रिया आएका छन् । धेरैजसो पार्टीले शङ्का-उपशङ्काको दृष्टि लिएर तत्काल प्रतिक्रिया नदिई 'पर्ख र हेर' को रणनीति लिएका छन् । केहीले मुलुकमा शान्ति बहाली हुनु सकारात्मक हो भन्ने भनाइ राखेका छन् । काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले वार्तालाई 'नाटकको रूप' को रूपको संज्ञा दिँदै यो 'ग्र्यान्ड डिजाइन' अन्तर्गत भएको हो भन्ने प्रतिक्रिया व्यक्त गरेको थाहा भएको छ । जनताको प्रतिक्रिया भने एकदमै सकारात्मक छ । केही बुद्धिजीवी र सुरक्षा निकायले पनि 'यो वार्ता पहिलो वार्ता जस्तो हुनु हुँदैन, वार्ताटोलीले ठूलै गृहकार्य सहित प्रस्तुत हुनुपर्छ, शान्तिपूर्ण आमसभा गर्ने भनेर माओवादीलाई उनीहरूको क्रियाकलाप गर्न दिनु हुँदैन, पूर्वतयारी तथा आपसी लेनदेनबिना युद्धबन्दी छोड्न हुँदैन' भन्ने सुझाव दिएका छन् ।

संवाद सचिवालयमा कार्यरत सहायक सचिव दानदास श्रेष्ठले *नेपाल समाचार पत्र*मा समेत काम गर्ने गरेको तथ्य खुल्न आयो । त्यसमा राजदरबार सम्बन्धी भित्री खबर पनि उहाँले नै प्रवाह गर्ने गरेको प्रमाणित भएको छ । त्यस्तै, *जनआस्था साप्ताहिक*मा समेत दरबारका नितान्त निजी विषय उहाँले नै पुऱ्याउने गरेको जानकारी हुन आयो । यस्तो अवस्थामा उहाँलाई संवाद सचिवालयमा राख्न उचित हुँदैन । यसबारे के गर्ने भनेर सरकारमा जाहेर हुँदा सरकारबाट 'प्रमुख राजदरबार पदाधिकारीसँग परामर्श गरेर उचित कारबाही गर्नू' भनी निर्देशन बक्स्यो । अनि राजदरबार पदाधिकारी कार्यालयबाट उहाँको राजीनामा मागियो ।

प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले वार्ता सम्बन्धमा सघाउन गोप्य रूपमा एउटा टिम बनाउन खोज्नुभएको छ । त्यसमा कानुनी, कूटनीतिक, सुरक्षा सम्बन्धी र राजनीतिक परामर्शका लागि सम्बन्धित विषयका विज्ञ सम्मिलित गर्ने उहाँको योजना थियो । महाराजाधिराजबाट त्यस्तो टिम गोप्य रूपमा बनाउनुभन्दा सार्वजनिक रूपमै कुनै कार्यालय अन्तर्गत राख्दा राम्रो हुने सल्लाह दिइबक्स्यो । त्यसै अनुसार सुरक्षा परिषद् सचिवालय अन्तर्गत रहने गरी विशेष कार्यदल बन्यो । कार्यदलमा पूर्व प्रधान सेनापति धर्मपालवरसिंह थापा, श्री ५ को सरकारका पूर्व मुख्य सचिव कर्णध्वज अधिकारी, पूर्व प्रहरी महानिरीक्षक ध्रुवबहादुर प्रधान, प्राध्यापक डा. मोहनप्रसाद लोहनी र अधिवक्ता बालकृष्ण नेउपानेलाई नियुक्त गरियो । शान्तिवार्ता सम्बन्धमा सरकारी रणनीति कस्तो

हुनुपर्छ, माओवादीसँग के–के विषयमा कुरा गर्ने हो, माओवादीसँग भएका समझदारीलाई कसरी कार्यान्वयन गर्ने जस्ता विषयमा प्रधानमन्त्रीलाई सुझाव दिनु कार्यदलको मुख्य जिम्मेवारी हो ।

आजको जाहेरीमा युद्धविरामपछि अपनाउनुपर्ने रणनीतिका सम्बन्धमा छलफल भयो । सो अवसरमा सरकारबाट हुकुम भयो, 'माओवादीको कम्युनिस्ट विचारधारा एक्काइसौँ शताब्दीमा आएर लागू हुन सक्दैन । त्यसका नाममा नेपाली–नेपाली आपसमा लडे देशको सार्वभौम सत्ता र स्वतन्त्रतामा गम्भीर आँच आउन सक्छ । त्यसबारे समयमै गम्भीरतापूर्वक विचार हुनुपर्छ । माओवादीले समेत सबै नेपालीको आत्मसम्मान, शान्ति र व्यक्तिगत सुरक्षाको प्रत्याभूति गर्नुपर्छ । यी विषयमा सरकारी वार्तोटोलीलाई पूर्ण रूपमा जानकारी हुनुपर्छ । पहिलो वार्ताका कमीकमजोरी यस पालि दोहोरिन दिनु हुँदैन । माओवादी वार्तोटोलीका सबै गतिविधिका बारेमा राम्रोसँग जानकारी राख्नुपर्छ । त्यसका लागि सुरक्षा निकायको समेत सहयोग लिनुपर्छ । माओवादी वार्तोटोलीका सदस्यहरूका गतिविधि कुनै हालतमा देशको कानुन विपरीत हुन दिनु हुँदैन । सरकारी वार्तोटोलीले ज्यादै विचार गरेर आफ्नो एजेन्डा तयार पार्नुपर्छ । वार्ता गर्दा प्राथमिकताका आधार तय गर्नुपर्छ । सुरुमा मानवीय विषय, त्यसपछि युद्धविराम सम्बन्धी विषय र आखिरीमा मात्र राजनीतिक विषयमा कुरा उठाउँदा उचित हुन्छ । प्रेससँग सम्पर्क गर्दा मुख्य एजेन्डाभन्दा साधारण र मानवीय विषयवस्तुलाई प्राथमिकताका साथ प्रस्तुत गर्नुपर्छ । विदेशमा रहेका हाम्रा शाही नेपाली राजदूत र काठमाडौँस्थित विदेशी राजदूतलाई पनि वार्ताका बारेमा आवश्यकता अनुसार जानकारी गराउनुपर्छ ।' साथै सरकारबाट वार्ता गर्दा ध्यान दिनुपर्ने रणनीतिक उद्देश्यका बारेमा आफैँले प्रधानमन्त्रीसँग कुरा गर्ने हुकुम भयो ।

## २०५९ माघ १९ गते आइतबार

माओवादीले डा. बाबुराम भट्टराईको संयोजकत्वमा पाँच सदस्यीय वार्तोटोली गठन गरेको निर्णय आज सार्वजनिक गरेको छ । वार्तोटोलीका अन्य सदस्यमा रामबहादुर थापा, देव गुरूङ, कृष्णबहादुर महरा र मातृकाप्रसाद यादव छन् । वार्तोटोलीको नाम सार्वजनिक गर्नुपूर्व माओवादीले मन्त्री नारायणसिंह पुनलाई कुनै जानकारी गराएनन् । पुनले यस सम्बन्धमा माओवादी टोलीका संयोजक डा. भट्टराईसँग असन्तुष्टि प्रकट गर्नुभएको छ । माओवादीको यस्तो एकलौटी निर्णयबाट प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द पनि नराम्ररी रिसाउनुभएको छ । दुवै पक्षबीच आपसी सहमतिमा वार्तोटोलीको नाम सार्वजनिक गर्ने सहमति भएको थियो । त्यस विपरीत माओवादीले सरकारी वार्तोटोलीसँग कुनै छलफल वा समन्वय नगरी आफ्नो वार्तोटोलीको नाम सार्वजनिक गरेको हो । यसै कारण प्रधानमन्त्रीले 'यो समाचारलाई सरकारी सञ्चार माध्यमले पूरै बेवास्ता गर्ने' निर्देशन दिनुभयो । यो घटनालाई लिएर प्रधानमन्त्रीको आफ्नै पार्टी राप्रपामा पनि विरोध भएको बुझिएको छ ।

प्रधानमन्त्रीले उपप्रधानमन्त्री बद्रीप्रसाद मण्डलको संयोजकत्वमा चाँडै वार्ताटोली गठन गर्ने जानकारी आफ्ना निकटस्थ व्यक्तिलाई दिनुभएको छ । उहाँले शान्तिवार्ता सम्बन्धमा राष्ट्रको नाममा सम्बोधन गर्ने समेत विचार गर्नुभएको छ । सम्बोधनमा 'माओवादीले वार्ताटोली सार्वजनिक गरेको कुरा श्री ५ को सरकारको जानकारीमा आइसकेको छ, सरकारले पनि गृहकार्य गरिरहेकाले सरकारी वार्ताटोलीका बारेमा उपयुक्त समयमा जानकारी गराइने छ' भनी उल्लेख गर्दा उचित हुने सल्लाह दिइएको छ ।

मन्त्री पुनले मलाई फोन गरेर मानवीय सहायताका लागि केही योजनामा आवश्यक पर्ने रकमका लागि विदेशी दातृ संस्थासँग भेट्ने विचार गरेको जानकारी गराउनुभयो । मैले 'यसबारे सरकारमा जाहेर गरेर पछि खबर गर्छु' भनैं । विभिन्न गैरसरकारी संस्थाले श्री ५ को सरकार र माओवादीबीच हुने शान्तिवार्ताबारे सकारात्मक प्रतिक्रिया दिएका छन् । साथै कुनै पनि हालतमा देशमा शान्ति बहाली हुनैपर्छ भन्ने आशय व्यक्त गरेका छन् ।

## २०५९ माघ २० गते सोमबार

जनकपुरमा हुने सातौं महाधिवेशनमा एमालेले संविधानसभाको निर्वाचन सम्बन्धी एजेन्डा पास गर्दै छ भनी एमाले स्रोतले खबर ल्याएको छ । त्यो हुन नदिन दरबारले भूमिका खेल्नुपर्ने देखिन्छ । हालै महाराजाधिराजबाट एमाले महासचिव माधवकुमार नेपाललाई दर्शनभेट बक्सेको छ । दर्शनभेटपछि नेपालले जनकपुर महाधिवेशनपछि सरकार परिवर्तन अथवा सरकारमा एमालेको सम्मानजनक सहभागिता हुन सक्ने भनी आफ्ना निकटका व्यक्तिलाई जानकारी गराउनुभएको छ ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे (रोहित) ले पार्टीको प्रशिक्षण कार्यक्रममा शान्तिवार्तालाई लिएर आपत्तिजनक कुरा बोलेको कुरा गुप्तचर रिपोर्ट आएको छ । त्यस अनुसार उहाँले भन्नुभएको छ, 'अहिलेको वार्ता सेनाका परमाधिपति राजाकै पहलमा हुन लागेको हो । दुवै पक्षसँग सेना भएकाले वार्ताको टकरावमा जो चुक्छ, ऊ हार्छ । प्रचण्ड र बाबुरामको हत्या हुने धेरै सम्भावना छ । वार्तामा भारतलाई नोक्सान हुने कुरा आयो भने भारतले उनीहरूलाई कि सुर्पुदगी गर्छ कि त हत्या नै गरिदिन्छ ।'

सरकार र माओवादीबीच वार्ताको मध्यस्थता गरिरहेका धनीराम (डीआर) लामिछानेले जनकपुर गएर एमाले महासचिव माधवकुमार नेपालसँग छलफल गरेका छन् । लामिछाने किन, कसरी त्यहाँ पुगे ? किन अचानक माधवकुमार नेपाललाई भेटेको हो ? यसबारे स्पष्ट हुनुपर्छ ।

## २०५९ माघ २१ गते मङ्गलबार

सरकारबाट आज ब्रिटिस राजदूत केइथ ब्लुमफिल्ड र बेलायती अन्तर्राष्ट्रिय

विकास मन्त्रालय अन्तर्गतको डीएफआईडीका नेपाल प्रमुखलाई संयुक्त दर्शनभेट बक्स्यो । सो अवसरमा छलफल भएका विषयका बारेमा सरकारबाट मलाई पछि जानकारी गराइबक्स्यो । राजदूतले माओवादी हत्या र हिंसाका कारण नेपालमा खस्कँदो शान्ति-सुरक्षा, मानव अधिकार उल्लङ्घनका घटना र प्रजातन्त्रप्रति बेलायत सरकारको उच्च चासो रहेको जानकारी गराउनुभएछ । साथै, आवश्यक परे सरकार-माओवादी वार्ताका लागि बेलायत सरकारले विशेषज्ञहरू उपलब्ध गराउन सक्ने जानकारी गराउनुभएछ । वार्तामा एकले अर्कालाई आरोप-प्रत्यारोप नगरी र पुराना कुरा नउठाई अगाडि बढे राम्रो हुने धारणा समेत जाहेर गर्नुभएछ । राजदूतले सुरक्षा निकायलाई बेलायत सरकारले दिँदै आएको सहयोग जारी रहने प्रतिबद्धता व्यक्त गर्नुभएछ । यसै गरी, लामो समयदेखि बेलायत र नेपालबीच सद्भावपूर्ण सम्बन्ध रहेको र बेलायतले नेपाललाई सधैँ उच्च सम्मान गरिरहेको उल्लेख गर्दै विश्व समुदायले नेपालका लागि खेल्न सक्ने भूमिकामा बेलायतले संयोजकको भूमिका निर्वाह गर्ने इच्छा राखेको जाहेर गर्नुभएछ । राजदूतका अभिव्यक्तिबाट नेपालको समस्या सम्बन्धमा बेलायतले गहिरो अभिरुचि र जानकारी राखेको अवगत भयो ।

महाराजाधिराजबाट बेलायती राजदूत र डीएफआईडीका प्रमुखलाई बेलायत सरकारबाट सुरक्षा निकायलाई प्राप्त सहायताप्रति सराहना व्यक्त गरिबक्सँदै धन्यवाद बक्सेछ । सरकारबाट हुकुम भएछ, 'माओवादीसँगको वार्तामा सावधानीपूर्वक आशावादी हुनु बेस होला । सुरुमै राजनीतिक एजेन्डाबाट वार्ता थालनी गर्दा अगाडि बढ्न असजिलो हुन्छ । आपसी विश्वास अभिवृद्धि गर्न मानवीय विषय र अन्य आधारभूत कुरालाई पहिले सम्बोधन गर्दा राम्रो हुन्छ होला । माओवादीले गठन गरेको वार्ताटोली हेर्दा उनीहरू गम्भीर भएर वार्तामा आएको जस्तो देखिन्छ । त्यसैले सरकारी वार्ताटोली पनि पूर्ण तयारीका साथ आशावादी भएर वार्तामा प्रस्तुत हुन्छ । यस अवस्थामा विदेशी मित्रराष्ट्रहरूले पनि वार्तालाई सहयोग पुग्ने भूमिका निर्वाह गर्न जरूरी हुन्छ र सहयोग जारी रहनुपर्छ । राजाले कुनै पनि पक्ष वा विपक्षमा भूमिका निर्वाह गर्न मिल्दैन । त्यसैले वर्तमान सरकारमा राजनीतिक पार्टीको सहभागिता होस् भन्ने हामी चाहन्छौँ । नेपालमा प्रजातन्त्र दिगो हुनका लागि देश बलियो हुन जरूरी छ । यो कुरा मित्रराष्ट्रहरूले पनि बुझिदिनुपर्छ । शान्तिबिना विकास सम्भव छैन । वार्ता सकारात्मक ढङ्गले टुङ्ग्याएर माओवादी लडाकुको निःशस्त्रीकरण जति चाँडो हुन्छ, त्यति नै चाँडो चुनावको वातावरण बन्छ । शान्तिको वातावरण बने आन्तरिक एकीकृत विकास तथा सुरक्षा कार्यक्रम लागू हुनेछ ।'

शान्तिवार्ताको सन्दर्भमा म प्रत्यक्ष या अप्रत्यक्ष रूपमा संलग्न भएको हुनाले सरकारबाट यी कुरा मसँग सेयर गरिबक्सेको हो । शान्तिवार्ताको प्रक्रियालाई कसरी सहज र प्रभावकारी बनाउन सकिन्छ भनेर सरकारबाट विभिन्न व्यक्तिसँग राय-सल्लाह लिने काम भइरहेको छ । त्यस अनुसार प्राप्त सुझाव प्रधानमन्त्री, सरकारी वार्ताटोली र त्यसलाई सघाउन गठन गरिएको विशेष कार्यदललाई दिइबक्सन्छ ।

## २०५९ माघ २२ गते बुधबार

ब्रिटिस राजदूत ब्लुमफिल्डले 'महाराजाधिराजको दर्शनभेटबाट म निकै प्रभावित भएँ, सरकार अहिलेको परिस्थितिबारे ज्यादै जानकार होइबक्सँदो रहेछ, शान्तिवार्तालाई सफल पारेर भविष्यमा के के गर्नुपर्छ भन्ने कुरामा पनि मौसुफ स्पष्ट भएको मैले पाएँ, त्यसैले बेलायत मौसुफसँग पूर्ण सहमत छ' भनेर केही पश्चिमा कूटनीतिज्ञसँग विचार व्यक्त गर्नुभएको जानकारी आएको छ ।

स्वतन्त्र वामपन्थी नेता पद्मरत्न तुलाधरले 'अहिलेको वार्ता राजाको सहमति र स्वीकृतिमा भएको हो, त्यसै अनुसार युद्धविराम भएको हो, राजदरबारसँग पहुँच नभएका कारण मैले सहजकर्ताको भूमिका निर्वाह गर्न पाइनँ' भन्ने गर्नुभएको छ ।

प्रहरी महानिरीक्षक श्यामभक्त थापाले आजको जाहेरीमा भन्नुभएको छ, 'प्रहरी सङ्गठन ४८ वर्ष पूरा भयो । २०४७ सालपछि सङ्गठनमा विधिभन्दा व्यक्ति हावी हुन पुग्यो । त्यसमाथि २०५२ सालपछि प्रहरीले आफ्नो काम 'जनरल पुलिसिङ' भन्दा बाहिर गएर माओवादी समस्या समाधान गर्न परिचालन हुनुपरेको छ । यस अवधिमा ९६६ प्रहरीले ज्यान गुमाइसके, एक हजार ३३९ जना गम्भीर घाइते भएका छन् । माओवादीका विरूद्ध अपरेसनमा परिचालन हुनुअघि अधिराज्यभर एक हजार ६०० प्रहरी पोस्ट रहेकोमा हाल त्यो सङ्ख्या ७०० मा झरेको छ । त्यसले गर्दा समाजमा सबै किसिमको अपराध बढ्न गएको छ । सशस्त्र प्रहरी बल गठन भएपछि प्रहरीको ककनी तालिम केन्द्र, डाँडापाखर तालिम केन्द्रलाई हस्तान्तरण गरेको हुनाले नेपाल प्रहरीलाई तालिममा समस्या भएको छ । बजेटको कमीले काम गर्न असजिलो हुँदै गएको छ । प्रहरी विकास योजनाका निम्ति  डीएफआईडीसँग आर्थिक तथा प्राविधिक सहयोगका लागि वार्ता भइरहेको छ । यस पालि हुने इन्टरपोलको चुनावमा एसिया क्षेत्रका दुई सिटमध्ये एक सिटमा नेपालले उम्मेदवारी दिने प्रयास गरिरहेको छ ।'

सरकारबाट 'प्रहरीमा भइरहेको राजनीतीकरणलाई हटाउन सकेसम्म कोसिस गर्नू' हुकुम भयो । त्यस्तै मौसुफबाट निर्देशन बक्स्यो, 'प्रहरीलाई पिपुल फ्रेन्ड्ली बनाएर काम गर्नुपर्छ । वरिष्ठ प्रहरी अधिकृतहरू कुन पार्टीका नेतासँग ज्यादा सम्पर्कमा छन्, त्यसको निर्क्योल गर । श्री ५ को सरकारसँग बजेट माग्दा प्राथमिकता निर्धारण गरेर अत्यावश्यक सामान किन्न ध्यान दिनुपर्छ । म पनि प्रधानमन्त्रीसँग कुरा गरौँला । माओवादी आक्रमणमा घाइते प्रहरीको उपचारमा विशेष ध्यान दिनुपर्छ । उनीहरूको जीवनप्रति प्रहरी र सरकार संवेदनशील हुनैपर्छ । यस क्रममा कुनै पनि किसिमको कमी कमजोरी हुन दिनु भएन ।'

आजै साँझ प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द, मन्त्री नारायणसिंह पुन र सबै सुरक्षा निकायका प्रमुखलाई सरकारबाट प्राइभेट डिनर बक्स्यो । उक्त अवसरमा माओवादीसँग भइरहेको वार्ता, वार्तामा उठ्न सक्ने विषय तथा सुरक्षा निकायका अवधारणाका बारेमा विस्तृत छलफल भयो । डिनरमा प्रमुख सचिव पशुपतिभक्त महर्जन र मेरो पनि सहभागिता थियो ।

### २०५९ माघ २६ गते आइतबार

माओवादीबाट जारी प्रेस वक्तव्य वार्ताको प्रक्रिया अगाडि बढिरहेको परिस्थितिमा ज्यादै कडा र आपत्तिजनक छ । सायद यसबारे माओवादीकै वार्ताटोलीलाई पनि जानकारी थिएन । मन्त्री नारायणसिंह पुनले वक्तव्यका बारेमा वार्ताटोलीसँग आपत्ति जनाउनुभयो ।

भारतीय राजदूत श्यामशरणले एमाले महासचिव माधवकुमार नेपालसँग उहाँकै निवास कोटेश्वरमा करिब एक घण्टा गोप्य भेटवार्ता गर्नुभयो । भेटवार्ताका बारेमा विस्तृत रूपमा जानकारी लिन कोसिस गर्नू भनेर मैले सुरक्षा निकायहरूलाई खबर गरेको छु । प्राप्त सूचना अनुसार यो भेटपछि काङ्ग्रेस र एमालेले सरकार–माओवादी वार्ताको विरोधमा संयुक्त दृष्टिकोण बनाउने भएका छन् ।

### २०५९ माघ २७ गते सोमबार

प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले राष्ट्रिय सुरक्षा परिषद् सचिवालयका सहसंयोजक उपरथी रुक्माङ्गद कटवाललाई फोन गरेर ब्रिटिस राजदूतावासमा आयोजित द्वन्द्व व्यवस्थापन सम्बन्धी ब्रिफिङमा पठाउन केही उच्च अधिकृतको नाम सिफारिस गर्नू भन्नुभएछ । यो कुरा कटवालले मलाई फोनमा जानकारी गराएपछि मैले उहाँलाई सुरक्षा परिषद्मै कार्यरत केही अधिकृत छानेर पठाए हुन्छ भनैं ।

नेपालस्थित चिनियाँ राजदूतले महाराजाधिराजका निजी सचिव सागरप्रसाद तिमिल्सिनालाई फोन गरेर अधिराजकुमारी प्रेरणा र कुमार राजबहादुर सिंहलाई डिनरका लागि आमन्त्रण गर्नुभएको रहेछ । यो कुरा जाहेर भएर सरकारबाट स्वीकृति बक्सेपछि उहाँहरू चिनियाँ राजदूतको निवासमा डिनरमा जाने कार्यक्रम तय भएको छ ।

### २०५९ माघ २८ गते मङ्गलबार

नेपाल मजदुर किसान पार्टीले भोलि सर्वदलीय बैठक आयोजना गर्न खोजेको खबर आँएको छ । यसबीच, प्रधानमन्त्रीले पनि विभिन्न पार्टीका नेतासँग भेट्ने प्रयास गरिरहनुभएको छ ।

एमालेले 'संयुक्त वामपन्थी कार्यगत एकता' गर्ने कोसिस गरिरहेको थाहा भएको छ । त्यसमा नेकपा एकता केन्द्रले संविधानसभाको विषयलाई केन्द्रविन्दु बनाएर अगाडि जान उपयुक्त हुने प्रस्ताव राखेको छ । माओवादी अध्यक्ष प्रचण्डले काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला, एमाले महासचिव माधवकुमार नेपाल र नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छेलाई फोन गरेर दरबारका विरूद्ध संयुक्त मोर्चा बनाउनुपर्छ भन्ने प्रस्ताव राखेको रिपोर्ट आएको छ ।

### २०५९ माघ २९ गते बुधबार

आजको जाहेरीमा अन्य विषयका अतिरिक्त आफ्नै बारेमा सरकारलाई जाहेर गरैं । मैले भनैं, 'मेरो उपरथीको पाँच वर्षको कार्यअवधि आउँदो चैत मसान्तमा पूरा हुँदै

छ । राजदरबारको नियम अनुसार मैले चैत १ गतेदेखि एक महिना बिदा बस्नुपर्छ । सरकारबाट मलाई पदोन्नति बक्सने हो भने केही फरक पर्दैन । तर पदोन्नति नबक्सने हो भने मैले काम गर्ने समय फागुन एक महिना मात्र बाँकी छ । उक्त अवधिमा कसलाई मेरो कार्य बुझाउनुपर्ने हो, यसबारे सरकारबाट चाँडै निर्णय लिनुपर्ने हुन्छ ।' मेरो कुरामा सरकारबाट कुनै प्रतिक्रिया जनाइबक्सेन ।

गत वर्ष नेपालीमा प्रकाशित भएको *राज्यारोहणको एक वर्ष* पुस्तक सरकारको दोस्रो वर्षका केही महत्त्वपूर्ण प्रसङ्गहरू समावेश गरेर अङ्ग्रेजीमा प्रकाशित गर्ने तयारी भइरहेको छ । अङ्ग्रेजी संस्करण शुभजन्मोत्सवको अवसर पारेर प्रकाशित गरिन लागेको मैले सरकारमा बिन्ती गरेँ ।

आउँदो शनिबार सेनाबाट आन्तरिक एकीकृत सुरक्षा तथा विकास योजना अन्तर्गत गोरखा जिल्लामा निर्माण भएको 'बेली ब्रिज' प्रधानमन्त्रीले समुद्घाटन गर्ने कार्यक्रम तय भएको भनी प्रधान सेनापतिले मलाई खबर गर्नुभयो ।

## २०५९ फागुन १ गते बिहीबार

मन्त्री नारायणसिंह पुनले मलाई फोन गरेर 'माओवादी नेता डा. बाबुराम भट्टराईसँग वार्तामा उठाउने मुख्यमुख्य विषयमा अनौपचारिक छलफल भएको' जानकारी गराउनुभयो । मन्त्री पुनका अनुसार वार्ताप्रति भट्टराईको सकारात्मक धारणा रहेको छ । भट्टराईले राजनीतिक दलसँग पनि सामान्य छलफल गरेर उनीहरूलाई पनि ठीक ठाउँमा राख्नुपर्छ भन्ने सल्लाह समेत दिनुभएको छ । पार्टीहरूबाट खासै उपलब्धिमूलक विचार आउने होइन, किनभने यिनीहरूका सञ्चालनकर्ता अरू नै छन् भन्ने पनि भट्टराईको विश्लेषण रहेछ । मन्त्री पुनले भट्टराईसँगको छलफलपछि 'माओवादीहरू वार्ताप्रति निकै गम्भीर छन्, हामीले यसलाई अवसरका रूपमा प्रयोग गर्नुपर्छ' भन्ने मान्यता बनाउनुभएको छ ।

राजनीतिक पार्टीहरूको सरकार-माओवादी वार्ताप्रतिको दृष्टिकोण सकारात्मक नभएकोमा विदेशी राष्ट्रहरू सन्तुष्ट छैनन् ।

## २०५९ फागुन २ गते शुक्रबार

प्रधान सेनापति प्यारजङ्ग थापाले फोन गरेर आगामी सैनिक दिवस (महाशिवरात्रि) भन्दा दुई दिनअघि सबै पृतनापति र वाहिनीपतिलाई काठमाडौं बोलाएर अहिलेको परिस्थितिका बारेमा बुझ्ने तथा निर्देशन दिने कार्यक्रम राखेको जानकारी दिनुभयो । उहाँले प्रधान सेनापति निवास, शशिभवनमा आगामी १६ गते शुक्रबार रात्रिभोजको आयोजना गरी सरकारलाई आमन्त्रण गर्नुभएको छ । मलाई पनि निम्ता गर्नुभएको छ । 'रात्रिभोजमा आमन्त्रित व्यक्तिहरूको नामावली मगाउनू,' सरकारबाट मलाई हुकुम बक्सेको छ ।

दरबारका सचिवहरूको सामूहिक जाहेरीका बेला सरकारबाट श्री ५ को सरकार

र माओवादीबीच हुन लागेको वार्ताको सन्दर्भबारे विस्तृत जानकारी गराइबक्स्यो । मौसुफबाट वार्तामा मानवीय विषयलाई प्राथमिकतासाथ अगाडि बढाउन आ–आफ्नो सचिवालयले सम्बन्धित निकायमा जानकारी गराउने र समन्वय गर्ने भनी निर्देशन बक्स्यो । भ्रष्टाचारी तथा सार्वजनिक पद धारण गरेका नेताहरूको सम्पत्ति छानबिन गर्न व्यक्तिगत फाइल तयार पारी आवश्यक परे प्रयोगमा ल्याउन तयारी हालतमा राख्न प्रमुख सचिव पशुपतिभक्त महर्जनलाई हुकुम भयो ।

## २०५९ फागुन ५ गते सोमबार

माओवादीले खटाएको वार्ताटोलीका सदस्यहरूलाई मन्त्री नारायणसिंह पुनले रूपन्देहीको भैरहवाबाट काठमाडौँ ल्याउनुभयो । त्यसमा माओवादीका कृष्णबहादुर महरा, दीनानाथ शर्मा लगायत रहेका छन् । डा. भट्टराईलाई सार्वजनिक गर्न हतार नगर्ने तर सम्पर्कमा बस्ने कुरा पनि तय भएको छ ।

## २०५९ फागुन ८ गते बिहीबार

श्री ५ शाहज्यादी शीताष्माको स्वयम्वर आज सम्पन्न भयो । स्वयम्बर स्थल महाराजगन्जस्थित जीवनकुञ्जमा सरकारहरू समेत सवारी भयो । उर्दी भएकाले म पनि उक्त स्वयम्वरमा सहभागी भएँ ।

वार्तालाई सहयोग पुऱ्याउन बनेको विज्ञ समूहले मन्त्री नारायणसिंह पुनलाई भेटेर आजसम्म भएका गतिविधिका बारेमा जानकारी लिनुका साथै आवश्यक कागजात समेत लिएको छ । उक्त समूहका लागि राष्ट्रिय सुरक्षा परिषद् सचिवालयमा कार्यालय तयार पारेर महासेनानी बलदेवराज महतलाई कार्यालय सञ्चालन गर्न तोकिएको छ । समूहका तर्फबाट प्रधानमन्त्रीको सचिवालय र वार्ताटोलीसँग सम्पर्क गर्न महतलाई नै सम्पर्क अधिकृतका रूपमा राख्ने सहमति भएको छ ।

मन्त्री कमलप्रसाद चौलागाईंले आज फोन गरेर भन्नुभयो, 'एमालेलाई पुनः फुटाउनु जरूरी छ । वामदेव गौतम र राधाकृष्ण मैनाली पार्टीसँग असन्तुष्ट र ज्यादै निराश हुनुहुन्छ । उहाँहरूलाई प्रयोग गर्न सकिन्छ । वामदेवलाई माओवादीले समेत आफ्नो सहयोगीको भूमिकामा ल्याउन खोजिरहेको छ । हामीले कुनै पनि हालतमा उहाँलाई आफ्नो पक्षमा राख्नुपर्छ । त्यसका लागि उहाँ तयार पनि हुनुहुन्छ । एमालेका वरिष्ठ नेता उपयुक्त अवसरको पर्खाइमा छन् । स्थानीय निकायलाई सकेसम्म चाँडै परिचालन गर्नुपर्छ । तिनमा पदाधिकारी नभएकाले विदेशी दातृ संस्थाहरू सहयोग गर्न हिचकिचाइरहेका छन् । शिक्षामन्त्री देवीप्रसाद ओझाले मन्त्रिपरिषद्का सबै निर्णय एमाले महासचिव माधवकुमार नेपाललाई रिपोर्टिङ गरिरहनुभएको छ ।'

आज प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले सुजाता कोइरालाको मण्डिखाटारस्थित घरमा काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालालाई भेट्नुभयो । भेटमा केके कुरा भयो भन्नेबारे जानकारी हुन सकेन । सायद सरकारको दर्शनभेटमा प्रधानमन्त्रीले

विस्तृत तवरमा जाहेर गर्नुहोला । पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापालाई माओवादी नेताहरू डा. बाबुराम भट्टराई, कृष्णबहादुर महरा र दीनानाथ शर्माले भेटेको सूचना आएको छ ।

त्यस्तै, राप्रपा अध्यक्ष पशुपतिशमशेर जबरा एमाले महासचिव माधवकुमार नेपाललाई भेट्न कोटेश्वरस्थित उहाँको निवासमा पुग्नुभएको छ । भेटवार्ता समसामयिक राजनीतिक परिस्थितिमा केन्द्रित भएको नेपालनिकट स्रोतले बताएको छ ।

माओवादी नेताहरूले यो वार्तालाई सकारात्मक र परिणाममुखी बनाउनुपर्ने पार्टीको ठहर रहेको र आवश्यक परे संयुक्त राष्ट्रसङ्घका प्रतिनिधिलाई मध्यस्थकर्ताको भूमिकामा राख्न सकिने धारणा सार्वजनिक गरेका छन् । त्यसै गरी उनीहरूले हालको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिमा राजसंस्थालाई माइनस गर्न नसकिने निष्कर्ष समेत सार्वजनिक गरेका छन् । 'राजाले संविधानसभा नमाने के हुन्छ ?' भन्ने स्वतन्त्र बुद्धिजीवी तथा नागरिक समाजका अगुवाहरूको प्रश्नमा माओवादी नेताले 'संविधानमा व्यापक संशोधन गरेर राजाको अधिकार कटौती गर्न सकिन्छ, सेना संसद् अन्तर्गत हुनुपर्छ, संविधानसभाका लागि सबै पार्टीलाई सहमतिमा ल्याउने प्रयास गरिरहेका छौं, सबै पार्टी सम्मिलित गोलमेच सम्मेलनले नै सबै विषयका बारेमा निर्धारण गर्नेछ, आवश्यक परे उपवार्ताटोली गठन गरेर स्वदेशी तथा विदेशीसँग अनौपचारिक परामर्श जारी राखिनेछ' भनी पार्टीको धारणा सार्वजनिक गरेका छन् ।

माओवादीका यी धारणा विश्लेषण गरेर मैले यो भारतको गेम प्लान हुन सक्छ भन्ने निष्कर्ष निकालेको छु । जवाहरलाल नेहरू विश्वविद्यालयका प्राध्यापक डा. एसडी मुनिले केही दिनअघि नेपाल आएर माओवादी नेताहरू डा. बाबुराम भट्टराई र कृष्णबहादुर महरासँग काठमाडौंको नयाँ वानेश्वरस्थित होटल एभरेस्टमा लामो भलाकुसारी गरेका थिए । प्राप्त सूचनाहरू र घटनाक्रम विश्लेषण गर्दा के देखिन्छ भने माओवादीले जे-जे भने उनीहरू त्यो भारतीय सोचाइ अनुसारका प्रस्ताव लिएर अगाडि आइरहेका छन् । हुन पनि माओवादी एक्कासि अत्यन्तै लचिलो देखिएका छन् ।

## २०५९ फागुन ९ गते शुक्रबार

राजदरबारका सचिवहरूको संयुक्त जाहेरीमा देशको विकसित राजनीतिक घटनाक्रमका बारेमा विस्तृत रूपमा छलफल भयो । त्यस बेला सरकारबाट हुकुम भयो, ' हाम्रो वार्ताटोलीले वार्ता सम्बन्धी आचारसंहिता फागुनको अन्त्यसम्ममा तयार गरिसक्नुपर्छ । माओवादी वार्ताटोलीलाई पठाउनुअघि त्यसबारे दरबारलाई जानकारी गराउनु राम्रो हुन्छ । वार्ता प्रक्रिया चलिरहँदा सुरक्षा निकायले गरिरहेको सुरक्षा ड्युटी पनि कुनै पनि हालतमा कम गर्नु हुँदैन र सेनालाई तयारी हालतमा राख्नुपर्छ ।' साथै सरकारबाट 'आगामी भारत भ्रमणका सन्दर्भमा आवश्यक पर्न सक्ने भएकाले सबै सचिवालयले ह्वाइट पेपर तयार पार्नू' पनि हुकुम भयो ।

उक्त अवसरमा मैले जगत गौचनले विभिन्न पत्रपत्रिकामा तथा कुराकानीको सिलसिलामा 'मेरो मन्त्री हुने पक्का थियो, राजाको सैनिक सचिव विवेक शाहले नारायणसिंह

पुनसँग पैसा खाएर उसलाई मन्त्री बनायो' भन्दै हिंड्ने गरेको सरकारमा जाहेर गरेँ । यो कुरा सुनेपछि सचिवहरू हाँसे । सरकारले कुनै प्रतिक्रिया जनाइबक्सेन ।

## २०५९ फागुन १२ गते सोमबार

मन्त्री नारायणसिंह पुनले हालसम्म भएका अनौपचारिक वार्ताहरू सकारात्मक दिशातिर उन्मुख भइरहेको जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, 'माओवादी वार्ताटोलीका सदस्यसँग समझदारी तथा व्यक्तिगत सम्बन्ध विकसित हुँदै गएको छ । वार्ताका क्रममा उनीहरू तयारी गरेर गम्भीर रूपले प्रस्तुत हुने गरेका छन् । सरकारी पक्षबाट वार्ताटोली गठनको ढिलाइ भएको उनीहरूलाई चित्त बुझेको छैन । राजनीतिक पार्टीहरूले वार्तालाई कुनै पनि किसिमको सहयोग गरेका छैनन् ।' माओवादी नेताले 'वार्ताको वातावरण राम्रो हुँदै गएकाले हामी राजासँग पनि भेट्न चाहन्छौँ' भन्ने गरेको उहाँले सुनाउनुभयो । त्यस्तो बेला मन्त्री पुनले 'वार्ता सकारात्मक ढङ्गले अगाडि बढिरहोस्, त्यसपछि त दर्शनभेट भइहाल्छ नि' भन्ने गर्नुभएको रहेछ । 'यदि तपाईंहरूलाई दरबारको कसैसँग भेट गर्ने इच्छा छ भने म सैनिक सचिवलाई भेटाउने प्रयास गर्छु' भनेको पनि उहाँले मलाई जानकारी गराउनुभयो । मन्त्रीको पुनको भनाइ थियो, 'तपाईंले पाएका माओवादी सम्बन्धी सूचनाहरू मैले पनि थाहा पाउन सके राम्रो हुने थियो ।'

मन्त्री पुनका कुरा मैले सरकारमा सविस्तार जाहेर गरेँ । 'माओवादी सम्बन्धी केही महत्त्वपूर्ण सूचना प्राप्त भए मन्त्री पुनलाई पनि जानकारी गराई दिनू,' सरकारबाट हुकुम भयो । त्यस्तै सरकारबाट 'माओवादी नेताले मसँग के कुरा गर्न खोजेका हुन्, त्यसबारे तिमी उपयुक्त समय मिलाएर भेट र कुरा बुझ' हुकुम भयो ।

भारतीय राजदूतावासका डेपुटी चिफ अफ मिसन अशोक कुमारले मलाई भेट्न खोज्नुभएको छ । यो कुरा जाहेर गर्दा सरकारबाट 'भेटे हुन्छ' हुकुम भयो ।

प्रधान सेनापति प्यारजङ्ग थापाले फोन गरेर 'रक्षासचिव मदनप्रसाद अर्यालको नेतृत्वमा सैनिक प्रतिनिधिमण्डल चीन भ्रमणमा जाने कार्यक्रम छ, उहाँले प्रतिनिधिमण्डलमा सहायक रथी डम्बरसिंह गुरूङलाई राख्न अनुरोध गर्नुभएको छ' भनी खबर गर्नुभयो ।

माओवादी अध्यक्ष प्रचण्ड र काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाबीच कुरा भएको भन्ने खबर आएको छ । के कुरा भयो, थाहा हुन सकेको छैन ।

एमाले पार्टी कार्यालय, बल्खुमा बसेको नौ वाम पार्टीको बैठकमा माओवादी नेताहरू कृष्णबहादुर महरा र दीनानाथ शर्मा सहभागी भएका छन् । बैठकमा माओवादी नेताले गोलमेच सम्मेलन र अन्तरिम संसद् स्थापनाको पक्षमा लाग्न सबै दललाई आग्रह गरे । माले महासचिव सीपी मैनालीले भने 'गोलमेच सम्मेलन केका लागि र कसले बोलाउने, पार्टीहरूले बोलाउने हो कि ?' भन्ने प्रश्न अघि सार्नुभएछ । उहाँका अनुसार हाल गोलमेच सम्मेलन राजाले बाहेक अरूले बोलाउन नसक्ने अवस्था छ । 'के राजाले गोलमेच सम्मेलन बोलाउलान् ?' भनेर पनि उहाँले प्रश्न गर्नुभएछ ।

## २०५९ फागुन १४ गते बुधबार

मन्त्री नारायणसिंह पुनले फोन गरेर 'आज भारतीय राजदूत श्यामशरणले लन्चमा बोलाएका छन्, कुनै महत्त्वपूर्ण कुराकानी भयो भने म पछि भनुँला' भन्नुभयो ।

उच्च पदाधिकारी तथा राजनीतिज्ञहरूको सम्पत्ति छानबिन गर्न गठित लम्साल आयोगले 'सेनाका अधिकृतको सम्पत्ति विवरण सेनाले नै लिएर राख्ने' निर्णय गरेको छ । सो विवरण लम्साल आयोगले अध्ययन गर्ने र त्यस सम्बन्धी सत्य-तथ्य सार्वजनिक गर्नुअघि दरबारमा जाहेर गर्न व्यवस्था मिलाउन सरकारबाट स्वीकृति बक्स्यो ।

प्रधान सेनापति प्यारजङ्ग थापाले आजको जाहेरीमा सेनाको रासन स्केलमा केही सुधार गर्न प्रस्ताव गर्नुभयो । प्रत्युत्तरमा सरकारबाट मलाई 'प्रमुख सचिव पशुपतिलाई भनेर प्रधानमन्त्रीसँग कुरा गरी मिलाउनू' हुकुम भयो । प्रधान सेनापति थापाले अति विशिष्ट व्यक्तिको हवाई उडानका लागि भीभीआईपी विङमा रहेका सुपर पुमा हेलिकप्टर पुरानो प्रविधिका भएको हुँदा नयाँ प्रविधिका हेलिकप्टर (जस्तै : एबी-१३९ तथा एचयुईवाई-२) का बारेमा अध्ययन गर्ने प्रस्ताव पनि राख्नुभएको थियो । साथै उहाँले फागुन २६ र २७ गते पूर्वका ब्यारेक निरीक्षण गर्न जान लागेको जाहेर गर्नुभयो ।

## २०५९ फागुन १६ गते शुक्रबार

जङ्गी अड्डा, भद्रकालीस्थित त्रिभुवन आर्मी अफिसर्स क्लबमा सेनाका पृतना तथा वाहिनीपतिको समन्वयात्मक बैठक आज सम्पन्न भयो । बैठकमा म पनि सहभागी भएँ । उक्त अवसरमा वाहिनीपति तथा पृतनापतिहरूले आ-आफ्नो ब्यारेकमा पुरानै समस्या अहिलेसम्म पनि थाती रहेको कुरा दोहोऱ्याए । धेरैजसो गण तथा गुल्ममा अधिकृतहरूको कमी रहेको पनि जानकारी गराए । सैनिक अपरेसनको दबावमा परेर नै माओवादी वार्तामा आएको उनीहरूको तर्क थियो । यसलाई सेनाको 'अपरेसनल सक्सेस' का रूपमा उनीहरूले व्याख्या गरे । सेनाले प्रभावकारी भूमिका निर्वाह नगरेको भए माओवादीले धेरै पहिले नै सत्ता लिइसक्थे भन्ने पनि केही अधिकृतको धारणा थियो । वास्तवमा यो धारणा सही हो ।

बैठक भइरहेकै समयमा मेरो मोबाइलमा सरकारका एडीसी महासेनानी विनोज बस्न्यातको फोन आयो । उहाँले 'शाही जङ्गी अड्डाबाट रथी र उपरथीको डोसियर (व्यक्तिगत तथा कार्यगत विवरण सम्बन्धी फाइल) तत्कालै मगाउन' सरकारबाट हुकुम भएको बताउनुभयो । प्रधान सेनापति त्यही समारोहमा भएकाले मैले उहाँलाई यो कुरा तत्कालै सुनाएँ । उहाँले पनि तत्कालै आफ्ना सैनिक सचिवलाई भनेर आवश्यक फाइल मगाउनुभयो । मैले ती फाइल सरकारमा जाहेर गर्न एडीसी अफिसमा पठाइदिएँ ।

## २०५९ फागुन १८ गते आइतबार

माओवादी वार्ताटोलीमा केही समस्या देखा परेको सङ्केत मिलेको छ । 'कृष्णबहादुर महरा र दीनानाथ शर्माले राम्रोसँग काम नगरेको, साथै विभिन्न पक्षबाट प्रभावित भएको

जस्तो देखिन्छ, डा. बाबुराम भट्टराईको नियत पनि स्पष्ट देखिँदैन' भनी वार्ताटोलीका अर्का सदस्य रामबहादुर थापा 'बादल' ले मन्त्री नारायणसिंह पुनसँग खुलासा गर्नुभएछ । यो कुरा मलाई तत्कालै मन्त्री पुनले फोनमा जानकारी गराउनुभयो ।

*कान्तिपुर* दैनिकमा आज प्रकाशित समाचारले वार्तालाई सहयोग गर्नुको सट्टा हानि पुऱ्याउन सक्छ । यो पनि सञ्चारमन्त्री रमेशनाथ पाण्डेको छलकपट हो भन्ने मन्त्री पुनको दाबी छ । कान्तिपुरका पत्रकार गुणराज लुइँटेलसँग मन्त्री पाण्डे ज्यादै घनिष्ठ भएकाले त्यस किसिमको समाचार प्रवाह भएको सूचना पनि आएको छ ।

मन्त्री पुनले आज मलाई मेरा बारे विभिन्न ठाउँमा उहाँले सुनेका कुरा सुनाउनुभयो । उहाँका अनुसार विभिन्न उच्च ठाउँमा 'महाराजाधिराज शान्तिवार्ता, राजनीति तथा सुरक्षाका विषयमा आजसम्म व्यक्त आफ्नो बोलीमा अडिग होइबक्सन्छ भने सैनिक सचिवको पदोन्नति हुन्छ, यदि मौसुफको मनमा अरू नै केही कुरा छ भने वर्तमान सैनिक सचिवलाई अवकाश दिएर अर्को व्यक्तिलाई सैनिक सचिव बनाई आफ्नो वास्तविक कार्यक्रम अनुसार चलिबक्सन्छ, हालका सैनिक सचिव नै कार्यरत रहिरहने हो भने माओवादीसँग शान्तिवार्ता अगाडि बढ्न सक्छ, उनले अवकाश पाए भने वार्तालाई अगाडि बढाउन कठिन हुन सक्छ' भन्ने कुरा भएको रहेछ । मेरो पदावधि यो महिनासम्म मात्र छ । नियम अनुसार म चैत १ गतेदेखि बिदा बस्नुपर्छ । मन्त्री पुनका कुरा सुनेर मलाई सरकारले अवकाश दिन लागेको हो कि भन्ने लाग्यो । सरकारबाट गत १६ गते शुक्रबार सेनामा कार्यरत सबै उपरथी र रथीको डोसियर मगाएर गोप्य रूपमा अध्ययन गरिबक्सेको थियो । मलाई हटाउन र मेरो ठाउँमा अन्य को उपयुक्त हुन्छ भनेर बुझ्न सरकार स्वयंबाट डोसियर अध्ययन गरिबक्सेको हुन सक्छ ।

## २०५९ फागुन १९ गते सोमबार

मन्त्री नारायणसिंह पुनले आज बिहान कृष्णबहादुर महरासँग लामो कुरा गर्नुभएछ । सो अवसरमा उहाँले माओवादी वार्ताटोलीका सदस्यबाट वार्ताको सन्दर्भमा उठाइएका राजनीतिक कुराहरू बढाई-चढाई सञ्चार माध्यममा आइरहेको तर्फ महराको ध्यान आकृष्ट गराउनुभएछ । पुनले मलाई भन्नुभयो, 'रामबहादुर थापा 'बादल' सँग पनि मेरो सम्पर्क भएको थियो । उहाँले मेरो मोबाइल नम्बर माग्नुभएको छ । बादलले मलाई प्रचण्डसँग पनि टेलिफोनमा सम्पर्क गराउने कुरा गर्नुभएको छ ।'

वार्ताको अवसरमा पालना गर्नुपर्ने न्यूनतम कुराहरू समावेश गरेर निर्माण गर्न लागिएको आचारसंहिताका बारेमा आज छलफल भयो । आचारसंहिताको कुरा महाराजाधिराज र प्रधानमन्त्रीको जानकारीमा आइसकेको छ । यस विषयमा सुरक्षा निकायका प्रमुखहरूसँग समेत सुझाव लिइसकिएको छ ।

आज प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले सुरक्षा निकायका प्रमुखहरूलाई सामूहिक रूपमा भेट्नुभयो । सो अवसरमा उहाँले विभिन्न पार्टीका नेताहरूसँग भेटेर वार्ताप्रति सकारात्मक हुन र सहयोग गर्न अनुरोध गरिएको जानकारी दिनुभयो । साथै राजनीतिक

दलहरूलाई सरकारमा सहभागिता जनाउन आग्रह गरिएको प्रसङ्ग पनि सुनाउनुभयो । यसै क्रममा हिजो प्रधानमन्त्रीले काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालासँग भेटवार्ता गर्नुभएको थियो । मण्डिखाटारस्थित सुजाता कोइरालाको घरमा भएको भेटमा प्रधानमन्त्रीले सरकारमा सहभागिताका लागि काङ्ग्रेससँग आग्रह गर्नुभयो छ । साथै माओवादीसँगको शान्तिवार्तालाई सहयोग गर्न समेत अनुरोध गर्नुभयो छ ।

हिजै माओवादी वार्ताटोलीका सदस्य कृष्णबहादुर महरा र दीनानाथ शर्माले श्रीहर्ष कोइरालाको घर गएर काङ्ग्रेस केन्द्रीय सदस्य चक्रप्रसाद बाँस्तोला र कृष्णप्रसाद सिटौलासँग दुई घण्टा छलफल गर्नुभएको छ । छलफल समसामयिक राजनीतिक विषयमा केन्द्रित भएको मेरो जानकारीमा आएको छ । साथै काङ्ग्रेस वर्तमान शान्ति प्रक्रिया कुनै पनि हालतमा तार्किक निष्कर्षमा नपुगोस् भन्ने चाहन्छ भन्ने पनि उक्त भेटमा भएको कुराकानीबाट प्रस्ट भएको छ ।

माओवादी वार्ताटोलीका सदस्य महरा र शर्माले आज पाँच साना वाम पार्टीलाई संयुक्त रूपमा माले केन्द्रीय कार्यालयमा भेट्नुभएको छ ।

## २०५९ फागुन २३ गते शुक्रबार

मन्त्री पुनले मलाई फोन गरेर वार्ता सकारात्मक दिशातिर अघि बढिरहेको जानकारी दिनुभयो । उहाँका अनुसार आचारसंहिताको टुङ्गो चाँडै लाग्नेछ ।

प्रधान सेनापति प्यारजङ्ग थापाले फागुन २७ देखि २९ गतेसम्म पूर्व क्षेत्रको भ्रमणमा जाने योजना बनाएको बताउँदै सरकारको स्वीकृतिका लागि जाहेर गरिदिन अनुरोध गर्नुभयो । मैले त्यसै अनुसार जाहेर गरेँ । सरकारबाट स्वीकृति बक्स्यो ।

हिजो नेपालका माओवादीका विषयमा अमेरिकी सरकारको धारणा आएको छ । सो अनुसार अमेरिकाले माओवादीलाई आतङ्ककारीको सूचीमा राखेको छ । यसबाट माओवादी निकै डराएका छन् । यो घोषणापछि अमेरिकाले आफूहरूमाथि दमन गर्न चाहेको निष्कर्ष उनीहरूले निकालेका छन् ।

## २०५९ फागुन २५ गते आइतबार

भारतीय राजदूतावासका डीसीएम अशोक कुमारलाई आज मैले साङ्ग्रिला होटलमा डिनरमा निम्ता गरेको थिएँ । त्यस अवसरमा उहाँले केही बेर माओवादीसँगको वार्ता प्रक्रियाका बारेमा सोधपुछ गर्नुभयो । त्यसपछि अशोक कुमारले भन्नुभयो, 'भारत नेपालप्रति सधैं सकारात्मक छ । भारतद्वारा प्रस्तावित सुपुर्दगी सन्धिमा हस्ताक्षर गर्न नेपाल सकारात्मक देखिएन । त्यसैले यहाँ विभिन्न देशका अपराधी स्वतन्त्र रूपमा हिंडडुल गर्न पाइरहेका छन् । ल अफ सीको सन्धि अनुसार भारतले कोशी, टनकपुर जस्ता आयोजनामा नेपाललाई कुनै पनि किसिमको हानि पुऱ्याएको छैन । अहिले भारतको विदेशी मुद्रा सञ्चिति निकै बढेको हुनाले नेपालमा ठूलठूला जलविद्युत् आयोजना भारतले नै सञ्चालन गर्न सक्छ । यसमा अन्य देशको सहयोग जरूरत

पर्दैन । नेपालका जलविद्युत् आयोजनाबाट प्राप्त हुने बिजुलीको खरिद भाउ भारतका लागि निकै बढी मूल्य हो । भुटानका परियोजनाबाट भारतले निकै सस्तोमा बिजुली खरिद गर्ने गरेको छ ।'

प्रत्युत्तरमा मैले सुपुर्दगी सन्धिका बारेमा कुरा गर्दा खुला सिमानालाई नियमित गर्नेतर्फ पनि सोच्नु राम्रो हुने धारणा राखेँ । साथै दुई देशले आपसी सहयोग र सद्भावको आधारमा नेपालको जलस्रोतको सदुपयोग गर्न सके दुवै देशलाई फाइदा हुन सक्ने बताएँ ।

## २०५९ फागुन २६ गते सोमबार

मुख्य राजनीतिक दलका नेताहरू गिरिजाप्रसाद कोइराला, माधवकुमार नेपाल, नारायणमान बिजुक्छे, अमिक शेरचन लगायतले सरकारको सामूहिक दर्शनभेट गर्ने रणनीति बनाएको मेरो जानकारीमा आएको छ । यो कुरा जाहेर गर्दा सरकारबाट कुनै प्रतिक्रिया जनाइबक्सेन ।

केही गुल्मको बदलीको सन्दर्भमा सल्यानबाट खप्तड जान लाग्दा बर्दियामा ट्रक दुर्घटना भई चार सैनिकको घटनास्थलमै मृत्यु भयो । २३ जना घाइते भए । तीमध्ये त्यसमा १३ जना गम्भीर घाइतेलाई उपचारका लागि हेलिकप्टरबाट काठमाडौं ल्याइएको छ ।

## २०५९ फागुन २८ गते बुधबार

राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्माले देशको राजनीतिक अवस्था र सुरक्षा स्थितिका बारेमा आज सरकारमा निकै महत्त्वपूर्ण कुराहरू जाहेर गर्नुभयो । उहाँले भन्नुभयो, 'शान्तिवार्ता सुरु भएपछि सबैतिर जनताले राहत महसुस गरेको देखिन्छ । राजनीतिक पार्टीलाई आफ्ना नेता तथा कार्यकर्तालाई समेट्न धौधौ परिरहेको छ । माओवादी स्रोतबाट प्राप्त सूचना अनुसार उनीहरूले सबै शक्ति राजाको हातमा पुऱ्याएर राजासँग सोझै डिल गर्ने रणनीति बनाएका छन् । अर्को चरणको युद्धको तयारी जारी राख्ने, चन्दा उठाउने, तालिम यथावत् चलाइरहने, हातहतियार सङ्कलन तथा मर्मत गर्ने माओवादीका भित्री रणनीतिक कुरा रहेका छन् । वार्ताप्रति विश्वास गर्न सकिँदैन र गर्न पनि हुँदैन भन्ने उनीहरूको विश्लेषण छ । यसतर्फ श्री ५ को सरकार चनाखो हुनुपर्छ ।'

माओवादी वार्तोटोलीका सदस्य कृष्णबहादुर महराले 'मन्त्री नारायणसिंह पुनले उनीसँग भएका सबै कुरा राजालाई सुनाउँछन् भन्नेमा पूरा विश्वास हुन नसकेको' बताउने गरेको देवीरामजीले सुनाउनुभयो । 'मन्त्री पुनले राजनीतिक एजेन्डाभन्दा अरू नै एजेन्डालाई प्राथमिकता दिने गरेकाले हामीले नै सीधै राजासँग वार्ता गर्दा राम्रो हुन्छ' महराले भन्न थालेको पनि उहाँले जाहेर गर्नुभयो । जाहेरीपछि सरकारबाट मलाई 'माओवादीका रणनीतिक विचार मन्त्री पुनलाई अवगत गराउनू' हुकुम भयो ।

उक्त अवसरमा देवीरामजीले आफ्नो सङ्गठनमा रहेका कमीकमजोरी, सञ्चार साधनको कमी, बजेटमा भएको व्यापक कटौती, विभागलाई आवश्यक सामान झिकाउँदा भन्सार मिनाहा हुनुपर्ने विषय, अनुसन्धान विभागमा कार्यरत कर्मचारीको भत्ता रोकिएको घटना आदिका बारेमा पनि जाहेर गर्नुभयो । सरकारबाट यी विषयका बारेमा प्रमुख सचिव पशुपति मार्फत प्रधानमन्त्रीलाई भन्न मलाई हुकुम भयो ।

सैनिक सचिवालयका नियमित र आकस्मिक दुवै काम सकेर आज म केही ढिलो घर फर्किएको थिएँ । राति एडीसी अफिसबाट महासेनानी विजयविक्रम खड्काले फोन गर्नुभयो । उहाँले 'सरकारबाट भोलि बिहीबार बिहान ११ बजे प्रधान सेनापतिलाई दर्शनभेटका लागि समय बक्सेको छ, खबर गरिदिनू भनेर हुकुम भएको छ' भन्नुभयो । मैले विजयलाई 'प्रधान सेनापति अहिले इटहरीमा हुनुहुन्छ, सायद भोलि बिहीबार नै फर्कने कार्यक्रम छ, म बुझेर खबर गर्छु' भनेर फोन राखेँ ।

प्रधान सेनापति पूर्वी क्षेत्रको भ्रमणमा जानुभएको कुरा सरकारलाई समेत अवगत नै थियो, त्यस्तो जरूरी के परेछ भन्ने मनमा लाग्यो । तर मैले उहाँलाई दर्शनभेटका लागि आउनू भन्ने खबर गर्नु नै थियो । त्यसैले एडीसी विजयको फोन राख्नेबित्तिकै इटहरीमा टेलिफोन सम्पर्क गरी प्रधान सेनापति प्यारजङ्ग थापासँग कुरा गरेँ । उहाँको भोलि दिउँसोतिर काठमाडौँ फर्कने कार्यक्रम रहेछ । मैले बिहान चाँडै फर्कन सल्लाह दिएँ । उहाँ त्यसै अनुसार फर्कने हुनुभयो र भन्नुभयो, 'म भोलि बिहानै काठमाडौँ फर्कन्छु र एयरपोर्टमै लुगा लगाएर सरकारको दर्शनभेटका लागि सीधै दरबार आउँछु ।'

यो कुरा मैले जाहेरीका लागि तत्कालै विजय कर्साबलाई खबर गरेँ ।

त्यसको लगत्तै शाही पार्श्ववर्ती सहायक रथी टीका धमलाले आफ्नो घरबाट मलाई फोन गर्नुभयो । उहाँको स्वर अत्यन्तै अतालिएको जस्तो थियो । उहाँले भन्नुभयो, "आज ड्युटीमा रहेका बेला मलाई सरकारबाट 'मैले विवेकलाई अवकाश दिने विचार गरेँ, तिम्रो के भनाइ छ ?' हुकुम भयो । म त एक छिन अकमक्क परेँ । त्यसपछि 'कसलाई के दर्जा बक्सने भन्ने सरकारको स्वविवेकको कुरा हो, एक पटक प्रधान सेनापतिसँग पनि सल्लाह लिइबक्सन उचित हुन्छ कि ?' भनेर जाहेर गरेँ ।"

टीका जर्साबका कुराले मलाई खासै असर पारेन । किनभने धेरै पहिलेदेखि नै मलाई दरबारबाट हटाउने प्रयास भइरहेको थियो । अहिले त मेरो पदावधि पनि सकिनै आँटेको छ । ठीकै हो भन्ने लाग्यो । मैले टीकालाई भनेँ, 'पदोन्नति बक्से पनि ठीकै छ, नबक्से पनि ठीकै छ । यो सरकारको स्वविवेकमा भर पर्ने कुरा हो । हामी के गर्न सक्छौँ र ?'

यसपछि मैले भोलि अकस्मात् प्रधान सेनापतिलाई जाहेरीका लागि बोलाइएको विषयका बारेमा अडकल काटेँ ।

## २०५९ फागुन २९ गते बिहीबार

प्रचलन अनुसार प्रधान सेनापतिलाई दर्शनभेटमा आएका बखत सैनिक सचिवका नाताले मैले रिसिभ गर्नुपर्छ । त्यस अनुसार प्रधान सेनापति दरबार आउनुअगाडि बिहान

साढे १० बजे म तयारी हालतमा बसेँ । निर्धारित समयभन्दा १५ मिनेटअगाडि नै १०:४५ बजे प्रधान सेनापति आउनुभयो । मैले उहाँलाई रिसिभ गरेँ र प्रतीक्षालय कक्षमा राखेँ । यति बेला सरकारको एडीसी सहायक रथी टीका धमला हुनुहुन्थ्यो । भित्र बैठकमा सरकारको सवारी भएपछि टीका जर्साबले 'प्रधान सेनापति र सैनिक सचिव हाजिर भएको' खबर जाहेर गर्नुभयो । त्यस बेला सरकारले एकदमै रिसाएर 'विवेकलाई किन बोलाएको ?' हुकुम भएछ । यो कुरा मलाई टीका जर्साबले केही पछि भन्नुभयो ।

यता प्रतीक्षालयमा हामी सरकारले के कारणले बोलाइबक्सेको होला भनेर अनेक तर्कवितर्क गरिरहेका थियौँ । जाहेरीपछि सरकारबाट प्रधान सेनापतिलाई मात्र पठाउन हुकुम भएछ । यसअघि प्रधान सेनापतिको जाहेरीमा सरकारले पहिले सैनिक सचिवलाई भेट्ने र विषयवस्तुका बारेमा छलफल गर्ने प्रचलन थियो, तर आज सरकारले मलाई बोलाइबक्सेन । हुकुम अनुसार प्रधान सेनापति भित्र छिर्दै हुनुहुन्थ्यो, तर भित्र पुगिसक्नुभएको थिएन । यसैबीच, सरकारबाट एडीसीलाई बोलाएर 'प्रधान सेनापतिलाई रोक र विवेकलाई भित्र पठाऊ' भन्ने हुकुम भएछ । यसरी म भित्र गएँ । सरकारबाट मलाई 'मैले प्रधान सेनापतिलाई मेरो सुदूर पश्चिमको भ्रमण कार्यक्रमका बारेमा छलफलका लागि बोलाएको हो, तिमी बाहिर बस्दै गर' हुकुम भयो । साथै 'प्रधान सेनापतिलाई भित्र पठाइदेऊ' पनि हुकुम भयो । मैले अनुभव गरेँ, 'सरकार आज प्रसन्न मुद्रामा होइबक्सन्न । केही गम्भीर सोच चलिरहेको जस्तो लाग्यो । म बाहिर आएँ र प्रधान सेनापतिलाई भित्र पठाएँ ।

प्रधान सेनापति करिब २० मिनेटपछि बाहिर निस्कनुभयो । उहाँ पनि मलिन मुद्रामै हुनुहुन्थ्यो । त्यसपछि टीका जर्साबले 'तपाईंलाई भित्र पठाउनू भन्ने सरकारबाट हुकुम भएको छ' भनेर मलाई बोलाउनुभयो । म फेरि भित्र गएँ । सरकारबाट 'बस' हुकुम भयो । त्यसपछि एक्कासि कुनै भूमिकाबिना नै सरकारबाट 'विवेक, मैले तिमीलाई रथीमा बढुवा गर्ने विचार गरेँ । तर प्रमुख सैनिक सचिव दिनेबारे पछि विचार गरौँला' हुकुम भयो ।

सरकारका कुरा सुनेर मैले 'जो निगाह, सरकार' भनेर बिन्ती गरेँ । र, भनेँ, 'म सेनाको व्यक्ति भएकाले मेरा लागि रथी दर्जा नै ठूलो हो । सैनिक सचिवको जिम्मेवारी त मैले निर्वाह गरिरहेकै छु । सरकारबाट जिम्मेवारी बक्से अनुसार सेवकले बुद्धि पुऱ्याएर काम गर्नेछु ।'

त्यसपछि मैले आफ्नो जिम्मेवारी अनुसार केही महत्त्वपूर्ण र संवेदनशील कुरा जाहेर गरेँ । मैले जाहेर गरेका विषय थिए :

– सबै सुरक्षा निकायबाट प्राप्त सूचना अनुसार वार्ताटोलीमा रहेका मन्त्री नारायणसिंह पुन र कृष्णबहादुर महराका बीचमा अत्यन्तै घनिष्ठ सम्बन्ध हुनुपर्नेमा त्यस किसिमको सम्बन्ध स्थापित हुन सकेको देखिएन ।

– साउथ ब्लक र भारतीय गुप्तचर संस्था रअ नेपालका मुख्य राजनीतिक दलका नेता र केही माओवादी नेतालाई समेत प्रभाव पार्न सफल भएका छन् । तिनले उनीहरूलाई दरबारका विरूद्ध प्रयोग गर्ने गरेको भन्ने गुप्तचर रिपोर्ट प्राप्त भएको छ ।

– अप्रत्यक्ष रूपमा दरबारको संलग्नतामा माओवादीसँग शान्तिवार्ता प्रक्रिया अघि

बढिरहेको कुराप्रति भारत सकारात्मक देखिँदैन । अहिलेको शान्ति प्रक्रियामा भारतको कुनै पनि किसिमको भूमिका छैन । तर ऊ यसमा आफ्नो भूमिका खोजिरहेको छ । भूमिका नपाएकैले शान्तिवार्तालाई सकारात्मक रूपमा अघि बढ्न नदिन उसले राजनीतिक दलहरूलाई प्रयोग गरिरहेको छ । श्री ५ को सरकारले यस्ता कुराप्रति गम्भीरतापूर्वक विचार गरेर मित्रराष्ट्रहरू चीन, बेलायत र अमेरिकासँग समन्वय गर्नु जरूरी छ । यस सन्दर्भमा नेपाल एक मात्र हिन्दूराष्ट्र भएका कारणले भारतीय जनतामा रहेको नेपालप्रतिको सकारात्मक पक्षलाई पनि विचार गर्नुपर्ने देखिन्छ ।

धेरै लामो तयारीपछि आजको मन्त्रिपरिषद् बैठकले आचारसंहिता पास गरेको छ । आचारसंहितामा सरकारका तर्फबाट मन्त्री नारायणसिंह पुनले हस्ताक्षर गर्ने र माओवादी पक्षबाट समेत हस्ताक्षर गरी आजै दिउँसो ३ बजे पत्रकार सम्मेलन मार्फत त्यसलाई सार्वजनिक गर्ने कार्यक्रम छ ।

गत शुक्रबार अमेरिकी सरकारले माओवादीलाई आतङ्ककारीको सूचीमा राखेपछि नेपालका सबै कम्युनिस्ट पार्टीका नेता डराएका छन् ।

प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई हिजो बिहान ९ बजे भारतीय राजदूत श्यामशरणले भेट्नुभएको छ ।

राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयमा कार्यरत सहसचिव वामनप्रसाद न्यौपानेलाई एक मन्त्रीको मौखिक आदेशले अन्यत्र सरुवा गरियो । उक्त सरुवा नियमसङ्गत भएन भन्ने गुनासो आएको छ । यी विषय मैले सरकारमा जाहेर गरेँ ।

काम सकेर बेलुका घर फर्कंदा मेरो मस्तिष्कमा आज दिउँसोको घटना र सरकारको व्यवहार घुमिरहेको थियो । मलाई अवकाश दिने लगभग पक्कापक्की भएर पनि आज सरकारबाट, 'विवेक, मैले तिमीलाई रथीमा पदोन्नति गर्ने विचार गरेँ, तर प्रमुख सैनिक सचिव दिनेबारे पछि विचार गरौँला' भनी अकस्मात् हुकुम भएकोमा मलाई अचम्म लागिरहेको थियो । हो कि होइन जस्तो पनि भइरहेको थियो । जे भए पनि सरकारबाट मलाई भनिबक्सेपछि अर्को निर्णय हुन्न होला भन्ने विश्वास लिएको छु । तर बाहिर, विशेष गरेर शाही जङ्गी अड्डामा मेरो पदोन्नति नहुने र प्रमुख सैनिक सचिव भएर सेनाबाट रथी भिक्ट्रीशमशेर जबरा वा रथी सदीपबहादुर शाह आउने भन्ने व्यापक हल्ला छ ।

आफू सैनिक भएको हुनाले मेरा लागि रथी दर्जा नै काफी छ । तर एक खालका दरबारका सचिवलाई 'विवेकलाई बढी समय राख्नका लागि प्रमुख सैनिक सचिव नबक्सेको' जस्तो भान हुन गएछ । वास्तविकता के हो भने प्रमुख सैनिक सचिव हुन दरबारको नियम अनुसार सैनिक सचिवमा पाँच वर्ष काम गरिसकेको हुनुपर्छ । सैनिक सचिवमा मेरो अवधि त्यति पुगेकै थिएन ।

मेरो पदोन्नतिका बारेमा दरबारभित्र र बाहिर अनेक किसिमका चर्चा-परिचर्चा हुने गरेका थिए । आफ्नो पदावधि एक वर्ष बाँकी छँदै गत वर्ष सरकारलाई जाहेर गरेको प्रसङ्ग यसअघि नै मैले कोट्याइसकेको छु । त्यस बेला मैले भनेको थिएँ, 'सरकार,

सेवकको पदावधि एक वर्ष बाँकी छ । मलाई पदोन्नति बक्सने भए पनि रथी दर्जा रिक्त छ । त्यसमा कुनै समस्या छैन । यदि सरकारले सेवकको पदावधि सकिएपछि अन्य व्यक्तिलाई सैनिक सचिव नियुक्त गर्ने कुरा सोचिबक्सेको छ भने उक्त व्यक्तिलाई अहिलेदेखि नै सैनिक सचिवालयमा सरुवा गर्नुपर्छ । त्यसो भए मैले एक वर्षभित्रमा उसलाई सबै काम, कर्तव्य सिकाउन सक्छु र कामको स्वाभाविक हस्तान्तरण हुन जान्छ ।'

मेरा कुरा सुनेपछि सरकारबाट सामान्य हिसाबले 'एक वर्ष चाहिन्न, छ महिना भए पुग्छ, आई ह्याभ माई ओन पिपुल' भन्ने हुकुम भएको थियो । त्यस बेला मैले सरकारबाट त्यस्तो उत्तरको अपेक्षा गरेको थिइनँ । त्यसैले मलाई मनमा साह्रै नरमाइलो लागेको थियो । किनभने मैले मेरो जिम्मेवारी अत्यन्तै राम्रोसँग वहन गरेको छु, राजदरबार हत्याकाण्डपछि राजसंस्थालाई यो स्थितिसम्म पुऱ्याउन मेरो पनि महत्त्वपूर्ण भूमिका छ भन्ने मेरो भित्री मनमा थियो । मपछि प्रमुख सैनिक सचिव हुने व्यक्ति कस्तो र को होला भन्ने त सरकारलाई मात्र थाहा हुने कुरा थियो ।

स्मरणीय कुरा के छ भने उपरथीमा मेरो पदावधि पुगेपछि मलाई सरकारबाट अवकाश बक्सन्छ भन्ने आभास मैले एक वर्षअगाडि नै पाइसकेको थिएँ । मेरो बुबा स्वर्गे भएपछि म पशुपति, आर्यघाटमा किरिया गरेर बसेको बेला सरकारबाट कुनै पनि किसिमको चासो व्यक्त गरिबक्सेको थिएन । त्यसै ताका शरदचन्द्र शाहले सेनाका केही रथी र उपरथीलाई भेटेर प्रमुख सैनिक सचिव कसलाई बनाउन उपयुक्त होला भनेर छलफल समेत गर्नुभएको रहेछ । मलाई यो कुरा पछि धेरैले सुनाए । उपरथी बालानन्द शर्माले यसबारे निकै अचम्म मानेर मलाई भन्नुभएको थियो ।

आजको मितिसम्म आइपुग्दा मैले सरकार महाराजाधिराज घोषणा भएदेखि करिब २० महिना सैनिक सचिवको जिम्मेवारी सम्हालेको छु । यस चुनौतीपूर्ण अवधिमा मैले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक र विवेकपूर्ण ढङ्गबाट वहन गरेको जस्तो लाग्छ । विभिन्न समयमा जानकारी हुन आएका राम्रा–नराम्रा कुरा वस्तुपरक ढङ्गले जस्ताको तस्तै जाहेर गर्ने गरेको छु । यो नै मेरो कर्तव्य हो भन्ने ठान्दछु । राजालाई मन पर्ने कुरा मात्र गर्ने मेरो ड्युटी होइन भन्ने मान्दछु । सायद अप्रिय सत्य समेत बोल्न नहिचकिचाउने मेरो स्वभावले होला, मेरा बारे सरकारको बुझाइ, भनाइ र गराइमा एकरूपता देखिँदैन । आजै बिहान पनि सरकारबाट अकस्मात् मलाई बोलाएर आफूले प्रधान सेनापतिलाई भेट्न बोलाएको कारण अर्कै हो भन्ने हुकुम भयो । जबकि सरकारबाट दर्शनभेटमा प्रधान सेनापतिलाई पहिलो वाक्य नै 'म विवेकलाई सैनिक सचिवबाट अवकाश दिँदै छु, तिम्रो राय के छ, कसलाई सैनिक सचिव बनाउँदा उपयुक्त हुन्छ ?' भन्ने हुकुम भएको रहेछ । मलाई लाग्छ प्रधान सेनापतिलाई किन बोलाएको भन्नेबारे मलाई भ्रममा राख्न जरूरी थिएन । किनभने कसलाई कुन पद दिने वा नदिने भन्ने कुरा पूर्णतः मौसुफको स्वविवेकीय निर्णय थियो । जे होस्, अप्रत्याशित रूपमा सरकारको यस्तो कुरा सुनेर प्रधान सेनापतिले 'कसलाई सैनिक सचिव बनाउने भन्ने कुरा सरकारको स्वविवेकीय निर्णयको विषय हो, तर दरबारको नियम नबुझेको व्यक्तिलाई बाहिरबाट ल्याउँदा समस्या

पर्न सक्नेतर्फ पनि विचार हुन आवश्यक छ, किनभने मेरो जिजुबुबा रथी योगविक्रम राणा, जो पहिलो प्रमुख सैनिक सचिव हुनुहुन्थ्यो, उहाँले दरबारभित्र र बाहिरका सेनाको काम गर्ने तौरतरिका फरक हुने गरेको छ भन्नुहुन्थ्यो, त्यसैले यस्तो विषयमा गहन रूपमा विचार र विश्लेषण हुनु सान्दर्भिक होला' भनेर जाहेर गर्नुभएछ । उहाँका कुरा सुनेपछि सरकारबाट कुनै प्रतिक्रिया नदिई उहाँलाई बिदा गरिबक्सेछ ।

यी विभिन्न सन्दर्भलाई विश्लेषण गर्दा सरकार मलाई अवकाश दिने मनस्थितिमा पुगिसकेको छर्लङ्ग देखिन्छ । तर अकस्मात् केही सेकेन्डभित्रै सरकारको मनस्थिति किन परिवर्तन भयो ? कसरी परिवर्तन भयो ? यसबारे विचार गर्दा मलाई के लाग्छ भने 'विवेकलाई दरबारबाट हटाउनुपर्‍यो' भनेर सरकारलाई बाहिरी व्यक्तिहरूबाट दबाव रहेको हुनुपर्छ । मेरो कामका बारेमा कुनै पनि प्रश्न गर्ने अवस्था छैन, तर म त्यो पदमा रहँदा केहीलाई आफ्नो स्वार्थ परिपूर्ति गर्न समस्या परिरहेको हुन सक्छ । उनीहरूकै दबावका कारण सरकारलाई मेरा बारे अनिर्णयको बन्दीको अवस्थामा रहनुपरेको जस्तो मलाई लाग्छ । किनभने राजदरबार हत्याकाण्डपछि सबै कुरा सामान्य अवस्थामा आइसकेपछि पनि 'दरबार हत्याकाण्डका बेला सुरक्षा व्यवस्था ठीक नदेखिएको' भन्ने चर्चा बाहिर चल्न थालेपछि मैले सरकारलाई त्यति बेलै नैतिकताको आधारमा राजीनामा चढाउँछु भनेर जाहेर गरेको थिएँ, जसलाई मौसुफबाट अस्वीकार गरिबक्सेको थियो । त्यस समयमा मैले देखाएको नैतिकता र साहसको पछि सरकारबाट निकै सराहना भएको पनि मैले सुनेको थिएँ ।

## २०५९ चैत ३ गते सोमबार

राजदरबारमा कार्यरत सैनिकको पदोन्नति हुने सबैभन्दा उपल्लो दर्जा रथी नै हो । त्यही दर्जामा पदोन्नति हुने खुसीको खबर मनमा लिएर म आज पनि हिंडेरै कार्यालय गएँ । मेरो बढुवा हुन्छ कि हुँदैन भन्नेबारे दरबार र सुरक्षा निकायका वरिष्ठ अधिकृतलाई धेरै नै जिज्ञासा थियो । गत बिहीबार सरकारबाट मलाई आगामी वैशाख १ गतेदेखि लागू हुने गरी रथी दर्जा बक्सने हुकुम भएको छ । यसले गर्दा ममा रहेको द्विविधा हटेर गयो । यो कुरा मैले प्रधान सेनापति प्यारजङ्ग थापा लगायत अन्य सुरक्षा निकायका प्रमुखलाई पनि जानकारी दिएँ । प्रधान सेनापतिले आज मलाई नियमित भेटघाटका लागि जङ्गी अड्डास्थित उहाँको कार्यालयमा बोलाउनुभएको थियो । उहाँले मलाई अग्रिम बधाई समेत दिनुभयो । अस्तिको सरकारसँगको दर्शनभेटबारे पनि केही कुरा भयो ।

सेनाद्वारा माओवादीका विरूद्ध सैनिक कारबाही सफलतापूर्वक सम्पन्न भइरहेको प्रधान सेनापतिको भनाइ थियो । अझ सफलता पाउन थप लजिस्टिक्स आवश्यक पर्ने उहाँको विचार मैले सुनें । यो खासै नयाँ कुरा थिएन । यस्तै कुरा धेरै पहिलेदेखि नै सुन्दै आएको छु । थप लजिस्टिक्स कसरी ल्याउने र कहाँबाट ल्याउने भन्ने सम्बन्धमा पनि हामीबीच सामान्य छलफल भयो । यसबारे मैले सरकारमा पुनः जाहेर गर्नुपर्ने उहाँको भनाइ थियो । यसै क्रममा प्रधान सेनापतिले आफ्ना विरूद्ध लेखिएको एउटा

बेनामी पत्र देखाउनुभयो । हातले लेखिएको त्यो पत्रमा प्रधान सेनापतिलाई जथाभावी लाञ्छना लगाएर गाली गरिएको थियो । उहाँले त्यो पत्र एक जना मेजर जनरल (पीएसओज) ले लेखेको हुन सक्ने बताउनुभयो । त्यो मेजर जनरलका बारेमा पनि केही बेर कुरा भयो ।

आजै मैले मेरो कार्यालयमा सैनिक सचिवालयको नयाँ संरचना, आर्थिक योजना तथा सेनाबाट लिन सकिने सहयोग सम्बन्धमा स्टाफहरूसँग छलफल गरेँ । साथै शाही रक्षक सैनिक प्रहरीमा तत्कालै गर्नुपर्ने परिवर्तन र शाही एमटीमा पदोन्नति सम्बन्धमा भइरहेको कठिनाइका बारेमा समेत विचार-विमर्श गरेँ ।

एमाले राप्ती अञ्चलका एक जना नेता मलाई भेट्न हिजो मेरो घरमा आउनुभएको थियो । उहाँका अनुसार एमाले आफ्नो सिद्धान्तबाट विमुख भइरहेको छ । नेताहरू राष्ट्रिय स्वार्थलाई ध्यान नदिएर आफ्नै स्वार्थमा डुबेका छन् । त्यसले गर्दा उहाँ जस्ता कार्यकर्ता अन्योलमा परेका छन् । उहाँको भनाइ थियो, 'हाम्रो पार्टीका वरिष्ठ नेता राधाकृष्ण मैनालीसँग कहिलेकाहीँ छलफल हुन्छ । उहाँ राजाले मन्त्री बनाएका कमल चौलागाईं, देवीप्रसाद ओझाले राम्रो काम गर्न सकेनन्, किनभने उनीहरूमा अवसरवादी चरित्र छ भन्नुहुन्छ । एमाले र काङ्ग्रेस बाहेकको तेस्रो शक्ति आवश्यक छ भन्ने उहाँको विश्लेषण छ । उहाँका साथै अर्का नेता वामदेव गौतम राजसंस्थाको समर्थनमा काम गर्न एकदमै इच्छुक हुनुहुन्छ । उहाँलाई वर्तमान सरकारको समर्थन र तेस्रो शक्तिभित्र नल्याउने हो भने उहाँ माओवादीमा जाने सम्भावना छ । दरबारले यसतर्फ विचार पुऱ्याउनुपर्छ । यदि तेस्रो शक्ति निर्माण गर्ने हो भने त्यसमा राजदरबारको अप्रत्यक्ष आशीर्वाद रहनु नितान्त आवश्यक छ ।'

## २०५९ चैत ५ गते बुधबार

गत सोमबार प्रधान सेनापतिसँग भएको छलफल, सेनालाई आवश्यक लजिस्टिक्स सपोर्टको विषय र राप्ती अञ्चलका एमाले नेतासँग भएको विस्तृत कुराकानी समेतलाई आधार बनाएर म जाहेरीका लागि गएँ । 'तेस्रो शक्ति' को निर्माण र सशक्त सञ्चार माध्यमको स्थापना सम्बन्धमा पहिलेदेखि नै प्रसङ्ग उठ्ने गरेकै थिए । मैले पनि धेरै पहिलेदेखि दुवैको आवश्यकता महसुस गरेको थिएँ र बारम्बार सरकारमा जाहेर गरिरहेको थिएँ । आज पनि सर्वप्रथम यही विषयमा जाहेर गरेँ । अन्य राजनीतिक दलभित्रका केही राष्ट्रवादी नेतामा समेत 'तेस्रो शक्ति' को निर्माणका बारेमा सकारात्मक सोच रहेको उल्लेख गरेँ ।

जाहेरीकै क्रममा मैले भनेँ, 'निकट भविष्यमा सरकारबाट गरिबक्सने भारत भ्रमणको सिलसिलामा सेनालाई आवश्यक हातहतियार तथा लजिस्टिकका बारेमा भारतीय पक्षलाई अवगत गराउनुपर्ने हुन्छ । सेनाको गहन परीक्षणमा असफल भएको इन्सास राइफल भारतले बारम्बार भिडाउन प्रयास गरिरहेको छ । यस भ्रमणमा पनि उनीहरूले उक्त राइफल नेपाललाई अति नै कम मूल्यमा दिने कुरा उठाउन सक्छन् । यसप्रति पनि

सरकारको जवाफ के हुने भन्नेबारे तयारी गर्नुपर्नेछ । सरकारको भ्रमणको बेला सेनाका कार्यरथी भारतीय समकक्षीको निमन्त्रणामा नयाँ दिल्लीमा नै हुने हुँदा शाही नेपाली राजदूतावासले सरकारको सम्मानमा दिने स्वागत समारोहमा उहाँ पनि उपस्थित हुन सक्नुहुन्छ । त्यस अवसरमा उहाँले भारतीय सेनाका पदाधिकारीसँग भएका छलफलका बारेमा सरकारमा जाहेर गर्न सक्नुहुनेछ । त्यस्तै वाणिज्य तथा पारवहन सन्धिका बारेमा पनि कुरा उठ्न सक्छ । भारतले विगतमा पनि नेपालमा भारतका विरूद्ध पाकिस्तानी जासुसी सञ्जाल क्रियाशील रहेको कुरा उठाउने गरेको छ । यस पटक पनि यो विषयलाई उसले प्राथमिकताका साथ उठाउन सक्छ । त्यस बेला भारतबाट विस्तृत जासुसी रिपोर्ट (डिटेल इन्टेलिजेन्स रिपोर्ट) प्राप्त भए नेपाललाई कारबाही गर्न सजिलो हुन्छ भन्ने कुरा गरिबक्सँदा उपयुक्त हुन्छ । यस सम्बन्धमा तयारी गर्न आवश्यक छ ।'

अमेरिकाले आतङ्कवादका विरूद्ध अभियान अन्तर्गत इराकमा सैनिक आक्रमण गरी त्यहाँको सरकारलाई अपदस्थ गरेको छ । उक्त कारबाहीको नेपालमा के असर पर्न सक्छ भन्नेबारे पनि मैले केही कुरा सरकारमा जाहेर गरेँ । मेरो भनाइ थियो– इराकका विरूद्ध कारबाहीले माओवादी आतङ्कवादका विरूद्धको सैनिक कारबाहीमा सक्रिय श्री ५ को सरकारलाई फाइदा पुग्न सक्छ । तर त्यस कारबाहीको नकारात्मक पाटोका बारेमा पनि विचार गर्नुपर्ने हुन्छ । त्यो के भने दक्षिण एसियाको क्षेत्रीय महाशक्ति बन्न खोजेको भारतले आफ्नो सुरक्षाका लागि भन्दै वरिपरिका साना देशमाथि आक्रमण गऱ्यो भने नेपालको सार्वभौमिकता र स्वतन्त्रतामाथि गम्भीर धक्का लाग्न सक्छ ।

मेरो विश्लेषणपछि सरकारबाट 'सैन्य दृष्टिकोणबाट यस घटनाको नेपालमा के असर पर्न सक्छ, यसबारे एउटा विश्लेषणपत्र तयार पार्न लगाऊ, यस्तो विश्लेषणले श्री ५ को सरकारलाई आवश्यक सल्लाह र सुझाव दिन समेत सहयोग पुग्दछ' हुकुम भयो । त्यस अनुसार मैले प्रधान सेनापतिलाई विश्लेषणपत्र तयार पार्न भनेँ ।

केही समयअगाडि चिनियाँ राजदूत उ योङ कङको रसुवा, मुस्ताङ र मुक्तिनाथ क्षेत्रको भ्रमणको कार्यक्रम मिलाइएकोमा खराब मौसमका कारण मुक्तिनाथको यात्रा रद्द हुन पुगेको थियो । उहाँले पुनः मुक्तिनाथ र लुम्बिनीको भ्रमण गर्ने इच्छा राख्नुभएको छ । यस क्रममा उहाँलाई मुक्तिनाथ, लुम्बिनी र पोखरा भ्रमण गराई पोखरास्थित पश्चिम पृतना मुख्यालयमा सेनाले माओवादीका विरूद्ध जारी राखेको सैनिक कारबाहीका बारेमा अवगत गराउनु सान्दर्भिक हुन्छ । यस्तो भ्रमणपछि नेपाली सेनालाई आवश्यक लजिस्टिक्स सहयोग गर्न चिनियाँ राजदूतसँग अनुरोध गरे सकारात्मक परिणाम आउन सक्छ । मैले यस विषयमा जाहेर गर्दा सरकारबाट स्वीकृति बक्स्यो ।

जाजरकोट, रूकुम, रोल्पा, कालीकोट र दैलेख जिल्ला सदरमुकाममा आक्रमण गर्ने योजना अनुरूप माओवादीले हातहतियार र छापामार सदरमुकामवरिपरि जम्मा गर्न थालेको सूचना प्राप्त भएको छ ।

भारत भ्रमणअगाडि सरकारबाट प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द, मन्त्री नारायणसिंह पुन र सुरक्षा निकायका प्रमुखहरूसँग अनौपचारिक छलफलका लागि दरबारमा रात्रिभोज

आयोजना गर्नु सान्दर्भिक हुनेछ । यसबाट माओवादीसँगको वार्ताका बारेमा भारतमा उठ्न सक्ने जिज्ञासाहरूको निक्र्योल गर्न सघाउ पुग्ने देखिन्छ ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि राजदरबारको जनतासँग प्रत्यक्ष सम्बन्ध टुटेको जस्तो देखिएको छ । कुनै पनि कामका लागि सशक्त युवा खोज्दा एउटा पनि फेला पार्न नसकिने अवस्था छ । त्यसैले पहिलेको क्षेत्रीय भ्रमण जस्तै सरकारबाट पनि विभिन्न गाउँ-ठाउँको भ्रमण गरेर जनतासँग प्रत्यक्ष सम्बन्ध कायम गर्नुपर्ने देखिन्छ । साथै सशक्त युवा शक्ति निर्माणमा ध्यान दिन आवश्यक छ ।

प्रधानमन्त्री चन्दले हिजो दरबारका प्रमुख सचिव पशुपतिभक्त महर्जनसँग मन्त्री पुन, माओवादी वार्ताटोलीका सदस्य कृष्णबहादुर महरा र सम्भवतः पद्मरत्न तुलाधरलाई गोरखाको सैनिक ब्यारेकमा रहेका माओवादी नेताहरू कृष्णध्वज खड्का र रेखा शर्मासँग भेट्न सेनाको स्वीकृति लिइदिन अनुरोध गर्नुभएको रहेछ । उक्त कुरा जाहेर हुँदा सरकारबाट स्वीकृति बक्सेको छ ।

चिनियाँ राजदूतले हिजो प्रहरी महानिरीक्षक श्यामभक्त थापा र एक जना अतिरिक्त प्रहरी महानिरीक्षकलाई डिनरमा बोलाउनुभएको रहेछ । सो अवसरमा राजदूतले 'नेपाल प्रहरी, चिनियाँ प्रहरी र चिनियाँ राजदूतावासबीच मित्रता हुनुपर्छ, दुवै देशलाई आवश्यक पर्ने सूचनाको आदान-प्रदान गर्नुपर्छ' भन्नुभएको रहेछ । यो कुरा मलाई प्रहरी महानिरीक्षकले फोनमा जानकारी गराउनुभयो ।

बेलायतबाट सहयोगस्वरूप उपलब्ध गराइएको एमआई–१७ हेलिकप्टर ब्रिटिस राजदूतले भोलि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित ११ नम्बर वाहिनीमा प्रबन्ध रथी र ११ नम्बर वाहिनीपतिलाई हस्तान्तरण गर्ने कार्यक्रम छ ।

मन्त्रीद्वय देवीप्रसाद ओझा र कमलप्रसाद चौलागाईं राजनीतिक रूपले सक्रिय हुनुपर्नेमा निष्क्रिय जस्तै हुनुहुन्छ । उहाँहरूको भूमिका शङ्कास्पद छ भन्ने धेरैको गुनासो छ । यो कुरा मैले सरकारमा जाहेर गर्दा सरकारबाट 'प्रमुख सचिव पशुपतिलाई पनि जानकारी गराइदेऊ, साथै सचिव बैठकमा राखेर छलफल गर, त्यसबारे के गर्नुपर्ने हो निर्णय गर' हुकुम भयो ।

'एमाले नेता माधवकुमार नेपाल र राधाकृष्ण मैनालीले धेरै दिनदेखि सरकारको दर्शनभेट खोजिरहनुभएको छ, सरकारबाट समय मिलाएर भेट्न उपयुक्त देख्दछु' भनी मैले जाहेर गरें । सरकारबाट 'उनीहरूले किन भेट्न खोजेका रहेछन्, उनीहरूको के कुरा रहेछ, पहिले तिमी गएर भेट' हुकुम भयो ।

सरकारको भारत भ्रमणको कार्यक्रम पहिले नै तय भएको हो । सरकार शाही नेपाल वायुसेवा निगमको नियमित उडानबाट चैत ६ गते दिउँसो ३ बजे दिल्लीका लागि सवारी हुने कार्यक्रम छ । सरकारको सवारी फर्कने कार्यक्रम चैत १६ गते तय भएको छ । फिर्ती सवारीका लागि सेनाको ११ नम्बर वाहिनीको एभ्रो जहाज बेङलोर पठाउनुपर्नेछ । यो कुरा स्वीकृतका लागि सरकारमा जाहेर गरें । सरकारबाट हुकुम भयो, 'सेनाको जहाज मिल्छ कि मिल्दैन ? कस्तो हालतमा छ ? यदि मिल्छ भने कुरा गरेर मिलाउनू ।'

सेनाको एभ्रो जहाज उडानका लागि राम्रो हालतमा छ । तर पनि धेरै पुरानो भएको हुँदा एउटा नयाँ जहाज किन्नुपर्ने देखिन्छ । सेनाका लागि, अति विशिष्ट व्यक्ति र विदेशी पाहुनाका लागि पनि धेरै वर्षदेखि एउटा जहाज आवश्यक भइरहेको छ । तर किन्न सकिएको छैन ।

## २०५९ चैत १० गते सोमबार

मन्त्री नारायणसिंह पुनले आज फोन गरेर भन्नुभयो, 'माओवादीले राजनीतिक किसिमका र अनावश्यक माग गरिरहेका छन् । विभिन्न पार्टीसँगको सम्पर्कले गर्दा वार्तामा माओवादीले बढी नै अपेक्षा गरेको देखिन्छ । उनीहरूलाई राजनीतिक दलका नेता र नागरिक समाजका अगुवाले भड्काएको जस्तो लाग्छ । हामी यस सम्बन्धमा भोलि विचार-विमर्श गर्दै छौं ।'

सरकारबाट हुकुम बक्से अनुसार सेनाको छाउनीस्थित वीरेन्द्र सैनिक अस्पतालमा राजपरिवारका सदस्यहरू र शाही नातेदारका साथै राजदरबारका कर्मचारीको पनि बिनाशुल्क उपचार गरिदिने प्रचलन रहेको छ । यसले गर्दा सीमित स्रोत-साधनद्वारा सञ्चालित यस अस्पताललाई ठूलो व्ययभार परिरहेको छ । अस्पतालमा स्वर्गवासी राजा र रानीका नाममा अक्षय कोष स्थापना गर्न सके राजदरबारसँग सम्बन्धित व्यक्तिको उपचारका लागि सजिलो हुने थियो । सरकार भारतको राजकीय भ्रमणबाट फर्केपछि 'श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्य स्मृति कोष' स्थापना गर्न एक करोड रुपैयाँ बक्सन जाहेर गर्ने विचार गरेको छु ।

नेपाल मजदुर किसान पार्टीको कार्यालय, भक्तपुरमा हिजो चार पार्टीको बैठक बस्यो । यस्ता बैठकहरूको क्रम केही महिनादेखि निरन्तर चलिरहेको छ । बैठकमा नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छेले 'हामी नेताका कमीकमजोरी महसुस गरेर नै राजाले यो कदम चालेका हुन्' भन्नुभएछ । सो अवसरमा एमाले महासचिव माधवकुमार नेपालले 'जनता सडकमा आउन तयार छन्, सबै पार्टी मिलेर उनीहरूलाई सडकमा उतार्न सक्नुपर्छ, राजाको सरकार र माओवादीबीचको वार्ता शङ्कास्पद छ, यसबाट राजाले राजनीतिक पार्टीलाई कमजोर गर्न खोजेको पनि हुन सक्छ' भन्नुभएको छ । काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाको भनाइ रहेछ, 'राजाले सधैं धोका दिन्छन् । मैले चार पुस्ताका राजासँग काम गरेर उनीहरूको मानसिकता राम्ररी बुझेको छु । आजको अवस्थामा राजा जनभावना अनुसार नचले राजसंस्थाको औचित्यमाथि पनि प्रश्नचिह्न लाग्न सक्छ ।'

रत्नपार्कमा निस्केको करिब १५० जनाको जुलुसले इराकमा अमेरिकी आक्रमणका विरूद्ध नाराबाजी गर्‍यो । जुलुसमा धेरै जसो कम्युनिस्ट पार्टीका विद्यार्थी देखिन्थे । जुलुसका मुख्य आयोजक *मूल्याङ्कन* मासिकका सम्पादक श्याम श्रेष्ठ हुन् । जुलुसमा नेताहरू लीलामणि पोखरेल, शक्ति लम्सालका साथै माओवादी वार्ताटोलीका सदस्य कृष्णबहादुर महरा पनि देखा परेका थिए ।

## २०५९ चैत ११ गते मङ्गलबार

राष्ट्रिय प्रजातन्त्र पार्टीको अनौपचारिक बैठक आज पनि बसेको खबर आएको छ । उसले पनि अन्य संसदीय दलसँगै मिलेर प्रधानमन्त्रीको राजीनामा माग्ने निर्णय गरेछ । प्रधानमन्त्री चन्द सोही पार्टीका वरिष्ठ नेता हुनुहुन्छ ।

रक्षासचिव पदमकुमार आचार्यको चीन भ्रमण केही दिनलाई पछि सरेको थियो । अब उक्त भ्रमण चैत १९ गतेदेखि हुने भएको छ ।

## २०५९ चैत १२ गते बुधबार

मन्त्री नारायणसिंह पुनले फोन गरेर हिजो प्रधानमन्त्रीसँग डिनरमा भएको छलफलका बारेमा विस्तृत रूपमा जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, 'माओवादीसँग हुने वार्तामा श्री ५ को सरकारले अपनाउनुपर्ने रणनीतिका बारेमा विस्तारपूर्वक छलफल भयो । माओवादीसँग हालसम्म आदान-प्रदान भएका केही दस्तावेज पनि मैले प्रस्तुत गरें । जनताले शान्ति चाहेको तर राजनीतिक पार्टी र माओवादीले त्यसलाई बुझ्न पचाउने गरेको कुरा भयो । माओवादी वार्ताटोली सम्बन्धमा देशी तथा विदेशी सञ्चार माध्यममा व्यापक चर्चा भइरहेको छ । संवैधानिक हिसाबले यो सरकारको औचित्य र माओवादीसँग वार्ता गर्दा त्यसले वैधानिकता पाउने या नपाउने भन्ने प्रश्न उठ्ने सम्भावना पनि छ ।' उहाँले भारतबाट सरकार फिर्ती सवारी भएपछि आफूले दर्शनभेट पाउन जरूरी रहेको कुरा पनि राख्नुभयो ।

चिनियाँ राजदूत उ योङ कङले हिजो मलाई डिनरमा बोलाउनुभएको थियो । मेरो पदोन्नति हुने कुरा उहाँले थाहा पाउनुभएको रहेछ । अग्रिम बधाई दिनुभयो । माओवादीसँगको वार्ता प्रयासका बारेमा जिज्ञासा राख्नुभयो र देशको वर्तमान राजनीतिक परिस्थितिका बारेमा पनि कुरा गर्नुभयो । त्यसपछि राजदूतले भन्नुभयो, 'नेपालमा अमेरिकी गतिविधि बढिरहेको बारेमा हाम्रो उच्च चासो छ । यस सम्बन्धमा भारतीय राजदूत पनि बारम्बार मसँग चिन्ता व्यक्त गर्नुहुन्छ । र, अमेरिकी राजदूतसँग गुनासो गर्नुपर्‍यो भन्नुहुन्छ । यस बेला चीनमा नेतृत्व परिवर्तन हुँदै छ । नयाँ नेतृत्व निकै सक्षम छ । आफ्नो क्षेत्रमा विशेषज्ञता हासिल गरेका व्यक्तिहरू पनि नयाँ नेतृत्वमा आउन लागेका छन् । सत्ता हस्तान्तरण ज्यादै सहज र स्वाभाविक तरिकाले भइरहेको छ । प्रधानमन्त्री र नेसनल एसेम्बली चेयरम्यानले अवकाश पाउनुभएको छ । राष्ट्रपति जियाङ जेमिन सेन्ट्रल मिलिटरी कमिसनको अध्यक्ष पद आफैँसँग राखेर राष्ट्रपतिबाट हट्नुभएको छ ।'

एमाले महासचिव माधवकुमार नेपालले काभ्रेको धूलिखेलमा आज जिल्लास्तरीय कार्यकर्तासँग अन्तरक्रियाका लागि बन्द सत्रको कार्यक्रम राख्नुभएछ । त्यसमा एमालेसँग सम्बन्धित बुद्धिजीवी पनि सहभागी थिए । यो गोप्य बैठक भएको हुँदा केही माओवादी नेता समेत सहभागी भएको हुन सक्ने खबर आएको छ ।

नेपाल सद्भावना पार्टी विभाजन भएको छ । यसले उपप्रधानमन्त्री बद्रीप्रसाद मण्डललाई समस्या पर्न सक्ने देखिन्छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष पशुपतिशमशेर जबराले आफ्नै पार्टीका वरिष्ठ नेता प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको राजीनामा माग्ने गर्नुभएको छ । साथै अनेक किसिमका लाञ्छना लगाइरहनुभएको छ । यसले सर्वदलीय बैठक आयोजना गर्ने प्रधानमन्त्रीको प्रयासलाई असर पर्न सक्छ । प्रधानमन्त्रीमा आफूलाई निकै कमजोर ठानेर राजीनामा दिने सोच समेत आउन सक्छ ।

## २०५९ चैत १३ गते बिहीबार

माओवादी वार्ता कमिटीका सदस्य कृष्णबहादुर महरा र पद्मरत्न तुलाधर आज बुटवल जानुभएको छ । त्यहाँ माओवादी क्षेत्रीय ब्युरो सदस्यहरूको बैठक, त्यसपछि केन्द्रीय समितिको बैठक र पोलिटब्युरोको बैठक गरेर वार्ताका लागि तयारी गर्ने भन्ने कुरा आएको छ । भोलि बिहानै डा. बाबुराम भट्टराई सहित माओवादी वार्ताटोलीका सम्पूर्ण सदस्य काठमाडौं आउने कार्यक्रम रहेको बुझिएको छ । यी कुरा मलाई मन्त्री नारायणसिंह पुनले पनि टेलिफोनबाट जानकारी गराउनुभयो । सबै काम योजना अनुसार भइरहेको उहाँको भनाइ थियो । उहाँका अनुसार माओवादी वार्ताटोलीलाई काठमाडौं आएको भोलि पल्ट पत्रकार सम्मेलन गरेर सार्वजनिक गर्ने तयारी भइरहेको छ । सरकारको सवारी भारतबाट फिरेपछि चैत १८ गते पहिलो सद्भावना वार्ता गर्ने सहमति भएको पनि उहाँले बताउनुभयो ।

श्री ५ को सरकारको विस्तारित वार्ताटोली गठन सम्बन्धमा प्रधानमन्त्री र मन्त्री पुनबीच मतभेद हुन सक्ने खबर राष्ट्रिय अनुसन्धान विभागबाट आएको छ ।

नेता डा. डिल्लीराज खनालको बल्खुस्थित घरमा एमाले महासचिव माधवकुमार नेपालसँग आज मेरो भेट भयो । भेटघाटको संयोजन डा. दुमन थापाले गर्नुभएको थियो । छलफलमा महासचिव नेपालले देशको विद्यमान राजनीतिक परिस्थितिका बारेमा विस्तृत रूपमा आफ्नो विचार राख्नुभयो । साथै उहाँले भन्नुभयो, 'काङ्ग्रेस देश चलाउन पूरै असफल भए पनि वर्तमान सरकारलाई एमालेले कुनै पनि आधारमा समर्थन गर्न सक्ने अवस्था छैन । किनभने यो जनताको म्यान्डेटप्राप्त सरकार होइन । त्यसैले यसलाई जतिसक्दो चाँडो परिवर्तन गरी जनसमर्थनप्राप्त र सक्षम राजनीतिक व्यक्तिको नेतृत्वमा नयाँ सरकार बनाउनुपर्छ । त्यस्तो नेतृत्व हाम्रो पार्टीले मात्र दिन सक्दछ । हामी माओवादीसँग वार्ता सफल गरेर समस्या समाधान गर्न सक्छौं । तपाईंले यो कुरा सरकारमा जाहेर गरिदिनुपर्‍यो ।'

मैले पनि राजनीतिक परिस्थितिका बारेमा आफ्ना भनाइ राखें । साथै वार्ता सम्बन्धमा हालसम्म भइरहेको प्रयासका बारेमा बताएँ । मैले उहाँलाई भनें, 'म सरकारसँग दर्शनभेटका लागि समय मिलाउने प्रयास गर्छु । त्यस बेला तपाईं आफैंले आफ्ना कुरा सरकारमा राख्नुभए राम्रो हुन्छ ।' मेरा कुरा सुनेर उहाँले 'सरकारसँग पहिले तपाईं कुरा गर्नुहोस्, त्यसपछि के हुन्छ म खबर पाऊँ, अनि त्यसै अनुसार गरौंला' भन्नुभयो ।

## २०५९ चैत १४ गते शुक्रबार

नेपाल भ्रमणमा रहेको चिनियाँ व्यापारिक प्रतिनिधिमण्डलका नेता तथा साङ्घाईका लागि नेपालका अवैतनिक महावाणिज्यदूत डा. उ र प्रतिनिधिमण्डलका केही सदस्यलाई घरमा लन्चका लागि निम्ता गरेको थिएँ । उक्त अवसरमा डा. उले नेपालमा चिनियाँ लगानीको सम्भावनाका बारेमा कुरा गर्नुभयो । साथै शाही नेपाली सेनासँग मिलेर सेनाका लागि आवश्यक पर्ने लत्ताकपडा र जुत्ता नेपालमै उत्पादन गर्न सकिने सम्बन्धमा समेत छलफल गर्नुभयो ।

## २०५९ चैत १७ गते सोमबार

भारत भ्रमण पूरा गरेर सरकारको हिजो स्वदेश फिर्ती सवारी भयो । आज सरकार कार्यालय सवारी हुनासाथ मेरो जाहेरी थियो । यसबीच थाती रहेका धेरै विषय जाहेरीका लागि तयारी गरेको थिएँ । सोही अनुसार सरकारको भारत भ्रमणको समयमा देशको वस्तुस्थिति, राजनीतिक गतिविधि र शान्ति-सुरक्षाको अवस्थाका बारेमा विस्तृत रूपमा अवगत गराएँ । साथै माओवादीसँगको वार्ता सम्बन्धमा भइरहेका कार्यहरूका बारेमा विस्तारपूर्वक जाहेर गरेँ । त्यस्तै एमाले महासचिव माधवकुमार नेपाल र चिनियाँ राजदूत लगायतसँग भएका कुराकानी पनि सरकारमा जाहेर गरेँ ।

राजनीतिक नेताहरूले सरकारको भारत भ्रमणपछि वर्तमान मन्त्रिपरिषद् परिवर्तन हुन सक्ने अनुमान गरिरहेका छन् । धनगढीमा आयोजना हुने सरकारको नागरिक अभिनन्दनमा सरकारबाट सम्बोधन बक्सने क्रममा केही नयाँ कुरा आउन सक्ने अपेक्षा समेत उनीहरूको छ । राजनीतिक पार्टीसँग सम्बद्ध पत्रपत्रिकाहरूले सरकारको भारत भ्रमणका बारेमा विश्लेषण गर्दै 'राजाले चाहे जस्तो सफलता मिल्न नसकेको र त्यसै कारण राजाले राजनीतिक पार्टीलाई विश्वासमा लिनैपर्ने' जस्ता कुरा महत्त्वका साथ प्रकाशित गरेका छन् ।

माओवादी वार्ताटोलीसँग मन्त्री नारायणसिंह पुनको निरन्तर सम्पर्क भइरहेको छ । वार्ता प्रयास सकारात्मक दिशातिर उन्मुख छ । सरकारको भारत भ्रमणका बेला आफूले आयोजना गरेको डिनरमा प्रधानमन्त्रीले मन्त्री पुनलाई 'राप्रपा नेता कमल थापालाई कृष्णबहादुर महरासँग भेट गराइदिनुपर्‍यो' भन्नुभएछ । प्रत्युत्तरमा उहाँले 'म कोसिस गर्छु, सोधेर पछि खबर गर्छु' भन्नुभयो । मन्त्री पुनलाई प्रधानमन्त्रीको कुरा चित्त बुझेको छैन । उहाँ भेटाउने मुडमा हुनुहुन्न ।

मन्त्री पुनले मलाई भन्नुभयो, 'माओवादीको सम्पूर्ण वार्ताटोली सार्वजनिक भएपछि मैले गरेको वार्ता सम्बन्धी एकल प्रयासको म्यान्डेट पूरा भएको छ । वार्ताको वातावरण बनेको छ । अब श्री ५ को सरकारले नयाँ वार्ताटोली गठन गरेर शान्तिवार्तामा बस्नुपर्छ । यसका लागि वार्ताटोलीमा केही सदस्य थपेर मलाई जिम्मेवारी दिए पनि म काम गर्न सक्छु । अन्य व्यक्ति सम्मिलित वार्ताटोलीमा बसेर पनि काम गर्न तयार छु । के गर्नुपर्छ, त्यो त सरकारले नै विचार गर्ने कुरा हो । अहिले देशमा शान्ति छ । यो शान्ति स्थायी बनाउनुपर्‍यो भन्ने

जनताको माग छ । माओवादी वार्ताटोलीका संयोजक डा. बाबुराम भट्टराई काठमाडौं आएर वसुन्धरास्थित भूपू मेजर मानबहादुर शाहको घरमा बस्नुभएको छ । त्यहाँबाट राजनीतिक दलका नेतासँग सम्पर्क सुरु गर्नुभएको छ भन्ने कुरा बुझिएको छ ।' उहाँका यी कुरा सरकारमा जाहेर गरेँ । उहाँले दर्शनभेट खोज्नुभएको समेत जानकारी गराएँ ।

माओवादी वार्ताटोलीका सदस्य र अन्य राजनीतिक दलका नेताहरूबीच भएको गोप्य छलफलमा सबै मिलेर श्री ५ को सरकारका विरूद्ध जान सक्ने कुरा भएको सूचना प्राप्त भएको छ । वास्तवमा माओवादीको द्वैध चरित्र सुरुदेखि नै कायम छ । उनीहरू सबैलाई भ्रममा पार्न सफल पनि भएका छन् । श्री ५ को सरकार र राजदरबारले यस सम्बन्धमा उपयुक्त रणनीति बनाउन आवश्यक देखिन्छ ।

नेपाल सद्भावना पार्टी भर्खरै विभाजन भएको छ । श्री ५ को सरकारको नेतृत्वको सन्दर्भलाई लिएर राष्ट्रिय प्रजातन्त्र पार्टी समेत विभाजनको सङ्घारमा छ । राजनीतिक दललाई विश्वासमा लिएर काम गर्न नसकेको भन्दै प्रधानमन्त्री चन्दको राप्रपाभित्रैबाट तीव्र विरोध भइरहेको छ ।

काङ्ग्रेस प्रजातान्त्रिक का सभापति शेरबहादुर देउवा अमेरिका र बेलायत भ्रमणमा जानुभएको छ । उहाँको भ्रमण श्री ५ को सरकारको विरोधमा वातावरण तयार पार्ने उद्देश्यबाट हुन लागेको बुझिन्छ । उहाँले व्यक्तिगत भेटघाटमा सरकारको तीव्र विरोध गर्दै दरबारले श्री ५ को सरकारबाट अनावश्यक पैसा लिने काम गरिरहेको छ भन्नुभएको छ ।

मन्त्री देवीप्रसाद ओझाले सरकारका क्रियाकलाप र मन्त्रिपरिषद्का सबै निर्णयका बारेमा एमाले महासचिव माधवकुमार नेपाललाई जानकारी दिने गरेको स्पष्ट भएको छ । विभिन्न स्रोत र सुरक्षा निकायको रिपोर्टका आधारमा पनि यो कुरा प्रमाणित हुन पुगेको हो ।

सरकारको धनगढी सवारीको सम्पूर्ण तयारी पूरा भएको छ । चैत १९ गते सुरक्षा प्रमुख निरीक्षणका लागि त्यसतर्फ जाँदै हुनुहुन्छ । सवारीका अवसरमा नेपालगन्जस्थित सुदूरपश्चिम पृतना मुख्यालयमा प्रधान सेनापति प्यारजङ्ग थापाले सरकारमा विगत छ महिनाको शान्ति–सुरक्षाको अवस्था र माओवादीका विरूद्ध सैनिक कारबाही सम्बन्धमा जाहेर गर्नुहुने कार्यक्रम छ ।

सरकारको भारत भ्रमणको समयमा, अमेरिकाले इराकमा गरेको सैनिक आक्रमण र पेट्रोलियम पदार्थको मूल्यवृद्धिलाई लिएर काठमाडौँमा विरोध प्रदर्शन भएको थियो । विरोध प्रदर्शन अझै बढ्ने सम्भावना देखिन्छ ।

सरकारबाट मैले जाहेर गरेका यि सबै विषय सुनिबक्स्यो । त्यसपछि 'माओवादी र वार्ताटोलीका सदस्यको गतिविधि मनिटर गर्न लगाउनू' हुकुम भयो ।

## २०५९ चैत १८ गते मङ्गलबार

वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा रिपोर्टर्स क्लब, नेपालले आयोजना गरेको

कार्यक्रममा प्रमुख अतिथिका रूपमा प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई निम्ता गरिएको रहेछ । आयोजकले प्रधानमन्त्रीलाई जानकारी नदिई माओवादी नेता डा. बाबुराम भट्टराईलाई पनि त्यही कार्यक्रमको प्रमुख अतिथि बनाएछन् । यसरी प्रधानमन्त्री चन्द र माओवादी नेता डा. भट्टराई एउटै मञ्चमा बसेको प्रसङ्गलाई धेरैले पचाउन सकेनन् । सामान्य प्रोटोकलका दृष्टिले पनि यो मिल्दै नमिल्ने कुरा हो ।

*कान्तिपुर* दैनिकका समाचार संयोजक गुणराज लुइँटेल र रिपोर्टर्स क्लबका अध्यक्ष ऋषि धमलाले कालिकास्थानस्थित सिन्धुनाथ प्याकुरेलको घर गएर डा. बाबुराम भट्टराईसँग कुरा गरेको भन्ने खबर आएको छ । के कुरा भयो भन्नेबारे केही थाहा हुन सकेको छैन । भोलि खुलामञ्चमा माओवादीको विद्यार्थी सङ्गठन अनेरास्ववियु (क्रान्तिकारी) ले माओवादी वार्ताटोलीका सदस्यलाई स्वागत तथा अभिवादन गर्ने कार्यक्रम राखेको छ । गृहमन्त्री अध्यक्ष रहेको केन्द्रीय सुरक्षा समितिले सुरक्षाको कारण दर्साई उक्त कार्यक्रम सञ्चालन गर्न उपयुक्त नहुने भनी सरकारलाई अनुरोध गर्ने निर्णय गरेको छ । तर पनि सरकारले कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिने बुझिएको छ ।

भारतीय स्थलसेनाध्यक्ष महारथी निर्मल चन्दर भीज वैशाख ९ देखि १२ गतेसम्म नेपालको भ्रमणमा आउनुहुने भएको छ । उहाँलाई वैशाख १० गते बुधबार सरकारबाट शाही नेपाली सेनाको मानको खातिर महारथी दर्जा बक्सने कार्यक्रम मिलाइदिन प्रधान सेनापति प्यारजङ्ग थापाको अनुरोध आएको छ ।

यी विषयमा मैले जाहेर गरेपछि सरकारबाट हुकुम भयो, 'वार्ता सम्बन्धी आचारसंहिता कडाइका साथ लागू हुनुपर्छ र अनुगमन समेत हुनुपर्छ । माओवादी वार्ताटोलीका सदस्य शान्तिवार्तामा आएका हुन् भने उनीहरूले अनेक किसिमका कार्यक्रममा सहभागी हुन पाउने कि नपाउने, विचार हुनुपर्छ । माओवादी नेताले आफ्नै सुरक्षाका लागि पनि सार्वजनिक गतिविधिमा कमै सहभागी भए राम्रो हुन्छ भनेर प्रधानमन्त्री र सम्बन्धित पक्षलाई भनिदिनू ।' साथै सरकारबाट 'श्री ५ को सरकारका मन्त्रीले राजनीतिक क्रियाकलापमा कडा भएर उत्रनुपर्ने' निर्देशन बक्सँदै विभिन्न राजनीतिक पार्टीभित्र घुसपैठ गरी पार्टीहरूलाई कमजोर पार्ने कोसिस गर्न (स्टार्ट ब्रेकिङ दी पार्टिज) समेत हुकुम भयो । त्यस्तै मौसुफबाट 'आगामी मेमा हुने चीनको बोआओ समिटमा सहभागी हुन निमन्त्रणा आएको छ, त्यसमा भाग लिन जाने विचार गरेको छु, त्यसका लागि तयारी गर' हुकुम भयो ।

## २०५९ चैत २० गते बिहीबार

सेनाको एमआई–१७ हेलिकप्टर दुर्घटनामा परेको छ । काठमाडौँबाट हेटौँडा जाने क्रममा प्राविधिक गडबडीका कारण मकवानपुर जिल्लाको उत्तर–पूर्वी डाँडामा आपत्कालीन अवतरण गर्न खोज्दा दुर्घटना हुन पुगेको बुझिएको छ । चालक दलका सदस्यलाई सामान्य चोटपटक लागेको भन्ने प्रारम्भिक खबर आएको छ । थप अनुसन्धान भइरहेको छ ।

## २०५९ चैत २४ गते सोमबार

माओवादी वार्तांटोलीका सदस्यहरूले हिजो राप्रपा अध्यक्ष पशुपतिशमशेर जबरालाई हिजो भेटे । त्यसपछि काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला उहाँलाई भेट्न गएको खबर छ । कोइरालाले राणालाई 'तपाईं प्रधानमन्त्रीका लागि अगाडि बढ्नुहास्, काङ्ग्रेसको समर्थन रहनेछ' भन्नुभएछ ।

सङ्खुवासभाको तुम्लिङटारनजिकै आज बिहान सशस्त्र र नेपाल प्रहरीको टोली अरुण नदी तर्न लाग्दा डुङ्गाबाट पल्टेर चार जना प्रहरी हराइरहेको र आठ नाल राइफल पनि डुबेको खबर आएको छ । सेनाको उद्धार समूहले एउटा राइफल मात्र फेला पार्न सकेको छ ।

सेनामा मुस्लिम समुदायका तर्फबाट पहिलो सैनिक अधिकृत (चिकित्सा सेवा) मा उपसेनानी डा. उसव मोहसिन (राष्ट्रिय सभाका अध्यक्ष डा. मोहम्मद मोहसिनकी छोरी) लाई भर्ना गरिएको छ । सैनिक नियम अनुसार सेनाको हनुमानढोका परिसरस्थित मूल कोतको जङ्गी निसान महिला र गैरहिन्दू व्यक्तिलाई छुन दिइँदैन । तर सैनिक अधिकृतलाई त्यही निसान छोएर शपथ ग्रहण गराउने परम्परा रहेकाले असजिलो भएको भन्ने खबर आएको छ । यसमा बीचको बाटो अपनाउनुपर्छ । कोतबाहिर कुनै पल्टनको झन्डा छुवाएर शपथ ग्रहण गराउनु उपयुक्त हुने देखिन्छ । यस्तो समस्या यसअघि कहिल्यै परेको थिएन ।

सहायक मन्त्री रविभक्त श्रेष्ठले आफ्नो निवासमा हिजो रात्रिभोजको आयोजना गर्नुभएको थियो । रात्रिभोजमा भारत, अमेरिका, जापान र इजरायलका राजदूत, सार्कका महासचिव, डीएफआईडीका नेपाल प्रमुख लगायत अन्य केही विदेशी सहभागी हुनुहुन्थ्यो । त्यस्तै सूचना तथा सञ्चारमन्त्री रमेशनाथ पाण्डे, अर्थमन्त्री डा. बद्रीप्रसाद श्रेष्ठ, निर्माण तथा भौतिक योजनामन्त्री नारायणसिंह पुन लगायत प्रधान सेनापति, प्रभाकरशमशेर जबरा, प्रभुशमशेर जबरा, उद्योगपति वसन्त चौधरी, पत्रकार कनकमणि दीक्षित, राजदरबारका प्रमुख सचिव पशुपतिभक्त महर्जन, निजी सचिव सागरप्रसाद तिमिल्सिना, शाही पार्श्ववर्ती सहायक रथी टीका धमला र म उक्त पार्टीमा सहभागी थियौं ।

सो अवसरमा माओवादी वार्तांटोलीका सदस्यले विभिन्न देशका राजदूतसँग भेटघाट गर्ने कार्यक्रम राखेको बारे चर्चा चल्यो । अमेरिकी राजदूत माइकल ई. मालिनोस्कीले भन्नुभयो, 'माओवादीसँग भेट गर्ने कि नगर्ने भन्ने विषयमा बेलायत र भारतका राजदूतसँग हाम्रो छलफल भइरहेको छ । भेट गरे केके विषयमा कुरा गर्ने भनेर समेत हामी छलफल गरिरहेका छौं । माओवादी नेताहरूले अमेरिकी राजदूतावासमा सम्पर्क गरे भने ढोकामा पूरै शारीरिक सुरक्षा जाँच गरेर द्वितीय सचिव स्तरको मान्छेले मात्र भेट्ने हाम्रो नीति छ । माओवादीसँगको भेटलाई कुनै पनि हालतमा महत्त्व नदिने र र यो सन्देश उनीहरूलाई स्पष्ट रूपमा जाओस् भन्ने समेत हाम्रो चाहना छ ।'

जापानी राजदूतले स्पष्ट शब्दमा 'हामीले यो सरकारलाई पूरा समर्थन गरेको हुँदा माओवादीसँग भेटघाट गर्ने प्रश्नै उठ्दैन, उनीहरूसँग हाम्रो औपचारिक या अनौपचारिक कुनै सम्बन्ध छैन' भन्नुभयो ।

## २०५९ चैत २५ गते मङ्गलबार

मन्त्री नारायणसिंह पुनले आज फोन गरेर उहाँ र माओवादी वार्तोटोलीबीच भइरहेको अनौपचारिक कुराकानीका बारेमा मलाई जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, 'वार्ता केही दिनपछि मात्र सुरु गर्नु उपयुक्त हुन्छ । डा. बाबुराम भट्टराईका बारेमा मानिसले जस्तो सोचेका थिए, मान्छेहरू जे भन्दथे, त्यो अनुसारको व्यक्तित्व मैले उहाँमा पाइनँ । उहाँ अलिक रूखो स्वभावको लाग्यो ।' मन्त्री पुनले सरकारको सुदूर पश्चिमको भ्रमणपछि मौसुफबाट आश्वासन बक्सेका कामको फलोअपमा आफैँ जाने र त्यहाँ विकासका केके कार्यक्रम गर्न सकिन्छ भनी अध्ययन गर्ने समेत बताउनुभयो ।

## २०५९ चैत २६ गते बुधबार

आज मेरो जाहेरीको दिन । जाहेरी गर्नुपर्ने विषय धेरै थिए । थुप्रै विषयमा सरकारसँग छलफल भयो ।

सरकार सैनिक ब्यारेकमा सवारी होइबक्सेका बेला त्यहाँका सबै सैनिक अधिकृत तथा जवानलाई खसी बक्सने प्रचलन छ । पश्चिम नेपालको आगामी भ्रमणको सन्दर्भमा सरकार पश्चिमी पृतना, नेपालगन्जमा राज होइबक्सनेछ । त्यस समय त्यहाँ हाजिर रहेका सैनिक अधिकृत तथा जवानलाई मासु खुवाउन पाँच वटा खसीका लागि ३२ हजार रुपैयाँ निकासा हुनुपर्ने देखिन्छ । मैले यस विषयमा जाहेर गर्दा सरकारबाट स्वीकृति बक्स्यो ।

त्यसपछि मैले शाही पार्श्ववर्ती सहायक रथी टीका धमलाको बढुवाका बारेमा जाहेर गरेँ । उहाँको सहायक रथीबाट उपरथीमा बढुवा गर्नुपर्ने बेला आउन लागेको छ । त्यसका लागि उहाँलाई नेसनल डिफेन्स कलेज (एनडीसी) स्तरको कोर्स गर्न पठाउनुपर्छ । सरकारबाट बढुवा बक्सने हो भने उहाँलाई बेलायत, अमेरिका वा भारतमध्ये कुनै देशबाट सेनालाई प्राप्त हुने गरेको सिटमा थप सिट माग्नुपर्ने हुन्छ । यस विषयमा के गरौँ भनेर जाहेर गर्दासरकारबाट कुनै प्रतिक्रिया बक्सेन ।

*(नोट : यसअघि र यसपछि पनि मैले यही विषयमा जाहेर गरेको थिएँ । सरकारबाट कहिल्यै कुनै प्रतिक्रिया दिइबक्सेन । निकै पछि मात्र मौसुफबाट सिट झिकाउनका लागि स्वीकृति बक्सेको थियो । मलाई लाग्छ, कतै टीका जर्साबलाई पनि बढुवा नगर्ने सरकारको मनसाय थियो कि ?)*

आज बिहान फोन गरी काङ्ग्रेस प्रजातान्त्रिकका नेता विजयकुमार गच्छदार र एमाले नेता राधाकृष्ण मैनालीले मलाई भेट्न खोजेको बताउनुभएको छ । समय मिलाएर भेट्दा उपयुक्त हुने देखिन्छ ।

सरकारबाट राजदरबारमा कार्यरत सहसचिव र त्यसभन्दा माथिका पदाधिकारीलाई सामूहिक दर्शनभेट बक्सेर मुलुकको वर्तमान परिस्थिति र त्यसमा दरबारबाट अपनाइएका तथा अपनाउनुपर्ने रणनीतिक कार्यशैलीका बारेमा ब्रिफिङ हुनु उपयुक्त हुने देखिन्छ । यस्तो कार्यक्रम धेरै पहिले भएको थियो, अब पुनः गर्न आवश्यक छ भनी जाहेर गर्दा सरकारबाट 'यो विषय सचिव बैठकमा राखेर छलफल गर' हुकुम भयो ।

श्री ५ अधिराजकुमारी प्रेरणाको मोटरले आज बिहान कालीमाटीमा एउटा ट्याक्सीलाई ठक्कर दिएको छ । ट्याक्सीका ड्राइभरलाई उचित क्षतिपूर्ति दिनु राम्रो हुन्छ ।

श्री ५ को सरकारले हालै गरेको पेट्रोलियम पदार्थको मूल्यवृद्धि लिएर राजधानी लगायत देशका विभिन्न स्थानमा विद्यार्थीले विरोध प्रदर्शन गरिरहेका छन् । यसै क्रममा बुटवल क्याम्पसअगाडि भएको प्रदर्शनमा प्रहरी हस्तक्षेप हुँदा एक विद्यार्थीको मृत्यु भएको छ । यस घटनापछि बुटवलको स्थिति अत्यन्तै तनावपूर्ण बन्न पुगेको छ । प्रशासनले कर्फ्यु लगाएको छ । कर्फ्युको समयमा विद्यार्थी क्याम्पसभित्रै रहन पुगे । त्यस बेला उनीहरूले क्याम्पस परिसरबाटै राष्ट्रिय अनुसन्धान विभागका एक कर्मचारीलाई समातेर कब्जामा राखे । प्रहरीले राति नै अपरेसन गरेर ती कर्मचारीलाई कब्जामुक्त गरी काठमाडौं ल्याएको छ ।

बुटवलको घटनालाई लिएर काठमाडौंको सरस्वती क्याम्पसअगाडि विद्यार्थीहरूले चक्काजाम गर्नुका साथै सरकारका विरूद्ध चर्को नारा लगाउँदै सहर परिक्रमा गरेका छन् । विरोध प्रदर्शनमा माओवादी समर्थक विद्यार्थीले राजसंस्थाका विरूद्ध चर्को नारा लगाएका थिए । यसबारे मन्त्री नारायणसिंह पुनले माओवादी वार्तटोलीका सदस्यसँग तत्काल कुरा गर्न जरूरी देखिएको छ ।

आउँदो वर्षको सुरूमा सरकारबाट नेपाल प्रहरी प्रधान कार्यालय, सशस्त्र प्रहरी बल प्रधान कार्यालय र राष्ट्रिय अनुसन्धान विभागको मुख्यालयको भ्रमण गरी विभिन्न विषयमा जानकारी हासिल गरिबक्से राम्रो हुने देखिन्छ ।

मैले यी विषयमा जाहेर गरेपछि सरकारबाट हुकुम भयो, 'सुरक्षाको विषयमा श्री ५ को सरकार कमजोर देखिएको छ । यस सम्बन्धमा प्रधानमन्त्रीका साथै सुरक्षा निकायका प्रमुखहरूलाई पनि जानकारी गराउन उपयुक्त हुन्छ । भारतबाट आएको इन्सास राइफल ग्यारिजन गणलाई दिएकोमा भारतीय पक्ष असन्तुष्ट देखिएकाले अबदेखि उक्त गणलाई नदिनू । गैंडा तथा अन्य वन्यजन्तुको चोरी सिकार नियन्त्रण गर्न जरूरी छ । यसका लागि आवश्यक परे भैरवनाथ गणका घ र ङ गुल्मका साथै थप सैनिक बल समेत परिचालन गर्ने व्यवस्था मिलाऊ र हालै प्राप्त चितुवाको छाला सम्बन्धमा आवश्यक अनुसन्धान गरेर तथ्य पत्ता लगाउन निर्देशन देऊ । कृष्णमोहन श्रेष्ठको हत्या सम्बन्धी छानबिन र त्यसबारेको कानुनी कारबाही अघि बढाउन निर्देशन गर । माओवादी वार्ताटोलीले स्वतन्त्रतापूर्वक आफ्नो गतिविधि गर्न पाउने दायरा कति हो ? शान्तिवार्ताको पहल भइरहेको अवस्थामा माओवादी भ्रातृ सङ्गठनले राजसंस्थाका विरूद्ध गरेका अराजक क्रियाकलाप स्वीकार्य हुँदैन । यो कुरा सम्बन्धित पक्षले बुझ्न आवश्यक छ ।'

आजै साँझ सशस्त्र प्रहरी बलका नवनियुक्त सशस्त्र प्रहरी महानिरीक्षक सहवीर थापाको पनि जाहेरी थियो । उहाँ निर्धारित समयभन्दा केही अघि नै आउनुभयो । सरकारमा दाम राख्नुभयो । सरकारबाट बधाई बक्स्यो र एकदमै असहज एवं कठिन परिस्थितिमा प्रमुख भएकाले सबैसँग समन्वय गरेर प्रभावकारी काम गर्न सल्लाह बक्स्यो ।

त्यसपछि उहाँको जाहेरी भयो । म पनि सँगै बसेको थिएँ । सुरक्षा निकायका प्रमुखहरूको जाहेरीका बेला अक्सर सँगै बस्ने गरेको छु । थापाले सशस्त्रद्वारा भइरहेका

कामकारबाहीका बारेमा विस्तारपूर्वक सरकारमा जाहेर गर्नुभयो । सशस्त्रले तयार पारेको भावी रणनीति पनि प्रस्तुत गर्नुभयो । भारतले हतियार र अन्य लजिस्टिक दिइरहेकोमा त्यसलाई व्यवस्थित र पारदर्शी बनाउन के गर्न सकिन्छ भनेर उहाँले सरकारको सुझाव माग्नुभयो । सशस्त्रलाई गृह मन्त्रालयको मातहतमा राख्दा नेपाल प्रहरी जस्तै राजनीतीकरण हुने खतरा रहेकाले राष्ट्रिय सुरक्षा परिषद्को मातहतमा राख्न उपयुक्त हुन्छ कि भनेर समेत उहाँले प्रस्ताव गर्नुभयो ।

जाहेरीमा उहाँले भन्नुभयो, 'सेना र नेपाल प्रहरीको आफ्नो छुट्टै अस्पताल रहेको छ । अब सशस्त्र प्रहरीलाई पनि आफ्नो अस्पतालको आवश्यकता महसुस भइरहेको छ । आफ्नो अस्पताल नभएकाले कारबाहीका क्रममा घाइते भएका सशस्त्र प्रहरीको उपचारका लागि एकदमै अप्ठ्यारो परिरहेको छ । यसका लागि जापानको अन्तर्राष्ट्रिय सहयोगी संस्था जाइकासँग कुरा गर्ने सोचेको छु ।' उहाँले उक्त अस्पतालको नाम 'श्री ५ ज्ञानेन्द्र सशस्त्र प्रहरी अस्पताल' राख्न प्रस्ताव गर्नुभयो । साथै सशस्त्रले पनि सेना र प्रहरीको जस्तै आफ्नो सङ्गठनको छुट्टै विद्यालय स्थापना गर्न चाहेको भन्दै उहाँले उक्त स्कुलको नाम 'श्री ५ कोमल सशस्त्र प्रहरी विद्यालय' राख्न चाहेको प्रस्ताव गर्नुभयो ।

सशस्त्रका संस्थापक प्रहरी महानिरीक्षक कृष्णमोहन श्रेष्ठको माओवादीले हत्या गरेपछि सहवीर थापा सो पदमा नियुक्त हुनुभएको हो । आज उहाँको पहिलो जाहेरी थियो । सायद त्यसै करिब एक घण्टाको जाहेरीमा उहाँ एकदमै नर्भस देखिनुहुन्थ्यो ।

उहाँको जाहेरीमा सरकारबाट कुनै पनि विषयमा केही प्रतिक्रिया व्यक्त भएन । 'राम्रो गर' मात्र हुकुम भयो ।

## २०५९ चैत २७ गते बिहीबार

प्रधान सेनापति प्यारजङ्ग थापाले आज आफ्नो निवास शशिभवनमा डिनरको आयोजना गर्नुभएको थियो । उक्त अवसरमा नेपालस्थित केही राजदूतलाई बोलाउनुभएको रहेछ । डिनरमा आएका पाकिस्तानी राजदूतले पाकिस्तानमा सैनिक शासन आएपछि देशले ठूलो उपलब्धि हासिल गरेको बताउनुभएछ । उहाँले भन्नुभएछ, 'देशको आर्थिक अवस्था एकदमै सुध्रेको छ । मुलुकका मुख्यमुख्य ठाउँमा नेसनल एकाउन्टेबल ब्युरो स्थापना भएको छ । पाकिस्तानमा विदेशी मुद्राको सञ्चिति विगतमा तीन बिलियन डलर रहेकोमा विगत तीन वर्षभित्र १० बिलियन डलर पुग्न गएको छ । यसले देशमा आर्थिक सुधार भइरहेको सङ्केत गर्दछ । त्यस्तै अवसर अहिले नेपालले पाएको छ । यसको सदुपयोग हुन्छ भन्ने मलाई आशा छ ।' उहाँले भनेका कुरा प्रधान सेनापतिले मलाई टेलिफोनबाट जानकारी गराउनुभयो । मैले यी कुरा सरकारमा जाहेर गरेँ ।

चैते दसैँ परेको हुनाले आज राजदरबारमा बिदा छ । जनआन्दोलन दिवस पारेर विद्यार्थी सङ्गठनहरूले ठूलो जुलुस निकाल्न खोजेका छन् । जुलुसको अगुवाइ काङ्ग्रेस प्रजातान्त्रिकका विद्यार्थी नेता किशोरसिंह राठौरले गरेका छन् । अन्य राजनीतिक पार्टीका विद्यार्थी नेता पनि जुलुसमा आएका छन् । जुलुसका लागि खुमबहादुर खड्का

र गोविन्दराज जोशीले आर्थिक सहायता प्रदान गरेको सूचना आएको छ ।

पुराना गणतन्त्रवादी नेता रामराजाप्रसाद सिंह चैत २१ गते काठमाडौं आउनुभएको छ । यसैबीच उहाँले राजनीतिक दलका नेताहरूसँग भेट्नुभएको छ । आज नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेसँग उहाँको भेट भयो । राजनीतिक विषयमा कुरा भएको बुझिन्छ । आजै माओवादी वार्ताटोलीका सदस्य मातृका यादवसँग पनि उहाँले भेट्नुभयो । भेटमा संविधानसभा, गणतन्त्र स्थापना र सङ्घीय शासन प्रणालीमा एकमत हुनुपर्छ र यही विचारलाई केन्द्रविन्दु बनाएर सबै राजनीतिक दलसँग कुरा गर्नुपर्छ भनेर छलफल भएको खबर छ । माओवादीसँगको वार्ता प्रक्रिया अघि बढेका बेला उहाँ एकाएक नेपाल आउनुभएको छ । नेपालको वर्तमान शान्ति प्रक्रियाका बारेमा भारत सकारात्मक छैन । निकै लामो समयदेखि भारतमा बसोबास गर्दै आएका व्यक्ति एक्कासि यही बेला नेपाल आउनु पक्कै पनि अर्थपूर्ण छ । सिंह भारतको कुनै गोप्य सन्देश लिएर राजनीतिक दलका नेतालाई भेट्नो तथा विभिन्न माग र विषयमा छलफल उठाएर वार्तालाई अप्ठ्यारो पार्ने नियतले नेपाल आएको देखिन्छ भन्ने राष्ट्रिय अनुसन्धान विभागको रिपोर्ट आएको छ । मैले यो कुरा सरकारमा जाहेर गरैं ।

## २०५९ चैत २८ गते शुक्रबार

पेट्रोलियम पदार्थको मूल्यवृद्धिको विरोधमा राजनीतिक पार्टीका भ्रातृ सङ्गठनहरूले चर्काएको आन्दोलनले देशका विभिन्न स्थानमा तनावको स्थिति सिर्जना भएको छ । आज बिहान म अफिस पुगेको मात्र के थिएँ, सरकारको फोन आयो । सरकार आफैंले सीधै फोन गरिबक्सेको थियो । 'यो तनावको अवस्थालाई कम गर्न के गर्न सकिन्छ ?' भन्दै सरकारबाट 'विवेक, गृह, शिक्षा र आपूर्ति मन्त्रीलाई राजीनामा गर्न लगाउँदा अहिलेको तनाव कम हुन्छ ?' भन्ने जिज्ञासा राखिबक्स्यो । अनायासै मन्त्रीहरूको राजीनामाको कुरा सुनेर म झस्किएँ । मैले बिन्ती चढाएँ, 'सरकार, हामी सचिवहरूले छलफल गरेर जाहेर गर्छौं ।' सरकारबाट फेरि हुकुम भयो, 'यही विषयमा सुरक्षा प्रमुखहरूसँग पनि कुरा गर ।'

साथै प्रधान सेनापति प्यारजङ्ग थापा र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्मासँग यसबारे टेलिफोनमा छलफल गरैं । उहाँहरू दुवैले अहिलेको असहज परिस्थितिलाई नियन्त्रणमा लिन केही न केही कदम चाल्न आवश्यक छ भन्नुभयो ।

मैले तत्कालै बोलाएको सचिव बैठकमा प्रमुख सचिव पशुपति, निजी सचिव सुदन, संवाद सचिव मोहन र सचिव सागर सहभागी हुनुभयो । बैठकले अहिलेको अवस्थामा तीन जना मन्त्रीको राजीनामा गराउँदा तनाव घट्न सक्ने निष्कर्ष निकाल्यो । त्यसै अनुसार हामीले सरकारमा सामूहिक रूपमा जाहेर गर्‍यौं । सरकारले मन्त्रीहरूको राजीनामा माग्ने सोच पहिले नै बनाइबक्सेको रहेछ । हाम्रो सल्लाहले मौसुफलाई झनै सजिलो भयो र बल मिल्यो । यसबारे प्रमुख सचिवले प्रधानमन्त्रीलाई खबर गर्नुभयो । यसरी शिक्षामन्त्री देवीप्रसाद ओझा, गृहमन्त्री धर्मबहादुर थापा र आपूर्तिमन्त्री महेशलाल प्रधानको राजीनामा आयो । राति साढे ८ बजे राजीनामा स्वीकृत गरी सार्वजनिक गरियो ।

मन्त्रिपरिषद्को आकस्मिक बैठक बसेर माओवादी नेता कृष्णध्वज खड्का र रेखा शर्मालाई जेलमुक्त गर्ने निर्णय भएको छ । माओवादीले वार्ताका लागि जेलमा बन्दी जीवन बिताइरहेका आफ्ना कार्यकर्ताको रिहाइ हुनुपर्ने माग गर्दै आइरहेका थिए ।

मन्त्री नारायणसिंह पुनले फोन गरेर मन्त्रिपरिषद्को कार्यशैली र मन्त्रीहरूबीच समन्वयको अभावका कारण कुनै पनि काम प्रभावकारी ढङ्गले हुन नसकेकोमा मसँग गुनासो गर्नुभयो । राजनीतिक जटिलता बढिरहेका बेला इन्धनको मूल्यवृद्धि गरिएकोमा उहाँको तीव्र असन्तुष्टि थियो । साथै उहाँले 'आज माओवादी वार्ताटोलीलाई घरमा खाना खान बोलाएको छु, त्यस बेला उनीहरूका हालका अराजक क्रियाकलापप्रति आपत्ति जनाउनेछु' भन्ने जानकारी दिँदै 'यसमा तपाईंको के सुझाव छ ?' भनी मसँग सल्लाह माग्नुभयो । मैले भनें, 'केही दिनयता माओवादीका तर्फबाट राजसंस्थाका विरूद्ध आपत्तिजनक अभिव्यक्ति आइरहेका छन् । त्यस विषयमा कुरा गरे हुन्छ । सरकारबाट समेत यही हुकुम भएको छ ।' 'म उनीहरूसँग यसबारे कडा शब्दमा आपत्ति जनाउँछु,' उहाँले भन्नुभयो, 'साथै माओवादीको विद्यार्थी सङ्गठन अखिल (क्रान्तिकारी) ले अहिले अन्य विद्यार्थी सङ्गठनले गरेको आन्दोलनलाई सघाउनु भएन समेत भन्छु ।'

## २०५९ चैत २९ गते शनिबार

माओवादी नेता कृष्णध्वज खड्काका बुबाको प्युठानमा निधन भएछ । त्यसले गर्दा बुबाको काजक्रियाका लागि मानवीय हिसाबले पनि उहाँलाई आजै छाड्नुपर्ने मन्त्री पुनको आग्रह आयो । मैले तत्कालै यो कुरा सरकारमा जाहेर गरें । सरकारबाट 'प्रधानमन्त्रीसँग कुरा गरेर छाडे हुन्छ' हुकुम भयो । मैले प्रधानमन्त्रीसँग कुरा गर्दा वार्ताका लागि राम्रो वातावरण बन्ने भएकाले खड्कालाई छाड्ने निधो भयो । त्यसै अनुसार प्रधानमन्त्रीले छाड्न आदेश दिनुभयो । हिजोको मन्त्रिपरिषद्ले उहाँलाई रिहाइ गर्ने निर्णय गरिसकेकै थियो, कागजपत्र मिलाउन मात्र बाँकी थियो । मन्त्री पुनले सरकारी वार्ताटोलीको सदस्यका हिसाबले कृष्णध्वजलाई प्युठानसम्म पुऱ्याइदिने व्यवस्था मिलाइदिनुभयो ।

मन्त्री पुनसँग मेरो आज पनि टेलिफोनमा कुरा भयो । उहाँले हिजो डिनरमा माओवादी वार्ताटोलीसँग भएको कुरा सुनाउँदै भन्नुभयो, 'मैले उनीहरूलाई कृष्णध्वज खड्का र रेखा शर्मालाई छाड्ने निर्णय भएको जानकारी दिएँ । साथै माओवादी पक्षबाट पनि सद्भाव देखाउन क्रान्तिकारी विद्यार्थी सङ्गठनलाई हाल भइरहेको विद्यार्थी आन्दोलनबाट बाहिर निकाल्नुपऱ्यो र राजसंस्थाका विरूद्ध लागेका नारा बन्द गराउनुपऱ्यो भनें । साथै माओवादी वार्ताटोलीका सदस्यले विभिन्न मन्त्रीलाई भेट्ने गरेका रहेछन् । त्यसै क्रममा एक जना मन्त्रीले मेरा विरूद्ध कुरा गर्नुभएछ । उहाँले मन्त्री पुन विदेशीको दलाल हो, त्यसबाट वार्ता पार लाग्दैन भनेर कुरा उठाउन माओवादी वार्ताटोलीका सदस्यलाई अनुरोध गर्नुभएको रहेछ ।'

'म यो कुरा सरकारमा जाहेर गरूँला,' मैले भनें ।

❖❖❖

# २०६० साल

माओवादीसँग दोस्रो शान्तिवार्ता भइरहेकै अवस्थामा प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले मुख्य राजनीतिक दलहरूले सहयोग नगरेको कारण देखाई राजीनामा गर्नुभयो । त्यसपछि राप्रपा नेता सूर्यबहादुर थापा प्रधानमन्त्रीमा नियुक्त हुनुभयो । उहाँ नेपाली काङ्ग्रेस, नेकपा एमालेमध्ये एउटा दललाई समेट्ने लक्ष्यसहित प्रधानमन्त्री हुनुभएको थियो । दुवै पार्टीलाई सरकारमा सहभागी गराउन उहाँले ठूलै प्रयास पनि गर्नुभयो । तर सफल हुनुभएन । उहाँको छ सदस्यीय मन्त्रिमण्डलले झन्डै एक वर्ष सरकार चलायो । त्यही अवधिमा अघिल्लो सरकारले सुरु गरेको शान्तिवार्ता समेत भङ्ग हुन गई पुनः युद्ध सुरु भयो । यही साल साउनमा भारतमा तालिम लिन गएको सशस्त्र प्रहरी बलको टोलीमा रहेका एक अधिकृतले उत्तराञ्चल प्रदेशमा पर्ने देहरादूननजिकैको चक्राता तालिम केन्द्रमा भारतले माओवादीलाई पनि तालिम दिएकोबारे मलाई जानकारी गराए । यसबारे गोप्य रूपमा बुझ्ने क्रम सुरु गराएपछि मैले राजीनामा गर्नुपर्‍यो ।

## २०६० वैशाख १ गते सोमबार

नयाँ वर्ष २०६० को पूर्वसन्ध्यामा मैले आफ्नो घरमा पारिवारिक आफन्त र मेरा निकटका साथीहरूलाई बोलाएर रात्रिभोजको आयोजना गरेँ । मेरो पदोन्नति नववर्षको पहिलो दिनबाट लागू हुने पत्र पहिले नै प्राप्त भइसकेको छ । त्यस अनुसार घरमा हिजो राति १२ बजेपछि, नववर्ष सुरु भएको शुभसमयमा मैले रथी दर्जाको फुली लगाएँ । रथी दर्जाको दर्ज्यानी चिह्न मैले आफ्नी श्रीमती गीता र सैनिक सचिवालयमा कार्यरत सहायक रथी गजेन्द्रबहादुर लिम्बूबाट ग्रहण गरेँ । दरबारमा कार्यरत शाही पार्श्ववर्ती र सैनिक सचिवालयका सैनिक अधिकृतलाई पदोन्नतिको दर्ज्यानी चिह्न शाही जङ्गी अड्डामा लगाइदिने चलन छैन । त्यसैले उक्त दर्ज्यानी चिह्न आफ्नै तरिकाले लगाउने गरिन्छ । आफू सैनिक सचिव भएपछि मैले पदोन्नति हुने शाही पार्श्ववर्ती र शाही रक्षक सैनिक प्रहरीका अधिकृतलाई सैनिक सचिवालयमा दर्ज्यानी चिह्न लगाइदिने परम्पराको थालनी गरेँ । यसअघि महासेनानीदेखि उपरथी हुँदासम्म मलाई शाही पार्श्ववर्ती विभागमा युवराजाधिराज दीपेन्द्रबाट दर्ज्यानी चिह्न लगाइदिइबक्सेको थियो । यो कार्य दीपेन्द्र सरकारको नितान्त व्यक्तिगत चाहनाबाट हुने गरेको थियो । त्यो पनि राति १२ बजे । कुनै नियम थिएन ।

साठी सालको आज पहिलो दिन । शाही नेपाली सेनाको मुख्यालयस्थित त्रिभुवन आर्मी अफिसर्स क्लबमा नववर्षको उपलक्ष्यमा हरेक वर्षझैँ रात्रिभोज तथा सांस्कृतिक

कार्यक्रमको आयोजना भएको थियो । रथीका रूपमा आजै पहिलो पटक म उक्त कार्यक्रममा सहभागी भएकोमा त्यहाँ उपस्थित व्यक्तिहरूले मलाई बधाई तथा शुभकामना दिए । यस्ता रात्रिभोजमा सेनाले सधैं नै सरकारहरूको सवारीलाई विशेष महत्त्व दिने गर्दछ । आजको कार्यक्रममा पनि मौसुफहरूको समुपस्थिति थियो । असोज १८ को सरकारको कदमपछि राजदरबार बढी प्रभावशाली भएको विश्लेषण छ । त्यसैले कार्यक्रममा उपस्थित विभिन्न पेसा र क्षेत्रका व्यक्तिहरू सरकारको दर्शन गर्न विशेष लालायित भएको देखिन्थ्यो । राप्रपाका केही नेता बाहेक अन्य ठूला र प्रभावशाली दलका कुनै पनि नेता आजको रात्रिभोजमा आएनन् । यसको अर्थ महत्त्वपूर्ण हुन्छ भन्ने मलाई लाग्छ ।

## २०६० वैशाख ३ गते बुधबार

म रथी दर्जामा पदोन्नति भएपछि आज सरकारमा मेरो पहिलो जाहेरी भयो । सर्वप्रथम मलाई पदोन्नति बक्सेकोमा सरकारमा आभार व्यक्त गरें । त्यसपछि जाहेरीको क्रम अघि बढाएँ :

हिजो प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दसँगको भेटमा नेपाली काङ्ग्रेस प्रजातान्त्रिकका नेता खुमबहादुर खड्काले राजनीतिक विषयमा कुनै पनि कुरा गर्नुभएनछ । 'सरकारलाई आवश्यक पऱ्यो भने म सहयोग गर्न तयार छु, तर मलाई प्रतिशोधको भावनाले अख्तियारमा लगाइएको मुद्दामाथि विचार हुनुपर्छ' मात्र भन्नुभएछ ।

केही दिनअघि गृहसचिव टीकादत्त निरौलाले दलाई लामाका प्रतिनिधिलाई भेटेको खबर छ । 'स्वतन्त्र तिब्बत' आन्दोलनको गतिविधिसँग उहाँको सम्बन्ध भएको जस्तो देखिन्छ । यसबाट प्रधानमन्त्री निकै रिसाउनुभएको छ । प्रधानमन्त्रीले अर्को पटकको सचिवको सरुवामा उहाँलाई सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा पठाउने विचार गर्नुभएको छ । त्यस्तै पूर्वगृहमन्त्री खुमबहादुर खड्काले पनि गृहमन्त्री छँदै दलाई लामाका प्रतिनिधिलाई भेट्ने गरेको खबर आएको छ ।

धनगढीबाट स्थानीय व्यापारी गोपी हमालले फोन गरेर भन्नुभयो, 'सरकारको धनगढी सवारी र सम्बोधन ज्यादै राम्रो भएको भनेर अहिलेसम्म चर्चा भइरहेको छ । जनता सरकारको साथमा छन् । तर केही मन्त्रीले यसबाट राजनीतिक फाइदा उठाउन प्रयास गरेको देखिन्छ ।'

देशमा आर्थिक विकास गरी जनताको जीवन स्तरमा सुधार ल्याउन सकेमा राजनीति पछाडि पर्छ भन्ने उदाहरण चीनले देखाएको छ । त्यस्तै अहिले पाकिस्तानमा भइरहेको छ । नेपालमा पनि यस्तै मोडलमा अगाडि बढ्नुपर्छ कि भन्ने केही बुद्धिजीवीको सुझाव छ ।

गणतन्त्रवादी नेता रामराजाप्रसाद सिंहले हिजो नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालालाई भेटेको खबर छ । भेटमा के कुरा भयो, थाहा हुन सकेन ।

सरकारी वार्ताटोलीको गठन भएपछि मन्त्री नारायणसिंह पुनले दर्शनभेट

खोज्नुभएको छ । नेपाल समता पार्टीले आगामी २० गते खुलामञ्चमा आमसभाको आयोजना गरेकाले त्यसमा सम्बोधनका लागि सरकारबाट केही निर्देशन बक्सन्छ कि भन्ने उहाँको अपेक्षा छ ।

देशमा काङ्ग्रेस र एमाले बाहेकको तेस्रो शक्ति निर्माण गर्नेबारे धेरै पहिलेदेखि कुरा भइरहेको छ । पञ्चायतकालीन नेताबाट यो शक्ति निर्माण गर्न कठिन छ । वामदेव गौतम, राधाकृष्ण मैनाली, विजयकुमार गच्छदार, शैलजा आचार्य लगायत जनाधार भएका र राष्ट्रवादी चिन्तन भएका व्यक्तिहरूलाई एक ठाउँमा ल्याउन सके प्रभावशाली तेस्रो शक्ति निर्माण हुन सक्ने देखिन्छ । यसका लागि उहाँहरू समेत तयार रहेको बुझिएको छ ।

धेरै समय सत्ताबाहिर रहेकाले र कार्यकर्ताबाट उठ्ने लेबी कम हुँदै गएकाले एमाले आर्थिक सङ्कटमा परेको जस्तो बुझिन्छ । पार्टी कमजोर भएपछि नेताहरू पनि स्वतः कमजोर हुने नै भए । त्यसैले राम्रो प्रयास भएमा एमालेका केही नेता यही सरकारमा सम्मिलित हुन पनि सक्छन् । यसबारे पहल हुन आवश्यक छ ।

सेनाका लागि आवश्यक सामग्रीको खरिद प्रक्रियामा ज्यादै अनियमितता भएको जनगुनासो आएको छ । यसलाई कुनै न कुनै रूपबाट सुधार्न आवश्यक छ ।

मेरो जाहेरीपछि सरकारबाट 'सेनाका लागि आवश्यक सामान खरिद प्रक्रियामा कसरी सुधार गर्न सकिन्छ, विचार गर्नू' हुकुम भयो । त्यस्तै सरकारबाट 'हाल भइरहेको विद्यार्थी प्रदर्शनका क्रममा विभिन्न पार्टीसँग आबद्ध विद्यार्थी सङ्गठन र तिनका नेताको क्रियाकलाप विद्यार्थीको हितमा नभएर पार्टीको स्वार्थसँग मात्र जोडिएकाले त्यसको भन्डाफोर गर्नू' हुकुम भयो ।

राजनीतिक नेताहरूका विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा रहेका भ्रष्टाचार सम्बन्धी मुद्दा तत्काल अघि बढाई त्यस्ता नेतालाई सार्वजनिक गर्न पनि सरकारबाट हुकुम भयो । साथै सरकारबाट 'एमाले महासचिव माधवकुमार नेपालले भेट्न खोजेमा तिमीले भेटे हुन्छ, उहाँसँग नियमित सम्पर्कमा बस्नू' भनी निर्देशन बक्स्यो । मलाई नेपालले केही पहिलेदेखि नै भेट्न खोजिरहनुभएको छ ।

## २०६० वैशाख ४ गते बिहीबार

विभिन्न देशका लागि राजदूत नियुक्ति गर्दा ठकुरी र राणा मात्र परे भनेर सर्वसाधारणमा व्यापक असन्तुष्टि बढिरहेको खबर छ । यसैबीच, पूर्व मुख्य सचिव तीर्थमान शाक्यलाई जापानको राजदूत बनाए उपयुक्त हुने देखिन्छ भन्ने सुझाव पनि आएको छ ।

सरकारबाट निर्देशन बक्से बमोजिम आज फेरि बल्खुस्थित डा. डिल्लीराज खनालको घरमा एमाले महासचिव माधवकुमार नेपालसँग मैले भेट गरेँ । त्यस क्रममा समसामयिक राजनीतिक परिस्थितिका बारेमा छलफल भयो । महासचिव नेपालले सरकारको दर्शनभेट गरेर समसामयिक राजनीतिक विषयमा कुरा राख्न चाहेकाले समय मिलाइदिन आग्रह

गर्नुभयो । उहाँसँगको भेटबाट मैले के निष्कर्ष निकालेँ भने उहाँ जसरी पनि सरकारमा जान चाहनुहुन्छ । यो कुरा मैले सरकारमा जाहेर गरेँ ।

वर्तमान शान्ति प्रक्रियामा सहजकर्ताको भूमिका दधिराम (डीआर) लामिछानेले निर्वाह गरिरहनुभएको छ । सेनाका डीएमआई दिलीप रायमाझीसँग उहाँको सम्पर्क छ । लामिछानेका अनुसार 'माओवादी नेता प्रचण्ड वा मोहन वैद्य वा रामबहादुर थापा वा कृष्णबहादुर महरालाई महाराजाधिराजबाट दर्शनभेट बक्से माओवादीले चाँडो हतियार बिसाउने सम्भावना छ ।' उहाँले डा. बाबुराम भट्टराई र मातृका यादवलाई विश्वास गर्न नसकिने भनेर सतर्क समेत गराउनुभएको छ । त्यस्तै, लामिछानेका अनुसार 'माओवादी विद्यार्थी सङ्गठनले आफ्नो सङ्गठनका बेपत्ता पारिएको भनिएका चार जनाको स्थिति सार्वजनिक गरे सबै विरोधका कार्यक्रमबाट आफूलाई अलग्याउने बताएको छ । नेपाल विद्यार्थी सङ्घले समेत आमचुनाव नहोस् भन्ने चाहेको अवस्थामा माओवादी विद्यार्थी सङ्गठनलाई हात लिन सक्नुपर्छ । त्यसले राजनीतिक फाइदा हुन्छ ।' साथै माओवादीले प्रधान सेनापति प्यारजङ्ग थापा र सैनिक सचिव विवेक शाह (म) सँग समेत भेट्न खोजेको उहाँले बताउनुभएको छ । यसै गरी लामिछानेले 'राजनीतिक सहमति भए हतियार बुझाउने, संविधानसभाको माग त्याग्ने, राष्ट्रवादी फोर्सका रूपमा काम गर्ने, राजतन्त्रलाई अभिभावकको भूमिकामा राख्ने' माओवादीको प्रस्ताव पनि ल्याउनुभएको छ ।

अहिले राजनीतिक पार्टीहरूसँग जनाधार कम हुँदै गएको छ । दलहरूले नेता तथा कार्यकर्तालाई पलायन हुनबाट बचाउन मात्र आन्दोलन जारी राखी राजालाई दबाव दिन खोजेका छन् । एमाले र काङ्ग्रेसका नेताहरूलाई आर्थिक सङ्कट परेकाले उनीहरू ज्यादै हताश मनस्थितिमा छन् । शान्तिवार्ता सही ढङ्गले सकारात्मक दिशामा अघि बढेमा पार्टीहरू स्वतः कमजोर स्थितिमा पुग्ने देखिन्छ भन्ने विश्लेषण सबै स्रोतबाट आएको छ ।

आज मन्त्री नारायणसिंह पुनले फोन गरेर भन्नुभयो, 'धेरै पक्षबाट वार्तटोलीका बारेमा सकारात्मक धारणा आएको छैन । वार्तटोलीका केही सदस्य र मबीच काम गर्न समस्या उत्पन्न हुन सक्छ, सायद म वार्तटोलीमा बस्दिनँ भन्ने चर्चा भइरहेको छ । मसँग सम्पर्क गर्ने स्वदेशी तथा विदेशी मित्रलाई मैले वार्तटोली राम्रो छ, यसमा सरिक हुन पाएकोमा म आफैँलाई गौरवान्वित ठान्दछु, वार्तटोलीमा को पऱ्यो को परेन भन्ने विषय ठूलो होइन, महत्त्वपूर्ण विषय त वार्ता सफल भएर देशमा शान्ति छाओस भन्ने हो भन्ने गरेको छु । मेरो जवाफ सुनेर धेरैजसोले प्रशंसा गर्छन् । आजसम्म शान्ति प्रक्रियाका लागि मैले जेजति प्रयास गरेँ, सरकारको निर्देशन र इच्छा अनुसार नै गरेको छु । म वार्तटोलीलाई पूरा समर्थन र सहयोग गर्दछु । यो कुरा सरकारमा जाहेर होस् ।' मन्त्री पुनले भनेका कुरा मैले जस्ताको तस्तै सरकारमा जाहेर गरेँ । सरकारबाट 'मन्त्री पुनले आजसम्म सकारात्मक भूमिका निर्वाह गरेकाले वार्तटोलीमा बसेर अझ राम्रो काम गर्न भन्दिनू' हुकुम भयो ।

एमालेमा विभिन्न गुट र उपगुट साथै नेताहरूको महत्त्वाकाङ्क्षाले गर्दा असहज

परिस्थिति बढ्दै गएको छ भन्ने विभिन्न स्रोत र निकायबाट खबर आएको छ । एमाले नेता वामदेव गौतम र राधाकृष्ण मैनाली पार्टीको रबैयाबाट दिक्क भएर पार्टी त्याग्न सक्ने अवस्थातिर उन्मुख हुनुहुन्छ । साथै गौतमलाई निकै आर्थिक सङ्कट परेको छ । उहाँलाई आर्थिक सहयोग गर्नु उचित हुन्छ भन्ने प्रस्ताव आएको छ । एमालेका अर्का नेता केपी शर्मा ओलीले पार्टीमै रहेर अर्को पक्षलाई कमजोर पार्ने काम गरिरहनुभएको छ । श्री ५ को सरकारको नेतृत्व एमाले महासचिव माधवकुमार नेपाललाई दिए पनि माओवादी उहाँलाई स्वीकार गर्न तयार देखिँदैनन् । नेपालले आफ्ना निकटका व्यक्तिलाई 'सरकारबाट म भारत भ्रमण सकेर फर्केपछि भेट्छु भन्ने खबर पठाइबक्सेको थियो, तर हालसम्म दर्शनभेट पाएको छैन' भन्ने गुनासो गर्नुभएको बुझिएको छ ।

काङ्ग्रेसका नेता शरतसिंह भण्डारी मलाई भेट्न आउनुभएको थियो । अहिलेको राजनीतिक परिस्थितिका बारेमा उहाँको विश्लेषण थियो, 'जारी विद्यार्थी आन्दोलनमा माधवकुमार नेपालको भित्री रूपमा सक्रिय संलग्नता छ । अहिलेको आन्दोलन विद्यार्थी स्तरमा मात्र सीमित छ, जनतालाई उक्साउन सक्ने स्थिति देखिँदैन । सरकारले आन्दोलनमा गोली चलाओस्, मानिसलाई घाइते बनाओस् र आन्दोलन चर्काउन पाइयोस् भन्ने उनीहरूको सोचाइ रहेको छ ।'

डेनमार्ककी महारानीको शुभजन्मोत्सवका अवसरमा आयोजित स्वागत समारोहमा अमेरिकी राजदूत माइकल ई. मालिनोस्कीले काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालालाई भन्नुभएछ, 'तपाईं शान्ति प्रयासलाई किन सहयोग गरिरहनुभएको छैन ? अहिले देश र तपाईंको पार्टीको प्राथमिकता के हो, बुझ्नुपर्‍यो । मेरो विचारमा स्थायी शान्ति नै अहिलेको प्रमुख प्राथमिकता हो । तर तपाईं शान्तिको नाममा पनि राजनीति गरिरहनुभएको छ । घरमा आगो लागेको छ, तपाईं बाल्टी किन्न हिंडिरहनुभएको छ ।' उहाँको कुरामा गिरिजाबाबुले कुनै पनि प्रतिक्रिया दिन सक्नुभएन र फर्केर हिंड्नुभयो भन्ने कुरा उक्त समारोहमा सहभागी एक व्यक्तिले मलाई सुनाए ।

हिजो राति युवराजाधिराज सरकार राजधानीका केही नाइट क्लब सवारी होइबक्सेछ । त्यहाँ सरकारबाट आफ्नो मर्यादा अनुकूल नहुने व्यवहार प्रदर्शन गरिबक्स्यो । त्यसबारे नकारात्मक समाचार आएको छ । त्यस्ता क्रियाकलापले अहिलेको परिस्थितिमा राजसंस्थाप्रति जनतामा सकारात्मक भावना जगाउँदैन । बरु ज्यादै नै नकारात्मक प्रभाव पार्छ । यसमा गम्भीर हुनुपर्दछ । स्मरणीय कुरा के छ भने, यही कुरा मैले सरकारमा राज्यारोहण गरिबक्सेको तीन दिनपछि वीरेन्द्र सैनिक अस्पताल, छाउनीमा जाहेर गरेको थिएँ । सरकारबाट यस्ता कुरालाई सकारात्मक रूपमा लिए पनि आफ्ना छोरा युवराजाधिराज पारसलाई केही भन्न र गर्न सकिबक्सेको देखिँदैन ।

भोलि गृहमन्त्री र प्रहरी महानिरीक्षक श्यामभक्त थापा बुटवलमा प्रहरीको कारबाहीमा मारिएका विद्यार्थीका आमाबावुलाई समवेदना दिन स्याङ्जा जाने र उनीहरूलाई सरकारी सहयोग उपलब्ध गराउने कार्यक्रम छ । उहाँहरू दुवैलाई विद्यार्थीको मृत्यु भएपछि बढेको असन्तुष्टि क्याम्पस स्तरमै सीमित राख्न र आन्दोलन रोक्न निर्देशन दिइएको छ ।

काभ्रेको धूलिखेलमा आयोजित सेमिनारमा भाग लिन आएका बेला बेलायतको लिड्स विश्वविद्यालयका प्राध्यापक डा. सूर्यप्रसाद सुवेदीले *कान्तिपुर* दैनिकमा नेपालको राजनीतिक परिस्थितिको विश्लेषण गर्दै अन्तर्वार्ता दिनुभएको छ । उहाँले व्यक्त गरेका विषयवस्तु राजसंस्थाप्रति धेरै सकारात्मक छन् । मैले उहाँका अभिव्यक्ति जाहेर गर्दै सरकारबाट उहाँलाई नेपाल आएका बेला दर्शनभेट बक्सँदा राम्रो हुने भनेर बिन्ती गरेँ ।

मेरो जाहेरीपछि आज सरकारबाट केही निर्देशन प्राप्त भयो । मौसुफबाट हुकुम भयो, 'जारी शान्तिवार्ता तार्किक निष्कर्षमा पुगे राम्रो हुन्छ । शान्तिवार्तालाई विरोध र असहयोग गर्ने राजनीतिक दलका नेतालाई नङ्ग्याउनु देशका लागि नै फाइदा हुन्छ । यसका लागि सञ्चार माध्यमहरूलाई प्रयोग गर्न सकिन्छ कि ? जनयुद्धबाट सत्ता कब्जा गर्ने भन्ने माओवादीका नेताको सोचाइ दिवास्वप्न मात्र हो । माओवादी नेताहरूले अन्य पार्टीका भ्रष्ट नेतासँग साँठगाँठ गर्नु कुनै पनि हालतमा उपयुक्त हुँदैन । नेपाली राजनीतिक पार्टीमा विदेशी चलखेल कति मान्य हुने ? न्यायाधीश लम्साल आयोगको रिपोर्ट सार्वजनिक गर्ने व्यवस्था मिलाउनुपर्छ । हालको मन्त्रिपरिषद्मा जनाधार भएका अन्य राजनीतिक दलका नेतालाई समावेश गर्न प्रयास गर्नुपर्छ । पुनःस्थापना र पुनर्निर्माणको कार्यालय पाँच विकास क्षेत्रमा स्थापना गर्न पहल सुरु गर्नुपर्छ ।' सरकारबाट हुकुम बक्से बमोजिम मैले विभिन्न निकायसँग समन्वय गरिरहेको छु ।

## २०६० वैशाख ६ गते शनिबार

आज सरकारबाट मेरो मोबाइलमा फोन गरिबक्सी केही निर्देशन बक्सेको छ । हाल जारी विद्यार्थी आन्दोलनबाट सरकार अत्यन्तै चिन्तित होइबक्सन्छ । यस परिप्रेक्ष्यमा आवश्यक परे क्याम्पस र विद्यार्थीका होस्टल समेत बन्द गर्ने, त्रिभुवन विश्वविद्यालयका केन्द्रीय र अन्य क्याम्पसमा विद्यार्थी बाहेक अरू व्यक्ति फेला परे पक्राउ गरी कानुनी कारबाही गर्ने सरकारको सुझाव थियो । मौसुफबाट 'आउँदो २१ गतेको विद्यार्थीको कार्यक्रमलाई नियन्त्रण गर्न अहिलेदेखि नै सञ्चार माध्यमको प्रयोग गर्नेबारे सोचविचार गर्नू' भनी हुकुम भयो । साथै सरकारबाट मसाल जुलुस प्रदर्शन गर्न नदिन समेत निर्देशन बक्स्यो । यी कुराहरू त्रिभुवन विश्वविद्यालयका उपकुलपति, रजिस्ट्रार र शिक्षाध्यक्षलाई प्रस्ट हुनुपर्ने भन्ने समेत सरकारको निर्देशन थियो ।

## २०६० वैशाख ७ गते आइतबार

आज बसेको सेल कमिटीको बैठकमा निम्न विषयमा छलफल भयो :

गृहमन्त्रीले गृह प्रशासनमा रहेका पूर्वमन्त्रीहरू खुमबहादुर खड्का, देवेन्द्रराज कँडेल र गृहसचिवले आपसी मिलेमतोमा नेपालमा जन्मेका तिब्बती नागरिकलाई नागरिकता वितरण गरेर ठूलो धनराशि कमाएको भन्नुभएको रहेछ । यस विषयमा छानबिन भए सत्य-तथ्य पत्ता लाग्ने देखिन्छ ।

केही दिनअघिको मन्त्रिपरिषद् बैठकमा 'मन्त्री बद्रीप्रसाद मण्डलले भारतको र

रमेशनाथ पाण्डेले अमेरिकाको पक्षपोषण गर्ने गर्नुभएको छ, अब चीनका लागि कसले काम गर्ने ?' भनेर मन्त्रीहरूबीच ख्यालठट्टा भएको सुनियो । यसबाट मन्त्रीहरू नै समस्याप्रति गम्भीर र संवेदनशील छैनन् भन्ने देखिन्छ । मन्त्रिपरिषद् बैठकमा यस्ता विषयमा ख्यालठट्टा हुनु शोभनीय होइन । यस विषयमा प्रधानमन्त्रीको ध्यानाकर्षण हुन जरूरी छ ।

वर्तमान सरकारप्रति सबैको विश्वास घट्दै गएको आभास पाइन थालेको छ । साउथ ब्लक र रअले नेपालका सबै जसो राजनीतिक पार्टीका नेतालाई संविधानसभामा जान सुझाव दिएको भन्ने खबर आएको छ । माओवादीलाई समेत भारतले नै तालिम दिएर नेपाल पठाएको बुझिन्छ । त्यसैले समस्या समाधानका लागि सर्वदलीय सरकार गठन हुन आवश्यक देखिन्छ ।

उद्योगपति पीयूषबहादुर अमात्यले आफूलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले दुःख दिएको भन्दै नेवार समुदायका केही उद्योगपति तथा व्यापारीसँग दरबारका विरूद्ध लाग्न आग्रह गरिरहेको बुझिएको छ ।

जारी वार्ता प्रक्रिया विफल भएमा त्यो माओवादीका कारणबाट भएको देखिनुपर्छ । नत्र श्री ५ को सरकारले पनि आरोप लिनुपर्छ । आवश्यक परे प्रधानमन्त्रीले राजीनामा समेत दिनुपर्छ । यस अवस्थामा दरबारले अपनाउनुपर्ने भूमिकाका बारेमा विश्लेषण गरेर रणनीति बनाउन सुरक्षा निकायका प्रमुखहरूलाई अवगत गराउन आवश्यक छ । साथै जनाआधार भएको कुनै पार्टीको नेतृत्वमा सरकार बनाउने वा अन्य विकल्प रोज्ने विचार हुन जरूरी छ ।

अमेरिकाले भारत असहमत हुने कुनै पनि किसिमको सहयोग नेपाललाई गर्छ भनेर हामीले विश्वास गर्नु हुँदैन । किनभने सबै दृष्टिकोणबाट भारत अमेरिकाका लागि महत्त्वपूर्ण देश हो ।

आज सेल कमिटीमा छलफल भएका यी सबै कुरा सरकारमा जाहेर गर्ने भनी हामीबीच निर्णय भयो ।

सरकारबाट आज बिहान ८ बजे मन्त्री नारायणसिंह पुनलाई दर्शनभेट बक्स्यो । दर्शनभेटमा म पनि सहभागी थिएँ । उक्त अवसरमा सरकारबाट वार्तामा भइरहेको ढिलाइ र गतिरोधका बारेमा गम्भीर चासो एवं चिन्ता व्यक्त गरिबक्सँदै यसबारे मन्त्री पुनसँग जानकारी लिइबक्स्यो । मन्त्री पुनले सरकारी वार्ताटोलीका सदस्यहरूबीच पहिले रहेको असमझदारी हाल आएर हटेको जानकारी गराउनुभयो । तर, सञ्चारमन्त्री रमेशनाथ पाण्डेको भूमिका भने सरकारी वार्ताटोलीका निम्ति अहिले पनि असहज भएको र त्यसका कारण अविश्वासको वातावरण बन्ने गरेको समेत उहाँले जाहेर गर्नुभयो ।

मन्त्री पुनका कुरा सुनेर सरकारबाट 'यस्तै अवस्था रहेमा सर्वदलीय सरकार गठन गर्नुपर्ने अवस्था आउँछ, त्यस्तो सरकारसँग माओवादीले वार्ता गर्छ कि गर्दैन ?' भनेर सोधिबक्स्यो ।

मन्त्री पुनको जवाफ थियो, 'सर्वदलीय सरकारको गठनले परिस्थिति झन् बिग्रन सक्छ । अन्य राजनीतिक दलको सरकार बनेमा झनै अविश्वासको वातावरण बन्नेछ ।

माओवादीले त्यस्तो सरकारसँग वार्ता गर्नेछैन ।' उहाँले माओवादी वार्ताटोलीले बारम्बार राजालाई भेटाउनुपर्‍यो भन्ने गरेको पनि जाहेर गर्नुभयो । सरकारबाट 'माओवादीले जबसम्म संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रलाई खुला रूपमा आत्मसात् गर्दैनन्, तबसम्म उनीहरूसँग भेट हुन सक्दैन' हुकुम भयो । यसै क्रममा मन्त्री पुनले चाँडै माओवादी वार्ताटोली सदस्य रामबहादुर थापा 'बादल' सँग अनौपचारिक वार्ता गरेर औपचारिक वार्ताको एजेन्डा तय गर्ने सल्लाह भएको जानकारी गराउनुभयो । साथै उहाँले राजनीतिक पार्टीले गरेको आन्दोलनले गति लिन नसक्ने धारणा जाहेर गर्नुभयो ।

## २०६० वैशाख ९ गते मङ्गलबार

आज बिहान एमालेका नेता राधाकृष्ण मैनाली मलाई भेट्न मेरो घरमा आउनुभएको थियो । उहाँले हालको राजनीतिक परिस्थिति र माओवादीसँगको वार्ता प्रक्रिया सम्बन्धमा लामो विश्लेषण गर्नुभयो । साथै उहाँले भन्नुभयो, 'सरकारबाट हुकुम बक्सेमा जस्तोसुकै सहयोग गर्न म तयार छु । पहिलेको दर्शनभेटमा राजा र राष्ट्रका लागि काम गर्ने काङ्ग्रेस र एमाले बाहेकको तेस्रो राजनीतिक पार्टी गठन गर्नुपर्छ भनी जाहेर गरेको थिएँ । त्यसबारे हालसम्म कुनै कदम चालिएको देखिएन, न त कुनै पनि प्रतिक्रिया आयो । अहिलेसम्म पनि परिस्थिति नियन्त्रणबाहिर गइसकेको छैन । वर्तमान सरकारलाई नै पुनर्गठन गरेर पनि अगाडि बढ्न सकिन्छ । पुनर्गठनमा सूर्यबहादुर थापा, राजेश्वर देवकोटा, शैलजा आचार्य, तारानाथ रानाभाट, मरीचमान सिंह, कीर्तिनिधि विष्ट जस्ता व्यक्तिको साथ लिनुपर्छ । अहिले राजाका सामु दुई विकल्प छन् । पहिलो, यही सरकारलाई पुनर्गठन गरी राजनीतिक भूमिका निर्वाह गर्न सक्ने र जनाधार भएका व्यक्तिलाई समावेश गरेर आक्रामक ढङ्गले अगाडि बढ्ने । दोस्रो, सबै राजनीतिक दललाई समावेश गरी सर्वपक्षीय सरकार बनाएर छाडिदिने । वर्तमान सरकारले परिस्थितिलाई एक–दुई महिनाभन्दा ज्यादा थेग्न नसक्ने प्रस्ट छ ।'

यसै क्रममा नेता मैनालीले भन्नुभयो, 'परिस्थितिलाई अहिलेकै अवस्थामै छाडिदिने हो भने राजसंस्था कमजोर र माओवादी बलियो हुँदै जान्छ । त्यसैले माओवादीलाई वार्ताद्वारा मूलधारमा ल्याउन निकै जरूरी छ । राजनीतिक दलले सञ्चालन गरेको आन्दोलनले गति लिन सक्दैन । आन्दोलनका नाममा विद्यार्थीले तोडफोड गर्दा जनताको समर्थन र सहमति राजनीतिक पार्टीलाई जान सक्दैन ।'

मन्त्री नारायणसिंह पुनले फोन गरेर सोमबार (हिजो राति) माओवादी वार्ताटोलीका सदस्यहरू रामबहादुर थापा र कृष्णबहादुर महरालाई आफ्नो घरमा डिनरमा बोलाएको र उनीहरूसँग वार्ता प्रक्रिया, हालसम्म भएका गतिविधि र प्राप्त उपलब्धिका विषयमा अनौपचारिक छलफल गरेको जानकारी दिनुभयो । त्यस बेला माओवादी नेताले व्यक्त गरेका विचार मन्त्री पुनले मलाई यसरी सुनाउनुभयो, 'हाम्रो देशको भू–राजनीतिक अवस्थाले गर्दा हालको राजनीतिक प्रणाली नेपालको लागि त्यति उपयुक्त छैन । राजाले पनि देश र जनताकै हित सोच्ने हो । हाम्रो पार्टीले पनि जनताकै पक्षमा युद्ध सुरु गरेको

हो । त्यसैले हामीले राजालाई भेट्न पाउनुपर्‍यो । पार्टीको विचारमा नेपालमा अवश्य पनि राजाको स्थान छ । देश र जनताका बारेमा राजाको चाहना के रहेछ र कस्तो धारणा रहेछ भन्नेबारे हामी आफैं भेटेर कुरा गर्न चाहन्छौं । हाम्रो विचारमा महिला, दलित, जनजाति सबैको सहभागिता हुने सिङ्गापुर मोडल नेपालका लागि ठीक हुन्छ जस्तो लाग्छ । हालको परिस्थितिमा माओवादी र राजाबीच सहमति र सहकार्य भएमा मुलुकका लागि उपयुक्त निकास निस्कन्छ भन्ने लाग्दछ । राजनीतिक दलका नेता ज्यादै भ्रष्ट भएका कारण उनीहरू जनतामा जान सक्ने अवस्था छैन ।'

डिनरमा माओवादी नेताले भनेका रहेछन्, 'श्री ५ को सरकार र माओवादीबीच भइरहेको शान्तिवार्ता अगाडि बढ्नुपर्छ । तर मुख्य मुद्दाहरूमा यसरी नै व्यक्तिगत तवरबाट छलफल गर्नु उपयुक्त हुन्छ । वार्ता स्थगनले सरकारमा ल्याएको हलचलप्रति हामी खुसी छौं । किनभने यसले सरकारलाई ज्यादै गम्भीर बनाएको छ भन्ने हाम्रो विश्लेषण छ । हामी समस्याको समाधान एकदमै चाँडो होस् भन्ने चाहन्छौं । यस सम्बन्धमा प्रेस वक्तव्य मार्फत कुरा स्पष्ट गर्ने विचारमा छौं ।'

मसँग राधाकृष्ण मैनालीले व्यक्त गरेका धारणा र मन्त्री पुनले माओवादी नेतालाई भेटेर गरेका कुराका बारेमा मैले सरकारमा जाहेर गरेँ । सरकारबाट 'राधाकृष्ण मैनालीलाई म चाँडै भेट्छु, खबर गरिदिनू, माओवादी वार्ताटोलीका सदस्यलाई भेट्ने सम्बन्धमा वार्ता सकारात्मक रूपमा अगाडि बढ्यो र प्रधानमन्त्रीले भेट्न उपयुक्त छ भनेमा भेट्ने विचार गरौंला' हुकुम भयो ।

## २०६० वैशाख १० गते बुधबार

शाही जङ्गी अड्डाका अनुसार महादेव डाँडामा अवस्थित दूरसञ्चारको रिपिटर स्टेसनमा माओवादीले राखेको 'माइन' हटाउने क्रममा सहसेनानी रूपेन्द्रराज पाण्डे घाइते भएका छन् । हिजो धनगढीमा माओवादीको सांस्कृतिक कार्यक्रममा ८ देखि १० हजारको सहभागिता थियो । माओवादीले भने १५/१६ हजार दर्शकलाई सेना र प्रहरीले आउन दिएन भन्ने आरोप लगाएको छ ।

शाही पार्श्ववर्ती सहायक रथी टीका धमलालाई विदेशमा नेसनल डिफेन्स कलेज कोर्स गर्न पठाउने सम्बन्धमा पहिले जाहेर गरेको थिएँ । यो कुरा आज पनि जाहेर गरेँ । सरकाबाट 'कुन देशमा हुन्छ, मिलाएर पठाइदिनू' हुकुम भयो । मैले बेलायत, अमेरिका वा भारतमध्येबाट थप सिट मागेर पठाउन प्रयास गर्ने जाहेर गरेँ ।

त्रिभुवन विश्वविद्यालयमा प्रशासन र विद्यार्थी सङ्गठनबीच भएको वार्ता बिनानिष्कर्ष टुङ्गिएको छ । विद्यार्थी नेताहरू पुरानै माग पूरा हुनुपर्ने अडानबाट टसमस भएनन् ।

आज बिहान काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले काठमाडौंमा रहेका केन्द्रीय सदस्य, जिल्ला सभापति र विद्यार्थी नेताहरूलाई भेटेको कुरा खबर छ । उक्त अवसरमा कोइरालाले वर्तमान सरकार र राजाप्रति निकै आक्रोश व्यक्त गर्नुभएछ । साथै उहाँले 'मैले चार पुस्ताका राजासँग सङ्गत गरेँ, नेपालमा प्रजातन्त्र र राजनीतिक

अस्थिरताको केन्द्र नै राजसंस्था हो' भन्नुभएछ ।

सरकारबाट हिजो दर्शनभेट पाएपछि पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापा आजै दिल्ली जानुभएको छ । यसै प्रसङ्गलाई लिएर एक साताभित्र नयाँ मन्त्रिपरिषद् गठन हुन्छ भन्ने व्यापक हल्ला चलेको छ ।

माओवादी स्रोत अनुसार वार्ताटोली संयोजक डा. बाबुराम भट्टराई भोलि काठमाडौं फर्किएपछि २१ गतेअगाडि नै वार्ता सुरु गर्ने उनीहरूको तयारी छ । माओवादीले सरकारी वार्ताटोलीमा मन्त्री नारायणसिंह पुन बाहेक अरू कुनै पनि सदस्य विश्वसनीय र जिम्मेवार नरहेको बताएको छ ।

आज बिहान एमाले नेता वामदेव गौतमले प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई भेट्नुभयो । भेटमा के कुरा भयो भन्नेबारे बुझ्न सकिएन ।

विद्यार्थी सङ्गठनहरूले आज उपत्यका बन्द आयोजना गरेका थिए । त्यस क्रममा चाबहिलस्थित पशुपति क्याम्पसबाट केही विद्यार्थी नेता पक्राउ परेका छन् । प्रदर्शनकारीले पाटनमा खोलिएका पसललाई जबर्जस्ती बन्द गराउन लगाए । केही स्थानमा सवारी साधन र प्रहरी भ्यान समेत तोडफोड गरेको खबर छ । बेलुकी ७ बजेपछि भने उपत्यकाबाहिर जाने र भित्र आउने लामो दूरीका बस चलेका छन् ।

माओवादी नेता रवीन्द्र श्रेष्ठले गोप्य रूपमा काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालालाई भेटेको खबर छ । भेटमा श्रेष्ठले यो सरकार माओवादी नेतृत्वलाई सकारात्मक लागेको धारणा व्यक्त गरेको बुझियो । श्रेष्ठले सम्भवतः आजै एमाले महासचिव माधवकुमार नेपाललाई पनि भेट्ने कार्यक्रम तय भएको छ ।

नेपाल भ्रमणमा रहेका भारतीय स्थलसेनाध्यक्ष महारथी निर्मल चन्दर भीजले प्रधान सेनापति प्यारजङ्ग थापालाई भेटी नेपाली सेनाको सङ्ख्या बढाउनका साथै आधुनिकीकरण गर्न सुझाव दिनुभएको छ । माओवादीका विरूद्धको कारबाहीमा सशस्त्र र नेपाल प्रहरीको मात्र भर गर्न नहुने उहाँको सल्लाह छ । साथै उहाँले बुटवलमा भारतीय पेन्सन क्याम्प स्थापना गर्ने आफ्नो सरकारको योजनामा सहयोग गर्न समेत प्रधान सेनापतिलाई अनुरोध गर्नुभएको छ । पेन्सन क्याम्प स्थापना भए भारतले नेपाली सेनालाई सहयोग गर्न अझ सजिलो हुने र स्थानीय तहमा आर्थिक गतिविधि बढ्ने तर्क पनि उहाँले राख्नुभएछ । प्रधान सेनापतिले सेनाको कल्याणकारी कोष मार्फत साझेदारीमा बैङ्क खोल्न प्रयास भइरहेको जानकारी दिँदै उक्त बैङ्क खोलिएमा त्यस मार्फत भारतीय सेनामा कार्यरत पेन्सनरहरूले आफ्नै जिल्लामा पेन्सन प्राप्त गर्न सक्ने बताउनुभएछ ।

भारतीय सेनाध्यक्षले आजै प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दसँग औपचारिक भेट गर्नुभएको छ । सो अवसरमा उहाँले नेपालमा पाकिस्तानी गुप्तचर निकाय (आईएसआई) को भारतविरोधी गतिविधि निकै बढेको भनी चिन्ता व्यक्त गर्दै सो गतिविधि रोक्न अनुरोध गर्नुभएको छ । उहाँले नेपालको सीमा क्षेत्रमा भारतले भारतीय अर्धसैनिक बल (एसएसबी) तैनाथ गर्न लागेको जानकारी दिनुभयो । साथै बुटवलमा भारतीय पेन्सन क्याम्प खडा गर्ने र सेनालाई भारतीय राइफल इन्सास दिने सम्बन्धमा समेत कुरा गर्नुभयो ।

## २०६० वैशाख ११ गते बिहीबार

विद्वत् परिषद् र भूतपूर्व सैनिक सङ्गठन जस्ता सङ्घ-संस्थालाई समेत विश्व हिन्दू परिषद्मा आबद्ध गर्ने हो कि भनेर विचार-विमर्श भइरहेको खबर छ । यसो गरिएमा विश्व हिन्दू परिषद् बलियो हुनेछ र हिन्दू राष्ट्रका रूपमा अटल रहन नेपाललाई मदत पुग्नेछ भन्ने सुझाव आएको छ ।

गृहसचिव वर्तमान गृहमन्त्रीभन्दा पूर्वगृहमन्त्री खुमबहादुर खड्कासँग ज्यादै निकट भएको खबर छ । यसबाट प्रहरी तथा गृह प्रशासनमा वरिष्ठ अधिकारीको सरुवामा समेत प्रभाव परिरहेको भन्ने बुझिन्छ । यसमा विचार हुनुपर्ने देखिन्छ ।

मन्त्री नारायणसिंह पुनका अनुसार सरकार र माओवादीबीच स्थगित वार्ता प्रक्रिया अघि बढाउन सूचना तथा सञ्चारमन्त्री रमेशनाथ पाण्डे र उहाँको माओवादी वार्ताटोलीका सदस्यहरू रामबहादुर थापा र कृष्णबहादुर महरासँग अनौपचारिक भेट भएको छ । त्यस अवसरमा पहिलो वार्ता यही वैशाख १४ गते बेलुका ४ बजे लाजिम्पाटस्थित शङ्कर होटलमा गर्ने सहमति भएको मन्त्री पुनले जानकारी दिनुभयो ।

## २०६० वैशाख १२ गते शुक्रबार

बेलायती सैनिक सहचारी कर्णेल सदरल्यान्ड आज कार्यालयमा मलाई भेट्न आउनुभयो । जति समय लागे पनि माओवादीसँगको शान्तिवार्तालाई अन्तिम निष्कर्षमा पुऱ्याउनैपर्छ र यसैबाट नेपालको भविष्य राम्रो हुनेछ भन्ने उहाँको धारणा थियो । मैले पनि उहाँलाई 'हामी यसैका निम्ति अत्यधिक प्रयासरत छौँ, माओवादीलाई हत्या-हिंसा त्यागेर प्रतिस्पर्धात्मक राजनीतिमा अवतरण गराउने हाम्रो प्रयास छ' भनेँ ।

यसै क्रममा सैनिक सहचारीले भन्नुभयो, 'बेलायतका युवराज चार्ल्स (प्रिन्स अफ वेल्स) ले मार्च या अप्रिल २००४ मा नेपालको औपचारिक भ्रमण गर्न चाहिबक्सेको छ । विश्वविद्यालयमा अध्ययनरत जेठा छोरा प्रिन्स विलियम्सलाई समेत नेपाल ल्याउने युवराजको विचार छ । विलियम्सको ग्र्याजुयट प्रोगाम चाँडै सकिँदै छ । त्यसपछि उहाँ वेल्स गार्डमा भर्ना हुने तयारी भइरहेको छ । नेपाल र गोर्खाली नेपालीका बारेमा उहाँलाई विस्तृतमा जानकारी गराउने यस भ्रमणको उद्देश्य हो । प्रिन्स अफ वेल्स रोयल गोर्खा राइफल (आरजीआर) का कर्णेल-इन-चिफ हुनुहुन्छ । ब्रिगेड अफ गोर्खाजलाई रोयल गोर्खा राइफलमा परिणत गरेको १० वर्ष पुगेको अवसरमा अर्को वर्ष विशेष समारोह आयोजना गर्ने कार्यक्रम छ ।' उहाँको आग्रह थियो, 'यस विषयमा अहिले महाराजाधिराजलाई मात्र जाहेर होस् । किनभने यसबारे कूटनीतिक माध्यमबाट औपचारिक रूपमा खबर आएको छैन । क्यालेन्डर मिलाउँदै गर्नका लागि मात्र मैले तपाईंलाई अनौपचारिक रूपमा खबर गरेको हुँ ।'

नेपाल भ्रमणमा रहेका भारतीय स्थलसेनाध्यक्षको सम्मानमा प्रधान सेनापति प्यारजङ्ग थापाले हिजो बेलुका शशिभवनमा रात्रिभोजको आयोजना गर्नुभयो । भोजमा सेनाध्यक्षले भन्नुभयो, 'भारतीय सेनाले शाही नेपाली सेनालाई सबै किसिमको सहयोग गर्छ । युद्धहरूमा

इन्सरजेन्सी युद्ध लड्न साह्रै गाह्रो हुन्छ । तर पनि शाही नेपाली सेनाले आफूसँग भएको सीमित जनशक्ति र स्रोत–साधनका बावजुद सराहनीय काम गरेको छ । साथै विद्रोहीलाई वार्तामा ल्याउन महत्त्वपूर्ण र प्रशंसनीय भूमिका निर्वाह गरिरहेको छ ।' उहाँ आजै अपराह्नको विशेष उडानबाट नयाँ दिल्ली फर्कनुभएको छ ।

प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालालाई हिजो दिउँसो छोरी सुजाताको निवास, मण्डिखाटारमा भेट्नुभयो । भेटमा प्रधानमन्त्रीले कोइरालालाई आन्दोलन स्थगित गरी सरकार–माओवादी वार्तालाई सघाउन आग्रह गर्नुभयो । साथै उहाँले हालको मन्त्रिपरिषद्मा समावेश गरिएका कतिपय व्यक्ति राजनीतिक पृष्ठभूमिका नभएका हुनाले आफूलाई काम गर्न असजिलो भएको उल्लेख गर्दै काङ्ग्रेसको सहयोग आवश्यक भएको बताउनुभएको थियो । तर कोइरालाले कुनै स्पष्ट प्रतिक्रिया दिनुभएन । कोइराला आज गुल्मी र अर्घाखाँचीको भ्रमणमा जानुभएको छ । भोलि बैतडी र डडेलधुराको सदरमुकाममा आयोजित आमसभालाई सम्बोधन गर्ने उहाँको कार्यक्रम छ ।

यस्तै, प्रधानमन्त्रीले हिजो बिहान एमाले नेता वामदेव गौतमसँग प्रधानमन्त्री कार्यालयमा भेट गर्नुभएछ । उहाँ समक्ष नेता गौतमले 'उपप्रधानमन्त्री र गृहमन्त्री सहित केही मन्त्रालय एमालेलाई दिन राजालाई सहमत गराउनुस्, म एमालेलाई सहमत गराउँछु, म मेरै नेतृत्वमा एमालेको टिम लिएर सरकारमा सहभागी हुन्छु' भनेर प्रस्ताव गर्नुभएछ । आज बिहान प्रधानमन्त्रीले काङ्ग्रेस प्रजातान्त्रिकका नेता खुमबहादुर खड्कालाई प्रधानमन्त्री निवास, बालुवाटारमा भेट्नुभयो ।

केन्द्रीय कार्यालय, बल्खुमा आज बसेको एमाले केन्द्रीय समितिको बैठक भोलि बिहान ८ बजे पुनः बस्ने गरी स्थगित भएको छ । केन्द्रीय समितिमा भएको छलफलका बारेमा विस्तृत जानकारी हुन जरूरी छ ।

माओवादी वार्ताटोली सदस्यहरू डा. बाबुराम भट्टराई र कृष्णबहादुर महरा आज दिउँसो साढे ३ बजे अमेरिकी राजदूतावासमा जाँदा गेटमा उहाँहरूको पूरै खानतलासी गरियो । दूतावासभित्र आतङ्ककारी सम्बन्धी पोस्टर र पम्प्लेट टाँसिएको कोठामा उहाँहरूलाई दूतावासका द्वितीय सचिवले भेटेका थिए । राजदूतावासका राजनीतिक सहचारी र सुरक्षा अधिकारीले अमेरिकाको आतङ्कवादविरोधी नीति रहेको स्पष्ट पार्दै आतङ्कवादका कडा दृष्टिकोण अपनाउने बारेमा चुनौतीपूर्ण भाषामा आफ्नो कुरा राखे । उनीहरूले सशस्त्र प्रहरी महानिरीक्षक कृष्णमोहन श्रेष्ठ, उहाँकी श्रीमती नुडुप श्रेष्ठ र सुरक्षा अधिकृतको हत्यामा संलग्न व्यक्तिहरू सरकारलाई बुझाउन माओवादी नेताहरूसँग आग्रह गरे । त्यस बेला माओवादीले श्रीमती श्रेष्ठको हत्यामा आफ्ना तर्फबाट गम्भीर त्रुटि भएको बताएका थिए । अमेरिकी अधिकारीले नेपालमा प्रजातन्त्र बलियो हुनुपर्ने र नेपाली सेना संसद्को अधीनमा रहनुपर्ने आफ्नो सरकारको धारणा स्पष्ट पारेका थिए । अमेरिका नेपालको द्वन्द्व शान्तिपूर्ण समाधान हुनुपर्ने पक्षमा रहेको र त्यसका लागि सघाउन तयार रहेको समेत त्यस अवसरमा उनीहरूले उल्लेख गरे । उक्त अवसरमा

नेपालमा भारतले निर्वाह गरिरहेको भूमिकाप्रति अमेरिकी सरकारमा आशङ्का रहेको र एसडी मुनि जस्ता भारतीय व्यक्तिलाई नरूच्याएको समेत सन्देश दिइयो । प्रचण्डलाई पक्रेर नेपाललाई बुझाउन अमेरिकाले भारतलाई आग्रह गर्दा भारतले आफूलाई प्रचण्डका बारेमा कुनै जानकारी नभएको बताएको समेत सो अवसरमा उल्लेख गरियो । समग्रमा अमेरिकी राजदूतावासले माओवादी नेताहरूलाई हतोत्साहित बनाएर पठाएको बुझिएको छ । यसअघि माओवादी नेताले बेलायती र भारतीय दूतावासका वरिष्ठ पदाधिकारीसँग भेटेका थिए ।

माओवादी नेता देव गुरूङले जुम्लामा आयोजित आमसभालाई सम्बोधन गर्दै हालको शान्तिवार्ताबाट निकास ननिस्किए देशले गम्भीर क्षति ब्यहोर्नुपर्ने चेतावनी दिएको खबर छ । सभामा करिब ८/१० हजारको सहभागिता भएको बुझिएको छ ।

## २०६० वैशाख १५ गते सोमबार

विभिन्न राजनीतिक दलका नेताले आपसमा छलफल गर्दा सेनाको भूमिकाको आलोचना गर्ने गरेको बुझिएको छ । सेना निर्वाचित सरकारको अधीनमा हुनुपर्छ भन्ने सबैजसो पार्टीको धारणा रहेको छ ।

एमाले नेता भरतमोहन अधिकारीले एक नातेदार मार्फत मलाई केही सुझाव सहित प्रस्ताव पठाउनुभएको छ । उहाँको भनाइ रहेछ, 'अहिलेको समस्याको समाधान खोज्न राजाले पूरै शक्ति लिएर अगाडि बढ्ने हो भने कति समयका लागि लिने हो, समय निर्धारण गर्नुपर्छ । होइन भने सबै पार्टीका नेतालाई बोलाएर नयाँ सर्वदलीय सरकार गठन गर्ने पहल गर्नुपर्छ । नयाँ सरकारलाई माओवादीसँगको वार्तालाई निरन्तरता दिई समस्या समाधान गरी चुनाव गर्ने म्यान्डेट दिइनुपर्छ । त्यस्तो सरकार बनाएर शक्ति हस्तान्तरण गर्दा राजालाई कुनकुन अधिकार चाहिन्छ, म ती विषयमा छलफल गर्न सक्छु । सर्वदलीय सरकारको नेतृत्व एमालेलाई दिनुपर्छ । एमालेको नेतृत्व सबैलाई स्वीकार नभए सभामुख तारानाथ रानाभाट वा शैलजा आचार्य वा सूर्यबहादुर थापाको नेतृत्व पनि हुन सक्छ । महाराजाधिराजलाई एमाले महासचिव माधवकुमार नेपाल मान्य नहुने हो भने म मौसुफसँग विशेष वार्ता गरी नयाँ सरकारको नेतृत्व गर्न समेत तयार छु ।'

शाही नेपाली सेना र ब्रिटिस सेनाबीच सम्बन्ध बढाउन तत्कालीन बेलायती सैनिक सहचारी कर्णेल मार्क डाउडललाई सरकारबाट तक्मा बक्सेको थियो । तर बेलायत सरकारले बहालवाला सैनिक अधिकृतले विदेशी तक्मा लिन नमिल्ने भनी असमर्थता व्यक्त गरेको थियो । यसैबीच, अमेरिकी सहायक सैनिक सहचारी मेजर पिटर फाउलरलाई तक्मा बक्सन प्रधान सेनापतिले सिफारिस गर्नुभएको छ । फाउलरले नेपाली सेनाका लागि आवश्यक सैनिक सामग्री आपूर्ति गर्न विशेष योगदान पुऱ्याउनुभएको छ । यसबारे जाहेर हुँदा सरकारबाट 'समयमै विभूषण समितिमा सिफारिस पठाउन' हुकुम भयो ।

विद्यमान तरल र असहज राजनीतिक अवस्थामा सेनाका तर्फबाट कुनै कडा

सन्देश बाहिर आउन उपयुक्त हुन्छ भनेर मैले सरकारमा जाहेर गरेँ । सन्देशमा 'जनप्रतिनिधिले शासन सञ्चालन गर्न चुनावबाट निर्वाचित भई आउनुपर्छ, चुनाव गर्न शान्ति कायम हुन आवश्यक छ, तर अहिले चुनाव गर्न सक्ने वातावरण छैन, त्यसैले यो नै अहिलेको राष्ट्रिय समस्या हो, हालको अवस्थामा आन्दोलनको कुनै औचित्य छैन । देशको बिग्रँदो स्थितिलाई ध्यान दिएर सेनाले परिस्थिति सुहाउँदो कदम चाल्न बाध्य हुनुपर्ने अवस्था आउन सक्छ' भनी उल्लेख गर्न मैले सरकारमा प्रस्ताव गरेँ । सरकारबाट 'यस विषयमा प्रधान सेनापतिसँग छलफल गरेर तय गर' हुकुम भयो । यसबारे मैले जानकारी गराउँदा उहाँले 'उपयुक्त समयमा यी विषयमा कुरा राख्दा राम्रै हुन्छ' भन्नुभयो ।

चिनियाँ राजदूतले मलाई फोन गरेर 'जोमसोम र मुक्तिनाथ जान शाही नेपाली सेनाको हेलिकप्टर प्रयोग गर्न सकिने या नसकिने ?' भनी जिज्ञासा राख्नुभयो । उहाँको अनुरोधमा पहिले पनि सैनिक सचिवालयले प्रस्तावित स्याफ्रुबेसी–रसुवागढी बाटोको निरीक्षण गर्न हेलिकप्टर उपलब्ध गराएको थियो । त्यसै अनुसार यस पटक पनि व्यवस्था मिलाउन राम्रै होला भनी मैले सरकारमा जाहेर गरेँ । सरकारबाट 'मिलाएर पठाइदिनू' हुकुम भयो ।

माओवादी अध्यक्ष प्रचण्डका पिता गङ्गाराम दाहाल हाल बेलायतमा अध्ययनरत छोरालाई भेट्न गएको खबर छ । लन्डनमा उहाँले भने अनुसार गत मङ्सिर २६ गते दाङको कोइलाबास आसपासमा भएको गाडी दुर्घटनामा प्रचण्ड सामान्य घाइते हुनुभएको छ ।

काठमाडौँ आएका नेपाल मामिला सम्बन्धी विज्ञ भारतीय प्राध्यापक एसडी मुनिले नयाँ दिल्ली फर्कनुअघि काङ्ग्रेस प्रजातान्त्रिकका नेता तथा भूतपूर्व प्रधानमन्त्री शेरबहादुर देउवालाई हिजो भेटेको खबर छ । भेटमा उहाँले नेपालका प्रजातान्त्रिक शक्तिलाई सघाउन भारतको स्पष्ट नीति नभएको गुनासो गरेको कुरा बाहिर आएको छ ।

## २०६० वैशाख १६ गते मङ्गलबार

केही दिनअगाडि मलाई सरकारबाट 'इन्जिनियरहरू केशवप्रसाद खतिवडा र मनोजकुमार आचार्यलाई सेनामा कुनै हिसाबले राख्न सकिन्छ कि सकिँदैन, बुझ' हुकुम बक्सेको थियो । त्यसबारे बुझ्दा सर्टिफिकेट अनुसार उनीहरू दुवैको उमेर बढी भइसकेको बुझियो । आज *कान्तिपुर* दैनिकमा प्रकाशित 'सूर्य नेपाल' को आवश्यकता सम्बन्धी विज्ञापन हेरेपछि त्यहाँ राख्दा ठीक हुन्छ कि भनेर मैले जाहेर गरेँ । सरकारबाट प्रभाकर (प्रभाकरशमशेर जबरा) सँग कुरा गर्न हुकुम भयो ।

भारतीय राजदूतले आज बिहान काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालालाई उहाँकै निवासमा भेट्नुभयो । त्यसपछि कोइरालाले भूतपूर्व प्रधानमन्त्री सूर्यबहादुर थापालाई भेट्नुभयो । उहाँहरूबीच के छलफल भयो भन्नेबारे यकिन खबर आउन सकेको छैन । दिउँसो सूर्यबहादुर थापालाई उपप्रधानमन्त्री बद्रीप्रसाद मण्डलले भेट्नुभएको छ ।

## २०६० वैशाख १७ गते बुधबार

माओवादी नेताहरूले सरकारको दर्शनभेट खोजेको निकै समयअघिदेखि हो । यसै सन्दर्भमा माओवादी वार्ताटोलीका सदस्यहरूको भनाइ के रहेछ, म कुरा गर्न जाऊँ ?' भनेर हिजो बेलुका सरकारमा जाहेर गरें । सरकारबाट 'हुन्छ, कुरा गर न त' हुकुम भयो । त्यस अनुसार आज बिहान ७ बजे म मन्त्री नारायणसिंह पुनको सिनामङ्गलस्थित कर्णाली एयरको कार्यालय पुगें । त्यहाँ मन्त्री पुन हुनुहुन्थ्यो । केही समयमै माओवादी वार्ताटोलीका सदस्यद्वय रामबहादुर थापा 'बादल' र कृष्णबहादुर महरा आउनुभयो । परिचयपछि मैले उहाँहरूलाई भनें, 'तपाईंहरूले महाराजाधिराजलाई भेट्न खोजेको खबर बारम्बार आइरहेको हुंदा म भेट्न आएको हुँ । तपाईंहरूका जिज्ञासा केके छन् ? म ती सबै कुरा सरकारमा जाहेर गर्छु । उपयुक्त समयमा दर्शनभेट मिलाउन कोसिस गर्छु ।'

कुरा सुरु गर्दै बादलले माओवादीले 'जनयुद्ध' प्रारम्भ गरेयताका घटनाक्रम सुनाउनुभयो । साथै आजको परिस्थिति मूल्याङ्कन गरी निकास कसरी निकाल्न सकिन्छ भन्नेबारे आफ्ना कुरा राख्नुभयो । उहाँले भन्नुभयो, 'माओवादी यो वार्तामा निकै गम्भीर भएर निकास निकाल्न प्रस्तुत भएको छ । तर विभिन्न व्यक्ति आएर हामी राजाका तर्फबाट कुरा गर्न आएको भन्छन् । यसले हामीलाई कन्फ्युजन भइरहेको छ । हाम्रो दृष्टिमा सरकारी वार्ताटोली वार्ताका लागि तयार देखिँदैन । वार्ताटोलीका सदस्यहरू आफैंमा कन्फ्युज्ड जस्तो लाग्छ । वार्ताटोलीमा पाण्डेजीको भूमिका के हो, बुझ्न सकिएन । उहाँले सुरुमा मन्त्री पुनको मध्यस्थताप्रति शङ्का गर्नुभएको आभास मैले पाएको थिएँ । अब उहाँ मन्त्री पुनमाथि विश्वस्त हुनुभएको छ । हाम्रो बुझाइमा सबै राजनीतिक दलका नेता ज्यादै भ्रष्ट भए । अब उनीहरू जनतामा जान सक्दैनन् । त्यसैले उनीहरूको कुनै डर छैन । राजा, सबै राजनीतिक दल तथा हामी माओवादीले पनि जनताका लागि काम गरेको भन्छौं । तर आजसम्म जनताको जीवनस्तर उक्सन सकेको छैन । माओवादीको विचारमा प्रजातन्त्र र राष्ट्रवादको मिलनविन्दु देशभक्ति नै हो । हामी सत्तामा आए अहिलेका भ्रष्ट नेतालाई कारबाही गर्छौं । राजाले पनि देशकै हित चाहेको हो भने अभिभावकको भूमिकामा रहेर जनतालाई सत्ता सञ्चालन गर्न दिनुपर्छ । हामी जनताका लागि लडेर आएका शक्ति हौं । जनताका लागि जस्तोसुकै बलिदान गर्न पनि तयार छौं । यो वार्ता सफल होस् भन्ने हाम्रो तीव्र चाहना छ । यसका लागि हामीले हदैसम्मको लचकता अपनाउनेछौं । तर यसलाई कमजोरीका रूपमा नबुझियोस् ।' उहाँले करिब एक घण्टा धाराप्रवाह रूपमा यिनै कुरा राख्नुभयो । महराले भने खासै केही बोल्नुभएन । मन्त्री पुनले पनि केही प्रतिक्रिया दिनुभएन ।

त्यसपछि मैले भनें, 'तपाईंहरूले महाराजाधिराजको दर्शनभेट खोज्नुभएको छ । कुनै पनि नेपालीले सरकारलाई भेट्न खोज्नु स्वाभाविक हो । तर अहिलेको परिस्थितिमा राजाले तपाईंहरूलाई तुरुन्त भेट्दा राजनीतिक रूपमा कसैलाई फाइदा छैन । माओवादीले श्री ५ को सरकार, राजा वा राष्ट्रका कुनै पनि शक्तिलाई विश्वास गर्न सकिरहेको छैन । त्यस्तै अरू शक्तिले पनि माओवादीमाथि विश्वास गर्ने वातावरण बनिरहेको छैन । जारी

वार्ता सकारात्मक परिणामतर्फ उन्मुख भए वार्तोटोलीलाई सरकारबाट दर्शनभेट बक्सँदा कुनै समस्या पर्दैन जस्तो लाग्छ । महाराजाधिराजलाई पनि राजा भएर बस्न देश र जनता चाहिन्छ । त्यसैले पनि मौसुफबाट देश र जनताको भलाइ नै सोचिबक्सेको हुन्छ । तपाईंहरूले उठाएका धेरै मुद्दा जनताका लागि राम्रा छन् । तर जातीयताको आधारमा राज्यको संरचना बदल्दा देशको सार्वभौमिकतामाथि नै सङ्कट आउन सक्छ । वार्ता अगाडि बढेन भने समस्या समाधान हुन कठिन छ । अन्य राजनीतिक दलको समर्थन रह्यो भने र वार्ता समेत सकारात्मक रूपमा अगाडि बढ्यो भने माओवादी सहितको सर्वदलीय सरकार गठन गर्न पनि सकिन्छ । माओवादीले पनि जिम्मेवार भएर जनताको शान्तिको चाहनाप्रति संवेदनशीलताका साथ विचार पुर्‍याउनुपर्छ ।' यसका साथै मैले उहाँहरूलाई प्रश्न गरें, 'जनयुद्धका नाममा देशमा धेरै नै रक्तपात र जनधनको क्षति भइसकेको छ । यदि तपाईंहरू अझै पनि युद्ध गरेर सत्ता प्राप्त गर्छौं भन्नेतिर लाग्नुभयो भने देशका लागि असह्य पीडा र दुर्भाग्य हुनेछ । त्यसरी माओवादी सत्तामा पुग्नुको के अर्थ ? हाम्रो भू-राजनीतिक धरातलका कारण त्यस अवस्थामा ठूलो विदेशी हस्तक्षेप पनि हुने सम्भावना छ । आठ वर्षअघि तपाईंहरूले हतियार उठाउँदा तत्कालीन सरकार अथवा राजतन्त्र वा अन्य कसका विरूद्ध युद्धको घोषणा गर्नुभएको थियो ? वार्ताको ठीक एक दिनअघि भारतीय प्राध्यापक एसडी मुनि र स्वनिर्वासित रामराजाप्रसाद सिंह काठमाडौं आउनुभएको छ । यो संयोग हो कि के हो ? तपाईंहरूले उहाँहरूलाई भेटेको कारण के हो ? यसमा राज्यले शङ्का गर्ने स्थान रहन्छ कि रहँदैन ? तपाईंहरूले उठाएका मुख्य मुद्दाहरू गोलमेच सम्मेलन, सर्वदलीय सरकार र संविधानसभाको लक्ष्य पूरा भएपछि राजाको स्थान कहाँ रहने ?'

मेरो जिज्ञासाको जवाफमा थापाले भन्नुभयो, 'अहिलेका राजनीतिक पार्टीको मुख्य लक्ष्य नै धाँधली गरेर चुनाव जित्ने, सत्तामा जाने र अनि बढी भ्रष्टाचार गर्ने हो । मैले अघि पनि भनें, संविधानसभाको चुनावपछि पनि राजाको भूमिका अभिभावकका रूपमा कायम हुनेछ ।' त्यसपछि 'हामी अर्को कार्यक्रममा जानु छ, आधा घण्टाका लागि भेट्न आएको लामो समय कुरा भयो, हामी धेरै कुरामा प्रस्ट भयौं, ठूलो कुरा त चिनजान भयो, भेटघाट भयो, खुसी लाग्यो, फेरि पछि भेट्नुपर्छ' भनेर उहाँहरू बाहिरिनुभयो ।

माओवादी नेताहरू निस्केपछि मन्त्री पुन र मैले उहाँहरूसँग भएका कुराको सङ्क्षिप्त विश्लेषण गर्‍यौं । हाम्रो निष्कर्ष थियो– 'यदि माओवादी राजनीतिक पार्टीका रूपमा आउने हो भने माओवादी सहितको सर्वदलीय सरकार बनाउने बारेमा सोच्न सकिन्छ । हामीले पनि माओवादीलाई देश र जनताको भलाइका लागि सत्ता साझेदारीको आशा देखाउन सक्नुपर्छ । यो वार्ता जति समय लम्बिए पनि सफल पार्नुपर्छ । माओवादीलाई राष्ट्रवादी शक्तिका रूपमा विश्वासमा लिई समाधान निकाल्न सके अन्य राजनीतिक दलको अहङ्कार पनि तोड्न सकिन्छ ।' यसपछि मन्त्री पुनसँग छुटेर म दरबारतिर लागें ।

आजै बेलुका मैले सरकारलाई माओवादी नेताहरूसँग भएको कुराकानी सविस्तार जाहेर गरें । सरकारबाट 'आवश्यकता अनुसार उनीहरूसँग सम्पर्कमा रहेर विचार-विमर्श

जारी राख्नू, जतिसक्दो माओवादीलाई इङ्गेज गराउनू र राजसंस्थाको अपरिहार्यताका बारेमा बोध गराउनू' हुकुम भयो । साथै मैले अन्य विषय पनि सरकारमा जाहेर गरेँ ।

आजको कान्तिपुर दैनिकमा प्रकाशित वरिष्ठ अधिवक्ता मुकुन्द रेग्मीको 'संसद् अधीनमा सेना' भन्ने लेखको सबैले प्रशंसा गरेको पाइयो ।

एमाले महासचिव माधवकुमार नेपालसँग आज बिहान ६ बजे माओवादी नेता डा. बाबुराम भट्टराईले, ९ बजे राप्रपा नेता दीपक बोहराले र १० बजे भूतपूर्व प्रधानमन्त्री सूर्यबहादुर थापाले भेटेको खबर छ । हालको अवस्थामा चुनावको मिति तोकेर महाराजाधिराज आफैँले सरकार सञ्चालन गरे एमालेलाई मान्य हुने महासचिव नेपालको निष्कर्ष छ । अहिले आन्दोलनलाई प्रभावकारी ढङ्गले अगाडि बढाउन खोजे प्रत्युत्पादक हुन सक्छ भन्ने समेत एमालेको विश्लेषण छ । उता, काङ्ग्रेसभित्र पनि एउटा ठूलो समूहले हालको अवस्थामा आन्दोलनको औचित्य छैन भन्ने धारणा राखेको बुझिएको छ । यसबाट समेत राजनीतिक दलको आन्दोलन त्यति प्रभावकारी हुने देखिँदैन । यसैबीच एमाले स्रोतले पार्टीका नेताहरूबीच राजदरबारको सैनिक सचिवले (मैले) पुनः एमाले फुटाउन प्रयास गरिरहेको भनेर चर्चा भएको खबर दिएको छ । एमाले नेताहरूबीच यो कुरा भएको भनी प्रमुख सचिव पशुपतिभक्त महर्जनले पनि पुष्टि गर्नुभएको छ ।

प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले आज बिहान ९ बजे कर्णध्वज अधिकारी र शैलेन्द्रकुमार उपाध्यायसँग भेट गर्नुभयो । आजै अपराह्न पूर्वसभामुख दमननाथ ढुङ्गानाको घरमा माओवादी वार्ताटोली संयोजक डा. बाबुराम भट्टराई, पद्मरत्न तुलाधर, कर्णध्वज अधिकारी र शैलेन्द्रकुमार उपाध्यायको बैठक बस्यो । बैठकमा डा. भट्टराई शान्त भएर बसेको र खासै धेरै कुरा नबोलेको खबर आयो । दमननाथ ढुङ्गानाले भने संविधानसभाको उग्र विरोध गरेको बुझिएको छ ।

आजै साँझ प्रधान सेनापतिले सरकारमा 'वार्ताका बेला अपरेसन स्थगित भएको अवस्थामा तालिम तथा लजिस्टिकका आवश्यक सामान तल्लो तहसम्म पुऱ्याउन लागेको' जाहेर गर्नुभयो । सरकारबाट माओवादी वार्तामा आए पनि उनीहरूका गतिविधिमाथि कडा निगरानी राख्न, गुप्तचरी जारी राख्न र माओवादीमा समेत घुसपैठ गर्न निर्देशन बक्स्यो । मौसुफबाट सीमामा विशेष निगरानी बढाउने बारेमा र अझै पनि सेनालाई नागरिक समाज तथा सञ्चार माध्यमको सहयोग प्राप्त नभएको हुँदा यसमा विचार पुऱ्याउनुपर्ने जस्ता विषयमा विचार-विमर्श भयो । साथै माओवादीसँगको लडाइँमा घाइते भएका सैनिकको आवश्यक औषधि-उपचारमा ध्यान दिन समेत सरकारबाट प्रधान सेनापतिलाई निर्देशन बक्स्यो ।

## २०६० वैशाख १९ गते शुक्रबार

केही समयदेखि नै एमाले महासचिव माधवकुमार नेपालले मसँग भेट्ने चाहना राख्नुभएको थियो । आज उहाँलाई भेट्न नक्सालस्थित डा. दुमन थापाको कार्यालय निर्धारण गरिएको थियो । म त्यहाँ पुग्दा महासचिव नेपालसँग डा. डिल्लीराज खनाल

हुनुहुन्थ्यो । सुरुमै मैले हाँसेर 'महासचिवज्यू, मैले एमाले फुटाउन प्रयास गरिरहेको भनेर तपाईंहरूले चर्चा गरेको सुनें, यसमा तपाईंलाई विश्वास लाग्छ ?' भनी सोधें । उहाँले पनि हाँसेर जवाफ दिनुभयो, 'तपाईंले फुटाउन सक्ने त्यति कमजोर पार्टी त एमाले होइन नि !'

यसपछि हामीबीच राजनीतिक पार्टीहरूले चलाइरहेको आन्दोलन, सरकार–माओवादी वार्ता र सरकारको अवस्थाका बारेमा छलफल भयो । नेपालले भन्नुभयो, 'हालको सरकारबाट राजनीतिक समस्याको समाधान निस्कन सक्दैन । मुख्य राजनीतिक दललाई नै सत्ता सम्हाल्न दिनुपर्छ । एमाले सबै राजनीतिक दललाई समेटेर अगाडि बढ्न सक्छ । माओवादीसँग भइरहेको वार्तालाई पनि निष्कर्षमा पुऱ्याउन सक्छ । यसबाट राजसंस्थालाई पनि दीर्घकालीन रूपमा फाइदा हुन्छ ।' साथै उहाँको भनाइ थियो, 'हामी राजासँग आवश्यक सहकार्य गर्न तयार छौं । यसमा तपाईंले समन्वयकारी भूमिका निर्वाह गर्नुपऱ्यो । म त्यस्तो सरकारको नेतृत्व गर्न सक्षम छु, मलाई मदत गर्नुपऱ्यो ।'

उहाँका कुरा सुनेपछि मैले 'एमालेको नेतृत्वमा काङ्ग्रेस सरकारमा आउन सक्छ ?' भन्ने प्रश्न राखें र भनें, 'राजसंस्थाप्रति एमालेको दृष्टिकोण के हो ? तपाईं र एमालेको धारणा स्पष्ट रूपमा सार्वजनिक हुनुपऱ्यो ।' प्रत्युत्तरमा डा. खनालले 'हामी संवैधानिक राजतन्त्रप्रति पूर्ण प्रतिबद्ध छौं' भन्नुभयो । मैले 'त्यसो भए एमालेको पार्टी निर्णय र अन्तरपार्टी निर्देशनमा किन राजसंस्थाप्रति कडा नकारात्मक दृष्टिकोण छ त ?' भनी प्रश्न गरें । डा. खनालले 'म पार्टीका दस्तावेज नै पठाइदिन्छु, स्वयं पढेर नै जिज्ञासा मेटाउन सक्नुहुन्छ' भन्नुभयो ।

त्यसपछि मैले महासचिव नेपाललाई 'तपाईं सरकारको नेतृत्व गर्न खोज्नुहुन्छ, तर केही दिनअगाडि आमसभामा किन राजसंस्थाप्रति कडा आलोचनात्मक टिप्पणी गर्नुभयो, यसलाई कसरी हेर्ने ?' भनेर प्रश्न राखें । उहाँले भन्नुभयो, 'आमसभामा बोल्ने कुरा र आपसी छलफल गरेर सहमतिमा पुग्ने विषय फरक हुन्छन् । पार्टी नेताको हैसियतले कहिलेकाहीं कार्यकर्ता तथा जनताको चाहना अनुसार पनि बोल्नुपर्ने हुन्छ । त्यसैलाई एमालेको राजसंस्थाप्रतिको दृष्टिकोण हो भनेर हेर्न मिल्दैन । त्यसरी बुझिदिनु भएन ।' छलफलमा डा. दुमन थापा पनि बस्नुभएको थियो ।

मेरो कार्यालय जाने समय भइसकेको हुँदा म महासचिव नेपालसँग बिदा भएर निस्कें । म निस्कने बेलामा समेत उहाँले 'तपाईंबाट सहयोगको अपेक्षा राखेको छु' भन्नुभयो । मैले पनि 'मेरो सधैं शुभकामना र सहयोग रहनेछ' भनें ।

## २०६० वैशाख २१ गते आइतबार

माओवादी वार्ताटोलीका सदस्यहरूले हिजो श्रीहर्ष कोइरालाको घरमा काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला र अन्य केही नेतासँग भेटघाट गरे । त्यहाँबाट माओवादी नेताहरू सोझै एमाले महासचिव माधवकुमार नेपालको कोटेश्वरस्थित निवासमा पुगेको खबर छ । ती बैठकमा के–के विषयमा छलफल भयो, विस्तृत विवरण आएको छैन ।

राजनीतिक दलले संयुक्त रूपमा बृहत् आमसभा गर्ने तयारी गरिरहेका बेला माओवादीको समेत सहभागिताका लागि त्यो भेट भएको हुन सक्ने बुझिएको छ । त्यसैले यो भेटलाई अर्थपूर्ण रूपमा लिनुपर्छ । दलहरूलाई माओवादीको समर्थन नरहने र जनताको समेत त्यस्ता आमसभामा उत्साहजनक सहभागिता नहुने विश्लेषण छ ।

यसै प्रसङ्गमा मैले मन्त्री नारायणसिंह पुनलाई फोनमा प्रश्न गरेँ, 'माओवादी वार्ताटोलीका सदस्यले आन्दोलनरत दलका नेतालाई कुन प्रयोजनका लागि भेटिरहेका छन् ? उनीहरू वार्तामा रहने हो कि आन्दोलनकारीसँग मिल्ने हो ? यस विषयमा माओवादीले आफ्नो एजेन्डा स्पष्ट पार्नुपर्छ ।' मन्त्री पुनले भन्नुभयो, 'मैले यो विषय उनीहरूसँग बारम्बार उठाउने गरेको छु । उनीहरूले वार्तामा हामी गम्भीर छौँ, हाम्रा तीन एजेन्डा (गोलमेच सम्मेलन, सर्वदलीय सरकार र संविधानसभाको चुनाव) मा अन्य दलले सहमति नजनाएसम्म हाम्रो उनीहरूसँग कुनै सहकार्य हुन सक्दैन, बरु हाल चर्चामा आएको सर्वदलीय सरकारको कुराले हामी सशङ्कित छौँ भन्ने गरेका छन् ।'

दलहरूले जनआन्दोलन घोषणा गर्न आज राजधानीमा 'बृहत् आमसभा' आयोजना गरेका थिए । आमसभामा संसद्मा प्रतिनिधित्व गर्ने मुख्य पाँच पार्टीको सहभागिता थियो । पार्टीहरूले आशा गरे अनुसार आमसभामा जनसहभागिता देखिएन । खास कार्यकर्ता र समर्थक गरी १२/१५ हजारको उपस्थिति देखियो । यो आमसभा यसअघि माओवादीले गरेको भन्दा निकै सानो थियो । नेताहरूले भाषणका क्रममा राजसंस्थाका विरुद्ध ज्यादै अमर्यादित शब्द समेत प्रयोग गरे । यो निकै गम्भीर र आपत्तिजनक विषय हो । यस बाहेक उनीहरूले पुरानै राजनीतिक कुरा दोहोऱ्याए । साथै एक साताको आन्दोलनको कार्यक्रम सार्वजनिक गरे ।

प्रत्यक्षदर्शीहरूका अनुसार 'बृहत् आमसभा' प्रति दर्शकमा माझ खासै उत्साह देखिएन । कसैकसैले 'यो आन्दोलनको औचित्य नरहेको' धारणा समेत प्रकट गरेका थिए । आमसभामा सहभागी केही एमाले कार्यकर्ताले आफ्नो दलका कार्यकर्ताको उपस्थिति कम भएकोमा दुःखमनाउ समेत गरे । कतिपय दर्शकले काङ्ग्रेसको उपस्थिति बढी छ भनेका थिए । नेपाल सद्भावना पार्टीको उपस्थिति लज्जास्पद रहेको समेत टिप्पणी आएको छ । आमसभाको समग्र विश्लेषण गर्दा जनताको सहभागिता निराशाजनक भएकाले आन्दोलनरत दलहरूले माओवादीसँग सम्झौता गर्ने वा आफ्नो कमजोरी लुकाउन 'एग्रेसिभ' हुन सक्ने दुईमध्ये एक विकल्प अपनाउन सक्ने देखिन्छ ।

हालको राजनीतिक परिस्थितिमा श्री ५ को सरकारले केही नयाँ रणनीति अवलम्बन गर्नुपर्ने देखिन्छ । यस अन्तर्गत राजनीतिक दलहरूको द्वैध चरित्रका विरुद्ध सञ्चार माध्यममा बृहत् भन्डाफोर अभियान सञ्चालन गर्नुपर्ने हुन्छ । बुद्धिजीवी, राजनीतिज्ञ र लेखकलाई राजनीतिक नेताका गलत क्रियाकलापका विरुद्ध विभिन्न लेख-रचना लेख्न लगाउँदा उपयुक्त हुन्छ । विगतमा उनीहरूले गरेको भ्रष्टाचार, सत्ताका लागि सांसद खरिद-बिक्री जस्ता विसङ्गतिलाई उजागर पार्दै लैजानुपर्छ । वर्तमान आन्दोलनको औचित्य नभएको कुरा समेत प्रेस मार्फत जनतामा पुऱ्याउनु सान्दर्भिक हुन्छ ।

साथसाथै, माओवादीलाई मूलधारको राजनीतिमा ल्याउन र आन्तरिक सहमतिको बाटो खोज्न प्रयास जारी राख्नुपर्छ । सशक्त राजनीतिक र बौद्धिक व्यक्तिहरू समावेश गरी मन्त्रिपरिषद् पुनर्गठन गर्ने, १२ देखि १८ महिनाको समय राखी प्रतिनिधिसभाको चुनावको मिति तय गर्ने, शान्तिवार्ता जारी राखेर वा तत्काल अन्त्य गरी माओवादीलाई समेत चुनावमा सहभागी गराउन कोसिस गर्ने अहिलेको रणनीति हुनुपर्छ । सुरक्षा निकायका प्रमुखहरूले समेत विभिन्न राजनीतिक दलका नेतालाई आमसहमतिमा ल्याउन पहल गर्नुपर्छ ।

भारतीय सरकारबाट राष्ट्रिय अनुसन्धान विभागलाई सहयोगस्वरूप प्राप्त 'टेलिफोन मनिटरिङ सिस्टम' मा जडान गर्दा नै समस्या उत्पन्न भएको छ । समस्या निराकरणका लागि भारतबाटै टेक्निसियन बोलाइएको छ । उक्त सिस्टमको मूल्य करिब एक करोड भारतीय रुपैया रहेको भनाइ छ । यसले काम गऱ्यो भने 'इन्टेलिजेन्स' का लागि निकै मदत पुग्ने देखिन्छ ।

## २०६० वैशाख २४ गते बुधबार

मेरो कार्यालय (प्रमुख सैनिक सचिवालय) मा 'सिचुएसन सेन्टर' स्थापना गरी काम सुरु भइसकेको छ । विभिन्न राजनीतिक दलबाट प्राप्त सूचना तथा विश्लेषण, गुप्तचर निकायका सूचना तथा योजना, समसामयिक राजनीतिक गतिविधि, स्वदेशी तथा विदेशी विशेषज्ञ र विश्लेषकसँगको छलफलबाट प्राप्त सुझाव आदिका आधारमा राजसंस्थाका लागि तत्कालीन र दीर्घकालीन रणनीति बनाउन मदत पुगोस भन्ने अभिप्रायले यो सेन्टर स्थापना गरिएको हो । यसका लागि टिम समेत तयार भइसकेको छ र केही महिनादेखि त्यसले काम गरिरहेको छ । वर्तमान टिमको एक–दुई वर्षको काम हेरी त्यसको मूल्याङ्कनका आधारमा सेन्टरलाई अगाडि बढाउँदा राम्रो हुने भनेर मैले सरकारमा जाहेर गरें ।सरकारबाट 'यसलाई अहिलेकै डिजाइन अनुसार पूर्ण रूपमा सञ्चालन गर्नू' भन्ने हुकुम भयो ।

सेन्टर अन्तर्गत विभिन्न स्थानबाट प्राप्त सूचनाका आधारमा तयार पारिने हरेक दिनको सङ्क्षिप्त विवेचना प्रमुख सैनिक सचिवालयबाट सरकारमा जाहेर गर्ने प्रक्रिया आजैदेखि सुरु भयो । सेन्टरको केही महिनाको अध्ययन र विश्लेषणपछि हाल देशमा रहेका प्रमुख 'ब्रोडसिट' दैनिकबाट देश र जनताको हितमा भन्दा पनि सस्तो लोकप्रियताका निम्ति राजसंस्थाको विरोधमा समाचार प्रकाशित भइरहेको निष्कर्ष निस्केको छ । यसरी देश र जनताको हित विपरीत समाचार प्रवाह हुनु ज्यादै संवेदनशील विषय हो । यस्ता दैनिक शुद्ध व्यापारिक हिसाबले सञ्चालित छन् । त्यसैले यीसँग प्रतिस्पर्धा गर्न सक्ने र पूर्ण व्यावसायिक किसिमका नयाँ 'ब्रोडसिट' दैनिक पत्रिका सञ्चालन गर्न लगानीकर्ता खोज्नुपर्ने समेत निष्कर्ष सेन्टरले निकालेको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टीले सबै पक्ष समेटेर सशक्त पार्टीका रूपमा गति लिन नसक्ने देखिएको छ । त्यसैले काङ्ग्रेस र एमालेमा रहन नसक्ने राष्ट्रवादी व्यक्तिरूलाई समावेश

गरी सशक्त तेस्रो शक्तिका रूपमा नयाँ पार्टी स्थापना गर्नका लागि जनाधार भएका नेता खोज्नुपर्ने सेन्टरले विश्लेषण गरेको छ । तेस्रो शक्ति निर्माण सम्बन्धी विषय जाहेर हुँदा सरकारबाट 'गृहकार्य गर्दै जानू' हुकुम भयो ।

हालै माओवादी वार्तटोलीका सदस्य रामबहादुर थापाले राजनीतिक पार्टीहरूको आन्दोलनलाई सहयोग पुग्ने गरी दिएको प्रेस वक्तव्य सार्वजनिक भएको छ । यसबारे जानकारी लिन मन्त्री नारायण सिंह पुनलाई भनेको छु ।

दक्षिण कोरियामा नेपाली कामदारको माग अत्यधिक भएकाले माओवादी हिंसाबाट पीडित केही व्यक्तिलाई सरकारी कोटाबाट त्यहाँ पठाउन सके राम्रो हुन्छ । नेपाली कामदार दक्षिण कोरिया पठाउन मुनड्रप्स नामक म्यानपावर कम्पनीले एकलौटी काम गरिरहेको र अनियन्त्रित रकम उठाइरहेको छ । राजपरिवारका सदस्यसँग निकट सम्बन्ध रहेका कारण उक्त कम्पनीलाई कसैले नियन्त्रण गर्न नसकिरहेको भन्ने जनगुनासो सुनिएको छ । यसमा ध्यान पुग्नुपर्ने देखिन्छ ।

विगतदेखि नै सेनाका विभिन्न युनिटमा सञ्चालित अधिकृत मेसमा प्रशस्त सैनिकहरूको प्रयोग हुँदै आएको छ । त्यो काममा भूतपूर्व सैनिकहरूलाई अवसर दिए ठूलै सैनिक जनशक्ति सेनाका अन्य काममा प्रयोग गर्न सकिन्छ । यसै सन्दर्भमा राजदरबारमा रहेका विभिन्न सैनिक युनिटमा छुट्टाछुट्टै सञ्चालित अधिकृत मेसहरूलाई एक स्थानमा सञ्चालन गर्ने उद्देश्य अनुरूप 'सेन्ट्रल मेस' निर्माण भइरहेको थियो । उक्त मेस तयार भयो । दरबारभित्र कार्यरत र बाहिरका अधिकृतबाट समेत यो कार्यको निकै प्रशंसा भयो । दरबारभित्र रहेका गणको वार्षिकोत्सवको उपलक्ष्यमा सरकारलाई नजर गराउने सांस्कृतिक कार्यक्रम तथा रात्रिभोज समेत यसै स्थानमा गर्ने योजना छ । आगामी शुक्रबार हुने कालीबहादुर गणको वार्षिकोत्सव कार्यक्रममा यही मेसमा सिट डाउन डिनर आयोजना गरिने भएको छ । 'सेन्टर मेस' निर्माणका लागि सरकारबाट समेत केही रकम निकासा बक्सेको थियो । 'यो प्रणाली राम्रो भएको हुँदा सेनाका अन्य स्थानमा पनि लागू गर्दा राम्रो हुन्छ,' सरकारबाट हुकुम भएको छ ।

मन्त्री नारायणसिंह पुनले मलाई फोन गरेर भन्नुभयो, 'माओवादी वार्तटोलीका सदस्यहरूसँग अनौपचारिक छलफल गरी विश्वासको वातावरण तयार गर्दै जाने कुरा भइरहेको छ । आगामी शुक्रबार ११ बजे होटल शङ्करमा औपचारिक वार्ताको कार्यक्रम तय भएको छ । रामबहादुर थापा 'बादल'सँग उहाँले हालै दिएको वक्तव्यका बारेमा कुरा गर्दा 'आफ्नो आशय त्यस्तो नरहेको र प्रेसले बङ्ग्याएर छापेको' बताउनुभयो । अक्सर नेताहरू आफूले बोलेका कुरामा समस्या वा विवाद आइपरे यसै भनेर उम्कने गरेका छन् । बादलले पनि त्यसै गर्नुभयो ।'

देशको आर्थिक अवस्था नाजुक भइरहेका बेला राजदरबारमा अनावश्यक रूपमा करोडौं रकम गइरहेको भनेर नेताहरूले निराधर हल्ला चलाइरहेका छन् । यस्ता हल्ला किन चलाइन्छन् ? यसबारे निकै संवेदनशील भएर सोचविचार पुऱ्याउनुपर्छ ।

एमाले नेता कृष्णगोपाल श्रेष्ठले एक सभामा राजसंस्थाका बारेमा ज्यादै अमर्यादित

भाषा प्रयोग गरेको खबर आएको छ । एमाले नेताहरूबाट यस किसिमको द्वैध चरित्र पटक-पटक प्रदर्शन भइरहेको छ । श्रेष्ठलाई काठमाडौँका प्रमुख जिल्ला अधिकारी मार्फत स्पष्टीकरण सोध्ने हो कि भनेर विचार भइरहेको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता डा. प्रकाशचन्द्र लोहनी आज बिहान मलाई भेट्न आउनुभयो । मसँग पुरानो चिनजान भएका कारण होला, हालको राजनीतिक परिवेशबारे उहाँले खुलेर निकै लामो विश्लेषण सुनाउनुभयो । उहाँले भन्नुभयो, 'वर्तमान प्रधानमन्त्रीबाट समस्याको समाधान हुन सक्दैन । सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाउँदा पनि राम्रो हुन्छ । तर देशले नयाँ प्रधानमन्त्री खोजेको छ । पुरानाबाट अहिलेको समयलाई सम्बोधन हुन सक्दैन । म त केही राजनीतिक विषयमा प्रतिबद्धता गराएर एमाले महासचिव माधवकुमार नेपाललाई प्रधानमन्त्री बनाउँदा पनि राम्रै हुने देख्दछु । तर कम्युनिस्टहरूको कुनै भर हुँदैन । त्यसैले आवश्यकता पर्‍यो भने र अनुभवका आधारमा पनि म अहिलेको कठिन अवस्थामा जिम्मेवारी लिन तयार छु । यो कुरा सरकारमा जाहेर गरिदिनुपर्‍यो ।' उहाँका कुरा सुनेर मैले भनेँ, 'डाक्टरसाबको विश्लेषण ज्यादै वस्तुपरक लाग्यो । तपाईंले भन्नुभएका सबै कुरा म सरकारमा जाहेर गर्छु । केही निर्देशन प्राप्त भयो भने तपाईंलाई खबर गर्छु । अथवा, डाक्टरसाबको सरकारसँग राम्रो चिनजान भएकाले आफैँले आफ्नो कुरा राख्दा अझ राम्रो होला । दर्शनभेटको समय मिलाउन म प्रयास गरूँला ।'

विशेष स्रोतका अनुसार काङ्ग्रेस प्रजातान्त्रिकका नेता खुमबहादुर खड्काले आज प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई भेटी आफूलाई अख्तियारले कारबाही गर्न लागेको भन्दै चिन्ता व्यक्त गर्नुभएको छ । उहाँले राजनीतिक नियतवश कार्य भए आफूलाई मात्र नभएर महाराजाधिराजलाई पनि नराम्रो पर्ने हुँदा प्रधानमन्त्रीले विचार पुर्‍याइदिनुपर्‍यो भनेर अनुरोध गर्नुभयो । साथै खड्काले गिरिजाप्रसाद कोइरालासँग कुनै पनि हालतमा मिलेर नजान सुझाव दिनुभएको छ ।

आन्दोलनरत विद्यार्थीले आज विभिन्न स्थानमा ढुङ्गामुढा र तोडफोड गर्नुका साथै राजाको पुतला समेत जलाएका छन् । यो ज्यादै संवेदनशील कुरा हो ।

## २०६० वैशाख २५ गते बिहीबार

पूर्व प्रधान न्यायाधीश केशवप्रसाद उपाध्यायले 'मैले दरबार हत्याकाण्डका बेला त्यत्रो जिम्मेवारी निर्वाह गरेँ, अहिले दरबारबाट मेरो मूल्याङ्कन भएन, म दरबारबाट टाढा भएँ' भनेर आफ्ना निकटका व्यक्तिसँग गुनासो गर्नुभएको बुझियो । दरबारका हामी केही सचिवले उहाँलाई फ्रान्सको राजदूत बनाउन पहल गरेका थियौँ । तर किन हो, उहाँ नियुक्त हुन सक्नुभएन । यसमा मलाई दुःख लागिरहेको छ ।

सेनाका ४ नम्बर वाहिनीपतिसँग सुर्खेतमा रहेको राजदरबारको जग्गाका बारेमा बुझ्दा लाटीकोइली गाविस र झुप्रा भेरी भन्ने स्थानमा राजदरबारको नाममा ३४ बिघा जग्गा दर्ता रहेको थाहा भयो । उहाँले त्यसको लालपुर्जा दरबारमै पठाइसकिएको जानकारी गराउनुभयो । त्यस्तै सुनसरीको तरहरा, धनकुटा र चिसापानीमा समेत दरबारको

नाममा धेरै जग्गा छ । अहिलेको अवस्थामा दरबारका लागि यी जग्गा चाहिने हो या होइन ? चाहिने हो भने केका निम्ति कसरी प्रयोग गर्ने ? नचाहिने हो भने सेनालाई ब्यारेक निर्माणका लागि बक्सँदा राम्रै सन्देश जान्छ । मैले यी कुरा जाहेर गर्दा सरकारबाट 'प्रमुख राजदरबार पदाधिकारीसँग कुरा गरेर पहिले सबै जग्गाको लालपुर्जा तयार गर्न लगाउनू, त्यसपछि के गर्ने भन्ने निर्णय गरौंला' हुकुम भयो ।

माओवादी वार्ताटोलीका सदस्य डा. बाबुराम भट्टराई र मातृकाप्रसाद यादवले आज दिउँसो साढे ३ बजे भारतीय राजदूतावास गएर डेपुटी चिफ अफ मिसन अशोक कुमार र पोलिटिकल सेक्रेटरी वेङ्कट रावसँग कुराकानी गरेको खबर छ । वार्तामा कुमारले मुख्य रूपमा भारतमा रहेका आतङ्ककारी सङ्गठनसँग माओवादीको कस्तो सम्बन्ध छ, नेपालमा माओवादीका तर्फबाट आतङ्ककारी क्रियाकलाप जारी छ/छैन, पाकिस्तानी गुप्तचर संस्था (आईएसआई) सँग माओवादीको कस्तो सम्बन्ध रहेको छ भन्ने जिज्ञासा राखेका थिए ।

प्रत्युत्तरमा डा. भट्टराईले भन्नुभएको थियो, 'भारतका कुनै पनि विद्रोही सङ्गठनसँग हाम्रो सहयोग तथा कार्यगत एकता छैन । कुनै सङ्गठनसँग सैद्धान्तिक समर्थन मात्र हुन सक्छ । हामीले कुनै पनि आतङ्ककारी क्रियाकलाप गरेका छैनौं । भारतमा राजनीतिक गतिविधि मात्र गरेका छौं, कुनै पनि किसिमको हिंसात्मक गतिविधि गरेका छैनौं । तर भारत सरकारले हाम्रा कार्यकर्तालाई पक्राउ गरेर नेपाललाई सुपुर्दगी गरेको छ । यसमा हामीलाई दुःख छ । भारतको सुरक्षा अवधारणाप्रति हामी पूर्ण सचेत छौं । हाम्रो कुनै पनि विदेशीसँग साँठगाँठ छैन । हाम्रो विशुद्ध आन्तरिक राजनीतिक आन्दोलन मात्र हो । हामीलाई दबाउन अमेरिका लागिपरेको छ । साम्राज्यवादीको नियतै यस्तै हुन्छ । तर यो कुनै पनि हालतमा हामीलाई स्वीकार्य छैन ।'

भारतीय राजदूतावासबाट फर्किएर उहाँहरू त्यही नजिकै रहेको पद्मरत्न तुलाधरको निवासमा प्रवेश गरेको बुझियो । माओवादी नेता र तुलाधरबीच के कुरा भयो, यथार्थ रूपमा बुझ्न सकिएन ।

हालै अमेरिकी राजदूत माइकल ई. मालिनोस्कीसँगको भेटमा काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले भारतीय राजदूतको क्रियाकलापप्रति रोष प्रकट गरेको खबर छ । उक्त कुरा अमेरिकी राजदूतले भारतीय राजदूतलाई सुनाएपछि भारतीय राजदूत कोइरालाप्रति झन् रुष्ट भएको बुझिएको छ । अमेरिकी राजदूतले अन्य कूटनीतिज्ञसँग कुरा गर्दा सर्वदलीय सरकारप्रति असहमति जनाउने गरेको तर ब्रिटिस राजदूत भने सर्वदलीय सरकारको पक्षमा देखिने गरेको सूचना आएको छ ।

काङ्ग्रेस नेता डा. रामशरण महतले 'राजनीतिक दलले आन्दोलनको औचित्य पुष्टि गर्न सकेनन्, म सरकारको दर्शनभेट माग्दिनँ तर दरबारबाट बोलाए सहर्ष दर्शनभेटका लागि जान्छु' भनेर आफूनिकटका नेतासँग भन्ने गरेको बुझिएको छ ।

मुलुकमा अहिलेको सबैभन्दा ठूलो समस्या भनेको नै शान्ति-सुरक्षा र अमनचैन कायम गर्न नसक्नु हो । यस अवस्थामा सरकार परिवर्तन गर्दा माओवादीसँग जारी

शान्तिवार्ता के हुन्छ भन्नेबारे पहिले नै विचार पुऱ्याउनु आवश्यक छ ।

वीरगन्ज उपमहानगरपालिका पूर्वमेयर विमलप्रसाद श्रीवास्तवले आज मसँग भेट्नुभयो । सो अवसरमा उहाँले भन्नुभयो, 'मलाई बक्सेको दर्शनभेटमा सरकारबाट वीरगन्ज नगरपारि भारतीय सहरमा रहेका बुद्धिजीवी र राजनीतिज्ञसँग राम्रो सम्पर्क गरिराख्नू, नेपालको राष्ट्रहित सम्बन्धी राम्रा-राम्रा लेख-रचना भारतका प्रेसहरूमा छपाउन लगाउनू साथै सीमापारि राम्रो जनसम्पर्क कायम राख्नू भनी हुकुम भएको थियो । सोही सिलसिलामा भारतीय सहर बेतियाका भारतीय जनता पार्टीका सांसद डा. मदन जैसवालसँग राम्रो सम्पर्क स्थापित भएको छ । उहाँले काठमाडौं आएर पशुपतिनाथको दर्शन गर्ने इच्छा राख्नुभएको छ । त्यस बेला उहाँका लागि सरकारको दर्शनभेटको कार्यक्रम राख्दा राम्रो हुनेछ ।' साथै उहाँले भन्नुभयो, 'जर्साबले मलाई राम्रा लेख-रचना उपलब्ध गराइदिए हिन्दीमा अनुवाद गर्न लगाएर म सीमापारिका पत्रपत्रिकामा प्रकाशित गर्न लगाउने थिएँ । हाल म स्वतन्त्र रूपमा बसेको छु । सरकारबाट पनि यसै गरी बस्न निर्देशन बक्सेको थियो । तर मलाई मेरा कार्यकर्ताले कुनै दलमा आबद्ध हुन दबाव दिइरहेका छन् । म के गरूँ ? जाहेर गरिदिनुपऱ्यो ।'

उद्योगपति मोहनगोपाल खेतानले निरन्तर मौखिक र लिखित रूपमा नेपालका राजनीतिक नेता र भारतको आलोचना गरिरहनुभएको छ । उहाँलाई कसले उक्साएको छ वा प्रोत्साहन दिएको छ भन्नेबारे धेरै मानिसको जिज्ञासा रहेको छ ।

माओवादीको माग बमोजिम र विश्वासको वातावरण बनाउने सिलसिलामा थुनामा रहेका माओवादी नेताहरू मुमाराम खनाल, रवीन्द्र श्रेष्ठ र वामदेव क्षेत्रीलाई रिहाइ गर्न श्री ५ को सरकारले निर्णय गर्दै छ । उता, माओवादीले सेना ब्यारेकमा रहने र ब्यारेकको पाँच किलोमिटरभन्दा बाहिर कुनै पनि सैनिक गतिविधि गर्न नपाउने प्रस्ताव राखेका छन् । यो कुरा मन्त्री पुनले मलाई जानकारी गराउनुभयो । साथै उहाँले भन्नुभयो, 'सेनाले जनताका लागि मानवीय गतिविधि जहाँ पनि गर्न पाउनुपर्छ, यसमा कुनै रोकटोकको कुरा आउँदैन भनेर हामीले भनेका छौं ।' सेना ब्यारेकको पाँच किलोमिटरभित्र सीमित हुने निर्णय के हो भन्नेबारे सबै दलले जिज्ञासा राखेको पाइएको छ ।

अमेरिकी राजदूतावासको सैनिक सहचारी कार्यालयमा सैनिक विशेषज्ञका रूपमा कार्यरत नेपाली नागरिक प्रेमकिशोर सिंह ३५ वर्षको कार्यकालपछि अवकाश पाउँदै हुनुहुन्छ । अमेरिकाका विभिन्न सैनिक तालिम केन्द्रमा शाही नेपाली सेनाका अधिकृतलाई तालिम गराउने सिलसिलामा उहाँले सहयोग गर्दै आउनुभएको छ । उहाँको योगदानको कदरस्वरूप तक्मा निगाह भएमा राम्रो हुने देख्दछु भनेर मैले सरकारमा जाहेर गरें । सरकारबाट 'कुन तक्मा दिंदा उपयुक्त हुन्छ, तक्मा समितिसँग समन्वय गरेर दिनू' हुकुम भयो ।

केही समयदेखि मुख्य राजनीतिक दलका नेता तथा कार्यकर्ताले राजसंस्थाका विरूद्ध अमर्यादित र उग्र नारा लगाउने गरेका छन् । त्यो पार्टीलाई नै प्रत्युत्पादक भएको देखिएकाले त्यसो नगर्न पार्टीहरू स्वयंले निर्देशन जारी गरेको बुझिएको छ ।

## २०६० वैशाख २९ गते सोमबार

आन्दोलनरत पार्टीले आज मसाल जुलुसको कार्यक्रम राखेका थिए । श्री ५ को सरकारले पनि आन्दोलनका क्रममा जनतालाई आतङ्कित पार्ने, आगजनी गर्ने साथै राजसंस्थाका विरूद्ध अमर्यादित नारा लगाउने जस्ता कार्य निषेध गर्दै सूचना जारी गरेको थियो । साथै त्यस्तो कार्य नगर्न सर्वसाधारणमा समेत अनुरोध गरेको थियो । तर उत्तेजित भीडले सरकारी अनुरोधलाई अवज्ञा गरी प्रहरीमाथि नै ढुङ्गामुढा गऱ्यो । त्यस क्रममा प्रहरीले कतिपय स्थानमा सामान्य लाठीचार्ज गर्दा केही नेतालाई चोटपटक लागेको छ । स्थितिलाई संयमतासाथ नियन्त्रणमा लिनुपर्ने देखिन्छ । सल्यान र नेपालगन्जमा आन्दोलनरत केही व्यक्तिलाई प्रहरीले पक्राउ गरेर केही घण्टापछि छाडेको खबर छ ।

मानार्थ शाही पार्श्ववर्ती उपरथी भरतकेशर सिंहले मलाई फोन गरी 'भूतपूर्व प्रधानमन्त्री सूर्यबहादुर थापाले मलाई भेट्न खोज्नुभएको थियो, आज मैले भेटें, सरकारमा केही कुरा जाहेर गर्नु छ, जर्साबले सरकारको दर्शनभेट मिलाइदिनुपऱ्यो' भनेर अनुरोध गर्नुभयो ।

त्यस्तै, काङ्ग्रेसकी नेत्री शैलजा आचार्यले समेत सरकारको दर्शनभेट खोजेको सन्देश शाही रक्षक सैनिक प्रहरीका प्रमुख तेजप्रकाश शाह मार्फत पठाउनुभएको रहेछ । यस सम्बन्धमा शाहले मलाई जानकारी गराउनुभयो ।

*घटना र विचार* साप्ताहिकमा गत बुधबार र *तरूण* साप्ताहिकमा आज प्रकाशित समाचारमा शरदचन्द्र शाह र सैनिक सचिव विवेक शाह (म) बीचको सम्बन्धका बारेमा टीकाटिप्पणी गरेको पाइयो । समाचारमा, दामोदरशमशेर जबराको घरमा भएका बैठकमा अन्य विभिन्न व्यक्तिका अलावा सैनिक सचिव विवेक शाहको समेत सहभागिता हुने गरेको भन्ने पनि छापिएको छ । यी पङ्क्ति लेख्दा म उक्त तथ्यहीन, निराधार तथा आम नागरिकलाई भ्रमित पार्ने उद्देश्यले प्रकाशित समाचार पढिरहेको छु ।

मन्त्री पुनले मलाई फोन गरेर भन्नुभयो, 'हिजो म जोमसोम गएको थिएँ । खराब मौसमका कारण पोखरामा बसेँ । त्यहाँ प्रधान सेनापति पनि भ्रमणमा आएर ३ नम्बर वाहिनीमा बस्नुभएको थाहा पाएर भेट्न गएँ । उहाँसँग कुराकानी भयो । हामीबीच हाल भइरहेको वार्तालाई ट्र्याकमा राख्नुपर्छ, जस्तोसुकै 'ट्याक्टिकल एड्जसमेन्ट' गरेर भए पनि रणनीतिक उद्देश्य पूरा गर्नैपर्छ, राजनीतिक पार्टीलाई समेत वार्ता ट्र्याकमा छ भन्ने सन्देश दिनैपर्छ, शान्तिका लागि हर प्रयास गर्ने तर कुनै पनि खराब अवस्थाका लागि तयार रहने भन्नेबारे परामर्श भयो ।'

नेपाल मजदुर किसान पार्टीका नेता बुद्धि गोसाईले 'आन्दोलनरत पार्टीहरूले लगाउने गरेको उच्छृङ्खल र अमर्यादित नारा ठीक भएन, यसले राजनीतिलाई खराब दिशातिर मोड्न सक्छ, हामीले हाम्रा कार्यकर्तालाई त्यसो नगर्न निर्देशन दिएका छौं' भन्ने गरेको बुझियो ।

काठमाडौंमा रहेका एमाले केन्द्रीय सदस्यहरूको आज बिहान अनौपचारिक बैठक बसेको छ । यस्तै, तीन दिनअगाडि राप्रपा नेता रवीन्द्रनाथ शर्मा, नारायणमान बिजुक्छे

र एमाले महासचिव माधवकुमार नेपालबीच पनि छलफल भएको छ । यसैबीच, आज दिउँसो ३ बजे सर्वदलीय बैठक आयोजना गरिएको छ ।

## २०६० वैशाख ३१ गते बुधबार

मन्त्री नारायणसिंह पुनले मलाई फोन गरेर केही निराशाजनक स्वरमा 'हालको शान्ति प्रक्रियामा कसैले पनि सहयोग गरेका छैनन्, यदि राम्रो हुन्छ भने म वार्ताटोलीबाट राजीनामा गर्न तयार छु, यसका लागि सरकारमा जाहेर गरिदिनुपर्‍यो, तर शान्ति प्रक्रिया बिथोलिनु हुँदैन, अगाडि बढ्नैपर्छ' भन्नुभयो ।

राजदरबारको लगानीमा अफसेट प्रेस राख्ने सोचाइ भइरहेको छ । यसलाई पूरै व्यावसायिक बनाउने र यसै मार्फत उत्कृष्ट दैनिक समाचारपत्र प्रकाशित गर्ने सोचाइलाई समेत मूर्त रूप दिने भन्ने कुरा भएको छ ।

राष्ट्रिय अनुसन्धान विभागका पूर्वप्रमुख हरिबाबु चौधरी आज मलाई भेट्न घरमा आउनुभएको थियो । उहाँले केही दिनअगाडि पूर्वगृहमन्त्री गोविन्दराज जोशीलाई भेट्नुभएको रहेछ । उहाँका अनुसार जोशीले 'कम्युनिस्टसँग मिलेर आन्दोलन गर्न नहुने रहेछ, बूढा (गिरिजाप्रसाद कोइराला) अनावश्यक रूपमा लागिहाले, बडो बरबाद भइरहेको छ' भनेर निराशाजनक कुरा गर्नुभएको रहेछ । त्यस्तै एमाले नेता केपी शर्मा ओलीले पनि 'वर्तमान आन्दोलनको कुनै औचित्य छैन, यो त हाम्रो भूमिकालाई कम गर्न महासचिवले खेलेको खेल मात्र हो' भन्दै महासचिवको तीव्र विरोध गर्नुभएको रहेछ । यी जानकारी दिँदै चौधरीले उहाँले मलाई अहिलेको परिस्थितिका बारेमा आफ्नो विश्लेषण सुनाउनुभयो । यसैबीच पूर्व प्रहरी महानिरीक्षक प्रदीपशमशेर जबराले हालको परिस्थिति र अन्य केही विषयमा निर्देशनका लागि सरकारको दर्शनभेट खोज्नुभएको छ ।

एमाले र माओवादीबीच विभिन्न स्थानमा झडप भएको खबर आएको छ । कालीकोटमा माओवादी कार्यकर्ताले एमालेका कार्यकर्तालाई माधव नेपालको भरौटे, वार्ता बिथोल्न खोजेको भन्दै आक्रमण गरेको सूचना प्राप्त भएको छ ।

गिरिजाप्रसाद कोइराला र उहाँकी छोरी सुजाता कोइराला डा. गोपाल शर्माकी छोरीको विवाहका लागि आज विराटनगर गएको खबर छ । जहिले पनि विराटनगर गएर कोइरालाले केही न केही नयाँ कुरा बोल्ने गरेकाले अहिलेको अवस्थामा उहाँको गतिविधिको तीव्र रूपमा निगरानी हुनुपर्ने देखिन्छ ।

माओवादी वार्ताटोली सदस्यहरू आफ्नो सम्पर्क कार्यालयमा पत्रकार सम्मेलन गर्दै छन् । पत्रकार सम्मेलनमा सेना पाँच किलोमिटर क्षेत्रमा सीमित हुनुपर्छ भन्नेबारे पार्टीको आधिकारिक धारणा राख्न लागेको खबर आएको छ ।

हाल जारी आन्दोलनलाई लिएर राजनीतिक पार्टीका कार्यकर्ताहरूबीच 'यो गर्मी मौसम, भोकै-प्यासै किन आन्दोलन गर्नुपर्‍यो, आन्दोलनको कुनै उद्देश्य र औचित्य समेत छैन, हामी त बाध्यतावश पार्टीले मूल्याङ्कन गर्ला कि भनेर मात्र सहभागी हुने गरेका हौँ' भन्ने टिप्पणी हुने गरेको खबर आइरहेको छ ।

एमालेका एक उच्च नेताको विश्लेषण अनुसार माओवादी र एमालेबीच चलेको वैचारिक द्वन्द्व र एमाले कार्यकर्ता माओवादीमा पलायन भइरहेको घटनाले पार्टीलाई निकै समस्या परेको छ । माओवादी पार्टीलाई वार्तामा राखिरहे आन्दोलनले गति लिन सक्तैन ।

सेनाको गतिविधि ब्यारेकको पाँच किलोमिटरमा सीमित हुनुपर्छ भन्ने विषयमा माओवादी वार्ताटोलीका सदस्यहरू अनावश्यक रूपमा बढी आक्रामक भएको देखिन्छ । यसलाई गम्भीरतापूर्वक लिनुपर्ने हुन्छ ।

## २०६० जेठ ५ गते सोमबार

मन्त्री नारायणसिंह पुनले मलाई फोन गरेर 'माओवादीले सेना ब्यारेकको पाँच किलोमिटरमा सीमित हुनुपर्छ भने पनि शान्ति प्रक्रियालाई अगाडि बढाउने सन्दर्भमा उनीहरू निकै गम्भीर छन्, अर्को चरणको वार्ता माओवादीहरूले रुकुम वा रोल्पामा गर्न चाहेका छन्, उनीहरूले प्रेसमा आफूहरूले भनेको कुरालाई बङ्ग्याइएको भन्दै खण्डन गरेका छन्' भनी जानकारी गराउनुभयो । पुनले भन्नुभयो, 'प्रधानमन्त्रीले पोखरामा क्षेत्रीय विमानस्थल र धनगढी विमानस्थललाई पक्की बनाउन जापानी राजदूतसँग आग्रह गर्नू भने अनुसार मैले राजदूतसँग कुरा गरेँ । यो वर्ष नेपाल र जापानबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५० वर्ष पूरा भएको छ । यस उपलक्ष्यमा हेटौँडा-काठमाडौँ राजमार्ग निर्माण गरी त्यसको नाम ज्ञानेन्द्र राजमार्ग राख्न समेत मैले राजदूतसँग अनुरोध गरेँ । उहाँले मेरो प्रस्तावमा सकारात्मक प्रतिक्रिया दिनुभएको छ ।' त्यस्तै उहाँले आफू मध्यपश्चिमका केही जिल्लाको भ्रमणमा भोलि नेपालगन्ज जान लागेको र जेठ १७ गते नेपाल समता पार्टीका तर्फबाट खुलामञ्चमा बृहत् आमसभा गर्ने योजना रहेको उल्लेख गर्दै 'यी कुरा सरकारमा जाहेर गरिदिनुपर्‍यो' भन्नुभयो ।

माओवादी नेता मातृकाप्रसाद यादव राप्ती अञ्चल जाने सिलसिलामा सल्यानको कपुरकोटस्थित सेनाको चेकपोस्टमा सैनिकहरूसँग निकै अमर्यादित रूपमा प्रस्तुत भएको खबर छ । सैनिकहरूले भने आफ्नो मर्यादा र कर्तव्यमा अडिग रही यादवलाई जथाभावी गर्न दिएनछन् । यसै क्रममा सबै माओवादी नेता रोल्पा जिल्लातिर लागेको बुझिएको छ । त्यहाँ माओवादीको केन्द्रीय समितिको बृहत् बैठक बस्दै छ । सम्बन्धित सुरक्षा निकायलाई यस विषयमा विशेष चासो राख्न र सतर्कता अपनाउन निर्देशन गएको छ ।

जारी वार्ताप्रति अधिकांश जनता उत्साही देखिएका छैनन् । वार्तामा सर्वप्रथम माओवादीसँग भएका हतियार बुझाउनुपर्ने प्रस्ताव राख्नुपर्ने र त्यसबारे निर्णय हुनुपर्ने धेरैको टिप्पणी छ ।

सरकारबाट आज मलाई टेलिफोनमा 'हालको मन्त्रिपरिषद्मा व्यापक हेरफेर गर्नुका साथै वार्तामा छलफल भइरहेका एजेन्डामा पनि सोचविचार गर्न सकिने' हुकुम भयो ।

वीरगन्ज उपमहानगरपालिकाका पूर्वमेयर विमलप्रसाद श्रीवास्तवले हिजो राति मलाई फोन गरेर भन्नुभयो, 'एमाले महासचिव माधवकुमार नेपालसँग मेरो सौहार्दपूर्ण सम्बन्ध

छ । बेलाबेला टेलिफोनमा समेत कुराकानी हुन्छ । उहाँसँग केही विशेष कुरा गर्नुपर्छ भने मलाई जानकारी होस् । त्यस्तै, काङ्ग्रेस प्रजातान्त्रिकका नेता प्रकाशमान सिंहसँग समेत मेरो राम्रो सम्बन्ध छ । जर्साबले समेत सिंहसँग भेटेर कुरा गर्दा राम्रो होला ।'

एमालेका एक जना शीर्ष नेताले मलाई भन्नुभयो– ईश्वर पोखरेल र प्रदीप नेपाललाई अख्तियारले कारबाही गर्न सके एमाले पार्टीलाई नै एक किसिमको सन्देश दिन सकिन्छ । उनीहरू पार्टीभित्र 'भ्रष्ट नेता' का रूपमा परिचित छन् । उनीहरूलाई कारबाही भए केपी ओली र राधाकृष्ण मैनालीको सहयोग प्राप्त गर्न सकिन्छ ।

हालै बढुवा भएका श्री ५ को सरकारका सचिवहरूको सरुवा र पदस्थापन गर्दा विगतको जस्तो नगरी दक्षता र क्षमता अनुसार उपयुक्त मन्त्रालयमा पदबहाली गराए राम्रो सन्देश जाने देखिन्छ । मन्त्रीले खोजे या रोजेको सचिवभन्दा पनि अनुभवका आधारमा सम्बन्धित मन्त्रालयमा पठाउनु उचित हुन्छ । हाल विद्यमान निजामती कर्मचारी सङ्घ-सङ्गठनहरू खारेज हुनु पनि आवश्यक छ । निजामती सेवामा सुधार ल्याउन अल्पकालीन र दीर्घकालीन योजना बनाएर कार्यान्वयन गर्न सके राम्रो हुनेछ ।

काङ्ग्रेस प्रजातान्त्रिकका नेता तथा पूर्वमन्त्री खुमबहादुर खड्काले मसँग भेट्न खोज्नुभएको छ । त्यस्तै, नेता प्रकाशमान सिंह पनि मलाई भेट्न आउने भन्ने खबर छ । माओवादी वार्ताटोलीका संयोजक डा. बाबुराम भट्टराई निकट भविष्यमा भारत जाने र भारतीय प्रधानमन्त्रीका सल्लाहकार व्रजेश मिश्रसँग भेट गर्ने कार्यक्रम तय भएको सूचना आएको छ ।

नेपालका लागि पूर्व भारतीय राजदूत केभी राजन आफ्नी धर्मपत्नी सहित हिजो राति काठमाडौं आउनुभएको छ । उहाँको कार्यक्रमका बारेमा स्पष्ट जानकारी प्राप्त भइसकेको छैन । उहाँको गतिविधिलाई उच्च निगरानीमा राखिनेछ ।

माओवादीले विभिन्न जिल्लामा आमसभा आयोजना गरेको छ । तीमध्ये सल्यानमा मातृकाप्रसाद यादव, रुकुममा देव गुरूङ र दाङमा डा. बाबुराम भट्टराई तथा रामबहादुर थापाले भाग लिने कार्यक्रम छ । त्यसपछि उहाँहरू रोल्पामा हुने केन्द्रीय कमिटीको बैठकमा सहभागी हुने खबर आएको छ ।

काङ्ग्रेस नेताहरूलाई अख्तियारले कारबाही गर्न लागेकाले त्यसको विरोधमा नेपाल विद्यार्थी सङ्घका पदाधिकारीले अख्तियार कार्यालयअगाडि आज दिउँसो २ बजे विरोध प्रदर्शन गर्न लागेको खबर छ ।

## २०६० जेठ ७ गते बुधबार

अख्तियारमा कार्यरत सहसचिव प्रेमराज कार्की आज मलाई भेट्न आउनुभएको थियो । उहाँले अख्तियारमा भइरहेको कामकारबाहीप्रति असन्तोष प्रकट गर्नुभयो । उहाँको भनाइ थियो, 'प्रमुख आयुक्तलाई एमालेले घेरेर राखेको छ । अन्य आयुक्तको विश्वसनीयतामाथि प्रश्न उठेको छ । त्यसैले उहाँहरूको पदावधि थप गर्नु हुँदैन । अदालतका न्यायाधीशहरू पनि भ्रष्टाचारमा चुर्लुम्म डुबेका छन् । न्याय क्षेत्र यसरी स्वतन्त्र

र निष्पक्ष हुन सक्दैन । देशमा सुशासन कायम गर्न अख्तियारलाई सुदृढीकरण गरेर सबै क्षेत्रका भ्रष्टाचारीलाई सशक्त कारबाही गर्नुपर्छ ।'

सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर विगत केही समयदेखि राजदरबारवरिपरिको फुटपाथमा सर्वसाधारणलाई हिंड्न निषेध गरिएको छ । अब उक्त स्थानमा आम जनताले हिंडडुल गर्न पाउने व्यवस्था मिलाउँदा राम्रो हुन्छ । किनभने राजदरबारको कम्पाउन्डभित्र निर्माण भइरहेको 'अब्जरभेटरी सेन्ट्री पोस्ट' को निर्माण अन्तिम चरणमा पुगिसकेको छ । सेन्ट्रीको सर्भिलेन्स र रातको समयमा सवारी साधनबाट गस्तीको व्यवस्था गर्दा सुरक्षा व्यवस्था मिलाउन कुनै बाधा नपर्ने देखिन्छ । यसबाट जनमानसमा सकारात्मक प्रभाव पर्न जान्छ । यस विषयमा जाहेर हुँदा सरकारबाट 'त्यसै अनुसार मिलाएर गर्नू' हुकुम भयो ।

राजदरबार परिसरबाहिर सुरक्षामा तैनाथ नेपाल प्रहरीको पोस्टको ड्युटी सशस्त्र प्रहरीलाई दिँदा ज्यादा प्रभावकारी हुने देखिन्छ । सशस्त्रले समेत राजदरबारको सुरक्षामा केही भूमिका निर्वाह गर्न पाउनुपर्छ भनेर सशस्त्र प्रहरी महानिरीक्षक सहवीर थापाले पहिले नै मसँग अनुरोध गर्नुभएको हो । यसका निम्ति हाल प्रहरीले बनाएका पोस्टलाई राम्रोसँग मर्मत गरी त्यहाँको ड्युटी सशस्त्रलाई हस्तान्तरण गर्न दुवै निकायले आपसमा छलफल गरेर व्यवस्था मिलाउनु उपयुक्त हुन्छ । त्यसै अनुसार सुरक्षा निकायहरूमा समन्वय गर्नुपर्ने भएको छ ।

प्रधानमन्त्रीले सुरक्षा अङ्गका प्रमुखहरू र वार्ता प्रक्रियालाई सघाउन गठित प्राविधिक समितिका सदस्यसँग जारी वार्ताका बारेमा छलफल गर्नुभयो । सो अवसरमा उहाँले वार्तालाई निरन्तरता दिनुपर्ने, सरकारी वार्ताटोलीले औपचारिक वार्ताअघि प्राविधिक समितिसँग छलफल गर्नुपर्ने भनेर निर्देशन दिनुभयो । छलफलपछि प्राविधिक समितिका सदस्य प्रा. मोहनप्रसाद लोहनीले घरायसी कारणले गर्दा समितिमा रहेर काम गर्न नसक्ने भनी प्रधानमन्त्रीलाई जानकारी गराउनुभयो ।

प्रधानमन्त्रीले हिजो निजी निवास, लोकन्थलीमा काङ्ग्रेस नेता रामचन्द्र पौडेलसँग भेट गरी वर्तमान राजनीतिक गतिरोधका बारेमा विस्तृत कुरा गर्नुभयो । अहिलेको राजनीतिक गतिरोध कसरी हटाउन सकिन्छ भन्नेबारे उहाँहरूबीच छलफल भयो । प्रधानमन्त्रीले आफ्नो सरकारमा काङ्ग्रेसलाई सहभागी गराउन लगातार कोसिस गरिरहनुभएको छ । त्यसै अनुसार पौडेलसँग पनि कुरा गर्नुभयो । तर उहाँ सफल हुनुभएन भन्ने रिपोर्ट छ ।

शाही पार्श्ववर्ती विभागबाट जेठ २१ देखि २८ गतेसम्म महाराजाधिराजको झापा सवारी सम्बन्धी कार्यक्रम बन्दै छ । त्यसका लागि आवश्यक व्यवस्था मिलाउन खबर आएको छ ।

## २०६० जेठ ८ गते बिहीबार

शाही नेपाली सेना र भारतीय सेनाको संयुक्त पर्वतारोहण दलले आज बिहान ३:१५ बजे सफलतापूर्वक सगरमाथा आरोहण गरेको छ । नेपाली सेनाका चार जना, भारतीय

सेनाका तीन जना र शेर्पा सात जना गरी १४ जनाको टोली सगरमाथा शिखरमा पुगेको छ । यो नेपाली सेनाका लागि अत्यन्तै खुसीको कुरा हो । आरोहीहरू सगरमाथाको आधार शिविरमा झर्दा प्रधान सेनापति प्यारजङ्ग थापा उनीहरूलाई बधाई दिन त्यहीं पुग्ने कार्यक्रम छ ।

भारतबाट सहयोगस्वरूप प्राप्त दुई वटा लान्सर हेलिकप्टर काठमाडौं अवतरण गरेका छन् । औपचारिक हस्तान्तरणका लागि समय निर्धारण हुन बाँकी छ ।

## २०६० जेठ ९ गते शुक्रवार

काङ्ग्रेस प्रजातान्त्रिकका नेता खुमबहादुर खड्काले मलाई भेटेर निकै गुनासो गर्नुभयो । आफूलाई अख्तियारबाट अनावश्यक दुःख दिन कोसिस भइरहेकोमा चित्त दुखाउँदै उहाँले भन्नुभयो, 'मलाई अख्तियारले प्रतिशोध राखेर कारबाही गरिरहेको छ । मेरो परिवारलाई समेत दुःख दिइयो । अरूलाई नेताहरूलाई भने केही भएको छैन । त्यसैले विशेष अदालतका न्यायाधीश टोपबहादुर मगरलाई सरकारबाट केही सङ्केत बक्से मलाई राम्रो हुने थियो ।' यसका साथै खड्काले अहिलेको राजनीतिक परिस्थितिका बारेमा पनि कुरा गर्नुभयो । उहाँको सल्लाह थियो, 'सरकारबाट शेरबहादुर देउवालाई पुनः प्रधानमन्त्री बनाइबक्से उपयुक्त हुन्छ । काङ्ग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्भावना पार्टी लगायत अन्य साना पार्टीबाट राम्रा-राम्रा मानिस लिएर मन्त्रिमण्डल गठन गर्दा सरकारको पक्षमा सकारात्मक सन्देश जान्छ । केही महत्त्वपूर्ण मन्त्रालय खाली राखेर एमालेका नेतालाई समावेश गर्न कोसिस गर्नुपर्छ । सबै मिलेर ाओवादीलाई मूलधारमा ल्याउने, नआए क्रस गरेर जाने रणनीति हुनुपर्छ । अथवा, मौसुफबाट सबै पार्टीको सहयोग लिएर स्वतन्त्र सरकार गठन गरी माओवादीलाई मूलधारमा ल्याएर चुनावको मिति घोषणा गर्दा पनि उपयुक्त हुन्छ ।' उहाँले काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालालाई वरिष्ठ अधिवक्ता गणेशराज शर्मा मार्फत कुरा गरेर सहमतिमा ल्याउन सकिन्छ भनी सुझाव दिनुभयो । साथै हाल भइरहेको राजनीतिक दलको आन्दोलनमा कुनै दम नरहेको र यो यसै सेलाएर जाने विश्लेषण गर्नुभयो ।

राजदरबारमा आजै मलाई भेट्न व्यापारी रघु शाह आउनुभयो । उहाँले सरकारबाट वर्तमान परिस्थितिको मूल्याङ्कन गरी हाल उठाइबक्सेको कदम सकारात्मक भएको धारणा राख्नुभयो । साथै देशका लागि सरकारबाट उठाइबक्सने कुनै पनि कदममा आफ्नो सहयोग र समर्थन रहने बताउनुभयो । यसै सिलसिलामा उहाँले भन्नुभयो, 'एमाले नेता वामदेव गौतमले मसँग केही आर्थिक सहयोग माग्नुभएको छ । मैले उहाँलाई सहयोग गर्छु तर तपाईंले महाराजाधिराजको कदमलाई समर्थन गर्नुपर्छ भनेर प्रस्ट रूपमा सर्त राखेको छु ।' उहाँका कुरा सुनेपछि मैले धन्यवाद दिंदै 'तपाईंका कुरा म सरकारमा जाहेर गर्छु' भनें ।

आज बेलुका काङ्ग्रेसका युवा नेता चन्द्र भण्डारीले मलाई भेटेर गुनासो गर्नुभयो, 'यो समयमा गिरिजाप्रसाद कोइरालालाई सरकारबाट गरिबक्सेको व्यवहार ठीक भएन ।

गिरिजाबाबुले सरकारमा जाहेर गरेर नै दिल्लीमा माओवादी नेतालाई भेट्नुभएको हो । सरकार र गिरिजाबाबुबीच यति ठूलो दूरी किन बढेको हो ?' यसै क्रममा उहाँले गिरिजाबाबुका केही कुराहरू मलाई सुनाउनुभयो । त्यसपछि उहाँले नेत्री शैलजा आचार्यका कुराहरू जानकारी दिनुभयो । शैलजा आचार्यले भन्ने गर्नुभएको रहेछ, 'अहिलेको सङ्कटको बेला पनि किन राजालाई अनावश्यक दबाव दिने ? अहिले राजालाई केही भयो भने कसले मुलुक सम्हाल्छ ? मुलुकको अस्तित्व के हुन्छ ? यसबारे किन कसैले विचार नगरेको ? अहिलेको आन्दोलन उद्देश्यविहीन छ । कम्युनिस्टसँग मिलेर गिरिजाबाबुले के गर्न खोज्नुभएको ?' कुराकानीका क्रममा मैले भण्डारीलाई 'तपाईंले मन्त्री भएर सरकारलाई सहयोग गर्नुपर्‍यो' भनें । उहाँले आफ्नो पार्टीको सरकारबिना आफू सहभागी हुन नसक्ने बताउनुभयो ।

प्रधानमन्त्रीका सूचना तथा प्रविधि सम्बन्धी सल्लाहकार शरदचन्द्र शाहले पत्रकार सम्मेलन गरेर केही कुरा राख्ने विचार गर्नुभएको छ । त्यस अवसरमा दरबारका सैनिक सचिव विवेक शाह (म) सँगको मतभेदका बारेमा समेत पत्रकारलाई जानकारी दिने सोचाइ बनाएर निकटका साथीसँग सल्लाह गरेको थाहा भएको छ । मसँगको मतभिन्नता हाल जारी शान्तिवार्ता प्रक्रियाको पृष्ठभूमिलाई लिएर हुन सक्छ ।

नयाँ स्वास्थ्य सेवा नियमावलीका बारेमा विभिन्न टीकाटिप्पणी भइरहेको सन्दर्भमा स्वास्थ्यमन्त्री डा. उपेन्द्र देवकोटाले केही डाक्टरलाई प्रधानमन्त्री निवास, बालुवाटारमा बोलाएर अन्तरक्रिया गर्ने कार्यक्रम राख्नुभएको छ । वीरेन्द्र सैनिक अस्पतालबाट समेत चार-पाँच जना वरिष्ठ डाक्टरलाई बोलाउनुभएको छ ।

सगरमाथा आरोहण गरेका नेपाली सेना र भारतीय सेनाको पर्वतारोहण दलका सदस्यहरूलाई सगरमाथा आधार शिविरमै पुगेर बधाई दिने टोलीमा भारतीय राजदूत र सैनिक सचिव (म) समेत जाने कार्यक्रम निर्धारण भएको थियो । तर कार्यव्यस्तताले गर्दा म र भारतीय राजदूत समेत उक्त कार्यक्रममा सहभागी हुन नसक्ने जानकारी गराइयो ।

माओवादी वार्ताटोलीका सदस्य कृष्णबहादुर महराले राजनीतिज्ञ केशरबहादुर विष्ट र एमाले नेता वामदेव गौतमलाई पनि आजै भेटेको खबर छ ।

आन्दोलनरत दलका महिला सङ्घ-सङ्गठनले आज सरकारका विरूद्ध जुलुस प्रदर्शन गरे । जुलुसमा ७/८ सयजतिको सहभागिता थियो, जसमा गिरिजाप्रसाद कोइराला र माधवकुमार नेपाल बाहेकका नेताहरू समेत सम्मिलित हुनुहुन्थ्यो ।

रोल्पाको घर्तीगाउँमा ३/४ हजार जनसहभागितामा कार्यक्रम भइरहेको छ, जहाँ बाहिरको कसैलाई प्रवेश गर्न दिइएको छैन । त्यो माओवादीको विशेष कार्यक्रम हुन सक्छ । यसबारे तथ्य बुझ्न सबै सुरक्षा निकायमा जानकारी गराइयो ।

आजको जाहेरीका क्रममा धेरै कुरा सुनेपछि सरकारबाट 'एक साताभित्र मन्त्रिपरिषद् परिवर्तन गर्नुपरेमा भावी प्रधानमन्त्री को हुन सक्छ, यसबारे सबै सुरक्षा निकायका प्रमुखहरूको के धारणा छ, बुझिराख्नू' हुकुम भयो ।

## २०६० जेठ १२ गते सोमबार

नेपाली र भारतीय सेनाको संयुक्त पर्वतारोहण दलको दोस्रो समूहले पनि आज बिहान ७ बजे सगरमाथाको आरोहण गरेको खबर आएको छ । टोलीमा नेपाली सेनाका ६, भारतीय सेनाका ६ र शेर्पाहरू ५ जना रहेका छन् । आज बिहानै प्राप्त भएको यो खुसीको खबर हो ।

प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले एमाले नेताहरू केपी शर्मा ओली र वामदेव गौतमसँग अस्ति राति राप्रपा नेता दीपक बोहराको घरमा भेट गर्नुभएको थियो । आज राति पनि भेट्ने कार्यक्रम तय भएको छ । एमालेको सहयोग जुटाउन प्रधानमन्त्रीले निकै कोसिस गरिरहनुभएको छ ।

यसैबीच, एमाले नेताहरू केपी शर्मा ओली र वामदेव गौतम 'देशमा शान्ति स्थापना गर्न र राष्ट्रहितका लागि महाराजाधिराज सरकारलाई सहयोग गर्न तत्पर रहेको' स्पष्ट भएको छ । विभिन्न माध्यमबाट यसका निम्ति कोसिस भइरहेको थियो । अब सफलता मिल्ने सङ्केत छ । यो पनि खुसीकै खबर हो ।

काङ्ग्रेस प्रजातान्त्रिकका नेता खुमबहादुर खड्काले व्यापारी रवीन्द्रलाल श्रेष्ठको घरमा पत्रकार सम्मेलन गरी पार्टी परित्याग गरेको घोषणा गर्नुभएको छ । उहाँले नेपाली काङ्ग्रेसको संस्थापन पक्षमा सरिक हुन वार्ता चलाइरहेको बुझिएको छ ।

राजनीतिक दलले जारी राखेको आन्दोलनको तेस्रो चरण सुरु भएको छ । तर आन्दोलनले गति लिएको देखिँदैन । परिस्थितिलाई सुझबुझ सहित राम्रोसँग नियन्त्रणमा लिन सक्ने हो भने यो आन्दोलन सफल हुने देखिँदैन ।

मसँग परिचय भएका नेमकिपाका एक नेताले फोन गरेर 'एमालेले आन्दोलन जारी राख्न र पार्टीको गतिविधि सञ्चालन गर्न विभिन्न गैरसरकारी संस्थाबाट रकम सङ्कलन गरिरहेको छ' भन्ने जानकारी दिनुभयो । एमालेको आर्थिक स्थिति निकै तल झरेको र आन्दोलनरत सबै राजनीतिक दललाई सङ्घर्षका कार्यक्रम अगाडि बढाउन ज्यादै कठिन भइरहेको समेत उहाँले मलाई बताउनुभयो ।

मन्त्री नारायणसिंह पुनले फोनमा 'जारी शान्ति प्रक्रिया राम्रोसँग अगाडि बढिरहेको छ, माओवादीले जेलमा रहेका बाँकी कार्यकर्ता रिहाइको माग गरिरहेका छन्, हामीले हतियार बुझाउन र चन्दा आतङ्क रोक्न भनेका छौँ' भन्नुभयो ।

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला धेरै लामो प्रयासपछि आज भारतीय राजदूतलाई भेट्न सफल हुनुभएको छ । उहाँहरूबीच केके विषयमा कुरा भयो, विस्तृत रूपमा थाहा हुन सकेको छैन । यसैबीच उहाँले आफ्नो विशेष दूतका रूपमा शेखर कोइरालालाई केही भारतीय पदाधिकारीसँग भेट्न दिल्ली पठाउनुभएको थियो । विशेष दूतले भारतीय विदेश विभागमा कार्यरत एआर रघुनाथन भन्ने व्यक्तिलाई भेटेको खबर छ । रघुनाथनले 'भारतको दृष्टिकोणमा नेपालको अहिलेको परिस्थितिमा प्रजातन्त्रलाई दीर्घकालीन रूपमा खतरा देखिँदैन, काङ्ग्रेस नेत्री शैलजा आचार्यले लिएको लाइन नै उपयुक्त छ' भनेको विशेष स्रोतबाट बुझिएको छ ।

आजै भारतीय राजदूतले प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई समेत भेटेका छन् ।

चिनियाँ राजदूत उ योङ कङ मुक्तिनाथ जानुभएकाले प्रमुख सैनिक सचिवालयमा कार्यरत प्रमुख सेनानी पूर्णचन्द्र थापालाई सम्पर्क अधिकृतका रूपमा उहाँसँग पठाइएको छ । चिनियाँ राजदूतले मुगु र डोल्पा जिल्लामा समेत जाने चाहना राख्नुभएको छ ।

माओवादी वार्ताटोलीका सदस्य कृष्णबहादुर महराले *प्रकाश* साप्ताहिकका सम्पादकसँगको भेटमा 'माओवादीले वार्ता सफल हुन्छ भन्ने कुरामा विश्वास गर्न छाडेको छ र फेरि युद्धमा फर्कने सोचाइ छ' भन्नुभएछ ।

प्रधान सेनापति प्यारजङ्ग थापाले शिवपुरीस्थित सैनिक स्टाफ कलेजमा आयोजित दीक्षान्त समारोहलाई सम्बोधन गर्ने क्रममा विभिन्न कुरा व्यक्त गर्नुभएको छ । उहाँले भनेका उल्लेखनीय कुरा थिए, 'अहिले असहज परिस्थितिमा भइरहेको शान्ति प्रयास सम्पूर्ण जनताको इच्छा, आकाङ्क्षा हो । यो प्रयास देशमा स्थायी शान्ति आओस् भन्ने भावनाबाट प्रेरित छ । यस्तो अवस्थामा आजको आवश्यकता प्रतिकूल आन्दोलन हुनु विडम्बना हो । त्यसैले तपाईंहरू (दीक्षान्त समारोहमा सहभागी सैनिक अधिकृत) ले देश, जनता र राजसंस्थाका लागि कुनै पनि चुनौतीको सामना गर्न र देशलाई अहित हुने कुनै पनि कार्यलाई निस्तेज पार्न तयार हुनुपर्नेछ । आफू अन्तर्गतका सकल दर्जालाई यो सन्देश अवगत गराउनुहुनेछ ।' साथै उहाँले राजनीतिक दललाई समेत पनि शिक्षा मिल्ने गरी पनि बोल्नुभएको छ । उहाँका भनाइ समय अनुकूल र परिस्थिति अनुसार छ । यसले राजनीतिक वृत्तमा एक किसिमको तरङ्ग पैदा गर्न पनि सक्छ ।

महाराजाधिराज सरकारबाट आज मलाई आगामी २३, २४ र २५ गते पूर्वी पृतना, इटहरीमा बस्न जाने व्यवस्था मिलाउन हुकुम भयो । साथै 'सुरक्षा अङ्गका प्रमुखहरूलाई आन्दोलनरत पार्टीप्रति नरम रबैया अपनाउन र माओवादी पार्टीको गतिविधिप्रति कडा निगरानी सुरु गर्न निर्देशन दिनू' भनी हुकुम भयो । सरकारको भ्रमणको आवश्यक तयारीका लागि प्रधान सेनापति र पूर्वी पृतनापति उपरथी प्रदीपप्रताप बम मल्ललाई खबर गरेँ ।

## २०६० जेठ १६ गते शुक्रबार

मन्त्रिपरिषद् परिवर्तनको व्यापक हल्लाका बीच आज आन्दोलनरत पाँच पार्टीको बैठक बसेको छ । बैठकले महाराजाधिराजमा प्रधानमन्त्रीका लागि एमाले महासचिव माधवकुमार नेपाललाई सिफारिस गर्ने निर्णय गरेको छ । नेपाल प्रधानमन्त्री भएपछि सर्वप्रथम संसद् पुनःस्थापनाको सिफारिस गर्ने भन्न समेत सहमति भएको बुझिएको छ । उता पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापा 'म प्रधानमन्त्री हुँदै छु' भनेर मन्त्रिपरिषद् गठनको तयारीमा लागेको खबर पनि आएको छ ।

माओवादीले पनि आफ्ना नेता तथा कार्यकर्तालाई सुरक्षित रहन र परिआएमा भूमिगत हुन निर्देशन दिएको छ । तर माओवादी वार्ताटोली सदस्य कृष्णबहादुर महराले 'वार्ता जारी रहन्छ' भन्ने गरेको खबर आएको छ । यसबारे मन्त्री नारायणसिंह पुनसँग

जिज्ञासा राख्दा उहाँले 'वार्ता जारी रहन्छ, वार्ता बिथोलिए पनि माओवादी जङ्गलमा जाँदैनन् होला, सडक आन्दोलनमा जान सक्छन्' भन्नुभयो ।

## २०६० जेठ १८ गते आइतबार

काठमाडौंको खुलामञ्चमा नेपाल समता पार्टीले आयोजना गरेको बृहत् आमसभामा आन्दोलनरत पाँच पार्टीले केही दिनअगाडि आयोजना गरेको आमसभामा भन्दा बढी जनसहभागिता देखियो । आमसभामा पार्टीका अध्यक्ष तथा मन्त्री नारायणसिंह पुनले स्पष्ट शब्दमा भन्नुभयो, 'समता पार्टीले संवैधानिक राजतन्त्रलाई सहर्ष स्वीकार गर्छ । म व्यक्तिगत रूपमा पनि राजावादी हुँ । राजावादी हुनुमा मलाई गर्व छ ।' वार्तामा माओवादीको द्वैध चरित्र देखिएको उल्लेख गर्दै मन्त्री पुनले भन्नुभयो, 'उनीहरूलाई प्रस्ट रूपमा भनिएको छ– माओवादी कुन कित्तामा छ, प्रस्ट हुनुपर्‍यो । राजनीतिक दलका नेताहरूले पनिसरकारसँग वार्ता गरेर समाधान निकाल्ने या माओवादीलाई जङ्गल जान प्रेरित गर्ने ?' मन्त्री पुनले काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालालाई पनि खबरदारी गर्दै 'अब पहिले जस्तै माओवादीलाई भड्काएर जङ्गल पठाउने काम नगर्नुस्' भनेर आग्रह गर्नुभयो । आमसभाको अन्त्यमा सहभागीले राजाको समर्थन गर्दै जयजयकार समेत गरेका थिए । सञ्चार माध्यमले भने आमसभालाई कुनै महत्त्व दिएनन् । सरकारी सञ्चार माध्यम *गोरखापत्र*ले समेत सकारात्मक सन्देश प्रवाह हुने गरी समाचार प्रकाशित गरेन ।

पूर्व भारतीय राजदूत केभी राजन हाल काठमाडौंमा हुनुहुन्छ । उहाँ कुन कार्यक्रम र के प्रयोजनका निम्ति काठमाडौं आउनुभएको भन्नेबारे स्पष्ट शब्दमा भनिएको छैन । अहिलेको तरल राजनीतिक अवस्थामा उहाँको नेपाल भ्रमण अर्थपूर्ण छ । त्यसैले उहाँको गतिविधिलाई सावधानीपूर्वक 'मनिटरिङ' गर्नुपर्ने हुन्छ । त्यसै अनुसार सम्बन्धित निकायमा खबर गरियो । भारतीय प्राध्यापक एसडी मुनि र पूर्वराजदूत केभी राजनले पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापाका पक्षमा 'लबिङ' सुरु गरेको बुझिएको छ । आजै राजनले काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला र एमाले महासचिव माधवकुमार नेपाललाई भेट्नुभयो । उहाँले काङ्ग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवा र राप्रपा नेता पशुपतिशमशेर जबरालाई पनि भेट्ने खबर आएको छ । त्यस्तै भारतीय नेता चन्द्रशेखर र जर्ज फर्नान्डिज पनि काठमाडौं आएको चर्चा छ । तर यसको आधिकारिक पुष्टि हुन सकेको छैन ।

आन्दोलनरत पाँच पार्टी एमाले महासचिव माधवकुमार नेपाल नै अबको प्रधानमन्त्री हुनुपर्छ भन्ने अडानमा छन् । यद्यपि काङ्ग्रेस र एमालेभित्रै यस विषयमा अन्तर्द्वन्द्व बढेको छ ।

राप्रपा नेता सूर्यबहादुर थापाले आफ्नो नेतृत्वमा सरकार बनाउन विभिन्न राजनीतिक दलका नेताहरूसँग विचार-विमर्श गरिरहनुभएको खबर आएको छ ।

काङ्ग्रेस नेताहरूको विरोधका बावजुद गिरिजाप्रसाद कोइराला एमाले महासचिव

माधवकुमार नेपाललाई प्रधानमन्त्री बनाउने पक्षमा हुनुहुन्छ । उहाँ माधव नेपालको माध्यमबाट पहिले संसद् पुनःस्थापना गर्ने र त्यसपछि बहुमत सांसदको समर्थन जुटाएर प्रधानमन्त्रीलाई अपदस्थ गर्ने योजनामा हुनुहुन्छ । माधव नेपाललाई विस्थापित गरेर आफ्नै नेतृत्वमा सरकार बनाएपछि माओवादीसँग कुनै पनि किसिमको सहमति गरेर चुनावमा जाने तयारी उहाँले गरिरहेको बुझिएको छ । गिरिजाप्रसादले आजै श्रीहर्ष कोइरालाको घरमा माओवादी वार्ताटोलीका संयोजक डा. बाबुराम भट्टराईलाई पुनः भेट्नुभयो । त्यस अवसरमा सेना सरकारको नेतृत्वमा हुनुपर्ने र संविधान संशोधन गरेर सबै समस्याको समाधान निकाल्ने सल्लाह भएको बुझिन्छ । त्यस्तै श्री ५ को पदवी राजा, रानी, युवराजाधिराज र युवराज्ञीमा मात्र सीमित राख्ने समेत सहमति भएको बुझिएको छ ।

एमाले महासचिव माधवकुमार नेपाल र राप्रपा नेता डा. प्रकाशचन्द्र लोहनीले सम्पर्क–स्रोत मार्फत 'तपाईंलाई भेट्नुपर्‍यो' भनी खबर पठाउनुभएको छ ।

आज डा. बाबुराम भट्टराईले नेपाल सद्भावना पार्टीका नेता हृदयेश त्रिपाठीलाई उहाँकै घरमा भेटेको खबर छ । त्यहाँ काङ्ग्रेसका नेता गोविन्दराज जोशी समेत उपस्थित रहेको बुझिएको छ । यो भेटघाट गिरिजाप्रसाद कोइरालाले मिलाएको हुन सक्छ । त्यहाँ जोशीको उपस्थिति हुनुले यसको पुष्टि गर्छ ।

## २०६० जेठ २० गते मङ्गलबार

माओवादी वार्ताटोलीका संयोजक डा. बाबुराम भट्टराईले 'मन्त्रिपरिषद्मा एमाले नेतृत्व कुनै पनि हालतमा स्वीकार्य हुन सक्दैन, त्यस्तो भए गृहयुद्ध हुन्छ, बरु प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दकै सरकारको निरन्तरता हुनुपर्दछ, जुन परिस्थितिमा वार्ता हुँदै छ त्यही स्थितिलाई निरन्तरता दिने हो भने सूर्यबहादुर थापाको नेतृत्व पनि माओवादी पार्टीलाई मान्य हुन्छ' भनेको खबर आएको छ ।

पूर्व भारतीय राजदूत केभी राजनले काठमाडौं आएकै दिन उद्योगपति वसन्त चौधरीको घरमा डिनर खाएको खबर आएको छ । आज उहाँले भारतीय दूतावासका पदाधिकारीका साथै सद्भावना पार्टीका नेता हृदयेश त्रिपाठी, राजाबाट मनोनीत राष्ट्रिय पञ्चायतका पूर्वसदस्य प्रेमबहादुर शाक्य तथा गिरिजाप्रसाद कोइरालाका निजी सचिव गोकर्ण पौडेलसँग भेट गर्नुभएको बुझिएको छ । आजै साँझ उहाँले काङ्ग्रेस नेत्री सुजाता कोइरालालाई समेत भेटेको कुरा आएको छ ।

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले एमाले महासचिव माधवकुमार नेपाल र एमालेका अन्य नेतालाई भेट्दा 'भावी प्रधानमन्त्री माधवजी नै हो' भन्ने गर्नुभएको छ । तर एमालेविरोधी राजनीतिक दलका नेतालाई भेट्दा भने 'माधव नेपाल कुनै पनि हालतमा स्वीकार्य नहुने' बताउने गर्नुभएको छ । आजै कोइरालाले सूर्यबहादुर थापालाई काङ्ग्रेसको समर्थन हुने कुरा स्पष्ट पारिसक्नुभएको छ । यता, प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द पनि कोइरालाको सहयोग र समर्थन लिन लागिपरेको बुझिएको छ ।

राजनीतिक दल त्यागेर तटस्थ रूपमा बसेका नेताहरू मेरो सम्पर्कमा आउने क्रम

बढेको छ । ती नेताहरूले दरबारको स्पष्ट लाइन खोज्ने गरेका छन् । मैले उनीहरूलाई 'तपाईंहरू प्रमुख सचिव मार्फत सरकारको दर्शनभेट खोज्नुस् र सरकारलाई दर्शनभेटमा आफ्नो कुरा जाहेर गर्नुस्, म पनि मेरो तर्फबाट तपाईंहरूका कुरा सरकारमा जाहेर गरिदिउँला' भन्ने गरेको छु ।

प्रधानमन्त्रीले आज माओवादी पक्षका सहजकर्ताहरू डा. वीरेन्द्र झापाली र धनीराम लामिछानेलाई भेट्नुभएको छ । आजै आएको अर्को जानकारी अनुसार कुमार राजबहादुर सिंहले हिजो बेलुका प्रधानमन्त्रीलाई प्रधानमन्त्री निवासमा भेटेको खबर छ । आजै माओवादी वार्ताटोलीका सदस्यहरू डा. बाबुराम भट्टराई, रामबहादुर थापा र कृष्णबहादुर महराले सरकारी वार्ताटोलीका सहजकर्ता दमननाथ ढुङ्गानालाई भेटेको सूचना छ ।

सेनाले पाँचखालस्थित राष्ट्रसङ्घीय शान्तिसेना तालिम केन्द्रका लागि चीनमा निर्मित चार वटा आर्म्स पर्सनल क्यारियर (एपीसी) खरिद गर्ने निर्णय भएको छ । त्यस अनुसार सेनाको कल्याणकारी कोषबाट रकम निकासाका लागि प्रधान सेनापतिले मलाई फोन गर्नुभयो । साथै यस विषयमा भारत सरकारलाई समेत औपचारिक रूपमा खबर भइसकेको जानकारी पनि दिनुभयो । उक्त कुरा जाहेर हुँदा सरकारबाट 'लेखेर पठाउन चिफलाई खबर गरिदिनू' हुकुम भयो ।

शाही नेपाली सेना र भारतीय स्थलसेनाको संयुक्त सगरमाथा आरोहण दलमा सहभागी भई सफल आरोहण गरेका नेपाली सैनिकलाई विभूषण प्रदान गर्न प्रधान सेनापतिले मलाई फोनबाट जानकारी गराउनुभयो । योभन्दा अगाडिको सगरमाथा आरोहण अभियानमा संलग्न भई सफलता हासिल गरेका आरोहीलाई प्रथम स्तरको विभूषण प्रदान गरिएको समेत उहाँले मलाई स्मरण गराउनुभयो ।

मैले जारी आन्दोलनका बारेमा टेलिफोनबाट सबै सुरक्षा निकायका प्रमुखहरूको धारणा बुझेँ । सबैले 'अहिलेको आन्दोलनले गति लिन सकेको देखिँदैन, यसलाई अहिलेकै अवस्थामा नियन्त्रणमा राख्न सकिन्छ' भनेर सुझाव दिए । उनीहरूको यो सुझाव सरकारमा जाहेर गरेँ । साथै मन्त्री नारायणसिंह पुन र पूर्व प्रहरी महानिरीक्षक ध्रुवबहादुर प्रधानले सरकारको दर्शनभेटका लागि समय मागेको जाहेर गरेँ । सरकारबाट आज मलाई '२०६१ सालमा युवराजाधिराजलाई पृथुलाधीश प्रदान गर्ने र २०६३ सालमा शुभराज्याभिषेक गर्ने सोचाइ छ, यसका लागि आन्तरिक तयारी कसरी गर्नुपर्छ विचार गर्नू' हुकुम भयो ।

## २०६० जेठ २३ गते शुक्रबार

माओवादी वार्ताटोलीका सदस्यले सबै राजनीतिक नेताहरूलाई भेटी आफ्नो पार्टीको लक्ष्यमा सहमत गराएर सडक आन्दोलनमा सहभागी हुने सोच बनाएको बुझिएको छ । यसै क्रममा उनीहरूले पाँच वाम पार्टीसँग नयाँ संविधान बनाउनुपर्छ र त्यसका लागि संविधानसभाको चुनावमा जानुपर्छ भन्दै छलफल गरेका छन् ।

राष्ट्रिय सभाका ४१ सांसद र अन्य नेताहरू सम्मिलित जुलुसलाई सिंहदरबार प्रवेश

गर्न प्रहरीले रोकेका छ । सांसदलाई मात्र सिंहदरबारको ढोकासम्म जान दिएर भित्र प्रवेश गर्न रोकेपछि राष्ट्रिय सभाका उपाध्यक्ष रामप्रीत पासवानले मूलढोकाबाहिरै राष्ट्रिय सभाको बैठक आयोजना गरे । त्यसमा सरकारका विरूद्ध खेद प्रस्ताव पारित गरियो । भोलि पुनः उक्त स्थानमै राष्ट्रिय सभाको बैठक बोलाइएको छ ।

पाकिस्तानी सैनिक सहचारीले आज राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्मालाई भेटेर 'पाकिस्तानी गुप्तचर विभाग (आईएसआई) का प्रमुखले नेपाल भ्रमणमा आउने इच्छा राख्नुभएको छ, तपाईंले औपचारिक निमन्त्रणा गर्दा कसो होला ?' भनेर प्रस्ताव गर्नुभएको रहेछ । प्रत्युत्तरमा देवीरामजीले 'अहिलेको अवस्थामा त्यो सम्भव नहोला कि ?' भनेपछि सैनिक सहचारीले 'त्यसो भए उहाँ नितान्त निजी भ्रमणमा आउनुहुन्छ, उहाँको सम्मानमा तपाईंले पाँच–दस जनाजतिलाई डिनर आयोजना गरेर एउटा सानो उपहार दिँदा कसो होला ?' भनी पुनः अर्को प्रस्ताव गर्नुभएछ । त्यसपछि देवीरामजीले 'म विचार गरेर भोलि तपाईंलाई खबर गर्छु' भनेर पठाइदिनुभएछ । यो कुरा उहाँले मलाई जानकारी गराउनुभयो । पछिल्लो प्रस्ताव अनुसार गर्दा ठीकै होला भन्ने उहाँकै राय अनुसार मैले यो कुरा सरकारमा जाहेर गरैं । 'देवीरामकै राय अनुसार गर्नू' भनेर सरकारबाट स्वीकृति बक्स्यो ।

प्रधानमन्त्री चन्दलाई उहाँका केही निकटस्थ व्यक्तिले गिरिजाप्रसाद कोइरालाको माग अनुसार संसद् पुनःस्थापना गर्न महाराजाधिराजमा प्रस्ताव लैजान सुझाव दिएका छन् । सरकारबाट उक्त प्रस्ताव सर्वोच्च अदालतमा पठाइबक्सनुपर्छ, सर्वोच्च अदालतले उक्त प्रस्तावलाई संविधानतः मिल्दैन भनी प्रस्ताव फिर्ता पठाइहाल्छ, त्यसपछि कोइरालाले सरकारलाई समर्थन गर्ने बाटो खुल्छ भनेर उनीहरूले सल्लाह दिएको कुरा आएको छ । यसै प्रसङ्गलाई लिएर हुन सक्छ, प्रधानमन्त्रीले आजै कोइरालालाई भेट्न खोज्नुभएको छ ।

काङ्ग्रेस प्रजातान्त्रिक त्यागेर स्वतन्त्र बस्नुभएका नेता खुमबहादुर खड्काले आजै प्रधानमन्त्रीलाई भेट्नुभयो ।

भारतीय र ब्रिटिस राजदूतले काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालालाई भेट्न खोजिरहेको भन्ने खबर आएको छ ।

चिनियाँ राजदूतावास भवन भत्काएर नयाँ बनाउन लागेकाले हाललाई कमलादीस्थित शारदा सदन महिनाको ३ लाख ५० हजार रुपैयाँमा भाडा लिई बस्ने सोचाइ राखेको जानकारी आएको छ ।

## २०६० जेठ २६ गते सोमबार

वार्ताका क्रममा सेना ब्यारेकको पाँच किलोमिटरभित्र सीमित हुनुपर्ने सहमति भएछ । उक्त सहमति दरबारको पूर्वस्वीकृतिमा भएको भन्ने कुरा आएको छ, जुन नितान्त झूटो दुष्प्रचार मात्र हो । यसको खण्डन हुन आवश्यक छ । किनभने, यस विषयमा दरबारको कुनै पनि पूर्वसहमति छैन । सञ्चार माध्यममा पाँच किलोमिटर सम्बन्धी

विवादलाई लिएर प्रकाशित-प्रसारित हुने समाचारमा प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द, सूचना तथा सञ्चारमन्त्री रमेशनाथ पाण्डे र मन्त्री नारायणसिंह पुनको हवाला दिने गरिएकाले उहाँहरूबाटै यसको सशक्त खण्डन आउनुपर्छ ।

प्रधानमन्त्रीले आज आफ्नो कार्यालयमा वार्ताको प्राविधिक समितिका सबै सदस्यलाई परामर्शका लागि बोलाउनुभएको छ । सो अवसरमा उहाँले पाँच किलोमिटरको विवाद सम्बन्धी विषयमा छलफल पनि गर्नुहुनेछ । आज प्रधानमन्त्रीले काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला, एमाले महासचिव माधवकुमार नेपाल र काङ्ग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवासँग भेट्नुभएको छ । हालै काङ्ग्रेस नेता रामचन्द्र पौडेलले जारी गरेको प्रेस वक्तव्यप्रति काङ्ग्रेस नेत्री शैलजा आचार्यले रोष प्रकट गरेको बुझिएको छ । शैलजा आचार्यले बेलाबेलामा दिने अभिव्यक्ति र वर्तमान आन्दोलनप्रति असहमत धेरै नेता तथा कार्यकर्ताको भावना बुझ्नुपर्‍यो भन्दै नेता चक्रप्रसाद बाँस्तोलाले सभापति कोइरालालाई आन्दोलनमाथि पुनर्विचार गर्न सुझाव दिएको खबर छ । बाँस्तोलाले अहिलेको आन्दोलनप्रति असहमत नेता तथा कार्यकर्तालाई कुनै किसिमको कारबाही नगर्न समेत दबाव दिनुभएको छ । उहाँले एमाले महासचिव माधव नेपाललाई प्रधानमन्त्री बनाउनुको कुनै औचित्य नभएको समेत कोइरालालाई स्पष्ट पार्नुभयो । बाँस्तोलालाई कोइरालाले 'तपाईंको सुझाव मलाई ठीक लाग्यो, म स्वास्थ्य परीक्षण गर्न धरान जाँदै छु, त्यहीं नयाँ सोचविचार बनाउँछु र आफ्नै पार्टीको नेतालाई प्रधानमन्त्री बनाउनेतिर लाग्छु, यसबारे नेताहरूसँग विचार-विमर्श जारी राख्नू' भन्नुभएको छ ।

काठमाडौं भ्रमणमा रहेका बेलायत सरकारका विशेष दूत सर जेफ्री जेम्सले प्रधान सेनापति प्यारजङ्ग थापा र सुरक्षा परिषद् सचिवालयका सहसंयोजक उपरथी रुक्माङ्गद कटवाललाई भेट्नुभएको छ । हिजो बेलुका उहाँ मानार्थ शाही पार्श्ववर्ती उपरथी भरतकेशर सिंहको कालधारास्थित निवासमा आयोजित डिनरमा हुनुहुन्थ्यो । आज मन्त्री नारायणसिंह पुनलाई भेट्ने कार्यक्रम रहेको बुझिन्छ । नेपालको शान्ति प्रक्रिया, राजा र राजनीतिक दलबीच जारी द्वन्द्व व्यवस्थापन गर्न बेलायत सरकारले उहाँलाई विशेष दूतका रूपमा नियुक्त गरेको हो ।

नेता खुमबहादुर खड्काले आफ्नो ठूलो समूह सहित मन्त्रिपरिषद्मा सहभागी हुने मनस्थिति बनाउनुभएको बुझिन्छ ।

## २०६० जेठ २८ गते बुधबार

वर्तमान राजनीतिक अवस्था, श्री ५ को सरकारले चाल्ने कदम र स्वयं सरकारलाई बुद्धिजीवी तथा नागरिक समाजबाट समेत सहयोग मिलोस् र सुझाव आओस् भन्ने हेतुले 'एकेडेमिक्स सेल' गठन गर्न प्रधानमन्त्रीले सरकारमा जाहेर गर्नुभएको छ । सेलमा हाललाई अनौपचारिक रूपमा गीताभक्त जोशी, माधव रानाभाट र प्रा. रमेशराज कुँवर रहने तय भएको छ ।

मन्त्री कमल चौलागाईंले मसँग आफ्ना कुरा राख्दै भन्नुभयो, 'अब एमाले पार्टी फुट्नुपर्छ । उग्रवामपन्थी विचारधाराका नेता तथा कार्यकर्ता माओवादीतिर लाग्नुपर्छ । प्रजातान्त्रिक र समाजवादी विचारधारा बोकेका नेता र कार्यकर्ता अन्य प्रजातान्त्रिक पार्टीमा लाग्छन् । कम्युनिस्ट र काङ्ग्रेसमा अटाउन नसक्ने म जस्ता सयौं नेता तथा कार्यकर्ताका लागि तेस्रो शक्तिको खाँचो रहेको छ ।'

शाहज्यादी ज्योत्स्ना बस्न्यातले रथी भिक्ट्रीशमशेर जबरालाई 'मेरो छोराको व्रतबन्ध आगामी असार १८ गते गर्ने तय भएको छ, व्रतबन्धको पूरै संस्कार नै त्रिभुवन आर्मी अफिसर्स क्लबमा आयोजना गर्ने विचार छ, त्यो स्थान मिलाइदिनुपर्‍यो' भन्नुभएको रहेछ । त्यस अनुसार रथी राणाले प्रधान सेनापतिलाई स्वीकृतिका लागि जाहेर गर्नुभएछ । प्रधान सेनापतिले 'यो विषय राजपरिवारसँग सम्बन्धित भएकाले स्वीकृतिका लागि प्रमुख सैनिक सचिवालय मार्फत सरकारमा जाहेर गर्नुपर्छ, म सोधेर खबर गरूँला' भन्नुभएको रहेछ । यो कुरा उहाँले मलाई भनेपछि मैले सरकारमा जाहेर गर्दै 'यस्ता नितान्त निजी र पारिवारिक संस्कार आफ्नै निवास या तीर्थस्थलमा गर्ने प्रचलन हुन्छ, उहाँहरूलाई स्थानको समस्या हो भने अन्नपूर्ण होटल जस्तो सुविधासम्पन्न स्थान पनि छँदै छ, यस्तो कार्यक्रम सैनिक मुख्यालय परिसरस्थित क्लबमा गर्दा त्यति शोभनीय नदेखिएला कि, यसमा सरकारबाट विचार गरिबक्सनु उचित हुन्छ' भनें । सरकारबाट 'तिमीले भनेको ठीक छ, आर्मी क्लबमा यस्तो संस्कार गर्ने प्रचलन छैन भनेर प्रधान सेनापतिलाई उनीहरूसँग राम्रै कुरा गरेर सम्झाउन भनिदिनू' हुकुम भयो ।

## २०६० जेठ ३० गते शुक्रबार

एमाले महासचिव माधवकुमार नेपालको कोटेश्वरस्थित निवासमा भेटघाटका लागि भारतीय राजदूत जानुभएको बुझिएको छ ।

हालै पुनर्गठित मन्त्रिपरिषद् र वार्तादोलीमा समेत नरहेपछि पूर्वमन्त्री नारायणसिंह पुन निराश हुनुभएको बुझिन्छ । आफ्ना निकटका व्यक्तिलाई 'मैले त सबै दृष्टिकोणबाट राजालाई समर्थन र सहयोग गरेको हुँ, अब पनि सरकारबाट जे निर्देशन हुन्छ सोही अनुसार गर्छु' भन्नुहुँदो रहेछ । यसै क्रममा पुनले मलाई फोन गरेर 'म निजी कामले आउँदो मङ्गलबार लन्डन जानुपरेको छ, सरकारले समय बक्से लन्डन जानुअघि दर्शनभेट पाउनका लागि जर्साबले जाहेर गरिदिनुपर्‍यो' भन्नुभयो । मैले उहाँलाई 'जाहेर गरेर समय मिल्यो भने खबर गरूँला' भनें ।

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला ज्ञानेश्वरस्थित मेरा छिमेकी पूर्व प्रधान न्यायाधीश विश्वनाथप्रसाद उपाध्यायलाई भेट्न आउनुभएको रहेछ । कोइरालाका साथमा पूर्वन्यायाधीश लक्ष्मणप्रसाद अर्याल समेत हुनुहुन्थ्यो भन्ने खबर छ । त्यस अवसरमा कोइरालाले 'म प्रतिनिधिसभा पुनःस्थापनाको एजेन्डा लिएर अगाडि बढेको छु, यसमा संवैधानिक हिसाबले कस्तो होला ?' भनेर उपाध्यायसँग छलफल गर्नुभएको बुझिएको छ ।

## २०६० असार २ गते सोमबार

जर्मन नागरिक डेइटर कुप्सले नेपालको अङ्गीकृत नागरिकता पाउनका लागि प्रमुख सैनिक सचिवालयमा निवेदन पठाउनुभएको छ । उहाँ धेरै वर्षदेखि गोरखा जिल्लामा जडीबुटी सम्बन्धी काम गरेर बस्नुभएको रहेछ । नेपाली कानुन अनुसार उहाँलाई नागरिकता दिन सकिने या नसकिने भन्नेबारे गृह मन्त्रालयले कुनै निर्णय गर्न सकेको रहेनछ । यसैबीच, विगत दुई वर्षदेखि गैरकानुनी रूपमा बिनाभिसा बसिरहेकाले हाल उहाँ थुनामा हुनुहुँदो रहेछ । यसबारे जर्मन राजदूतावासले चासो राखेर उहाँलाई जर्मन फर्काउने प्रयास समेत गरेको रहेछ । तर उहाँले आफू नेपालमै बस्ने, जर्मन नफर्कने अठोट गर्नुभएको रहेछ । यस सम्बन्धमा दरबारले कुनै निर्देशन दिएर उहाँलाई थुनाबाट मुक्त गर्न सके सकारात्मक सन्देश जान सक्छ भनेर मैले जाहेर गरेँ । सरकारबाट हुकुम भयो, 'विदेशी नागरिकलाई यसरी थुनेर राख्दा राम्रो देखिँदैन । उहाँलाई तत्काल थुनामुक्त गरी जर्मनी नै फिर्ता गर्न सके ठीकै छ । अथवा, उहाँ नेपालमा बसेको धेरै वर्ष भएकाले अङ्गीकृत नागरिकता दिन कानुनले मिल्छ भने किन नदिने ? यस विषयमा गृहसचिवसँग कुरा गरेर टुङ्ग्याइदिनू ।'

माओवादी वार्ताटोलीका सदस्य कृष्णबहादुर महराले 'माओवादीले पहिले सेना र पछि नारायणसिंह पुन मार्फत राजासँग वार्ताको कुरा अगाडि बढाएको हो, प्रमुख सैनिक सचिवबाट समेत विश्वासको पत्र प्राप्त भएको थियो, हामी अझै पनि राजासँग भेटेर आफ्ना कुरा राख्न चाहन्छौं, तर हाल दरबार टाढा भएको छ, सेना बटारिएको छ, यो कसरी भयो हामी पत्ता लगाउँदै छौं र राजाको विश्वासप्राप्त व्यक्तिको खोजीमा छौं' भन्ने गरेको खबर आएको छ ।

भ्रमणका क्रममा सरकार सेनाको कुनै पनि ब्यारेकमा राज भएमा त्यहाँ कार्यरत सम्पूर्ण सैनिक जवानलाई खसी उपहार दिने र भोजको आयोजना गर्ने प्रचलन छ । त्यसमा लागेको सम्पूर्ण खर्चको बिल सैनिक सचिवालयमा आउँछ । सोही अनुसार गत जेठ २३, २४ र २५ गते सरकार पूर्वी क्षेत्रको भ्रमणमा सवारी भएका बेला इटहरी र ताप्लेजुङ ब्यारेकका ब्यारेकका जवानलाई भोज खुवाउँदा लागेको खर्च सम्बन्धमा जाहेर गर्दा 'बिल मगाएर रकम भुक्तानी पठाइदिनू' हुकुम भयो ।

सरकारी नयाँ वार्ताटोलीका सदस्य मन्त्रीहरू डा. प्रकाशचन्द्र लोहनी र कमल थापाले हिजो पूर्वमन्त्री तथा वार्ताटोलीका तत्कालीन सदस्य नारायणसिंह पुनलाई भेटेर शान्ति प्रक्रियाबारे छलफल गरेका छन् । वार्ताटोलीले आज प्राविधिक समितिका सदस्यहरूसँग परामर्श गर्ने कार्यक्रम रहेको बुझिएको छ ।

भारतीय दूतावासले परराष्ट्र मन्त्रालयमा पत्र लेखी दूतावासभित्रको सुरक्षाका लागि भारतको स्पेसल सेक्युरिटी ब्युरो (एसएसबी) का ४० जवानलाई हतियार सहित राख्न स्वीकृति माग गरेको छ । यस्तो माग पहिले-पहिले पनि हुँदै आएको थियो, तर स्वीकृति दिइएको थिएन । हाल परराष्ट्र मन्त्रालयले स्वीकृति दिने मानसिकता बनाउँदै आएको छ भन्ने बुझिन्छ । यो विषयलाई लिएर प्रधान सेनापतिले राष्ट्रिय सुरक्षा

परिषद्मा छलफल गर्नुपर्ने र त्यहाँ निर्णय नभएसम्म परराष्ट्र मन्त्रालयलाई स्वीकृति दिन रोक्नुपर्ने देखिन्छ ।

आज प्रधानमन्त्री सूर्यबहादुर थापालाई सुरक्षा अङ्गका प्रमुखहरूले देशको सुरक्षा व्यवस्था सम्बन्धमा सामूहिक जाहेरी गर्ने कार्यक्रम सम्पन्न भयो । थापा प्रधानमन्त्री भएपछि सुरक्षा अङ्गहरूको यो पहिलो जाहेरी थियो ।

माओवादी वार्ताटोलीका सदस्य मातृकाप्रसाद यादवले भारतीय दूतावासमा कार्यरत भारतको गुप्तचर एजेन्सी रअका प्रमुख मदन प्यासीसँग छलफल गरेको खबर छ । छलफलमा प्यासीले यादवलाई भारतको पटनामा मिस्टर माथुरसँग सम्पर्क राख्न भनेछन् । साथै 'भारतका पिपुल्स वार ग्रुप (पीडब्लुजी) र माओवादी कम्युनिस्ट सेन्टर (एमसीसी) सँग तपाईंहरूको के-कस्तो सम्बन्ध रहेको छ ?' भनी सोधेछन् । त्यसको जवाफमा यादवले 'उनीहरूसँग हाम्रो कुनै सहयोग/सहकार्य इत्यादि छैन, सैद्धान्तिक सम्बन्ध मात्र हो, भारतको अहित हुने कुनै पनि कार्य गर्ने हाम्रो नीति छैन' भनेको थाहा भएको छ । यो कुरा यादवले माओवादी वार्ताटोलीका अर्का सदस्य कृष्णबहादुर महरालाई रिपोर्ट गरेको पनि बुझिएको छ ।

अर्थ मन्त्रालयको अनुरोधमा सेनाले परिचालन गरिरहेको राजस्व गस्ती टोलीलाई यही असार मसान्तसम्म कायम राखी अर्को आर्थिक वर्षदेखि यो काम अर्थ मन्त्रालयलाई नै जिम्मा लगाउन ठीक हुने भनी शाही जङ्गी अड्डाबाट प्रस्ताव आएको छ । यस प्रस्तावमा आज सरकारबाट 'सहमति' बक्स्यो ।

संयुक्त अधिराज्य र बेल्जियमबाट सेनाले खरिद गरेका केही हतियार एयरपोर्टमा आइपुगेका छन् र हस्तान्तरण हुन बाँकी छ ।

संयुक्त राष्ट्रसङ्घको तत्त्वावधानमा नेपाललाई एचआईभी/एड्स नियन्त्रणका लागि ठूलो रकम प्राप्त हुँदै छ । नेपालमा पनि एड्स विकराल समस्याका रूपमा विस्तार हुने विभिन्न अध्ययनले देखाएकाले अन्तर्राष्ट्रिय निकायबाट ठूलो सहयोग आउने क्रम सुरु भएको हो । त्यसैले यस समस्याका विरूद्ध लड्न गठन हुने संयन्त्रमा राजसंस्थाबाट संरक्षकत्वको भूमिका निर्वाह भएमा सकारात्मक हुने देखिन्छ ।

जाजरकोटे राजा प्रकाशविक्रम शाह दिवङ्गत भएको केही महिना भैसकेको छ । उहाँका छोराहरू विवाहित रानीबाट नजन्मेको भन्दै जाजरकोटे ठकुरी खानदानका केही अग्रज व्यक्तिले 'मैले राजा हुन पाउनुपर्छ' भनी सरकारमा बिन्ती चढाएका थिए । जानकारीमा आए अनुसार, राजा हुन बिन्तीपत्र चढाउनेमा तेजविक्रम शाह, विनोदविक्रम शाह र राजीवविक्रम शाह हुनुहुन्छ । यसै सन्दर्भमा पत्रपत्रिकामा विभिन्न टीकाटिप्पणी र समाचार प्रकाशित भइरहेका छन् । हालको परिवेशमा यो विषयलाई प्राथमिकतामा राख्न र नयाँ राजा नियुक्त गर्न मनासिब छैन भनेर मैले सरकारमा बिन्ती गरें । मेरो जाहेरी सुनेर सरकार हाँसिबक्स्यो मात्र, कुनै प्रतिक्रिया बक्सेन ।

विशेष स्रोतबाट प्राप्त खबर अनुसार आन्दोलनकारी पाँच दलले अबदेखि आन्दोलनका कार्यक्रम राजतन्त्रका विरूद्ध केन्द्रित गर्ने भएका छन् । यस्तो निर्णय

पहिलो पटक भएको हो । अहिलेको अवस्थामा यो निकै संवेदनशील विषय हो । यो कुरा जाहेर हुँदा सरकारबाट 'प्रमुख सचिव पशुपतिभक्त महर्जनलाई पनि जानकारी गराउनू' हुकुम भयो ।

## २०६० असार ६ गते शुक्रबार

सरकार परिवर्तनपछि माओवादीले वार्तामा त्यति उत्साह देखाएको छैन । बरु माओवादी नेताहरू वार्ता भङ्ग भएपछिको रणनीति तय गर्न जुटेको बुझिन्छ । उनीहरूको भ्रमण पनि निकै बढेको छ । यसै सिलसिलामा पम्फा भुसाल गत ४ गते काठमाडौँ आएर ५ गते नै चितवनतर्फ लागेको र शिवराज गौतम दाङबाट काठमाडौँ आएको खबर छ । त्यस्तै हिसिला यमी बर्दियातर्फ लागेको र डा. बाबुराम भट्टराई बर्दियाबाट भारत, उत्तरप्रदेशको महिपुरवातर्फ प्रस्थान गरेको बुझिएको छ ।

एमाले केन्द्रीय कमिटीको बैठक असार १५, १६ र १७ गते केन्द्रीय कार्यालय बल्खुमा बस्ने भएको छ । त्यस्तै काङ्ग्रेस केन्द्रीय समितिको बैठक भोलि र पर्सिका लागि निर्धारण भएको छ । एमाले महासचिव माधवकुमार नेपाल र नेता भरतमोहन अधिकारीले हिजो विदेशी पत्रकारलाई सामूहिक रूपमा भेट्नुभएको छ । त्यस अवसरमा उहाँहरूले आन्दोलनको औचित्यका बारेमा प्रकाश पार्नुभएको छ ।

हिजो बिहान पूर्वमन्त्री रमेशनाथ पाण्डेलाई हृदयाघात भएपछि त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगन्जमा भर्ना गरिएको छ । हाल उहाँको अवस्था सामान्य रहेको छ ।

माओवादीले आज अपराह्न शान्ति जुलुस प्रदर्शन गरेको छ । जुलुसमा २-३ हजारको सहभागिता रहेको देखियो । जुलुसको अन्त्यमा घण्टाघरमा कोणसभाको आयोजना गरिएको थियो । त्यस्तै, आन्दोलनरत पाँच पार्टीले पनि रत्नपार्कमा आमसभाको आयोजना गरेका थिए । सभामा पहिलेको भन्दा अलिकति ज्यादा जनसहभागिता थियो ।

यी कुरा जाहेर हुँदा सरकारबाट हुकुम भयो, 'सम्भावित खतरा र समसामयिक राजनीतिक परिवेशका बारेमा सुरक्षा निकाय सचेत हुन आवश्यक छ । साथै सुरक्षा निकाय आफू स्वयंले निर्वाह गर्नुपर्ने भूमिकाका बारेमा पनि तयारी रहनुपर्ने हुन्छ । वार्ता छोडेर माओवादी द्वन्द्वमा फर्केपछि गर्नुपर्नेसम्भावित अपरेसनमा सुरक्षा निकाय संयुक्त रूपमा परिचालन हुनुपर्छ (कम्बाइन्ड अपरेसन) । त्यसका लागि संयुक्त चेन अफ कमान्डका बारेमा स्पष्ट धारणा बनाउन निर्देशन दिनू ।'

## २०६० असार ९ गते सोमबार

चिनियाँ राजदूतका निजी सचिवले मलाई फोन गरेर 'आउँदो शुक्रबार बेलुका राजदूतले तपाईंलाई श्रीमती सहित डिनरमा बोलाउनुभएको छ, तपाईंको समय मिल्छ भने म निमन्त्रणा कार्ड पठाउँछु' भन्नुभयो । मैले 'मेरो कार्यक्रम हेरेर खबर गर्छु' भनेँ । यस विषयमा जाहेर गर्दा सरकारबाट 'जानू' भनेर हुकुम बक्स्यो ।

एमाले नेता केपी शर्मा ओली र वामदेव गौतम लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री रहुन्जेल सरकारप्रति सकारात्मक देखिनुहुन्थ्यो । हालको मन्त्रिपरिषद्प्रति उहाँहरूले सकारात्मक धारणा राखेको जस्तो देखिँदैन । अहिलेको अवस्थामा उहाँहरू दरबारप्रति सकारात्मक नै भइरहनु उपयुक्त हुन्छ ।

केही समयपहिले अवकाश पाएका राष्ट्रिय अनुसन्धान विभागका उपप्रमुख लालबहादुर थापा मलाई भेट्न आउनुभएको थियो । उहाँले आफ्नो कार्यकालका अनुभव हालको अवस्थामा उपयुक्त हुन सक्ने बताउनुभयो । साथै 'भारतको सीमा इलाकामा आफ्नो सम्पर्क भएकाले आवश्यक परे महाराजाधिराजलाई सबै किसिमको सहयोग मिलाउन सक्ने उल्लेख गर्नुभयो । उहाँका कुरा जाहेर गर्दा सरकारबाट 'भारतीय सीमा इलाकामा नेपाली जनता र राजसंस्थाप्रति राम्रो धारणा विकास गर्न आवश्यक छ, त्यसैले उनलाई काम दिन सकिने भएकाले सम्पर्कमा रहन भन' हुकुम भयो ।

दुई–तीन दिनअगाडि प्रधानमन्त्री सूर्यबहादुर थापाले राप्रपा नेता रवीन्द्रनाथ शर्मा मार्फत अहिलेको राजनीतिक गतिरोध अन्त्य गर्ने सम्बन्धमा ११ बुँदे प्रस्ताव काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला समक्ष पठाउनुभएको थियो । त्यसै विषयमा आज रवीन्द्रनाथ शर्माकी छोरीको गल्फुटारस्थित घरमा प्रधानमन्त्री थापा, शर्मा, कोइराला र आमोदप्रसाद उपाध्यायबीच गोप्य छलफल भएको छ । उक्त प्रस्तावको एक प्रति कोइरालाले सुझावका लागि पूर्व प्रधान न्यायाधीश विश्वनाथप्रसाद उपाध्याय समक्ष पठाएको खबर आएको छ ।

संयुक्त राज्य अमेरिकाको संसारभर रहेको 'इन्ट्रेस्ट' र 'प्रोपर्टी' सम्बन्धी रेखदेख गर्ने राजदूत टेलर काठमाडौं आउनुभएको छ । उहाँले आज राष्ट्रिय सुरक्षा परिषद् सचिवालयका सहसंयोजक उपरथी रुक्माङ्गद कटवाललाई भेट्नुभयो । आजै नेपालस्थित अमेरिकी राजदूतले उहाँको सम्मानमा दिएको रात्रिभोजमा नेपालका सबै सुरक्षा अङ्गका प्रमुखलाई बोलाइएको थियो । सो अवसरमा राजदूत टेलरले नेपालको राजनीतिक गतिविधि सम्बन्धमा केही जिज्ञासा राख्नुभयो । उहाँले जान्न खोजेका विषय थिए, 'वार्ता सफल भए माओवादी लडाकुको निःशस्त्रीकरण र व्यवस्थापनका बारेमा के योजना छ ? वार्ता सफल नभए इन्टेलिजेन्स र अपरेसनल तयारी कस्तो छ ?' साथै, अमेरिकाले चीन र भारतलाई नेपालमा आफ्नो राजनीतिक वा अन्य कुनै पनि 'इन्ट्रेस्ट' छैन भनेर स्पष्ट पारिसकेको जानकारी दिँदै उहाँले 'अमेरिकाको चाहना भनेको नै आतङ्कवाद समाप्त पार्नु हो' भन्नुभएको छ । अमेरिकामा कतिपय सिनेटरले नेपाललाई हातहतियार वा अन्य सुरक्षा सहायता दिने कुराको विरोध गर्ने गरेका छन्, तर दलाई लामाका प्रतिनिधिले नेपालका माओवादी र कम्युनिस्टको विरोध गरेकाले नेपाललाई सहयोग गर्न केही सजिलो भएको छ भन्ने जानकारी समेत उहाँले दिनुभएको छ ।

उक्त अवसरमा नेपालका सुरक्षा अङ्गका प्रमुखहरूले 'अमेरिकाले नेपाललाई हेर्दा आफ्नै आँखाबाट हेर्नुपर्दछ, अरूको आँखाबाट हेर्न ठीक हुँदैन' भन्ने दृष्टिकोण राख्नुभयो । युरोपियन युनियनको नेपालप्रतिको धारणा अन्योलपूर्ण रहेको पाइन्छ ।

बेलायत नेपालको पुरानो मित्र भए पनि डीएफआईडीमा कार्यरत क्लियर सर्ट नेपालबाट प्रस्थान भएपछि सम्बन्ध सुध्रने अपेक्षा गरिएको छ ।

हाल बेलायत भ्रमणमा रहेका पूर्वमन्त्री नारायणसिंह पुनले लन्डनबाट फोन गरेर 'दर्शनभेटमा सरकारबाट केही किताबका बारेमा कुरा गरिबक्सेको थियो, ती किताबका साथै अन्य केही नयाँ र राम्रा किताब पठाएको छु, सरकारमा चढाइदिनू' भन्नुभयो ।

माओवादी नेताहरूको सक्रियता निकै बढ्दै गएको देखिन्छ । नेता डा. बाबुराम भट्टराई भारतबाट फर्केर नेपालगन्ज हुँदै कालीकोट गई त्यहाँबाट फर्केर बर्दिया हुँदै फेरि भारततिरै लागेको खबर छ । बर्दियामा माओवादी पोलिटब्युरो वा केन्द्रीय जनक्रान्तिकारी परिषद्को बैठक बसेको हुन सक्छ ।

भारतको साउथ ब्लकमा कार्यरत पदाधिकारीको एउटा टोली हालै गोप्य रूपमा आएर प्रधानमन्त्री सूर्यबहादुर थापालाई भेटी केही महत्त्वपूर्ण सुझाव समेत दिएर गएको बुझिएको छ । प्राप्त रिपोर्ट अनुसार उनीहरूले प्रधानमन्त्री थापासँग भनेका छन्, 'एमाले र काङ्ग्रेस दुवै पार्टीलाई मिलाएर सरकारलाई पूर्णता दिनुपर्छ । यसो गर्दा राजालाई पनि दबाव पुग्दछ । संविधानसभामा गए पनि हुन्छ वा हालकै संविधानलाई संशोधन गरे पनि हुन्छ । एमालेबाट केपी शर्मा ओली र वामदेव गौतमको समूह छुट्टिएर गए पनि केही फरक पर्दैन । पछिल्लो समयमा नेपालमा अमेरिकाको चलखेल निकै बढेको छ । यसमा हाम्रो आपत्ति छ । यो कुरा हामीले चीनलाई समेत जानकारी गराएका छौँ । चीनलाई समेत यो ठीक लागेको छैन ।'

त्यस्तै उनीहरूले काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालालाई भेटेर 'आम चुनावको मिति घोषणा हुने प्रबल सम्भावना छ, यसो भयो भने आन्दोलन चर्काएर चुनाव बिथोल्न सक्नुपर्छ' भनेको खबर छ । उनीहरूले एमाले नेता केपी शर्मा ओली र वामदेव गौतमलाई समेत भेट्न खोजेको बुझिएको छ ।

सरकारमा यी विषय जाहेर हुँदा 'सुरक्षा अङ्गका प्रमुखहरूसँग छलफल गर्नू' हुकुम भयो । साथै हालको परिस्थितिमा भारतसँगको सम्बन्धमा समेत विचार हुनुपर्ने र शान्ति प्रक्रियालाई निर्णायक रूप दिनुपर्ने निर्देशन बक्स्यो । साथै सरकारबाट '२०२८ सालमा भारत, चीन र पञ्चायतबीचको सम्बन्धका बारेमा महत्त्वपूर्ण दस्तावेज भएको कुनै फाइल खडा भएको छ कि, खोज्नू' हुकुम भयो ।

चीनमा बसोबास गर्ने मेरा छिमेकी अशोकराज पाण्डे हाल काठमाडौँ आउनुभएको छ । यसबीच उहाँले चिनियाँ राजदूत उ योङ कङसँग भेट्नुभएको रहेछ । उक्त भेटघाटमा राजदूतले भनेका कुरा पाण्डेले मलाई विस्तृत रूपमा सुनाउनुभयो । उहाँका अनुसार यति बेला चिनियाँ राजदूत निकै निराश हुनुहुन्छ । पाण्डेसँग चिनियाँ राजदूतले भन्नुभएछ, 'नेपालमा गर्न खोजिएको कुनै पनि काम हुँदैन । व्यापक ढिलासुस्ती छ । म नेपाल आएपछि तीन पटक सरकार परिवर्तन भइसक्यो । चीन नेपालमा स्थायी शान्ति कायम होस्, विकास होस् र राजनीतिक स्थिरता होस् भन्ने चाहन्छ । यसका लागि सहयोग गर्न तयार छ । तर नेपालमा सम्बन्धित निकाय र त्यहाँ कार्यरत व्यक्तिले कुनै

चासो राख्दैनन् । नेपालमा राजदूतका हैसियतले मैले दुई देशको सम्बन्ध विकसित गर्न केही गर्न सकेको छैन भन्ने महुसस गर्दा मलाई ज्यादै दुःख लाग्छ । नेपालका थुप्रै उद्योग राम्रोसँग सञ्चालन हुन सकेका छैनन् । धेरै चिनियाँ व्यापारी, उद्योगपतिहरूले यी उद्योगमा निजी लगानी समेत गर्न चाहेका छन् । तर नेपालको प्रशासन यन्त्र र राजनीतिक संयन्त्रले कुरा अगाडि बढ्न सक्दैन । त्यसैले चिनियाँ उद्योगपतिहरू निकट छिमेकी नेपाल छोडेर टाढाका अफ्रिकी मुलुकतिर ढल्केका छन् । यसो हुनुको प्रमुख कारण भारतीय हस्तक्षेप हो । यो कुरा नेपालको राजनीतिक नेतृत्वलाई थाहा छ, तर उनीहरू बुझ पचाएर बसेका छन् । कुनै पनि मन्त्री देशका लागि केही गरौँ भन्ने भावनाबाट प्रेरित भएको मैले पाइनँ । उनीहरूसँग नेपालको उन्नतिका लागि छलफल गर्नु बेकार जस्तो लाग्छ ।' यसै क्रममा चीनले सहयोगस्वरूप बनाइदिएको हेटौँडा सिमेन्ट कारखानाको अवस्था अति नै दयनीय रहेकोमा चित्त दुखाउँदै चिनियाँ राजदूतले पाण्डेलाई भन्नुभएछ, 'उक्त कारखाना तपाईंले सक्नुहुन्छ भने किन्नुहोस्, हामी सहयोग गर्छौं ।'

## २०६० असार १३ गते शुक्रबार

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला हिजो विराटनगर जानुभयो । विराटनगरबाट सिराहा गएर त्यहाँ प्रेस युनियनले आयोजना गर्ने कार्यक्रममा सहभागी हुने उहाँको कार्यक्रम छ । आजै कोइरालाले विराटनगरमा १३ जनाले गर्न लागेको रिले अनशनको सुरुवात गराइदिनुभएको छ । त्यस अवसरमा कोइरालाले घोषणा गर्नुभयो, '२००७ सालको क्रान्ति पनि विराटनगरबाटै सुरु भएको थियो । त्यस बेलाको क्रान्ति जहानियाँ राणा शासनका विरूद्धमा थियो भने यो आन्दोलन राजाका विरूद्ध हो । राजाले असोज १८ को कदमलाई सच्याएर प्रतिनिधिसभा पुनःस्थापना गर्नुपर्छ । आन्दोलनले सफलता प्राप्त नगरेसम्म म विश्राम लिन्नँ ।'

आज बिहान एमाले महासचिव माधवकुमार नेपाललाई इजरायली राजदूतले भेटेको खबर छ । आजै माओवादीले आन्दोलनरत पाँच पार्टीलाई 'अग्रगामी निकासका लागि साझा एजेन्डा सहित केही विषयमा साझा सहमति बनाए सडक आन्दोलनमा जान सकिने' प्रस्ताव पठाएको बुझिन आएको छ ।

भारतको नयाँ दिल्लीमा रहेका नेपालका लागि स्वीडेनका राजदूतले हालै 'नेपालमा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रप्रति हाम्रो पूर्ण प्रतिबद्धता रहेको छ, यो कुरा माओवादीका नेतालाई पनि जानकारी गराइसकिएको छ, त्यस्तै नेपालमा भइरहेको आतङ्ककारी गतिविधिले भारतलाई समेत नकारात्मक प्रभाव पर्न सक्नेबारे समयमै विचार गर्न भारतसँग आग्रह गरिसकिएको छ' भन्नुभएको बुझिएको छ ।

पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द र पूर्वमन्त्री नारायणसिंह पुनले माओवादीसँग वार्ता अघि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ । यसको कदरस्वरूप उहाँहरू दुवैलाई विभूषण प्रदान गरे सकारात्मक सन्देश जान सक्नेछ भनेर मैले सरकारमा जाहेर

गरें । सरकारबाट 'यसबारे पछि विचार गरौंला' हुकुम भयो ।

माओवादी सहित ११ वाम पार्टीको बैठकमा माओवादी र एमालेबीच संविधानसभाको विषयमा लिएर फरक-फरक मत देखियो । एमाले कुनै पनि हालतमा संविधानसभामा जान नसकिने अडानमा छ । यसका कारण वाम पार्टीहरूले अबका बैठकहरूमा एमालेलाई बैठकमा नबोलाउने निधो गरेको खबर आएको छ ।

आन्दोलनरत पाँच दलको २४ घण्टे रिले अनशन काठमाडौंको रत्नपार्कमा जारी छ । अनशनमा विभिन्न दलका १३ जना नेता तथा कार्यकर्ता सहभागी हुने गरेका छन् । साथै आज बेलुकी मसाल जुलुस प्रदर्शन गर्ने कार्यक्रम राखिएको छ । श्री ५ को सरकारलाई मसाल जुलुसमा कुनै पनि किसिमको हस्तक्षेप नगर्न निर्देशन दिइएको छ । यसैबीच, आन्दोलनरत दलले तत्कालीन राजा वीरेन्द्र र उहाँको परिवारका नाममा रहेको सम्पत्ति राष्ट्रियकरण गर्न माग गर्दै हस्ताक्षर अभियान चलाइरहेका छन् । यसबारे श्री ५ को सरकारको कुनै प्रतिक्रिया आएको छैन ।

पूर्वनिर्धारित कार्यक्रम अनुसार आज म चिनियाँ राजदूतले आयोजना गरेको डिनरमा गएँ । उहाँसँग मेरो विभिन्न विषयमा छलफल भयो । राजदूतले 'नेपालले सेना लगाएर भए पनि नेपालमा हुने चीनविरोधी गतिविधि रोक्नुपर्‍यो, यसका लागि नेपाललाई शक्तिशाली सेनाको आवश्यकता छ' भन्नु विषयमा जोड दिनुभयो । साथै उहाँले भन्नुभयो, 'चीनका लागि शाही नेपाली राजदूत नरेन्द्रराज पाण्डेले चिनियाँ राष्ट्रपति समक्ष ओहदाको प्रमाणपत्र प्रस्तुत गर्दा राष्ट्रपतिले पाण्डेसँग करिब ४५ मिनेट लामो छलफल गर्नुभएको छ । यस्तो अवसरमा चिनियाँ राष्ट्रपतिले कुनै पनि देशका राजदूतसँग पाँच-दस मिनेटको भलाकुसारी मात्र गर्ने चीनको नीति रहेको छ । त्यसैले यो ४५ मिनेटको छलफलबाट चीनले नेपालसँगको सम्बन्धलाई अति नै गम्भीर रूपमा लिएको देखिन्छ ।'

प्रत्युत्तरमा मैले राजदूतलाई 'नेपाल सदैव एक चीन नीतिको समर्थनमा रहँदै आएको सर्वविदितै छ, नेपालले यो अडान त्याग्दैन, नेपालमा चीनविरोधी कुनै पनि गतिविधि हुन नदिन कामकारबाही भइरहेको छ' भन्नेबारे आश्वस्त पारें । साथै हालको परिस्थितिमा चीनले पनि नेपाललाई आतङ्कवादका विरूद्ध लड्न सहयोग गर्नुपर्छ भन्ने आग्रह गरें । 'चीन र भारतको सम्बन्ध लगातार विस्तार भइरहेको सन्दर्भमा चीनको नेपालप्रति के दृष्टिकोण हुन्छ ?' भनी जिज्ञासा राखें । राजदूतसँग मैले भनें, 'सिक्किमका बारेमा हालै आएको चिनियाँ दृष्टिकोण तथा चीन र भारतको सिमाना सिक्किममा निर्माण भएको राजमार्गले नेपाललाई कस्तो प्रभाव पार्ने देख्नुहुन्छ ? नेपालमा अमेरिकी र पश्चिमा मुलुकको चलखेल सम्बन्धमा जुन आवाज उठ्ने गरेको छ, त्यो खासै गम्भीर छैन । अमेरिका र बेलायतले सेनालाई आतङ्कवादका विरूद्ध लड्न सीमित सैनिक हातहतियार तथा लजिस्टिक्स मात्र उपलब्ध गराएका छन् । यो सहयोग पूर्णतः आतङ्कवादका विरूद्ध लक्षित छ । यसमा चीनले अन्यथा लिनु हुँदैन । चीनको संवेदनशीलताप्रति हामी पूर्ण सचेत छौं । नेपाल सार्क राष्ट्रको सदस्य भए पनि हाम्रो चीनसँग सयौं वर्ष पुरानो र १४ सय किलोमिटर लामो सिमाना जोडिएको सम्बन्ध छ । नेपाल र चीनबीचको

सम्बन्ध ज्यादै घनिष्ठ र समस्यामुक्त छ । चीन नेपालको असल मित्र हो । चीनले पनि नेपाललाई असल छिमेकी र मित्रदेशको रूपमा लिएको छ भन्ने हामीलाई विश्वास छ । त्यसैले हामीलाई परेको समयमा चीनबाट सहयोग अपेक्षा राखेका छौँ । साथै चीनले पनि नेपालमा भइरहेका गतिविधिप्रति चासो राख्नु नितान्त आवश्यक छ ।' अन्त्यमा मैले 'सरकारबाट शुभजन्मोत्सवपछि तपाईंलाई दर्शनभेट बक्सनेछ, उक्त अवसरमा तपाईंलाई लागेका विचार सरकार समक्ष राख्दा ठीक होला' भन्ने सुझाव समेत दिएँ ।

## २०६० असार १६ गते सोमबार

पूर्वमन्त्री नारायणसिंह पुनले हिजो राति बेलायतबाट फोन गरेर भन्नुभयो, 'यहाँका ख्यातिप्राप्त नेपाली प्रा. सूर्यप्रसाद सुवेदीसँग प्राइभेट डिनरमा नेपालको वर्तमान राजनीतिक परिवेशका सम्बन्धमा मेरो लामो कुराकानी भयो । उहाँ वर्तमान शान्तिवार्ताप्रति एकदमै सकारात्मक हुनुहुन्छ । अवकाशप्राप्त बेलायती सेनाका जनरल सर शाम काओनले मलाई दुई–तीन दिनका लागि बोलाउनुभएको छ । लन्डनस्थित शाही नेपाली राजदूतसँग पनि भेट्ने कार्यक्रम तय गरेको छु । साथै, सरकारबाट हुकुम बक्से बमोजिम लर्ड क्यामोइजलाई पनि भेट्छु । (लर्ड क्यामोइज नेपालको राजपरिवारसँग निकट सम्बन्ध रहेका व्यक्ति हुनुहुन्छ । उहाँ स्वर्गीय राजा वीरेन्द्र बेलायतमा अध्ययनरत हुँदादेखि नै वीरेन्द्र सरकार तथा पछि दीपेन्द्र सरकार र नीराजन सरकारसम्मका स्थानीय अभिभावक रहँदै आउनुभएको छ ।) साथै उहाँले 'बेलायतका केही प्राज्ञिक संस्था तथा विश्वविद्यालयले नेपालको हालको राजनीतिक परिवेश र जारी वार्ता सम्बन्धमा अन्तरक्रियाका लागि बोलाइरहेका छन्, के सल्लाह दिनुहुन्छ ?' भनी सोध्नुभयो ।

भारतीय स्थलसेनाध्यक्ष निर्मल चन्दर भीजको हालैको नेपाल भ्रमणमा कुराकानी भए अनुसार फलोअप कार्यक्रमका लागि भारतीय सेनाको सम्भार विभागबाट विशेष टोली काठमाडौं आइपुगेको छ । उक्त टोलीले लजिस्टिक्सका साथै केही मात्रामा एम्युनिसन सहितका केही ट्रक सामान ल्याएको छ । त्यस्तै बेलायतबाट आएको इम्प्रोभाइज्ड एक्सप्लोसिभ डिभाइस (आईईडी) सम्बन्धी विशेषज्ञ टोली पनि काठमाडौं आइपुगेको छ । टोलीले सेनाको १४ नम्बर वाहिनी अड्डालाई केही उपकरण हस्तान्तरण गर्ने र ती उपकरण सम्बन्धी सामान्य तालिम दिने कार्यक्रम रहेको छ ।

चीन फर्कन लाग्नुभएका छिमेकी अशोकराज पाण्डेसँग मेरो आज पुनः भेट भयो । चिनियाँ राजदूत उ कोङ योङसँग उहाँको फेरि भेट भएको रहेछ । त्यस बेला चिनियाँ राजदूतले गुनासो गर्नुभएको रहेछ, 'श्री ५ को सरकारसँग सहमति हुन धेरै विषय बाँकी छन् । नेपालले तिब्बती शरणार्थी सम्बन्धमा स्पष्ट नीति अख्तियार गरेको देखिँदैन । अवैध रूपबाट नेपाल भित्रिने तिब्बतीलाई राम्रोसँग अनुसन्धान गरेर वास्तविक शरणार्थीलाई मात्र संयुक्त राष्ट्रसङ्घको शरणार्थी सम्बन्धी उच्च आयोगमा बुझाउनुपर्ने हो । तर श्री ५ को सरकारले त्यसो गरेको छैन । आपराधिक वा अन्य अवाञ्छित गतिविधिमा संलग्न भएर नेपाल पसेका तिब्बतीलाई नेपालको कानुन अनुसार कारबाही गर्नुपर्छ या चीनलाई

सुपुर्दगी गर्नुपर्छ । यो हाम्रो देशको माग हो । तर त्यसो गरिएको छैन । खास गरी हालका गृहसचिव टीकादत्त निरौलाले अपनाउनुभएको रबैयाले चीनविरोधी गतिविधिलाई नै प्रोत्साहन गरेको देखिन्छ ।'

जापानी राजदूत जेन्जी कामिनागासँग मेरो अनौपचारिक रूपमा भेट भयो । उहाँले 'महाराजाधिराजबाट एमाले महासचिव माधवकुमार नेपाललाई किन प्रधानमन्त्री नबनाइबक्सेको ?' भनेर सोध्नुभयो र भन्नुभयो, 'सरकारबाट माओवादीलाई पनि विश्वास गरिबक्सला जस्तो मलाई लाग्दैन ।' सोही अवसरमा राजदूतको भनाइ थियो, 'जापानले कुलेखानी तेस्रो जलविद्युत् परियोजना निर्माणमा सहयोगका लागि अन्तिम छलफल गरिरहेको छ । नेपालमा ठूला जलविद्युत् आयोजनामा लगानी गर्न जापान इच्छुक छैन । किनभने त्यस्ता आयोजनाबाट उत्पादित बिजुली भारतलाई बेच्न जापानलाई कठिनाइ पर्न सक्छ । जापानका लागि भारतसँग सहमति गर्न निकै समस्या छ । यस्ता आयोजना अमेरिकी र युरोपेली कम्पनीलाई निर्माण गर्न दिँदा उपयुक्त हुन्छ ।' मैले 'तपाईंका सुझाव सरकारमा जाहेर गर्छु' भनेँ ।

अनौपचारिक भेटघाटकै क्रममा नर्वेजियन राजदूतसँग परिचय हुँदा उहाँले 'संविधानसभाको चुनाव घोषणा गर्दा महाराजाधिराजलाई के समस्या पर्छ ?' भनेर मसँग जिज्ञासा राख्नुभयो । मैले उहाँलाई भनेँ, 'संविधानसभाको चुनाव भन्नु नै देश गणतन्त्रमा प्रवेश गर्नु हो भन्ने बुझाइ दरबारमा रहेको छ । संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र यी दुई विषयमा पूर्वसहमति कायम गरी अगाडि बढे संविधानसभाको चुनावमा जान पनि कुनै आपत्ति होला जस्तो मलाई लाग्दैन । तर विषय गम्भीर भएकाले राजनीतिक पार्टीहरूले कसरी सोच्छन्, त्यसमा भर पर्छ ।'

प्रधानमन्त्री सूर्यबहादुर थापाले 'मन्त्रिपरिषद्मा सरकारी पक्षबाट आउने कुनै पनि प्रेस विज्ञप्ति, विभिन्न मन्त्रीले दिने सन्देश र अन्तर्वार्ता पनि समन्वय गरी एकै किसिमबाट प्रवाह हुनु जरूरी छ, त्यस्तै वार्ताटोलीले वार्तामा जानुअघि प्राविधिक समिति र सुरक्षा अङ्गका प्रमुखहरूसँग छलफल गर्न जरूरी छ' भनेर निर्देशन दिनुभएको बुझिएको छ ।

भारतीय राजदूत श्यामशरणले हिजो बिहान काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला र बेलुका एमाले महासचिव माधवकुमार नेपाललाई गोप्य रूपमा भेटेको बुझिएको छ । के कुरा भयो यकिन हुन सकेको छैन । पछिल्लो दिनमा कोइराला र नेपाल देशको राजनीतिक समस्या हल गर्न नेपाली राजनीतिक शक्तिकेन्द्रभन्दा पनि विदेशी शक्तिकेन्द्र, खास गरी भारततिर ज्यादा ढल्किएको देखिएको छ । उहाँहरू रातोदिन भारतीय पदाधिकारी र राजदूतसँगको सम्पर्कमा हुनुहुन्छ भन्ने रिपोर्ट विभिन्न सुरक्षा निकायबाट आइरहेको छ । यो गतिविधि कुनै पनि दृष्टिले देशको दीर्घकालीन हितमा छ जस्तो लाग्दैन ।

प्युठानका माओवादी कार्यकर्ता मार्फत माओवादी वार्ताटोलीका सदस्य कृष्णबहादुर महराले राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्मालाई महाराजाधिराजसँग

दर्शनभेटका लागि समय मिलाइदिनुपऱ्यो भनेर खबर पठाउनुभएको छ । यो पहिले पनि सरकारमा जाहेर भइसकेको विषय हो ।

अख्तियारका प्रमुख आयुक्त सूर्यनाथ उपाध्याय अपहरणमा पर्नुभयो भनेर हिजो व्यापक हल्ला चल्यो । तर उहां छोरी सुत्केरी भएका कारण बिहानैदेखि अस्पतालमा रहनुभएको रहेछ ।

काङ्ग्रेस प्रजातान्त्रिकका नेता तथा काठमाडौँका पूर्वमेयर पीएल सिंह भारतको नयाँ दिल्ली जानुभएको छ । उहाँको भारतीय पदाधिकारी र केही नेतालाई समेत भेट्ने कार्यक्रम रहेको बुझिएको छ । उहाँ फर्केपछि भारतको यकिन धारणा के हो भन्ने थाहा हुन्छ भनी पार्टीभित्र चर्चा चलेको छ ।

## २०६० असार १९ गते बिहीबार

बङ्गलादेशबाट त्यहाँका अपराधी समूहले नेपालका माओवादीलाई पठाउन लागेको १८० केजी विस्फोटक पदार्थ र करिब एक लाख थान गोली त्यहाँको प्रहरीले बरामद गरेको छ । यसबारे विस्तृत अध्ययन हुन बाँकी छ ।

आन्दोलनरत पाँच पार्टीको आज बिहान बसेको बैठकमा नयाँ संविधानको विषयमा सहमति हुन सकेन । काङ्ग्रेस र एमालेले वर्तमान संविधानमा संशोधन गर्ने तथा नेपाल मजदुर किसान पार्टी, सद्भावना पार्टी र संयुक्त जनमोर्चाले संविधानसभाको चुनावमा जानुपर्ने अडान राखेकाले बैठक पुनः भोलि बस्ने भएको छ ।

आन्दोलनरत पाँच पार्टीले आह्वान गरे बमोजिम संसद्को विशेष अधिवेशन आज बिहान ११ बजे सुरु गरियो । काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले सभामुखको काम गर्नुभयो । पार्टीहरूले पुरानै कुरा दोहोऱ्याए । बैठक भोलि १० बजे पुनः सुरु हुने घोषणा सहित सम्पन्न भएको छ ।

माओवादीको विद्यार्थी सङ्गठन अखिल (क्रान्तिकारी) को महाधिवेशन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको हलमा सुरु भयो । महाधिवेशन तीन दिन चल्ने र यसबाट नयाँ नेतृत्व समेत चयन हुनेछ । यसैबीच माओवादीले अखिल क्रान्तिकारी महिला सङ्घबाट नेत्री रेखा शर्मालाई हटाएको बुझिन आएको छ ।

सरकारी वार्तटोली र सुरक्षा निकायका प्रमुखहरूबीच राष्ट्रिय सुरक्षा परिषद् सचिवालयमा छलफल भएको छ । छलफलमा सेनालाई ब्यारेकको पाँच किलोमिटरमा सीमित गर्ने विषय हाललाई स्थगित गर्ने निर्णय भएको छ । माओवादीले जनहितका कार्यक्रम भनेर गरिरहेका अनावश्यक गतिविधि रोक्नेबारे पनि कुराकानी भयो । माओवादी लडाकु र नेपाली सेनाको टोलीबीच जम्काभेट भए सहज ढङ्गले अगाडि बढ्ने र साथै कुनै अप्रिय घटना हुन नदिनेबारे सचेत रहने समेत तय भएको छ । साथै वार्तटोलीलाई सघाउन र आवश्यक कार्य सञ्चालन गर्न सचिवालय स्थापना गर्ने तथा त्यसको जिम्मेवारी सचिव जनकलाल जोशीलाई दिने भन्ने विषयमा छलफल भयो ।

## २०६० असार २२ गते आइतबार

सेनाले नयाँ पोसाक लागू गर्ने सिलसिलामा तयार पारेको नमुना पोसाक शाही रक्षक वाहिनीको अधिकृत मेसमा सरकारमा नजर गराउन कार्यक्रम तय भएको छ ।

परम्परा अनुसार, प्रमुख सैनिक सचिवालयले श्री ५ महाराजाधिराजको शुभजन्मोत्सवको पूर्वसन्ध्यामा रात्रिभोजको आयोजना गऱ्यो । रात्रिभोजमा पूर्व शाही पार्श्ववर्तीहरू, पूर्व सैनिक सचिवहरू, शाही रक्षक वाहिनीमा कार्यरत सम्पूर्ण अधिकृत, प्रधान सेनापति लगायत सबै उपरथीलाई निमन्त्रणा गरिएको थियो । यस्तो रात्रिभोजमा आज पहिलो पटक महाराजाधिराज तथा युवराजाधिराज एकसाथ समुपस्थित होइबक्स्यो र सबैसँग चिनजान गरी कुराकानी गरिबक्स्यो ।

## २०६० असार २३ गते सोमवार

श्री ५ महाराजाधिराजको आज ५७ औं शुभजन्मोत्सव । सरकारले राज्यारोहण गरिबक्सेपछिको पहिलो शुभजन्मोत्सव समारोह भव्यता र हर्षोल्लासका साथ सम्पन्न भयो । प्रधानमन्त्रीको अध्यक्षतामा शुभजन्मोत्सव मूल समारोह समिति गठन भएको छ । नागरिकका तर्फबाट समेत भूतपूर्व प्रधानमन्त्री कीर्तिनिधि विष्टको अध्यक्षतामा छुट्टै अर्को समिति गठन भएको छ । दुवै समितिले सरकारमा शुभकामना चढाए । नागरिक मूल समारोह समितिका तर्फबाट सहभागीहरूले शाही सैनिक मञ्च, टुँडिखेलबाट बाजागाजा र सांस्कृतिक झाँकी सहितको ऱ्यालीका साथ दरबार आएर सरकारमा अभिवादन टक्ऱ्याए । यस बाहेक विभिन्न तह र तप्काका नागरिक समेत सरकारलाई शुभकामना चढाउन दरबार आए । यसरी शुभकामना चढाउनेहरू २५ हजारभन्दा बढी रहेको अनुमान गरिएको छ । सरकारको शुभजन्मोत्सवका अवसरमा आजै राजदरबारमा जलपान समारोह र रात्रिभोजको आयोजना गरिएको छ ।

## २०६० असार २४ गते मङ्गलबार

नेपाल प्रहरीका तर्फबाट परम्परा अनुसार महाराजाधिराजको शुभजन्मोत्सवका अवसरमा वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा सांस्कृतिक कार्यक्रम सहित रात्रिभोजको कार्यक्रम सम्पन्न भयो । यसअघि प्रहरीले श्री ५ महेन्द्र पुलिस क्लब, भृकुटीमण्डपमा रात्रिभोज आयोजना गर्दै आएको थियो । उक्त क्लब भवन ज्यादै पुरानो भएको र सुरक्षाको दृष्टिले पनि उपयुक्त नभएकाले प्रहरीले नयाँ स्थान तय गरेको हो ।

## २०६० असार २६ गते बिहीबार

पूर्वमन्त्री कमलप्रसाद चौलागाईंले मलाई भेटेर प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द मन्त्रिपरिषद्को कार्यकालको विश्लेषण सुनाउनुभयो । उहाँको भनाइ थियो, 'चन्द सरकारले स्थानीय सरकार गठन गर्न त सकेन नै, मन्त्रिपरिषद्भित्र समेत आपसमा समन्वय हुन सकेन । विभिन्न मन्त्रीले आ–आफ्नै ढङ्गले महाराजाधिराजसँग नजिक

हुन खोजेर आफैं जान्नेसुन्ने छु भनी प्रभाव देखाउन खोजे । प्रधानमन्त्रीले पनि राजनीतिक हिसाबले राम्रो सहयोगी पाउनुभएन । आफ्नो पार्टीका, निकटका नेतालाई समेत मन्त्रिपरिषद्मा राख्न सक्नुभएन । वार्ताटोलीका सदस्य माओवादीसँग आ–आफ्नै ढङ्गले प्रस्तुत भएकाले माओवादी पनि उक्त वार्ताटोलीका बारेमा स्पष्ट हुन सकेन । राजनीतिकभन्दा 'टेक्नोक्र्याट' हिसाबले ज्यादा मन्त्री बनाइयो । फलस्वरूप मन्त्रिपरिषद् अहिलेको राजनीतिक माहोलमा काम गर्न असमर्थ भयो ।'

प्राप्त खबर अनुसार, माओवादी वार्ताटोली सदस्य रामबहादुर थापाले के भनेका छन् भने, 'नारायणसिंह पुनको अनुपस्थितिमा हामी विभिन्न माध्यमबाट राजासँग भेटवार्ता गर्न प्रयासरत छौं । यसै सन्दर्भमा हाम्रा तर्फबाट डीआर लामिछाने र वीरेन्द्र झापालीहरू दामोदरशमशेर जबरा, वीरेन्द्रबहादुर शाह (लव राजा), प्रभुशमशेर जबरा जस्ता राजाका निकटसँग सम्पर्क राख्ने प्रयासमा छन् । हेरौं के हुन्छ ! हाम्रो उद्देश्य राजासँग भेटेर राजाको चाहना बुझ्ने मात्र हो ।'

भारतीय परराष्ट्रसचिव काठमाडौं आएको अवसरमा भारतीय राजदूत श्यामशरणले प्रधान सेनापतिलाई दिवाभोजमा निमन्त्रणा गर्नुभएको छ । प्रधान सेनापतिले 'दिवाभोजमा के कुरा हुन्छ, म पछि सरकारमा जाहेर गर्छु' भन्नुभएको छ ।

कार्यकाल समाप्त गरी स्वदेश फर्कन लागेका इजरायली राजदूतको सम्मानमा हिजो प्रधान सेनापतिले शशिभवनमा रात्रिभोजको आयोजना गर्नुभएको थियो । 'रात्रिभोजमा पाकिस्तानी राजदूत आउनुभएन, उहाँले व्यक्तिगत कारणबाट आउन नसकेको जानकारी दिनुभयो, तर आज शाही जङ्गी अड्डामा मलाई भेट्न आउँछु भन्नुभएको छ' भनेर प्रधान सेनापतिले मलाई जानकारी दिनुभयो ।

सरकारको शुभजन्मोत्सवको कार्यक्रम तीन दिनमा सीमित गर्दा धेरै नै धपेडी र थकान महसुस हुने गरेको छ । त्यस कारण आउँदो वर्षदेखि एक साताको शुभजन्मोत्सव कार्यक्रम तय गर्दा सजिलो होला भन्ने सचिव बैठकको विश्लेषण छ ।

## २०६० असार २७ गते शुक्रबार

एमाले नेता राधाकृष्ण मैनाली आज मलाई भेट्न आउनुभएका बेला उहाँसँग वर्तमान राजनीतिक अवस्थाबारे लामो छलफल भयो । उहाँले भन्नुभयो, 'लोकेन्द्रबहादुर चन्दलाई मन्त्रिपरिषद्को व्यापक पुनर्गठन गर्न दिएको भए राम्रो हुन्थ्यो । किनभने सबै राजनीतिक दलका नेताले उहाँलाई सरल र स्वीकार्य व्यक्तित्वका रूपमा लिने गरेका छन् । राजाका लागि सूर्यबहादुर थापा कुनै पनि दृष्टिले उपयुक्त हुनुहुन्न । राजनीतिक दलहरू पनि उहाँको नेतृत्वको सरकारमा सामेल हुनेछैनन् । राजाले जनताको आकाङ्क्षा अनुसार परिस्थितिलाई आफू अनुकूल बनाउन सक्नुपर्छ । यस्तै अवस्था रहेमा नचाहँदा–नचाहँदै पनि राजनीतिक पार्टीहरू माओवादीको नजिक पुग्न सक्ने सम्भावना छ । त्यसले संविधानसभाको चुनावका लागि बाध्यात्मक स्थिति सिर्जना गर्छ । त्यो अवस्था राजसंस्थाको हितमा कदापि हुनेछैन । अहिलेको अवस्थामा जनताको मुख्य चाहना भनेको

नै शान्ति हो । वर्तमान समस्याको राजनीतिक निकास निकाल्नुपर्छ । संविधानसभा वा जनमत सङ्ग्रह अहिलेको आवश्यकता होइन । हाल राजनीतिक दल कमजोर हुँदै गइरहेका छन् । यो देशका लागि राम्रो सूचक कदापि होइन । इरानमा पनि अयातुल्ला खुमेनीको नेतृत्वमा धार्मिक क्रान्ति हुँदा त्यहाँ राजनीतिक रिक्तता थियो, जसका कारण क्रान्ति सफल भई त्यहाँको राजसंस्था समाप्त भएको उदाहरण हाम्रा सामु छ । हाल नेपालको अवस्था पनि त्यस समयको इरानको अवस्थासँग मिल्दोजुल्दो हुँदै गएको म देख्दछु । यसमा आजैदेखि गम्भीर हुनुपर्ने मेरो सुझाव छ ।'

छलफलका क्रममा उहाँले अगाडि भन्नुभयो, 'राजा त्रिभुवनले पनि संविधानसभाको चुनावमा नै राजनीति गरेको देखिन्छ । राजाले कुनै पनि दृष्टिकोणले राजनीतिक दललाई उपेक्षा गर्न मिल्दैन । किनभने जनताका प्रतिनिधिका रूपमा जनताको संवाहक भनेका नै राजनीतिक दलका नेता हुन् । अन्य स्वतन्त्र व्यक्ति वा बुद्धिजीवी जनताको वास्तविक स्तरसम्म कदापि जान सक्दैनन् । कम्बोडियामा राजा सिंहानुकले यही कुरामा विचार पुऱ्याउन नसक्दा राजसंस्था सङ्कटमा पुगेको थियो । मैले तपाईंसँग पहिले भेट्दा पनि तेस्रो शक्तिका रूपमा नयाँ पार्टी खोल्नुपर्ने कुरा गरेको थिएँ । त्यो आवश्यक छ । तर नयाँ पार्टी तयार पार्न धेरै समय लाग्छ । यदि राजाले चाँडै चुनावमा जाने विचार गर्ने हो भने एमाले वा काङ्ग्रेसमध्ये कुनै एक पार्टीलाई साथ लिनु नितान्त आवश्यक छ ।'

प्रत्युत्तरमा मैले उहाँलाई 'राजालाई राजनीतिक र संवैधानिक विषयमा जाहेर गर्ने प्रमुख सचिव पशुपतिभक्त महर्जन हुनुहुन्छ, राजनीतिक नेताका हिसाबले यी विषयबारे तपाईंले उहाँसँग छलफल गर्दा उपयुक्त हुन्छ, मेरो तर्फबाट पनि तपाईंले मलाई भन्नुभएका विषय सरकारमा जाहेर गरूँला' भनें । मैले यसो भन्दा मैनालीको प्रतिक्रिया थियो, "तपाईंसँग कुरा गर्दा विषयवस्तुबारे टीकाटिप्पणी, राम्रो-नराम्रो इत्यादि सबै पक्षबारे छलफल हुन्छ । मलाई पनि आनन्द लाग्छ । तर पशुपतिजीसँग कुरा हुँदा एकतर्फी रूपमा आफ्नो कुरा सुनाउने बाहेक अरू केही हुँदैन । उहाँ जहिले पनि 'हजुरले भनेका कुरा म सरकारमा जाहेर गर्छु र सरकारबाट केही निर्देशन भएमा म हजुरलाई खबर गर्छु' मात्र भन्नुहुन्छ ।"

एमाले नेता मैनाली र अन्य केही नेता तथा बुद्धिजीवीको विश्लेषणलाई आधार बनाई मैले वर्तमान राजनीतिक परिस्थितिका विषयमा सरकारमा केही कुरा जाहेर गरें । मैले भनें, 'कम्युनिस्ट ज्यादै अध्ययनशील हुन्छन् र परिस्थितिको मूल्याङ्कन राम्रो गर्छन् । माओवादीलाई विश्वासमा लिने आधार ज्यादै कम देखिन्छ । उनीहरूलाई वार्ता वा अन्य किसिमले कमजोर बनाई वार्ता मार्फत नै समस्याको समाधान खोज्नुपर्छ । यस सन्दर्भमा सेना र अन्य सुरक्षा अङ्गलाई मजबुत पार्न जरूरी छ । माओवादी र मूलधारका राजनीतिक दललाई मिलाएर राजालाई कमजोर बनाउने भारतको भित्री मनसाय रहेको बुझिन्छ । जनताले शान्ति चाहेका छन् । सामाजिक तथा आर्थिक परिवर्तन होस् भन्ने खोजेका छन् । त्यस कारण सरकारले सधैं पुरानै अनुहारबाट काम लिन सम्भव छैन कि ? सरकारबाट नजिकका व्यक्ति मात्र होइन, जनाधार भएका राजनीतिक नेताको

समेत कुरा सुनिबक्सनुपर्छ । तेस्रो शक्ति निर्माण गर्न जो सक्षम छ, त्यसको पहिचान गरेर अगाडि बढिहाल्नुपर्छ ।'

भारतीय सञ्चार माध्यमले आतङ्कवादका विरूद्ध नेपालको सरकारलाई केही हदसम्म समर्थन गरेको देखिन्छ । तर अन्य अवस्थामा राजनीतिक दललाई नै साथ दिने गरेको देखिएको छ । राजनीतिक पार्टीको समाचारलाई सधैँ प्राथमिकतासाथ प्रकाशित गर्ने गरेका छन् ।

डा. हर्क गुरूङले राजसंस्था र हिन्दूहरूका विरूद्ध निकै कडा अभिव्यक्ति दिने गरेको बुझिन आएको छ ।

भूतपूर्व प्रधानमन्त्री शेरबहादुर देउवा बाहेक काङ्ग्रेस प्रजातान्त्रिकका अन्य नेता सरकारमा सहभागी हुन तयार छन् । उनीहरू काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाका विरूद्ध सरकारसँग सम्बन्ध बढाउन इच्छुक देखिएका छन् । यसलाई सकारात्मक रूपमा ग्रहण गरेर निर्णय लिन आवश्यक देखिएको छ । यसैबीच, आज नेपालको भ्रमणमा रहेका पाकिस्तानी परराष्ट्रसचिव र राजदूतले देउवासँग शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।

स्रोतका अनुसार, साना राजनीतिक पार्टीले राजा र ठूला राजनीतिक दलबीच सहमति नहोस् भन्ने चाहेका छन् । किनभने यसो भएमा साना राजनीतिक दलको भूमिका निष्क्रिय हुन पुग्दछ । नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छे र माओवादी नेताबीच पहिलेदेखि नै सम्पर्क रहेको बुझिन आएको छ । साना पार्टीलाई संविधानसभाबारे आफ्नो एजेन्डामा सहमत गराउन माओवादी प्रयासरत रहेको खबर छ ।

काङ्ग्रेस सभापति कोइरालाले लोकेन्द्रबहादुर चन्दसँग लोकन्थलीस्थित उहाँको निवासमा भेट गर्नुभएको छ । यसैबीच आजै भारतीय विदेशसचिव र भारतीय राजदूत श्यामशरणले कोइरालालाई भेटेको खबर छ ।

नेपालमा क्रिस्चियन धर्मका मुख्य प्रचारक चार्ल्स मेन्डिजको निमन्त्रणामा मेन्डिजका छोराको विवाह समारोहमा सरिक हुन बङ्गलादेशका पूर्वराष्ट्रपति जनरल हुसेन मोहम्मद एर्साद हिजो काठमाडौं आउनुभएको छ । उहाँ यही असार ३० गते फर्कने कार्यक्रम रहेको बुझिएको छ । पाकिस्तानकी पूर्वप्रधानमन्त्री बेनजिर भुट्टो पनि उक्त विवाह समारोहमा सरिक हुन काठमाडौं आउने बुझिएको छ ।

नयाँ दिल्लीमा माओवादी नेता डा. बाबुराम भट्टराईले भारतीय जनता पार्टीका नेता लालकृष्ण आडवाणीलाई भेटेको भन्ने माओवादी नेता पार्थ क्षेत्रीको हवाला दिएर खबर आएको छ । स्रोतका अनुसार माओवादी अध्यक्ष प्रचण्डले काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालालाई फोन गरेर 'गिरिजाबाबु, तपाईं र हाम्रो बीच अब कुनै फरक रहेन, तपाईं पनि जनअधिकारका लागि लड्दै हुनुहुन्छ हामी पनि त्यसैका लागि लडिरहेका हौं, हामी दुवैको अन्तिम लडाइं अब राजासँग हो, त्यसैले हामी एकै स्थानमा बसी छलफल गरौं र साझा एजेन्डा बनाऔं' भनेको बुझिएको छ । प्रचण्डका कुरा सुनेर कोइरालाले 'तपाईंले भने जस्तो गर्न संसद् त चाहियो नि, त्यसैले पहिले तपाईंहरू प्रतिनिधिसभा पुनःस्थापनाका लागि सहयोग गर्न तयार हुनुहोस्, त्यसपछि संसद्बाटै गोलमेच सम्मेलन

र संविधानसभाको चुनाव घोषणा गर्न हामी सबै मिलौँला' भन्नुभएको छ । 'तर प्रचण्डले स्पष्ट जवाफ नदिएर पछि कुरा गरौँला भनेर फोन राखे' भनेर कोइरालाले आफूनिकटका व्यक्तिलाई भनेको सूचना आएको छ ।

आन्दोलनरत दलहरूले हालै १८ बुँदे साझा कार्यक्रम सार्वजनिक गरेका छन् । यसको प्रत्युत्तर हुने गरी नेपाल प्रहरीले 'होसियार' नामक क्यासेट प्रचार-प्रसारमा ल्याएको छ ।

आज महाराजाधिराजबाट हङकङमा रहेका गैरआवासीय नेपाली तेजप्रकाश पुनलाई दर्शनभेट बक्सी राजदरबारमा सुरु गर्न लागिएको वेब साइट सञ्चालन, नेपालमा अफसोर बैङ्किङको लगानी र हङकङमा माओवादीले मुक्तिमोर्चा गठन गरी चन्दा उठाउने गरेको विषयहरूमा जिज्ञासा राखिबक्स्यो । साथै 'आवश्यक केही कुरा भन्नुपरेमा र जान्न खोजेमा सैनिक सचिवसँग सम्पर्क गर्नू' हुकुम भयो ।

## २०६० असार ३२ गते बुधबार

महाराजाधिराजबाट आज राति चिनियाँ राजदूत उ योङ कोङलाई दर्शनभेटका साथै डिनर बक्स्यो ।

मलाई फोनबाट जानकारी गराइए अनुसार रक्षासचिव मदनकुमार अर्याललाई भारत भ्रमणको निम्ता आएको छ । नेपाल-भारत ज्वाइन्ट कन्सल्टेटिभको मिटिङ चाँडै गर्ने सम्बन्धमा भारतीय राजदूतावासबाट सूचना आएको छ । उक्त कमिटीमा नेपाल-भारत दुवै देशका परराष्ट्र, रक्षा र गृह मन्त्रालयका उच्च पदाधिकारी रहने व्यवस्था छ ।

सम्भाररथी उपरथी बालानन्द शर्मा पूर्वी टिमोरको संयुक्त राष्ट्रसङ्घीय शान्तिसेना फोर्स कमान्डरका लागि अन्तर्वार्ता दिन न्युयोर्क जानुभएको थियो । उहाँको अन्तर्वार्ता राम्रो भएको थियो । तर पनि उक्त पदका लागि आसियान देशबाटै नियुक्त हुनुपर्छ भनी मलेसियाले आफ्नो उम्मेदवारका पक्षमा व्यापक लबिङ गरेकाले नेपाललाई उक्त पद प्राप्त भएन ।

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले आज विराटनगरबाट काठमाडौँ फर्कने क्रममा पत्रकार सम्मेलन गरी वर्तमान राजनीतिक परिवेशका बारेमा आफ्नो विचार सार्वजनिक गर्नुभएको छ । उहाँको भनाइ थियो, 'साउन ३ गते बस्ने केन्द्रीय कार्यसमितिको बैठकले आन्दोलनका भावी कार्यक्रम सार्वजनिक गर्नेछ । यो आन्दोलन सफल हुन्छ र संसद् पुनःस्थापना हुनेछ । छ महिनामा चुनाव हुन नसके संसद् स्वतः पुनःस्थापना हुनुपर्छ भन्ने कानुनविद्को राय छ ।' साथै कोइरालाले 'सेना संसद्को अधीनमा हुनुपर्छ, आन्दोलनमा सरिक हुन आउने सबै नेता तथा कार्यकर्तालाई काङ्ग्रेसमा स्वागत छ' भन्ने धारणा सार्वजनिक गर्नुभयो । सो अवसरमा पत्रकारले 'कार्यकर्ता अनशनमा, तपाईं चाहिं जन्मदिनको भोजमा ?' भनी प्रश्न राख्दा उहाँले 'नेपाली काङ्ग्रेस सदैव संवैधानिक राजतन्त्र चाहन्छ, राजाको जन्मदिन सामाजिक कार्य भएकाले गएको हुँ, आन्दोलन राजासँग होइन राजाको गलत नीतिसँग हो' भनेर जवाफ दिनुभयो ।

माओवादी वार्ताटोली सदस्यहरू रामबहादुर थापा र कृष्णबहादुर महरा नेपालगन्ज पुगेर थारूवान मुक्ति मोर्चाको आमसभामा सहभागी भई बर्दियातर्फ गएको खबर छ । बर्दियापारि भारतीय क्षेत्रमा माओवादी नेता प्रचण्ड र बाबुराम भट्टराई रहेको अनुमान छ । माओवादीको विश्लेषण अनुसार सरकारसँग चलिरहेको वार्ता औपचारिकतामा मात्र सीमित छ । वार्ता भङ्ग गर्ने या निरन्तरता दिने भन्ने विषयमा अन्तिम निर्णय भइनसकेको मात्र हो । माओवादीको रणनीति अनुसार आगामी सङ्घर्ष काठमाडौँलाई नै निसाना बनाउन केन्द्रित हुनेछ । सङ्घर्षका क्रममा कार्यकर्ताको धरपकड हुन सक्ने हुनाले अगुवा कार्यकर्तालाई काठमाडौँबाहिर सुरक्षित स्थलतर्फ जान निर्देशन दिइसकिएको बुझिएको छ । माओवादीले 'हामीले राजासँग प्रत्यक्ष भेटेर स्पष्ट हुन खोजेका छौँ, भेट मिल्न सकेको छैन, हामी अझै प्रयासरत छौँ, भेटपछि मात्रै हामी आफ्नो रणनीतिबारे स्पष्ट हुनेछौँ भन्ने गरेको बुझिएको छ ।

प्रधान सेनापति प्यारजङ्ग थापालाई भेट्न आज जङ्गी अड्डा पुगेका भारतीय राजदूत श्यामशरणले माओवादीसँगको वार्ता जारी रहने या भङ्ग हुने भनी जिज्ञासा राख्नुभयो । वार्ता भङ्ग भए गुप्तचर सूचना आदान-प्रदान गर्न सकिने समेत उहाँले प्रस्ताव गर्नुभयो । त्यस अवसरमा प्रधान सेनापतिले भारतबाट प्राप्त सहयोग सेनाका तीन वटा डिभिजनलाई पर्याप्त नभएकाले थप सहयोगका लागि अनुरोध गर्नुभयो । भारतमा निर्मित हेलिकप्टर मर्मत गर्दा समेत ७० प्रतिशत अनुदान र ३० प्रतिशत भुक्तानीको व्यवस्था मिलाउनका लागि उहाँले आग्रह गर्नुभयो ।

प्रधानमन्त्री सूर्यबहादुर थापाको अध्यक्षतामा आज बसेको राष्ट्रिय सुरक्षा परिषद्को बैठकमा सशस्त्र प्रहरी बललाई सुरक्षा परिषद् अन्तर्गत ल्याउन प्रस्ताव गरिएको छ । त्यस्तै राष्ट्रिय अनुसन्धान विभागलाई प्रधानमन्त्रीको मातहतमा राख्नेबारे विचार-विमर्श भएको छ । सो अवसरमा भारत, अमेरिका, बेलायत, फ्रान्स, चीन र जर्मनी जस्ता देशका राजदूतलाई भेट्दा प्रधानमन्त्री लगायत सबैले शान्तिवार्ताका लागि माओवादीलाई दबाव सिर्जना गर्न अनुरोध गर्नेबारे समेत विचार-विमर्श भयो । बैठकमा क्षेत्रीय प्रशासकमा सेना र प्रहरीका भूतपूर्व उच्च अधिकृतलाई पनि नियुक्त गर्न सकिनेबारे समेत छलफल भयो ।

## २०६० साउन ५ गते सोमबार

सरकारबाट गत साता चिनियाँ राजदूतलाई दर्शनभेट र डिनर बक्सेको थियो । सरकारसँगको छलफलमा चिनियाँ राजदूतले गृहसचिव टीकादत्त निरौलाको भूमिकालाई लिएर चीन सरकार असन्तुष्ट रहेको हुँदा निरौलालाई अन्यत्र सरुवा गर्न माग गर्नुभएको रहेछ । भारतीय स्थलसेनाध्यक्षलाई शाही नेपाली सेनाको मानार्थ महारथी दिने प्रचलन गरिए जस्तै चीनका स्थलसेनाध्यक्षलाई पनि दिन सकिन्छ कि भनेर समेत राजदूतले जिज्ञासा राख्नुभएको रहेछ । साथै सीमा क्षेत्रमा रहेका दुई देशका प्रहरी र सेनाबीच समय-समयमा समन्वयात्मक छलफल हुनुपर्ने चर्चा भएको रहेछ । यी विषयमा के गर्ने भनी सरकारबाट मलाई जिज्ञासा व्यक्त गरिबक्स्यो । साथै सरकारबाट हाल

जारी शान्ति प्रक्रियामा चीनले पुऱ्याउन सक्ने सहयोगबारे चर्चा गर्दै नेपालको उत्तरी सीमा क्षेत्रको विकासका लागि चीन सरकारले सहयोग पुऱ्याउनुपर्ने विषयमा जोड दिइबक्स्यो ।

हालै बर्दिया जिल्लाको सीमापारि भारतमा बसेको माओवादीको पोलिटब्युरो बैठकले 'जारी वार्ता सफ हुँदैन' भन्ने निष्कर्ष निकालेको बुझिएको छ । बैठकले राजालाई अमेरिकाले 'ट्र्याप' मा पारेर इच्छा बमोजिम वार्ता गर्न दिएन र सेना पूरै अमेरिकी एजेन्ट भइसकेको छ भन्ने निचोड निकाल्दै 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय छविबाट तल नगिर्न आफ्नो तर्फबाट वार्ता नतोड्ने, बरु अरू लचिलो भएर प्रस्तुत हुने' निर्णय गरेको सूचना आएको छ । बैठकबाट 'माओवादीले अरू केही समय लड्नुपर्ने स्थिति आउन सक्छ, त्यसैले सबै सतर्क रहनू, आफूले पहिले आक्रमण नगर्ने, डिफेन्स खडा गरेर बस्ने, आफ्नो क्षेत्रमा आएको सुरक्षा फौजलाई नछाड्ने' भनी कार्यकर्ता र आफ्ना लडाकुलाई निर्देशन दिइएको छ । साथै पोलिटब्युरो बैठकले '२०५८ जेठ १९ को राजदरबार हत्याकाण्ड पनि विदेशीबाटै भएको हो भन्ने कुरा हाल आएर पुष्टि भएको छ, सोही नियति भोग्नुपर्ला भनेर वर्तमान राजा पनि विदेशी शक्तिकेन्द्रको दबाव सहन बाध्य भएको देखिन्छ' भनेर राजसंस्था सम्बन्धी विश्लेषण गरेको छ ।

गिरिजाप्रसाद कोइरालाले आफूनिकट व्यक्तिहरूसँग आगामी भदौ १५ गतेदेखि निर्णायक आन्दोलन सुरु हुने बताउनुभएको छ । त्यसमा 'अवज्ञा' कार्यक्रम समेत हुनेछ । कोइरालाले सल्लाहका लागि साउन तेस्रो या चौथो सातातिर पुनः भारत जाने बताउनुभएको छ । आन्दोलनरत पाँच पार्टीको सातौं चरणको आन्दोलन निर्णायक गराउने भनेर व्यापक तयारी भइरहेको बुझिन्छ । यसमा बाहिरका जिल्लाबाट समेत नेता तथा कार्यकर्ता काठमाडौं ल्याउने योजना छ । यस पटकको आन्दोलनको सुरुवात निजामती कर्मचारी सङ्घ-सङ्गठनबाट गर्ने भनेर निर्णय भएको बुझिएको छ ।

वीरेन्द्र सैनिक अस्पताल, छाउनीमा आगामी भदौ ७ गतेदेखि २४ गतेसम्म सरकारको स्वास्थ्य परीक्षणको कार्यक्रम छ । त्यसैले प्रधान सेनापतिले भदौ १४ गतेदेखि दक्षिण कोरियामा हुने सम्मेलनमा जाने कार्यक्रम रद्द गर्नुभएको छ । तर अमेरिकाको हवाईमा हुने प्रधान सेनापतिहरूको सम्मेलनमा सहभागी हुन जाने कार्यक्रम भने यथावत् छ । प्रधान सेनापतिले सेनाका केही वरिष्ठ अधिकृतको सरुवा र हाल जारी वार्ताबारे छलफल गर्न हिजो मलाई उहाँको कार्यालयमा बोलाउनुभएको थियो । त्यस अनुसार म त्यहाँ गएँ । दुवै विषयमा विस्तृत छलफल भयो ।

सशस्त्र प्रहरी बलका महानिरीक्षक सहवीर थापाले अमेरिबाट फोन गरेर 'सुरक्षा सम्बन्धी सेमिनार समाप्त भएको छ, तर मेरो छोरा अमेरिकामै भएकाले अरू चार-पाँच दिन बसेर फर्कन्छु' भनी जानकारी गराउनुभएको छ ।

हिजो बेलुका प्रधानमन्त्री सूर्यबहादुर थापाले सरकारी वार्ताटोलीसँग प्रधानमन्त्री निवासमा छलफल गर्नुभयो । आज राष्ट्रिय सुरक्षा परिषद् सचिवालयमा सरकारी वार्ताटोली र सुरक्षा अङ्गका प्रमुखबीच छलफल भयो । वार्ताका क्रममा अपनाउनुपर्ने रणनीति र

सुरक्षा अवस्थाको विश्लेषण गर्नुपर्नेबारे गम्भीरतापूर्वक छलफल भएको बुझिएको छ ।

एमाले नेता केपी शर्मा ओली हाल उत्तर कोरियाको भ्रमणमा हुनुहुन्छ । फर्कंदा उहाँले चीनमा पनि वरिष्ठ नेताहरूसँग भेटघाट गर्ने प्रयास गर्नुहुने भएको छ । यसबाट उहाँले आफूलाई अन्तर्राष्ट्रिय क्षेत्रको समेत मान्यता छ भनेर प्रस्तुत गर्न र पार्टीभित्र महासचिव माधवकुमार नेपालको प्रभाव कम पार्न सकिन्छ भनेर रणनीति बनाएको बुझिएको छ । एमालेभित्रको झगडा हाललाई 'प्याचअप' भएको देखिन्छ । देशबाहिर रहेका नेता फर्केपछि आन्दोलनको गति कस्तो हुन्छ भन्ने देखिँदै जान्छ र मन्त्रिपरिषद् विस्तारपछि स्थिति अरू स्पष्ट हुन्छ भन्ने एमाले नेतृत्वको विश्लेषण रहेको छ ।

## २०६० साउन ६ गते मङ्गलबार

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले 'आन्दोलनरत राजनीतिक पार्टी हाल माओवादीले लिएको रणनीतिप्रति सशङ्कित छन्, वार्ता भङ्ग भए मार्सल ल लाग्न सक्ने खतरा छ भने गृहयुद्ध हुन सक्ने पनि देखिन्छ, यदि दरबारको माओवादीसँग कुनै सरोकार छैन भने समस्याको समाधान निकाल्न हामीसँग वार्ता हुनुपर्‍यो, राजाले आन्दोलनरत पार्टीका नेतासँग छलफल गरेर चाँडोभन्दा चाँडो समाधान निकाल्नुपर्‍यो' भनेर खबर पठाउनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घका आवासीय प्रतिनिधि हेनिङ कार्चरले मलाई भेट्न चाहनुभएको छ । कुन विषयमा कुरा गर्न उहाँ मलाई भेट्न चाहनुहुन्छ भन्ने चाहिं उहाँले पठाएको सन्देशमा उल्लेख छैन ।

ब्रिगेड अफ गोर्खाजका कर्णेल कमान्डेन्ट तथा बेलायती सेनाका लेफ्टिनेन्ट जनरल ट्राउज ड्रेल आगामी अक्टुबर १३ तारिकमा काठमाडौं आउने कार्यक्रम छ । त्यस बेला सरकारमा ब्रिगेड अफ गोर्खाजको वार्षिक प्रतिवेदन चढाउन समय माग भएको छ । बेलायती राजदूतावासका सैनिक सहचारीले यो भ्रमणको संयोजन गरिरहेका छन् । उक्त प्रतिवेदन हरेक वर्ष सरकारमा चढाउने प्रचलन छ ।

युवराजाधिराज सेनाको कर्णेल-इन-चिफ समेत होइबक्सेकाले प्रधान सेनापति र अन्य वरिष्ठ अधिकृतसँग बेलाबेला अन्तरक्रिया गरिबक्सनुपर्छ । त्यस कारण मौसुफलाई सेना सम्बन्धी ज्ञान हुन जरूरी छ । यही उद्देश्यले शाही रक्षक वाहिनीमा 'ट्रेनिङ टिम' खडा गरी आठ साताको पाठ्यक्रम तयार पारिएको छ । मैले सरकारलाई तालिमको उद्देश्यबारे जाहेर गर्दै 'युवराजाधिराजको तालिम कहिलेदेखि सुरु गरौं ?' भनी बिन्ती गरें । सरकारबाट 'युवराजाधिराजसँग कुरा गरेर तालिम सुरु गरे हुन्छ' भनेर हुकुम भयो ।

सरकारबाट 'बडामहारानी ऐश्वर्यबाट पालनपोषण गरिबक्सेको धनबहादुर खत्रीले राम्रोसँग अध्ययन गर्न सकेन, हाल उसले मोटर मर्मत सम्बन्धी तालिम पूरा गरेको छ, उसलाई सेनाको सम्बन्धित युनिटमा नियुक्ति गर्न प्रधान सेनापतिसँग कुरा गर' हुकुम भएको छ ।

## २०६० साउन ९ गते शुक्रबार

आन्दोलनरत राजनीतिक दलहरूले सरकार र माओवादीबीच वार्ता भङ्ग भए सैनिक शासन सुरु हुने भनेर आशङ्का व्यक्त गरेका छन् । त्यसैले केही नेताले विदेशी राजदूतलाई गोप्य रूपमा भेटेर आफ्नो पक्षमा समर्थन जुटाउन प्रयास गरिरहेका छन् । यसै सिलसिलामा काङ्ग्रेस नेता गोविन्दराज जोशीले अमेरिकी राजदूत माइकल ई. मालिनोस्कीसँग भेट्नुभएको रहेछ । भेटमा आफूले अमेरिकालाई माओवादीप्रति निकै आक्रामक पाएको भनेर कार्यकर्ताहरूसँग कुरा गर्नुभएको खबर छ । उता, वार्ता सफल हुँदैन भन्ने भित्री निचोडमा पुगेको माओवादीका नेता रवीन्द्र श्रेष्ठले भने 'वार्ता भङ्ग भए सहरी गुरिल्ला युद्धमा जाने तयारी भइरहेको छ' भनेर आफूनिकटका कार्यकर्तालाई सुनाएको बुझिएको छ ।

एमालेले सरकार र माओवादीबीच जारी वार्ता सम्बन्धमा अध्ययन गर्न गोप्य रूपमा अमृतकुमार बोहरा, झलनाथ खनाल, सुवासचन्द्र नेम्वाङ, राजेन्द्रप्रसाद पाण्डे र एक जना मानव अधिकारवादी सहितको टोली गठन गरेको खबर छ । साथै उक्त पार्टीले 'वर्तमान मन्त्रिपरिषद् पनि फेल हुने पक्का छ, यसलाई कुनै पनि हालतमा एमालेको समर्थन रहँदैन, शीघ्र संसद्वादी दलको संयुक्त सरकार बनाउनुपर्छ' भन्ने धारणा बनाएको बुझिएको छ ।

मसालका भूमिगत नेता मोहनविक्रम सिंहले आफ्ना कार्यकर्तासँग 'राजाको असोज १८ को कदमका लागि हुनुमा १२ वर्षसम्म सत्तामा बसेका दलका नेता र माओवादी दुवै जिम्मेवार छन्, माओवादीले भनेझैँ संविधानसभाबाट सकारात्मक परिणाम आउँछ भन्ने के ग्यारेन्टी छ ?' भन्ने गरिएको बुझिएको छ ।

हालै प्रस्तुत बजेटमा कर्मचारीको तलब नबढाएको विषयलाई लिएर निजामती कर्मचारी सङ्गठनले आन्दोलन गर्ने सोच बनाएको बुझिएको छ ।

मन्त्रिपरिषद्ले ४० जना भारतीय सुरक्षाकर्मी हतियार सहित भारतीय दूतावास परिसरमा राख्न स्वीकृति दिएको छ । यो माग भारतीय दूतावासले धेरै अगाडिदेखि गर्दै आएको हो । मैले यो विषयमा राष्ट्रिय सुरक्षा परिषद्को सल्लाह र सुझाव आवश्यक पर्दछ भनी सरकारमा जाहेर गरेको थिएँ । फलस्वरूप विगतका मन्त्रिपरिषद्हरूले दूतावासको मागलाई स्वीकृति नदिई विचाराधीन राखेका थिए । हाल नेपालको आन्तरिक अवस्था कमजोर र राजनीति तरल भएको मूल्याङ्कन गरिरहेको भारतले वर्तमान प्रधानमन्त्री सूर्यबहादुर थापाबाट अकस्मात् यो निर्णय गराउन सफल भएको छ । निर्णयबारे दरबारलाई पूर्वजानकारी थिएन । यो निर्णय नेपालको दीर्घकालीन राष्ट्रिय हितमा छैन ।

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमका आवासीय प्रतिनिधि हेनिङ कार्चरसँग आज होटल साङ्ग्रिलामा प्राइभेट डिनरमा मेरो भेट भयो । उहाँले राष्ट्रसङ्घीय महासचिवका विशेष दूत सामुएल टाम्राटलाई लिएर आउनुभएको थियो । टाम्राट पहिलो पटक आजै काठमाडौ आइपुग्नुभएको रहेछ । उहाँहरूसँग माओवादी समस्या, हाल जारी शान्ति

प्रक्रिया र संयुक्त राष्ट्रसङ्घले शान्तिवार्ताका क्रममा गर्न सक्ने सहयोग सम्बन्धमा छलफल भयो । छलफलमा भएका सबै कुराहरू मैले सरकारमा जाहेर गरेँ ।

हिजो बेलुका एमाले नेता भरतमोहन अधिकारी 'पार्टी महासचिव माधवकुमार नेपालले पठाएको' भन्दै मलाई भेट्न आउनुभएको थियो । भेटमा उहाँले 'यो सरकार पूरै असफल भइसक्यो, यसले कुनै पनि समस्याको समाधान गर्न सक्दैन, मुलुकका समस्या जटिल भएकाले यसको समाधान राजा र दल मिलेर मात्र हुन्छ, राजालाई एमाले स्वीकार्य हुन केके बाधा छन्, राजालाई केके अधिकार चाहिन्छ, हामी त्यस सम्बन्धमा गोप्य रूपमा सहमति गर्न समेत तयार छौँ' भनेर मलाई एमालेको रणनीति सुनाउनुभयो ।

सरकार र माओवादीबीच वार्ता हुनुअघि सहजकर्ताको भूमिका खेलेका वीरेन्द्र झापालीले आज बिहान मलाई गोप्य रूपमा भेट्नुभयो । उहाँले भन्नुभयो, 'शान्तिवार्तालाई निरन्तरता दिन नेपाल समता पार्टीका अध्यक्ष नारायणसिंह पुनलाई सरकारी वार्ताटोलीमा राख्नुपर्दथ्यो । पुन पछि गएर बढी नै महत्त्वाकाङ्क्षी बन्नुभएको चाहिं हो । माओवादीको सहयोगले प्रधानमन्त्री हुने उहाँको चाहना बढिरहेको थियो । उहाँले आफ्नो पार्टीमा समेत माओवादी नेता तथा कार्यकर्तालाई भित्र्याउने विचार गरेको हुन सक्छ । मैले यो कुरा दामोदरशमशेर जबरा, शरदचन्द्र शाह र प्रभाकरशमशेर जबरालाई समेत भेटेर भनेको छु । उहाँहरूबाट सरकारमा जाहेर भयो कि भएन, थाहा भएन । त्यसैले तपाईंलाई भनेको ।'

इसिमोडको कार्यक्रमका लागि काठमाडौँ आएका भारत अरुणाचल प्रदेशका वातावरण मन्त्रीले अवैध रूपमा ल्याएको एक हजार र पाँच सयका भारतीय नोट त्रिभुवन विमानस्थलमा प्रहरीले उहाँको झोलामा फेला परेका छन् । भारतीय राजदूतावासको अनुरोधमा श्री ५ को सरकारबाट कुनै विस्तृत अध्ययनबिना उक्त रकम छोडियो र घटना गुपचुप राखियो ।

## २०६० साउन ९ गते शुक्रबार

नागरिक समाजको दबावबाट मात्रै माओवादीले शान्तिवार्ता जारी राखेको देखिन्छ । अबको वार्तामा माओवादीले आफ्ना बाँकी सबै बन्दी रिहाइ गर्नुपर्ने र सम्झौता बमोजिम सेना ब्यारेकको पाँच किलोमिटरभित्र सीमित हुनुपर्ने विषयलाई जोडदार रूपमा उठाउने भएको छ । यसै सन्दर्भमा श्री ५ को सरकारले हिरासतमा रहेका माओवादी नेता वीरेन्द्र श्रेष्ठ, वामदेव क्षेत्री र मुमाराम खनालको स्थिति सार्वजनिक गर्न लागेको छ । साउन १५ गतेसम्ममा पनि केही प्रगति हुन सकेन भने वार्ता छोडेर कारबाहीमा जाने भनी माओवादीले अन्तिम तयारी गरिरहेको बुझिएको छ । वार्तामा माओवादीका तर्फबाट सहजकर्ताको भूमिका निर्वाह गरिरहेका वीरेन्द्र झापाली पूर्वमन्त्री रमेशनाथ पाण्डेलाई लिएर हेलिकप्टर चार्टर गरी आज पालुङ गएको खबर छ । त्यहाँ माओवादीका केन्द्रीय स्तरका नेतासँग पाण्डेले भेटघाट गरेको बुझिएको छ । प्राप्त सूचना अनुसार दिल्लीमा रहेका माओवादी अध्यक्ष प्रचण्डले साउथ ब्लकका पदाधिकारीलाई आजै भेट्ने कार्यक्रम छ ।

प्रधानमन्त्री सूर्यबहादुर थापाले आज एमाले महासचिव माधवकुमार नेपालसँग भेट गर्नुभएको छ । प्रधानमन्त्रीले आजै काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालासँग पनि भेट गर्न खोज्नुभएको थियो । तर उहाँ विराटनगर जान लागेकाले सम्भव भएन ।

पूर्व प्रधान सेनापति सच्चितशमशेर जबराले माओवादीलाई १ लाख ५० हजार रुपैयाँ चन्दा दिएको बुझिएको छ ।

सरकारबाट 'हेटौँडाका राप्रपा नेता दीपकबहादुर सिंहले शाही चितवन राष्ट्रिय निकुञ्जमा विभिन्न सिकारी मार्फत गैँडाका साथै अन्य जङ्गली जनावरको चोरी सिकार गरिरहेको भन्ने खबर आएको छ, यसबारे विस्तृत अनुसन्धान गर्न लगाउनू' भनेर हुकुम भयो ।

## २०६० साउन १४ गते बुधबार

नियमित जाहेरीका क्रममा आज प्रधान सेनापति प्यारजङ्ग थापाले भन्नुभयो, 'आफ्ना तीन जना केन्द्रीय सदस्यको स्थिति श्री ५ सरकारले सार्वजनिक गरेपछि माओवादी अवको रणनीति के भनेर अन्योलमा परेको बुझिन्छ । भारतले काङ्ग्रेस र एमालेलाई मन्त्रिपरिषद्मा सहभागी गराउन आग्रह गरिरहेको बुझिएको छ ।' जाहेरीका क्रममा सरकारबाट प्रधान सेनापतिलाई 'माओवादीका कमजोरी पत्ता लगाइराख्नू' हुकुम हुँदै विद्यमान राजनीतिक गतिरोधबारे विचार गर्न र राजनीतिक पार्टीको 'पोलिटिकल एटिच्युड अफ इनडिसाइसिभनेस' बारे समेत सतर्क रहन सुझाव बक्स्यो । दरबारका लागि आवश्यक टेलिफोन मनिटरिङ सिस्टम मिलाउन हुकुम भयो ।

माओवादी वार्ताटोलीका संयोजक डा. बाबुराम भट्टराईले सरकारी वार्ताटोलीका सहजकर्ता कर्णध्वज अधिकारीसँग अहिलेको अवस्थामा राजाको के धारणा छ भनी जान्न खोज्नुभएको छ । त्यस्तै भट्टराईले राष्ट्रसङ्घीय महासचिवका विशेष दूत सामुएल टाम्राटलाई समेत फोन गरेर 'राष्ट्रसङ्घको मध्यस्थता माओवादीलाई स्वीकार्य छ, साथै राष्ट्रसङ्घले हाम्रो कजलाई समर्थन गर्नुपर्‍यो' भनेर अनुरोध गर्नुभएको बुझिएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सुरक्षा जाँच गर्न खटिएकी महिला प्रहरीले एक जना ग्रीस महिलाको झोला जाँच गर्ने क्रममा दुई हजार युरो चोरेको फेला परेको छ । पैसा चोरी हुनासाथ ग्रीस महिलाले ठाउँको ठाउँ तत्कालै आपत्ति जनाएपछि तलासी लिँदा ती महिला प्रहरीबाट उक्त दुई हजार युरो बरामद भएको थियो । त्रिभुवन विमानस्थलमा अन्तर्राष्ट्रिय यात्रुका झोला र सामान हराउने गरेको खबर बेला-बेलामा आउने गरेको छ । मुलुकको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलमा यस्ता घटना हुनुले नेपालको अन्तर्राष्ट्रिय छविमा समेत आँच पुग्छ । यस प्रकारका घटनाबारे सम्बन्धित निकायले गम्भीरतापूर्वक विचार पुऱ्याउनु जरूरी छ ।

यस आर्थिक वर्षमा सेनाका लागि विनियोजित बजेट निकै कम छ । त्यसैले प्रधानमन्त्री सूर्यबहादुर थापा समक्ष प्रधान सेनापतिले सेनाको केही अत्यावश्यक लजिस्टिक्स आयात गर्न साढे दुई अर्बको अतिरिक्त रकमका लागि अनुरोध गर्नुभएको छ । यसैबीच

मन्त्रिपरिषद्ले सशस्त्रमा एक जना अतिरिक्त प्रहरी महानिरीक्षक (एआईजी) को पद थप गरेको छ ।

संयुक्त राष्ट्रसङ्घका लागि न्युयोर्कस्थित शाही नेपाली स्थायी प्रतिनिधि मुरारीराज शर्माकी श्रीमतीले कूटनीतिक मर्यादा विपरीत काम गरिरहेको खबर आएको छ । यसै गरी, न्युयोर्कमा बसोबास गरिरहेका नेपालीले सरकारका विरूद्ध गरेका प्रदर्शनीमा राजदूत शर्माको समेत सहभागिता हुने गरेको छ । यो कूटनीतिक मर्यादा विपरीत क्रियाकलाप हो । यस विषयलाई मन्त्रिपरिषद् र परराष्ट्र मन्त्रालयले गम्भीरतापूर्वक लिनुपर्छ । यस विषयमा महाराजाधिराजबाट प्रधानमन्त्रीको ध्यान आकर्षण गराइबक्सन सान्दर्भिक हुनेछ ।

आज महाराजाधिराजबाट देशका विभिन्न स्थानमा बाढी-पहिरोग्रस्त क्षेत्रको भ्रमण कार्यक्रम मिलाउनु भन्नू हुकुम भयो । त्यस्तै सरकारबाट 'जारी वार्ताबारे मन्त्रिपरिषद्ले ह्वाइट पेपर तयार गर्ने विषयमा केही सोचविचार गर्ने कि ?' भनी निर्देशन बक्स्यो ।

## २०६० साउन १८ गते आइतबार

एमाले नेता वामदेव गौतमले आज मसँगको भेटघाटमा धेरै विषयमा कुरा गर्नुभयो । उहाँको भनाइ थियो, 'मैले सरकारको दर्शनभेटका लागि गत माघदेखि जाहेर गरेको गर्‍यै छु । तर आजसम्म दर्शनभेट पाएको छैन । तैपनि आफूलाई लागेका कुरा विभिन्न माध्यमबाट सरकारमा पठाएको छु । सरकारले संसद्वादी पार्टीलाई सँगै लिएर जानुपर्छ । सैनिक शासनको सोच राख्नु हुँदैन र अन्य विकल्पबारे विचार पुर्‍याउनुपर्छ । माओवादी नेतृत्वसँग मेरो पहिलेदेखि नै सम्पर्क रहेकाले उनीहरूले मलाई वास्तविक कुरा राजासँग राखिदिनुपर्‍यो भन्ने गरेका छन् । त्यस कारण पनि मैले राजाको दर्शनभेट खोजेको हुँ । प्रधानमन्त्री चन्दसँग समेत मेरो कुरा हुँदै थियो । तर उहाँले पनि राजीनामा दिनुभयो । मैले दरबारलाई पहिले पनि सहयोग गरेको हुँ, अब पनि जस्तोसुकै सहयोग गर्न तयार छु । पार्टीले कारबाही गरे गरोस्, मलाई केही फरक पर्नेवाला छैन ।' गौतमले भनेका कुरा सरकारमा जाहेर गर्दै मैले भनें, 'उहाँलाई आर्थिक समस्या परिरहेको कुरा पहिलेदेखि नै सुनिएको हो । केही आर्थिक सहयोग गर्न सके उहाँबाट राम्रै सहयोग प्राप्त हुन सक्छ ।' यसै क्रममा गौतमका साथै पूर्वमन्त्री नारायणसिंह पुन र सुरक्षा परिषद् सचिवालयका सहसंयोजक उपरथी रूक्माङ्गद कटवाललाई दर्शनभेट बक्सनका लागि मैले जाहेर गरें ।

शाहज्यादी पूजाबाट बाँसबारीस्थित आफ्नो निवासमा रहेको 'गार्ड हाउस' मा सुरक्षाकर्मी बस्न असुविधा भएकाले तला थप्नका लागि कुरा आएको छ । यसबारे जाहेर हुँदा सरकारबाट 'प्रधान सेनापतिलाई भनेर तला थप्न लगाइदिनू' हुकुम भयो ।

## २०६० साउन १९ गते सोमबार

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले आज बिहान केन्द्रीय कार्यालयमा स्वदेशी तथा विदेशी पत्रकारहरूसँग अन्तरक्रिया गर्नुभयो । उहाँले भन्नुभयो, 'मुलुकको समस्या

समाधान गर्न राजा, राजनीतिक दल र माओवादीबीच समझदारी र सहयोग आदान-प्रदान हुनुपर्छ । वर्तमान संविधानलाई क्रियाशील बनाई खोसिएको जनअधिकार पुनर्बहाली गर्नु चालू आन्दोलनको एक मात्र लक्ष्य रहेको छ । सातौं चरणको आन्दोलनले निर्णायक मोड लिनेछ । सरकार-माओवादी वार्तामा राजनीतिक दलहरूले सहभागिता जनाउनेछैनन् ।' प्रधानमन्त्री सूर्यबहादुर थापाले संसद् पुनःस्थापनाको सिफारिस गर्न ढिलाइ गरिरहेको आरोप लगाउँदै कोइरालाले पाँच पार्टीले जारी गरेको १८ बुँदे कार्यक्रम विपरीत सम्झौता भए आफूहरूलाई कुनै पनि हालतमा मान्य नहुने अडान समेत प्रस्तुत गर्नुभयो ।

आज दरबारमार्गस्थित होटल याक एन्ड यतीका ट्रेड युनियनसँग सम्बन्धित कर्मचारीले विरोध कार्यक्रम गरी केही तोडफोड समेत गरेको खबर आएको छ ।

'सेना ब्यारेकको पाँच किलोमिटरभन्दा बाहिर आए कारबाही गर्न माओवादीले आफ्ना लडाकुलाई निर्देशन दिएको छ, काठमाडौंमा पनि स्याबोटाज कारबाही गर्ने र केही उच्च सुरक्षाकर्मीको समेत हत्या गर्ने योजना बनाइराखेको बुझिएको छ' भनेर राष्ट्रिय अनुसन्धान विभागबाट विशेष जाहेरी आएको छ ।

सुर्खेत जिल्लामा एक वर्षमा चार जना प्रमुख जिल्ला अधिकारी पठाइसकिएका छन् । तर खटाइएका कुनै पनि प्रमुख जिल्ला अधिकारी त्यहाँ पुगेका छैनन् । यसले हाम्रो प्रशासनिक संयन्त्र र शान्ति-सुरक्षाको दयनीय वास्तविकता झल्काउँछ ।

चिनियाँ राजदूतले मलाई फोन गरेर भन्नुभयो, 'वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा आगामी भदौ १५ गतेदेखि एक साताका लागि चिनियाँ मेला आयोजना गरिएको छ । त्यसको समुद्घाटनका लागि म युवराजाधिराज सरकारमा निमन्त्रणा चढाउँछु । साथै त्यसै दिन बेलुकी हुने चिनियाँ एक्रोब्याटिक प्रदर्शन कार्यक्रममा राजपरिवारका सबै सदस्यलाई निम्ता पठाउने विचार गरेको छु ।' राजदूतले 'चीन सरकारले मलाई मध्यपूर्वको कुनै देशका लागि राजदूत बनाएर पठाउन लागेको छ, त्यसैले म सेप्टेम्बरमा नेपाल छोड्छु होला' भनेर समेत मलाई जानकारी गराउनुभयो । त्यस्तै उहाँले भन्नुभयो, 'क्याप्टेन आरपी प्रधान मलाई भेट्न आउनुभएको थियो । उहाँले कुनै चिनियाँ कम्पनीसँग मिलेर नेपालमा नयाँ उद्योग स्थापना गर्न प्रस्ताव गर्नुभएको छ ।'

आन्दोलनरत पाँच पार्टीले संयुक्त बैठक गरी वार्ताका लागि हाल कार्यदल गठन नगर्ने निर्णय गरेका छन् । साथै पहिलेको साझा सहमतिको १८ बुँदे कार्यक्रम अनुसार नै अगाडि बढ्ने सहमति भएको छ । यसबारे माओवादीको आधिकारिक धारणा के रहेको छ भनेर बुझ्ने पनि बैठकमा तय भएको छ । काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाको जिल्ला भ्रमणपछि सातौं चरणको आन्दोलनको कार्यक्रम प्रकाशित गर्ने र त्यसैलाई निर्णायक बनाउने समेत निर्णय भएको बुझिन आएको छ ।

प्रधानमन्त्री सूर्यबहादुर थापालाई उहाँकै पार्टीका केही नेताले 'तपाईंले आन्दोलनरत ठूला राजनीतिक पार्टीलाई समेत सरकारमा सहभागी गराउन सक्नुभएन, स्वास्थ्यका दृष्टिले पनि तपाईं कमजोर हुँदै जानुभएको छ, त्यसैले राजीनामा दिनुस्' भनेका छन् । त्यसको जवाफमा थापाले 'म सूर्यबहादुर हुँ, संविधानको धारा ३५(२) अनुसार काम गर्ने

हुनाले म कहाँ त्यसै छोड्छु र ?' भन्नुभएको छ । तर उहाँ सबैजसो बैठकमा निदाउने गरेको खबर आएको छ ।

प्रधान सेनापति प्यारजङ्ग थापा विभिन्न जिल्लाका सेनाका युनिटको भ्रमण सकेर काठमाडौं फर्कनुभएको छ । यस पल्ट विगतका भ्रमणमा जस्तो कुनै पनि ठूला गुनासा नआएको उहाँले मलाई सुनाउनुभयो । रुकुमको खारामा माओवादीका विरूद्ध सैनिक कारबाहीमा राम्रो काम गरेकाले त्यस समय त्यहाँ कार्यरत सबै दर्जाका सैनिकलाई शान्तिसेनामा पठाउने कुरा भएको थियो । उनीहरूले प्रधान सेनापतिसँग 'हामीले आजसम्म पनि जान पाएनौं' भनेर गुनासो पोखेछन् । साथै उहाँले विभिन्न ब्यारेकमा व्यक्तिगत कुराकानी गरेर सिपाहीका गुनासा सुन्नुभएछ । त्यस क्रममा सिपाहीहरूले फिल्डमा बसेको धेरै समय भएकाले सरूवा खोजेको पाइएको कुरा उहाँले मलाई सुनाउनुभयो ।

## २०६० साउन २१ गते बुधबार

आज राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्माको नियमित जाहेरीको दिन हो । यस क्रममा उहाँले श्री ५ को सरकारले आफ्नो विभागलाई विनियोजन गरेको रकम अहिलेको जटिल राजनीतिक परिवेशमा अत्यन्तै कम भएको गुनासो सरकारमा पोख्नुभयो । तालिमका लागि कत्ति पनि रकम नछुट्याइएको र पहिले निर्धारण गरिएका क्षेत्रीय कार्यालय बनाउने बजेट समेत नपाएको तथ्य जाहेर गर्नुभयो । उहाँको भनाइ थियो, 'संसारका धेरै देशमा यस्ता गुप्तचर निकाय सोझै सरकार प्रमुखको मातहतमा रहेका हुन्छन् । तर नेपालमा गृह मन्त्रालय अन्तर्गत राखिएकाले काम गर्न असजिलो भएको छ र प्रभावकारी काम हुन सकेको छैन । साथै यस विभागको कानुनी संरक्षण पनि स्पष्ट छैन ।' प्रत्युत्तरमा सरकारबाट 'म प्रधानमन्त्रीसँग कुरा गरेर सबै पक्षमा पहल गर्न लगाउँछु' हुकुम भयो ।

जाहेरीकै क्रममा देवीरामजीले भन्नुभयो, 'एमाले महासचिव माधवकुमार नेपालले पाँच राजनीतिक दलको आन्दोलनमा माओवादीको सहयोग हुन सक्छ या सक्दैन, १८ बुँदे साझा कार्यक्रमबारे माओवादीको धारणा कस्तो छ, माओवादीसँग मिलेर जान सकिन्छ या सकिँदैन जस्ता विषयमा माओवादी नेतासँग गोप्य छलफल गर्ने तयारी गरिरहेको बुझिएको छ ।'

## २०६० साउन २६ गते सोमबार

प्रधान सेनापति प्यारजङ्ग थापाले आज मलाई भन्नुभयो, 'प्रधानमन्त्रीले केही राजनीतिक नियुक्तिका लागि अवकाशप्राप्त महासेनानी र सहायक रथीको नाम माग्नुभएको छ । नामबारे म पनि विचार गर्दै छु । जर्साबबाट पनि उपयुक्त व्यक्तिको नाम पाऊँ । छलफल गरेर प्रधानमन्त्रीलाई दिउँला ।'

सरकारी वार्ताटोलीले आज बिहान सुरक्षा अङ्गका प्रमुखहरू, गृहसचिव र रक्षासचिवसँग छलफल गरेको छ । आजै प्राविधिक समितिका सदस्यहरू धर्मपालवरसिंह

थापा र कर्णध्वज अधिकारीलाई पनि भेट्ने कार्यक्रम रहेको छ ।

माओवादीले अर्को वार्ता नेपालगन्जमा राख्नुपर्छ भनी सरकारी वार्ताटोलीलाई जानकारी गराएका छन् । स्रोतका अनुसार भारतको लखनउमा माओवादी नेताको जमघट बढिरहेको छ । हालै रिहा गरिएका माओवादी नेता रवीन्द्र श्रेष्ठ र वामदेव क्षेत्री भैरहवा गई गोरखपुर हुँदै अर्का नेता पोस्टबहादुर बोगटी सहित लखनउ पुगेको खबर छ । भारतका विभिन्न स्थानमा माओवादीको खुला कार्यक्रम हुनुका पछाडि भारतीय गुप्तचर संस्था रअको प्रत्यक्ष–अप्रत्यक्ष सहयोग रहेको बुझिन्छ । सेना लगायत गुप्तचर सेवालाई माओवादीको गतिविधिबारे उच्च स्तरमा 'मनिटरिङ' बढाउन निर्देशन गएको छ ।

एमाले नेता वामदेव गौतम र पूर्वमन्त्री नारायणसिंह पुनले सरकारको बेलायत सवारीपूर्व नै दर्शनभेट मिलाइदिनका लागि पुनः मलाई खबर गर्नुभएको छ ।

सरकारमा आज मैले जाहेर गरेको विषय थियो, 'सूर्यबहादुर थापा सरकारले प्रमुख राजनीतिक दलको सहयोग लिन सकेको छैन । हालसम्म पनि मन्त्रिपरिषद्ले पूर्णता पाएन । यसले गरिरहेका विभिन्न नियुक्तिबारे नकारात्मक प्रतिक्रिया आइरहेको छ । साथै, माओवादीसँगको वार्ता सम्बन्धमा यसले के–कस्तो रणनीति लिनुपर्ने हो ? यसबारे निकट भविष्यमा सरकारबाट प्रधानमन्त्रीसँग विचार-विमर्श गरिबक्सनुपर्दछ ।'

## २०६० साउन २८ गते बुधबार

प्रमुख सैनिक सचिवालयमा कार्यरत महासेनानी नेपालभूषण चन्द सहायक रथीमा पदोन्नति हुनुभएको छ । उहाँको जङ्गी अड्डामा सरुवा समेत भइसकेको छ । आज उहाँले सरकारमा दाम राख्ने कार्यक्रम थियो । यसै अवसरमा उहाँलाई सरकारबाट केही समय दर्शनभेट बक्सी उहाँले सैनिक सचिवालयमा पुर्‍याएको सेवाका लागि धन्यवाद बक्स्यो । सो अवसरमा सहायक रथी चन्दले सैनिक सचिवालयमा स्थापना गरिएको 'सिचुएसन सेन्टर' लाई समयानुकूल बनाउँदै अगाडि बढाउनुपर्ने सुझाव प्रस्तुत गर्नुभयो । यसो गर्न सके सेन्टरले भविष्यमा राजसंस्था र मुलुककै लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने धारणा सरकारमा जाहेर गर्नुभयो ।

आजै राष्ट्रिय सुरक्षा परिषद् सचिवालयका सहसंयोजक उपरथी रुक्माङ्गद कटवालले पनि सरकारको दर्शनभेट पाउनुभयो । दर्शनभेटमा कटवालले सुरक्षा परिषद् सचिवालय खडा भएदेखिका क्रियाकलाप जाहेर गर्नुभयो । उहाँले 'सचिवालयलाई बेलायत सरकारबाट भवन निर्माणमा आर्थिक सहयोग प्राप्त भएको छ, भविष्यमा पनि बेलायती सहयोग निरन्तर जारी रहने आश्वासन पाएको छु' भनी जाहेर गर्दै 'सुरक्षा परिषद् सचिवालयमा आएदेखि जङ्गी अड्डाको पीएसओज बैठकमा मलाई सहभागी गराइँदैन, पीएसओज बैठकमा सहभागी गराए सेनाले गरिरहेका कामबारे जानकारी हुने र सुरक्षा परिषद् सचिवालयलाई नीति बनाउन सजिलो हुने थियो, विशेष गरेर सूचना सङ्कलन र अन्वेषण गर्न सजिलो हुने भएकाले पनि जङ्गी अड्डाले मलाई उपेक्षा गर्न मिल्दैन' भनेर सरकारमा गुनासो राख्नुभयो । सुरक्षा परिषद् सचिवालयले राष्ट्रिय

सुरक्षा नीति तयार पारिरहेको र उक्त नीति तयार भएपछि सबै राजनीतिक पार्टीका उच्च नेता र केही बुद्धिजीवीलाई समेत अध्ययन गर्न दिएर राय-सुझाव लिन लागेको भन्दै उहाँले त्यसको स्वीकृतिका लागि सरकारमा बिन्ती गर्नुभयो । त्यसरी प्राप्त भएको राय-सुझाव समावेश गरेर परिमार्जन गरिएको राष्ट्रिय सुरक्षा नीति संसद्बाट पारित गराउन उचित हुने उहाँको सुझाव थियो । यसका साथै कटवालले राजनीतिक दलले जारी राखेको असान्दर्भिक आन्दोलनको कुनै औचित्य नरहेको धारणा व्यक्त गर्दै 'दलहरूको जनाधार खस्कँदै गइरहेको छ, त्यसैले वर्तमान आन्दोलनले गति लिन सक्दैन, जनताको चाहना स्थायी शान्ति हो, यसका लागि माओवादी पार्टीलाई पेलेर भए पनि मूल राजनीतिक प्रवाहमा ल्याउन जरूरी छ र यसो गर्न सकिन्छ' भनी सरकारमा जाहेर गर्नुभयो ।

सरकारबाट 'सुरक्षा परिषद् सचिवालयमा कार्यरत व्यक्ति लो प्रोफाइलमा बस्दा उचित हुन्छ' भनेर कटवाललाई सल्लाह बक्सेको छ । 'तर राजनीतिज्ञ, सञ्चारकर्मी तथा बुद्धिजीवीसँग निरन्तर अन्तरक्रिया गर्दा राम्रो हुन्छ, सूचना नै शक्ति हो' भन्दै मौसुफबाट 'सबै क्षेत्रबाट प्राप्त भएका सूचनालाई संयोजनात्मक किसिमले विश्लेषण गरी सम्बन्धित निकायलाई यथाशक्य चाँडो जानकारी गराउन' पनि कटवाल जर्साबलाई निर्देशन बक्स्यो । यस क्रममा कटवालले 'सचिवालयमा प्राप्त सूचना र विश्लेषणात्मक प्रतिवेदन प्रमुख सैनिक सचिवालयमा पठाइरहेका छौं, सरकारमा जाहेर भएकै होला' भनेर बिन्ती चढाउनुभयो ।

पूर्वमन्त्री नारायणसिंह पुनले मलाई फोन गरेर माओवादी वार्ताटोलीका संयोजक डा. बाबुराम भट्टराईसँग फोनमा भएको कुरा जानकारी गराउनुभयो । सरकारी नयाँ वार्ताटोली गठन भएपछि डा. भट्टराईले आज उहाँलाई पहिलो पटक फोन गर्नुभएको रहेछ । पूर्वमन्त्री पुनका अनुसार डा. भट्टराईले उहाँलाई भन्नुभएछ, 'तपाईंको आधिकारिकतामा हाम्रो पूरा विश्वास भएकाले वार्ता अगाडि बढेको हो । हामी पहिलेकै सोचाइमा छौं । तपाईंले त्यस बेलामा लिएको आधार अहिले छ कि छैन ? अहिलेको सरकारी वार्ताटोलीसँग हामी कसरी अगाडि बढ्ने ? यो वार्ताटोलीको आधिकारिकतामा विश्वास गर्ने कि नगर्ने ? यस सम्बन्धमा सक्नुहुन्छ भने तपाईंले हामीलाई मदत गर्नुपर्‍यो ।' प्रत्युत्तरमा पुनले 'सरकारी वार्ताटोलीको आधिकारिकतामा विश्वास नगर्ने प्रश्नै उठ्दैन, तपाईंहरूले पहिले जस्तै यो टोलीसँग पनि वार्तालाई निरन्तरता दिनु उचित हुन्छ' भनेर जवाफ दिनुभएछ ।

आगामी भदौ ४ र ५ गते गर्ने भनेको पृतनापति सम्मेलन भदौ १ र २ गते नै आयोजना गर्ने निधो भयो । भदौ १ गते बेलुका त्रिभुवन आर्मी अफिसर्स क्लबमा हुने विशेष समारोहमा युवराजाधिराज सरकारको सवारी हुने कार्यक्रम छ । कार्यक्रममा सबै पृतनापतिलाई सहभागी गराएर युवराजाधिराजबाट उनीहरूसँग अन्तरक्रिया गरिबक्सँदा राम्रो हुन्छ भनेर प्रधान सेनापतिले मलाई प्रस्ताव गर्नुभयो । वार्ता अवरूद्ध भएपछि देशको परिस्थिति खराब हुनसक्ने भएकाले पृतनापतिहरूको सरूवा तत्कालै गर्दा ठीक हुने समेत उहाँको प्रस्ताव थियो ।

## २०६० साउन २९ गते बिहीबार

माओवादीले जारी वार्ता पश्चिमी क्षेत्रमा राख्न खोज्नुको उद्देश्य वार्ता बिथोलिने अवस्था भएमा सजिलै सुरक्षित स्थानतिर जान सकियोस् भन्ने हो । उनीहरूले मन्त्रिपरिषद् फेरि परिवर्तन हुने अडकल गरेका छन् । यसैबीच अर्को वार्ता पश्चिमी दाङको हापुरेमा गर्ने तय भएको छ । माओवादी वार्ताटोलीले सरकारी वार्ताटोलीलाई चार्टर गरेको हेलिकप्टरमा नेपालगन्जबाट हापुरे लैजाने प्रस्ताव गरेको छ । तर सरकारी वार्ताटोलीले सरकारी हेलिकप्टर नै प्रयोग गर्ने र हापुरेमा पनि पूरै सरकारी सुरक्षा व्यवस्था हुने भनेर माओवादीलाई जानकारी पठाएको छ । अन्ततः यसबारे नेपालगन्जमा नै गएर निर्णय गर्ने सहमति भएको छ ।

राप्रपा नेता पशुपतिशमशेर जबरा केही दिनअगाडि भारतको दिल्ली जानुभएको छ । उहाँले भारतीय परराष्ट्रमन्त्रीलाई भेटेर प्रधानमन्त्री सूर्यबहादुर थापाको आलोचना गरेको बुझिएको छ । साथै उहाँले मध्यप्रदेशका मुख्यमन्त्री दिग्विजय सिंहलाई पनि भेटेको खबर छ ।

पूर्वप्रधानमन्त्री कीर्तिनिधि विष्ट श्रीमतीको उपचारका सिलसिलामा नयाँ दिल्ली जानुभएको छ । दिल्लीमा रहँदा उहाँले भारतीय जनता पार्टीका केही नेतालाई भेट्ने कार्यक्रम छ । उहाँ श्रीमतीको उपचारपछि बद्रीनाथ र केदारनाथको तीर्थयात्रामा जानुहुने भएको छ ।

## २०६० भदौ १ गते सोमबार

त्रिभुवन आर्मी अफिसर्स क्लबमा आज सुरु भएको 'पृतनापतिहरूको समन्वयात्मक सम्मेलन' मा म पनि सहभागी भएँ । सम्मेलनमा देशको समसामयिक राजनीतिक परिस्थिति र सेनासँग सम्बन्धित विभिन्न विषयमा कुरा उठे । 'वार्ता सफल हुँदैन र माओवादीले छिट्टै युद्धविराम भङ्ग गर्न लागेका छन्' भनी गरिएको रिपोर्टिङमा सबै सहभागी सहमत देखिए । केही पृतनापतिले सिपाहीको 'मोराल' सन्तोषजनक नभएको गुनासो गरे । थुप्रैको भनाइ थियो, 'लजिस्टिक्स अझै पनि पर्याप्त छैनन् । पृतनामा हेलिकप्टर र गण गुल्ममा सवारी साधन अति आवश्यक छ । कल्याणकारी कोषको डिप्रिसिएसन बापत संयुक्त राष्ट्रसङ्घबाट आएको रकम खर्च गरेर भए पनि आवश्यक हेलिकप्टर र अन्य सवारी साधन खरिद गर्दा उचित हुन्छ । सैनिक अपरेसनका बेला पक्राउ परेका माओवादीलाई ब्यारेक परिसरमा राख्ने स्थानको समेत अभाव छ । पृतनाहरूले विभिन्न स्थानमा जनताको मन जित्न गरेको अभियान निकै प्रभावकारी देखिएको छ । अन्य स्थानमा पनि यसलाई निरन्तरता दिनु सान्दर्भिक देखिन्छ ।' पृतनापतिहरूले उठाएका विषय अत्यन्तै सामयिक र सान्दर्भिक छन् । कतिपय विषय त मार्मिक पनि छन् । यस्ता संवेदनशील विषयमा विचार हुनु आवश्यक छ ।

## २०६० भदौ ३ गते बुधबार

प्रहरी महानिरीक्षक श्यामभक्त थापाले प्रहरीको प्रतिआतङ्कवाद शाखाले विभिन्न राजनीतिक नेता र शङ्काको घेरामा रहेका केही व्यक्तिको टेलिफोन 'मनिटर' गरिरहेको

कुरा मलाई जानकारी दिनुभयो । त्यस क्रममा उनीहरूले आपसमा तथा माओवादी नेताहरूसँग गरेको टेलिफोन वार्ता सुन्न मलाई प्रहरी प्रधान कार्यालयमा बोलाउनुभयो । त्यहाँ गएर एकता केन्द्रका भूमिगत नेता नारायणकाजी श्रेष्ठका साथै लीलामणि पोखरेल, अमिक शेरचन, डा. मथुराप्रसाद श्रेष्ठ, डा. देवेन्द्रराज पाण्डे, श्याम श्रेष्ठ तथा महेश नाम गरेको कुनै व्यक्ति लगायतले आपसमा गरेका संवादहरू मैले सुनें । माओवादी अध्यक्ष प्रचण्डले नारायणकाजी श्रेष्ठसँग गरेको संवाद पनि उहाँले मलाई सुनाउनुभयो । धेरैजसो वार्तालापमा माओवादीले गिरिजाप्रसाद कोइरालालाई नराम्रोसँग गाली गरेको सुनियो । ती टेलिफोन वार्तामा माओवादीले सबै पार्टीलाई संविधानसभामा सहमत गराउन पहल गर्ने, आन्दोलनरत दलले संविधानसभामा सहमति जनाए माओवादीले पनि संसद् पुनःस्थापनाको मुद्दामा सहमति जनाउन सक्ने जस्ता कुरा गरेका थिए । यसबाट माओवादीको रणनीति स्पष्ट हुन्छ ।

टेलिफोन वार्तामा माओवादीले ससर्त संविधानसभा नमान्ने र संविधानसभाको चुनाव भए गणतन्त्रको प्रचार-प्रसार गर्न पाउनुपर्ने भनेर समेत कुरा गरेको सुनियो । भारतीय राजदूतावासमा कार्यरत रअका अधिकारी मदन प्यासीले माओवादी नेता कृष्णबहादुर महरा र मातृकाप्रसाद यादवसँग गरेको बातचित रोचक थियो । पूर्वमन्त्री नारायणसिंह पुनले माओवादी नेतासँग गरेको कुरा साह्रै सकारात्मक थियो । केशरबहादुर विष्टले भने आफूलाई गृहमन्त्री बनाउन सिफारिस खोजेको पनि सुनियो । साथै माओवादीले 'संविधानसभा रोज्ने कि युद्ध रोज्ने ?' भन्ने कुरालाई व्यापक प्रचार-प्रसारमा ल्याउने योजना बनाएको पनि थाहा पाइयो । टेलिफोन वार्तालापबाट एक माओवादी नेताले जारी शान्तिवार्ताकै बेला भारतीय प्रधानमन्त्रीका सुरक्षा सल्लाहकार व्रजेश मिश्रलाई भेटेको पनि सङ्केत मिल्यो ।

टेलिफोनमा सुनेका कुरा मैले जाहेर गर्दा सरकारबाट 'अन्य सुरक्षा निकायका प्रमुखलाई पनि त्यो टेलिफोन संवाद सुनाउनू र राज्यले के रणनीति अख्तियार गर्दा राम्रो हुन्छ भन्नेबारे पनि विचार-विमर्श गर्न लगाउनू' हुकुम भयो ।

चिनियाँ राजदूतले मलाई फोन गरेर 'म नेपालबाट चाँडै बहराइनका लागि राजदूतका रूपमा सरुवा भएर जाँदै छु, मेरो कार्यकालमा चीन सरकारले सिंहदरबारमा बनाइदिएको नेपाल टेलिभिजनको स्टुडियो भवन तयार भएको धेरै भइसक्यो, भवन हस्तान्तरणका लागि सञ्चार मन्त्रालयमा अनुरोध गर्दा कुनै पनि प्रतिक्रिया आउँदैन, यसमा तपाईंले केही मदत गर्न सक्नुहुन्छ कि ?' भनी अनुरोध गर्नुभयो । यो कुरा महाराजाधिराजमा जाहेर गर्दा सरकारबाट 'सञ्चारमन्त्री मार्फत तुरुन्त भवन लिने कार्यक्रम तय गर्नू' हुकुम भयो ।

आन्दोलनरत दलहरूसँग आबद्ध कर्मचारी सङ्घ-सङ्गठनले पनि चरणबद्ध आन्दोलनका कार्यक्रम सार्वजनिक गरेका छन् । हाल कर्मचारी सञ्चय कोष, राष्ट्रिय वाणिज्य बैङ्क र नेपाल बैङ्क लिमिटेडका कर्मचारीले हातमा कालो पट्टी बाँधेर काम गरिरहेको बुझिएको छ । यसलाई पनि संवेदनशील घटनाका रूपमा लिनुपर्छ ।

हालै सम्पन्न एक सर्वदलीय अन्तरक्रियामा राप्रपामा आबद्ध हुन पुगेका पूर्व प्रहरी महानिरीक्षक ध्रुवबहादुर प्रधान, एमाले नेता झलनाथ खनाल, काङ्ग्रेसी नेता नरहरि आचार्य, कट्टर कम्युनिस्ट नेता लीलामणि पोखरेल र अन्य केही राजनीतिक दलका नेता सम्मिलित थिए । त्यस अवसरमा आन्दोलनरत दलका नेता सरकारका विरूद्ध आक्रमण रूपमा प्रस्तुत भए । केही नेताले सबै समस्याको मुख्य केन्द्र राजा नै हो भनेर ठोकुवा गरे । 'माओवादी र राज्यका सम्पूर्ण प्रशासनिक यन्त्र राजाका टट्टु हुन्' भने । काङ्ग्रेस नेता आचार्यले माओवादीसँग सहकार्य गर्नुपर्ने धारणा राखेपछि केही नेताले 'पाँच पार्टीको लाइन यही नै हो ?' भनेर प्रश्न गरे । अन्त्यमा यसबारे निर्णय हुन बाँकी भएको बताइयो । अन्तरक्रियापश्चात् विदेशीलाई पनि कुरा बुझाउन उनीहरू र सबै पार्टी सम्मिलित अर्को अन्तरक्रिया कार्यक्रम केही दिनमै गोदावरी भिलेज रिसोर्टमा आयोजना गर्ने सहमति भएको छ ।

## २०६० भदौ ५ गते शुक्रबार

काङ्ग्रेस पार्टीमा शुद्धीकरण गर्न तथा काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला र संस्थापक नेता कृष्णप्रसाद भट्टराईलाई एकै स्थानमा ल्याउन पहल गर्ने भन्दै काङ्ग्रेस नेत्री शैलजा आचार्यले भदौ ८ गतेदेखि पार्टी केन्द्रीय कार्यालयमा अनशन बस्ने निधो गर्नुभएको छ । नेत्री आचार्यले विगत वर्षदेखि नै काङ्ग्रेस नेतृत्व देशको परिस्थितिभन्दा फरक ढङ्गले अगाडि बढेको र पार्टी बीपी कोइरालाको लाइन विपरीत गएको भनेर असन्तुष्टि जनाउँदै आउनुभएको छ । यसलाई लिएर सभापति कोइरालाले आफूनिकटका नेताहरूसँग 'शैलजा बहुलाउन लागी' भन्नुहुँदो रहेछ ।

श्री ५ को सरकारले हालको परिस्थितिसँग जुध्न सशक्त केन्द्रीय राजनीतिक तथा सुरक्षा कमान्ड बनाउने विचार गरिरहेको छ । कमान्ड सम्हाल्न कमल थापा, बुद्धिमान तामाङ, सुरक्षा निकायका प्रमुखहरू, गृह र रक्षा सचिवको सहभागिता रहने भन्ने जानकारी आएको छ ।

## २०६० भदौ ९ गते मङ्गलबार

प्रधानमन्त्री सूर्यबहादुर थापा र सरकारी वार्तटोलीले आन्दोलनरत पाँच पार्टीसँग राजनीतिक गतिरोध अन्त्य गर्ने सम्बन्धमा कुरा गरिरहेको थाहा भएको छ ।

परिस्थिति बिग्रिएको कारण देखाई स्थानीय प्रशासनले चितवन, पाँचथर, रामेछाप र सिराहामा केही समयका लागि कर्फ्यु आदेश जारी गरेको छ ।

आज बिहान साढे ७ बजे महासेनानी किरणबहादुर बस्नेत पुरानो वानेश्वरस्थित आफ्नो निवासबाट मोटर चढेर बाहिर निस्कन लाग्दा पाँच-सात जनाको जत्थाले उहाँमाथि गोली प्रहार गऱ्यो । उहाँलाई तत्काल वीरेन्द्र सैनिक अस्पताल, छाउनी पुऱ्याइएको थियो । बिहान ९:३५ बजे उहाँको मृत्यु भएको खबर आयो । घटनास्थलमा एउटा सकेट बम फेला परेको छ । यही शैलीमा आजै अर्को पनि जघन्य हत्याको

प्रयास भयो । महासेनानी रमिन्द्र क्षेत्रीलाई पनि सामाखुसीस्थित आफ्नो निवासबाट मोटर चढेर बाहिर निस्कन लाग्दा दुई व्यक्तिले गोली प्रहार गरे । उहाँलाई पनि तत्कालै सैनिक अस्पताल पुऱ्याएर उपचार भइरहेको छ । उहाँको अवस्था 'स्थिर' रहेको खबर आएको छ ।

बिहानका यी दुवै दुर्भाग्यपूर्ण घटनाबारे मैले सरकारमा तत्कालै टेलिफोनबाट जाहेर गरेँ । सरकार एकदमै गम्भीर होइबक्स्यो । मौसुफबाट हुकुम भयो, 'माओवादीको नियत र उसको आतङ्ककारी गतिविधि प्रारम्भ भएकोबारे पशुपतिलाई भनेर आजै काठमाडौँस्थित सबै राजदूतलाई प्रधानमन्त्रीबाट ब्रिफिङ गर्न लगाऊ । आतङ्ककारी गतिविधि अरू बढ्न सक्नेबारे सबैतिर सूचना प्रवाह गर्नु नितान्त आवश्यक छ । श्री ५ को सरकारले चाल्ने कदम प्रभावकारी बनाउन समन्वय गर्नू ।' त्यस अनुसार मैले सुरक्षा प्रमुख तथा रक्षा र गृह सचिवहरूलाई खबर गरेँ ।

राजधानीमा आज बिहान आतङ्कको जुन घटना हुन पुग्यो, त्यसले देशको परिस्थिति अर्कैतिर मोडिएको छ । विगत आठ महिनादेखिको शान्ति प्रक्रिया नराम्ररी बिथोलिएको छ । यही सन्दर्भमा राजदरबारमा बसेको सचिव बैठकमा देशको परिस्थिति र आगामी दिनमा श्री ५ को सरकारले अपनाउनुपर्ने रणनीतिबारे विचार-विमर्श भयो । माओवादीले युद्धविराम भङ्ग गर्दै पहिलो आक्रमण सेनालाई नै गरेको हुँदा आजको परिस्थितिलाई लिएर सेनाका तर्फबाट प्रधान सेनापतिले वक्तव्य दिने कि भन्ने कुरा पनि भयो । साथै, सुरक्षा निकायका प्रमुख र दरबारका सचिवले अबको रणनीतिबारे संयुक्त रूपमा पहल जारी राख्ने सल्लाह भयो ।

## २०६० भदौ १० गते बुधबार

महासेनानी किरण बस्नेतको हत्यापछि माओवादी अध्यक्ष प्रचण्डको वक्तव्य आएको छ, जसमा शान्तिवार्ताको औचित्य समाप्त भएकाले युद्धविराम भङ्ग गरिएको उल्लेख छ । वक्तव्यमा प्रचण्डले युद्धविराम भङ्ग भएको तर माओवादीले आचारसंहिता पालना गर्ने दाबी गर्दै श्री ५ को सरकारबाट संविधानसभा जस्ता अग्रगामी सुधारका प्रस्ताव आएमा भने वार्ता हुन सक्ने समेत उल्लेख गरेका छन् । प्रचण्डको वक्तव्य र राजधानीमा हिजो भएको महासेनानीको कायरतापूर्ण हत्यालाई लिएर प्रधानमन्त्री सूर्यबहादुर थापाले मन्त्रिपरिषद्को आपत्कालीन बैठक डाक्नुभयो । बैठकमा सुरक्षा निकायका प्रमुखहरूलाई समेत सहभागी गराइएको थियो । बैठकले श्री ५ को सरकारले पनि 'काउन्टर' वक्तव्य जारी गर्ने निर्णय गरेको छ, जसमा मूलधारका राजनीतिक दलहरूलाई परिस्थितिको मूल्याङ्कन गरी आन्दोलन स्थगित गर्न आग्रह गरिनेछ । बैठकमा सुरक्षा निकायका प्रमुखहरूले माओवादीले वार्ता भङ्ग गरेको परिस्थितिमा उसलाई तत्काल 'आतङ्ककारी' घोषणा गर्न र देशभर 'निषेधाज्ञा' जारी गर्न सुझाव दिएका छन् । यसैबीच, काठमाडौँ उपत्यकाको सुरक्षा व्यवस्था कडा पार्न पनि निर्देशन दिइएको छ ।

## २०६० भदौ ११ गते बिहीबार

माओवादीले आज बिहान दाङ, तुलसीपुरस्थित राष्ट्रिय वाणिज्य बैङ्कबाट रकम लुटेको खबर प्राप्त भएको छ । लुटेर लगेका बाकस एकातिर फ्यालेर माओवादी अर्कैतिर भागेकाले उनीहरू सुरक्षाकर्मीलाई छक्याउन सफल भएका छन् । माओवादीको आतङ्क, आक्रमण र लुटपाट क्रमशः देशभर फैलँदै छ ।

राजदरबारमा सामूहिक जाहेरीको सिलसिलामा सचिवहरूले आगामी दिनमा श्री ५ को सरकारले अख्तियार गर्नुपर्ने रणनीतिबारे आ–आफ्नो धारणा राखे । सुरक्षा निकायले अपनाउनुपर्ने अपरेसनल तथा इन्टेलिजेन्स सम्बन्धी रणनीतिबारे समेत छलफल भयो । त्यस क्रममा श्री ५ को सरकारले पहिलो फेजमा माओवादीलाई 'आतङ्ककारी' घोषणा गर्नुपर्ने, दोस्रो फेजमा देशभर 'आपत्कालीन' स्थितिको घोषणा गरी माओवादीका विरूद्ध सशक्त कारबाही अगाडि बढाउनुपर्ने र तेस्रो फेजमा राजनीतिक दलहरूसँग संवाद गरी नयाँ सहमति कायम गर्दै आमनिर्वाचनको तयारी गर्नुपर्ने निष्कर्ष निकालियो । यी विषयमा सरकारबाट प्रधानमन्त्रीसँग उहाँको जाहेरीका बेला छलफल हुनुपर्ने भनी सचिवहरूले बिन्ती चढाए ।

## २०६० भदौ १२ गते शुक्रबार

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले आफूनिकटका व्यक्तिहरूसँग 'माओवादीसँग वार्ता भङ्ग भएको प्रसङ्ग र विगत केही दिनका घटना सबै ग्र्यान्ड डिजाइन अन्तर्गत नै भएका हुन्' भन्नुभएको छ । 'उपचार गर्ने नाममा राजा पाँच दिनसम्म दोहा बस्नुको अर्थ के हो ?' भन्ने प्रश्न उठाउँदै उहाँले 'आन्दोलन जारी राख्नुपर्छ, भावी रणनीतिबारे भदौ १४ गते बस्ने काङ्ग्रेस केन्द्रीय समितिको बैठकले निर्णय गर्नेछ' समेत भन्नुभएको खबर आएको छ । माओवादी आतङ्ककारी गतिविधि ह्वात्तै प्रारम्भ भएको अवस्थामा एमाले महासचिव माधवकुमार नेपालको मनस्थिति कस्तो होला भनी थाहा पाउनु नितान्त आवश्यक छ । त्यसैले हामीले आफ्नो स्रोत मार्फत उहाँलाई सन्देश पठाएका थियौँ, 'अहिलेको परिस्थितिमा आन्दोलन स्थगित गर्न उचित हुन्छ । किनभने स्थिति खराब हुँदै जाँदा इमरजेन्सी लगाएर सैनिक शासन लगाउने सम्भावना रहन सक्छ ।' यसको जवाफमा महासचिव नेपालले 'आन्दोलन स्थगित गरेर मैले के पाउँछु ?' भनी बार्गेनिङ गर्न खोज्नुभएको छ । यसबाट अहिलेको परिस्थितिप्रति काङ्ग्रेस र एमाले नेतृत्वहरू संवेदनशील छैनन् भन्ने देखिन्छ । बरु उनीहरू आन्दोलन अझ अगाडि बढाउने मनस्थितिमा छन् ।

सुरक्षा निकायका प्रमुखहरूले आज प्रधानमन्त्री सूर्यबहादुर थापालाई वर्तमान परिस्थितिबारे जानकारी गराउन सिंहदरबारमा सामूहिक रूपमा भेटेका छन् । त्यस क्रममा उनीहरूले राजधानी लगायत केही संवेदनशील जिल्लामा कर्फ्यु आदेश जारी गर्न सुझाव दिए । प्रधानमन्त्रीले 'एक–दुई दिनको स्थिति हेरेर निर्णय गर्ने' भन्नुभएको छ । साथै सुरक्षा निकायका प्रमुखहरूले माओवादीका आतङ्ककारी क्रियाकलाप अझ बढ्न

सक्ने हुँदा सुरक्षा संयन्त्रलाई पूर्ण रूपमा परिचालन गरी माओवादीलाई दबाउने निर्णय लिन प्रधानमन्त्रीलाई सल्लाह दिएका छन् । यस्तै, श्री ५ को सरकारले आन्दोलनरत दलहरूलाई राजनीतिक रूपमा परिस्थिति बुझ्न र आन्दोलन स्थगित गर्न आग्रह गर्दा राम्रो हुने सुरक्षा प्रमुखहरूको सल्लाह छ ।

पूर्व गृह राज्यमन्त्री देवेन्द्रराज कँडेललाई आज ललितपुरको कुसुन्तीमा माओवादीले गोली प्रहार गरेर हत्याको प्रयास गरेका छन् । उहाँलाई घाइते अवस्थामा अस्पताल भर्ना गरिएको छ । उहाँ खतरामुक्त रहेको बुझिएको छ ।

दरबारका सचिवहरूको सामूहिक जाहेरीमा आज विभिन्न विषय उठाइयो । जस्तै : काठमाडौं उपत्यका लगायत ११ जिल्ला सदरमुकाममा निषेधाज्ञा जारी गर्नुपर्नेमा स्थानीय प्रशासनको जोड रहेको छ । यसबारे श्री ५ को सरकारले यथाशक्य चाँडो निर्णय लिँदा उपयुक्त हुन्छ । काठमाडौं उपत्यकाका केही संवेदनशील क्षेत्र पहिचान गरेर 'काउन्टर मेजर' का उपाय पनि सोच्नुपर्ने हुन्छ । माओवादीले कायरतापूर्वक हत्या गरेका महासेनानी किरण बस्नेतलाई मरणोपरान्त एक तह बढुवा गर्दा राम्रो हुने देखिन्छ । साथै दरबारका कर्मचारीले पनि आफ्नो सुरक्षामा सजगता अपनाउनु आवश्यक छ । नेपाली सञ्चार माध्यममा माओवादी सम्बन्धी समाचार केकति दिने र केके नदिने भन्नेबारे सञ्चार मन्त्रालयले नीति बनाउनु जरूरी छ । त्यसका निम्ति सञ्चार संस्थाहरूसँग छलफल गर्नुपर्छ ।

सचिवहरूले जाहेर गरेका सबै सुझाव सरकारबाट गम्भीरतापूर्वक सुनिबक्स्यो । 'तिमीहरूका सुझाव प्रधानमन्त्रीलाई भन्छु,' मौसुफबाट हुकुम भयो, 'तिमीहरूले पनि सम्बन्धित मन्त्रालयका सचिव मार्फत यो कुरा अगाडि बढाउनू ।'

## २०६० भदौ १७ गते बुधबार

केही राजनीतिक विश्लेषकका अनुसार, आन्दोलनरत दलले देशको वर्तमान परिस्थितिलाई विचार गरेर जारी आन्दोलन स्थगित गरी राजनीतिक गतिरोध अन्त्य गर्न सरकारसँग वार्ता गर्नुपर्ने थियो । तर त्यसो हुन सकेन । किनभने, आन्दोलनले गति लिन सकेकै छैन । भारत, अमेरिका र बेलायतका राजदूतले समेत हालको आन्दोलन स्थगित गर्न सल्लाह दिएका मात्र होइन, आवश्यक परे उनीहरूका मागबारे महाराजाधिराजसँग परामर्श गर्ने समेत प्रस्ताव गरेकै हुन् । काङ्ग्रेस र एमालेकै कतिपय नेता समेत आन्दोलन स्थगित गर्नुपर्ने पक्षमा छन् । तर साना पार्टीको लहैलहैमा आन्दोलन स्थगित हुन सकेको छैन । आन्दोलन स्थगित भए आफ्नो महत्त्व कम हुने डरले साना पार्टीहरू यसलाई कुनै हालतमा स्थगित गर्न चाहँदैनन् ।

काङ्ग्रेसको भ्रातृ सङ्गठन नेपाल तरुण दलले आज पार्टी कार्यालयबाट जुलुस निकालेको छ । एमाले विद्यार्थी सङ्गठन अखिलले भने त्रिभुवन विश्वविद्यालयको सभाहलबाट जुलुस निकाल्यो । उता, वकिलले निकालेको मौन जुलुसमा प्रहरीले हस्तक्षेप गर्‍यो । त्यस क्रममा वरिष्ठ अधिवक्ता सिन्धुनाथ प्याकुरेललाई पक्राउ गरेर

केही समयपछि रिहाइ गरिएको छ । यसै विषयलाई लिएर वकिलहरूले अदालतमा आजको बहस बहिष्कार गरे ।

काठमाडौँमा सुरक्षा व्यवस्था कडा पारिएको महसुस भएको छ । माओवादीका केही नेता र कार्यकर्ता पक्राउ परेका छन् । सैनिक अधिकृतका हत्यारा पक्राउ गर्न 'कोभर्ट' अपरेसन जारी भए पनि हालसम्म प्रहरीले अपराधी पक्राउ गर्न सकेको छैन । प्रधान सेनापति प्यारजङ्ग थापाले महासेनानी किरण बस्नेतको हत्या र महासेनानी रमिन्द्र क्षेत्रीको हत्या प्रयासका साथै हालको परिस्थिति र सम्भावित खतराका विषयमा जङ्गी अड्डाका सबै अधिकृतको जमघट गराई छलफल (पेप टक) गर्नुभएको छ । त्यस क्रममा जवानहरूको 'मोराल' उच्च राख्न विभिन्न सुविधाको स्तर वृद्धि गर्नुपर्ने कुरा भयो । त्यस्तै सैनिक अस्पताल, छाउनीलाई अझ सुविधासम्पन्न बनाई 'अपरेसन' का बेला हुन सक्ने सम्भावित दुर्घटनाका घाइतेहरूको राम्रो उपचारको व्यवस्था गर्नुपर्ने कुरा उठ्यो । हालको अवस्थाबारे प्रधान सेनापतिले कुनै प्रभावकारी टेलिभिजनमा अन्तर्वार्ता दिँदा राम्रो हुने सुझाव समेत आयो । यसैबीच प्रधान सेनापतिले आउँदो शनिबार र आइतबार जङ्गी अड्डा परिसरस्थित रिपुमर्दिनी भगवतीको पूजा गर्ने कार्यक्रम तय भएको छ ।

आन्दोलनरत पाँच पार्टीले भोलि भदौ १८ गतेदेखि शान्तिपूर्वक निषेधाज्ञाको उल्लङ्घन गर्ने कार्यक्रम राखेका छन् । त्यस क्रममा नेताहरूले सामूहिक गिरफ्तारी दिने भएका छन् । मोरङ र सिराहा जिल्लाका केही प्रहरी चौकीमा माओवादीले आक्रमणको प्रयास गरेको तर तत्कालै सेनाको हस्तक्षेपका कारण सफल नभएको खबर आएको छ ।

दरबारका प्रमुख सचिव पशुपतिभक्त महर्जनले नरदेवीस्थित आफ्नो निवासवरिपरि अपरिचित केही व्यक्तिहरू घुमफिर गर्न थालेको कुरा मलाई सुनाउनुभयो । उनीहरू घरीघरी कोठा भाडाका लागि सोध्न आउने र अनावश्यक चियोचर्चो गर्ने गरेको हुँदा सुरक्षाका दृष्टिले विशेष निगरानी गरिदिन अनुरोध गर्नुभयो । मैले तत्कालै प्रहरी महानिरीक्षक श्यामभक्त थापालाई यसबारे बताएर 'आवश्यक सुरक्षा व्यवस्थाका लागि' अनुरोध गरेँ ।

## २०६० भदौ २० गते शनिबार

सेनाको डीएमआईले दिएको सूचना अनुसार माओवादीले 'स्पेसल टास्क फोर्स' बनाएर 'सार्प सुटर' हरू काठमाडौँ पठाएको छ । काठमाडौँ सहरभित्र व्यक्तिहत्याको कारबाही अगाडि बढाउने र विशेष गरी अमेरिकासँग सम्पर्क हुने सैनिक तथा प्रहरी अधिकृतलाई निसाना बनाउने उनीहरूको योजना रहेको छ । माओवादीले स्थापित पुराना शक्ति (दरबार र सेना) लाई सकेसम्म कमजोर पारेर सत्ता कब्जा गर्ने रणनीति बनाएका छन् ।

'अहिलेको राजनीतिक पार्टीको आन्दोलन हास्यास्पद छ, त्यसैले मन्त्रिपरिषद्

कडाइका साथ अगाडि बढ्नुपर्छ' भनेर सल्लाह दिँदै पञ्चायतकालीन मन्त्री दिलबहादुर श्रेष्ठले आज मसँग भन्नुभयो, 'यस बेला म महाराजाधिराजका सामु तीन विकल्प मात्र देख्दछु– सम्पूर्ण राज्यशक्ति नै आफ्नो हातमा लिने वा राजनीतिक दलहरूलाई सत्ता हस्तान्तरण गरिदिने वा वर्तमान मन्त्रिपरिषद्लाई नै पूर्णता दिई चुनावमा जाने ।' उहाँका अनुसार, हालका राजनीतिक दलबाट देशको समस्या समाधान हुन सक्दैन । त्यसैले तेस्रो शक्तिको निर्माण गर्नु आवश्यक छ । तेस्रो शक्ति मार्फत अर्को चुनावमा बहुमत ल्याउने उद्देश्यका साथ अगाडि बढ्नुपर्ने उहाँले सुझाव दिनुभयो । तेस्रो शक्तिको बहुमत नआउने अवस्थामा कसैलाई पनि बहुमतमा ल्याउन नदिने योजना बनाउनुपर्ने समेत उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, 'लोकेन्द्रबहादुर चन्दलाई समय अनुसार प्रधानमन्त्री बनाएको ठीक थियो । हाल सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाएको पनि ठीक छ । किनभने, सूर्यबहादुर थापा सधैं भारतको मान्छे भनेर चिनिएका हुन् । उनी असफल भएमा भारत नै असफल भएको ठहर्छ । उनले सफलता पाएमा भने देश, जनता र राजाका लागि राम्रो हुन्छ ।'

मेरा सम्पर्क–स्रोतहरू एमाले महासचिव माधवकुमार नेपाल, केपी ओली, भरतमोहन अधिकारी, वामदेव गौतम र राधाकृष्ण मैनालीसँग निकट सम्पर्कमा छन् । गौतम र मैनालीले 'सूर्यबहादुर थापा सर्वथा अनुपयुक्त र असफल व्यक्ति हुन्, सरकारबाट हामी (मैनाली, गौतम) जस्ता नेताको सहयोग लिनु सक्नुपर्छ' भनेर कुरा गरेको खबर आएको छ । मैनालीसँग आजै मेरो भेट भयो । उहाँले भन्नुभयो, 'पहिले कुरा भए अनुसार तेस्रै शक्ति गठन गर्न म एमाले परित्याग गरेर केही कार्यकर्ता सहित बाहिर आउन सक्छु । तेस्रो शक्तिको निर्देशक सिद्धान्तका रूपमा बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्र र समाजवादी अर्थव्यवस्था हुनेछ । कम्बोडियाको उदाहरण हेर्दा कम्युनिस्टहरू राजतन्त्रका मित्र हुन सक्दैनन् । राजसंस्था र राजाको जनतासँग सुमधुर बनाउन सहयोगी एवं सकारात्मक राजनीतिक शक्तिको आवश्यकता पर्छ । यस्तो राजनीतिक शक्तिबिना राजसंस्था दुर्घटनामा पर्न सक्छ, जस्तो इरानमा भएको थियो ।'

पूर्व शाही पार्श्ववर्ती उपरथी ताराबहादुर थापा आजै मलाई भेट्न आउनुभएको थियो । उहाँ र म धेरै वर्षसम्म दरबारमा सँगसँगै कार्यरत थियौं । उहाँले अहिलेको अवस्थामा महाराजाधिराजलाई आफ्नो क्षेत्रबाट कसरी सहयोग गर्न सकिन्छ भन्नेबारे मसँग केही कुरा मसँग गर्नुभयो । उहाँको भनाइ थियो, 'साउदी अरेबियाको राजपरिवारका महत्त्वपूर्ण सदस्य प्रिन्स खालिद र म अमेरिकामा स्टाफ कलेज गर्दा सँगै थियौं । उहाँसँग हालसम्म पनि मेरो मित्रता छ । उहाँले नेपाल भ्रमणमा आएका बेला वीरेन्द्र सैनिक अस्पताललाई सहयोग गरेको तपाईंलाई जानकारी छँदै छ । उहाँलाई नेपाल भ्रमण गराउन समेत मैले भूमिका निर्वाह गरेको थिएँ । उक्त कोर्समा हाल थाइल्यान्डका उपप्रधानमन्त्री र सिङ्गापुरका तत्कालीन प्रधानमन्त्री लिक्वान युका छोरा, हालका प्रधानमन्त्री ली, पनि हुनुहुन्थ्यो । उहाँहरू दुवै मेरा मित्र हुनुहुन्छ । त्यसैले साउदी अरेबिया अथवा थाइल्यान्डमा सरकारबाट मलाई शाही नेपाली राजदूत नियुक्त

गरिबक्सेमा मैले दुई देशबीचको सम्बन्ध सुदृढ गर्न तथा आर्थिक सहयोग भित्र्याउन पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छु जस्तो लाग्छ । तपाईंले यो कुरा सरकारमा जाहेर गरिदिनुपर्‍यो ।'

तारा जर्सावका कुरा मैले सरकारमा बिन्ती गरिदिएँ । सरकारबाट 'हो, ताराबहादुरले काम गर्न सक्छ, राजदूत नियुक्तिको सन्दर्भ आएपछि मलाई यो कुरा सम्झाउनू' हुकुम भयो ।

एक जना मेरा नेपाली साथी आफ्नो सिङ्गापुरे साथीलाई लिएर मलाई भेट्न आउनुभएको थियो । ती सिङ्गापुरे व्यक्तिले सिङ्गापुरको राजनीति, प्रशासन, आर्थिक विकास जस्ता विषयमा लामो कुरा गर्नुभयो । बाहिरबाट 'गाइडेड डेमोक्रेसी' भन्ने गरिएको आफ्नो देशको राजनीतिक प्रणलीबारे चर्चा गर्नुभयो । साथै सिङ्गापुरमा कसरी आर्थिक विकास सम्भव भएको हो भन्ने पनि सुनाउनुभयो । कुराकानीका क्रममा उहाँले विशेष महत्त्वपूर्ण कुरा चाहिं के भन्नुभयो भने, 'सिङ्गापुर सरकारले एउटा ठूलो मनिटरिङ सिस्टम बनाएको छ । त्यसले प्रत्येक नागरिकका क्रियाकलाप, विशेष गरेर चुनावका समयमा निगरानी राख्ने गर्दछ । यसबाट चुनावको नतिजा अथवा सरकारविरोधी कुनै पनि क्रियाकलापलाई समयमै सजिलैसँग नियन्त्रण गर्न सकिन्छ । विभिन्न अवरोध नहुनाको कारणले नै सिङ्गापुरमा छोटै समयमा आर्थिक सम्पन्नता आउन सकेको हो । श्री ५ को सरकारले पनि यस्तै किसिमको मनिटरिङ सिस्टम स्थापना गर्न सके हाल देखिएका जस्ता धेरै समस्या समाधान गर्न सहयोग पुग्छ । अनावश्यक विरोध, विद्रोह र राजनीतिक उच्छृङ्खलताबाट देश मुक्त हुन्छ र ढुक्कसँग आर्थिक विकासमा फड्को मार्न सकिन्छ ।' उहाँका कुरा सुनेर मैले 'यस्तो प्रणाली सञ्चालन गर्न कति खर्च र जनशक्ति लाग्छ ?' भनेर सोधें । उहाँले 'नेपालको जनसङ्ख्या अनुसार यसमा ठूलै जनशक्ति लाग्न सक्छ र खर्च पनि बढी नै हुन्छ, तर नेपालले सिङ्गापुर सरकारसँग सहयोग मागेमा प्राविधिकदेखि अन्य सबै किसिमको सहयोग उपलब्ध गराउन सक्छ होला' भन्नुभयो ।

हालको परिस्थितिमा माओवादीका विरूद्ध प्रभावकारी 'अपरेसन' का लागि आवश्यकता परे सेनाले सबै सिभिलियन कम्पनीका हेलिकप्टर र देशका सम्पूर्ण आफ्नो अधीनमा लिन आवश्यक छ । यसबारे श्री ५ को सरकारबाट निर्णय हुनुपर्ने भएकाले प्रधानमन्त्रीलाई खबर गर्नुपर्नेछ ।

रक्षासचिव पदमकुमार आचार्यले मलाई फोनमा 'हालै सम्पन्न भारत भ्रमण सकारात्मक रहेको' जानकारी गराउनुभयो । साथै 'भारत सेनालाई सबै किसिमको सहयोग गर्न तयार छ, मैले भारतसँग आवश्यक हातहतियार तथा सैनिक सामग्री उपलब्ध गराउन प्रस्ताव गरें' भनी ब्रिफ गर्नुभयो ।

कार्यवाहक चिनियाँ राजदूत वाङ वी तान आज मलाई भेट्न आउनुभएको थियो । उहाँले नवनियुक्त चिनियाँ राजदूत सेप्टेम्बर १६ मा काठमाडौं आउने जानकारी दिनुभयो । अक्टुबर १ मा चीनको राष्ट्रिय दिवस परेको हुँदा त्यसअघि नै नयाँ राजदूतले आफ्नो

ओहदाको प्रमाणपत्र चढाउने व्यवस्था मिलाउन सहयोग गरिदिनुपऱ्यो भन्ने उहाँको आग्रह थियो । वाङले भन्नुभयो, 'परराष्ट्र मन्त्रालयमा यसबारे खबर भइसकेको छ । नयाँ राजदूतलाई बेइजिङमै पुराना राजदूतले ब्रिफिङ गर्ने कार्यक्रम छ । चीन शाही नेपाली सेनालाई आवश्यक पर्ने हातहतियार उपलब्ध गराउन तयार छ । तर यसले नेपालको अन्य देशसँगको सम्बन्धमा असर पार्न सक्ने हुँदा चीनले लजिस्टिक्स मात्र सहयोग गर्दा उपयुक्त हुने देख्दछु ।' त्यस्तै उहाँले 'चीन नेपाललाई अन्य सबै क्षेत्रमा सहयोग गर्न तत्पर छ, हाम्रा दुई देशका बीचमा कुनै पनि किसिमको समस्या छैन, चीन र भारतबीच खुलेको सिक्किमस्थित नाथुला पास सडक सिम्बोलिक मात्र हो, यसको व्यावसायिक उपादेयता हाललाई सामान्य रहेको छ, यो बाटो खुले पनि चीनबाट नेपाल भएर हुने ट्रान्जिटमा खासै असर पर्दैन' भनेर स्पष्ट पार्नुभयो ।

प्रहरी महानिरीक्षक श्यामभक्त थापाले इन्टरपोलको आगामी बैठकमा नेपालले पनि कुनै पदमा उम्मेदवारी दिने सोचाइ बनाएको मलाई सुनाउनुभयो । साथै संयुक्त राष्ट्रसङ्घमा यसको लबिङका लागि सहयोग गरिदिन माग गर्नुभयो ।

काङ्ग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवाले आफूनिकटका व्यक्तिहरूसँग शान्तिका लागि संविधानसभामा जान सकिने धारणा व्यक्त गर्नुभएको छ । हालको अवस्थामा एमाले महासचिव माधवकुमार नेपाललाई प्रधानमन्त्री बनाउँदा उपयुक्त हुने र त्यसका निम्ति समर्थन जुटाउन आफूले पनि पहल गर्ने उहाँको भनाइ रहेछ ।

राप्रपा नेता ध्रुवबहादुर प्रधानले मलाई जानकारी गराए अनुसार, इटालीका एक द्वन्द्व विशेषज्ञले नेपालमा भइरहेको माओवादी विद्रोह र राजनीतिक गतिरोधलाई सूक्ष्म रूपमा अध्ययन गरिरहेका रहेछन् । उनले नेपालका मुख्य राजनीतिक दलहरूबाट एक-दुई जनाका दरले र माओवादीबाट समेत दुई जना नेतालाई इटालीको कुनै गोप्य स्थानमा लगेर अनौपचारिक छलफल गराउने र उक्त छलफलबाट सकारात्मक निष्कर्ष आए आफूले मध्यस्थताको भूमिका खेलेर नेपालमा शान्ति प्रक्रिया पुनः सुरु गराउने प्रस्ताव राखेका रहेछन् । नेता प्रधानका अनुसार उनले यसका निम्ति काङ्ग्रेसका नरहरि आचार्य र चक्र बाँस्तोला, एमालेका झलनाथ खनाल, राप्रपाका स्वयं प्रधान लगायत माओवादीका अन्य केही नेतालाई इटाली सरकारकै खर्चमा त्यहाँ लगेर छलफल कार्यक्रम गराउन खोजेका छन् । यो उपाय प्रभावकारी हुन सक्ने बताउँदै प्रधानले 'यो कार्यक्रम हुने भयो भने म जानकारी गराउँला' भन्नुभयो ।

युरोप र अमेरिकाका राजदूतहरूले संसद्वादी दलका नेतासँग भेटेर 'दल र राजा मिल्नुपर्छ, अनि मात्र माओवादीलाई ठेगान लगाउन सकिन्छ, यसो नगरे माओवादीले सबैलाई कमजोर पार्न सक्छन्, हामी यसका लागि सहयोग गर्न तयार छौँ' भनेर सल्लाह दिएका छन् ।

अमेरिकाबाट खरिद गरिएका दुई हजार थान एम-१६ एटु राइफल र केही नाइटभिजन गगल्स आजै काठमाडौँ आइपुगेका छन् । अहिलेको अवस्थामा यी आधुनिक सामानले सेनालाई काम गर्न अलिकति भए पनि सहज बनाउन सक्छन् । सेनाले

पहिलेदेखि नै आधुनिक हातहतियार र लजिस्टिक्स माग गर्दै आएको छ ।

### २०६० भदौ २६ गते शुक्रबार

केही दिनअगाडि दार्चुला जिल्लाको दुर्गम स्थानमा कतिपय प्रहरी मारिएको खबर आएको थियो । प्रहरीले उक्त घटना पेट्रोलिङको समयमा घटेको भन्ने रिपोर्ट दिएको थियो । तर ती प्रहरी यार्चागुम्बा सङ्कलन गर्न गएका व्यक्तिहरूबाट जबर्जस्ती पैसा असुल्न गएको भन्ने बुझिएको छ ।

काङ्ग्रेस, एमाले र सद्भावना (आनन्ददेवी) पार्टीले सकभर संविधानको धारा १२८, नत्र पनि १२७ अन्तर्गत भए पनि सत्तामा जाने सोच बनाएको बुझिएको छ । यो थाहा पाएर 'तीन ठूला दल सत्ताप्राप्तिमा मात्र लागेको' भन्ने आरोप लगाउँदै संयुक्त जनमोर्चा र नेपाल मजदुर किसान पार्टीले पाँच दलको संयुक्त आन्दोलनबाट अलग्गिने विचार गरिरहेको खबर आएको छ ।

प्रधानमन्त्री सूर्यबहादुर थापा र काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाबीच प्रतिनिधिसभा पुनःस्थापनाको विषयलाई लिएर गोप्य छलफल भएको छ । छलफलमा उहाँहरूबीच 'मन्त्रिपरिषद्ले निर्णय गरी प्रतिनिधिसभा पुनःस्थापनाका लागि महाराजाधिराजमा सिफारिस गर्ने, मौसुफबाट मन्त्रिपरिषद्को सिफारिसमाथि सर्वोच्च अदालतको राय मागिबक्सने र यदि सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनःस्थापना गर्न नमिल्ने भनेर राय दिए काङ्ग्रेस मन्त्रिपरिषद्मा सहभागी हुने' सहमति भएको खबर आएको छ ।

एमाले स्रोतका अनुसार नेताहरू केपी शर्मा ओली र वामदेव गौतम कुनै पनि हालतमा महासचिव माधवकुमार नेपाललाई प्रधानमन्त्री हुन नदिने खेलमा छन् । साथै, गौतम र राधाकृष्ण मैनाली एमाले फुटाएर तेस्रो शक्ति गठन गर्न तत्पर रहेको स्पष्ट भएको छ । अहिलेको अवस्थामा यो सकारात्मक अवस्था हो, तेस्रो शक्ति निर्माणका लागि ।

माओवादीले प्रेस वक्तव्य जारी गर्दै देशभर आजदेखि असोज ४ गतेसम्म व्यापक जनकारबाही र यत्रतत्र विस्फोट गर्ने बताएको छ । त्यस अनुरूप उसले आज बिहान हेटौँडा नगरपालिकाका तीन स्थान, निर्वाचन आयोगको कार्यालय र एक जना व्यापारीको गोदाममा बम विस्फोट गराएको छ । आजै बिहान काठमाडौँ, वसुन्धरामा राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी सङ्गठनका दीपक थापा र परिचय नखुलेको अर्को एक व्यक्तिलाई गोली हानी हत्या गरिएको छ । एकातिर यसरी आतङ्क फैलाउन थालेको छ भने अर्कातिर पत्रकारको समेत हत्या गरिरहेको छ । यस सन्दर्भमा सम्पूर्ण सञ्चार माध्यमलाई माओवादीका विरूद्ध परिचालन गर्न उपयुक्त हुने सल्लाह भएको छ ।

### २०६० भदौ २९ गते सोमबार

मन्त्रिपरिषद् परिवर्तन हुन लागेको छ भन्ने हल्ला व्यापक भएपछि काङ्ग्रेस र एमाले दुवैले आ–आफ्नै नेतृत्वमा सरकारमा आउन विभिन्न कोसिस गरिरहेका छन् । यता, प्रधानमन्त्री सूर्यबहादुर थापाले हालसम्म मन्त्रिपरिषद् विस्तार गर्नसम्म सक्नुभएको छैन । यसै परिप्रेक्ष्यमा सरकारबाट आज मलाई 'वर्तमान अवस्थामा सूर्यबहादुरलाई नै

केही समय निरन्तरता दिने, यही अवधिमा राम्रा मान्छेलाई उपयुक्त स्थानमा राजनीतिक नियुक्ति गर्ने र यसबीच माओवादीको के रबैया हुन्छ भनेर हेर्ने, त्यसपछि अन्य विकल्प खोज्न सकिन्छ' भनेर हुकुम भयो ।

बडामहारानीको शुभजन्मोत्सवका सिलसिलामा नेपाल प्रहरीबाट प्रदर्शन गरिने 'ब्रिटिङ दी रिट्रिट' कार्यक्रमलाई अबदेखि प्रहरी दिवसका अवसरमा आयोजना गरिने भएको छ । यस वर्ष प्रहरी दिवसको समारोह हालको अवस्थामा भव्य कार्यक्रमका साथ गर्न असहज हुने हुँदा बिहानको कार्यक्रममा मात्र सीमित राख्ने भनेर प्रहरी महानिरीक्षकको सुझाव आएको छ । यो कुरा सरकारमा जाहेर हुँदा त्यसै अनुसार गर्न निर्देशन बक्सेको छ ।

दसैँअगाडि नै सरकार परिवर्तन हुने आशा राखेका दलहरूले सरकारमा सहभागिताका विषयमा आफूहरूबीच व्यापक छलफल चलाइरहेका छन् । यस क्रममा खास गरी काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले साथै प्रतिनिधिसभा पुनःस्थापनाका लागि कानुनविद्सँग छलफल गरिरहनुभएको छ । साथै काङ्ग्रेस र एमाले नेताहरूले विदेशी राजदूतहरूलाई 'राजासँग सहमति गराइदिन प्रयास गरिदिनुपर्‍यो' भनेर अनुरोध गर्ने गरेको खबर छ ।

काङ्ग्रेस सभापति कोइरालाले आफूनिकट नेताहरूसँग 'अब प्रतिनिधिसभा पुनःस्थापना हुन्छ, त्यस अवस्थामा काङ्ग्रेस प्रजातान्त्रिक पार्टीतिर लागेका कति नेता तथा कार्यकर्ता फर्किन्छन्, हाम्रो बहुमत हुन्छ कि हुँदैन ?' भनेर चर्चा गरिरहेको र त्यसबारे गृहकार्य समेत थालेको बुझिन आएको छ ।

## २०६० भदौ ३१ गते बुधबार

भारतीय राजदूत श्यामशरणले आज काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालालाई भेट्नुभएको छ । आजै कोइरालाले गोविन्दराज जोशी र कृष्ण सिटौलालाई राजदूतसँगको भेटमा भएको कुरा सुनाउनुभयो । सो अवसरमा काङ्ग्रेस नेताहरूबीच 'एमालेले सन्दिग्ध चरित्र देखाइरहेको छ र ऊ थापा सरकारमा सामेल हुन सक्ने सम्भावना पनि छ । काङ्ग्रेस यो सरकारमा कुनै पनि हालतमा सहभागी हुँदैन । दसैँतिहारको अवस्था हेरेर आन्दोलनका कार्यक्रम तयार पारौँ । केन्द्रीय कमिटीको बैठक गर्ने कि नगर्ने ? किनभने हाम्रै साथीको भरोसा छैन' भनेर छलफल भएको छ । त्यस क्रममा जोशीले 'एक महिनाभित्र राजाले कुनै सशक्त कदम उठाउने लक्षण बुझेको छु, त्यसैले अब राजाको कदम हेरेर निर्णय गर्नुपर्छ' भनेको बुझिएको छ ।

मन्त्रिपरिषद्ले निर्णय गरी आतङ्ककारी सूचीमा रहेका केही माओवादी नेताको टाउकाको मूल्य तोकेको छ । तर सरकारले तोकेको मूल्य नदिँदा गुप्तचर निकायले प्रयोग गरेका व्यक्तिलाई काम लगाउन समस्या परिरहेको छ ।

अर्थमन्त्री डा. प्रकाशचन्द्र लोहनीले प्रधान सेनापतिलाई फोन गरेर भन्सार कार्यालयमा सैनिक अधिकृतको उपस्थितिबारे गुनासो गर्नुभएछ । भन्सार कार्यालयहरूमा व्यापक अनियमितता हुने गरेको खबर पहिलेदेखि नै आइरहेको हो । त्यसको निगरानी राख्न

केही भन्सार कार्यालयमा सैनिक अधिकृतलाई खटाउन थालिएको थियो । सैनिकको उपस्थितिले भन्सारका कर्मचारीलाई अनियमितता गर्न अवश्य पनि असजिलो हुने नै भयो । यस्तो अवस्थामा मन्त्री लोहनीको उक्त कुरा सुनेपछि प्रधान सेनापतिले 'सेनाबाट भन्सार कार्यालयलाई असुविधा हुन्छ भने मन्त्रीज्यूले भन्सार कार्यालय र राजस्व गस्तीबाट सेना हटाउने निर्णय गरे हामी सबै सेना हटाइदन्छौँ' भनेर जवाफ दिनुभएछ ।

सशस्त्र प्रहरी महानिरीक्षक सहवीर थापाले नियमित जाहेरीका क्रममा 'हलचोकमा बनिरहेकोसशस्त्रको प्रधान कार्यालय भवनको निर्माण कार्य दुई महिनापछि पूरा हुँदै छ, सरकारबाट समुदघाटनका लागि स्वीकृति बक्स भए सोही बमोजिम गर्नेछु' भनी बिन्ती चढाउनुभयो । सोही अवसरमा आफ्नो निकाय सम्बन्धी गुनासो गर्दै उहाँले सरकार समक्ष बिन्ती गर्नुभयो, 'सशस्त्रलाई दिइएको जिम्मेवारी अनुसार परिचालनका हिसाबले प्रत्येक अञ्चलमा एउटा गण हुनुपर्ने हो । तर विद्यमान दरबन्दीले नौ अञ्चलमा मात्र गण स्थापना गर्न सकिएको छ । अन्य पाँच अञ्चलमा अपुग हुन गएको दरबन्दी चाँडै प्राप्त हुन सके काम गर्न सजिलो हुने थियो । सशस्त्रको आफ्नै अस्पताल छैन । सेना र नेपाल प्रहरीका अस्पतालहरूबाट प्राप्त सहयोगले मात्र लडाइँमा घाइते भएका सशस्त्र प्रहरीको उपचार सम्भव भइरहेको छैन । अपरेसनका क्रममा मृत्यु र घाइते भएका सशस्त्र प्रहरीलाई केही रकम दिने भनेर श्री ५ को सरकारले नै निर्णय गरेको हो । त्यो रकम समेत नपाउँदा समस्या भइरहेको छ ।'

उहाँको जाहेरीपछि सरकारबाट 'सशस्त्रका विषयमा म प्रधानमन्त्रीसँग कुरा गरौँला' हुकुम भयो । साथै मौसुफबाट निर्देशन बक्स्यो, 'सशस्त्र प्रहरी बल नयाँ निकाय भएको हुँदा सरुवा-बढुवा प्रणाली सुरुदेखि नै प्रभावकारी र पारदर्शी बनाउनू । आफ्ना गण-गुल्मको सुरक्षा व्यवस्था बलियो पार्नू ताकि माओवादीले सजिलै आक्रमण गर्न नसकून् । आवश्यक परे सेनाको सहयोग लिँदा राम्रो हुन्छ । माओवादीले सञ्चालन गरेका एफएम स्टेसन खत्तम पार्न कोसिस गर्नू । तिनलाई जामिङ गर्न के गर्न सकिन्छ भन्नेबारे अरू सुरक्षा निकायसँग समन्वय गरेर काम थाल्नू ।'

## २०६० असोज २ गते शुक्रबार

प्रधानमन्त्रीले अमेरिकी राजदूतसँग मोबाइल फोन ट्यापिङ प्रविधि सहयोगस्वरूप उपलब्ध गराउन प्रस्ताव गर्नुभएको छ । राजदूतले उक्त सामानको मूल्य करिब १० लाख डलर पर्ने उल्लेख गर्दै यस्तो उपकरण सेनालाई दिन नमिल्ने हुनाले सशस्त्र प्रहरीलाई मात्र दिन सकिने बताउनुभयो । प्रधानमन्त्रीले उहाँको कुरामा स्वीकृति जनाउनुभएको छ ।

प्रतिनिधिसभा पुनःस्थापना हुने भन्ने व्यापक चर्चा भइरहेका बेला काङ्ग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवा आज सप्ताहव्यापी चीन भ्रमणमा प्रस्थान गर्नुभएको छ । उहाँलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा 'प्रतिनिधिसभा पुनःस्थापना गर्ने चर्चा चलिरहेका बेला तपाईं किन चीन भ्रमणमा जान लाग्नुभएको हो?' भनेर पत्रकारहरूद्वारा सोधिएको थियो । त्यसको जवाफमा उहाँले झर्कंदै 'त्यसो भए सबैले

गिरिजा र माधवसँगै सरेन्डर गरे भैहाल्यो नि' भन्नुभयो । उहाँको भनाइको विश्लेषण गर्दा प्रतिनिधिसभा पुनःस्थापनाको चर्चा निराधार हो भन्ने बुझिन्छ ।

२८ वर्षपछि नेपाल आएका अन्तर्राष्ट्रिय अपराधी दुनियाँका सर्वाधिक चर्चित व्यक्ति चार्ल्स शोभराजलाई प्रहरीले आज ठमेलबाट पक्राउ गरेको छ । चार्ल्स भारतमा लामो अवधि जेल जीवन विताएर रिहाइ भएपछि नेपाल आएको बुझिएको छ । नेपालमा पनि चार्ल्सका विरुद्ध लागेका हत्याका अभियोग कायमै छन् । साथै थाई सरकारले चार्ल्सको व्यापक खोजी गरिरहेको छ ।

रोल्पा, पाँचथर र तेह्रथुममा सेना र माओवादीबीचको भिडन्तमा केही माओवादी लडाकु मारिएको खबर छ । यसैबीच रोल्पामा जारी 'अपरेसन' निरीक्षण गर्न प्रधान सेनापति आइतबार त्यहाँ जाने कार्यक्रम छ ।

रक्षासचिव पदमकुमार आचार्यले आफ्नो भारत भ्रमणका अवसरमा त्यहाँ भएका छलफलबारे आज सरकारमा विस्तृत रूपमा जाहेर गर्नुभयो । उहाँका अनुसार, भारतले सेनालाई इन्सास राइफल उपलब्ध गराउन ज्यादै जोड दिएको छ । त्यस्तै आफूले निर्माण गरको एडभान्स लाइट हेलिकप्टर (एएलएच) पनि ७० प्रतिशत अनुदान र ३० प्रतिशत भुक्तानी गर्नुपर्ने पुरानो सर्तमा उपलब्ध गराउन सकिने जानकारी दिएको छ । जाहेरीपछि सरकारबाट राजनीतिक नेताका भ्रष्टाचार सम्बन्धी कारबाही अगाडि बढाउनुपर्ने र चुनावको माहोल तयार पार्नुपर्ने  उल्लेख बक्सँदै 'सबै क्षेत्रबाट सुरक्षा निकायलाई सहयोग हुने वातावरण तयार पार्न' रक्षासचिवलाई सुझाव बक्स्यो ।

## २०६० असोज ४ गते आइतबार

सशस्त्र प्रहरी महानिरीक्षक सहवीर थापाले आज मलाई भेटेर भन्नुभयो, "हाम्रो एउटा कमान्डो टोली तालिमको सिलसिलामा भारतको देहरादूननजिक चक्रातामा रहेको प्यारा मिलिटरी ट्रेनिङ सेन्टरमा गएको थियो । त्यहाँ हाम्रा अधिकृतलाई उक्त तालिम केन्द्रका एक प्रशिक्षकले 'भारतले नेपालका सशस्त्र प्रहरी र माओवादीलाई पालैपालो तालिम गराइरहेको छ, यो के गरेको होला ?' भनेर सुनाएछन् । त्यही कुरा तालिम केन्द्रबाहिर रहेको दूध पसलेले समेत भनेको बुझिन आयो । मैले यो कुरा थाहा पाउनासाथ जर्साबलाई तत्कालै जानकारी गराएको हुँ ।" सशस्त्रका ती अधिकृतले भने अनुसार उक्त तालिम केन्द्रमा माओवादीलाई समेत तालिम दिइएको हो भने यो विषय अत्यन्तै गम्भीर हो भनेर सहवीर साब र मैले निर्क्योल निकाल्यौं । साथै यसबारे थप अध्ययन गरी वास्तविकता पत्ता लगाई सत्य-तथ्य श्री ५ को सरकारलाई उपलब्ध गराउनुपर्छ र श्री ५ को सरकारले कूटनीतिक माध्यमद्वारा भारत सरकारसँग कुरा गर्न ठीक हुन्छ भनेर समेत हामीले छलफल गर्‍यौं । यो कुरा सहवीर साबले सुरक्षा निकायका प्रमुखहरूलाई जानकारी गराउने र उहाँहरूले समेत आ-आफ्नो निकायबाट यसबारे सत्य-तथ्य बुझ्न लगाउने पनि सल्लाह भयो । अहिलेको समयमा यो कुरा अति गोप्य राख्ने निधो भयो । मैले यसबारे महाराजाधिराज सरकारमा जाहेर गरैं । करिब दुई महिनाअगाडि समेत यस्तै

खालको खबर आएको प्रसङ्ग पनि सरकारमा सम्झाएँ ।

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला र गोविन्दराज जोशी तथा एमाले महासचिव माधवकुमार नेपालबीच नेपाल निवासमा आज गोप्य बैठक भएको छ । बैठकमा एमालेका तर्फबाट भरतमोहन अधिकारी र सुवाष नेम्वाङ सम्मिलित भएको खबर छ ।

प्रधान सेनापतिले आज मलाई फोन गरेर भारतीय स्थलसेनाध्यक्षले 'आवश्यक सरसल्लाहका निम्ति नयाँ दिल्ली आउन' पटक–पटक फोनबाट आग्रह गरिरहेको जानकारी दिनुभयो । साथै उहाँले भन्नुभयो, 'अमेरिकी प्यासिफिक कमान्डले एसिया प्रशान्त क्षेत्रका प्रधान सेनापतिहरूको सम्मेलन आयोजना गरेको छ । तर अहिलेको संवेदनशील अवस्थामा म नगएर शाही नेपाली सेनाको प्रतिनिधिका रूपमा उपरथी रूक्माङ्गद कटवाललाई पठाउने विचार गरेको छु ।'

बेलायती राजदूत केइथ ब्लुमफिल्डले दर्शनभेटका अवसरमा आफूले बुझे अनुसार संसद् पुनःस्थापना गर्ने विषयमा राजा सकारात्मक रहेको भनी काङ्ग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवालाई बताएको बुझिन आएको छ ।

विश्व हिन्दू परिषद्, नेपालको निमन्त्रणामा दार्जिलिङका गोर्खे नेता सुवास घिसिङ अर्को साता नेपाल आउने कार्यक्रम रहेको छ । काठमाडौंमा पशुपतिनाथको दर्शन गर्ने र माओवादी क्रियाकलापको विरोधमा पत्रकार सम्मेलन गर्ने उहाँको कार्यक्रम रहेको छ ।

## २०६० असोज ५ गते सोमबार

भारतीय राजदूतावासमा कार्यरत रअ टोलीका प्रमुख मदन प्यासीले आज बिहान प्रधानमन्त्री सूर्यबहादुर थापासँग एक घण्टा गोप्य छलफल गरेको खबर छ । सो अवसरमा प्रधानमन्त्रीले प्यासीसँग काङ्ग्रेस र एमालेलाई मन्त्रिपरिषद्मा सहभागी गराउन सहयोग गरिदिन अनुरोध गर्नुभयो । प्यासीले 'म भोलि नै नयाँ दिल्ली गएर यस विषयमा विशेष कुराकानी गरिदिन्छु' भनेर प्रधानमन्त्रीलाई आश्वासन दिनुभयो । साथै भारतीय राजदूतले भोलि बिहान ७ बजे प्रधानमन्त्रीलाई भेट्ने कार्यक्रम रहेको छ ।

यसैबीच माओवादीले संयुक्त राष्ट्रसङ्घका सहायक महासचिव कुलचन्द्र गौतमसँग सम्पर्क गरेको खबर छ । गौतमले माओवादीलाई तत्काल युद्धविराम गरी वार्ता प्रारम्भ गर्न आग्रह गरेको बुझिएको छ । माओवादीले गौतमलाई 'पुरानो सत्ताले हामीलाई अलमल्याएर यही संविधानमा ल्याउन खोजेकाले वार्ताको औचित्य छैन, तपाईं सक्नुहुन्छ भने संविधानसभाका लागि सत्ता पक्षलाई सहमत गराउनुहोस्' भनेको जानकारीमा आएको छ ।

नेपाल र भारतबीच सीमा तथा सुरक्षा सम्बन्धी खबर आदान–प्रदान गर्न बनेको संयुक्त समन्वय टिमको बैठकका लागि भारतीय टोली काठमाडौं आएको छ । टिमका प्रमुख भारतीय गृह मन्त्रालयका सहसचिवले बैठकका क्रममा 'नयाँ दिल्लीस्थित जवारलाल नेहरू विश्वविद्यालय वामपन्थीको अखडा भएको छ, प्रा. एसडी मुनिको धारणाले भारतीय सरकारको प्रतिनिधित्व गर्दैन, संविधानसभा भनेको गणतन्त्रकै लागि हो, यसमा नेपाल प्रस्ट हुन जरूरी छ' भन्ने धारणा राख्नुभयो ।

## २०६० असोज ६ गते मंगलबार

आन्दोलनरत दलका विद्यार्थी र युवा सङ्गठनले राष्ट्रिय सभागृहमा आज अन्तरक्रिया कार्यक्रम आयोजना गरे । वक्ताहरूले सरकारी निषेधाज्ञा तोड्ने र आन्दोलन उग्र हुने भन्दै भाषण गरेका थिए । कार्यक्रममा महाराजाधिराजका विरूद्ध उग्र नाराबाजी गर्नुका साथै जथाभावी बोलिएको थियो ।

काङ्ग्रेस नेता रामचन्द्र पौडेल भैरहवाबाट गोरखपुर हुँदै रेल चढेर नयाँ दिल्ली गएको खबर छ । दिल्लीमा उहाँ शाही नेपाली राजदूतावासको अतिथिगृहमा बस्न खोज्नुभएको थियो, तर राजदूतावासबाट कुनै प्रतिक्रिया नपाएपछि बाहिर बस्नुभएको छ । दिल्लीनजिकै पढ्न बसेकी छोरीलाई भेट्ने र मिलेमा केही भारतीय नेतासँग भेट गर्ने उहाँको कार्यक्रम छ ।

पूर्व प्रधान सेनापति सच्चितशमशेर जबराले आज मलाई फोन गरी 'भूतपूर्व सैनिकलाई उनीहरूकै गाउँ-टोलमा सुरक्षा कमिटी बनाई सञ्चालन गर्न सके सेनालाई आवश्यक सहयोग मिल्न सक्छ' भनेर सुझाव दिनुभयो । प्रत्युत्तरमा मैले 'हजुरको सुझाव राम्रो छ, म चिफसाबसँग कुरा गरूँला, तपाईंले पनि चिफसाबलाई सल्लाह दिँदा राम्रो होला' भनेँ ।

उपरथी रूक्माङ्गद कटवाल आज मलाई भेट्न घरमा आउनुभएको थियो । उहाँले हालै बेलायत राजदूतावासमा कार्यरत सैनिक सहचारी कर्णेल सदरल्यान्डलाई भेट्नुभएको रहेछ । त्यस क्रममा सदरल्यान्डले भनेका यी कुरा उहाँले मलाई सुनाउनुभयो, 'सरकारको असोज १८ गतेको कदमपछि सकारात्मक वातावरण बनेको थियो । तर त्यसपछिको कार्यक्रम स्पष्ट हुन सकेन । एक्सन प्लान विथ टाइमिङ नभएकाले राजनीतिक दलले आन्दोलन चलाइरहेका छन् । विगत एक वर्षमा खासै कुनै उपलब्धि हुन नसकेकाले अब राजनीतिक पार्टीलाई साथ लिन जरूरी छ । माओवादीसँगको वार्तालाई निरन्तरता दिन पूर्वमन्त्री नारायणसिंह पुनलाई वार्ताटोलीमा समावेश गर्न सक्नुपर्दथ्यो । अहिले पुनले आफूलाई मिल्काइएको महसुस गर्नुभएको छ । राजसंस्थाले आफूलाई एक्लो बनाउनु हुँदैन । अहिलेको अवस्थामा लिबरल डेमोक्रेसीमा जानु नै उचित हुन्छ ।'

प्रत्युत्तरमा सदरल्यान्डलाई आफूले दिएको जवाफ सुनाउँदै कटवालले भन्नुभयो, 'माओवादी आतङ्ककारी नै हुन् । उनीहरूले लिएका हतियार गैरकानुनी (अनलफुल) हुन् । त्यसैले सेनाले गर्ने कारबाही कानुनसम्मत छ । आतङ्ककारी माओवादीलाई सहयोग गर्नेहरू, चाहे राजनीतिक दल हुन् वा कूटनीतिज्ञ, ती पनि आतङ्ककारी नै हुन् । सेनाले गरेको कारबाहीमा मानव अधिकार हनन भयो भनेर ज्यादै बढाइ-चढाइ गर्ने गरिएको छ । सेनाले त आफ्नो कर्तव्य पूरा गरेको मात्र हो । बेलायती संस्था डिफिडका नेपाल प्रमुख डेभिड उड वामपन्थी विचारधाराको जस्तो देखिनुहुन्छ । उहाँ डिफिकल्ट पर्सन टु वर्क विथ र सबै कुरामा स्टमब्लिङ ब्लक जस्तो देखिनुहुन्छ । नेपाल भ्रमणमा रहेका बेलायती विशेष दूत सर जेफ्री जेम्स बेलायत फर्कंदा डेभिडले उहाँलाई समेत भेट्नुभएनछ ।'

सैनिक सहचारी कर्णेल सदरल्यान्डका अनुसार, बेलायती राजदूत केइथ ब्लुमफिल्ड बेलायत सरकारका विशेष दूतका रूपमा सर जेफ्री जेम्स नियुक्त हुनुभएको विषयलाई लिएर निराश हुनुहुन्छ । 'काठमाडौंमा राजदूत हुँदाहुँदै विशेष दूतले के काम गर्ने ?' भन्ने उहाँको तर्क छ । विशेष दूतलाई महाराजाधिराजबाट दर्शनभेट नबक्सेकोमा राजदूत खुसी हुनुहुन्छ । उपरथी कटवालका अनुसार, सदरल्यान्डले दोरम्बा घटनाका सम्बन्धमा सेनाले सुरुमा आफूले लिएको अडानमा नै अडिग रहनुपर्छ भनेर सुझाव दिनुभएको छ । उहाँले बेलायत सरकारबाट नेपाललाई प्राप्त हुने गरेको आर्थिक तथा सैनिक सहयोग जारी रहने अवगत गराउनुभएको छ । त्यस्तै उहाँले 'डिफिडका प्रमुख डेभिड उड नेपालका वामपन्थी खास गरी प्याकुरेल ब्रदर्स, श्याम श्रेष्ठ, मल्ल के सुन्दर, अर्जुन कार्की जस्ता व्यक्ति र दीक्षितहरूबाट घेरिएकाले हामीलाई समेत नेपाललाई सहयोग पुऱ्याउन समस्या पर्ने गरेको छ' भन्नुभएको छ ।

माओवादीहरू महेन्द्र राजमार्गको कपिलवस्तु र दाङ जिल्लामा पर्ने उत्तर चुरे क्षेत्रका विभिन्न स्थानमा केन्द्रित भएको बुझिएको छ । दोरम्बाको बदला लिने अठोटका साथ उनीहरू त्यहाँ केन्द्रित भएका हुन् भन्ने खबर छ । दसैं, तिहार जस्ता महापर्वका अवसरमा एकतर्फी युद्धविराम गर्न सबै क्षेत्रबाट दबाव सिर्जना भए पनि माओवादीले युद्धविराम नगर्ने निधो गरेको छ । यसबाट माओवादी कमजोर भएको भन्ने विश्लेषण गर्न सकिन्छ ।

प्रहरी प्रधान कार्यालयले प्रहरी अधिकृतहरूको सरुवा सम्बन्धी प्रस्ताव गृह मन्त्रालयमा पेस गरेको छ । यसै क्रममा प्रधानमन्त्रीले काठमाडौं जिल्लाको प्रहरी प्रमुखमा उपरीक्षक दीपक रञ्जितलाई राख्न दबाव दिनुभएको छ । तर प्रहरी प्रधान कार्यालय प्रधानमन्त्रीको उक्त दबाव स्वीकार गर्ने पक्षमा छैन । आईजीपीले मलाई भने अनुसार रञ्जित काठमाडौंमा आउने हो भने अपराध घट्नुको सट्टा बढेर जानेछ ।

अमेरिकी राजदूतावासमा कार्यरत तत्कालीन सहायक सैनिक सहचारी मेजर पिटर फ्लावरलाई शाही नेपाली सेनालाई पुऱ्याएको सहयोगको कदरस्वरूप महाराजाधिराजको शुभजन्मोत्सवको अवसरमा विभूषण प्रदान गरिएको थियो । हाल अमेरिकामा रहेकाले उहाँ सुशोभन समारोहमा उपस्थित हुन सक्नुभएन । त्यसैले उहाँका लागि उक्त विभूषण ग्रहण गर्न अमेरिकी राजदूत माइकल ई. मालिनोस्की आफैं उपस्थित हुन खोज्नुभएको छ । तर मर्यादाक्रम अनुसार राजदूतलाई त्यो विभूषण प्रदान गर्न असजिलो देखियो । त्यसैले विभूषण गृह मन्त्रालय मार्फत अमेरिकी राजदूतावासमा पुऱ्याउने निधो भयो ।

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला आज विराटनगर जाने क्रममा त्रिभुवन विमानस्थलमा रहेका बेला राष्ट्रिय सभाका सांसद तिलक न्यौपानेले उहाँलाई 'गिरिजाबाबु, मैले कालीकोटमा प्रशासन, सेना र प्रहरी मिलेर १०–१२ लाख भ्रष्टाचार गरेको तथ्य फेला पारेको छु' भन्नुभयो । त्यसको जवाफमा गिरिजाले 'हुन सक्छ, मैले पनि राजस्व गस्तीमा खटिएको सेनाले तराईका जिल्लामा तस्करसँग मिलेर धेरै रकम असुलिरहेको सूचना पाइरहेको छु' भन्नुभयो । यसबाट नेपालका नेताहरू कति गैरजिम्मेवार छन् भन्ने देखिन्छ ।

सेनाका डीएमआई सहायक रथी दिलीप रायमाझीले मलाई फोन गरेर भन्नुभयो, 'एमालेका केही नेता तथा कार्यकर्ताले म डीएमओमा कार्यरत हुँदादेखि नै माओवादी सम्बन्धी गोप्य सुराक दिइरहेका छन् । उनीहरू यो नेटवर्क देशव्यापी बनाउन इच्छुक छन् । केही नेताले जर्साबसँग भेट्ने चाहना पनि राखेका छन् ।' दिलीप जर्साबको कुरा सुनेपछि मैले पनि 'आवश्यक पऱ्यो भने म उनीहरूलाई भेट्छु' भनें । जर्साबसँग ईश्वर पोखरेल र भीम रावल लगायतका एमाले नेताहरू निकट रहेको मैले सङ्केत पाएँ । त्यस्तै दिलीप जर्साबले एमाले नेता केपी शर्मा ओलीलाई उपप्रधानमन्त्री बनाएर मन्त्रिपरिषद्मा सामेल गराउँदा राम्रो हुने सुझाव समेत दिनुभयो । यसले एकातिर वर्तमान सरकार बलियो हुन्छ भने अर्कातिर एमालेभित्र विवाद बढेर पुनः फुटको स्थिति आउन सक्छ ।

गत असोज ७ गते सुर्खेत जिल्लामा ड्युटीमा रहेका बेला सशस्त्रका हवल्दार दानसिंह विष्ट र सहायक हवल्दार दीपेन्द्र बस्नेत हतियार सहित भागेका थिए । खोजीका क्रममा हवल्दार विष्ट छिन्चुमा भेटिँदा आत्मसमर्पण गर्न नमानेकाले कारबाही हुँदा गोली लागी उनको मृत्यु भएको छ । विष्टसँग रहेको एसएलआर राइफल र २५० राउन्ड गोली बरामद गरिएको छ । सहायक हवल्दार भने अहिलेसम्म पनि फेला नपरेकाले खोजी जारी छ ।

मन्त्रिपरिषद्ले स्थानीय निकायमा गरेको राजनीतिक नियुक्तिबारे टिप्पणी गर्दै काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले 'मैले प्रधानमन्त्रीलाई गर्न सकिनेजति स्थानमा निर्वाचन गर, नसकेको स्थानमा सर्वदलीय समिति बनाऊ भनें, तर प्रधानमन्त्रीले यस्तो पो गरे' भन्नुभएको छ ।

यसैबीच, एमाले महासचिव माधवकुमार नेपालले आफ्नो पार्टीका कसैलाई पनि स्थानीय निकायमा नियुक्त हुन नदिने भन्नुभएको छ । साथै, नियुक्त भएका पदाधिकारीलाई पनि आफ्नो पद त्याग्न निर्देशन दिनुभएको छ । स्थानीय निकायको नयाँ नियुक्तिपछि एमाले लगायतका राजनीतिक पार्टीले सरकार पेलेर अगाडि बढ्ने मनस्थितिमा पुगेको विश्लेषण निकालेका छन् । सरकारले अध्यादेश जारी गरेको अवस्थामा स्थानीय निकायमा मनोनीत गर्न नमिल्ने भन्ने वरिष्ठ अधिवक्ता गणेशराज शर्मा र नेपाल बार एसोसिएसनका अध्यक्ष शम्भु थापाको प्रतिक्रिया छ । उहाँहरूले नियुक्तिका विरूद्ध सर्वोच्चमा रिट हाल्ने सोचाइ बनाएको बुझिएको छ । महान्यायाधिवक्ताले स्थानीय निकायमा नियुक्त भएका पदाधिकारीलाई जिल्ला न्यायाधीशहरूबाटै शपथ ग्रहण गराउनू भनेर सल्लाह दिनुभएको छ । कानुनी रूपबाट पर्न सक्ने जटिलताबारे मन्त्रिपरिषद्ले बेलैमा सचेत हुन उपयुक्त हुन्छ ।

राजनीतिक गतिरोधकै बीच राजनीतिक वृत्तमा सरकारबाट दसैंपछि प्रधानमन्त्रीमा पूर्व प्रधान न्यायाधीश केशवप्रसाद उपाध्याय र उपप्रधानमन्त्रीमा विश्वबन्धु थापा नियुक्त गर्न लागिबक्सेको चर्चा छ । यसैबीच सभामुख तारानाथ रानाभाटले सभामुखबाट राजीनामा गरी मनोनीत प्रधानमन्त्री बन्न अस्वीकार गर्नुभएको छ ।

प्रधान सेनापति प्यारजङ्ग थापाले 'भारतीय स्थलसेनाध्यक्षले मलाई पुनः फोन गरेर एक रातका लागि मात्र भए पनि वर्किङ भिजिटमा नयाँ दिल्ली आउन आग्रह गर्नुभएको छ, त्यस्तै पाकिस्तानका स्थलसेनाध्यक्षले पनि आगामी नोभेम्बरमा पाकिस्तान भ्रमणको औपचारिक निमन्त्रणा पठाउनुभएको छ' भनेर आज मलाई जानकारी गराउनुभयो । साथै उहाँले 'बडादसैंको अवसरमा पीएसओज जर्साबलाई विभिन्न युनिटमा निरीक्षण भ्रमणमा पठाउन लागेको छु, मैले द्वादशीका दिन ९ नम्बर वाहिनीको भ्रमण गर्ने योजना बनाएको छु' भनेर जाहेरीका लागि अनुरोध गर्नुभयो ।

## २०६० असोज १७ गते शनिबार

नेपालका लागि नयाँ चिनियाँ राजदूत सुन हेपिङ हिजो मेरो घरमा डिनरका लागि आउनुभयो । सुरुमा उहाँले आफ्ना भावना सुनाउँदै भन्नुभयो, 'म काठमाडौं आएको केही दिन मात्र भयो । यहाँको हावापानी ज्यादै राम्रो लाग्यो । नेपाली जनता ज्यादै मैत्रीपूर्ण पाएँ । त्यसैले यहाँ आउँदा मलाई खुसी लागेको छ । चीन-नेपाल दुई देशबीच रहेको अत्यन्तै सुमधुर सम्बन्धलाई अझ प्रगाढ बनाउन मेरो प्रयास रहनेछ । ओहदाको प्रमाणपत्र बुझाएपछि महाराजाधिराजसँग भएको दर्शनभेटबाट म अत्यन्तै प्रभावित भएँ । अब पनि आवश्यकता अनुसार महाराजाधिराजको दर्शनभेट गरिरहन्छु ।' त्यसपछि उहाँले बताउनुभयो, 'यस वर्ष चीनबाट दुई वटा उच्चस्तरीय भ्रमण दल काठमाडौं आउँदै छन् उपविदेशमन्त्रीको नेपाल भ्रमण अक्टुबर १६ देखि १८ सम्म हुने तय भएको छ । त्यस्तै, डिसेम्बरमा हुने नेसनल पिपुल्स कङ्ग्रेसका अध्यक्षको भ्रमणको तयारीका लागि एडभान्स पार्टी यो महिनाको अन्तिमतिर काठमाडौं आउँदै छ । दुवै प्रतिनिधिमण्डलले महाराजाधिराजको दर्शनभेटका लागि औपचारिक आग्रह गर्नेछन् । उपविदेशमन्त्रीले महाराजाधिराजको दर्शनभेटमा मौसुफबाट विगतमा उठाइबक्सेको नेपालको उत्तरी क्षेत्रको आर्थिक विकास सम्बन्धी प्रस्तावबारे छलफल गर्नुहुनेछ । समय र मौसम अनुकूल भए उहाँले मुस्ताङको छोटो भ्रमण गर्ने विचार पनि गर्नुभएको छ ।' साथै उहाँको भनाइ थियो, 'यसअघिका राजदूतले आफ्नो निवासका लागि बन्दोबस्त गरेको कमलादीस्थित शारदा सदन मेरा लागि ज्यादै ठूलो हुन्छ । यसको मर्मतमा धेरै खर्च भइसकेको रहेछ । अझ धेरै रकम खर्च लाग्ने देखिन्छ । यसबारे के गर्ने, मैले केही सोचाइ बनाउन सकेको छैन ।'

मैले पनि उहाँलाई 'तपाईंले उठाएका विषय म सरकारमा जाहेर गर्छु, नेपालमा तपाईंको कार्यकाल तथा बसाइ सुखद हुनेछ भन्ने विश्वास गरेको छु' भनें । राजदूत हेपिङ र उहाँकी श्रीमती राम्रो अङ्ग्रेजी बोल्नुहुँदो रहेछ ।

नेपालले राष्ट्रसङ्घलाई शान्तिसेनाका लागि नियमित रूपमा तीन हजार सैनिक उपलब्ध गराउन सक्ने वचन दिएको छ । यस क्रममा शान्ति स्थापनाका लागि विभिन्न देशमा जाने सेनाका डफ्फालाई हातहतियार तथा बन्दोबस्तीको सामानका हिसाबले आत्मनिर्भर बनाएर सहभागी गराउनुपर्ने अनुरोध आउने गरेको छ । तदनुसार निकट भविष्यमै अफ्रिकाका केही मुलुकमा जान लागेका डफ्फालाई आवश्यक पर्ने आर्म्ड पर्सनल

क्यारियर (एपीसी) का सम्बन्धमा विभिन्न मुलुक तथा कम्पनीसँग कुरा भइरहेको छ । यसै सिलसिलामा सम्पर्क-व्यक्ति मार्फत संयुक्त अरब इमिरेट्स (युएई) मा कुरा गर्दा त्यहाँबाट बेलायतमा उत्पादित पुराना एपीसी सस्तो मूल्यमा उपलब्ध हुन सक्ने प्रस्ताव आएको छ । सेनाबाट टोली पठाई निरीक्षण गर्दा ती एपीसी राम्रोसँग 'ओभर हल' गराई ल्याउन सके क्षमता र मूल्यका हिसाबमा उपयुक्त हुने देखियो । त्यहाँ ४० वटा पुराना एपीसी रहेछन्, जसमध्ये आधाजति राम्रो हालतमा रहेको पाइयो । उक्त एपीसीहरूको कुल मूल्य पाँच मिलियन डलर बताइएको छ, जसमा उक्त मूल्यमा एपीसीको 'ओभरहल' गर्ने, तालिम दिने, मौजुदा अतिरिक्त पार्टपुर्जा र एम्युनिसन समेत समावेश गरिएको छ । यसले गर्दा प्रत्येक एपीसीको युनिट मूल्य करिब ७८ हजार डलर पर्ने देखिन्छ, जुन नयाँ एपीसी खरिद गर्दाको मूल्यभन्दा निकै नै कम हुन आउँछ । एपीसी खरिद प्रक्रिया अगाडि बढाउँदा रक्षाले परराष्ट्र मन्त्रालय मार्फत युएई सरकारलाई औपचारिक अनुरोध गर्नुपर्ने हुन्छ । मैले प्रधान सेनापतिलाई भारतीय स्थलसेनाध्यक्षसँग कुरा हुँदा यसबारे समेत सल्लाह गर्न सुझाव दिएँ । किनभने, कुनै पनि हातहतियार नेपालले खरिद गर्दा भारतले चासो लिने र संवेदनशीलता देखाउने गरेको छ ।

### २०६० असोज २३ गते शुक्रबार

बेलायती सेनाध्यक्ष सर माइकल ज्याक्सन कात्तिक तेस्रो साता नेपाल भ्रमणमा आउँदै हुनुहुन्छ । बेलायती राजदूतावासबाट उक्त भ्रमणका अवसरमा सरकारको दर्शनभेटका लागि अनुरोध आएको छ ।

सेनाको आयोजनामा त्रिभुवन सैनिक अधिकृत क्लबमा असोज २७ र २८ मा देशको वर्तमान सुरक्षा अवस्था र सुरक्षा निकायले निर्वाह गरिरहेको भूमिकाबारे बृहत् छलफल हुने भएको छ । छलफलमा प्रधानमन्त्री, मन्त्रीहरू, मुख्य सचिव, गृह र रक्षा सचिव, सुरक्षा अङ्गका प्रमुखहरू, क्षेत्रीय प्रशासकहरू, सैनिक पृतनापतिहरूका साथै सबै सुरक्षा निकायका क्षेत्रीय प्रमुखहरूको सहभागिता हुनेछ ।

एमाले नेता वामदेव गौतमले आज मलाई भेटेर विभिन्न विषयमा कुरा गर्नुभयो । उहाँले भन्नुभयो, 'नेपालको विकासका लागि कृषिमा जोड दिनुपर्छ । विभिन्न नदीहरूमा राम्रोसँग तटबन्ध बाँधेर प्रवाह नियन्त्रण गरे धेरै जग्गा उपलब्ध हुन सक्छ । यसबाट देशको खाद्यान्न सम्बन्धी समस्या समाधान गर्न सकिन्छ । ५० जनाजति व्यक्ति छानेर देश निर्माणको काम गर्न पाए १० वर्षमा मुलुकको मुहार बदल्न सकिन्छ । प्रतिकूलतामा अनुकूलता खोज्न सक्नुपर्छ । संविधानसभा गर्दा शान्ति हुन्छ भने किन नगर्ने ? संविधानसभामा जाँदा राजसंस्थाबारे पूर्वसर्त राख्नुपर्छ । माओवादी समस्या सैनिक समाधानले मात्र सम्भव छैन । युद्धलाई देशको आर्थिक अवस्थाले थेग्न सक्दैन । सूर्यबहादुर थापाको सरकारमा पार्टीहरू कुनै पनि हालतमा सामेल हुँदैनन् । यो मन्त्रिपरिषद्ले गराएको चुनावमा दलहरू सहभागी नहुन सक्छन् । महाराजाधिराजले कि लिनुपर्‍यो कि त दिनुपर्‍यो । हामीहरू एमालेलाई फुटाएर गैरकम्युनिस्ट पार्टी खोल्न

तयार भएका बेला लोकेन्द्रबहादुर चन्दलाई राजीनामा गर्न लगाइयो । यो कदम सही भएन । अझै पनि पार्टी फुटाएर केपी शर्मा ओलीलाई सरकारमा ल्याउन सके, अवश्य पनि विकल्प निस्कन सक्छ ।'

गौतमका कुरा सुनेपछि मैले 'तपाईंहरू जस्ता नेताहरू यसै मन्त्रिपरिषद्मा सहभागी हुनुपर्‍यो, संविधानसभाको प्रसङ्ग बन्द गर्न पहल गर्नुपर्छ, आफ्ना कुराहरू तपाईंले आफैं सरकारमा जाहेर गर्दा राम्रो हुन्छ, म दर्शनभेटका लागि सरकारमा बिन्ती चढाउँछु' भनें ।

वरिष्ठ कलाकार नीर शाहले आज मलाई हात्तीसारस्थित अक्स्यन चिनियाँ रेस्टुराँमा डिनरका लागि निम्ता गर्नुभएको थियो । सो अवसरमा उहाँले भन्नुभयो, 'श्री ५ को सरकारले काठमाडौंमा तिब्बतियन वेलफेयर अफिस खोल्न दिनुपर्छ । यसबाट हामी जस्ता व्यक्तिलाई कार्यक्रम सञ्चालन गर्न सजिलो हुन्छ । पूर्वी तिब्बतको गाम भन्ने स्थानका पहिलेका राजाका सन्तान (राजकुमारी) हाल धेरैजसो सिङ्गापुरमा बस्नुहुन्छ । उहाँ बेलाबेलामा नेपाल आउनुहुन्छ । उहाँलाई सरकारबाट दर्शनभेट बक्सँदा राम्रो हुन्थ्यो । उहाँ फ्री तिब्बतवादी होइन, प्रो तिब्बतवादी हो । उहाँकी आमा चीनको सेचुआँ प्रान्तको राजधानी छेन्दुमा बस्नुहुन्छ । उहाँ चाइनिज पिपुल्स कङ्ग्रेसको मनोनीत सदस्य समेत हुनुहुन्छ ।' यसै क्रममा उहाँले 'तराईमा गैरकानुनी रूपले धेरै भारतीयले नेपाली नागरिकता लिइरहेका छन् भने नेपालमा धेरै वर्षदेखि बसोबास गरेका तिब्बतीलाई पनि नेपाली नागरिकता दिँदा के समस्या पर्ला र ?' भन्ने सुझाव समेत दिनुभयो । अन्त्यमा शाहले भन्नुभयो, 'काङ्ग्रेस र एमालेका केही वरिष्ठ नेताहरू मेरो सम्पर्कमा छन् । सरकारबाट चालिबक्सेको कदमप्रति समर्थन जुटाउन उहाँहरूलाई प्रयोग गर्न सकिन्छ । आवश्यक पर्‍यो भने म सहयोग गर्छु ।'

मैले उहाँलाई 'तपाईं सरकारको नाता र चिनजानको व्यक्ति, दर्शनभेटका क्रममा यी विषय सरकारमा आफैंले जाहेर गर्दा राम्रो हुँदैन र ?' भनी सुझाव दिएँ ।

## २०६० असोज २६ गते सोमवार

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले आज बिहान छोरी सुजाताको मण्डिखाटारस्थित निवासमा भारतीय दूतावासमा मिनिस्टरका रूपमा कार्यरत रअका टोली प्रमुख मदन प्यासीलाई भेट्नुभयो । भेटघाट अति गोप्य भएकाले के कुरा भयो भन्नेबारे केही थाहा हुन सकेन । त्यसपछि दिउँसो कोइरालाले प्रधानमन्त्रीलाई सोही स्थानमा भेट्नुभयो ।

## २०६० असोज २७ गते मङ्गलबार

प्रधानमन्त्री सूर्यबहादुर थापा र भारतीय राजदूत श्यामशरणबीच आज बिहानै प्रधानमन्त्री निवासमा भेटवार्ता भएको छ ।

काङ्ग्रेसका सहमहामन्त्री गोविन्दराज जोशी, पूर्वसचिव पदमप्रसाद पोखरेल र

पूर्वरक्षासचिव चक्रबन्धु अर्याललाई अख्तियारले हिजो बिहान भ्रष्टाचारको अभियोगमा पक्राउ गरेको छ । यसै सन्दर्भलाई लिएर आज काङ्ग्रेस केन्द्रीय कार्यसमितिका केही नेताको अनौपचारिक बैठक केन्द्रीय कार्यालय, टेकुमा बसेको छ । बैठकले अदालतमा विचाराधीन मुद्दामा अख्तियारले जोशीलाई गरेको कारबाहीको विरोध गर्दै प्रेस विज्ञप्ति प्रकाशित गर्ने र पार्टीका जिल्ला सभापतिहरू, तरुण दल, नेवि सङ्घ समेतले विरोध जनाउने निर्णय गरेको छ ।

एमाले केन्द्रीय कार्यालय, बल्खुमा आज स्थायी समितिको बैठक बस्यो । त्यसपछि आन्दोलनकारी दलहरूको कार्यसमितिको बैठक समेत बस्यो ।

निकै लामो समयदेखि म मार्फत विभिन्न राजनीतिक तथा गैरराजनीतिक व्यक्तिले सरकारको दर्शनभेट खोज्नुभएको छ । यस्ता व्यक्तिहरूमा मुख्य गरी एमाले नेता वामदेव गौतम र राधाकृष्ण मैनाली, कलाकार नीर शाह, इन्जिनियर रञ्जनसिंह शाह, पूर्वमन्त्रीहरू नारायणसिंह पुन र भीमप्रसाद गौचन, पूर्व प्रधान सेनापति गडुलशमशेर जबरा, पूर्व प्रहरी महानिरीक्षकहरू ध्रुवबहादुर प्रधान, मोतीलाल बोहरा र हेमबहादुर सिंह हुनुहुन्छ । यो कुरा आज मैले सरकारमा जाहेर गरें ।

वर्तमान सुरक्षा अवस्था र सुरक्षा निकायले निर्वाह गरिरहेको भूमिकाका सम्बन्धमा बृहत् छलफल गर्न आयोजित दुईदिने पूर्वनिर्धारित कार्यक्रम सैनिक अधिकृत क्लबमा आज सुरु भयो । प्रधानमन्त्रीले कार्यक्रमको शुभारम्भ गर्नुभयो । सहभागी सबै क्षेत्रीय प्रशासक तथा सुरक्षा निकायका क्षेत्रीय प्रमुखले आ–आफ्नो क्षेत्रको सुरक्षा अवस्थाबारे ब्रिफिङ गर्नुभयो । समस्तमा सुरक्षा निकायले आफ्नो जिम्मेवारी सफलतापूर्वक निर्वाह गरिरहेको देखियो । सेनाले युनिफाइड कमान्डको अवधारणाबारे तयार पारेको कार्यपत्रमा व्यापक छलफल भयो । राजनीतिक दल, सञ्चार जगत् र मानव अधिकारवादी तथा बुद्धिजीवीबाट राज्यको काममा सहयोग नपाइएको गुनासो आयो । साथै श्री ५ को सरकारबाट समेत अपेक्षा गरिए अनुसारको आर्थिक तथा भौतिक सहयोग प्राप्त हुन नसकेकोबारे व्यापक चर्चा भयो ।

छलफलको अन्त्यमा प्रधानमन्त्रीले आफ्ना धारणासहित निर्देशन दिंदै भन्नुभयो, 'राजनीतिक रूपबाट सरकार द्वैध मानसिकतामा छैन । वार्ता भङ्ग भएकाले श्री ५ को सरकार शान्ति स्थापनाका लागि जस्तोसुकै कदम उठाउन तयार छ । शान्तिवार्तापछि भएका सेनाका अपरेसन सराहनीय छन् । कुसुम र भालुवाङको अपरेसन निकै राम्रो भयो । युनिफाइड कमान्डको अवधारणा अनुसार नै सुरक्षा निकाय अगाडि बढ्नुपर्छ । केन्द्रमा भएको जस्तै सुरक्षा समन्वय समिति क्षेत्र र जिल्ला स्तरमा पनि हुनुपर्‍यो । काठमाडौंमा माओवादीको क्रियाकलाप नियन्त्रण गर्न सुरक्षा निकाय सफल भएको देखिन्छ । राजनीतिक पार्टीको जारी आन्दोलन पनि नियन्त्रणमै छ । सुरक्षा निकायले महेन्द्र राजमार्ग र अन्य राजमार्गका साथै मुख्य नाकालाई कुनै पनि हालतमा सुरक्षा गर्नुपर्ने हुन्छ । यसका लागि के आवश्यक छ, श्री ५ को सरकारले उपलब्ध गराउनेछ । सुरक्षा निकायका आवश्यकता श्री ५ को सरकारले पूरा गर्छ नै ।'

महाराजाधिराजबाट आज ब्रिगेड अफ गोर्खाजका कर्णेल कमान्डेन्ट लेफ्टिनेन्ट जनरल ट्राउज डेललाई राजदरबारमा दर्शनभेट बक्स्यो । उक्त अवसरमा बेलायती राजदूत केइथ ब्लुमफिल्डको पनि उपस्थिति थियो । जनरल ट्राउज डेलले ब्रिगेड अफ गोर्खाजको वार्षिक प्रतिवेदन सरकारमा चढाउनुभयो । सरकारबाट उहाँलाई ब्रिगेड अफ गोर्खाजको कर्णेल कमान्डेन्टमा नियुक्त भएकोमा बधाई बक्स्यो । साथै उहाँको कार्यकालमा नेपाली तथा बेलायती सेनाबीचको सम्बन्ध अझ सुदृढ हुने विश्वास व्यक्त गरिबक्स्यो । यसै सिलसिलामा मौसुफबाट 'भूतपूर्व ब्रिटिस गोर्खा सैनिक सङ्गठन (गेसो) ले आफ्नो मागका सम्बन्धमा श्री ५ को सरकारले हस्तक्षेपकारी नीति लिई सहयोग गरोस् भनी माग गरेको छ, आवश्यक परे योसँग सम्बन्धित विषयमा तपाईंले सेनाको सहयोग लिनुहोला' भनेर हुकुम बक्स्यो । साथै सरकारबाट 'नेपाली सेनाका लागि छोटो समयका व्यक्तिगत तालिम उपलब्ध गराउनुको सट्टा सैनिक शिक्षालयलाई सहयोग गरे सेनालाई दीर्घकालीन रूपमा फाइदा पुग्ने' सुझाव बक्स्यो । मौसुफबाट 'ब्रिटिस सेनाबाट सञ्चालन हुने कल्याणकारी योजना (वेलफेयर प्रोजेक्ट) हरू श्री ५ को सरकारले सञ्चालन गरिरहेका आन्तरिक सुरक्षा तथा विकास कार्यक्रम (आईएसडीपी) अन्तर्गत समावेश गर्दा राम्रो हुने' सुझाव समेत बक्स्यो ।

सरकारका धारणा सुनेर जनरल ट्राउज डेलले भन्नुभयो, 'नेपालमा सञ्चालन भइरहेका कल्याणकारी कार्यक्रमलाई बेलायती सेनाले निकै महत्त्व दिन्छ । यस्ता केही कार्यक्रम अवलोकन गर्ने मेरो पनि योजना छ । स्थानविशेषमा सम्भव भए आईएसडीपी कार्यक्रमसँग समन्वय गर्न सकिन्छ । गेसोले उठाएका समस्याका सम्बन्धमा छिट्टै न्यायिक समाधान हुने आशा राखिएको छ । गेसोका पदाधिकारीले भूतपूर्व गोर्खासँग अनावश्यक रकम मागेर दुःख दिने गरेका गुनासा पनि आउने गरेका छन् । नर्दर्न आयरल्यान्डमा हाल १४ हजार ब्रिटिस सैनिक कार्यरत छन् । जनविद्रोह दमन गर्न सञ्चालन गरिने अपरेसनमा काम गर्न सेनालाई निकै कठिन हुन्छ । उपयुक्त स्रोतबाट प्राप्त हुने विभिन्न सूचनालाई नै इन्टेलिजेन्सको आधार बनाई सैनिक कारबाहीका लागि उपयोग गर्दा राम्रो हुन्छ । सरकारबाट हुकुम बक्से बमोजिम सेनाको संस्थागत र संरचनागत विकासमा अवश्य पनि बेलायती सेनाको सहयोग रहनेछ । शाही नेपाली सेनाको गुप्तचर विभागलाई समेत प्रभावकारी बनाउन आवश्यक सहयोग गर्न बेलायती सेना तयार छ । सेनाले सञ्चालन गर्ने अपरेसनमा विभिन्न स्थानमा कार्यरत गैरसरकारी निकायको समेत सहयोग लिँदा प्रभावकारी हुनेछ ।' साथै उहाँले कुनै पनि विद्रोहको समाधान हतियार मात्र होइन भन्दै यस्ता सामाजिक–आर्थिक कारणले हुने विद्रोहमा सेनाले अपरेसन गर्दा जनताको 'हार्ट एन्ड माइन्ड' जित्ने कुरामा ख्याल राख्नुपर्ने समेत सल्लाह दिनुभयो ।

उक्त अवसरमा सरकारबाट ब्रिटिस राजदूत ब्लुमफिल्डलाई ब्रिटिस गोर्खा ट्रुप्सले माओवादीप्रति कस्तो धारणा राख्छन् भनी सोधिबक्स्यो । प्रत्युत्तरमा राजदूतले 'ब्रिटिस सेनाले सञ्चालन गरेका कल्याणकारी कार्यक्रममा माओवादीले खासै अवरोध पुऱ्याएका छैनन्, यस्ता कार्यक्रमबाट माओवादीलाई पनि फाइदा पुगिरहेको छ, माओवादीले

राजसंस्थासँग बलियो सम्बन्ध रहेका संस्थालाई कमजोर बनाउने र फाटो ल्याउने प्रयत्न गरेको देखिन्छ, त्यसैले यस सम्बन्धमा नेपाली सेना चनाखो हुनुपर्ने देख्दछु' भनेर सुझाव दिनुभयो ।

## २०६० असोज २८ गते बुधबार

भारतबाट प्राप्त लान्सर हेलिकप्टरको 'डेमोन्स्ट्रेसन फ्लाइट' आज बिहान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सफलतापूर्वक सम्पन्न भयो ।

राजपरिषद् स्थायी समिति सदस्य तथा पूर्व प्रधान सेनापति सच्चितशमशेर जबराले मलाई फोन गरेर धनगढीमा आयोजना गरिएको राजपरिषद्को कार्यक्रममा सहभागी हुन जान लागेको जानकारी गराउनुभयो । साथै, आफ्ना लागि कात्तिक २ गते नेपालगन्जबाट धनगढी र ५ गते धनगढीबाट नेपालगन्ज आउने हेलिकप्टरको व्यवस्था गरिदिन अनुरोध गर्नुभयो । मैले उहाँलाई 'सेनासँग सीमित हेलिकप्टर भएकाले हाल माओवादीका विरुद्ध सैनिक कारबाहीकै लागि अपुग भइरहेको हजुरलाई अवगत नै छ, तैपनि हजुरले प्रधान सेनापतिसँगै समन्वय गरेर त्यति बेला उक्त क्षेत्रमा हुने हेलिकप्टर प्रयोग गर्दा ठीक होला' भनी आग्रह गरेँ ।

हिजोदेखि चलेको सुरक्षा निकायको बृहत् समन्वयात्मक छलफल कार्यक्रम आज दिउँसो सम्पन्न हुँदै थियो । म कार्यक्रम स्थलमै थिएँ । त्यसै बेला महाराजाधिराजबाट मलाई फोन गरी भनिबक्स्यो, 'आज बेलुका डिनरको कार्यक्रम आयोजना गरेर सबैसँग सामूहिक रूपमा भेट्दा कस्तो होला ?' सरकारको जिज्ञासामा मैले 'म आईजीपीसँग कुरा गरेर सरकारमा जाहेर गर्छु' भनी बिन्ती चढाएँ । आईजीपी पनि कार्यक्रममै हुनुहुन्थ्यो । उहाँले सरकारको हुकुम सहर्ष स्वीकार गर्दै महेन्द्र पुलिस क्लबमा डिनर आयोजना गर्नुहुने भयो । मैले उक्त कुरा सरकारमा जाहेर गरेँ । सरकारबाट डिनरमा साँझ ८ बजे सवारी होइबक्सने समय बक्स्यो ।'

कार्यक्रमका क्रममा चिया खाने सिलसिलामा हामी एउटा सानो बैठकमा कुरा गरिरहेका थियौँ । प्रधानमन्त्री लगायत सबै सुरक्षा निकायका प्रमुखहरू चिया खाइरहनुभएको थियो । त्यही अवसरमा प्रहरी महानिरीक्षकले 'कार्यक्रम समापनको अवसरमा प्रहरीले महेन्द्र पुलिस क्लबमा आज बेलुका डिनर आयोजना गर्न लागेको छ' भन्नुभयो । प्रधानमन्त्रीले 'ठीक छ, मेरो अनुकूल परे म पनि सहभागी हुन्छु' भन्नुभयो । मैले उक्त अवसरमा प्रधानमन्त्रीलाई 'महाराजाधिराजलाई पनि बिन्ती गर्दा कसो होला, सरकार सवारी हुने सम्भावना छ' भनेर आफ्नो कुरा राखेँ । उहाँले तत्कालै प्रमुख सचिव पशुपतिभक्त महर्जनलाई फोन गर्नुभयो । प्रमुख सचिवले प्रधानमन्त्रीलाई 'सरकारमा जाहेर गरेर खबर गर्छु' भन्नुभएछ । त्यसपछि प्रधानमन्त्री 'सरकारको सवारी हुन्छ या हुँदैन, मलाई खबर गर्नू' भनेर बाहिरिनुभयो ।

म कार्यालयमा पुगेको मात्र थिएँ, सरकारको फोन आयो । 'डिनरको कार्यक्रमबारे मैले तिमीलाई भनेको कुरा तिमीले प्रधानमन्त्रीलाई किन भन्यौ ?' भनेर झोँक्किएर

सोधिबक्स्यो । मैले बिन्ती चढाएँ, 'सरकार, प्रहरी तथा अन्य स्रोतबाट प्रधानमन्त्रीलाई जानकारी भइहाल्छ । प्रहरी महानिरीक्षकले गृहमन्त्री र गृहसचिवलाई यो कुरा जानकारी दिनैपर्छ । त्यस क्रममा प्रधानमन्त्रीले थाहा नपाउने भन्ने प्रश्नै उठ्दैन । त्यसैले प्रधानमन्त्रीले नै सरकारमा जाहेर गर्दा राम्रो हुन्छ होला भनेर सरकार डिनरमा सवारी हुने सम्भावनाको मात्र कुरा गरेको हुँ ।'

सरकारबाट 'यु स्क्रुड अप' भनेर फोन राखिबक्स्यो ।

निर्धारित कार्यक्रम अनुसार बेलुका ७ बजे महेन्द्र पुलिस क्लबमा डिनरको कार्यक्रममा प्रधानमन्त्रीका साथै सम्मेलनमा सहभागी सबै सुरक्षा निकायका उच्च पदाधिकारीहरू उपस्थित थिए । ८ बजे महाराजाधिराज सवारी होइबक्स्यो । सबै सहभागीले आ-आफ्ना क्षेत्रका समस्या सरकारमा जाहेर गरे । उनीहरूले सम्बन्धित मन्त्री र मन्त्रालयबाट समेत आवश्यक सहयोग नपाएको गुनासो निकै प्रभावकारी रूपमा सरकारमा राखेका थिए ।

## २०६० कात्तिक ३ गते सोमबार

सेनाले युनिफर्म सिलाउन झापा पठाएको क्यामोफ्लाइज्ड कपडा हरायो । सेनाको पोसाकको कपडा हराउनु, त्यो पनि अहिलेको परिस्थितिमा ज्यादै नै संवेदनशील विषय हो । प्रहरीको सहयोगमा सेनाले  खोजतलास गर्ने क्रममा कपडा महाराजगन्जस्थित राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा रहेको खुलासा भयो । अनुसन्धान गर्दै जाँदा चोर्ने व्यक्तिले उक्त कपडा प्रहरी उपरीक्षक उपेन्द्रकान्त अर्याललाई दिएको र अर्यालले कपडा लुकाएर राखेको बुझियो । उहाँले उक्त कपडा सीतापाइलास्थित एक गार्मेन्टबाट ल्याएको बताउनुभएको छ । यो अत्यन्तै संवेदनशील विषय भएकाले विस्तृत छानबिनका लागि प्रहरी महानिरीक्षकसँग कुरा भयो ।

आन्दोलनरत दलले तिहारपछि 'सशक्त आन्दोलन' गर्ने भएका छन् । तर अब हुने आन्दोलन अनुशासित हुन नसक्ने उनीहरूको आकलन छ । काङ्ग्रेस नेता अर्जुननरसिंह केसीले आज मलाई खबर पठाई भन्नुभएको छ, 'गिरिजाबाबु अराजक भइसक्नुभयो । उहाँको पछि लागेर समस्या समाधान हुँदैन । म दरबारसँग सम्पर्कमा रहन खोजेको छु । यस विषयमा कुरा गर्न तपाईंसँग भेट्न खोजेको छु ।'

नगरपालिकाका मेयरहरूको सम्मेलन काठमाडौंमा चलिरहेको छ । सम्मेलनका सहभागीलाई सरकारबाट दर्शनभेट बक्से सकारात्मक सन्देश प्रवाह हुने भनेर अनुरोध आएको छ । माओवादीले मनोनीत मेयर तथा अन्य पदाधिकारीलाई धम्क्याउँदै 'तोकिएको चन्दा उपलब्ध गराउनुपर्ने र संविधानसभाको पक्षमा वकालत गर्नुपर्ने नत्र काम गर्न नदिने' भन्ने गरेको बुझिएको छ । साथै माओवादीले सरकारका उच्च पदाधिकारीका साथै केही राजनीतिक व्यक्तिको हत्या गर्ने गोप्य निर्णय गरेको सूचना माओवादी स्रोतबाट आएको छ ।

सरकारबाट तिहारपछि सबै सुरक्षा निकायका प्रमुख र सेनाका पीएसओज जर्साबहरूलाई प्राइभेट डिनरमा बोलाएर हालको परिस्थितिबारे अनौपचारिक छलफल गर्ने योजना बनेको छ ।

## २०६० कात्तिक ४ गते मङ्गलबार

राप्रपा नेता रवीन्द्रनाथ शर्मा अमेरिकाबाट फर्कंदा उहाँलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नै अख्तियारले पक्राउ गरी हिरासतमा राखेको छ ।

सुरक्षा निकायका केही अधिकारीले माओवादीका विरूद्ध जारी अपरेसनका योजना समेत गफको सुरमा सार्वजनिक छलफलको विषय बनाउने गरेको खबर आएको छ । यसलाई गम्भीर रूपमा लिन र त्यस्ता अधिकारीबारे सचेत हुन आवश्यक छ ।

ब्रिटिस गोर्खा सेनाका लागि सैनिक छनोट टोली बागलुङ पुगेको बेला माओवादीले उक्त टोलीका प्रमुख कर्णेल ग्रिफिथ सहित सबै सदस्यलाई अपहरण गरेका छन् । त्यसलगत्तै बेलायती राजदूतावासमा कार्यरत सैनिक सहचारीले 'आफ्ना कर्मचारी अपहरणमुक्त हुनुअगाडिसम्म कुनै पनि सुरक्षा कारबाही नगर्न' अनुरोध गर्नुभएको छ । वस्तुतः यो 'पोलिटिकल स्टन्ट' मात्र हो । माओवादीले उक्त टोलीलाई कुनै पनि नराम्रो व्यवहार नगरिने भनेर वक्तव्य जारी गरेको छ । यो अपहरण दुवै पक्षको सल्लाहमा भएको हुन सक्ने अनुमान गरिएको छ । किनभने बेलायतीहरूले केही वर्षअघिदेखि नै माओवादीसँग प्रत्यक्ष भेटी सम्पर्क कायम गर्न चाहेका थिए । साथै, अपहरित उक्त बेलायती सैनिक टोलीले माओवादीसँग सम्पर्क कायम गर्नका लागि यही मौकामा उनीहरूलाई स्याटलाइट टेलिफोन समेत उपलब्ध गराएको पनि खबर आएको छ ।

रूपन्देही जिल्लाको मर्चवारस्थित राप्रपा नेता सर्वेन्द्रनाथ शुक्ल र उहाँका भाइको घर हिजो राति माओवादीले जलाइदिए । आज माओवादीले प्रेस मार्फत मित्रराष्ट्रलाई आफ्नो पक्षमा लिन प्रयास गर्ने, राजनीतिक दलसँग सहकार्य गर्ने, जनतासँग हातेमालो गर्ने, राजसंस्था र श्री ५ को सरकारप्रति पुरानै रबैया अपनाउने र होसियार भएर आक्रमणका कारबाही गर्ने भन्ने कुरा सार्वजनिक गरेका छन् ।

केही दिनअगाडि बाँकेको कुसुम र दाङको भालुवाङस्थित सशस्त्रको बेसमा माओवादीले शक्तिशाली आक्रमण गरेको थियो । त्यस बेला सशस्त्रको प्रत्याक्रमणमा थुप्रै माओवादी छापामार हताहत भएको जानकारी आएको छ । माओवादीले आफ्ना छापामारको लास प्युठान, भालुवाङको सिमानामा पर्ने खोला र जङ्गलमा गाडेकाले त्यहाँ ज्यादै दुर्गन्ध आएको खबर छ । उक्त घटनाको बदला लिन माओवादीले लमही, भालुवाङ, कुसुम र चन्नौटा र कालीकोट सदरमुकाममा समेत आक्रमण गर्ने योजना बनाएको बुझिन आएको छ ।

काठमाडौंमा सुरक्षा निकायले गरेको 'कोभर्ट अपरेसन' बाट सफलता हासिल भइरहेको छ । महासेनानीहरू किरण बस्नेत र रमिन्द्र क्षेत्रीलाई गोली हान्ने माओवादी छापामार पक्राउ परेका छन् । माओवादीका उपत्यका इन्चार्ज हिमाल शर्मा पनि पक्राउ परेको जङ्गी अड्डाबाट खबर आएको छ ।

'युवराजाधिराजबाट हिजो राति केही होटल सवारी भइबक्सी अभद्र व्यवहार प्रदर्शन भएको विषय ज्यादै संवेदनशील हुन पुगेको छ, यस्ता क्रियाकलापले जनमानसमा सकारात्मक प्रभाव पर्दैन, अहिलेको संवेदनशील सुरक्षा अवस्थाका कारणले पनि यस्ता

गतिविधि हुनु ज्यादै गम्भीर कुरा हो, यसमा सरकारबाट विचार गरिबक्सनु सान्दर्भिक हुन्छ भनेर मैले बिन्ती गरेँ । मेरो बिन्तीपछि महाराजाधिराजबाट 'मैले युवराजाधिराजलाई बारम्बार सम्झाउने गरेको छु, यस्ता कुरा उसले आफैँ पनि बुझ्नुपर्ने हो, फेरि पनि सम्झाउँला' हुकुम भयो । साथै, उक्त अवसरमा सरकारबाट 'विभिन्न राजनीतिक दलका वरिष्ठ नेतालाई भ्रष्टाचारको अभियोगमा कारबाही गर्न उनीहरूका विरूद्ध अभियोग केके हुन सक्छन्, प्रक्रिया के हुन सक्छ, यसबारे विचार गर्नू' हुकुम भयो ।

## २०६० कात्तिक ७ गते शुक्रबार

पाटनस्थित बगलामुखी मन्दिर परिसरमा आज बिहान कसैले एक जनाको हत्या गरेको खबर आएको छ ।

उपरथी रूक्माङ्गद कटवालले फोन गरेर भन्नुभयो, 'ब्रिटिस सैनिक सहचारीले मलाई फोन गरेका थिए । उनले दोरम्बामा आत्मसमर्पण गरेका व्यक्तिलाई सेनाले हत्या गरेको भन्दै त्यो कुरा के हो भनेर सोधे । उनको समग्र भनाइ विश्लेषण गर्दा बागलुङमा ब्रिटिस गोर्खाका कर्णेल सहित भर्ना टोलीलाई माओवादीले अपहरण गरेको घटना पूर्वनियोजित थियो भनेर सजिलै बुझ्न सकिन्छ । आजै संयुक्त राष्ट्रसङ्घका महासचिवका प्रतिनिधिसँग राम्रो कुरा भयो । उहाँले सेनाका कुराबारे लिएर सकारात्मक प्रतिक्रिया दिनुभयो । आज बेलुकी मलाई पाकिस्तानी राजदूतले प्राइभेट डिनरमा बोलाउनुभएको छ । यो कुरा जानकारीका लागि जर्साबलाई फोन गरेको हो ।'

अनौपचारिक रूपमा संयुक्त राष्ट्रसङ्घद्वारा सेनालाई साइप्रसका लागि फोर्स कमान्डरमा उम्मेदवारी दिन सोधिएको छ । उम्मेदवारी दिइएमा अन्तर्वार्ताका लागि राष्ट्रसङ्घको मुख्यालय, न्युयोर्कमा बोलाउने खबर आएको छ ।

## २०६० कात्तिक ११ गते मङ्गलबार

सरकारबाट मलाई आज फोन गरिबक्सेर हुकुम भयो, 'माओवादी अहिले रियाक्टिभ भएको देखिन्छ । त्यसैले अब इनिसिएटिभ सुरक्षा फौजसँग रहेको छ । माओवादी नागरिक समाज र प्रशासन यन्त्रलाई सुरक्षा निकायका विरूद्ध उक्साउन लागेको छ । त्यसैले सुरक्षा फौजले पनि साइकोलोजिकल अपरेसनद्वारा माओवादीको अभियानलाई निस्तेज पार्नु जरूरी छ । सुरक्षा निकायले माओवादीमा जारी राखेको दबाव अझ बढी सशक्त बनाउनुपर्ने हुन्छ । माओवादीका विरूद्ध कारबाही गर्दा उनीहरूको ठूलो नोक्सानी हुन पुगोस् (हिट देम ह्वेयर इट हर्टस् मोस्ट) । यी कुरा सुरक्षा प्रमुखहरूलाई समेत जानकरी गराउनू ।'

राजदरबारमा हुने समारोहमा विदेशी कूटनीतिज्ञलाई बोलाउँदा परराष्ट्रसचिवलाई, साथै सुरक्षा प्रमुखलाई बोलाउँदा गृह र रक्षा सचिव दुवैलाई पनि बोलाउनु सान्दर्भिक हुन्छ । यस्तो नभइरहेको बारे सम्बन्धित मन्त्रालयका सचिवहरूबाट समेत गुनासो आएको छ ।

पूर्व प्रधान सेनापति सच्चितशमशेर जबराले आज मलाई फोन गरेर राजपरिषद्को भेलामा भाग लिन आफूलाई नेपालगन्ज–धनगढी–नेपालगन्ज र राजपरिषद्का अर्का सदस्य शक्ति अमात्यलाई डोटी–धनगढी–डोटीको हेलिकप्टर व्यवस्था मिलाइदिन पुनः अनुरोध गर्नुभयो । उहाँलाई मैले भनें, 'सरसँग मैले पहिले पनि यस विषयमा कुरा गरेको छु । हेलिकप्टर उपलब्ध भए पूर्व प्रधान सेनापतिका हिसाबमा व्यवस्था मिलाउन सकिएला । तर अहिलेको अवस्थामा शक्ति अमात्यका लागि नेपालगन्जबाट डोटी गएर उहाँलाई धनगढी छोड्न र पुनः नेपालगन्जबाट धनगढी हुँदै डोटी पुऱ्याउन हेलिकप्टरको व्यवस्था गर्न एकदमै कठिन छ । आर्थिक हिसाबले पनि यस्ता भ्रमण महँगा हुन्छन् । त्यसैले डोटीबाट स्कर्टको व्यवस्था मिलाएर धनगढी आवतजावत गर्न उपयुक्त होला । आवश्यक परे यसका निम्ति म सुरक्षा निकायसँग कुरा गरूँला ।' सायद उहाँलाई मेरो प्रस्ताव चित्त बुझेन । सरकारमा जाहेर गरिदिन अनुरोध गर्नुभयो ।

प्रधानमन्त्री सूर्यबहादुर थापाले प्रधान सेनापति र सशस्त्र तथा नेपाल प्रहरीका महानिरीक्षकलाई फोन गरेर 'सरकारले चाँडै नै भिलेज डिफेन्स फोर्स खडा गर्ने सोचाइ बनाएको छ, त्यसैले अवकाशप्राप्त महासेनानी र वरिष्ठ प्रहरी उपरीक्षकको नामावली प्रधानमन्त्री कार्यालयमा पठाइदिनू' भन्नुभएको छ ।

## २०६० कात्तिक १२ गते बुधबार

भूतपूर्व प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द मिनीबस चढेर भैरहवा हुँदै भारतको देहरादून र हरिद्वारतर्फ प्रस्थान गरेको बुझिएको छ । भ्रमणको उद्देश्यबारे विस्तृतमा केही कुरा आएको छैन ।

आज प्रधानमन्त्रीले सुरक्षा निकायका प्रमुखहरूलाई आफ्नो कार्यकक्षमा बोलाएर विशेष निर्देशन दिनुभयो । त्यस क्रममा उहाँले तराईको सुरक्षा व्यवस्थामा ध्यान दिने, राजमार्गलाई सुचारू राख्न विशेष पहल गर्ने, भिलेज डिफेन्स फोर्स खडा गर्न के–कस्तो विधि अपनाउने भन्नेबारे विचार गर्ने, माओवादीबाट विस्थापितलाई पुनर्वासको व्यवस्था मिलाउनेबारे योजना बनाउने तथा सुरक्षा निकायमा दरबन्दी अनुसार भर्ना गर्ने क्रम जारी राख्ने विषयमा विशेष जोड दिनुभएको थियो । सोही क्रममा उहाँले यी सबै कार्यक्रमका लागि यो महिनाको अन्त्यपछि रकम निकासा हुने जानकारी गराउनुभयो ।

## २०६० कात्तिक १७ गते सोमबार

बाँके, कुसुमस्थित सशस्त्रको बेसमा आक्रमणका बेला माओवादी कमान्डर नन्दकिशोर पुन पासाङ घाइते भएको सूचना खबर प्राप्त भएको छ । साथै रोल्पाको भावाङ क्षेत्रमा भएको सैनिक अपरेसनमा भाग्ने क्रममा धेरै माओवादी लडाकु भीरबाट खसेर मृत्यु भएको खबर छ । त्यस्तै अर्घाखाँचीको अपरेसनमा घाइते भएका सयौं माओवादी कार्यकर्ता रूकुमको पूर्वी क्षेत्र हुकाम र मैकोटका गाउँमा उपचार गराई रहेको जानकारी आएको छ ।

नेपाल र भारतका गुप्तचर तथा सुरक्षा निकायका पदाधिकारी सम्मिलित बैठक हालै भारतको लखनउमा सम्पन्न भएको छ । बैठकमा भारतीय पक्षबाट १० जना र नेपालका तर्फबाट सेनाका चार जना अधिकृत मात्र सहभागी भए । सो अवसरमा भारतीय पक्षबाट नेपालमा पाकिस्तानी गुप्तचर निकाय आईएसआईको गतिविधि र नेपाल भएर भारत भित्रिने जाली नोटका साथै नेपालको तराई क्षेत्रमा अवस्थित मदरसाबारे मात्र कुरा राखियो । नेपाली पक्षबाट भने नेपालका माओवादी भारतका विभिन्न स्थानमा लुकीछिपी बसिरहेको र यसबारे सूचना आदान-प्रदान हुनुपर्ने विषयमा जोड दिइयो । दुवै पक्षको चासो बिलकुलै फरक रहेको र त्यसमा छलफल समेत नभएकाले यस्ता बैठकको औचित्य नरहेको नेपाली टोलीको विश्लेषण सहितको प्रतिवेदन आएको छ ।

चिनियाँ राजदूतले आज मलाई फोन गरेर 'जरूरी विषय भएकाले आज या भोलि सरकारको दर्शनभेट मिलाइदिनुपऱ्यो' भन्नुभयो । यो कुरा मैले सरकारमा जाहेर गरैं । मौसुफबाट आजै समय बक्स्यो । मैले सरकारमा नेपाल-चीन द्विपक्षीय समन्वय सुरक्षा समूह र नेपालको उत्तरी क्षेत्र विकासका लागि द्विपक्षीय सीमा कार्यदल निर्माणबारे चिनियाँ राजदूतसँग कुरा राखिबक्सन बिन्ती चढाएँ । साथै श्री ५ को सरकारबाट चीन सरकारलाई अनुरोध गरिएका आवश्यक सैनिक उपकरणबारे समेत कुरा गरिबक्सन सुझाव टक्ऱ्याएँ ।

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला पूर्वी नेपालको भ्रमणको सिलसिलामा आज झापा जाने कार्यक्रम छ । उहाँको भ्रमणको विषय र स्थानीय नेतृत्वलाई लिएर कोइराला परिवारभित्र मतभेद उत्पन्न भएको खबर आएको छ ।

माओवादीले 'सेनाको अहं ठीक पार्न' ठूलै कारबाही गर्ने र सशस्त्रसँग कुसुम र भालुबाङको बदला लिने योजना बनाएको छ । उसले नेपाल प्रहरीलाई सानोतिनो कारबाही गरेर दबावमा राखिराख्ने र आगामी चैतसम्ममा ठूलठूला कारबाही गरेर श्री ५ को सरकारलाई वार्तामा आउन बाध्य पार्ने समेत रणनीति तयार गरेको बुझिएको छ । दरबारमा दुई धार रहेको माओवादीको विश्लेषण छ । माओवादीले अझै पनि राजासँग भेटवार्ता गर्न चाहेको र भेट भएमा 'सधैंका लागि राजतन्त्र कायम राख्ने वा राजसंस्थालाई जोखिममा राखिराख्ने भन्नेबारे राजा स्वयंले विचार गर्नुपर्ने' भनेर आफ्ना कुरा राख्ने उसको मनसाय रहेको थाहा भएको छ ।

## २०६० कात्तिक १८ गते मङ्गलबार

महाराजाधिराजबाट आज बेलायतीसेनाध्यक्ष जनरल सर माइक ज्याक्सनलाई पूर्वनिर्धारित कार्यक्रम अनुसार दर्शनभेट बक्स्यो । दर्शनभेटमा जनरल ज्याक्सनले बोस्निया र हर्जगोभिनाका लागि नेटो अन्तर्गतको फोर्स कमान्डर भएर १८ महिना काम गर्दाको अनुभव सुनाउँदै त्यहाँका समस्या नेपालका समस्यासँग मिल्दाजुल्दा रहेको बताउनुभयो । उहाँले भन्नुभयो, 'नेपालमा माओवादी समस्या सेनाबाट मात्र समाधान हुँदैन । समाधानका अन्य विधा, जस्तै : सामाजिक तथा आर्थिक विषयमा पनि ध्यान दिनुपर्छ । द्वन्द्व समाधान

भएपछि पनि पुनर्निर्माण र पुनर्बसोबासको व्यवस्था गर्न जटिल हुन्छ । नेपालमा सेनाको कार्यशैली ठीक छ । तर भौगोलिक अवस्था र सीमित साधन-स्रोतले गर्दा यहाँका अपरेसन ज्यादै जटिल रहेका छन् । यस्ता अपरेसनमा सेनाको सशक्त कारबाहीका साथै राजनीतिक, आर्थिक र मानवीय कार्यमा पनि उत्तिकै जोड दिनुपर्छ । माओवादीलाई सशक्त सैनिक दबावबाट वार्तामा ल्याई शान्तिको समाधानतिर लाग्नुपर्छ । सामाजिक, आर्थिक जटिलता नै माओवादी फस्टाउनुको कारण हो । त्यसैले यी विषयमा श्री ५ को सरकारले ध्यान दिनुपर्छ । माओवादीलाई पनि देशका अन्य नागरिकलाई जस्तै ओनरसिपको महसुस गराउन सक्नुपर्छ ।'

सो अवसरमा सरकारबाट जनरल ज्याक्सनलाई बेलायत सरकार र विशेष गरी बेलायती सेनाबाट शाही नेपाली सेनालाई प्राप्त सहयोगका लागि धन्यवाद बक्स्यो । साथै मौसुफबाट 'माओवादीका गतिविधि आतङ्ककारी नै हुन्, संसारभर आतङ्ककारीको एउटै रङ हुन्छ, आतङ्ककारी क्रियाकलापको अन्तर्राष्ट्रिय सीमा समेत हुँदैन, माओवादीलाई पनि उनीहरूको कथित जनयुद्ध मार्फत सत्ता कब्जा गर्ने रणनीति सार्थक हुन सक्दैन भन्ने कुरा बुझाउन जरूरी छ' भनी स्पष्ट पारिबक्स्यो । सरकारबाट जनरल ज्याक्सनलाई हुकुम भयो, 'माओवादीमा लागेका व्यक्तिले आफू सरकारबाट तिरस्कृत भएको महसुस गर्ने हुनाले लडाइँ जमिनमा होइन, उनीहरूको दिमागमा छ । त्यसैले यो लडाइँ लड्न साह्रै जटिल छ । यस्ता लडाइँमा सफलता पाउन सूचना नै हतियार बन्न जान्छ । यस सन्दर्भमा बेलायती सेनाले शाही नेपाली सेनाका लागि इन्टेलिजेन्स स्कुल स्थापना गर्न सहयोग गरेको कुरा सराहनीय छ ।'

## २०६० कात्तिक २० गते बिहीबार

आज प्रधानमन्त्रीको जाहेरीको दिन हो । जाहेरी नसकिँदासम्म हामी सचिवहरू कार्यालयमै बसिरहनुपर्छ । किनभने प्रधानमन्त्रीको जाहेरी सकिएपछि कुनै सचिवालयसँग सम्बन्धित विषयमा केही निर्देशन बक्सनुपर्‍यो वा बुझ्नुपर्‍यो भने सरकारबाट बोलाइबक्सन्छ । तर आज म प्रधानमन्त्रीको जाहेरीका बेला बसिनँ । सरकारलाई जाहेर गरेर चिनियाँ राजदूतले बोलाएको प्राइभेट डिनरमा गएँ ।

❖❖❖

अध्याय ३

# गन्तव्यको अन्त्य

# तस्बिर आफैँ बोल्छन्





आरएमए स्यान्डहर्स्ट, बेलायतमा अधिकृत क्याडेट, वि.सं. २०२५


आरएमए स्यान्डहर्स्टमा अधिकृत क्याडेट हुँदा नेपालका रक्षासचिव क्षेत्रविक्रम राणाको भ्रमण

आरएमए स्यान्डहर्स्टको एकेडेमी बक्सिङ टिम वि.सं. २०२७





अधिकृत क्याडेट तालिम




बेलायतको सबैभन्दा अग्लो पहाड वेन नेभिसको चुचुरोमा, वि.सं. २०२५

आरएमए स्यान्डहर्स्टमा ग्रयाजुएसन, वि.सं. २०२८





श्री गोरखबहादुर गणमा सहायक सेनानी



३” र ८१ एमएम मोर्टार तालिम



जेठो छोराको शुभविवाहमा ज्ञानेश्वरस्थित घरमा सरकारहरूको सवारी, वि.सं. २०५४



चीनको राजकीय भ्रमणमा सरकारबाट गार्ड अफ अनर ग्रहण गरिबक्सँदै, साथमा चिनियाँ राष्ट्रपति



वीरेन्द्र सरकारबाट राज्यारोहको २५ वर्ष (रजत जयन्ती) को उपलक्ष्यमा आयोजित समारोहमा अभिनन्दन लिइबक्सँदै



अधिराजकुमार नीराजनको शुभव्रतबन्ध

विभुषण ग्रहण





सीजीएससीको ग्र्याजुएसन फोर्ट, लेभनवर्थ, अमेरिका, वि.सं. २०३९



मालदिभ्सका राष्ट्रपति मोहमन अब्दुल गैयुमको नेपाल भ्रमणका अवसरमा



भारतका प्रधानमन्त्री अटलविहारी वाजपेयीको नेपाल भ्रमणका अवसरमा



सरकारहरूको भारत भ्रमणका सिलसिलामा राष्ट्रपति भवनमा आयोजित रात्रीभोज समारोहमा



चीन भ्रमणका अवसरमा पीएलएका जनरल तानसँग भेटघाट



श्री १००८ सच्चिदानन्द सरस्वती (खप्तड बाबासँग)



▲ सेनानी हुँदा श्रीमती छोराहरूका साथमा



▲ अमेरिकाको स्टाफ कलेजमा श्रीमतीसाथ

▼ रथी दर्जामा पदोन्नति भएको दिन वैशाख १, २०६० साल



▼ राजदरबार औपचारिक समारोह





▲ बेलायतको अनौपचारिक भ्रमणमा, वि.सं. २०३६



▲ युवराजाधिराज दीपेन्द्रबाट शान्तिसेना तालिम केन्द्र, पाँचखालमा अभ्यास अवलोकन



▲ महाराजाधिराज ज्ञानेन्द्रबाट महारथी प्याराजङ्ग थापालाई प्रधान सेनापतिमा नियुक्त



▲ महाराजाधिराज ज्ञानेन्द्रबाट भारतका स्थलसेनाध्यक्ष जनरल निर्मल चन्दर भिजलाई शाही नेपाली सेनाको मानार्थ महारथी प्रदान ।




▲ महाराजाधिराज ज्ञानेन्द्रको राज्यारोहण समारोह, हनुमानढोका, वि.सं. २०५८



▲ महाराजाधिराज ज्ञानेन्द्रको राज्यारोहणपछि प्रोसेसन राजदरबार फिर्ती हुँदै



सरकारहरू भारतको अजमेरस्थित मेयो कलेजमा अध्ययनरत अधिराजकुमारी श्रुतीलाई भेट्न सवारी हुँदा



हरिद्वारमा सरकारहरूबाट पूजा गरिबक्सँदै



अमेरिकाका पूर्वराष्ट्रपति जिम्मी कार्टरका साथ



सैनिक सचिव, रथी विवेक कुमार शाह



महाराजाधिराज ज्ञानेन्द्रबाट परामर्श गरिबक्सँदै



महाराजाधिराज वीरेन्द्रबाट टीका बक्सँदै



कान्छो छोराको शुभविवाहका अवसरमा सपरिवार, वि.सं. २०६३

# राजदरबार छोडेपछिका परिदृश्यहरू

अकस्मात् मैले राजदरबार छोडेँ । त्यसपछि सबैभन्दा पहिले राजदरबारको 'ह्याङओभर' जतिसक्दो चाँडो फाल्ने मानसिकता बनाएँ । अनि नितान्त व्यक्तिगत जीवन बिताउन सुरु गरेँ । केही समयदेखि मेरो मर्निङ वाक अवरूद्ध भएको थियो । खास गरी उच्चपदस्थ सुरक्षा अधिकृतलाई 'सफाया' गर्ने माओवादीको रणनीति अनुरूप व्यक्तिहत्याका घटना बढ्न थालेपछि । राजदरबार छोडेपछि ढुक्कसँग मर्निङ वाक पुनः सुरु गरेँ । सबै किसिमको स्वतन्त्र व्यक्तिगत दिनचर्या एकसाथ सुरु भयो । अवकाशपछि गर्नुपर्ने कतिपय व्यक्तिगत काम पूरा गर्न केही समय लाग्यो । यसैबीच महाराजाधिराजमा मलाई बक्सेको मानसम्मान, जिम्मेवारी सबैका लागि आभार व्यक्त गर्न दर्शनभेटको कोसिस गरेँ । तर धेरै प्रयासका बावजुद उहाँबाट दर्शनभेट पाउन सकिनँ । अहिलेसम्म पाउन सकेको छैन । तर यसमा मलाई कत्ति पनि गुनासो छैन । बरु राजीनामा गरेर म घर बसेपछि दरबारले मेरा गतिविधि बुझ्न गुप्तचर समेत खटाएको मलाई जानकारी भयो । मैले यसलाई 'पोजिसनल ह्याजर्ड' (पदको खतरा) का रूपमा सामान्य किसिमले लिएँ ।

म राजदरबारबाट निस्केको करिब एक सातापछि माओवादीले म्याग्दी जिल्लाको सदरमुकाम बेनीस्थित शाही नेपाली सेनाको कालीप्रसाद गणमा ठूलो आक्रमण गरे । आक्रमणबाट उक्त गणतर्फ ठूलै क्षति भयो । माओवादीले गणलाई पूरै कब्जा गर्न सक्ने अवस्था रहेछ । तर विशेष अभ्यास सकेर पोखरा फर्किने क्रममा गोरखबहादुर गणको एउटा कम्पनी त्यसै दिन बेलुकी त्यहाँ पुगेर बास बसेको रहेछ । सायद माओवादीलाई त्यसबारे जानकारी भएन । राति माओवादीले आक्रमण गर्दा कालीप्रसाद गणलाई तहसनहस र कब्जा हुनबाट रोक्न गोरखबहादुरको उक्त कम्पनीले ठूलो भूमिका खेलेछ । यो खबर मैले घटना भएको भोलि पल्ट बिहान मात्र एफएम सुनेर थाहा पाएँ । सिपाही र पल्टनको धेरै क्षति हुन पुगेकोमा अत्यन्तै दुःख लाग्यो । म सैनिक सचिव भइराखेको भए घटना हुनासाथ मलाई जानकारी हुन आउँथ्यो । त्यसपछि अब के गर्ने, कसो गर्ने भनेर चासो राख्नुपर्दथ्यो । तर यस पटक मैले कुनै भूमिका निर्वाह गर्नुपरेन । यस अर्थमा भने

केही हलुका महसुस पनि भयो । योभन्दा अगाडि माओवादीले नेपालका विभिन्न स्थानमा सेनाका गुल्म स्तरका युनिटमा आक्रमण गरेका थिए । गण स्तरको युनिटमा आक्रमण गरेको यो पहिलो घटना थियो ।

यस घटनाको चार दिनपछि महाराजाधिराज पुलचोकस्थित रथी भिक्ट्रीशमशेर जबराको घरमा रात्रिभोजका लागि सवारी होइबक्सेको रहेछ । त्यहाँ सरकारबाट सबै पाहुनाका अगाडि हुकुम भएछ, 'आई स्याक्ड माई मिलिटरी सेक्रेटरी ।' (मैले मेरो सैनिक सचिवलाई बर्खास्त गरैं ।) सायद यो सुनेर केही पाहुना खुसी भए होलान् । कसैले अचम्म पनि माने होलान् । त्यहाँ म भएको भए सरकारलाई एउटा लोकगीत सुनाउँथैं होला :

*राम्रोसँग जिन्दगी चिन्नू*
*बैंसको खेती गरेर नहिँड्नू...*

केही समयअघि मैले साथीहरूसँग मिलेर बनेपामा यती प्लास्टिक उद्योग खोलेको थिएँ । राम्रोसँग हेरविचार गर्न नसक्दा उद्योग सुरुदेखि नै कमजोर अवस्थामा थियो । मैले यसलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने निधो गरैं । त्यसका लागि आफैं सक्रिय हुन थालैं ।

मेरो राजीनामाको विषयलाई लिएर धेरै पत्रपत्रिका तथा टेलिभिजन च्यानलहरूले अन्तर्वार्ताका लागि प्रयास गरिरहे । तर मैले मलाई उद्धृत नगर्ने सर्तमा केही पत्रकारसँग मात्र कहिलेकाहीं सामान्य कुराकानी मात्र गरैं । आफ्नो पेसागत मर्यादा र जिम्मेवारीका कारण सार्वजनिक रूपमा बहसमा आउन चाहिनँ ।

## नेपालको शान्ति प्रयास र कार्टर सेन्टर

दुई महिनाजति भएको थियो, मैले राजदरबार छोडेको । एक दिन मेरा साथी डा. दुमन थापा मलाई भेट्न आउनुभयो । उहाँले भन्नुभयो, 'जर्साब, माओवादीको हत्या, हिंसा र आतङ्कले गर्दा नेपाली जनताले धेरै दुःख पाए । हुन सक्छ भने हामी शान्तिका लागि केही प्रयास गरौं ।'

'यो त ज्यादै राम्रो कुरा हो । तर हामीले यसमा कसरी, के गर्न सक्छौं ?' मैले भनैं । उहाँले भन्नुभयो, 'म संलग्न गैरसरकारी संस्था माउन्टेन रिसोर्स म्यानेजमेन्ट ग्रुप (एमआरएमजी) लाई अमेरिकाको क्यालिफोर्नियास्थित म्याक नल फाउन्डेसनले नेपालका ग्रामीण इलाकामा केही सानातिना विकास कार्यक्रम सञ्चालन गर्न आर्थिक सहयोग गरिरहेको छ । उक्त संस्थामा कार्यरत अमेरिकी नागरिक क्यारोन ब्यासेट नेपाल आउनुभएको छ । उहाँले नेपालमा शान्ति स्थापनाका लागि अमेरिकाको कार्टर सेन्टरले प्रयास गर्न सक्छ भन्नुभएको छ ।' क्यारोनले कार्टर सेन्टरसँग यसबारे सामान्य कुरा समेत गरिसकेको र सेन्टर नेपालको शान्ति प्रक्रियामा सघाउन तयार रहेको उल्लेख गर्दै डा. दुमनले भन्नुभयो, 'तर कार्टर सेन्टरले नेपालमा शान्ति प्रयास सुरु गर्नुअघि दरबारको मौखिक सहमति खोजेको छ । यदि दरबारबाट सहमति भए उसले गोप्य रूपमा

प्रारम्भिक अध्ययन टोली पठाउनेछ । त्यसले नेपालका राजनीतिक तथा अन्य सबै पक्षसँग विचार-विमर्श गरी कार्टर सेन्टरले नेपाललाई कसरी सघाउन सक्छ भन्नेबारे विश्लेषण गर्नेछ र सहयोगको प्रक्रिया अगाडि बढाउनेछ । यसका लागि जर्साबले महाराजाधिराजको मौखिक सहमति लिन सक्नुहुन्छ कि ?'

उहाँका कुरा सुनेपछि मैले भनें, 'म अहिले दरबारमा छैन । तर पनि राजदरबारमा कार्यरत धेरै जनासँग मेरो सम्बन्ध राम्रै छ । साथै श्री ५ को सरकार र नेकपा माओवादी विद्रोहीबीच भएको दोस्रो शान्तिवार्तामा सुरुदेखि नै एउटा मुख्य भूमिका निर्वाह गरेको अनुभव समेत मसँग छ । त्यसैले म यसबारे महाराजाधिराजमा कुरा पुर्‍याउँछु । सरकारबाट के हुकुम हुन्छ, तपाईंलाई जानकारी गराउँछु ।' यसपछि यसबारे सरकारसँग कुरा गर्न उपयुक्त व्यक्ति को हुन सक्छ भनेर विचार गर्दा मौसुफका व्यापारिक सहयोगी प्रभाकरशमशेर जबरालाई सम्झिएँ । तत्कालै उहाँलाई सम्पर्क गरेर यस सम्बन्धमा जानकारी गराउँदै 'सरकारमा जाहेर गरेर के हुकुम हुन्छ, खबर पाऊँ' भनें । उहाँले पनि यसबारे सकारात्मक प्रतिक्रिया व्यक्त गर्दै 'सरकारमा जाहेर गरेर दुई साताभित्र खबर गर्छु' भन्नुभयो । करिब १२ दिनपछि उहाँले मलाई फोन गरेर 'सरकारबाट कार्टर सेन्टरले अध्ययन टोली पठाए हुन्छ, साथै टोलीले नेपालमा सबै पक्षका विचार बुझ्न पनि उपयुक्त हुन्छ ताकि एकपक्षीय विचार मात्र प्रवाह नहोस्, तर यसबारे सुरुमै प्रेसलाई कुनै पनि जानकारी नहोस् हुकुम भएको छ' भन्नुभयो ।

मैले उहाँलाई 'तत्कालै यसबारे बृहत् छलफल गर्न डा. दुमन थापा र म तपाईंलाई भेट्न आउँछौं' भनें । हामी दुवै सोल्टी होटलस्थित उहाँको कार्यालयमा गयौं । छलफलका क्रममा जबराले जानकारी गराउनुभए अनुसार पूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टरले सात-आठ महिनाअघि महाराजाधिराजलाई नेपालको अस्थिर राजनीति र बढिरहेको अशान्तिबारे चासो राख्दै आफूले नेपालमा शान्ति प्रयासका लागि सहयोग गर्ने इच्छा व्यक्त गर्नुभएको रहेछ । त्यसै बेला महाराजाधिराजबाट कार्टरद्वारा नेपालप्रति दर्साइएको सद्भावलाई धन्यवाद बक्सँदै आवश्यक परे पछि खबर गर्ने पत्र समेत पठाइबक्सेको रहेछ । साथै जबराले अन्य के कुरा पनि जानकारी गराउनुभयो भने, 'कार्टर सेन्टरको बोर्ड अफ डाइरेक्टरमा अमेरिकाको सानफ्रान्सिस्कोस्थित नेपालका अवैतनिक महावाणिज्यदूत रिचर्ड ब्लुमफिल्ड पनि हुनुहुन्छ । उहाँ सरकारको राम्रो चिनजानको व्यक्ति समेत हुनुहुन्छ । त्यसैले उहाँले पनि यसमा सहयोग गर्न सक्नुहुन्छ ।' उहाँसँगको लामो छलफल र थप जानकारीबाट हामीलाई यस कार्यमा अगाडि बढ्न मदत पुग्यो । हामीले तुरुन्तै कार्टर सेन्टरमा खबर गरेर अध्ययन टोली काठमाडौं पठाउन आग्रह गर्ने भयौं ।

यसै क्रममा अमेरिकाको एटलान्टा, जर्जियास्थित कार्टर सेन्टरबाट द्वन्द्व समाधान कार्यक्रमका निर्देशक म्याथ्यु होड्स र सहायक ब्रायन म्याकविन काठमाडौं आउनुभयो । हामीसँगको विस्तृत छलफलपछि उहाँहरूले प्रधानमन्त्री शेरबहादुर देउवा लगायत विभिन्न पार्टीका नेताहरू, नागरिक समाजका अगुवाहरूलाई भेट्नुभयो । साथै प्रधान सेनापति प्यारजङ्ग थापासँग समेत विचार-विमर्श भयो । त्यस अवस्थामा माओवादी नेतृत्वसँग

उहाँहरूलाई भेटाउन सम्भव थिएन । त्यसैले माओवादीसँगको सम्पर्क–स्रोतका रूपमा मानव अधिकारवादी पद्मरत्न तुलाधरसँग भेट गराइएको थियो । कार्टर सेन्टरका पदाधिकारीको यो पहिलो अध्ययन भ्रमण थियो । छ दिन नेपाल बसेर उहाँहरू अमेरिका फर्कनुभयो । अमेरिका फर्कनुअगाडि उहाँहरूसँग छलफल हुंदा अमेरिका पुगेपछि उहाँहरूले प्रतिवेदन तयार गर्ने र जुन महिनामा कार्टर सेन्टरले डा. दुमन थापा, पद्मरत्न तुलाधर र मलाई अमेरिका बोलाउने सहमति भयो । शान्ति प्रक्रिया अगाडि बढाउने कार्यक्रम त्यसै बेला तय गर्ने पनि निधो भयो ।

जुनमा कार्टर सेन्टरबाट हामीलाई निम्तो आयो । यसबारे महाराजाधिराज र प्रधानमन्त्री देउवालाई जानकारी गराइयो । प्रधानमन्त्रीले आफ्ना तर्फबाट काङ्ग्रेस प्रजातान्त्रिकका नेता शरतसिंह भण्डारीलाई पनि सहभागी गराउन अनुरोध गर्नुभयो । त्यस अनुसार कार्टर सेन्टरलाई अनुरोध गर्दा तत्कालै उहाँलाई पनि निमन्त्रणा आयो । यसरी हामी चार जना अमेरिका गयौं । त्यहाँ संसारका विभिन्न देशमा शान्ति र मध्यस्थताका साथै निर्वाचन अनुगमनमा कार्टर सेन्टरले गरेका प्रयासहरूबारे जानकारी गराइयो । हार्वर्ड विश्वविद्यालयका प्राध्यापक तथा सम्बन्धित क्षेत्रका विशेषज्ञ डा. विलियम बोरीले मध्यस्थता, वार्ता, द्वन्द्व समाधान र द्वन्द्व समाधानपछिका विभिन्न आयामबारे जानकारी गराउनुभयो । साथै कार्टर सेन्टरको नेपाल भ्रमणमा आएको कार्यटोलीले तयार पारेको प्रतिवेदनमा समेत छलफल भयो । छलफलमा मैले के सुझाव राखें भने, 'नेपालमा पक्कै पनि समस्या छ । तर यसको समाधान खोज्न दिल्ली जानुपर्ने हुन्छ । त्यसैले कार्टर सेन्टरले पनि नेपालमा शान्तिको प्रयास गर्ने हो भने नयाँ दिल्लीसँग कुरा गर्नु आवश्यक हुन्छ । सेन्टरले नयाँ दिल्लीसँग कुरा गर्न सक्छ भने यो प्रयासलाई अगाडि बढाउँदा राम्रो हुन्छ । तर भारतको सहमति वा सहयोग लिन नसक्ने हो भने सम्पूर्ण प्रयास व्यर्थ पनि हुन सक्छ ।' मेरो सुझावपछि कार्टर सेन्टरले भारतसँग कुरा गर्ने भयो । सेन्टरले विभिन्न समयमा अध्ययन टोली नेपाल पठाइरहने र माओवादी सहित विभिन्न पक्षसँग छलफलको क्रम अगाडि बढाउने समेत निधो भयो । यसपछि हामी नेपाल फर्कियौं ।

त्यसको करिब तीन महिनापछि सेप्टेम्बरमा संयुक्त राष्ट्रसङ्घको महासभामा भाग लिन भारतका प्रधानमन्त्री मनमोहन सिंह र विदेशसचिव श्यामशरण न्युयोर्क जानुभएको थियो । त्यही मौकामा उहाँहरू दुवैलाई कार्टर सेन्टरका म्याथ्यु होड्स र ब्रायन म्याकविनले भेट गर्नुभएछ । सो अवसरमा नेपालमा शान्तिका लागि कार्टर सेन्टरले मध्यस्थताको भूमिका खेल्न सक्नेबारे छलफल हुँदा भारतीय प्रधानमन्त्री सिंहले भन्नुभएछ, 'भारत नेपालमा शान्ति र राजनीतिक स्थिरता चाहन्छ । त्यसैले कार्टर सेन्टर जस्तो अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्ठित संस्थाले नेपालमा शान्तिको प्रयास गर्दा भारतले सकारात्मक सोच राख्दछ ।' यस किसिमको भारतीय प्रतिक्रियापछि कार्टर सेन्टर नेपालमा शान्तिका लागि मध्यस्थता गर्न झनै उत्साहित भयो । अनि नेपालमा गोप्य अध्ययन टोली पठाएर सबै पक्षसँग छलफल गर्न थाल्यो । त्यस्तै काठमाडौंस्थित विदेशी राजदूतहरू, विशेष गरेर अमेरिका, बेलायत, भारत र चीनका राजदूतसँग परामर्श गऱ्यो । सेन्टरका पदाधिकारीले

नयाँ दिल्ली गएर भारतीय विदेश मन्त्रालयका पदाधिकारीसँग समेत विचार–विमर्श गरे । कार्टर सेन्टरलाई श्री ५ को सरकार र विभिन्न राजनीतिक दल लगायत नेकपा माओवादीले पनि लिखित रूपमै शान्ति प्रयासमा सघाउन अनुरोध गरेका थिए । कार्टर सेन्टरले नेपालमा शान्तिका लागि पहल सुरु गरेदेखि नै डा. दुमन र म यसमा संलग्न भयौं । डा. दुमन कार्टर सेन्टरको कन्ट्री डाइरेक्टरका रूपमा काम गर्न थाल्नुभयो । मैले भने बाहिरबाटै स्वयंसेवकका रूपमा सहयोग गरेँ ।

२०६१ जेठ २७ गते नेपाली काङ्ग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवा पुनः प्रधानमन्त्री नियुक्त हुनुभयो । नेकपा एमाले पनि 'प्रतिगमन आधा सच्चियो' भन्दै देउवा मन्त्रिपरिषद्मा सामेल भयो । प्रधानमन्त्री लगायत सरकारमा सहभागी अन्य दलका नेताहरू सम्मिलित उच्चस्तरीय राजनीतिक संयन्त्र पनि बन्यो । संयन्त्रमा प्रधानमन्त्रीका अतिरिक्त एमाले महासचिव माधवकुमार नेपाल, राप्रपा अध्यक्ष पशुपतिशमशेर जबरा र नेपाल सद्भावना पार्टीका अध्यक्ष बद्रीप्रसाद मण्डल हुनुहुन्थ्यो । कार्टर सेन्टरका संस्थापक पूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टरले उक्त उच्चस्तरीय राजनीतिक संयन्त्रका सदस्यहरूलाई शान्ति प्रयासबारे छलफल गर्न अमेरिका बोलाउनुभयो । अमेरिका जाने टोलीमा एमाले महासचिव नेपाल आफैं सहभागी हुनुभयो भने प्रधानमन्त्री देउवाका तर्फबाट डा. मिनेन्द्र रिजाल र नेपाली काङ्ग्रेसबाट चक्रप्रसाद बाँस्तोला सम्मिलित हुनुभयो । राप्रपा अध्यक्ष राणा र सद्भावना अध्यक्ष मण्डल आआफ्नै कारणबाट सहभागी हुनुभएन । सहयोगीको भूमिकामा डा. दुमन र म अमेरिका गयौं । त्यहाँ छलफलका क्रममा पूर्व अमेरिकी राष्ट्रपति कार्टरले नेपालमा शान्तिका लागि सेन्टरले कस्तो भूमिका निर्वाह गर्नुपर्छ, नेपालमा केकस्ता समस्या विद्यमान छन्, माओवादी शान्तिवार्तामा आउन सक्छ कि सक्दैन जस्ता विषयमा जिज्ञासा राख्दै कार्टर सेन्टरबाट नेपालले कस्तो भूमिका अपेक्षा गर्छ भनी प्रश्न राख्नुभएको थियो ।

नेपाली टोलीका तर्फबाट समष्टिगत धारणा राख्दै एमाले महासचिव नेपालले पूर्वराष्ट्रपति कार्टरले कार्टर सेन्टर मार्फत नेपालको शान्ति प्रक्रियामा खेल्ने मध्यस्थताको भूमिकालाई नेपालले स्वागत गर्ने जानकारी गराउनुभयो । साथै कार्टर सेन्टरलाई नेपालमा श्री ५ को सरकार तथा राजनीतिक दलहरूको पूर्ण सहयोग रहने विश्वास दिलाउनुभयो । यो छलफलपछि कार्टर सेन्टरले नेपालको शान्ति प्रक्रियामा औपचारिक रूपमै विशेष भूमिका निर्वाह गर्ने निधो गर्‍यो । यसै सिलसिलामा सेन्टरले केही महिनाभित्र नेपालका राजनीतिक दलका कतिपय नेतालाई कार्टर सेन्टर र हार्वर्ड विश्वविद्यालयमा वार्ता तथा गठबन्धन निर्माण (नेगोसिएसन एन्ड कोअलिसन बिल्डिङ) सम्बन्धी एक साताको विशेष प्रशिक्षण दिने कार्यक्रम गर्ने भयो । तीन चरणमा सम्पन्न हुने उक्त कार्यक्रममा शान्ति प्रक्रियामा सहयोगी भूमिका खेल्न सक्ने श्री ५ को सरकारका विभिन्न निकायका वरिष्ठ अधिकृत र सम्भव भए केही माओवादी नेतालाई समेत सहभागी गराउने तय भएको थियो ।

महासचिव नेपाल कार्टर सेन्टरको निमन्त्रणामा अमेरिका भएका बेला एमाले नेताहरू

झलनाथ खनाल र भीमबहादुर रावल पनि अन्य कुनै कार्यक्रममा अमेरिका पुग्नुभएको रहेछ । उहाँहरू हामी भएको ठाउँमा आउनुभयो र दुवैले कार्टरसँगको छलफलमा सहभागी हुन चाहनुभयो । तर, उहाँहरूलाई कार्टर सेन्टरले निमन्त्रणा गरेको थिएन, न त आफू आउने पूर्वसूचना नै दिनुभएको थियो । त्यसैले सेन्टरले उहाँहरूलाई छलफलमा सहभागी नगराई पर्यवेक्षकका रूपमा राख्ने प्रस्ताव गऱ्यो । खनालले त्यो कुरा स्वीकार गर्नुभएन र चुपचाप हिंड्नुभयो । नेता रावल भने महासचिव नेपालको सहायकका रूपमा उहाँको पछाडि राखिएको सिटमा बस्नुभयो । नेपालका नेताहरूको ताल र नाटक देखेर एक छिन त्यहाँ सबै जिल्ल परे ।

कार्टर सेन्टरले विभिन्न राजनीतिक दलका नेतालाई हार्वर्ड विश्वविद्यालयमा नेगोसिएसन एन्ड कोअलिसन बिल्डिङ सम्बन्धी प्रशिक्षणको विशेष कार्यक्रम तयार गऱ्यो । कार्यक्रममा भाग लिन काङ्ग्रेसबाट चक्रप्रसाद बाँस्तोला र डा. रामशरण महत, काङ्ग्रेस प्रजातान्त्रिकबाट डा. मिनेन्द्र रिजाल र विमलेन्द्र निधि, एमालेबाट झलनाथ खनाल र अशोककुमार राई, राप्रपाबाट ध्रुवबहादुर प्रधान, राष्ट्रिय जनशक्ति पार्टीबाट डा. प्रकाशचन्द्र लोहनी, नेपाल सद्भावना पार्टीबाट अनिलकुमार झा, राष्ट्रिय जनमोर्चा (मसाल) बाट परि थापा, मानव अधिकारवादी पद्मरत्न तुलाधर, डा. दुमन थापा र म अमेरिका गयौं । हार्वर्ड विश्वविद्यालयको यो अनुभव ज्यादै सुखद र ज्ञानवर्द्धक भयो । सबैले एक साताकै लागि भए पनि बुढेसकालमा विद्यार्थी भएको महसुस गरे । एक साताको पढाइ ज्यादै लाभदायक थियो । हार्वर्डपछि वासिङ्टन डीसीमा समेत कार्यक्रम राखिएको थियो । त्यहाँ क्यापिटल हिलमा कङ्ग्रेसम्यानहरूसँग, डिपार्टमेन्ट अफ स्टेटका पदाधिकारीहरूसँग छलफल भयो । नेसनल सेक्युरिटी काउन्सिलमा समेत ब्रिफिङको कार्यक्रम राखिएको थियो । अमेरिकाका सबैजसो कार्यक्रममा टोलीमा सहभागी राजनीतिक नेताहरूले महाराजाधिराजको कदमको तीव्र विरोध गरेका थिए । कार्टर सेन्टरको निमन्त्रणामा अमेरिका गई अन्य कार्यक्रममा सहभागी भएर राजाको विरोध गर्नुलाई सेन्टरले उचित ठानेको थिएन । यसबाट सेन्टरको तटस्थ भूमिकामा असर पर्न सक्छ भन्ने उनीहरूको भनाइ थियो । वासिङ्टन डीसीपछि टोलीलाई कार्टर सेन्टरले एटलान्टास्थित आफ्नो कार्यालयमा समेत लगेर छलफल गरेको थियो । छलफलमा पूर्वराष्ट्रपति कार्टर स्वयं सहभागी हुनुहुन्थ्यो ।

यसैबीच नेपालमा महाराजाधिराजबाट २०६१ माघ १९ गते अर्को शाही कदम चालिबक्स्यो । यसबाट नेपालमा राजनीतिक अन्योल झनै बढ्यो । नेकपा माओवादीसँगको द्वन्द्वमा समेत कुनै सुधार आएन । तैपनि शान्तिको प्रयासस्वरूप कार्टर सेन्टरले पूर्वनिर्धारित कार्यक्रम अनुसार हार्वर्ड विश्वविद्यालयमा सञ्चालन हुने कार्यक्रमका लागि श्री ५ को सरकारसँग वरिष्ठ अधिकृतहरूको नाम पठाउन आग्रह गऱ्यो । सेन्टरले न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घका लागि स्थायी नियोग मार्फत उक्त आग्रह गरेको थियो । यता डा. दुमनले पनि मुख्य सचिव लोकमानसिंह कार्की र परराष्ट्रमन्त्री रमेशनाथ पाण्डेलाई भेटेर कार्टर सेन्टरको आग्रह अनुरूप नाम पठाउन अनुरोध गर्नुभएको थियो । धेरै समयपछि मन्त्री पाण्डेले उक्त कार्यक्रममा सहभागी गराउन १२ जनाको नाम पठाउनुभएछ ।

त्यसबारे कार्टर सेन्टरले डा. दुमनलाई जानकारी गरायो । जुन उद्देश्यले कार्यक्रम गर्न खोजिएको थियो, त्यस अनुरूपका नामहरू नभएपछि डा. दुमनले मलाई भेटेर नामावली देखाउनुभयो । त्यसमा पूर्व प्रधान सेनापति धर्मपालवरसिंह थापा, पूर्वरथी सदीपबहादुर शाह, मन्त्री पाण्डेका छोरा निश्चलनाथ पाण्डे, पूर्व मुख्य सचिव कर्णध्वज अधिकारी, प्रा. जितेन्द्रध्वज खाँड, डा. मोहनप्रसाद लोहनी, पत्रकारहरू मनोरञ्जन जोशी, लोकदीप थापा लगायतको नाम थियो । यी नाम देखेर मलाई अचम्म लाग्यो । कार्टर सेन्टरले शाही नेपाली सेनाबाट सहायक रथी दुई जना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागबाट डीआईजी स्तरका एक-एक जना, त्यस्तै रक्षा, गृह, सूचना तथा सञ्चार र परराष्ट्र मन्त्रालयबाट एकएक जना सहसचिव स्तरका कर्मचारीको नामको अपेक्षा गरेको थियो । तर मन्त्री रमेशनाथ पाण्डेले पठाएका नामहरू त्यस्ता थिएनन् । तीमध्ये केही नाम त हार्वर्ड विश्वविद्यालयभन्दा तीर्थस्थलतिर पठाउन उचित हुने खालका थिए । मन्त्री पाण्डेले नितान्त पारिवारिक र व्यक्तिवादी स्वार्थ राखेर नामहरू पठाएको स्पष्ट देखियो । त्यसपछि हामीले यी नामको सट्टा सरकारी सेवाकै उच्च तहका कर्मचारीको नामावली माग्न कार्टर सेन्टरलाई सुझाव पठायौं । सेन्टरले त्यसै गर्‍यो । तर कार्टर सेन्टरले पुनः माग गरे अनुसार श्री ५ को सरकारका वरिष्ठ पदाधिकारीको नाम मन्त्री पाण्डेले पठाउनुभएन । यसरी यो कार्यक्रम यतिकै स्थगित भयो । यसपछि माओवादी नेतालाई समेत सोही कार्यक्रममा सरिक गराउने पहल पनि अगाडि बढ्न सकेन । तैपनि मुख्य सचिव लोकमानसिंह कार्कीले आफ्नै पहलमा यसबारे पछिसम्म प्रयास गरिरहनुभएको थियो । उहाँले उक्त टोलीमा आफ्नै नेतृत्वमा जान समेत चाहनुभएको थियो ।

केही समयपछि, २०६२ भदौमा संयुक्त राष्ट्रसङ्घको महासभामा महाराजाधिराज सवारी हुने कार्यक्रम बन्दै थियो । त्यस क्रममा डा. दुमन कार्टर सेन्टरको अनुरोध अनुसार महाराजाधिराजलाई पूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टरसँग भेटघाट गराउन पहल गर्दै हुनुहुन्थ्यो । त्यस सिलसिलामा हामीले अनौठो कुरा थाहा पायौं । सामान्यतया राष्ट्र प्रमुख वा सरकार प्रमुखको विदेश भ्रमण कार्यक्रम तय गर्न परराष्ट्र मन्त्रालयका सचिव, शिष्टाचार महापाल र सम्बन्धित डेस्क हेर्ने पदाधिकारी जिम्मेवार हुन्छन् । तर यस पटकको सरकारको सवारी सम्बन्धी कार्यक्रमबारे परराष्ट्र मन्त्रालयका जिम्मेवार पदाधिकारीहरू पूरै अनभिज्ञ थिए । भ्रमणको सम्पूर्ण कार्यक्रम त परराष्ट्रमन्त्री पाण्डे, उहाँका छोरा निश्चलनाथ पाण्डे, चितवनस्थित टेम्पल टाइगर रिसोर्टका मालिक वसन्तराज मिश्र र अमेरिकामा मिश्रका दाजु डा. हेमन्तराज मिश्रले पो मिलाउँदै रहेछन् । न्युयोर्कस्थित स्थायी नियोगलाई समेत संयुक्त राष्ट्रसङ्घको साधारण सभालाई महाराजाधिराजबाट सम्बोधन हुने कार्यक्रम बाहेक अन्य कुनै विषयमा जानकारी थिएन ।

यसैबीच कार्टर सेन्टरले पनि महाराजाधिराजसँग दर्शनभेटको कार्यक्रम मिलाउन काठमाडौंमा विशेष टोली पठाएको थियो । टोलीले कार्टर सेन्टरबाट प्लेन चार्टर गरी सरकारको सवारी न्युयोर्कबाट कार्टर सेन्टर एटलान्टा चलाउने, एक रात एटलान्टामै राख्ने

र पूर्व अमेरिकी राष्ट्रपति कार्टरसँगको भेटघाटपछि पुनः न्युयोर्क सवारी फिर्ता गराउने प्रस्ताव ल्याएको थियो । एटलान्टामा राति बस्ने कार्यक्रम मिल्न नसके बिहानै न्युयोर्कमा प्लेन पठाएर एटलान्टा सवारी चलाउने तथा कार्टरसँग भेट र लन्चपछि न्युयोर्क फिर्ती सवारी हुने विकल्प प्रस्तुत गरिएको थियो । त्यसो गर्न पनि सम्भव नभए पूर्वराष्ट्रपति कार्टर आफैँ न्युयोर्कनजिकैको कुनै होटलमा लन्च वा चियाका लागि आएर सरकारसँग भेटी फर्कने प्रस्ताव थियो । यी प्रस्तावहरू सहित टोलीले परराष्ट्रमन्त्री पाण्डे, टेम्पल टाइगर रिसोर्टका मालिक वसन्तराज मिश्र र राजदरबारका शाही पार्श्ववर्ती सहायक रथी विजयविक्रम खड्कासँग पनि छलफल गऱ्यो । तर उक्त टोली काठमाडौं रहँदासम्म महाराजाधिराज र पूर्वराष्ट्रपतिको भेटघाटको कार्यक्रम तय हुन सकेन । राष्ट्रसङ्घको कार्यक्रम सकेर नेपाल फर्कंदा सरकार जर्मनीको फ्र्याङ्कफर्टमा केही दिन आराम गरिबक्सने कार्यक्रम थियो । अमेरिकामा भेट्न अनुकूल नभए त्यहीं आएर पूर्वराष्ट्रपति कार्टरले सरकारलाई भेट्न सक्ने प्रस्ताव समेत आएको थियो । भेटघाटको कार्यक्रम मिलाउन डा. दुमन र मैले धेरै प्रयास गरेका थियौं । यसै क्रममा एक दिन डा. दुमनले परराष्ट्रमन्त्री पाण्डेलाई भेटेर भन्नुभएछ, 'नेपालमा शान्तिको प्रयासका लागि पूर्वराष्ट्रपति कार्टर धेरै चिन्तित हुनुहुन्छ । ज्यादै महत्त्व दिएर सबै कुरा हेरिरहनुभएको छ । त्यसैले नेपालले यो मौका गुमाउनु हुँदैन । महाराजाधिराजबाट एटलान्टामै सवारी भएर राष्ट्रपति कार्टरलाई भेट्न उपयुक्त हुन्छ । किनभने जिम्मी कार्टर अमेरिकाको राष्ट्रपति भइसकेका र नोबेल शान्ति पुरस्कारबाट समेत सम्मानित भइसकेका व्यक्ति हुनुहुन्छ । उहाँलाई यो उमेरमा कुनै मानसम्मानको जरूरत छैन । उहाँले नेपाल र नेपालीको हितका लागि मात्र कुरा गरिरहनुभएको हो ।' प्रत्युत्तरमा मन्त्री पाण्डेले ठूलो दम्भका साथ भन्नुभएछ, 'किङ इज किङ, हु इज जिम्मी कार्टर ?' (राजा भनेको राजा नै हो, जिम्मी कार्टर भनेको को हो ?) यो अभिव्यक्ति सुनेर डा. दुमन आश्चर्यचकित भई रनभुल्ल परेर फर्कनुभएछ । खोक्रो दम्भ अनिष्टकारी हुन सक्छ भनेर हामी चिन्तित भयौं ।

राष्ट्रसङ्घको महासभामा भाग लिन जाने राष्ट्र प्रमुख वा सरकार प्रमुखहरूलाई अमेरिकी राष्ट्रपतिले भेटघाट र जलपानको आयोजना गर्ने प्रचलन छ । तर यस पटक अमेरिकी राष्ट्रपतिले महाराजाधिराजलाई नभेट्ने मात्रै होइन, उहाँले आयोजना गर्ने जलपान समारोहमा समेत निमन्त्रणा नगर्ने कुरा भएछ । साथै अमेरिकामा रहेका नेपालीका केही सङ्घसंस्थाले पनि सरकारको न्युयोर्क भ्रमणका क्रममा विरोध कार्यक्रम गर्ने भएछन् । फलस्वरूप आखिरमा आएर सरकारको भ्रमण स्थगित भएको खबर आयो । यसबारे बेलैमा अनुरोध भएको भए पूर्व अमेरिकी राष्ट्रपति कार्टरले सहयोग गर्न सक्नुहुन्थ्यो होला जस्तो लाग्छ ।

सरकारको अमेरिका भ्रमणको कार्यक्रम रद्द भएपछि कार्टर सेन्टरबाट हामीलाई तीन साताभित्र कुनै पनि दिन कार्टरले सरकारसँग टेलिफोनमा कुरा गर्न खोजेको खबर आयो । त्यसपछि डा. दुमन र मैले सैनिक सचिवालयमा कार्यरत उपरथी टीका धमलालाई मेरो घरमा बोलाएर छलफल गऱ्यौं । उहाँलाई विषयको गम्भीरताबारे मनन

गराई पूर्वराष्ट्रपति कार्टरसँग सरकारको टेलिफोनमा वार्तालाप गराउन अनुरोध गरियो । कार्टरको सम्पर्क टेलिफोन नम्बर पनि दिइयो । सरकारलाई सम्पर्क गर्ने टेलिफोन पाए राष्ट्रपति कार्टरले आफैँ फोन गर्ने जानकारी समेत गराइयो । तर हाम्रो अथक प्रयासका बावजुद न सरकारबाट कार्टरलाई फोन गरिबक्स्यो, न त उहाँलाई फोन गर्न लगाउनू भनियो । यस्ता क्रियाकलापले राजदरबार त्यस अवस्थामा शान्तिका लागि तयार थिएन भन्ने आशङ्का झनै बढ्छ ।

महाराजाधिराज आफ्नै 'रोडम्याप' मा अगाडि बढिरहेको अवस्था, माओवादीको 'जनयुद्ध' को प्रभाव विस्तार र राजनीतिक दल आन्दोलनमै रुमलिएको स्थितिमा यस्ता क्रियाकलापबाट कार्टर सेन्टरले नेपालमा शान्तिका लागि गरेको प्रयास दुर्भाग्यवश टुङ्गोमा पुग्न सकेन । आन्दोलनरत दलहरू र विद्रोही माओवादीबीच नयाँ दिल्लीमा भारतको प्रत्यक्ष-अप्रत्यक्ष सहयोगमा सम्झौता भपछि परिस्थितिले नयाँ मोड लियो । दोस्रो जनआन्दोलनको सफलतापछि कार्टर सेन्टरको भूमिका संविधानसभाको चुनाव पर्यवेक्षण गर्नमा सीमित रह्यो । यसका लागि पनि सबै राजनीतिक दलहरूले कार्टर सेन्टरलाई अनुरोध गरेका थिए ।

कार्टर सेन्टरमा मेरो संलग्नताबारे धेरै टीकाटिप्पणी भए । डा. दुमन सुरुदेखि नै कन्ट्री डाइरेक्टरको हैसियतले आर्थिक लाभको पदमा हुनुहुन्थ्यो । तर उक्त संस्थामा मेरो संलग्नता नेपालमा शान्ति स्थापना गर्ने विशुद्ध भावले पूर्णतः स्वयंसेवकका रूपमा भएको थियो । मैले कार्टर सेन्टरबाट कुनै पनि आर्थिक लाभ लिने सोचाइ कहिल्यै बनाइनँ । उक्त संस्थाका तर्फबाट तीन पटक अमेरिका जाँदा हवाई टिकट, खाने-बस्ने र यातायात सुविधा बाहेक मैले आजसम्म एक डलर पनि लिएको छैन । तर राजदरबार भने सायद मैले ठूलै डलर खेती गरिरहेको ठान्दथ्यो । त्यही क्रममा संविधानसभाको चुनाव हुनुभन्दा आठ दिनअगाडि अर्थात् २०६४ चैत २१ गते बिहीबार *जनधारणा* साप्ताहिकमा मेरा बारे ठूलो हेडलाइन सहित प्रथम पृष्ठमा समाचार प्रकाशित गराइयो । 'राजापछिको निसाना माओवादी र चीन' शीर्षकमा 'राजाका सैनिक सचिव सीआईएका विश्वासपात्र कसरी बने ?' भनेर पूर्णतः कपोलकल्पित, भ्रामक र मेरो चरित्र हत्या गर्ने नियतले समाचार छापियो । समाचार पढेर म अचम्ममा परेँ । विचार गरेँ– संविधानसभाको चुनाव हुँदै छ । यसको प्रत्यक्ष असर र प्रभाव राजसंस्थामा पर्दै छ । तर राजदरबार के गर्न ठीक हुन्छ र के गर्न हुँदैन भनेर सोच्न समेत नसक्ने हालतमा पुगेछ । अब उसको ध्यान नेपालमा शान्तिका लागि अथक प्रयास गरिरहेको म मात्र होइन, नोबेल शान्ति पुरस्कारबाट सम्मानित पूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टर जस्ता व्यक्तिलाई समेत काल्पनिक, असंवेदनशील र घृणित तरिकाले तल्लो स्तरको भाषामा गाली गर्ने-गराउनेतिर केन्द्रित हुन थालेछ । यो समाचारबारे दरबारका सचिवहरूसँग भेट भएको समयमा कुरा उठाउँदा उनीहरूले यसको जिम्मेवारी एक-अर्काको टाउकामा थोपर्ने मात्र प्रयास गरे । ३० वर्षको सेवा बापत मलाई दरबारबाट दिइएको यो मात्र पुरस्कार वा स्याबासी थिएन । मेरो राजीनामाको छ दिनपछि *घटना र विचार* साप्ताहिकमा समेत यस्तै अनर्गल, मनगढन्ते

र कलुषित भावनाले भरिएको समाचार आएको थियो । त्यसका विरूद्ध मैले अदालतको शरण समेत लिएँ, जुन मुद्दा हालसम्म पनि टुङ्गिएको छैन । यो समाचार 'लेख्ने' उक्त पत्रिकाकी सम्पादक बबिता बस्नेतलाई एउटा पार्टीमा भेटेको बेला सोधेँ पनि । तर उहाँले मसँग कुरा गर्न आवश्यक ठान्नुभएन । यी दुवै समाचार प्रकाशित गर्ने काम राजदरबारका तत्कालीन संवाद सचिवको थियो भने यसको उद्देश्य मलाई बदनाम गर्नु थियो । यसबाट दरबारलाई कति फाइदा भयो, त्यो त त्यहाँका होनहार सचिवज्यूहरूलाई नै थाहा होला ।

## माघ १९ को शाही कदम

२०६१ माघ १९ गतेको अघिल्लो दिनदेखि नै राजधानीमा अनेक किसिमका हल्ला व्याप्त थिए । पहिले त महाराजाधिराजबाट शाही घोषणा बक्सँदै छ भन्ने खबर आयो । जब महाराजाधिराजबाट टेलिभिजन मार्फत शाही घोषणा गरेर प्रधानमन्त्री शेरबहादुर देउवाको सरकारलाई बर्खास्त गरिबक्स्यो, त्यसपछि सहरमा एकाएक सन्नाटा छाएझैँ भयो । सारा टेलिफोनका लाइनहरू अवरूद्ध पारिए । सायद २०५९ असोज १८ को कदमले राजा ज्ञानेन्द्रमा आत्मविश्वास र महत्त्वाकाङ्क्षा बढाएको थियो । असोज १८ को कदमपछि राजनीतिक पार्टीहरूले खासै उल्लेखनीय आन्दोलन गर्न सकेका थिएनन् । सेनासँग पनि माओवादीको 'जनयुद्ध' लाई रोक्ने सामर्थ्य थिएन । साथै विदेशी मित्रराष्ट्रहरूले समेत चुनावको मिति घोषणा होस् भन्ने चाहनु बाहेक पनि असोज १८ को कदमको खासै विरोध गरेका थिएनन् । यसरी माघ १९ सम्म आइपुग्दा सबैलाई पेलेर ठीक पार्न सकिन्छ भन्ने मानसिकताले काम गर्‍यो । तत्कालीन सुरक्षा निकायका प्रमुखहरूले राजालाई दिने गरेको सल्लाहले त्यस्तो मानसिकता बनाउन सघाउ पुर्‍याएको हुन सक्छ । राजदरबारका सचिवहरू र केन्द्रीय सुरक्षा समितिको बैठकमा भाग लिन जाने शाही नेपाली सेनाका प्रतिनिधि रथी रूक्माङ्गद कटवालको अहं भूमिकाले पनि केही समयअघिदेखि माघ १९ को पृष्ठभूमि बन्दै थियो भन्ने मलाई लाग्दछ । मेरो जानकारीमा आए अनुसार त्यस बेला नेकपा माओवादीको नेतृत्वले राजासँग भेट गर्ने वातावरण तयार हुँदै थियो । यसमा पनि रथी कटवालले नै भूमिका निर्वाह गरिरहेको चर्चा थियो । सम्भवतः माघ २२ गते रोल्पा, अर्घाखाँची वा बागलुङको कुनै स्थानमा गोप्य भेटघाट गर्ने कार्यक्रम समेत तय भएको थियो । तर माघ १९ को कदमले त्यसको सम्भावनालाई पन्छाइदियो । हुन त माघ १९ पछि माओवादीसँग वार्ता गर्न अझ सहज हुन्छ भन्ने दरबारको पनि सोचाइ हुन सक्छ । तर परिस्थिति त्यस्तो भएन । राजाका सल्लाहकारहरूले संविधानको धारा १२७ लाई जादुको छडी जस्तो ठाने । यसको प्रयोगबाट जे पनि गर्न सकिन्छ भन्ने भ्रममा राजालाई पार्न सफल भए । पहिले-पहिलेका राजाहरूमा संविधानतः सार्वभौम सत्ता समेत निहित रहेका कारण धेरै विषयमा विशेषाधिकार प्रयोग गर्ने हैसियत थियो । तर श्री ५ ज्ञानेन्द्र २०४७ सालको संविधान आएको ११ वर्षपछि महाराजाधिराज होइबक्सेको थियो । मौसुफलाई संविधानको भावना विपरीत विशेषाधिकार प्रयोग गर्ने अवसर संविधानले

नै दिंदैनथ्यो । शाही आयोगको गठन राजालाई भ्रममा पारिएको एउटा नमुना थियो । राजनीतिक पार्टीका नेताहरू जस्तोसुकै भ्रष्ट भए पनि ती जनताका प्रतिनिधि हुन् भन्ने तथ्यलाई यस अवस्थामा आइपुग्दा पूरै बेवास्ता गरियो । राजामा पनि नेताहरूलाई एकदमै 'मिनिमाइज' गरेर र पेलेर ठीक गर्न सक्छु भन्ने भ्रम परेको देखियो । २०१७ सालमा राजा महेन्द्रले उठाएको कदमलाई पछ्याएको जस्तो मात्र देखियो । जनताको चेतना स्तर र समयको प्रवाह त्यस बेलाभन्दा ज्यादै नै भिन्न भइसकेको बोध भएको देखिएन ।

महाराजाधिराजबाट तत्कालीन मन्त्रिपरिषद् बर्खास्त गरी देशको शासनभार आफ्नो हातमा लिइबक्सेपछि नेपालको तरल राजनीतिक अवस्थाले अचानक अर्कै मोड लियो । जनसाधारणले महाराजाधिराजबाट शान्तिको प्रयास हुन्छ भन्ने विश्वासले राजाको कदमलाई केही हदसम्म स्वागत पनि गरेका हुन् । राजनीतिक दलहरूका सरकारले देशका जल्दाबल्दा समस्या समाधान गर्न नसकेको, भ्रष्टाचार चरम चुलीमा पुगेको, काण्डैकाण्डले अर्थतन्त्र तहसनहस भएको र मुलुक कुशासनले ग्रस्त भएका बेला जनताले राजाबाट सुशासनको आशा राख्नु स्वाभाविकै थियो । त्यसैले राजाको कदमबाट प्रजातन्त्रको घाँटी निमोठेर हत्या गरिंदा समेत असल भविष्यको आशाले जनताले केही दिनसम्म महाराजाधिराजलाई साथ दिए । तर सरकारबाट आफ्नो अध्यक्षतामा मन्त्रिमण्डल बनाएर जुन सन्देश दिइबक्स्यो, त्यसबाट जनमानस तथा अन्तर्राष्ट्रिय जगत्को 'समस्या समाधान हुन्छ' भन्ने आशामा तुषारापात हुन पुग्यो । सरकारको यसै कदमले राजनीतिक दलहरूलाई कडा सङ्घर्ष गर्न सक्ने बाटो खोलिदियो । सरकारले जुनजुन व्यक्तिलाई मन्त्रिपरिषद्मा समावेश गरिबक्स्यो, तिनीहरू त्यो परिस्थितिमा 'आउटडेटेड' र पूर्ण रूपले असान्दर्भिक थिए । उनीहरूको जनाधार करिब-करिब समाप्त सरह थियो । सरकारले छानेका केही युवा व्यक्तिको पृष्ठभूमि त झन् निराशाजनक थियो । पर्दाअगाडिका अत्यन्तै स्वार्थी तथा महत्त्वाकाङ्क्षी रमेशनाथ पाण्डे र पर्दाभित्रबाट शक्ति सञ्चालन गर्ने शरदचन्द्र शाह जस्ता प्रवृत्तिले 'यसै त कुन, झन् कानमा सुन' भन्ने उखानलाई चरितार्थ गरिदियो ।

माघ १९ को भोलि पल्टै राजदरबारमा कार्यरत उपरथी टीका धमला मलाई भेट्न आउनुभएको थियो । मैले उहाँलाई भनें, 'सरकारको यो कदम ज्यादै खतरनाक छ । सरकार राजा नै भएर बस्दा राम्रो हुन्छ । प्रधानमन्त्री अरूलाई बनाउँदा उपयुक्त हुन्छ । राजाको यो कदम सफल होला या नहोला भन्ने तर्क गर्नु बिलकुलै आवश्यक छैन । राजसंस्थाका लागि यो कदम असफल हुने कल्पनै नगर्नुहोस् । सफल हुनैपर्छ । किनभने यो असफल भएमा राजसंस्थाको अस्तित्वमा नै प्रश्नचिह्न लाग्न सक्छ । अबको कुनै पनि आन्दोलन राजसंस्थाका विरूद्ध हुन्छ भन्ने मेरो विश्लेषण छ । २०३६ सालको विद्यार्थी आन्दोलन पञ्चायती व्यवस्थामा खुकुलोपन ल्याई प्रजातान्त्रिक परिपाटीमा जानका लागि थियो । २०४६ सालको आन्दोलन पञ्चायती व्यवस्था परिवर्तन गरी बहुदलीय व्यवस्था कायम गर्न थियो । अब अर्को आन्दोलन भए राजसंस्थाका विरूद्ध हुन्छ भन्ने मेरो बुझाइ छ । त्यसैले जनताको चाहना के हो, बुझेर काम गर्नुपर्‍यो । जनताले शान्ति चाहेका

छन् । त्यस कारण जतिसक्दो चाँडो माओवादीलाई वार्तामा ल्याउनुपर्छ । माओवादी र राजनीतिक दलहरू फरक-फरक ध्रुवमा छन्, यिनीहरू मिल्न सक्दैनन् भन्ने दरबारको त्यति बेलाको सोचाइ हो । अहिले पनि त्यही सोचाइ हुन सक्छ । नेपालमा तीन शक्ति विद्यमान छन्- राजसंस्था, राजनीतिक दलहरू र विद्रोही माओवादी । यी तीनमध्ये कुनै पनि दुई शक्ति मिले भने अर्को शक्ति कमजोर हुन्छ । सरकारको यो कदमपछि राजनीतिक दलहरू र विद्रोही माओवादी मिले भने राजसंस्था कमजोर हुन सक्छ । त्यसैले जसरी हुन्छ, माओवादीलाई शान्तिवार्तामा फर्काउने पहिलो महत्त्वपूर्ण काम हुनुपर्छ । साथै सुशासन, भ्रष्टाचार नियन्त्रण हुनुपर्छ । सँगसँगै जनताले शान्ति महसुस गर्नुपर्‍यो । जुन परिवर्तन आएको छ, त्यो जनताकै लागि हो भन्ने विश्वास दिलाउन सक्नुपर्‍यो । देशको वास्तविक धरातल बुझेर बलको सट्टा बुद्धि प्रयोग गर्नुपर्‍यो । सरकारले साधु, सन्त, बाबा, स्वामी, माता इत्यादिमा अति विश्वास गर्नु भनेको आफ्नो आत्मा कमजोर छ भनेर देखाउनु मात्र हो । मन्दिरमा पूजा गर्दा आफ्नो आत्मामा शान्ति मिल्ला तर वास्तविक धरातलमा जनताले चाहेको शान्ति भनेको शान्तिवार्ता भएर रक्तपात बन्द होस् भन्ने नै हो । यसमा विशेष विचार हुनुपर्छ ।'

मेरा कुरा सुनेर टीका जर्साबले भन्नुभयो, 'मैले जर्साबका कुरा सुनें । प्रस्ट विचार राखेकोमा खुसी लाग्यो । म सरकारमा विस्तृत रूपमा जाहेर गर्छु । दर्शनभेट मिलाउँछु । त्यो बेला जर्साबले आफैं जाहेर गर्दा राम्रो हुन्छ ।'

सरकारको टिममा केही योग्य व्यक्तिहरू थिए र केही जनाधार भएका मानिस पनि थिए । तर उनीहरूको आवाजले कुनै स्थान पाएन । स्वार्थी तथा महत्त्वाकाङ्क्षी तत्त्वहरूले नै सरकारलाई आवश्यकभन्दा बढी प्रभाव पारे । यसबीच मैले कार्टर सेन्टर मार्फत शान्ति स्थापनाका लागि प्रयास गरि नै रहें । यसै प्रसङ्गलाई लिएर मैले तत्कालीन मन्त्रिपरिषद्का उपाध्यक्षहरू डा. तुलसी गिरी र कीर्तिनिधि विष्टलाई समेत भेटेर लामै छलफल गरें । उहाँहरू दुवैले 'महाराजाधिराजबाट हाम्रो कुरा त सुनिबक्सन्छ, तर काम भने अरू कसैको सल्लाहमा हुने गरेको जस्तो लाग्छ' भन्नुभयो । उहाँहरू दुवैलाई मैले भनें, 'माओवादी समस्यालाई जतिसक्दो चाँडो वार्ताबाट समाधान गर्नुपर्छ । वार्ताबाट ठोस परिणाम आउन जति समय लागे पनि माओवादीलाई इङ्गेज गराइरहनुपर्छ, ताकि सर्वसाधारण जनताले ढुक्कसँग सुत्न पाऊन् ।' मैले यसो भन्दा डा. गिरीले 'राजाले आफ्ना कार्डहरू कसैलाई देखाइबक्सन्न, सरकारले हाम्रो कुरा सुनिबक्सन्छ तर काम हुँदैन, त्यस्तै केही मन्त्रीहरू यति उत्ताउला छन् कि भनेर साध्यै छैन' भनेर गुनासो गर्नुभयो । त्यस्तै, विष्टले आफ्नो निराशा यी शब्दमा व्यक्त गर्नुभएको थियो, 'राजाले डा. गिरी र मलाई किन राखेको ? के गर्न खोजेको ? सरकारको योजना के छ ? कसको सल्लाह लिइबक्सन्छ ? मैले केही बुझ्न सकेको छैन ।'

नेपालमा शान्तिका लागि डा. दुमन र म स्वदेशी तथा विदेशी विभिन्न पक्षसँग तथा माओवादीका केही नेता र उनीहरूका सम्पर्क-स्रोतसँग निरन्तर छलफल गरिरहेकै थियौं । २०६२ वैशाखतिर आइपुग्दा हामी दुई जना के निष्कर्षमा पुग्यौं भने सरकारबाट

शान्तिका लागि तुरुन्तै कुनै प्रयास नगर्ने हो र माओवादीलाई वार्तामा ल्याउन पहल नगर्ने हो भने भारतले छ महिनाभित्र कुनै न कुनै कदम चाल्छ । त्यो राजसंस्थाको हितमा कदापि हुँदैन । अनि हामी दुवै मिलेर राजाबाट केकस्तो कदम अपनाउनुपर्छ भनी बुँदागत प्रतिवेदन तयार पार्‍यौं । संयोगवश त्यसमा पनि १२ बुँदा नै थिए । यसपछि उपरथी टीका धमलालाई मेरो घरमा बोलाएर छलफल गर्‍यौं । उहाँलाई मैले 'देशको परिस्थिति ज्यादै गम्भीर र चुनौतीपूर्ण छ, सरकारमा चाँडै जाहेर गर्नुहोस्' भनेर हामीले तयार पारेको १२ बुँदे प्रतिवेदन दिएँ । 'आवश्यक पर्छ भने हामी दुवैलाई संयुक्त रूपमा दर्शनभेट मिलाइदिनुस्, हामीलाई जानकारी भएका सबै विषय महाराजाधिराजमा जाहेर गर्छौं' भनें । टीका जर्सावले 'मैले सबै बुझें, म सरकारमा जाहेर गरेर दर्शनभेटको समय मिलाउँछु' भन्नुभयो । यसबारे पनि हामीले कार्टर सेन्टरलाई खबर गर्‍यौं । तर धेरै दिनसम्म पनि टीका जर्सावको जवाफ आएन । यसैबीच महाराजाधिराजको शुभजन्मोत्सव मनाउने सिलसिलामा प्रमुख सैनिक सचिवालयले पूर्व सैनिक सचिवहरू र पूर्व शाही पार्श्ववर्तीहरूका लागि २०६२ असार २२ गते आयोजना गरेको रात्रिभोजको निमन्त्रणा मलाई पनि प्राप्त भयो । साथै टीका जर्सावले फोन गरेर 'रात्रिभोजमा तपाईंलाई १५-२० मिनेट दर्शनभेट बक्सने कार्यक्रम छ, तयार भएर आउनू' भन्नुभयो । सोही अनुसार म गएँ । तर त्यहाँ उहाँले भने जस्तो छुट्टै दर्शनभेट पाइनँ । हामी लाइनमा रहेको स्थानमा सवारी हुँदा सरकारबाट मलाई 'हाउ आर यु विवेक ?' (विवेक, तिमीलाई कस्तो छ ?) हुकुम भयो । मैले एक कदम अगाडि बढेर 'सरकार, मलाई त ठीक छ तर देशलाई ठीक छैन, शान्तिका लागि प्रयास गर्न ज्यादै ढिला भइसक्यो, यदि तुरुन्तै प्रयास नगर्ने हो भने इन्डिया विल कमआउट विथ सर्टेन स्टेप्स, द्याट इज गोइङ टु बी डेट्रिमेन्टल टु प्यालेस इन्ट्रेस्ट' (भारतले नेपालको समस्यालाई लिएर छ महिनाभित्र कुनै कदम चाल्दै छ, त्यो दरबारका लागि खतरनाक हुन सक्छ) सम्म बोल्न भ्याएँ । सरकार 'मैले बुझें' हुकुम भएर अगाडि बढिबक्स्यो ।

त्यस बेला सरकारले मेरा कुरा गम्भीरताका साथ लिइबक्सेन । वास्तवमा डा. दुमन र मलाई भारतले ठीक यस्तै गर्दै छ भन्ने जानकारी थिएन । तर भारतले केही न केही गर्दै छ भन्ने पूर्वाभास चाहिं अवश्य थियो । हुन पनि मैले सरकारलाई जाहेर गरेको पाँच महिनाभित्रै २०६२ मङ्सिर ६ गते नयाँ दिल्लीमा भारतको सक्रियतामा आन्दोलनरत मुख्य राजनीतिक दलहरू र माओवादीबीच १२ बुँदे सहमति भयो । मुख्य रूपमा यो सहमति राजसंस्थाका विरूद्ध संयुक्त रूपमा जनआन्दोलनमा जाने भन्ने नै थियो । त्यसपछि केके भयो भन्ने विषय अब इतिहास भइसकेको छ ।

माघ १९ को राजाको कदमले खासै सफलता पाएन । जनताले अपेक्षित राहत पाउन सकेनन् । सरकारबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई सुदृढ गरी त्यसैबाट आवश्यक काम लिनुपर्दथ्यो । तर संविधान विपरीत शाही आयोग बनाएर नेताहरूलाई उत्तेजित पार्ने र तर्साउने काम भयो । सर्वोच्च अदालतले शाही आयोगलाई असंवैधानिक ठहर गरेपछि राजाबाट माघ १९ को औचित्यबारे पुनर्विचार गर्नुपर्ने थियो ।

तर त्यसो पनि गरिएन । यस अवस्थामा राजाको अफ्रिका भ्रमण प्रत्युत्पादक हुन पुग्यो । अफ्रिकाबाट फर्केपछि परराष्ट्रमन्त्री पाण्डेले दिएको 'नेपालको परराष्ट्र नीतिमा नयाँ आयाम सुरु भयो' भन्ने अभिव्यक्ति नितान्त गैरजिम्मेवार थियो । चीनका राष्ट्रपतिलाई भेट्ने सन्दर्भमा उहाँको ११ दिनको बेइजिङ–बसाइ पनि उपलब्धिविहीन रह्यो । देशको यस्तो जटिल परिस्थितिमा राजाले जोमसोममा कलाकारहरू बोलाएर सङ्गीतको मज्जा लिनु उत्तिकै असान्दर्भिक थियो । बङ्गलादेशको ढाकामा सम्पन्न सार्क शिखर सम्मेलनमा राजाले चीनलाई सार्कमा पर्यवेक्षक बनाउन राखेको प्रस्ताव पनि पर्याप्त गृहकार्यबिना नै आएको बुझिन्छ । यसमा पूर्णतः मन्त्री पाण्डेले राजालाई फसाएको देखिन्छ । अचानक आएको यो प्रस्तावका कारण भारतले राजाले चीन कार्ड प्रयोग गर्न लागेको सोचेर राजालाई ठीक ठाउँमा ल्याउन दिल्लीमा राजनीतिक दल र माओवादीबीच १२ बुँदे सहमति गराएको थियो ।

माघ १९ को कदमपछि राजाको कूटनीतिक रणनीति पनि असफल हुन पुग्यो । मित्रराष्ट्रका प्रतिनिधिमण्डलसँग राजाले कुरा एक प्रकारले गर्ने र व्यवहारमा अर्कै काम हुने देखेर विदेशीहरू पनि अचम्ममा पर्दथे । यसै क्रममा बेलायतका विशेष दूतका रूपमा नियुक्त सर जेफ्री जेम्सलाई उपेक्षा गरी महाराजाधिराजबाट दर्शनभेट समेत बक्सेन । जेम्सले प्रधान सेनापतिलाई समेत भेट्न नपाएपछि शाही नेपाली सेनाको मानव अधिकार महाशाखामा कार्यरत महासेनानी नीरेन्द्र अर्यालसँग गुनासो पोख्नुभएछ । उहाँले केसम्म भन्नुभएछ भने, 'अमेरिका र भारत नेपालमा राजसंस्था रहेको देख्न चाहँदैनन् । तर बेलायत राजसंस्था भएको नेपालको पुरानो मित्रराष्ट्र हो । त्यसैले बेलायतलाई बेवास्ता गरेर नेपालले के पाउँछ ? यसबाट राजालाई के फाइदा पुग्छ ?'

राजाले माघ १९ को कदम चाल्ने आभास पाएपछि भारतीय गुप्तचर संस्था रअका प्रमुख र उपप्रमुख काठमाडौं आएका थिए । उनीहरूले राजा ज्ञानेन्द्रसँग गोप्य रूपमा ताहाचलस्थित प्रभाकरशमशेर जबराको घरमा एक घण्टा छलफल गरेका थिए । माघ १९ को जस्तो कदम उचित हुँदैन भन्ने भारतीय गुप्तचर निकायको सुझाव थियो भन्ने पनि मैले सुनेको थिएँ । तर स्वदेशी तथा विदेशीहरूले दिएको कुनै पनि सल्लाह र सुझाव राजालाई मान्य भएन । यसै क्रममा दिल्लीको १२ बुँदे सम्झौता भयो र आन्दोलनले गति लियो । अन्त्यमा १९ दिनको ऐतिहासिक जनआन्दोलन भयो । जनआन्दोलनकै बीचमा भारत सरकारको विशेष दूतका रूपमा काङ्ग्रेस (आई) का नेता डा. करन सिंह र विदेशसचिव श्यामशरण काठमाडौं आउनुभयो । उहाँहरूले आन्दोलनरत सबै पक्षसँग वार्ता गर्नुभयो । श्यामशरणले प्रधान सेनापति प्यारजङ्ग थापालाई भेटेर आन्दोलनकारीहरूमाथि कुनै पनि किसिमको सैनिक कारबाही भए भारतलाई मान्य नहुने चेतावनी दिनुभएको समेत सुनिन आएको थियो । यसै प्रसङ्गमा भारतीय स्थलसेनाध्यक्षले प्रधान सेनापति प्यारजङ्ग थापालाई फोन गरेर आन्दोलनरत दलहरूलाई सहयोग गर्नुपर्ने र सहयोग नगरी दमन भए मानव अधिकार उल्लङ्घनको अभियोगमा अन्तर्राष्ट्रिय अदालतमा उभिनुपर्ने चेतावनी दिनुभयो भन्ने चर्चा समेत मैले सुनेको थिएँ । आन्दोलन चर्केपछि बाध्य भएर

महाराजाधिराजबाट वैशाख ८ गते पहिलो शाही घोषणा गरी दलहरूलाई सरकार बनाउन आह्वान गरिबक्स्यो । तर यो प्रस्ताव दलहरूले मानेनन् । त्यसपछि पुनः वैशाख ११ गते अर्को शाही घोषणा मार्फत महाराजाधिराजबाट प्रतिनिधिसभा पुनःस्थापना गरिबक्स्यो । पुनःस्थापित प्रतिनिधिसभाले महाराजाधिराजलाई निलम्बन गरी संविधानसभाको यात्रा सुरु गऱ्यो । बृहत् शान्ति सम्झौतापछि देशमा अन्तरिम संविधान जारी भई माओवादी सरकारमा सामेल भयो । संविधानसभाको चुनाव २०६४ चैत २८ गते सम्पन्न भयो । त्यसमा कुनै पनि राजनीतिक दलले स्पष्ट बहुमत ल्याउन सकेन । तर माओवादी सबैभन्दा ठूलो दलका रूपमा स्थापित भयो । संविधानसभाको अनपेक्षित नतिजाले देशी तथा विदेशी शक्तिहरूको पूर्वआकलनमा उथलपुथल ल्याइदियो । माओवादी ठूलो दलका रूपमा आउनुलाई धेरै शक्तिकेन्द्रहरूले रुचाएका थिएनन् । उसलाई सत्ता सञ्चालन गर्न नदिन धेरैतिरबाट कसरत भएको थियो । यसपछि नै नेपालमा यथास्थितिवादी र प्रजातन्त्रवादी एउटा खेमामा, परिवर्तनकारी तथा सर्वसत्तावादी माओवादी अर्को खेमामा स्पष्ट रूपमा विभाजित भएका हुन् । मेरो विचारमा जनआकाङ्क्षा परिवर्तन सहितको प्रजातान्त्रिक धारमा स्पष्ट रूपले उभिएको छ ।

२०६५ जेठ १५ गते मध्यरातमा बसेको संविधानसभाको पहिलो बैठकले २४० वर्ष पुरानो राजसंस्था समाप्त गरी सङ्घीय गणतन्त्र नेपालको घोषणा गऱ्यो । माओवादीको 'जनयुद्ध', काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाको 'नेपालको पहिलो राष्ट्रपति' बन्ने महत्त्वाकाङ्क्षा र नेपालमा राजतन्त्रलाई सदाका लागि विस्थापित गर्ने भारतको रणनीतिले गर्दा हतार-हतार गणतन्त्र घोषणा हुन पुग्यो । देशको भूराजनीतिक अवस्था, भाषागत, सामरिक महत्त्व जातिगत तथा सांस्कृतिक विविधतालाई ध्यान दिंदा नेपालमा राजसंस्था आवश्यक थियो । तर अब यो विषय इतिहास भइसकेको छ । इतिहास दोहोरिन्छ भनेझैं २००७ साल र २०६२ सालको दिल्ली सम्झौतामा धेरै विषय समानान्तर छन् भन्नु अत्युक्ति नहोला । २००७ सालमा नेपालमा रहेका परम्परागत शक्ति राजसंस्था, सत्तासीन राणा शासकहरू र क्रान्तिकारी प्रजातान्त्रिक शक्ति नेपाली काङ्ग्रेसबीच दिल्ली सम्झौता भएको थियो । यस सम्झौताका कारण राजा र नेपाली काङ्ग्रेसको समीकरण बन्न गएपछि राणा शासन एक्लिएर समाप्त नै हुन पुग्यो । त्यस्तै २०६२ सालमा परम्परागत शक्ति राजसंस्था, राजनीतिक दलहरूको प्रजातान्त्रिक शक्ति र माओवादीको आमूल परिवर्तनकारी सर्वसत्तावादी शक्तिमध्ये संयोगवश दिल्लीमा नै प्रजातान्त्रिक राजनीतिक शक्ति र परिवर्तनकारी माओवादी शक्तिका बीच १२ बुँदे सम्झौता हुन पुग्यो । यसबाट राजसंस्था एक्लिएर सदाका लागि समाप्त भयो, २००७ सालमा राणा शासन समाप्त भए जस्तै गरी । दुवै पटकको मध्यस्थकर्ता भारत नै हो । साथै स्वयं राजा ज्ञानेन्द्रको अदूरदर्शी नीति र अहंपनाका कारण पनि नेपालमा चाँडै गणतन्त्र आउन सम्भव भयो । यद्यपि राजा ज्ञानेन्द्रले कुनै पनि रूपमा भारतसँग सम्झौता गरेको भए सायद राजसंस्था यति चाँडै जाँदैनथ्यो कि ? किनभने यही बेला भारतले नेपालको सार्वभौमिकतामा दीर्घकालीन रूपमा असर पर्ने गरी कैयौं प्रस्ताव अघि सारेको थियो । तर यिनलाई

राजा ज्ञानेन्द्रबाट स्वीकार नगरेको सन्दर्भ यहाँ बिर्सन मिल्दैन । तर, गणतन्त्र स्थापना गर्न आम नेपालीलाई जनमत सङ्ग्रह वा अन्य कुनै विकल्पबाट प्रत्यक्ष रूपमा सहभागी गराइएको छैन । जनतालाई जनमत सङ्ग्रहमा प्रत्यक्ष सहभागी गराई गणतन्त्रबारे निर्णय गरिएको भए त्यसले ज्यादा वैधानिकता पाउने थियो । यस विषयमा इतिहासमा कहिल्यै प्रश्न उठ्ने कुनै सम्भावना रहने थिएन । किनभने दोस्रो जनआन्दोलन राजसंस्थासँगकै एउटा सम्झौतामा आएर टुङ्गिएको इतिहास साक्षी छ, जनआन्दोलन या 'जनयुद्ध' को बलमा मात्रै नेपालमा राजसंस्था विस्थापित भएको होइन ।

## गणतन्त्र नेपाल, देशको अवस्था र नेपाली सेना

संयोगवश, गणतन्त्र घोषणा भएकै दिन २०६५ जेठ १५ गते मेरा साथी सहायक रथी दमननरसिंह राणाको असामयिक निधन भयो । म उहाँलाई अन्तिम श्रद्धाञ्जलि व्यक्त गर्न पशुपति, आर्यघाट पुगेको थिएँ । त्यहाँ प्रधान सेनापति रुक्माङ्गद कटवाल समेत आउनुभएको थियो । आर्यघाटमा राणाको दाहसंस्कार हुँदै थियो । उता वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रस्थित संविधानसभाको हलले २४० वर्षको इतिहास बोकेको राजसंस्था अन्त्य भएको घोषणा गर्दै थियो । सहरमा अनेक किसिमका हल्ला चलि नै रहेका थिए । गणतन्त्र घोषणा गर्दा सेनाबाट कुनै न कुनै प्रतिक्रिया आउने धेरैको अपेक्षा थियो । 'बेबी किङ', 'सेरेमोनियल किङ' का प्रसङ्ग पनि नआएका होइनन् । यसै सन्दर्भमा प्रधान सेनापति कटवालसँग कुरा हुँदा नेपालमा राजतन्त्र हटाएर गणतन्त्र स्थापना हुँदै गरेको घटनालाई उहाँले सामान्य रूपमा लिनुभएको प्रतिक्रिया पाइयो । आर्यघाटमै पूर्व रथीहरू सदीपबहादुर शाह, बालानन्द शर्मा, चित्रबहादुर गुरूङ पनि हुनुहुन्थ्यो । कटवाल फर्केपछि हामीले उहाँको भनाइप्रति आश्चर्य व्यक्त गर्‍यौं । नेपाली सेनालाई सधैं राजाको सेना भन्ने गरिन्थ्यो । त्यसमा पनि प्रधान सेनापति कटवाल राजदरबारले ओखलढुङ्गाबाट ल्याएर पालनपोषण गरेर सेनाको अधिकृत बनाई पछि प्रधान सेनापति समेत बनाउन चाहेका व्यक्ति हुनुहुन्थ्यो । कम से कम उहाँले राजसंस्थाबारे निर्णय गर्दा प्रत्यक्ष जनमत सङ्ग्रह मार्फत जनताको मतबाट गर्नुपर्छ भनेर अडान राख्न सक्नुहुन्थ्यो । तर प्रधान सेनापति कटवालको 'दूरदर्शिता' का कारण त्यस्तो कुनै 'अप्रिय घटना' हुन पाएन ।

संविधानसभाको पहिलो बैठकले नेपाललाई सङ्घीय गणतन्त्र नेपालका रूपमा घोषणा त गर्‍यो, तर गणतन्त्र संस्थागत गर्ने काम धेरै नै बाँकी छ । गणतन्त्र नेपालको नयाँ संविधान तयार गर्न बनेको संविधानसभा तीन वर्ष बित्न लाग्दासम्म सत्ताको खेलमै अलमलिइरहेको छ । संसद्वादी राजनीतिक दलहरू र विद्रोही नेकपा माओवादीबीच भएको सहमति अनुरूप शान्ति प्रक्रिया तार्किक निष्कर्षमा पुग्न सकेको छैन । व्यवस्थापिका संसद्को समेत जिम्मेवारी पाएको संविधानसभाबाट पटकौंको निर्वाचनपछि पनि प्रधानमन्त्रीको चयन हुन सकेन । एकातिर राजनीतिक दलहरू सत्ता सङ्घर्षमा तल्लीन रहेका छन् भने अर्कातिर विदेशी हस्तक्षेप उत्कर्षमा पुगेको छ । फलस्वरूप नेपाल

विदेशी चलखेलको क्रीडास्थल बन्न पुगेको छ । देशी-विदेशी शक्तिकेन्द्रहरूको षड्यन्त्रमा फसेर प्रमुख राजनीतिक दलहरू व्यक्तिगत तथा पार्टीगत स्वार्थभन्दा माथि उठ्न सकेका छैनन् । राष्ट्रिय स्वार्थ नराम्ररी ओझेलमा परेको छ । जातीयता र क्षेत्रीयताका उग्र नाराले देश कतै विखण्डनको दिशातिर उन्मुख हुँदै त छैन भन्ने आशङ्का हुन थालेको छ । 'एक मधेश एक प्रदेश' को मागका साथै मधेशी मुद्दाहरूले देशमा ठूलै हलचल ल्याइदिएका छन् । शान्ति सुव्यवस्थाको अभाव, आर्थिक दुरवस्था, भ्रष्टाचारको बिगबिगी, युवाहरूको विदेश पलायन आदि-इत्यादि कारणले गर्दा देश अप्ठ्यारो अवस्थामा पुगी अस्थिर राजनीतिमा थप जटिलता सिर्जना भएको छ । यस परिप्रेक्ष्यमा सभासदहरूलाई एउटा लोकगीत सुनाउन मन लाग्छ :

*कहिले होला तिम्रो मन पलाउने*
*मर्दैन आस घरबार चलाउने...*

नेपाली सेना सधैं राजदरबारकै छत्रछाया र संरक्षकत्वमा रहँदै आयो । २०४६ सालको राजनीतिक परिवर्तनपछि पनि सेनालाई दलहरूले राजाकै कित्तामा छाडे । सेनामाथि प्रमुख राजनीतिक पार्टीहरूको कुनै आस्था र विश्वास थिएन । गणतन्त्र स्थापनापछि भने सेनाप्रति पार्टीहरूको धारणा र मानसिकता पूरै बदलिएको देखिन्छ । सेनाको नाम समेत सुन्न नचाहने राजनीतिक नेताहरू सेनाका अधिकृतहरूले आयोजना गर्ने कुनै पनि पार्टीमा बाक्लै उपस्थित हुने गरेका छन् । यसलाई सकारात्मक पक्ष मान्नुपर्छ । नेकपा माओवादीसँग आफ्नै 'जनसेना' रहेका कारण पनि राष्ट्रिय सेनालाई आफ्नो बनाउन सबै राजनीतिक दलहरूको प्रयास रहेको देखिन्छ । यसै परिवेशमा माओवादीले नेतृत्व गरेको सरकारले स्वाभाविक रूपमै थपिनुपर्ने आठ जना सहायक रथीहरूको पदावधि थपेन । त्यसपछि प्रधान सेनापति कटवाललाई हटाउने औचित्यहीन निर्णय गऱ्यो । तर, पूर्ण कार्यकारी अधिकार सहितको सरकारले गरेको उक्त निर्णयलाई त्यसै दिन राति ११ बजे उल्टाउँदै राष्ट्रपति डा. रामवरण यादवले प्रधान सेनापति कटवाललाई सोझै थमौतीको पत्र पठाउनुभयो । यस्तो किन भयो भन्नेबारे बुझ्ने सबैलाई यस प्रसङ्गले अत्यन्तै गम्भीर बनाउन सक्छ । राष्ट्रपतिको पत्रका लागि कटवालले राति ११ बजेसम्म कुर्नुभयो र त्यसपछि कसको डरका कारण हो, उहाँ जङ्गी अड्डाबाट दुई दिनसम्म बाहिर कतै निस्कनुभएन । सायद नेपाली सेनाको २४० वर्षको इतिहासमा यस किसिमको यो एक मात्र घटना हो । यस घटनापछि राजदरबारको संरक्षकत्वविहीन बनेको सेनामा अन्य शक्तिले उक्त स्थान लिएमा के होला भन्ने ठूलो प्रश्नचिह्न उब्जिन पुगेको छ । सेनाको नेतृत्व वर्गले यसमा विशेष विचार पुऱ्याउनु बुद्धिमानी हुनेछ ।

२०६३ असारको कुरा हो । कटवाल बलाधिकृत रथी हुनुहुन्थ्यो । उपरथी प्रदीपप्रताप बम मल्लले पदावधि नथपिएपछि अवकाश पाउनुभयो । त्यसको प्रतिवाद गर्दै उहाँ सर्वोच्च अदालत जानुहुने भयो । त्यस बेला कटवालले र उहाँको अनुरोधमा राजदरबारमा कार्यरत उपरथी टीका धमलाले पनि मलाई फोन गरेर 'प्रदीप जर्साबले सर्वोच्च अदालतमा रिट दिन उपयुक्त हुँदैन, तपाईंले सम्झाइदिनुपऱ्यो' भन्नुभएको थियो । तर प्रदीप जर्साबले

सर्वोच्चमा रिट हाल्नुभयो र जित्नु पनि भयो । यति बेलासम्ममा कटवाल प्रधान सेनापति भइसक्नुभएको थियो । मुद्दा जितेर पनि प्रदीप जर्सालाई कटवालले न बहाली गर्नुभयो, न तलब दिनुभयो न त पेन्सन नै । तर यस्तै प्रकृतिको आठ जना सहायक रथीहरूको मुद्दामा सर्वोच्चले पूर्ण फैसला नगर्दै आन्तरिक आदेशकै भरमा कटवालले उहाँहरूलाई जङ्गी अड्डामा हाजिर गराउनुभयो । यो कार्य उहाँले आफ्नै मात्र बुद्धि-विवेकले गर्नुभयो वा उहाँका पछाडि ठूलै शक्ति लागेको थियो भन्नेबारे भविष्यमा उजागर होला, तर यसबाट प्रधान सेनापति कटवालको द्वैध चरित्र उदाङ्गो हुन्छ । त्यस्तै, उहाँले सेनाबारे जति अराजनीतिक कुरा गर्नुभयो, त्यसभन्दा बढी नितान्त व्यक्तिगत स्वार्थ बोकेर नेताहरूको घरघर धाउनुभयो । आफ्नो सकिएको पदावधि थप्न भरमग्दुर प्रयास गर्नुभयो । आफूले अवकाश पाउनुअघि एकमहिने बिदा बस्ने अघिल्लो दिन (२०६६ साउनमा) राज्यको कुनै महत्त्वपूर्ण पदमा नरहेका नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको घर महाराजगन्जमा लगेर उहाँले तत्कालीन बलाधिकृत रथी छत्रमानसिंह गुरूङलाई भावी प्रधान सेनापति भनेर चिनाउनुभयो । यो अत्यन्तै अस्वाभाविक गतिविधि थियो । भविष्यमा सेनामा राजनीतीकरण भयो भने यसको देन उहाँलाई नै जान्छ । इतिहासदेखि नै देशको सार्वभौम अखण्डता अक्षुण्ण राख्न गहन जिम्मेवारी बोक्दै आएको नेपाली सेना यस्ता विभिन्न क्रियाकलाप र अदृश्य चलखेलका कारण अहिले एक किसिमले 'क्रस रोड' मा आइपुगेको छ ।

अस्थिर राजनीति र सङ्कटपूर्ण आर्थिक अवस्थाले गर्दा नेपालमा विदेशी चलखेल र हस्तक्षेपले पनि विकराल रूप लिँदै छ । दुनियाँलाई थाहा भएकै कुरा हो र माओवादीले समेत स्वीकारेको छ, नेपालमा 'जनयुद्ध' लडिरहेका बेला माओवादी नेताहरूले भारतीय भूमि सहज रूपमा प्रयोग गरेका थिए । नयाँ दिल्लीमा भएको १२ बुँदे सम्झौतादेखि संसद् र सरकारमा माओवादीको प्रवेश तथा राजसंस्थाको अन्त्य हुँदासम्म माओवादी र भारतबीच निकट एवं सौहार्दपूर्ण सम्बन्ध थियो । तर माओवादी सरकारमा आएपछि उसको रवैयाले हुन सक्छ या भारतीय रणनीतिका कारण, पछिल्लो समयमा आएर माओवादी र भारतबीचको सम्बन्ध बिग्रिएको देखिन्छ । संविधानसभाको चुनावभन्दा अगाडिदेखि नै मधेश मुद्दाले माओवादीलाई यसको झस्का दिएको भान हुन्छ । सबै सर्वेक्षण, गोप्य सूचना तथा सञ्चार जगत्को विश्लेषण विपरीत माओवादी संविधानसभामा सबैभन्दा ठूलो पार्टीका रूपमा आएपछि जोड-घटाउको सम्पूर्ण राजनीति र कूटनीति पनि असहज अवस्थामा पुगेको हो । माओवादी नेतृत्वको सरकार गठनपछिका घटनाक्रमले माओवादी र भारतबीच रहेको 'उपयोगको कूटनीति' पर्दाअगाडि प्रकट भयो र एकआपसको सद्भाव पछि धकेलियो । यसै परिप्रेक्ष्यमा माओवादी र चीनबीच सम्पर्क विकसित भएको छ । माओवादी शान्ति प्रक्रियामा आएपछि छोटो अवधिमै चीनसँग उसको सामीप्य बढेको देखिन्छ । आर्थिक तथा सामरिक रूपले विश्वशक्ति बन्दै गरेको चीन स्वयं पनि नेपाली भूमिबाट स्वतन्त्र तिब्बतको नाममा हुने चीनविरोधी गतिविधिलाई सहन नसक्ने अवस्थामा छ । चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभाग प्रमुखले हालै नेपाल भ्रमणका अवसरमा

दिएको वक्तव्य 'चीन नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गर्दैन र अरूले पनि नगरून् भन्ने चाहन्छ' बाट पनि उसको नीति प्रस्ट हुन्छ । नेपालको भारतसँगको १९ सय किलोमिटर खुला सिमाना र यसबाट परेको प्रभावबारे सबै नेपाली परिचित छन् । तर चीनसँग पनि १४ सय किलोमिटर सिमाना जोडिएको छ भन्ने तथ्य र यसबाट पर्न सक्ने प्रभावतर्फ धेरैले कम ध्यान दिएको देखिन्छ । इतिहासका पाना पल्टाउँदा नेपाली सेनाले ब्रिटिस इन्डियाको सेनासँग ३० वर्ष लामो युद्ध लडेको छ । तिब्बती सेनालाई परास्त गरेको छ र तिब्बती सेनाको सहयोगमा आएको चिनियाँ सेनालाई पनि नुवाकोटको बेत्रावतीमा रोकेको छ । यस प्रकार भू-राजनीतिक दृष्टिकोणबाट सामरिक महत्त्व भएको देशको सेनाले आफ्नो दायित्व सफलताका साथ निर्वाह गर्नुपर्दछ । हालको चुनौतीपूर्ण परिस्थितिमा सेनाको नेतृत्व वर्गले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर देशको हितलाई ध्यानमा राख्दै परिस्थितिजन्य समस्यासँग जुधेर आफ्नो ऐतिहासिक दायित्व पूरा गर्न पछि पर्नु हुँदैन । जनताको चाहना पनि यही हो । आम नेपालीले चाहेको गणतन्त्र 'विदेशी शक्तिद्वारा नियन्त्रित गणतन्त्र' हो र ?

❖❖❖

# केही अविस्मरणीय प्रसङ्गहरू

जीवनको करिब ३५ वर्ष चार महिना मैले शाही नेपाली सेनामा बिताएँ । त्यसमध्ये करिब साढे चार वर्ष विभिन्न तालिमका क्रममा, तीन दशक राजदरबार सेवामा र बाँकी समय विभिन्न ब्यारेकमा बित्यो । महाराजाधिराजको शाही पार्श्ववर्ती र सैनिक सचिवको जिम्मेवारीमा रहँदा मौसुफसँगै नेपालका ७५ जिल्लामा पुग्ने अवसर मिलेको थियो भने त्यस्तै संसारका धेरै देश देख्ने र बुझ्ने मौका समेत प्राप्त गरेको थिएँ । यस क्रममा असङ्ख्य तीता–मीठा, रमाइला–नरमाइला, आह्लादक र हृदयविदारक घटनाहरूबाट गुज्रनुपर्‍यो । अहिले केही घटना सम्झँदा सुखद अनुभूति हुन्छ भने केहीबाट अझैसम्म मन झसङ्ग हुन्छ । ती सबैको वर्णन गर्ने हो भने मात्रै पनि ठूलै किताब बन्न जान्छ । यहाँ तीमध्ये केही अविस्मरणीय प्रसङ्ग मात्र छोटकरीमा उल्लेख गर्ने जमर्को गरेको छु ।

## हतियार कूटनीति

संसारमै कच्चा पेट्रोलियम पदार्थ र पर्यटनपछि हातहतियारको व्यापार तेस्रो ठूलो व्यापारिक कारोबारमा गनिन्छ । हतियारको व्यापारमा कमिसनको ठूलो खेल, कालोबजारी, तस्करी आदि-इत्यादि समेत हुने गरेको छ । हतियार कारोबार गर्ने माफियाहरूको अन्तर्राष्ट्रिय सञ्जाल नै रहेको पनि बताइन्छ । सन् १९८० को दशकमा भारतको 'बोफोर्स काण्ड' र जापानको 'लक हिड' काण्डले विश्वमै ठूलो चर्चा पाएका थिए । संसारका सबै देशले आधुनिक प्रविधिका हातहतियारले आफ्ना सुरक्षा निकायहरू, विशेष गरेर 'आर्म्ड फोर्सेस' लाई सुसज्जित गरेका हुन्छन्, गरिरहन्छन् । धेरैजसो देशहरूले आफ्नो आर्थिक अवस्था कमजोर भए पनि सुरक्षाको आवश्यकता र गच्छे अनुसार हातहतियार खरिद गरिरहेकै हुन्छन् । यसबाट नेपाल पनि अलग रहन सक्दैन ।

शाही नेपाली सेनाले सैनिक जवानका लागि २०२८ सालदेखि एसएलआर (सेल्फ लोडिङ सेमी अटोमेटिक राइफल) प्रयोगमा ल्याएको थियो । यसअघि सेनाले थ्रीनटथ्री हतियार प्रयोग गर्दथ्यो । दोस्रो विश्वयुद्धमा प्रयोग भएको यो हतियार भारतबाटै ल्याइएको

थियो । सेनाले एसएलआर प्रयोग गर्न थालेपछि थ्रीनटथ्री नेपाल प्रहरीलाई दिइयो । एसएलआर ज्यादै पुरानो भएको, निर्माता कम्पनीले यसको उत्पादन गर्न छोडिसकेको र यसका लागि आवश्यक पार्टपुर्जा र अन्य जरूरी सामान पनि नपाइने भएकाले सेनाका लागि नयाँ हतियार खरिद गर्न केही वर्षअगाडिदेखि नै गृहकार्य भएको थियो । साथै, संयुक्त राष्ट्रसङ्घको अनुरोधमा शान्तिसेनामा पठाइने जवानका लागि पनि आधुनिक हतियारको खाँचो परिरहेको थियो । यसै सन्दर्भमा २०५३/५४ सालमा सेनाले विभिन्न कम्पनीसँग हतियार मगाई परीक्षण गर्ने काम समेत गरेको थियो । स्वभावतः धेरै विदेशी हतियार निर्माता कम्पनीहरू आफ्नो हतियार नेपाललाई बेच्न प्रयासरत थिए । जङ्गी अड्डाको रिसर्च एन्ड डेभलपमेन्ट (आरएन्डडी) विभागको संयोजकत्वमा युद्धकार्य महाशाखा, सम्भाररथी विभागका प्रतिनिधि र सेनाको सम्बन्धित विषयका प्राविधिक सदस्य रहेको कार्यदल गठन गरी विभिन्न हतियार परीक्षण भएको थियो । कार्यदलले परीक्षणका लागि प्राप्त गरेका हतियारमा अमेरिकाको एम-१६ एटु, इजरायलका गलिल र टेभोर, जर्मनीको एचके जी-३६, अस्ट्रियाको स्टायर, भारतको इन्सास र दक्षिण कोरियाको केटु राइफल थिए । हुन त रूसमा बनेको एके-४७ पनि ल्याउने कि भन्ने समेत कुरा भएको थियो । तर त्यो धेरै पुरानो मोडल हो र 'थर्ड जेनेरेसन' को हतियार होइन भन्ने विशेषज्ञहरूको राय भएकाले ल्याइएन । एके-४७ माओवादीले पनि विभिन्न स्थानमा प्रयोग गरेका छन् भन्ने रिपोर्ट समेत आएको थियो । भारतमा कालोबजारी हुने भएकाले सायद उनीहरूले त्यहींबाट यो हतियार सहजै नेपाल भित्र्याएका हुन् ।

परीक्षणका क्रममा कार्यदलले उपलब्ध हतियारको प्रभावकारिता अनुसार अमेरिकी, जर्मन, इजरायली, अस्ट्रियाली र दक्षिण कोरियाली राइफल उपयुक्त भएको ठहर गरेको थियो । भारतको इन्सास राइफल प्राविधिक कारणबाट निम्न स्तरको रहेको रिपोर्ट थियो । शान्तिसेनाका लागि २०५३/५४ सालतिर प्रधान सेनापति धर्मपालवरसिंह थापाको कार्यकालमा केही अमेरिकी राइफल एम-१६ ए२ खरिद गरिसकिएको थियो । त्यसैले उक्त राइफल लिए पनि उपयुक्त हुने सुझाव समेत थियो । इजरायलको गलिल राइफल धेरै वर्षदेखि भैरवनाथ गण (प्यारा) ले प्रयोग गरिरहेकाले यो पनि उपयुक्त हुन्छ भन्ने ठहर थियो । त्यस्तै, दक्षिण कोरियाको के-२ राइफल अमेरिकी हतियारसँग मिल्दोजुल्दो र मूल्य पनि निकै सस्तो भएकाले यो समेत लिन सकिने सुझाव थियो । अस्ट्रियाको स्टायर राइफल र इजरायलको टेभोर राइफल बुल पप (म्यागजिनको अगाडि ट्रिगर गार्ड) प्रणालीमा रहेका कारण यो प्रविधिबारे विचार-विमर्श हुनुपर्ने सुझाव थियो । यीमध्ये पनि जर्मनीको एचके जी-३६ राइफल सबैभन्दा आधुनिक र थर्ड जेनेरेसन प्रविधिको थियो र परीक्षणमा समेत ज्यादै राम्रो देखियो । अन्य राइफलको दाँजोमा यसको मूल्य केही बढी थियो । तर जर्मन कम्पनीले पाँच हजार थान राइफल कम्पनीबाट सोझै किन्ने र अन्य राइफल नेपालमै 'एसेम्बल' गर्ने प्रस्ताव राखेको थियो । यसबाट सुरूको मूल्य बढी भए पनि नेपालमा एसेम्बल गरेपछि अन्य हतियारको दाँजोमा यसको मूल्य कम हुने थियो । साथै उक्त कम्पनीले नेपालमा हतियार एसेम्बल गरेर केही

एसियाली मुलुकलाई बेच्ने समेत सोच बनाएको थियो । यसरी नेपालमा हतियार एसेम्बल कारखाना खोलिएमा नेपालमा रोजगारीको अवसर बढ्ने मात्र नभई हतियारको आधुनिक प्रविधि समेत स्वदेश भित्रने स्थिति थियो । यसले देशको आर्थिक अवस्थालाई समेत मजबुत बनाउन मदत पुग्ने थियो । यिनै कारणहरूबाट वीरेन्द्र सरकार यस प्रस्तावप्रति सकारात्मक होइबक्सन्थ्यो भन्ने मेरो विश्लेषण छ । सबै कुराहरूमा नेपाल आत्मनिर्भर हुनुपर्छ भन्ने धारणा सरकारको थियो । हरेक वर्ष दसैंको अवसरमा महाराजाधिराजबाट हतियार फायरिङ गर्ने राजदरबारको परम्परा थियो । त्यहाँ कार्यरत शाही रक्षक वाहिनीले यसको व्यवस्था मिलाउँथ्यो । महाराजाधिराजबाट २०५७ सालको बडादसैंका अवसरमा राजदरबारस्थित सर्ट रेन्जमा एचके जी–३६ राइफलको फायरिङ परीक्षण गरिबक्सेको थियो । यसका कारण पनि महाराजाधिराजबाट यो राइफल रुचाइबक्सेको थियो ।

यसै क्रममा तत्कालीन युवराजाधिराज दीपेन्द्रबाट सेनाका नगरकोट र थानकोटस्थित फायरिङ रेन्जमा हतियारहरूको परीक्षण फायरिङ गरिबक्सेको थियो । त्यसपछि मौसुफबाट पनि एचके जी–३६ सबैभन्दा उपयुक्त हतियार हो भन्ने ठहर गरिबक्सेको थियो । ट्रेकिङका लागि मुस्ताङ सवारी हुँदा युवराजाधिराजबाट सेनाको उच्च शिखर तालिम केन्द्र, कैसाङमा समेत यसको प्रयोग गरिबक्सेको थियो । यो राइफल अति जाडो हुने स्थान कैसाङ र अति गर्मी हुने स्थान जङ्गल युद्धकला तालिम केन्द्र, अमलेखगन्जमा समेत परीक्षण गरियो । यस क्रममा प्राविधिक र प्रभावकारिताका हिसाबले यही राइफल उच्च स्तरको ठहर भयो । नेपालमै एसेम्बल गर्ने योजनाका कारण पनि यो राइफल नै लिनुपर्ने सबैको निष्कर्ष थियो । शान्तिसेनामा जाने फौजले अमेरिकी एम–१६ ए२ राइफल प्रयोग गरिरहेकाले सेनामा एकरूपता कायम गर्न यो हतियार उपयुक्त हुन्छ भन्ने सुझाव पनि छँदै थियो ।

यसैबीच भारतले आफ्नै देशमा निर्मित राइफल इन्सास बेच्न ज्यादै जोड गरिरहेको थियो । भारतले 'अन्य देशबाट हतियार नकिन, बरु हामी सस्तोमा दिन्छौँ' भनेर राजनीतिक तथा अन्य माध्यमबाट दबाव दिइरहेको थियो । भारतीय प्रस्ताव स्वयं महाराजाधिराज सरकार समक्ष पनि विभिन्न माध्यमबाट आएको थियो । त्यसका लागि नयाँ दिल्लीस्थित नेपालका राजदूत डा. भेषबहादुर थापा मात्र होइन, भारतका पूर्वप्रधानमन्त्री इन्द्रकुमार गुजराललाई समेत प्रयोग गरियो, जसले नेपाल भ्रमण गरेर महाराजाधिराज र प्रधानमन्त्री दुवैलाई इन्सास राइफल नै नेपालका लागि उपयुक्त हुने 'सल्लाह' दिनुभएको थियो । उक्त राइफलको मूल्यमा ७० प्रतिशत अनुदान दिइने र ३० प्रतिशत मात्र रकम भुक्तानी गर्नुपर्ने भारतीय प्रस्ताव थियो । यसरी उक्त राइफलको मूल्य ज्यादै कम पर्ने थियो । यसै क्रममा भारतले करिब १२ सय राइफल निःशुल्क पठायो । तर हतियार परीक्षण कार्यटोलीले उक्त राइफल कुनै पनि हालतमा नकिन्न सुझाव दियो । स्वयं भारतीय सेनाले समेत उक्त राइफलप्रति पटक्कै चित्त नबुझाएको खबर भारतीय सञ्चार माध्यममा बेलाबेला प्रकाशित हुने गरेको थियो ।

सबै राइफलको परीक्षण र विभिन्न पक्षको पर्याप्त विश्लेषणपश्चात् दरबारले

अन्ततः जर्मन हतियार किन्न शाही जङ्गी अड्डालाई स्वीकृति दियो । त्यति बेला म सैनिक सचिव थिएँ भने प्रधान सेनापति हुनुहुन्थ्यो प्रज्वल्लशमशेर जबरा । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले समेत मन्त्रिपरिषद्बाट जर्मन हतियार किन्ने सम्बन्धमा निर्णय गराउनुभयो । यस प्रकार शाही जङ्गी अड्डा र जर्मन निर्माता कम्पनीबीच नेपालले एचके जी-३६ राइफल किन्ने सम्झौता भयो ।

सम्झौतापश्चात् पाँच हजार थान जर्मन राइफलका लागि प्रतीतपत्र (एलसी) खोल्ने कार्य भयो । हतियार निर्माता कम्पनी हेक्लर एन्ड कोक जर्मन कम्पनी भए पनि यसलाई ब्रिटिस एरोस्पेसले पहिले नै खरिद गरेको थियो । त्यसैले हतियार निर्माता कम्पनीले नेपाललाई हतियार बेच्न जर्मनी र बेलायत दुवै देशबाट निकासी लाइसेन्स लिनुपर्ने कुरा आयो । नेपालले एलसी खोलिसकेको अवस्थामा कम्पनीले हतियार उपलब्ध गराउने मिति बारम्बार परिवर्तन गर्न थाल्यो । यत्तिकैमा नेपालमा अकल्पनीय राजदरबार हत्याकाण्ड भयो, जसमा वीरेन्द्र सरकारको सम्पूर्ण वंश नाश भयो । त्यसको दुई महिनापछि 'नेपाललाई हतियार बिक्री गर्न निर्यात लाइसेन्स लिन नसकेको' भन्दै कम्पनीले सम्झौता रद्द गरेको खबर जङ्गी अड्डालाई पठायो । साथै उक्त हतियार नेटो सदस्य राष्ट्रबाहेक अन्य देशलाई बिक्री नगर्ने भन्ने सर्वथा अप्रत्याशित, सम्झौतापत्रमा हस्ताक्षर गर्दासम्म कम्पनी स्वयंले परिकल्पना नगरेको नयाँ बहाना समेत कम्पनीले अकस्मात् अगाडि तेर्स्यायो । यो राइफल नेपाललाई उपलब्ध नगराउन उक्त कम्पनीमाथि ठूलै कूटनीतिक दबाव परेको र त्यसमा भारतले प्रमुख भूमिका खेलेको बुझिन आयो । खासमा, नेपालले एचके जी-३६ हतियार किन्ने र त्यसमा पनि नेपालमा एसेम्बल गर्ने कुरामै भारतको कडा आपत्ति रहेको दरबारले जानकारी पाइरहेको थियो । तेस्रो मुलुकबाट हतियार किन्न लागेको र अझ त्यस्तो हतियार नेपालमै तयार गर्न लागेको कुरा असाध्यै ठूलो टाउकोदुखाइको विषय बनेको थियो, भारतका लागि ।

यसरी अनेक दबावका कारण नेपालमा जर्मन राइफल एचके जी-३६ आउन सकेन । कसैकसैले यो हतियार भारतीय दबावकै मात्र कारणले आउन नसकेको हो भनेर समेत सोझै टिप्पणी गर्छन् । तर कारण त्यति सरल र त्यति मात्र हो भन्ने कुरामा म अहिलेसम्म पनि यकिन हुन सकेको छैन । जे होस्, यस अवस्थासम्म आइपुग्दा सेना माओवादीका विरूद्ध परिचालन भइसकेको थियो र उसलाई हतियारको जरूरत परिरहेको थियो । त्यसैले सेनाले अमेरिकी सरकारसँग अनुरोध गरेर केही अमेरिकी एम-१६ ए२ हतियार किन्ने र केही सहयोगमा लिने व्यवस्था मिलाएको थियो । केही अमेरिकी हतियार तत्कालै आयो पनि । अमेरिकाले पनि नेपाललाई सैन्य सहायता अन्तर्गत हतियार दिने कुरा भइरहेको थियो । अमेरिकी विदेशमन्त्री कोलिन पावेल नेपाल भ्रमणमा आउँदा समेत यो विषयमा अत्यन्तै महत्त्वका साथ सकारात्मक छलफल भएको थियो । तर यो सहायता प्राप्त गर्न पनि आशा र अनुमान गरिए जस्तो सजिलो भएन । मैले बुझे अनुसार, भारतकै कूटनीतिक दबावले यसमा पनि काम गरेको थियो । यसबीच, भारतले इन्सास राइफल बेच्ने प्रयास यथावत् राखी उक्त हतियार अन्य लजिस्टिक्ससँग जोडेर भए पनि नेपाललाई

उपलब्ध गराउँदै गयो । यसरी कुनै न कुनै रूपमा इन्सास नेपालले किन्नैपर्ने अवस्था सिर्जना भयो । सुरुमा बाध्य भएर पाँच हजार थान किनौँ न त भन्ने निर्णय भयो । तर त्यो हतियार फ्रन्टमा नराख्ने र ग्यारिजन पल्टनलाई दिने निर्णय भएको थियो, जुन कुरा भारतलाई मन परेको थिएन । यता, माओवादीका विरूद्धको अपरेसन अघि बढिरहेका कारण हतियारको माग झनै बढेको थियो । यही बेला बलाधिकृत रथी (पछि प्रधान सेनापति) प्यारजङ्ग थापा भारत भ्रमणमा जानुभयो । यही भ्रमणपछि इन्सास हतियार नेपाल आउने सहमति भयो ।

नेपालमा हतियार खरिदको दोस्रो पक्ष पनि महत्त्वपूर्ण छ । विश्वमा जहाँकहीं हतियारको खरिद–बिक्रीमा ठूलै रकमको चलखेल हुने गर्दछ । नेपालले हतियार खरिद गर्ने प्रसङ्गमा पनि कुनै किसिमको लेनदेन भएकै हुन सक्छ । अथवा, भारतको इन्सास र अमेरिकी सेनासँग खरिद गर्न लागेको राइफलमा चाहिं आर्थिक चलखेलको स्थिति थिएन कि ? यहाँनेर २०५४ सालमा शान्तिसेना जाने फौजका लागि सेनाले एम–१६ ए२ खरिद गरेको सन्दर्भमा एउटा घटना उल्लेख गर्नु सान्दर्भिक हुन्छ । म शाही पार्श्ववर्ती विभागमा ड्युटीमा थिएँ । सरकारको कार्यालय राति अबेरसम्म सञ्चालन भएको थियो । राति करिब साढे १० बजेतिर प्रमुख सैनिक सचिव रथी शान्तकुमार मल्लले मलाई फोन गर्नुभयो । उहाँले भन्नुभयो, 'प्रधानमन्त्री शेरबहादुर देउवाले आज मलाई डिनरमा बोलाउनुभएको थियो । म कार्यालयबाट अलि ढिला ८ बजेतिर प्रधानमन्त्री निवास, बालुवाटार पुगेको थिएँ । त्यहाँ प्रधानमन्त्रीका अतिरिक्त प्रधान सेनापति धर्मपालवरसिंह थापा, मुख्य शाही पार्श्ववर्ती उपरथी ताराबहादुर थापा, अमेरिकाका लागि शाही नेपाली राजदूत डा. भेषबहादुर थापा, मेरा बहिनीज्वाइँ विनोदशमशेर जबरा (प्रधानमन्त्री देउवाका ससुरा) र विपिन कर्माचार्य हुनुहुँदो रहेछ । जमघट देखेर मलाई अचम्म लाग्यो । म घर फर्केलगत्तै फोन गरेको हो । तुरून्तै यो कुरा सरकारमा जाहेर गरिदिनू ।' मैले पनि उहाँका कुरा महाराजाधिराजमा तत्कालै जाहेर गरेँ । तर सरकारबाट केही प्रतिक्रिया जनाइबक्सेन । अनि मलाई केही दिनअगाडिको अर्को घटना सम्झना भयो । त्यस दिन शाही जङ्गी अड्डाको कल्याणकारी कोष निर्देशनालयका निर्देशक सहायक रथी तिलकबहादुर कुँवरसँग मेरो भेट भएको थियो । उहाँले मलाई 'हिजो राति अबेरसम्म कार्यालयमा बसेर चेकमा हस्ताक्षर गर्दागर्दा हातै दुखेको छ' भन्नुभयो । मैले उहाँलाई 'किन र केका लागि ?' भनेर जिज्ञासा राखेँ । उहाँले जवाफ दिनुभयो, 'शान्तिसेनामा जाने फौजका लागि अमेरिकी एम–१६ ए२ राइफल खरिदका लागि तुरून्त ४२ करोड रूपैयाँ उपलब्ध गराउन प्रधान सेनापतिको आदेश आयो । त्यसका लागि धेरै बैङ्क र वित्तीय संस्थाबाट रकम निकाल्न धेरै नै चेक बनाउनुपर्‍यो ।' यसपछि मैले प्रमुख सैनिक सचिव शान्त जर्साबले प्रधानमन्त्री देउवाको निवासमा रात्रिभोजमा सहभागी व्यक्तिको नाम सरकारमा जाहेर गर्न गरेको अनुरोध र सहायक रथी कुँवरले भनेको प्रसङ्ग एकआपसमा सम्बन्धित भएको अनुमान गरेँ ।

२०५५ वैशाख १ गते उपरथीमा पदोन्नति भएर मैले मुख्य शाही पार्श्ववर्तीको

जिम्मेवारी सम्हालेको थिएँ । हतियार खरिदको प्रसङ्ग भने धेरै अगाडिदेखि नै सुरु भएको थियो । यसै क्रममा अति विशिष्ट व्यक्तिको सवारीका लागि हवाईजहाज आवश्यक रहेको भन्दै आरजे-१०० जहाज खरिद गर्ने चर्चा चलिरहेको थियो । उक्त जहाज सेनाको कल्याणकारी कोषको रकमबाट खरिद गरी आवश्यकता अनुसार शाही नेपाली सेनाको भीभीआईपी फ्लाइटमा प्रयोग गर्ने र अन्य बेला शाही नेपाल वायुसेवा निगमलाई भाडामा दिने योजना थियो । जर्मन हतियार एचके जी-३६ राइफल र आरजे-१०० दुवै ब्रिटिस एरोस्पेसले नै नेपाललाई बिक्री गर्न चासो राखेको थियो । तत्कालीन प्रधान सेनापति धर्मपालवरसिंह थापा बेलायत भ्रमणमा गएको समयमा यसबारे कुरा भएको रहेछ । मैले यस सम्बन्धमा सकेसम्म विस्तृत रूपमा बुझें । सम्भावित सकारँत्मक र नकारात्मक पक्षका साथै जहाजको मूल्य र अन्य आर्थिक तथा प्राविधिक पक्षहरूबारे विचार गर्दा आरजे-१०० सर्वथा अनुपयुक्त लाग्यो । यसैबीच, प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको मन्त्रिपरिषद्ले आरजे-१०० सेनाको कल्याणकारी कोषको रकमबाट खरिद गर्ने निर्णय गरेको जानकारी मलाई प्राप्त भयो । सोही दिन पुनः मन्त्रिपरिषद्को अर्को बैठक बसी केही घण्टाअगाडिको निर्णय संशोधन गर्दै सेनाको कल्याणकारी कोषको रकम र अन्य वित्तीय संस्थाबाट ऋण समेत लिई जहाज खरिद गर्ने निर्णय गरिएको जानकारी समेत मैले त्यही दिन पाएँ । यसरी एउटा हवाईजहाज खरिद गर्ने सम्बन्धमा मन्त्रिपरिषद्को बैठक आपत्कालीन अवस्था जस्तो गरेर एक दिनमा दुई चोटि बस्नु अत्यन्तै अस्वाभाविक घटना थियो । यसबारे मैले सरकारमा नितान्त व्यक्तिगत हिसाबले जाहेर गरें, 'भीभीआईपी फ्लाइटका लागि आरजे-१०० जहाज खरिद गर्ने चर्चा चलेको धेरै अगाडिदेखि हो । हालै मन्त्रिपरिषद्ले निर्णय समेत गरेको छ । श्री ५ को सरकारले यो हवाईजहाज खरिद गर्छ भने त्यसमा मेरो कुनै भनाइ छैन । तर सेनाको कल्याणकारी कोषबाट लगानी गर्ने सम्बन्धमा धेरै विचार हुनु जरूरी छ । मेरो जानकारीमा आए अनुसार जुन मूल्यमा जहाज खरिद हुन लागेको छ र जसरी आर्थिक-प्राविधिक पक्षको मूल्याङ्कन गरिएको छ, त्यसले गर्दा यो जहाजमा लगानी गरेको रकम उठाउन धेरै समस्या पर्ने देख्दछु । ब्रेक इभनमा ल्याउन नै जहाजलाई प्रत्येक दिन आठ घण्टा उडाउनुपर्ने हुन्छ, जुन कुरा प्राविधिक हिसाबले असम्भव छ । जहाज खरिद गर्ने प्रक्रियामा महत्त्वपूर्ण निर्णय लिने व्यक्तिहरू प्रधानमन्त्री, रक्षामन्त्री, प्रधान सेनापति त केही वर्षपछि उक्त पदमा नरहन सक्छन् । सिपाहीले रगत पसिना बगाएर जम्मा भएको रकम यस्तो प्रयोजनमा खर्च गरी तल-माथि भयो भने भोलि उनीहरूलाई कसले जवाफ दिने ? यो कोषको संरक्षक महाराजाधिराज स्वयं होइबक्सेकाले त्यस अवस्थामा अपजस दरबारमा आउन सक्छ । त्यसैले यो निर्णयमा पुनर्विचार हुनुपर्ने देख्दछु ।'

मेरो तर्क सुनेपछि सरकार एक छिन गम्भीर होइबक्स्यो । अन्त्यमा सरकारबाट के हुकुम भयो भने, 'यो जहाज खरिद गर्न सेनाको कल्याणकारी कोषको एक पैसा पनि खर्च गर्न हुँदैन । यदि श्री ५ को सरकारले अन्य स्रोतबाट किन्छ भने यसमा मेरो कुनै आपत्ति हुनेछैन ।'

केही समयपछि प्रधान सेनापति धर्मपालवरसिंह थापाको पदावधि सकियो । त्यसपछि नयाँ प्रधान सेनापति आउनुभयो– प्रज्वल्लशमशेर जबरा । उहाँले आफू प्रधान सेनापति हुनुअगाडि जहाज खरिद प्रक्रियाबारे नकारात्मक सोचाइ राख्नुभएको थियो । तर प्रधान सेनापति भएपछि उहाँ पनि यो जहाज खरिद गर्न सकारात्मक हुन थाल्नुभयो । परन्तु सेनाको कल्याणकारी कोषले उक्त जहाज खरिदमा लगानी नगर्ने भएपछि यो प्रसङ्ग सेलाएर गयो । आरजे-१०० जहाजमा सेनाको कल्याणकारी कोषको रकम दुरुपयोग हुन पाएन । त्यसमा आफ्नो पनि केही देन भएकाले मलाई ज्यादै सन्तुष्टि लागेको छ ।

## सन्दर्भ : सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्

पञ्चायत कालको उत्तरार्द्धतिर सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को स्थान ज्यादै महत्त्वपूर्ण र उच्च भइसकेको थियो । देशको प्राथमिक स्वास्थ्य र बालशिक्षा कार्यक्रममा समेत यसको भूमिका प्रभावकारी हुँदै थियो । परिषद् २०३६ सालदेखि २०४६ सालसम्म ज्यादै सक्रिय थियो । अध्यक्षको हैसियतमा बडामहारानी ऐश्वर्यले सामाजिक सेवाको विस्तार र समन्वयमा ज्यादै अहं र सक्रिय भूमिका निर्वाह गरिबक्सेको थियो । सामाजिक सेवाका विभिन्न आयाम र क्षेत्रमा राजपरिवारका सदस्यहरूको सक्रिय तथा महत्त्वपूर्ण सहभागिता थियो । अधिराज्यभरका अनगिन्ती गैरसरकारी संस्था (एनजीओ) र विदेशी लगानीका अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आईएनजीओ) हरूलाई समन्वय गर्नु तथा आर्थिक हिसाबले पारदर्शी बनाई नेपालका सामाजिक विकासका योजनाहरूमा सहयोग गर्नु परिषद्को उद्देश्य थियो । एकै प्रकृतिका धेरै संस्थाहरूले काम गर्दा 'ओभरल्यापिङ' नहोस् भन्ने नीति लिइएको थियो । परिषद्को आदर्श वाणी 'आत्मा साक्षी राखी मन, वचन र कर्मले सेवा गरौँ' भन्ने थियो ।

नेपाल संसारको एउटै मात्र हिन्दू अधिराज्य भएकाले यसको यो पहिचान जगेर्ना गर्नु राजसंस्थाको दीर्घकालीन हितमा थियो । साथै यो मुलुक संसारमा स्वतन्त्र र बेग्लै पहिचान बनाउन सफल समेत रहँदै आएको थियो । यस क्रममा विभिन्न एनजीओ र आईएनजीओ मार्फत ठूलो धनराशि प्रवाहित गरी नेपालको मौलिक संरचना अनेक किसिमले खलबल्याउने कोसिस हुँदै आएको थियो । नेपालमा क्रिस्चियन धर्म फैलाउने संस्थाहरूको लगानी र गतिविधि उल्लेखनीय रूपमा वृद्धि भइरहेको थियो । नेपाललाई धर्मनिरपेक्ष राष्ट्र बनाउन विदेशी संस्थाहरूले दृश्य-अदृश्य सबै प्रयास गरिरहेका थिए । हिन्दू दर्शन विश्वका ज्यादै पुराना र उत्कृष्टमध्ये गणना हुन्छ । दक्षिण एसिया, विशेष गरेर भारतबाट विभिन्न समयमा योगी, स्वामी, बाबाहरू युरोप र अमेरिका गएर दर्शन, योग, प्राकृतिक उपचार इत्यादिको माध्यमबाट धेरै ठाउँमा ठूलठूला आश्रमहरू निर्माण गर्न र लाखौंको सङ्ख्यामा अनुयायीहरू बनाउन सफल भएका छन् । उनीहरूले आफूसँग लिएर जाने भनेको केवल हिन्दू संस्कार, ज्ञान र दर्शन मात्र हो । तर कुनै पनि विदेशीले यो क्षेत्रमा प्रभाव बढाउने भनेको ठूलो रकमको मदतले हो । गरिबी, अशिक्षा र आर्थिक पछौटेपनको

फाइदा उठाएर धर्म परिवर्तन गराउनु तिनको मुख्य ध्येय हुन्छ । नेपालमा राजसंस्था रहेसम्म धर्म परिवर्तन गर्न-गराउन कानुनले नै बन्देज गरेको थियो । यसै सिलसिलामा नेपालमा धर्म परिवर्तन गराउने व्यक्तिहरू तत्कालीन कानुन अनुसार पक्राउ पर्थे । उनीहरूको रिहाइका लागि युरोप र अमेरिकाका सांसदहरूले सोझै महाराजाधिराजलाई चिठी लेख्नेसम्मको काम गर्दथे । तर तिनको चाहना पूरा हुँदैनथ्यो । यता, परिषद्को अदृश्य लक्ष्य र उद्देश्य पनि विदेशी पैसाको दुष्प्रभावबाट देशलाई बचाउनु र नेपालको धार्मिक-सांस्कृतिक पहिचान सुरक्षित राख्नु नै थियो । त्यसैले थुप्रै एनजीओ, आईएनजीओ र तिनका पृष्ठपोषक शक्तिहरूले राजसंस्थालाई ठूलो तगारोका रूपमा लिएका थिए । क्रमशः उनीहरूले हिन्दू धर्म र राजसंस्थाका विरूद्ध प्रत्यक्ष-अप्रत्यक्ष सञ्चालन हुने सबै क्रियाकलापमा समर्थन र सहयोग गर्न थाले । त्यसका निम्ति जातीय र साम्प्रदायिक भावना उक्साउने तथा परम्परागत सामाजिक संरचना विशृङ्खलित पार्ने अभियानमा समेत उनीहरू संलग्न भए । आफ्नो राजनीतिक स्वार्थपूर्तिका लागि माओवादी समेत यही रणनीति लिएर हिंडेको थियो । यस क्रममा माओवादी र क्रिस्चियन धर्म सम्बन्धी सङ्घ-संस्था तथा शक्तिहरूबीच अघोषित गठबन्धन तथा सहकार्य भएको कुरालाई नकार्न सकिने कुनै आधार छैन । माओवादीलाई क्रिस्चियन संस्थाहरूबाट प्रत्यक्ष रूपमा आर्थिक सहयोग भएका रिपोर्टहरू पनि आएकै हुन् । माओवादीले 'जनयुद्ध' को नाममा नेपालका धार्मिक मठ-मन्दिरहरू भत्काए । रातारात नेपालमा धर्मनिरपेक्षता लादियो । सत्तामा आउनासाथ हिन्दूहरूका आराध्यदेव पशुपतिनाथको मन्दिरमा चलिआएको परम्परा र पुजारीहरूका विरूद्ध उनीहरूले अत्यन्त आपत्तिजनक हस्तक्षेप गरे । यस्ता थुप्रै घटनाक्रमले समेत उनीहरूबीचको गठबन्धनतर्फ नै सङ्केत गर्दछन् ।

परिषद्का अध्यक्षको हैसियतले बडामहारानीबाट विभिन्न सङ्घ-संस्थामा मनोनीत गर्दा आफ्ना आसेपासे, नातेदारहरू नियुक्त भए भन्ने गुनासो नआएको होइन । त्यस्ता थुप्रै व्यक्तिले परिषद्लाई समाजमा आफ्नो प्रभाव देखाउने माध्यमका रूपमा प्रयोग नगरेका पनि होइनन् । काम गर्दै जाँदा परिषद्मा विभिन्न विकृति पनि स्वाभाविक रूपले प्रवेश गरेका थिए । साथै परिषद् मार्फत दरबारमा ठूलै रकम जाने गरेको समेत आरोप लाग्ने गर्दथ्यो । तर दरबारमा काम गरेको मेरो लामो अनुभव र विभिन्न क्षेत्रका सामाजिक कार्यक्रमबारे आफ्नो ड्युटीका कारण प्रत्यक्ष जानकारी भएकाले मलाई बडामहारानीबाट यसरी एक पैसा पनि लिइबक्स्यो होला भन्ने लाग्दैन । बरु मौसुफबाट व्यक्तिगत रूपमा विभिन्न सङ्घ-संस्था तथा कार्यक्रमलाई धेरै रकम चन्दा दिइबक्सेको मलाई राम्रोसँग जानकारी छ । मलाई थाहा भएसम्म परिषद् स्वतन्त्र, पारदर्शी र प्रभावकारी रूपमा अगाडि बढिरहेको, सामाजिक विकासको भाव बोकेको संस्था थियो । समग्रमा कार्य प्रगतिलाई आधार बनाएर हेर्दा यसले निकै राम्रो काम गरिरहेको थियो । यसको प्रभाव श्री ५ को सरकारका केही क्षेत्रमा समेत परेको थियो । परिषद्को प्रभावकारिताकै कारणले यसलाई 'सरकारभित्रको सरकार' पनि भन्न थालिएको थियो ।

परिषद्बारे चर्चा गर्दा मलाई एउटा घटना सम्झना हुन्छ । २०४२/४३ सालतिर

सामाजिक सेवा दिवसको सप्ताहव्यापी कार्यक्रम मनाइँदै थियो । यस क्रममा सामाजिक सेवाका विभिन्न पक्षलाई लिएर नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको सभा हलमा दुई दिनको कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । गोष्ठीमा बडामहारानी सरकार सरिक होइबक्सेको थियो । म मौसुफको एडीसीका रूपमा कार्यक्रममा थिएँ । पहिलो दिनको कार्यक्रममा कार्यपत्र प्रस्तोता कुमार खड्गविक्रम शाह र प्रा. गणेशराज सिंह हुनुहुन्थ्यो । कार्यपत्रमाथि टिप्पणी गर्ने हुनुहुन्थ्यो– प्रा. आशाराम शाक्य । टिप्पणीको अन्त्यमा प्रा. शाक्यले हाँसेर नेपालमा समाजसेवा गर्दा पनि मानसम्मान पाइँदो रहेछ भनेर आफूले गोरखा दक्षिणबाहु तक्मा पाएको प्रसङ्ग बडो व्यङ्ग्यात्मक किसिमले उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, 'मैले २००७ सालदेखि समाजसेवी दयावीरसिंह कंसाकारको प्रेरणाबाट समाजसेवा गरिरहेको छु । यस वर्ष परिषद्का सदस्यसचिव चन्द्रवीर गुरूङको नजर परेकाले तक्मा पाएँ । तर तक्मा लगाएर कोही पनि स्वर्ग त जाँदैन नि !' उहाँका कुराले हलमा ठूलो हाँसो उठ्नुका साथै ताली बज्यो । तर यत्तिकैमा बडामहारानी जुरूक्क उठेर बाहिर सवारी भयो । सरकार ज्यादै रिसाइबक्सेछ । सरकारले अरू केही नभनेर आयोजकलाई 'समयको पनि ख्याल गर्नुपर्‍यो' हुकुम भयो । किनभने, १ बजेसम्म भनिएको कार्यक्रमले १:१५ नाघिसकेको थियो । बडामहारानी रिसाएको देखेर सबै जना डरले चुपचाप भए । भोलि पल्टको कार्यक्रममा समापन मन्तव्य दिँदै बडामहारानीबाट हुकुम भयो, 'समाजसेवामा काम गर्ने विभिन्न व्यक्तिलाई महाराजाधिराजको शुभजन्मोत्सवमा तक्मा दिने प्रचलन छ । महाराजाधिराजबाट सम्मानस्वरूप तक्मा बक्सने हो । चन्द्रवीर गुरूङले तक्मा दिएर कसैले पाउँदैन ।' बडामहारानीबाट यस्तो उद्गार व्यक्त हुँदा सहभागी दीर्घाको अघिल्लो पङ्क्तिबाट मात्रै ताली बज्यो ।

## विविध घटना

### शाही पार्श्ववर्ती विभागको बुझबुझारथ

साधारणतया कुनै पनि कार्यालयमा आफ्नो जिम्मेवारी हस्तान्तरण (बुझबुझारथ) गर्दा निश्चित प्रक्रिया अपनाइएको हुन्छ । तर राजदरबारका केही कार्यालयमा अचम्म किसिमले बुझबुझारथ हुने गरेको थियो । २०५४ फागुन मसान्तको कुरा हो । मुख्य शाही पार्श्ववर्ती ताराबहादुर थापाले उपरथीको पदावधि समाप्त भई अवकाश पाउनुहुने भएको थियो । दरबारको परम्परा अनुसार चैत १ गतेदेखि एक महिनाको बिदा बसी उहाँले चैत मसान्तमा अवकाश लिनुहुने थियो । उहाँ दिउँसोको ड्युटीमा हुनुहुन्थ्यो । म उहाँलाई बदली गर्न बेलुकी ७ बजे महाराजाधिराजको कार्यालय सञ्चालन भएको स्थान मङ्गल सदन पुगेँ । म पुगेपछि उहाँले 'भित्र सरकारको दर्शनभेट भइरहेको छ, म भोलिदेखि कार्यालय आउँदिनँ, केही पर्‍यो भने फोन गर्नू, द्याट्स द वे इट इज' (जागिर भनेकै यस्तै हो) भनेर मसँग हात मिलाउनुभयो र श्री सदन (एडीसी अफिस) तिर

लाग्नुभयो । करिब आधा घण्टापछि उहाँले श्री सदनबाट फोन गरेर 'टेबलमाथि दराजको साँचो र कार्यक्रमको फाइल छ, अरू सबै कुरा तपाईंलाई थाहा छँदै छ, म घरतिर लागेँ' भनेर फोन राख्नुभयो । महाराजाधिराजको सुरक्षा तथा विभिन्न दृष्टिकोणबाट महत्त्वपूर्ण तथा चौबीसै घण्टा खुला रहने शाही पार्श्ववर्ती विभागको बुझबुझारथ यस किसिमबाट भएकोमा मलाई अचम्म लाग्यो । त्यस बेला मैले विचार गरेँ– यस्तो किसिमको बुझबुझारथ प्रक्रियालाई परिवर्तन गर्नुपर्छ । सोही अनुरूप त्यहाँबाट प्रमुख सैनिक सचिवालयमा सरूवा हुँदा मैले नियम बनाएर सबै कुराहरूको विवरण लिखित रूपमै तयार पारी दस्तखत गरी बुझबुझारथ गरेँ ।

## शशि कर्साबको हठात् अवकाश

२०४८ फागुन १ गते दिउँसोको ड्युटीका लागि म ११ बजे कार्यालय पुगेको थिएँ । शाही पार्श्ववर्ती महासेनानी शशिप्रताप केसी ड्युटी बुझाएर घर जाने तरखरमा हुनुहुन्थ्यो । त्यसै बेला सहायक रथी शान्तकुमार मल्ल पनि ड्युटीमा आउनुभयो । मैले शशि कर्साबलाई 'अब चैत १ गते तपाईंको प्रमोसन हुन्छ, त्यसका लागि तयारी गरिरहनुभएकै होला, भोजका लागि बँदेल ठीक पार्नुहोस्' भनेँ । उहाँ पनि ढुक्क हुँदै 'त्यो त भैहाल्छ नि' भन्दै हाँसेर निस्कनुभयो । उहाँ गएको त्यस्तै १५ मिनेट भएको थियो । म शान्त जर्साबसँग कुरा गर्दै थिएँ । महाराजाधिराजको फोन आयो । शान्त जर्साबको सरकारसँग के कुरा भयो, मलाई थाहा भएन । तर फोनमा सरकार रिसाइबक्सेको जस्तो लाग्यो । शान्त जर्साबले अलि असजिलो गरी कुरा गर्नुभयो । फोन राख्नेबित्तिकै उहाँले 'तुरून्त दक्षिणढोकामा फोन गरेर शशि कर्साब बाहिर निस्कनुभयो कि भएन, बुझ्नू' भन्नुभयो । मैले तत्कालै फोन गरेँ । उहाँ निस्किसक्नुभएछ । त्यसपछि शान्त जर्साबले 'शशि कर्साबको घरमा फोन गरेर घर पुग्नेबित्तिकै दरबारमा फोन गर्न खबर छोड्नू' भनेर मलाई अह्राउनुभयो । त्यसै अनुसार मैले फोन गरेँ । करिब आधा घण्टापछि शशि कर्साबको फोन आयो । शान्त जर्साबले फोनमै 'भरेदेखि तपाईं ड्युटी आउनुपर्दैन, बिदा बस्नू' भन्नुभयो । म जिल्ल परेँ । त्यसको केही बेरमै शशि कर्साबले अर्को नम्बरमा मलाई फोन गर्नुभयो । उहाँले सोध्नुभयो, 'मलाई किन भरेदेखि ड्युटीमा नआउनू भनिएको हो ? के मलाई अवकाश दिन लागिएको हो ? केही थाहा पाउनुभएको छ कि ?' मैले उहाँलाई भनेँ, 'मलाई त यसबारे केही थाहा छैन । केही जानकारी भयो भने तपाईंलाई खबर गरूँला ।'

केही समयपछि बुझ्दा उहाँलाई अवकाश दिने निर्णय भएको रहेछ । दरबारको परम्परा अनुसार उहाँलाई एक महिनाको बिदामा बस्न भनिएको रहेछ । उहाँले १८ वर्ष सरकारको सेवा गर्नुभएको थियो । पदोन्नतिको आशामा हुनुहुन्थ्यो र प्रमुख सैनिक सचिव भएर राजदूत समेत हुने चाहना राख्नुभएको थियो । त्यस्तो व्यक्तिले यसरी हठात् अवकाश पाउँदा हामीलाई त नमज्जा लाग्यो भने उहाँलाई कस्तो भयो होला ! मैले यसबारे शान्त जर्साब, तारा जर्साबसँग कुरा गरेँ । उहाँहरू कसैबाट चित्तबुझ्दो जवाफ पाइनँ । तारा जर्साबलाई चाहिं यसबारे पहिले नै केही थाहा थियो कि जस्तो लाग्यो ।

## संवाद सचिवसँग फोन संवाद

कुरा २०३३/३४ सालतिरको हो । एक शनिबार म शाही पार्श्ववर्ती विभागमा ड्युटीमा थिएँ । मेरा हाकिम ताराबहादुर थापा त्यस दिन बिदामा हुनुहुन्थ्यो । दरबारको प्रचलन अनुसार त्यसताका एडीसीहरूलाई महिनाको दुई दिन मात्र बिदा दिइन्थ्यो । उक्त बिदा पनि सार्वजनिक बिदाको दिन पारेर मात्र बस्ने प्रचलन थियो । त्यस दिन दुई बजेतिर महाराजाधिराजबाट मलाई फोन गरिबक्सेर 'चिरन (संवाद सचिव चिरनशमशेर थापा) लाई यो नम्बरमा फोन गर्न लगाऊ' हुकुम भयो ।

मैले तत्कालै उहाँको घरमा फोन गरेँ । फोन उठाउने व्यक्तिले 'कहाँबाट गर्नुभयो ?' भनेर सोध्यो । मैले 'राजदरबार एडीसी अफिसबाट' भनेँ । उसले 'पर्खिनुस् है' भन्यो । फेरि तुरुन्तै 'को बोल्नुभएको ?' भनेर सोध्यो । मैले 'म क्याप्टेन विवेक शाह' भनेँ । त्यो व्यक्तिले 'एक छिन है, म हेर्छु' भन्यो । अनि एक छिनपछि 'उहाँ बाहिर जानुभएको रहेछ' भन्यो । मलाई आभास भइसकेको थियो कि संवाद सचिव थापा घरमै हुनुहुन्छ, तर मसँग कुरा गर्न चाहनुहुन्न । अनि टेलिफोन उठाउने व्यक्तिलाई रिसाएर 'फटाहा, झूट कुरा बोल्छस् ? तेरो बाउलाई तुरुन्त टेलिफोन दे' भनेँ । त्यो व्यक्ति डराएर बोलाउन गयो । त्यसपछि तुरुन्तै संवाद सचिव थापाले मसँग कुरा गर्नुभयो । मैले नम्र भएर भनेँ, 'सर, आज शनिबार बिदाको दिन भन्ने कुरा मलाई राम्रोसँग थाहा छ । मैले तपाईंलाई रहर लागेर फोन गरेको होइन । कामले नै गरेको हो । तपाईंले यसरी एडीसी अफिसबाट आएको फोनलाई बेवास्ता गर्नु त भएन नि !' उहाँले भन्नुभयो, 'सरी क्याप्टेनसाब, फोन उठाउने मान्छेले कुरै गर्न जानेन ।' मैले 'सर, त्यसो भए जान्ने मान्छे फोन उठाउन राख्नुस्, महाराजाधिराजबाट हुकुम भएको छ यो नम्बरमा तुरुन्त सरकारलाई फोन गर्नुस्' भनेर फोन राखिदिएँ । उहाँले करिब २० मिनेटपछि मलाई फोन गरेर 'क्याप्टेनसाब, मेरो सरकारसँग कुरा भयो, थ्याङ्क यु भेरी मच, अघिको सन्दर्भमा म पुनः क्षमा चाहन्छु' भन्नुभयो । त्यसपछि उहाँले केही महिनासम्म उक्त घटनाबारे 'सरी' भन्दै आउनुभयो । आजसम्म पनि उहाँले मसँग बोल्दा अलिक सतर्कता अपनाएको जस्तो लाग्छ ।

## मतपेटिका साट्ने योजना विफल

२०४३ सालमा काठमाडौँ नगर पञ्चायतको चुनाव सम्पन्न भयो । प्रधानपञ्चको चुनावमा उम्मेदवारहरू धेरै भए पनि मुख्य प्रतिस्पर्धा पञ्चायतका रविचरण श्रेष्ठ र जनपक्षीय हरिबोल भट्टराईबीच थियो । श्रेष्ठ पञ्चायत नीति तथा जाँचबुझ समितिबाट अनुमोदित सरकारी उम्मेदवार हुनुहुन्थ्यो भने भट्टराई प्रजातान्त्रिक विचारधाराको स्वतन्त्र उम्मेदवार । चुनाव भएको भोलि पल्टैदेखि राष्ट्रिय सभागृहमा मतगणना सुरु भएको थियो । पहिलो दिनकै मतगणनामा भट्टराई अन्य प्रतिद्वन्द्वीभन्दा निकै अगाडि हुनुहुन्थ्यो । यो क्रम भोलि पल्टसम्म जारी थियो । यसैबीच अपराह्न ४ बजेतिर प्रमुख सचिव रञ्जनराज खनालले मलाई फोन गरेर भन्नुभयो, 'हालसम्मको परिणाम हेर्दा विपक्षी उम्मेदवार भट्टराईले सरकारी उम्मेदवारभन्दा धेरै नै अग्रता कायम गरेको स्थिति छ । त्यसैले आज राति अर्को

उपाय गर्ने भनेर प्रधानमन्त्री मरीचमानसिंह श्रेष्ठले भन्नुभएको छ । यो कुरा सरकारमा जाहेर होस् । यसबारे पहिले पनि सरकारमा जाहेर भएको छ ।'

त्यसपछि मैले भनैं, 'सर, यति महत्त्वपूर्ण कुरा रहेछ । म सरकारसँग टेलिफोन मिलाउँछु । आफैं जाहेर गर्नुभए राम्रो हुन्छ ।' उहाँले 'पर्दैन-पर्दैन, सरकारबाट एडीसीलाई खबर गर्नू हुकुम भएको छ' भनेर टेलिफोन ढ्याक्क राखिदिनुभयो । उहाँका कुराले म अलमलमा परेँ । यसबारे मलाई केही जानकारी थिएन । भट्टराईलाई अनैतिक तरिकाले हराउन खोजेको जस्तो मलाई लाग्यो । विचार गरेँ– यो विषय पर्दाफास भयो भने त श्री ५ को सरकार मात्रै होइन, राजसंस्थालाई समेत नराम्रो असर पर्न जान्छ । त्यसैले प्रमुख सचिव खनालले मलाई जति कुरा भन्नुभएको थियो, त्यसमा आफूलाई लागेको धारणासहित सरकारमा जाहेर गरेँ । सरकारबाट कुनै प्रतिक्रिया बक्सेन । 'ल' मात्र हुकुम भयो । यस क्रममा मैले सरकारी उम्मेदवार श्रेष्ठले हार्ने पक्का भएपछि प्रजातान्त्रिक खेमाका भट्टराईलाई हराउन प्रधानमन्त्री र पञ्चायत नीति तथा जाँचबुझ समितिका पदाधिकारीले मतपत्रका बक्सा नै परिवर्तन गर्ने योजना बनाएको बुझेँ । स्मरण रहोस्, पञ्चायतभित्र पनि विभिन्न गुट-उपगुट रहेका हुनाले कसलाई जिताउने, कसलाई हराउने भन्ने खेल र षड्यन्त्र प्रशस्त हुन्थ्यो । यस पालि चाहिं भट्टराईलाई हराउने योजना कार्यान्वयन भएन । उहाँ अत्यधिक मतले काठमाडौं नगर पञ्चायतको प्रधानपञ्चमा विजयी बन्नुभयो । यसरी त्यो बेला वास्तविक जनमत विपरीत गर्न खोजिएको षड्यन्त्रका विरूद्ध आफ्नो सानो सुझावबाट राजसंस्थालाई पर्न सक्ने नकारात्मक असरबाट बचाउन सकेको सम्झँदा खुसी नै लाग्छ ।

## बडामहारानी रिसाएको क्षण

भारतको बेङ्लोरमा २०४३ सालमा सार्क शिखर सम्मेलन थियो । सम्मेलनपछि सरकारहरूबाट तिरूपति बालाजी (वेङ्कटेश्वर) दर्शन गर्ने कार्यक्रम थियो । सार्क शिखर सम्मेलन र तिरूपति सवारीका लागि समेत सुरक्षा व्यवस्था मिलाउन मलाई खटाइएको थियो । त्यस अनुसार शाही नेपाली सेनाको एभ्रो जहाजसहित अग्रिम टोलीको नेतृत्व गर्दै दुई दिनअगाडि म बेङ्लोर पुगेको थिएँ । त्यो बेला तिरूपतिमा ठूलो विमान अवतरण गर्न सक्दैनथ्यो । अन्य वायुसेवाहरूको उडान तालिका समेत मिलाउन सकिएन । त्यसैले यहींबाट एभ्रो जहाज लिएर जानुपरेको थियो । सार्क शिखर सम्मेलनपछि सरकारहरूको तिरूपतिको कार्यक्रमका लागि सुरक्षा टिम र नयाँ दिल्लीस्थित शाही नेपाली राजदूतावासमा कार्यरत प्रथम सचिव जनकबहादुर सिंह सहित म सवारीको अघिल्लो दिन मोटरमा तिरूपति गएँ । बेङ्लोरबाट त्यहाँ पुग्न छ-सात घण्टा लाग्यो । बेलुका भइसकेको थियो । त्यसभन्दा करिब १५ दिनपहिले नयाँ दिल्लीबाट शाही नेपाली राजदूत जगदीशशमशेर जबराले आफैं तिरूपति गएर कार्यक्रम तय गरी राजदरबारलाई जानकारी गराउनुभएको थियो । त्यहाँको चलन अनुसार तिरूपति बालाजीमा भक्तजनद्वारा प्रत्यक्षतः कुनै पूजाआजा नहुने, दर्शन मात्र हुने रहेछ । पूजा गर्न चाहनेले अर्कै स्थानमा रहेको मण्डपमा सम्पूर्ण

पूजा सामग्री सहित पूजा गर्नुपर्ने प्रचलन रहेछ । राजदूतद्वारा सोही अनुसार कार्यक्रम तय गरेर काठमाडौंमा जाहेर भएको थियो । हामी त्यहाँ पुगेपछि उक्त मण्डपमा पूजा गर्न समय लाग्ने बताउँदै त्यहाँ महाराजाधिराजले समेत धोती लगाएर मात्र पूजा गर्नुपर्ने जानकारी दिइयो । यस्तै समस्या पहिले केरलास्थित गुरु वायुवर मन्दिरमा पनि भएको थियो । धोती लगाएर मात्र मन्दिरभित्र जान मिल्ने भएका कारण महाराजाधिराजबाट मन्दिरबाहिरैबाट दर्शन गरिबक्सेको थियो । तिरुपतिमा पनि सरकारलाई सार्वजनिक स्थानमा, त्यो पनि विदेशी भूमिमा पूजाका लागि भनेर धोती पहिऱ्याउने कुरा हुँदैनथ्यो । तिरुपतिमा टेलिफोनको राम्रो प्रबन्ध नभएका कारण यसबारे सरकारहरूमा खबर गरी के गर्ने भनेर निर्देशन लिन सक्ने अवस्था पनि भएन । त्यसैले तिरुपतिका पुजारीहरूको सल्लाह बमोजिम सरकारबाट दर्शन मात्र गर्ने र मन्दिरको ट्रस्टका पदाधिकारीहरूसँग छलफल गर्ने कार्यक्रम तय भयो । भोलि पल्ट सरकारहरूको सवारी एभ्रो विमानबाट तिरुपति विमानस्थलमा भयो । त्यहाँ ट्रस्टका तर्फबाट सरकारहरूको भव्य स्वागत भयो । मन्दिर परिसरसम्म मोटरमा सवारी चलाइयो । त्यहाँ पनि राम्रो स्वागत-सत्कार भयो । सरकारहरूलाई तिरुपति बालाजीको दर्शन गराइयो । त्यसपछि विश्राम तथा लन्चका लागि स्थानीय होटलमा सवारी चलाइयो । एयरपोर्टमै मैले कार्यक्रमबारे सामान्य बिन्ती चढाएको थिएँ ।

सरकारहरू होटलमा सवारी भएपछि सुरुमा प्रमुख निजी सचिव नारायणप्रसाद श्रेष्ठसँग कुरा गरिबक्स्यो । एकै छिनमा उहाँ रातो मुख लगाएर बाहिर निस्कनुभयो र मलाई 'सरकारबाट भित्र बोलाइबक्सेको छ' भन्नुभयो । म भित्र पुगेको मात्र थिएँ, बडामहारानीबाट 'मण्डपमा हुने भनिएको पूजा कहाँ हुन्छ ?' भनेर रिसाएको स्वरमा सोधिबक्स्यो । मैले 'सरकार, महाराजाधिराज सरकारबाट धोती पहिरिनुपर्ने भएका कारण मण्डपको पूजा स्थगन गरियो, यहाँका पुजारीले पनि दर्शनको मात्र कार्यक्रम राख्न सुझाव दिए, यो जानकारी टेलिफोन समस्याका कारण समयमा जाहेर गर्न सकिएन' भनी बिन्ती चढाएँ । त्यसपछि बडामहारानीबाट धाराप्रवाह मलाई तथानाम गाली गरिबक्स्यो । मलाई बोल्ने मौका पनि बक्सेन । झन्डै १५ मिनेटजति मैले गाली खाएँ । महाराजाधिराजले एक शब्द पनि बोलिबक्सेन । मैले बोल्ने मौका पाउनासाथ 'सरकार, यहाँको कार्यक्रम मिलाउन पहिले राजदूत आउनुभएको थियो, उहाँले सबै कुरा जानकारी गराउनुपर्थ्यो' भन्नसम्म भ्याएँ । त्यसपछि अर्को १० मिनेट बडामहारानी सरकारको गाली खाएँ । मौसुफ चुप लागेको मौका पारी म बाहिर निस्कें । त्यसपछि राजदूत जगदीशशमशेरको भित्र जाने पालो आयो । उहाँले पनि अर्को १० मिनेट गाली खानुभएछ । त्यसपछि उहाँ पनि रातो मुख लगाएर निस्कनुभयो । यसपछि सरकारहरूबाट लन्च ज्युनार भयो ।

लन्चपछि तिरुपति बालाजीको ट्रस्ट सम्बन्धमा त्यसका पदाधिकारीहरूबाट सरकारहरूमा विस्तृत रूपमा जाहेर भयो । त्यस बेला उक्त ट्रस्टको ५४ करोड भारतीय रुपैयाँ बैङ्कमा बचत थियो । ट्रस्टबाट मेडिकल, इन्जिनियरिङ, कृषि कलेजहरू समेत चलाइएको जानकारी पाइयो । त्यस बेला र सम्भवतः आजसम्म पनि तिरुपति बालाजी

भारतका मन्दिरहरूमा सबैभन्दा धनी मानिन्छ । छलफलका क्रममा पनि बडामहारानीबाट पूजाको प्रसङ्ग उठाइबक्स्यो । त्यस बेला मूलपुजारीले के जवाफ दिनुभयो भने, 'भगवान्को मन्दिरमा गएर दर्शन गर्नु भनेको शिर झुकाएर भगवान्प्रति समर्पित छु भनेको हो । यो नै सबैभन्दा ठूलो कुरा हो । अन्य पूजाआजा, धूप, दीप, नैवेद्य भन्ने कुराहरू तपसिलका हुन् । यहाँ आएर दक्षिणा चढाउने हो भने धेरै किसिमका योजनाहरू छन् । त्यस अनुसार नगद र जिन्सी चढाउन सकिन्छ ।' त्यस बेला सरकारहरूबाट दुई वटा असर्फी र केही रकम चढाउनलाई बक्स्यो । त्यसपछि बल्ल बडामहारानी सरकारको रिस शान्त भएको जस्तो लाग्यो ।

तिरुपतिमा गाली खाएको दिन म यति अघाएँ कि बेलुकी बेङलोर नपुगेसम्म मलाई पानी पनि खान मन लागेन । विदेशी भूमिमा त्यस किसिमको गाली खानुपर्दा स्वाभाविक रूपले नमज्जा हुने नै भयो । जे होस्, नेपाल फर्केपछि महाराजाधिराजबाट पशुपति विकास कोष स्थापना गरिबक्स्यो । कोषको पहिलो अध्यक्ष बडामहारानी सरकार स्वयं होइबक्स्यो । यो भने तिरुपति भ्रमणको सकारात्मक र सुखद पक्ष थियो । दुर्भाग्यवश, जस्तो परिकल्पना गरेर पशुपति विकास कोष स्थापना गरिएको हो, पञ्चायतको समाप्तिले त्यो सार्थक हुन सकेन । बहुदलीय प्रजातन्त्रपछि त यो कोष राजनीतिक दलहरूका नेता तथा कार्यकर्ताको जागिर खाने थलोमा परिणत भएको छ ।

## प्रमुख निजी सचिवसँगको छलफल

२०४६ सालको उत्तरार्द्धतिर प्रतिबन्धित राजनीतिक दलहरू र तिनका भ्रातृ सङ्गठनले बहुदलीय प्रजातन्त्र स्थापनार्थ आन्दोलन सुरु गरेका थिए । आन्दोलनले गति लिँदै थियो । वरिष्ठदेखि कनिष्ठसम्मका पञ्चहरूले संसारभर फैलिएको प्रजातन्त्रको लहरलाई बुझ्न सकेका थिएनन् । उनीहरू जनता पञ्चायती व्यवस्थाकै पक्षमा एक ढिक्का छन् भन्ने भ्रममा थिए । मुठीभर व्यक्तिहरूले विदेशीको आडमा आन्दोलन सञ्चालन गरेको भन्ने आरोप लगाइरहेका थिए । प्रतिबन्धित राजनीतिक दलहरूलाई अराष्ट्रिय तत्त्व र विदेशीबाट सञ्चालित 'भेडाको छाला ओढेका ब्वाँसा' भन्नमा नै समय खर्चेका थिए । आन्दोलन सुरु हुन लाग्दा माघ महिनामा म बिदा लिएर बुबाको स्वास्थ्य उपचारका लागि बैङ्कक गएको थिएँ । उहाँको अपरेसन भएका कारण म बैङ्ककमा करिब चार हप्ता बसेँ । नेपालको आन्दोलनबारे त्यहाँ पनि धेरै समाचार आइरहेका थिए । बुबाको उपचारपछि म फागुन ८ गते काठमाडौं फर्कें । मेरो बिदा अझ केही दिन बाँकी थियो । तैपनि म फागुन ९ गते राजदरबार गएँ । त्यस बेला सरकारको सवारी पश्चिमाञ्चल विकास क्षेत्रको भ्रमणको सिलसिलामा पोखरामा थियो । सवारी फिर्ता हुन अझै एक महिना बाँकी रहेछ । राजदरबार सचिवालयमा सैनिक सचिव शान्तकुमार मल्ल र प्रमुख संवाद सचिव चिरनशमशेर थापासँग मेरो सामान्य कुराकानी भयो । उहाँहरू दुवैले 'हामीले पोखरा पठाएका विश्लेषण र सुझावहरू महाराजाधिराजमा कसरी जाहेर भइरहेको छ थाहा छैन, आन्दोलनप्रति

पोखराबाट विचार पुऱ्याएको जस्तो लाग्दैन' भनी गुनासो गर्नुभयो । पोखरा सवारीमा प्रमुख सचिव रेवतीरमण खनाल, प्रमुख सैनिक सचिव रथी ऋषिकुमार पाण्डे र मुख्य एडीसी सहायक रथी ताराबहादुर थापाका साथै पञ्चायत नीति तथा जाँचबुझ समितिका पदाधिकारीहरू संलग्न थिए ।

त्यसपछि म प्रमुख निजी सचिव नारायणप्रसाद श्रेष्ठको कार्यालय गएँ । कुराकानीको प्रसङ्गमा मैले भनें, 'आन्दोलनले गति लिइरहेको देखिन्छ । अन्तर्राष्ट्रिय माहोल पनि प्रजातन्त्रकै पक्षमा छ । म हिजो मात्र बैङ्ककबाट फर्केको हुँ । त्यहाँका पत्रपत्रिकामा समेत नेपालको आन्दोलनबारे महत्त्व दिएर समाचार प्रकाशित भएका थिए ।' उहाँले मेरो कुरा सुनेर 'यो आन्दोलनले गति लिन सक्दैन, केही सीमित नेताहरूलाई विदेशीले सघाइरहेका छन्' भन्ने टिप्पणी गर्नुभयो । साथै उहाँले 'पञ्चायत व्यवस्था जनमत सङ्ग्रहबाट जनताले नै अनुमोदन गरेको व्यवस्था भएकाले जनचाहनाका विरूद्ध जान पनि मिल्दैन' भन्नुभयो । यो कुरा सुनेर मैले उहाँलाई प्रस्टसँग भनें, 'मेरो विचारमा जनमत सङ्ग्रहको जुन परिणाम छ, ५५ प्रतिशत र ४५ प्रतिशत, त्यसलाई हेर्दा एउटा चुनाव अवधि अर्थात् पाँच वर्षका लागि मात्र जनताले पञ्चायतलाई अनुमोदन गरेको जस्तो छ । यदि पञ्चायती व्यवस्था जनताका लागि निर्विकल्प हो भने जनताको समर्थन ९० प्रतिशतभन्दा बढी हुनुपर्ने थियो । त्यसैले जनमत सङ्ग्रह भएको १० वर्षपछि जनताद्वारा अनुमोदित व्यवस्था भनेर रटान गरिरहन मिल्दैन कि ? दरबारले यसबारे पुनर्विचार गर्नुपर्छ । पञ्चायतको पक्षमा रहेको त्यो ५५ प्रतिशत जनमत समेत पूरा राज्यशक्ति लगाएर आएको तथ्य त बिर्सन मिलेन नि !' मेरा कुरा सुनेर उहाँले गम्भीर हुँदै भन्नुभयो, 'भाइ, आई इन्टायर्ली एग्री विथ यु । यु आर नट फार फ्रम दी ट्रुथ । हामीले विश्लेषण गरेर पोखरा पठाएकै छौं । तर उताको धारणा बेग्लै देखिन्छ । यस्तो अवस्थामा हामी के गर्न सक्छौं ?'

महाराजाधिराज पश्चिमाञ्चल विकास क्षेत्रको भ्रमण सकेर चैत ११ गते काठमाडौं सवारी भयो । त्यसको भोलि पल्ट मर्निङ वाकको समयमा सरकारबाट 'बाहिरको परिस्थिति के छ, विवेक ?' भनेर सोधिबक्स्यो । मैले बिन्ती चढाएँ, 'सरकार, आन्दोलनले गति लिएको देखिन्छ । अन्तर्राष्ट्रिय परिस्थिति पनि त्यस्तै छ । त्यसैले सरकारबाट गम्भीरतापूर्वक विचार गरिबक्सनुपर्छ ।' तर सरकारबाट 'मुठीभर व्यक्तिहरूले जनताले अनुमोदन गरेको पञ्चायती व्यवस्थाका विरूद्ध विदेशीको इसारामा आन्दोलन गरिरहेका छन्' हुकुम भयो । मैले मनमनै विचार गरें– केही व्यक्तिहरू सरकारलाई वास्तविकताभन्दा टाढा राख्न सफल भएका रहेछन्, सायद मेरो कुरा सरकारलाई चित्त बुझेन ।

मैले सरकारमा उक्त कुरा जाहेर गरेको केही दिनपछि नै आन्दोलनले उग्र रूप लियो । चैत २४ गते प्रधानमन्त्री मरीचमानसिंह श्रेष्ठलाई हटाइयो र लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री नियुक्त हुनुभयो । त्यसको दुई दिनपछि चैत २६ गते पञ्चायती व्यवस्थाको अन्त्य हुन पुग्यो । चन्द पञ्चायती व्यवस्थाको अन्तिम प्रधानमन्त्री हुनुभयो ।

## सेनामा दुई रथी दरबन्दी थप

२०५० चैत महिनाको अन्तिम साताको कुरा हो । साढे ३ बजेतिर म सरकारको सवारी कार्यालयतर्फ चलाउन तयारी गर्दै थिएँ । श्री सदन पोर्टिको (सवारीका लागि मोटर राख्ने स्थान, जहाँ शाही रनरहरू ड्युटीमा बस्छन्) बाट शाही रनरले अकस्मात् मलाई फोन गरेर 'सरकार बाहिर सवारी होइबक्सन लागेको छ, तुरुन्त भित्र आउनू' भने । म दौडेर भित्र गएँ । सरकार मोटरमा राज होइबक्सेको रहेछ । म पुगेपछि मलाई 'बस' हुकुम भयो । म सदाभैँ बायाँ सिटमा बसेँ । सरकारबाट आफैँ मोटर चलाइबक्स्यो । अनि मलाई एउटा खाम बक्सेर 'हेर' हुकुम भयो । उक्त खाम एक घण्टाअगाडि प्रमुख सैनिक सचिवालयले 'अत्यन्त जरूरी, गोप्य' भनेर चढाएको मलाई जानकारी थियो । तर त्यसमा के थियो भन्ने मलाई थाहा थिएन । मैले खाम खोलेँ । खामभित्र 'मन्त्रिपरिषद्को निर्णय अनुसार शाही नेपाली सेनामा दुई रथीको दरबन्दी थप भएको' पत्र रहेछ ।

सरकारबाट मलाई हुकुम भयो, 'तिमीलाई यसबारे के जानकारी छ ?' मैले बिन्ती चढाएँ, 'सरकार, यो उच्च स्तरको निर्णयबारे हामीलाई जानकारी हुँदैन ।' सरकार ज्यादै रिसाएको मुडमा होइबक्सन्थ्यो । फेरि हुकुम भयो, 'तिम्रो विचारमा यसबारे कसलाई थाहा हुन सक्छ ?' मैले बिन्ती चढाएँ, 'सरकार, यो उच्च स्तरको विषय भएकाले प्रधान सेनापति र प्रमुख सैनिक सचिवलाई जानकारी हुन सक्छ ।' सरकारबाट पुनः हुकुम भयो, 'ह्वाई दे डिड नट टेल मी ?' यसको मसँग कुनै जवाफ थिएन । म चुपचाप बसेँ । मनमनै सोचेँ– सरकार आज ज्यादै रिसाइबक्सेको रहेछ, ड्युटी नसकिएसम्म मैले सरकारको कस्तोकस्तो रिस देख्नुपर्ने हो !

यस्तै अवस्थामा सरकार कार्यालय पुगिबक्स्यो । कार्यालय पुग्नासाथ 'शान्तकुमार (प्रमुख सैनिक सचिव) लाई बोलाऊ' हुकुम भयो । मैले तत्कालै उहाँलाई फोन गरेर बोलाएँ । उहाँ सरकारको दर्शनमा जानुभयो । करिब १५ मिनेटपछि रातो मुख लगाएर बाहिर निस्कनुभयो र मलाई 'म प्रधान सेनापतिलाई बोलाउँछु, गेटमा खबर गरिदिनू' भनेर आफ्नो कार्यालयतर्फ लाग्नुभयो ।

त्यसपछि सरकारबाट मलाई भित्र बोलाइबक्स्यो र 'प्रमुख सचिव रेवतीरमण (खनाल) लाई बोलाऊ' हुकुम भयो । मैले बोलाउनासाथ उहाँ तुरुन्तै आउनुभयो । उहाँ पनि करिब १५ मिनेटजति दर्शनभेटपछि बाहिर निस्कनुभयो । अनि मलाई भन्नुभयो, 'प्रधान सेनापति बाहिर निस्केपछि मलाई खबर गर्नुहोला । म प्रधानमन्त्रीलाई बोलाउँछु । गेटमा पनि खबर गरिदिनुहोला ।'

एकै छिनपछि प्रधान सेनापति गडुलशमशेर जबरा आइपुग्नुभयो । उहाँ र प्रमुख सैनिक सचिव शान्त जर्साब सरकारको जाहेरीमा जानुभयो । त्यहाँबाट करिब २० मिनेटपछि बाहिर निस्कनुभयो । दुवै जना मलिन अनुहारमा, स्तब्धभैँ देखिनुहुन्थ्यो ।

उहाँहरू निस्केपछि मैले प्रमुख सचिव खनाललाई खबर गरेँ । त्यसको १० मिनेटमै प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला आइपुग्नुभयो र दर्शनभेटमा प्रवेश गर्नुभयो । प्रधानमन्त्री पनि करिब १५ मिनेटपछि निस्कनुभयो । त्यसपछि प्रमुख सचिव खनाल

जाहेरीमा पस्नुभयो । यति बेलासम्ममा ७ बजिसकेको थियो । आफ्नो बदलीको समय भएकाले म एडीसी टीका धमलालाई ड्युटी बुझाएर बाहिर निस्किएँ । महाराजाधिराज आजजति रिसाएको मैले कहिल्यै देखेको थिइनँ । सकुशल बाहिर निस्कन पाउँदा ठूलो बोझ बिसाएको जस्तो लाग्यो ।

दर्शनभेटका क्रममा महाराजाधिराजबाट दुई रथीको दरबन्दी कसरी सिर्जना भयो भनेर प्रधानमन्त्री कोइरालालाई सोधिबक्सेको रहेछ । प्रधानमन्त्रीले बडो सटीक उत्तर दिँदै भन्नुभएछ, 'सरकार, सेनाको विषय सधैँ जस्तै सबै सरकारलाई जाहेर भएर आएको होला भनेर मन्त्रिपरिषद्ले निर्णय गरेको हो ।' सरकारसँग यसको कुनै जवाफ थिएन, सिवाय आफ्नै प्रमुख सैनिक सचिव र प्रधान सेनापतिले गुमराह बनाएको भन्ने बाहेक । यो प्रसङ्गमा प्रधानमन्त्री निकै चातुर्यका साथ 'बूढो बाघ, तरुनो स्याल' उखान चरितार्थ पार्न सफल हुनुभयो । मलाई पछि जानकारी हुन आए अनुसार, रथी दरबन्दी सिर्जना गर्न निकै चलखेल भएको रहेछ । यसमा कसकसको केके स्वार्थ थियो भन्ने मलाई थाहा भएन । जुन बेला सरकार रिसाइबक्सेको थियो, त्यस बेला मैले के सोचेको थिएँ भने सरकारबाट प्रमुख सैनिक सचिव र प्रधान सेनापतिलाई कुनै न कुनै कारबाही गरिबक्सन्छ । तर पछि उहाँहरू दुवैलाई कुनै पनि किसिमको कारबाही भएन ।

यस घटनाको भोलि पल्ट शाही जङ्गी अड्डामा नव वर्ष २०५१ वैशाख १ गतेको अवसरमा आयोजना गरिने कार्यक्रमको 'ग्र्यान्ड रिहर्सल' थियो । सो अवसरमा त्यहाँ भएका सबैजसो अधिकृतले उपरथी योगेन्द्रप्रतापजङ्ग राणालाई बधाई दिइरहेका थिए । रथी दरबन्दी थप भएपछि उहाँ रथीमा बढुवा भई प्रधान सेनापति हुने निश्चितप्रायः भएको सबैले अडकल गरेका थिए । तर उहाँ बहाली भएसम्म रथीको दरबन्दीमा कसैको पदोन्नति भएन । उहाँले अवकाश पाएपछि मात्र रथीको दरबन्दीमा धर्मपालवरसिंह थापा र कृष्णनारायण सिंह थापाको पदोन्नति भयो । २०५१ सालमा नेकपा एमालेको सरकारको पालामा उपरथी योगेन्द्रप्रतापजङ्ग राणालाई भ्रष्टाचारको अभियोगमा कारबाही समेत भयो । यसै प्रसङ्गमा प्रधान सेनापति गडुलशमशेर जबराले आफ्नो पदावधि बाँकी छँदै राजीनामा दिन बाध्य हुनुपर्‍यो । धेरै पछि मैले यस विषयमा उहाँलाई सोधेको थिएँ । उहाँले यसबारे आफूलाई कुनै जानकारी नभएको कुरा गर्नुभयो ।

## जङ्गी अड्डाले फालेका र दरबारले चिनेका

राजा वीरेन्द्रबाट शाही नेपाली सेनाको प्रधान सेनापति नियुक्त गरिबक्सँदा उसले करिब एक वर्षसम्म आफ्ना योजना र कार्यक्रमहरू निर्बाध रूपमा सञ्चालन गर्न पाओस् भन्ने ख्याल गरिबक्सन्थ्यो । तर एक वर्षपछि उसको योजना, कार्यक्रम र काम गर्ने तौरतरिकामा सिकायत वा अन्य कुनै असङ्गति देखिए–सुनिए दरबारबाट प्रश्न उठाउने, कतिपय विषयमा सुझाव दिने र कुनै कुरामा निर्देशन दिने समेत चलन थियो ।

यसै क्रममा तत्कालीन प्रधान सेनापति धर्मपालवरसिंह थापाले सहायक रथी भिक्ट्रीशमशेर जबरालाई उहाँको पहिलो पदावधि पाँच वर्ष सकिएपछि अवकाश दिने

निर्णय गर्नुभयो । सहायक रथी राणालाई अवकाशको पत्र समेत दिइयो । त्यसपछि उहाँले तुरुन्तै मसँग सम्पर्क राखेर 'मलाई अन्याय भयो' भनी महाराजाधिराजमा बिन्तीपत्र चढाउनुभयो । राजा वीरेन्द्रबाट प्रधानमन्त्री, प्रधान सेनापति र मसँगको परामर्शपछि उहाँको पदावधि अरू तीन वर्ष थप गरिबक्स्यो । त्यसको लगत्तै उहाँ उपरथीमा बढुवा हुनुभयो ।

त्यस्तै तत्कालीन प्रधान सेनापति प्रज्वल्लशमशेर जबराले सहायक रथी रूक्माङ्गद कटवाललाई 'हुकम प्रमाङ्गीले सच्याएको उमेर मान्य नहुने' भन्दै अवकाश दिन लाग्नुभएको थियो । म मुमाको काजक्रियाका लागि पशुपतिमा बसेको थिएँ । उहाँले आएर 'मलाई अन्याय हुन लागेको' कुरा बताउनुभयो । मैले काजक्रिया सक्नासाथ दरबारमा गएर पुरानो हुकुम प्रमाङ्गीको कागज खोजेर महाराजाधिराजमा जाहेर गरेँ । सरकारबाट 'हुकुम प्रमाङ्गीको कागजलाई आधार मानेर अवकाश नदिनू' हुकुम भयो । त्यस अनुसार उहाँको पदावधि थप भयो । साथै प्रधान सेनापति जबराले सहायक रथी बालानन्द शर्मालाई पनि 'प्रवेशिका परीक्षा (एसएलसी) को प्रमाणपत्र अनुसार उमेर बढी भएको' कारण देखाउँदै अवकाश दिन खोज्नुभएको थियो । सहायक रथी शर्माले परीक्षा नियन्त्रण कार्यालयबाट आफ्नो उमेर सच्याइएको प्रमाणपत्र पेस गर्नुभयो । यसै गरी प्रधान सेनापति जबराले महासेनानी पवनजङ्ग थापालाई पदोन्नति नदिने निर्णय गर्दै उहाँभन्दा कनिष्ठलाई पदोन्नतिका लागि सिफारिस गर्नुभएको थियो । उक्त सिफारिसलाई प्रमुख सैनिक सचिवालयले छ महिना रोक्यो । केही महिनापछि प्रधान सेनापति जबराको अवकाशपछि नयाँ प्रधान सेनापति प्यारजङ्ग थापाले उक्त निर्णय सच्याउनुभयो । यसरी महासेनानी थापाको पदोन्नति भयो ।

कालान्तरमा सहायक रथी कटवाल महारथी दर्जामा पदोन्नति भई प्रधान सेनापति समेत हुन सफल हुनुभयो । त्यस्तै भिक्ट्रीशमशेर जबरा, बालानन्द शर्मा र पवनजङ्ग थापा रथी दर्जासम्म बढुवा हुनुभयो । तीनै जनाले क्रमशः साइप्रस, सिरिया र सुडानमा संयुक्त राष्ट्रसङ्घको फोर्स कमान्डर जस्तो महत्त्वपूर्ण जिम्मेवारी सफलतापूर्वक सम्हाल्नुभयो । यस्ता उदाहरण थुप्रै छन् । यसबाट के प्रस्ट हुन्छ भने दरबारको चाहना सेनामा कसैलाई अन्याय नहोस्, योग्यता अनुसार पदोन्नति होस् र सेनाको सङ्गठन सुदृढ होस् भन्ने नै थियो ।

## मैले सम्झने दुई व्यक्ति

लामो समय राजदरबारमा सेवा गर्दा मैले बडाकाजी र महारथी जस्ता वरिष्ठदेखि पाले, पिपा जस्ता कनिष्ठ कर्मचारीहरूसँगसम्म चिनजान, घुलमिल तथा कामका सिलसिलामा धेरै अन्तरक्रिया गर्ने मौका पाएँ । दरबारमा काम गरेका कर्मचारीहरूमध्ये मैले दुई जनालाई हृदयदेखि सम्मान गर्ने गरेको छु । एक जना हुनुहुन्छ सेनाका हुद्दा (हवल्दार) चन्द्रजङ्ग शाह । उहाँ वीरेन्द्र सरकार युवराजाधिराज हुँदा शाही रनर हुनुहुँदो रहेछ । उहाँलाई मैले कहिल्यै देखेभेटेको छैन । २०३१ सालमा मैले राजप्रासाद

सेवामा प्रवेश गर्दा उहाँले स्वैच्छिक अवकाश लिइसक्नुभएको थियो । २०३३ सालतिर तत्कालीन मुख्य एडीसी प्रमुख सेनानी शान्तकुमार मल्लले मलाई एडीसी कार्यालय श्री सदनमा रहेका पुराना फाइलहरू हेर्दै काम लाग्ने कागजात राख्न र बाँकी धुलाइ दिन अह्राउनुभएको थियो । विभिन्न कागजातहरू हेर्दै जाँदा एक दिन एउटा राजीनामा पत्र फेला पारेँ । त्यो राजीनामा युवराजाधिराज सरकारलाई सम्बोधन गरी लेखिएको थियो । जम्मा एक अनुच्छेदको त्यस राजीनामाको सार थियो, 'सरकार, घरायसी बाध्यताले राजीनामा चढाएको छु । सेवा गर्ने अवसर बक्सेकोमा कृतज्ञ छु । सेवा गर्ने उमेर र धोको हुँदाहुँदै छाड्नुपर्‍यो, सरकार माफ पाऊँ । सेवकको अरू जाहेरी केही छैन । मैले एडीसी अफिसबाट तीन हजार रुपैयाँ सापटी लिएको थिएँ । त्यो केही दिनपछि सञ्चयकोष झिकेर तिर्छु, त्यति समय निगाह होस् ।'

यस ब्यहोराको पुछारमा दाहिनेतिर लेखिएको थियो, 'चढाउने, सरकारको अनन्य भक्त सेवक, चन्द्रजङ्ग शाह ।'

त्यस्तै, मेरो हृदयमा रहेका दोस्रो व्यक्ति हुनुहुन्छ– प्रमुख सेनानी कोमलबहादुर विष्ट । उहाँ मुमा बडामहारानी रत्नका एडीसी हुनुहुन्थ्यो । उहाँले उमेरको हदका कारण अवकाश पाउनुभएको थियो । अवकाश लिने आखिरी दिनको दर्शनभेटमा मुमा बडामहारानीबाट उहाँलाई हुकुम भएछ, 'कोमलबहादुर, तिमीले राम्रो काम गर्‍यौ । तिमीलाई केही चाहिन्छ कि ? मैले केही गरिदिनुपर्छ कि ?' प्रत्युत्तरमा कोमलबहादुरले बिन्ती गर्नुभएछ, 'सरकार, म भोलिदेखि घर बस्छु । केही दिनपछि चारधाम जाँदै छु । तीर्थबाट फर्केपछि प्रसाद चढाउन पाऊँ । मेरो अरू कुनै चाहना छैन ।' यति भनेर उहाँ बिदा हुनुभएछ । जब मैले यो कुरा सुने, यसले मलाई बडो प्रभावित बनायो ।

दरबारमा काम गर्ने जुनसुकै तहका प्रायः कर्मचारी आफूले कहिल्यै त्यो ठाउँ छाड्न नपरोस् भन्ने चाहन्छन् । उमेरले अवकाश पाउने समयमा पनि करार सेवामा बस्न खोज्छन् । त्यस्तै, आफ्नो ओहदा हेरेर सरकारबाट घरजग्गा, कार, नगद इत्यादिको आशा राख्छन् । तर चन्द्रजङ्ग शाह र कोमलबहादुर विष्टले कुनै लोभलालच नगरी दरबार छोड्नुभएको रहेछ । त्यसैले यी दुई व्यक्तित्वप्रति मेरो अगाध श्रद्धा रहने गरेको छ ।

❖❖❖

# आफ्नै बारेमा

## रुकुमदेखि राजदरबारसम्म

रुकुमको सदरमुकाम मुसीकोट र सानो भेरीको उत्तरतिर एउटा सुन्दर पहाडी गाउँ छ– बाफीकोट । गाउँ पूरै दुर्गम हो । त्यही पहाडमा मेरो जन्म भएको हो । तर पढ्ने हिसाबले म सानैदेखि मुसीकोट बसेँ । त्यहाँ मेरो मामाघर छ । मेरो पूरै बाल्यावस्था मामाघरमा बित्यो । त्यसमा पनि म मामाघरकी जिजुमुमाको रेखदेखमा हुर्किएँ । मेरा कान्छा मामा श्यामप्रकाश शाह मभन्दा दुई वर्ष बढी उमेरको हुनुहुन्थ्यो । उहाँसँग खेलेर मेरो अधिकांश बाल्यकाल बित्यो । आफ्नो घर म कहिलेकाहीं बिदामा मात्र जाने गर्दथे ।

म पहिलो पटक स्कुल गएको पनि सम्झन्छु । त्यो दिन थियो, २०१२ सालको वसन्त पञ्चमी । म त्यस्तै सात वर्षको थिएँ । मुसीकोटमा एउटा भाषा पाठशाला खुलेको थियो । म बिहानै त्यहाँ पुगेको थिएँ । एक जना गुरु हुनुहुन्थ्यो, रुकुमकोटका । उहाँको नाम थियो– नन्दलाल उपाध्याय । गुरुलाई एक रुपैयाँ दाम राखेर खुट्टामा ढोग्नू भनिएको थियो । त्यसै अनुसार गरेँ मैले । उहाँले 'बस, बस' भनेर मलाई अ आ इ ई, क ख ग घ सिकाउनुभयो । यसरी मेरो औपचारिक शिक्षाको शुभारम्भ भयो । तर मैले कक्षा १ देखि १० कक्षासम्म त्यस्तै ७ वटा कक्षाभन्दा बढी पढिनँ । किनभने त्यो बेला रुकुममा विद्यालय खुलेका थिएनन् र केही कक्षा छुटे । अनि म पढाइमा अग्र पङ्क्तिमै भएकाले पनि केही कक्षा फड्किएर अध्ययन गर्ने अवसर पाएँ । त्यो भाषा पाठशाला पछि गएर स्तर वृद्धि हुँदै माध्यमिक स्कुल भएको थियो ।

मुसीकोटमा कक्षा ८ सम्म मात्र पढाइ हुन्थ्यो । त्यसपछि पढ्नका लागि दाङ झर्नुपर्दथ्यो । कोही–कसैको काठमाडौं या भारततिर पनि जाने चलन थियो । मेरा मावली भाइ गोपालजीजङ्ग शाह कक्षा ८ मा हुनुहुन्थ्यो, म कक्षा ७ मा । हामी चार दिन लगाएर दाङ झर्‍यौं, थप अध्ययनका लागि । कक्षा ७ मात्र पास गरे पनि एकै पटक कक्षा ९ मा पढ्न सक्छु भन्ने मेरो आत्मविश्वास थियो । गोपालजीजङ्ग सोझै कक्षा ९

मा भर्ना हुनुभयो । मेरो चाहिं स्कुलले प्रवेश परीक्षा लियो । त्यसपछि म पनि कक्षा ९ मा भर्ना भएँ । घोराहीनजिकै भरतपुरस्थित एउटा माध्यमिक विद्यालयमा हामीले पढ्न सुरु गर्‍यौं । केही दिनपछि स्कुलमा असाध्यै हडताल हुन थाल्यो । दाङको अस्वारा गाउँमा गोपालजीजङ्गकी दिदीको विवाह भएको थियो । हामी बिदामा उहाँको घरमा जाने गर्दथ्यौं । यसैबीच अलिक लामो समयसम्म स्कुल बिदा हुने लक्षण देखियो । अनि हामी सल्यान गयौं । सल्यान, खलङ्गास्थित विद्यालयमा भर्ना हुने कि भनेर सोच्यौं । त्यो स्कुलमा त्यति बेला मरीचमानसिंह श्रेष्ठ प्रधानाध्यापक हुनुहुन्थ्यो । (उहाँ पछि प्रधानमन्त्री हुनुभयो ।) भर्ना हुनुअघि एक पटक घरमा त सोध्नुपर्‍यो । तर सोध्नका लागि आफैं घर जानुको विकल्प थिएन । त्यसैले हामी त्यहाँबाट मुसीकोट आयौं ।

हामी घर फर्केपछि मेरा बुबा ध्रुवविक्रम शाह, गोपालजीजङ्गका कान्छा बुबा गेहेन्द्रबहादुर शाह र अन्य गाउँलेहरूले मिलेर मुसीकोटमै हाइस्कुल खोल्ने कुरा गर्न थाल्नुभयो । यता-उताबाट शिक्षक खोजेर स्कुल चलाउने निर्णय भयो । अस्थायी हाइस्कुल स्थापना भयो । स्कुलको नाम राखियो- त्रिभुवन जनता माध्यमिक विद्यालय । रुकुम जिल्लाकै त्यो पहिलो माध्यमिक विद्यालय थियो । गोपालजीजङ्ग र म कक्षा ९ मा भर्ना भयौं । ८ कक्षासम्म अरू विद्यार्थी छँदै थिए, ९ कक्षामा हामी दुई भयौं । दाङबाट ल्याइएका एक जना शिक्षकलाई प्रधानाध्यापक बनाइएको थियो । उहाँको नाम थियो– वामदेव गौतम । यसो-उसो गरेर कक्षा ९ पनि पास भइयो । कक्षा १० मा एसएलसी दिनुपर्ने । तर स्कुलले स्वीकृति पाएको थिएन । अस्थायी स्वीकृति लिन विद्यालय सञ्चालक समितिले पहल गरिरहेको थियो । एसएलसी परीक्षा आउनै लाग्दा भाग्यवश स्कुलले अस्थायी स्वीकृति पायो । तर १० कक्षाको पढाइ सकेर एसएलसी परीक्षा दिन भने हामी दाङ जानुपर्ने भयो । एसएलसी आउन तीन महिना मात्र बाँकी छँदा हामी दाङ झर्‍यौं । त्यहाँ तीन महिनामा पूरै कोर्स सकेर परीक्षा दियौं । हामी रुकुमबाट पहिलो पटक एसएलसी परीक्षा दिने विद्यार्थीको सूचीमा पर्‍यौं । मलाई के लागेको थियो भने म अवश्य पास हुन्छु, तर थर्ड डिभिजनमा । किनभने, विज्ञान विषयको परीक्षा नराम्रो भएको थियो । रुकुममा विज्ञानका शिक्षक थिएनन् र दाङमा पनि राम्रा शिक्षक भेटिएनन् ।

एसएलसीपछि मेरो आईएससी पढ्ने रहर थियो । त्यसका लागि ऐच्छिक गणित र विज्ञान राम्ररी पढ्नु आवश्यक थियो । तर यी विषय हाम्रो स्कुलमा थिएनन् । एसएलसी परीक्षा दिएपछि मैले के सोचें भने, म पास त हुन्छु तर काठमाडौं गएर ऐच्छिक गणित र विज्ञान विषय पढ्छु । अनि, एसएलसी दिएर घर नगई म सोझै दाङबाट काठमाडौं आएँ । म जहाज चढेको र काठमाडौं आएको पनि पहिलो पटक त्यही थियो । डकोटा जहाज थियो । गोपालजीजङ्ग पनि काठमाडौं आउनुभयो । म काठमाडौं आएर ठमेलमा बसें । त्यही बेला जेपी हाइस्कुलका गणित विषय पढाउने केशव श्रेष्ठ सरसँग मेरो भेट भयो । मैले पूरा तीन महिना गणितको ट्युसन पढें । मान्छेहरू परीक्षा सकिइसक्यो, किन यसले गणितको ट्युसन पढेको होला भनेर अचम्म पनि मान्दथे । तर मैले रिजल्ट निस्कनुअघि ९ र १० कक्षाको पूरै कोर्स सकें । तीन महिनापछि एसएलसीको रिजल्ट

आयो । मैले सुरुमै तेस्रो श्रेणीमा हेरेँ । त्यसमा देखिएन । 'ला फेल भइएछ' भन्ने लाग्यो । म धेरै आत्तिएँ । तैपनि मुटु दरो पार्दै दोस्रो श्रेणीमा हेरेँ । म दोस्रो श्रेणीमा पास भएको रहेछु । यसरी रुकुम जिल्लाबाट एसएलसी पास गर्ने म नै पहिलो र त्यति बेला एक मात्र व्यक्ति हुन पुगेँ । यो घटना मेरो जीवनको मात्र नभएर रुकुम जिल्लाकै उल्लेखनीय इतिहास बन्न पुग्यो । मेरा सहपाठी गोपालजीजङ्ग भने एसएलसीमा फेल हुनुभएको थियो ।

अब म आईएससी पढ्न पाउने भएँ । अस्कल क्याम्पसलाई पहिले पब्लिक साइन्स कलेज भनिन्थ्यो । मलाई त्यहाँ आईएससी पढ्न मिलेन । त्रिचन्द्र क्याम्पसमा मिल्यो । तर मैले अस्कल होस्टेलका लागि कोसिस गरिरहेको थिएँ । होस्टेल बन्दै थियो । बनिसकेपछि मैले अस्कलमै होस्टेल पाएँ । यसरी अस्कल होस्टेलमा बस्ने पनि म पहिलो ब्याच हुन पुगेँ । लगनटोलमा मेरी ठूली मुमा र सानी मुमाको घर थियो । कहिलेकाहीं म यहाँ बस्दथेँ । ठमेलमा मेरी काइँली मुमाको घर थियो । काठमाडौं आएको सुरुका दिनमा यहीँ बसेको थिएँ । यसै बेला कलेजका इच्छुक विद्यार्थीलाई सैनिक ज्ञान दिलाउने उद्देश्यले राष्ट्रिय सेवा दल खडा गरिएको थियो । त्यो तालिम लिने पनि म पहिलो ब्याच हुँ । आईएससीमा म एकदमै मेहनतका साथ अध्ययन गरिरहेको थिएँ । म गणित विषयको ट्युसन ईश्वरप्रसाद उपाध्याय सरसँग पढ्दथेँ । उहाँ पछि श्री ५ को सरकारको मुख्य सचिव र संसद् सचिवालयको महासचिव पनि हुनुभयो । उहाँसँग अहिले पनि मेरो कहिलेकाहीं भेट हुन्छ । त्यसअघि ट्युसन पढेका जेपी हाइस्कुलका शिक्षक केशव श्रेष्ठसँग भने अहिलेसम्म मेरो भेट भएको छैन ।

मेरो आईएससी पहिलो वर्षको परीक्षा राम्रो भएन । दोस्रो वर्षको परीक्षा राम्रो भए पनि अन्ततः दोस्रो श्रेणीमा पास भएँ । आईएससीको रिजल्ट आशा गरे अनुसार थिएन । त्यसले गर्दा मलाई नमज्जा लागिरहेको थियो । फिजिक्समा एमएससी गर्ने मेरो उद्देश्य थियो । त्यही उद्देश्यका साथ बीएससीमा भर्ना भएँ । पहिलो वर्षको परीक्षा राम्रैसँग दिएँ । २०२४ सालको फागुन-चैत महिनामा शाही नेपाली सेनामा सेकेन्ड लप्टनमा भर्ना खुलेछ । मसँग आईएससीमा अध्ययन गरेका धेरै साथी सेनामा भर्ती हुन चाहिरहेका थिए । म भने कुनै पनि हालतमा सेनामा जान चाहन्नथेँ । मेरो घर-परिवारलाई समेत त्यसमा रुचि थिएन । 'पढाइ सकेर जागिर खाने होइन, गाउँ फर्केर छोरो सामाजिक काममा लागोस्' भन्ने मेरा बुबाको चाहना थियो । रुकुमबाट पहिलो पटक एसएलसी पास गरेको व्यक्ति भएको हुनाले मेरा बुबा र जिल्लाको शिक्षा क्षेत्रका धेरैको चाहना पनि त्यही नै थियो । तर मेरा साथीहरू दिलीप कार्की, सुरजशमशेर जबरा, कुसु उक्याव लगायत धेरैले जोड गरे, मलाई सेनामा भर्ती गराउन । म नेसनल क्याडेट कोर्स (एनसीसी) मा जुनियर अन्डर अफिसर भइसकेको थिएँ । त्यसमा राम्रो गरेकाले मलाई भारत भ्रमणमा समेत पठाइएको थियो । 'त्यस्तो राम्रो गरेको मान्छे सेनामा किन जान्नौ ?' भनेर मेरा साथीहरूले धेरै जोड दिए । एनसीसीमा राम्रो गरेकाले सेनाबाट पनि मलाई सैनिक सेवामा आउन भनियो । यस्ता धेरै कुराले गर्दा 'निवेदन त दिउँला, तर पछि सेनामा भर्ती हुन्नँ' भन्दै इच्छा

नलागी–नलागी मैले दरखास्त हालें । म एक त गाउँको मान्छे, त्यसमाथि मेरो परिवारका कोही पनि सेनामा थिएनन् । तर पनि साथीहरूकै उक्साहटमा लागेर सबै परीक्षामा सामेल भएँ र पास हुँदै आएँ । लिखित परीक्षाको अघिल्लो दिन सबै साथी एकै स्थानमा जम्मा हुन्थ्यौँ । मेरो पढाइ राम्रो थियो । त्यसैले भोलि पल्टको जाँचको विषयमा सबैलाई मैले गाइड गर्नुपर्दथ्यो । विशेष गरेर हामी दिलीप कार्कीको पुतलीसडकस्थित घरमा जम्मा हुन्थ्यौँ । उहाँ पछि शाही नेपाली सेनाको उपरथीसम्म हुनुभयो ।

यसैबीच नगरकोटमा सैनिक अधिकृत क्याडेटका लागि शाही नेपाली सेनाको तालिम शिक्षालय स्थापना गर्ने योजना बनिरहेको रहेछ । यसअघि कि बेलायत कि भारतमा सैनिक अधिकृतको तालिम हुँदो रहेछ । सेनाको आधारभूतदेखि लिखित परीक्षासम्ममा म पास भइसकेको थिएँ । अब मलाई फसाद पऱ्यो, अन्तर्वार्ता दिने कि नदिने भनेर । त्यतिन्जेल पनि मलाई सेनामा भर्ना हुन पटक्कै रुचि थिएन । फेरि पनि साथीहरूले नै अन्तर्वार्ता दिन जानुपर्छ भनेर उक्साइरहे । अन्ततः म अन्तर्वार्ता दिन पनि गएँ । २०२५ असार २० गते रिजल्ट निस्कियो । सैनिक अधिकृतको चौथो ब्याचका लागि जम्मा ४४ जना पास भएकोमा म दोस्रो स्थानमा थिएँ । पहिलो चाहिं दमननरसिंह राणा । त्यसपछि म अति नै दोधारमा परेँ । घर-परिवार कसैसँग सल्लाह गरेको थिइनँ । बुबा–मुमाहरू सबै पहाडमा । गाउँमा तत्काल सम्पर्कको कुनै उपाय थिएन । टेलिफोन पुगेको थिएन । खालि चिठी पठाउने हो । त्यो पुग्यो भने खबर पुग्यो, नत्र केही थाहा हुँदैनथ्यो । त्यसैले आफ्ना सबै साथी र काठमाडौँमा भएका नातेदारसँग सल्लाह गरेँ । सबैले सेनाको तालिममा जान सल्लाह दिए । राष्ट्रिय सेवा दलमा पनि राम्रो गरेको थिएँ । सायद मेरो भाग्य यसैमा छ कि भने जस्तो पनि लाग्यो । अनि मैले तालिममा जाने निधो गरेँ । तैपनि तालिम चाहिं गर्दै जान्छु, बरु छाड्नुपरे बीचमा छाडुँला भन्ने मनमा लागिरहेकै थियो ।

म २०२५ असार २६ गते सैनिक अधिकृत तालिमका लागि छाउनी गएँ । हामीसँगका ४४ जना र हामीभन्दा अघि छनोट भएका तर तालिम गर्न नपाएका तीन जना गरी ४७ जना सैनिक थियौँ । त्यही दिनदेखि मेरो सैनिक सेवा र सैनिक तालिम पनि सुरु भयो । भदौको अन्त्यतिर मैले घरमा बुबालाई चिठी पठाएँ, रुकुम जाने मान्छेको हातबाट । यसैबीच १४ साताको पहिलो टर्मको तालिम सकियो । त्यसको रिजल्टमा म पहिलो भएँ । दमन दोस्रो हुनुभयो । ४७ जनामध्ये सात जनालाई सैनिक अधिकृतका लागि अयोग्य भन्दै तालिमबाट हटाइयो । ४० जनाको तालिम अघि बढ्यो । तालिमकै कारण दसैँमा म घर जान पाइनँ । तालिमे सबैलाई दसैँपछि नगरकोट लगियो । म पहिलो भएपछि साथीहरूले बेलायतको रोयल मिलिटरी एकेडेमी (आरएमए), स्यान्डहर्स्ट जान पाउने भइस् भन्न थालेका थिए । बेलायत जान नपाए पनि भारतको देहरादूनस्थित भारतीय मिलिटरी एकेडेमी (आईएमए) जाने त पक्का थियो । त्यही बेला बुबाको चिठी आयो । उहाँले लेख्नुभएको थियो, 'सेनाको तालिम छोडेर तुरुन्त घर आउनू । बरु अहिलेसम्मको पैसा तिर्नुपर्छ भने म पैसा पठाइदिन्छु । सेनामा हाम्रो कोही छैन । केही पहिचान छैन ।' बुबाको चिठीले म रनभुल्लमा परेँ । तर त्यस बेला मलाई 'यति दुःख

पनि गरिहालें, तालिममा राम्रो पनि भइरहेको छ, किन छोड्नु' भन्ने लाग्यो । मैले बुबालाई 'अहिलेसम्मको तालिममा म पहिलो भइरहेको छु, सायद म तालिमका लागि बेलायत जान्छु होला, बेलायत जान पाइनँ भने चाहिं म छाड्छु' भनेर चिठी लेखें ।

नगरकोटमा दोस्रो चरणको तालिम सुरु भयो । त्यस्तै छ साताजति बितेको थियो, एक दिन नगरकोटमा कमान्डेन्ट महासेनानी आदित्यशमशेर जबराले आफ्नो कार्यालयमा दमन, जितेन्द्र विष्ट र मलाई बोलाउनुभयो । उहाँले 'स्यान्डहर्स्टबाट हाल दुई सिट आएको छ, अहिले विवेक र जितेन्द्र जानू, थप सिट पनि आउँदै छ, त्यसमा दमन जाने' भन्नुभयो । तर पछि के भयो कुन्नि, एउटा सिट पहिले आयो र दुई सिट पछि । त्यसले गर्दा दमन पहिले जानुहुने भयो । म र जितेन्द्र पछि जानेमा पर्‍यौं । यस प्रकार हामी २०२५ सालको पुसतिर स्यान्डहर्स्टका लागि छनोट भयौं । त्यसपछि शाही जङ्गी अड्डा आयौं र सबै कागजपत्र मिलायौं । ब्रिटिस राजदूतावासले भिसा र टिकट दियो । पहिले कलकत्ताको ब्यारेकपुरस्थित ब्रिटिस सेनाको ट्रान्जिट क्याम्प जानुपर्दथ्यो । त्यहाँ तीन दिनजति बस्यौं । त्यसपछि फ्लाइट सेड्युल मिलाएर सिङ्गापुर लगियो । सिङ्गापुरस्थित ब्रिटिस सेनाको ब्यारेकमा हामीले बेलायत जान झन्डै दुई साता कुर्नुपर्‍यो । उल्टो रूट थियो । उनीहरूको रोयल एयरफोर्सको प्लेनको रूट नै त्यस्तो रहेछ ।

कलकत्तास्थित ब्रिटिस सेनाको ब्यारेकमा ब्रिटिस गोर्खाका क्याप्टेन सीबी राई भेटिनुभएको थियो । उहाँ पनि बिदामा नेपाल आएर फर्कन लाग्नुभएको रहेछ । ब्रिटिस गोर्खा सैनिकबाट स्यान्डहर्स्टमा तालिम लिने उहाँ पहिलो नेपाली हुनुहुँदो रहेछ । निकै मिजासिलो हुनुहुन्थ्यो । उहाँबाट स्यान्डहर्स्ट कोर्सबारे धेरै जानकारी भयो । उहाँसँगसँगै सिङ्गापुर गएका थियौं । उहाँले हामीलाई कलकत्तामा जसरी नै सिङ्गापुरमा समेत घुमाउनुभयो । सिङ्गापुरमा हामीलाई अधिकृत मेसमा राखिएको थियो । त्यहाँबाट हामी रोयल एयरफोर्सको फ्लाइटबाट बेलायतका लागि उड्यौं । मालदिभ्सनजिकैको गानमा रिफ्युल गरिएको थियो । गान एउटा सानो र सुन्दर टापु हो, जहाँ बेलायतको रोयल एयरफोर्सको बेस थियो । त्यहाँ ब्रिटिस सैनिकका लागि विभिन्न सुविधा उपलब्ध हुन्थ्यो । हामी चढेको जहाजले त्यहाँबाट बहराइनमा तेल भर्‍यो । बहराइनबाट उडेको जहाज एकाबिहानै साउथ इङ्ल्यान्डको ब्राइजटन एयरफोर्सको बेसमा अवतरण गर्‍यो । डिसेम्बर, १९६९ मा हामी लन्डन पुगेका थियौं । त्यो दिन आइतबार परेको थियो । त्यहाँ हामीलाई ट्रेनको टिकट दिइयो, अल्डरसट जान । अल्डरसटमा मन्स अफिसर्स क्याडेट स्कुल रहेछ । स्यान्डहर्स्ट जानुअघि प्री–स्यान्डहर्स्टका रूपमा यहाँ छ महिनाको तालिम गर्नुपर्दथ्यो ।

बेलायतको आधुनिक ट्रेन चढेर म र जितेन्द्र अल्डरसट लाग्यौं । विदेशी भूमिमा यात्रा गरेको र जहाज चढेको पहिलो अनुभव । ट्रेन चढेको पनि पहिलो अनुभव । ट्रेनमा कोही कसैसँग बोल्दैनन् । कोही पत्रिका पढिरहेका हुने । कोही आफ्ना ब्वाइफ्रेन्ड या गर्लफ्रेन्डसँग रमाइरहेका हुने । कस्तो अचम्मको वातावरण ! ट्रेनमा मैले अनेक कुरा सम्झें । म के हुन चाहेको मान्छे, कहाँबाट कहाँ आइपुगें ! स्यान्डहर्स्टमा ठूलाबडाका

छोरा मात्र छानिन्छन् भन्थे । ठूलाबडाका छोरा मात्र स्यान्डहर्स्ट आउने भए मेरो त कहिल्यै पालो आउने थिएन । किनभने सेना, राजदरबार या त्यति बेलाको श्री ५ को सरकारमा मेरो कोही पनि आफन्त थिएन । साथी जितेन्द्रका बुबा रत्नबहादुर विष्ट प्रधान न्यायाधीश हुनुहुन्थ्यो । तर जितेन्द्रलाई पनि स्यान्डहर्स्ट जाने अवसर आफ्ना बुबाका कारण नभएर तालिममा राम्रो मेहनत गरेकाले नै मिलेको थियो ।

बेलायतमा आइतबार बिदा हुँदो रहेछ । ट्रेन स्टेसनमा हामीलाई लिन मान्छे आउनुपर्ने हो, तर कोही पनि आएन । सायद बिदा भएका कारण । अब कता जाने होला भनेर हामी अलमलियौँ पनि । तर त्यहाँबाट ट्याक्सी लिएर सीधै मन्स अफिसर क्याडेट स्कुल पुग्यौँ । आइतबारको त्यो साँझ मन्स अफिसर क्याडेट स्कुल पुग्दा त्यहाँ कुनै चहलपहल थिएन । ड्युटी सार्जेन्टले पेपर हेरेर हाम्रो कोठा देखाइदियो । हामी आउने पक्का भएकाले कोठा छुट्याइएको रहेछ । उसैले खाना खान सेभेन इलेभन पसल देखाइदियो । हामीलाई त्यहाँको खानाप्रति त्यति रुचि लागेन । कोठाभित्र त न्यानो थियो, तर बाहिर असाध्यै चिसो । आफ्नो देश छाडेर अर्काको देशमा पुग्दा अक्सर सबैलाई अप्ठ्यारो लाग्छ नै । मलाई पनि नरमाइलो लागेको थियो । बेलायतबारे हाम्रो जे सोचाइ थियो, त्यस्तो केही आश्चर्य लागेन । सामान्य नै लाग्यो । ट्रेनको यात्रा पनि मज्जा लागेन । समय पनि नमिल्ने । पृथ्वीको पूर्वी दिशाबाट आएको । नेपालमा उज्यालो हुन लाग्दा यहाँ हामी भर्खर सुत्ने तरखर गर्दै थियौँ । लामो फ्लाइटबाट आएकाले थाकिएको थियो । त्यो साँझ हामी सबेरै सुत्यौँ ।

भोलि पल्ट बिहानै हामीले कार्यालयको सबै काम गऱ्यौँ । इक्विपमेन्ट लिने, तालिमका लागि लुगा लिने काम पनि सक्यौँ । मन्समा हाम्रो तालिम सुरु भयो । तेस्रो दिन त्यही सैनिक क्याम्पमा भगवानसिंह थापासँग भेटभयो । उहाँ ब्रिटिस गोर्खाबाट आउनुभएको थियो । हामी तीन जना भयौँ, त्यहाँ नेपाली बोल्ने । तालिमका लागि अरू देशबाट पनि धेरै आएका थिए । हाम्रो समूहमा ३३ जना सहपाठी थिए । त्यहाँ ब्रिटिस सेनाका जुनियर दर्जाका पनि तालिममा आउँदा रहेछन् । मन्सको तालिम एकदमै गाह्रो, कडा अनुशासन । छोटो अवधिमा धेरै काम गर्नुपर्ने । शारीरिक हिसाबले समेत धेरै कठिन । जाँच पनि भइरहन्थ्यो । समयमा काम पूरा नगरे सजाय पाइहालिने । जितेन्द्रको काममा निकै ठग्ने स्वभाव थियो । उहाँलाई तालिममा निकै कठिन परेको थियो । उहाँले तालिमका क्रममा निकै सजाय पाउनुभएको म अहिले पनि सम्झन्छु । जे होस्, मन्समा तालिम सकियो । तर जितेन्द्रको सजाय सकिएन । सजाय कस्तो हुने भने, छुट्टीको दिन पनि काम गर्नुपर्ने । मैले चाहिं ज्यादै कम मात्र सजाय पाएको थिएँ । सबै विषय पास गरेँ । एउटा विषय पनि फेल नगर्ने विदेशीमा सायद म मात्र थिएँ । अक्सर सबै विदेशीको कुनै न कुनै विषय कमजोर । दुःख एकदमै हुने भएकाले सबैलाई ज्यादै मुस्किल पर्ने रहेछ । त्यहाँ एक इन्स्ट्रक्टर थिए ब्रिटिस सेनाका । तालिम सकिएपछि उनले मलाई भनेका थिए, 'विवेक, तिमीले तालिममा शारीरिक र प्राज्ञिक क्षमता समेत कुशलतापूर्वक प्रदर्शन गऱ्यौ । तालिममा तिमीलाई कुनै समस्या भएन । स्यान्डहर्स्ट

तालिम तिम्रा लागि निकै सरल हुनेछ । त्यसैले सेनामा तिम्रो भविष्य उज्ज्वल छ ।'

बेलायतमा बारम्बार हिउँ पर्दथ्यो । मन्समा हामीलाई सुरुमा परेड ग्राउन्डमा परेको हिउँ फाल्न समेत लगाइएको थियो । मन्स अफिसर्स क्याडेट सकिएपछि कोही आफ्नो घरतिर लागे, कोही कता लागे । ब्रिटिस सैनिकहरू चाहिं आफ्नो ब्यारेकतिर लागे । स्यान्डहर्स्ट सुरु हुनुअघिको बिदामा म, जितेन्द्र र भगवानसिंह थापा लन्डन घुम्न गयौं । हामीसँग पैसा कम थियो । हामीलाई स्यान्डहर्स्टमा खर्च गर्न दिइएको रकम धेरै पाउन्ड बचाउन सकिएको थिएन । बेलायतमा हामीलाई दिनको ९० पेन्सजति मात्र दिइन्थ्यो । बिदाको दिन चाहिं दुई पाउन्ड दिने गरिएको थियो । अरू आम्दानीको स्रोत केही थिएन । खर्च कटाएर मुस्किलले जम्मा गरेको पैसाले हामी लन्डन घुम्यौं । त्यस क्रममा मन्सको छ महिनाको पैसा, बिदाको पैसा र स्यान्डहर्स्टको एक वर्षको पैसा त्यही घुमाइमा सकियो । वास्तवमा हामीलाई त्यति बेला धेरै गाह्रो थियो, आर्थिक हिसाबले । एकदमै दुःख थियो हामीलाई । जितेन्द्रको हालत त मेरो भन्दा पनि कमजोर बन्यो । किनभने उहाँको धेरै खर्च गर्ने बानी थियो ।

मन्सको तालिम सकिएको एक महिनापछि स्यान्डहर्स्टमा हाम्रो तालिम सुरु भयो । लन्डनबाट फर्कनासाथ हामी तालिममा प्रवेश गर्‍यौं । स्यान्डहर्स्टमा तीन वटा कलेज थिए– वर्ल्ड, न्यु र भिक्ट्री । म न्यु कलेजमा परें भने जितेन्द्र भिक्ट्रीमा । ब्रिटिस गोर्खा सेनाबाट स्यान्डहर्स्ट आएका भगवानसिंह थापा पनि न्यु कलेजमा पर्नुभएछ । मलाई एकदमै सजिलो भयो र उहाँ पनि खुसी हुनुभयो । त्यहाँ हरेक प्रशिक्षार्थीलाई थरको पहिलो अङ्ग्रेजी अक्षरबाट बोलाइन्थ्यो । त्यस अनुसार मलाई एस र भगवानलाई टी भनिन्थ्यो । हामी दुवैलाई बोलाउँदा एसटी भन्न थालियो । हाम्रो संयुक्त नाम त्यहाँ निकै लोकप्रिय भयो । दुवै अक्षर सँगसँगै आउने भएकाले हाम्रो कोठा पनि एकदमै नजिक थियो । स्यान्डहर्स्टको बिदामा म कहिलेकाहीं ब्रिटिस साथीहरूको घर जान्थें । गर्मीको छुट्टीमा तीमध्ये केहीको स्कटल्यान्ड घुम्ने योजना रहेछ । स्कुले विद्यार्थीहरूलाई बेलायतको उच्च हिमाली क्षेत्रमा रमाइलोका लागि लैजाने कार्यक्रम समेत थियो । म पनि उनीहरूसँगै गएँ । त्यही बेला स्कटल्यान्डका इनभरनेस, लकनेस ताल जस्ता केही ठाउँ घुमें । हामी बच्चाहरूलाई लिएर बेलायतको उच्च हिमाल वेन नेभिस चढ्यौं । एकदमै अप्ठ्यारो बाटोबाट गएका थियौं । खुब रमाइलो भयो । पहिलो गर्मी बिदामा म आयलेअफ वेट गएको थिएँ । त्यस बेला मैले बेलायतको आयरल्यान्ड बाहेक सबै ठाउँको भ्रमण गर्ने अवसर पाएँ ।

स्यान्डहर्स्टमा म एकेडेमी टिमका लागि बक्सिङ खेल्दथें । राम्रो बक्सरमा गनिन्थें । त्यहाँ मैले विभिन्न प्रतियोगितामा भाग लिएँ । धेरैमा विजयी समेत भएँ । यसै क्रममा एक पटक स्यान्डहर्स्टको बक्सिङ टिम क्याम्ब्रिज युनिभर्सिटीको बक्सिङ टिमसँग प्रतियोगिताका लागि गएको थियो । सबैभन्दा पहिले मेरो पालो थियो । बक्सिङ रिङमा गएपछि पहिलो राउन्ड सुरु भयो । मैले आफ्नो प्रतिद्वन्द्वी कमजोर रहेको महसुस गरें । उसलाई केही समयपछि नै जित्न सक्छु भन्ने विचार गरें । दोस्रो राउन्डको खेल

भइरहेको थियो । म अचानक अनियन्त्रित हुन पुगेछु । त्यही समयमा प्रतिद्वन्द्वीले मलाई जमेर मुक्का हान्यो । म सोभै ढल्न पुगें । त्यसपछि मलाई केही थाहा भएन । एकै पटक राति क्याम्ब्रिज युनिभर्सिटीको अस्पतालमा आफूलाई पाएँ । भोलि पल्ट स्यान्डहर्स्टबाट मोटर आएर मलाई लिएर गयो । त्यसको केही समयपछि अक्सफोर्ड युनिभर्सिटीको बक्सिङ टिम प्रतियोगिताका लागि स्यान्डहर्स्ट आएको थियो । मैले मेरो प्रतिद्वन्द्वीलाई पहिलो राउन्डमै नकआउट गरें ।

रोयल मिलिटरी एकेडेमी, स्यान्डहर्स्टबाट २०२८ साउन १३ गते हाम्रो तालिम सकियो । तालिम सकिएपछि हुने पासिङ आउट परेडमा मुख्य अतिथि भएर नर्वेका राजा आउनुभएको थियो । स्यान्डहर्स्ट तालिम सकिएपछि अर्को तीन महिनाजति त्यहीं वाइओज (योङ अफिसर्स कोर्स) तालिम दिने पुरानो चलन थियो । तर हाम्रो पालामा त्यो तालिम दिइएन । स्यान्डहर्स्ट सकेर सोभै नेपाल फर्कनुपर्ने भयो ।

म लन्डनमा थिएँ । मसँगै पास आउट भएका साथी ब्रिटिस अफिसर डेभिड एल्सनले काठमाडौं फर्कने दिन मलाई फोन गरेर 'भेटौं' भन्नुभयो । उहाँले मलाई 'एयरपोर्ट छाडिदिन्छु' भन्नुभएको थियो, त्यसैले जितेन्द्र मलाई छाडी एयरपोर्टतिर जानुभयो । तर डेभिड ट्राफिक जाममा परेर ढिलो आइपुग्नुभयो । हामी एयरपोर्ट पुग्दा हवाईजहाज उडिसकेको थियो । अब के गर्ने भनेर एक छिन त म बिलखबन्दमा परें । तर भाग्यवश राति १२ बजे अर्को फ्लाइट रहेछ । मलाई त्यसैमा मिलाइदिने कुरा भयो । मैले निकै घण्टा कुर्नुपर्ने भयो । त्यसैले हामी ब्राइजटनमा रहेको एयरफोर्स बेस अफिसर मेसमा गयौं । दुवै जना सैनिक तालिम सकेर भर्खर पास आउट भएकाले डराई-डराई र लजाई-लजाई अफिसर मेसमा गएका थियौं । राति ११ बजेसम्म बियर खाएर बसियो । त्यसपछि म एक्लै जहाजतिर लागें । त्यो जहाज कार्गोको रहेछ । यात्री म एक्लै । डर पनि लाग्यो । तर एकदमै बढी बियर खाएको हुनाले मस्त सुतेर बिहान बहराइन आइपुगें । मेरो सबै कनेक्टिङ फ्लाइट छुटिसकेको थियो । एक दिन त्यहीं बस्नुपर्ने भयो । मलाई ब्रिटिस सेनाको ट्रान्जिट क्याम्पमा राखियो । भोलि पल्ट म कलकत्ताका लागि उडें । कलकत्तामा पनि दुई दिन बस्नुपर्ने भयो । त्यति बेला थाई एयरले भर्खरै मात्र काठमाडौं फ्लाइट सुरु गरेको थियो । म त्यही थाईको फ्लाइटबाट काठमाडौं आइपुगें । यसरी म बेलायत गएको भन्डै तीन वर्षपछि स्वदेश फर्किएँ ।

नेपाल फर्केपछि म शाही जङ्गी अड्डाको सैनिक तालिम निर्देशक (डीएमटी) कार्यालयमा हाजिर भएँ । डीएमटी हुनुहुन्थ्यो– महासेनानी अर्जुननरसिंह राणा । पछि उहाँ प्रधान सेनापति हुनुभयो । त्यो वर्ष अरू दुई जना क्याडेट स्यान्डहर्स्टका लागि छनोट भइसकेका रहेछन्, गजेन्द्रबहादुर लिम्बू र कुलबहादुर खड्का । उनीहरू बेलायत जान भन्डै एक महिना बाँकी थियो । डीएमटीले मलाई 'स्यान्डहर्स्टमा कस्तो तालिम हुन्छ, केके गर्नुपर्छ भनेर तीन साता हरेक बिहान यिनीहरूलाई सिकाइदेऊ' भनेर अह्राउनुभयो । जितेन्द्र र मैले गजेन्द्र र कुलबहादुरलाई तालिमबारे सिकाउन थाल्यौं । त्यस बेला गजेन्द्र खेलाडी भएकाले अलिक फुर्तिलो थिए भने कुलबहादुर कमजोर ।

यो काम सक्दासम्म हाम्रो पोस्टिङ भएको थिएन । यही बेला प्यारा बेसिक तालिम खुल्यो, भैरवनाथ गणको प्यारा तालिम शिक्षालयमा । हामीलाई त्यो कोर्सका लागि पठाइयो । अफिसर तीन जना थियौँ– म, जितेन्द्र र देवेन्द्रबहादुर शाह । अरू चाहिं सबै प्याराकै सिपाही थिए । हाम्रो तालिम सुरु भयो । प्यारा जम्प गर्ने बेला आउन लागेको थियो । जम्प गर्नुअघि नै मेरो पोस्टिङ भयो । मैले श्री कालीप्रसाद गणमा सरुवा मागेको थिएँ । साइन्स पढेकाले म इन्जिनियर हुन चाहन्थेँ । कालीप्रसाद गण इन्जिनियर पल्टन भएकाले त्यहाँ जाँदा राम्रो होला भन्ने मेरो सोचाइ थियो । तर मेरो सरुवा भयो, श्री गोरखबहादुर गणमा । विज्ञान विषय नै नपढ्नुभएका जितेन्द्र विष्टलाई चाहिं कालीप्रसाद गणमा पठाइयो । त्यसैले गर्दा मलाई निकै झोँक चलिरहेको थियो । प्यारा जम्पका बेला मलाई सबैभन्दा पहिले जम्प गर्नेमा राखियो । त्यही झोँकमा मैले सहजै जम्प गरेँ । मलाई आकाशबाट खस्दा कत्ति पनि डर लागेन । यसरी मेरो प्यारा बेसिक कोर्स पूरा भयो । प्यारा विङ परेडमा कार्यरथी उपरथी देवविक्रम राणा आउनुभएको थियो । उहाँले हामीलाई प्यारा विङ लगाइदिनुभयो ।

त्यसपछि म हाजिर हुन गएँ, गोरखबहादुर गणमा । यो गण त्यो बेला राजदरबारमा थियो । कालीबहादुर गण र गोरखबहादुर गण शाही रक्षक वाहिनी अन्तर्गत कार्यरत थिए । म आएको केही दिनपछि मेस नाइट भएको थियो । त्यसमा एक जना मेजर जनरल प्रमुख अतिथि बनेर आउने कार्यक्रम रहेछ । त्यति बेला शाही रक्षक वाहिनीपति हुनुहुन्थ्यो– महासेनानी ऋषिकुमार पाण्डे (उहाँ पछि महाराजाधिराजको प्रमुख सैनिक सचिव, रथी हुनुभयो) । उहाँले मलाई प्रमुख अतिथिसँग चिनाउने पालो आयो । मैले आफ्नो नाम भनेँ । मेरो नाम भन्नासाथ प्रमुख अतिथिले 'तपाईंलाई अस्ति मैले प्यारा विङ लगाइदिएको होइन ?' भन्नुभयो । मैले 'हो सर' भनेँ । उहाँ उपरथी देवविक्रम राणा हुनुहुन्थ्यो । उहाँले फेरि सोध्नुभयो, 'गोरखबहादुर गण आएको ?' अनि मैले भनेँ, 'सर, म गोरखबहादुर गण आएको होइन । मलाई गोरखबहादुरमा पठाइएको हो ।' मैले यसो भनेपछि उहाँ जिल्ल पर्नुभयो । त्यसपछि पार्टीमा पूरै हल्लीखल्ली मच्चियो । के कुरा गरेको भनेर मलाई धेरैले गाली पनि गरे । ती सबैलाई मैले भनेँ, 'मैले गोरखबहादुर गण छनोट गरेको होइन । मलाई पठाइएको हो । म कालीप्रसाद गण जान चाहन्थेँ । मैले ठीकै कुरा गरेको छु ।' म पहिलेदेखि नै सीधा कुरा गर्ने, दायाँबायाँ कुरा नगर्ने स्वभावको थिएँ । सत्य कुरा बोल्ने र कसैसँग कत्ति पनि नडराउने मेरो स्वभाव थियो ।

गोरखबहादुर गणमा म तालिम अधिकृत भएँ । गोरखबहादुर र कालीबहादुर गणमा भर्ना भएका सैनिकलाई तालिम गराउने मेरो जिम्मा थियो । शाही रक्षक वाहिनीपति महासेनानी ऋषिकुमार पाण्डेले यी दुई गणमा तालिम लिइरहेका सैनिकलाई स्यान्डहर्स्टको तरिकाले तालिम गराउने र पासिङ आउट परेड पनि त्यहींको जस्तै गराउने भनेर मलाई निर्देशन दिनुभयो । मैले 'यहाँको सीमित साधन–स्रोतका कारण स्यान्डहर्स्टको जस्तो त कसरी होला र ? तर म राम्रो गर्न कोसिस गर्छु, सर' भनेँ । त्यति बेला मैले जुन किसिमको तालिम र पासिङ आउट परेडको सुरूवात गरेँ,

अहिलेसम्म पनि सेनामा त्यही तरिका अपनाइएको छ ।

२०२८ सालकै कुरा हो । महेन्द्र सरकार चितवन दियालो बङ्गला सवारी भएको थियो । त्यहीं हृदयाघातबाट सरकारको स्वर्गारोहण भयो । त्यसपछि मौसुफको शव काठमाडौं ल्याइयो । यसैबीच तत्कालीन युवराजाधिराज वीरेन्द्रको राज्यारोहण गराउने कार्यक्रम बन्यो । नासलचोक, हनुमानढोकामा राज्यारोहण गराएर श्रीपेच पहिऱ्याएपछि मौसुफलाई ठूलो समारोह सहित बग्गीमा राजदरबार सवारी चलाइयो । सम्मान गारदमा मलाई खटाइएको थियो । त्यसअघि मैले मौसुफलाई एक-दुई पटक दरबारको बगैंचामा र एक पटक दरबारमै आयोजित फुटबल प्रतियोगितामा सवारी भएको बेला मात्र देखेको थिएँ । राजा वीरेन्द्रको राज्यारोहणपछि पशुपति, आर्यघाटमा राजा महेन्द्रको दाहसंस्कारको कार्यक्रम थियो । मौसुफलाई अन्तिम सलामी 'गार्ड अफ अनर' दिने सम्मान गारदमा पनि मलाई खटाइएको थियो । महाराजाधिराजको अन्तिम संस्कारका लागि ब्रिगेड नै खटाउने परम्परा थियो । ब्रिगेड कमान्डर नै दाहसंस्कार समारोहको पनि कमान्डर हुने प्रचलन थियो । त्यति बेला काठमाडौं हेर्ने १ नम्बर वाहिनीपति हुनुहुन्थ्यो— सहायक रथी आदित्यशमशेर जबरा । शवयात्रा आर्यघाट आइपुगिसकेको थियो । वाहिनीपति जबराले सबै अधिकृतलाई बोलाएर विभिन्न कुरा सिकाउँदै 'यसपछि यसो गर्ने' भनेर आदेश दिनुभयो । त्यसपछि सम्मान गारद कमान्डर मेजरसाबले वाहिनीपतिका कुरामा मत बभ्काउँदै 'अन्तिम श्रद्धाञ्जली दिएपछि दागबत्ती दिने समयमा अन्तिम सलामी दिने होइन र सर ?' भनेर सोध्नुभयो । अरू सैनिक अधिकृतले मेजरसाबले भनेको कुराको विरोध गर्दै वाहिनीपतिले भनेको कुरामा 'होमा हो' मिलाए । तर वाहिनीपति जर्साबले मतिर फर्केर सोध्नुभयो, 'नानी, स्यान्डहर्स्टमा के गरिन्छ ?' मैले तत्कालै 'मेजरसाबले भने अनुसार नै गरिन्छ सर' भनें । अनि जर्साबले त्यसै अनुसार गर्न आदेश दिनुभयो । वास्तवमा स्यान्डहर्स्टमा कहिल्यै यस्तो सिकाइँदैन । अनि नेपाल र बेलायतको अन्तिम संस्कारको कुनै पनि विधि मिल्दैन । त्यहाँ क्रिस्चियन धर्म अनुसार अन्तिम संस्कार हुन्छ भने नेपालमा हिन्दू धर्म-परम्परा अनुसार । तर मेजरसाबले भनेको विधि मलाई ठीक लागेको हुनाले मैले उहाँको कुरामा सहमति जनाएँ । अहिले पनि मलाई त्यो कुरा सम्भँदा अलिक अप्ठ्यारो लाग्छ । आदित्य जर्साब धेरै कडा स्वभावको हुनुहुन्थ्यो । नेपालबाट सैनिक तालिमका लागि स्यान्डहर्स्ट जाने उहाँ नै पहिलो सैनिक अधिकृत हुनुहुन्थ्यो । उहाँले 'स्यान्डहर्स्टमा यस्तो सिकाउँछ ?' भनेको भए मसँग कुनै उत्तर हुने थिएन ।

दरबारमा दुइटा पल्टनको हरहमेसा तैनाथी हुन्थ्यो । तिनलाई समय-समयमा अदली-बदली गराएर तालिम दिने प्रचलन सुरु गर्न लागिएको रहेछ । २०२९ वैशाखमा गोरखबहादुर गण तालिमका लागि त्रिशूली ब्यारेक, नुवाकोट जाने भयो । हामी ट्रान्जिटका रूपमा केही दिन नयाँ वानेश्वरस्थित ब्यारेकमा बसी त्रिशूली पुग्यौं । त्यस बेला गोरखबहादुरको गणपति जनार्दनविक्रम राणा हुनुहुन्थ्यो । उहाँ बिरामी भएर काठमाडौं फर्केका बेला काठमाडौंबाट तालिम टिम त्रिशूली पुगेको थियो । त्यसमा प्रमुख सेनानी शम्भुशमशेर

जबरा, मेजर चन्द्रबहादुर (सीबी) खत्री, क्याप्टेनहरू चन्द्रबहादुर रावल, केशवराज शर्मा र शिशिरचन्द्र शाह हुनुहुन्थ्यो । सबै जना अधिकृत मेसमा बस्नुहुन्थ्यो । हरेक ब्यारेकमा साँझ सूर्यास्त हुने समयमा रिट्रिटका लागि बिगुल बज्छ । त्यहाँ पनि बिगुल बजेपछि म उभिएँ । मेरो पल्टनका शिवबहादुर मेजरसाब पनि उभिनुभयो । तर पाहुनाहरू चाहिं घरभित्र भएकाले 'उभिनुपर्दैन, बसौंबसौं' भन्दै बस्नुभयो । मलाई झनक्क रिस उठ्यो । ब्यारेकमा साँझ बिगुल बजाउनु भनेको दिवङ्गत आत्मालाई सम्झना गरी सम्मान अर्पण गर्नु हो । त्यति बेला जो जहाँ भए पनि उभिनुपर्छ, सतर्क पोजिसनमा । सकिएपछि मैले सिनियर अधिकृत सबैलाई 'गुड इभिनिङ सर' भनेर सम्बोधन गर्दै एकदमै शिष्टतापूर्वक भनें, 'सर, बिगुल बजेको बेला सबैले उठ्नुपर्ने हो । सैनिक ब्यारेकमा यो परम्परागत नियम हो ।' मेरा कुरा सकिन नपाउँदै मेजर सीबी खत्री झनक्क रिसाउनुभयो । उहाँ देवीदत्त पल्टनको हुनुहुन्थ्यो । उहाँले झर्केर भन्नुभयो, 'पहिले देवीदत्त पनि यहाँ बसेको हो । घरभित्र हुँदा उभिनुपर्दैन ।' मैले फेरि भनें, 'सर देवीदत्त गण बस्दाखेरि त्यसो गर्नुभयो होला । तर हरेक पल्टनका आ–आफ्नै नियम हुन्छन् । यहाँ त सबैले उभिने नियम छ । अबदेखि उभिनुहोला ।' उहाँले 'तँ फुच्चे लप्टनले मलाई सिकाउने ?' भनेर झपार्नुभयो । उहाँ कडा स्वभाव र अहं बोकेको मेजर हुनुहुँदो रहेछ । त्यसपछि मैले उहाँलाई भनें, 'तपाईं रिसाउनुस् या खुसाउनुस् मलाई मतलब छैन । यो गोरखबहादुर गण हो । अहिले म गोरखबहादुर गणको कार्य अधिकृतको काम गरिरहेको छु । यो क्षेत्रमा के गर्ने, के नगर्ने भन्ने सबै नियम लागू गर्ने मेरो कर्तव्य हो । म त्यो गर्छु ।' त्यस दिन त विवाद यत्तिकै सकियो । त्यसको केही दिनपछि पार्टी थियो । पार्टीमा सीबी खत्रीले त्यही कुरा झिकेर बबाल गर्नुभयो । मसँग झगडा गर्न थाल्नुभयो । मलाई हिर्काउन खोज्नुभयो । मैले पनि हिर्काउन खोजें । मज्जाले झपारें । अरूले छुट्याए । सीबी खत्रीलाई बाहिर लगिएपछि सहसेनानी शिशिरचन्द्र शाह 'त्यो सीबीले यसो गर्ने ?' भनेर कराउन थाल्नुभयो । कराउँदा–कराउँदै उहाँले ब्लेडले आफ्नो हात काट्नुभयो । रगतैरगत भयो क्षणभरमा । उहाँलाई उपचारका लागि रातारात काठमाडौं लैजानुपर्‍यो । मेजर सीबी पछि नेपालगन्ज सरुवा भएका बेला त्यहाँ मेरा कोर्समेट जितेन्द्र विष्टसँग त्यस्तै झगडा परेछ । मेरा साथीले नाकमा हिर्काएर उहाँको नाकै भाँचिदिनुभएछ ।

म त्रिशूली ब्यारेकमै छँदा २०२९ असारमा मेरो विवाह भयो, काठमाडौं, ज्ञानेश्वरकी गीता शाहसँग । म काठमाडौं निवासी नभए पनि राम्रो सैनिक करिअरको कारण हुन सक्छ, काठमाडौंको खानदानी चौतरिया परिवारसँग मेरो मागी विवाह हुन गयो । गीताका बुबा मोहनप्रताप शाह शाही नेपाली सेनामा प्रमुख सेनानी हुनुहुन्थ्यो भने उहाँका भाइ सिंहप्रताप शाह सहायक रथी । सिहंप्रताप शाह पछि प्रधान सेनापति हुनुभयो । उक्त पदबाट अवकाशपछि जर्मनीका लागि शाही नेपाली राजदूत समेत हुनुभयो । २०३० सालमा मेरो ठूलो छोरा अजयविक्रम शाह र २०३४ सालमा कान्छो छोरा कुन्दविक्रम शाहको जन्म भयो ।

त्रिशूलीमा चलिरहेको तालिम सकिएको थिएन । १८ महिनापछि गोरखबहादुर गण

पुनः दरबार फर्कने भयो । म चाहिं सरूवा मागेर कालीप्रसाद गण गएँ । कालीप्रसाद गणमै म सहसेनानी भएँ । यसैबीच बेलायतको रोयल एयरफोर्सको धवलागिरि-४ आरोहण गर्ने टोली काठमाडौं आउँदै थियो । त्यसका निम्ति मलाई सम्पर्क अधिकृत तोकिएको थियो । त्यो टिम आएपछि मैले परराष्ट्र मन्त्रालयमा सबै कागजपत्र मिलाएँ । त्यो बेला परराष्ट्र मन्त्रालयको एउटा शाखाका रूपमा थियो पर्वतारोहण शाखा । पर्वतारोहण सम्बन्धी सबै विषय त्यसैले हेर्ने गर्दथ्यो । म सबै कुरा मिलाएर बेस क्याम्पतिर जान अन्तिम तयारी गरिरहेको थिएँ । शाही जङ्गी अड्डाका सैनिक सचिव महासेनानी खेमराजशमशेर जबराले मलाई 'एक्सपिडिसनमा नपठाउनू' भनेर पर्वतारोहण शाखामा खबर गर्नुभएछ । एक्कासि त्यो सुनेर म जिल्लिएँ । मैले ससुरा (प्रमुख सेनानी) मोहनप्रताप शाहलाई फोन गरें । उहाँ प्रधान सेनापतिको सैनिक सहायक हुनुहुन्थ्यो । उहाँलाई पनि केही थाहा रहेनछ । उहाँले 'म बुझेर खबर गर्छु' भन्नुभयो । एकै छिनपछि उहाँको फोन आयो, 'महाराजाधिराजको एडीसीका लागि तपाईंको नाम दरबार गएको रहेछ । त्यसैले तपाईंलाई एक्सपिडिसनमा जान रोकिएको हो । तपाईंलाई भोलि सैनिक सचिव विभागमा सम्पर्क राख्नू भन्ने खबर छ ।'

त्यति भनेपछि भोलि पल्टै म सैनिक सचिवलाई भेट्न गएँ । उहाँले पनि 'तपाईंको नाम एडीसीमा छनोटका लागि गएको छ, दरबारले तत्कालै खोज्यो भने तपाईंलाई कहाँ खोज्नु ? त्यही भएर रोकिएको हो, छनोटमा पर्नुभएन भने तपाईंलाई अर्को एक्सपिडिसनमा पठाउँला' भन्नुभयो । मलाई जानकारी भए अनुसार दरबारबाट एडीसीका लागि सेनासँग छ जनाको नाम मागिएको रहेछ । शाही जङ्गी अड्डाबाट गएको लिस्ट अनुसार उक्त छ जनामध्येबाट कसैलाई पनि एडीसीमा नछानेर अर्को लिस्ट मागिएको रहेछ । दोस्रो लिस्टमा मेरो नाम अन्तिममा राखेर पठाइएको रहेछ । पहिलो लिस्टमा सदीपबहादुर शाह, चित्रबहादुर गुरूङ, रत्नबहादुर गुरूङ, नरबहादुर गुरूङ, रूक्माङ्गद कटवाल र शशिप्रताप केसीको नाम पठाइएको रहेछ । दोस्रो लिस्टमा ज्ञानजङ्ग थापा, दमननरसिंह राणा, ज्योतिशमशेर जबरा, शिशिरचन्द्र शाह र अन्तिममा मेरो नाम राखेर सिफारिस गएको रहेछ । त्यसको केही दिनपछि दरबारबाट शशिप्रताप केसी र म एडीसीमा छानिएको खबर आयो । म दुई वर्षका लागि आवधिक एडीसीका रूपमा छानिएको थिएँ । त्यो खबरले म अति नै खुसी भएँ । किनभने, यो बेला दरबारको 'क्रेज,' गरिमा र सेनाको करिअरका हिसाबले पनि शाही पार्श्ववर्ती हुनु एकदमै महत्त्वपूर्ण थियो । वास्तवमै मैले कहिल्यै सरकारको एडीसी बनुँला भन्ने कल्पनासम्म गरेको थिइनँ ।

एडीसी छानिएपछि शशिप्रताप र म क्याप्टेन भुवनजङ्ग शाह र निरञ्जन पाललाई बदली गर्न दरबार गएका थियौं । यति बेला नेपाल प्रहरीबाट प्रहरी निरीक्षकहरू रामकाजी बान्तवा र सुदर्शनशमशेर थापा एडीसी हुनुहुन्थ्यो । प्रहरीबाट उहाँहरूलाई बदली गर्न प्रहरी निरीक्षकहरू मोतीलाल बोहरा र बलेन्द्रबहादुर सिंह आउनुभएको थियो । दरबारस्थित सैनिक प्रहरीमा हामी चार जना जम्मा भएपछि के भनियो भने, 'तिमीहरूलाई

यहाँ भीभीआईपी तालिमका लागि ल्याइएको हो । यो पास गरेपछि मात्र एडीसीमा राखिन्छ ।' भीभीआईपी तालिममा पनि म पहिलो भएँ । त्यसपछि २०३१ वैशाखमा हामीलाई दुई वर्षका लागि एडीसीमा नियुक्त गरियो । त्यति बेला प्रमुख शाही पार्श्ववर्तीमा शान्तकुमार मल्ल र ताराबहादुर थापा हुनुहुन्थ्यो । प्रमुख सैनिक सचिव शेरबहादुर मल्ल र सैनिक सचिव दानगम्भीर रायमाझी हुनुहुन्थ्यो ।

आवधिक एडीसीमा नियुक्त भएकै दिन हामीले वीरेन्द्र सरकारको दर्शनभेट पायौँ । प्रमुख सैनिक सचिव शेरबहादुर मल्लले हामीलाई दर्शनभेट गराउनुभयो । हामीले दाम राख्यौँ । सरकारबाट 'राम्रोसँग काम गर्नू र नबुझेका कुरा सोध्नू' हुकुम भयो । मैले एडीसीको ड्युटी लिएको केही दिनदेखि नै सरकारको कार्यालयमा टेलिफोन उठाउने र बाहिरबाट आएका टेलिफोनबारे सरकारलाई खबर गर्ने काम गर्न थालेको थिएँ । तर, सरकारको सवारी चलाउने अवसर पाएको थिइनँ । वैशाख १८ गते मेरो रातिको ड्युटी थियो, बिहानसम्म अफिसमै थिएँ । बिहान सरकारको सवारीमा एडीसी ताराबहादुर थापा हुनुहुन्थ्यो । कसरत गर्न लाग्दा उहाँको हड्डी डिसलोकेट भएछ । अस्पताल जानुपर्ने भएपछि उहाँले मलाई फोन गरेर बोलाउनुभयो । म तत्कालै गएँ । सरकारको व्यायामशालाबाट फिर्ती सवारी हुन लागेको रहेछ । मौसुफ आफैँले मोटर हाँकिबक्सेको थियो । सरकारबाट 'विवेक बस' हुकुम भयो । सरकारलाई मेरो नाम थाहा छैन भन्ने मलाई लागेको थियो । तर मौसुफबाट मेरो नाम लिएर 'बस' हुकुम भयो । म मोटरको अगाडिको सिटमा बसेँ । पहिलो दिन भएकाले होला, म अति नै नर्भस थिएँ । मोटरमा बसेकै बेला सरकारबाट 'विवेक, ताराबहादुर अस्पताल गयो ?' भनेर सोधिबक्स्यो । मैले 'जानुभयो सरकार' भनेर जाहेर गरेँ । त्यहाँबाट सरकार श्री सदन बङ्गला सवारी होइबक्स्यो, जहाँ मौसुफको निवास थियो । सरकार त्यहाँ पत्रपत्रिका तथा केही जरूरी कागजपत्र पढेर र लन्च खाएर त्यस्तै ११ बजे अफिस सवारी भयो । मेरो ड्युटी बदली भयो । मैले दरबारबाट घर पुगेर गीतालाई आज पहिलो पटक सरकारको सवारी चलाएको कुरा सुनाएँ ।

त्यसै वर्ष वीरेन्द्र सरकारको शुभराज्याभिषेक सम्पन्न भयो । २०३२ सालमा मेरो दुई वर्षको पदावधि सकिनुभन्दा दुई महिनाअघि एक दिन मुख्य एडीसी प्रमुख सेनानी शान्तकुमार मल्लले 'केही गरेर मिल्यो या सरकारले चाहिबक्स्यो भने तपाईं दरबारको दरबन्दीमा बस्ने हो ?' भनेर सोध्नुभयो । मैले 'आवश्यकता अनुसार तालिम गर्न पाउँछु कि पाउँदिनँ, समय अनुसार बढुवा हुन्छ कि हुँदैन, सरकारहरूको सवारीमा विदेश जान पाउँछु कि पाउँदिनँ ?' भनेर सोधेँ । उहाँले 'तपाईंले भनेका सबै कुरा गर्न पाउनुहुन्छ' भन्नुभयो । त्यसपछि मैले सहमति जनाएँ । यसरी मलाई दरबारमा स्थायी एडीसी बनाएर राख्ने कुरा तय भयो । र, म दरबारको स्थायी शाही पार्श्ववर्तीमा सरूवा भएँ । यस सन्दर्भसँग मिल्दोजुल्दो लोकगीत सम्झन्छु :

*बारीमा फूल फुल्यो अर्मले*<br>
*कहाँको मान्छे कहाँ पर्‍यो कर्मले...*

शाही पार्श्ववर्ती विभागमा छँदा २०३८ सालमा एक वर्षको कमान्ड एन्ड जनरल स्टाफ कलेज कोर्स गर्न अमेरिकाको फोर्ट लेभेनवर्थ, क्यान्ससमा जाने अवसर पाएँ । उक्त तालिम केन्द्र संसारकै उत्कृष्ट स्टाफ कलेजमा गणना हुन्छ । त्यहाँ एक वर्षको तालिम र बसाइलाई 'बेस्ट इयर अफ माई लाइफ' (जीवनको सबैभन्दा राम्रो वर्ष) भन्ने विश्वास गरिन्छ । त्यहाँ संसारका ५०/६० देशका राम्रो नतिजा हासिल गरेका मेजर तथा कर्णेल स्तरका अधिकृतहरू करिब एक सय जना र अमेरिकी अधिकृतहरू समेत गरेर करिब एक हजार जनाको सहभागिता थियो । सैनिक विधा र अन्य विधाका ज्ञानका अतिरिक्त धेरै रमाइलो वातावरणमा संसारका विभिन्न मुलुकबाट आएका शिक्षार्थीसँग परिचय हुँदा सुखद अनुभव भएको थियो । मेरो सेवा प्रकृतिका कारणले ती परीक्षार्थीमध्ये केहीसँग पछि उनीहरूको मुलुक गएको बेला भेट हुन्थ्यो । त्यति बेला साह्रै खुसी लाग्थ्यो । त्यो एक वर्षको तालिमले मेरो व्यक्तिगत जीवन र करिअरमा निकै प्रभाव पर्‍यो ।

## सङ्गीतमा रूचि

केटाकेटीदेखि नै मलाई सङ्गीतमा ज्यादै रुचि थियो । स्कुल पढ्दा सांस्कृतिक कार्यक्रममा गीत गाउँथेँ । मेरो स्वर ज्यादै राम्रो छ भनेर धेरै जनाले भन्दथे । त्यसै बेलादेखि मैले मादल र बाँसुरी बजाउन सुरु गरेँ । कसैबाट सिकेर हैन, आफ्नै प्रयासले । केही दिनमै मज्जाले मादल बजाउन सक्ने भएँ । म गाउँमा हुने सांस्कृतिक कार्यक्रममा नाटक खेल्थेँ । म नाच्न चाहिँ कहिल्यै नाचिनँ । मलाई शास्त्रीय सङ्गीतमा पनि औधी रुचि थियो । मेरा कान्छा बुबा लक्ष्मणविक्रम शाह अध्ययनका लागि लखनउमा हुनुहुन्थ्यो । शास्त्रीय सङ्गीत पढ्न त्यहाँ जाने मेरो इच्छा थियो । तर कान्छा बुबा लखनउबाट धनगढी आई विवाह गरेर पहाड फर्कनुभयो । त्यसपछि मेरो शास्त्रीय सङ्गीत पढ्ने कुरा त्यसै हरायो ।

२०२५ सालमा म शाही नेपाली सेनामा भर्ना भएँ । सेनाको आधारभूत तालिमको तीन वर्षको अवधिमा मेरो सङ्गीत सम्बन्धी कुनै पनि कार्य फस्टाउन पाएन । बेलायतबाट फर्केपछि प्यारा बेसिक गर्न प्यारा तालिम शिक्षालय, महाराजगन्ज गएँ । भैरवनाथ गणका गणपति प्रमुख सेनानी यडवनशमशेर जबरा हुनुहुन्थ्यो । उहाँ पनि सङ्गीत, नाचगानमा धेरै सोखिन । कुनै दिन बेलुका जमघट हुँदा मादल बजाउने, गीत गाउने र नाच्ने कार्यक्रम हुन्थ्यो । मैले मादल बजाएर लोकगीत गाएको उहाँ निकै रुचाउनुहुन्थ्यो । मेरो पल्टन दरबारबाट त्रिशूली जाने क्रममा नयाँ वानेश्वरस्थित सैनिक ब्यारेक (हाल वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र भएको स्थान) मा रहेको बेलाको कुरा हो । त्यही समय भारतीय स्थलसेनाध्यक्ष जनरल साम मानेकसा (पछि फिल्ड मार्सल) प्रधान सेनापति महारथी सिंहबहादुर बस्न्यातको निमन्त्रणामा नेपाल भ्रमणमा आउनुभएको थियो । प्रधान सेनापति निवास, शशिभवनमा उहाँको सम्मानमा रात्रिभोज र सांस्कृतिक कार्यक्रम राखिएको रहेछ । सांस्कृतिक कार्यक्रमको सम्पूर्ण जिम्मेवारी प्रमुख सेनानी यडवनशमशेर जबरालाई दिइएको रहेछ । त्यसका लागि उहाँले विभिन्न युनिटबाट नाचगान टोली

जम्मा पार्नुभएको रहेछ । उहाँ आफैँ गाउँघरमा लगाइने पहाडी कछाड ड्रेस लिएर मेरो पल्टनमा आउनुभयो । मेरा गणपति जनार्दनविक्रम राणासँग कुरा गरेर उहाँले ती लुगाहरू मलाई लगाउन दिनुभयो । अनि शशिभवनको सांस्कृतिक कार्यक्रममा मादल बजाउन र गीत गाउन मलाई लैजानुभयो । त्यसरी कुनै पूर्वतयारीबिना मलाई सांस्कृतिक टोलीमा मिसाइयो । त्यसो गरेकोमा भित्रभित्रै रिस नउठेको पनि होइन, तर सेनाको जागिर, आदेश मानेर जानैपर्‍यो ।

शशिभवन पुगेपछि टोली सदस्यहरूलाई आपसमा परिचय गराइयो । टोलीमा म मात्र अधिकृत रहेछु । अरू सबै अन्य दर्जाका । हामीले भारतीय स्थलसेनाध्यक्षलाई डिनरपछि सांस्कृतिक कार्यक्रम देखाउनुपर्ने भयो । यडवन कर्साबले चिसो छिँडीमा कार्यक्रमबारे मौखिक जानकारी गराउनुभयो र त्यहीं छोडेर बाहिर निस्कनुभयो । त्यो ठाउँमा काठको बेन्चबाहेक अर्को कुनै बस्ने व्यवस्था थिएन । हामीलाई कसैले केही वास्ता गरेन । राति १० बजेतिर सबैलाई बोलाइयो । शशिभवनको सामुन्ने टाँगिएको पालमा हामीले सांस्कृतिक कार्यक्रम देखायौँ । सबैले ज्यादै रमाइलो माने । मैले मादल बजाउनुका साथै राप्ती अञ्चलमा प्रचलित लोकगीत गाएँ । सांस्कृतिक कार्यक्रमपछि पाहुनाहरूसँग हामीलाई पनि परिचय गराइयो । मलाई भर्खरै स्यान्डहर्स्टबाट फर्केको सहायक सेनानी भनेर परिचय गराउँदा सबैले अचम्म माने । बेलायतमा तीन वर्ष बसेर फर्केको मान्छेले अझैसम्म लोकगीत गाउन र मादल बजाउन बिर्सेको रहेनछ भनेर सराहना गरे । साँझ साढे ६ बजे त्यहाँ पुगेको सांस्कृतिक टोलीलाई राति १२ बजेपछि बल्ल खाना दिइयो । त्यसअघि चिया त परै जाओस्, कसैले पानीसम्म सोधेन । त्यसपछि मलाई प्रमुख सेनानी यडवनले ब्यारेकमा पुर्‍याउनुभयो । फेरि अचानक के विचार आयो कुन्नि, म ब्यारेकमा झर्नासाथ उहाँले 'मोटरमा बस, एकै छिन स्वयम्भू पुगेर आऔँ' भन्नुभयो । स्वयम्भूमा एउटा रेस्टुराँ रातभर खुल्दो रहेछ । धेरै हिप्पीहरू त्यहाँ रातभरि नै बस्दा रहेछन् । त्यो रेस्टुराँमा उहाँले मलाई रातभर लोकगीत गाउन लगाउनुभयो । अनि बिहान ६ बजे ब्यारेक लगेर छोडिदिनुभयो । त्यति बेलासम्म म कछाडमै थिएँ ।

२०२८ सालमा म शाही रक्षक गोरखबहादुर गणमा कार्यरत हुँदा दरबारमा अर्को पनि पल्टन थियो, कालीबहादुर गण । एक पल्ट यी दुई पल्टन र अन्य सैनिक अधिकृतहरूबीच दुई समूह बनाएर फुटबल प्रतियोगिता भएको थियो । प्रतियोगितामा सहभागी दुई समूहमा अधिराजकुमारहरू ज्ञानेन्द्र र धीरेन्द्रको समेत सहभागिता थियो । युवराजाधिराज वीरेन्द्रबाट रेफ्रीको भूमिका निर्वाह गरिबक्सेको थियो । फुटबल सकिएपछि साँझ रात्रिभोजको कार्यक्रम थियो । रात्रिभोजमा सरकारहरू साँझ ७ बजे आधा घण्टाका लागि सवारी भएको थियो । सरकारहरूबाट रात्रिभोजमा खसी उपहार बक्सेको थियो । सरकारहरू सवारी भएपछि ड्रिङ्क्स सुरु भयो । त्यस अवसरमा उपसेनानी मधुसूदन सापकोटा र मैले हास्य कार्यक्रम प्रस्तुत गर्‍यौँ । कार्यक्रम सबैलाई मन पर्‍यो । त्यहाँ 'विवेकले राम्रोसँग लोकगीत गाउँछ' भन्ने हल्ला चलेछ । त्यसपछि जीवनमा पहिलो पटक सरकारहरूका अगाडि मादल बजाएर लोकगीत गाएँ । त्यो गीत पनि सरकारहरू र अन्य

सबैलाई औधी मन परेछ । नाचगान जम्दै गयो । आधा घण्टाका लागि सवारी होइबक्सेका सरकारहरू राति ११ बजेसम्म सांस्कृतिक कार्यक्रममा सरिक भइबक्स्यो । मैले गाएका धेरै लोकगीत सुनेपछि सरकारहरूमा मेरा बारे जिज्ञासा बढेछ । युवराजाधिराज वीरेन्द्र सरकारबाट मेरा बारे सोधिबक्सेछ र मसँग कुरा गरिबक्स्यो । 'रुकुमबाट आएर सेनामा भर्ती भएको हुँ, हालै बेलायतको रोयल मिलिटरी एकेडेमी, स्यान्डहर्स्टबाट तालिम सकेर फर्किएको हुँ' भनेर मैले आफ्नो परिचय टक्र्याएँ । यसरी युवराजाधिराज वीरेन्द्रसँग मेरो चिनाजानी भयो । मैले वीरेन्द्र सरकारसँग कुरा गरिरहँदा छेउमै ज्ञानेन्द्र सरकार र धीरेन्द्र सरकार समेत होइबक्सन्थ्यो । त्यसै बेला मलाई सरकारहरूले राम्रोसँग चिनिबक्स्यो जस्तो लाग्दछ । त्यसै दिनको मेरो प्रतिभाबाट प्रभावित भएर हो कि जस्तो लाग्छ, धेरै वरिष्ठ सैनिक अधिकृतलाई नछानेर मलाई वीरेन्द्र सरकारले एडीसी बनाइबक्स्यो । म एडीसी भएर दरबार गएपछि वीरेन्द्र सरकारले एक पटक मैले त्यो रात मादल बजाएर लोकगीत गाएको संस्मरण सुनाइबक्सेको थियो । त्यस बेला म धेरै खुसी भएँ । सरकारका कुराबाट मलाई अचम्म पनि लागेको थियो ।

महाराजाधिराज वीरेन्द्र सरकार सन् १९७९ मा असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनमा क्युबाको राजधानी हवाना सवारी भएको बेलाको कुरा हो । म सरकारको एडीसीका रूपमा भ्रमण दलमा थिएँ । सम्मेलनबाट सरकार फर्कंदा दुई दिन लन्डनमा राज भएको थियो । त्यस अवसरमा बेलायतका लागि शाही नेपाली राजदूत झरेन्द्रनारायण सिंहले सवारीमा संलग्न सबै र लन्डनमा रहेका केही प्रबुद्ध नेपाली तथा विदेशीलाई बोलाएर राजदूतावासमा शान्त रात्रिभोज आयोजना गर्नुभएको थियो । रात्रिभोज सकिएपछि शाही नेपाल वायुसेवा निगमका वरिष्ठ क्याप्टेन बबीविक्रम शाहले निगमका कर्मचारीबाट नाचगान गरी रमाइलो गर्ने भनेर जाहेर गर्नुभयो । सरकारबाट स्वीकृति बक्सेपछि केही कर्मचारीले एकदुइटा गीत गाए । तर त्यसबाट मात्र रमाइलो वातावरण बन्न सकेन । अनि निगमका चालकहरूले मलाई गीत गाउन अनुरोध गर्न थाले । मैले पनि मादलको बन्दोबस्त गरेर गीत गाउन थालें । रमाइलो भयो । सबै जना नाच्ने, गाउने कार्यक्रम राति अबेरसम्म चल्यो । कार्यक्रमपछि निगमका कर्मचारीहरूले छलफल गरी 'विवेक शाहले मादल बजाएर र गीत गाएर सहयोग नगरेको भए सरकारका सामु हाम्रो बेइज्जती हुने रहेछ, त्यसैले सम्मानस्वरूप निगमको उडान भएको स्थानमा उहाँले चाहे अनुसार एउटा हवाई टिकट दिने' भनी निर्णय गरेछन् । यो कुरा लन्डनबाट एथेन्सको फ्लाइटका क्रममा मलाई जानकारी दिइयो । यसलाई मैले ठट्टाका रूपमा लिएँ । काठमाडौं फर्किएपछि पनि उहाँहरूले यो कुरा दोहोऱ्याइरहनुभयो । बबी शाहसँग विभिन्न पार्टीमा भेट भइरहन्थ्यो । एक दिन उहाँले मलाई सोध्नुभयो, 'घुम्न जान मन छैन ? किन टिकट लिन नआउनुभएको ?' त्यस बेला म गीताको स्वास्थ्य परीक्षण गर्न बैङ्कक जान सोच्दै थिएँ । मैले बबीलाई भनें, 'म श्रीमतीलाई लिएर स्वास्थ्य परीक्षण गराउन बैङ्कक जाँदै छु । मिल्छ भने दुइटा टिकट मिलाइदिनुहुन्छ ?' उहाँले भोलि पल्टै मलाई दुइटा टिकट दिनुभयो । आफ्नो कलाकारिताबाट आजसम्म आर्जन गरेको यति दुइटा टिकट हो । योभन्दा ज्यादा

लाभ हुने गरी मैले गीत-सङ्गीतमा उल्लेखनीय कुनै काम गरेको छैन ।

वीरेन्द्र सरकारको सङ्गीतमा गहिरो रुचि थियो । सरकार स्वयं राम्रोसँग मादल बजाइबक्सन्थ्यो पनि । सरकारको विभिन्न समयमा सिकार क्याम्प हुने गर्दथ्यो । त्यस क्रममा कैयौँ पटक मैले मादल बजाउँदै गीत गाएर सरकारलाई नचाएको पनि छु । २०४० सालको हिउँदमा सरकार सिकारका लागि शाही चितवन राष्ट्रिय निकुञ्ज सवारी भयो । प्रत्येक दिन बिहानदेखि बेलुकासम्म सिकार हुन्थ्यो । बेलुका रमाइलोका लागि सरकारबाट बेलाबेला क्याम्पमा उपस्थित सबैलाई ड्रिङ्क्स तथा डिनरमा बोलाइबक्सन्थ्यो । कहिलेकाहीं सांस्कृतिक कार्यक्रम समेत हुन्थ्यो । कसैले गीत गाउने, कसैले मादल बजाउने, कसैले नाच्ने गरेर रमाइलो हुन्थ्यो । त्यस्ता कार्यक्रममा सबैले मलाई मादल बजाएर गीत गाउन आग्रह गर्थे । तर यसका लागि सरकारबाट हुकुम बक्सनुपर्दथ्यो । हुकुम बक्से बमोजिम मैले मादल बजाएर गीत गाएपछि सरकार नाचिबक्सन्थ्यो । सरकार स्वयंले पनि मज्जाले मादल बजाएर खुबै रमाइलो गरिबक्सन्थ्यो । यस्तै एक साँझको कुरा हो । तत्कालीन वन तथा भू-संरक्षण राज्यमन्त्री बद्रीप्रसाद मण्डलले अलि बढी नै ड्रिङ्क्स गर्नुभएको रहेछ । ड्रिङ्क्स गर्दै मासु खाँदै उहाँ नाच्दै हुनुहुन्थ्यो । अचानक उहाँको घाँटीमा हाड अड्कियो । उहाँ छटपटिन थाल्नुभयो । रमाइलो वातावरण एकाएक भङ्ग हुन पुग्यो । उहाँलाई अस्पताल लैजानुपर्ने अवस्था सिर्जना भयो । सुरुको एकै क्षण उहाँलाई क्याम्पको मेडिकल रुममा लगेर राखियो । त्यसै बेला त्यहाँ उपस्थित डाक्टरले उहाँको गर्धनमा बेस्करी हिर्काउनुभएछ । त्यसपछि उहाँको घाँटीबाट हाड बाहिर निस्कियो ।

गीत-सङ्गीतको कुरा गर्दा म २०२१ सालको एउटा घटना सम्झन पुग्छु । भर्खर म पहाडबाट काठमाडौं पढ्न आएको थिएँ । मुमा बडामहारानी रत्नको शुभजन्मोत्सवको अवसर रहेछ । त्यति बेला उक्त अवसरमा काठमाडौंको भृकुटीमण्डपमा रमाइलो मेला हुने गर्दथ्यो । मेलामा विभिन्न स्टल राखिएका हुन्थे । एउटा स्टल रेडियो नेपालको पनि थियो । त्यसमा स्वर परीक्षण पनि हुने रहेछ । एक दिन म यसै घुम्न गएको बेला साथीहरूले मलाई त्यहाँ गीत गाउन आग्रह गरे । मैले स्टेजमा गएर एउटा लोकगीत गाएँ । अनि रेडियो नेपालका कर्मचारीले 'तपाईं स्वर परीक्षणमा पास हुनुभयो' भने । म त्यति बेला खुसी पनि भएँ । तर मैले कहिल्यै रेडियो नेपालमा गएर गीत गाउने जमर्को गरिनँ । अनि व्यावसायिक रूपमा समेत गीत गाइनँ । तर अझै पनि गीत-सङ्गीतप्रति मेरो चाहना मरेको छैन ।

## आरोह-अवरोह

२०५८ सालभर मेरो परिवार र म कार्यरत राजदरबारमा अति नै अशुभ घटना मात्र भइरहे । मानिसको मन न हो, बारम्बार अशुभ घटना मात्र भइरहँदा कहिलेकाहीं मन बुझाउन समेत कठिन हुने रहेछ । यस वर्ष मैले यस्तै महसुस गरेको थिएँ । वर्षको सुरुमा वैशाख १४ गते मेरी मुमा चैतन्यदेवी शाह स्वर्गे हुनुभयो । मुमाले मलाई जन्माउनुभयो,

हुर्काउनुभयो र सन्मार्ग देखाइदिनुभयो । अचानक मुमा बित्दा धेरै दिनसम्म नरमाइलो लाग्यो । अनि सैनिक जीवनको सुरुदेखि झन्डै तीन दशक सँगै बिताएका राजा वीरेन्द्र र रानी ऐश्वर्यको अकल्पनीय र कारुणिक हत्यासमेत यसै वर्ष हुन पुग्यो । २०५८ सालको अन्त्यतिर आइपुग्दा चैत ९ गते शुक्रबार मेरा बुबा ध्रुवविक्रम शाहको पनि असामयिक निधन भयो ।

पशुपति, आर्यघाटमा म बुबाको काजक्रियाका लागि बसेको थिएँ । म महाराजाधिराजको सैनिक सचिव । त्यसैले होला, राष्ट्रिय जीवनका महत्त्वपूर्ण व्यक्तिहरू मलाई समवेदना व्यक्त गर्न आएका थिए । प्रधानमन्त्री शेरबहादुर देउवा पनि आउनुभयो । विभिन्न राजनीतिक दलका नेताहरू समेत आए । सेना र अन्य सुरक्षा निकायका वरिष्ठ अधिकारीहरू त स्वभावतः मलाई भेट्न आउने नै भए । निजामती क्षेत्रका अक्सर सबै सचिव र हुनेवाला सचिवहरू समेत मलाई भेट्न आए । यसअघि २०५८ वैशाखमा मुमाको स्वर्गे हुँदा पनि काजक्रियाका लागि म पशुपतिमै बसेको थिएँ । त्यो बेला वीरेन्द्र सरकार मलाई समवेदना बक्सन त्यहीं सवारी होइबक्सेको थियो । तर मेरा बुबा स्वर्गे हुँदा ज्ञानेन्द्र सरकार सवारी होइबक्सेन ।

कोरा बसेको नवौं दिन मलाई भेट्न सैनिक सचिवालयका कामु हाकिम श्रीराम केसी आउनुभयो । बुबाको स्वर्गे भएपछि मैले उहाँलाई प्रमुख सैनिक सचिवालयको गृह प्रशासन हेर्ने गरी कामु हाकिमको जिम्मेवारी दिएको थिएँ । उहाँले मलाई राजदरबारको प्रशासनिक संगठनमा केही फेरबदल हुन लागेको जानकारी दिनुभयो । प्रमुख सैनिक सचिवालयलाई सैनिक सचिवालयमा सीमित गर्ने, प्रमुख सैनिक सचिव पद (रथी दर्जा) लाई सैनिक सचिव (उपरथी) मा झार्ने प्रस्ताव रहेको उहाँले सुनाउनुभयो । यो सुनेपछि मैले भनें, 'यो त विचारणीय कुरा हो । प्रमुख सैनिक सचिवालय राजदरबारको पुरानामध्येको कार्यालय हो । यस्ता महत्त्वपूर्ण विषयमा निर्णय लिँदा धेरै पक्षहरूमा विचार हुनुपर्छ । म कार्यालय आएपछि यसबारे छलफल गरौंला ।'

महाराजाधिराजको पश्चिम नेपालको भ्रमण सकिएको थियो । मलाई 'काजक्रिया सकिनेबित्तिकै कार्यालय हाजिर हुनू' भन्ने खबर थियो । त्यसै अनुसार २०५८ चैत २२ गते बिहीबार म हाजिर भएँ । त्यही दिन प्रमुख राजदरबार पदाधिकारी कार्यालयमा राजदरबारको प्रस्तावित नयाँ साङ्गठनिक संरचनाबारे छलफलको आयोजना गरिएको रहेछ । प्रमुख राजदरबार पदाधिकारी शारदाप्रसाद प्रधानले मलाई नयाँ सङ्गठन आगामी वैशाख १ गतेदेखि लागू हुने उल्लेख गर्दै प्रमुख सैनिक सचिवालयमा हुने परिवर्तनबारे जानकारी गराउनुभयो ।

मैले उहाँलाई सोधें, 'के कारणले यो परिवर्तन गर्न लागिएको हो ?'

उहाँले भन्नुभयो, 'सरकारबाट हुकुम बक्से बमोजिम यो व्यवस्था गर्न लागिएको हो ।'

त्यसपछि मैले भनें, 'दरबारमा सबैभन्दा पुराना कार्यालय प्रमुख सैनिक सचिवालय र प्रमुख सचिवालय हुन् । यी दुवै कार्यालय २०११ सालमा स्थापना भएका हुन् । त्यही

बेलादेखि प्रमुख सैनिक सचिवालयको प्रमुखमा रथी दरबन्दी कायम भएको हो । त्यस बेला सेनाको दरबन्दी करिब १५ हजार थियो । अहिले सेनाको दरबन्दी ५० हजारभन्दा बढी छ । त्यसैले यो दर्जालाई घटाउने औचित्य प्रस्ट भएन र यो सचिवालयलाई प्रमुख सचिवालय अन्तर्गत राख्न मिल्दैन । किनभने प्रधान सेनापतिलाई राजदरबारका प्रमुख सचिवसँग काम गर्न व्यावहारिक कठिनाइ हुन सक्छ ।' सायद उहाँलाई मेरो तर्क उचित लागेछ । उहाँले 'म यो कुरा सरकारमा जाहेर गरेर सरकारको समय मिलाउँछु, जर्साबले सरकारमा यी सबै कुरा बिन्ती गर्नुपर्‍यो' भन्नुभयो । त्यसै अनुसार सरकारबाट भोलि पल्टै बिहान ९ बजे समय बक्स्यो ।

निर्धारित समयमा जाहेरीका लागि प्रमुख राजदरबार पदाधिकारी र म निर्मल निवास पुग्यौं । महाराजाधिराज सरकार र युवराजाधिराज सरकारमा प्रमुख राजदरबार पदाधिकारीले दरबारको नयाँ साङ्गठनिक संरचनाबारे हिजो मसँग कुरा भएको प्रसङ्ग उठाउँदै 'प्रमुख सैनिक सचिवालय सम्बन्धी विवेक जर्साबले जाहेर गर्नुहुन्छ' भन्नुभयो । त्यसपछि मैले सरकारमा विस्तारपूर्वक जाहेर गर्दै भनें, 'राजदरबारको कार्यविधि अनुसार श्री ५ को सरकार र संसद्बाट पारित भई लालमोहरका लागि राजदरबार आउने विधेयकमा प्रमुख सचिव र प्रमुख सैनिक सचिव या सैनिक सचिवले हस्ताक्षर गर्नुपर्छ । प्रस्तावित साङ्गठनिक संरचना अनुसार सैनिक सचिवालयलाई प्रमुख सचिवालयको मातहत राख्दा कानुनी र व्यावहारिक समस्या पनि आउन सक्छ । त्यस्तै, प्रमुख सैनिक सचिव राजदरबारको सम्पूर्ण सुरक्षाको व्यवस्थापन गर्ने व्यक्ति हो । यसलाई प्रमुख सचिवालय अन्तर्गत राख्दा शाही रक्षक वाहिनी, शाही रक्षक सैनिक प्रहरी तथा शाही पार्श्ववर्ती विभाग जस्ता निकाय स्वतः प्रमुख सचिवालयको अन्तर्गत पर्छन् । यसरी सेनाका युनिटहरू प्रत्यक्ष रूपमा प्रमुख सचिवालयको मातहतमा राख्नु कति उचित हो ? यस स्थितिमा जङ्गी अड्डा, रक्षा मन्त्रालय तथा अन्य सुरक्षा निकायमा समन्वयका लागि पत्राचार कसले गर्ने ? राजदरबारमा कार्यरत सम्पूर्ण सैनिकको बजेट व्यवस्थापन शाही जङ्गी अड्डाले गर्दै आएकोमा अब यो काम कसले गर्ने ? राजदरबारले कि शाही जङ्गी अड्डाले ? यी सबै कारणबाट, प्रमुख सैनिक सचिवालयलाई सैनिक सचिवालयमा सीमित गरे पनि प्रमुख सचिवालयको मातहतमा राख्नु हुँदैन । त्यस्तै सेनाको दरबन्दी निरन्तर बढिरहेको छ । जङ्गी अड्डाका केही विभागीय प्रमुखको पनि समय अनुसार दर्जा बढ्ने क्रम जारी छ । २०११ सालमा प्रमुख सैनिक सचिवालय गठन गर्दा सेनाको दरबन्दी १५ हजार रहेकोमा अहिले करिब ५० हजार नाघिसकेको छ । र, अझ बढ्ने सिलसिला जारी छ । सेनामा माथिल्लो दर्जाका अधिकृतको सङ्ख्या पनि बढिरहेको छ । केही वर्षअघिसम्म जङ्गी अड्डामा रथीको पद थिएन । हाल दुई रथीको दरबन्दी छ । सेनामा चमू अवधारणा लागू गर्ने विषयमा छलफल भइरहेकाले रथीको सङ्ख्या अरू थपिन सक्छ । यस अवस्थामा प्रमुख सैनिक सचिवालयको रथी पद हटाउँदा मर्यादाक्रमका हिसाबले पनि भोलिका दिनमा दरबारलाई नै अप्ठ्यारो पर्न सक्छ । दरबन्दी राख्दैमा कसैको पदोन्नति गर्नैपर्छ भन्ने छैन । त्यसैले सरकारबाट कसैलाई पदोन्नति नबक्से पनि

दरबन्दी राख्दा राम्रो हुन्छ ।' मेरा सबै तर्क सुनिबक्सेपछि महाराजाधिराजबाट हुकुम भयो, 'प्रमुख सैनिक सचिवालयमा पुरानै व्यवस्था अनुसार गर्नू र प्रमुख निजी सचिवालय, प्रमुख संवाद सचिवालय र प्रमुख स्वकीय सचिवालयलाई प्रमुख सचिवालयको मातहत राख्नू । प्रमुख सैनिक सचिवालयमा सबै दरबन्दी सेनाबाटै ल्याउने व्यवस्था मिलाउनू ।'

छलफलमा सहभागी युवराजाधिराजबाट 'प्रमुख सैनिक सचिवालयमा सेनाको दरबन्दी कायम गर्दा युवा अधिकृत पनि राख्न' सुझाव बक्सियो । मैले 'यस सचिवालयमा युवा अधिकृतको भूमिका र काम कम हुन सक्छ, त्यसैले सेनानीभन्दा माथिका अधिकृतको दरबन्दी कायम गर्दा उपयुक्त हुन्छ होला' भनेर जाहेर गरें । मैले यसो भनेपछि युवराजाधिराज रिसाइबक्स्यो र 'दुई उपसेनानी र दुई सहसेनानीको दरबन्दी राख्नू' भनी निर्देशन बक्स्यो । सोही अनुसार दरबन्दी मिलाइयो । प्रमुख सैनिक सचिवालयमा महाराजाधिराजको एडीसी भइसकेका सैनिक अधिकृतलाई प्रमुख सैनिक सचिव नियुक्त गर्ने प्रचलन थियो । यस सचिवालयमा पहिले त गैरसैनिक कर्मचारी पनि थिए । तर पछिल्लो कालमा, खास गरी माओवादीका विरूद्ध सेना परिचालन भएपछि २०५९ वैशाख १ गतेदेखि सैनिकलाई मात्र सैनिक सचिवालयमा राख्न थालियो । सैनिक सचिवको जिम्मेवारी सेनासँग सम्बन्धित सबै किसिमका काम हेर्ने हो, जुन महाराजाधिराज समक्ष पुग्नुपर्छ । त्यस्तै, राजदरबार, सेना, प्रहरी या गृह प्रशासनसँग सम्बन्धित सुरक्षा सम्बन्धी विषय पनि सैनिक सचिवले हेर्ने गर्दछ । सैनिक सचिवको अर्को निकै महत्त्वपूर्ण जिम्मेवारी पनि हुन्छ । संसद्बाट जुन विधेयक पारित भएर राजदरबार आउँछ, त्यसमा सरकारबाट लालमोहर लाग्नुअगाडि प्रमाणित गर्न राजदरबारका तर्फबाट प्रमुख सचिवसँगै प्रमुख सैनिक सचिवले पनि हस्ताक्षर गर्नुपर्छ ।

राजदरबारमा कुनै पनि कामकारबाही, कर्मचारी नियुक्ति, सरूवा-बढुवा, अवकाश आदि विषयमा महाराजाधिराजको स्वविवेकीय निर्णय हुन्छ । लामो समय सरकारको एडीसी भएकाले मलाई दरबारका धेरै विषयमा अनुभव हासिल भएको थियो । उपरथी भएपछि पनि मैले करिब १६ महिना वीरेन्द्र सरकारको मुख्य एडीसीका रूपमा काम गरें । त्यसपछि मैले सैनिक सचिवको जिम्मेवारी पाएँ । सैनिक सचिवले सेनाका विषयमा त विस्तृत रूपमै हेर्नुपर्छ र प्रधान सेनापतिसँग समन्वय गरी काम गर्नुपर्छ । कामका सिलसिलामा प्रधान सेनापतिसँग कैयौं पटक खटपट समेत हुने गर्दछ ।

धेरै वर्ष म शाही पार्श्ववर्ती विभागमा कार्यरत रहें । उक्त विभागको दरबन्दीमा प्रमुख सेनानी दर्जा खाली रहँदारहँदै पनि म सेनानीबाट प्रमुख सेनानी हुन करिब एक वर्ष ढिला भयो । किन ढिला भयो भन्नेबारे मैले कहिल्यै केही बुझ्न सकिनँ । त्यस्तै मेरो महासेनानीको पदावधि सकिन लाग्दा 'विवेक, सहायक रथीमा पदोन्नति हुँदैन' भन्ने हल्ला व्याप्त थियो । त्यति बेला पनि मेरो बढुवा नगर्न निकै कोसिस भएको थियो । त्यस बेला सहायक रथी ताराबहादुर थापा उपरथीमा र म सहायक रथीमा बढुवा हुनुपर्ने थियो । तर सहायक रथी थापाको पदावधि तीन वर्ष थप्ने र मलाई महासेनानी शशिप्रताप केसीलाई जस्तै गरी अवकाश दिने चर्चा पनि व्यापकै चल्यो । अन्ततः

तारा जर्साब उपरथी हुनुभयो । म सहायक रथीमा पदोन्नति भएँ । सहायक रथीबाट उपरथीमा बढुवा हुँदा पनि मलाई माथि जान नदिन ठूलै शक्ति लागेको थियो । तर उनीहरू कहिल्यै सफल भएनन् । रथी शान्तकुमार मल्लपछि तारा जर्साब सैनिक सचिव हुनुपर्ने हो, वरिष्ठताको हिसाबले । तर तारा जर्साबले प्रमुख शाही पार्श्ववर्तीबाटै अवकाश पाउनुभयो । त्यसपछिको वरिष्ठताको क्रममा रहेका शशिप्रताप कर्साबलाई महासेनानीको पदबाटै अवकाश दिइयो । दरबारमा पदका लागि कुनै न कुनै किसिमको षड्यन्त्र भइरहन्थ्यो । तारा जर्साबको अवकाशपछि खाली भएको स्थानमा म स्वाभाविक रूपले उपरथी भएँ र सैनिक सचिव पनि । सरकारले मेरो काम प्रत्यक्ष देखिबक्सेकाले मलाई सैनिक सचिवको जिम्मेवारी बक्सेको हुन सक्छ ।

राजदरबार हत्याकाण्डपछि दरबारको सुरक्षा व्यवस्थालाई लिएर मेरो आलोचना हुनु स्वाभाविकै थियो । किनभने म राजदरबारको सम्पूर्ण सुरक्षा व्यवस्थाको प्रमुख थिएँ । त्यसको नैतिक जिम्मेवारी लिनैपर्छ भन्ठानेर मैले महाराजाधिराज समक्ष राजीनामा समेत दिएको थिएँ । तर स्वीकृत भएन । यसै परिप्रेक्ष्यमा प्रधान सेनापति प्रज्वल्लशमशेर जबराले कार्यरथी उपरथी सदीपबहादुर शाहलाई 'राजदरबारको सुरक्षा व्यवस्था असफल भयो, अब यसलाई पूरै बदल्नुपर्छ, त्यसको योजना बनाउनू' भनेर निर्देशन दिनुभएको मैले सुनेको थिएँ । सोही अनुसार सदीप जर्साबले पनि आफ्ना निकटका केही अधिकृतको सहयोगमा योजना तयार पार्दै हुनुहुन्छ भन्ने समेत मैले सुनि नै रहेको थिएँ । यसैबीच राजदरबार हत्याकाण्डको करिब छ महिनापछि २०५८ कात्तिकको एक साँझ अचानक सदीप जर्साबले मलाई फोन गरेर 'मालिक, जरूरी छ, एक पटक आजै भेट्नुपर्‍यो' भन्नुभयो । उहाँको फोन आउँदा म कार्यालयमै थिएँ । मैले 'मलाई घर पुग्न ढिला हुन्छ, त्यसैले साढे ८ बजेतिर घरमा आउनू' भनेँ । उहाँ ९ बजे राति मेरो घर आउनुभयो । त्यस बेला उहाँले भन्नुभयो, 'प्रज्वल्ल चिफसाबले केही समयअगाडि मलाई सैनिक सचिव भएर दरबार जानुपर्छ, त्यसका लागि सुरक्षा योजना बनाऊ भन्नुभएको थियो । मैले विवेक जर्साब त मेरो पुरानो साथी हो, म उहाँलाई हटाएर कसरी दरबार जान सक्छु र भनेँ । मेरो कुरा सुनेर चिफसाबले सेनामा जागिर खाएपछि परिआउने जस्तोसुकै काम गर्न पनि तयार हुनुपर्छ भन्नुभयो । यसमा मलाई चित्त नबुझेर तपाईंसँग कुरा गर्न आएको हुँ ।'

उहाँका कुरा सुनेपछि मैले सुन्दै आएको हल्ला सही रहेछ भन्ने लाग्यो । मैले उहाँलाई भनेँ, 'दरबारमा सैनिक सचिव प्रधान सेनापतिले बनाउने होइन । महाराजाधिराजले जे हुकुम हुन्छ, त्यही हुन्छ । यसबारे म के प्रतिक्रिया दिऊँ ?' तर यसपछि पनि मलाई हटाउने भन्ने हल्ला र चर्चा चलि नै रह्यो, कहिले को सैनिक सचिव आउने कहिले को आउने भनेर । २०५९ साउनको प्रसङ्ग हो । शाही पार्श्ववर्ती शशिविक्रम सिंहले प्रमुख सेनानीबाट महासेनानीमा पदोन्नति भएको उपलक्ष्यमा आफ्नो टङ्गालस्थित घरमा रात्रिभोज आयोजना गर्नुभएको थियो । भोजमा पूर्व प्रमुख सैनिक सचिव रथी शान्तकुमार मल्लसँग मेरो भेट भयो । मलाई सैनिक सचिवबाट हटाउन प्रयास भइरहेको हल्ला उहाँले

पनि सुन्नुभएको रहेछ । उहाँले भन्नुभयो, "केही दिनअगाडि प्रधान सेनापति निवास, शशिभवनमा रात्रिभोज थियो । त्यहाँ उपस्थित धेरैले रथी भिक्ट्रीशमशेर जबरालाई बधाई दिइरहेका थिए । मलाई पनि जिज्ञासा लागेर उहाँसँग 'यो केको बधाई हो ?' भनेर सोधेँ । उहाँले केही भन्नुभएन । तर अरूले भने अनुसार उहाँ प्रमुख सैनिक सचिव भएर राजदरबार जान लाग्नुभएको चर्चा चलेको रहेछ । यो कुरा सुनेर म जिल्ल परेँ ।" यसलगत्तै एक दिन मेरो भिक्ट्री जर्साबसँग कुरा भयो । उहाँले 'म तपाईंको घरमा आएर कुरा गर्छु' भन्नुभयो । मैले उहाँलाई श्रीमती सहित मेरो घरमा खाना खान बोलाएँ ।

उहाँहरू आउनुभयो । कुराकानीका क्रममा मैले रथी शान्तकुमार मल्लले भनेको कुराबारे जानकारी गराएँ । भिक्ट्री जर्साबले भन्नुभयो, 'मलाई शशिभवनमा कसैले बधाई दिएको होइन । बरु शान्त जर्साबले मलाई एउटा कुनामा लगेर तपाईं प्रमुख सैनिक सचिव भएर दरबार आउँदै हुनुहुन्छ, मलाई घरमा भेट्न आउन भन्नुभयो । म उहाँका कुरा सुनेर अवाक् भएँ ।' उहाँले थप्नुभयो, 'जर्साब, तत्कालीन प्रधान सेनापति धर्मपालवरसिंह थापाले मलाई सहायक रथीबाट अवकाश दिन लाग्नुभएको थियो । तपाईंले गर्दा नै मेरो पदावधि थपियो । म पदोन्नति हुँदै रथी दर्जामा पुगेँ । यो गुन म कहिल्यै बिर्सन्नँ । तपाईंका विरूद्ध मेरो कुनै पनि क्रियाकलाप हुनेछैन ।'

यसरी मलाई सैनिक सचिव हुनबाट रोक्न र सैनिक सचिव भएपछि पनि उक्त पदबाट हटाउन सधैँ नै प्रयास भइरहे । म सबै काम नियमसङ्गत र पारदर्शी किसिमले गर्ने गर्दथेँ । यसैले धेरै अदृश्य शक्तिहरूको चलखेलमा बाधा परिरहेको हुन सक्थ्यो । यस्तै आरोह-अवरोहका बीच मैले २०६० कात्तिक २१ गते राजीनामा दिएँ । त्यो दिन बिहान पौने ७ बजेदेखि पौने ११ बजेबीचको चार घण्टाको समयमा यतिका वर्ष मेरा विरूद्ध चलेका हल्ला, चर्चा, परिचर्चा सधैँका लागि समाप्त भए ।

## गन्तव्यको अन्त्य

घटना २०३४ सालको हो । संयोगले बार पनि शुक्रबार नै । त्यो बेला पनि राजदरबारमा प्रत्येक शुक्रबार राति पारिवारिक जमघट भइ नै रहन्थ्यो । अक्सर शुक्रबार 'गुड फ्राइडे' मनाउने क्रममा सामूहिक डिनर र सिनेमा हेर्ने कार्यक्रम हुन्थ्यो । त्यस बेलासम्म नेपालमा टेलिभिजन प्रसारणको सुरसारै थिएन । सिनेमा हेर्नका लागि राजदरबारमा छुट्टै हल बनेको थियो । शुक्रबारको शान्त डिनरपछि महाराजाधिराज राजपरिवारका सबै सदस्य र शाही नातेदारहरूका साथ सिनेमा हेर्न सरिक होइबक्सन्थ्यो । काठमाडौँमा त्यो समयमा तीन वटा सिनेमा हल थिए– जय नेपाल, विश्वज्योति र रञ्जना । ती हलमा चलेका हिन्दी सिनेमामध्ये एउटा ल्याएर राजदरबारमा हेर्ने चलन थियो । त्यो शुक्रबार राति पनि डिनरपछि सिनेमा हेर्ने कार्यक्रम चलिरहेको थियो । हामी एडीसीलाई समेत अतिरिक्त मेच राखेर पछाडिपट्टि बस्ने बन्दोबस्त थियो ।

सिनेमा हेरिरहेकै अवस्थामा राति करिब ११ बजे अचानक फोनको घण्टी बज्यो । मैले फोन उठाएँ । अधिराजकुमारी प्रिन्सेप शाहको फोन रहेछ । उहाँले मलाई 'जरूरी छ, महाराजाधिराजलाई फोन देऊ' हुकुम भयो । मैले तत्कालै महाराजाधिराजमा जाहेर गरेँ । सरकारले फोनमा छोटो कुरा गरिबक्स्यो । त्यसपछि सरकारबाट हुकुम भयो, 'विवेक, तत्काले ताहाचल जानुपर्ने भयो । तुरून्त सुरक्षा र मोटरको बन्दोबस्त मिलाएर मलाई खबर गर ।'

मैले तुरून्तै उक्त व्यवस्था मिलाई सरकारमा जाहेर गरेँ । सरकार बाहिर सवारी भयो । साथै बडामहारानी र मुमा बडामहारानी पनि । राजपरिवारका अन्य सदस्यको सिनेमा हेर्ने कार्यक्रम जारी रह्यो । ताहाचल सवारीका क्रममा सरकारबाट 'मन बुबा (अधिराजकुमार हिमालय) लाई अलिक आराम भएनछ, सायद अस्पताल लैजानुपर्छ होला, त्यसैले वीर अस्पतालका लागि पनि सुरक्षा व्यवस्था मिलाऊ' हुकुम भयो । मैले तत्काले वाकीटकीबाट एडीसी अफिसमा खबर गरेर सुरक्षाको बन्दोबस्त गर्न भनेँ । त्यो बेला अहिलेको जस्तो मोबाइलको जमाना थिएन ।

सरकारहरू ताहाचलस्थित अधिराजकुमार हिमालयको बङ्गलामा पुग्दा त्यहाँ एम्बुलेन्स र डाक्टर सबै तयार रहेछन् । मौसुफहरू भित्र गई केही बेरपछि अधिराजकुमार हिमालयलाई लिएर बाहिर सवारी भयो । अधिराजकुमार एम्बुलेन्समा राज भयो, सरकारहरू आफ्नै मोटरमा । ताहाचलबाट वीर अस्पताल पुग्ने क्रममा बाटामा एम्बुलेन्स करिब तीन पटक रोक्नुपऱ्यो । अधिराजकुमारलाई पटक-पटक हृदयाघात भइरहेको थियो । करिब तीन बजेतिर अधिराजकुमारलाई अस्पताल पुऱ्याई सोझै आईसीयुमा भर्ना गरियो । उपचारकै क्रममा अधिराजकुमारको अत्यधिक हृदयाघातका कारण निधन भयो । डाक्टरहरूले मृत्युको घोषणा गरेर आईसीयुबाट बाहिर निकाले । वातावरणमा अचानक सन्नाटा छायो । अधिराजकुमारी प्रिन्सेपबाट अधिराजकुमार हिमालयको अन्तिम दर्शन गर्दै खुट्टामा ढोगिबक्स्यो र हुकुम भयो, 'हजुर साह्रै भाग्यमानी होइबक्सँदो रहेछ । नेपालको दुर्दशा देख्न परेन ।' म नजिकै थिएँ । अधिराजकुमारीका वाक्य सुनेर स्तब्ध भएँ । त्यसले मलाई निकै संवेदनशील बनायो । त्यसपछिका वर्षहरूमा राजसंस्थाले धेरै उतार-चढाव सहनुपऱ्यो । अधिराजकुमारी प्रिन्सेपले त्यसो भनेको १२ वर्षमै पञ्चायती व्यवस्थाको अन्त्य हुन पुग्यो । करिब तीन दशकपछि राजसंस्था नै समाप्त भयो । अधिराजकुमारीबाट त्यस बेला व्यक्त गरिबक्सेका वाक्य अझै पनि मेरा कानमा गुन्जने गर्छन् ।

त्यसरी नै मैले सैनिक सचिवबाट राजीनामा दिएर राजदरबार छोडेको भोलि पल्ट बिहानै डा. त्रैलोक्यनाथ उप्रेतीले मेरो घरमा आएर भनेका वाक्य 'अब राजदरबारमा ठूलो अनिष्ट हुन्छ, तपाईंलाई त्यसबाट मुक्ति दिनका लागि भगवान्ले सहरा दिएका हुन्' म कहिल्यै बिर्सन सक्दिनँ । उहाँले भविष्यवाणी गरे जस्तै त्यसको पाँच वर्ष नपुग्दै नेपालमा राजसंस्था समाप्त हुन पुग्यो । राजदरबारमा त्यति लामो समय काम गरेको मैले राजसंस्थाको अन्त्य हुँदाको बखत भाग्यवश त्यसको साक्षी किनारा बस्नुपरेन । दरबारमा कार्यरत केही जुनियर कर्मचारीहरूले कहिलेकाहीँ बाटामा भेट्दा भन्छन्,

'सर, तपाईं दरबारमा भइरहेको भए अहिलेको जस्तो अवस्था आउँदैनथ्यो कि ?' तर नियतिलाई कसैले रोकेर रोक्न सक्दैन । आजको दिनमा प्रिन्सेप शाह र डा. उप्रेती यस धर्तीमा हुनुहुन्न । तर उहाँहरूले भनेका वाक्य मेरो जीवनमा अत्यन्तै महत्त्वपूर्ण हुन गएका छन् ।

मलाई विभिन्न दर्जामा सुम्पिइएको जिम्मेवारी मैले स्वच्छ र पवित्र मनले, आफ्नो बुद्धिविवेकले भ्याएसम्म निर्वाह गरें । त्यसमा म पूर्ण सफल भएँ जस्तो लाग्छ । पहाडमा जन्मे-हुर्केको व्यक्ति भएको हुनाले ममा जुन सरलता र इमानदारी छ, त्यसलाई सबैले सराहना गरेको नै पाएको छु । मैले सेनाको तालिम लिएको बेलायतको रोयल मिलिटरी एकेडेमी र अमेरिकाको कमान्ड एन्ड जनरल स्टाफ कलेजको प्रभाव ममा पर्नु स्वाभाविक थियो । त्यस्तै, मैले शाही नेपाली सेनाको प्यारा तालिम लिएको शिक्षालयको आदर्श वाक्य 'त्याग नै तृप्ति हो' ले पनि मलाई ठूलो प्रभाव पारेको थियो । मैले जीवनमा सन्तुष्टि र तृप्ति पाउनु छ भने त्याग गर्नुपर्छ भन्ने मनमा सधैं राखिराखें । यिनै कारणहरूले गर्दा जिम्मेवारी वहन गर्ने क्रममा गर्नुपर्ने काम नडराई गर्ने र देखेसुनेको सत्य-तथ्य कुरा आवश्यक स्थानमा जस्ताको तस्तै नडराईकनै राख्ने स्वभाव ममा विकास भएको थियो । मेरो व्यक्तिगत जीवन जेजस्तो भए पनि कार्यगत आचरणलाई मैले कहिल्यै दूषित हुन दिइनँ । महत्त्वपूर्ण दर्जामा रहँदा परिआउन र हुन सक्ने अनियमितताबाट म सधैं टाढा रहें । फलस्वरूप सम्पूर्ण सेवावधिभर मेरो मनोबल सधैं उच्च रहन सक्यो । त्यसैले महाराजाधिराजमा अन्तिम जाहेरीको अन्तिम वाक्य 'सरकार, यो स्तरमा विश्वासको वातावरण धमिलियो भने काम गर्न सहज हुँदैन, सरकारबाट मलाई काम लगाइबक्सन र मलाई पनि काम गर्न असजिलो पर्न सक्छ, त्यसैले मेरो राजीनामा आजैका मितिदेखि स्वीकृत होस्' भन्न समेत मलाई सहजै साहस आयो । यसले मलाई धेरै सन्तुष्टि दिएको छ । तृप्ति भएको अनुभूति भएको छ ।

'जाने दरबार, नजाने तरबार' भने जस्तै राजदरबारमा कसैको पनि कार्यकाल सजिलो चाहिं पटक्कै हुँदैनथ्यो । त्यसमा पनि शाही पार्श्ववर्तीहरूले सरकारको नजिक रहेर काम गर्नुपर्ने भएकाले मौसुफहरूको मुडको अत्यन्तै ख्याल गर्नुपर्ने हुन्थ्यो । हामीले राम्रैसँग काम गरिरहेको अवस्थामा पनि सरकारहरूको अरूसँगको रिस हामी अघिल्तिर रहने हुँदा हामीमाथि पोखिन्थ्यो । कैयौं पटक अनायासमै गाली खानुपर्ने अवस्था हुन्थ्यो । शाही पार्श्ववर्तीहरूको रबाफ बाहिरबाट 'ग्ल्यामरस' देखिए पनि भित्र त्यस्तो पटक्कै थिएन । सधैं सजग बस्नुपर्ने, कहिलेकाहीं खान र सुत्नको समेत टुङ्गो नहुने, घर-परिवारलाई समय दिन नसक्ने हुनाले घरमा जहिल्यै असन्तुष्टि । त्यस्तै, कहिलेकाहीं आफूलाई पटक्कै मन नपर्ने काम पनि गर्नुपर्दथ्यो । मैले मेरा छोराहरूको त्यस्तो विशेष ख्याल गरेको छैन, जस्तो युवराजाधिराज दीपेन्द्र, अधिराजकुमार नीराजन, अधिराजकुमारी श्रुति सरकारहरूको गरेको छु । २०३८ सालमा सरकारहरू रारा ताल सवारी भएको थियो । त्यहाँ युवराजाधिराजलाई 'हाईअल्टिच्युट' लाग्यो । सरकार बिरामी परिबक्स्यो । त्यस अवस्थामा मैले सरकारको सम्पूर्ण स्याहार गर्नेदेखि दिसासमेत धुनुपरेको थियो ।

जबकि यस किसिमको काम मैले आफ्ना छोराहरूको कहिल्यै गर्नुपरेको थिएन ।

एडीसीहरूको मुख्य काम सरकारहरूको सुरक्षा गर्नु थियो । तर परिआएका बखत एडीसीहरूले सबै काम गर्नुपर्दथ्यो । गाली खानु पनि कामको एउटा अङ्ग जस्तै थियो । ड्युटीबाट गाली नखाई फर्किएको दिन ठूलो सफलता पाएको जस्तो लाग्दथ्यो । कहिलेकाहीं बडामहारानी ऐश्वर्य आफैं ड्राइभ गरेर बाहिर सवारी हुन्थ्यो । एडीसीले मोटरको अगाडिको बायाँ सिटमा बस्ने चलन थियो । बडामहारानीको ड्राइभिङ त्यति राम्रो र 'स्मुथ' थिएन । कतिपय अवस्थामा त सरकारको ड्राइभिङ निकै खतरनाक हुन्थ्यो । मलाई राम्रोसँग सम्झना छ, राजदरबारबाट कतै जाँदा होस् या सवारी फिर्दा, दुर्घटना नपरे हुन्थ्यो भन्ने मनमा लागिरहन्थ्यो । दरबार नफर्केसम्म मुटु नै ढुकढुक भइरहन्थ्यो । त्यति बेला भगवान्को नाम जपेर बस्नुको कुनै विकल्प हुँदैनथ्यो । दरबार फर्कंदासम्ममा शरीरको वजन पाँच किलो घट्यो जस्तो लाग्दथ्यो ।

फर्केर हेर्दा राजदरबारमा धेरै वर्षसम्म काम गर्दा मैले सेनाको तालिमका क्रममा सिकेका ज्ञानको खासै सदुपयोग भएन जस्तो लाग्छ । आफ्ना सहपाठी जस्तै सेनाका विभिन्न दर्जामा गर्नैपर्ने तालिममा समेत म सहभागी हुन सकिनँ । त्यसैले सैनिक कामकाजका हिसाबले काममा पूर्ण सन्तुष्टि (वर्क सेटिस्फेक्सन) थियो भन्न सकिने अवस्था थिएन । तर समय अनुसार हुने पदोन्नतिका कारण आफ्ना समकालीन सरह भएकाले जिम्मेवारीका हिसाबले सन्तुष्टि (जब सेटिस्फेक्सन) भने मनग्य थियो । २०४२ सालतिर मलाई कताकता काममा आत्मसन्तुष्टि हुन नसकेको जस्तो भइरहेको थियो । त्यति बेला मेरो सैनिक सेवा अवधि १७ वर्ष पूरा भइसकेको थियो । के सोचाइ आयो भने अब तीन वर्षपछि मेरो सेवा अवधि २० वर्ष पुग्छ र पेन्सन पाक्छ, त्यस समयमा मेरो दर्जा महासेनानी हुन्छ, त्यसपछि म सैनिक सेवा छोडी स्वतन्त्र जीवन बिताउँछु । मैले यो कुरा आफ्नी श्रीमती गीतालाई पनि सुनाएको थिएँ । मेरा बुबा-मुमालाई पनि सोधें । गीताले मेरो कुराको एकदमै विरोध गरिन् । उनले 'राजदरबारमा जागिर पाउन मान्छेहरू कस्तो मरिहत्ते गर्छन्, तिमी भने भाग्यले पाएको जागिर पनि छाड्छौ ?' भनेर जागिर नछाड्न जिद्दी गरेकी थिइन् । यसरी म एक हिसाबले दोधारको मनस्थितिमा थिएँ । यो अरू कुनै कुराबाट होइन, काममा सन्तुष्टि हुन नसकेका कारणबाट उब्जेको द्विविधा थियो ।

२०४४ सालमा राजदरबारमा युवराजाधिराज दीपेन्द्रको शुभउपनयन हिन्दू परम्परा अनुसार धूमधामसँग सम्पन्न भयो । महाराजाधिराजको निमन्त्रणामा उपनयन समारोहमा सरिक हुन भारतका विभिन्न धामबाट शङ्कराचार्यहरू काठमाडौं आउनुभएको थियो । द्वारकाधामका शङ्कराचार्य स्वरूपानन्द सरस्वती, रामेश्वरम्का शङ्कराचार्य जयन्त सरस्वतीका साथै खप्तड बाबा (स्वामी १००८ सच्चिदानन्द सरस्वती) पनि समारोहमा सहभागी हुनुहुन्थ्यो । द्वारकाका शङ्कराचार्यको व्यक्तिगत हेरचाहका लागि मानार्थ शाही पार्श्ववर्ती उपरथी आदित्यशमशेर जबरालाई खटाइएको थियो । रामेश्वरम्का शङ्कराचार्यका लागि मानार्थ शाही पार्श्ववर्ती उपरथी शेरबहादुर सिंह र खप्तड बाबाका

लागि मानार्थ शाही पार्श्ववर्ती उपरथी भरतकेशर सिंहलाई खटाइएको थियो । मलाई भने शङ्कराचार्यहरूका साथै खप्तड बाबाको विशेष हेरचाह गर्न अह्राइएको थियो । म समय-समयमा उहाँहरू बसेका स्थानमा गएर स्थिति बुझ्ने गर्दथें । उहाँहरूलाई आवश्यकता अनुसार कार्यक्रममा सहभागी गराउनुपर्दथ्यो । साथै, सरकारबाट हुकुम बक्सेका विषय उहाँहरूसम्म पुऱ्याउनु र उहाँहरूका कुरा सरकारमा जाहेर गर्नु पनि मेरो जिम्मेवारी थियो । यसैबीच म एक दिन खप्तड बाबालाई भेट्न गएको थिएँ । उहाँ पुरानो शिवपुरी बाबाको आश्रम, ध्रुवस्थलीमा बस्नुभएको थियो । त्यो दिन म जाँदा कोही नभएको मौका मिल्यो । त्यसै बेला बाबालाई दुइटा प्रश्न सोध्न इच्छा लाग्यो । साथै बाबाको उमेर पनि थाहा पाउन मन लाग्यो । मैले उहाँलाई सोझै उमेर सोध्ने आँट गर्न सकिनँ । त्यसैले 'बाबा, तपाईंले पुरानो समाज पनि देख्नुभयो, अहिलेको समाज पनि देखिरहनुभएको छ, यी दुईबीच के भिन्नता पाउनुहुन्छ ?' भनेर सोधें । मेरो दोस्रो प्रश्न थियो, 'केही समयपछि मेरो पेन्सन पाक्दै छ । त्यसपछि मैले जागिर छोडेर रुकुम गएर बस्ने विचार गरेको छु । त्यहाँ समाज सेवा गरेर बसूँ कि जस्तो लागेको छ । देशमा जेजस्तो घटनाक्रम विकसित भइरहेको छ, जसरी राज्यसत्ता सञ्चालन भइरहेको छ, त्यसमा मेरो कताकता चित्त बुझेको छैन । मैले के गर्नु उचित होला ?'

प्रत्युत्तरमा बाबाले भन्नुभयो, 'विवेकजी, तपाईंका प्रश्नको उत्तर दिन लामो समय लाग्छ । त्यति समय यहाँ मिल्न सक्दैन । कोही न कोही मलाई भेट्न आइहाल्छन् । त्यसैले तपाईं फुर्सद मिलाउन सक्नुहुन्छ भने खप्तड आउनुहोस् । तपाईंका दुवै प्रश्नको उत्तर त्यहीं दिउँला ।' त्यसपछि मैले 'एक महिनापछि बिदा लिएर खप्तड आउँछु' भनें ।

त्यस बेला दिपायलस्थित ५ नम्बर वाहिनीमा सहायक वाहिनीपति हुनुहुन्थ्यो– प्रमुख सेनानी प्रकाशबहादुर बस्नेत । म सेनामा भर्ना हुँदाका समकक्षी । आफ्नो पक्षबाट सबै व्यवस्था मिलाएर म दिपायल गएँ, २०४५ वैशाखमा । त्यहाँबाट उहाँ र म हिंडेरै खप्तड गयौं । खप्तड राष्ट्रिय निकुञ्जको प्राकृतिक वातावरण अत्यन्तै रमणीय थियो । त्यहाँको सैनिक ब्यारेकमा हामी दुई रात बस्यौं । खप्तड बाबाको आश्रममा उहाँका कुरा सुनेर मैले झन्डै सात-आठ घण्टा बिताएँ । उहाँ खप्तड आएर बसेको मात्र ४० वर्ष भइसकेको रहेछ । उहाँ पहिलो पल्ट नेपाल आउँदा राणा श्री ३ देवशमशेर प्रधानमन्त्री हुनुहुँदो रहेछ । उहाँ मुस्ताङको मुक्तिनाथ, दोलखाको कालिञ्चोक भगवती, रुकुमको डिग्रेशाइ कुमारी भगवती लगायत नेपालका विभिन्न धार्मिक स्थलमा धेरै वर्ष तपस्या र साधना गरेर बस्नुभएको रहेछ । खप्तड बाबा ती धार्मिक स्थलमा बसेको वर्ष मनमनै जोड्दै जाँदा मैले उहाँको उमेर १ सय ३५ वर्षजति भएको अनुमान गरें । उहाँले आध्यात्मिक र अन्य विषयमा लामो कुराकानी गर्नुभयो । मैले पहिले सोधेका प्रश्नको लामो विश्लेषण सहित जवाफ दिनुभयो । सङ्क्षेपमा भन्दा मेरो पहिलो जिज्ञासाको जवाफमा उहाँले भन्नुभएको थियो, 'पहिले-पहिले विज्ञान र भौतिक प्रविधिको यस्तो विकास भएको थिएन । मानिस आफ्नो परिवार, समाज र गाउँघरमा तनमन लगाउँथे । अरूको आवश्यकता तथा स्वार्थमा बढी ध्यान दिन्थे, आफ्नो स्वार्थमा कम । उनीहरूको दिल ठूलो थियो भने

दिमाग सानो । अहिले शिक्षाको गुणात्मक सुधार र विस्तारका साथै भौतिक प्रगतिले गर्दा समय र दूरी छोटो हुन पुगेको छ । मानिसको सोच्ने शक्ति धेरै फराकिलो भएको छ । तर मानिसले आफू र आफ्नो बारे मात्र सोच्न थालेको छ । आजकल मानिसको दिमाग ठूलो भएको छ, दिल सानो । यसले गर्दा मानिसमा असन्तुलित र अनियन्त्रित भावना विकसित भई अनेक किसिमका समस्या देखा पर्न थालेका छन् । मानिस धेरै असन्तुष्ट बन्दै गएको छ । यसबाट तनाव बढेर अनेक रोग जन्मिएका छन् । मानिस जति असन्तुष्ट बन्दै जान्छ, उसको शरीरमा रोगले त्यति नै स्थान पाउँदै जान्छ । पहिले–पहिले दुःख–कष्ट आजको भन्दा धेरै थियो । तर मानिस धेरै वर्षसम्म बाँच्दथे ।'

मेरो दोस्रो जिज्ञासाका सन्दर्भमा उहाँले भन्नुभयो, 'विवेकजी, तपाईं गृहस्थ र जागिरदार पनि । सेनामा तपाईंको लामो करिअर बाँकी नै छ । तपाईं जस्ता व्यक्तिले मध्यमार्गी भएर बस्नुपर्छ । तपाईं अहिले जे देखिरहनुभएको छ, जे गर्छु भन्ने विचार गर्नुभएको छ, ती दुवै एक्स्ट्रिम लाइनका कुरा हुन् । तपाईंले गरिरहेको काम अनि देश र राजदरबारको स्थितिबारे तपाईंको विवेचना सुन्दा मलाई तपाईंको सेवा राजालाई अझै आवश्यक छ जस्तो लाग्छ । त्यसैले म तपाईंलाई जागिर नछाड्न सल्लाह दिन्छु । तपाईंमा धेरै बुद्धि र विवेक छ । तपाईंलाई भगवान्को आशीर्वाद छ । शास्त्रमा पनि भनिएको छ, *न हस्ते यष्टिमादाय देवा रक्षन्ति साधकम्, यं तु रक्षितुमिच्छन्ति सुबुध्या योजयन्ति तम्* । भन्नुको अर्थ, भगवान्ले कसैलाई रक्षा गर्छन् भनेको तात्पर्य लट्ठी लिएर सुरक्षा दिने होइन, बुद्धि दिएर हो । त्यसैले तपाईं जागिर छोड्ने कुरामा पुनर्विचार गर्नुहोस् । म काठमाडौं आएका बेला पछि फेरि कुरा गरौंला ।' बाबाले दिएको जवाफ र सल्लाहबाट म धेरै प्रभावित भएँ । राजदरबारको सेवाबाट अवकाश लिने विचार सधैंका लागि त्यागिदिएँ ।

यसै सन्दर्भमा एउटा प्रसङ्ग उल्लेख गरौं । वीरेन्द्र सरकारका सुरुदेखिका एडीसीहरू शान्तकुमार मल्ल र ताराबहादुर थापा सेनामा एकै दिन भर्ना हुनुभएको र एकै दिन एडीसीमा नियुक्त हुनुभएको थियो । तर उहाँहरूको आपसमा कहिल्यै सुमधुर सम्बन्ध भएन । यो कुरा सरकारहरूलाई समेत राम्ररी थाहा थियो । त्यस्तै, शशिप्रताप केसी र म पनि आवधिक तथा स्थायी एडीसी भएको एकै दिन हो । यो कुरा विचार गरेर महाराजाधिराजबाट हामीबीच शान्तकुमार र ताराबहादुरको जस्तो अवस्था नआओस् भन्ने सोचिबक्सेको रहेछ । हामी दुई जनामध्ये कसलाई सैनिक सचिवको दर्जासम्म राख्ने भन्ने सोचेर नै सरकारबाट शशिप्रतापलाई महासेनानीको दर्जाबाट अवकाश दिइबक्सेको रहेछ । यो कुरा धेरै वर्षपछि युवराजाधिराज दीपेन्द्रले तत्कालीन सेनानी प्रदीपबहादुर सिंहलाई हुकुम भएको रहेछ । त्यसको पनि धेरै समयपछि प्रदीपबहादुरले मलाई यसबारे सुनाउनुभएको थियो ।

श्री ५ ज्ञानेन्द्रबाट राजीनामा मागिबक्स्यो र मैले तत्कालै राजीनामा दिएर राजदरबारको सेवा छाडें । राजीनामा नमागिबक्सेको भए मैले पदावधि वा उमेरका हिसाबले स्वाभाविक तवरमा अवकाश पाउँथें होला । राजीनामा दिए पनि शाही नेपाली

सेनाको तालिम, आफ्नै संस्कार र लामो अवधिसम्म राजदरबारमा सेवा गरेका कारण मेरो मनमा राजसंस्थाप्रति मानसम्मान र श्रद्धा हुनु स्वाभाविक थियो । नेपालको परिप्रेक्ष्यमा राजसंस्थाको भूमिका महत्त्वपूर्ण थियो र छ भन्ने कुरामा म आज पनि पूर्ण रूपले विश्वस्त छु । आफू राजदरबारबाट अलग भए पनि नेपाल र नेपालीको बृहत् हित तथा राष्ट्रिय एकताका लागि राजसंस्था अनन्त कालसम्म रहिरहोस् भन्ने मेरो कामना छँदै छ ।

मेरो बहिर्गमनपछि राजदरबारको माथिल्लो नीति निर्माण तह र सुरक्षा निकायका प्रमुखहरूको कार्यशैलीमा केही परिवर्तन हुनु स्वाभाविकै थियो । राजीनामापछि सुरक्षा निकायका प्रमुखहरूसँग संयोगवश भेटेका बेला म उहाँहरूलाई भन्थैं, "महाराजाधिराजका हरेक कदमहरू तपाईंहरूको आडभरोसामा राम्ररी अगाडि बढेका छन् जस्तो लाग्छ । तपाईंहरू महाराजाधिराजलाई सत्य–तथ्य कुरा जाहेर गर्न नडराउनुहोस् । कुन कुरा सक्ने र कुन नसक्ने हो, सरकारमा स्पष्ट रूपमा जाहेर गर्नुहोस् । यदि तपाईंहरू 'सबै ठीक छ, हवस् सरकार' मात्र भन्नपट्टि लाग्नुभयो भने तपाईंहरूले राजालाई खाल्टामा हाल्नुहुन्छ । अनि तपाईंहरू पनि त्यही खाल्टामा पर्नुहुन्छ ।" तर मेरो भनाइमा उहाँहरूको प्रतिक्रिया के हुन्थ्यो भने, "जर्साब, तपाईं सैनिक सचिवबाट हटेपछि महाराजाधिराजलाई कसैले पनि 'नो' भन्न सक्ने स्थिति नै रहेन । हामी लाचार छौं ।"

मलाई सैनिक सचिवमा बदली गर्ने उपरथी गजेन्द्रबहादुर लिम्बूले २०६७ वैशाख १ गते नेपाली सेनाले सैनिक अधिकृत क्लबमा आयोजना गरेको पार्टीमा भन्नुभयो, 'सर, तपाईं दरबारबाट निस्केपछि सबैलाई जागिरको डर भयो । राजाले भनेपछि हुने–नहुने कुराको प्रश्नै भएन । हामी सबै एसम्यान भयौं ।' त्यस्तै म सम्झन्छु, २०६५ सालतिर सशस्त्र प्रहरी बलका तत्कालीन प्रहरी महानिरीक्षक सहवीर थापाकी छोरीको विवाहको पार्टीमा पूर्व प्रधान सेनापति महारथी प्यारजङ्ग थापाले मलाई भन्नुभयो, 'जर्साबले छाडेपछि दरबारको सबै माहोल बिग्रियो । राजासामु कुनै पनि विषयमा क्रिटिकल्ली कुरा राख्ने व्यक्ति त्यहाँ भएन । सायद तपाईं त्यहाँबाट नहटेको भए यस्तो अवस्था नआउन पनि सक्थ्यो ।' त्यस बेला मैले उहाँलाई हाँसेर भनें, 'यो कुरा अहिले भनेर के काम छ र सर ? किनभने, मैले राजीनामा चढाएको भोलि पल्ट बिहान (२०६० कात्तिक २२ गते शनिबार) तपाईंले सरकारको दर्शनभेट पाएकै हो ।' मैले यसो भनेपछि उहाँ नाजवाफ हुनुभयो । केही बोल्नुभएन । मैले भने अनायास एउटा लोकगीत सम्झन पुगें :

*रातमा तारा झुल्किन्छन् सस्तै*
*एउटा पनि हुँदैन जून जस्तै...*

पूर्वयुवराजाधिराज पारसले मेरो राजीनामा स्वीकृत भएपछि आफ्ना केही साथीसँग 'आई हेटेड, हिज गट्स' (म उसको साहसलाई रुचाउँदिनथैं) भनिबक्सेको रहेछ । मेरा बारेमा मौसुफको यो टिप्पणी अत्यन्त स्वाभाविक, यथार्थपरक र सकारात्मक छ जस्तो लाग्छ । त्यस्तै केही समयअगाडि *जनआस्था* साप्ताहिकलाई पूर्वयुवराजाधिराजले दिएको अन्तर्वार्तामा 'राजदरबारमा त्यस बेला क्रिटिकल मान्छे नभएका होइनन्, तर उनीहरूको विचार सुनुवाइ भएन' भनिएको छ । त्यो पनि मेरो सकारात्मक मूल्याङ्कन नै हो भन्ने

ठान्दछु । जे जसरी, जुनसुकै कारणबाट भए पनि महाराजाधिराजबाट मेरो राजीनामा हठात् मागिबक्स्यो । मैले तत्कालै राजीनामा दिएँ र स्वीकृत पनि भयो । तर मैले अगाडि उल्लेख गरे जस्तै आजसम्म पनि आफूसँग राजीनामा मागिएको वास्तविकताबारे म पूरापूर अनभिज्ञ नै छु ।

२०२५ सालमा शाही नेपाली सेनाको तालिम लिन सुरु गर्दा म कलिलो उमेरकै थिएँ । त्यही कलिलो उमेरमा लिएको तीन वर्षको कडा तालिमले मेरो इच्छाशक्ति बढाउन मदत गऱ्यो । आफूले गर्ने कुनै पनि काममा आत्मविश्वासका साथ आफूलाई उभ्याउन सक्ने भएँ र सधैँ उभ्याएँ । त्यसैको फलस्वरूप मैले सेना र राजदरबारमा सबै किसिमको सफलता हासिल गरेँ वा गरिनँ पनि होला । तर मेरो गन्तव्यको अन्त्य आफ्नै सन्तुष्टिमा भयो भने समयको प्रवाह बुझ्न नसक्दा, जनताको शान्तिप्रतिको चाहना अङ्गीकार गर्न नसक्दा, राजनीतिक पार्टीहरू जेजस्ता भए पनि जनताका संवाहक हुन् भन्ने स्वीकार्न नसक्दा, साथै पुराना पुस्ताले प्रयोग गरी असफल भइसकेका व्यक्तिहरू, चाटुकार, चाकरीदार, निहित महत्त्वाकाङ्क्षी र स्वार्थी सल्लाहकारहरूको झुन्डमा महाराजाधिराज फसेको कारण तथा विदेशी षड्यन्त्रबाट नेपालको राजसंस्थाको गन्तव्यको अन्त्य भयो । तर मेरो विचारमा नेपालको विशेष परिस्थितिका कारण यद्यपि राजसंस्था आवश्यक थियो । गोरखनाथ बाबाले पृथ्वीनारायण शाहलाई बाल्यकालमा 'तिम्रो १३ पुस्तासम्मले नेपालमा राज गरुन्' भनेको चरितार्थ भएर २४० वर्ष पुरानो राजसंस्थाको इतिहास समाप्त हुन पुग्यो । संसारका केही देशमा राजसंस्था पुनःस्थापित समेत भएका छन् । नेपालको राजसंस्था फर्केला या नफर्केला, अहिले यसै भन्न सकिँदैन । यो विषय भविष्यकै गर्भमा रहेको छ र समयले नै यसको निर्क्योल गर्नेछ ।

❖❖❖



ISBN 978-9937-8396-0-0